# नेपाली लघुकथामा युगचेतना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति

प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

पुष्कर राज भट्ट

त्रिवि दर्ता नं. २६६११-९४

विद्यावारिधि दर्ता नं. २५/२०७० माघ

२०७३

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि श्री पुष्करराज भट्टले **नेपाली लघुकथामा युगचेतना** शीर्षकको प्रस्तुत शोधप्रबन्ध परिश्रमपूर्वक तयार पार्नुभएको हो । यस शोधप्रबन्धलाई विद्यावारिधि उपाधिका निमित्त आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाइदिन सिफारिस गर्दछौं ।

**शोधप्रबन्ध समिति**

.............................

डा. लक्ष्मणप्रसाद गौतम

शोधनिर्देशक

..................................

**प्रा.डा. कुमारप्रसाद कोइराला**

सह शोधनिर्देशक

मिति : २०७३/११/०३

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत डीन कार्यालयबाट नेपाली विषयमा विद्यावारिधि उपाधिको निमित्त प्रस्तुत **नेपाली लघुकथामा युगचेतना** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णत : मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तिनका प्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निस्कर्षलाई मैले यस अघि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे /गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरूद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

मिति : २०७३/११/०४

शोधार्थी

.......................

(पुष्करराज भट्ट)

# कृतज्ञता ज्ञापन

नेपालमा विश्वविद्यालय स्तरमा अनुसन्धान कार्यको प्रारम्भ त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि भएको हो । यसै क्रममा नेपाली साहित्यको बारेमा अध्ययन-अनुसन्धान कार्य पनि हुँदै आएका छन् । नेपाली साहित्यको विकासमा यस किसिमका अनुसन्धानको विशेष महत्त्व रहने गर्दछ । आज नेपाली भाषा-साहित्यले अन्तर्राष्ट्रिय रूप लिइसकेको छ । नेपाली भाषा बोल्ने मानिस संसारभरि छरिएका छन् । यसै क्रममा नेपाली साहित्यले पनि संसारभर छरिने मौका पाएको छ । नेपाली साहित्य लेखन र यससम्बन्धमा भएका अध्ययन-अनुसन्धानलाई संसारभर पुगाउन सकेको खण्डमा यसले अझ सफलता हासिल गर्ने निश्चित छ ।

अनुसन्धान कार्य आफैमा जटिल, गहन र बौद्धिक अन्तर्क्रियात्मक कार्य हो । विश्वविद्यालय स्तरमा गरिने अनुसन्धानका लागि लामो धैर्यको आवश्यकता पर्दछ । यस क्रममा सामग्री सङ्कलन कार्य सबैभन्दा जटिल कार्य हो । नेपालभरि छरिएर रहेका स्रष्टाका रचना प्राप्त गर्न सहज हुँदैन । यसै क्रममा विभिन्न माध्यमबाट सामग्री सङ्कलन गर्नु र तिनको विश्लेषण गर्नु आफैमा असहज कार्य हो । प्राप्त सामग्रीको विश्लेषणका क्रममा सैद्धान्तिक आधारको खोजी एवम् व्यावहारिक समस्याको निदानका लागि आवश्यक समर्पित हुनु पनि आवश्यक हुन्छ । यस अनुसन्धानमा नेपाली लघुकथाका हालसम्म प्राप्त कृतिलाई समावेश गर्नुका साथै तिनको विश्लेषण समेत गरिएको छ ।

नेपाली साहित्यमा आधुनिक लघुकथा लेखनको प्रारम्भ २००७ सालदेखि भयो । नेपाली लघुकथाले लेखन प्रारम्भ भएको लामो अवधि भइसक्दा पनि यसले निरन्तरता पाउन सकेन । विभिन्न उतारचढाव पार गर्दै आइपुग्दा पचासको दशकमा आएर मात्र यसले मौलाउने र विकसित हुने मौका पायो । पचासको दशकको मध्यदेखि लघुकथा सम्बन्धी छलफल, बहस एवम् विमर्शका कार्यक्रमको वृद्धिसँगै लघुकथाका बारेमा नेपाली साहित्य जगतले चासो लिँदै गयो । यसै सन्दर्भमा **मधुपर्क** लगायतका पत्रपत्रिकाबाट प्रकाशित विशेषाङ्कले यसको विकासमा मद्दत पुऱ्याए । **लघुकथा समाज**का गतिविधिले लघुकथाप्रतिको आकर्षणलाई बढाउने काम गऱ्यो । नेपाली लघुकथाको विकासमा **नेपाल प्रज्ञा प्रतिष्ठान** एवम् **त्रिभुवन विश्वविद्यालय**बाट गरिएका अनुसन्धान कार्यको महत्त्वपूर्ण योगदान छ । नेपाली लघुकथाका दुई सयको हाराहारीमा कृति प्रकाशन भएको, पत्रपत्रिकामा समय-समयमा विशेषाङ्कको प्रकाशन हुनुका साथै अध्ययन अनुसन्धानमूलक कार्यले गर्दा यसले नेपाली साहित्यका क्षेत्रमा परिचय स्थापित गरिसकेको छ । यसै सन्दर्भमा म पनि लघुकथा लेखनको सिर्जनप्रक्रियामा समावेश हुने क्रममा तीन लघुकथा कृति प्रकाशित भइसकेपछि यसको अनुसन्धानमा क्रियाशीलताका साथ लागिपरेँ । यसअघि मैले **उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य** शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ र दशौँ पत्र (६०९ र ६१०) को प्रयोजनका लागि तयार पारेको थिएँ ।

प्रस्तुत शोधप्रबन्ध मेरा स्नातकोत्तर अध्ययन गर्दादेखिका आदरणीय गुरू, वरिष्ठ समालोचक सहप्राध्यापक डा. लक्ष्मणप्रसाद गौतमको कुशल निर्देशनमा तयार गरेको हुँ ।

गुरूबाट प्राप्त भएको विषयगत मार्गनिर्देशन र विषयगत तथा प्रविधिगत निर्देशनले छलफलको उपलब्धि र प्रविधिगत निर्देशनबाट शोधप्रबन्धलाई सहजताका साथ पूर्णता दिन सफल भएको हुँदा यस अतुलनीय सहयोगका निम्ति उहाँलाई हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । नेपाली लघुकथाको अध्ययन-अनुसन्धान कार्यमा संलग्न रहँदै लघुकथा सिद्धान्त सम्बन्धी कृतिसमेत प्रकाशित गरिसक्नुभएका आदरणीय गुरू तथा मेरा शोधनिर्देशक डा. गौतमज्यूको अनुभवले मलाई यस अनुसन्धान कार्यमा मद्दत पुगेको छ ।

यसरी नै नेपाली लघुकथाको अध्ययनका लागि मार्गनिर्देशन गर्नुहुने सह शोधनिर्देशक वरिष्ठ समालोचक आदरणीय गुरू प्रा.डा. कुमारप्रसाद कोइरालाप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । लामो समयदेखि विश्वविद्यालय सेवामा रहँदै लघुकथाको अनुसन्धानमा समेत लागिपर्नु भएका गुरूको अनुभव तथा मार्गनिर्देशन र विषयगत तथा प्रविधिगत निर्देशनले मलाई यो अनुसन्धान पुरा गर्नमा मद्दत पुगेको छ ।

यसरी नै यस अनुसन्धानको क्रममा महत्त्वपूर्ण सुझाव दिनुहुने त्रिभुवन विश्व-विद्यालयका शिक्षाध्यक्ष आदरणीय गुरूआमा प्रा.डा. सुधा त्रिपाठी, आदरणीय गुरूज्युहरू नेपाली केन्द्रीय विभाग प्रमुख प्रा.डा. देवीप्रसाद गौतम, प्रा. मोहनराज शर्मा, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा.महादेव अवस्थी, प्रा.डा.ताराकान्त पाण्डेय एवम् प्रा.डा. कृष्णप्रसाद घिमिरेप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधप्रबन्ध तयार गर्दा मैले विभिन्न व्यक्ति एवम् संस्थाहरूबाट सहयोग लिएको छु । यो शोधपत्र तयार गर्ने क्रममा मसँग नभएका आवश्यक पुस्तक एवम् सामग्री उपलब्ध गराई सहयोग गरिदिने लघुकथा समाज, नेपालप्रति आभार प्रकट गर्दछु । शोधपत्र लेखनका क्रममा सल्लाह सुझाव दिनुहुने एवम् हौसला प्रदान गर्नुहुने लघुकथा समाजका पदाधिकारी अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन', उपाध्यक्ष ध्रुव मधिकर्मी, सचिव तुलसीहरि कोइराला, कोषाध्यक्ष सुमन सौरभ, सदस्य कृष्ण शाह यात्री, गोपाल अश्क, सुषमा मानन्धर, सिन्धु गौतम, श्रीबाबु कार्की उदास, डम्बर रसिक भारतीप्रति आभार प्रकट गर्दछु । यस अध्ययनका लागि सामग्री उपलब्ध गराइदिने साहित्यकार डा. रवीन्द्र समीर, नवराज रिजाल, नारायण तिवारी, श्रीराम राई, विजय सागर, चेतनाथ धमला, ईश्वरीप्रसाद पोखरेल एवम् गिरीराज न्यौपानेप्रति कृतज्ञ छु । मेरो पहिलो कृति लघुकथा सङ्ग्रह प्रकाशित गरिदिनु हुने जनमत प्रकाशनका प्रमुख प्रसिद्ध साहित्यकार मोहन दुवालप्रति कृतज्ञता ज्ञापन गर्दछु । यस अनुसन्धानका क्रममा हौसला दिने विगतमा मैले प्राध्यापन गरेको जयमालिका कलेजका क्याम्पस प्रमुख भीमबहादुर बोहराज्यू एवम् जयमालिका कलेजका प्राध्यापक मित्रहरूमा समेत कृतज्ञता ज्ञापन गर्दछु । त्यसरी नै शोधपत्र तयार गर्ने क्रममा भाषा सम्पादन गर्नमा सहयोग गर्नुहुने डा. मतिप्रसाद ढकाललाई हृदयदेखि आभार प्रकट गर्दछु । यस अनुसन्धानका क्रममा अङ्ग्रेजी सन्दर्भको खोजी एवम् नेपालीमा अनुवाद गर्ने महत्वपूर्ण कार्यका लागि सहोदर भाई हेमराज भट्टलाई धन्यवाद दिन्छु ।

विद्यावारिधि शोधप्रबन्धको तयारीका क्रममा सामग्री उपलब्ध गराइदिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय एवम् कैलाली जनपुस्तकालय परिवारप्रति पनि हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

मेरो अध्ययन कार्यलाई यहाँसम्म पुऱ्याउने पूज्य माता-पिता राधिकादेवी भट्ट/गोपालदत्त भट्टप्रति म सँधै ऋणी हुनेछु । म यस क्षणमा जीवनका असहज दिनमा पनि उत्साह दिइरहने भाइ-बहिनी हेमराज भट्ट एवम् हेमन्ती भट्टलाई पनि सम्भिmरहेको छु । सुख-दुःखमा साथ दिने जीवनसाथी निर्मला भट्टलाई पनि सम्झेकै छु । मेरो जीवनलाई यहाँसम्म पुऱ्याउन मद्दत पुऱ्याउन मद्दत गर्नुहुने सम्पूर्ण मित्रहरू प्रति कृतज्ञ छु ।

यो शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, डीन कार्यालय समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

....................

(पुष्करराज भट्ट)

मिति : २०७३/११/०६

# शोधसार

## १. विषयपरिचय

यस शोधको विषय **नेपाली लघुकथामा युगचेतना** रहेको छ । लघुकथा आख्यान विधाको लघुतम प्रकार मानिन्छ । मानवीय जीवनका विविध विसङ्गतिजन्य परिवेश एवम् सङ्कटजन्य जीवन भोगाइलाई सङ्क्षिप्तमा चित्रण गर्नु अनि व्यङ्ग्य एवम् विद्रोहका माध्यमबाट मानिसको मन मस्तिष्कमा तीव्र प्रभाव छाड्नु लघुकथाको विशेषता हो । नेपाली लघुकथामा नेपाली समाजमा विभिन्न समयमा सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा भएका परिवर्तनका घटना र ती परिवर्तनसँगै आएको समसामयिक युगचेतना अभिव्यक्त भएको पाइन्छ ।

नेपाली लघुकथाको विकास नेपाली कथाको विकासक्रमसँगै अगाडि बढेको देखिन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्यको पृष्ठभूमिमा आएका धार्मिक, पौराणिक आख्यानहरू, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद र इसपका नीतिकथामा लघुकथाको बीज पाइन्छ । नेपाली लघुकथाको सचेत प्रयोग २००७ मा प्रकाशित पूर्णप्रसाद ब्राह्मणको **झिल्का** लघुकथा सङ्ग्रहबाट भएको हो । लघुकथा लेख्ने कतिपय लघुकथाकारले छोटा कथा, रेच्की गल्फ, मसिना कथा भनेर पनि लघुकथा कृति प्रकाशित गरेको पाइन्छ । हाल आएर नेपाली लघुकथाले आफ्नो स्वतन्त्र अस्तित्व निर्माण गरिसकेको छ । नेपाली साहित्यमा लघुकथा मात्रै लेख्ने लेखकहरूको लामो सूची तयार भइसकेको छ । नेपाली लघुकथाको विकासक्रममा २०३६ पछिको कालखण्डले महत्त्वपूर्ण स्थान राख्दछ । यस कालखण्डपछि प्रकाशित विभिन्न लघुकथा पत्रिकाको प्रकाशनले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली लघुकथाप्रतिको आकर्षण बढाउन र यसलाई स्थापित गराउनमा यी पत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । २०३६ पछिको समय नेपाली लघुकथा कृति प्रकाशनका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसपछि नेपाली साहित्यमा लघुकथा लेखनको क्रम पहिलेभन्दा व्यापक हुँदै आएको पाइन्छ ।

कुनै समयको कालखण्ड वा युगमा व्यक्त भएको चेतना एवम् युगबोधलाई युगचेतना भनिन्छ । युगले बोकेको चेतना नै युगचेतना हो । युगचेतनाले आज वा अहिलेको समयको चेतनाको प्रतिनिधित्व गर्दछ । यसरी वर्तमानलाई बोध गराउँछ । यसले वर्तमान अन्तर्गत पनि हालसालको वर्तमानको प्रतिनिधित्व गर्दछ । युगचेतनाले परिवर्तित समयको चेतनालाई जनाउँछ । देशमा हुने गरेका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि विभिन्न खाले परिवर्तनले समाज र जनजीवनमा पार्ने प्रभाव तत्कालीन साहित्यिक रचनामा पनि पर्ने भएकाले युगचेतना परिवर्तित समयको चेतनासँग सम्बद्ध गर्दछ । त्यस्तै युगचेतनाले गतिशील यथार्थ वा चालु यथार्थको अभिव्यक्ति दिन्छ । यसले विशेषतः कुनै

राजनीतिक आन्दोलन, सामाजिक परिवर्तन, सांस्कृतिक रूपान्तरणका साथै नयाँ मान्यता, चिन्तन वा सिद्धान्तको प्रतिपादनजस्ता विशेषताले उत्पन्न गर्ने नवीन मूल्यको अभिव्यक्ति दिने गर्दछ । समयको विकासक्रमसँग आउने नवीन मूल्यचेत नै युगचेतनाको प्रमुख अभिलक्षण एवम् विशेषता मानिन्छ ।

नेपाली लघुकथामा अभिव्यक्त नेपाली समाज र युगजीवनका विभिन्न पक्ष र प्रवृत्तिका बारेमा विभिन्न कोणबाट चर्चा-परिचर्चा र शोध-अनुसन्धानमूलक कार्यहरू भएका छन् । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा के कसरी युगचेतना प्रतिविम्बित भएको छ भन्ने बारेमा हालसम्म गहन अध्ययन-अनुसन्धान नभएकोले यस शोधमा नेपाली लघुकथामा प्रतिविम्बित युगचेतनालाई विश्लेषणको मूल विषय बनाएर अध्ययन गरिएको छ ।

## २. समस्याकथन

प्रस्तुत शोधकार्यको मूल विषय **नेपाली लघुकथामा युगचेतना** रहेको हुँदा यो विषय प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छ । यस विषयमा गरिने अध्ययनबाट नेपाली लघुकथामा प्रतिविम्बित युगचेतनाको स्वरूप स्पष्ट हुने हुँदा यो विषय शोधका दृष्टिले उपयुक्त रहेको छ । प्रस्तुत शोधमा **नेपाली लघुकथामा युगचेतना**लाई नै प्रमुख समस्याका रूपमा मानिएको छ । नेपाली लघुकथामा युगचेतना निर्धारण गर्न विभिन्न आधार निर्माण गर्नु आवश्यक हुन जान्छ । यसै सन्दर्भमा शोधसमस्याको समाधान पहिल्याउनका लागि निम्न शोधप्रश्नसँग सम्बन्धित रहेर सामग्रीको विश्लेषण गरिएको छ :

(क) नेपाली लघुकथाको विकासक्रम केकस्तो देखिन्छ ?

(ख) नेपाली लघुकथाको विषयवस्तुमा केकस्तो युगचेतना प्रतिबिम्बित भएको छ ?

(ग) विभिन्न वादका रुपमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना कस्तो छ ?

(घ) युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली केकस्तो रहेको छ ?

## ३. शोधको उद्देश्य

नेपाली लघुकथामा युगीन सामाजिक, सांस्कृतिक एवम् राजनीतिक चेतनाको प्रभाव परेको पाइन्छ । नेपाली लघुकथा लेखनका प्रवृत्तिहरू निरूपण गर्नमा युगचेतनाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । **नेपाली लघुकथामा युगचेतना** नामक यस शोधकार्यको समस्याकथनमा उठाइएका प्रश्नसँग सम्बन्धित रहेर शोधकार्यका उद्देश्यहरू यसप्रकार निर्धारण गरिएको छ :

(क) नेपाली लघुकथाको विकासक्रम प्रस्तुत गर्नु,

(ख) नेपाली लघुकथाको विषयवस्तुमा प्रतिबिम्बित युगचेतनालाई देखाउनु,

(ग) विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको स्वरूप पहिल्याउनु,

(घ) युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको पाइने संरचना र भाषाशैलीको विश्लेषण गर्नु ।

## ४. अध्ययनको औचित्य र महत्त्व

नेपाली लघुकथामा समसामयिक युगचेतनाको प्रभाव परेको पाइन्छ । नेपाली लघुकथाको विकास एवम् विस्तारका लागि व्यवस्थित अध्ययन र अनुसन्धान आवश्यक छ । प्रस्तुत अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त युगचेतनागत विशेषताको विस्तृत अध्ययन र विश्लेषण गरिएकोले यस अध्ययनको औचित्य रहेको छ । नेपाली लघुकथाको छ दशकभन्दा लामो लेखन परम्परा  पाइन्छ । हालसम्म कृतिगत रूपमा एक सय पचास भन्दा बढी लघुकथा कृति प्रकाशित भएको पाइन्छ । फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा लघुकथा रचनाहरू छापिने क्रम जारी छ । नेपाली साहित्यको महत्त्ववपूर्ण विधाको रूपमा स्थापित भएको लघुकथाका सम्बन्धमा प्राज्ञिक क्षेत्रमा हालसम्म व्यवस्थित अध्ययन भने हुन सकेको छैन । यसै सन्दर्भमा यस अध्ययनले नेपाली प्राज्ञिक, बौद्धिक क्षेत्रमा नेपाली लघुकथालाई उचित स्थान दिलाउन मद्दत गर्ने भएकाले यसको महत्त्व रहेको छ । नेपाली लघुकथा रचनाले हाल आएर पाठ्यपुस्तकमा समेत ठाउँ पाएको छ । यसै सन्दर्भमा यो अध्ययनले शैक्षणिक प्रयोजनका लागि समेत लघुकथासम्बन्धी आवश्यक सूचना एवम् सामग्री प्रदान गर्नेछ । नेपाली भाषा साहित्यका पाठ्यपुस्तकमा नेपाली लघुकथालाई समावेश गर्नका निमित्त आधार समेत तयार गर्नेछ । यस अध्ययनबाट नेपाली प्राज्ञिक/साहित्यिक क्षेत्रमा थप ज्ञानको प्राप्ति हुने भएकोले पनि यसको महत्त्व देखिएको छ । यस शोध कार्यले नेपाली लघुकथामा युगचेतना र नेपाली लघुकथाहरूमा यसको प्रभावका सन्दर्भमा सैद्धान्तिक एवम् व्यवहारिक अध्ययन, अध्यापन, चिन्तन, मनन, बहस र छलफल गर्न चाहने आम प्राज्ञिक वर्गका लागि समुचित ज्ञान र मार्गनिर्देश गर्ने भएकोले पनि यसको व्यवहारिक उपयोगिता पनि पुष्टि भएको छ ।

## ६. अध्ययनको सीमाङ्कन

यस शोधकार्यको क्षेत्र एवम् सीमाहरू यसप्रकार रहेका छन् :

(क) यस शोधकार्यमा नेपाली भाषामा प्रकाशित पहिलो कृति पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) प्रकाशित भएदेखि वि.स. २०७२ चैत्रसम्म प्रकाशित लघुकथाका कृतिहरूको अध्ययन गरिएको छ । नेपाली लघुकथामा कम्तीमा पनि एक कृति प्रकाशित गरेका लेखकका कृतिलाई विश्लेषणको सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस

अध्ययनमा फुटकर पत्रपत्रिका एवम् विशेषाङ्कमा प्रकाशित लघुकथालाई विश्लेषण गरिएको छैन ।

(ख) यस शोधकार्यमा नेपाली लघुकथामा पाइने युगचेतनागत विशेषतालाई आधार मानेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त युगचेतनालाई विषय, विभिन्न वाद, संरचना तथा भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**७. शोध विधि**

प्रस्तुत अध्ययनमा निम्नलिखित अनुसारको सामग्री सङ्कलन, सैद्धान्तिक विधि र ढाँचाको अध्ययन गरिएको छ ।

**७.१ सामग्री सङ्कलन विधि**

प्रस्तुत शोधप्रबन्धमा नेपाली लघुकथा कृतिमा प्रकाशित रचनाहरूलाई विश्लेषणको सामग्रीका रूपमा लिइएको छ । यस अध्ययनमा नेपाली लघुकथाका प्रकाशित कृतिहरूलाई प्रमुख सामग्रीका रूपमा लिएर अध्ययन गरिएको छ । नेपाली लघुकथाका सम्बन्धमा प्रकाशित शोध, पुस्तक, पत्रपत्रिका एवम् फुटकर सामग्रीलाई सहायक सामग्री मानेर अध्ययन गरिएको छ । नेपाली लघुकथाका सन्दर्भमा गरिएका विभिन्न अध्ययनलाई पनि शोधसामग्रीको रूपमा लिइएको छ । यसका लागि अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका लागि नेपाली लघुकथाका कृतिहरूको पठनबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ ।

**७.२ सैद्धान्तिक विधि र ढाँचा**

यस अध्ययनमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको विश्लेषणका लागि विषयवस्तुलाई प्रमुख आधार बनाइएको छ भने विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको विश्लेषण गर्ने सन्दर्भमा नेपाली कथा/लघुकथामा प्रचलित विभिन्न वादलाई आधार बनाइएको छ र अन्त्यमा युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैलीगत तत्त्वलाई पनि आधार बनाइएको छ । अध्ययनका लागि निम्नलिखित किसिमको ढाँचा निर्माण गरिएको छ ।

**७.२.१ नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतना**

नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि राजनीतिक, सामाजिक, कला-संस्कृति, धर्म, आर्थिक अवस्था, भाषा-साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासनिक अवस्था, विज्ञान र प्रविधि संस्कृति, आधुनिक सभ्यता/जीवनशैली, न्याय/कानुन,

पत्रकारिता, मिथक, प्रवासी जीवन भोगाइ, नारीवादी चेतनाको सन्दर्भ जस्ता विषयवस्तुलाई आधार बनाइएको छ ।

### ७.२.३ विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना

नेपाली लघुकथामा विभिन्न वादका आधारमा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, मनोविश्लेषण, अस्तित्ववाद-विसङ्गतिवाद र उत्तरआधुनिकतावादका सन्दर्भमा युगचेतनालाई आधार बनाइएको छ ।

### ७.२.४ युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली विश्लेषणका क्रममा विधातत्त्व वा संरचनाका रुपमा कथानक, परिवेश, चरित्रचित्रण, दृष्टिबिन्दु एवम् उद्देश्यमा युगचेतनाको प्रस्तुतिलाई अध्ययन गरिएको छ । यस्तै भाषाशैली अर्न्तगत विचलन, समानान्तरता, पर्यार्ययोक्ति-पयार्ययुक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण एवम् अप्रचलित शब्द एवम् शब्दयुग्म, सादृश्यविधान अर्न्तगत बिम्बबिधान, प्रतीकविधान, अलङ्कारविधान तथा मानवीकरण, व्यङ्ग्योक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैचित्र्य, क्रियामुक्त/क्रियायुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको समेत अध्ययन गरिएको छ ।

## ८. निष्कर्ष

यस शोधप्रबन्धमा नेपाली लघुकथाका प्रवृत्ति निरूपणका सन्दर्भमा प्राप्त भएका प्राप्ति र सीमाको विवेचना गर्नु उपयुक्त हुने देखिएकोले यहाँ तिनको उल्लेख गरिएको छ ।

नेपाली लघुकथाका सम्बन्धमा हालसम्म भएका पूर्व अध्ययनलाई प्रस्तुत गर्ने क्रममा सिद्धान्त, विकासक्रम एवम् प्रवृत्तिपरक अध्ययनलाई प्रस्तुत गरिएको छ । यी अध्ययनले नेपाली लघुकथाका सम्बन्धमा हालसम्म भएका अध्ययनको अवस्थालाई प्रस्तुत गर्नुका साथै नेपाली लघुकथाको अनुसन्धानका लागि मार्ग प्रशस्त गरेको छ । नेपाली लघुकथाको बारेमा हालसम्मका परिभाषाहरूलाई प्रस्तुत गर्दै लघुकथाको नवीन परिभाषा यहाँ दिइएको छ । लघुकथाको स्वरूप एवम् संरचनाको बारेमा चर्चा गर्ने क्रममा लघुकथाको स्वरूप निर्धारणका साथै लघुकथाका संरचनात्मक तत्त्वको विश्लेषण गरिएको छ । आख्यानका अन्य तत्त्वजस्तै लघुकथाका तत्त्वमा पनि समानता भएको सन्दर्भमा लघुकथामा कथानक, चरित्र एवम् परिवेशमा सूक्ष्मता हुने अभिमत राखिएको छ । लघुकथा रचनाको उद्देश्यका रूपमा सामाजिक विकृत परिवेशप्रतिको व्यङ्ग्य एवम् विद्रोहात्मक चेतना रहेको उल्लेख गर्दै लघुकथा रचनाको अन्त्य चमत्कारिक हुनेतर्फ सङ्केत गरिएको छ । युगचेतनागत प्रवृत्तिको विश्लेषणपूर्व युगचेतनाका मान्यता, अभिलक्षणका बारेमा चर्चा गर्नुका साथै युगचेतना र समकालीनताका परिभाषालाई प्रस्तुत गरिएको छ । युगचेतनालाई नेपाली लघुकथाका प्रवृत्ति

विश्लेषणका सन्दर्भमा कसरी अध्ययन गर्ने सम्बन्धमा विश्लेषण ढाँचाको पनि निर्माण गरिएको छ । युगचेतनाले युगीन सन्दर्भमा देखापरेका लेखनगत प्रवृत्तिको प्रतिनिधित्व गर्ने र यो निश्चित समयसम्म रहने तथ्यलाई पुष्टि गरिएको छ ।

नेपाली लघुकथाका केही अपरिवर्तनिय आधार रहेका छन् । लघुकथामा पाइने सूत्रात्मकता र छिटोछरितोपन यसको मूल विशेषता हो । यसमा साङ्केतिकता, बिम्बात्मकताका साथै उत्तरोत्तर पछिल्ला वाक्यमा तिव्रता हुने गर्दछ । लघुकथा आफैमा पूर्ण, स्वतन्त्र र सघन रचना हुनुका साथै यसमा दुई सयदेखि तीस सय शब्दसम्मको सीमा मानक ठानिन्छ । यी रचनामा छोटो समयमै विचार वा भावको प्रभावकारी प्रस्फुटन हुनसक्ने भित्री अणुसामर्थ्य हुनु अनिवार्य मानिन्छ । लघुकथा आख्यानको एक भेद भएकोले आख्यानका तत्त्व कथानक, परिवेश, पात्रविधान, उद्देश्य, दृष्टिबिन्दु, भाषा एवम् शैली यसका पनि तत्त्वका रूपमा मानिएका छन् । यी तत्त्व लघुकथाका अपरिवर्तनीय आधार हुन् ।

नेपाली लघुकथाको विकासक्रमलाई प्रस्तुत गर्ने क्रममा यस अध्ययनपूर्व भएका विकासक्रम सम्बन्धी अध्ययनको विश्लेषण गर्नुका साथै नेपाली लघुकथाको विकासक्रमको निर्धारण गरिएको छ । नेपाली लघुकथा लेखनको प्रारम्भ २००७ सालमा पूर्णप्रसाद ब्राह्मणको 'झिल्का' लघुकथा कृतिबाट भएको सन्दर्भमा यस अवधिदेखि नेपाली लघुकथाको विकासक्रमको आरम्भ भएको तथ्यलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथाका विभिन्न चरणको विकासक्रमका क्रममा सो कालक्रममा भएका कृति प्रकाशन, पत्रपत्रिकाको प्रकाशन, संस्थागत गतिविधि, सम्मान/पुरस्कारको स्थापना लगायतका कार्यहरू भएका छन् । नेपाली लघुकथाको विकास पचासको दशकपछि व्यापक बनेको र यस अवधिपछि नेपाली लघुकथाले फडको मारेको छ । नेपाली लघुकथाका विभिन्न चरण र ती चरणमा देखिएका लेखनगत युगचेतनागत प्रवृत्तिका बारेमा चर्चा गर्ने क्रममा नेपाली लघुकथामा समयुगीन नेपाली समाजका गतिविधिको व्यापक प्रभाव परेको, विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्य एवम् विद्रोहको चेतना अभिव्यक्त भएको छ ।

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथामा प्रस्तुत विषयवस्तुको अध्ययन गर्ने क्रममा राजनीति, समाज, कला-संस्कृति, शिक्षा, स्वास्थ्य, साहित्य, प्रशासन, धर्म, कानुन, विज्ञान, अर्थतन्त्र, पत्रकारिता, शिक्षा, आधुनिक सभ्यता, मिथक, प्रवासी जीवन एवम् नारीवादी चेतनासँग सम्बन्धित विषयवस्तु आएका छन् । सात सालको राजनीतिक परिवेशदेखि लिएर सत्तरी सालसम्म भएका घटनाक्रमको प्रभावका सन्दर्भमा नेपाली लघुकथामा अभिव्यक्त राजनीतिक चेतनाको प्रतिबिम्ब पाइन्छ । शोधप्रबन्धमा नेपालमा भएका राजनीतिक परिवर्तनसँगै जनतामा व्यापक आशा एवम् उत्साह छाउने गरेपनि राजनीतिकर्मीका अवाञ्छित क्रियाकलापका कारण निराशाजन्य परिवेश सिर्जना हुने गरेको र लघुकथा रचनामा जनताको असन्तुष्टि, आक्रोश, व्यङ्ग्य एवम् विद्रोहको चेतना अभिव्यक्त भएको तथ्य सार्वजनिक गरिएको छ । राजनीतिक मूल्यहीनता, अव्यवस्था, अराजकता, सैद्धान्तिक स्खलन, खराब आचरण, भ्रष्ट प्रवृत्ति, पदमोह, अवसरवाद, हिंसामुखी क्रियाकलाप, विदेशभक्ति जस्ता विकृत पक्षको उद्घाटनका साथै विसङ्गतिमुक्त राजनीतिक परिवेशको चाहनाको अभिव्यक्ति पाइन्छ । सामाजिक जीवनमा देखा परेका विभेदजन्य गतिविधि, विषम

सामाजिक सांस्कृतिक परिवेशको चित्रणका साथै अन्धविश्वास, अराजकता, अनुशासनहीनता अनैतिकता, आडम्बर एवम् रूढीवाद जस्ता विकृतिजन्य परिवेशप्रतिको आलोचनात्मक स्वर अभिव्यक्त भएको छ । नेपाली लघुकथामा नेपाली समाजमा विभिन्न कालखण्डमा देखापरेका विकृतिको अभिव्यक्तिका साथै विसङ्गतिविरोधी युगचेतनाको अभिव्यक्ति पनि प्रभावपूर्ण छ ।

कला-संस्कृति क्षेत्रमा देखिएका आडम्बर, पैसामुखी चरित्र, अनैतिक क्रियाकलाप एवम् जीवनशैलीगत असामान्यताका घटनाको अभिव्यक्ति र नेपाली लघुकथा रचनामा कला एवम् कलाकार विलासिता एवम् मनोरञ्जनका लागि नभईकन देश र जनताको पक्षमा हुनुपर्ने भावको अभिव्यक्तिका साथै धर्मका नाममा हुने गरेका अनाचार एवम् मानवविरोधी गतिविधिको विश्लेषणका साथै आर्थिक क्षेत्रमा भएका बेइमानी, ठगी, भ्रष्टाचारजन्य गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना पनि लघुकथाका मूल विषय बनेका छन् । साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, कानुन, विज्ञान एवम् पत्रकारिता क्षेत्रमा देखिएका विकृतिजन्य गतिविधि एवम् क्रियाकलापको बारेमा चर्चा गर्नुका साथै विकृतिप्रतिको व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति भएको सन्दर्भमा नेपाली लघुकथामा युगचेतनाको प्रभाव देखिएको छ । नेपाली लघुकथामा अभिव्यक्त आधुनिक सभ्यताको प्रभावका सन्दर्भमा युगीन विकृतिको उत्खननका साथै मिथकका माध्यमबाट युगजीवनका अनेक विसङ्गत पक्षप्रति आलोचनात्मक स्वर प्रकट भएको छ ।  नेपाली समाजमा पछिल्ला केही दशक यता नेपाली नागरिक विदेशिने क्रमसँगै विदेश गएका नागरिकका जीवन अनुभूतिको अभिव्यक्तिका साथै नारीवादका विभिन्न पक्षहरू समेत लघुकथाका विषय बनेका छन् ।

नेपाली साहित्यमा लघुकथा लेखनको प्रारम्भ भएदेखि हालसम्म विभिन्न साहित्यिक वादको प्रभाव पर्दै आएको सन्दर्भमा आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद त्यस्तै समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकता -वादको प्रभाव बढी देखिन्छ । यस अध्ययनमा नेपाली लघुकथाको प्रारम्भमा आदर्शोन्मुख यथार्थवादी चेतनाको अभिव्यक्ति भएको र हाल झिनो रूपमा भए पनि यसको प्रभाव रहिरहेको छ भने पञ्चायतकालको मध्यतिर अस्तित्ववाद विसङ्गतिवादमा आधारित भएर लघुकथा लेख्ने कार्य भएता पनि हाल यसको प्रभाव कम भएको पाइन्छ । मनोविश्लेषवादी चेतनाको आरम्भ जयनारायण गिरीको लेखनबाट देखापरेको र हालसम्म पनि झिनो रूपमा भएपनि यसको प्रभाव रहेको छ । सर्वाधिक प्रभावकारी चेतना भनेको यथार्थवादी चेतना भएको र नेपाली लघुकथामा युगयथार्थका विभिन्न पक्षको प्रस्फूटनका साथै सामाजिक विकृति-विसङ्गतिविरोधी चेतनाको अभिव्यक्ति सशक्त पाइन्छ । तीसको दशकको मध्यदेखि नेपाली लघुकथा लेखन तीव्र बन्दै गएको र पचासको दशकपछि व्यापक बन्दै गएको सन्दर्भमा नेपाली लघुकथामा सामाजिक यथार्थवादले एकातिर मौलाउने कार्य गरेको तथ्यलाई नेपाली लघुकथाले देखाएका छन् । विनयकुमार कसजूको लेखनबाट प्रारम्भ भएको यो धारा हालसम्म पनि प्रभावकारी छ । नेपाली लघुकथाका पछिल्ला समयका कृतिमा उत्तरआधुनिक प्रवृत्तिको प्रभाव पाइने गरेको र यी प्रवृत्तिले नेपाली लघुकथा लेखनमा नवीन पक्ष थपेको छ । नेपाली लघुकथामा राजनीति, धर्म, शिक्षा, साहित्य, स्वास्थ्य, संस्कृति र पत्रकारिता क्षेत्रमा देखापरेका विकृत परिवेशको चित्रण र विकृतिविरोधी चेतनाको उद्‌बोधन

छ । नेपाली लघुकथामा युगचेतना विश्लेषणको क्रममा संरचना एवम् भाषाशैलीसँग सम्बन्धित विभिन्न उपकरणको सूक्ष्म अध्ययनबाट तिनमा पाइने युगचेतनागत प्रवृत्तिगत विशिष्टता देखिन्छ । नेपाली लघुकथाका विधातत्त्वका आधारमा पनि युगचेतनाको प्रतिबिम्ब छ । नेपाली लघुकथाको संरचना एवम् भाषाशैलीबाट पनि युगचेतना अभिव्यक्त गरिएको  छ । यस क्रममा विचलन, समानान्तरता, पर्यायोक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तिकरण, अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग, सादृश्यविधान अन्तर्गत बिम्ब, प्रतीक, अलङ्कार, मानवीकरण, व्यङ्गोक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैतित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली, लोककथात्मक शैली जस्ता विभिन्न पक्षको विशिष्ट प्रयोग पाइन्छ । नेपाली लघुकथामा विभिन्न शैलीशिल्पगत पक्षका माध्यमबाट शैलीगत विशिष्टता थपिनुको साथै नवीनता समेत थपिएको छ । रूपविन्यास अर्न्तगत अध्ययन गरिएका रचनामा प्रशासन, स्वास्थ्य, धार्मिक क्षेत्रका विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्यको चेतना आएको तथ्यलाई छ ।

नेपाली लघुकथामा युगचेतनाको अध्ययन गर्ने क्रममा प्राप्त भएका प्रवृत्तिगत विशेषताको समग्रमा मूल्याङ्कन गर्दा देखिएका मुख्य-मुख्य विशेषतालाई बुँदागत रूपमा यस प्रकार देखाइन्छ :

(क) पौराणिक एवम् माध्यमिककालीन लघु आख्यानको प्रभावबाट प्रेरित भएर लेखनको प्रारम्भ,

(ख) सात सालको परिवर्तनको चेतना बोकेर आध्यात्मिक नैतिक आदर्शको खोजीको चेतना  सहित लघुकथामा सचेत लेखनको थालनी,

(ग) भारत प्रवासबाट स्वच्छन्दतावादी युगचेतनाका सन्दर्भमा लघुकथा लेखनको आरम्भ, मनोविश्लेषणका माध्यमबाट मानव मनका विभिन्न चिन्तनको विश्लेषण,

(घ) सामाजिक सुधार एवम् जागरणका साथ नारी अधिकारको पक्षको उद्घाटन सहित नारी लेखकबाट लघुकथा लेखनको प्रारम्भ,

(ङ) दोस्रो विश्वयुद्धको प्रभाव एवम् पञ्चायत कालमा अभिव्यक्ति स्वतन्त्रताको अभावका समयमा अस्तित्वादी लेखनका साथै विसङ्गतिवादी चिन्तनमा आधारित भएर लेखनको थालनी,

(च) अस्तित्ववादी चेतनालाई पुष्टि गर्ने क्रममा नवीन भाषाशैली एवम् शिल्पसंरचनाको निर्माण,

(छ) युगजीवनका अनेकन विसङ्गत पक्षको चित्रण गर्ने क्रममा यथार्थवादी लेखन शैलीको प्रारम्भ, सामाजिक यथार्थको प्रस्तुतिका साथै विकृतिजन्य परिवेशप्रति आलोचनाको स्वरको प्रस्फूटन,

(ज) सामाजिक विभेद एवम् अन्यायपूर्ण राजनीतिक-सामाजिक परिवेशप्रतिको विद्रोही स्वर एवम् न्यायमूलक समाजको खोजीमा आधारित भएर समाजवादी यथार्थवादी लेखनको विकास एवम् विस्तार,

(झ) नेपाली साहित्यमा लघुकथालाई लोकप्रिय बनाउन लेखन, प्रकाशनको साथै समालोचना लेखनको विकास, लघुकथाको अभिलेखीकरण एवम् सैद्धान्तिक पक्षको खोजी,

(ञ) लघुकथाको विकासप्रक्रियाको अध्ययन एवम् चरणगत युगचेतनाको प्रस्तुति,

(ट) नेपाली लघुकथाको विषयवस्तु, विचार एवम् बनोट र बुनोटसँग सम्बन्धित भएर विश्लेषण,

(ठ) लघुकथा लेखनका क्रममा विभिन्न भाषाशैली एवम् शिल्पगत नवीनताको प्रस्तुति,

(ड) नेपाली लघुकथाले अनुसन्धान एवम् शैक्षणिक क्षेत्रमा प्रतिष्ठा कायम भएको अवस्थाको प्रस्तुति,

माथि सूत्रबद्ध गरिएका उल्लेखित विशेषता नेपाली लघुकथामा युगचेतनाका खास-खास प्रवृत्तिगत विशेषता हुन् र यिनको निरूपण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य र उपलब्धि हो । उल्लेखित प्रवृत्तिगत विशेषताका अतिरिक्त शोधसमस्या र उद्देश्यसँग सम्बद्ध निष्कर्ष यस प्रकार रहेको छ :

(क) नेपाली लघुकथाको विकास २००७ सालको परिवर्तन सँगै भएको सन्दर्भमा हालसम्म पनि अविच्छिन्न रूपले सिर्जना एवम् समालोचनाले निरन्तरता पाउँदै गएको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको विकासक्रममा एक सय पचासको हाराहारीमा कृति प्रकाशन भएको, विभिन्न पत्रिकाले विशेषाङ्क प्रकाशित गरेको एवम् संस्थागत एवम् व्यक्तिगत गतिविधिमा वृद्धि हुँदै आएको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको लेखनप्रक्रिया एवम् सैद्धान्तिक पक्षका बारेमा अध्ययन अनुसन्धानमा वृद्धि हुँदैआएको छ । नेपाली लघुकथा लेखनमा वृद्धि भएता पनि लघुकथाको सैद्धान्तिक आधारलाई मार्गनिर्देशक मानेर रचनाको लेखनमा भने कमी नै देखिन्छ । यति भए तापनि लघुकथा विषयक गोष्ठी, छलफल एवम् विमर्श बढने क्रमसँगै स्तरीय लेखनको खोजीका साथै प्रकाशनमा नवीनता सहितको चेतना अभिवृद्धि भएको छ । नेपाली लघुकथामा विभिन्न चरणमा तत्कालीन युगजीवनका यथार्थको प्रस्तुतिकरणका साथै विकृति एवम् विसङ्गति विरोधी चेतनाको सशक्त अभिव्यक्ति पाइन्छ । पछिल्ला समयका लघुकथामा नेपाली समाजको चित्र सजीव किसिमले व्यक्त भएको सन्दर्भमा नेपाली लघुकथा विगत भन्दा विस्तारित एवम् विकसित हुँदै आएको देखिन्छ ।

(ख) नेपाली लघुकथामा विषयवस्तुगत विविधता पाइन्छ । लघुकथा सर्जकले मूलत : राजनीतिक, सामाजिक एवम् सांस्कृतिक पक्षलाई विषय सन्दर्भको रूपमा उपयोग गरेका छन् । यसै सन्दर्भमा नेपाली लघुकथामा नेपाली समाजको विभिन्न कालखण्डमा देखापरेका राजनीतिक विकृतिको उत्खननका साथै विसङ्गतिप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति पाइन्छ । यी रचनामा हाम्रो सामाजिक जीवन एवम् सांस्कृतिक पक्षमा देखापरेका बेमेलपनप्रतिको असहमतिका साथै स्वस्थ समाजको परिकल्पना गरिएको पाइन्छ । यसरी नै शिक्षा, स्वास्थ्य, प्रशासन, धर्म, विज्ञान, पत्रकारिता, प्रवासी जीवन, साहित्य लगायतका क्षेत्रमा देखापरेका विकृतिको अन्त्यका साथै नेपाली समाजको उन्नतिको चाहनाको अभिव्यक्ति पाइनुका साथै युगचेतनाको सशक्त प्रयोग पाइन्छ ।

(ग) नेपाली लघुकथामा युगचेतनाका आधारका रूपमा राजनीति, समाज, आर्थिक, सांस्कृतिक एवम् अन्य आधार रहेका छन् । युगचेतनाको प्रमुख आधारका रूपमा राजनीति रहेको छ । राजनीतिक परिवर्तनले युगचेतनालाई पनि निरन्तर प्रभावित गरिरहन्छ । त्यस्तै गरी सामाजिक परिवर्तन एवम् सुधार युगचेतनाको अर्को महत्त्वपूर्ण आधार हो । राजनीतिक सामाजिक आधारसँगै सांस्कृतिक एवम् आर्थिक आधार पनि जोडिएर जाउँछन् । सामाजिक परिवर्तनको क्रममा सांस्कृतिक एवम् आर्थिक चेतनामा पनि प्रभाव आइरहन्छ । यसरी नै प्रशासन, शिक्षा, स्वास्थ्य, विज्ञान, कला साहित्य, पत्रकारिता लगायतका क्षेत्र पनि युगचेतनाका आधार हुन् ।

(घ) नेपाली लघुकथामा विभिन्न वादहरूको प्रभाव पाइन्छ । यसै सन्दर्भमा यस अध्ययनमा नेपाली लघुकथामा दार्शनिक युगचेतनाको अभिव्यक्तिका क्रममा आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकताको प्रयोगगत सन्दर्भलाई समेत उदाहरण सहित पुष्टि गरिएको छ । नेपाली लघुकथा लेखनमा विभिन्न चिन्तनको प्रभावका साथै युगचेतनागत प्रवृत्तिका माध्यमबाट लेखनगत परिष्कार तथा विशिष्टपन थपिँदै गएको छ ।

(ङ) नेपाली लघुकथामा शैलीशिल्पगत विन्यासमा विविधता पाइन्छ । आख्यानका विधातत्त्व लघुकथाका पनि विधातत्त्व भए पनि लघुकथाका केही विशिष्ट पक्ष पनि रहेका छन् । आख्यानात्मक सूक्ष्मता, परिवेशगत सिमितता, पात्रविधानगत सीमितताका साथै दृष्टिबिन्दुमा पनि तृतीय पुरूषको आधिक्यता पाइनु यसको मूख्य पक्ष हो । लघुकथा रचनामा नेपाली युगजीवनका विभिन्न चेतना समेत व्यक्त हुँदै पाइन्छ । नेपाली लघुकथाका रूपविन्यासगत बुनोटलाई प्रस्तुत गर्ने विभिन्न पक्ष विचलन, समानान्तरता, पर्यायोक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तिकरण, अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग, सादृश्यविधान अर्न्तगत बिम्ब, प्रतिक, अलङ्कार, मानवीकरण, व्यङ्गोक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैतित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली, लोककथात्मक शैलीले नेपाली लघुकथा रचनालाई समृद्ध बनाएको देखिन्छ । नेपाली लघुकथामा शैलीगत नवीनताका साथै युगचेतनागत प्रवृत्ति समेत व्यक्त भएको सन्दर्भमा नेपाली लघुकथा विषय, विभिन्न वाद एवम् संरचना तथा भाषाशैलीका दृष्टिले समृद्ध बन्दै गएको पाइन्छ ।

## ९. शोधको उपलब्धि

प्रस्तुत शोधकार्यबाट निम्न उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

(क) प्रस्तुत शोध नेपाली लघुकथाका सम्बन्धमा गरिएको विद्यावारिधि तहको अध्ययन भएकाले नेपाली लघुकथाका बारेमा अध्ययन गर्न चाहने अध्येता एवम् विद्यार्थीका लागि सहयोगी सिद्ध हुने साथै नेपाली साहित्यमा युगचेतनागत्त प्रवृत्ति विषयमा गरिएको विद्यावारिधि अध्ययन भएकाले पनि यस शोधप्रबन्धको महत्व देखिन्छ ।

(ख) लघुकथाको विश्लेषणका लागि युगचेतनागत प्रवृत्तिको अवधारणा एवम् मान्यताको निर्धारण गरिएकाले युगचेतनाका सन्दर्भमा अध्ययनका लागि सहजता निर्माण गर्ने देखिन्छ ।

(ग) यस शोधप्रबन्धमा नेपाली लघुकथाको विकासक्रमको बारेमा चर्चा गर्नुका साथै युगचेतनाको समेत निर्धारण गरिएको छ । नेपाली लघुकथाको लेखन परम्परा एवम् कालक्रमिक अध्ययनका सन्दर्भमा यसले मद्दत पुऱ्याउने देखिन्छ ।

(घ) यस अध्ययनमा नेपाली लघुकथामा पाइने विषयवस्तुगत, वादगत एवम् संरचना र भाषाशैलीगत विभिन्नतालाई देखाउनुको साथै यावत् पक्षमा पाइने युगचेतनागत प्रवृत्तिको निरूपण गरिएकोले नेपाली लघुकथाको समग्र अध्ययनका दृष्टिले उपयोगी हुने देखिन्छ । नेपाली लघुकथाको सचेत प्रयोग भएको वि.स. २००७ देखि वि.स. २०७२ चैत्र सम्म कृति प्रकाशित भएका लेखकका रचनाको विश्लेषण गरिएकोले नेपाली लघुकथाको अध्ययनका लागि उपयोगी सामग्री हुने देखिन्छ ।

# विषयसूची

(क) सिफारिश पत्र (क)
(ख) अनुमोदन पत्र (ख)
(ग) प्रतिबद्धता पत्र (ग)
(घ) कृतज्ञता ज्ञापन (घ)
(ङ) शोधसार (छ)

**परिच्छेद एक**

१.१ विषयपरिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा ३-२७
१.४.१ लघुकथा सिद्धान्त सम्बन्धी अध्ययन ३
१.४.२. नेपाली लघुकथाको विकासक्रम सम्बन्धी अध्ययन ९
१.४.३ नेपाली लघुकथाका प्रवृत्तिपरक अध्ययन १३
१.४.३.१ नेपाली लघुकथाका बारेमा भएका स्रष्टाकेन्द्रित अध्ययन १३
१.४.३.२ नेपाली लघुकथाका कृतिमा प्रकाशित भूमिका लेख २०
१.४.४ पूर्वाध्ययनको निष्कर्ष २७
१.५ अध्ययनको औचित्य र महत्त्व २९
१.६ अध्ययनको सीमाङ्कन ३०
१.७ शोधविधि ३०
१.७.१ सामग्रीसङ्कलन विधि ३०
१.७.२ सैद्धान्तिकविधि र ढाँचा ३१
१.७.२.१ नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतना ३१
१.७.२.२ विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना ३२
१.७.२.३ युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र शैली ३१
१.८ शोधप्रबन्धको रूपरेखा ३२

## परिच्छेद दुई

## लघुकथाको सिद्धान्त तथा युगचेतना विश्लेषणको ढाँचा


२.१ विषयप्रवेश ३४

२.२ लघुकथा : परिचय एवम् परिभाषा ३४

२.२.१ लघुकथा सम्बन्धमा अङग्रेजी लेखक एवम् समालोचकका विचार ३४

२.२.२ लघुकथा सम्बन्धमा हिन्दी लेखक एवम् समालोचकका विचार ३५

२.२.३ लघुकथा सम्बन्धमा नेपाली लेखक एवम् समालोचकका विचार ३६

२.३ लघुकथा : स्वरूप एवम् संरचना ४०

२.३.१ कथानक ४३

२.३.२ चरित्र/पात्र ४४

२.३.३ परिवेश ४५

२.३.४ उद्देश्य/सारवस्तु ४५

२.३.५ दृष्टिबिन्दु ४६

२.३.६ भाषा/शैली ४७

२.४ युगचेतनाको परिचय ४८

२.५ युगचेतनाको अर्थ ४९

२.६ युगचेतनाको प्रयोगगत अर्थ ४९

२.६.१ परिस्थितिजन्य अर्थ ५०

२.६.२ तात्कालिक अर्थ ५०

२.६.३ ऐतिहासिक र व्यापक अर्थ ५०

२.६.४ वार्तमानिक अर्थ ५१

२.६.५ निश्चित अर्थ ५१

२.७ समकालीनता र युगचेतनाको परिभाषा ५२

२.८ युगचेतनाका प्रमुख अभिलक्षण ५३

(क) आज वा अहिलेको चेतनाको प्रस्तुति ५३

(ख) परिवर्तित समयको चेतना ५३

(ग) गतिशील यथार्थ वा चालु यथार्थको अभिव्यक्ति ५४

२.९ युगचेतनाका मान्यता र आधार ५४

२.९.१ सीमित कालखण्ड ५६

२.९.२ वार्तमानिकता ५६

२.९.३ परिवर्तनशीलता ५६

२.१० युगचेतनाका आधार ५७

२.१०.१ राजनीतिक आधार ५७

२.१०.२ सामाजिक आधार ५८

२.१०.३ सांस्कृतिक आधार ५९

२.१०.४ आर्थिक आधार ६०

२.१०.५ अन्य आधार ६१

२.११ नेपाली लघुकथामा युगचेतना विश्लेषणको ढाँचा ६२

२.११.१ नेपाली लघुकथामा विषयवस्तुमा प्रतिबिम्बित युगचेतना विश्लेषण ढाँचा ६२

२.११.२ विभिन्न वादका रुपमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना विश्लेषण ढाँचाा ६७

२.११.३ युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली विश्लेषण ढाँचा ७०

२.१२ निष्कर्ष ७६

**परिच्छेद तीन**

**नेपाली लघुकथाको विकासक्रम**

३.१ विषयपरिचय ७७

३.२ नेपाली लघुकथाको अध्ययन परम्परा ७७

३.३ नेपाली लघुकथाको  विकासक्रमबारे भएका अध्ययनको मूल्याङ्कन ८२

३.४ नेपाली लघुकथाको विकासक्रमको निर्धारण ८३

३.४.१ पृष्ठभूमि काल (२००६ सम्म) र युगीन पृष्ठभूमि ८४

३.४.२ पहिलो चरण (२००७-२०२९) र युगीन पृष्ठभूमि ८६

३.४.३  दोस्रो चरण (२०३०-२०४५) र युगीन पृष्ठभूमि ८८

३.४.४ तेस्रो चरण (२०४६ पछि ) र युगीन पृष्ठभूमि ८९

३.५ निष्कर्ष ९७

## परिच्छेद चार

## नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना


४.१ विषयपरिचय ९९

४.२ नेपाली लघुकथामा प्रयुक्त विषय ९९

४.२.१ राजनीतिक युगचेतना १००

४.२.१.१ नेपाली राजनीतिमा मूल्यहीनताको प्रस्तुति १०१

४.२.१.२ राजनीतिक अव्यवस्थाको चित्रण ११६

४.२.१.३ सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण १४२

४.२.१.४ अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनाको अभिव्यक्ति १५५

४.२.२ सामाजिक युगचेतना १५७

४.२.२.१ सामाजिक विभेद एवम् शोषणको चित्रण १५७

४.२.२.२ सामाजिक विषमता र पारिवारिक विभेदको चित्रण १६९

४.२.२.३ सामाजिक विकृति र विसङ्गतिको चित्रण १८१

४.२.३ कला-संस्कृतिगत युगचेतना १९३

४.२.३.१ कलाकारिता एवम् गीत-संगीत क्षेत्रका विकृतिको उद्घाटन १९४

४.२.३.२ मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको असमान्य अवस्थाको अभिव्यक्ति १९७

४.२.४ धार्मिक युगचेतना १९९

४.२.४.१ मानिसका धार्मिक क्रियाकलापमा दोहरोपनाको अभिव्यक्ति १९९

४.२.४.२ धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचारको प्रस्तुति २०२

४.२.४.३ धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापको अभिव्यक्ति २०४

४.२.४.४ ईश्वरको सत्ताप्रति अविश्वासको प्रस्तुति २०६

४.२.५ आर्थिक युगचेतना २०७

४.२.५.१ उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधिको प्रस्तुति २०८

४.२.५.२ राजनीति एवम् प्रशासन क्षेत्रमा हुने आर्थिक अनियमितताको प्रस्तुति २१०

४.२.५.३ पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलापको उद्घाटन २१२

४.२.५.४ गैरसरकारी क्षेत्रका आर्थिक दुरूवस्थाका घटनाको प्रस्तुति २१५
४.२.६ भाषा-साहित्यगत युगचेतना २१७
४.२.६.१ लेखक/समालोचकका असामान्य क्रियाकलापको चित्रण २१७
४.२.६.२ साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलाप -को प्रस्तुति २१९
४.२.६.३ समाजमा साहित्यकारप्रतिको धारणा एवम् व्यवहारको चित्रण २२२
४.२.७ शैक्षिक युगचेतना २२४
४.२.७.१ अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलापको प्रस्तुति २२५
४.२.७.२ शिक्षकवर्गका गतिविधिको चित्रण २२६
४.२.७.३ शिक्षण संस्था एवम् संस्थाप्रमुखका क्रियाकलापको प्रस्तुति २२९
४.२.८ स्वास्थ्य क्षेत्रगत युगचेतना २३०
४.२.८.१ स्वास्थ्यप्रति असचेत जनताका गतिविधिको चित्रण २३१
४.२.८.२ स्वास्थ्य संस्थाको क्रियाकलापको प्रस्तुति २३३
४.२.८.३ स्वास्थ्यकर्मीका क्रियाकलापको चित्रण २३५
४.२.९ प्रशासनिक युगचेतना २३७
४.२.९.१ प्रशासनिक क्षेत्रमा रहेको चाकरी एवम् ढिलासुस्तीको चित्रण २३७
४.२.९.२ भ्रष्टाचार एवम् अनैतिकताजन्य गतिविधिको प्रस्तुति २४०
४.२.९.३ तल्लो तहका कर्मचारीमाथि गरिने दमनको चित्रण २४२
४.२.९.४ कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारको चित्रण २४५
४.२.१० विज्ञान र प्रविधि संस्कृतिगत युगचेतना २४७
४.२.१०.१ विज्ञानको दुरूपयोगको प्रस्तुति २४७
४.२.१०.२ विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन २४९
४.२.१०.३ विज्ञान सम्बन्धी अन्य लघुकथाहरू २५१
४.२.११ आधुनिक सभ्यता एवम् जीवनशैलीगत युगचेतना २५२
४.२.११.१ नारी पुरूष सम्बन्धको प्रस्तुति २५३
४.२.११.२ पुस्तागत सम्बन्धमा आएका उतारचढावको अभिव्यक्ति २५५
४.२.११.३ अस्वाभाविक जीवनशैली एवम् असामान्य क्रियाकलापको वर्णन २५८

४.२.१२ न्याय-कानुनगत युगचेतना २६०
४.२.१२.१ कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधिको प्रस्तुति २६०
४.२.१२.२ कानुन पालनका लागि सुरक्षा निकायका क्रियाकलापको अभिव्यक्ति २६२
४.२.१२.३ कानुन पालनका सन्दर्भमा न्यायालय एवम् न्यायकर्मीको भूमिका २६४
४.२.१३ पत्रकारितागत युगचेतना २६७
४.२.१३.१ प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापको प्रस्तुति २६७
४.२.१३.२ पत्रकार एवम् सञ्चार क्षेत्रका कर्मचारीका गतिविधिको वर्णन २७०
४.२.१४ पुराण एवम् इतिहासगत युगचेतना २७२
४.२.१४.१ देवीदेवतासँग सम्बन्धित मिथकको प्रस्तुति २७३
४.२.१४.२ पुराणमा वर्णित पात्रसँग सम्बन्धित मिथकको अभिव्यक्ति २७६
४.२.१४.३ इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित मिथकका प्रस्तुति २७८
४.२.१५ प्रवासी जीवनगत युगचेतना २८१
४.३ निष्कर्ष २८४

## परिच्छेद पाँच

## विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना

५.१. विषयपरिचय २८७
५.२ आदर्शोन्मुख यथार्थवादी युगचेतना २८७
५.३ आदर्शोन्मुख यथार्थवादका आधारभूत मान्यताहरू २८७
५.४ आदर्शोन्मुख यथार्थवादी युगचेतनाको विश्लेषण २८८
५.४.१ आध्यात्मिक चेतनाको प्रस्तुति २८९
५.४.२ भाग्यवादी चेतनाको अभिव्यक्ति २९१
५.४.३ नैतिक आदर्शको प्रस्तुति २९३
५.४.४ सच्चरित्र एवम् सदाचारको अभिव्यक्ति २९४
५.४.५ अहिंसा भावको प्रस्तुति २९६
५.५ सामाजिक यथार्थवादी युगचेतना २९७

५.६ सामाजिक यथार्थवादका आधारभूत मान्यताहरू २९८

५.७ सामाजिक यथार्थवादी युगचेतनाको विश्लेषण ३००

५.७.१ समकालीन घटना र परिस्थितिको चित्रण ३००

५.७.२ स्थानिय सामाजिक भाषिका र कथ्य भाषाको यथावत् प्रयोग ३०३

५.७. ३ गरिबका पीडा र उदासीको वर्णन ३०५

५.७. ४ महत्वहीन ठानिएका घटना र पात्रहरूको अध्ययन ३०७

५.८ समाजवादी यथार्थवादी युगचेतना ३१०

५.९ समाजवादी यथार्थवादका आधारभूत मान्यताहरू ३१०

५. १० समाजवादी-यथार्थवादी युगचेतनाको विश्लेषण ३१२

५.१०.१ राजनीतिक विकृति विसङ्गतिको विरोध एवम् पुँजीवादी सामन्तवादी गतिविधिप्रति असहमति ३१३

५.१०.२ द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरंकुशता विरोधी चेतना ३१६

५.१०.३ समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरता ३१८

५.१०.४ अन्धविश्वास एवम् कुरीति विरोधी चेतना ३२२

५.१०.५ धार्मिक आडम्बर विरोधी चेतना ३२४

५.१०.६ राष्ट्रियताबोध/वैदेशिक हस्तक्षेप विरोधी चेतना ३२७

५.११ मनोविश्लेषणात्मक युगचेतना ३३०

५.१२ मनोविश्लेषणवादका सैद्धान्तिक मान्यता ३३०

५.१३ मनोविश्लेषणवादी युगचेतनाको विश्लेषण ३३२

५.१३.१ यौनजन्य असमान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त एवम् दमित अवस्था चित्रण ३३२

५.१३.२ व्यक्तिपात्रको चरित्रको विश्लेषण ३३४

५.१३.३ मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको चित्रण ३३७

५.१३.४ व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावको चित्रण ३३९

५.१४ विसङ्गतिवादी-अस्तित्ववादी युगचेतना ३४२

५.१५ विसङ्गतिवाद-अस्तित्ववादका आधारभूत मान्यताहरू ३४३

५.१६ विसङ्गतिवादी-अस्तित्ववादी युगचेतनाको विश्लेषण ३४५

५.१६.१ जीवनको अर्थहीनता, निराशा एवम् शून्यताको अभिव्यक्ति ३४५

५.१६.२ विसङ्गत जीवन परिवेशको अभिव्यक्ति ३४८

५.१६.३ अनीश्वरवादी चेतनाको अभिव्यक्ति ३५०

५.१६.४ अस्तित्व चेतनाको प्रस्तुति ३५१

५.१७ उत्तरआधुनिक युगचेतना ३५३

५.१८ उत्तरआधुनिकतावादका आधारभूत मान्यताहरू ३५४

५.१९ उत्तरआधुनिकतावादको विश्लेषण ३५४

५.१९.१ परम्परागत मूल्यको विघटन ३५५

५.१९.२ प्रविधिसंस्कृति ३५७

५.१९.३ अभिघात ३६०

५.१९.४ वातावरणीय चेतना ३६३

५.२० नारीवादी युगचेतना ३६६

५.२१ नारीवादका आधारभूत मान्यता ३६६

५.२२ नारीवादी युगचेतनाको विश्लेषण ३६९

६. निष्कर्ष ३७२

## परिच्छेद छ

## युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली

६.१. विषयपरिचय ३७४

६.२ नेपाली लघुकथाका संरचना र भाषाशैलीमा युगचेतना ३७४

६.३ नेपाली लघुकथाका संरचनात्मक आधार ३७५

६.३.१ कथानकमा युगचेतना ३७५

६.३.२ चरित्रमा युगचेतना ३७८

६.३.३ परिवेशमा युगचेतना ३८२

६.३.४ उद्देश्यमा युगचेतना ३८५

६.३.५ दृष्टिबिन्दुमा युगचेतना ३८९

६.४ नेपाली लघुकथाको रूपविन्यासबाट युगचेतना ३९२

६.४.१ विचलनका माध्यमबाट युगचेतना ३९३

६.४.१.१ कोशीय विचलन ३९३

६.४.१.२ सहप्रयोगात्मक विचलन ३९४

६.४.१.३ व्याकरणिक विचलन ३९६

६.४.२ समानान्तरताको प्रयोगबाट युगचेतना ४०१

६.४.२.१ वर्णगत समानान्तरता ४०१

६.४.२.२ पद वा शब्दगत समानान्तरता ४०२

६.४.२.३ पदवलीगत समानान्तरता ४०३

६.४.२.४ उपवाक्यगत समानान्तरता ४०४

६.४.२.५ वाक्यगत समानान्तरता ४०४

६.४.३ पर्यायोक्ति वा पर्यायकथनको प्रयोगबाट युगचेतना ४०५

६.४.४ विशेषणगुच्छको प्रयोगबाट युगचेतना ४०७

६.४.५ दृष्टान्तीकरणको प्रयोगबाट युगचेतना ४०९

६.४.६ अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोगबाट युगचेतना ४११

६.४.७ सादृश्यविधानबाट युगचेतना ४१४

६.४.७.१ बिम्बको प्रयोग ४१४

६.४.७.२ प्रतीकको प्रयोग ४१६

६.४.७.३ अलङ्कारको प्रयोग ४१९

६.४.७.४ मानवीकरणको अभिव्यक्ति ४२३

६.४.८ व्यङ्ग्योक्तिको प्रयोगबाट युगचेतना ४२५

६.४.९ उखानको प्रयोगबाट युगचेतना ४२७

६.४.९.१ राजनीतिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुति ४२८

६.४.९.२ सामाजिक चेतनाका सन्दर्भमा उखानको अभिव्यक्ति ४३०

६.४.९.३ समयामयिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुति ४३२

६.४.१० टुक्काको प्रयोगबाट युगचेतना ४३४

६.४.११ नवनिर्मित क्रियाको अभिव्यक्ति ४३७

६.४.१२ उक्तिवैचित्र्यको प्रस्तुति ४३९

६.४.१३ क्रियामुक्त वाक्यको प्रस्तुति ४४१

६.४.१४ संवादात्मक शैलीको प्रस्तुति ४४३

६.४.१५ लोककथात्मक शैलीको प्रयोगबाट युगचेतना ४४६

६.४.१५.१ राजनीतिक युगचेतनाको प्रस्तुति ४४६

६.४.१५.२ सामाजिक युगचेतनाको प्रस्तुति ४४८

६.४.१५.३ धार्मिक युगचेतनाको प्रस्तुति ४५०

६.५ निष्कर्ष ४५२

**परिच्छेद सात**

**सारांश तथा निष्कर्ष**

७.१ विषयपरिचय ४५५

७.२ सारांश ४५५

७.३ निष्कर्ष ४५९

७.४ शोधका उपलब्धि ४६६

परिशिष्ट एक ४६६

**सन्दर्भसामग्री सूची** **४७०-४८६**

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयपरिचय

यस शोधको विषय **नेपाली लघुकथामा युगचेतना** रहेको छ । लघुकथा आख्यान विधाको लघुतम प्रकार मानिन्छ । मानवीय जीवनका विविध विसङ्गतिजन्य परिवेश एवम् सङ्कटजन्य जीवन भोगाइलाई सङ्क्षिप्तमा चित्रण गर्नु अनि व्यङ्ग्य एवम् विद्रोहका माध्यमबाट मानिसको मन मस्तिष्कमा तीव्र प्रभाव छाड्नु लघुकथाको विशेषता हो । नेपाली लघुकथामा नेपाली समाजमा विभिन्न समयमा सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा भएका परिवर्तनका घटना र ती परिवर्तनसँगै आएको समसामयिक युगचेतना अभिव्यक्त भएको पाइन्छ ।

नेपाली लघुकथाको विकास नेपाली कथाको विकासक्रमसँगै अगाडि बढेको देखिन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्यको पृष्ठभूमिमा आएका धार्मिक, पौराणिक आख्यानहरू, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद र इसपका नीतिकथामा लघुकथाको बीज पाइन्छ । नेपाली लघुकथाको सचेत प्रयोग २००७ मा प्रकाशित पूर्णप्रसाद ब्राह्मणको **झिल्का** लघुकथा सङ्ग्रहबाट भएको हो । लघुकथा लेख्ने कतिपय लघुकथाकारले छोटा कथा, रेच्की गल्फ, मसिना कथा भनेर पनि लघुकथा कृति प्रकाशित गरेको पाइन्छ । हाल आएर नेपाली लघुकथाले आफ्नो स्वतन्त्र अस्तित्व निर्माण गरिसकेको छ । नेपाली साहित्यमा लघुकथा मात्रै लेख्ने लेखकहरूको लामो सूची तयार भइसकेको छ । नेपाली लघुकथाको विकासक्रममा २०३६ पछिको कालखण्डले महत्त्वपूर्ण स्थान राख्दछ । यस कालखण्डपछि प्रकाशित विभिन्न लघुकथा पत्रिकाको प्रकाशनले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली लघुकथाप्रतिको आकर्षण बढाउन र यसलाई स्थापित गराउनमा यी पत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । २०३६ पछिको समय नेपाली लघुकथा कृति प्रकाशनका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसपछि नेपाली साहित्यमा लघुकथा लेखनको क्रम पहिलेभन्दा व्यापक हुँदै आएको पाइन्छ ।

कुनै समयको कालखण्ड वा युगमा व्यक्त भएको चेतना एवम् युगबोधलाई युगचेतना भनिन्छ । युगले बोकेको चेतना नै युगचेतना हो । युगचेतनाले आज वा अहिलेको समयको चेतनाको प्रतिनिधित्व गर्दछ । यसरी वर्तमानलाई बोध गराउँछ । यसले वर्तमान अर्न्तगत पनि हालसालको वर्तमानको प्रतिनिधित्व गर्दछ । युगचेतनाले परिवर्तित समयको चेतनालाई जनाउँछ । देशमा हुने गरेका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि विभिन्न खाले परिवर्तनले समाज र जनजीवनमा पार्ने प्रभाव तत्कालीन साहित्यिक

रचनामा पनि पर्ने भएकाले युगचेतना परिवर्तित समयको चेतनासँग सम्बद्ध गर्दछ । त्यस्तै युगचेतनाले गतिशील यथार्थ वा चालु यथार्थको अभिव्यक्ति दिन्छ । यसले विशेषतः कुनै राजनीतिक आन्दोलन, सामाजिक परिवर्तन, सांस्कृतिक रूपान्तरणका साथै नयाँ मान्यता, चिन्तन वा सिद्धान्तको प्रतिपादनजस्ता विशेषताले उत्पन्न गर्ने नवीन मूल्यको अभिव्यक्ति दिने गर्दछ । समयको विकासक्रमसँग आउने नवीन मूल्यचेत नै युगचेतनाको प्रमुख अभिलक्षण एवम् विशेषता मानिन्छ ।

नेपाली लघुकथामा अभिव्यक्त नेपाली समाज र युगजीवनका विभिन्न पक्ष र प्रवृत्तिका बारेमा विभिन्न कोणबाट चर्चा-परिचर्चा र शोध-अनुसन्धानमूलक कार्यहरू भएका छन् । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा के कसरी युगचेतना प्रतिविम्बित भएको छ भन्ने बारेमा हालसम्म गहन अध्ययन-अनुसन्धान नभएकोले यस शोधमा नेपाली लघुकथामा प्रतिविम्बित युगचेतनालाई विश्लेषणको मूल विषय बनाएर अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मूल विषय **नेपाली लघुकथामा युगचेतना** रहेको हुँदा यो विषय प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छ । यस विषयमा गरिने अध्ययनबाट नेपाली लघुकथामा प्रतिविम्बित युगचेतनाको स्वरूप स्पष्ट हुने हुँदा यो विषय शोधका दृष्टिले उपयुक्त रहेको छ । प्रस्तुत शोधमा **नेपाली लघुकथामा युगचेतना**लाई नै प्रमुख समस्याका रूपमा मानिएको छ । नेपाली लघुकथामा युगचेतना निर्धारण गर्न विभिन्न आधार निर्माण गर्नु आवश्यक हुन जान्छ । यसै सन्दर्भमा शोधसमस्याको समाधान पहिल्याउनका लागि निम्न शोधप्रश्नसँग सम्बन्धित रहेर सामग्रीको विश्लेषण गरिएको छ :

(क) नेपाली लघुकथाको विकासक्रम केकस्तो देखिन्छ ?

(ख) नेपाली लघुकथाको विषयवस्तुमा केकस्तो युगचेतना प्रतिबिम्बित भएको छ ?

(ग) विभिन्न वादका रुपमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना कस्तो छ ?

(घ) युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली केकस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

नेपाली लघुकथामा युगीन सामाजिक, सांस्कृतिक एवम् राजनीतिक चेतनाको प्रभाव परेको पाइन्छ । नेपाली लघुकथा लेखनका प्रवृत्तिहरू निरूपण गर्नमा युगचेतनाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । **नेपाली लघुकथामा युगचेतना** नामक यस शोधकार्यको समस्याकथनमा उठाइएका प्रश्नसँग सम्बन्धित रहेर शोधकार्यका उद्देश्यहरू यस प्रकार निर्धारण गरिएको छ :

(क) नेपाली लघुकथाको विकासक्रम प्रस्तुत गर्नु,

(ख) नेपाली लघुकथाको विषयवस्तुमा प्रतिबिम्बित युगचेतनालाई देखाउनु,

(ग) विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको स्वरूप पहिल्याउनु,

(घ) युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको पाइने संरचना र भाषाशैलीको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लघुकथाका बारेमा विभिन्न लेखक, अनुसन्धानकर्ताहरूले व्यक्तिगत एवम् संस्थागत रूपले अध्ययन-अनुसन्धान गर्दै आएको पाइन्छ । नेपाली लघुकथाका बारेमा भएका अध्ययन-अनुसन्धानले लघुकथाका सम्बन्धमा थप नयाँ ज्ञान प्रदान गर्नुका साथै आगामी अध्ययनका निमित्त सुगमता प्रदान गर्ने निश्चित छ । नेपाली लघुकथाको बारेमा व्यवस्थित अध्ययन हालसम्म भएको छैन । नेपाली लघुकथाका बारेमा हालसम्म भएका फुटकर अध्ययनहरूले नेपाली लघुकथाको समग्र अध्ययनका लागि मार्ग प्रशस्त गरेको पाइन्छ । यहाँ नेपाली लघुकथाका बारेमा भएका अध्ययनलाई प्रस्तुत गरिएको छ :

### १.४.१ लघुकथा सिद्धान्तसम्बन्धी अध्ययन

नेपाली लघुकथाका बारेमा केही अध्ययन भएकोमा अझै व्यवस्थित अध्ययन हुनु आवश्यक देखिन्छ । नेपाली लघुकथाको सिद्धान्तका बारेमा हालसम्म फुटकर रूपमा अध्ययन भएको पाइन्छ । यी अध्ययनहरूले लघुकथा सिद्धान्त निर्माणका लागि आवश्यक सन्दर्भ सामग्रीको कार्य गरेका छन् । नेपाली साहित्यमा लघुकथा लेखन २००७ सालदेखि भएपनि यसको सैद्धान्तिक स्वरूपबारे चर्चा परिचर्चा धेरै पछि सुरू भएको देखिन्छ । करिब पाँच दशक सम्म लघुकथा लेखिए तर यसको सैद्धान्तिक पक्षको चर्चा त्यति भएन र यसको सैद्धान्तिक पक्षको चर्चा पचासको दशकपछि आरम्भ भएको देखिन्छ । यहाँ नेपाली लघुकथाको सिद्धान्तपक्षका बारेमा भएका कालक्रमिक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

नेपाल (२०५५) ले नेपाली साहित्यमा लघुकथाको अवस्था, यसको विधागत स्वरूप र संरचना पक्षको चर्चा गरेका छन् । उनले लघुकथालाई आख्यानको एक सशक्त विधाका रूपमा देखाएका छन् । उनले लघुकथामा व्यङ्ग्यको प्रबलता हुने र व्यङ्ग्य चेतनाको सशक्त प्रस्तुति नै लघुकथा लेखनको ध्येय हुने विचार प्रकट गरेका छन् एवम् वर्तमानमा लघुकथा विधाले पाएको लोकप्रियताको चर्चा गरेका छन् । यस लेखमा नेपाली लघुकथाको सैद्धान्तिक पक्षका बारेमा सामान्य जानकारी दिइएको छ ।

गिरी (२०५६) ले लघुकथामा देखिएका प्रवृत्तिहरूको बारेमा जानकारी दिएका छन् । उनले लघुकथाको स्वरूप र संरचना बेग्लै भएकाले लघुकथा सबै आवश्यक अङ्गहरूले पूर्ण एक मौलिक र स्वतन्त्र विधा भएको विचार व्यक्त गरेका छन् । उनले लघुकथामा तीक्ष्ण व्यङ्ग्य पाइने विचार प्रकट गरेका छन् । गिरीले लघुकथामा व्यङ्ग्य तत्त्व भएकाले लघुकथा ठट्टा एवम् चुटकिला हुन सक्ने सम्भावनातर्फ सजग गराएका छन् । यस लेखले लघुकथाको सिद्धान्तका बारेमा सामान्य जानकारी प्रदान गरेको छ ।

शर्मा (२०५६) ले लघुकथाको स्वरूप र संरचनात्मक तत्त्वको बारेमा आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथालाई आख्यानको एक प्रकार मानेका छन् । साहित्यको चार मूल विधाहरूमध्ये आख्यानको एक प्रकारका रूपमा लघुकथालाई मानेका छन् । आख्यानका दुई उपविधामा उपन्यास र कथा रहेको र तेस्रो उपविधाका रूपमा लघुकथा थपिने क्रममा रहेको विचार व्यक्त गरेका छन् । उनले नेपाली भाषामा लघुकथा लेखनको ऐतिहासिक कालखण्डको चर्चा गर्दै नेपाली साहित्यमा लघुकथा लेखन सं १८०० देखि भएको ठहर समेत गरेका छन् । उनले उपन्यास र कथाझैँ लघुकथा पनि आख्यानको एक भेद भएकाले यसलाई कम्तीमा दुई स्वतन्त्र घटनाहरूको संरचना मान्नु पर्ने र उपन्यास आख्यानको बृहत् संरचना, कथा लघु संरचना र लघुकथा लघुतम संरचना भएको उल्लेख गरेका छन् । कथा र उपन्यासझैं लघुकथा पनि स्वयम्मा पूर्ण र स्वायत्त रचना  हो । उपन्यास र कथाझै प्रत्येक लघुकथाको आफ्नै निहित योजना हुने र यही योजनाले त्यसलाई पूर्ण र स्वायत्त रचनाको रूपमा सिद्ध गर्ने उनको तर्क छ । उपन्यास र कथाको योजनामा तत्त्वहरूमा बहुलता हुने र लघुकथामा एकलता हुने भएकाले लघुकथाको स्वरूप एकोन्मुख र संरचना छोटोछरितो हुने भनेर लघुकथाको फरक अस्तित्वलाई देखाएका छन् । यस लेखले गहन विषय उठान गरेको छ । शर्माले लघुकथालाई आख्यानको एक प्रकार मान्दै लघुकथाका स्वरूप, संरचना र तत्त्वको बारेमा चर्चा गरेका छन् । प्रस्तुत लेख लघुकथाको सैद्धान्तिक अध्ययनका लागि उपयोगी देखिएको छ ।

थापा (२०५६) ले विधागत रूपमा लघुकथाको परिभाषा, तत्त्व र विशेषता प्रस्तुत गरेका छन् । उनले चालीसको दशकका लघुकथा र लघुकथाकारका बारेमा समेत चर्चा गर्नुका साथै लघुकथालाई आधुनिक विधा भनेका छन् । जसरी कथाले उपन्यासबाट पृथक् रही आफ्नो छुट्टै पहिचान बनायो, त्यसरी नै लघुकथाले कथाबाट पृथक् रही आफ्नो छुट्टै पहिचान बनाएको अभिमत प्रकट गरेका छन् । लघुकथामा कथ्यको विस्तारभन्दा पनि सङ्कुचन एवम् कसिलोपन हुने विचार व्यक्त गरेका छन् । उनले लघुकथामा विचार छरपस्ट भएको भने हुनुहुँदैन भन्ने मत राखेको छन् । थापाले लघुकथालाई जीवनको कुनै एक अंश वा खण्डको पूर्ण अभिव्यक्ति मानेका छन् । यस लेखले लघुकथाको विधागत

मान्यताका बारेमा परिचय दिने कार्य गरेको छ । यो लेख लघुकथाको विकासक्रम एवम् लघुकथाको सिद्धान्तको अध्ययनका दृष्टिले उपयोगी हुने देखिन्छ ।

गौतम (२०५६) ले लघुकथालाई आख्यानात्मक विधा मान्दै लघुकथाका स्वरूप, संरचना र तत्त्वको बारेमा चर्चा गरेका छन् । उनले लघुकथालाई मुक्तकीय झटका दिने सुक्ष्म तर तीव्र आख्यान तन्तुको एक शृङ्खला मानेका छन् । गौतमले परम्परित कथाभन्दा लघुकथालाई भिन्न देखाउने क्रममा परम्परित कथाको प्रवाहमा विश्राम हुने र विभिन्न घुम्तीहरू देखिई त्यसमा विभिन्न शृङ्खला हुने तर लघुकथामा विश्राम नहुने र एकैचोटी विश्राम हुने हुँदा शृङ्खला पनि एउटै हुने विचार व्यक्त गरेका छन् । उनले लघुकथामा आख्यानात्मक संरचना पोटिलो हुने कुरा बताएका छन् । उनले लघुकथाका विभिन्न विशेषता बारेमा चर्चा गर्ने क्रममा लघुकथामा कालिक परिवेश सीमित हुने, पात्रविधान अति सामान्य एवम् सीमित परिवेशमा हुने र थोरै पात्रको प्रयोग हुने विचार प्रस्तुत गरेका छन् । गौतमले लघुकथामा द्वन्द्वात्मकता हुने र त्यो एकैचोटि उत्कर्षबाट अपकर्षमा पुग्ने बताएका छन् । उनले लघुकथामा व्यङ्ग्यात्मकता अन्तर्निहित भएर रहने दृष्टिकोण व्यक्त गरेका छन् । यो लेख लघुकथाको सैद्धान्तिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण छ ।

श्रेष्ठ (२०५६) ले लघुकथाका सम्बन्धमा महत्त्वपूर्ण विचार प्रस्तुत गरेका छन् । उनले लघुकथालाई कथाको सानो रूप नभएर स्वतन्त्र विधा भनेका छन् । लघुकथाका विशेषता चिनाउने क्रममा सीमित परिवेश, सीमित चरित्र र सीमित प्रभावकारिता लघुकथाभित्रका अपरिहार्य गुण भनेका छन् । जसरी अग्लो मान्छेको गोडा काटेर मान्छेलाई सानो बनाउन सकिँदैन, त्यसरी नै कथालाई काटेर लघुकथा बनाउन सकिँदैन भन्ने विचार व्यक्त गरेका छन् । श्रेष्ठले नेपालमा लघुकथाले पचासको दशक पश्चात् मात्र चर्चा र लोकप्रियता कमाउन थालेको बताएका छन् ।

अधिकारी (२०५८) ले लघुकथाको परिचयका साथै लघुतम आख्यानको महत्त्वलाई प्रस्ट पारेकी छन् । उनले लघुकथाका विशेषतामाथि प्रकाश पार्ने क्रममा लघुकथाकार र उनीहरूका लघुकथात्मक प्रवृतिको चर्चा गरेकी छन् । उनले लघुकथामा पाइने व्यङ्ग्यात्मकताको बारेमा पनि चर्चा गरेकी छन् । यो लेख लघुकथाको सैद्धान्तिक अध्ययनका लागि उपयोगी देखिन्छ ।

कोइराला (२०५९) ले लघुकथाको स्वरूप, संरचना, रचनाप्रक्रियाका साथै लघुकथाको विकासक्रमका बारेमा चर्चा गरेका छन् । उनले लघुकथालाई साहित्यको आख्यान रूपभित्रको एक उपरूप मानेका छन् । उनले लघुकथालाई आख्यानको छरितो र सूक्ष्म प्रस्तुति मानेका छन् । उनले लघुकथा आकारले सङ्क्षिप्त वा लघु, बनोटले सूक्ष्म, बुनोटले गाद्यिक एवम् अणुझै शक्तिशाली अर्थवाहक हुने विचार व्यक्त गरेका छन् ।

लघुकथामा कुनै घटना वा समस्यालाई सूक्ष्म रूपमा कलात्मक ढङ्गले प्रस्तुत गर्ने कला हुने विचार व्यक्त गरेका छन् ।

शर्मा (२०५९) ले लघुकथाको समकालीन सन्दर्भ हेर्दा कथा सिद्धान्तजस्तै लघुकथाको पनि आफ्नै स्वतन्त्र सिद्धान्त खडा गर्ने बेला भइसकेको बताएका छन् । उनी कथा र लघुकथामा प्रजातिगत भेद नभए पनि कलेवरगत भेद भएको बताउँछन् । उनले उपन्यासलाई आख्यानको बृहत् रूप, कथालाई आख्यानको लघु रूप एवम् लघुकथालाई लघुतम रूप मानेका छन् । कथा र लघुकथामा समानता भएको हुँदा कथासिद्धान्त नै केही परिवर्तन एवम् परिवर्धनका साथ लघुकथा सिद्धान्त हुन सक्ने विचार व्यक्त गरेका छन् । यो लेख लघुकथाको सैद्धान्तिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण छ ।

राकेश (२०५९) ले लघुकथाको परिभाषा एवम् स्वरूपका बारेमा चर्चा गरेका छन् । उनले लघुकथालाई परिभाषित गर्ने क्रममा पाठकका मनमा एक प्रकारको गहिरो प्रभाव पारी एकै परिणाममा पुऱ्याउने, सङ्क्षिप्त र पूर्ण नभईकन सुसम्बद्ध रूपमा भनिएको कथा नै सानो कथा अथवा लघुकथा भएको बताएका छन् । लघुकथामा कल्पनाको आंशिक प्रयोग हुने र कथा/लघुकथा दुवैमा जीवनको मूल्य, मान्यता, परिस्थितिको वर्णन गरिएको हुने बताएका छन् । उनले लघुकथा यथार्थको धरातलमा लेखिएको हुने एवम् यसमा कल्पनाको सर्वथा अभाव नभए पनि कल्पनाशून्य पनि नहुने विचार व्यक्त गरेका छन् । उनले लघुकथामा कहीँ नाटकीय प्रवृत्ति र कहीँ व्यञ्जनात्मकता हुनु स्वाभाविक भएको विचार व्यक्त गरेका छन् । यस लेखमा लघुकथाका बारेमा सामान्य सैद्धान्तिक परिचय दिइएको छ ।

पोखरेल (२०६०) ले नेपाली लघुकथा लेखनको पृष्ठभूमि कालदेखि २०६० सम्मको लघुकथा लेखनको बारेमा चर्चा गरेका छन् । लघुकथाको सैद्धान्तिक प्रतिमान शीर्षकको परिच्छेदमा उनले लघुकथालाई एक स्वतन्त्र विधाका रूपमा चिनाएका छन् । उनले लघुकथाको परिभाषा प्रस्तुत गर्दै लघुकथाको स्वरूप एवम् तत्त्वका बारेमा समेत चर्चा गरेका छन् । आख्यानका अन्य तत्त्व जस्तै लघुकथामा पनि कथानक, परिवेश, पात्रविधान, संवाद, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुलाई तत्त्वको रूपमा मानेर चर्चा गरेका छन् । यस लेखमा लघुकथालाई कथा, परिकथा, नाटक, मुक्तक, चुटकिला र गजलसँग तुलना गर्नुका साथै ती विधासँगको साम्य एवम् वैषम्यलाई देखाउने प्रयत्न गरेका छन् ।

गिरी (२०६२) ले लघुकथाका सम्बन्धमा पश्चिमी एवम् भारतीय मान्यताहरू प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाका प्रवृत्ति प्रस्तुत गर्नाका साथै नेपाली लघुकथाको विकासमा लघुपत्रिकाको योगदानको समेत चर्चा गरेका छन् । यस लेखमा उनले लघुकथालाई आख्यानको लघुतम स्वरूप मानेका छन् । सबै आवश्यक अङ्गहरूले परिपूर्ण एक मौलिक र स्वतन्त्र विधा भएको विचार व्यक्त गरेका छन् । उनले लघुकथालाई

परिभाषित गर्ने क्रममा कथ्यको विशिष्टताले सजाइएको एक सुन्दर विधा भनेका छन् । लघुकथालाई भाषा र शैलीले सार्थकता प्रदान गर्ने गर्दछ । आकारमा छोटो र थोरै शब्दमा अर्थ दिनुपर्ने भएकाले लघुकथाको प्रभावोत्पादकताका लागि सटीक शब्द, प्रतीक र प्रहारात्मक शैली उपयुक्त हुने विचार व्यक्त गरेका छन् । उनले लघुकथाको अत्यन्त सबल पक्ष तीक्ष्ण व्यङ्ग्य भएको अभिमत राखेका छन् । यस लेखले लघुकथा सम्बन्धी मान्यताका बारेमा जानकारी दिएको छ र सैद्धान्तिक मान्यताका लागि समेत यो लेख सहयोगी सिद्ध हुने देखिन्छ ।

लामिछाने (२०६४) ले नेपाली लघुकथाका सन्दर्भमा महत्त्वपूर्ण विचार प्रस्तुत गरेका छन् । उनले लघुकथालाई साहित्यको नयाँ र लघुआयाम भएको छोटोछरितो आख्यानात्मक गद्यविधा भनेका छन् । आख्यान फाँटको लघुतम भेद लघुकथा, लघु भेद कथा र बृहत् भेद उपन्यास हो । यो उपन्यासभन्दा कथासँग नजिक छ । उनले लघुकथाको अर्न्तवस्तु साररूपमा प्रस्तुत गरिएको हुने र कथाको अन्तर्वस्तु किञ्चित् विस्तृत रूपमा प्रस्तुत गरिएको हुने विचार व्यक्त गरेका छन् । उनले कथानक, पात्र, अन्तर्वस्तुका तुलनामा परिवेश, दृष्टिबिन्दु, उद्देश्य आदि तत्त्वहरू सामान्यतया लघुकथामा कम उपस्थित हुने दृष्टिकोण प्रस्तुत गरेका छन् । लामिछानेले कथानक, पात्र, परिवेश, अन्तर्वस्तु आदिको सङ्क्षिप्तताका कारण लघुकथाको सिङ्गो संरचना पनि लघुतम हुने भए पनि यो अन्य विधाझैँ आफैमा पूर्ण विधा भएको अभिमत राखेका छन् ।

पोखरेल (२०६५) ले लघुकथाको परिचय, तत्त्व एवम् विशेषताको चर्चा गरेका छन् । उनले लघुकथाको अन्य विधासँगको सम्बन्धको साथै नेपाली लघुकथाको विकासक्रमलाई समेत देखाएका छन् । पोखरेलले लघुकथालाई आख्यान साहित्यको एक स्वतन्त्र विधाको रूपमा चिनाएका छन् । उनले लघुकथालाई परिभाषित गर्ने क्रममा जीवन र जगत्मा घटेका वा घट्न सक्ने स्थूल वा सूक्ष्म घटनाहरूलाई समेटेर अत्यन्त सङ्क्षिप्त संरचनात्मक आयाममा तीव्र आख्यानात्मक शैलीको प्रयोग गरी ज्यादै सटीक र प्रहारात्मक, व्यङ्ग्यात्मक र प्रतीकात्मक शैलीमा लेखिएको आख्यान विधाको आफैमा पूर्ण आफ्मा नवीनतम वा कान्छो उपविधा भनेका छन् । उनले लघुकथाका विशेषता चिनाउने क्रममा लघुकथामा आरम्भ, विकास सरल तथा स्वाभाविक भए पनि अन्त्य प्रायः नाटकीय शैलीमा हुने विचार व्यक्त गरेका छन् । उनले लघुकथाको थालनी अनायास गरी द्रुत गतिमा विकास गराई अन्त्योत्कर्षमा पुगी अनौठो अन्त्य गरिने मत राखेका छन् । लघुकथाको अध्ययनका लागि यो लेख उपयोगी हुने देखिन्छ ।

अश्क (२०६५) ले लघुकथा सम्बन्धी धारणा प्रस्तुत गर्ने क्रममा यसलाई कथाजस्तै आख्यानका फाँटमा पर्ने संरचना भनेका छन् । उनले कथा उपन्यासको लघु रूप नभए पनि आख्यानको एक अङ्ग भएजस्तै लघुकथा पनि कथाको छोटो रूप नभएर कथातत्त्व सहितको

आख्यानको एक अङ्ग भएकाले लघुकथालाई आख्यानको एक अङ्गका र एक उपभेदका रूपमा लिन सकिने दृष्टिकोण अघि सारेका छन् । उनले कथा छोटो हुँदैमा लघुकथा भन्न नमिल्ने र लघुकथाको स्वरूप र संरचना बेग्लै भएकाले यो सबै आवश्यक अङ्गहरूले पूर्ण एक मौलिक र स्वतन्त्र आख्यान रचना भएको विचार व्यक्त गरेका छन् । उनले लघुकथालाई अन्य विधाभन्दा भिन्न गराउने तत्त्वमा समयमा सक्षमतापूर्वक तीव्र प्रभावान्विति, चोटिलो कथन र सरल तर अर्थसारले भरिपूर्ण भाषा पनि एक भएको अभिमत राखेका छन् ।

कसजू (२०६५) ले लघुकथाका विश्वव्यापी मान्यता, सिद्धान्तका साथै लघुकथाको स्थिति र प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । उनले लघुकथाले मन मुग्ध पार्ने मात्र नभएर झल्याँस्स पारेर टुङ्ग्याउने हुनाले मानिसका मनमा गहिरो संवेदनात्मक अनुभूति छोड्ने विचार व्यक्त गरेका छन् । लघुकथामा शब्दको सीमा भए पनि विषयवस्तुको कुनै सीमा नभएको, लघुकथा कथामात्र नभएर एक दृष्टिकोण भएको र यसले जीवन, समाज, विषय र घटनाको बारेमा एक दृष्टिकोण प्रस्तुत गर्ने मत प्रस्तुत गरेका छन् । लघुकथामा व्यक्त दृष्टिकोण स्पष्ट पार्न लेखकले घटना, संवाद, वर्णन आदि लेखन उपकरणहरूको प्रयोग गर्ने र लघुकथामा एउटाभन्दा बढी दृष्टिकोण भयो भने कुनै पनि दृष्टिकोण स्पष्ट हुन नसक्ने विचार प्रस्तुत गरेका छन् । यो लेख लघुकथाको सैद्धान्तिक अध्ययनका निमित्त उपयोगी हुने देखिन्छ ।

बराल (२०६९) ले आख्यानका प्रकारका रूपमा लघुकथाको अध्ययन गरेका छन् । उनले विश्व साहित्यमा लघुकथाका परम्पराको अध्ययन प्रस्तुत गरेका छन् । बरालले लघुकथाको सिद्धान्तका साथै यसको आयामगत संरचनाका बारेमा पनि अध्ययन गरेका छन् । उनले आख्यानको वर्गीकरणका सन्दर्भमा यसलाई पहिले कथा र उपन्यासमा वर्गीकरण गरेका छन् भने कथामा पनि लघुकथा, कथा र लामो कथा जस्ता तीन भेद गर्न सकिने विचार व्यक्त गरेका छन् । उनले लघुकथामा एउटामात्र द्वन्द्वको प्रतिवाद गर्ने नायक हुने र एउटा मात्र घटना हुने बताएका छन् । लघुकथा सूत्रात्मक हुने र यसमा कतिपय कुराहरु लेखकले नलेखी पाठकले आफै बुझून् भनेर अध्याहार छोडिएको हुनाले त्यसलाई पाठकले सङ्केतका आधारमा बुझ्नुपर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले विश्व साहित्यमा लघुकथा लेखन र तिनमा प्रयोग गरिने शब्दको सीमाका बारेमा चर्चा गरेका छन् । यो पुस्तक लघुकथाको सैद्धान्तिक अध्ययनका दृष्टिले उपयोगी छ ।

गौतम (२०७२) ले नेपाली लघुकथाको रचनाविधानका बारेमा अध्ययन गरेका छन् । उनले नेपाली लघुकथाको व्युत्पत्ति र अर्थ, परिभाषा, स्वरूप र संरचना, लघुकथाका तत्त्व, प्रकार, लघुकथाका सम्बन्धी र व्यतिरेकी रूप, लघुकथाको अभिलक्षण र रूपको बारेमा अध्ययन गरेका छन् । यो कृति नेपाली लघुकथाको सिद्धान्त पक्षसँग सम्बन्धित रहेर

प्रकाशित गरिएको महत्वपूर्ण कृति हो । यस कृतिमा लघुकथालाई आख्यानको लघुत्तम प्रभेदका रूपमा मानेर अध्ययन गरिएको छ ।

उपर्युक्त सैद्धान्तिक अध्ययनले लघुकथाका बारेमा धेरै कुरा स्पष्ट गरेको छ । यी अध्ययनले लघुकथाको सैद्धान्तिक अध्ययनका निमित्त महत्त्वपूर्ण भूमिका खेलेका छन् । विश्व साहित्य एवम् हिन्दी साहित्यको प्रभाव नेपाली साहित्यमा विकसित लघुकथा लेखनका बारेमा हुने अध्ययनले भावी अध्ययनका लागि मार्ग प्रशस्त गरेको छ । समयुगीन युगचेतनासँगै आएका नयाँ चिन्तनले नेपाली लघुकथाशास्त्रको निर्माणका लागि आधारभूमि निर्माण गरेको छ ।

### १.४.२ नेपाली लघुकथाको विकासक्रम सम्बन्धी अध्ययन

नेपाली लघुकथाले अब व्यापकता पाइसकेको छ । नेपाली लघुकथा लेखनको लामो परम्परा विकसित भइसकेको छ । नेपाली लघुकथाका सम्बन्धमा विभिन्न लेखक-समालोचकहरूले आआफ्नो दृष्टिकोण राखेको पाइन्छ । नेपाली लघुकथाको विकासक्रम सम्बन्धी अध्ययनमा युगचेतनाको व्यापक प्रभाव परेको देखिन्छ । यी अध्ययनमा नेपाली युगजीवनका अनेकन पक्षका साथै तिनको प्रभावले नेपाली समाजमा आएको परिवर्तनलाई देखाइएको छ । नेपाली लघुकथामा युगचेतनाको प्रभावले कालखण्ड विभाजनमा भूमिका खेलेको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको विकासक्रमसम्बन्धी अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

सुवेदी (२०५३) ले लघुकथा विधाको परिचय, सैद्धान्तिक आधार पहिल्याउनाका साथै यसको समसामयिक महत्त्व समेत दर्शाएका छन् । उनले नेपाली साहित्यमा लघुकथाको विकास प्रक्रियाका बारेमा जानकारीका साथै कथा र लघुकथाको सम्बन्धका बारेमा चर्चा गरेका छन् । उनको यो अध्ययन लघुकथाको परिचय र त्यसका विधागत सिद्धान्तको अध्ययनका लागि उपयोगी हुने देखिन्छ ।

भण्डारी (२०५६) ले नेपाली लघुकथाको विकासक्रमको चर्चा गर्दै केही लघुकथाकारका बारेमा उल्लेख गरेका छन् । उनले लघुकथालाई प्रभावकारी विधा मान्दै यसलाई स्वपहिचान भएको साहित्यिक विधा मानेका छन् । यस लेखमा लघुकथाको विकासक्रमका साथै लघुकथा विधामा योगदान दिने लघुकथाकारको बारेमा सामान्य चर्चा गरिएको छ ।

श्रेष्ठ (२०५६) ले नेपाली लघुकथा लेखनका विभिन्न पक्षमाथि प्रकाश पार्नुका साथै नेपाली लघुकथाको कालविभाजन समेत गरेका छन् । नेपाली लघुकथाको विकासक्रमका बारेमा गरिएको यो पहिलो अध्ययन हो । यस अध्ययनले नेपाली लघुकथालाई चिनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस लेखको प्रकाशन पश्चात् नै नेपाली लघुकथातर्फ

समालोचकहरुले ध्यान दिन थालेका हुन् । उनले नेपाली कथाको आधुनिक काल १९९२ मा सुरु भएपछि मात्र नेपाली लघुकथाको विकास भएको बताएका छन् (पृ. १३) । उनले गोपालसिंह नेपालीको कृति **कल्पना** (१९९२) का बारेमा आफ्ना दृष्टिकोणहरू अघि सारेका छन् । उनले **कल्पना**लाई हालसम्म कविता सङ्ग्रह भनिदैँ आएकामा यस कृतिमा रचनाविधानका दृष्टिले कथानकता पाइने विचार प्रस्तुत गरेका छन् ।

श्रेष्ठले नेपाली लघुकथाको विकासक्रमलाई यस प्रकार निर्धारण गरेका छन् :

(अ) पहिलो काल (१९९२-२०१९),

(आ) दोस्रो काल (२०२०-२०३९),

(इ) तेस्रो काल (२०४० पछि) ।

उनले नेपाली कथाको आधुनिक काल १९९२ पछि भएको कुरालाई आधार मानेर त्यसलाई नेपाली लघुकथाको पहिलो काल मानेका छन् । यस अवधिका प्रमुख कृतिमा पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) र **म लोग्ने हुँ** (२००८) एवम् जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई मानेका छन् । उनले २०२० पछिको काललाई नेपाली लघुकथाको नवचेतनावादी कालका रूपमा मानेका छन् । यस कालका प्रमुख लघुकथाकारमा विश्वम्भर प्याकुरेल, जगदीश नेपाली, अनिता तुलाधर, ध्रुव मधिकर्मी, लव गाउँले, किशोर पहाडी, दुर्लभलाल सिंह, विनयकुमार कसजू, रमेश नेपाली आदि रहेको विचार व्यक्त गरेका छन् । यस कालमा नेपाली लघुकथाको व्यापक विकास भएको र नवीन मूल्यहरू आएको अभिमत प्रस्तुत गरेका छन् । यस अवधिमा भएगरेका कार्यले नेपाली लघुकथाप्रति पाठकको आकर्षण बढनाका साथै एक स्वतन्त्र विधाका रूपमा स्थापित हुन पुगेको तर्क राखेका छन् । यस कालखण्डमा लघुकथा सम्बन्धी विभिन्न पत्रपत्रिका प्रकाशित हुनुको साथै लघुकथा विशेषाङ्क प्रकाशित भएको पाइन्छ । लघुकथा वाचन गोष्ठी प्रारम्भ हुनाले नेपाली लघुकथाको विकास व्यापक हुँदै गएको उनको तर्क रहेको छ । श्रेष्ठले २०४० साल पछिको समयलाई नेपाली लघुकथाको आधुनिक कालका रूपमा मानेका छन् । यस अवधिका प्रमुख लघुकथाकारमा विनयकुमार कसजू, भागीरथी श्रेष्ठ, किशोर पहाडी, इन्दिरा प्रसाई, ध्रुव मधिकर्मी, गोविन्द गिरी 'प्रेरणा', गोरखबहादुर सिंह, अशेष मल्ल आदि रहेको तथ्य प्रस्तुत गरेका छन् । उनले यस लेखमा नेपालका प्रमुख लघुकथाकारका कृतिका विशेषताका बारेमा चर्चा गर्नाका साथै लघुकथा विशेषाङ्कका बारेमा जानकारी दिएका छन् । उनले लघुकथा लेखनको विकासमा लघुकथा गोष्ठीहरूले खेलेको भूमिकाका बारेमा चर्चा गर्दै यसले लघुकथाको लोकप्रियता बढाएको विचार व्यक्त गरेका छन् ।

श्रेष्ठ 'रोदन' (२०५६) ले नेपालमा लघुकथाले पचासको दशक पश्चात् मात्र चर्चा र लोकप्रियता कमाउन थालेको बताएका छन् । उनले नेपाली भाषामा पहिले प्रकाशित भएका लघुकथा विषयक रचनाका बारेमा पनि चर्चा गरेका छन् । २००६ मा बनारसबाट प्रकाशित

**उदय** पत्रिकामा छोटा कथा भनेर फलेन्द्र, नरेन्द्रविक्रम पन्त र वनमालीका तीन कथा प्रकाशित छन् । त्यस्तै २००७ को **प्रतिभा**मा फणेन्द्रराज खेतालाको रण्डी वा चण्डी, रत्नमणि नेपालको विवाह आदि लघुकथा प्रकाशित भएका छन् । सङ्ग्रहको दृष्टिले २००७ मा प्रकाशित **झिल्का** नै नेपाली लघुकथाको पहिलो कृति भएको तथ्य प्रस्तुत गरेका छन् । यस लेखमा उनले लघुकथाका सम्बन्धमा भएका कार्यको विवरण दिनाका साथै लघुकथाका सम्बन्धमा प्रकाशित पत्रपत्रिका र लघुकथा कृतिहरूको सूचनासमेत दिएका छन् । यस लेखले लघुकथाका बारेमा अध्ययन गर्न चाहनेहरूका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री प्रदान गरेको छ ।

विवश (२०५६) ले विभिन्न समयमा लघुकथा बारेमा भएका सम्मेलन, रचना वाचन र प्रतियोगिताको सूचना प्रस्तुत गरेका छन् । यस सूचनाले नेपाली लघुकथासँग सम्बन्धित गतिविधिलाई चिनाउने काम गर्नुका साथै लघुकथाको विकासक्रमका बारेमा सामान्य जानकारी प्रदान गरेको छ ।

कोइराला (२०५९) ले नेपाली लघुकथाको विकासक्रमलाई यसरी निर्धारण गरेका छन् :

(अ) पहिलो चरण (२०००-२०१९) ।

(आ) दोस्रो चरण (२०२०-२०३९) ।

(इ) तेस्रो चरण (२०४० देखि हालसम्म) ।

उनले नेपाली लघुकथा लेखनको प्रारम्भको सुरुवात पूर्णप्रसाद ब्राह्मण र जयनारायण गिरीबाट भएको बताएका छन् (पृ. १९) । उनले नेपाली लघुकथाको प्रथम सङ्ग्रह पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) र **म लोग्ने हुँ** (२००८) लाई मानेका छन् ।

अश्क (२०५९) ले दयाराम श्रेष्ठकै वर्गीकरणलाई मानेर नेपाली लघुकथाको विकासक्रमका बारेमा चर्चा गरेका छन् (पृ. ५०-५९) । यस लेखमा उनले नेपाली लघुकथाको विकासमा योगदान दिने स्रष्टा र तिनका कृति, लघुकथा सम्बन्धी पत्रपत्रिकाका बारेमा जानकारी दिनाका साथै नेपाली लघुकथा लेखनका प्रवृत्तिका बारेमा समेत प्रकाश पारेका छन् ।

पोखरेल (२०६०) ले नेपाली लघुकथाको विकासक्रम सम्बन्धमा आफ्ना विचार प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाको विकासक्रमलाई पहिलो चरण (१९९२-२०१९), दोस्रो चरण (२०२०-२०३९) र तेस्रो चरण (२०४० देखि हालसम्म) गरेर विभाजन गरेका छन् । उनले नेपाली लघुकथाको सम्बन्धमा दयाराम श्रेष्ठले गरेको वर्गीकरणलाई नै आधार मानेका छन् । उनले विभिन्न कालखण्डमा प्रकाशित लघुकथा कृति र लेखकका बारेमा जानकारी दिएका छन् । उनले पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) लाई नेपाली

लघुकथाको पहिलो कृति मानेका छन् । २००८ मा कलकत्ताबाट प्रकाशित जयनारायण गिरीको **कसिङ्गर**को भूमिकामा लैनसिंह बाङ्देलले नेपाली लघुकथाको प्रथम कृति भनेर भूमिका लेखेको पाइन्छ । पोखरलले यसभन्दा पहिले नै **झिल्का** प्रकाशित भइसकेकाले **झिल्का** नै नेपाली लघुकथाको पहिलो कृति भएको विचार व्यक्त गरेका छन् ।

पौडेल (२०६३) ले नेपाली लघुकथाको विकासक्रमलाई यसरी तीन चरणमा विभाजन गरेका छन् :

(अ) पहिलो चरण (२००७-२०२९) प्रारम्भिक काल ।

(आ) दोस्रो चरण (२०३०-२०४५) विकास काल ।

(ई) तेस्रो चरण (२०४६ -हालसम्म) उत्थान काल ।

उनले पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) तथा जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई नेपाली लघुकथाको प्रस्थानबिन्दु मान्न सकिने तर्क प्रस्तुत गरेका छन् (पृ. २२-२३) । नेपाली लघुकथाको सचेत प्रयोग पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) बाट भएको विचार व्यक्त गरेका छन् । त्यसपछि २०२९ सम्म एकाध कृति प्रकाशन बाहेक खासै कार्य हुन नसकेको विचार व्यक्त गर्दै २०३० पछि नेपाली लघुकथाको विकास अगाडि बढेको अभिमत राखेका छन् । यस अवधिमा लघुकथा सम्बन्धी पत्रपत्रिकाको विकासको साथै लघुकथा कृति प्रकाशनको क्रम पनि बढेको पाइन्छ । २०४६ पछिको समयमा नेपाली लघुकथाको व्यापक विस्तार भएको र नेपाली साहित्य फाँटमा लघुकथा अझ प्रतिष्ठापित भएको मत राखेका छन् ।

लामिछाने (२०६४) ले नेपाली लघुकथाका बारेमा दयाराम श्रेष्ठले गरेको वर्गीकरणलाई नै आधार मानेका छन् । उनले नेपाली लघुकथाको विकासका बारेमा आफ्ना महत्त्वपूर्ण विचारहरू प्रकट गरेका छन् । उनले १८२७ देखिको नेपाली आख्यानको लेखन सन्दर्भलाई उठाएका छन् । उनले असचेत रूपमा भए पनि नेपाली लघुकथाको आरम्भ १९९२ बाट भएको विचार प्रकट गरेका छन् (पृ. १५५) । २००७ मा पूर्णप्रसाद ब्राह्मणको **भिल्का** लघुकथा प्रकाशन हुनुलाई उनले नेपाली लघुकथाको पहिलो सचेत प्रयास भएको विचार प्रस्तुत गरेका छन् ।

गौतम (२०६७) ले नेपाली लघुकथाको विकासक्रमलाई आधारभूमिको चरण- सुरुदेखि-२००६ सम्म (आधारभूमिको निर्माण), पहिलो चरण २००७-२०२० सम्म (मौलिकताको स्पर्श), दोस्रो चरण २०२१- २०३९ सम्म (विकास र विस्तारको आधार), तेस्रो चरण २०४०-२०५२ सम्म (समकालीन युगजीवनसँगको सापेक्षता) र चौथो चरण २०५३ यता (नवीन प्रवृत्ति, प्रविधि संस्कृतिको प्रयोग र व्यापकीकरण) मानेर अध्ययन गरेका छन् । यस अध्ययनमा नेपाली लघुकथाका पछिल्ला प्रवृत्तिलाई समेत विशेष ध्यान दिइएको छ । पछिल्लो समयको विकास र विकासमा योगदान दिने स्रष्टाहरूका बारेमा जानकारी दिँदै

उनले युगीन सापेक्षताका आधारमा लघुकथा लेखनको कालविभाजन गर्ने कार्य तथा विभिन्न कालखण्डका विशेषता र तिनको विधागत योगदानलाई देखाएका छन् ।

भट्ट (२०७०) ले नेपाली लघुकथाको विकासक्रमलाई पृष्ठभूमि काल (सुरुदेखि-२००६ सम्म) पृष्ठभूमि निर्माणको अवधि, पहिलो चरण (२००७-२०२९) प्रारम्भिक काल, दोस्रो चरण (२०३०-२०४५) विकास काल, तेस्रो चरण (२०४६-२०५२) विस्तार काल र चौथो चरण (२०५३ पछि-हालसम्म) व्यापक विस्तार एवम् नवीन मूल्यको प्रारम्भ भनी विभाजन गरेका छन् ।

समयको विकाससँगै साहित्यिक रचनामा आएका नवीन मूल्य एवम् मान्यताको प्रभावले कालखण्ड विभाजनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । समयसँगै आएका नवीन मूल्यलाई विचारमा राखेर कालखण्ड विभाजन हुने हुँदा एकपल्ट गरिएको कालविभाजन सँधै जस्ताको त्यस्तै रहँदैन । प्रारम्भिक इतिहासका क्रममा स्थापित भइसकेका कुरासँग नयाँ नयाँ विचारमूल्य र तिनको प्रभावलाई समेत ध्यानमा राख्नैपर्ने हुन्छ । त्यसो भएकाले कालखण्ड विभाजन विभिन्न कालखण्डमा परिवर्तन भइरहन्छ । यसमा नयाँ थप विशेषता सहितको दृष्टिकोण आइरहन्छ । माथिका यी वर्गीकरणले नेपाली लघुकथाको विकास प्रक्रियालाई चिनाउनमा महत्त्वपूर्ण योगदान दिएका छन् । यी वर्गीकरणले विधा तथा संरचनात्मक सबलता, सामाजिक चेतनाको प्रतिविम्बन र शैलीशिल्पगत परिष्कारलाई कालिक आधार नबनाएको हुनाले वस्तुगत वर्गीकरणको आवश्यकता देखिन्छ । यी अध्ययनहरूमा मात्र नेपाली लघुकथाका विभिन्न चरण एवम् ती चरणहरूमा भएगरेका कार्यको लेखाजोखा प्रस्तुत गर्ने कार्य मात्र भएको छ ।

### १.४.३ नेपाली लघुकथाका प्रवृत्तिपरक अध्ययन

नेपाली लघुकथाका सम्बन्धमा विभिन्न शोधार्थीहरूले अनुसन्धान गरेको पाइन्छ । यी शोधहरूले नेपाली साहित्यको विकासमा लघुकथाको योगदानलाई चिनाउने काममा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यिनबाट नेपाली लघुकथामा पाइने युगचेतनाको अध्ययन गर्न उपयोगी हुने देखिन्छ । नेपाली लघुकथाको प्रवृत्तिपरक अध्ययनका सन्दर्भमा स्रष्टाकेन्द्रित अध्ययन एवम् लघुकथा कृतिमा प्रकाशित भूमिका र लेख गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

#### १.४.३.१ नेपाली लघुकथाका बारेमा भएका स्रष्टाकेन्द्रित अध्ययन

नेपाली लघुकथा लेखकका कृतिहरूको विश्वविद्यालय स्तरमा शोध अनुसन्धान कार्य भएको पाइन्छ । स्रष्टालाई चिनाउन जीवनी, व्यक्तित्वका साथै कृतित्वका बारेमा भएका अध्ययनले नेपाली लघुकथा परम्पराका बारेमा पनि जानकारी गराएको छ । लघुकथा लेखकका रचनागत प्रवृत्ति निरूपण गर्नमा यस्ता शोध अनुसन्धानको महत्त्वपूर्ण भूमिका

रहेको छ । यस बाहेक पनि लघुकथा लेखकका बारेमा भएका अध्ययनले नेपाली लघुकथा लेखनको अवस्थालाई देखाउनमा मद्दत पुग्ने देखिन्छ ।

गौतम (२०५१) ले भागीरथी श्रेष्ठको लघुकथाकारिताका बारेमा चर्चा गरेका छन् । श्रेष्ठको 'रङ्गीन पोखरी' नामक लघुकथा कृतिमा व्यक्ति जीवनभन्दा सिङ्गो समाज र राष्ट्रिय जीवनमा व्याप्त विसङ्गति र विकृतिलाई समेटिएको बताएका छन् । उनले श्रेष्ठका कथाहरूमा क्रमशः हराउँदै गएको मानवता, स्वदेश र स्वजातिको महिमालाई बिर्सिएर केवल आफ्नो स्वार्थमा लम्पट भएका व्यक्तिहरू र सत्ताको बागडोर समाएर पनि जनताको दुःख कष्टतिर ध्यान नदिने लोभी सत्ताधारीहरूप्रति तीव्र रूपमा व्यङ्ग्य प्रकट गरेका छन् । यस शोधमा भागीरथी श्रेष्ठको जीवनी र व्यक्तित्वका विभिन्न पक्षका साथै उनको साहित्य लेखनका बारेमा अध्ययन गरेको पाइन्छ ।

भट्टराई (२०५५) ले इन्दिरा प्रसाईंको लघुकथा लेखनका बारेमा चर्चा गरेका छन् । उनले प्रसाईको 'बयान' लघुकथा सङ्ग्रहमा सामाजिक असमानता, आर्थिक शोषण, नारी शोषण, राजनीतिक विसङ्गतिका साथै पुस्तान्तरणमा समस्या आएको विचार व्यक्त गरेका छन् । उनले इन्दिराका केही कथाहरूमा राजनीतिक नेता र समाजसेवीहरूको आडम्बरको पर्दाफास गरेर तीखो व्यङ्ग्य गरिएको ठहऱ्याएका छन् । प्रसाईंका लघुकथामा आर्थिक समस्याले सताएपछि मानिसको मनमा पर्ने प्रभावलाई सूक्ष्म ढङ्गले चित्रण गरेको पाइन्छ । अध्ययनमा इन्दिरा प्रसाईंको लघुकथा लेखनबारे चर्चा गरिएको छ । यसमा उनका कृतिको सूक्ष्म विश्लेषण भन्दा पनि विषयवस्तुको परिचय दिने कार्य गरिएको छ ।

भट्टराई (२०५६) ले कृष्णचन्द्र अर्ज्यालको कृति **लौकिक न्याय मणिमाला**मा रहेका लोकोक्तिमूलक लघुकथाहरूलाई लघुकथाको मौलिक रूप भनेका छन् । उनले केही उखानको अर्थ झल्किने गरी समाजको चित्र खिच्दै लघुकथाका रूपमा प्रस्तुत गर्ने श्रेय अहिलेसम्मको खोजमा कृष्णचन्द्र अर्ज्याललाई दिनुपर्ने विचार व्यक्त गरेका छन् । उनले लोकप्रचलित उखान तथा गाउँखाने कथा लघुकथाका आरम्भिक रूप हुनसक्ने तर्क राख्तै लोकोक्तिलाई पनि लघुकथाका रूपमा ढाल्न सकिने दृष्टान्त यस सङ्ग्रहले दिएको विचार व्यक्त गरेका छन् । यस लेखमा कृष्णचन्द्र अर्ज्यालको **लौकिक न्याय मणिमाला** कृतिका बारेमा अध्ययन गरिएको छ ।

देवकोटा (२०५६) ले पूर्णप्रसाद ब्राह्मणका लघुकथामा उपेक्षित र शोषित नारीका पक्षमा क्रान्तिकारी विचार आएको कुरा प्रकट गरेकी छन् । उनले ब्राह्मणका कृतिमा पौराणिक पात्र र प्रकृतिलाई आधार बनाइएको, उनका कृतिमा मानवीय संवेदनाको पक्षका साथै धर्म, दर्शन र मानवतावाद आएको मत राखेकी छन् । उनले ब्राह्मणका कथामा व्यङ्ग्यात्मकता प्रबल भएको एवम् राणाकाल र काङ्ग्रेस कालका विकृतिप्रति व्यङ्ग्य

गरिएको अभिमत राखेकी छन् । यस शोधमा पूर्णप्रसाद ब्राह्मणको लघुकथा लेखनका बारेमा परिचय दिने र लघुकथाको कथा तत्त्वका आधारमा विश्लेषण गर्ने कार्य गरिएको छ । यो अध्ययन प्रारम्भिक स्तरको रहेको छ ।

थापा (२०५६) ले लघुकथाको विधागत परिचय प्रस्तुत गर्नाका साथै यसका विशेषता समेतको वर्णन गरेका छन् । उनले नेपाली लघुकथा सङ्ग्रहको विवरण दिनाका साथै लघुकथामा योगदान दिने लेख तथा पत्रपत्रिकाको सूची समेत दिएका छन् । यस लेखले नेपाली लघुकथाको अध्ययनका निमित्त सन्दर्भ सामग्री प्रदान गर्ने कार्य गरेको छ ।

रेग्मी (२०५६) ले कथा र लघुकथाको बेग्लै संसार हुने र अचेलका लघुकथा प्रस्तुतीकरण तथा सम्प्रेषणीय भाषाशैलीले गर्दा अति रोचक र सरस बन्दै गएको विचार व्यक्त गरेका छन् । लघुकथालाई आख्यान साहित्यको एक पृथक् विधाका रूपमा मान्दै लघुकथामा पाँच स अर्थात् समसामयिकता, संक्षिप्तता, सरलता, सरसताका साथै सचेतता समेत हुने कुरा बताएका छन् । यस लेखमा जयनारायण गिरी र उनको लघुकथा कृति **कसिङ्गर**का बारेमा चर्चा गर्ने क्रममा उनले गिरीका कथाहरू अत्यन्त झिनामसिना अनि क्षणिक घटनाका आधारमा तयार गरिएका तथ्यहरूले भरिएका हुने विचार व्यक्त गरेका छन् । आफ्नो अध्ययनकालमा कलकत्ता बस्दा गिरीले नेपाली साहित्य लेखन गरेको तथ्य प्रस्तुत गर्दै उनका लघुकथाहरूले विषयवस्तुको चयन, कथाको संयोजन, शिल्प र कथ्यको बुनाइ तथा प्रस्तुतीकरण आदि कुरामा त्यति ध्यान पुर्‍याउन नसके पनि **कसिङ्गर** लघुकथा सङ्ग्रहभित्रका केही कथा भने उल्लेखनीय भएको अभिमत प्रकट गरेका छन् ।

पन्थी (२०५९) ले पूर्णप्रसाद ब्राह्मणका लघुकथात्मक प्रवृत्तिहरूका बारेमा चर्चा गरेकी छन् । उनले पूर्णप्रसादका लघुकथामा ग्रामीण जीवनको दुखेसो र वेदनाको कारुणिक चित्र पाइने तर्क राखेकी छन् । उनले ब्राह्मणका पूर्वार्द्धका लघुकथामा ग्रामीण सामाजिक प्रवृत्तिहरूमाथि व्यङ्ग्य गरिएको विचार प्रस्तुत गरेकी छन् । **झिल्का** लघुकथा सङ्ग्रहमा राणा शासनको हुकुमीतन्त्रलाई विभिन्न मानवीय र मानवेतर पात्रका माध्यमबाट व्यङ्ग्यात्मक झिल्को टिपेर प्रहार गरेका छन् भने ‘म लोग्ने हुँ’ मा पुरुष भनाउँदाहरूले आधा धर्ती छोपेर बसेका नारीहरूमाथि आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक इत्यादि सबै किसिमका शोषण गरेको देखाएकी छन् । उनले पूर्णप्रसादको ‘एकतीस कथा’ सङ्ग्रहभित्रका लघुकथाले धार्मिक र पौराणिक पात्रहरू राखेर विषयवस्तुलाई अर्थको अन्योक्तिमूलक तहमा पुगेर अमूर्त पात्रहरू मार्फत व्यङ्ग्य प्रस्तुत गरेको विचार प्रकट गरेको पाइन्छ । उनले विभिन्न लघुकथा कृतिको तुलना गर्ने क्रममा ‘झिल्का’ र ‘म लोग्ने हुँ’ कृतिमा अभिधात्मक अर्थसापेक्षता रहेको र ‘एकतीस कथा’ मा अन्योक्तिमूलक अर्थसापेक्षता रहेको अभिमत प्रस्तुत गरेकी छन् । यस शोधमा पूर्णप्रसाद ब्राह्मणको लघुकथा लेखनका बारेमा सूक्ष्म अध्ययन गरिएको छ ।

महर्जन (२०६०) ले विनयकुमार कसजू नेपाली कथाको विकासक्रममा देखिएको समसामयिक युगभित्रको मार्क्सवादी धारालाई आत्मसात् गरी कथा लेख्ने एक सशक्त खम्बा भएको विचार अभिव्यक्त गरेकी छन् । उनले कसजूका लघुकथामा आर्थिक शोषण, सामाजिक असमानता र अमानवीय चरित्रको सटिक रूपले व्यङ्ग्य र विद्रोह मुखरित भएको विचार राखेकी छन् । उनले कसजूलाई नेपालको पहिलो हवाई पत्रिकाको सञ्चालनकर्ताका रूपमा चिनाउँदै उनका लघुकथाले देशमा विद्यमान विकृति र अनेकौं विसङ्गतिहरूको पर्दाफास गर्दै नवीन भविष्यको आवश्यकता भएको सङ्केतात्मक र प्रतीकात्मक रूपमा अभिव्यञ्जना गरेको विचार व्यक्त गरेकी छन् । मानवीय अस्तित्व र मूल्य विरोधी तत्त्वहरूमथि पनि तीव्रतम आक्रमण गरेका उनका रचनामा माथिदेखि तलसम्मका देश विरोधीहरूका दुष्कृत्यहरूको रङ्गमञ्चीकरण गरेको अभिमत प्रस्तुत गरेकी छन् । यस शोधमा विनयकुमार कसजूको लघुकथा लेखनको बारेमा सूक्ष्म किसिमले अध्ययन गरिनुका साथै उनका रचनामा पाइने विचार तत्त्वको विश्लेषण समेत गरिएको छ ।

खडका (२०६०) ले विनयकुमार कसजू नेपाली साहित्यको लघुकथा विधामा अग्रणी व्यक्तित्व भएको विचार प्रकट गरेका छन् । उनले कसजूका लघुकथामा प्रगतिवादी चिन्तनका साथै विकृति र विसङ्गतिको विरोध पाइने अभिमत प्रकट गरेका छन् । खडकाले कसजूका कथाहरूको मूल अभिप्राय व्यङ्ग्यात्मकता भएको दृष्टिकोण राखेका छन् । उनले कसजूका कथाहरूमा समाजका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य आएको बताएका छन् । कसजूले पञ्चायतको चरमोत्कर्षदेखि प्रजातन्त्रप्राप्तिको दशवर्षको अवधिलाई आधार मानेर लघुकथा लेखेका छन् । लामो समयको अन्तराल भए पनि उनका लघुकथाका विषयवस्तुमा सामाजिक विकृति र विसङ्गति रहेको विचार व्यक्त गरेका छन् । यस शोधमा विनयकुमार कसजूको लघुकथा लेखनका बारेमा सूक्ष्म अध्ययन गरिएको छ ।

तिवारी (२०६०) ले जगदीश नेपालीको लघुकथाकारिताका बारेमा चर्चा गरेका छन् । उनले वि.स. २०११ बाट लेख्न थालेका नेपालीका लघुकथामा विसङ्गति तथा विरोधाभास एवम् विडम्बनामा व्यङ्ग्य देखिने बताएकी छन् । उनले जगदीश नेपालीको विशेषता सामान्यभन्दा सामान्य विषयलाई ग्रहण गरी अलिकति बौद्धिकता, केही अनौपचारिकता र थप दर्शनको संयोजन गरी लघुकथा लेख्ने सक्नु हो भनेर बताएकी छन् । उनका लघुकथामा समाज र जीवनसँग सम्बन्धित विसङ्गतिहरूलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको अभिमत राखेकी छन् । नेपालीका कथाहरूमा सामाजिक विषमता, राजनीतिक अस्थिरता, प्रशासनिक दुर्बलता र बौद्धिक पलायनप्रति तीव्र व्यङ्ग्य गरिएको, उनका कथामा भावको पुनरावृति, अन्य भाषाको प्रभाव, भाषिक अशुद्धि र क्लिष्टताजस्ता केही कमजोरी भए तापनि समष्टि रूपमा उनका लघुकथा व्यङ्ग्यका दृष्टिले सफल रहेको विचार व्यक्त गरेकी छन् ।

यस शोधमा जगदीश नेपालीको लघुकथा लेखनको बारेमा सूक्ष्म अध्ययन गरिएको छ । उनको लेखनका विशेषताका साथै सीमाको बारेमा पनि चर्चा गरिएको छ ।

बिष्ट (२०६१) ले भूपेन्द्र सुवेदीको जीवनका विभिन्न पक्षमाथि प्रकाश पार्ने क्रममा सुवेदीका लघुकथाले सिधै विषयवस्तुमा प्रवेश गरेर अन्य विषयलाई झ्वाट्ट भन्न सक्ने सामर्थ्य राखेको बताएकी छन् । उनले सुवेदीका विभिन्न लघुकथामा पाइने व्यङ्ग्यात्मकताको चर्चा गरेकी छन् । यस शोधमा भूपेन्द्र सुवेदीको लघुकथा लेखनका बारेमा सामान्य अध्ययन गरिएको छ ।

पाण्डेय (२०६१) ले जयनारायण गिरीले नेपाली कथा साहित्यमा भर्खर-भर्खर लघुकथाको प्रचलन भएको बेला लघुकथा लेखेर नेपाली लघुकथा परम्परालाई समृद्ध पारेको बताएकी छन् । उनले गिरीका लघुकथामा सामाजिक एवम् मनोवैज्ञानिक विषयवस्तु भएकाले रचनामा गुणात्मकता थपिएको विचार प्रकट गरेकी छन् । उनले गिरीका लघुकथामा व्यङ्ग्यात्मकता प्रमुख विशेषताका रूपमा आएको बताएकी छन् । उनले गिरीका लघुकथामा तत्कालीन राजनीतिक कार्यकर्ताको कारुणिक अवस्थालाई देखाउनुका साथै कथाका माध्यमबाट सामाजिक असमानता र धार्मिक अन्धविश्वासप्रति व्यङ्ग्य गरेको विचार राखेकी छन् । यस शोधमा जयनारायण गिरीको लघुकथा लेखनका बारेमा सामान्य अध्ययन गरिएको छ ।

शर्मा (२०६१) ले हिरण्य भोजपुरेको जीवनका विभिन्न पक्षका साथै उनको लघुकथा लेखनको बारेमा चर्चासमेत गरेकी छन् । उनले भोजपुरेका लघुकथामा समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक बाण प्रहार गरिएको बताएकी छन् । यस शोधमा हिरण्य भोजपुरेको लघुकथा लेखनका बारेमा सामान्य अध्ययन गरिएको छ ।

पौडेल (२०६३) ले इन्द्रकुमार विकल्पको जीवनका अनेकन पक्षमाथि प्रकाश पारेका छन् । उनले विकल्पका लघुकथामा नेपाली समाजको यथार्थ चित्रण गरिएको तर्क राखेका छन् । उनका लघुकथामा ग्रामीण जनजीवन, वर्गभेद र त्यसबाट उत्पन्न हुने विभिन्न समस्याहरू, नयाँ र पुरानो पुस्ताबीचको द्वन्द्व तथा ग्रामीण र सहरिया सभ्यता बीचको द्वन्द्व आएको उनको अभिमत छ । उनले विकल्पका लघुकथा सङ्ग्रह **सर्वदलीय घर**का लघुकथामा मानिसको आडम्बरी स्वभावप्रति व्यङ्ग्य गरिएको विचार प्रस्तुत गरेका छन् । यस शोधमा इन्द्रकुमार विकल्पको लघुकथा लेखनका बारेमा पनि चर्चा गरिएको छ ।

भट्ट (२०६६) ले पुष्करराज भट्टको जीवनका विभिन्न पक्षका साथै उनको लघुकथा लेखनका विभिन्न पक्षका बारेमा चर्चा गरेकी छन् । भट्टको लघुकथा लेखनको कथ्यका रूपमा विशेषगरी राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् प्रशासनिक क्षेत्र आएको विचार व्यक्त गरेकी छन् । उनले भट्टका लघुकथाको विशेषता गलत प्रवृत्तिको विरोध, सत्य र

न्यायको पक्षधरता एवम् भविष्यप्रतिको आशामुखी स्वर भएको अभिमत राखेकी छन् । उनले भट्टका लघुकथामा व्यङ्ग्यको साथै विद्रोह पनि आएको विचार व्यक्त गरेकी छन् । उनले नेपाली भाषाका साथसाथै डोटेली भाषामा पनि लघुकथा कृति प्रकाशित गरेर लेखकले नेपाली साहित्य भण्डारमा विशेषता थपेको बताएकी छन् । समग्रमा उनका लघुकथा कृतिले जीवनप्रतिको प्रगतिमुखी सोचका साथै भोलिको नेपाली समाजको सबलता एवम् सक्षमताको कामना गरिएको दृष्टिकोण अघि सारेकी छन् । यस शोधमा पुष्करराज भट्टको लघुकथा लेखनका विविध पक्षका बारेमा अध्ययन गरिएको छ ।

भण्डारी (२०६७) ले **एक मूल एकाउन्न फूल** लघुकथा सङ्ग्रहमा रहेका लघुकथामा हाम्रो समाजमा रहेका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् पारिवारिक समस्या र तिनले सिर्जना गरेको विकृति एवम् विसङ्गतिहरूलाई यथार्थ रूपमा चित्रण गरिएको विचार व्यक्त गरेका छन् । यस शोधमा भूपेन्द्र सुवेदीको लघुकथा रचनाको कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा उनको लघुकथा लेखनका बारेमा चर्चा गरिएको छ ।

पहाडी (२०६८) ले इन्द्रकुमार विकल्पको लघुकथा सङ्ग्रह **सर्वदलीय घर**लाई समाजशास्त्रीय कोणबाट हेर्ने प्रयास गरेका छन् । उनको यस कृतिले देशमा यत्रतत्र छरिएर रहेका सामाजिक-आर्थिक बेइमानी, अतिवाद र अन्यायी अभ्यासहरूलाई नलुकाईकन देखाएको विचार व्यक्त गरेका छन् । उनले विकल्पका कथाभित्र फोहरी राजनीतिप्रति तीव्र असन्तुष्टि जाहेर गर्नाका साथै थुप्रै त्रासदीका विम्बहरू देखाउँदै सामाजिक तथा राजनीतिक पुनर्निमाणको सन्देश प्रवाहित गरेको कुरा उल्लेख गरेका छन् । यस कृतिमा इन्द्रकुमार विकल्पको लघुकथाको समाजशास्त्रीय कोणबाट अध्ययन गरिएको छ ।

भट्टराई (२०६९) ले कृष्ण शाह यात्रीका लघुकथामा समाजमा घट्ने विभिन्न घटनाहरूलाई कथावस्तुका रूपमा उठान गरिएको विचार प्रकट गरेका छन् । उनले यात्रीका लघुकथामा समाजलाई विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको विचार राखेका छन् । यस लेखमा कृष्ण शाह यात्रीको लघुकथा लेखनका बारेमा अध्ययन गरिएको छ ।

चालिसे (२०६९) ले कपिल लामिछानेका **अन्यथा** र **जलमानव** लघुकथा सङ्ग्रहलाई आधार मानी उनको लघुकथागत प्रवृत्तिलाई केलाएकी छिन् । उनका लघुकथागत प्रवृत्तिहरूमा समसामयिकता, व्यङ्ग्यात्मकता, स्वैरकल्पनाको प्रस्तुति र सूत्रात्मकताको प्रस्तुति रहेको बताएकी छन् । लामिछानेका लघुकथामा सामाजिक यथार्थवादी एवम् आलोचनात्मक यथार्थवादी प्रवृत्तिका साथै भय, आतङ्क र सन्त्रासको चित्रण, पात्रको मनोविश्लेषण गर्ने प्रवृत्ति, सामन्ती मनोवृत्तिको चित्रण, मानवतावादी, प्रतीकात्मकता र भाषाशैलीगत प्रवृत्ति मुख्य रहेको विचार प्रकट गरेकी छन् । उनले लामिछाने समकालीन

युगजीवनका विसङ्गतिको चिरफार गर्ने कार्यमा सफल रहेको बताएकी छन् । चालिसेले नेपाली लघुकथा परम्परामा लामिछानेको नाम उच्च स्थानमा रहेको विचार व्यक्त गरेकी छन् । यस शोधमा कपिल लामिछानेको लघुकथा लेखनका बारेमा सूक्ष्म अध्ययन गरिएको छ ।

न्यौपाने (२०६९) ले समीरका लघुकथामा समसामयिक जीवनका विविध पक्षमा देखिएका विकृति, विसङ्गतिलाई देखाउँदै तिनको व्यङ्ग्य र विरोध गर्नाका साथै सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने बाटो देखाएको बताएका छन् । उनले समीरका लघुकथा लघुकथाको विधाअनुसार नै छोटा आयामका, छोटै वाक्य गठन र अनुच्छेद गठन गरिएका छन् भनेर विचार व्यक्त गरेका छन् । यस शोधमा उनले समीर नेपाली लघुकथा क्षेत्रका चर्चित लेखक भएको कुरा बताएका छन् । उनले रवीन्द्र समीरका प्रमुख लघुकथा रचनाका बारेमा अध्ययन गरेका छन् ।

भट्ट (२०६९) ले श्रीओम श्रेष्ठ 'रोदन'का लघुकथात्मक प्रवृत्तिहरू राजनीतिका नाममा हुने गतिछाडा प्रवृत्ति, सामाजिक क्षेत्रमा हुने ठगी एवम् लोभी प्रवृत्ति तथा धार्मिक क्षेत्रमा हुने पाखण्डी प्रवृत्तिप्रति व्यङ्ग्य हुन भन्ने कुरा उल्लेख गरेका छन् । उनले श्रीओमका लघुकथामा पूँजीवादी संस्कृतिले पारिवारिक व्यवस्था तहसनहस पारेको र मानिसहरू यौन प्राप्तिका लागि विकृत मानसिकता लिएर बाँचेको यथार्थलाई प्रस्तुत गरिएको कुरा व्यक्त गरेका छन् । यस लेखमा श्रीओम श्रेष्ठ रोदनको लघुकथा लेखनका बारेमा अध्ययन गरिएको छ ।

भट्ट (२०७०) ले वि.स.२०३६ देखि वि.स.२०६९ सम्मका नेपाली लघुकथाका कृतिमा पाइने व्यङ्ग्यविधानको अध्ययन गरेका छन् । उनले 'लघुकथाका सन्दर्भमा व्यङ्ग्यको सिद्धान्त' शीर्षकको परिच्छेदमा पूर्वीय एवम् पश्चिमी साहित्यका सन्दर्भमा व्यङ्ग्य सिद्धान्तको विश्लेषण गरेका छन् । यस सम्बन्धमा नेपाली साहित्यशास्त्रीय मान्यतालाई प्रस्तुत गर्दै नेपाली लघुकथामा व्यङ्ग्यको विश्लेषणका आधारहरू समेत प्रस्तुत गरेका छन् । 'नेपाली लघुकथाको ऐतिहासिक विकासक्रम' नामक परिच्छेदमा नेपाली लघुकथाको पृष्ठभूमिकालको साथै वर्तमानसम्म भएगरेका विकासलाई समेत देखाएका छन् । नेपाली लघुकथाको विकासक्रमका बारेमा भएका अध्ययनलाई प्रस्तुत गर्दै त्यसका बारेमा आफ्नो अभिमतसमेत प्रस्तुत गरेका छन् । 'नेपाली लघुकथामा प्रयुक्त व्यङ्ग्यले लक्षित गरेका क्षेत्रहरू' शीर्षकको परिच्छेदमा २०३६ पछि प्रकाशित नेपाली लघुकथा कृतिलाई विषयवस्तुका आधारमा वर्गीकरण गरेर विश्लेषण समेत गरेका छन् । 'नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कला' शीर्षकको परिच्छेदमा २०३६ पछि प्रकाशित नेपाली लघुकथा कृतिमा रहेका रचनामा पाइने भाषिक एवम् शैलीगत पक्षका आधारमा विश्लेषण गरिएको

छ । यस शोधप्रबन्धमा नेपाली लघुकथालाई २०३६ पछिको समयावधिका आधारमा व्यङ्ग्यका दृष्टिले सशक्त भनी अध्ययन गरिएको छ ।

उर्पयुक्त अध्ययनले नेपाली लघुकथामा प्रवृत्तिका हिसाबले युगचेतनाको व्यापक प्रभाव रहेको देखाएको छ । यस अध्ययनले नेपाली लघुकथाका लेखकहरू नेपाली समाजका विभिन्न घटनालाई प्रस्तुत गर्नमा सक्षम रहेको कुरा पुष्टि गर्दछ ।

### १.४.३.२ नेपाली लघुकथाका प्रकाशित भूमिका लेख

नेपाली लघुकथामा युगचेतना अध्ययनका सन्दर्भमा नेपाली लघुकथा कृतिमा विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत भूमिका एवम् मन्तव्य महत्त्वपूर्ण छन् । नेपाली लघुकथाको विकासक्रममा देखापरेका विभिन्न विचार चिन्तनका साथै नेपाली लघुकथा लेखनको अवस्थाका बारेमा अध्ययनका लागि यी सामग्री महत्त्वपूर्ण हुने देखिन्छन् । विभिन्न युगमा नेपाली समाजको चेतना के कस्तो रह्यो र नेपाली समाजको चेतनालाई नेपाली लघुकथा लेखकले कतिसम्म पक्रन सके भन्ने कुरा लघुकथा पुस्तकमा उल्लेख गरिएका भूमिकामा समेटिएको छ ।

सिद्धिचरण (२००७) ले **झिल्का** लघुकथा कृतिमा विकासको बाटोलाई छेकेर तानाशाहीले अगाडि बढ्न नदिएकामा एउटा प्रगतिशील व्यक्तिको रन्थन र बिलौना अङ्कित भएको विचार व्यक्त गरेका छन् । उनले यी झुल्काभित्र विकासको दुस्मन उपर घृणा, द्वेष र विद्रोहको साक्षात स्वरूप भएको मत प्रकट गरेका छन् ।  यी कथामा जनघाती बन्धन उपर पाइने विद्रोह अहिलेसम्मको नेपाली साहित्यमा अन्यत्र कहीँ कतै नपाइने अभिमत राखेका छन् । सिद्धिचरणले यस कृतिमा लेखकले विकासको पक्षमा र देशविरोधी तत्त्वका विरोधमा सशक्त आवाज उठाएको विचार व्यक्त गरेका छन् । यस भूमिका लेखले पूर्णप्रसाद ब्राह्मणको लघुकथा लेखनका बारेमा जानकारी प्रदान गरेको छ ।

बाङ्देल (२००८) ले **कसिङ्गर** लघुकथा कृतिलाई नेपाली लघुकथाको प्रथम पुस्तक भनेका छन् । उनले यस सङ्ग्रहमा छापिएका कथाहरू मनोवैज्ञानिक ढङ्गका भएको विचार व्यक्त गरेका छन् । उनले जयनारायण गिरीका कथामा घटना सरल र छोटो भए पनि यसले पढ्नेका मनमा एउटा अर्कै छाँटको कल्पनाले डेरा हाल्ने अभिमत प्रकट गरेका छन् । उनले त्यस बेला आफूमा रहेको अचेतन भावना पनि एक्कासि ब्युँझेर सचेत बनाउने बताएका छन् । यस भूमिकाले जयनारायण गिरीको लघुकथा लेखनका बारेमा जानकारी प्रदान गर्नाका साथै नेपाली लघुकथाको इतिहास बारेमा पनि केही तथ्य प्रस्तुत गरेको छ ।

थापा (२०३७) ले **झुलभित्रको मान्छे** लघुकथा कृतिका कथाले कतै आगोका मुस्लाले फिलिङ्गो उछिट्टेको एवम् कतै छर्राले दुख्ने गरी घोचेको भन्ने विचार व्यक्त गरेकी छन् । उनले दुर्लभलाल सिंहका यी कथाले कहीँ सङ्केत गर्ने तर चटक्क परेर राम्रो भएर मात्र

थपनी जस्तो नबस्ने मत राखेकी छन् । उनले सिंहको यही सीप नै लघुकथाको मुटु भएको बताएकी छन् । प्रस्तुत भूमिका लेखले दुर्लभलाल सिंहको लघुकथा लेखनका बारेमा जानकारी प्रदान गरेको देखिन्छ ।

आचार्य (२०३९) ले **जगदीश नेपालीका केही लघुकथाहरू** कृतिमा जगदीश नेपालीलाई नेपालका एकमात्र खलिल जिब्रान भएको विचार व्यक्त गरेका छन् । आचार्यले उनका लघुकथा समाजका जीवन्त पात्रका सत्य तर कटू अभिव्यक्तिका रूपमा परिचित रहेको कुरा बताएका छन् । भूमिका लेखले जगदीश नेपालीको लघुकथा लेखनका बारेमा जानकारी प्रदान गरेको छ । यस भूमिका लेखमा जगदीश नेपालीको लेखनको प्रशंसाका साथै उनको लेखनका विभिन्न पक्षका बारेमा चर्चा गरिएको छ । जगदीश नेपालीको लघुकथाकारिता बारेमा अध्ययनका लागि यस भूमिकाले प्रारम्भिक सूचना प्रदान गरेको छ ।

विकल (२०३९) ले रत्न कोजूको **बूढो वर्तमान** पुस्तकमा रहेका कथामा आजको भोको मानिसको सम्बन्धको खोक्रोपना, शक्तिको बेहोसीमा शक्तिसञ्चयको अमीट वासना, युगमाथि गरिएको बलात्कार, भोक र व्यथाको अतिरेकमा जीवनको वरदानलाई पनि अन्यायको र अभिशापका रूपमा र शक्तिशालीको बलको निसाफलाई नै न्यायका रूपमा अङ्गीकार गर्नुपर्ने मानवको विवश स्थिति, आजको राजनीतिक, आर्थिक र सामाजिक विसङ्गतिलाई सशक्त रूपमा अभिव्यक्ति दिने इमान्दार प्रयास गरिएको विचार व्यक्त गरेका छन् । भूमिका लेखमा रत्न कोजूका लघुकथा लेखनमा पाइने विशेषताको चर्चा गरिएको छ ।

पौडेल (२०३९) ले विनयकुमार कसजूको **पशुतन्त्र**भित्रका अधिकांश कथाहरू सामाजिक जीवनका पीडा, वेदना र मर्महरूको कारुणिक चित्रणतर्फ भन्दा पनि राष्ट्रिय जीवनका विकृति र विसङ्गतिहरूप्रति अनि समाजमा व्याप्त शोषण र अन्यायजस्ता मानव विरोधी कार्यहरूप्रति सटीक व्यङ्ग्यको झटारो हान्न सचेष्ट रहेको विचार प्रकट गरेका छन् । उनले देशको राजनीति, अर्थव्यवस्था, न्यायव्यवस्था, व्यापारिक नीति, सामाजिक व्यवस्था आदिमा देखा पर्ने कमजोरी माथि नै कथाहरूले आक्रमण गर्न खोजेको अभिमत राखेका छन् । उनका लघुकथामा प्रतीकको प्रयोगका साथै सामाजिक विषयवस्तुको समेत प्रस्तुति प्रभावकारी भएको विचार व्यक्त गरेका छन् । भूमिकाले विनयकुमार कसजूको लघुकथा लेखनका विविध पक्षका बारेमा सूक्ष्म जानकारी दिने काम गरेको छ ।

बिष्ट (२०५०) ले **रङ्गीन पोखरी**मा लघुकथा कृतिमा भागीरथी श्रेष्ठले आफ्नो युगको विकृतिलाई राम्रोसँग चिनेको र त्यसलाई बढी कलात्मक निसर्गताका साथ प्रतीक तथा सङ्केतको आधार लिई चिरफार गरी कथ्य जन्माएकाले ती सुन्दर, सजीव र सचेत भएको विचार व्यक्त गरेका छन् । भूमिका लेखले भागीरथी श्रेष्ठको लघुकथा लेखनका बारेमा जानकारी प्रदान गरेको छ ।

विकल (२०५२) ले **आधुनिक लघुकथा**का कथाहरूले सामाजिक मूल्य मान्यता र नैतिकताको ह्रासोन्मुख प्रवृत्तिप्रति औँला ठ्डयाउने जमर्को गरेको विचार व्यक्त गरेका छन् । उनले यी कथामा कुनैले भ्रष्टाचारको प्रवृत्तिमाथि प्रहार गर्ने प्रयत्न गरेको, कुनैले नारी पुरुषबीचका असमान व्यवहारलाई उदङ्गो पार्ने, कुनैले आजको समाजमा विद्यमान राजनीतिक विकृति, आतङ्कवाद, समाजमा विकसित हुँदै गएको विकृतितिर सङ्केत गरेको र कुनैले व्यक्तिवादी अहम् र स्वार्थान्धताको पराकाष्टामाथि प्रहार गर्ने जमर्को पनि गरिरहेको बताएका छन् । भूमिका लेखनमा सुमन सौरभको लेखनका विशेषताका साथै सीमाका बारेमा पनि चर्चा गरिएको छ ।

बाज्राकी (२०५३) ले उपन्यास तरवार, कथा खुकुरी, लघुकथा छुरी र सूत्रकथा सियो भएको विचार व्यक्त गरेका छन् । लघुकथामा घटनाक्रमको गुम्फन बढी हुने भएकाले गर्दा लघुकथाकारले स्थिति वर्णन र पात्र-पात्राहरूको चरित्र विश्लेषण गर्ने स्थान र समय पनि नपाउने विचार व्यक्त गरेका छन् । उनले थोरै स्थान र थोरै समयमै कथ्य र कथानकको सम्पूर्णताको सम्पृक्तिलाई सम्प्रेषणीय र मार्मिक रूपले प्रस्तुत गर्न सक्नु नै लघुकथाकारको कौशल ठहरिने मत व्यक्त गरेका छन् । उनले रवीन्द्र समीरको लघुकथा कृति **तेस्रो आँखा**मा वर्तमान जीवन र जगत्लाई अनेकन परिप्रेक्ष्यबाट हेरेको विचार व्यक्त गरेका छन् । उनले राजनीतिक विसङ्गति, सामाजिक विसङ्गति, सांस्कृतिक विसङ्गति, आर्थिक भ्रष्टाचार, यौनिक दुराचरण, वैयक्तिक चरित्रहीनता, मानसिक प्रदूषण लगायत विभिन्न पेसागत कर्तव्यको छिद्रान्वेष समेतलाई आफ्ना लघुकथाको विषय बनाएको दृष्टिकोण प्रस्तुत गरेका छन् । यस लेखबाट लघुकथाको सैद्धान्तिक पक्षका साथै रवीन्द्र समीरको लघुकथा लेखनका बारेमा चर्चा गरिएको छ ।

कँडेल (२०५७) ले प्रयास सौरभ श्रेष्ठका लघुकथामा हाम्रा सामाजिक तथा राष्ट्रिय जीवनमा जरा गाडेर बसेका विकृति, विसङ्गति, विडम्बना, विरोधाभास सामाजिक विषमता आदिलाई विषयवस्तु बनाएर तिनलाई सङ्क्षेपमा तर प्रभावकारी रूपमा उदङ्गो पार्ने प्रयास गरिएको विचार व्यक्त गरेका छन् । उनले लेखकको अभिव्यक्ति वाग्वैदग्धपूर्ण भएकाले रोचक भएको अभिमत प्रकट गरेका छन् । उनले श्रेष्ठको लेखनमा केही शिल्पगत कमजोरी रहे पनि प्रयास गरेमा राम्रो कथाकार बन्ने सम्भावना भएको कुरा व्यक्त गरेका छन् । यस भूमिका लेखमा प्रयास सौरभ श्रेष्ठको लघुकथा लेखनका बारेमा चर्चा गरिएको छ ।

गोर्खाली (२०५७) ले नेपाली लघुकथाको परम्पराका बारेमा चर्चा गर्दै नवराज रिजालको लघुकथा लेखनको विशेषताका बारेमा चर्चा गरेका छन् । उनले रिजालका लघुकथामा आभिजात्य र सत्तासीनका हिंस्रक सोचले गर्दा मध्य, निम्नमध्यम र निम्नवर्गले भोग्नुपरेका थुप्रै प्रताडनालाई यथोचित ढङ्गले व्याख्या गरेको विचार व्यक्त गरेका छन् ।

यस भूमिका लेखमा नवराज रिजालको लघुकथा लेखनका विभिन्न पक्षका बारेमा चर्चा गरिएको छ ।

ज्ञवाली (२०५७) ले लघुकथाको विधागत स्वरूपका बारेमा चर्चा गरेका छन् । उनले लघुकथालाई आख्यान विधाको उपविधाका रूपमा मान्दै यसका विशेषताहरूको चर्चा गरेका छन् । उनले लेखकको दृष्टि विकृत राजनीति, मानवीय असमानता, शैक्षिक अराजकता, युवा बेरोजगारी, भ्रष्ट कर्मचारी प्रशासन, बढ्दो गरिबी, हुर्कँदो वेश्यावृत्ति, फैलँदो बालशोषण लगायत अनेक समस्यामाथि दृष्टि पुगेको अभिमत प्रकट गरेका छन् । उनले रिजालका लघुकथाले विषयमा विविधता अँगालेको र समाजका नकारात्मक यथार्थलाई केन्द्रीय विषयवस्तु बनाई त्यस्तो स्थितिप्रतिको आफ्नो असन्तुष्टिलाई वाणी दिएको विचारसमेत व्यक्त गरेका छन् । यस भूमिका लेखमा लघुकथाको सैद्धान्तिक पक्षका बारेमा नवराज रिजालको लघुकथा लेखनका विषयमा समेत चर्चा गरिएको छ ।

जोशी (२०६०) ले विजय सागरले आफ्ना लघुकथामा पञ्चायतकालीन सामाजिक, राजनीतिक, नैतिक परिवेशदेखि २०५९ सम्मको परिवेशमा सामाजिक, शैक्षिक, राजनीतिक, वैचारिक क्षेत्रमा तीतो, पीरो, अमिलो र टर्रो अनुभवलाई आफ्नो शिल्पकलामा उनेर कथाका रूपमा आकार दिएको विचार व्यक्त गरेका छन् । उनले विभिन्न उमेर समूहका मानिसका लागि उपयुक्त हुने किसिमले लघुकथा लेखिएको कुरालाई प्रस्तुत गरेका छन् । यस लेखमा जगतबहादुर जोशीको लघुकथा लेखनका विविध पक्षका बारेमा चर्चा गरिएको छ ।

गौतम (२०६०) ले किशन थापा 'अधीर'का एउटै लघुकथामा पनि थुप्रै पक्षलाई एकसाथ व्यङ्ग्य गरिएको बताएका छन् । उनले किशनका लघुकथामा विषयका लागि उपयुक्त व्यङ्ग्य भाषाको निर्माण भएकाले रचना सशक्त भएको दृष्टिकोण प्रस्तुत गरेका छन् । गौतमले कथावस्तुको चयन, शिल्पको परिपाक र रचनाकारको दृष्टि तीनवटै पक्षबाट प्रस्तुत सङ्ग्रह निकै दरिलो भएको विचार व्यक्त गरेका छन् । यस लेखमा किशन थापा अधीरको लघुकथा लेखनका विभिन्न पक्षका बारेमा अध्ययन गरिएको छ ।

शर्मा (२०६०) ले **शहिदले बिर्सेको गाउँ** लघुकथा सङ्ग्रहमा स्वयम् भ्रष्ट मानिसको कथा र भ्रष्ट पारिएका मानिसको कथा भएको विचार व्यक्त गरेका छन् । उनले यस सँगालोमा अति सामान्य मानिसदेखि शक्तिसम्पन्न नेतासम्म, गरिबीको मारमा परेका निम्नवर्गदेखि सम्पतिमा लडीबडी गर्ने उच्चवर्गसम्म र विपन्न निर्धा-निमुखादेखि सम्पन्नसम्मको बहुरङ्गी तथा बहुआयामिक परिचय प्रस्तुत भएको दृष्टिकोण प्रस्तुत गरेका छन् । यस लेखमा शर्माले कुसुम ज्ञवालीको लघुकथा लेखनको बारेमा दृष्टिकोण प्रस्तुत गरेका छन् ।

भट्ट (२०६१) ले हाइकु कथा लघुकथा कृतिमा मानिसका समस्याहरू, अवस्थाहरू, मनोभावनाहरू र तिनले राजिखुसीले वा सजिलै वा बाध्य भएर लिनुपर्ने निर्णयहरूले बनाएको वातावरणको दृश्य बढी पाइने विचार व्यक्त गरेका छन् । उनले यस भूमिकामा पोष चापागाईँका लघुकथा रचनाको विशेषताका बारेमा चर्चा गरेका छन् ।

पोखरेल (२०६१) ले पोष चापागाईँका लघुकथामा प्रगतिशीलता पाइने विचार व्यक्त गरेका छन् । पोष चापागाईँ सम्भवतः विश्वमै लघुकथा र हाइकुको समन्वय गरेर रचना गर्ने प्रथम व्यक्ति हुनसक्ने विचार राख्दै उनका लघुकथामा विविधता पाइने विचारसमेत व्यक्त गरेका छन् । उनका लघुकथामा कतै काम गराएर ज्याला नदिने सामन्ती बेहोरा वर्णनमा परेको छ भने कतै नेतालाई पेच पारिएको छ भन्ने अभिमत राखेका छन् । यस भूमिका लेखमा पोष चापागाईँको लघुकथा लेखनका विविध पक्षका बारेमा अध्ययन गरिएको छ ।

गिरी (२०६३) ले बुद्धिनाथ ज्ञवालीका कथाहरूमा आजको द्वन्द्वग्रस्त नेपाली समाजको युगीन पीडा र त्रासदी आएको तथा समाजको शोषण, उत्पीडन र थिचोमिचोको चित्रण भएको विचार व्यक्त गरेका छन् । उनका लघुकथामा कर्मचारीतन्त्रका भ्रष्टाचारजन्य क्रियाकलाप र त्यसबाट आक्रान्त गरिब, निरीह जनताको दयनीय अवस्थाको चित्र उतारिएको छ भने कतै फ्रायडीय विश्लेषणको प्रयास भएको अभिमत राखेका छन् । उनका छोटा कथाहरू पात्र, परिवेश, भाषाशैली आदि तत्त्वगत निजत्वको परिपाकमा भन्दा आफूले देखेका र भोगेका घटनाहरूको टिपोटद्वारा समाजको अन्तर्बाह्य पक्षको चित्रणमा केन्द्रित रहेको उल्लेख गरेर कथाकारको लघुकथा लेखनका सीमितताको समेत चर्चा गरेका छन् । यस भूमिका लेखमा बुद्धिनाथ ज्ञवालीको लघुकथा लेखनको उपलब्धिका साथै सीमाका बारेमा पनि अभिमत प्रकट गरिएको छ ।

श्रेष्ठ 'सरित्' (२०६४) ले लघुकथाकार पुष्करराज भट्टले आफ्ना लघुकथाहरूमा गम्भीर विषयवस्तुलाई उठाएको विचार व्यक्त गरेका छन् । उनले आफ्ना धेरैजसो लघुकथामा विशेषतः सामाजिक समस्या, राजनीतिक विकृति र मानिसको स्वार्थी औ लोभी चरित्रलाई देखाएको कुरा बताएका छन् । यस भूमिका लेखमा लघुकथाकार भट्टको लघुकथा लेखनका साथै लघुकथाका विशेषताका बारेमा समेत चर्चा गरिएको छ । लघुकथामा आख्यानका तत्त्वहरू हुने भए तापनि यो उपन्यास वा कथाजस्तो विस्तृत नभएर आगोका झिल्को जस्तै झिलिक्क गर्दा काम तमाम गर्ने शैली र क्षमताको हुनुपर्ने विचार व्यक्त गरेका छन् । लघुकथाको सुरुवातले झस्काउने र अन्त्यले पाठकको मन र मथिङ्गललाई झुमाउने हुनुपर्छ भन्ने उनले अभिमत राखेका छन् ।

इस्माली (२०६४) ले **द्वन्द्वकालीन कथा** लघुकथा सङ्ग्रहका अधिकांश लघुकथाहरूले आम नेपालीहरूले विगत दशकमा भोगेबेहोरेका द्वन्द्वमय यथार्थजनित सुसङ्गति र विसङ्गतिलाई आफू एक ठाउँमा उभिएर उजागर गर्ने प्रयास गरेको विचार व्यक्त गरेका छन् । उनले समाजमा व्याप्त विसङ्गति र दीनताले मानिसमा थोपरेको पीडा, धार्मिक सांस्कृतिक विकृति विसङ्गतिहरू, पुलिस प्रशासनको ज्यादती, वैदेशिक रोजगारीका बाध्यता र विकृतिहरू लगायत समाजमा रहेका विविध खाले धमिराहरू माथि सर्जकको दृष्टि परेको दृष्टिकोण व्यक्त गरेका छन् । इस्मालीले लेखकले आफ्ना कथालाई सुस्वादु बनाउन यथेष्ट प्रयास गरे तापनि भाषामा भने मेहनत गर्नुपर्ने सुझाव दिएका छन् ।

भाइसाब (२०६४) ले पुष्करराज भट्टले लघुकथाका माध्यमबाट वर्तमान आर्थिक, सामाजिक एवम् राजनीतिक अवस्था र व्यवस्थाप्रति चोटिलो व्यङ्ग्य गर्ने प्रयत्न गरेको विचार व्यक्त गरेका छन् । भाइसाबले यस कृतिको माध्यमबाट लेखकले नेपाली र डोट्याली लघुकथाको एक महत्त्वपूर्ण अध्याय थपेको विचार व्यक्त गरेका छन् । **एक थोपा सागरको** लघुकथा कृतिको प्रकाशनले यस क्षेत्र (सुदूर पश्चिम) को अन्धकारमय लोकजीवनलाई प्रकाशित गर्न मद्दत गर्ने अभिमत राखेका छन् ।

पत्थर (२०६४) ले पुष्करराज भट्टका रचनामा वर्तमान समय प्रतिविम्बित भएको विचार प्रकट गरेकी छन् । श्रेष्ठले यस कृतिमा भट्टले वर्तमान समयका विविध जटिलतालाई शब्दमा उतारेको अभिमत राखेकी छन् । समयबोध तथा युगीन चेतनाले परिपूर्ण यी रचनाले जीवन र जगत्सँग सरोकार राख्ने तमाम पक्षलाई चोटिलो ढङ्गले छोएकाले यी लघुकथाले पूर्णता पाएको विचार व्यक्त गरेकी छन् । यस लेखले पुष्करराज भट्टका लघुकथा लेखनको विविध पक्षमा चर्चा गरेको पाइन्छ ।

श्रेष्ठ (२०६५) ले गोरखबहादुर सिंहको दृष्टि समसामयिक राजनीतिक र सामाजिक समस्यामा केन्द्रित भएको पाइनुका साथै आजको मूल्य द्वन्द्वमा परेको र नैतिक मूल्यहीनताको सिकार बनेको मानवीय प्रवृत्तिप्रति सूक्ष्मदृष्टि पुगेको विचार व्यक्त गरेका छन् । श्रेष्ठले उनको कथाको विषय खोक्रिँदै र खिइँदै गएको समाजभित्रको यथार्थ भएको अभिमत प्रकट गरेका छन् । श्रेष्ठले लघुकथा रचनाले बौद्धिक एवम् चिन्तनशील पाठकको अपेक्षा गर्ने विचार व्यक्त गरेका छन् । कथाको वास्तविक आशय बुझी रसास्वादन गर्न नसक्ने पाठकका लागि लघुकथा कागलाई बेलझैं हुने अभिमत प्रकट गरेका छन् । कुनै पनि उत्कृष्ट लघुकथाले अन्त्यमा एक झङ्कार पैदा गर्ने गर्दछ जो एक जीवित लहरका रूपमा पाठकको मस्तिष्क वरिपरि घुमिरहने एवम् कथाकारको भित्री आशय बुझिसकेपछि त्यो लहर टक्क रोकिने र पाठकलाई आकर्षित गर्ने गरेको र कथाकार गोरखबहादुर सिंहका कथामा यस्तो आकर्षण रहेको विचार व्यक्त गरेका छन् । यस लेखमा गोरखबहादुर सिंहको लघुकथा लेखनका साथै लघुकथा रचनाको विशेषताका बारेमा समेत अध्ययन गरिएको छ ।

तिवारी (२०६५) ले आर.आर.चौलागाईका लघुकथामा प्रखर राजनीतिक व्यङ्ग्य भएको कुरा व्यक्त गरेका छन् । तिवारीले चौलागाईंका लघुकथाहरू राजनीतिलाई फोहोर हुनबाट जोगाउने र त्यसको मारमा परेका सरोकारवालाहरूलाई बचाउने अभीष्टका साथ लेखिएको विचार व्यक्त गरेका छन् । यस लेखमा आर.आर. चौलागाईका लघुकथा लेखनका बारेमा भावपरक अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

भाउपन्थी (२०६५) ले सुमन सौरभका लघुकथामा विकृत राजनीतिका कारण जनजीवनमा आइपरेका समस्या तथा वैचारिक र सांस्कृतिक प्रदूषणप्रति नै व्यङ्ग्य एवम् प्रहार लक्षित भएको दृष्टिकोण राखेका छन् । यस भूमिका लेखमा सुमन सौरभको लघुकथा लेखनका बारेमा अध्ययनका साथै लघुकथाको संरचना एवम् स्वरूपका सम्बन्धमा महत्त्वपूर्ण विचार प्रस्तुत गरेका छन् । उनले लघुकथा उपन्यास वा कथाको सङ्क्षेपीकृत रूप नभएर आफैमा सर्वाङ्गपूर्ण एउटा कथा रचना हो भनेर लघुकथाको परिचय दिने कार्य समेत गरेका छन् ।

सुवेदी (२०६५) ले सरस्वती रिजालका लघुकथामा सूत्रात्मक रूपमा जगत्का विविध पक्षहरू समेटिएको विचार व्यक्त गरेका छन् । उनले व्यक्तिको जीवन र समाजमा व्यक्त विसङ्गति र विकृतिको कारण र उपचार नैतिकतासँग जोडिएको छ र उनका लघुकथामा नैतिक सङ्कटले पारिवारिक विखण्डन, सामाजिक असन्तुलन र राजनीति समेत फोहरी खेलमा परिणत भएको कुरा व्यक्त गरेका छन् । यस भूमिका लेखमा सरस्वती रिजालको लघुकथा लेखनका विविध पक्षको अध्ययन गरिएको छ ।

समीर (२०६६) ले देवेन्द्र अर्याल 'आँशु'का लघुकथामा विकृत सामाजिक एवम् राजनीतिक दुरवस्थाका बारेमा चित्रण गरिएको बताएका छन् । उनले अर्यालका लघुकथामा व्यक्तिगत चारित्रिक एवम् मनोवृत्तिगत मूल्यमान्यतामा देखिएको ह्रास, गरिबी, रोग, भोक, शोक, द्वन्द्व र द्वैध चरित्रप्रति केन्द्रित भएको विचार व्यक्त गरेका छन् । समीरले लघुकथामा आडम्बरी प्रवृत्तिलाई उदाङ्गो पारेको विचार व्यक्त गरेका छन् । यस भूमिका लेखले देवेन्द्र अर्यालको लघुकथा लेखनका बारेमा अध्ययनका साथै लघुकथाको विधागत परिचय पनि प्रस्तुत गरेको छ ।

शर्मा (२०६७) ले नवराज रिजाल समसामयिक समाजको यथार्थ आख्यानीकरण गर्ने कथाकार भएको दृष्टिकोण व्यक्त गरेका छन् । उनले यिनका कथामा पारिवारिक मर्मका साथै व्यक्तिको समाजसँगको अन्तर्क्रिया पनि उत्तिकै भएको विचार व्यक्त गरेका छन् । शर्माले उनले समाजबाट जीवनको नैतिक मूल्यबोध गर्ने र त्यस मूल्यको आग्रह लघुकथा मार्फत पाठकसँग गर्ने गरेको अभिमत राखेका छन् । यस भूमिका लेखमा नवराज रिजालको लघुकथा लेखनको बारेमा चर्चा गर्ने क्रममा लघुकथाका विशेषताका बारेमा समेत चर्चा

गरेका छन् । उनले लघुकथालाई आख्यानको लघुतम रूप भनेर चिनाएका छन् । लघुकथा खँदिलो विचारको सारपूर्ण प्रस्तुति भएको, अचानक विषयको उठान, घटना सन्दर्भ या छोटो विस्तार, तीव्र प्रभाव र सारपूर्ण अन्त्यका पक्षबाट लघुकथा लेखिने विचार व्यक्त गरेका छन् ।

प्रश्रित (२०६९) ले रामचन्द्र नेपालका लघुकथाले समाजका एकाएक उल्लेख्य घटनालाई रोचक ढङ्गले प्रस्तुत गरेको विचार व्यक्त गरेका छन् । ठूल्ठूला विषयलाई पनि थोरै शब्द र वाक्यद्वारा साङ्केतिक या प्रतीकात्मक रूपले आशय र उद्देश्यको स्पष्ट तस्बीर खुल्ने गरी प्रस्तुत गर्न सक्ने लेखकको क्षमता स्मरणीय भएको अभिमत प्रस्तुत गरेका छन् । यस लेखमा रामचन्द्र नेपालको लघुकथा लेखनका बारेमा अध्ययन गरिएको छ ।

### १.४.४ पूर्वाध्ययनका निष्कर्ष

नेपाली लघुकथाका बारेमा भएका हालसम्मका अध्ययनहरूले लघुकथाको सिद्धान्त, विकासक्रम एवम् प्रवृत्तिका बारेमा सामान्य जानकारी प्राप्त हुन्छ । यी अध्ययनहरूमा लघुकथाका कृतिहरूको विश्लेषण कार्य पनि भएको छ ।

यस अध्ययनमा प्रस्तुत पूर्वकार्यको समीक्षामा लघुकथा सिद्धान्तको बारेमा महत्वपूर्ण विचार अभिव्यक्त भएका छन् । लघुकथालाई आख्यानको प्रमुख भेदका रूपमा र आवश्यक अङ्गहरूले पूर्ण एक मौलिक र स्वतन्त्र विधाका रूपमा चिनाइएको छ । पूर्वाध्यन अनुसार लघुकथाको संरचना छरितो हुन्छ, कथ्यको विस्तार भन्दा कसिलोपन हुनुपर्छ । लघुकथा मुक्तकीय झटका दिने सूक्ष्म तर तीव्र आख्यान तन्तुको एक शृङ्खला भएको र यसमा एक मात्र घटना र एकमात्र द्वन्द्वको प्रतिवाद गर्ने नायक हुने गर्दछ । लघुकथामा सूत्रात्मकता हुने र यसमा कतिपय कुराहरू लेखकले नलेखी पाठकले आफै बुझून् भनेर सङ्केत गरिने भएकाले पाठकले सङ्केतका यही आधारमा बुझनुपर्ने निष्कर्ष निकालिएको छ । लघुकथाको सिद्धान्त सम्बन्धमा भएका यी अध्ययनले यसको समग्र सिद्धान्तको निर्धारणमा सहयोग पुग्ने देखिन्छ । नेपाली लघुकथालाई सैद्धान्तीकरण गर्नमा मोहनराज शर्माको महत्त्वपूर्ण योगदान छ । उनले नेपाली लघुकथालाई आख्यानको एक प्रकार बताएका छन् । लघुकथालाई उपन्यास भन्दा र कथाभन्दा भिन्न हुने आधार पहिल्याएका छन् । उनका मान्यतालाई पछिल्ला अध्ययनमा पनि स्थान दिइएको छ ।  यसै क्रममा गौतम (२०५६), थापा (२०५६), कोइराला (२०५६), गिरी (२०६२), लामिछाने (२०६४), पोखरेल (२०६५), अश्क (२०६५), कसजू (२०६५) एवम् बराल (२०६५) का अध्ययन महत्त्वपूर्ण रहेका छन् । यी अध्ययनमा मोहनराज शर्माले प्रस्तुत गरेका सैद्धान्तिक आधारलाई प्रस्तुत गर्दै त्यसमा केही विशेषता समेत थप्ने कार्य गरिएको छ । लघुकथा लेखकका कृतिमा भूमिका लेख्ने क्रममा भएका अध्ययनमा नेपाली लघुकथाको सिद्धान्तका बारेमा केही तथ्यहरू प्रस्तुत गरेका छन् । ती

अध्ययनले पनि नेपाली लघुकथाको सैद्धान्तिक अध्ययनका लागि सामग्रीको काम गरेको छ । नेपाली लघुकथाको सिद्धान्तका सम्बन्धमा भएका यी अध्ययन प्रारम्भिक स्तरका हुन् ।

नेपाली लघुकथाको विकासक्रम निर्धारण गर्ने कार्यको प्रारम्भ श्रेष्ठ (२०५६) ले गरेको पाइन्छ । उनले नेपाली लघुकथालाई तीन कालमा विभाजन गरेका छन् । उनले कालविभाजन गर्ने समयमा नेपाली लघुकथाको खासै विकास भइसकेको थिएन । नेपाली कथाको विकासक्रमलाई नै आधार मानेर नेपाली लघुकथा लेखनको पनि विकासक्रम निर्धारण गरिएको पाइन्छ । नेपाली लघुकथाको स्वतन्त्र अस्तित्वलाई देखाउने काम यस विकासक्रम निर्धारण भएसँगै भएको हो । उनले गरेको काल विभाजनलाई जस्ताको त्यस्तै पछ्याउनेमा पोखरेल (२०५९), अश्क (२०५९) र लामिछाने (२०५९) रहेका छन् । कोइराला (२०५६) ले सामान्य परिमार्जन सहित यसै कालविभाजनलाई अघि बढाएका छन् ।

नेपाली लघुकथामा कालविभाजनका सन्दर्भमा पौडेलले (२०६२) विकासक्रम सम्बन्धी फरक मान्यता ल्याएका छन् । उनले नेपाली लघुकथाको काल विभाजनलाई नेपाली कथाको कालविभाजनभन्दा फरक किसिमले प्रस्तुत गरेका छन् । नेपाली लघुकथामा राजनीतिक र सामाजिक परिवर्तनको सन्दर्भमा युगचेतनाले ल्याएको प्रभावका आधारमा काल विभाजन गरेको पाइन्छ । उनको यस मान्यतालाई अझ सूक्ष्म किसिमले उपवर्गीकरण गरेर नवीन मूल्य एवम् मान्यता सहित प्रस्तुत गर्ने काम गौतम (२०६७) एवम् भट्ट (२०६९) ले गरेका छन् । नेपाली लघुकथाको काल विभाजन कार्यले नेपाली लघुकथालाई चिनाउने काम गरेको छ ।

नेपाली लघुकथा कृति प्रकाशित गर्ने लेखकका सम्बन्धमा विभिन्न अध्ययन भएका छन् । यी अध्ययनमा नेपाली लघुकथा लेखकका लेखनगत प्रवृत्तिको पहिचानका साथै लेखनगत विशेषताको बारेमा समेत चर्चा भएको पाइन्छ । अध्येताले नेपाली लघुकथाका सर्जकले आफ्नो युगका चरित्रको विश्लेषणका साथै जीवनगत मूल्यबोध गरेको बताएका छन् । यसरी नै नेपाली लघुकथामा नेपाली समाजका विभिन्न विकृत पक्षप्रति व्यङ्ग्यात्मकताको साथै सन्देशपरकता पाइने अभिमत प्रकट गरेका छन् । यस अध्ययनमा विभिन्न लेखकका लघुकथा कृतिका प्रवृत्तिगत विशेषताका सम्बन्धमा चर्चा गरिएको पाइन्छ । यसरी नै विभिन्न लेखकका कृतिका भूमिकामा नेपाली लघुकथाको परम्परा, लघुकथा रचनामा पाइने युगचेतनागत विशेषताका साथै लेखनगत प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

यस पूर्वकार्यको समीक्षाबाट प्राप्त अन्य महत्त्वपूर्ण तथ्यलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) नेपाली लघुकथाको सिद्धान्तको बारेमा चर्चा गर्ने क्रममा नेपाल (२०५५), गौतम (२०५६), शर्मा (२०५९) र अश्क (२०६५) ले लघुकथा रचनामा पाइने युगचेतनागत प्रवृत्तिको बारेमा पनि सामान्य चर्चा गरेका छन् । नेपाली लघुकथाका रचनामा राजनीतिक, सामाजिक एवम् सांस्कृतिक पक्षसँग सम्बन्धित रहेर युगचेतना प्रकट भएको विचार व्यक्त गरिएको छ ।

(ख) नेपाली लघुकथा सम्बन्धमा सिद्धिचरण (२००७), बाङ्देल (२००८), आचार्य (२०३९), विकल (२०३९), पौडेल (२०३९), गौतम (२०५१), विकल (२०५२), बाज्राकी (२०५२), भट्टराई (२०५५), रेग्मी (२०५६), कँडेल (२०५७), गोर्खाली (२०५७), ज्ञवाली (२०५७), पन्थी (२०५९), जोशी (२०६०), गौतम (२०६०), शर्मा (२०६०), महर्जन (२०६०), खडका (२०६०), तिवारी (२०६०), पाण्डेय (२०६१), पोखरेल (२०६१), श्रेष्ठ (२०६४), इस्माली (२०६४), पत्थर (२०६४), श्रेष्ठ (२०६५), भट्ट (२०६६), भण्डारी (२०६७), भट्टराई (२०६९), चालिसे (२०६९), न्यौपाने (२०६९), भट्ट (२०६९), भट्ट (२०७०) का अध्ययनमा नेपाली लघुकथामा पाइने युगचेतनागत प्रवृत्तिका बारेमा चर्चा गरिएको छ । यी अध्ययनमा विभिन्न लेखकका लघुकथा रचनामा विभिन्न विषयवस्तुगत युगचेतना पाइने र युगचेतनाका माध्यमबाट नेपाली समाजको विश्लेषण गरिएको विचार व्यक्त गरिएको छ ।

(ग) नेपाली लघुकथा सम्बन्धमा देवकोटा (२०५६), महर्जन (२०६०), खडका (२०६०), पहाडी (२०६८) र गिरी (२०६३) का अध्ययनमा विभिन्न नेपाली लघुकथा रचनामा पाइने विचारगत युगचेतनाको चर्चाका साथै विश्लेषण समेत गरिएको छ ।

(घ) भट्ट (२०७०) को अध्ययनमा नेपाली लघुकथाको संरचना र भाषाशैलीगत युगचेतनाको अध्ययन गरिएको छ ।

माथि उल्लेखित अध्ययनहरूमा नेपाली लघुकथामा पाइने युगचेतनागत प्रवृत्तिका बारेमा अध्ययन गरिएको छ । यी अध्ययनमा नेपाली लघुकथामा पाइने युगचेतनागत प्रवृत्तिका बारेमा सामान्य अध्ययन मात्र भएकोले समग्रतामा अध्ययन गर्नु आवश्यक देखिन्छ । हालसम्म भएका अध्ययनको अभावलाई पुरा गर्न यो अध्ययन गरिएको छ ।

### १.४.५ अध्ययनको औचित्य र महत्त्व

नेपाली लघुकथामा समसामयिक युगचेतनाको प्रभाव परेको पाइन्छ । नेपाली लघुकथाको विकास एवम् विस्तारका लागि व्यवस्थित अध्ययन र अनुसन्धान आवश्यक छ । प्रस्तुत अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त युगचेतनागत विशेषताको विस्तृत अध्ययन र विश्लेषण गरिएकोले यस अध्ययनको औचित्य रहेको छ । नेपाली लघुकथाको छ दशकभन्दा लामो लेखन परम्परा पाइन्छ । हालसम्म कृतिगत रूपमा एक सय पचास भन्दा बढी लघुकथा कृति प्रकाशित भएको पाइन्छ । फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा लघुकथा

रचनाहरू छापिने क्रम जारी छ । नेपाली साहित्यको महत्त्ववपूर्ण विधाको रूपमा स्थापित भएको लघुकथाका सम्बन्धमा प्राज्ञिक क्षेत्रमा हालसम्म व्यवस्थित अध्ययन भने हुन सकेको छैन । यसै सन्दर्भमा यस अध्ययनले नेपाली प्राज्ञिक, बौद्धिक क्षेत्रमा नेपाली लघुकथालाई उचित स्थान दिलाउन मद्दत गर्ने भएकाले यसको महत्त्व रहेको छ । नेपाली लघुकथा रचनाले हाल आएर पाठ्यपुस्तकमा समेत ठाउँ पाएको छ । यसै सन्दर्भमा यो अध्ययनले शैक्षणिक प्रयोजनका लागि समेत लघुकथासम्बन्धी आवश्यक सूचना एवम् सामग्री प्रदान गर्नेछ । नेपाली भाषा साहित्यका पाठ्यपुस्तकमा नेपाली लघुकथालाई समावेश गर्नका निमित्त आधार समेत तयार गर्नेछ । यस अध्ययनबाट नेपाली प्राज्ञिक/साहित्यिक क्षेत्रमा थप ज्ञानको प्राप्ति हुने भएकोले पनि यसको महत्त्व देखिएको छ । यस शोध कार्यले नेपाली लघुकथामा युगचेतना र नेपाली लघुकथाहरूमा यसको प्रभावका सन्दर्भमा सैद्धान्तिक एवम् व्यवहारिक अध्ययन, अध्यापन, चिन्तन, मनन, बहस र छलफल गर्न चाहने आम प्राज्ञिक वर्गका लागि समुचित ज्ञान र मार्गनिर्देश गर्ने भएकोले पनि यसको व्यवहारिक उपयोगिता पनि पुष्टि भएको छ ।

### १.४.६ अध्ययनको सीमाङ्कन

यस शोधकार्यको क्षेत्र एवम् सीमाहरू यसप्रकार रहेका छन् :

(क) यस शोधकार्यमा नेपाली भाषामा प्रकाशित पहिलो कृति पूर्णप्रसाद ब्राह्मणको **भिल्का** (२००७) प्रकाशित भएदेखि वि.स. २०७२ चैत्रसम्म प्रकाशित लघुकथाका कृतिहरूको अध्ययन गरिएको छ । नेपाली लघुकथामा कम्तीमा पनि एक कृति प्रकाशित गरेका लेखकका कृतिलाई विश्लेषणको सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस अध्ययनमा फुटकर पत्रपत्रिका एवम् विशेषाङ्कमा प्रकाशित लघुकथालाई विश्लेषण गरिएको छैन ।

(ख) यस शोधकार्यमा नेपाली लघुकथामा पाइने युगचेतनागत विशेषतालाई आधार मानेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त युगचेतनालाई विषय, विभिन्न वाद, संरचना तथा भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### १.७ शोधविधि

प्रस्तुत अध्ययनमा निम्नलिखित अनुसारको सामग्री सङ्कलन, सैद्धान्तिक विधि र ढाँचाको अध्ययन गरिएको छ ।

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धमा नेपाली लघुकथा कृतिमा प्रकाशित रचनाहरूलाई विश्लेषणको सामग्रीका रूपमा लिइएको छ । यस अध्ययनमा नेपाली लघुकथाका प्रकाशित कृतिहरूलाई

प्रमुख सामग्रीका रूपमा लिएर अध्ययन गरिएको छ । नेपाली लघुकथाका सम्बन्धमा प्रकाशित शोध, पुस्तक, पत्रपत्रिका एवम् फुटकर सामग्रीलाई सहायक सामग्री मानेर अध्ययन गरिएको छ । नेपाली लघुकथाका सन्दर्भमा गरिएका विभिन्न अध्ययनलाई पनि शोधसामग्रीको रूपमा लिइएको छ । यसका लागि अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका लागि नेपाली लघुकथाका कृतिहरूको पठनबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक विधि र ढाँचा

यस अध्ययनमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको विश्लेषणका लागि विषयवस्तुलाई प्रमुख आधार बनाइएको छ भने विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाको विश्लेषण गर्ने सन्दर्भमा नेपाली कथा/लघुकथामा प्रचलित विभिन्न वादलाई आधार बनाइएको छ र अन्त्यमा युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैलीगत तत्त्वलाई पनि आधार बनाइएको छ । अध्ययनका लागि निम्नलिखित किसिमको ढाँचा निर्माण गरिएको छ ।

#### १.७.२.१ नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतना

नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि राजनीतिक, सामाजिक, कला-संस्कृति, धर्म, आर्थिक अवस्था, भाषा-साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासनिक अवस्था, विज्ञान र प्रविधि संस्कृति, आधुनिक सभ्यता/जीवनशैली, न्याय/कानुन, पत्रकारिता, मिथक, प्रवासी जीवन भोगाइ, नारीवादी चेतनाको सन्दर्भ जस्ता विषयवस्तुलाई आधार बनाइएको छ ।

#### १.७.२.२ विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना

नेपाली लघुकथामा विभिन्न वादका आधारमा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, मनोविश्लेषण, अस्तित्ववाद-विसङ्गतिवाद र उत्तरआधुनिकतावादका सन्दर्भमा युगचेतनालाई आधार बनाइएको छ ।

#### १.७.२.३ युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली विश्लेषणका क्रममा विधातत्त्व वा संरचनाका रुपमा कथानक, परिवेश, चरित्रचित्रण, दृष्टिबिन्दु एवम् उद्देश्यमा युगचेतनाको प्रस्तुतिलाई अध्ययन गरिएको छ । यस्तै भाषाशैली अर्न्तगत विचलन, समानान्तरता, पर्यार्ययोक्ति-पयार्ययुक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण एवम्

अप्रचलित शब्द एवम् शब्दयुग्म, सादृश्यविधान अर्न्तगत बिम्बबिधान, प्रतीकविधान, अलङ्कारविधान तथा मानवीकरण, व्यङ्ग्योक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैचित्र्य, क्रियामुक्त/क्रियायुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको समेत अध्ययन गरिएको छ ।

**१.८ शोधप्रबन्धको रूपरेखा**

प्रस्तुत शोधप्रबन्धलाई निम्न अनुसार परिच्छेद विभाजन गरेर अध्ययन गरिएको छ :

**परिच्छेद एक -** शोधपरिचय ।

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन तथा सैद्धान्तिक विधि एवम् शोधप्रबन्धको रूपरेखाका सम्बन्धमा प्रकाश पारिएको छ ।

**परिच्छेद दुई -** लघुकथा सिद्धान्त तथा लघुकथामा युगचेतना विश्लेषणको ढाँचा

यस परिच्छेदमा लघुकथाको सिद्धान्त तथा नेपाली लघुकथाका सन्दर्भमा युगचेतनाको विश्लेषणका लागि निश्चित ढाँचा निर्माण गरिएको छ । सो ढाँचाका आधारहरूबारे प्रकाश पारिएको छ ।

**परिच्छेद तीन-** नेपाली लघुकथाको विकासक्रम

यस परिच्छेदमा नेपाली लघुकथाको विकासक्रमबारे गरिएको अध्ययनहरूका बारेमा विश्लेषण गरिएको छ । त्यस्तै नेपाली लघुकथाको विकासक्रम र प्रमुख प्रतिभाका बारेमा चर्चा गरिएको छ । नेपाली लघुकथाको विकासमा योगदान दिने लेखक, लेखकहरूका कृति, सम्पादित कृति र विशेषाङ्कका बारेमा जानकारी दिइएको छ । व्यक्तिगत एवम् संस्थागत रूपमा भएगरेका कार्यको विवरण प्रस्तुत गर्नाका साथै नेपाली लघुकथाका प्रमुख कालखण्डका विशेषतासमेत प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार-** नेपाली लघुकथाका विषयवस्तमा प्रतिबिम्बित युगचेतना

यस परिच्छेदमा नेपाली लघुकथाका विषयवस्तुमा प्रतिबिम्बित युगचेतनाको अध्ययन गरिएको छ । लघुकथामा अभिव्यक्त विषयवस्तुलाई सत्रवटा शीर्षकमा विभाजन गरेर विश्लेषण गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त विषयवस्तुअन्तर्गत राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम् जीवनशैली, न्याय कानुन, पत्रकारिता, मिथक, डायोस्पोरा एवम् नारीवादी चेतनाका सन्दर्भहरूलाई मूल आधार मानेर विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच -** विभिन्न वादका रुपमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना

यस परिच्छेदमा विभिन्न वादका आधरमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनाअन्तर्गत आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद र विसङ्गतिवाद, मनोविश्लेषण,

सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकतावाद गरेर छवटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

**परिच्छेद छ** - युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली विश्लेषणका क्रममा विधातत्त्व वा संरचनाका रुपमा कथानक, परिवेश, चरित्रचित्रण, दृष्टिबिन्दु एवम् उद्देश्यमा युगचेतनाको प्रस्तुतिलाई अध्ययन गरिएको छ । यस्तै भाषाशैली अर्न्तगत विचलन, समानान्तरता, पर्यार्ययोक्ति-पयार्ययुक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण एवम् अप्रचलित शब्द एवम् शब्दयुग्म, सादृश्यविधान अर्न्तगत बिम्बबिधान, प्रतीकविधान, अलङ्कारविधान तथा मानवीकरण, व्यङ्ग्योक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैचित्र्य, क्रियामुक्त/क्रियायुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको समेत अध्ययन गरिएको छ ।

**परिच्छेद सात** - अध्ययनको सारांश एवम् निष्कर्ष

यस परिच्छेदमा शोधकार्यबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ । निष्कर्षका आधारमा अध्ययनको सारांश दिइएको छ ।

# परिच्छेद दुई

# लघुकथाको सिद्धान्त तथा युगचेतना विश्लेषणको ढाँचा

## २.१ विषयपरिचय

यस परिच्छेदमा नेपाली लघुकथाको सैद्धान्तिक स्वरूपको पहिचान गर्ने सन्दर्भमा सर्वप्रथम लघुकथाको परिचय एवम् परिभाषालाई स्पष्ट पारिएको छ । लघुकथाको परिचय दिने क्रममा लघुकथालाई परिभाषित गर्ने अङ्ग्रेजी, हिन्दी एवम् नेपाली विद्वान्का विचारलाई प्रस्तुत गरिएको छ । विभिन्न विद्वान्का परिभाषाका आधारमा लघुकथाको परिचयलाई प्रस्तुत गरिएको छ । यसै क्रममा नेपाली लघुकथाको स्वरूपका बारेमा चर्चा गर्ने क्रममा विभिन्न विद्वान्ले प्रस्तुत गरेका विचारहरूलाई अभिव्यक्त गर्नाका साथै लघुकथाको स्वरूपका रूपमा कथानक, चरित्र, परिवेश, उद्देश्य र दृष्टिबिन्दुका बारेमा चर्चा गरिएको छ ।

## २.२ लघुकथा : परिचय एवम् परिभाषा

लघुकथा आख्यानको प्रभेद मानिन्छ । आख्यानका प्रमुख भेदमा उपन्यास, कथा एवम् लघुकथा पर्दछन् । नेपाली लघुकथा लेखनको इतिहास पुरानो भए पनि यसको विकासको गति समान रहन सकेन । नेपाली लघुकथा पचासको दशकयता पहिलेभन्दा अझ सशक्त किसिमले विकसित भएर आएको छ । पछिल्लो समय नेपाली साहित्यमा लघुकथा लेखनका बारेमा चर्चापरिचर्चा बढ्नाका साथै लघुकथा लेखनका विविध पक्षमाथि विश्लेषण गर्ने काम पनि हुन थालेको छ । यस अध्ययनमा अङ्ग्रेजी, हिन्दी एवम् नेपाली साहित्यका क्षेत्रमा लघुकथाका सम्बन्धमा भएका प्रस्तुत गरिएका महत्त्वपूर्ण विचारलाई अध्ययनको विषय बनाइएको छ । लघुकथाका बारेमा विभिन्न विद्वान् तथा लेखक/समालोचकबाट अभिव्यक्त विचारहरू यस प्रकार रहेका छन् ।

### २.२.१ लघुकथा सम्बन्धमा अङ्ग्रेजी लेखक एवम् समालोचकका विचार

लघुकथा लेखनका बारेमा अङ्ग्रेजी लेखकहरूले आफ्ना धारणा एवम् चिन्तन प्रभावकारी किसिमले व्यक्त गरेका छन् । अङ्ग्रेजी साहित्यमा लघुकथाका विभिन्न रूप पाइन्छन् । विभिन्न खाले प्रयोगका कारण अङ्ग्रेजी साहित्यले आफ्नो अलग्गै पहिचान बनाउन सकेको छ । यस अध्ययनमा लघुकथाका बारेमा अङ्ग्रेजी साहित्यका लेखक-समालोचकका विचारलाई प्रस्तुत गरिएको छ ।

हाव (सन् १९९८) का विचारमा "लघुकथा सामान्य प्रकारको कथाभन्दा भिन्न हुन्छ । यो यति डरलाग्दो गरी छोट्ट्याइएको हुन्छ कि लगभग एउटा गीति कविता जस्तै प्रकाशको झिल्का जस्तै प्रस्फुटित/विस्फोटित हुन्छ । यसले घटनाहरूलाई निराकरण गर्दै आफूलाई एउटैमा सीमाबद्ध गर्दछ र प्रतीकात्मक मूल्य हासिल गर्दछ" (परफेस्) ।

वेल्स (सन् २०११) का विचारमा "लघुकथा जनताको दैनिक जीवनयापनमा रहेको समयको सानो अंशमा उपयोग गर्न सकिने आख्यानको सानो परिमाण हो, जो सजिलै बस वा रेलको यात्रामा समेत ग्रहण गर्न सकिन्छ" (पृ. ?) ।

अब्राहम्स (सन् १९९१) का विचारमा "हल्का तरिकाले विस्तार गरिएको करिब पाँचसय शब्द भित्रको जटिल कथात्मक संरचना नै लघुकथा हो ।" (पृ. २३५) ।

लरेन्स (सन् १९१७) का विचारमा "एउटै बसाइमा भन्न र पढन सकिने छोटा कथाहरू लघुकथा हुन्" (पृ. २७५) ।

भेलेनजेइलाले (सन् २०१०) ले "म सामान्यतया उपन्यासलाई स्तनधारी प्राणीसँग जो बाघ जस्तै जङ्गली र गाई जस्तै घरपालुवा हुन्छ, छोटो कथालाई चरा वा माछासँग र लघुकथालाई स-साना रङ्गीचङ्गी किराफट्याङ्ग्राहरू सँग दाँज्दछु" (पृ. २०) ।

मोस (सन् १९९८) ले "केही क्षणका लागि चिन्तन गर्नुपर्ने, केही हरफमा, केवल पचपन्न शब्दभित्र नै पुरा गर्न सकिने रचना लघुकथा हुन्छ" (पृ. ?)

लघुकथा सम्बन्धमा अङ्ग्रेजी लेखकका विचारमा भिन्नता पाइन्छ । वेल्स, लरेन्सले समयका आधारमा, अब्राहम्स, मोसले शब्द संख्याका आधारमा एवम् भेलेनजेइलाले स्वरूपका आधारमा लघुकथाको परिभाषा दिएका छन् । अङ्ग्रेजी साहित्यमा आख्यानका विभिन्न रूप प्रचलनमा रहेका छन् । लेखनमा विविधता भएजस्तै तिनका विषयमा पनि विभिन्न विचार वा दृष्टिकोण व्यक्त हुँदै आएका छन् । लघुकथाको शब्दसीमाका बारेमा पनि विभिन्न विचार व्यक्त हुँदै आएका छन् । लघुकथा आख्यानात्मक विधा भएको र यसले कमै समयमा प्रभावकारी विचार सम्प्रेषण गर्ने कुरामा भने सबैको एकमत रहेको छ ।

### २.२.२ लघुकथाका सम्बन्धमा हिन्दी लेखक एवम् समालोचकका विचार

लघुकथाका सम्बन्धमा हिन्दी भाषा-साहित्यका लेखक एवम् समालोचकले आआफ्ना महत्त्वपूर्ण विचारहरू व्यक्त गरेका छन् । यी विचारले लघुकथाको परिचय स्थापित गर्ने कार्यमा महत्वपूर्ण योगदान दिएका छन् । तिनले व्यक्त गरेका विचारहरू यहाँ प्रस्तुत गरिएको छ ।

काबरा (२०६५) का विचारमा "लघुकथा संक्षिप्त आकारको त्यो प्रभावपूर्ण कथात्मक गद्यविधान हो जसले मानवीय संवेदनाहरूको कुनै एक क्षणलाई प्रभावशाली एवम् कलात्मक शिल्पद्वारा सघनताका साथ प्रकट गर्दछ" (पृ. ७) ।

राय (२०६५) का विचारमा "लघुकथा एक स्वतः पूर्ण रचना हो, जसमा एक तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्तिकेन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्रमाथि प्रकाश पार्ने वर्णन होस्" (पृ. ७) ।

द्विवेदी (सन् १९९३) का विचारमा “जीवनका विसङ्गतिलाई उजागर गर्ने लघुकथा एक न्युट्रन बम हो, जसले विष्फोट हुने बित्तिकै एकाएक अर्न्तमनलाई आन्दोलित पार्दछ” (पृ. ३)

भगीरथ (सन् १९८३) का विचारमा “लघुकथामा जीवनको कुनै जीवन्त क्षण लघु तर महत्त्वपूर्ण अनुभव, अनुभवजन्य विचार र संवेदना तथा कथ्यको स्वतन्त्र रूपले कम से कम शब्दमा सशक्त अभिव्यक्ति गर्ने क्षमता हुन्छ” (पृ.२) ।

प्रभाकर (सन् १९८३) का विचारमा “लघुकथाको विशेषता चमत्कृत गर्ने मात्र हुँदैन, न कि स्तब्ध गर्ने, त्यो त सूत्र रूपमा विराट् जीवनको व्याख्या गर्दछ, लघुकथाको आफ्नो भाषा हुन्छ, न भावुकता न उपापोह, न आसक्ति तर अर्थ वहन गर्ने क्षमतामा भने अपूर्व हुन्छ” (पृ. १) ।

दूबे (सन् १९८३) का विचारमा “लघुकथा मानवमनको अभिव्यक्तिलाई केही शब्दहरूमा प्रभावकारी ढङ्गबाट भन्न सक्ने सशक्त विधा हो, यसको आन्तरिक शक्ति अति तीव्र र संवेदनाका तन्तुहरूलाई प्रभावित गर्ने तत्त्व अति शक्तिशाली हुन्छन् जसले गर्दा तिनको प्रयोग अभूतपूर्व हुन्छ” (पृ. १)

पुष्करणा (सन् १९८३) का विचारमा “लघुकथा समाजमा व्याप्त विसङ्गतिमध्ये कुनै विसङ्गतिलाई लिएर साङ्केतिक शैलीमा प्रस्तुत हुने सारगर्भित प्रभावशाली एक सशक्त कथ्य हो, यसले मानवमनलाई झकझोर गर्ने, छटपटाइदिने लघुआकारीय गद्य रचनाका आकार धारण गरेको हुन्छ” (पृ. ७) ।

हिन्दी साहित्यका विद्वान्का विचारले लघुकथाको परिचय एवम् यसका विशेषतालाई प्रभावकारी किसिमले व्यक्त गरेको पाइन्छ । हिन्दी साहित्यका विद्वान्ले लघुकथाको गद्यात्मकताका बारेमा चर्चा गर्दै यसले कमै समयमा प्रभावकारी विचार सम्प्रेषण गर्नेतर्फ संकेत गरेका छन् । उनीहरूले लघुकथाले मानवीय संवेदनालाई स्पर्श गर्दै मानव जीवनलाई प्रभावशाली किसिमले व्यक्त गर्ने बताएका छन् ।

### २.२.३ लघुकथाका सम्बन्धमा नेपाली लेखक एवम् समालोचकका विचार

लघुकथाका सम्बन्धमा नेपाली भाषा-साहित्यका लेखक एवम् समालोचकले आफ्ना महत्त्वपूर्ण विचार व्यक्त गरेका छन् । लघुकथाका सम्बन्धमा व्यक्त यी विचारले लघुकथालाई नेपाली साहित्यमा परिचित गराउन एवम्  परिचय स्थापित गर्ने कार्यमा महत्त्वपूर्ण योगदान दिएको छ । यस अध्ययनमा नेपाली साहित्य क्षेत्रका लेखक तथा समालोचकबाट व्यक्त गरिएका विचारहरूलाई प्रस्तुत गरिएको छ ।

गौतम (२०५६) का विचारमा "उपन्यास माला हो, कथा गुच्छा हो भने लघुतम कथा एउटा सिँगो फूल हो" (पृ. घ)।

श्रेष्ठ 'रोदन' (२०५६) का विचारमा "लघुकथा कथाको सानो रूप होइन। यो स्वतन्त्र विधा हो। यसको अस्तित्व मौलिक छ। मूल्य, मान्यता र संरचनाका दृष्टिले पनि लघुकथालाई पृथक् विधाको रूपमा प्रस्ट पारेको छ। सीमित परिवेश, सीमित चरित्र र सीमित प्रभावकारिता लघुकथाभित्रका अनिवार्य गुण हुन्। त्यसैले लघुकथा छोटो हुन्छ तर परिपूर्ण हुन्छ" (पृ. ५९)।

भट्टराई (२०५६) का विचारमा "लघुकथा छोटो समयमा कुनै समस्यालाई चटक्क पारेर कलात्मक र रोचक ढङ्गले गद्यमा प्रस्तुत गर्ने कला हो" (पृ. ४१)।

श्रेष्ठ (२०५६) का विचारमा "आकारगत लघुतामात्र लघुकथाको तात्त्विक पहिचान होइन, मुख्य कुरो त यसमा क्षणभरमै विचार वा भावको प्रभावकारी विष्फोटन हुनसक्ने भित्री अणुसामर्थ्य हुनुपर्दछ" (पृ. १३)।

शर्मा (२०५६) का विचारमा "लघुकथा साहित्यिक विधा आख्यानको एउटा प्रकार हो ....कथा र उपन्यासझै लघुकथा पनि स्वयंमा पूर्ण र स्वायत्त रचना हो। उपन्यास र कथाझैं प्रत्येक लघुकथाको आफ्नै निहित योजना हुन्छ र यही निहित योजनाले त्यसलाई पूर्ण र स्वायत्त रचनाका रूपमा सिद्ध गर्छ" (पृ. २५-२६)।

थापा (२०५६) का विचारमा "लघुकथा गद्यविधाको त्यो कथात्मक विधा हो, जुन आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रूपमा सम्भवत : सर्वाधिक संश्लिष्ट माध्यमले सक्षम छ, जुन छोटो भईकन पनि चुटिलो र छरितो हुने गर्छ" (पृ. ८६)।

गौतम (२०५६) का विचारमा "आख्यानभित्र पनि बृहद् आयाममा संरचित आख्यान, मध्यम आयाममा संरचित आख्यान र लघु वा लघुतम आयाममा संरचित आख्यानहरू पर्दछन्। यही आख्यानभित्रको लघुकथा नेपाली कथामा प्रयुक्त सूत्रसंरचना वा लघुआयाममा संरचित कथा हो" (पृ. ६१)

रेग्मी (२०५६) का विचारमा "कथा उपन्यासको सानो अंश नभएजस्तै लघुकथा पनि कथाको सानो टुक्रा होइन। लघुकथा आँखीझ्यालको एउटा प्वालबाट देखिने सानो एक झलक हो भने कथा आँखीझ्यालबाट देखिने एउटा पूरा दृश्य हो" (पृ. ५६)।

ज्ञवाली (२०५७) का विचारमा "यो आख्यानविधाको लघुतम उपविधा हो। आफ्नो विधाको लघुतम रूपमा प्रस्तुत हुनु यसको आकारगत सीमा हो। यसको दोस्रो पहिचान सङ्क्षिप्तता हो। क्षणभरमा नै विचार तथा भावको तीव्र सम्प्रेषण गर्नु यसको सामर्थ्य हो" (पृ. ५)।

कोइराला (२०५९) का विचारमा "लघुकथालाई आख्यान रूपका दृष्टिले चिनाउँदा आख्यानको छरितो र सूक्ष्म प्रस्तुति नै लघुकथा हो....लघुकथा आकारले सङ्क्षिप्त वा लघु बनोटले सूक्ष्म, बुनोटले गाद्यिक अणुझैं शक्तिशाली अर्थवाहक हुन्छ । कुनै घटना वा समस्यालाई सूक्ष्म रूपमा कलात्मक ढङ्गले प्रस्तुत गर्ने कला लघुकथा हो" (पृ. १५-१६) ।

राकेश (२०५९) का विचारमा "पाठकको मनमा एक प्रकारको गहिरो प्रभाव पारी एकै परिणाममा पुऱ्याउने, सङ्क्षिप्त र पूर्ण नभईकन सुसम्बद्ध रूपमा भनिएको कथालाई नै सानो कथा वा लघुकथा भनिन्छ" (पृ.२१) ।

मधिकर्मी (२०६२) का विचारमा "छोटोमा वा एक झमटमा जीवनको कुनै एउटा अंश, क्षण वा अनुभूतिलाई उदधृत गरिएको कथात्मक रचना नै लघुकथा हो" (पृ.४) ।

पौडेल (२०६३) का विचारमा "लघुकथा आख्यान विधाको लघुतम प्रवर्ग भए पनि यो आफैमा पूर्ण हुनाका साथै यस मार्फत विचार सम्प्रेषणमा सङ्कुचनको अवस्था रहँदैन । लघु आयामकै कारण पठन, आस्वादनमा छरितोपन र सघन विचारको सम्प्रेषण तथा पाठकका जिज्ञासाको शमन गर्न वैशिष्ट्य लघुकथामा देखिन्छ" (पृ. २२) ।

लामिछाने (२०६४) का विचारमा "लघुकथा साहित्यको नयाँ र लघुआयाम भएको छिटोछरितो आख्यानात्मक गद्यविधा हो....लघुकथा आख्यानात्मक गद्यविधा भएकाले यो आख्यानका फाँटमा पर्दछ । आख्यान फाँटको लघुतम भेद लघुकथा, लघु भेद कथा र बृहद भेद उपन्यास हो । यस अर्थमा लघुकथा आख्यानको लघुतम भेद हो" (पृ. १५२) ।

अश्क (२०६५) का विचारमा "कथा उपन्यासको लघु रूप नभए पनि आख्यानकै एउटा अङ्ग हो । लघुकथा पनि कथाको सङ्क्षेपीकृत रूप नभए पनि कथातत्त्वसहितको आख्यानकै एक अङ्ग हुनाले लघुकथालाई आख्यानकै एक उपभेदका रूपमा लिन सकिन्छ र लघुकथा लेखन आख्यानतत्व निहित लेखन हो" (पृ. ६)।

शर्मा (२०६७) का विचारमा "लघुकथा लेखन आख्यान विधाको लघुतम आयामको नवीन प्रयोग हो" (पृ. ढ) ।

बराल (२०६९) का विचारमा "आख्यानको वर्गीकरणका सन्दर्भमा यसलाई पहिले कथा र उपन्यासमा वर्गीकरण गरी कथाको पनि लघुकथा र लामा कथाजस्ता भेद गर्न सकिन्छ" (पृ. ३७) ।

भाष्कर (२०७१) का विचारमा "लघुकथा साहित्यका विविध विधामध्ये आख्यानसँग सम्बन्धित एउटा उपविधा हो । उमेर, स्वभाव र सम्बन्धका हिसाबबाट यसलाई आख्यानको कान्छो एवम् फुच्चे भेद मानिन्छ" (पृ.४) ।

उर्पयुक्त अध्ययनहरूले लघुकथाको परिचय दिने कार्य गरेका छन् । पचासको दशकपछि नेपाली साहित्यमा लघुकथा लेखनका सैद्धान्तिक पक्षका बारेमा कलम चलाउने कार्य भएको पाइन्छ । यस क्रममा लघुकथासँग सम्बन्धित समालोचकका साथसाथै लघुकथा कृतिका रचनाकारले पनि लघुकथाका बारेमा आफ्ना विचार एवम् दृष्टिकोण व्यक्त गरेका छन् । नेपाली लघुकथाका बारेमा नबुझ्रेर टिप्पणी गर्नेहरूलाई यी अध्ययनले चुनौती दिएका छन् । धेरै जसो लघुकथा चिन्तकले लघुकथालाई आख्यानको लघुतम भेदका रूपमा स्वीकार गरेका छन् । लघुकथा आख्यानसँग सम्बन्धित भए पनि उपन्यास र कथाभन्दा भिन्न रहेको र त्यस भिन्नताले लघुकथालाई मौलिक अस्तित्व प्रदान गरेको विचार व्यक्त गरेका छन् । लघुकथा उपन्यास र कथाजस्तै आख्यानको भेद हो । उपन्यास र कथासँग समवर्गीय गुणको मिलान भए पनि यिनका बीचमा केही भिन्नता पनि छन् । यी भिन्नताले यिनीहरूका बीचको सम्बन्धलाई निर्धारित गर्दछ ।

लघुकथालाई आख्यानको एक भेद कथासँग जोडिएर हेर्ने गरिएको पाइन्छ । कथा र लघुकथा एकै परिवारसँग सम्बन्धित भए पनि यिनका बीचमा भिन्नता रहेको छ । मोहनराज शर्मा (२०६६) ले लघुकथाको अन्य सहवर्ती विधासँगको सम्बन्धका बारेमा चर्चा गर्ने क्रममा "उपन्यास आख्यानको बृहत् रूप हो भन्ने, कथा लघुरूप हो भन्ने र लघुकथा चाहिँ लघुतम रूप हो भन्ने ठहरिन्छ" (पृ. १७८) भनेका छन् । उनले लघुकथा आख्यानको एक भेद भएकाले अन्य भेदभन्दा भिन्न भएको विचार व्यक्त गरेका छन् । लघुकथा कथाभन्दा भिन्न हुनुको आधार यसको स्वरूपगत भिन्नता हो तथापि स्वरूपमा लघुताले मात्र लघुकथा निर्माण हुँदैन । लघुकथा निर्माण हुन यसको विषयवस्तु, परिवेश र चरित्रमा समेत लघुता हुनु पर्दछ । जसरी एउटा लामो मानिसलाई काटेर होचो मानिस बनाउन सकिँदैन, त्यसरी नै उपन्यास एवम् कथालाई छोटो पार्दैमा लघुकथा बन्न सक्दैन । लघुकथामा कम समयमा प्रभावशाली विचार सम्प्रेषण हुनुपर्छ । शक्तिशाली विचार नै यसको मूल प्राण हो । लघुकथाको अन्त्यमा निश्चित विचार वा सन्देश प्रवाहित हुन सकेन भने लघुकथा लघुकथा हुँदैन । लघुकथाको समापन प्रभावकारी हुनुपर्छ । यसमा पाठकले आफै अर्थ लगाउन सकोस् भन्नका लागि कतिपय कुरा बाँकी राखिएको हुन्छ । यसै सन्दर्भमा कृष्णहरि बराल (२०६९) का विचार सान्दर्भिक छन्, "सूत्रात्मक हुनु यसको मूल लक्षण हो र यसमा कतिपय कुराहरू लेखकले नलेखी पाठकले आफै बुझ्रून् भनेर अध्याहार छोडिएको पनि हुन्छ, जसलाई पाठकले सङ्केतले बुझ्रनुपर्छ" (पृ. ४०) । बरालले लघुकथाको सुत्रात्मकताका बारेमा चर्चा गरेका छन् भने अर्कोतिर लघुकथामा बौद्धिक पाठक पनि हुनुपर्ने तर्फ सङ्केत गरेका छन् । लघुकथा लेखकले आफ्नो क्षमता एवम् सीपका आधारमा रचना निर्माण गर्दछ । लघुकथाको पाठकले पनि कम समयमा धेरै विचार दिनसक्ने प्रभावकारी लघुकथाको खोजी गर्दछ । नेपाली लघुकथामा जीवन र जगत्का विसङ्गत परिवेशप्रतिको आलोचना एवम् नवीन

मूल्यको स्थापना गरिएको हुन्छ । नेपाली लघुकथामा पाइने सार्थक एवम् जीवनमुखी चिन्तनका साथै युगसचेत दृष्टिचेतले गर्दा यो लोकप्रिय हुँदै आएको छ ।

कथा लघुकथाभन्दा भिन्न हुन्छ । यसमा बहुचरित्रहरूको आयोजना गरिएको हुन्छ । परिवेशगत व्यापकताका साथै घटना र पात्रका भावना, संवेदनाका साथै संवादको अधिकताका कारण कथा लघुकथाभन्दा भिन्न हुन्छ । अनुभूतिको गहनता, भावगत व्यापकता र जीवनको आंशिक वर्णनका कारण कथाले लघुकथाभन्दा भिन्न चरित्र स्थापित गर्दछ । लघुकथाले छिटो समयमा प्रभावकारी विचार सम्प्रेषण गर्दछ भने कथाले बिस्तारै पाठकलाई आफ्नो पक्षमा पार्दै गहिरो अनुभूति प्रदान गर्दछ । लघुकथा सूक्ष्मतातिर लाग्दछ भने कथा विशालताको मार्ग खोज्दै जान्छ । कम समयमा बढी दृष्टिकोण प्रस्तुत गर्नुपर्ने भएकाले लघुकथा लेखन जटिल बन्दै गएको छ । लघुकथा लेखन प्रारम्भमा रहर भए पनि अब प्रतिबद्धताको मार्गतर्फ अग्रसर हुँदै गएको छ ।

नेपाली लघुकथाको लेखन मात्र नभएर यसका विषयमा चर्चापरिचर्चा एवम् लेखन शिल्पका बारेमा हुने गरेका अध्ययनले यसको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपाली साहित्यमा प्रचलित लघुकथा पश्चिमी एवम् हिन्दीबाट प्रभावित भए पनि यसको आफ्नै मौलिक परम्परा रहेको छ । यस परम्पराले नेपाली लघुकथालाई फरक पहिचान प्रदान गरेको छ । नेपाली साहित्यमा लघुकथा अब आख्यानसँग सम्बन्धित एक स्थापित एवम् लोकप्रिय साहित्यिक विधाका रूपमा स्थापित भइसकेको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा नेपाली लघुकथालाई परिभाषित गर्नुपर्दा “लघुकथा आख्यानको लघुतम भेद हो, जसमा सीमित कथानक, परिवेश, संवाद एवम् पात्रविधान आयोजना गरिएको हुन्छ । एक कुशल लघुकथामा प्रभावकारी विचार सम्प्रेषण गर्ने अणु सामर्थ्य हुनु पर्दछ ।” भन्न सकिन्छ ।

### २.३ लघुकथा : स्वरूप एवम् संरचना

लघुकथाको स्वरूप लघु हुन्छ । लघुकथामा आख्यानको विस्तारभन्दा पनि सङ्कुचन हुन्छ । लघुकथाको स्वरूपका सम्बन्धमा लक्ष्मणप्रसाद गौतम (२०५६) ले “एउटा आकार वा आकृतिको लघुसंरचना नै लघुकथा हो, जसमा आख्यानको तीव्र र तीव्रतम अभिव्यक्ति हुन्छ ।” (पृ. ६१) । भनेका छन् । उनले लघुकथालाई लघु संरचना जसमा आख्यानको छिटो अभिव्यक्ति हुने विचार व्यक्त गरेका छन् । लघुकथा छिटो-छरितो हुन्छ । बनोट र बुनोटमा छरितोपन हुने र पछिल्ला वाक्यहरूले शक्तिशाली विचार सम्प्रेषण गर्ने हुनाले यसले दिने प्रभावकारिता तीव्र हुन्छ । मोहनराज शर्मा (२०५६) ले “विस्तारका विपरीत संक्षिप्तता नै लघुकथाको पहिचान हो । तसर्थ दुई स्वतन्त्र वाक्यहरूको जति जति विस्तार गरिन्छ त्यति नै यसको लघुतम स्वरूप क्षतिग्रस्त हुन्छ ।” (पृ. २६) । भनेका छन् । शर्माले लघुकथाको

मुख्य विशेषता आख्यानको लघुता भएको विचार व्यक्त गरेका छन् । उनले दुई स्वतन्त्र वाक्यहरूको जति विस्तार हुँदै जान्छ, त्यति नै यसको लघुतम स्वरूप क्षतिग्रस्त हुन्छ भनेर यसको लघु स्वरूपमा नै जोड दिएको पाइन्छ ।

लघुकथाले मानिसको मनमस्तिष्कमा गहिरो प्रभाव पार्ने भएकाले यसमा सन्देशपरकता पाइन्छ । कथा र लघुकथाको संरचनामा भिन्नता हुन्छ । "परम्परित कथाको प्रवाहमा विश्राम हुन्छ र विभिन्न घुम्तीहरू देखिई त्यसमा विभिन्न श्रृङ्खलाहरू रहेका हुन्छन् तर लघुकथामा विश्राम हुँदैन र एकैचोटि विश्राम हुने हुँदा शृङ्खला पनि एउटै हुन्छ ।" (गौतम. २०५६ : ६१) । यसरी हेर्दा लघुकथा अचानक प्रारम्भ हुने, आफ्नो प्रभाव विस्तार गर्ने र प्रभाव छोडेर जाने देखिन्छ । लघुकथामा विभिन्न घुम्ती र मोड पार गरेर आफ्नो गन्तव्यमा पुग्ने भन्दा पनि एक सरल रेखा आरम्भ भएर समाप्त हुन्छ । चेतनप्रवाह एवम् आयामेली शैलीका कथाले लघुकथाको प्रतिनिधित्व गर्न सक्दैनन् । ती कथामा आख्यान र अनुभूतिको तीव्रता एवम् सन्तुलित प्रभावको अभाव हुन्छ ।

आयामको लघुताले मात्र लघुकथा बन्न सक्दैन । लघुकथाका लागि शब्द चयनमा सचेतता एवम् प्रस्तुतिमा नवीनता हुनै पर्दछ । यसै सन्दर्भमा गोविन्द गिरी प्रेरणाको भनाइ मननीय देखिन्छ । उनले "लघुकथा छोटो र थोरै शब्दमा अर्थ दिनुपर्ने भएकाले लघुकथाको प्रभावोत्पादकताका लागि सटीक शब्द, प्रतीक र प्रहारात्मक शैली अपनाउनु उपयुक्त हुन्छ । (गिरी 'प्रेरणा'. २०५६ : ७१) । भनेर लघुकथा रचना निर्माणका लागि रचना निर्माणमा प्रभावकारिता हुनुपर्ने विचार व्यक्त गरेका छन् । उनले अभिधात्मक लेखन भन्दा प्रतीकात्मक लेखनका साथै विकृति विसङ्गतिजन्य परिवेशप्रति प्रहारात्मक शैली हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

लघुकथामा आयामगत लघुतामात्र भएर पुग्दैन । यसको आन्तरिक एवम् बाह्य संरचना कसिलो, पुष्ट एवम् बाँधिएको हुनुपर्छ । आख्यानमा खुकुलोपनाले लघुकथा इतर विधा निर्माणको बाटो निर्माण गर्दछ । लघुकथा मानवीय अनुभूतिलाई कम समयमा सशक्त एवम् प्रभावकारी किसिमले व्यक्त गर्ने साहित्यिक विधा हो । यसमा मानवीय जीवनको यथार्थबोधका साथै युगचेतनाको स्पष्टतः प्रतिबिम्बन पाइन्छ । यस्ता रचनामा लघुता भए पनि अनुभूतिको गहिराई हुने भएकोले यसको प्रभाव लामो समयसम्म रहन्छ । लघुकथाका सम्बन्धमा आफ्नो दृष्टिकोण राख्ने क्रममा कुमारप्रसाद कोइराला (२०५९) ले "लघुकथा आकारले सङ्क्षिप्त वा लघु, बनोटले सूक्ष्म, बुनोटले गाह्रिक, अणुझैं शक्तिशाली अर्थवाहक हुन्छ । कुनै घटना वा समस्यालाई सूक्ष्मरूपले कलात्मक ढङ्गले प्रस्तुत गर्ने कला लघुकथा हो ।" (पृ. १६) भनेका छन् । उनले लघुकथाका विशेषता प्रस्तुत गर्ने क्रममा यसको आकारगत सङ्क्षिप्तता, बनोटमा सूक्ष्मता र बूनोटमा गाह्रिकता हुने विचार व्यक्त गरेका छन् । लघुकथा अणुझैं शक्तिशाली हुनु भनेर यसले दिने प्रभावको व्यापकतातर्फ सङ्केत

गरेका छन् । उनले लघुकथालाई सूक्ष्म रूपले कलात्मक किसिमले प्रस्तुत गर्ने कला भनेर यसको सूक्ष्मताका साथै प्रस्तुतिमा समेत कलात्मकता हुनुपर्नेतर्फ ध्यान केन्द्रित गरेका छन् ।

लघुकथाको स्वरूपका बारेमा चर्चा गरिसकेपछि यसको संरचनाका बारेमा पनि अध्ययन गर्नुपर्ने हुन्छ । लघुकथाको संरचना लघु एवम् सूक्ष्म हुने कुरामा सबैको एकमत देखिन्छ । एउटा सिंगो लघुकथा निर्माणका लागि लघुकथाका संरचक घटकको आवश्यकता हुन्छ । लघुकथा आख्यानसँग सम्बन्धित हुने भएकाले यसको संरचना निर्माणमा आख्यानशास्त्रीय सिद्धान्तले महत्त्वपूर्ण भूमिका खेल्दछ । लघुकथाको संरचक घटक के-के हुनसक्छन् भन्ने बारेमा हालसम्मका अध्ययनलाई ध्यान दिनु आवश्यक देखिन्छ । यसै सन्दर्भमा कुमारप्रसाद कोइराला (२०५९) ले "आख्यान साहित्यका जे संरचक घटक हुन, तिनै लघुकथाका पनि संरचक घटक वा उपकरण हुन्" (पृ १६) भनेका छन् । लघुकथाको तत्त्वको बारेमा चर्चा गर्ने क्रममा उनले लघुकथाको संरचक घटक भनेर स्थूल घटकका रूपमा कथानक, पात्र र परिवेश त्यसरी नै सूक्ष्म घटकका रूपमा विषयसूत्र, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुलाई चिनाएका छन् (कोइराला. २०५९ : १६) । मोहनराज शर्मा (२०५६) ले लघुकथाका उपकरणका रूपमा स्थुल उपकरणमा कथानक, पात्र, परिवेश तथा सूक्ष्म उपकरणका रूपमा भाषा, शैली, उद्देश्य र दृष्टिबिन्दु भनेर वर्गीकरण गरेका छन् (पृ. २६) । गोपाल अश्क (२०६५) ले लघुकथामा पनि कथाजस्तै तत्त्व हुने विचार व्यक्त गर्दै लघुकथाको तत्त्वका रूपमा घटना, पात्र, सङ्घर्ष र निर्णयका बारेमा चर्चा गरेका छन् (पृ. २६) । ईश्वरीप्रसाद पोखरेल (२०६५) ले लघुकुथाका संरचक तत्त्वहरूका बारेमा चर्चा गर्ने क्रममा कथानक/कथावस्तु, पात्र/चरित्र, परिवेश/देशकाल परिस्थिति, संवाद, भाषाशैली, उद्देश्य/सारवस्तु र दृष्टिबिन्दुका बारेमा चर्चा गरेका छन् (पृ. १०-१२) । यसैगरी लक्ष्मणप्रसाद गौतम (२०६९) ले लघुकथाका लघुसंरचक घटक वा तत्त्व भनेर कथानक, अन्तर्वस्तु/भाव/विचार, पात्र/सहभागी, परिवेश, उद्देश्य/प्रयोजन, दृष्टिबिन्दु र भाषा एवम् शैलीलाई प्रस्तुत गरेका छन् (पृ. ४५) । श्रीओम श्रेष्ठ 'रोदन' (२०६९) ले लघुकथाका तत्त्वका बारेमा चर्चा गर्ने क्रममा कथानकता, पात्र, परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषा, शैली एवम् विचार/अर्न्तवस्तुलाई प्रस्तुत गरेका छन् (पृ. २९) । लघुकथाको संरचक घटक एवम् आख्यानको संरचक घटकका बारेमा समालोचकहरूको एकमत रहेको छ ।

यस अध्ययनमा विभिन्न लेखक/समालोचकले गरेका वर्गीकरणलाई मध्यनजर गरेर लघुकथाका संरचक तत्त्वका रूपमा कथानक, चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीलाई अध्ययन गरिएको छ । आख्यानका अन्य घटकको संरचना भन्दा लघुकथाको घटकमा पाइने भिन्नताका बारेमा समेत चर्चा गरिएको छ ।

### २.३.१ कथानक

कथानक आख्यानको मूल संरचक तत्त्व हो । समाजमा घटेका विभिन्न घटनाको कार्यकारणयुक्त व्यवस्थित विन्यासलाई कथानक भनिन्छ । कथानक लघुकथाको आरम्भदेखि अन्त्यसम्म फैलिएको हुन्छ र यो घटना-श्रङ्खलासँग गतिशील हुन्छ । लघुकथामा कथानक अनिवार्य भए पनि उपन्यास र कथाजस्तो लामो शृङ्खला हुँदैन । लघुकथामा कथानक अत्यन्त सूक्ष्म र साङ्केतिक मात्र हुन्छ । यसै सन्दर्भमा लक्ष्मणप्रसाद गौतम (२०६९) का भनाइ मननीय देखिन्छ, "लघुकथाको कथानक विन्यासमा सङ्क्षेप शैली विन्यास गरिने भएकाले यसको कथानक ढाँचा रैखिक किसिमको हुन्छ । कथानकको आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको स्थिति नभई आरम्भ तथा उत्कर्ष, अन्त्यको स्थिति हुन्छ (पृ. ४५) । लघुकथामा आख्यानको संरचना न्यून हुने भएकोले यो आरम्भ भएर अन्त्य भएको पत्तै हुँदैन । तात्क्षणिकता यसको मूल विशेषता हो ।

मोहनराज शर्मा (२०६६) ले आख्यानका अन्य उपविधाजस्तै लघुकथाको सङ्गठन पनि तीन भाग वा अङ्गमा र विकास पाँच अवस्थामा सम्पन्न हुने विचार व्यक्त गरेका छन् । उनले आदि भागमा आरम्भ/चिनारी, सङ्घर्ष र विकासलाई प्रस्तुत गरेका छन् भने मध्यभागमा चरमलाई प्रस्तुत गरेका छन् । अन्त्य भागमा सङ्घर्षह्रास र उपसंहार/परिणतिलाई प्रस्तुत गरेका छन् (पृ. १८३) । लघुकथा सूक्ष्म विधा भएकाले उपन्यास एवम् कथाजस्तै आख्यान विस्तारभन्दा पनि सङ्कुचन हुन्छ । आख्यानलाई सकेसम्म छिटोछरितो एवम् चुस्त राख्नुपर्ने हुँदा यसको लघु स्वरूपमा ध्यान दिनैपर्ने हुन्छ ।

लघुकथाको कथानकमा दुई विपरीत घटना, विचार एवम् मान्यताका बीचमा द्वन्द्व भइरहेको हुन्छ । कथानकभित्र द्वन्द्वको भूमिकाका बारेमा गोपीन्द्र पौडल (२०६५) ले यसरी आफ्ना विचार व्यक्त गरेका छन्, "कथानकभित्र द्वन्द्वको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । द्वन्द्वको व्यवस्थापन र संयोजन ठीक ढङ्गले हुन सकेन भने त्यसले कथानकको मूल्य मात्र घटाउने नभई सिङ्गो कथालाई नै भुत्ते बनाउँछ" (पृ. १२) । द्वन्द्वले लघुकथामा रोचकता उत्पन्न गर्दछ । पाठकलाई रचनामा आकर्षित बनाइराख्न यसको भूमिका महत्त्वपूर्ण हुन्छ । यदि लघुकथा रचनामा द्वन्द्वको सही व्यवस्थापन गर्न सकिएन भने यसले कथानकलाई उत्सुकताहीन तथा चरित्रलाई कमजोर बनाउने काम गर्दछ ।

लघुकथामा कथानकको सम्बन्ध चरित्र र उद्देश्यसित सम्बन्धित भएर विस्तार भएको हुन्छ । कथानकको चरित्र र उद्देश्यसँगको सम्बन्धका बारेमा गोपीन्द्र पौडल (२०६५) ले यस्तो धारणा राखेका छन् :

> "कथानकको सम्बन्ध चरित्र र उद्देश्यसित पनि गाँसिएको हुन्छ । कथामा चयन हुने विषयवस्तु, सोही अनुरूप व्यवस्थित हुने चरित्र तथा ती चरित्रका बीचको कार्यव्यापार

र घटनाहरूको अनुक्रमात्मक व्यवस्था नै कथानक हो । त्यसैले कथाका निम्ति चयन गरिएको विषयवस्तुलाई कथानकभित्र समावेश गराउनु कलात्मक कार्य हो (पृ. ११) ।

कथानकको विकास चरित्र र उद्देश्यका साथमा अघि बढ्दछ । कथानकको विकासमा चरित्र एवम् उद्देश्यको महत्त्वपूर्ण भूमिका हुन्छ । कथानकलाई निश्चित परिणतिसम्म पुऱ्याउन चरित्रले भूमिका खेल्दछ । त्यसरी नै उद्देश्यले कथानकलाई वैचारिक आधार प्रदान गर्दछ ।

### २.३.२ चरित्र/पात्र

आख्यानको महत्त्वपूर्ण संरचक तत्त्व मध्ये चरित्र पनि हो । चरित्रले कथानक, परिवेश एवम् संवादसँग निकट रहेर क्रियाव्यापार अघि बढाउँछ । आख्यानका अन्य उपभेदमा चरित्रको बहुलता पाइन्छ । लघुकथामा चरित्रको न्यूनता पाइन्छ । कम पात्रले अधिकतम विचार सम्प्रेषण गर्नुमा नै लघुकथाको सफलता निहित रहन्छ । लघुकथामा पात्र वा सहभागीको अवस्थाका बारेमा लक्ष्मणप्रसाद गौतम (२०६९) ले "लघुकथामा मानवीय पात्रकै बढी प्रयोग पाइन्छ तापनि कतिपय लघुकथामा मानवेतर पात्रको पनि प्रयोग पाइन्छ र यस्तो स्थितिमा मानवेतर पात्र वा सहभागीलाई मानवीय सत्ता प्रदान गरी मानवीकरण गरिन्छ" (पृ. ४६) भनेका छन् । लघुकथामा मानवीय एवम् मानवेतर दुवैथरि पात्रको प्रयोग हुने भएकाले लघुकथामा रोचकता थपेको पाइन्छ । लघुकथामा प्रस्तुत पात्रकै बारेमा हरिप्रसाद भण्डारी (२०६९) ले पनि आफ्नो विचार यसरी व्यक्त गरेको पाइन्छ, "लघुकथामा मानव पात्रको तुलनामा मानवेतर पात्रको बाहुल्य अधिक हुन्छ । मानवेतर पात्रमा पनि जीवित तथा भौतिक पात्रहरू पनि उत्तिकै हुन्छन् । घर, बाटो, कुर्ची, गाडीजस्ता पात्रहरूलाई उभ्याएर कथाकारले मानिससँग संवाद गराइरहेका पनि हुन्छन् । यसरी हेर्दा अस्वाभाविक जस्ता लाग्ने यस्ता पात्रहरूको भूमिकाचाहिँ निकै महत्त्वपूर्ण हुन्छ (पृ. ७) । लघुकथा रचनामा मानवीय एवम् मानवेतर पात्र हुने र पात्रगत भिन्नताले रचनामा रोचकता थपेको पाइन्छ । जे जस्ता पात्रको सिर्जना गरेको भए पनि ती पात्रले मानवीय जीवनका आकाङ्क्षा एवम् जीवन अनुभूतिलाई कलात्मक तरिकाले प्रस्तुत गर्दछन् ।

लघुकथामा चयन गरिएका पात्रले युगचेतनाको प्रतिनिधित्व गरेको हुन्छ । यसै सन्दर्भमा गोपीन्द्र पौडेल (२०६५) ले "कथामा चयन गरिएका पात्रले तत्कालीन समाज र युगजीवनको बाह्य परिवेश, चेतनाको स्तर तथा वर्गीय सोचको पनि प्रतिनिधित्व गर्ने भएकाले कथामा युगानुकूल पात्रको चयन हुन थालेको पाइन्छ" (पृ. १४) । लेखकको बौद्धिक क्षमता, जीवनप्रतिको दृष्टिकोण एवम् समयचेतको प्रभाव लेखनमा पर्दछ । लेखकले के कस्ता पात्र चयन गर्दछ र ती पात्रका माध्यमबाट के कस्तो सन्देश प्रवाहित गर्दछ भन्ने कुरा लेखकको निजी क्षमतामा पनि निर्भर हुने गर्दछ । पात्र चयनमा सजगता भएन भने

रचना कमजोर हुन पुग्दछ । कथाकारको क्षमताको मापन गर्ने आधार उसले प्रस्तुत गरेको पात्र चयन पनि हो भन्ने विषयलाई जोड दिँदै गोपीन्द्र पौडेल (२०६५) ले यसो भनेका छन्, "कथाकारले आफू बाँचेको युगको कस्तो सन्देश दिन चाहन्छ र उसको जीवनदृष्टि कस्तो छ भन्ने बुझ्नका लागि कथाका पात्रहरू महत्त्वपूर्ण हुन सक्छन् । त्यसैले पात्रहरू भनेको कथाकारले अवलम्बन गरेको वैचारिक धारणा एवम् जीवनदृष्टि बोकेर हिँड्ने माध्यम हुन् (पृ. १४) । यसर्थ एउटा लेखकले आफूले प्रस्तुत गर्न चाहेको विचारलाई स्थापित गर्नका लागि सोहीअनुसारका पात्र सिर्जना गर्दछ र ती पात्रका माध्यमबाट आफ्नो दृष्टिकोण प्रस्तुत गर्दछ । पात्रले लेखकको वैचारिक प्रतिनिधित्व गर्दछन् ।

### २.३.३ परिवेश

पात्र एवम् चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घट्ने यथार्थ जगत्लाई परिवेश भनिन्छ । लघुकथामा परिवेश सूक्ष्म एवम् सीमित आयामको हुन्छ । कथामा परिवेश स्थानगत, कालगत र पात्रगत रूपमा आउन सक्छ । कथामा परिवेशको भूमिका बारेमा चर्चा गर्ने क्रममा गोपीन्द्र पौडेल (२०६५) ले "कथामा कुनै समयविशेषको वर्णन र झझल्को प्रस्तुत गर्दा स्थानगत र पात्रका मानसिक-भौतिक क्रियाप्रतिक्रियाका बारेमा उल्लेख गर्दा पात्रगत वा मनोगत परिवेश निर्माण हुन्छ" (पृ. २५) भनेको पाइन्छ । परिवेशले बाह्य वातावरणमात्र नभएर पात्रको आन्तरिक मनोदशाको पनि अध्ययन गर्दछ । लघुकथामा परिवेश सीमित हुन्छ । लघुकथामा सीमित परिवेश हुँदाहुँदै पनि लेखकले कथानक एवम् पात्र अनुकूलको परिवेश सिर्जना गर्नुपर्दछ । पात्रको स्तर, उसको क्षमता र पात्र मार्फत प्रस्तुत गरिने विचार अनुकूलको परिवेश सिर्जना भएन भने रचना कमजोर बन्न पुग्छ । लघुकथामा लेखकले आफूले प्रस्तुत गर्न खोजेको विचार अनुकूल हुने गरेर परिवेश निर्माण गर्न सक्यो भने रचनालाई प्रभावकारी किसिमले व्यक्त गर्न सक्दछ ।

### २.३.४ उद्देश्य/सारवस्तु

कुनै पनि कार्यको निश्चित प्रयोजन हुन्छ । निश्चित प्रयोजनले कार्यलाई लक्ष्यसम्म डोऱ्याउने काम गर्दछ । साहित्य लेखन पनि उद्देश्यमूलक कार्य हो । लघुकथा लेखन पनि उद्देश्यपूर्ण कार्य हो । लघुकथा लेखनको उद्देश्य कतिपयले मनोरञ्जन, कतिपयले विसङ्गतिको उद्घाटन एवम् कतिपयले समाज परिवर्तनका लागि गरेको पाइन्छ । लघुकथाले सामाजिक विसङ्गतिमाथि प्रहार गर्दछ र स्वस्थ समाजको परिकल्पना गर्दछ । लघुकथामा सामाजिक विकृतिप्रति आक्रामक रहेर सामाजिक सुधारको सन्देश प्रवाह गरिन्छ । निश्चित विचार प्रवाह गर्नु र व्यङ्ग्यका माध्यमबाट युगचेतनाको सशक्त प्रस्तुति गर्नु लघुकथा लेखनको उद्देश्य हो । लघुकथा रचनामा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायत मानव जीवनसँग सम्बन्धित विविध क्षेत्रसँग सम्बन्धित विषयको उठान

गरिएको हुन्छ । ती यावत् विषयवस्तुसँग सम्बद्ध रहेर मानवजीवनको विकृतिजन्य क्रियाकलापप्रति विरोधको भावना प्रकट गरिन्छ र न्यायपूर्ण, समतामुखी, सभ्य एवम् सुसंस्कृत समाजको निर्माणको अपेक्षा गरिन्छ । लेखकको चेतनास्तरका आधारमा उसको लघुकथा रचनाको उद्देश्य स्पष्ट प्रतिबिम्बित हुन्छ । लघुकथा रचना पढिसकेपछि पाठकले जुन कुरा बोध गर्दछ वा जुन सन्देश प्राप्त गर्दछ त्यही विचारवस्तु/सारवस्तु हो । रचनाको प्रारम्भदेखि अन्त्यसम्म व्याप्त विचारलाई पात्र, घटना, परिवेश, संवाद, द्वन्द्व तथा कार्यव्यापारका माध्यमबाट संश्लेषण गरी सारवस्तुको रूपमा प्रस्तुत गरिन्छ ।

लघुकथामा अभिव्यक्त सारवस्तुले महत्त्वपूर्ण अर्थ राख्दछ । “कथामा प्रस्तुत गरिएको विचार कति उन्नत छ र परिष्कृत छ भन्ने कुरा कथाकारले अवलम्बन गरेको दृष्टिकोण तथा कलाचेतनाले निर्धारण गर्दछ” (पौडेल. २०६५ : १७) । रचनाकारले प्रस्तुत गर्ने रचनाको स्तर उसको निजी क्षमतामा पनि भर पर्दछ । लघुकथा रचनामा त झन् लेखक सचेत एवम् जागरूक हुनै पर्दछ । लघुकथामा प्रस्तुत विचार लेखक स्वयंको मात्र नभएर त्यो समाजसापेक्ष रूपमा सामान्यीकरण हुने गर्दछ । लघुकथामा बिजवाक्य/विचारवाक्य हुने गर्दछ जसले निश्चित सन्देश प्रदान  गर्दछ । आजभोलि लघुकथा रचनामा पाठकले आफै अर्थ लगाउन सकुन भनेर कतिपय कुरा व्यक्त गरिएको हुँदैन ।

### २.३.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुले साहित्यिक रचनाको शिल्पसँग सम्बन्ध राख्दछ । लेखकले एक पात्रलाई आधार बनाएर रचनामा विचरण गर्दछ । त्यस पात्रले लघुकथामा लेखकको विचारलाई बोकेर हिँड्दछ । रचनाकारले आफ्नो दृष्टिकोणलाई अघि बढाउन चयन गरेको पात्र दृष्टिकेन्द्री पात्र हो । त्यो पात्र सक्रिय हुने तथा कार्यव्यापार सम्पन्न गर्ने ठाउँ नै दृष्टिबिन्दु हो । लघुकथामा सामान्यतया प्रथम पुरूष (म, हामी) एवम् तृतीय पुरूष (ऊ, उनी) दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । प्रथम पुरूष दृष्टिबिन्दु आन्तरिक दृष्टिबिन्दु हो भने तृतीय पुरूष बाह्य दृष्टिबिन्दु हो ।

यसै सन्दर्भमा मोहनराज शर्मा (२०५८) का भनाइ मननीय देखिन्छ, “दृष्टिबिन्दु त्यो परिप्रेक्ष्य हो, जसद्वारा आख्यानकारले चरित्र, कार्यव्यापर, परिवेश आदिलाई पाठकका सामु राख्छ ।” (पृ. ४३) । दृष्टिबिन्दुले लघुकथा रचनालाई निरन्तरता दिने भएकाले यसको भूमिका प्रभावकारी देखिन्छ ।  चरित्र, कार्यव्यापार एवम् परिवेशको निरन्तरता दृष्टिबिन्दुका माध्यमबाट अघि बढने भएकाले दृष्टिबिन्दुको भूमिका रचनाको प्रारम्भदेखि अन्त्यसम्म हुन्छ । लघुकथामा सीमित कथानक हुने भएकाले यसमा एउटै दृष्टिबिन्दुको प्रयोग अपेक्षित हुन्छ ।

## २.३.६ भाषा/शैली

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । भाषा साहित्यमा प्रयोग हुने अभिव्यक्तिको कलात्मक माध्यम पनि हो । भाषाले मानवीय व्यवहारमात्र नभएर विचार पनि सम्प्रेषण गर्दछ । भाषाका बारेमा आफ्ना विचार प्रस्तुत गर्ने क्रममा गोपीन्द्र पौडेल (२०६५) ले "भाषा भनेको मानवजातिले अवलम्बन गरेको सांस्कृतिक मूल्य पनि हुनाले भाषाका माध्यमबाट मानिसका आनीबानी, चालचलन, जीवनशैली तथा जीवनदृष्टि लगायतका यावत् तथ्यका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ" (पृ.२२) भनेका छन् । कुन समाजमा के कस्तो भाषाको प्रयोग गरिन्छ, त्यसका आधारमा त्यो समाजको स्तरका बारेमा जानकारी प्राप्त हुन्छ । लघुकथामा भाषाको प्रयोग लेखकले गरेको वर्णन र पात्रले बोलेको संवादमा आधारित हुन्छ । लघुकथा लेखकको सामाजिक परिवेश एवम् उसको चेतनास्तरको प्रभाव उसले प्रयोग गर्ने भाषामा परेको हुन्छ । भाषिक प्रयोगका तीन प्रयुक्ति हुन्छन् । उच्च, मध्यम र निम्न । भाषाका प्रयुक्तिका सम्बन्धमा मोहनराज शर्मा (२०५८) को विचार यस्तो रहेको छ :

> उच्च प्रयुक्तिमा काव्यात्मक तथा तत्सम शब्दको बढी प्रयोग भएको हुन्छ । मध्यम प्रयुक्तिमा भिन्न भिन्न भाषाको प्रयोग गरिएको पाइन्छ । नेपालीमा संस्कृत, उर्दू, अंग्रेजी आदि विभिन्न भाषाको प्रयोग गरिएको हुन्छ । यो आंशिक रूपमा काव्यात्मक हुन्छ । निम्न प्रयुक्तिमा प्रचलित शब्दको बढी प्रयोग गरिएको हुन्छ । बोलचालको नेपाली भाषालाई निम्न प्रयुक्ति भनिन्छ । यसैलाई सामान्य प्रयुक्तिको नाम पनि दिइन्छ (पृ. ३६) ।

लेखकको ज्ञानको सीमा, उसको सामाजिक परिवेश एवम् वातावरणको प्रभावले उसको भाषिक सीपको निर्माण गर्दछ । संस्कृत पृष्ठभूमिबाट आएको लेखक भएमा उच्च प्रयुक्तिको भाषा प्रयोग गर्दछ । मिश्रित खाले समाजको उत्पादन भए त्यही अनुसारको भाषा प्रयोग गर्दछ भने निम्न प्रयुक्तिको प्रयोग सामान्य परिवेशबाट आएको लेखकले गर्दछ । लेखकको सामाजिक परिवेशको आधारमा पात्र एवम् भाषाको चयन हुन्छ । लेखकको वैयक्तिक जीवनको प्रभाव लघुकथा रचनामा परेको हुन्छ । लघुकथामा व्यक्त गरिने कथानक, दृष्टिकोण एवम् पात्र अनुकूलको भाषा प्रयोग गर्नुपर्दछ । सामान्यतया जनभाषाका माध्यमबाट कलात्मक तरिकाले प्रभावकारी प्रस्तुति गर्नमा नै रचनाको प्रभावकारिता सिद्ध हुन्छ । भाषाको प्रयोग कसरी गर्ने भन्दा पनि के भन्ने कुरा महत्त्वपूर्ण हो । भाषाको कृतिम प्रयोगले साहित्यिक रचनालाई समाजबाट टाढा बनाउँछ र एकाध सीमित बौद्धिक वर्गको बुद्धिविलासको साधनमात्र बनाउँछ ।

कुनै पनि रचनालाई प्रस्तुत गर्ने तरिका शैली हो । शैली भाषा मार्फत अभिव्यक्त हुने भएकाले यो भाषाको उपकरण हो । विशिष्ट किसिमको भाषाका माध्यमबाट सिर्जना गर्ने तरिका नै शैली हो । लघुकथा रचना प्रस्तुत गर्ने विभिन्न शैली हुन्छन् । लघुकथा निर्माणका लागि वर्णनात्मक शैली, संवादात्मक शैली, अन्तर्वार्ता शैली, प्रश्नोत्तर शैली र लोककथात्मक शैली प्रयोग गरिएको पाइन्छ । यसरी नै जीवनी, चिठी एवम् विज्ञापनको शैलीमा पनि लघुकथा लेख्ने गरिएको देखिन्छ ।

यस अध्ययनमा विभिन्न लेखक समालोचकका दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । हालसम्म भएका अध्ययनले लघुकथाका संरचक तत्त्वका रूपमा कथानक, चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीलाई मानिएको छ । यी लघुकथाका संरचक घटकका रूपमा रहेका छन् । आख्यानका अन्य घटक र लघुकथाका घटकका बिचमा साम्यता भएता पनि लघुकथामा पाइने सुक्ष्मताले अन्य घटक भन्दा भिन्न पार्ने गर्दछ । लघुकथामा सिमित कथानक, चरित्र, परिवेशको आयोजना गरिएको पाइन्छ । त्यस्तै गरेर यसमा सिमित दृष्टिबिन्दुको प्रयोग हुन्छ । लघुकथा रचना उद्देश्यमूलक हुन्छ । यसमा सामाजिक विसंगतिप्रति आलोचना र व्यङ्ग्यको सिर्जना गरिएको पाइन्छ । लघुकथाको भाषा र अन्य विधाको भाषामा समानता भएपनि शैलीगत भिन्नता हुन्छ । यसमा सिमित शब्दमा बढी भन्दा बढी विचारको प्रस्फूटन गर्नुपर्ने हुन्छ ।

यस अध्ययनमा नेपाली लघुकथाको सैद्धान्तिक परिचय दिने क्रममा लघुकथाको परिचय एवम् परिभाषालाई प्रस्तुत गरिएको छ । यी परिभाषामा लघुकथा आख्यानको एक भेदका रूपमा प्रचलित रहेको सूक्ष्म कथानक, चरित्र एवम् परिवेशको आयोजना गरिएको साहित्यिक विधा भएको विचार व्यक्त भएको छ । लघुकथाले मानव मनलाई तीव्र झट्का प्रदान गर्ने एवम् प्रभावशाली विचार एकैपल्ट सम्प्रेषण गर्ने भएकाले यो अत्यन्त प्रभावकारी हुने अभिमत प्रकट गरिएको छ । लघुकथाको स्वरूपका बारेमा चर्चा गर्ने क्रममा लघुकथाको स्वरूप सूक्ष्म हुने विचार प्रकट गरिएको छ ।

## २.४ युगचेतनाको परिचय

लघुकथाका सन्दर्भमा युगचेतनाको विश्लेषणका क्रममा सर्वप्रथम युगचेतनाको परिचय प्रस्तुत गरिएको छ । समकालीनताको सन्दर्भलाई प्रस्तुत गर्दै युगचेतनाको प्रयोगगत सन्दर्भ, युगचेतना र समकालीनताको परिभाषा तथा युगचेतनाको अभिलक्षणलाई समेत प्रस्तुत गर्दै नेपाली लघुकथामा युगचेतना विश्लेषणका आधारहरूलाई प्रस्तुत गरिन्छ । युगचेतनालाई विश्लेषण गर्ने क्रममा विषयवस्तु, विचार एवम् शैलीमा प्रयुक्त युगचेतनाको स्वरूपको सन्दर्भको समेत व्याख्या गरिएको छ ।

## २. ५ युगचेतनाको अर्थ

संस्कृतको युग शब्द र चेतना शब्दको समस्त योगबाट युगचेतना शब्दको निर्माण हुन्छ । युग शब्दले गहन अर्थ बोकेको भए पनि प्रसङ्ग वा सन्दर्भवश यसले निश्चित वा तोकिएको समयावधि वा कालखण्डलाई बुझाउँछ । युगचेतना ऐतिहासिक कालखण्ड, प्रतिभा वा प्रवृत्तिका आधारमा निर्माण भएको हुन्छ । दयाराम श्रेष्ठ (२०६५) ले विश्व साहित्यमा इतिहास लेखन शैली वा इतिहासशास्त्र हेर्ने हो भने विभाजित कालको नामकरणमा विविधता पाइने विचार व्यक्त गरेका छन् । उनले शताब्दी, राजनीतिक घटना, शासक वर्ग, कला इतिहास, साहित्य र स्रष्टा विशेषका आधारमा साहित्यिक इतिहास निर्माण हुने गरेको बताएका छन् (पृ. ३३) । यसरी इतिहास लेखनमा विविधता भए पनि तत्कालीन समयको विशेषता भने कुनै न कुनै रूपमा आएको हुन्छ । शताब्दीका आधारमा हेर्ने हो भने १८ औं शताब्दी, २० औं शताब्दी, राजनीतिक घटनाका आधारमा हेर्ने हो भने राणाकाल, पञ्चायत काल, संवैधानिक राजतन्त्र काल, गणतन्त्र काल, शासक वर्गका आधारमा हेर्दा राणाकाल, शाहकाल, कला साहित्यका आधारमा पुनर्जागरण काल, गोर्थिक काल आदि आएको देखिन्छ । साहित्यमा स्वच्छन्दवादी, यथार्थवादी, मनोविश्लेषणवादी, समाजवादी यथार्थवादी त्यसरी नै स्रष्टा विशेषका आधारमा भानु युग, मोती युग, देवकोटा युग आदि लाई लिन सकिन्छ । युगले तत्कालीन समय सन्दर्भसँगै आएका प्रवृत्तितर्फ सङ्केत गर्दछ ।

युगचेतनालाई परिभाषित गर्ने क्रममा नेपाली बृहत् शब्दकोषमा "युगअनुकूलको चेतना, युगसुहाउँदो वा युगअनुसारको ज्ञान, युगबोध (पोखरेल र अन्य. २०६७ : १०४७) भनेको पाइन्छ । कुनै समयको कालखण्ड वा युगमा व्यक्त भएको चेतना एवम् युगबोध नै त्यस समयको युगचेतना हो । युगचेतनाले युगका विशेषता बोकेको हुन्छ । युगले बोकेको चेतना नै युगचेतना हो । नेपाली लघुकथामा विषयवस्तुका सन्दर्भमा युगचेतना राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न विषय सन्दर्भ एवम् विचारका सन्दर्भमा आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद, मनोविश्लेषणवाद, समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकतावादका आधारमा अघि बढ्दै आएको पाइन्छ । तत्कालीन समयका विशेष चरित्र, प्रवृत्ति एवम् विशेषताका आधारमा साहित्य सिर्जना प्रभावित बन्दै आएका छन् ।

## २.६ युगचेतनाको प्रयोगगत अर्थ

युगचेतनाको अर्थ सन्दर्भअनुसार भिन्न हुन्छ । यस्ता अर्थलाई युगचेतनाको प्रयोगगत अर्थ भनिन्छ । विषयवस्तुका दृष्टिले राजनीति, समाज, आर्थिक अवस्था, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्यलगायतका विविध क्षेत्रमा यसको प्रयोग भएतापनि यसले युगचेतनाको अर्थमा भने कुनै अन्तर आउँदैन । युगचेतनाका सन्दर्भमा परिस्थिति अनुरूप अर्थ, तात्कालिक अर्थ, वर्तमानिक, ऐतिहासिक/व्यापक, सान्दर्भिक वा प्रासङ्गिक, निश्चितात्मक आदि किसिमका

अर्थहरूका आधारमा युगचेतनालाई मसिनो किसिमले केलाउने कार्य गर्न सकिन्छ । यस अध्ययनमा यी अर्थ र तिनको उदाहरणसहित पुष्टि गरिएको छ ।

### २.६.१ परिस्थितिजन्य अर्थ

युगचेतना शब्दको प्रयोगका सन्दर्भमा कालखण्ड वा युग अनुकूल भन्ने अर्थ दिन्छ र परिस्थिति अनुकूल भन्ने अर्थमा पनि यसको प्रयोग हुन्छ । जस्तै :

(क) तिम्रो यो विचारले युगचेतना बोकेको छैन ।

(ख) आजका कतिपय साहित्यिक रचनामा युगचेतना पाइँदैन ।

उदाहरण (१) मा प्रयुक्त युगचेतना शब्दले वर्तमानको परिस्थिति सुहाउँदो वा अहिलेको समयानुकूल भएन भन्ने अर्थबोध गर्दछ भने उदाहरण (ख) मा आजका कतिपय साहित्यिक रचनामा आजको परिस्थितिको चित्रण नभएको सन्दर्भ प्रस्तुत भएको छ । माथि दुवै उदाहरणमा प्रयुक्त युगचेतना शब्द परिस्थितिजन्य अर्थमा प्रयोग भएको देखिन्छ ।

### २.६.२ तात्कालिक अर्थ

युगचेतना शब्द प्रयोग उही समयको भन्ने अर्थमा व्यक्त हुन्छ । साथसाथैको, एकै समय वा अवधिको भन्ने अर्थलाई तात्कालिक वा उही समयको भन्ने अर्थ भनिन्छ । जस्तै :

(क) सिद्धिचरण देवकोटाका युगका कवि हुन् ।

(ख) आजका कतिपय कविमा पुरानो भानुभक्तकालीन चेतना पाइन्छ ।

उदाहरण (क) मा प्रयोग भएको शब्दले सिद्धिचरण र देवकोटा एकै समयका कवि हुन् भन्ने अर्थ दिन्छ भने उदाहरण (ख) मा वर्तमानका कतिपय लेखकहरू जन्मको हिसाबले यस युगका भए पनि लेखनका दृष्टिले भानुभक्त कालका भएको अर्थ दिन्छ ।

### २.६.३ ऐतिहासिक र व्यापक अर्थ

युगचेतना शब्दको ऐतिहासिक अर्थ भन्नाले विगतको वा पहिलेको समयमा भएको अर्थमा आउँछ । यसले भूतकालको प्रसङ्गतर्फ ध्यान आकृष्ट गर्दछ । यसले अतीतको समकालीनतालाई जनाउँछ ।

(क) डायमनशम्शेरको **बसन्ती** उपन्यासमा राणा युगीन चेतनालाई कुशलताका साथ प्रस्तुत गरिएको छ ।

(ख) वी.पी.कोइरालाको 'त्यो रात' कथामा नेपालको पञ्चायती राजनीति विरोधी युगचेतनाको प्रस्तुति पाइन्छ ।

उदाहरण (क) मा प्रयोग भएको युगीन चेतना शब्दले राणायुग वा समयलाई जनाएको छ भने उदाहरण (ख) मा प्रयुक्त युगचेतना शब्दले पञ्चायतकालमा प्रतिपक्षी राजनीतिक संगठनप्रति तत्कालीन सत्ताको अत्याचार भएको एवम् अत्याचार विरोधी चेतनालाई जनाइएको छ ।

तत्कालीन र व्यापक अर्थमा ठूलो भेद नदेखिए तापनि सामान्य अन्तर भने छ । युगचेतना शब्दको व्यापक अर्थ भनेको समयको सीमा फैलिएको भन्ने अर्थ हो । यो यस शब्दको विशिष्ट वा विशिष्टतम नभएर सामान्य अर्थ मात्र हो । यसले सामान्य वर्तमानलाई बुझाउँछ । जस्तै :

(क) वर्तमान विश्वमा आतंकवाद विरुद्ध लडाइँ गर्नुपर्ने युगचेतना व्यापक भइसकेको छ ।

(ख) समावेशी लोकतन्त्रात्मक गणतन्त्र वर्तमान समयको युगचेतना मानिन्छ ।

उदाहरण (क) मा युगचेतना शब्दले वर्तमान समयको विश्वको चेतनालाई जनाउँछ भने उदाहरण (ख) मा प्रयुक्त युगचेतना शब्दले वर्तमान नेपाललाई जनाउँछ । यो समकालीन शब्दको व्यापक अर्थ पनि हो ।

### २.६.४ वार्तमानिक अर्थ

युगचेतनाको सन्दर्भमा अहिलेको समयलाई जनाउने शब्द वर्तमानिक हो । यो युगचेतना शब्दको विशिष्टतम अर्थ हो र यसले चलिरहेको वर्तमान समयलाई जनाउँछ । जस्तै :

(क) अहिलेको समयको नेपाली लघुकथामा युगचेतनाको ठोस अभिव्यक्ति पाइन्छ ।

(ख) नेपालमा राजनीतिक अस्थिरताका कारण लाखौं युवामा विदेश पलायनको चेतना प्रबल भइसकेको छ ।

उदाहरण (क) मा वर्तमान समयको लघुकथामा युगचेतनाको ठोस अभिव्यक्ति भएको अर्थ देखिन्छ भने उदाहरण (ख) मा नेपालको अहिलेको वा आजको राजनीतिक अवस्था बिग्रेकाले युवाहरूमा विदेश पलायनको चेतना भएको भन्ने अर्थ आउँछ । यी दुवै उदाहरणमा आएका युगचेतना वर्तमानिक अर्थका रूपमा प्रयोग भएका छन् ।

### २.६.५ निश्चित अर्थ

युगचेतना शब्दले कुनै खास अवधिको कुनै निश्चित समयावधिलाई जनाएको खण्डमा त्यसले निश्चितार्थ जनाउँछ ।

(क) पचासको दशकपछिको नेपाली लघुकथा लेखनमा तत्कालीन युगचेतनाको सशक्त अभिव्यक्ति पाइन्छ ।

(ख) यो पुस्तक २०४७ देखि हालसम्मको युगचेतनाको प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण दस्तावेज हो ।

उदाहरण (क) मा प्रयुक्त युगचेतना शब्दले पचासको दशकपछिको नेपाली लघुकथा लेखनको समयलाई जनाएको छ भने उदाहरण (ख) मा प्रयुक्त युगचेतना शब्दले २०४७ देखि हालसम्मको समयलाई जनाएको छ । यसरी यी दुवै उदाहरणमा आएको युगचेतना शब्दले एक निश्चित समयदेखि अर्को निश्चित समयसम्मको अवधिलाई बुझाएको छ ।

यसरी हेर्दा समकालीनता र युगचेतना शब्दले साहित्यिक सन्दर्भमा एकै अर्थबोध गर्छन् । समकालीनता सिद्धान्तबाट निर्देशित युगबोधी प्रवृत्ति हो भने युगचेतना भन्नु नै वर्तमानबोध वा समयबोध हो । समकालीनता र युगचेतनाका बीचमा केही फरकपना देखिए पनि वर्तमानबोधलाई भने दुवैले अङ्गिकार गरेको हुन्छ ।

### २.७ समकालीनता र युगचेतनाको परिभाषा

समकालीनता शब्द समयसँग सम्बन्धित छ भन्ने स्पष्ट भइसकेको छ । यसलाई स्थिर समयसूचकभन्दा पनि गतिशील समयसूचक शब्दका रूपमा बुझिन्छ । समकाल वा समकालीन दुवै दुई शब्दले जोडिएर रहेको वा अखण्डित रूपमा रहेको भन्ने अर्थ पनि जनाउँछन् । यसले अस्थायी, धेरै समयसम्म नटिक्ने वा अस्थिर धर्म भएको भन्ने अर्थ समेत बोध गराउँछ । यसरी हेर्दा समकालीन शब्दले उही समय भन्ने जनाउँछ र वर्तमानकाललाई बोध गर्दछ । यसको पुरै सम्बन्ध युगचेतनासँग रहन्छ । युगचेतनाले युगले बोकेको चेतना भन्ने बुझाउँछ । साहित्यिक रचना वा कृतिमा युगबोध हुनु र रचनाले तत्कालीन जीवनका समय र परिस्थितिसँग सामञ्जस्य राख्नुलाई युगचेतना भनिन्छ । यसले कृति र समाजलाई युगजीवनका सापेक्षतामा हेर्ने गर्दछ । यसले कृतिभित्र प्रस्तुत जीवन र तत्कालीन मानव जीवनका विविध सन्दर्भ सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक आदिका सम्बन्धको अध्ययन गर्दछ । कृतिभित्र पाइने राष्ट्रिय-अर्न्तराष्ट्रिय घटनाक्रम र ती घटनासँगै प्रस्तुत भएको स्रष्टाको मनोविज्ञानलाई प्रस्तुत गर्दछ । यसरी हेर्दा साहित्यका सन्दर्भमा युगचेतनालाई यसरी परिभाषित गर्न र विश्लेषण गर्न सकिन्छ :

(क) परिवर्तित समय वा युगको चेतना प्रस्तुत हुनु र त्यस्तो बोध भएको स्थिति युगचेतना हो ।

(ख) परिवर्तित समय वा युगको बोध भएको रचना वा कृति युगचेतना भएको रचना हो र रचनामा युगचेतना अभिव्यक्त भएको रचना युगचेती वा युगबोधी रचना हो ।

## २.८ युगचेतनाका प्रमुख अभिलक्षण

यस अध्ययनमा युगचेतनाका प्रमुख अभिलक्षणमा आज वा अहिलेको चेतनाको प्रस्तुति, परिवर्तित समयको चेतनाको प्रस्फुटन र गतिशील यथार्थ वा चालु यथार्थको अभिव्यक्तिलाई अध्ययन गरिन्छ ।

### (क) आज वा अहिलेको चेतनाको प्रस्तुति

युगचेतनाले वर्तमानलाई बुझाउँछ भने वर्तमानअन्तर्गत पनि अहिलेको गतिशील वर्तमान वा गतिशील यथार्थलाई प्रतिविम्बित गर्दछ । वर्तमानले सन्दर्भअनुसार केही लामो समय लिन सक्छ र यसलाई सामान्यीकरण गर्दा व्यापक समयावधि हुने देखिन्छ । वर्तमानलाई विशिष्ट एवम् विशिष्टतम अर्थमा प्रयोग गर्दा अहिलेको समयलाई जनाउँछ । वर्तमान कालखण्ड व्यापक हुने भएकाले यसलाई विभाजन गर्न पनि सकिन्छ । समयको तीन किसिमको विभाजनमा वर्तमानको त्यसमा पनि गतिशील वा चालु वर्तमानले समयको निश्चित मोडदेखि वर्तमान अवधितर्फ संकेत गर्दछ । यही नै आजको वा अहिलेको अर्थात् सम्प्रति (वर्तमान) हो । वर्तमानमा पनि सबैभन्दा पछिल्लो समयावधि नै साम्प्रतिक वर्तमान वा अहिलेको वर्तमान हो । युगचेतना अहिलेको गतिशील यथार्थ वा चालु वर्तमानसँग सम्बन्धित हुन्छ । अहिलेको त्यसमा पनि गतिशील अवस्थामा रहेको चालु वर्तमानसँग सम्बन्धित रहनु नै यसको मूल विशेषता हो ।

### (ख) परिवर्तित समयको चेतना

युगचेतना परिवर्तित समयसँग सम्बद्ध रहन्छ । साहित्यिक रचनामा यसको व्यापक प्रभाव पाइन्छ । देशमा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक आदि विभिन्न क्षेत्रमा भइरहने विभिन्न खाले परिवर्तनले समाजमा प्रभाव पार्नाका साथै मान्छेको जीवनमा पनि प्रभाव पर्दछ । यसरी परिवर्तन भइरहने समाज र जनजीवनको प्रभाव तत्कालीन साहित्यिक रचनामा पनि पर्ने भएकाले युगचेतना परिवर्तित समयको चेतनासँग सम्बद्ध रहन्छ । समाजमा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक आीद विभिन्न क्षेत्रमा देखिएका परिवर्तनले नयाँ मान्यताको विकास गर्दछ । यस्तै गरेर देशभित्र एवम् बाहिरका घटनाको प्रभाव पनि यसमा पर्दछ । यसले नयाँ मूल्य, चिन्तनधारा, सिद्धान्त आदिको स्थापना गरेसँगै समाजमा पनि एक प्रकारको परिवर्तन आउँछ र त्यो परिवर्तनको प्रभाव साहित्यमा पनि पर्दछ । साहित्यिक रचनामा राष्ट्रिय जीवनका मात्र नभएर अन्तर्राष्ट्रिय घटना एवम् परिघटनाको समेत प्रभाव परेको हुन्छ । व्यक्ति एवम् समाजमा परेको चेतनाको प्रतिविम्बन साहित्यमा पनि पर्ने भएकाले विश्वसमाजमा आएका परिवर्तित मूल्यको प्रभावले समेत रचनामा गहिरो प्रभाव पारेको हुन्छ ।

### (ग) गतिशील यथार्थ वा चालु यथार्थको अभिव्यक्ति

समयको विकासक्रमसँगै आउने परिवर्तनबाट सामाजिक जीवनका हरेक क्षेत्र प्रभावित हुन्छन् । ती परिवर्तित विशेषता र अभिलक्षण समकालीन अभिलक्षण हुन् । तिनको उपस्थिति हुनु नै समकालीनता र युगचेतना हो । समाजमा परिवर्तन ल्याउने यस्ता अभिलक्षण र विशेषता युगचेतनालाई जनाउने आधार पनि हुन् । अहिलेको समयसँग सम्बद्ध विशेषता साहित्यिक रचनामा आउनु नै गतिशील युगचेतना हो । विशेषत : कुनै राजनीतिक आन्दोलन, सामाजिक परिवर्तन, सांस्कृतिक रूपान्तरण, विभिन्न विषयक्षेत्रमा आएका नयाँ मान्यता, चिन्तन वा सिद्धान्तको प्रतिपादनजस्ता विशेषताले यथास्थितिको जग हल्लाउँछ र नवीन मूल्यहरु स्थापित हुन्छन् । यसरी युगचेतनामा गतिशील यथार्थको अभिव्यक्ति भएको हुन्छ । चालु यथार्थको प्रस्तुति गरिन्छ । समयको विकासक्रमसँग आउने नवीन मूल्यचेत नै युगचेतनाको प्रमुख अभिलक्षण एवम् विशेषता हो । माथिका तीनओटा विशेषताले युगचेतनाको पहिचान गराउँछ ।

## २.९ युगचेतनाका मान्यता र आधार

यस अध्ययनमा युगचेतनाको मान्यताको रूपमा (क) सीमित कालखण्ड (ख) वार्तमानिकता र (ग) परिवर्तनशीलतालाई विश्लेषण गरिएको छ भने युगचेतनाको आधारको रूपमा राजनीति, समाज, सांस्कृतिक पक्ष, आर्थिक एवम् अन्य विविध पक्षलाई विश्लेषण गरिएको छ ।

युगचेतनासम्बन्धी परिभाषा, दृष्टिकोण र अभिलक्षणहरूले यिनका आधारभूत मान्यताको पनि निर्धारण गर्दछ । समकालीन र युगचेतनाका परिभाषा, दृष्टिकोण, अभिलक्षण र मान्यताजस्ता कुरालाई आधार बनाएर लेखिएको साहित्य समकालीन वा युगीन साहित्य हो । पश्चिमा मुलुकमा कला, साहित्य, कलासंस्कृति, वास्तुकला, सङ्गीत आदि विविध क्षेत्रमा यसको प्रयोग भएको पाइन्छ । पश्चिमा मुलुकमा साहित्यका क्षेत्रमा परिवर्तित समयको एक अभियानका रूपमा यसलाई लिइन्छ । वर्तमान समयमा चालु वर्तमानलाई बुझाउन प्रयोग गरिने समकालीन शब्दले सीमित समय, परिवर्तनशील चरित्र र वार्तमानिकता जनाउँछ तर युगचेतनाको सन्दर्भ पाश्चात्य साहित्यमा मात्र नभएर सबै साहित्यमा लागु हुन्छ ।

युगचेतनामा तत्कालीन समयमा मानिसले बाँचेको जीवन प्रतिविम्बित भएको हुन्छ । आफ्नो समयका राजनीति, समाज, अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, विज्ञान, संस्कृति र धर्म जस्ता

विषयमा कुनै न कुनै परिवर्तन भइरहेको हुन्छ । यसरी परिवर्तन भइरहने घटनावलीसँगै सामाजिक चेतनामा पनि परिवर्तन आउँछ ।

युगचेतनामा एक युगको राजनीतिक-सामाजिक विविध सन्दर्भको अध्ययन गरिन्छ । यसै क्रममा आजको समयको युगचेतना भोलिको समयको युगचेतना नहुन सक्छ । समय, प्रवृत्ति र अवस्था परिवर्तनसँग युगचेतना पनि परिवर्तित हुन्छ । भिन्नभिन्न समयमा भिन्नभिन्न खाले चेतनाको प्रभाव समाजमा देखिने क्रमसँगै साहित्यिक रचनामा पनि त्यसको प्रभाव देखिन्छ । साहित्यलाई तिथिमिति नभएको इतिहास भन्नुको कारण पनि यही हो । कुनै निश्चित कालखण्डमा लेखिएको साहित्यको अध्ययनबाट तत्कालीन समयको समाज र सो समाजले बोकेको चेतनाका बारेमा थाहा पाउन सकिन्छ । लेखकको चेतना र समाजको चेतनाका बीचमा एकरूपता हुन्छ र त्यसका बीचमा सामञ्जस्य हुन्छ भन्ने छैन । एक कुशल लेखकले इतिहासबोध, वर्तमानबोध र भविष्यबोध गरेर तीनै कालखण्डको चेतनालाई बोकेको हुन्छ । लेखकीय दृष्टिकोण, उसको लेखकीय क्षमता र युगजीवनसँगको उसको चिन्तनको तादम्यताका आधारमा उसको चेतना निर्धारण हुन्छ । एक कुशल रचनाकारले मात्र आफ्नो रचनामा युगचेतनाको सफल प्रतिविम्बन गर्न सक्दछ ।

युगचेतनाका सन्दर्भमा इपालित एडोल्फ टेन (सन् १८२३-९३) का धारणा महत्वपूर्ण रहेका छन् । उनले साहित्यको समाजशास्त्रलाई प्रस्तुत गर्ने क्रममा युग, क्षण र जातिको मान्यता प्रस्तुत गर्ने क्रममा एक युगमा केही प्रमुख विचार हुने, तिनको एक बौद्धिक साँचा हुने र जसले सिंगो समाजको चिन्तनलाई प्रभावित गर्ने विचार व्यक्त गरेका छन् । उनले हरेक युगमा मानिसको एक परिकल्पना वा अवधारणा हुन्छ र मानिसको यही परिकल्पनाले आर्दशको रूप लिने बताएका छन् । यसै क्रममा उनले युगको प्रमुख विचारको प्रसार जीवनका हरेक क्षेत्रमा व्यवहारमा एवम् चिन्तनमा हुने गरेको, एक लामो समयपछि यस्ता विचार क्रमश : ह्रास भएर नयाँ विचार विकसित भएर प्रमुख विचार बन्ने गरेको, नयाँ विचार पुरानो विचारसँग जोडिएको हुने र त्यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ प्रकारको चिन्तन र सिर्जनाको प्रेरणा दिने दृष्टिकोण अघि सारेका छन् (पाण्डेय. सन् २००६ : १२५-१२६) । यसरी तेनले युगचेतनालाई इतिहास र वर्तमानका सन्दर्भमा व्याख्या गरेर अर्थ्याएका छन् ।

यसरी हेर्दा हरेक समयको आफ्नै युगचेतना हुन्छ । परिवर्तित समयसँगै पुराना मान्यता एवम् दृष्टिकोणका ठाउँमा नयाँ चिन्तन एवम् मान्यताले स्थान ग्रहण गर्दै जान्छ । एक युगचेतनाको समापनसँगै नयाँ युगचेतनाको आगमन हुन्छ । युगचेतनालाई एउटा कालखण्डमा राखेर बाँध्न सकिँदैन तर एक निश्चित सयमका रचनालाई तोकेर अध्ययन गर्न भने सकिन्छ । युगचेतना गतिशील समयका रूपमा पनि मानिन्छ । युगचेतनाको अर्को विशेषता वार्तमानिकता पनि हो । वार्तमानिकताले गतिशील यथार्थ वा चालु वर्तमानलाई

जनाउँछ । विगत पनि कुनै समय वर्तमान भएको बोधसँगै युगचेतनालाई बुझ्नुपर्ने हुन्छ । समग्रमा भन्नुपर्दा यसका प्रमुख तीन मान्यता रहेका छन् (क) सीमित कालखण्ड (ख) वार्तमानिकता र (ग) परिवर्तनशीलता ।

### २.९.१ सीमित कालखण्ड

युगचेतनाको समय छोटो हुन्छ । वर्तमान समय छिट्टै भूतमा परिणत हुन्छ । चालु वर्तमानपछि भविष्यत्काल आउने भएकाले बीचको वर्तमानको समय सीमित हुन्छ । साहित्यिक सन्दर्भमा युगचेतना समयसापेक्ष हुनाका साथै प्रवृत्तिसापेक्ष पनि हुन्छ । सामन्यतया एउटा कालखण्ड एकदेखि दुई वा साढे दुई दशकसम्मको अवधिलाई लिएको हुन्छ । सीमित कालखण्ड हुनु युगचेतनाको प्रमुख मान्यता हो ।

### २.९.२ वार्तमानिकता

युगचेतना चालु वर्तमानसँग सम्बद्ध रहने भएकाले यसमा वार्तमानिकता वा साम्प्रतिकता हुन्छ । लक्ष्मणप्रसाद गौतम (२०६८)का अनुसार "साम्प्रतिकता हुने भएकाले नै तत्कालीनता, व्यापक वर्तमानता र भविष्यसँग यसको कुनै सम्बन्ध हुँदैन" (पृ. ९३) । चालु वर्तमान वा गतिशील यथार्थप्रति प्रतिबद्ध हुनु नै युगचेतनाको मान्यता हो ।

### २.९.३ परिवर्तनशीलता

युगचेतनामा परिवर्तन भइरहन्छ । हिजोका युगको चेतना आज रहँदैन, आजको युगको चेतना भोलिका लागि युगचेतना रहँदैन भने भोलिको पनि आफ्नै किसिमको युगचेतना हुनेछ । समयका भिन्न-भिन्न कालखण्डमा फरकफरक समयको युगचेतना हुन्छ । युगचेतना स्थिर हुँदैन बरु कालखण्ड स्थिर हुन सक्छ । अस्थिर रूपमा आउने युगचेतनाले परिवर्तनशील विशेषता लिएर आउँछ । हरेक युगचेतना अघिल्लोभन्दा परिवर्तनशील हुन्छ । युगचेतना समयअनुसार परिवर्तन भइरहन्छ ।

युगचेतनाले निरन्तर गतिशील समयलाई बोध गराउँछ र यसले समयसँगै आउने विशेषतालाई अङ्गीकार गरेको हुन्छ । समयको विकासक्रमसँगै आजको वा अहिलेको विशेषता भएको रचना वर्तमान युगको चेतना बोकेको रचना हो र रचनामा वर्तमान युगचेतना अभिलक्षण आएको हुनुपर्दछ । रचनामा युगचेतनाको प्रतिविम्बन हुन परिवर्तित सामाजिक एवम् सांस्कृतिक मूल्यको प्रतिविम्बन हुनुपर्दछ । एक सर्जकले आफूले भोगेको युगको सन्दर्भ रचनामा प्रस्तुत हुन्छ । रचनामा तत्कालीन युगका विशेषता भएको सिर्जना नै युगचेतना भएको रचना हो ।

## २.१० युगचेतनाका आधार

कुनै पनि युगका निश्चित विशेषता हुन्छन् । हाम्रो राष्ट्रिय जीवनका राजनीति, समाज, संस्कृति, अर्थतन्त्र लगायत विभिन्न पक्षले युगचेतनाको निर्धारणमा भूमिका खेलेको हुन्छ । यस अध्ययनमा युगचेतनाका आधारका रूपमा राजनीति, समाज, संस्कृति लगायतका पक्षको अध्ययनलाई प्रस्तुत गरिएको छ ।

### २.१०.१ राजनीतिक आधार

सामाजिक परिवर्तनको मूल आधारको रूपमा राजनीति रहेको हुन्छ । राजनीतिक परिवर्तनसँगै सामाजिक, सांस्कृतिक, आर्थिक एवम् अन्य आधारमा परिवर्तन आउँछ र यसबाट युगचेतना पनि प्रभावित हुन्छ । राज्य सञ्चालनका क्रममा लिइएका नीति, नियम एवम् कानुनको आधारमा सामाजिक जीवनका विभिन्न क्षेत्र प्रभावित हुन्छन् र तिनमा परिवर्तन आउँछ । युगचेतना सामूहिक चेतना भएकोले सामाजिक परिवर्तनको प्रभावबाट नागरिकको चेतना प्रभावित हुन्छ । राजनीतिक परिवर्तनका क्रममा जनताका सरोकारका विषय प्रभावित हुने गर्दछन् । निरङ्कुश राजनीतिक शक्तिको प्रभाव भएको समयमा नागरिकको अभिव्यक्ति स्वतन्त्रता हनन हुने, सामाजिक नियम प्रभावित हुने, सांस्कृतिक गतिविधिमा अंकुश लाग्ने एवम् आर्थिक नीतिमा सिमित वर्गको पहुँच हुने गर्दछ भने जनउत्तरदायी राजनीतिक शक्तिको प्रभाव भएको समयमा जनताको पक्षमा नीति नियम बन्ने तथा जीवन यापन एवम् रोजगारका क्षेत्रमा, अधिकार प्राप्तिका क्षेत्रमा सुविधा रहने भएकोले सोही अनुसार युगचेतना पनि प्रभावित हुनेगर्दछ । सङ्क्रमणकालीन राजनीति प्रभावी भएको समयमा नीति नियमको निर्माणका साथै तिनको कार्यान्वयन प्रभावित रहने गर्दछ । जनतामा व्यापक निराशा, कुन्ठा एवम् हताशामा वृद्धि हुने र निराशाको अभिव्यक्तिबाट नागरिकको चेतना पनि प्रभावित हुन्छ ।

नेपाली लघुकथाको सचेत लेखनको आरम्भ २००७ सालदेखि भएको हो । सात सालको परिवर्तन र त्यसले ल्याएको उत्साह, राजनीतिक दलमा खिचातानीमा वृद्धि हुने क्रमसँगै राजाले आफ्नो अधिकार बढाएको र अन्त्यमा २०१७ सालको घटना हुन पुगेको देखिन्छ । २०१७ पछिको समयमा पार्टी राजनीतिमा प्रतिबन्ध, एकदलीयता, अभिव्यक्ति स्वतन्त्रतामा बन्देजसँगै सामाजिक जीवनका साथै लेखनमा पनि प्रभाव पर्दछ । तीसको दशकपछि प्रयोगात्मक, अस्तित्ववादी-विसङ्गतिवादी चेतनाका माध्यमबाट लेखन अघि बढ्दछ । २०३६ को आन्दोलन, २०३७ को जनमत सङ्ग्रह, बहुदल पक्षको हारसँगै जनतामा निराशा उत्पन्न भएपनि राजनैतिक एवम् सामाजिक चेतनामा अभिवृद्धि हुन्छ । यो चेतनाको जगमा २०४६ सालको परिवर्तन हुनपुग्छ । २०४६ को परिवर्तनपछि पनि जनताको अवस्था नसुध्रिनु, राजनीतिक लुछाचुँडी, सङ्घर्ष बढने क्रमसँगै संसदको विघटन समेत हुन पुग्दछ । २०५१ सालमा नेकपा (एमाले) को अल्पमतको सरकार बन्नु, पुरा समय काम गर्न नपाई नौ महिनामा सरकारबाट हटनु, त्यसपछि अनेकन सत्ता समीकरण बन्नुसँगै अस्थिरता प्रारम्भ भयो । २०५२ सालमा नेकपा (माओवादी) ले सशस्त्र सङ्घर्ष थालेसँगै हिंसात्मक गतिविधि प्रारम्भ भयो । प्रारम्भमा कम प्रभाव भएपनि पछि माओवादी पक्षले आफ्ना गतिविधि

बढाउँदै गयो । राज्यपक्ष एवम् विद्रोही पक्षबाट भएका हिंसात्मक गतिविधिबाट नेपाली समाज प्रभावित रह्यो । राजा विरेन्द्रको वंशनाश पछि राजा बनेका ज्ञानेन्द्रले पार्टीहरू एवम् माओवादीलाई नियन्त्रणमा लिन सत्ता हातमा लिए । उनको यस प्रयास सफल हुन नसकेपछि २०६२/२०६३ को आन्दोलन पछि उनले सत्ता छोडनुपऱ्यो । दोस्रो जनआन्दोलन २०६२/२०६३ पछि पनि नेपाली राजनीतिका क्षेत्रमा स्थिरता कायम हुन सकेको छैन । यसपछिको अवधिमा राजनीतिक लुछाचुँडी एवम् सङ्घर्ष कायम नै रहनुका साथै जातीय एवम् क्षेत्रीय साम्प्रदायिकता बढिरहेको छ । प्रथम संविधानसभाको निर्वाचन, विघटन, दोस्रो संविधानसभाको निर्माण, संविधानको घोषणा भएर गणतन्त्रात्मक संविधानले जनतालाई धेरै अधिकार दिएको भएपनि राजनीतिक अस्थिरताका कारण संविधानको कार्यान्वयनमा अवरोध देखिन थालेको छ । संविधानको घोषणासँगै भारतको नाकाबन्दी, भूकम्प लगायतका घटनाले नेपाली जनजीवन अस्तव्यस्त भएको कठिन अवस्थामा पनि राजनीतिक लुछाचुँडी, भारतपक्षीय राजनीतिक शक्तिको संविधानको विरोध जस्ता घटनाले नेपाली राजनीतिले सही दिशा पाइरहेको छैन । नेपाली लघुकथा रचनामा नेपाली राजनीतिका यिनै घटनाको प्रभाव परेको छ । नेपाली लघुकथा लेखनमा नेपाली राजनीतिक यथार्थको अभिव्यक्ति एवम् व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति पाइन्छ । नेपाली लघुकथामा युगचेतनाको अभिव्यक्तिका सन्दर्भमा राजनीतिक आधार प्रमुख आधारका रूपमा रहेको छ ।

### २.१०.२ सामाजिक आधार

समाज युगचेतनाको प्रमुख आधार हो । हरेक युग राजनीतिक परिवर्तनबाट प्रभावित रहने गर्दछ । तत्कालीन राजनीतिको प्रभाव समाजमा पनि पर्दछ । समाजमा मानिसका क्रियाकलाप, चिन्तन, सोच एवम् गतिविधिमा राजनीतिको प्रत्यक्ष प्रभाव रहन्छ । राजनीतिले सामाजिक व्यवस्था, नीति, नियम प्रभावित हुन्छन् । त्यस्तै सामाजिक चलन पनि समयसँगै परिवर्तन हुँदै जान्छन् । एक समय अनिवार्य सामाजिक चलन मानिएको कुरा समयसँगै सुधार हुने क्रममा परिमार्जन एवम् परिवर्तन हुने गर्दछ । एक समयका मानिसका निमित्त अनिवार्य मानिएको कुरा अर्को समय ऐच्छिक हुन पुग्दछ । कतिपय मानिसले ती चलनलाई पटक्कै छोडिदिन्छन् र नयाँ सामाजिक चलन निर्माण गर्दछन् । हरेक युगमा मानवीय चेतनाको आधारका रूपमा समाज रहने र सामाजिक परिवर्तनले व्यक्ति चेतना एवम् युगचेतनालाई प्रभावित गर्ने गर्दछ । नेपाली समाजमा सात सालको परिवर्तनले ल्याएको चेतनाले निरङ्कुशता विरोधी चिन्तनको विस्तार गऱ्यो । सामान्य नागरिकले अपहेलित रहेर बाँच्नुपरेको अवस्थाको अन्त्य भयो । शासकका कमाराबाट स्वतन्त्र हुने अवसर प्राप्त भयो । समाजमा रहेको सामन्ती संस्कृति, अन्धविश्वास, रुढिवाद केही कम भयो । सत्र सालको राजनीतिक घटनापछि जनतामा व्यापक निराशा भयो । समाजमा शासकभक्ति प्रारम्भ भयो । फरक खाले राजनीतिक विचारमाथि दमन हुँदा एकपक्षीय विचारको सम्प्रेषण हुने र शासक अनुकूलका नीति नियममा बाँच्नुपर्ने अवस्था सिर्जना भयो । २०३६/०३७ पछिको समयमा केही राजनैतिक परिवर्तन भएपनि समाजको अवस्था सुध्रिएन । २०४६ पछि

राजनीतिक क्षेत्रमा केही सुधारका कार्य भए । प्रारम्भमा परिवर्तनको आभास भएपनि पछि बन्द, हडताल, भ्रष्टाचार, राजनीतिक शक्तिका आडमा आसेपासे नजिकका लाई पोस्ने, प्रतिपक्षी विचारको दमन गर्ने जस्ता घटनासँगै सामाजिक जीवन पनि प्रभावित भयो । २०५२ पछि तत्कालीन राजनीतिप्रति असहमत नेकपा (माओवादी) ले सशस्त्र संघर्ष थालेसँगै समाजमा हिंसाको प्रभाव बढ्यो । राज्यपक्ष एवम् माओवादीसँग असहमत पक्षले ज्यान गुमाउने, बेपत्ता पारिने, घरबारविहिन हुनुपर्ने अवस्था सिर्जना भयो । एकातिर राज्य एवम् विद्रोही पक्षतर्फको क्षति त छँदै थियो अर्कोतिर जनताले पनि दुःख पाउने अवस्थाले समाजमा स्वतन्त्रतापूर्वक बाँच्ने एवम् पेशाव्यवसाय गर्ने अधिकार समेत हनन हुन थाल्यो । राजनीतिक अस्थिरता, लुछाचुँडी, राजनीतिक शक्तिको आपसी अविश्वास, अन्यौलका बिच राजा विरेन्द्रको वंशनाशसँगै राजा ज्ञानेन्द्रको आगमन भयो । राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि सामाजिक जीवन झन प्रभावी बन्यो । प्रतिपक्षी विचारमाथि प्रतिबन्धको साथै सुरक्षाको नाममा जनतालाई दुःख दिने, सताउने, बेपत्ता पार्ने, मार्ने लगायतका गतिविधि सञ्चालनमा आए । यसै क्रममा दोहरो भीडन्तमा युद्धरत पक्ष मात्र नभएर सोझासाझा नेपालीले पनि अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको सिर्जना भयो । २०६२/०६३ को आन्दोलन पछि राजनीतिक क्षेत्रमा केही परिवर्तन भएपनि समाजमा जाति, क्षेत्रका नाममा व्यापक विभाजन देखियो । यस अवधिमा साम्प्रदायिक भावना विस्तार भयो । सामाजिक सद्भाव खलबलिनुका साथै आपसी झैझगडा समेत बढेर गयो । प्रथम संविधानसभाको निर्वाचन, संविधानसभाको विस्थापन पछि दोस्रो संविधान सभाको निर्वाचनपछि संविधान निर्माणका क्रममा भारतीय प्रभाव देखिनु, कतिपय तराईका दलले भाँडभैलो मच्चाउनु, भारतले नाकाबन्दी लगाउनु जस्ता क्रियाकलापले सामाजिक सद्भाव बिथोलिनुको साथै जनताको जीवनस्तर समेत कष्टकर बन्नपुग्यो । यसै क्रममा राजनीतिक गठजोडमा अदलाबदली, सत्ता स्वार्थको प्रधानताका कारण जनतामा निराशा बढन पुगेको छ । देशका युवावर्गको विदेश पलायन, विकास निर्माणका कार्य नहुनु र बेरोजगारी बढनु जस्ता कारणले जनताको जीवनमा प्रगतिका लक्षण देखिन सकेका छैनन् । नेपाली लघुकथामा नेपाली समाजका यिनै घटना-परिघटनाको यथार्थको अभिव्यक्तिका साथै व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति भएको छ। नेपाली लघुकथामा युगचेतना विश्लेषणको प्रमुख आधारका रूपमा सामाजिक आधार पनि रहेको छ।

### २.१०.३ सांस्कृतिक आधार

युगचेतनाको एक प्रमुख आधार संस्कृति हो । यो व्यापक शब्द भएकोले यसले मानिसका आचारविचार देखि लिएर मानिसको सोच, क्रियाकलाप एवम् गतिविधिलाई प्रभावित पार्दछ । संस्कृति देश, समाज, भूगोल एवम् जाती अनुसार फरक हुन्छ । एउटा देशको विविध सांस्कृतिक पहिचान भएपनि राष्ट्रिय संस्कृति भने एकै हुन्छ ।

यस अध्ययनमा युगचेतनाको निर्धारणमा संस्कृतिको प्रमुख भूमिका रहने भएकोले सांस्कृतिक चेतना र त्यो चेतनाको प्रभाव साहित्य रचनामा के कसरी पर्दै परेको छ भन्ने विषयलाई अध्ययनको विषय बनाइएको छ । नेपाली समाज बहुसांस्कृतिक समाज हो । भौगोलिक विविधताका आधारमा फरक खाले संस्कृति पाउनु, जातीयताका आधारमा सांस्कृतिक विविधता देखापर्नु, वर्गीयताका आधारमा अभिजात्य र सिमान्तकृत जनताको संस्कृतिमा भिन्नता देखापर्नु लगायतका कारणले नेपाली समाजमा विविधता देखापरेको छ । देशभित्रका संस्कृतिमा पाइने अर्न्तघुलनका साथै विदेशी संस्कृतिको प्रभावसँगै समाजको सांस्कृतिक चेतनामा परिवर्तन आउने गरेको सन्दर्भमा यस अध्ययनमा नेपाली समाजको बहुसांस्कृतिकताको प्रभाव एवम् सांस्कृतिक मूल्यमा आइरहने प्रभावका सन्दर्भमा नेपाली लघुकथामा युगचेतनालाई विश्लेषण गरिएको छ । नेपाली लघुकथामा युगचेतनाको अध्ययनका सन्दर्भमा राजनीतिक सामाजिक परिवर्तनसँगै मानिसको सांस्कृतिक चेतनामा पनि परिवर्तन आउने गरेको सन्दर्भको समेत खोजी गरिएको छ ।

### २.१०.४ आर्थिक आधार

कुनै पनि राष्ट्रको विकासको आधार अर्थतन्त्र हो । राष्ट्र एवम् समाजमा हुने आर्थिक गतिविधिसँगै मानिसको जीवनस्तर, बाँच्ने शैली एवम् चिन्तन प्रभावित हुन्छ । देश, समाज एवम् व्यक्तिजीवनमा आर्थिक क्रियाकलापको असर पर्दछ । आर्थिक आधारको निर्माणमा राजनीतिको पनि प्रभाव रहन्छ । राज्यले लिएका आीर्थक नीति, नियमले जनताको जीवन प्रभावित हुने गर्दछ । यसै सन्दर्भमा समाजमा रहेका आर्थिक वर्ग, उनीहरू बिचको सम्बन्धले युगचेतना प्रभावित हुन्छ । कुनै पनि राज्यको नीति निर्माणमा राजनीतिको प्रभाव रहेको सन्दर्भमा आर्थिक पक्षको अध्ययनसँग राजनीतिसँगै समाज पनि जोडिन पुग्छ । राज्यका नीतिका कारण सरकारी लगानी भएका उद्योग खुल्ने एवम् बन्द हुने, आर्थिक विकासको गति कम वा बढी हुने, रोजगारीका अवसर कम वा बढी हुने अवस्था सिर्जना हुने गर्दछ । देशको साधनश्रोतमाथि सिमित वर्गको पहुँचका कारण धनी दिनदिनै झन धनी हुने र गरीब दिनदिनै गरीब बन्दै जाने हुन्छ । यसै सन्दर्भमा नेपाली समाजमा हुने गरेका बन्द, हडताल, तालाबन्दी, सीमामा नाकाबन्दी जस्ता पक्षले पनि आर्थिक क्षेत्र प्रभावी बन्दछ । सरकारले लिने आीर्थक नीतिले कुन आर्थिक वर्गलाई सहयोग पुऱ्याउँछ भन्ने विषयले आर्थिक विकासको दर प्रभावी बन्दछ । उत्पादनमुखी भन्दा परनिर्भर अर्थतन्त्रका कारण राष्ट्र दिनदिनै खोक्रो बन्न पुग्दछ । सात साल अघि आर्थिक सत्ता अभिजात्य वर्गमा रहेकोमा सात सालको परिवर्तनपछि त्यसमा केही खुकुलोपना आउँछ । राष्ट्रको ढुकुटी राजनीतिक कार्यकर्ताले दुरूपयोग गर्ने क्रमसँगै भ्रष्टाचार मौलाउँछ । सत्र सालपछिको नेपाली समाजमा पञ्च र तिनका वरिवरिका मानिस एवम् राजपरिवारले राज्यको शासनश्रोतको दोहन गर्दछन् । छयालिस सालको परिवर्तन पछि पनि नेपाली जनताको अवस्थामा सुधार आउँदैन ।

भ्रष्टाचार, बन्द हडताल, निजीकरणका कारण राष्ट्रमा आर्थिक विकास अघि बढ्दैन । दक्ष जनशक्ति विदेश पलायन हुनुले समाजको विकास अवरूद्ध हुन्छ । पचासको दशकपछिको नेपालमा युद्धजन्य गतिविधिका कारण देशमा भएका आर्थिक क्रियाकलापमा मन्दी आउनुका साथै उद्योगधन्दा बन्द हुने गर्दछ । विदेश गएका नागरिकको रेमिट्यान्सले अर्थतन्त्र केही हदसम्म धानेपनि देशको अवस्था सुध्रिएको छैन । २०६२/०६३ परिवर्तन पछि पनि नेपाली आर्थिक क्षेत्रमा सुधार हुन नसेकको सर्न्दभमा नेपाली लघुकथामा नेपालको आर्थिक क्षेत्रसँग सम्बन्धित विषयको उठानको साथै विकृतिजन्य गतिविधिप्रति असहमतिको चेतनाको अभिव्यक्ति पाइन्छ । नेपाली लघुकथामा युगचेतनाको विश्लेषणको प्रमुख आधारका रूपमा आर्थिक आधार पनि रहेको छ ।

**२.१०.५ अन्य आधार**

नेपाली लघुकथामा युगचेतनाका अन्य आधारका रूपमा कानुन, पत्रकारिता, प्रशासन विज्ञान, शिक्षा, स्वास्थ्य एवम् साहित्य रहेका छन् । राजनीतिक-सामाजिक गतिविधिको प्रभाव समाजिक जीवनका अन्य क्षेत्रमा पर्दछ । राजनीतिक स्वतन्त्रता भएको समाजमा विविध क्षेत्रले विकसित हुने मौका पाउँछन् । संकीर्ण राजनीतिक-सामाजिक व्यवस्था भएको समाजमा कुनै पनि क्षेत्रको विकास सम्भव हुँदैन । राजनीतिक संकीर्णता भएमा प्रशासनिक गतिविधि सहज ढङ्गले सञ्चालन हुनसक्दैनन् । नातावाद, कृपावाद एवम् भ्रष्टाचारका कारण प्रशासन क्षेत्र दुषित हुन पुग्दछ । कानुनी राज्यको प्रत्याभूति नभएको राज्यमा जनताले न्याय पाउन सक्दैनन् र न्यायकर्मीले पनि सही किसिमले कार्य गर्न सक्दैनन् । पत्रकारितामा बन्देज लगाएको अवस्थामा सही किसिमले सूचना प्रवाह हुन सक्दैन । विज्ञानका क्षेत्रमा, शिक्षाका क्षेत्रमा एवम् स्वास्थ्यका क्षेत्रमा पनि राजनीतिक एवम् सामाजिक चेतनाको प्रभाव रहन्छ । राजनीतिक सामाजिक व्यवस्था सही भएमा मात्र यी क्षेत्रले विकास गर्ने मौका पाउँछन् । कला-साहित्यका क्षेत्रमा त राजनीतिक स्वतन्त्रता भएको समाज आवश्यक देखिन्छ । विचारको अभिव्यक्ति स्वतन्त्रता नभएमा या त चाकरी प्रथा मौलाउँछ या विद्रोही चेतनाको अभिव्यक्ति हुन्छ । नेपाली समाजमा राजनीतिक परिवर्तनका क्षेत्रमा कला-साहित्य क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालको राजनीतिक परिवर्तन एवम् सामाजिक रूपान्तरणमा कला-साहित्य क्षेत्रले ठूलो योगदान दिएको छ ।

युगचेतनाका सन्दर्भमा राष्ट्रिय घटनाक्रमको साथै अर्न्तराष्ट्रिय घटनाक्रमको पनि प्रभाव परेको हुन्छ । नेपालकै सन्दर्भमा दोस्रो विश्वयुद्धमा नेपाली नागरिक विदेशी सेनामा कार्यरत रहँदै मृत्युवरण गर्न पुग्नु, त्यसको सामाजिक प्रभावले समाजमा शुन्यताबोध हुनु, साहित्यमा निराशाबोधक चिन्तन आउनु जस्ता घटना घटेको पाइन्छ । विश्वमा डलरको भाउ बढदा नेपालमा मूल्यवृद्धि हुनु, युद्धकालमा मूल्यवृद्धि हुनु, छिमेकी मुलुकले थिचोमिचो गर्दा राष्ट्रिय भाव उद्बोधन हुनु, दुःखकष्ट सामना गर्ने सामर्थ्य विकास हुनु जस्ता घटना

घटेको पाइन्छ । यी यावत घटनाले साहित्य लेखनमा पनि प्रभाव परेको हुन्छ । विदेशी कतिपय मुलुकमा हुने सरकार परिवर्तन र उनीहरूको विदेशी मुलुकलाई हेर्ने दृष्टिकोणमा कुनै फरक नआएको समयमा भने यसले नेपाली मानसिकतामा प्रभाव नपर्ने देखिन्छ । यसरी विश्व परिवेश पनि नेपाली साहित्य लेखनको विषय सन्दर्भ बन्नु र यसले युगचेतनाको निर्धारणमा सहयोग पुऱ्याउने गरेको पाइन्छ । नेपाली लघुकथामा युगचेतनाका आधारका रूपमा यिनै विविध पक्षलाई प्रस्तुत गरिएको छ ।

## २.११ नेपाली लघुकथामा युगचेतना विश्लेषणको ढाँचा

लघुकथा आख्यानको प्रभेद हो । लघुकथा रचनामा युगचेतनाको प्रतिबिम्बन भएको हुन्छ । यस शोधप्रबन्धमा युगचेतनाको विश्लेषणका लागि विषयवस्तु, विभिन्न वाद एवम् संरचना तथा भाषाशैलीलाई आधार मानेर अध्ययन गरिएको छ । यस परिच्छेदमा नेपाली लघुकथामा युगचेतना विश्लेषणका लागि विश्लेषण ढाँचाको निर्माण गरिएको छ । 'नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना' विश्लेषणका लागि राजनीति, समाज, कला-संस्कृति, धर्म, साहित्य, अर्थ, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान-प्रविधि, आधुनिक सभ्यता, न्याय कानुन, पत्रकारिता, मिथक, लोककथात्मक शैली, नारीवादी चेतनालाई मूल आधार मानिएको छ । विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थवाद, मनोविश्लेषणवाद, अस्तित्ववादी-विसङ्गतिवाद, समाजवादी यथार्थवाद, उत्तरआधुनिकतावादलाई मूल आधार मानिएको छ । 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली' विश्लेषणका क्रममा संरचनको अध्ययनका क्रममा कथानक, पात्रविधान, उद्देश्य, परिवेश एवम् दृष्टिबिन्दुको अध्ययन गरिएको छ । त्यसरी नै भाषाशैलीको सन्दर्भमा विचलन, समानान्तरता, पर्यायोक्ति-पयार्य युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, बिम्बबिधान, प्रतीकविधान, अलङ्कारविधान, मानवीकरण, व्यङ्ग्योक्तिको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग, नवनिर्मित क्रियाको प्रयोग, उक्तिवैचित्र्य, क्रियामुक्त/क्रियायुक्त वाक्य, संवादात्मक शैली, लोककथात्मक शैलीलाई मूल आधार मानिएको छ ।

### २.११.१ 'नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना' विश्लेषण ढाँचा

नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना विश्लेषणका लागि निम्नलिखित विषय सन्दर्भलाई प्रस्तुत गरिएको छ :

**(क) राजनीतिक विषय**

'नेपाली लघुकथामा अभिव्यक्त विषयवस्तुमा युगचेतना' अध्ययनका क्रममा राजनीतिक विषय सन्दर्भलाई प्रमुख विषय मानेर अध्ययन गरिएको छ । राजनीति राज्यको

शासन व्यवस्था सञ्चालनको नीति, राज्य सञ्चालनको प्रणाली हो । राजनीतिले समाजको उत्पादन सम्बन्धसँग सम्बन्ध राख्दछ । जनताको सरोकारका विषयको प्रतिबिम्बन राजनीति मार्फत हुने भएकाले लघुकथा लेखकले पनि राजनीतिलाई प्रमुख सरोकारको विषय बनाएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा युगचेतनाको विश्लेषणका क्रममा राजनीतिक विषय सन्दर्भअन्तर्गत नेपाली राजनीतिमा मूल्यहीनता, राजनीतिक अव्यवस्थाको चित्रण, अग्रगमनको अपेक्षा र परिवर्तनमुखी चेतना, सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण गरेर चार प्रमुख विषय सन्दर्भ निर्धारण गरिएको छ । नेपाली राजनीतिमा आएको मूल्यहीनता, राजनीतिक अव्यवस्था, निरङ्कुशता, राजनीतिक द्वन्द्वका घटनालाई विश्लेषणको आधार बनाइएको छ ।

### (ख) सामाजिक विषय

'नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना' अध्ययनका क्रममा सामाजिक सन्दर्भलाई पनि प्रमुख विषय मानेर अध्ययन गरिएको छ । एकै किसिमको जीवनशैली, रहनसहन, संस्कार आदिको आधारमा समूह विषयमा बस्ने मानिसहरूको समूह विशेष समाज हो । नेपाली लघुकथा रचनामा सामाजिक सरोकारसँग सम्बन्धित विषयको प्रतिबिम्बन हुने भएकाले यसले युगचेतनाको निर्माणमा सहयोग पुऱ्याएका सन्दर्भमा यस विषयको अध्ययन गरिएको हो । नेपाली लघुकथामा युगचेतनाअन्तर्गत सामाजिक विषय सन्दर्भको अध्ययनका क्रममा सामाजिक विभेद एवम् शोषण, सामाजिक विषमता र पारिवारिक विभेद तथा सामाजिक विकृति-विसङ्गतिसँग सम्बन्धित क्रियाकलापलाई अध्ययनको सामग्री मानिएको छ । नेपाली लघुकथामा अभिव्यक्त समाजमा भएको विभेद, विषमता, विकृति-विसङ्गति एवम् शोषणजन्य क्रियाकलापका घटनाको प्रस्तुति र त्यस्ता घटनाप्रति लेखकीय दृष्टिकोणको अध्ययन गरिएको छ । लघुकथा रचनामा व्यक्त विभेद एवम् शोषण विरोधी चेतनालाई समेत विश्लेषण गरिएको छ ।

### (ग) कला-संस्कृति विषय

कलाले मानवीय सीपसँग सम्बन्ध राख्दछ भने संस्कृतिले जीवनमूल्यमा परिष्कार, सुधारको माध्यमबाट जीवनलाई समृद्ध पार्दछ । कला मानव निर्मित शिल्पसँग सम्बन्धित हो त्यसरी नै संस्कृतिले मानिसले वर्षौंदेखि आर्जन गरेको जीवनशैली एवम् रहनसहनसँग सम्बन्ध राख्दछ । नेपाली लघुकथामा युगचेतनाको अध्ययनका क्रममा कला-संस्कृति क्षेत्रको अध्ययनका लागि कलाकारिता एवम् गीत-संगीत क्षेत्र एवम् मानिसका चिन्तन एवम् जीवनशैलीलाई अध्ययनको विषय बनाइएको छ । कला-संस्कृतिका सन्दर्भमा युगचेतना विश्लेषणको आधार कलाकारिता एवम् गीत-संगीत क्षेत्र तथा मानिसका चिन्तन एवम् जीवनशैलीमा आएको परिवर्तन र ती परिवर्तनले ल्याएको मानव जीवन नै हो । यी क्षेत्रमा

देखिएका युगजीवनका सङ्गति-विसङ्गति र असल-खराब पक्षले नेपाली समाजको साथसाथै लेखकीय दृष्टिकोणमा पर्ने प्रभावलाई समेत अध्ययनको विषय बनाइएको छ ।

**(घ) धार्मिक विषय**

सामान्यतया आध्यात्मिक चिन्तन बोकेर धर्मशास्त्रद्वारा निर्देशित कर्म गर्नुलाई धर्म मानिने गरिएकामा कतिपय सन्दर्भमा आफ्नो जीवनलाई निष्ठा र असल कार्यका माध्यमबाट मानवजातिको सेवामा लगाउनुलाई पनि धर्मका सन्दर्भमा समेत बुझ्ने गरेको पाइन्छ । यस अध्ययनमा धार्मिक विषयसन्दर्भको विश्लेषणका लागि मानिसका धार्मिक क्रियाकलाप, धार्मिक संस्था एवम् पुरोहितका क्रियाकलाप, धर्मका नाममा हुने गरेका अनाचार, ईश्वरको सत्ताप्रति अविश्वासलाई विषयवस्तुका रूपमा चयन गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा धर्म र धर्मकेन्द्रित क्रियाकलापका साथै ती विषयमा पाइने लेखकीय दृष्टि नै अध्ययनको प्रमुख आधार मानिएको छ ।

**(ङ) आर्थिक विषय**

अर्थले विनिमयसँग सम्बन्ध राख्ने भएकाले यसमा धनसम्पति एवम् मुद्रासँग सम्बन्धित पक्षहरु जोडिएर आउँछन् । यस अध्ययनमा आर्थिक विषय सन्दर्भको अध्ययनका लागि उद्योग-व्यापार, राजनीति, प्रशासन, परिवार, समाज एवम् गैरसरकारी संघसंस्थासँग सम्बन्धित आर्थिक विषयलाई विश्लेषणको सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा आर्थिक क्रियाकलापले परेको सामाजिक प्रभाव र त्यस प्रभावबाट नेपाली लघुकथामा अभिव्यक्त चेतना नै आर्थिक विषय सन्दर्भको युगचेतना मानेर अध्ययन गरिएको छ ।

**(च) भाषा-साहित्य विषय**

भाषा मानवीय अभिव्यक्तिको सशक्त माध्यम हो । त्यस्तै साहित्य मानव जातिले आर्जेको ज्ञान, सीप एवम् कौशलसँग सम्बन्धित अनुभूतिको बौद्धिक अभिव्यक्ति हो । नेपाली लघुकथामा भाषा-साहित्य क्षेत्रसँग सम्बन्धित गतिविधिलाई अध्ययनको विषय बनाइएका सन्दर्भमा यस अध्ययनमा भाषा-साहित्य क्षेत्रमा संलग्न लेखक/समालोचक, संघसंस्था, साहित्यिक पत्रपत्रिकासँग सम्बन्धित घटना सन्दर्भलाई विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ । यसरी नै समाजमा साहित्यकारप्रतिको धारणा एवम व्यवहारलाई पनि विश्लेषण गरिएको छ ।

**(छ) शैक्षिक विषय**

शिक्षाले मानवीय ज्ञानलाई फराकिलो परिवेश प्रदान गर्ने भएकाले औपचारिक शिक्षाको आवश्यकता दिनदिनै बढिरहेका सन्दर्भमा नेपाली लघुकथामा पनि शिक्षा विषयक

चिन्तन, दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । यस अध्ययनमा औपचारिक संस्था, विद्यालय र महाविद्यालयबाट मानिसले प्राप्त गर्ने शिक्षासँग सम्बन्धित विषय सन्दर्भको अध्ययन गरिएको छ । शिक्षाक्षेत्रसँग सम्बद्ध विद्यार्थी, अभिभावक, शिक्षक-प्राध्यापक एवम् शैक्षिक संस्थाका क्रियाकलापका सन्दर्भमा नेपाली लघुकथामा प्रस्तुत युगचेतनालाई यस अध्ययनको विश्लेषण सामग्रीका रूपमा लिइएको छ ।

### (ज) स्वास्थ्य विषय

स्वास्थ्य जनताको आधारभूत आवश्यकताभित्र पर्ने भएकाले यसको अत्यन्त महत्त्व रहेको पाइन्छ । नेपाली लघुकथामा स्वास्थ्य विषयको चेतनाको प्रस्तुतिका क्रममा स्वास्थ्यका सन्दर्भमा स्वास्थ्यप्रति असचेत जनता, स्वास्थ्य संस्थाको क्रियाकलाप एवम् स्वास्थ्यकर्मीको क्रियाकलाप गरेर तीन विषयलाई विश्लेष्य सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त स्वास्थ्यसम्बन्धी चेतना र त्यसले पारेको सामाजिक प्रभावलाई विश्लेषण गरिएको छ ।

### (झ) प्रशासनिक विषय

प्रशासनले राज्य सञ्चालनका लागि सहयोगी भूमिका खेल्दछ । यसले कुनै पनि स्थान विशेषको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि समस्याको नियन्त्रण एवम् समाधानको कार्य गर्ने भएकाले मानवीय विकासमा महत्त्वपूर्ण भूमिका खेलको पाइन्छ । प्रशासनको कार्यसञ्चालनका लागि सरकारले विभिन्न तहका कर्मचारीको व्यवस्था गरेकामा ती कर्मचारीले जनताका समस्याका साथै सरकारी कार्यलाई व्यवस्थित ढंगले सञ्चालन गर्दछन् । यस अध्ययनमा नेपाली लघुकथामा प्रतिबिम्बित प्रशासनिक विषय सन्दर्भको विश्लेषण गर्ने क्रममा प्रशासनिक क्षेत्रमा रहेको चाकरी, ढिलासुस्ती, भ्रष्टाचार, अनैतिकता, तल्लो तहका कर्मचारीमाथि गरिने दमन र कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारसँग सम्बन्धित उपशीर्षक निर्धारण गरेर अध्ययन गरिएको छ । यस अध्ययनमा समयका विभिन्न कालखण्डमा नेपाली प्रशासन क्षेत्रमा देखिएको चेतनाका विभिन्न स्वरूपको विश्लेषण गरिएको छ ।

### (ञ) विज्ञान र प्रविधि संस्कृति

विज्ञान भौतिक विषयक सिद्धान्तको प्रयोगात्मक विवेचना गरिएको शास्त्र हो भने प्रविधिले काम गर्दाको अनुभव वा प्रयोगको आधारमा प्रयोग गरिने विधि वा प्रक्रियालाई बुझाउँछ । नेपाली लघुकथामा विज्ञान प्रविधिसँग सम्बन्धित विषय सन्दर्भ प्रस्तुत भएका सन्दर्भमा यस विषयमा प्रतिबिम्बित युगचेतनालाई अध्ययनको मुख्य आधार मानिएको छ । यस अध्ययनमा विज्ञान प्रविधि संस्कृतिका सन्दर्भमा युगचेतनाको अध्ययनका निमित्त

विज्ञानको दुरूपयोग, मानवीय विकृतिको उद्घाटनका सन्दर्भमा विज्ञानजस्ता विषयलाई आधार मानिएको छ ।

**(ट) आधुनिक सभ्यता एवम् जीवनशैली**

सभ्यताले मानिसको सांस्कृतिक रूपान्तरणसँग सम्बन्ध राख्ने गर्दछ भने आधुनिकता वर्तमान समयको, आजको र अहिलेको भन्ने सर्न्दभमा बुझिन्छ । जीवनशैली मानिसको बाँच्ने तरिकासँग सम्बन्धित हुन्छ । यस अध्ययनमा आधुनिक सभ्यता/जीवनशैलीमा युगचेतना विश्लेषणका लागि नारी-पुरूष सम्बन्ध, पुस्तागत सम्बन्ध एवम् अस्वाभाविक जीवनशैली एवम् असमान्य क्रियाकलापलाई अध्ययन सामग्रीका रूपमा छनौट गरिएको छ ।

**(ठ) न्याय/कानुन**

नेपाली लघुकथामा युगचेतनाको अध्ययनको क्रममा एक महत्त्वपूर्ण विषय न्याय/कानुन पनि हो । न्याय/कानुनले मुद्दामामिलामा वादी र प्रतिवादी दुवै पक्षको राय बुझी कुनै एक पक्षमा गरिने निर्णयलाई जनाउँछ । यस अध्ययनमा नागरिक, सुरक्षा निकाय, न्यायालय एवम् न्यायकर्मीसँग सम्बन्धित रहेर न्याय/कानुन विषय सन्दर्भमा प्रस्तुत युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा न्याय/कानुनको पालनाका क्रममा विभिन्न पक्षबाट भएगरेका क्रियाकलाप र त्यस्ता क्रियाकलापसँग सम्बद्ध चेतना नै विश्लेषणको आधार बनाइएको छ ।

**(ड) पत्रकारिता विषय**

नेपाली लघुकथामा राज्यको चौथो अङ्गका रूपमा मानिएको पत्रकारिता क्षेत्रलाई पनि अध्ययनको विषय बनाइएको छ । पत्रकारिताले "समाचार, लेखरचना आदिको सङ्कलन, सम्पादन तथा प्रकाशनसँग सम्बन्ध राख्दछ । नेपाली लघुकथामा पत्रकारितासँग सम्बन्धित विषयको प्रस्तुति पाइएका सन्दर्भमा यस अध्ययनमा प्रकाशन संस्था, सम्पादक, पत्रकार एवम् कर्मचारीका क्रियाकलापलाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ ।

**(ण) पौराणिक र ऐतिहासिक विषय**

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत पुराण र मिथक पनि पनि प्रमुख विश्लेषण सामग्री हो । यस अध्ययनमा युगचेतनाका सन्दर्भमा पुराण र इतिहाससँग सम्बन्धित विषयको अध्ययनका लागि देवीदेवता, पुराणमा वर्णित पात्र, इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनालाई अध्ययन सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### (त) प्रवासी जीवनको भोगाइ

काम वा अध्ययनको सिलसिलामा गएका स्वदेशबाट बाहिर गएका नागरिक वा उतै बसोबास गरेर बसेका नागरिकलाई प्रवासी भनिने गरेका सन्दर्भमा नेपाली लघुकथामा प्रवासी जीवन भोगाइका प्रसङ्गको प्रस्तुति पाइन्छ । विदेशमा रहेर कामका सिलसिलामा वा त्यतै बसोबास गरेका नेपाली नागरिकको जीवन भोगाइ प्रसङ्ग र त्यससँग सम्बन्धित चेतना नै प्रवासी जीवनको भोगाइको चेतना हो । यस अध्ययनमा रोजगार एवम् अध्ययनका सिलसिलामा विदेश गएका जनताका जीवन भोगाइ र भोगाइसँग सम्बन्धित चेतनालाई विश्लेषण गरिएको छ ।

## २.१२ 'विभिन्न वादका रुपमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना' विश्लेषण ढाँचा

विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना विश्लेषणका लागि निम्नलिखित वादहरूलाई प्रस्तुत गरिएको छ :

### (क) आदर्शोन्मुख यथार्थवाद

आदर्शोन्मुख यथार्थवादले आदर्श र यथार्थको सम्मिश्रण भएर आदर्शतर्फ उन्मुख कथानक भएको साहित्यलाई जनाउँछ । आदर्शोन्मुख यर्थावादी साहित्यमा आध्यात्मिकतामा विश्वास व्यक्त गरिनुपर्ने, भाग्यका आधारमा मानिसको जीवन सञ्चालित हुने र मानिसले नैतिक आदर्शको पालना गर्नुपर्ने विचारको अभिव्यक्ति पाइन्छ । यस किसिमको साहित्यमा सच्च्चरित्र अँगालेर सदभावको भावना राख्नुपर्ने मान्यता प्रस्तुत गर्नाका साथै अहिंसाको सन्देशलाई प्रवाहित गरिन्छ । यस अध्ययनमा नेपाली लघुकथामा पाइने आदर्शोन्मुख युगचेतनासँग सम्बद्ध अभिलक्षण 'आध्यात्मिक चेतना', 'भाग्यवादी चेतना', 'नैतिक आदर्श', 'सच्चरित्र एवम् सदभाव' र 'अहिंसा भाव'का आधारमा आदर्शोन्मुख यथार्थवादी युगचेतना अध्ययनको ढाँचा निर्माण गरिएको छ ।

### (ख) सामाजिक यथार्थवाद

सामाजिक वस्तुस्थितिको यथार्थ चित्रण गरिएको साहित्य सामाजिक यथार्थवादी साहित्य हो । सामाजिक यथार्थवादमा समसामयिक युगजीवनका अनेकन यथार्थपक्षको वर्णन गर्नाका साथै यसका लागि परिवेश, पात्र, भाषाशैली र विचारमा सामाजिक चेतनाको प्रतिबिम्बलाई आधार बनाइएको हुन्छ । स्थानीय जनजीवनलाई प्रस्तुत गर्नु र सोहीअनुरूपको जनभाषाको प्रयोग गर्नु यसको थप विशेषता हो । सामाजिक यर्थाथवादी साहित्यमा समाजका कमजोर, अपहेलित वर्ग र उनीहरूको जीवन यथार्थलाई प्रस्तुत गरिनाका साथै उनीहरूको जीवन अनुभूतिलाई कलात्मक तरिकाले अभिव्यक्त गरिने भएकाले यस्तो खाले रचनामा जीवनको यथार्थबोध सशक्त किसिमले प्रस्फुटित हुन्छ । यस अध्ययनमा सामाजिक यथार्थवादी युगचेतनाको विश्लेषणका निमित्त 'समकालीन घटना र

परिस्थितिको चित्रण', 'स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत प्रयोग', 'गरिबका पीडा र उदासीको वर्णन' एवम् 'महत्त्वहीन मानिएका ठाउँ, घटना र पात्रको अध्ययन' विषयवस्तुको रूपमा छनौट गरिएको छ ।

**(ग) समाजवादी यथार्थवाद**

मार्क्सवादमा आधारित दर्शन नै समाजवादी यथार्थवादी दर्शन हो । समाजवादी यथार्थवादमा पुँजीवादी एवम् सामन्तवादी जीवनदर्शन, राजनीति र सामाजिक संरचनाको विरोध गरेर समाजवादी चिन्तन प्रस्तुत गरिएको पाइन्छ । समाजमा हुने अन्धविश्वास, अन्याय, अत्याचार, उत्पीडन एवम् धार्मिक आडम्बरप्रति असहमतिभावका साथै ती क्रियाकलाप विरोधी चेतना व्यक्त गरिएको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा अभिव्यक्त समाजवादी-यथार्थवादी युगचेतनासँग अभिलक्षणहरू 'राजनीतिक विकृति विसङ्गतिको विरोध एवम् पूजीँवादी सामन्तवादी गतिविधिप्रति असहमति', 'द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरङ्कुशता विरोधी चेतना', 'समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरता', 'अन्धविश्वास एवम् कुरीति विरोधी चेतना', 'धार्मिक आडम्बर विरोधी चेतना' र 'राष्ट्रियताबोध/वैदेशिक हस्तक्षेप विरोधी चेतना' लाई विश्लेषणको आधार मानिएको छ ।

**(घ) मनोविश्लेषणवाद**

मनोविश्लेषणवाद मानव मनका अनेकन पक्षको विश्लेषणका माध्यमबाट व्यक्ति स्वयंको चिन्तन र त्यस चिन्तनबाट अभिप्रेरित उसका गतिविधिलाई प्रस्तुत गर्ने सिद्धान्त विशेष हो । मनोविश्लेषणमा मानवमनका अनेकन पक्षका बारेमा अध्ययन गरिने भएकाले यस्तो खाले रचनामा समाजबोधभन्दा पनि आत्मपरकताको मात्रा धेरै पाइन्छ । मनोविश्लेषणको अध्ययनका क्रममा मानिसका असामान्य गतिविधि एवम् मनका अप्राप्तिलाई विषय सन्दर्भ बनाउनाका साथै व्यक्तिपात्रको चरित्रको चित्रण गर्ने एवम् मानिसका अर्न्तमुखी र बहिमुर्खी प्रवृत्तिका बारेमा अध्ययन गर्नाका साथै व्यक्तिको मनोरचनाको समाजमा पार्ने प्रभावका सन्दर्भमा विश्लेषण गरिन्छ । यस अध्ययनमा नेपाली समाजको विकासक्रममा व्यक्ति मनोविज्ञान एवम् समाज मनोविज्ञानले के कस्तो असर पार्‍यो र त्यस्तो खाले मनोविज्ञान समयका विभिन्न कालखण्डमा नेपाली लघुकथामा कसरी अभिव्यक्त हुँदै आयो भन्ने विषयलाई विश्लेषणको प्रमुख आधार मानिएको छ । नेपाली लघुकथामा अभिव्यक्त मनोविश्लेषणको अध्ययनका लागि 'यौनजन्य असामान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त एवम् दमित अवस्था चित्रण', 'व्यक्तिपात्रको चरित्रको विश्लेषण', 'मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्ति चित्रण' एवम् 'व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभाव'लाई अध्ययनको विषय बनाइएको छ ।

**(ङ) अस्तित्ववाद- विसङ्गतिवाद**

जीवनप्रतिको निराशाबाट विसङ्गति उत्पन्न हुन्छ भने विसङ्गति बोध भएर पनि अस्तित्वको खोजी गर्नु अस्तित्वबोध हो । विसङ्गतिवादले जीवनको निरर्थकता र उद्देश्यहीनतालाई प्रस्तुत गर्ने भएकाले विसङ्गतिवादी साहित्यमा जीवनमा उत्पन्न हुने निराशा एवम् शुन्यतालाई व्यक्त गर्ने र जीवनका विसङ्गति उजागर गर्ने कार्य गरिएको पाइन्छ । अस्तित्ववादले ईश्वरको अस्तित्व अस्वीकार गर्ने एवम् मानव जीवनमा अस्तित्वबोधको चेतनालाई प्रस्तुत गर्दछ । नेपाली लघुकथा रचनामा अभिव्यक्त विसङ्गतिवादी-अस्तित्ववादी युगचेतनासँग सम्बन्धित अभिलक्षणहरू 'नेपाली लघुकथामा जीवनको अर्थहीनता/उद्देश्यहीनता तथा निराशा एवम् शुन्यताको अभिव्यक्ति', 'नेपाली लघुकथामा विसङ्गत जीवन परिवेश', 'नेपाली लघुकथामा ईश्वरको अस्तित्व अस्वीकार', 'नेपाली लघुकथामा अस्तित्व चेतना'लाई अस्तित्ववाद-विसङ्गतिवाद विश्लेषणको ढाँचाका रूपमा प्रयोग गरिएको छ ।

**(च) उत्तरआधुनिकतावाद**

उत्तरआधुनिकतावाद विभिन्न सिद्धान्तको समग्र रूप हुने भएकोले उत्तरआधुनिक साहित्यमा सिद्धान्तको स्वायता हुँदैन । विभिन्न विचार, दर्शन, कला र संस्कृति आदिको सम्मिश्रण पाइनु, साहित्यको सग्लो रूप नपाइनु, विधाहरूको स्वतन्त्रता र स्वायत्तता नहुनुलाई यसका थप विशेषता मानिएको पाइन्छ । उत्तरआधुनिक साहित्यले साहित्यलाई अनुकरण मान्ने र उनै प्रचलित शब्द, वाक्य आदि संयोजन गर्ने हुनाले कुनै पनि कृति मौलिक नहुने विचार व्यक्त गर्दछ । उत्तरआधुनिकतावादले परम्परागत मूल्यप्रतिको असहमतिको चेतनाका साथसाथै प्रविधिमुखी चेतना, अभिघात चेतना, वातावरणीय चेतनालाई समेटनाका साथै डायस्पोरिक चेतना र मिथकको प्रयोगलाई पनि अध्ययनको विषय बनाउँछ । यस अध्ययनमा उत्तरआधुनिक युगचेतनासँग सम्बन्धित नेपाली लघुकथामा देखिएका अभिलक्षणहरू 'परम्परागत मूल्यको विघटन', 'नेपाली लघुकथामा प्रविधि संस्कृति', 'नेपाली लघुकथामा अभिघात' र 'नेपाली लघुकथामा वातावरणीय चेतना' लाई विषय सन्दर्भको अध्ययनको विश्लेषण गरिएको छ । त्यस्तै प्रवासी जीवन भोगाइ (डायस्पोरा)को सन्दर्भ एवम् मिथकीय अध्ययनलाई पनि प्राथमिकता दिइएको छ ।

**(छ) नारीवाद**

नारीवाद नारी अधिकारसँग सम्बन्धित सिद्धान्त विशेष भएकाले यसले नारीहरूको हक र अधिकारको पक्षमा वकालत गर्दछ । नेपाली लघुकथामा युगचेतनाअर्न्तगत नारीवादलाई पनि अध्ययनको विषय बनाइएको छ । नारीवादका विभिन्न रूप पाइने

गरेकामा यस अध्ययनमा नारीवादका विभिन्न रूपको सामान्य चर्चाको साथै नेपाली लघुकथामा अभिव्यक्त नारीवादको विश्लेषण गरिएको छ ।

## २.१३ युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली' विश्लेषण ढाँचा

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली विश्लेषणका लागि संरचनाका रुपमा कथानक, पात्र/चरित्र, परिवेश, उद्देश्य एवम् दृष्टिबिन्दुलाई विषयका रूपमा प्रस्तुत गरिएको छ त्यस्तै भाषाशैलीगत अध्ययनका क्रममा विचलन, समानान्तरता, पर्याययोक्ति/पर्याय युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, बिम्बविधान, प्रतीकविधान, अलङ्कारविधान, मानवीकरण, व्यङ्ग्योक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैचित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको प्रयोग भएका लघुकथामा प्रयुक्त युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथाको युगचेतनाका सन्दर्भमा संरचना र भाषाशैलीका आधारलाई यसरी प्रस्तुत गरिएको छ :

### (१) कथानक

लघुकथाको आरम्भ देखि अन्त्यसम्म कथानक फैलिएको हुन्छ र यसले घटना-शृङ्खलासँग गति लिएको हुन्छ । लघुकथामा कथानक अत्यन्त सूक्ष्म र साङ्केतिक मात्र हुन्छ । लघुकथाको कथानकमा युगजीवनका अनेकन घटनाका बारेमा वर्णन गरिन्छ । गौतम (२०७२) ले कथासूत्रका बारेमा प्रकाश पार्ने क्रममा "कथानक वा कथावस्तु पनि कथाको बीज नै हो तर कथामा कार्यकारण शृङ्खला लामो हुन्छ भने लघुकथामा अत्यन्त छोटो हुन्छ र यही लघुकार्यकारण शृङ्खलाका कारण लघुकथाको कथानक वा कथावस्तुलाई कथासूत्र भनिन्छ" (पृ. ४५) । भनेका छन् । यसरी लघुकथामा कथानक अत्यन्त छोटो हुने हुनाले यसलाई कथासुत्र भनिने विचार व्यक्त गरेका छन् । लघुकथाको कथासूत्र विन्यास अत्यन्त छोटो हुने हुनाले यसको कथानक ढाँचा रैखिक हुने र आरम्भ, सूक्ष्मविकास र चरमोत्कर्ष हुने गर्दछ । विभिन्न कालखण्डमा भएका राजनैतिक-सामाजिक घटनामा तत्कालीन समयको चेतना प्रतिबिम्बित हुन्छ ।

### (२) पात्र/चरित्र

नेपाली लघुकथामा युगचेतनाको प्रस्फुटन पात्रका माध्यमबाट हुन्छ । कथानकलाई गति दिने काम चरित्र/पात्रले गर्दछन् । लघुकथामा सिमित पात्र वा सहभागी हुन्छन् तिनले कथानकलाई अघि बढाउनाका साथै युगजीवन अनुकूल आफ्नो चरित्रको निर्माण गरेका हुन्छन् । हरेक पात्रले आफ्नो समयको चेतनालाई आत्मसात् गर्ने भएकाले युगचेतनाको प्रतिविम्बन पात्रका गतिविधि एवम् उसका क्रियाकलापका माध्यमबाट अभिव्यक्त हुनेगर्दछ ।

लघुकथामा मानवीय पात्रको प्रयोग हुने गरे तापनि अमानवेतर पात्रलाई पनि प्रतीकात्मक रूपमा प्रयोग गर्न सकिन्छ ।

**(३) परिवेश**

नेपाली लघुकथामा युगजीवन अनुकूलको परिवेश बुनोट गरिएको पाइन्छ । जस्तै : २००७ साल वरपरको घटनालाई प्रस्तुत गर्नुछ भने सोहीअनुरूपको परिवेश सिर्जना गरिन्छ । त्यसरी नै २०६० साल पछिको घटनालाई प्रस्तुत गर्नु छ भने सोहीअनुरूपको परिवेशको सिर्जना गरिएको पाइन्छ । परिवेशका माध्यमबाट तत्कालीन समय र सो समयको चेतनाका बारेमा ज्ञात हुने गर्दछ । परिवेशले मूलतः देश, काल र परिस्थितिको वर्णन गर्ने भएकोले यसको अध्ययनमा कहाँ ?, कहिले ? एवम् कुन अवस्थामा ? लाई अध्ययनको विषय बनाइने गरिन्छ । यसमा स्थानिक र कालिक परिवेश सिमित भएपनि पारिस्थितक परिवेश चाहिँ छोटो भएपनि प्रभावकारी हुने गर्दछ । यस अध्ययनमा परिवेशको बुनोटमा प्रस्तुत युगचेतनालाई अध्ययनको आधार मानिएको छ ।

**(४) उद्देश्य/सारवस्तु**

लघुकथा लेखनको निश्चित उद्देश्य हुन्छ । लघुकथा रचनामा नेपाली समाजका विभिन्न विकृति-विसङ्गतिजन्य परिवेशको प्रस्तुतिका विकृति विरोधी चेतनाको प्रस्फुटन भएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा नकारात्मक जीवन परिवेशको प्रस्तुतिका माध्यमबाट सकारात्मक जीवनमूल्यको खोजी गरिएको छ । लघुकथा रचनामा युग जीवनका यथार्थको प्रस्तुतीकरणका आधारमा लोककल्याणको भाव सिर्जना गर्ने उद्देश्य राखिएको हुन्छ । लघुकथाको उद्देश्यका बारेमा लक्ष्मणप्रसाद गौतम (२०७२) ले "सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि यावत् विकृति विसङ्गतिलाई देखाएर सुधारको सन्देश दिनु पनि हिजोआजका कतिपय लघुकथाको उद्देश्य देखिन्छ र यो यथार्थकै प्रकटीकरणकै रूपमा रहेको छ" (पृ. ४९) भनेर प्रकाश पारेका छन् । उनले लघुकथामा सामाजिक अर्न्तविरोधको प्रस्तुतिका साथै विकृतिविरोधी चेतनाको प्रस्फूटन हुने तर्फ संकेत गरेका छन् ।

**(५) दृष्टिबिन्दु**

दृष्टिबिन्दु रचनाको शिल्प पक्षसँग सम्बन्धित हुन्छ । लेखकले एक प्रमुख पात्रलाई आधार बनाएर रचनामा विचरण गर्ने गरेकामा त्यस पात्रले लघुकथामा लेखकको विचारको प्रतिनिधित्व गर्दछ । रचनाकारले आफ्नो दृष्टिकोणलाई अघि बढाउन चयन गरेको पात्र दृष्टिकेन्द्री पात्र मानिन्छ । त्यो पात्र सक्रिय हुने तथा कार्यव्यापार सम्पन्न गर्ने ठाउँ नै दृष्टिबिन्दु हो । लघुकथामा सामान्यता प्रथम पुरूष (म, हामी) एवम् तृतीय पुरूष (ऊ, उनी) दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यसै सन्दर्भमा दयाराम श्रेष्ठ (२०६६) ले

"कथामा कथावस्तुलाई जीवन्त बनाउन पात्रका भित्री तथा बाहिरी संसार स्पष्टसँग प्रतिबिम्बित भएको हुनुपर्दछ । कथात्मक दृष्टिबिन्दु यसै कुरोसँग सम्बन्धित छ" (पृ. २८) भनेर कथात्मक रचनामा दृष्टिबिन्दुको महत्वलाई प्रस्तुत गरेका छन् । यस अध्ययनमा नेपाली लघुकथा रचनामा प्रस्तुत दृष्टिबिन्दुको बुनोटका माध्यमबाट के कसरी युगचेतना व्यक्त भएको छ भन्ने सन्दर्भलाई अध्ययनको आधार बनाइएको छ ।

(६) **रुपविन्यास**

रूपविन्यासले संरचना पक्षसँग सम्बन्ध राख्दछ । नेपाली लघुकथाको संरचनासँग सम्बन्धित रहेर विचलन, समानान्तरता, पर्यायोक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, सादृश्यविधान अर्न्तगत बिम्बविधान, प्रतीकविधान, अलङ्कारविधान, मानवीकरण, व्यङ्ग्योक्तिको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग, नवनिर्मित क्रियाको प्रयोग, उक्तिवैचित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको प्रयोग सँग सम्बन्धित विषय सन्दर्भको विश्लेषण गरिएको छ ।

(क) **विचलन**

नेपाली लघुकथामा रूपविन्यासको अध्ययनका क्रममा विचलनलाई पनि आधार मानिएको छ । विचलन भाषिक तहमा हुने गर्दछ । भाषाको मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण एवम् व्यतिक्रमलाई विचलन भनिन्छ । यस अध्ययनमा कोशीय विचलन, सहप्रयोगात्मक विचलन एवम् व्याकरणिक विचलनको अध्ययन गरिएको छ । व्याकरणिक विचलनको अर्न्तगत कर्ता, कर्म र क्रियाको विचलन, उद्देश्य र विधेयको क्रममा विचलन, पद/पदावलीगत विन्यासमा विचलन, उपवाक्यगत विन्यासमा विचलन र वाक्यगत विचलनलाई अध्ययन गरिएको छ ।

(ख) **समानान्तरता**

नेपाली लघुकथामा रूपविन्यासको अध्ययनका क्रममा समानान्तरतालाई पनि आधार मानिएको छ । साहित्यिक कृतिमा भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । समानान्तरताले रचनामा चमत्कार उत्पन्न गर्नुको साथै लेखनगत विशिष्टता प्रदान गर्दछ । यस अध्ययनमा वर्ण, पद, पदावली, उपवाक्य एवम् वाक्यका स्तरमा हुने समानान्तरतालाई अध्ययनको विषय बनाइएको छ ।

(ग) **पर्यायोक्ति/पर्यायकथन**

नेपाली लघुकथामा रूपविन्यासको अध्ययनका क्रममा पर्यायोक्ति/पर्यायकथनलाई पनि आधार मानिएको छ । साहित्यिक रचनामा कुनै निश्चित भाव वा वस्तुलाई बुझाउनका

लागि उही अर्थलाई सङ्केत गर्ने अर्को खाले शब्द र शब्दसमूहको प्रयोग गर्ने प्रवृत्ति पर्यायकथन हो । यसरी चलनचल्तीका शब्दको सट्टा त्यसका विशेषता, लक्षण आदिको विवरण दिने अरू नै शब्द वा शब्दसमूहको समायोजन गर्ने कार्यलाई पर्यायकथन भनिन्छ । नेपाली लघुकथामा अभिव्यक्त युगचेतनाको सन्दर्भमा बुनोटको अध्ययनका क्रममा पर्याययोक्तिलाई पनि मूल आधार मानिएको छ ।

(घ) **विशेषणगुच्छको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा विशेषणगुच्छको अध्ययन गरिएको छ । एकभन्दा धेरै विशेषणहरूको समूहलाई विशेषणगुच्छ भनिन्छ । विशेषणगुच्छ विशेष्यका विशेषताका रूपमा आउने र यिनले विशेष्यको गुण वा प्रवृत्तिलाई प्रष्ट पार्ने, जोड दिने र उजागर गर्ने गर्दछन् ।

(ङ) **दृष्टान्तीकरण**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा दृष्टान्तिकरणको अध्ययन गरिएको छ । विषय वा भावलाई प्रस्तुत गरेपछि त्यसलाई प्रस्ट पार्नका लागि उस्तै खालका सन्दर्भको उल्लेख गर्नु दृष्टान्तीकरण मानिन्छ ।

(च) **अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा अप्रचलित शब्द वा शब्दयुग्मको अध्ययन गरिएको छ । लघुकथामा रचनामा सामाजिक व्यवहारका क्रममा नचलेका शब्द एवम् शब्दहरूको समूहको प्रस्तुति पाइन्छ । यस्ता शब्दका माध्यमबाट रचनामा भाषिक नवीनता थप्ने कार्य गरिएको पाइन्छ ।

(छ) **सादृश्यविधानको प्रस्तुति**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा सादृश्यविधानको अध्ययन गरिएको छ । सादृश्यविधान भन्नाले रूप, गुण आदिका हिसाबले देखिने समानता, तुल्यतालाई बुझाउँछ । यस अध्ययनमा सादृश्यविधान अर्न्तगत बिम्ब, प्रतिक, अलङ्कार र मानवीकरणलाई विषय बनाइएको छ ।

(अ) **विम्ब**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा सादृश्यविधानलाई प्रस्तुत गर्ने क्रममा विम्बको अध्ययन गरिएको छ । स्रष्टाका मनमा रहेको मानसिक तस्वीरलाई यथार्थिक बनाउने चित्रात्मक भाषालाई विम्ब भनिन्छ ।

(आ) **प्रतीक**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा सादृश्यविधानलाई प्रस्तुत गर्ने क्रममा प्रतीकको अध्ययन गरिएको छ । कुनै सुक्ष्म कुरा व्यक्त गर्न स्थुल वस्तुको चयन गर्नुलाई प्रतीक भनिन्छ ।

**(इ) अलङ्कार**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा सादृश्यविधानलाई प्रस्तुत गर्ने क्रममा अलङ्कारको पनि अध्ययन गरिएको छ । साहित्यलाई सिँगार्न अर्थगत वा शाब्दिक चमत्कार प्रस्तुत गर्ने एवम् चमत्कारपूर्ण तरिकाले वर्णन गर्ने शैलीलाई अलङ्कार भनिन्छ । यस अध्ययनमा नेपाली लघुकथाको सन्दर्भमा उपमा, विरोधाभास एवम् समभाव अलङ्कारको अध्ययन गरिएको छ ।

**(ई) मानवीकरण**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा सादृश्यविधानलाई प्रस्तुत गर्ने क्रममा मानवीकरणको पनि अध्ययन गरिएको छ । मानवेत्तर पात्र एवम् कुनै वस्तुलाई मानवीय सत्ता प्रदान गर्ने कार्य मानवीकरण हो । मानवीकरणका माध्यमबाट रचनामा भावगत एवम् शिल्पगत विशिष्टता थपिने गर्दछ ।

**(ज) व्यङ्ग्योक्तिको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा व्यङ्ग्योक्तिको पनि अध्ययन गरिएको छ । कुनै पनि भनाइका क्रममा व्यङ्ग्य मिसाएर प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्योक्ति भनिन्छ । यसमा राजनीतिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रमा देखापरेका गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**(झ) उखानको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा उखानको पनि अध्ययन गरिएको छ । हाम्रो लोकजीवनमा परम्परादेखि प्रचलनमा रहेका अनुभवको सुत्रात्मक, गहिकिलो भाषाको अभिव्यक्तिलाई उखान भनिन्छ । यस अध्ययनमा उखानका माध्यमबाट राजनीतिक, सामाजिक एवम् धार्मिक क्षेत्रसँग सम्बन्धित युगचेतनाको अध्ययन गरिएको छ ।

**(ञ) टुक्काको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा टुक्काको पनि अध्ययन गरिएको छ । आआफ्ना वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयोग हुने दुई वा दुईभन्दा बढी पदहरूको समूहलाई टुक्का भनिन्छ । यस अध्ययनमा विभिन्न विषयवस्तुसँग सम्बन्धित टुक्काका माध्यमबाट युगचेतनाको विश्लेषण गरिएको छ ।

**(ट) नवनिर्मित क्रियाको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा नवनिर्मित क्रियाको पनि अध्ययन गरिएको छ। नेपाली लघुकथा रचनामा परम्परादेखि चल्दै आएका भन्दा भिन्न नवीन खाले क्रियाको प्रयोग भएको पाइन्छ। यस किसिमको प्रयोगले भाषिक अभिव्यक्तिलाई विशिष्ट बनाउनुका साथै लघुकथामा अभिव्यक्त भावलाई समेत सशक्त बनाउने गर्दछ।

**(ठ) उक्तिवैचित्र्यको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा उक्तिवैचित्र्यको पनि अध्ययन गरिएको छ। अर्थ वा उक्तिको वैचित्र्यलाई उक्तिवैचित्र्य भनिन्छ। यसमा उपमा, रूपक, दृष्टान्त, अतिशयोक्ति आदि अलङ्कारका माध्यमबाट अर्थगत चमत्कार ल्याइएको हुन्छ। नेपाली लघुकथामा उक्तिवैचित्र्यका माध्यमबाट अर्थगत चमत्कार आउने गरेको सन्दर्भमा युगचेतनाको प्रस्तुतिको अध्ययन गरिएको छ।

**(ड) क्रियामुक्त वाक्यको प्रयोग**

नेपाली लघुकथामा युगचेतनाका अध्ययनका सन्दर्भमा रूपविन्यासका क्रममा क्रियामुक्त वाक्यको पनि अध्ययन गरिएको छ। कुनै पनि घटना एवम् गतिविधि जस्ता कार्य जनाउने शब्दलाई क्रिया भनिन्छ। यस अध्ययनमा क्रियामुक्त भएका रचनामा युगचेतनाको प्रस्तुतिलाई विश्लेषण गरिएको छ।

**(ढ) संवादात्मक शैली**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा संवादात्मक शैलीको पनि अध्ययन गरिएको छ। संवादात्मक शैली भन्नाले कुराकानी एवम् छलफलको शैलीलाई बुझाउँछ। यस अध्ययनमा संवादात्मक शैलीको प्रयोग गरिएका लघुकथामा युगचेतना के कसरी प्रतिबिम्बित भएको छ भन्ने विषयलाई लिइएको छ।

**(ण) लोककथात्मक शैली**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा रूपविन्यासको अध्ययनका क्रममा संवादात्मक शैलीको पनि अध्ययन गरिएको छ। हाम्रो लोकजीवनमा रहेका मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथालाई लोककथा भनिन्छ। यस अध्ययनमा लोककथात्मक शैलीको अध्ययनका क्रममा राजनीति, समाज एवम् धर्मसँग सम्बन्धित लोककथामा पाइने युगचेतनाको अध्ययन गरिएको छ।

## २.१४ निष्कर्ष

यस अध्ययनमा लघुकथाको परिभाषा दिने क्रममा यो आख्यानको लघुत्तम भेद भएको र यसमा सिमित कथानक, परिवेश, संवाद एवम् पात्रविधानको आयोजना गरिने तथ्यको पुष्टि गरिएको छ । लघुकथामा प्रभावकारी विचार सम्प्रेषण गर्ने अणु सामर्थ्य हुने भएकोले यो साहित्यको सशक्त विधा भएको अभिमत राखिएको छ । लघुकथाको स्वरूप निरूपण गर्ने क्रममा कथानक, पात्रविधान, परिवेश, दृष्टिबिन्दु एवम् उद्देश्य जस्ता तत्वको बारेमा विश्लेषण गरिएको छ । लघुकथामा कथानक, पात्रविधान एवम् परिवेशमा सिमितता हुने, सामान्यतया प्रथम र तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग गरिने, सामाजिक विकृति विसङ्गतिप्रति असहमतिको चेतना व्यक्त गरिने दृष्टिकोण अघि सारिएको छ ।

यस अध्ययनमा युगचेतनाको विश्लेषण ढाँचाको निर्माण गरिएको छ । युगचेतनाको सम्बन्ध समकालीनतासँग रहन्छ । युगचेतना निरन्तर जारी रहन्छ । यसले अस्थिर समयलाई सङ्केत गर्दछ । समयका विभिन्न कालखण्डमा एकै किसिमको युगचेतना हुँदैन । हिजोको समयको युगचेतना एककिसिमको थियो, आजको एक किसिमको छ भने भोलिको अझ अर्को हुनेछ । युगचेतनाले युग अनुसारको भाषा निर्माण गर्दछ । समयअनुकूल आज वा अहिलेको वर्तमानसँग यसको सम्बन्ध रहन्छ । कुनै पनि रचनामा आज वा अहिलेको समयको चेतना हुनु नै समकालीनता वा युगचेतना हो । कुनै पनि रचनामा युगचेतनाको प्रतिबिम्बन परिवर्तित मूल्यअनुरूप निर्माण हुन्छ । तत्कालीन राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक, विश्वघटनाजस्ता विषयले युगचेतनाको निर्माणमा सहयोग पुऱ्याएको हुन्छ । स्रष्टा जुन समयको उत्पादन हो, त्यस समयका विशेषता उसका रचनामा आउनु स्वाभाविकै हो । आफ्नो समयको समाजको चरित्र प्रस्तुत गर्नु र तिनमा रहेका खराब पक्षको उजागर गर्दै नवीन मूल्य स्थापनाका लागि दृष्टिकोण प्रस्तुत गर्नु एक युगसचेत लेखकको धर्म पनि हो । यस अध्ययनमा युगचेतनाका सन्दर्भमा त्यसका प्रवृत्तिहरुका बारेमा चर्चा गरिएको छ । नेपाली लघुकथामा युगचेतना विश्लेषणका लागि निर्धारण गरिएका विषयवस्तु र विचार एवम् बनोट र बुनोटमा युगचेतनाको प्रस्तुति कसरी हुन सक्छ भन्ने विषयमा चर्चा गरिएको छ ।

# परिच्छेद तीन

# नेपाली लघुकथाको विकासक्रम

## ३.१ विषयपरिचय

नेपाली साहित्यमा लघुकथा लेखन प्रारम्भ भएको सात दशक पूरा हुन लागेको छ । प्रारम्भमा केही रहरका रूपमा र केही नवीन प्रयोगका रूपमा भित्रिएको लघुकथा अब प्रतिबद्ध लेखनको मार्गतर्फ गतिशील छ । इतिहासको लामो अवधिसम्म सुषुप्त अवस्थामा रहेको लघुकथा लेखनले २०३६ पछि व्यापक विकासको मार्गतर्फ अग्रसरता लियो । राजनीतिक तथा सामाजिक चेतनाले निर्माण गरेको युगचेतनाको प्रतिविम्बनबाट परम्परागत विधाको प्रभावमा शिथिलतासँगै नवीन विधा मौलाउन थालेको पाइन्छ । नेपाली लघुकथा रचनाको विकास एवम् विस्तारमा यस कालखण्डको महत्त्वपूर्ण योगदान रहेको छ ।

पचासको दशक पछिको नेपाली साहित्यमा लघुकथा लेखनले अझ व्यापकता लियो । लघुकथाको सैद्धान्तिक मूल्यको खोज एवम् लघुकथा लेखनमा निरन्तरता दिने स्रष्टाका कारण नेपाली लघुकथाले आफ्नो गुणगौरव बढाउँदै लग्यो । लघुकथा लेखनप्रति प्रतिबद्ध स्रष्टाको निरन्तरता र नेपाली समालोचनामा लघुकथा रचनालाई स्थान दिने कार्यले नेपाली लघुकथा लेखनप्रतिको आकर्षण बढायो । नेपाली लघुकथाको इतिहासलाई जनसमक्ष ल्याउने कार्यले नेपाली लघुकथाका क्षेत्रमा योगदान दिने स्रष्टा, अनुसन्धानकर्ता एवम् समालोचक-बाट भएगरेका कार्यको अभिलेख निर्माण भएको छ ।

यस परिच्छेदमा नेपाली लघुकथाको विकासक्रममा देखापरेका सर्जक, समालोचक, संस्था एवम् पत्रपत्रिकाको चर्चा गरिएको छ । नेपाली लघुकथाको कालविभाजनका बारेमा विभिन्न अध्येताद्वारा गरिएको अनुसन्धान कार्यहरूको लेखाजोखा प्रस्तुत गर्नुका साथै नेपाली लघुकथाको विकासका क्रममा देखा परेका विभिन्न मोडहरू र तिनका मूल प्रवृत्तिको निरूपण गरिएको छ । नेपाली लघुकथाको विकासक्रममा विभिन्न कालखण्डमा योगदान दिने सर्जक, समालोचक एवम् सम्पादकका योगदानलाई समेत रेखाङ्कित गरिएको छ ।

## ३.२. नेपाली लघुकथाको अध्ययन परम्परा

नेपाली लघुकथाको अध्ययन परम्परामा विभिन्न अध्येताले आआफ्नो महत्त्वपूर्ण योगदान दिएका छन् । ती अध्ययनमा नेपाली लघुकथाको विकासप्रक्रिया, त्यसमा योगदान दिने सर्जक, समालोचक एवम् साहित्यिक पत्रपत्रिकाको योगदानलाई प्रकाशित गरिएको छ । नेपाली लघुकथाको अध्ययन परम्परामा लघुकथाको विकासक्रम निर्धारण गर्ने प्रथम अध्येता श्रेष्ठ (२०५६) हुन् । उनले नेपाली लघुकथाको विकासक्रम निर्धारण गर्ने कार्य गर्नाका साथै लघुकथा सिर्जनाको र सर्जकको मूल्यनिर्धारण गर्ने कार्यमा अग्रसरता देखाएका छन् ।

उनीपछि क्रमशः पोखरेल (२०५९), कोइराला (२०५९), अश्क (२०५९), पौडेल (२०६३), लामिछाने (२०६४), गौतम (२०६७) एवम् भट्ट (२०७०) ले नेपाली लघुकथाको विकासक्रम सम्बन्धमा आआफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । यस अध्ययनमा नेपाली लघुकथाका सम्बन्धमा हालसम्म भएका अध्ययनलाई अभिलेखन गरिएको छ । नेपाली लघुकथाको विकासक्रमका बारेमा भएका अध्ययनहरूलाई देखाउनाका साथै ती अध्ययनको विश्लेषण समेत गरिएको छ ।

**(क) दयाराम श्रेष्ठको अध्ययन**

श्रेष्ठ (२०५६) ले नेपाली लघुकथा लेखनका विभिन्न पक्षमाथि प्रकाश पारेका छन् । उनले नेपाली लघुकथाको कालविभाजनका साथै नेपाली लघुकथा परम्परामा योगदान दिने महत्त्वपूर्ण स्रष्टाका मूल प्रवृत्तिको बारेमा समेत चर्चा गरेका छन् । यो नेपाली लघुकथाको विकासक्रमका बारेमा गरिएको पहिलो अध्ययन हो । नेपाली लघुकथाको अध्ययन परम्परामा यस अध्ययनले ऐतिहासिक महत्त्व राख्दछ । यस अध्ययनको प्रकाशनले नेपाली लघुकथा लेखन परम्परालाई मान्यता प्रदान गर्ने मार्गमा सहजता उत्पन्न भयो र नेपाली लघुकथा सर्जकको योगदानका विविध आयाममाथि चर्चा-परिचर्चा गर्ने कार्यको थालनी भयो ।

उनले लघुकथा लेखनलाई कथा लेखनको इतिहासको सापेक्षतामा अध्ययन गरेका छन् । उनले 'नेपाली कथाको आधुनिक काल १९९२ मा सुरु भएपछि मात्र नेपाली लघुकथाको विकास भएको' बताएका छन् । श्रेष्ठले गोपालसिंह नेपालीको कृति **कल्पना** (१९९२) का बारेमा आफ्नो अभिमत प्रकट गरेका छन् । उनले **कल्पना**लाई हालसम्म कविता सङ्ग्रह भनिँदै आएकोमा त्यस कृतिमा रचनाविधानका दृष्टिले कथानकता पाइने विचार प्रस्तुत गरेका छन् ।

उनले नेपाली लघुकथाको विकासक्रमलाई यसप्रकार निर्धारण गरेका छन् :

(अ) पहिलो काल (१९९२-२०१९),

(आ) दोस्रो काल (२०२०-२०३९),

(इ) तेस्रो काल (२०४० पछि) ।

श्रेष्ठले नेपाली कथाको आधुनिक काल १९९२ पछि भएको कुरालाई आधार मानेर त्यसलाई नेपाली लघुकथाको पहिलो काल मानेका छन् । उनले यस अवधिका प्रमुख कृतिमा पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) र **म लोग्ने हुँ** (२००८) एवम् जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई मानेका छन् । उनले २०२० पछिको काललाई नेपाली लघुकथाको नवचेतनावादी कालका रूपमा मानेका छन् । यस कालका प्रमुख लघुकथाकारमा विश्वम्भर प्याकुरेल, जगदीश नेपाली, अनिता तुलाधर, ध्रुव मधिकर्मी, लव गाउँले, किशोर पहाडी, दुर्लभलाल सिंह, विनयकुमार कसजू, रमेश नेपाली आदि रहेको विचार व्यक्त गरेका छन् ।

यस कालमा नेपाली लघुकथाको व्यापक विकास भएको र नवीन मूल्यहरू आएको अभिमत प्रस्तुत गरेका छन् । यस अवधिमा भएगरेका कार्यले नेपाली लघुकथाप्रति आकर्षण बढनुका साथै एक स्वतन्त्र विधाका रूपमा लघुकथा स्थापित हुन पुगेको तर्क प्रस्तुत गरेका छन् । यस कालखण्डमा लघुकथा सम्बन्धी विभिन्न पत्रपत्रिका प्रकाशित हुनाको साथै लघुकथा विशेषाङ्कको प्रकाशन र लघुकथा वाचन गोष्ठीको प्रारम्भ हुनुले नेपाली लघुकथाको विकास व्यापक हुँदै गएको अभिमत राखेका छन् ।

उनले २०४० साललाई नेपाली लघुकथाको आधुनिक कालका रूपमा मानेका छन् । यस अवधिका प्रमुख लघुकथाकारमा विनयकुमार कसजू, भागीरथी श्रेष्ठ, किशोर पहाडी, इन्दिरा प्रसाई, ध्रुव मधिकर्मी, गोविन्द गिरी 'प्रेरणा', गोरखबहादुर सिंह, अशेष मल्ल आदिलाई प्रस्तुत गरेका छन् । श्रेष्ठले प्रमुख लघुकथाकारका कृतिको बारेमा पनि चर्चा गर्नुका साथै लघुकथा विशेषाङ्कका बारेमा चर्चा गरेका छन् । उनले लघुकथा गोष्ठीहरूले लघुकथाको लोकप्रियता बढाएको अभिमत प्रकट गरेको पाइन्छ ।

**(ख) ईश्वरीप्रसाद पोखरेलको अध्ययन**

पोखरेल (२०६०) ले दयाराम श्रेष्ठको मान्यताको अनुसरण गरी नेपाली लघुकथाको विकासक्रमलाई यसरी विभाजन गरेका छन् :

(अ) पहिलो चरण (१९९२-२०१९),

(आ) दोस्रो चरण (२०२०-२०३९),

(इ) तेस्रो चरण (२०४० देखि हालसम्म) ।

पोखरेलले पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) लाई नेपाली लघुकथाको पहिलो कृति मानेका छन् । उनले २००८ मा कलकत्ताबाट प्रकाशित जयनारायण गिरीको कसिङ्गरको भूमिकामा लैनसिंह बाङ्देलले नेपाली लघुकथाको प्रथम कृति भनेर भूमिका लेखेको तथ्य प्रस्तुत गर्दै यो कृति प्रकाशन पूर्व पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) प्रकाशित भइसकेकाले **झिल्का** (२००७) नै नेपाली लघुकथाको पहिलो कृति भएको अभिमत प्रकट गरेका छन् ।

**(ग) कुमारप्रसाद कोइरालाको अध्ययन**

कोइराला (२०५९) ले नेपाली लघुकथाको विकासक्रमलाई यसरी निर्धारण गरेका छन् ।

(अ) पहिलो चरण (२०००-२०१९),

(आ) दोस्रो चरण (२०२०-२०३९),

(इ) तेस्रो चरण (२०४० देखि हालसम्म) ।

कोइरालाले नेपाली लघुकथा लेखनको प्रारम्भबारेमा आफ्नो अभिमत प्रकट गरेका छन् उनले नेपाली लघुकथाको प्रारम्भ पूर्णप्रसाद ब्राह्मण (२००७) र जयनारायण गिरी (२००८) बाट भएको बताएका छन् (कोइराला. २०५९ : १९) । उनले नेपाली लघुकथाको प्रथम सङ्ग्रहका रूपमा पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) र **म लोग्ने हुँ** (२००८) लाई मानेका छन् ।

**(घ) गोपाल अश्कको अध्ययन**

अश्क (२०५९) ले दयाराम श्रेष्ठकै वर्गीकरणलाई मानेर नेपाली लघुकथाको विकासक्रमका बारेमा चर्चा गरेका छन् । यस लेखमा उनले नेपाली लघुकथाको विकासमा योगदान दिने स्रष्टा, तिनका कृति र लघुकथासम्बन्धी पत्रपत्रिकाका बारेमा जानकारी दिनाका साथै नेपाली लघुकथा लेखनका प्रवृत्तिगत विशेषताका बारेमा समेत प्रकाश पारेका छन् ।

**(ङ) गोपीन्द्र पौडेलको अध्ययन**

पौडेल (२०६३) ले लघुकथाको विकासक्रमलाई तीन चरणमा विभाजन गरेका छन् :

(अ) पहिलो चरण (२००७-२०२९) प्रारम्भिक काल,

(आ) दोस्रो चरण (२०३०-२०४५) विकास काल,

(इ) तेस्रो चरण (२०४६-हालसम्म) उत्थान काल ।

पौडेलले नेपाली लघुकथा लेखनको खास आरम्भबिन्दुका दृष्टिले पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) तथा जयनारायण गिरीको **कसिङ्गर** (२००८) लाई नेपाली लघुकथाको प्रस्थानबिन्दु मान्न सकिने तर्क प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाको सचेत प्रयोग पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) बाट भएको विचार व्यक्त गरेका छन् । त्यसपछि २०२९ सम्म एकाध कृति प्रकाशनबाहेक खासै कार्य हुन नसकेको विचार व्यक्त गरेका छन् । उनले २०३० पछि नेपाली लघुकथाको विकास एवम् विस्तार भएको दृष्टिकोण राखेका छन् । यस समयावधिमा लघुकथासम्बन्धी पत्रपत्रिकाको विकासका साथै लघुकथा कृति प्रकाशनको क्रम पनि बढेको पाइन्छ । २०४६ पछिको समयमा नेपाली लघुकथाको व्यापक विस्तार भएको र नेपाली साहित्य फाँटमा लघुकथा अझ प्रतिष्ठापित भएको मत राखेका छन् ।

**(च) कपिल लामिछानेको अध्ययन**

लामिछाने (२०६४) ले नेपाली लघुकथाका बारेमा दयाराम श्रेष्ठले गरेको वर्गीकरणलाई आधार मानेर आफ्नो अध्ययन प्रस्तुत गरेका छन् । उनले नेपाली लघुकथाको विकासक्रमका सम्बन्धमा आफ्नो अभिमत प्रकट गरेको पाइन्छ । उनले नेपाली आख्यानका

सन्दर्भमा १८२७ देखिको लेखन इतिहासलाई अघि सारेका छन् । लामिछानेले असचेत रूपमा भए पनि नेपाली लघुकथाका आरम्भ १९९२ बाट भएको विचार प्रकट गरेका छन् । उनले पूर्णप्रसाद ब्राह्मणको **भिल्का** (२००७) लघुकथा कृति प्रकाशन भएपछि नेपाली लघुकथाको पहिलो सचेत प्रयास प्रारम्भ भएको मत राखेका छन् ।

**(छ) लक्ष्मणप्रसाद गौतमको अध्ययन**

गौतम (२०६७) नेपाली लघुकथाको विकासक्रमलाई यसरी वर्गीकरण गरेका छन् :

(अ) आधारभूमिको चरण-सुरुदेखि-२००६ सम्म (आधारभूमिको निर्माण),

(आ) पहिलो चरण-२००७-२०२० सम्म (मौलिकताको स्पर्श),

(इ) दोस्रो चरण २०२१- २०३९ सम्म (विकास र विस्तारको आधार),

(ई) तेस्रो चरण २०४०- २०५२ सम्म (समकालीन युगजीवनसँगको सापेक्षता),

(उ) चौथो चरण २०५३ यता (नवीन प्रवृत्ति, प्रविधि संस्कृतिको प्रयोग र व्यापकीकरण) ।

यस अध्ययनमा गौतमले नेपाली लघुकथाका पछिल्ला प्रवृत्तिलाई समेत विकासक्रम निर्धारणको आधारका रूपमा लिएका छन् । उनले पछिल्लो समयमा भएको नेपाली लघुकथाको विकास र लघुकथाको विकासक्रममा योगदान दिने स्रष्टाहरुको योगदानका बारेमा चर्चा गरेका छन् । उनले नेपाली लघुकथाको इतिहासका साथै वर्तमानका युगीन सापेक्षताका आधारमा लघुकथा लेखनको कालविभाजन गर्ने कार्य गरेका छन् । विभिन्न कालखण्डका विशेषतालाई प्रस्तुत गर्नाका साथै र नेपाली लघुकथाको विकासक्रममा योगदान दिने कृति एवम् कृतिकारको योगदानका सबल पक्षका बारेमा आफ्नो अभिमत प्रकट गरेका छन् ।

**(ज) पुष्करराज भट्टको अध्ययन**

भट्ट (२०७०) ले उनले नेपाली लघुकथाको विकासक्रमलाई यसरी विभाजन गरेका छन् :

(अ) पृष्ठभूमि काल (सुरुदेखि-२००६ सम्म) पृष्ठभूमिको निर्माणको अवधि,

(आ) पहिलो चरण (२००७-२०२९) प्रारम्भिक काल,

(इ) दोस्रो चरण (२०३०-२०४५) विकास काल,

(ई) तेस्रो चरण (२०४६-२०५२) विस्तार काल र

(उ) चौथो चरण (२०५३ पछि-हालसम्म) व्यापक विस्तार एवम् नवीन मूल्यको प्रारम्भ ।

समयको विकाससँगै साहित्यिक रचनामा आएका नवीन मूल्य एवम् मान्यताको प्रभावले कालखण्ड विभाजनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । समयसँगै आएका नवीन मूल्यलाई विचारमा राखेर कालखण्ड विभाजन हुने हुँदा एकपल्ट गरिएको कालविभाजन सँधै जस्ताको त्यस्तै रहँदैन । यसै सन्दर्भमा श्रेष्ठको "कालविभाजन यादृच्छिक हुने र प्राककल्पनामा आधारित हुने भएकाले मतभिन्नताहरू हुनु स्वभाविकै कुरा हो । नेपाली साहित्यको कालविभाजनमा पनि यो कुरा लागु हुन्छ" (श्रेष्ठ. २०६५ : ११२) भन्ने अभिमतको सत्यताको पुष्टि भएको छ ।

कालविभाजनका क्रममा हरेक कालखण्डमा नवीन विशेषता थपिने क्रम जारी रहन्छ । प्रारम्भिक इतिहासका क्रममा स्थापित भइसकेका कुरासँग नयाँ नयाँ विचारमूल्य र ती विचारमूल्यको प्रभावलाई समेत ध्यानमा राख्नैपर्ने हुन्छ । त्यसो भएकाले कालखण्ड विभाजन विभिन्न कालखण्डमा परिवर्तन भइरहन्छ । यसमा नयाँ थप विशेषता सहितको दृष्टिकोण आइरहन्छ । माथिका यी वर्गीकरणहरूले नेपाली लघुकथाको विकास प्रक्रियालाई चिनाउनमा महत्त्वपूर्ण योगदान दिएका छन् । यी अध्ययनहरूमा नेपाली लघुकथाका विभिन्न चरण एवम् ती चरणहरूमा भएगरेका कार्यको लेखाजोखा प्रस्तुत गर्ने कार्य भएको छ । हालसम्म भएका अध्ययनका सकारात्मक पक्षलाई समेत ख्यालमा राख्दै नेपाली लघुकथाको विकासक्रम निर्धारण गरिएको छ ।

### ३.३. नेपाली लघुकथाको विकासक्रमबारे भएका अध्ययनको मूल्याङ्कन

नेपाली लघुकथाको कालखण्डका बारेमा सर्वप्रथम कलम चलाउने अध्येता श्रेष्ठ (२०५६) हुन् । उनको यस कार्यले नेपाली लघुकथाको विकासक्रम निर्धारणका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपाली लघुकथाको विकास त्यति धेरै नभएको समयमा पनि लघुकथा लेखनको कालखण्ड विभाजन गरेर नेपाली लघुकथा लेखनका बारेमा बौद्धिक अनुसन्धान एवम् प्राज्ञिक बहसको बाटो खोलेको पाइन्छ । उनको यस कार्यले नेपाली लघुकथा लेखनको इतिहास निर्माणको कार्य प्रारम्भ भयो । नेपाली लघुकथा लेखनको गति सुस्त भएकाले पनि उनले लघुकथालाई नेपाली कथा लेखनकै आधारमा कालखण्ड विभाजन गरेको पाइन्छ । नेपाली लघुकथा लेखनले व्यापकता नपाएको अवस्थामा यस्तो गर्नु स्वाभाविक भएपनि लघुकथाको विकाससँगै यसमा थपिएका नवीन प्रवृत्ति एवम् मान्यताको विकासले यसको कालखण्ड विभाजनमा केही भिन्नता ल्याउनु स्वाभाविक हो । नेपाली लघुकथाको कालखण्ड विभाजनमा युगचेतनाको प्रभाव स्पष्टतः प्रतिबिम्बित छ ।

दयाराम श्रेष्ठले नेपाली लघुकथाको पहिलो काल (१९९२–२०१९) लाई मानेका छन् । उनको यस वर्गीकरणमा ईश्वरीप्रसाद पोखरेल र कपिल लामिछाने पनि सहमत छन् । त्यसरी नै कुमारप्रसाद कोइरालाले नेपाली लघुकथाको पहिलो काल (२०००–२०१९) मानेका

छन् । गोपाल अश्कले नेपाली लघुकथाको पहिलो काल (२००७–२०२९) मानेका छन् । उनको यस वर्गीकरणमा गोपीन्द्र पौडेल र पुष्करराज भट्टको पनि समान मत पाइन्छ भने लक्ष्मणप्रसाद गौतमले २००७ साल लाई पहिलो कालको प्रारम्भ मानेपनि त्यसलाई २०२० सम्म मात्र पुऱ्याएका छन् । उनले सुरुदेखि-२००६ साल आधारभूमि निर्माणकालको रुपमा मानेका छन् । उनले नेपाली लघुकथा लेखनको सचेत प्रयास हुनुभन्दा पहिलेको काललाई आधारभूमिका रूपमा मानेका छन् ।

कालखण्ड विभाजनका लागि सचेत लेखन प्रारम्भ भएदेखिको समयलाई लिनु उचित हुने देखिन्छ । यसर्थ नेपाली लघुकथाको पहिलो काल २००७ देखि प्रारम्भ भएको मान्नुपर्ने हुन्छ । प्रारम्भमा नेपाली लघुकथाका कृति प्रकाशित भएपनि २०२९ सम्म खासै कुनै काम भएको देखिँदैन । २०२९ पछिको तीसको दशकमा विभिन्न लघुपत्रिका एवम् विशेषाङ्कका माध्यमबाट नेपाली लघुकथा मौलाउन थाल्यो । अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले अनुदार राजनीतिक व्यवस्था भए पनि स्रष्टाहरूले कुनै न कुनै रूपमा नव विधा एवम् नव चिन्तन मार्फत आफूलाई प्रस्तुत गरेको पाइन्छ । यस अवधिमा फाटफुट लघुकथा पत्रिका प्रकाशित भए पनि कृति प्रकाशन भने कमै भएको पाइन्छ । २०४६ को राजनीतिक परिवर्तनपछि नेपाली समाजमा आएको चेतनाको प्रभावबाट साहित्य क्षेत्र पनि प्रभावित हुँदै गयो । २०४६–२०५२ को समयावधिमा लघुकथा कृति प्रकाशनका साथै लघुकथा पत्रिकाको प्रकाशनमा पनि अझ विस्तार भएको पाइन्छ । यस समयले नवीन प्रवृत्ति बोकेको हुँदा यसलाई आधुनिक काल अर्न्तगत अलग्गै उपचरणका रूपमा अध्ययन गर्ने संकेत देखापरेका छन् । नेपाली साहित्य फाँटमा लघुकथा लेखनका बारेमा चर्चापरिचर्चा बढ्न थालेको पाइन्छ । २०५२ पछिको समय नेपाली लघुकथा लेखनका लागि महत्त्वपूर्ण विकासको समय हो । नेपाली लघुकथाको लेखनका साथै पत्रपत्रिकामा प्रकाशित हुने क्रम पनि यसै समयमा बढेको देखिन्छ । नेपाली लघुकथाका बारेमा अध्ययन प्रारम्भ भएको पाइन्छ । लघुकथाको सिद्धान्त एवम् लेखनका सम्बन्धमा विभिन्न विचार गोष्ठीको प्रारम्भ हुनाका साथै नेपाली लघुकथा लेखकका बारेमा अध्ययन गर्ने कार्य पनि बढेको पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा क्रियाशील नाम चलेका पत्रिकाले लघुकथा विशेषाङ्क प्रकाशित गराएको देखिन्छ । यस अवधिमा नेपाली लघुकथाको सैद्धान्तिक अध्ययनका साथै नेपाली लघुकथाको विकासका लागि संस्थागत प्रयासको पनि आरम्भ भएको पाइन्छ ।

### ३.४ नेपाली लघुकथाको विकासक्रमको निर्धारण

नेपाली लघुकथाका बारेमा हालसम्म भएका अध्ययनहरूमा नेपाली लघुकथाका बारेमा पर्याप्त प्रकाश पारिएको पाइन्छ । कुनै पनि साहित्यिक विधाको कालक्रम निर्धारण आफैमा महत्त्वपूर्ण कार्य हो । साहित्यिक रचनामा समयको विकाससँगै आएका नवीन मूल्य एवम् मान्यताको प्रभाव परेको हुन्छ । यी प्रभावले कालखण्ड विभाजनमा महत्त्वपूर्ण भूमिका

खेलेको पाइन्छ । नेपाली लघुकथाका बारेमा हालसम्म भएका अध्ययनहरूमा देखापरेका वर्गीकरणहरूलाई मनन गर्दै नेपाली लघुकथाको विकासक्रम यसरी निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ :

(क) पृष्ठभूमि काल (२००६ सम्म) पृष्ठभूमिको निर्माण,

(ख) पहिलो चरण (२००७-२०२९) प्रारम्भिक काल,

(ग) दोस्रो चरण (२०३०-२०४५) विकास काल,

(घ) तेस्रो चरण (२०४६ पछि) समसामयिक काल

### ३.४.१ पृष्ठभूमि काल (२००६ सम्म) र युगीन पृष्ठभूमि

नेपालमा आधुनिक लघुकथा लेखन पश्चिमी कथा साहित्यको प्रभावमा प्रारम्भ भएको पाइन्छ । नेपाली लघुकथामा पूर्वीय साहित्यको पनि महत्त्वपूर्ण प्रभाव रहेको छ । पूर्वीय साहित्यमा लघुकथाजस्ता रचना लेखनको ३००० पूर्व लामो परम्परा पाइन्छ । महाभारतमा आख्यानसँग उपकथा पनि जोडिएको पाइन्छ । चिनियाँ 'आफन्तीका कथा' एवम् भारतीय महाद्वीपको 'अकबर बिरबलका विनोद'का श्रृङ्खलामा पनि लघुकथाको प्रारम्भिक झलक पाइन्छ । अरेबियन नाइट्सका कथामा पनि लघुकथाको बीज पाइन्छ ।

नेपाली लघुकथाको पृष्ठभूमिको अध्ययनका लागि नेपाली साहित्यको पृष्ठभूमिको अध्ययन गर्नुपर्ने हुन्छ । नेपाली साहित्यको पृष्ठभूमिमा प्राचीन धार्मिक एवम् पौराणिक साहित्यका सन्दर्भ जोडिन जान्छन् । यसरी नै धार्मिक र पौराणिक आख्यानहरूको अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवाद पनि यसका आधारभूमि हुन् । यसै सन्दर्भमा अश्क (२०६५) ले आफ्नो मत यसरी प्रकट गरेका छन् :

"फाटफुट नीतिकथा अथवा **हितोपदेश** र **पञ्चतन्त्र**को अनुवादमा सीमित लेखनले भने नेपाली साहित्यिक गद्यको र पछि कथा र लघुकथाका भाषा निर्माणमा उपयोगी भूमिका निर्वाह गरेको हो ....नेपाली लोक जीवनमा प्रचलित उखान, आहान, गाउँखाने कथा र सङ्क्षिप्त लोककथाहरूमै लघुकथाको बीजरूप विद्यमान रहेको भनिन्छ" (पृ. ६५)

यसरी अश्कले नेपाली आख्यान त्यसमा पनि नेपाली लघुकथाको विकासमा प्राचीन धार्मिक ग्रन्थका साथसाथै नेपाली लोकरचनाको पनि भूमिका रहेको विचार व्यक्त गरेका छन् । प्राथमिक एवम् माध्यमिक कालीन आख्यानका अनुवादलाई लघुकथाको निर्धारक मान्न सकिँदैन । प्राथमिक र माध्यमिक कालको 'सत्सङ्गको वर्णन भएको कथाहा', 'राजा प्रपञ्चैको एउटा किस्सा' र 'मुन्सीका तीन आहान' मा लोकतत्त्वको उपस्थिति पाइन्छ । गौतम (२०६७) का अनुसार मुन्सीका तीन आहान मध्ये एक आहानमा लोकतत्त्व केही कम भए पनि सामाजिक तत्त्व समेत कम भएकाले १९८०-१९८५ मा कृष्णचन्द्र अर्ज्यालद्वारा

लेखिएको **लौकिक न्याय मणिमाला** को 'खानु त पाँचमुठी बस्नु त नेपाल' लगायतका सत्ताइस वटा लघुकथाहरूलाई नेपाली लघुकथाको प्रस्थानबिन्दु मान्न उपयुक्त हुने देखिन्छ । उनको यो तर्क तथ्यपूर्ण रहेको छ । यिनले आधुनिक नेपाली लघुकथाको विकासका लागि जगको काम गरेका छन् ।

जगदम्बा प्रकाशनबाट २०१६ मा **लौकिक न्याय मणिमाला** प्रकाशित भएको छ । लघुकथाको शीर्षक नेपाली उखानमा राखिएको छ । एकप्रकारले यो मौलिक कृति हो । शर्मा (२०५८) ले जे.ए. एटनले नेपाली भाषा एवम् साहित्यका क्षेत्रमा गरेको कार्यको चर्चा गर्ने क्रममा 'नेपाली व्याकरणको प्रारम्भिक इतिहास' पुस्तकमा नेपाली भाषा सिक्नेहरूलाई नेपाली भाषाको संरचना बुझाउने हेतुले रमाइला तीन पर्सियन कथाको अनुवादलाई प्रस्तुत गरेर यस भाषाको व्याकरणसम्बन्धी चर्चा टुङ्ग्याइएको बताएका छन् । यी आख्यान रचनाको अनुवादमा नेपाली आख्यानको प्राचीन रूप रहेको पाइन्छ । यी आख्यान रचना नेपाली लघुकथाको पृष्ठभूमिकालको अध्ययनका लागि महत्त्वपूर्ण मानिन्छन् । यसै सन्दर्भमा गौतम (२०६७) ले भारतमा रहेका नेपाली साहित्यकार गोपालसिंह नेपालीको **कल्पना** (१९९२) लाई कविता भनिए पनि यसमा लघुकथात्मक तत्त्वको उपस्थिति पाइन्छ भनेर त्यस कृतिमा रहेको लघुकथात्मक अभिलक्षणलाई प्रस्तुत गरेका छन् । यस कृतिले असचेत रूपमा भए पनि लघुकथा लेखनको आधारभूमिको काम गरेको देखिन्छ । यस अवधिको प्रमुख कृतिमा **लौकिक न्याय मणिमाला** र **कल्पना** रहेका छन् । यी कृतिले नेपाली लघुकथा लेखनको पूर्वाधार तयार पारेको मान्न सकिन्छ ।

नेपाली लघुकथाको पृष्ठभूमिकालका विशेषता यस प्रकार रहेका छन् :

(क) यस अवधिका रचनामा संस्कृत र नीतिकथाको अनुवाद परम्परा र तिलस्मी रूपका छोटा कथाको अनुवाद, ती आख्यानमा लोककथात्मक शैलीको प्रयोग गरिएको देखिनु,

(ख) यस अवधिका रचनामा अति काल्पनिक लेखन हुनु,

(ग) उखानलाई विषय बनाएर लघुकथा लेखिनु, ती रचनामा आंशिक रूपमा सामाजिकताको प्रयोग पाइनु,

यसरी यस अवधिमा नेपाली लघुकथा लेखनका निमित्त पृष्ठभूमि निर्माण गर्ने काम भएको पाइन्छ । यस अवधिका लघुकथामा तत्कालीन युगजीवनको चेतनाको प्रतिविम्बन पाइन्छ । संस्कृत भाषामा लेखन, नीतिकथाको अनुवाद परम्परा एवम् छोटा कथाको अनुवाद एवम् लोककथात्मक शैलीका माध्यमबाट तत्कालीन युगमा आधुनिकताको प्रवेश नभएको अवस्थामा लेखन परम्पराको प्रारम्भका साथै नीतिपरक चेतनाको अभिव्यक्ति पाइन्छ ।

### ३.४.२ पहिलो चरण (२००७-२०२९) र युगीन पृष्ठभूमि

नेपाली लघुकथालेखनको सचेत प्रयास पूर्णप्रसाद ब्राह्मणको **भिल्का** (२००७) प्रकाशनपछि भएको हो । साहित्यकार लैनसिंह बाङ्देलले जयनारायण गिरीको **कसिङ्गर** (२००८) लघुकथा सङ्ग्रहको भूमिका लेख्ने क्रममा **कसिङ्गर** कृतिलाई नेपाली लघुकथाको पहिलो सङ्ग्रह भनेका छन् । गिरीभन्दा पहिले ब्राह्मणको कृति प्रकाशित भइसकेकाले बाङ्देलको दावी उपयुक्त ठहर्दैन । नेपाली लघुकथाको पहिलो प्रकाशित कृति **भिल्का** हो भनेर प्रमाणित भइसकेको छ । यस अध्ययनमा नेपाली लघुकथाको सचेत रूपमा लेखन २००७ बाट प्रारम्भ भएकाले यसै अवधिलाई प्रारम्भ काल मानेर अध्ययन गरिएको छ ।

श्रेष्ठ 'रोदन' (२०५६) ले **मधुपर्क**मा "लघुकथा र यसका प्रकाशन" शीर्षकको लेखमा नेपाली भाषामा पहिले प्रकाशित भएका लघुकथा रचनाको बारेमा पनि चर्चा गर्ने क्रममा "२००६ मा बनारसबाट प्रकाशित पत्रिका **उदय** मा छोटाकथा भनेर फलेन्द्र, नरेन्द्रविक्रम पन्त र वनमालीका तीन कथा प्रकाशित छन् । त्यस्तै २००७ को **प्रतिभा**मा फणेन्द्रराज खेतालाको रण्डी वा चण्डी, रत्नमणि नेपालको विवाह आदि लघुकथा प्रकाशित भएका छन्" (पृ. १०९-१११) । उनले आधुनिक लघुकथाको प्रारम्भ सम्बन्धमा महत्त्वपूर्ण तथ्य प्रस्तुत गरेका छन् । यसरी नेपाली लघुकथाका प्रथम रचनाका रूपमा फलेन्द्र, नरेन्द्रविक्रम पन्त र वनमालीका रचनालाई मान्नुपर्ने देखिन्छ । उनले नेपाली लघुकथाको पहिलो कृति २००७ मा प्रकाशित **भिल्का** भएको तथ्य समेत प्रस्तुत गरेका छन् । यस लेखमा उनले लघुकथाका सम्बन्धमा भएका कार्यको विवरण दिनाका साथै लघुकथाका सम्बन्धमा प्रकाशित पत्रपत्रिका र लघुकथा कृतिहरूको सूचनासमेत दिएका छन् । नेपाली लघुकथाका रचना प्रकाशन प्रवासबाट भएको तथ्य श्रेष्ठको अध्ययनबाट देखिएको छ ।

नेपाली लघुकथाका पहिले प्रकाशित रचना र प्रकाशित कृतिको समय हेर्ने हो भने समयको अन्तराल त्यति धेरै छैन । २००६ सालमा बनारसबाट छोटा कथा भनेर लघुकथा रचना प्रकाशित हुनु र २००७ सालमा नेपालबाट लघुकथाको कृति प्रकाशित हुने समयका बीचमा एक वर्षको फरक छ अर्थात् २००६/२००७ को समय नेपाली लघुकथा लेखनका निमित्त प्रारम्भकाल भएको सन्दर्भ माथिका तथ्यहरूले प्रमाणित गर्दछन् । नेपाली लघुकथा कृति प्रकाशनकै क्रममा २००८ मा जयनारायण गिरीको **कसिङ्गर** प्रकाशित हुन्छ । नेपाली लघुकथाको विकासमा यस कृतिको महत्त्व रहेको छ । २०१९ मा शशिकला शर्माको **उसको सुरुवाल** प्रकाशित हुन्छ । २०२९ मा विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बजभित्र** प्रकाशित भएको पाइन्छ । यसरी नेपाली लघुकथाको विकासको प्रारम्भिक कालका यी कृतिले नेपाली लघुकथाप्रति चासो एवम् जिज्ञासा बढाउने कार्य गरे । यस समयावधिमा लघुकथा कृति

प्रकाशनका साथै सामयिक सङ्कलन पनि प्रकाशित भए । हरिभक्त कटुवालको सम्पादनमा **बान्की** (२०२८) सामयिक सङ्कलनको प्रकाशन हुन्छ । नेपाली लघुकथाको पहिलो सामयिक संकलनका रूपमा यसलाई लिन सकिन्छ । यस कालावधिमा नेपाली लघुकथाको विकासका निमित्त महत्त्वपूर्ण काम भएका छन् । यस समयमा साहित्यिक पत्रिकामा लघुकथा रचनाको प्रकाशन प्रारम्भ हुनाका साथै लघुकथा कृति तथा लघुकथामै केन्द्रित साहित्यिक पत्रिका पनि प्रकाशन भयो । यस अवधिमा लघुकथा कृतिको लेखन र प्रकाशन अनि प्रचारप्रसारको क्रम विस्तार हुँदै जानुले नेपाली लघुकथाका लागि बलियो जग निर्माणको काम प्रारम्भ भएको मान्न सकिन्छ । यस अवधिमा नेपाली लघुकथाको विकासका निमित्त महत्त्वपूर्ण काम भएका छन् । यस अवधिका प्रमुख प्रवृत्तिहरू यस प्रकार रहेका छन् :

(क) आधुनिक लघुकथाको संरचना एवम् शिल्पमा आधारित भएर लघुकथा लेखन प्रारम्भ हुनाका साथै नेपाली लघुकथा लेखनमा नवपुस्ताको चासोमा वृद्धि,

(ख) कृतिगत रूपमा लघुकथा लेखनको प्रारम्भ,

(ग) लघुकथाकेन्द्रित पत्रपत्रिकाको प्रकाशन हुनाका साथै नेपाली साहित्यसँग सम्बन्धित पत्रपत्रिकामा समेत लघुकथालाई स्थान दिने कार्यको सुरूवात,

(घ) सात सालको परिवर्तन सँगै नेपाली समाजमा आएका विभिन्न परिवर्तन एवम् जीवनमूल्यको प्रभाव,

(ङ) लघुकथा रचनामा आर्थिक, सामाजिक र सांस्कृतिक जीवनका अनेकन पक्षको छाप तथा राणाकाल र प्रजातन्त्रकालका विकृतपक्षको उद्घाटन,

(च) २०१७ मा प्रजातन्त्रको अपहरण भएपछिको समाज र जनजीवनका अनेकन विकृत पक्षको उद्घाटन,

(छ) तत्कालीन नेपाली समाजमा हुने गरेको अन्याय र अत्याचारका घटनाको प्रस्तुति,

(ज) तत्कालीन समाजमा नेपाली नारीहरूले भोग्नुपरेका विभिन्न समस्याको उद्घाटन र नारी अस्मिताका पक्षमा आवाज,

(झ) पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीको चित्रण,

(ज) पछिल्ला लघुकथा रचनामा जीवनको विसङ्गत यथार्थ प्रस्तुतिका साथै निराशा, कुण्ठा एवम् हताश जीवनकथाको उद्घाटन तथा राजनीतिक क्रियाकलापमा प्रतिबन्ध एवम् एकतन्त्रीय शासनसँगै आएको निराशा एवम् कुण्ठाको अभिव्यक्ति,

(ठ) अस्तित्ववादी चेतका साथै स्वच्छन्दतावादी लेखनको आरम्भिकको अवस्था आदि ।

यस अवधिको लघुकथामा तत्कालीन युगचेतनाको उद्घाटन पाइन्छ । यी रचनामा सात सालको परिवर्तपछि नेपाली समाजमा उत्पन्न राजनीतिक एवम् सामाजिक सुधारको चेतनाको अभिव्यक्ति भएको छ । २०१७ सालको राजनीतिक परिवर्तन पछिको नेपालमा अभिव्यक्ति स्वतन्त्रता कमजोर भएपछि नेपाली लघुकथा रचनामा पनि प्रतीकात्मक लेखनका

साथै अस्तित्ववादी चिन्तन र सो चिन्तनसँग सम्बन्धित नवीन शैलीशिल्पको विकास भयो । सात सालको परिवर्तन पछिको समयमा घटेका अनेकन विकृत पक्षप्रति आलोचनाको चेतनाका साथै तत्कालीन समाज, परिवार एवम् व्यक्तिजीवनका अनेक गलत पक्षप्रीत आलोचनाको भाव व्यक्त भएको छ । सत्र सालको राजनीतिक घटना पछिका दिनमा उत्पन्न निराशा एवम् विसङ्गतिको प्रस्तुतिका साथै अस्तित्ववादी एवम् स्वच्छन्दतावादी चेतनालाई अभिव्यक्त गरिएको छ ।

### ३.४.३ दोस्रो चरण (२०३०-२०४५) र युगीन पृष्ठभूमि

नेपाली लघुकथाको दोस्रो चरण २०३० पछि नेपाली लघुकथाको विकासले गति लिएको पाइन्छ । पञ्चायतको अन्तिम अवस्थामा रचना गरिएका लघुकथामा तत्कालीन समयको युगजीवनका चेतनाको प्रतिविम्ब पाइन्छ । यस अवधिमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएकाले लेखक/कलाकारले आफ्नो विचार प्रत्यक्ष नआउने गरी लघुकथा सिर्जना गर्ने काम गरेको पाइन्छ । नेपाली साहित्यमा तत्कालीन समयमा प्रचलित प्रयोगवादी शैलीको प्रभाव लघुकथा लेखनमा पनि भेटिन्छ । यस समयमा प्रकाशित लघुकथा कृतिमा रमेश नेपालीको **पाटीकी बौलाही** (२०३२), ध्रुव मधिकर्मी र श्याम आशाको **लघु** (२०३३), अनिता तुलाधरको **फुलु** (२०३४), लव गाउँलेको **गाउँलेका मसिना कथाहरू** (२०३७), जगदीश नेपालीका **केही लघुकथाहरू** (२०३९), विनयकुमार कसजूको **पशुतन्त्र** (२०३९), दुर्लभलाल सिंहको **झुलभित्रको मान्छे** (२०३९), रत्न कोजूको **बूढो वर्तमान** (२०३९) तथा पूर्णप्रसाद ब्राह्मणको **एकतिस कथा** (२०४२) रहेका छन् । यस कालखण्डमा लघुकथा कृति प्रकाशनको क्रम भने पातलो नै देखिन्छ । नेपाली लघुकथा रचनामा नवीन चिन्तनधाराको विकासका दृष्टिले भने यो अवधि सफल मानिन्छ ।

यस समयमा लघुकथा कृति प्रकाशनका साथै सामयिक सङ्कलन प्रकाशन भएको देखिन्छ । २०३४ मा विजय सागर र विनयकुमार कसजूको सम्पादनमा **चौतारो** नामक हवाई पत्रिका प्रकाशन हुन्छ । त्यसरी नै विराटनगरबाट **प्रयोग** (२०३४) र **दर्पण** (२०३४) सामयिक सङ्कलनका साथै राजेन्द्र सलभको सम्पादनमा **दूबो** (२०३९) प्रकाशनमा आउँछ । यसै अवधिमा **नवरत्न** (२०३४) र **नागबेली** (२०३९) का साथै वासु बरालको सम्पादनमा **चार हस्ताक्ष्र बाह्र स्वर नवरत्न** (२०४०), गोविन्द गिरी प्रेरणाको सम्पादनमा **लघुकथा** (२०४३-२०४४) प्रकाशित भएको पाइन्छ । यस अवधिमा २०३९ मा सिर्जनशील साहित्य समाज (सिसास) ले काठमाडौँमा लघुकथा गोष्ठी सम्पन्न गरेको देखिन्छ ।

यस समयको लघुकथा रचनाका प्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

(क) अभाव, अशिक्षा एवम् गरिबीबाट उत्पन्न विसङ्गत जीवन भोगाइको अभिव्यक्ति,

(ख) जीवनको निस्सारता, खोक्रोपना, निराशा, कुण्ठा एवम् सामाजिक भ्रष्ट क्रियाकलाप विषयवस्तुका रूपमा आउनु,

(ग) आर्थिक, धार्मिक, राजनीतिक र प्रशासनिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य एवम् विद्रोह,

(घ) निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रप्रतिको चाहनाको प्रस्फुटन,

(ङ) पशुपंक्षी पात्रका साथै मिथकको प्रयोग गरेर लघुकथा लेखन,

(च) प्रतीकात्मक र अन्योक्तिमूलक लघुकथा लेखन प्रारम्भ तथा कलात्मक सीपप्रति सचेतता,

(छ) लघुकथा लेखनका विविध शैलीको प्रारम्भ एवम् विषयवस्तुगत विविधता,

(ज) लघुकथा कृति प्रकाशनमा शिथिलता भएपनि लघुकथासँग सम्बन्धित पत्रपत्रिकाको प्रकाशनले व्यापकता लिनु आदि ।

यस अवधिको लघुकथा लेखनमा नेपाली समाजको तत्कालीन युगचेतनाको अभिव्यक्ति गरिएको पाइन्छ । यस अवधिका रचनामा जीवनको निस्सारता, हीनताबोध, कुण्ठाको अभिव्यक्ति पाइन्छ । जीवनको विसङ्गतिका साथै अस्तित्ववादी चेतनाको समेत बोध गरिएको पाइन्छ । यस अवधिका रचनामा सामाजिक जीवनका विभिन्न क्षेत्रमा देखापरेका विसङ्गतिप्रतिको आलोचनात्मक चेतना प्रकट भएको छ । यस कालमा पञ्चायती निरङ्कुशतन्त्रको विरोध एवम् प्रजातन्त्रप्रतिको चाहना प्रमुख चेतना बनेको पाइन्छ । यस अवधिका रचनामा पशुपंक्षी पात्रको प्रयोग, मिथकको प्रयोग, प्रयोगात्मक लेखन, अन्योक्तिमूलक लेखन एवम् कलात्मक चेतना अभिव्यक्त हुँदै आएको छ । लघुकथा लेखनका विभिन्न शैलीका विकास साथै लघुकथा केन्द्रित पत्रपत्रिकाको प्रकाशनका कारण यो कालमा नेपाली लघुकथामा युगचेतनाको अभिव्यक्ति सशक्त बनेको देखिन्छ ।

### ३.४.४ तेस्रो चरण (२०४६ पछि) र युगीन पृष्ठभूमि

नेपाली लघुकथाको तेस्रो चरण २०४६ पछि प्रारम्भ हुन्छ । यो नेपाली लघुकथा लेखनको समसामयिक चरण हो । यस अवधिमा भएको राजनीतिक परिवर्तनसँगै विचार स्वतन्त्रताका क्षेत्रमा खुकुलोपनले साहित्य लेखन तथा प्रकाशनमा पनि सहजता आउनाका साथै लघुकथा कृति एवम् पत्रपत्रिका प्रकाशनले पनि गति लिन्छ । यस समयावधिमा प्रकाशित लघुकथा कृतिमा अमोद भट्टराईको **हस्ताक्षर** (२०४७), नारायण तिवारीको **दशैँखर्च** (२०४७), भागीरथी श्रेष्ठको **रङ्गीन पोखरी** (२०५०), रामबहादुर बानियाँ क्षेत्रीको **यो जित कस्को ?** (२०५०), सुमन सौरभको **आधुनिक लघुकथाहरू** (२०५१) र ध्रुव मधिकर्मीको **बुद्ध कहीँ छैन** (२०५१),विनयकुमार कसजूको **लिस्नो** (२०५३), **थोपाथोपा** (२०५७), **स्याललाई स्लिपिङ् ब्याग** (२०६६), वासु मार्मिकको **छेस्काछेस्की** (२०५३), किशोर पहाडीको **किंवदन्ती** (२०५३), कपिल लामिछानेको **अन्यथा** (२०५४), **जलमानव** (२०६१), **बोन्साई** (२०६९),

विश्वराज अधिकारीको **सूर्य** (२०५४), **अभिनय** (२०६०), **अन्तिम निर्णय** (२०७३), रामविक्रम थापाको **पात्रहरू** (२०५५), हरिगोविन्द लुँइटेलको **समय र पोखरी** (२०५५), इन्दिरा प्रसाईको **बयान** (२०५५), शेखरकुमार श्रेष्ठको **सागरपुर** (२०५९), कृष्ण शाह यात्रीको **सूक्ष्म शिखाहरू** (२०५६), **आणविक अस्त्र** (२०६४), **तारो** (२०६९), विजय सागरको **सागरका कथाहरू** २०६०), सुमन सौरभको **पराइ विचार** (२०६५), **चौथो लिङ्गी** (२०६८) र **मृत्युसङ्ग्रह** (२०७१), रवीन्द्र समीरको **तेस्रो आँखा** (२०५३), **पोस्टमार्टम** (२०६३), **विकिरण** (२०६३), **ईश्वरका कथा** (२०६५), **अर्जुनदृष्टि** (२०६७), **अणु र पहाड** (२०६९), **एकलव्य दृष्टि** (२०७१), **व्यङ्ग्यम् शरणम् गच्छामि** (२०७१) रहेका छन् ।

यस अवधिका अन्य लघुकथा कृतिमा नवराज रिजालको **अदृश्य पीडा** (२०५७), **माटो खोज्दै** (२०६७), श्रीओम श्रेष्ठको **आँखीभ्याल** (२०५८), **भ्रममार्ग** (२०६७), प्रयास सौरभ श्रेष्ठको **बिम्ब प्रतिबिम्ब** (२०५८), पुष्करराज भट्टको **कर्मयोद्धा** (२०५९), **मुक्तिदूत** (२०५२), **एक थोपा सागरको** (२०६४, नेपाली र डोटेली दुवै भाषामा), गोविन्द भट्टराईको **भाग्यले लुटेको जिन्दगी** (२०५९), यमनदेव उत्प्रेरकको **यात्रारम्भ** (२०५९), डम्बर रसिक भारतीको **भुइँकुहिरो** (२०६०), **तुँवालो** (२०६९), किशन थापा 'अधीर' को **अन्धाहरूको देशमा** (२०६०), बद्री पलिखेको **मनस्थिति** (२०६०), इन्द्रकुमार विकल्पको **सर्वदलीय घर** (२०६०), गोरखबहादुर सिंहको **आलुप्याज प्याजआलु** (२०६०), **नगरसभाको पाँचौ दिन** (२०६५), अगीब बनेपालीको **शुभयात्रा** (२०६०), **अन्तिम आग्रह** (२०६२, नेपाली र नेवारी दुवै भाषामा), हिरण्य भोजपुरेको **जङ्घार** (२०६०), अच्युत घिमिरको **शिखर चढिरहेको मानिस** (२०६०), **भूकम्पको डर** (२०७२) एवम् कुसुम ज्ञवालीको **सहिदले बिर्सेको गाउँ** (२०६०) रहेका छन् । यस चरणका अन्य लघुकथा कृतिमा पोष चापागाईको **हाइकु कथा** (२०६१), भूपेन्द्र सुवेदीको **एक मूल एकाउन्न फूल** (२०६१), केशव प्रधानको **दुर्गे दमाईको मृत्यु** (२०६१), माधव लामिछानेको **पुरस्कार** (२०६१), भरत भारद्वाजको **प्रश्नको क्याराभान** (२०६१), षडानन्द पौडेलको **परिवेश** (२०६१), श्रीबाबु कार्की 'उदास' को **समय-बाछिटा** (२०६२), गोपाल ढकालको **अस्ताएको सूर्य** (२०६२), धनुषराज राई 'राशी' को **सेतो हस्ताक्षर** (२०६२), राजुराम मुनङ्कर्मी को **अर्न्तद्वन्द्व** (२०६२), हरिहर पौडेलको **कालो उज्यालो** (२०६२), शिवहरि अधिकारी को **दुखेको मन** (२०६२), पद्मप्रसाद शर्माको **उपहार** (२०६२), अमित घिमिरेको **सलह** (२०६२) र बी. थुलुङको **अनुभूत** (२०६२) रहेका छन् ।

यस अवधिमा बुद्धिनाथ ज्ञवालीको **जल्दै गरेको आकाश** (२०६३), हरिप्रसाद भण्डारीको **अविरल यात्रा** (२०६३), **काला सर्पको खोजी** (२०६७), मित्र राजु पाठकको **भलादमी श्रीमती** (२०६३), ज्योतिप्रभा बिष्टको उज्यालो रोएपछि (२०६३), कृष्ण बजगाईको **यन्त्रवत्** (२०६४), **रोडम्याप** (२०६६), एलबी क्षेत्रीको **त्रिशङ्कुको देशमा** (२०६४), शर्मिला खड्का दाहालको **सम्वत-अफिस** (२०६४), प्रदीप प्रधानको **द्वन्द्वकालीन कथा** (२०६४),

आर.आर. चौलागाईको **विघटनको तयारीमा** (२०६५), सरस्वती रिजालको **प्रसङ्ग, भ्रम र पात्रहरू** (२०६५), भीम राना 'जिज्ञासु' को **कर्फ्यू लागेको दिन** (२०६५), सुमनराज ताम्राकारको **गठेमङ्गल** (२०६५), नारा जोशीको **भीडमा एक्लो मान्छे** (२०६५), दिलीप शाहको **जालो** (२०६६), देवेन्द्र अर्याल 'आँशु'को **घाइते ईश्वर** (२०६६), मुक्तिनाथ घिमिरेको **२१६६** (२०६६), सुशीला देउजाको **दोभान** (२०६६), सनत रेग्मीको **स्मृतिदंश र अन्य कथाहरू** (२०६६), खेमराज खनालको **भोट, भोटो र भुक्तमान** (२०६७) टङ्कराम सुनुवार 'सिर्सेली' को **परेड्** (२०६७), राजु क्षेत्री अपुरोको **मेरा केही लघुकथाहरू** (२०६७), **भाग्य र कर्म** (२०७३), रामबहादुर बानियाँ क्षेत्रीको **लघु कथा सङ्ग्रह** (२०६७), रमेश परियारको **समयचक्र** (२०६७), रसुवाली कविको **हत्यारो विदेशतिर** (२०६८), सिन्धु गौतमको **कर्कलाको शीत** (२०६८), साधना प्रतीक्षाको **सन्दिग्ध समयका पाइलाहरू** (२०६८), लुमडी आचार्यको **कागजको खोस्टो** (२०६८), रमेश भट्टराई 'पुजारी'को **उर्दी** (२०६८), महेश प्रसाईको **फूलै फूलका आलापहरू** (२०६८), रामचन्द्र नेपालको **प्रतिबिम्ब** (२०६९), विमला अधिकारीको गोरिल्ला (२०६९), कल्याण पन्तको **समय सन्दर्भ** (२०६९), सुशिल सिम्खडाको **च्यातिएको मन** (२०७०), राजु दाहालको **सोली** (२०७०), कैलाशकुमार शिवाकोटीको **शुक्रराजको यात्रा** (२०७०), सरूभक्तको **विरूपाक्ष र देश** (२०७१), भाष्करको **टाउकाको खोजी** (२०७१), कलाधर काफ्लेको **उपहार** (२०७१) टिकाराम रेग्मीको **विपर्यास** (२०७१), नारायण मरासिनीको **हेडसरका कथाहरू** (२०७१), राधा कार्कीको संवाहक (२०७१), प्रेमसिंह धामीको **प्रेमसिंह धामीका साहित्यिक रचनाहरू** (केही लघुकथा भएको २०७१) रामकुमार पण्डित क्षेत्रीको **देशको खोजी** (२०७१), लक्ष्मण नेवटियाको **यो जोसँग सम्बन्धित छ** (२०७१), कृष्ण सर्वहारीको **कमैया बस्तीमा भगवान** (२०७२), कमल दिक्षितको **कमल दीक्षितका लघुकथा (खण्ड एक)** (२०७२), **कमल दीक्षितका लघुकथा (खण्ड दुई)** (२०७२), प्रोल्लास सिन्धुलीयको **टाउको नभएको तस्वीर** (२०७२), रामप्रसाद पन्तको **दाउ** (२०७२), अच्युत घिमिरेको **भूकम्पको डर** (२०७२), रामप्रसाद पन्तको **दाउ** (२०७२) र प्रोल्लास सिन्धुलीयको **टाउको नभएको तस्वीर** (२०७२), खेमराज पोखरेलको **पछ्यौरीको आइसक्रिम** (२०७३), **दह्रो लौरो** (२०७३), कृष्ण बजगाईको **कवच** (२०७३), हरि थापाको **परिमित** (२०७२), दुर्गाप्रसाद ग्वालटारेको **बोधिसत्वको खोजी** (२०७३) रहेका छन् ।

यस चरणमा कृति प्रकाशनका साथै लघुकथासम्बन्धी सामयिक सङ्कलन प्रकाशनले पनि तीव्रता पाएको देखिन्छ । यस अवधिमा अशेष मल्ल र किशोर पहाडीको सम्पादनमा **सौरभ** (२०४६-०४७) पत्रिका प्रकाशन भएको पाइन्छ । यस पत्रिकामा विभिन्न लघुकथाकारका लघुकथा रचनाहरू प्रकाशित छन् । त्यस्तै किशोर पहाडी र अशेष मल्लको सम्पादनमा चालीसजना लघुकथाकारका लघुकथा भएको **अध्याय** (२०४७) पत्रिका, वासु मार्मिकको सम्पादनमा **अभिभावक** (२०५०), कृष्णप्रसाद दहालको सम्पादनमा सुनसरीबाट **सुनसरी** (२०५१), कृष्ण शाह 'यात्री' को सम्पादनमा उदयपुरबाट **ज्योतिपुञ्ज** (२०५१) एवम् काठमाडौंमा **अभिव्यक्ति** (२०५१) पत्रिकाको लघुकथा विशेषाङ्क प्रकाशित भयो । यस

चरणमा लघुकथा प्रकाशनको साथै सामयिक सङ्कलन एवम् विशेषाङ्क प्रकाशनले पनि तीव्रता पाएको छ । यस चरणमा **प्रसून** (२०५३), **गुञ्जन** (२०५६) **वेदना** (२०५६), **मधुपर्क** (२०५६), **दायित्व** (२०५४ र २०५९), **मन्थन** (२०५८), **अक्षर** (२०६३), **बिसौनी** (२०६५) ले पनि लघुकथा विशेषाङ्क प्रकाशित भएका छन् । २०५४ र २०५५ मा रेयुकाइ नेपालले लघुकथा प्रतियोगिता आयोजना गरेको पाइन्छ । यी प्रतियोगितामा समावेश भएका लघुकथाहरू श्रीओम श्रेष्ठ 'रोदन' को सम्पादकत्वमा **शुभारम्भ** (२०५४) र **सञ्चयन** (२०५५) का रूपमा प्रकाशित हुन्छ । गोरखबहादुर सिंहको सम्पादनमा **पहिरो थुप्रिएको बगर** (२०५५) नामक लघुकथाको सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहमा विभिन्न लघुकथा लेखकका १०९ लघुकथा रचना प्रकाशित छन् । रेयुकाइ पाटन शाखाले **संवरण** (२०५८) लघुकथा सङ्ग्रह प्रकाशन एवम् कृष्ण कँडेलको सम्पादनमा एम्नेस्टी इन्टरनेशनले **सम्वेदन स्वरहरू** (२०५९) लघुकथा कृति प्रकाशित गरेको छ ।

नेपाली लघुकथाको विकासमा **मधुपर्क** मासिकबाट निस्केको लघुकथा विशेषाङ्क (२०५६) को महत्त्वपूर्ण योगदान रहेको छ । यस विशेषाङ्मा २०० भन्दा बढी नेपाली लघुकथा रचना प्रकाशित छन् । नेपाली लघुकथाका बारेमा विभिन्न विद्वान्हरूका समालोचनात्मक लेखरचनाका साथै विभिन्न लघुकथाकारका विचार पनि समावेश भएका छन् । त्यसरी नै नेपाली लघुकथाको विकासमा विवेक सिर्जनशील प्रकाशनबाट विनयकुमार कसजूको सम्पादनमा निस्केको **प्रतिनिधि नेपाली लघुकथाहरू** (२०६५) को ठूलो योगदान रहेको पाइन्छ । यस सङ्ग्रहमा नेपाली लघुकथाका बारेमा ईश्वरीप्रसाद पोखरेल एवम् विनयकुमार कसजूका अनुसन्धानात्मक लेखका साथै विभिन्न नेपाली लघुकथाहरू प्रकाशित छन् । यस सङ्ग्रहमा नेपाली भाषाका लघुकथाका साथै विभिन्न विदेशी लेखकहरूका लघुकथाहरूको नेपाली अनुवाद समेत गरिएको छ । यस बाहेक पनि विभिन्न पत्रपत्रिकाबाट विभिन्न समयमा प्रकाशित लघुकथा विशेषाङ्कको प्रकाशनले लघुकथाको विकासमा योगदान पुऱ्याउँदै आएको पाइन्छ ।

**मधुपर्क** पत्रिकाले २०७२ भदौ अङक लघुकथा विशेषका रूपमा प्रकाशित गरेको छ । यस अङ्कमा दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, कुमारप्रसाद कोइराला, लक्ष्मणप्रसाद गौतम, रोशन थापा "निरव", पुष्करराज भट्ट, कृष्ण शाह 'यात्री', तुलसीहरि कोइराला र अगीब बनेपालीका लघुकथा सिद्धान्त एवम् विकासक्रम एवम् लघुकथा सम्बद्ध क्रियाकलापसँग सम्बन्धित लेखरचना प्रकाशित छन् भने नेपाली लघुकथासँग सम्बन्धित ११८ रचना प्रकाशित छन् । नेपाली लघुकथालाई चिनाउनमा यस अङ्कले महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपाली लघुकथाका ११८ कृति लेखकका रचना समावेश गरेर **नवप्रज्ञापन** त्रैमासिकले आफ्नो ७२ औं अंक (२०७३ वैशाख-असार अङ्क) लघुकथा विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । यस विशेषाङ्कमा पुष्करराज भट्ट, दयाराम श्रेष्ठ, लक्ष्मणप्रसाद गौतम, कृष्ण शाह

यात्री, अगीब बनेपाली, विनयकुमार कसजू, श्रीओम श्रेष्ठ 'रोदन', मिलन समीरका लघुकथा रचना एवम् अर्न्तवार्ताले लघुकथाका बारेमा प्रर्याप्त जानकारी प्रस्तुत गरेका छन् । नेपाली लघुकथाका विभिन्न लेखकका कृति केन्द्रित भएर प्रकाश क्षितिज, प्रमोद प्रधान, रमेश समर्थन, छायादत्त न्यौपाने 'बगर', बाजुराम पौडेल, गङ्गा कर्माचार्य पौडेल, खिमानन्द पौडेल, भक्त कार्की एवम् प्रतिक्षा रिजालका समीक्षा लेख पनि प्रकाशित छन् । यसरी नेपाली लघुकथा विषयमा विभिन्न विशेषाङ्क प्रकाशित हुँदै आएका छन् ।

विभिन्न साहित्यिक पत्रपत्रिकाले लघुकथाको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । नेपाली लघुकथाका रचना प्रकाशन गर्ने पत्रपत्रिकामा **रूपरेखा, मुकुट, हिमानी, बिहान, मन्त्र, सिउँडी, बिम्ब, अभिव्यक्ति, स्वतन्त्रता, रचना, जनमत, शब्द संयोजन, शब्दाङ्कुर, नवप्रज्ञापन, वेदना, साहित्य सन्ध्या, समष्टि, भानु, अक्षर, कालीको सुसेली, आफन्त, मलासिनी, दायित्व, जयन्ती, मिर्मिरे, मधुपर्क, गुञ्जन, गरिमा, समकालीन साहित्य, सुलेख, जुही, युवा, गोरखापत्र** लगायत पर्दछन् । यस बाहेक पनि यहाँ उल्लेख नगरिएका विभिन्न पत्रपत्रिकाले लघुकथाको रचना प्रकाशित गरेको पाइन्छ । नेपाली लघुकथाको विकासमा गोजी पत्रिका एवम् हवाई पत्रिकाको पनि योगदान रहेको पाइन्छ । **बान्की, प्रयोग, नवरत्न, दुबो, आँखीझ्याल, पलाँस, प्रतिभा, जुनकिरी, अणु, दर्पण, चौतारी, प्रोत्साहन** गोजी पत्रिका एवम् हवाई पत्रिकाहरूले नेपाली लघुकथाको विकासमा भूमिका खेलेका छन् ।

यस अवधिमा नेपाली लघुकथाका क्षेत्रमा बौद्धिक कार्यहरू पनि भएको पाइन्छ । विभिन्न साहित्यिक गोष्ठीहरूमा प्रस्तुत गरिने कार्यपत्रहरूमा नेपाली लघुकथाको बारेमा विस्तृत चर्चा एवम् टिप्पणी गरिएको पाइन्छ । यी गोष्ठीहरूले नेपाली लघुकथा लेखनलाई प्राज्ञिक बहसको विषय बनाउने कार्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा झापाको धुलाबारीमा भएको लघुकथा गोष्ठी (२०५३) ले नेपालको लघुकथाको इतिहासमा महत्त्वपूर्ण स्थान राख्दछ । यस लघुकथा गोष्ठीमा नेपाल र भारतका लघुकथाकारहरू समावेश थिए । यस गोष्ठीमा राजेन्द्र सुवेदीले 'लघुकथाको परिचय, विकास र वर्तमान परिपेक्ष्यमा लघुकथाको महत्त्व' शीर्षकको कार्यपत्र प्रस्तुत गरेको पाइन्छ । नेपाली लघुकथा विषय यो पहिलो कार्यपत्र हो । यस्तै इन्द्रेणी सांस्कृतिक समाजले लघुकथा गोष्ठी (२०५५) गरेको पाइन्छ । लघुकथा समाज र नेपाल प्रज्ञा प्रतिष्ठानको सहआयोजनामा सम्पन्न भएको लघुकथा विचारगोष्ठी र लघुकथावाचन कार्यक्रम (२०६७) मा लक्ष्मणप्रसाद गौतमले प्रस्तुत गरेको 'लघुकथाको सैद्धान्तिक स्वरूप एवम् नेपाली लघुकथाको सन्दर्भ' शीर्षकको कार्यपत्र पनि महत्त्वपूर्ण छ । यस कार्यपत्रमा गौतमले लघुकथाको सैद्धान्तिक स्वरूप समेत पहिल्याएका छन् । नेपाली लघुकथाको परम्परा र प्रवृत्ति निरूपणका दृष्टिले पनि यो कार्यपत्र महत्वपूर्ण रहेको छ । यस्तै नेपाल प्रज्ञा प्रतिष्ठान र लघुकथा समाजको सहकार्यमा भएको लघुकथा गोष्ठी (२०७०) मा पुष्करराज भट्टद्वारा प्रस्तुत "नेपाली

लघुकथाको विकासक्रम र साठीको दशकका प्रवृत्तिहरू" एवम् सोही संस्थाहरूद्वारा आयोजित लघुकथा गोष्ठीमा कुमारप्रसाद कोइरालाद्वारा प्रस्तुत "समकालीन नेपाली लघुकथाका प्रवृत्तिहरू" (२०७१) कार्यपत्रले पनि नेपाली लघुकथालाई चिनाउनमा मद्दत गरेको पाइन्छ । यसरी नै कैलालीको अत्तरियामा २०७२ चैत्रमा आयोजित साहित्यिक गोष्ठीमा पुष्करराज भट्टद्वारा प्रस्तुत "नेपाली लघुकथामा सांस्कृतिक चेतना" विषयक कार्यपत्र एवम् २०७३ वैशाखमा कैलालीको धनगढीमा नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल वाङ्मय परिषदको संयुक्त आयोजनामा आयोजित लघुकथा गोष्ठीमा पुष्करराज भट्टबाट प्रस्तुत गरिएको "नेपाली लघुकथामा दार्शनिक चेतना" नामक कार्यपत्रले नेपाली लघुकथालाई बौद्धिक रूपमा चिनाउने कार्य गरेको छ ।

यसरी नै विभिन्न समयमा देशका विभिन्न ठाउँमा भएका लघुकथा गोष्ठीले नेपाली लघुकथाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठाबाट प्रथम राष्ट्रव्यापी लघुकथा प्रतियोगिता (२०५४) एवम् द्वितीय राष्ट्रव्यापी लघुकथा प्रतियोगिता (२०५५) सम्पन्न भएका छन् । नेपाली लघुकथाको विकासमा द रेयुकाइ नेपाल, पाटन शाखाको पनि महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । २०५४ र २०५५ मा रेयुकाइ नेपालले लघुकथा प्रतियोगिता सम्पन्न गरेको पाइन्छ । यसरी नै एम्नेस्टी इन्टरनेसनलले काठमाडौंमा लघुकथा गोष्ठी गराउनाको साथै लघुकथा विशेषाङ्कसमेत प्रकाशित गरेको पाइन्छ । नेपाली लघुकथाको विकासमा विश्वविद्यालयस्तरमा अनुसन्धान कार्य भएका छन् । त्रिभुवन विश्वविद्यालयबाट २०६० सालमा ईश्वरीप्रसाद पोखरेलले 'नेपाली लघुकथाको परम्परा' नामक स्नातकोत्तर तहको शोध गरेका छन् । यस शोधले नेपाली लघुकथाको इतिहासलाई प्रस्तुत गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नाका साथै नेपाली लघुकथालाई प्राज्ञिक एवम् बौद्धिक क्षेत्रमा चिनाउने काम गर्‍यो । यस बाहेक पनि विभिन्न लघुकथाकारको लेखन सम्बन्धमा स्नातकोत्तर तहमा शोधकार्य हुने क्रम जारी छ । यी शोधकार्यले नेपाली लघुकथालाई साहित्यिक एवम् बौद्धिक क्षेत्रमा चिनाउनमा महत्वपूर्ण मद्दत गरेका छन् । नेपाली लघुकथाको बारेमा दर्शनाचार्य तहमा पुष्करराज भट्टले 'उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य' (२०७०) विषयमा अनुसन्धान गरेका छन् । उनले २०३६ पछि प्रकाशित नेपाली लघुकथा कृतिमा पाइने व्यङ्ग्यको अध्ययन गरेको पाइन्छ । नेपाली लघुकथाका बारेमा २०६५ मा साझा प्रकाशनबाट गोपाल अश्कको **लघुकथा : प्रक्रिया र पाठ** नामक अनुसन्धानमूलक कृति प्रकाशन भएको पाइन्छ । यस कृतिमा लघुकथाको सैद्धान्तिक पक्षका बारेमा चर्चा गर्नाका साथै नेपाली लघुकथाको विकासक्रम प्रस्तुत गरिएको छ । यस कृतिमा ४४ लघुकथा लेखकका रचना समेत प्रकाशित गरिएको छ ।

नेपाली लघुकथाको विकासमा संस्थागत प्रयास समेत प्रारम्भ भइसकेको छ । २०६५ भदौ १७ गते काठमाडौंको न्युरोड स्थित एक क्याफेमा श्रीओम श्रेष्ठ 'रोदन'को

संयोजकत्वमा लघुकथा समाजको स्थापना गरिएको पाइन्छ । २०६६ माघ १६ सामान्य पूर्नगठन एवम् संस्थाको साधारणसभाबाट नयाँ निर्वाचन २०७१ श्रावण ५ गते सम्पन्न भएर पुन : श्रीओम श्रेष्ठकै अध्यक्षतामा कमिटी निर्माण गरिएको पाइन्छ । लघुकथा समाजले आफ्ना स्थापनापछि लघुकथासम्बन्धी गतिविधि एवम् क्रियाकालाप सञ्चालन गरेको पाइन्छ । समाजको आयोजनामा विभिन्न लघुकथाकारका कृति विमोचनका साथै ती कृतिहरू माथि अर्न्तक्रियासमेत सम्पन्न भएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठान एवम् सर्वनामसँगको सहकार्यमा लघुकथा सम्बन्धित विचार गोष्ठी तथा लघुकथा वाचन एवम् मञ्चन कार्य गरिएको पाइन्छ । नेपालीको साथसाथै विभिन्न मातृभाषामा पनि लघुकथा वाचन गर्ने कार्यक्रम सम्पन्न गरिएको छ । लघुकथा समाजले लघुकथा विधाका क्षेत्रमा योगदान पुऱ्याउने अनुसन्धानकर्तालाई सम्मान गर्ने कार्यको सुरूवात गरेको छ । लघुकथा समाजले नेपाली लघुकथा सम्बन्धमा अनुसन्धान गरेबापत ईश्वरीप्रसाद पोखरेललाई २०६९ मा एवम् पुष्करराज भट्टलाई २०७० मा "लघुकथा सम्मान" प्रदान गरेको छ । २०७१ सालबाट लघुकथाकार पुष्करराज भट्टले राखेको एक लाख पाँच रूपैयाँको अक्षयकोषबाट पुरस्कार प्रदान गर्ने गरी लघुकथा समाजले 'पद्मा-रामचन्द्र लघुकथा सम्मान' स्थापना गरेको पाइन्छ । यो सम्मानबाट हालसम्म प्रा.डा. मोहनराज शर्मा, प्रा.डा. दयाराम श्रेष्ठ एवम् विनयकुमार कसजू सम्मानित भइसकेका छन् । यसरी यस अवधिमा नेपाली लघुकथाको लेखन, अनुसन्धान एवम् संस्थागत क्रियाकलापले तीव्रता पाएको छ । नेपाली लघुकथाका क्षेत्रमा विशिष्ट योगदान दिएकोमा लघुकथा समाज 'धनमान लघुकथा पुरस्कार'बाट समेत सम्मानित भइसकेको छ । नेपाली लघुकथाको विकासका लागि धनमान श्रेष्ठ एवम् हरि थापाले लघुकथा सम्बन्धी पुरस्कारको स्थापना समेत गरेका छन् । यसरी नेपाली लघुकथाको विकासमा लागिपर्ने स्रष्टालाई सम्मानित/ पुरस्कृत गर्ने चलन समेत चल्न थालेको पाइन्छ ।

यस अवधिका लघुकथा लेखनका प्रमुख प्रवृत्तिहरू यस प्रकार रहेका छन :

(क) प्रजातन्त्र उत्तरकालको विकृति विसङ्गतिजन्य जीवनको वर्णन,

(ख) २०४६ को राजनीतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकामा असन्तुष्टि व्यक्त,

(ग) सामाजिक जीवनका विभिन्न विकृत परिवेशप्रति व्यङ्ग्य र विद्रोहको चेतना,

(घ) प्रतीकात्मक लेखनमा क्रमशः वृद्धि,

(ङ) लघुकथामा राजनीतिक मूल्यहीनता, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता व्यक्त गरिनाका साथै राजनीतिक क्षेत्रका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य,

(च) सामाजिक वर्गद्वन्द्व, उत्पीडन विरोधी चेतना एवम् विद्रोहको अभिव्यक्ति,

(छ) लघुकथामा द्वन्द्वकालीन नेपाली समाज र सामान्य जनतामा रहेको भयत्रास एवम् सन्त्रासकोअभिव्यक्ति, हिंसाजन्य परिवेशको प्रस्तुतिका साथै शान्तिको कामना गरिनु,

(ज) आर्थिक क्षेत्रमा देखिएका गलत कार्यको विरोधका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश,

(झ) मानिसमा रहेको स्वार्थ एवम् चाकरीजन्य क्रियाकलापप्रति व्यङ्ग्य, वैयक्तिक जीवनका प्रेम, यौन एवम् ग्राहस्थ जीवनका घटनाको प्रस्तुति,

(च) प्रविधिको विकाससँगै मानिसको चिन्तनमा आएको परिवर्तन एवम् नवीन चेतना,

(छ) प्रवासी नेपालीका पीडाको सशक्त प्रस्तुति,

(ज) लघुकथा रचनामा चित्रात्मकताका साथै नवीन बिम्ब एवम् प्रतीकको प्रयोग ।

यस कालखण्डका लघुकथा रचनामा सो अवधिका राजनैतिक, सामाजिक एवम् सांस्कृतिक चेतनाको प्रभाव पाइन्छ । यस कालका रचनामा २०४६ को परिवर्तनप्रतिको उत्साह र पछिल्ला दिनमा उत्पन्न निराशाको अभिव्यक्ति आएको छ । यी रचनामा तत्कालीन सामाजिक जीवनका विकृतिप्रतिको आलोचनात्मक चेतनाका साथै प्रतिकात्मक लेखनप्रतिको मोह समेत अभिव्यक्त भएको देखिन्छ । पचासको दशकपछिको यो कालखण्ड लघुकथाको विकासका दृष्टिले महत्वपूर्ण कालखण्ड हो । यस अवधिमा लघुकथा लेखनमा तीव्रता आएको छ । यी रचनामा द्वन्द्वजन्य परिवेशको प्रस्तुतिका साथै युद्धविरोधी चेतनाको प्रस्तुति, प्रत्यक्ष लडाँइमा रहेका पक्ष बाहेकका जनताले भोग्नुपरेको भय र सन्त्रासमय जीवनको अनुभूतिको चेतना, नेपाली समाजमा उत्पन्न राजनीतिक एवम् सामाजिक विकृत परिवेशप्रतिको आलोचनात्मक चेतका साथै व्यक्ति, परिवार, समाज, राष्ट्र एवम् विश्वमा देखापरेका अनेकन विकृत पक्षप्रति असहमतिको चेतना प्रस्तुत भएको छ । प्रविधिको विकाससँग मानिसमा आएको परिवर्तनको चेतना, प्रवासी नेपालीका पीडाको अभिव्यक्ति एवम् समाजमा देखापरेका अनेकन उत्पीडन विरोधी चेतना व्यक्त भएको छ । लेखनगत शैलीशिल्पमा नवीनताको चेतनाको विस्तारका दृष्टिले यो कालखण्ड समृद्ध छ । यस कालखण्डका २०४६-२०५२ र २०५२ पछिको समयलाई दुई अलग-अलग उपखण्डका रूपमा हेर्न सकिने आधार फेला परेका छन् । २०५२ सम्मको अवधिमा लघुकथा लेखनमा कमी र पत्रपत्रिका प्रकाशनमा तीव्रता आएको पाइन्छ । यस अवधिमा लघुकथा लेखनका लागि आधार निर्माण भएको पाइन्छ । २०५२ पछिको अवधिमा लेखनमा तीव्रताका साथै लघुकथा सम्बन्धमा अध्ययन-अनुसन्धान तथा संस्थागत गतिविधि क्रमशः अघि बढ्न थालेको पाइन्छ ।

## ३.५ निष्कर्ष

यस अध्ययनमा नेपाली लघुकथाको पृष्ठभूमि काल २००६ सम्मको अवधिलाई मानेर अध्ययन गरिएको छ । नेपाली साहित्यको पृष्ठभूमिका रूपमा प्राचीन धार्मिक एवम् पौराणिक साहित्य आएका छन् । यसै सन्दर्भमा धार्मिक, पौराणिक आख्यानहरूका अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवादले आख्यान रचनाको पृष्ठभूमि तयार गरेको तथ्यलाई पुष्टि गरिएको छ । नेपाली लघुकथाको प्रथम चरणका रूपमा २००७ देखि २०२९ सम्म मानेर अध्ययन गरिएको छ । नेपाली लघुकथाको पहिलो चरणमा विविध प्रवृत्तिहरू पाइने भएकोले ती प्रवृत्तिहरू निरूपण गरिएको छ । यस अवधिका लघुकथामा राणाशासन र प्रजातन्त्र स्थापनाकालको सङ्क्रमणकालीन अवस्थाको प्रस्तुति, २००७ सालको परिवर्तन र त्यो परिवर्तनपछि पनि जनताका आकाङ्क्षा पूरा नहुनाले जनतामा छाएको निराशाको अभिव्यक्ति, २०१७ मा प्रजातन्त्रको हरण भएपछिको नेपाली समाजमा शून्यताको अनुभूति, अन्याय, अत्याचारका घटनाको चित्रण, विद्रोहको प्रस्तुति पाइन्छ । यस अवधिका रचनामा तत्कालीन युगजीवनका सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण, पारिवारिक जीवनका समस्या, धार्मिक आडम्बर, अशिक्षा एवम् गरिबीका घटनाको वर्णन, मानवेतर पात्रको प्रयोग, प्रतीकात्मक लेखनको आरम्भ, विसङ्गत यर्थाथको प्रस्तुतिका साथै निराशा, कुण्ठा एवम् हताश मानिसको जीवन कथा प्रस्तुत गरिएको छ । नेपाली लघुकथाको दोस्रो चरण २०३० देखि २०४५ सम्म मानेर अध्ययन गरिएको छ । यस समयावधिका लघुकथा रचनामा जीवनको अभाव, अशिक्षा एवम् गरिबीबाट उत्पन्न मानवीय विसङ्गत क्रियाकलाप, मानवीय जीवनको निस्सारता, खोक्रोपना, निराशा, कुण्ठा एवम् सामाजिक भ्रष्ट क्रियाकलापको प्रस्तुति, आर्थिक, धार्मिक, राजनीतिक, एवम् प्रशासनिक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य, पञ्चायती व्यवस्थाको विरोध एवम् प्रजातन्त्रको चाहना, पशुपंक्षी पात्रको प्रयोग, मानवीकरण, प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भ एवम् कलात्मक सीपप्रति सचेतताका तथा नवीन शैलीको प्रयोग पाइन्छ

नेपाली लघुकथाको तेस्रो चरण २०४६ पछिको अवधिलाई मानेर अध्ययन गरिएको छ । यस चरणका प्रारम्भकालमा प्रजातन्त्र कालपछिको समयको चित्रण, २०४६ को राजनीतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकामा असन्तुष्टि व्यक्त, समाजिक जीवनका विभिन्न विषयवस्तुप्रति व्यङ्ग्य, प्रतीकात्मक लेखन गरिएको पाइन्छ । २०५२ सम्मको काललाई विशेषताका आधारमा तेस्रो चरणको पहिलो उपचरण मान्न सकिने आधार देखिएका छन् । यसै अवधिमा २०५३ देखि हालसम्मको समयमा राजनीतिक मूल्यहीनताको प्रस्तुति, भ्रष्टता एवम् अपराधीकरणप्रति चिन्ता, राजनीतिका आडमा हुने गरेका समाजविरोधी क्रियाकलापको विरोध, समाजमा हुने गरेका गलत चिन्तन एवम्

क्रियाकलापप्रति व्यङ्ग्य, स्वार्थी प्रवृत्तिका साथै चाकरी गर्ने कार्य, आर्थिक क्षेत्रमा देखिएका गलत कार्यका साथै साहित्यिक क्षेत्रका विकृतिप्रति आक्रोश, वैयक्तिक जीवनका प्रेम, यौन एवम् ग्रार्हस्थ जीवनका घटना, प्रविधि संस्कृतिले ल्याएको सामाजिक चेतनाको प्रस्तुति, डायस्पोरा एवम् नारीवादी चिन्तनलाई विषय बनाइएको पाइन्छ । नेपाली लघुकथामा विभिन्न समय र सो समयले बोकेको चेतनाको अभिव्यक्ति एवम् युगीन विसङ्गतिप्रतिको विरोध एवम् परिवर्तनमुखी चेतना अभिव्यक्त हुँदै आएको छ ।

# परिच्छेद चार

# नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना

## ४.१ विषयपरिचय

नेपाली लघुकथामा विविध विचार, दृष्टिकोण एवम् विषयवस्तुको संयोजन पाइन्छ । नेपाली लघुकथा कथ्यगत सन्दर्भका दृष्टिले मात्र नभएर कलात्मक शिल्पका दृष्टिले पनि समृद्ध छ । समसामयिक युगजीवनका अनेकन आरोह एवम् अवरोह पार गर्दै आजको दिनसम्म आइपुग्दा लघुकथा लेखनले यथोचित प्रतिष्ठा पाउन थालेको छ । नेपाली लघुकथामा युगजीवनका उज्याला पक्षका साथसाथै युगीन विकृत परिवेशको समेत प्रस्तुति पाइन्छ । विकृत परिवेशको प्रस्तुतीकरणमात्र नभएर विसङ्गतिप्रतिको असहमत चेतनाका साथै युगपरिवर्तनको उत्कण्ठा समेत व्यक्त हुँदै आएको छ । युगचेतनाले एक निश्चित कालखण्डको चेतनाको प्रतिनिधित्व गर्दछ । हरेक युगका आफ्नै खाले उपलब्धि एवम् सीमा हुन्छन् । एक युगको चेतनाले अर्को युगको आगमनसँगै परिवर्तित स्वरूप ग्रहण गर्दछ । व्यक्ति, समाज, राष्ट्र अनि अन्तर्राष्ट्रिय घटना परिवेशको प्रभावबाट युगचेतना प्रभावित हुन्छ । एउटा युगको चेतना निश्चित कालखण्डपछि युगचेतना रहँदैन । समयसँगै आएका नवीन मूल्य एवम् चिन्तनले त्यसलाई प्रतिस्थापन गर्दछ । युगचेतना स्थिर नभएर चलायमान हुन्छ । नेपाली लघुकथामा अभिव्यक्त युगचेतनाले विभिन्न क्षेत्रसँग सम्बन्ध राख्दछ । यस परिच्छेदमा नेपाली समाजमा भिन्न-भिन्न समयका अभिव्यक्त चेतनाले नेपाली लघुकथामा पारेको प्रभावका सन्दर्भमा युगचेतनाको अध्ययन गरिन्छ ।

यस परिच्छेदमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना अध्ययनका लागि राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, भाषा तथा साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम् जीवनशैली, न्याय कानुन, पत्रकारिता, मिथक, डायोस्पोरा एवम् नारीवादी चेतनाजस्ता सोह्र विषयलाई मूल आधार मानिएको छ । यी विषयलाई पनि आवश्यकता अनुसार उपविभाजन गरिएको छ ।

## ४.२ नेपाली लघुकथामा प्रयुक्त विषय

नेपाली लघुकथाको रचनामा विभिन्न विषयको उपस्थिति पाइन्छ । लघुकथा मा व्यक्ति जीवनका घटनादेखि अन्तर्राष्ट्रिय परिवेशको अभिव्यक्ति पाइन्छ । नेपाली समाजमा देखापरेका नवीन चिन्तन एवम् मूल्यको प्रभाव साहित्यमा पर्ने भएका सन्दर्भमा लघुकथाको रचनामा पनि त्यसको प्रभाव स्वतः पर्दछ । सामाजिक चेतनाको प्रभावको स्पर्शबाट लेखक कतिसम्म प्रभावित छ भन्ने कुरा लेखकीय चिन्तनको क्षेत्र कति फराकिलो छ भन्ने कुराले निर्धारण गर्दछ ।

यसै सन्दर्भमा नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतना अध्ययनको सन्दर्भमा के कस्ता विषयले प्रवेश पाएका छन् भन्ने तर्फ ध्यान दिनुपर्ने हुन्छ । ती विषयमा रहेका युगजीवनका अनेकन मर्म एवम् संवेदनाले नेपाली समाजमा कुन कालखण्डमा के कस्ता प्रवृत्ति देखापरे र ती प्रवृत्तिले नेपाली लघुकथा लेखन कसरी प्रभावित भयो भन्ने विषयतर्फ पुग्न सकिन्छ । नेपाली लघुकथाका स्रोतहरू नेपाली जीवनगत, समाज, राजनीति, प्रशासन, अर्थव्यस्था, संस्कृति, शिक्षा, स्वास्थ्य, प्रवासी जीवन, मानिसका वैयक्तिक भोगाइजन्य अनुभूति आदि अनेकौं छन् र यस अध्ययनमा यी कुराहरूलाई समावेश गरिएको छ । पुराना लोककथा, किंवदन्ती, धार्मिक कथा, इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित विषयवस्तु पनि लघुकथाको स्रोतका रूपमा रहेका छन् । यस अध्ययनमा नेपाली लघुकथा रचनाको पठनपछि केही सूचक बनाइएको छ । ती सूचकमा नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तुमा युगचेतनाको अध्ययन गरिएको छ । यस परिच्छेदमा नेपाली लघुकथामा युगचेतनाको प्रभावक्षेत्र अध्ययन गर्न राजनीति, समाज, संस्कृति, धर्म, अर्थ, भाषा, साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, विज्ञान, आधुनिक सभ्यता एवम् जीवनशैली, न्याय कानुन, पत्रकारिता, मिथक, डायोस्पोरा एवम् नारीवादी चेतनाको सन्दर्भजस्ता सोह्र विषयलाई मूल आधार मानिएको छ । यी विषयलाई पनि आवश्यकता अनुसार उपविभाजन गरेर अध्ययनलाई अघि बढाइएको छ ।

### ४.२.१ राजनीतिक युगचेतना

राजनीतिले राज्यको शासन सत्तासँग सम्बन्ध राख्ने भएको र यसको प्रभाव साहित्य लेखनमा पनि पर्ने भएकोले नेपाली साहित्य लेखनमा राजनीतिक विषयले प्रमुखता पाएको पाइन्छ । नेपाली लघुकथा लेखनमा पनि राजनीतिक विषयले प्राथमिकता पाएको छ । नेपाली इतिहासको विभिन्न कालखण्डमा नेपाली राजनीतिक जीवनमा आएका उतारचढावले नेपाली समाजको चेतना प्रभावित हुँदै आएको, साहित्य लेखन मूलतः देशका शिक्षित एवम् बौद्धिक वर्गसँग सम्बन्धित हुने भएकाले त्यस वर्गले अनुभूत गरेको युगजीवन र त्यसको प्रभाव नै लेखनको कच्चा पदार्थका रूपमा भएकाले राजनीतिले लेखनमा प्रभाव पार्ने गर्दछ ।

यस अध्ययनमा ‘नेपाली लघुकथामा राजनीतिक युगचेतना’ अध्ययनका लागि विभिन्न उपशीर्षक विभाजन गरिएको छ । नेपाली राजनीतिमा मूल्यहीनताको प्रस्तुति अध्ययनका लागि नैतिक आदर्शमा स्खलनका घटनाको प्रस्तुति, वैचारिक प्रतिबद्धतामा देखिएको अभावको चित्रण, पदमोह/ पदीय मर्यादा कायम गर्न नसकेका घटनाको प्रस्तुति, जनता र कार्यकर्ताप्रति अपहेलनाका घटनाको अभिव्यक्ति, देश र जनताप्रति बेइमानीका घटनाको चित्रण र आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटन जस्ता उपशिर्षक निर्धारण गरिएको छ । त्यसरी नै राजनीतिक अव्यवस्थाको चित्रण अध्ययनका लागि शासनशैलीप्रति जनताको असन्तुष्टिको अभिव्यक्ति, राजनैतिक व्यवस्थाका विकृति- विसङ्गति एवम्

भाँडभैलोको चित्रण, प्रजातान्त्रिक मूल्यबोधको अभावको प्रस्तुति, नेताहरूको दुश्चरित्रताको प्रस्तुति, सत्ता दुरूपयोग र राजनीतिकरणका घटनाको अभिव्यक्ति, सहिद र सहिद परिवारको अपमानका घटनाको चित्रण, राजनीतिक ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापको वर्णन, राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापको अभिव्यक्ति एवम् विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारको चित्रणलाई उपशिर्षकका रूपमा चयन गरिएको छ। सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रणको अध्ययनका लागि भय एवम् सन्त्रासमय परिस्थितिको चित्रण, द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनाको प्रस्तुति, शान्तिको कामना र युद्धविरामको चाहनाको अभिव्यक्ति, द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम् विरोधको भावनाको अभिव्यक्ति एवम् द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रणलाई उपशिर्षकका रूपमा चयन गरिएको छ । त्यस्तै अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनाको अभिव्यक्तिलाई पनि शिर्षकको रूपमा चयन गरिएको छ। यहाँ माथि उल्लिखित शिर्षक एवम् उपशीर्षकलाई राजनीतिक चेतनाका सन्दर्भमा अध्ययनको विषय बनाएर विश्लेषण गरिएको छ ।

### ४.२.१.१ नेपाली राजनीतिमा मूल्यहीनताको प्रस्तुति

राजनीतिका निश्चित मूल्य, मान्यता र आदर्श हुने गरेको, राजनीतिलाई राष्ट्र एवम् जनताको पक्षमा लगाउने काम खास मूल्यले गर्ने गरेको विषय नेपाली लघुकथाको कथ्यका रूपमा प्रस्तुत भएको छ । नेपाली लघुकथामा राजनीतिको मूल आधार जनता भएकाले जनताका पक्षमा राजनीति हुनुपर्ने, राजनीतिमा मूल्यहीनता बढेमा जनपक्षधरता गुमाउने सम्भावना प्रबल हुने तर्फ ध्यानाकर्षण गरिएको छ। जनपक्षधरताको समापनसँगै निरङ्कुश चरित्रको विकासका साथै अराजकता एवम् भिडतन्त्रको वातावरण निर्माण हुने, यसले समाज भाँड्ने, देश र जनतालाई धोका दिने काम भएकाले राजनीतिमा मूल्यको स्थापना हुनुपर्ने सोच व्यक्त भएको छ । यसै सन्दर्भमा नेपाली लघुकथामा नेपाली राजनीतिमा विभिन्न समयमा देखिएका मूल्यहीनतालाई कथ्यका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यस अध्ययनमा नेपाली लघुकथामा गरिएको राजनीतिक मूल्यहीनताको प्रस्तुतिलाई अध्ययनको मूल विषय मानेर नैतिक आदर्शमा स्खलनका घटनाको प्रस्तुति, वैचारिक प्रतिबद्धतामा देखिएको अभावको चित्रण, पदमोह/ पदीय मर्यादा कायम गर्न नसकेका घटनाको प्रस्तुति, जनता र कार्यकर्ताप्रति अपहेलनाका घटनाको अभिव्यक्ति, देश र जनताप्रति बेइमानीका घटनाको चित्रण एवम् आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटनलाई विश्लेषण गरिएको छ।

#### (१) नैतिक आदर्शमा स्खलनका घटनाको प्रस्तुति

राज्य तथा अन्य महत्त्वपूर्ण तहमा पुगेका व्यक्तिहरूले उच्च नैतिक आदर्श कायम गरेको हुनुपर्ने र यसो भएमा समाजमा असल संस्कारको विकास हुने चिन्तन लघुकथामा

प्रभावकारी किसिमले सम्प्रेषित छ । यी लघुकथामा नेपाली राजनीतिमा देखिएको नैतिक आर्दशको स्खलन र त्यसले नेपाली जनजीवनमा पारेका प्रभावको प्रस्तुतिका साथै राजनीतिक क्षेत्रमा आएको नैतिक विचलनलाई सशक्त किसिमले अभिव्यञ्जित गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त यस्तो चेतनाले समाजमा नैतिक आदर्श कायम गर्नुपर्ने, अनैतिक राजनीतिक नेतृत्ववर्गप्रति असन्तोष व्यक्त गर्नुका साथै सुधारको कामनासमेत गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त नैतिक आर्दशका घटनाको प्रस्तुतिको विश्लेषणका लागि कपिल लामिछानेको **गरिबी उन्मूलन,** गोरखबहादुर सिंहको **मयूरपंखी कलम,** कृष्ण बजगाईको **मन्त्रीको जुत्ता,** हरिहर खनालको **ओत** र महेश प्रसाईको **प्रजातन्त्र** लघुकथालाई लिइएको छ । नेपाली राजनीतिमा आएको नैतिक आर्दशको स्खलनलाई विषय बनाइएका लघुकथाका केही तथ्याङ्कहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) “नेता अलप भए । अझ होहल्ला गर्न खोज्नेलाई गोदगाद-ठोकठाक पारियो । कति रगतपच्छे भए । कतिका हात र कतिका खुट्टा भाँचिए । कतिका टाउका फुटे । कतिले फुस्रा आँखा पल्टाए । लुसुक्क फर्कनेहरू मात्र सद्दे भए ।” त्यहाँ अहिले कतै गरिबी छ ?” (लामिछाने. २०६८ : ८१) ।

प्रस्तुत लघुकथांशमा लघुकथामा गरिबी हटाउने वाचा गरेको नेता एकडेढ वर्षपछि फर्केर गरिबका झुप्रा भत्काउने काम गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ वर्तमानमा राजनीतिक क्षेत्रमा आदर्शको स्खलका कारण राजनीतिक नेतृत्वमा नैतिकताको खडेरी परेको र गरिब एवम् निमुखा जनताको सेवा गर्ने भनेर चुनाव जित्ने नेता पछि पुँजीपति एवम् जमिन्दार वर्गको पक्षमा लागेर सामान्य जनताका झुपडी भत्काउन लाउने कार्यमा प्रवृत्त भएको स्थितिलाई अभिव्यक्त गरिएको छ । त्यसैले यस लघुकथामा राजनीतिक क्षेत्रमा नैतिक मूल्य स्थापना हुनुपर्ने चेतना व्यक्त भएको छ ।

(ख) “हाम्रो हुकुममा अप्ठेरो ?” उनको निधारमा पनि प्रश्न कोरियो । “त्यो केकस्तो अप्ठेरो हो ? खुलस्त जाहेर गर ।” “सरकार ! ऐनको यो दफाले ....। काखीबाट ऐनको पुस्तक निकाल्दै कारिन्दाले एउटा दफा औंल्यायो । हुकुम बक्सनेले कलमदानीबाट मयूरपंखी कलम निकाले र औंल्याइएको दफामाथि रातो धर्को तान्दै भने-“अब त मिल्यो ?” (सिंह. २०६१ : १२२) ।

प्रस्तुत लघुकथांशमा नीति, नियम, कानुनभन्दा पनि व्यक्तिगत अह्मलाई प्रमुख ठान्ने भारदारी राजनीतिको एक झलक प्रस्तुत गरिएको छ । आफ्नो अनुकूल नहुने भएपछि नियम नै परिवर्तन गरेर पनि आफ्नो स्वार्थ अनुकूल काम गर्नुले नैतिकता, मूल्य मान्यता, नियम एवम् विधिको नै खिल्ली उडाएको घटनालाई प्रस्तुत गरिएको छ । लोकतान्त्रिक व्यवस्थाको मूल आधार भनेको विधिको शासन भए पनि प्रस्तुत पात्रले विधिको खिल्ली

उडाएको देखिन्छ । नेपालमा राजनीतिक तहमा नीति र नियम भन्दा पनि आफ्नो अनुकूलतामा नीति र नियम मिच्ने कार्य हुँदै आएको छ । यसै सन्दर्भमा यस लघुकथामा राजनीतिक तहमा रहेको गलत क्रियाकलापलाई कुशलतापूर्वक उद्घाटन गरिएको छ । लघुकथामा विधिको शासनलाई नमान्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

(ग) "जुत्ता त साह्रै सजिलो थियो । कतै खाँदैन थियो । तर केही महिना यता जब-जब जुत्ता लगाएर हिँडनु हुन्थ्यो, तब तब दुःख, चित्कार र पीडाको आवाज आएको अनुभूति हुनथाल्यो ।" केही समयपछि त्यस जुत्ताको रङमा पनि परिवर्तन आएको देख्न थाल्नुभयो । मन्त्रीज्यूले त्यसमा पालिस दलेर खुब चम्काउनुभयो । जति जति जुत्ता टल्किँदै जान्थ्यो, दुःखी, पीडित र गरिबको ख्याउटे अनुहार झन्झन् स्पष्ट देखिन थाल्यो जुत्तामा । उहाँले पीडाको आवाज सुनिरहनुभयो, बिम्ब देखिरहनुभयो । यस्तो आश्चर्यजनक घटनाका बावजुद पनि मन्त्रीज्यूले त्यो जुत्ता लगाउन छाडनुभएन (बजगाई. २०६४ : २३-२४) ।

प्रस्तुत लघुकथांशमा एक राजनीतिकर्मीको फेरिएको विचारलाई प्रस्तुत गरिएको छ । लघुकथामा मन्त्रीमा सत्तामा पुग्ने बेलासम्म जनताका पीडाको अनुभूति भएको तर सत्ताको रङ चढ्ने क्रमसँगै जनताको पीडालाई भुल्दै गएको सन्दर्भ प्रस्तुत भएको छ । लघुकथांशमा ऊ बहिरो बन्दै जाने र उसमा नैतिक आदर्श क्रमशः शिथिल हुँदै गएको प्रसङ्ग उल्लेख गर्नाका साथै उसमा आदर्शको पतनसँगै जडमानवमा रूपान्तरित हुँदै भएको विषयलाई व्यक्त गरिएको छ । यस लघुकथांशमा असल मानिएको राजनीतिकर्मीको आदर्श विमुखता प्रस्तुत गरिएको पाइन्छ । नेपाली समाजमा प्रजातन्त्रोत्तर कालमा राजनीतिलाई व्यक्तिगत लाभमा अनुवाद गर्ने राजनीतिकर्मीको क्रियाकलाप व्यापक रूपमा बढेको छ । लघुकथामा राजनीतिक मूल्यहीनताका घटनाको प्रस्तुतिका साथै त्यस्ता घटनाप्रति लेखकको असहमत चेतना व्यक्त भएको छ ।

(घ) मलाई पनि अतिथिका रूपमा ड्यासमा बसाउने भए हुन्छ ।" उसले लाज पचाएर बोली ओकल्यो । समारोह तोकिएकै समयमा सुरु भयो । दक्षिणपट्टिको भित्तामा......दिवस लेखिएको झन्डै दुई मिटर लामो रातो तुल र त्यसको ठीक बीच भागमा टाँगिएको स्वर्गीय नेताको भव्य तस्विर, अनि खचाखच भरिएको सभास्थल । समारोह ओझिलो देखिन्थ्यो । सभापतिको औपचारिक वरणपछि प्रमुख अतिथिले आसन ग्रहण गरे । लगत्तै उद्घोषकले स्थानीय बुद्धिजीवीका हैसियतमा सिसापसले साहुजीको नाम उच्चारण गरे । पसले श्रोताहरूको बीचबाट बिस्तारै उठ्यो, मञ्चमा पुग्यो र नरम मुद्रामा दर्शक श्रोतातिर हेरेर हात जोर्‍यो । प्रमुख अतिथि उठेर न्यानो हात मिलाउँदै क्रान्तिकारी शैलीमा उसको स्वागत गरे । त्यसपछि दुवै लचकदार सोफामा बसे (खनाल. २०६४ : ९६) ।

प्रस्तुत लघुकथांशमा एउटा कार्यक्रमका लागि सिसा उपहार दिने बित्तिकै पार्टीको आमसभामा आसन ग्रहण गराउने र महत्त्वपूर्ण स्थान दिने काम गरिएको पाइन्छ । यस लघुकथांशमा साठीको दशक पछिको नेपाली समाजको चित्र आएको छ । लघुकथामा आफ्नो संगठन ठूलो बनाउने नाममा जोसुकैलाई पनि सदस्यता दिने र संगठनमा हुल्ने कार्य गरिनाका साथै सार्वजनिक स्थलमा समेत सम्मानित अवस्थामा राखिएको प्रसङ्ग प्रस्तुत भएको छ । लघुकथामा राजनीतिक नेतृत्वको नैतिक आदर्शको पतनलाई कुशलताका साथ व्यक्त गर्नाका साथै नैतिक आदर्शको अभावप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ङ) मन्त्रीपुत्रमाथि कारवाही गर्ने कुरा टालटुल गरियो । अर्कातिर छात्राहरूको रोष तीव्र रूपमा बढिरहेको थियो । मन्त्रीपुत्रलाई दण्डित नगरे उनीहरू कक्षा बहिष्कार गर्ने अडानमा थिए । क्याम्पस प्रमुखले स्टाफ मिटिङ बोलाए । मिटिङमा सहभागीहरूले मन्त्रीपुत्रका विरूद्ध हस्ताक्षर गर्न अस्वीकार गरे । त्यहाँ सन्नाटा छायो । त्यस दिनदेखि अपमानित छात्राले क्याम्पसबाट आफ्नो नाम कटाइन् (प्रसाई. २०६८ : २७) ।

प्रस्तुत लघुकथांशमा विद्यार्थीमाथि अनैतिक कार्य गर्ने सत्तावान् मन्त्रीका पुत्रलाई कारवाही गर्न डराउने क्याम्पस प्रमुख र क्याम्पसका प्राध्यापकको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथामा नैतिक मूल्यमा आएको विचलनप्रति चिन्ता व्यक्त गरिएको छ ।

नेपाली लघुकथामा नेपाली राजनीतिको पछिल्लो कालखण्डमा अपराध एवम् अव्यवस्था बढेर गएको, राजनीतिकर्मीमा नैतिक आदर्शको समाप्तिसँगै आएको विचलनले नेपाली समाजमा पीडा थपेको, राजनीतिक नेता एवम् कार्यकर्ताका गलत क्रियाकलापले समाजमा गलत कार्यलाई बढावा दिएको युगीन यथार्थलाई प्रस्तुत गरिएको छ । राजनीतिका नाममा मूल्यहीनता बढेको, राजनीतिकर्मीले अपराधिक एवम् अनैतिक क्रियाकलापलाई बढावा दिएका सन्दर्भमा नेपाली राजनीतिमा मूल्यको खोजी नै यी लघुकथामा व्यक्त युगचेतना हो । नेपाली लघुकथामा राजनीतिक चेतनाका सन्दर्भमा नैतिक आर्दशमा आएको स्खलनलाई विषय बनाएर गलत कार्यविरोधी युगीन चेतनालाई जीवन्त स्वर प्रदान गरिएको छ

### (२) वैचारिक प्रतिबद्धतामा देखिएको अभावको चित्रण

नेपाली लघुकथामा राजनीतिकर्मीहरूको वैचारिक पक्षधरतालाई लेखनको विषयवस्तु बनाइएको पाइन्छ । एक निश्चित विचार लिएर राजनीतिमा आउने तर त्यस अनुकूलको आचरण नगर्ने राजनीतिक नेतृत्वले समाजमा गलत चिन्तन एवम् क्रियाकलापलाई बढाएको लघुकथामा सशक्त किसिमले व्यक्त गरिएको पाइन्छ । वैचारिक विचलन प्रस्तुत गर्ने क्रममा

हरिगोविन्द लुइटेलको **हवस् त लालसलाम,** सुमन सौरभको **मातृभूमि,** रवीन्द्र समीरको **बलिको बोको** र विनयकुमार कसजूको **हलीको फोटो** लघुकथालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(क) यसको लगतै मैले विभिन्न जिल्लामा रहेका हाम्रा मतियारहरूलाई यो फर्मुला रिले गरेँ-“हलो ! गणेशजी, भगवान्‌जी, गोपालजी, कृष्णजी, रामजी वा लछुमनजी । यहाँ केशवजी र मेराबीच कुराकानी भएर राम्रो योजना बनेको छ । तपाइँहरू पनि हाम्रै बाटोमा हिँड्नुहोला । घुस, बलात्कार र अपराधहरू छोप्न ‘यता’ वा ‘उता’ लागिहाल्नु होला । “तिमीहरू बलात्कारी हौ” भनी एउटाले तपाइँलाई आरोप लगायो भने भन्नु -“हाम्रो राष्ट्रवादी लाइनमाथि धावा बोलिँदै छ ।” अर्कोले आरोप लगायो भने भन्नु- “हाम्रो प्रजातान्त्रिक अडानमाथि प्रहार हुँदैछ ।” ‘यता’ ले किचकिच गऱ्यो भने ‘उता’ हाम्फाल्नु ‘उता’ले किचकिच गऱ्यो भने ‘यता’ हाम्फाल्नु (लुइटेल. २०५६ : ९) ।

प्रस्तुत लघुकथांशमा वैचारिक रूपमा कमजोर राजनीतिक नेताको अवसरवादी प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । नेपालमा प्रजातन्त्रकालमा वैचारिक प्रतिबद्धतामा देखिएको विचलनका कारण राजनीतिक अवसरवादिता पर्याप्त मौलाएको सन्दर्भमा यस कथांशमा प्रस्तुत पात्रहरु अवसरवादी नेपाली राजनीतिको प्रतिनिधिमूलक पात्रका रूपमा आएका छन् । लघुकथामा प्रजातन्त्रोत्तर कालमा नेपाली राजनीतिक क्षेत्रको वैचारिक विचलन एवम् अवसरवादी प्रवृत्तिगत चेतना प्रखर किसिमले प्रस्तुत भएको छ ।

(ख) ऊ ठ्याक्क आवाज आएकै ठाउँमा पुग्यो र त्यहाँको दृश्य देखेर बहुलायो । आमा सर्वाङ्ग नाङ्गै थिइन् । मातृभूमिलाई आमाका रूपमा परिचय गराउनेहरू आफ्ना मित्रहरूको साथमा तिनै आमाको बलात्कारमा लीन थिए । उनीहरूलाई हौस्याउने केही विदेशी अनुहारहरू वरिपरि उफ्रिँदै ताली बजाइरहेका थिए (सौरभ. २०६५ : ७६) ।

प्रस्तुत लघुकथांशमा एकातिर देशका जिम्मेवार भनाउँदा नेताहरूको वचन र कर्मका बिचको असङ्गतिलाई प्रस्तुत गरिएको छ भने अर्कातिर मातृभूमिलाई आमाका रूपमा परिचय गराउनेहरू नै आमाको बलात्कारमा लीन भएको भनेर देशको जिम्मा लिएकाले नै देशलाई सबैभन्दा बढी लुछेको अवस्था प्रस्तुत गरिएको छ । उनीहरूको यस्तो कार्यमा सहयोग, समर्थन दिने र हौस्याउने कार्यमा विदेशी तत्त्व समेत लागेको कार्यप्रति विरोध गरिएको छ । नेपालको राजनीतिमा प्रजातन्त्रकाल र त्यसपछिको लोकतन्त्रकालमा पनि राष्ट्रको हितको उपेक्षा गर्ने र व्यक्तिगत स्वार्थका लागि जे पनि गर्ने प्रवृत्ति बढेको छ । यस्तो क्रियाकलाप एवम् चिन्तनको प्रतिनिधित्व राजनीतिक समूहले गर्दै आएको सन्दर्भमा

उनीहरूको यस्तो क्रियाकलाप एवम् चिन्तनलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यले नेपाली माटो र मन दुवै छियाछिया भएको यथार्थलाई व्यक्त गरिएको छ । लघुकथामा वैचारिक प्रतिबद्धताको कमीका कारण उत्पन्न सांस्कृतिक दासतालाई अभिव्यञ्जित गरिनाका साथै त्यस कार्यका विरुद्धको युगीन चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(ग) नेताजी बियरको चुस्कीमा मस्त थिए । घाइतेले आत्तिएको स्वरमा भन्यो- नेताजी ! हाम्रा सबै साथीहरू मरणासन्न स्थितिमा छट्पटाइरहेका छन् । तुरन्तै हिँडनुस् न नेताजी ! नेताजी घुटुक्क बियर निल्दै कड्किए- तिमी यहाँ किन आएको ? तुरन्त गइहाल ! ज्यानको माया गरेर हुन्छ ? म त नेता हुँ, नेता । दायाँबायाँ भयो भने भोलि देश चलाउने कसले ? आजसम्म राजनीति गरेको बलिको बोको हुन हो र ? (समीर. २०५३ : ११) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक भीडन्तका क्रममा आफ्ना कार्यकर्ता साथी घाइते भएपछि कार्यकर्ता आफ्ना नेतालाई खोज्न थालेको, नेतालाई एक रेस्टुरेन्टमा देखेपछि कार्यकर्तालाई जोगाउन अनुरोध गर्दा उसले ती व्यक्तिहरूलाई हप्काएको घटना सन्दर्भ प्रस्तुत भएको छ । नेताले अभिव्यक्तिका क्रममा कार्यकर्ताभन्दा आफ्नो जीवन अमूल्य रहेको र आफ्नो जीवनको सुरक्षा बढी आवश्यक रहेको कुरा गरेको सन्दर्भमा जनताका छोराहरु मरे पनि मरून् तर आफू भने बाँच्नुपर्छ भन्ने स्वार्थ व्यक्त गरेको पाइन्छ । यसमा प्रजातन्त्रोत्तर कालमा नेपाली राजनीतिमा देखिएको स्वार्थी एवम् अवसरवादप्रति व्यङ्ग्य गरिएको छ ।

(घ) "मैले त फोटो रोजिसकेकी छु" मन्त्रीनीले मस्कदैँ भनिन् । "खै कुन फोटो रोज्यौ ?" मन्त्रीले उत्सुक हुँदै सोध्यो । मन्त्रीनीले त्यही बाह्र वर्ष अघिको फोटो एल्बमबाट झिकेर ल्याइन र मन्त्रीको हातमा राखि दिइन् । फोटो देखेर मन्त्री झस्क्यो । "के भनेकी तिमीले ? त्यस्तो फोटो पनि छाप्न हुन्छ । चिन्नेले के भन्लान् ?" "यो फोटो हजुरको हो भनेर अब कसैले पनि अनुमान गर्न सक्दैन । यदि कसैले थाहा पाएर प्रचारै गरे पनि यसबाट हजुरलाई नै फाइदा हुन्छ । अर्को चुनावको प्रचार यही फोटाले गर्छ ।" मन्त्रीनीको सुझबुझ देखेर मन्त्रीको अनुहार उज्यालो भयो (कसजू. २०५७ : १५२) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक लाभका लागि आफ्नो हली अवस्थाको फोटाको उपयोग गरेर चुनाव जिताउन खोज्ने नेतापत्नीको मन्त्रीको क्रियाकलापलाई देखाएको चतुऱ्याइँ छ । लघुकथामा मन्त्रीलाई गलत क्रियाकलापमा लगाउने मन्त्रीनीले गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा वर्गीय पक्षधरता गुमाएको एक पूर्व हलिया एवम् वर्तमानको मन्त्रीको राजनीतिक एवम् वैचारिक विचलनलाई कुशलतापूर्वक प्रस्तुत

गरिएको छ । यसरी नेपाली लघुकथामा राजनीतिक नेतृत्वको वैचारिक प्रतिबद्धताको अभावका घटनाको प्रस्तुति गरिएको पाइन्छ । यी रचनामा नेपाली राजनीतिक क्षेत्रका विकृत परिवेशको उद्घाटनको साथै विकृति र विसङ्गति विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको सन्दर्भसमेत अभिव्यञ्जित छ ।

**(३) पदमोह वा पदीय मर्यादाको अभावको चित्रण**

नेपाली लघुकथामा राजनीतिक नेताको पदमोहलाई कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको पाइन्छ । लघुकथामा राजनीतिक नेताले सत्ता र शक्तिमा रहिरहन गर्ने क्रियाकलापले उनीहरूलाई जनताको नजरमा गिराउने काम गरेको, राजनीतिलाई निष्ठाभन्दा पनि स्वार्थका लागि उपयोग गर्नेहरू पनि पदमा बसिरहन चाहेको, उनीहरूको यस कार्यले असल र योग्य कतिपय मानिसले मौका नपाएको कथ्य व्यक्त भएको छ । पदमा रहिरहन गरिएका क्रियाकलापले समाजमा विकृति जन्माउने सन्दर्भमा एउटा मानिस सत्तामा पुगेपछि उसमा शासक प्रवृत्ति आउने र त्यस प्रवृत्तिले उसमा अभिजात्यवर्गीय चिन्तन एवम् व्यवहार निर्माण हुँदै जाने, उसले जनता र कार्यकर्ताभन्दा आफूलाई भिन्न ठान्ने तथा जनताप्रति गर्ने व्यवहार अत्यन्त रूखो र तल्लो स्तरको हुने स्थिति सिर्जना भएको पाइन्छ । जनताको विश्वासका बलले शक्तिमा पुगेकामा त्यही जनताको अपमान गर्ने कार्यले उनीहरूलाई जनताको नजरमा गिराउने कार्य हुने यथार्थलाई नेपाली लघुकथा रचनामा व्यक्त गरिएको पाइन्छ । लघुकथा लेखकले नेपाली राजनीतिक क्षेत्रको यस्तोखाले विकृतिलाई प्रस्तुत गरिनाका साथै विकृति विरोधी चेतनालाई समेत सशक्त किसिमले प्रस्तुत गरेका छन् । यस अध्ययनमा मुक्तिनाथ घिमिरेको **राजनैतिक प्राणी,** गोरखबहादुर सिंहको **अमृत मन्त्रीका भाञ्जा पर्दैनन्**, कुसुम ज्ञवालीको **माग** र नारायण मरासिनीको **पार्टी प्रवेश** लघुकथालाई पदीय मोह एवम् पदीय मर्यादा कायम गर्न नसकेका घटना सन्दर्भ अध्ययनको सामग्रीका रूपमा लिइएको छ । नेपाली राजनीतिमा पदमोह एवम् पदीय मर्यादा कायम गर्न नसकेको सन्दर्भलाई विषय बनाइएका नेपाली लघुकथा रचनाका केही तथ्याङ्कहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) अन्ठाउन्न वर्षीय कामरेड विक्रान्तले आफ्नै घोषणालाई लगौँटी लगाउँदै पार्टीको महाधिवेशनमा सर्वोच्च पदका लागि उम्मेदवारी दर्ता गराए । पत्रकारहरूले उनलाई उनको घोषणाको स्मरण गराउँदा उनको कथन थियो-मान्छे राजनीतिक प्राणी भएकाले राजनीतिबाट अलग हुन नसकिने रहेछ । वास्तवमा जब उनलाई विदेश भ्रमण, सान सौकत, आय आर्जन र प्राप्त प्रतिष्ठा र सम्मानको सम्झना भयो, उनले आफ्नो घोषणा स्मरण गर्नु आवश्यक नै ठानेनन् (घिमिरे. २०६६ : ४६) ।

प्रस्तुत लघुकथांशमा आफू वृद्ध अवस्थामा पुगेपछि पद छोडने घोषणा गर्ने नेताले महाधिवेशमा आएर पहिले भन्दा पनि उच्च पदको लागि उम्मेदवारी दिने कार्य गरेको अवस्थाबोध गरिएको छ । लघुकथामा नेपालको राजनीतिमा प्रजातन्त्रकाल र त्यसपछिको कालमा राजनीतिक नेताले पदप्रति अत्यन्त आशक्त भएर देश र जनतालाई धोका दिएको र नेपाली समाजमा विकृति जन्माउने कार्य गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस लघुकथामा राजनीतिक नेताको पदमोहलाई प्रस्तुत गरिनाका साथै उनको त्यस्तो कार्यप्रति व्यङ्ग्य गरिएको छ । यहाँमा राजनीतिक नेताको पदमोहजन्य क्रियाकलापप्रति असहमतिको चेतना प्रस्तुत भएको छ ।

(ख) "थक्क तेजप्रसादजी, एकै दिन ढिला भयो । हिजो मात्रै आउनुभएको भए पनि फरक नपर्ने ।" मन्त्रीज्यूका मुखबाट फुत्कन प्रसङ्ग पर्खिरहेको थियो । त्यति बेला मन्त्रीले सुनेको र तेजप्रसादले सुनेको एउटा खबर के थियो भने- तेजप्रसादले बोकेको रिक्त दरबन्दीमा मन्त्रीज्यूले हिजो साँझ टेलिफोनबाट पठाएको नियुक्ति बोकेर मन्त्रीज्यूका कान्छा भान्जाले दसै बजे विद्यालयको हाजिरी पुस्तिकामा हाजिर जनाइसकेका थिए (सिंह. २०६१ : ११४) ।

प्रस्तुत लघुकथांशमा गाउँको स्कुलमा दरबन्दी खाली भएको थाहा पाएपछि जनआन्दोलनमा घाइते भएको आफ्नो अपाङ्ग छोरालाई त्यहाँ जागिर लगाउन गएको मानिसलाई मन्त्रीले त्यसै बहाना गरी पठाएको र उसले त्यस खाली ठाउँमा आफ्नो कान्छो भान्जालाई नियुक्ति दिलाएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ आफ्नो पदीय मर्यादालाई भुलेर व्यक्तिगत स्वार्थी क्रियाकलाप गर्न पुग्ने मन्त्रीको गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा नेपालको प्रजातन्त्रकालमा राजनीतिक नेतावर्गले आफ्नो पदीय मर्यादा कायम गर्न नसकेको र जनआन्दोलनका घाइतेभन्दा पनि आफन्त पोस्ने गरेको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । यहाँ नेताको गलत आचरणजन्य क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यको विरोधी चेतना प्रस्तुत भएको छ ।

(ग) संसदमा जानुअघि दारी सरले ज्यामी, किसान र हलीहरुका घरको बिचल्ली सम्झे । सबै बेघरवारलाई घर दिलाउने आफ्नो अभियान सम्झेर उनको मनमा विद्रोहको राँको बल्यो । स्वास्नी, छोरा र साथीका कुरा पनि आँखा अगाडि फनफनी घुमे । संसदमा उनले जोडतोडले चिच्याएर भने, 'सांसदलाई घर सुविधा दिनुपर्दछ ।' (ज्ञवाली. २०६० : २०) ।

प्रस्तुत लघुकथांशमा जनताको सुविधाभन्दा पनि व्यक्तिगत लाभलाई प्राथमिकता दिने सभासद्को क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक क्षेत्रको विकृत

क्रियाकलापलाई अभिव्यञ्जित गरिएको छ । लघुकथांशमा राजनीतिक विकृत क्रियाकलाप एवम् चिन्तनप्रति व्यङ्ग्यभावका साथै विकृति विरोधी चेतनासमेत प्रस्तुत भएको छ ।

(घ) कार्यक्रम स्थलमा पुगेर ऊ जनयुद्धका घाइते, अपाङ्ग एवम् बेपत्ता परिवारका लागि व्यवस्था गरिएको अगाडिपट्टिको कुर्चीमा बस्यो....उसका आँखा मञ्चतिरै एकोहोरिए । प्रमुख अतिथिका रूपमा उपस्थित पार्टीका अध्यक्ष कमरेडले नव प्रवेशी कमरेडहरूलाई रातो टीका लगाएर हात मिलाए । उपस्थित समूहबाट तालीको गडगडाहट आयो । उही पुरानो सुराकी गाविस अध्यक्षको निधारमा टल्केको रातो टिकामा दृष्टि पुऱ्याउँदै उसले विगतमा काट्नु परेको हात सम्झेर शिर झुकायो (मरासिनी. २०७१ : ६८) ।

प्रस्तुत लघुकथांशमा विगतमा माओवादी पार्टीमा लागेर जनयुद्धमा लागेर नेतृत्वमा पुगिसकेका मानिस खुला राजनीति आएपछि अपमानित भएको, हिजोका दिनमा पार्टीको विरोधमा लागेर सुराकी गर्ने मानिसलाई पार्टीको उच्च नेतृत्वले स्थान दिएको र पार्टी प्रवेश गराएको विडम्बनापूर्ण स्थितिलाई अभिव्यक्त गरिएको छ । उच्च नेतृत्वले आफ्नो पदीय मर्यादाको ख्याल नगरेर गलत मानिसलाई पार्टी संगठनमा हुलेकोमा सो कार्यप्रति विरोधभावका साथै असहमत चेतना प्रकट गरिएको छ । यसरी नेपाली लघुकथामा पदीय मोह एवम् पदीय मर्यादा विपरीत कार्य गर्ने कार्यप्रति असहमतिको चेतना सशक्त किसिमले व्यक्त गरिएको छ ।

**(४) जनता र कार्यकर्ताप्रति अपहेलना गर्ने नेताको चित्रण**

नेपाली लघुकथामा राजनीतिक नेताले जनता र कार्यकर्ताको अपहेलना गरेका घटनाको प्रस्तुति पाइन्छ । पद एवम् शक्ति आर्जनका लागि आवश्यक ठानिएका व्यक्ति पदप्रतिष्ठाको प्राप्तिसँगै मूल्यहीन ठानिन्छन् । नेपाली राजनीतिमा सामान्य जनतालाई महत्त्वहीन ठान्ने र आफ्ना लागि मरिमेटने कार्यकर्ताको मानमर्दन एवम् उपेक्षाका घटना हुँदै आएका छन् । नेपाली राजनीतिको यस विकृत पक्षलाई लघुकथा रचना नेपाली लघुकथामा युगचेतनाको अध्ययनका सन्दर्भमा प्रस्तुत गरिन्छ । प्रस्तुत अध्ययनमा नेपाली राजनीतिक वृत्तमा जनता र कार्यकर्ताप्रति अपहेलनाका घटनको अभिव्यक्तिका घटनासन्दर्भको प्रस्तुतिका साथै त्यस्ता घटना एवम् क्रियाकलापप्रति विरोधभाव भएका लघुकथा रचनाको विश्लेषण गरिएको छ । यस अध्ययनमा हरिहर पौडेलको **सेता दाँत,** रमेश भट्टराई 'पुजारी'को **कारवाही** एवम् गोपाल ढकालको **सत्य कुरा** लघुकथालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(क) कार्यक्रम चलिरहेकै समयमा चियापान आइपुग्यो । नेतालाई अप्ठ्यारो पऱ्यो खाउँ भने आजसम्म चोखोनीति गरेर बसेको सबै स्वाहा । नखाऊँ भने जनताले प्रश्न

गरिहाल्छन् । एकान्तमा भए त ठीकै थियो, कसैले थाहा पाउने थिएन, यत्रो सार्वजनिक सभामा, भोलि जिल्लाभरि फिँजिन्छ । निकै सोचेर चिया ल्याउने कार्यकर्तालाई उनले भने- 'मैले चिया त खाने गरेको छैन, बरू दूधको व्यवस्था भयो भने....।'....'अब अबेर गर्नु ठीक छैन' सोचेर मञ्चमा नजिकैको कुर्चीमा बसेको स्थानीय नेतालाई सुटुक्क भने-'पेट बटाऱ्यो । यस्सो ट्वाइलेटतिर जानुपऱ्यो, साह्रै च्याप्यो ।' त्यसपछि उनी एक कार्यकर्ताको पछिपछि राहत अनुभव गर्दै सभास्थलबाट बाहिर निस्के (पौडेल. २०६२ : ४१) ।

प्रस्तुत लघुकथांशमा जातीय समानताका लागि सहभोजको आयोजना गरिएको कार्यक्रममा गएका नेताजी दलितले छोएको खाना नखाएको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा नेताले एकातिर जातीय समानता र सहभोजको पक्षमा भाषण गरेको अर्कातिर विभिन्न बहाना बनाएर कार्यक्रमबाट भाग्ने काम गरेर पाखण्डपूर्ण चरित्र प्रदर्शन गरेको घटनालाई व्यक्त गरिएको छ । नेपालमा लोकतन्त्र/गणतन्त्र आइसक्दा पनि समाजमा जातीय विभेद कायम रहेको छ । यस्तो कार्यलाई सचेत मानिएको राजनीतिक नेता/कार्यकर्ताले पनि बढावा दिइरहेका छन् । यस लघुकथांशमा जनता र कार्यकर्ताको विश्वासको अपहेलना गर्ने यस प्रकारको कार्यप्रति व्यङ्ग्य गरिएको छ । यहाँ दोहरो चरित्र देखाउने राजनीतिक नेताको गलत क्रियाकलापलाई व्यक्त गर्नाका साथै त्यस्तो कार्य विरोधी चेतना प्रस्तुत भएको छ ।

(ख) त्यही मञ्चबाट नेताहरू कराउन थाले "अब पहिलेका मण्डलेहरू सबैलाई कारवाही हुन्छ ।" धेरै नेताहरूले यही कुरा दोहोऱ्याए । धेरैका थुकका छिटा लिखेका अनुहारभरि उछिट्टिँदै थिए । तैपनि लिखे सुनिरहेको थियो । उसको छेउको मान्छेसँग बुझ्ने प्रयास गऱ्यो- 'कहिले कस्ले कस्लाई कारवाही गर्छ ?' एउटा स्थानीय नेताले लिखेका कुरा सुनिरहेको रहेछ राता राता आँखा पारेर जङ्गियो- 'कहिले कस्लाई भन्ने तँ को होस् तँ यस्ता कुरा गर्ने ? पख अब तँलाई कारवाही हुन्छ ।' (भट्टराई. २०६८ : ६३) ।

प्रस्तुत लघुकथांशमा भाषण गर्ने नेताले लिखेजस्तो सामान्य नागरिकका जिउमा थुकका छिटा फालेर उसको अपमान गरेको र अर्कातिर उसले कुरा नबुझेर सोध्दा स्थानीय कार्यकर्ताले कारवाहीको धम्की दिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक कार्यकर्ताले संसारमा आफूमात्र जान्ने र जनतामात्र मूर्ख हुन् भन्ने चिन्तन राखेको एवम् जनतालाई भेडा मान्ने एवम् खराब व्यवहार गरेको स्थितिलाई बोध गरिएको छ । नेपाली राजनीतिमा प्रजातन्त्रपछिको लोकतन्त्र कालमा पनि राजनीतिक नेता कार्यकर्ताले जनताप्रति उपेक्षापूर्ण व्यवहार एवम् मानव मर्यादाको अपमान गर्ने कार्य गरेको सन्दर्भ तथ्य प्रस्तुत

भएको छ । लघुकथा रचनामा राजनीतिक नेता कार्यकर्ताको जनताविरोधी चिन्तन एवम् व्यवहारलाई प्रस्तुत गर्नाले त्यस्ता कार्यप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) हरिप्रसाद मन्त्री हुनुभन्दा पहिला गाउँमा छँदा धनवीरेले धेरै वर्षसम्म उनको सेवा गरेको थियो । लामो समयपछि मालिकलाई देख्न पाउँदा ऊ ज्यादै खुसी भयो । उसको चाउरी परेको अनुहारमा आशाका रेखाहरू कोरिए । ऊ हतपत उठेर उनको खुट्टामा ढोग्न पुग्यो । हरिप्रसाद आफ्नै धुनमा थिए । उनी ऊसँग ठोकिएर लडन पुगे । हरिप्रसाद रिसले आगो भए । उनले आफ्नो गार्डलाई हकार्दै भने-"यो गोबर मेरा अगाडि कसरी आयो ? यसलाई हटा र पर लगेर फ्याँकी दे ।" गार्डले उसलाई घिसार्दै लग्यो (ढकाल. २०६२ : ६) ।

प्रस्तुत लघुकथांशमा पहिला गाउँमा छँदा आफूले सेवा गरेको व्यक्ति मन्त्री भएपछि उसलाई भेटन भनेर गएको धनवीरेलाई मन्त्री हरिप्रसादले अत्यन्त अमानवीय व्यवहार गरेको र उसलाई गोबर भनेर अपमान गर्नाका साथै गार्डलाई त्यो मानिसलाई पर फँयाकिदिने आदेश दिएको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ लोकतन्त्रकाल पछि पनि जनता र कार्यकर्ताको अपमान गर्ने र पदलोभी व्यवहार देखाउने असभ्य एवम् अमानवीय राजनीतिक नेता कार्यकर्ताको गलत कार्यलाई विषय सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । लघुकथामा राजनीतिक कार्यकर्ताप्रति उपेक्षा एवम् अपमान गर्ने कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

**(५) देश र जनताप्रति बेइमानी गर्ने नेताको चित्रण**

नेपाली लघुकथामा राजनीतिक सन्दर्भको उठान गर्ने क्रममा महत्त्वपूर्ण विषयतर्फ ध्यान केन्द्रित गरिएको छ । यस अध्ययनको विषय सन्दर्भमा राजनीतिक नेतृत्वले देश र जनताप्रति बेइमानी गर्ने कार्यलाई मानिएको छ । लघुकथामा राजनीतिकर्मीका बेइमानीपूर्ण क्रियाकलापप्रति असहमतिका साथै त्यसप्रति व्यङ्ग्य एवम् विद्रोहसँग सम्बन्धित चेतना आएको छ । नेपालको राजनीतिक क्षेत्रको उच्च तहमा रहेका मानिसहरूमा भ्रष्ट चिन्तनको प्रधानता पाइन्छ । उनीहरूले यस्तो गलत चिन्तनबाट प्रेरित भएर गरेका कार्यले देश र जनताको अपमान गरेको छ । यस अध्ययनमा भरत भारद्वाजको **राजीनामा उचित छैन,** हरिप्रसाद भण्डारीको **कामरेड पञ्चराम,** सुशीला देउजाको **इमान्दारिता** र नारा जोशी **वचन** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) "मैले राजीनामा दिँदा मेरो मात्र बदनाम हुने हैन, पार्टीको पनि बदनाम हुने हो । दोस्रो कुरा म मात्र भ्रष्टाचारी होइन । मलाई अन्य साथीले पनि साथ दिनु हुनेछ । त्यसबेला सरकारको स्थिति के हुन्छ ? तपाँईहरूले त्यता पनि ध्यान दिनु भए राम्रो हुन्थ्यो ।" मन्त्रीलाई हटाउँदा सरकार नै ढल्ने स्थितिमा पुग्ने देखेर राजीनामा

दबाइयो र अखबारको समाचारलाई औचित्यहीन र मिथ्या भन्ने आरोप लगाई बन्द गरियो (भारद्वाज. २०६१ : ४७) ।

प्रस्तुत लघुकथांशमा अभिव्यक्त मन्त्रीको भनाइले ऊ स्वयं मात्र होइन कि उसका सबै साथीहरू नै भ्रष्ट भएको देखाएको छ । यस लघुकथांशमा प्रजातन्त्रकालको नेपालमा उच्च राजनीतिक तहमा समेत भ्रष्टाचार हुने कटु यथार्थलाई व्यक्त गरिएको छ । यहाँ नेपालको राजनीतिक तहमा हुने गरेको भ्रष्ट क्रियाकलाप एवम् चिन्तनलाई अभिव्यञ्जित भएको छ । त्यसरी नै भ्रष्टाचारी व्यक्तिका प्रवृत्तिको प्रस्तुतिका साथै त्यस्ता चिन्तन एवम् क्रियाकलाप विरोधी चेतनासमेत प्रस्तुत भएको पाइन्छ ।

(ख) त्यसपछि उनलाई नमस्ते होइन, लालसलाम भन्न सिकाइयो । आफैले मारेका मान्छेहरूलाई सहिद भनेर फोटामा पूजा गर्न लगाइयो र एउटा राजनीतिक शब्दकोष दिएर त्यसमा भएका मुख्य मुख्य शब्दहरू र तिनको अर्थ घोक्न अनुरोध गरियो । उनले त्यसै गरे, किनकि जसरी हुन्छ उनलाई चुनाव जितेर पुनः सत्तामा जानु र हालीमुहाली गर्नु थियो । उनको नयाँ पाठशालाको पढाइ सुरू भयो । उनले पहिलो दिनको पहिलो पाठ यसरी बुझे-सामन्तवाद, साम्राज्यवादको संरक्षण गर्दै र सिधासादा जनतालाई मूर्ख बनाउँदै छिटोछिटो माथि जानु, जतिसक्दो धन कमाउनु र सहरमा ठूला ठूला घर बनाउनु नै मार्क्सवाद हो (भण्डारी. २०६३ : ४१) ।

प्रस्तुत लघुकथांशमा एकजना पञ्चायती राजनीतिसँग सम्बद्ध राजनीतिकर्मीलाई जनवादी भनिएको पार्टीमा गराइएको प्रवेश र त्यो प्रवेशसँगै भएका विभिन्न क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । यहाँ अवसरवादी, स्वार्थी व्यक्तिलाई संगठनमा हुलेर देश र जनताप्रति बेइमानी गरिएको सन्दर्भ प्रस्तुत गरिएको छ । लघुकथांशमा राजनीतिक नेतृत्वको बेइमानीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गर्न 'सामन्तवाद, साम्राज्यवादको संरक्षण गर्दै र सिधासादा जनतालाई मूर्ख बनाउँदै छिटोछिटो माथि जानु, जतिसक्दो धन कमाउनु र सहरमा ठूला ठूला घर बनाउनु नै मार्क्सवाद हो' भन्नुका साथै राजनीतिक बेइमानीपूर्ण क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) बैंक कर्मचारीले बडो नम्र हुँदै भन्यो- 'महोदय, तपाईंको यो अनुरोध हाम्रो बैंकको नियमभित्र पर्दैन । माफ गर्नुहोला । लिस्ट दिन र सबै जानकारी दिन मिल्दैन । ती प्रधानमन्त्रीले धेरै अनुरोध गरे । तर कर्मचारीले दिनै मिल्दैन भनी अड्डी लिएपछि अपमानित भएको महसुस गरेका प्रधानमन्त्रीले आक्रोशित हुँदै अचानक पेस्तोल ताक्दै लिस्ट दिन दवाब दिए । डरले तरतर पसिना चुहाउँदै ती कर्मचारीले आफ्नो पदको इमान्दारिता कायम राख्दै फेरि पनि लिस्ट दिन नमिल्ने कुरा

दोहऱ्याए । निकै बेर त्यहाँ मौनता छायो । प्रधानमन्त्री ती इमान्दार कर्मचारीलाई निकै गहरिएर नियाल्दै थिए । केही क्षण पश्चात् उनको मुहारमा मन्द मुस्कान छायो । अनि प्रसन्न मुद्रामा भने- 'ल अब मेरो पनि यहाँ खाता खोल' (देउजा. २०६६ : ८२) ।

प्रस्तुत लघुकथांशमा पहिले प्रधानमन्त्रीले विदेशी बैंकसँग गोप्य खाताको विवरण मागेको, बैंक कर्मचारीले जतिसुकै असहज स्थितिमा पनि गोप्य खाताको विवरण दिन नमिल्ने भनेको घटना पछि प्रधानमन्त्रीले आफ्नो पनि खाता खोलेको घटना सन्दर्भको प्रस्तुति पाइन्छ । यहाँ नेपालको राजनीतिमा प्रजातन्त्र एवम् लोकतन्त्रकालमा आएर पनि राजनीतिक नेतृत्वमा रहेका व्यक्तिले राष्ट्रको सम्पति निजी मानेर विदेशी बैंकमा राखी देश र जनताप्रति बेइमानी गर्ने गरेको क्रियाकलापलाई कुशलतापूर्वक प्रस्तुत गरिएको छ । लघुकथांशमा राजनीतिमा व्याप्त भ्रष्टाचार विरोधी चेतनालाई प्रस्तुत गरिएको छ ।

(घ) पहाडमा एक्लै बस्न नसकि नेता देवरको घरमा आइन् । पहिले त नेता देवरले विधुवा भाउजुलाई चिन्न नै गाह्रो भयो । चिनेपछि पनि आश्रय दिन अप्ठेरो । देवरानीले मेनुकालाई भनिन् "दिज्यू, यहाँ बस्नुभन्दा माता (साधुनी) बन्नुहोस् आनन्द" मेनुका माता बनिन् । नेताजी साधु समाजमा महिला अधिकारबारे भाषण दिइरहेथे । मेनुका नेताका वचन सुनिरहेकी थिइन् । नेताजी उच्च स्वरमा नारीलाई सम्मान गर्ने कुरा फकालिरहेका थिए (जोशी. २०६५ : ४१) ।

प्रस्तुत लघुकथांशमा एकतिर नेताको आफ्नी विधवा भाउजुलाई घरमा आश्रय नदिएको, माता बन्न बाध्य बनाएको र अर्कातिर साधु समाजमा गएर नैतिकताको प्रवचन दिएको घटनालाई प्रस्तुत गरिएको छ । नेपालका सन्दर्भमा राजनीतिक नेताले दोहरो चरित्र अँगालेको पाइन्छ । लघुकथांशमा राजनीतिक नेताले आफ्नै परिवारमा विभेद गरेर देश र जनताप्रति बेइमानी गरेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा नारी उत्पीडन विरोधी चेतना अभिव्यक्त भएको छ ।

### (६) आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटन

नेपाली लघुकथामा राजनीतिकर्मीको आश्वासनमुखी एवम् अवसरवादी चरित्रलाई कथ्य सन्दर्भका रूपमा अघि सारिएको पाइन्छ । यी रचनामा जनतालाई चुनाव वा त्यस्तै अवसरमा आश्वासन दिने तर त्यसलाई पुरा गर्न नसकेका कारण राजनीतिकर्मी-प्रतिको जनविश्वास घटिरहेको तथा आफ्नो स्वार्थका लागि जति बेला जे पनि गर्ने कार्यले अवसरवादलाई बढावा दिएको विषय अभिव्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा सिद्धान्त र निष्ठाको राजनीति भन्दा अवसरवादको राजनीतिले राजनीतिक नेतालाई क्षणिक लाभ प्राप्त भए पनि उसको विश्वसनीयता समाप्त हुने एवम् उसको राजनीतिक भविष्यसमेत

समाप्त हुने स्थिति निर्माण भएको यथार्थतालाई अभिव्यञ्जित गरिएको पाइन्छ । यस अध्ययनमा राजनीतिक नेतृत्वको आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटनसँग सम्बन्धित सुमनराज ताम्राकारको **जहाजको मूसा अर्थात् नेताज्यू,** मणिकुमार पोखेलको **छेपारो**, विमला अधिकारीको **आडम्बर,** गोविन्द भट्टराई **अछुतहरुको बस्ती** र कैलाशकुमार शिवाकोटीको **क्रान्तिकारी र प्रतिगामी-एक** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) चुनाव नजिकिइरहेको थियो, मोबाइल सेट, तेल खाद्यान्न आपूर्तिमा घोटाला काण्डमा मुछिएका कारण ती नेताजीले यसपटक जित्नेवाला पनि थिएन । उसको पार्टीले पनि जित्ने छाँटकाँट थिएन । तर पनि चुनावको मुखमै पुरानो पार्टी परित्याग गरी मोर्चामा सामेल भएको समाचार प्रकाशमा आयो । त्यहाँ प्रमोसन भई संयोजकको जिम्मा पाएछ । तर नेपथ्यमा नेताजीको सानो छोराले जहाज डुब्न लाग्दा मूसाको प्रसङ्ग भएको बालकथा पढदै थियो (ताम्राकार. २०६५ : ९) ।

प्रस्तुत लघुकथांशमा भ्रष्टाचारको आरोपमा बदमान भएको नेता सो पार्टीबाट अगाडि आउँदा पत्तासाफ हुने एवम् आफ्नो पार्टीमा अस्तित्व समाप्त हुने देखेपछि अर्को पार्टीमा गएर मोर्चाको समेत संयोजक भएको घटना सन्दर्भ प्रस्तुत भएको छ । यहाँ राजनीतिमा देखिएको अवसरवादी कार्यलाई देखाउन 'उसको सानो छोराले जहाज डुब्न लाग्दा मूसाको प्रसङ्ग भएको बालकथा पढेको' भनाइ व्यक्त भएको छ । नेपाली राजनीतिमा पचासको दशकपछि मूसा प्रवृत्ति बढेर सरकार परिवर्तनका घटना सामान्य भइरहने यथार्थ हाम्रा सामुन्ने उभिएको पाइन्छ । यसै सन्दर्भमा लघुकथांशमा एक राजनीतिक नेताको अवसरवादी क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै उसको त्यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतना समेत प्रस्तुत भएको छ ।

(ख) दश वर्ष नबित्दै देशमा प्रजातन्त्र आयो । प्रजातन्त्रका सेनानीहरूले दुर्जनलाई महान् त्यागी र प्रजातन्त्रवादी नेताका रूपमा स्वीकारे । नमानुन् पनि कसरी, सङ्घर्षका अन्तिम दिनमा पार्टीका नाममा ठुलै रकम लगानी गरेर उसले टीका ग्रहण गरेको थियो । उसलाई पुनः गाउँ विकास समितिको अध्यक्ष बनाइयो । प्रजातन्त्रको पक्षमा जोडदार भाषण दिँदै उसले भन्यो, 'दिपेश र ऊजस्ता फटाहा एवम् प्रजातन्त्र विरोधीहरूबाट होसियार रहनु आजको आवश्यकता हो अन्यथा शिशु प्रजातन्त्र बामे सर्न नपाउँदै अपाङ्ग हुनेछ । त्यसैले म भन्छु, त्यस्ता सामाजिक कुतत्त्वमाथि तुरन्तै कारवाही गरिनुपर्छ ।' नभन्दै तोडफोड गरी समाजमा अशान्ति मच्चाएको आरोपमा दिपेशलाई फेरी जेल चलान गरियो (पोखेल. २०६९ : ४३) ।

प्रस्तुत लघुकथांशमा प्रजातन्त्र आएपछि गलत मानिसलाई राजनीतिक पार्टीमा स्थान दिने र पार्टीको महत्त्वपूर्ण स्थान दिने कार्यलाई प्रस्तुत गरिएको छ ।  नेपालका सन्दर्भमा प्रजातन्त्रकालपछि राजनीतिक वृत्तमा मौलाएको अवसरवादजन्य क्रियाकलाप बढेर गएका सन्दर्भमा त्यस्ता कार्य गर्ने व्यक्तिले गरेका अवाञ्छित क्रियाकलापका कारण इमान्दार पक्ष लुकेर बस्नुपरेको यथार्थतालाई व्यक्त गरिएको छ । यहाँ अवसरवादी राजनीतिकर्मीको क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै उसको त्यस्तो कार्यप्रति घृणाभावलाई प्रस्तुत गरिएको छ ।

(ग) सर्वहारा मुक्तिका निमित्त क्रान्तिकारी व्यक्तित्वको धनी ऊ आमूल परिवर्तन गर्न ठाउँठाउँमा सभासम्मेलनमा जान थाल्यो । दिनरात साँझ-बिहान केही नभनी वर्गीय मुक्तिआन्दोलनमा सक्रिय रूपमा लाग्यो .....समयको गतिसँगै देशमा कायापलट भयो । परिवर्तनको हुन्डुरी नै मच्चियो । पार्टीमा उसको चुरीफुरी निकै बढ्दै गयो । हेर्दाहेर्दै ऊ लन्च र डिनरमा रमाउने हुन थाल्यो । आलिसान बङ्गलामा रमाउने हुन थाल्यो किनकि उसले आफूलाई पैसासँग साटेर देश र दुनियाँलाई ढाँटेको थियो (अधिकारी, २०६९ : ५४) ।

प्रस्तुत लघुकथांशमा जीवनमा एक अवस्थामा जनताको मुक्तिमा लागेको लागेको मानिस अर्को अवस्थामा परिवर्तन भएको स्थिति प्रस्तुत गरिएको छ । यहाँ आफ्नो जीवनको पछिल्लो कालखण्डमा  राजनीतिक नेता सत्ताको स्वाद लाग्ने क्रमसँगै  सुखसुविधामा भुलेको र आफ्नो स्वार्थमा डुबेको प्रसङ्ग उल्लेख गरिएको छ । उसले आफ्नो सिद्धान्त एवम् आदर्शबाट टाढा भएर जीवनलाई पैसासँग साटेर देश र दुनियाँलाई ढाँट्ने काम गरी आफूलाई मौकापरस्त एवम् अवसरवादीका रूपमा रूपान्तरण गरेको यथार्थबोध गरिएको छ । यहाँ एक राजनीतिकर्मीको अवसरवादिता एवम् स्वार्थपरकतालाई देखाइएको छ । लघुकथांशमा राजनीतिकर्मीले अवसरवाद एवम् स्वार्थपरकताबाट मुक्त हुनुपर्ने  र राष्ट्रका लागि आफूलाई समर्पित गर्नुपर्ने भावसहितको सकारात्मक चेतना व्यक्त भएको छ ।

(घ) पाहुनाले बीचमै उछिने-"केको छुत-अछुत । तपाईं हामी सबै नेपाली भाइ भाइ बुझ्नु भयो ।"....केही वर्षपछि बजारमा पानी माग्ने पाहुनासँग डम्बरको भेट भयो । राम्रा र घतलाग्दा कुरा सुनाएर बिदा भएको मान्छेलाई नचिन्ने कुरै भएन । डम्बरले मुख खोले- "हजुर हाम्रा आँगनमा सवारी होइबक्सेको, पानी खाइबक्सेको झलझली सम्झेकी छु । अनि चमेलीले पनि सोधिरहन्छे- हाम्रामा पानी खाने सरसँग भेट हुन्न ? भनेर ।" डम्बरको पाहुना बोलेन । सँगै आएको ठिटाले हकार्दै भन्यो- "हट यहाँबाट ! के वाहियात कुरा गऱ्या ? बोल्न पाएँ भन्दैमा नेतालाई त्यस्तो आक्षेप लाउन हुन्न है ....।" (भट्टराई, २०५९ : ३६) ।

प्रस्तुत लघुकथांशमा नेताजीले आफूले एकजना दलितका घरमा पानी खाने र हामी सब एक हौँ भन्ने विचार व्यक्त गरेको, पछि बजारमा त्यही दलित मानिससँग भेट भएर कुरा गर्न खोज्दा उसले बोल्न पनि नचाहेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ नेतासँगै रहेको ठिटोले त्यो दलित मानिसलाई हप्काएर पठाएको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा राजनीतिक नेताले चुनावका बेला आश्वासन दिने गरेपनि सामान्य अवस्थामा अवसरवादी चरित्र देखाउने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिकर्मीमा जनपक्षधरता हुनुपर्ने चेतनालाई व्यक्त गरेको छ ।

(ङ) यत्तिकैमा विरोधीको झाँको झार्न एक कार्यक्रममा सर्वहारावर्गका महान नेताले हाजिरी जनाउनुपर्ने भयो । पाउ वा गाडी कष्ट गर्ने हैसियतले छेकेपछि बडो फाइँफुट्टीका साथ उनी हेलिकप्टरको दामकाम छिनोफानो गरी कार्यक्रमस्थल लम्किए । बीच बिसौनीमा भूत शैलीमा सामन्ती नेता टुप्लुकिए र भिजेको बिरालोको स्वरमा जम्ल्याहा हात जोडदै बिन्ती बिसाए-"मलाई पनि त्यहीँ परसम्म पुऱ्याइदेऊ न ।" (शिवाकोटी. २०७० : ४३) ।

प्रस्तुत लघुकथांशमा सर्वहाराको नेताले देशको सम्पत्ति सकेर हेलिकोप्टरमा भाषण गर्न हिँडको स्थिति देखाइएको र उसले आफूलाई जनताको स्तरबाट आफूलाई धेरै माथि उठेको सम्झने गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ एकातिर आफैले विरोध गर्ने सामन्ती नेतालाई हेलिकोप्टरमा लगेको अर्कातिर दुवैले एकअर्कालाई विरोध गरेर जनता सामुन्ने एक किसिमको र वास्तवमा अर्को व्यवहार प्रदर्शित गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा राजनीतिक नेताको जनता सामु देखाउने व्यवहार र वास्तविक व्यवहार फरक हुने रहेछ भन्ने विषयलाई व्यक्त गरिएको छ । यहाँ नेतावर्गले जनतालाई मूर्ख बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने गरेको सन्दर्भलाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रति विमतिको भाव प्रकट गरिएको छ ।

यस शीर्षकको अध्ययनको निष्कर्ष निम्नानुसार छ :

(क) नेपाली लघुकथामा राजनीतिक क्षेत्रमा विद्यमान नैतिक आदर्शको अभावलाई विषय बनाइएको छ । नैतिक आर्दशको अभावका घटना प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति विमतिको चेतना प्रकट गरिएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा नेपालको राजनीतिक वृत्तमा रहेको वैचारिक प्रतिबद्धताको अभावका घटनालाई प्रस्तुत गर्नुका साथै त्यस्तो प्रतिबद्धताहीन क्रियाकलापप्रति व्यङ्ग्य समेत गरिएको छ ।

(ग) नेपाली लघुकथामा नेपालको राजनैतिक नेतृत्वले अत्यधिक पदमोह राख्ने गरेको एवम् आफ्नो पदीय मर्यादा निर्वाह गर्न नसकेको घटनाप्रति तीव्र आक्रोशका साथै त्यस्तो क्रियाकलापप्रति छेड हानिएको छ ।

(घ) नेपाली राजनीतिक नेतावर्गले जनता र कार्यकर्ताको अपहेलना गर्ने कार्य गर्ने गरेकोमा त्यस्ता क्रियाकलापलाई विषय बनाएर लघुकथा रचना निर्माण भएको पाइन्छ । लघुकथामा त्यस्ता क्रियाकलापलाई प्रस्तुत गर्नुका साथै सो कार्य विरोधी चेतना समेत प्रखरताका साथ व्यक्त भएको पाइन्छ ।

(ङ) नेपालका केही भ्रष्ट राजनीतिक नेतृत्वले देश र जनताप्रति बेइमानीपूर्ण क्रियाकलाप गर्ने गरेकामा सो कार्यप्रतिको असहमत चेतना अभिव्यक्त भएको छ । लघुकथा रचनामा त्यस्ता क्रियाकलापको प्रस्तुतिका साथै त्यस्ता क्रियाकलापविरोधी चेतनासमेत प्रकट भएको छ ।

(च) राजनीतिक नेतृत्वको अवसरवादी एवम् आश्वासनमुखी चरित्रका कारण नेपाली समाजमा विभिन्न खाले विचलन देखा परेको छ । नेपाली लघुकथा रचनामा त्यस्ता क्रियाकलापको प्रस्तुतिका साथै सो कार्यप्रतिको असहमत भावसमेत व्यक्त भएको छ ।

### ४.२.१.२ राजनीतिक अव्यवस्थाको चित्रण

नेपाली राजनीतिक आन्दोलन विभिन्न मोड-उपमोड भएर गतिशील भएको पाइन्छ । नेपाली राजनीतिक धरातलमा भएका विसङ्गत परिवेशले सिङ्गो नेपाली समाज प्रभावित हुँदै आएको सन्दर्भमा नेपाली लघुकथामा नेपाली राजनीतिमा देखापरेका राजनीतिक अव्यवस्थालाई विषय बनाएर रचना निर्माण गरिएको पाइन्छ । लघुकथा रचनामा नेपाली समाजको विभिन्न कालखण्डमा देखापरेका विकृत परिवेशलाई प्रस्तुत गर्नाका साथै राजनीतिक अव्यवस्थासँग सम्बन्धित विषय सन्दर्भलाई प्रमुखताका साथ उठाएको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा अभिव्यक्त राजनीतिक अव्यवस्थासँग सम्बन्धित विषय सन्दर्भको अध्ययनका निमित्त शासनशैलीप्रति जनताको असन्तुष्टिको अभिव्यक्ति, राजनीतिक व्यवस्थाका विकृति-विसङ्गति एवम् भाँडभैलोको चित्रण, प्रजातान्त्रिक मूल्यबोधको अभावको प्रस्तुति, नेताहरूको दुश्चरित्रताको प्रस्तुति, सत्ता दुरूपयोग र राजनीतिकरणका घटनाको अभिव्यक्ति, सहिद र सहिद परिवारको अपमानका घटनाको चित्रण, राजनीतिक ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापको वर्णन, राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापको अभिव्यक्ति एवम् विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारको चित्रणलाई उपशीर्षकका रूपमा प्रस्तुत गरिएको छ ।

**(१) शासनशैलीप्रति जनताको असन्तुष्टिको अभिव्यक्ति**

नेपाली लघुकथामा राजनीतिक विषय सन्दर्भ प्रस्तुत गर्ने क्रममा शासन शैलीप्रति असन्तुष्टि व्यक्त गरिएका लघुकथाको अध्ययन गरिएको छ । नेपाली राजनीतिले समाज विकासक्रमसँगै गति नपक्रेको, शासकहरूले जनताका अपेक्षा पूरा गर्न नसकेका कारण जनतामा व्यापक निराशा एवम् विद्रोहको स्थिति सिर्जना भएका सन्दर्भमा साहित्यकर्मीले जनताको यही निराशा एवम् विद्रोहमुखी चेतनालाई विषय बनाएर आफ्ना रचनामा नेपाली समाजको कुरूप चित्रलाई प्रस्तुत गरेको पाइन्छ । यस अध्ययनमा शासनशैलीप्रति असन्तुष्टिको प्रस्तुतिसँग सम्बन्धित लघुकथामध्ये गोरखबहादुर सिंहको **आलुप्याज-प्याजआलु,** कपिल लामिछानेको **कमिनिष्ट,** नारायण तिवारीको **यो कस्तो जित,** शेखरकुमार श्रेष्ठको **इज्जत** र विनयकुमार कसजूको **भाग्यमानी जनावरहरू**लाई विश्लेषण सामग्रीको रूपमा उपयोग गरिएको छ :

(क) अरू उपाय नभेटेर आमाले जवाफ दिइन्- "होइन नानी हो ! यो त आलुप्याजको होइन प्याजआलुको तरकारी हो ।" छोराछोरी सानै थिए । आमाको जवाफ बुझ्दा पनि बुझेनन् । बुझ्ने कोसिस पनि गरेनन् । बरू छोराछोरी र पत्नीका कुरा सुनेर छोराछोरीसँगै खाँदै गरेको बुवा हाँस्यो । पतिको हाँसो देखेर पत्नीले सोधिन्-"के सम्झेर हाँस्नुभयो ?" पतिले जवाफ दियो-"प्रजातन्त्र सम्झेर" (सिंह. २०६१ : १९५) ।

प्रस्तुत लघुकथांशमा एउटी आमाले आफ्ना साना केटाकेटीलाई कुराकानीमा झुक्याएको सन्दर्भसँगै बाबु पात्रले प्रजातन्त्रको सम्झना गरेको स्थिति प्रस्तुत गरिएको छ । यहाँ नेपालका राजनीतिक नेताहरूले पनि जनतालाई यसरी नै झुक्याएको विचार व्यक्त गर्दै वर्तमान शासनशैलीप्रति असन्तुष्टि भाव व्यक्त गरिएको छ । लघुकथांशमा नेपाली राजनीतिक नेतृत्वमा रहेका जनतालाई गफमा भुल्याउने प्रवृत्तिप्रति असन्तुष्टिको भाव प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रति विमतिको चेतनासमेत अभिव्यक्त गरेको पाइन्छ ।

(ख) "चुप लाग ।" मेयर साबले राताराता आँखाले हेर्दै भन्नुभयो, "त्यो अनुभवी छ । त्यो ह्याण्डसम छ । बेरोजगार छ । सब थाहा छ । तर तँलाई थाहा छैन त्यो कमिनिस्ट भन्ने ? आइन्दा यस्ता कुरा मसित नगर्नू । जागिर खानु छ कि छैन ?" सो कार्यरत चालकले ठूलो गल्ती महसुस गरेझैं टुलुटुलु हेरीमात्र रह्यो । अरू केही बोल्न सकेन । उसको मस्तिष्कमा धेरै बेरसम्म 'कमिनिस्ट कमिनिस्ट' मात्र नाचिरह्यो (लामिछाने. २०५४ : ४३) ।

प्रस्तुत लघुकथांशमा एकजना जिम्मेवार मेयरले कार्यालयका लागि चालक भर्ना गर्न आफ्नो पार्टी बाहेकको मानिसलाई निषेध गरेको घटनालाई प्रस्तुत भएको छ । यहाँ

राज्यका स्थानीय निकाय भनेको कुनै पार्टी विशेषको पेवा ठान्दै ती सम्पूर्ण जनताको सम्पति नभएको तथ्यलाई नजरअन्दाज गरेर ती निकायलाई एकलौटी पार्ने र निरङ्कुश किसिमले चलाउने प्रवृत्ति मेयरमा रहेको विषयलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा २०४६ पछिको नेपाली राजनीतिक वृत्तमा विकसित भएको निरङ्कुश र एकाधिकारवादी चरित्रलाई कुशलतापूर्वक प्रस्तुत गर्नुका साथै यस्ता कार्यले शासनशैलीप्रति जनतामा वितृष्णा उत्पन्न गरेको प्रसङ्ग उल्लेख गर्दै त्यस्ता गलत चिन्तन एवम् क्रियाकलापप्रतिको असहमत चेतनासमेत व्यक्त गरिएको छ ।

(ग) 'बुझ्नुभयो, प्रजातन्त्र आएको छ, त्यसै समात्न पाइन्छ ।' धेरै जना बोल्दै थिए । यस्तोमा प्रस्टसित बोलेको कुरा सुनिएन तर हामीले देख्यौँ- ती मान्छेहरूले जङ्गलभित्र पसेर काठ ल्याएका रहेछन् । राम्रा राम्रा गोलिया दाउराको प्रयोजन भन्दा फर्निचर वा घरसारका लागि काम लाग्ने....।....चोरहरू पनि प्रजातन्त्रको दुहाइ दिँदै स्वार्थ सिद्ध गर्दा रहेछन्....।' मेरो सहयात्री मित्रले रोष ओकल्यो । मैले मौन सहमति जनाएँ र चोरको जितप्रति चिन्ता व्यक्त गरेँ (तिवारी. २०५७ : ४८) ।

प्रस्तुत लघुकथांशमा देशमा प्रजातन्त्र आएपछिको घटना प्रस्तुत गरिएको छ । देशमा कानुनको शासन लागु हुने कुरामा समस्या भएका कारण मानिसहरू आफूले गलत काम गरे पनि बच्ने उपाय निकालेको सन्दर्भ व्यक्त गरिएको छ । यस अंशमा प्रजातन्त्रको नाममा जथाभावी गर्ने प्रवृत्तिले अराजकतन्त्र सिर्जना भएको र सामान्य जनताले दुःख पाएको तर चोर, फटाहाले स्वार्थ सिद्ध गरेको विषय प्रस्तुत गरिएको छ । यहाँ राज्यका नीति नियमलाई राम्ररी पालन गर्न तथा गराउन नसकेका कारण समाजमा चोरफटाहाले फाइदा उठाएकोप्रति असन्तुष्टि व्यक्त गरिएको छ । लघुकथांशमा शासनशैलीका नीतिनियम पालन गराउन नसकेको स्थितिप्रति विमतिभाव व्यक्त भएको छ ।

(घ) त्यसपछि दर्शकदीर्घाबाट मोटोघाटो व्यक्ति उठ्यो । वरपर चारैतिर नजर घुमायो अनि मञ्चतिर गयो । यसले अङ्ग्रेजीमा आफ्नो र देशको परिचय दिँदै फर्रर बोल्यो, "हाम्रो देशमा प्रजातन्त्र स्थापना भएको १२ वर्ष भइसकेको छ । यस अवधिमा हाम्रो देशबाट गरिबीले नेटो काटिसकेको छ । यी मेरो हातको नाम्लो हेर्नुहोस्, हामी यसरी परिश्रम गर्छौं कि जसको बाबजुद हामी यो टोपी (प्वाल परेको), अस्कोट (पीठमा च्यातिएको), कमिज (कुइनो फाटेको) र पाइन्ट (घुँडामा प्वाल परेको) लगाउने भइसक्यो ।" (श्रेष्ठ. २०५९ : १) ।

यस लघुकथांशमा प्रजातन्त्र स्थापना पश्चात् जनता झन-झन गरिब बन्दै गएको स्थितिलाई देखाएको छ । यहाँ प्रजातन्त्रको आगमनपछि नेपाली जनताको अवस्था कमजोर

भएकाले नेताहरूको क्रियाकलाप एवम् शासनशैलीप्रति असन्तोष व्यक्त गरिनाका साथै राजनीतिक नेताहरूको गलत क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(ङ) समाचार छाप्ने प्रेसमा जानै लागेको थियो । जम्बु मन्त्रीको फोन आयो : "सम्पादकजी, सिंहले वनका जन्तुहरू मारेको समाचार मिलाएर छाप्नुहोला । नेपालको छवि नबिग्रियोस् ।" भोलिपल्टको जङ्गलपत्रको मुखपृष्ठमा पाठकहरूले ठूलाठूला अक्षरमा यस्तो शीर्षकको समाचार देखे : "सिंहको अपार निगाहले केही भाग्यमानी पशुहरूको स्वर्गारोहण ।" समाचारको शीर्षक मुन्तिर मृगहरूका बीचमा बसिरहेको सिँहको फोटो थियो । फोटोको परिचय (क्याप्सन) यस्तो थियो : "प्रजावत्सल सिंहराजसँग राजभक्त मृगहरू रमाउँदै" (कसजू. २०६६ : ३८) ।

प्रस्तुत लघुकथांशमा अभिव्यक्ति स्वतन्त्रता हरण गरिएको समयलाई प्रस्तुत गरिएको छ । यहाँ कुनै पनि खबर सत्ताको अनुकूल आउनुपर्ने स्थिति सिर्जना गरिएको, कस्तो खबर छाप्ने भन्ने कुरा मन्त्री स्वयंले फोन गरेर आदेश दिने गरेको घटना उल्लेख गर्दै जनता मारिए पनि त्यसमा तत्कालीन सत्ता सञ्चालकको निगाहले मरेको देखाउनुपर्ने तत्कालीन सन्त्रासमय वातावरणलाई प्रस्तुत गरिएको छ । त्यस समयमा राजनीतिक अवसरवादीहरू तत्कालीन राजासँग रमाएको अवस्था आएको छ । नेपालका सन्दर्भमा राजाको प्रत्यक्ष शासनकालमा गरिएको प्रेस स्वतन्त्रता हननका घटनाका साथै तत्कालीन सत्ताका क्रियाकलापलाई पशु पात्रका माध्यमबाट प्रस्तुत गरेर तत्कालीन शासनशैलीप्रति असन्तुष्टि व्यक्त गरिएको छ । उक्त शासनकालमा अभिव्यक्ति स्वतन्त्रता हरण भएको, निर्दोष जनता मारिएको एवम् अवसरवादीले मौका पाएको अवस्थालाई प्रस्तुत गर्नाका साथै त्यसप्रतिको व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

### (२) राजनीतिक व्यवस्थाका विकृति-विसङ्गतिको चित्रण

नेपाली लघुकथामा राजनीतिक क्षेत्रमा अनेकन किसिमका अवाञ्छित क्रियाकलाप हुने गरेकोमा यस्ता कार्यले राष्ट्रको शिर झुकाएको, मानिसहरूमा राजनीतिप्रति वितृष्णा उब्जाएको र राजनीति केही टाठाबाठा तथा ठालुहरूको पहुँचभन्दा बाहिर जान नसकेको यथार्थलाई अभिव्यक्त गरिएको छ । नेपाली लघुकथामा राजनीतिका नाममा हुने गरेका यस्ता चटकपूर्ण क्रियाकलापप्रति असहमति प्रकट गर्नाका साथै त्यसप्रति व्यङ्ग्यात्मक चेतनासमेत प्रस्तुत भएको पाइन्छ । नेपाली लघुकथा रचनामा नेपालको राजनीतिक व्यवस्थाका विकृति विसङ्गति एवम् भाँडभैलोको चित्रण गरिनाका साथै त्यस्ता कार्यप्रति विमतिको चेतनासमेत प्रस्तुत भएको छ ।

नेपाली राजनीतिक क्षेत्रमा देखापरेका विकृति-विसङ्गतिसँग सम्बन्धित विषयलाई प्रस्तुत गर्ने क्रममा कुसुम ज्ञवालीको **विश्वासका शृङ्खलाहरू**, सनत रेग्मीको **वारिस**, सुमन

सौरभको **चुनाव,** धनुषराज राई 'राशि' को **अमिबा,** हरिगोविन्द लुइँटेल **एघार लाख,** कृष्ण बजगाईको **राजनैतिक प्रयोगशाला,** हरिप्रसाद भण्डारीको **अनौठो प्रजातन्त्र,** विनयकुमार कसजूको **शान्तिको चरा** एवम् भरत भारद्वाजको **छल....फल** लघुकथालाई विश्लेषणको सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) वास्तवमा देशको कायापलट हुन्छ भन्ने कुरा बकवास हो । जसरी हुन्छ, चुनाव जित्ने अनि मोज गर्ने हो । यहाँ कुनचाहिँले राम्रो गऱ्या छ र ! जनता, क्रान्ति, मुक्ति र आन्दोलन त चुनावमा गाउँ जाँदा बोल्ने हावादारी कुराहरू हुन् । सपनाको बिक्री भनेको सबभन्दा नाफा हुने व्यापार हो । भ्रष्टाचार रोक्ने भन्ने गफ पनि त्यस्तै हो- बगिरहेको नदीमा बालुवा हालेर थुन्ने प्रयासजस्तो हो" (ज्ञवाली. २०६० : ५९) ।

प्रस्तुत लघुकथांशमा देश र जनताप्रतिको जिम्मेवारी भन्दा पनि सुविधाभोगी चरित्र भएको नेताको अभिव्यक्तिलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक नेता आफू जनता, क्रान्ति, मुक्ति र आन्दोलनको पक्षमा नभएकोले ती कुरालाई हावादारी कुरा भनेको, सपनाको बिक्री भनेको सबभन्दा नाफा हुने व्यापार भएको तर्क राखेको र भ्रष्टाचार रोक्ने गफ पनि बगिरहेको नदीमा बालुवा हालेर थुन्ने प्रयास भएको विचार व्यक्त गरेको छ । यहाँ एक बेइमान राजनीतिकर्मीले इमान्दारिताको विरोध गरेको र आफू विकृतिको वाहक भएको आत्मस्वीकारोक्ति प्रस्तुत गरेको घटना अभिव्यक्त गरिएको छ । लघुकथांशमा राजनीतिक विकृत चिन्तनप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(ख) प्रहरीहरूको मिहिनेत सफल हुन्छ । उनीहरू उसको शरीरबाट केही कागजहरू भेट्टाउँछन् । उनीहरू ती कागज पढेर उसको वारिस भेट्टाएको अनुभव गर्दछन् । प्रहरीहरूले उसको शरीरबाट भेट्टाएका कागजातहरू, नेपालका राष्ट्रिय दलहरूका सदस्यता रसिद रहेछन् । ऊ सबै राजनीतिक दलको सदस्य रहेछ । सबै राजनैतिक दल उसका वारिस रहेछन् । (रेग्मी. २०६६ : ९२) ।

प्रस्तुत लघुकथांशमा एकजना मृत मानिसको खानतलासी गर्दा प्रहरीले सबै राजनीतिक पार्टीको सदस्यता पाएको सन्दर्भ उल्लेख गरिएको छ । यहाँ वर्तमानमा मानिस व्यक्तिगत लाभका लागि धेरै राजनीतिक दलमा लागेको देखाएर व्यक्तिगत स्वार्थ सिद्ध गर्न खोज्ने यथार्थ अवस्था प्रस्तुत छ । लघुकथांशमा सामान्य मानिसले बाँच्नका लागि राजनीतिक दलको शरणमा पर्नुपर्ने र जो सत्तामा आयो, उसले अरू पार्टी समर्थक जनताको काम नगर्ने परिपाटी चलेकाले पनि मानिस यस्तो कार्य गर्न बाध्य भएको सन्दर्भलाई उल्लेख गर्दै राजनीतिक कार्यकर्तालाई मात्र जनता ठान्ने विकृत परिपाटी एवम् स्वार्थका लागि जे पनि बन्ने दुवै प्रवृत्ति विसङ्गति भएको उल्लेख गरिएको छ । यहाँ राजनीतिक विकृत परिवेशप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) तुरुन्तै उसको समीपमा एउटा डाँका जस्तै लामो मुठे जुँगा भएको व्यक्ति आइपुग्यो र रवाफका साथ भन्यो-"छातामा छाप हाल्नु नि, अरूमा पर्न जालाक...साले के मा छाप लगाउँछ, मलाई सब थाहा लाग्छ नि-याद गर्नु....।" उसलाई याद आयो- यो छाता छाप उम्मेदवारका कार्यकर्ताहरू माइकमा कराउँदै गल्ली गल्ली चहार्दै थिए- "छाप के मा छातामा, छातामा छाप लगाऔं, आमूल परिवर्तन ल्याऔं...।" (सौरभ. २०५२ : १३) ।

यस लघुकथांशमा राजनीतिकर्मीले एकातिर आमूल परिवर्तन ल्याऔं भन्ने अर्कोतिर सामान्य जनतालाई भोट नदिएमा नराम्रो हुने भन्ने धम्की दिने कुराले सिद्धान्त र व्यवहारका बीच असङ्गति रहेको अवस्थालाई बोध गरिएको छ । यहाँ चुनावी राजनीतिको विकृतिपूर्ण क्रियाकलापलाई प्रस्तुत गर्ने क्रममा नेपालको संसदीय चुनावमा जसरी पनि जित्ने प्रवृत्तिको विकास भएको, जनतालाई डराउने, धम्काउने एवम् आफ्नो पक्षमा पार्ने कार्य हुँदै आएको घटनाको प्रस्तुतिका साथै राजनीतिक क्षेत्रको विकृतिपूर्ण क्रियाकलाप एवम् भाँडभैलोजन्य स्थितिलाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रति व्यङ्ग्यको चेतना अभिव्यक्त भएको छ ।

(घ) "चुनाव सकियो । मतगणना भयो । बिचरा ऊ हार्‍यो । प्रतिद्वन्द्वी अतुल बहुमतले विजयी भए । कारण, चुनावको अघिल्लो दिनको राँगा र रक्सीको रसले गाउँलेहरूको जिब्रो लर्बरिएको थियो, "अतुत बाबु जिन्दावाद ।" (राई. २०६२ : ३१) ।

यस लघुकथांशमा अतुल बाबु नामक पात्रले रक्सी र राँगाको मासु खुवाएर मत प्राप्त गरेको एवम् उसले जनताको असचेतपनको फाइदा उठाएर चुनाव जितेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ नेपाली जनताको असचेतताको फाइदा उठाएर गलत तत्त्व हावी हुने गरेकोमा राजनीतिक भाँडभैलो सिर्जना भएको तथ्यलाई अभिव्यक्त गरिएको छ । लघुकथांशमा इमान्दार मानिसको पराजय एवम् बेइमानको विजयले चुनावी राजनीति विकृत बन्दै गएको सन्दर्भ प्रस्तुत गर्नाका साथै राँगा र रक्सीमा बिक्ने जनताको क्रियाकलापप्रति व्यङ्ग्यभावसमेत प्रस्तुत गरिएको छ । यहाँ चुनावी राजनीतिका विसङ्गतिप्रति आलोचनाको चेतना आएको छ ।

(ङ) कांग्रेस पार्टीको जिल्ला अध्यक्षले मलाई भन्यो- "तिम्रो गाउँ वामपन्थीहरूको गढ हो, चुनाव आउँदै छ, तिनलाई हराउन केही समय हाम्रो पार्टीको गाउँ एकाइमा बसेर काम गर, अनि म सजिलैसँग तिमीलाई ऋण दिलाइदिन्छु ।" "अनि त्यसैले म अहिले कांग्रेसमा लागेको छु । मेरो ऋण स्वीकृत नहुँदै यो देशमा अर्को कुनै पार्टीको सरकार आएमा म त्यही पार्टीको मान्छे हुनेछु ।" अरू पनि थुप्रै कुराहरू ऊ भन्दै थियो र गाउँलेहरू सुन्दै थिए । जस्तो कि-"म एउटा सिद्धान्तनिष्ठ व्यक्ति हुँ ।" आदि आदि (लुइँटेल. २०५६ : ७३) ।

प्रस्तुत लघुकथांशमा एकजना अवसरवादी राजनीतिक कार्यकर्ताले आफ्नो राजनीतिक इतिवृत्तान्त बताएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ उसको अवसरका लागि जहाँ पनि जानसक्ने र जो सँग पनि सम्झौता गर्न सक्ने अनौठो चरित्रलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा उसले आफूले गरेका कार्यलाई बहादुरीसाथ प्रस्तुत गर्ने गरेको र आफूलाई सिद्धान्तनिष्ठ ठान्ने गरेको भए पनि ऊ अवसरवादको चरम नमुना पात्र भएको यथार्थलाई अभिव्यक्त गरिएको छ । यस रचनामा राजनीतिलाई व्यक्तिगत नाफानोक्सानमा अनुवाद गर्ने, राजनीतिमा सिद्धान्तप्रतिको प्रतिबद्धता नभएको उसको क्रियाकलाप विकृतिजन्य क्रियाकलाप भएको र त्यस्तो क्रियाकलापलाई बढावा दिनु पनि अनैतिक भएको प्रसङ्गलाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रति विमतिभाव प्रकट भएको छ । यहाँ अवसरवाद विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(च) राजनीतिक विज्ञानको ठूल्ठूला प्रयोगशालाबाट गरिएको प्रयोग व्यवहारमा असफल भएपछि राजनीतिक वैज्ञानिकहरू चिन्तित बने । राजनीतिशास्त्रका ठूल्ठूला ठेलीमा लेखिएका सूत्र तथा सिद्धान्तहरू राजकाज चलाउन त्यति कामयाब भएनन् । जनहितका लागि उपयोगी मानिएका कुनै पनि राजनीतिक मोडेलहरू दिगो रूपमा टिक्न सकेनन् । केही राजनीतिक पण्डितहरूले प्राचीन प्रविधि उपयोग हुन्छ भन्ने सल्लाह दिए । खोज्दै जाँदा उनीहरूले ब्रह्माको प्रयोगशालााबाट केही विस्फोटक सामग्री फेला पारे । त्यसपछि आन्दोलन चर्कन थाल्यो । जात, धर्म, क्षेत्र र सम्प्रदायका नाउँमा आन्दोलनले उग्ररूप लियो । बिस्तारै राष्ट्र कबिलातन्त्रतर्फ उन्मुख भयो (बजगाई. २०६४ : ८१-८२) ।

प्रस्तुत लघुकथांशमा राजनीतिमा हिंसाको अत्यधिक प्रयोगले समाजमा ल्याएको विखण्डन र मानवमूल्यको उपेक्षालाई देखाइएको छ । लघुकथामा कुनै पनि समस्याको समाधानका रूपमा हिंसालाई लिने राजनीतिकर्मीका कारण आज देशहरू बर्बाद भइरहेको विषयलाई प्रस्तुत गरिएको छ । यस रचनामा जनतालाई विभाजित गरेर आफ्नो स्वार्थ पूरा गर्ने राजनीतिकर्मीका क्रियाकलापप्रति विरोधभाव सहितको चेतना प्रस्तुत भएको छ ।

(छ) "प्रजातन्त्र भनेको जनताद्वारा, जनताका लागि जनताले सञ्चालन गर्ने शासनपद्धति हो । हाम्रो प्रजातन्त्र सँधै जनताप्रति केन्द्रित रहन्छ । साँच्चै भन्ने हो भने हाम्रो जस्तो अनौठो प्रजातन्त्र संसारमा अन्यत्र कहीँ छैन.......।" भित्र मन्त्रीज्यू चर्को स्वरमा प्रजातन्त्रको बखान गरिरहेका थिए । बाहिर सडक सरकारी सुरक्षाकर्मी र गरीब जनताप्रति कुरूक्षेत्रमा परिणत भइसकेको थियो (भण्डारी. २०६७ : ९) ।

यस लघुकथाशंमा प्रजातन्त्रका विशेषता बताउने मन्त्रीले आफूले भनेका कुरालाई व्यवहारमा उतार्न नसकेको सन्दर्भ प्रस्तुत गरिएको छ । उसले आफू उपस्थित भएर भाषण

गरिरहेको कार्यक्रमको बाहिर जनतामाथि दमन गर्ने कार्य गरेको र प्रजातन्त्रको नाम मात्र जनेर पनि समस्याको समाधानका लागि पहल नगर्ने गरेका कारण समस्या उत्पन्न भएको छ । लघुकथांशमा मन्त्रीले जनपक्षधरतालाई हात्तीको देखाउने दाँत जस्तो बनााएको, विकृतिमूलक जनविरोधी कार्य गरेको घटनाको प्रस्तुतिका साथै व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(ज) शान्तिको चरा बनेर परेवाले धेरै हन्डर, ठक्कर खाइसकेको हुनाले उसलाई यो कुरा चित्त बुझेन । सिकारी चराहरूले पनि यो कुराको विरोध गरे, किनभने हतियारबिनाको परेवाले कहिल्यै शान्तिको रक्षा गर्न सकेको छैन । शान्तिको रक्षा गर्न सक्नेलाई नै शान्तिको चरा मान्नुपर्छ भन्ने उनीहरुको अडान थियो । धेरै बेरको छलफलपछि सर्वसम्मतिले चीललाई शान्तिको चरा मान्ने निर्णय गरी त्यसै अनुसार घोषणा गरियो । तदुपरान्त अशान्ति मच्चाउने चराको घाँटी निमोठ्न चील सँधै तयार भएर बस्न थाल्यो (कसजू. २०६६ : २०) ।

प्रस्तुत लघुकथांशमा खराब व्यवस्थामा असल मानिसको मूल्याङ्कन हुँदैन भन्ने भाव व्यक्त भएको छ । यहाँ निरंकुश प्रवृत्ति एवम् चिन्तनप्रति पशु पात्रका माध्यमबाट व्यङ्ग्य गरिएको छ । शान्तिको प्रतीक परेवालाई काम गर्नमा अवरोध सिर्जना गरेर चीलजस्तो हिंस्रक जन्तुलाई शान्तिको चरा घोषणा गरी शान्तिविरोधीलाई शान्तिको चरा घोषणा गरेर विसङ्गत परिवेश सिर्जना गरिएको अवस्थालाई देखाइएको छ । चीललाई शान्तिको चरा बनाएपछि उसले आफ्नो विरोध गरेको भनेर चराको घाँटी निमोठ्न तयार भई आफ्नो हिंस्रक बानीलाई नछोडेको अवस्थाका माध्यमबाट राजनीतिक क्षेत्रमा व्याप्त असक्षम पात्रले सक्षम पात्रको दमन गरेको र विकृतिजन्य क्रियाकलाप बढेको प्रसङ्ग प्रस्तुत गरिएको छ । नेपालको राजनीतिमा असल पक्षको दमन र खराब पक्षले असलको आवरणमा असल पक्षलाई दबाएको घटनाको प्रस्तुति चील र परेवा पशु पात्रलाई प्रतीकको रूपमा उभ्याएर प्रस्तुत गरिएको छ । लघुकथांशमा विकृतिजन्य क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्ता गलत कार्यप्रतिको असहमतिको चेतना व्यक्त गरिएको छ ।

(झ) देशमा महङ्गी चर्किंदै थियो । जनतालाई राहत चाहिएको थियो । जनताहरू विरोधमा उत्रिदैं थिए । यता सरकारका तर्फबाट महङ्गी हटाउन छलफल गर्न एउटा समिति बन्यो र त्यसको बैठक बस्यो ।....अब सबै फल खाने तयारीमा लागे । स्याउ, सुन्तला, केरा, मौसमका विभिन्न स्वादहरू लिन थाले । बाहिर जनताहरू निष्कर्ष सुन्न भोकभोकै बसिरहेका थिए । खाजा खाइसकेर बाहिर निस्कँदा-निस्कँदै निष्कर्ष सुन्न एकजनाले सोध्यो-“छलफल भयो ?” समितिका पदाधिकारीले जवाफ दिए,“अँ छल....फल भयो ।” (भारद्वाज. २०६१ : ४३) ।

प्रस्तुत लघुकथांशमा सरकारले जनताको दवाब सहन नसकेर झाराटारा समिति गठन गर्ने र सो समितिले पनि झाराटारा काम गर्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ छलफल समिति आफ्नो जिम्मेवारीमा असफल भएको र समितिका सदस्यले विभिन्न फलको स्वाद लिने एवम् सुखसुविधा खोज्ने कार्यलाई प्रस्तुत गर्नाका साथै जनताको मागप्रति बेवास्ता गर्ने विकृतिजन्य क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा राजनीतिक क्षेत्रका विकृति विसङ्गतिलाई प्रस्तुत गर्नाका साथै त्यस्ता क्रियाकलापप्रति असहमतिको भाव प्रकट भएको छ । समाजमा अराजकता सिर्जना गर्ने, राजनीतिको आडमा जनतालाई दुःख दिने यस्ता कार्यको विरोधका साथै विकृति विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

**(३) प्रजातान्त्रिक मूल्यबोधको अभावको प्रस्तुति**

नेपाली लघुकथामा राजनीतिक सन्दर्भका क्रममा नेताहरूमा रहेको ‘प्रजातान्त्रिक मूल्यबोधको अभाव’ लाई विषय बनाइएको छ । आज मुलुक प्रजातन्त्र हुँदै गणतन्त्र अनि लोकतन्त्रमा प्रवेश गरिसकेका सन्दर्भमा नेताहरूमा पुरानै चिन्तनगत प्रवृति हावी रहेको र सामन्ती चिन्तन एवम् क्रियाकलापका कारण समस्या उत्पन्न भएको पाइन्छ । यसै सन्दर्भमा नेपालको राजनीतिक इतिहासमा विभिन्न कालखण्डमा घटेका प्रजातान्त्रिक मूल्यबोधको अभावसँग सम्बन्धित घटना र त्यस्ता घटनाले समाज एवम् साहित्य रचनामा पारेको प्रभावलाई अध्ययनको मूल विषय मानिएको छ । यस अध्ययनमा महेश प्रसाईको **नेताहरू,** बुद्धिनाथ ज्ञवालीको **भोट माग्ने शैली,** कपिल लामिछानेको **भ्रष्टाचार (-निवारण) दिवस** एवम् किशोर पहाडीको **काण्ड** लघुकथालाई अध्ययन सामग्रीको रूपमा उपयोग गरिएको छ :

(क) नेताजीहरू निर्धारित समय बितिसक्दा पनि आइपुगेका थिएनन् । प्रतीक्षारत जनसमुदायका बीच तीव्र उ उत्सुकता थियो । सबैका आँखा नेताजीहरू आउने दिशातर्फ अडेको थिए । लामो समयको प्रतीक्षापछि नेताजीहरू चढेको कार आएर रोकियो । फूलका गुच्छा र उपहारहरूले नेताजीहरूलाई स्वागत अभिनन्दन गरियो । त्यसपछि अन्यत्र जानुपर्ने अति व्यस्त कार्यक्रम भएको कारण देखाई नेताजीहरू चढेको कार त्यस भीडलाई चिरेर अगाडि बढयो (प्रसाई. २०६८ : १०) ।

प्रस्तुत लघुकथांशमा नेताहरूको स्वागतका लागि जनता उत्सुक भएको र नेताजीहरू आई केही समय रोकेर केही बोल्ने छन् भन्ने अपेक्षा राखेको घटना प्रस्तुत गरिएको छ । यहाँ नेताहरूले जनताको अपेक्षा विपरित कार्य गरेको, सामान्य जनतालाई लामो समय कुराएर त्यहाँ पुगेपछि पनि नरोक्ने कार्य भएकोले जनताले दिएको सम्मानको अपमान गरेको अवस्थालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा नेताहरूमा जनताको सदभावलाई चिन्न नसक्ने क्षमताको अभावका साथै प्रजातान्त्रिक मूल्यबोधको कमी भएको

तथ्य व्यक्त गरिएको छ । यहाँ नेताहरूमा चिन्तनको दरिद्रताका कारण उनीहरूले जनताको उपेक्षा गरेकोले राजनीतिक नेताले जनताप्रति सम्वेदनशील हुनुपर्ने चेतना व्यक्त भएको छ ।

(ख) “बुबा ! हजुरलाई भ्रम भयो, ‘जग्गा कसको ? जोत्नेको’ भनेको त भाषणमा भोट मागेको हो । कहाँ भाषण गर्दैमा जातभात मिसिन्छ र ? कहाँ साँच्चिकै....। यो कुरा त भोट माग्ने नयाँ शैली पो हो । आजको युग अनुसारको भाषा शैली ।” (ज्ञवाली. २०६३ : १९) ।

यस लघुकथांशमा राजनीतिकर्मीले सामान्य जनतालाई भेडा सरह मानेर व्यवहार गरिएको घटना प्रस्तुत गरिएको छ । यहाँ नेताले एकातिर जनतासामु एउटा भाषण गर्ने र अर्कोतिर घरमा आएर अर्को कुरा भन्नाले इमान्दारिता एवम् प्रजातान्त्रिक मूल्यबोध नभएको देखाउँछ । नेताले जनताको भावनाको शोषण गरेकोले उसमा प्रजातान्त्रिक मूल्यबोधको अवस्था शून्य भएको स्पष्ट देखिन्छ । यहाँ छोरा पात्र आफ्नो बाबु जस्तो सामन्ती मनोवृत्ति भएको तर जनतालाई झुक्याउने झुठो भाषण गर्ने कार्य गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा राजनीतिक बेइमानीका घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रति विमतिको चेतना प्रस्तुत भएको छ ।

(ग) अध्यक्षता गरिरहेका प्रधानमन्त्रीले गम्भीर भएर भने- “ल, यो प्रस्ताव सर्वसम्मतिले पास भयो । भ्रष्टाचार-निवारणमा हाम्रो ध्यान जानैपर्छ । अर्को एजेन्डा के छ ।.... ” मुलुक भर दिवस मनाउँदा करोडौं खर्च भयो । भ्रष्टाचारका विरूद्ध भाषण गर्दा गला अवरूद्ध भए पनि **भ्रष्टाचार (-निवारण) दिवस**का दिनमा सबै मन्त्री र तिनका खल्तीहरू प्रफुल्ल देखिन्थे (लामिछाने. २०६८ : १७) ।

प्रस्तुत लघुकथांशमा भ्रष्टाचार निवारणका नाममा झन भ्रष्टाचार भएको घटना प्रस्तुत गरिएको छ । यहाँ कुनै पनि समस्याको समाधानको सही उपाय खोज्नुभन्दा पनि त्यसबाट आफ्नो प्रचार र खल्ती भर्ने उपाय खोज्ने कार्यले देश र जनताप्रति बेइमानी गरेको पाइन्छ । राजनीतिक नेतामा देश र जनताप्रति इमान्दारीको भावनाको अभावका कारण उनीहरूले कार्यक्रमको सही ढंगले उपयोग नगरेको पाइन्छ । लघुकथांशमा राजनीतिक नेतृत्वमा प्रजातान्त्रिक मूल्यबोधको अभावका कारण भएका घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(घ) टुँडिखेलभरि लासैलास थियो-मान्छेको लास । त्यो लास कताबाट कसले ल्याएर त्यहाँ बिच्छ्याएको हो, कसैलाई थाहा छैन । जिउँदा मान्छेहरू ती लासलाई एक एक गरी हेर्दैथे । एक जना मोटो खालको मान्छे आयो- दौरा, सुरुवाल, टोपी लगाएको । त्यसले चस्मा पुछ्यो । अलि तिखारिएर हेर्‍यो र भन्यो-‘अहा ! कति राम्रो प्रदर्शनी ! सबै जनता टन्नसित घाम तापिरहेका पो छन् त ।’ त्यो मान्छे भने

अरू जस्तो भुक्लुक्क लडेन, मरेन । पछि थाहा भो- त्यसलाई देशको मन्त्रीमा नियुक्त गरियो (पहाडी. २०५३ : १६) ।

प्रस्तुत लघुकथांशमा जनताको लास देख्दा पनि घाम तापिरहेको भन्ने मानवीय संवेदना नभएको मानिसलाई देशको मन्त्रीमा नियुक्त गरिएको घटना प्रस्तुत गरिएको छ । उनीहरूले मन्त्रीमा जनताको मृत्युप्रति सामान्य संवेदना नभएको व्यक्ति नियुक्त गर्नुले अधिनायकवादी चरित्र प्रदर्शित हुन्छ । एकातिर उक्त व्यक्ति एकातिर अत्यन्त क्रुर र संवेदनहीन त छँदैछ, त्यसैमा उसलाई नियुक्त गर्नेहरू झन संवेदनहीन र क्रूर देखिन्छन् । लघुकथांशमा राजनीतिकर्मीमा प्रजातान्त्रिक मूल्यबोधभन्दा पनि एकतन्त्रीय निरङ्कुशतावादी चरित्र भएकाले उनीहरूको यसखाले क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी नेपाली लघुकथा रचनामा राजनीतिक नेतावर्गमा प्रजातान्त्रिक मूल्यबोधको अभाव रहेकाले उनीहरूले गलत क्रियाकलापसँग सम्बन्धित घटना सन्दर्भलाई विषय बनाइएको पाइन्छ । त्यस्ता गलत कार्यप्रति असहमतिको चेतनाका साथै नवीन मूल्यको खोजी गरिएको पाइन्छ ।

**(४) नेताहरूको दुश्चरित्रताको प्रस्तुति**

नेपाली लघुकथामा युगचेतना अध्ययनका सन्दर्भमा राजनीतिक सन्दर्भ अन्र्तगत नेताहरूको दुश्चरित्रतालाई पनि विश्लेषणको आधार मानिएको छ । नेपाली लघुकथामा नेताहरूको गलत क्रियाकलापका कारण नेपाली समाजले सही बाटो पाउन नसकेको, त्यसको असरले समाज विकासका अनेक क्षेत्र प्रभावित रहँदै आएको तथ्यलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा राजनीतिक क्षेत्रका विकृत परिवेशको चित्रण, नेताहरूको दुश्चरित्रताका साथै त्यसप्रति व्यङ्ग्य एवम् विरोधको चेतनाको अभिव्यक्ति पाइन्छ । यस अध्ययनमा प्रयास सौरभ श्रेष्ठको **राजनीति,** महेश प्रसाईको **मन्त्रीजी,** नवराज रिजालको **पेसा,** दिलीप शाहको **वेश्या हाँसो** र श्रीओम श्रेष्ठ 'रोदन'को **परिवर्तन पञ्चायत** लघुकथालाई विश्लेषणको सामग्रीको रूपमा लिइएको छ । यहाँ नेपाली लघुकथामा अभिव्यक्त राजनीतिक नेताहरूको दुश्चरित्रतासँग सम्बन्धित तथ्याङ्कहरूलाई प्रस्तुत गरिएको छ :

(क) "विद्यार्थीले राजनीति गर्नुहुन्न । भविष्यका कर्णधारले पढ्नुपर्छ ।" विद्यार्थी चुप लाग्यो ।....."नब्बे प्रतिशत जनता कृषिमा आधारित भइरहेको अवस्थामा कृषकहरू राजनीतिमा उत्रनु ठीक हुन्न । उनीहरूले त स्वादिष्ट अन्न उब्जाउने पो त ।" कृषकहरू कोदाली उचालेर खेत खन्नमै व्यस्त भए । सबैलाई आ-आफ्नो कर्ममा व्यस्त पारेपछि वर्षौंदेखि र्‍याल काढ्दै जिब्रो फड्कारिरहेका ब्वाँसाहरू राजनीतिमा सक्रिय भए (श्रेष्ठ. २०५८ : १) ।

प्रस्तुत लघुकथांशमा जनतालाई राजनीति गर्नबाट रोक्ने तर आफू भने राजनीतिको माध्यमबाट नाजायज फाइदा लुटिरहने फटाहा वर्गको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिमा बढी भन्दा बढी जनता सहभागी हुँदा आफ्नो स्वार्थ सिद्ध नहुने भएकोले उनीहरूलाई रोकेमा आफ्नो एकलौटी स्वार्थ पूरा गर्न सकिने तर्कसहित योजनाबद्ध किसिमले फटाहाहरू लागेको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । लघुकथांशमा फटाहा राजनीतिकर्मीका क्रियाकलापलाई प्रस्तुत गर्न 'वर्षौंदेखि र्‍याल काढ्दै जिब्रो फड्कारिरहेका व्वाँसाहरू राजनीतिमा सक्रिय भएको' सन्दर्भ प्रस्तुत गर्नाका साथै त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

(ख) अभावमय जीवनदेखि विक्षिप्त जीवन भएर बसिरहेका बेला एकदिन उहाँ आफ्नो भाग्य अजमाउने विचार गरेर फट्कातर्फ लाग्नुभयो । त्यो फट्का राजनीतिको मन्डी थियो । त्यसपछि उहाँले आफूसित भएको त्यो सर्वभ्किटी कलम र विचारलाई बेचेर एउटा स्वर्णराशीको चिट्ठा हात पार्नुभयो । अहिले उहाँको गालामा खोपिल्टो पनि छैन । अष्टावक्रजस्तो शरीरमा खाल्टाखुल्टीहरू पनि छैनन् । चाउरिएका र मुजा परेका भागहरूमा धमाधम योजना आयोग र स्थानीय विकासका पुलहरू हालिँदै थिए (प्रसाई. २०६८ : ६) ।

प्रस्तुत लघुकथांशमा राजनीतिमा आउँदा आफ्नो कलम र विचार बेचेर स्वर्णराशी प्राप्तिका लागि लाग्ने पात्रले पछिल्लो समयमा देशमा भ्रष्टाचार गरेर अकुत सम्पति कमाएको सन्दर्भलाई उल्लेख गरिएको छ । यहाँ राजनीतिका माध्यमबाट सम्भ्रान्त वर्गमा परिणत भएको भुँइफुट्टा वर्गको जीवनलाई व्यक्त गर्नाका साथै उसको दुश्चरित्रलाई अभिव्यक्त गरिएको छ । लघुकथांशमा राजनीतिलाई देश र जनताका लागि भन्दा पनि आफ्नो आर्थिक उन्नतिका लागि साधन बनाउनेले देश र जनताको शोषण गरेको घटनालाई प्रस्तुत गरिएको छ ।

(ग) 'त्यो खराब मानिस हो लालबाबु'-एकदिन वहिद काकाले सुनाए । 'ए हो र'-लालबाबुले टाउको हल्लाउँदै अनभिज्ञता जनायो ।....जसको विपक्षमा आन्दोलन हुँदै थियो, त्यसैको समर्थनमा केही पछि काकाको वक्तव्य आयो । त्यसले सबैलाई स्तब्ध तुल्यायो । साथीहरू आक्रोशित भए । आन्दोलनको क्रममा नजीर र बजीरले ज्यानसमेत गुमाइसकेका थिए । 'के गरेको काका ?' आक्रोशपूर्ण भावमा प्रश्न राख्यो, लालबाबुले । काका एकछिन घोरिए र मुस्काउँदै भने-'पेसा भनेको यही हो ।' (रिजाल. २०६७ : २४) ।

प्रस्तुत लघुकथांशमा आफ्नो स्वार्थका लागि जनतालाई कुनै व्यक्तिका विरूद्ध परिचालित गरेर आन्दोलन गर्ने वहिद काकाले पछि त्यसै मानिसको समर्थनमा वक्तव्य

निकालेको सन्दर्भ प्रस्तुत गरिएको छ । उसले आफ्ना दुईजना साथीले ज्यान गुमाउँदा पनि संवेदनशील नभएको, साथीहरूले यस्तो किन गरेको भन्दा आफ्नो पेसा नै यही हो भन्ने भनाइ राखेको छ । उसको यस किसिमको क्रियाकलापको निर्माण दुश्चरित्रताका कारणले उत्पन्न भएको हो । लघुकथांशमा नेपालको प्रजातन्त्रकालपछिको राजनीतिमा कुनै नैतिकता एवम् संवेदना नभएका पात्रको बिगबिगी भएको र तिनले राजनीतिलाई नै बदनाम गरेको घटना अभिव्यक्त गरिएको छ । यहाँ वहिद काका नामक पात्रको दुश्चरित्रतालाई प्रस्तुत गर्नाका साथै उसको यस्तो कार्यप्रति व्यङ्ग्यसमेत गरिएको छ ।

(घ) विद्यार्थीकालमा हामीले उसलाई खाँटी कमरेडको दर्जा दिएको थियौं । ऊ रातमा मार्क्स ओढ्थ्यो, लेलिन ओछ्याउँथ्यो; बिहान झिसमिसेमै माओ कुल्ला गर्थ्यो र दिनमा एङ्गेल्स भिरेर म्याराथुन दौडमा निस्कथ्यो । ....श्रद्धा उम्लेर आउँथ्यो उसको आचरणमा; ईर्ष्या जागेर आउँथ्यो उसको व्यक्तित्वसँग । लामो अन्तरालपछि भेट भयौं हामी । ....गफ शुरु भयो; गफभन्दा उसको मोनोलोक सुरु भयो अर्थात् उसले आफ्नो व्यक्तित्व विकासको किस्सा वर्णन गऱ्यो । घर, कार, काठमाडौंमा तीन-चार वटा घडेरी आदि । "मलाई काङ्ग्रेस अथवा राप्रपा बन्न कसले रोक्छ ?" उसले वेश्याझै सबै लाज, सरमजति गिलाससँगै स्वात्तै निल्यो र निर्लज्ज तालले उछिट्टिएका दाँत देखायो (शाह. २०६६ : ४२) ।

प्रस्तुत लघुकथांशमा कुनै समयमा एक निश्चित विचारमा आबद्ध भएको मानिसप्रति प्रारम्भमा श्रद्धा उत्पन्न भएको, त्यस मानिससँग लामो समयपछि भेट हुँदा उसको वर्तमान अवस्थाप्रति जिज्ञासा उत्पन्न हुँदा उसले आफ्नो निष्ठा परिवर्तन गरेको र स्वार्थका कारण आफ्नो आस्था परित्याग गरेर अकुत सम्पति कमाएको कुरा गरेको घटना प्रस्तुत गरिएको छ । भविष्यमा पनि आफ्नो स्वार्थका लागि जता पनि लाग्न सक्ने अभिव्यक्तिले उसप्रतिको आस्था समाप्त भएको छ । उक्त पात्रले पचासको दशकपछिको नेपाली राजनीतिमा मौलाएको अवसरवादी राजनीतिको प्रतिनिधित्व गरेको छ । लघुकथांशमा राजनीतिकर्मीको दुश्चरित्रलाई प्रस्तुत गर्नाका साथै उसको यस्तो कार्यप्रति व्यङ्ग्य गर्न 'वेश्याझै सबै लाज, सरमजति गिलाससँगै स्वात्तै निलेको र निर्लज्ज तालले उछिट्टिएका दाँत देखाएको' भन्ने दृष्टिकोण अभिव्यक्त छ ।

(ङ) भ्रष्टाचारका कारण पुल नदीमाथि नबनेकामा खुब विरोध भयो । गाउँलेहरू सम्बन्धित मन्त्रीकहाँ डेलिगेसन गए । लोकतान्त्रिक मन्त्रीले तुरन्तै निरीक्षण भ्रमण गर्नुभयो । नदीभन्दा टाढा पुल बनेकामा मुसुक्क मुस्काउनुभयो । यस अवसरलाई उपयोग गर्न अर्को योजना बनाउनुभयो । पुलमा ठूलो लगानी भइसकेकाले त्यसको सदुपयोग गर्न नदीलाई फर्काएर पुलमुनिबाट पठाउने स्वीकृति दिनुभयो । नदीमा

पुल बनाउनु भन्दा पुलमुनिबाट नदीलाई बगाउन गाह्रो पर्ने भएकोले गतिलै बजेट स्विकीत भयो (श्रेष्ठ. २०६७ : ४९) ।

प्रस्तुत लघुकथांशमा भ्रष्टाचारका कारण नदीमा पुल नबनेपछि पुल बनाइमाग्न गाउँलेहरू मन्त्रीलाई भेटन गएको, मन्त्रीले निरीक्षण पश्चात् आफ्नो आर्थिक लाभ हुने गरी बजेट स्वीकृत गराएको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ मन्त्रीमा नैतिकता एवम् असल चरित्र नभएकाले उसले गलत क्रियाकलाप गरेको स्थितिलाई अभिव्यक्त गरिएको छ । आफ्नो आर्थिक लाभलाई प्राथमिकता दिएर बजेट स्वीकृत गराउने मन्त्रीको क्रियाकलापलाई देखाउन नदीभन्दा टाढा पुल बनेकोमा मुसुक्क मुस्कुराएको, अवसरलाई उपयोग गर्न अर्को योजना बनाएको, पुलमा ठूलो लगानी भइसकेकोले त्यसको सदुपयोग गर्न नदीलाई फर्काएर पुलमुनिबाट पठाउने स्वीकृति दिएको एवम् नदीमा पुल बनाउनु भन्दा पुलमुनिबाट नदीलाई बगाउन गाह्रो पर्ने भएकाले गतिलै बजेट स्वीकृत गरेको घटनाको प्रस्तुतिका साथै त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

यसरी नेपाली लघुकथा रचनामा नेपाली राजनीतिक नेतृत्व वर्गमा रहेका व्यक्तिको राजनीतिक चरित्रमा रहेको विचलन र सो विचलनले उत्पन्न गरेको विकृत परिवेशलाई व्यक्त गरिएको छ । लघुकथामा राजनीतिक नेतावर्गमा असल चरित्र हुनुपर्ने चिन्तनलाई सशक्त किसिमले व्यक्त गरिएको पाइन्छ ।

### (५) सत्ता दुरुपयोग र राजनीतिकरणका घटनाको अभिव्यक्ति

नेपाली लघुकथामा सत्ता दुरुपयोग र राजनीतिकरणसँग सम्बन्धित विषय सन्दर्भको सशक्त प्रस्तुति पाइन्छ । राजनीतिकर्मीले आफ्नो पदीय आचरण बिर्सेर गर्ने क्रियाकलापले उनीहरू प्रति जनतामा नकारात्मक धारणा बन्दै गएको, व्यक्ति स्वयं मात्र हैन, सिङ्गो राजनीतिक व्यवस्था र सो व्यवस्था अर्न्तगत काम गर्ने राजनीतिकर्मी सबैले त्यसको अपजसको भारी समेत बेहोर्नुपरेको यथार्थलाई अभिव्यक्त गरिएको छ । राजनीतिकर्मी र तिनका क्रियाकलापले सिँगो देशलाई प्रभावित पार्ने, यस्ता कार्यको छिट्टै प्रभाव पर्ने र सञ्चार माध्यममा पनि छिट्टै आउने भएकाले यस्ता कार्य गर्ने व्यक्ति छिट्टै बदनाम हुने यथार्थतालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा विजय सागरको **पाजीको वक्तव्य,** गोरखबहादुर सिंहको **नगरसभाको पाँचौ दिन,** महेश प्रसाईको **वरदान,** कृष्ण शाह यात्रीको **लेख** र रामविक्रम थापाको **राजीनामा** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) पाजी जंगलका काजी थिए । न्यायिक परिपाटीमा आधारित यो वन साम्राज्यमा वास्तवमा पाजीको निकै दबदबा थियो । कुन वर्गलाई कुन कस्तो सुविस्ता दिनुपर्‍यो, कुन वर्गलाई के-के कमी छ, ती सबको व्यवस्था पाजी आफै मिलाउँथे ।

....खरायोहरू उत्सुकताका साथ उफ्रिरहेका थिए । पाजीले देशको नीति एवं व्यवस्थाबारे वक्तव्य दिए । तर बिचरा खरायोहरू विचल्लीमा परे । नयाँ नीति र व्यवस्था भित्र उनीहरूको मागको कुनै वास्ता राखिएको थिएन । मत्ता र ढोईहरू खुसीले गदगद् भई कर्णभेदी हुङ्कार गरे । आक्रोशमा मैदानमा प्रत्येक झ्याङहरू कुल्ची कुल्ची किचिमिची पारे । बिचरा खरायोहरू आँसु चुहाउँदै आफ्नो दुर्दशा हेरिरहे (सागर. २०६० : ११) ।

यस लघुकथांशमा पशुपात्रका माध्यमबाट गलत कार्य गर्ने राजनीतिकर्मीप्रति व्यङ्ग्य गरिएको छ । निरङ्कुश व्यवस्थामा व्यक्तिको बोलबाला महत्त्वपूर्ण हुने र उसले गरेका कार्यलाई वैधानिकताको आवरण पहिर्‍याएर लागु गरिने गरेको यथार्थ अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ पाजीले असल भन्दा खराबलाई चुन्नुको पछि ऊ आफू पनि खराब भएको, उसले आफ्नो शासन लामो पार्न गलत तत्व सहायक हुने ठानेर उसैलाई समर्थन गरेको, कमजोरलाई झन दबाएर शासनसत्ताको दुरुपयोग गरेको घटनाको प्रस्तुति पाइन्छ । लघुकथांशमा कमजोरलाई झन धेरै शोषण गर्ने कार्य गरेर सत्ताको दुरुपयोग गर्ने कार्यप्रति आक्रोश व्यक्त गरिएको पाइन्छ ।

(ख) प्रत्यक्ष वा परोक्ष मेयर वा कार्यकारी अधिकृत चर्का स्वरहरूलाई थामथुम पार्न प्रयत्नरत थिए । खानपानप्रेमीहरूका लागि क्याटरिङका खान परिकार मीठा स्वादका सुगन्ध फैलाउँदै थिए; दिन ढल्कँदै जाँदा पिनका बोत्तल पनि रित्तिदै थिए । झमक्क साँझ पर्दा नपर्दा केही अघिसम्म डेग नचलेको नगरसभा रफ्तारमा कुद्न थाल्यो । सभाहल यो पनि पास, त्यो पनि पासका तालीले गुञ्जायमान हुँदै गयो । यहाँसम्म कि पछिसम्म त तालीले प्रस्तावलाई पनि उछिन्न थाले (सिंह. २०६५ : ४७) ।

प्रस्तुत लघुकथांशमा नगरपालिकाको जिम्मा पाएका व्यक्तिहरूले आफ्नो अनुकूल निर्णय पास गराउन विभिन्न उपाय खोज्ने क्रममा नगरसभा सदस्यलाई खानपिनमा व्यस्त राखेको, उनीहरूलाई एकदिन खानपिन गराएर आफ्ना लागि रकम थुप्र्याउने कार्य गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ जिम्मेवार व्यक्तिहरूले आफूले पाएको अधिकारको दुरुपयोग गरेर सत्ताको दुरुपयोग गरेको स्थितिलाई बोध गरिएको छ । लघुकथांशमा सानो कुरामा अल्झिने र लोभमा फस्ने मानिसका बलले लोभीपापी बलिया बन्ने गरेको यथार्थ प्रस्तुत गर्नाका साथै नेपालको स्थानीय निकायमा रहेको व्यक्तिहरूको गलत क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त गरिएको छ ।

(ग) बागमतीमा आएको भीषण बाढीले नहर काटेको पुल भत्काइदिएको थियो र दोहरो आवागमनमा प्रशस्त असुविधा उत्पन्न भएको थियो । त्यसैले पुल बनाउने कार्यका

लागि मन्त्रीजीबाट विशेष तोकआदेश भइसकेको थियो । अन्ततः पुल पुनर्निमाणसम्बन्धी कार्य तदारुकताका साथ सम्पन्न गर्नुपर्ने भएकाले कागजपत्रहरू मिलाउने कार्य पेन्डिङ् भइरहेको थियो । ऊ सोचिरहेको थियो-'यहाँ हजारौँ व्यक्तिको धनजन लैजाने बाढी कसैका लागि वरदान पनि हुँदो रहेछ (प्रसाई. २०६८ : ३०) ।

प्रस्तुत लघुकथांशमा एकजना कर्मचारीको अनुभूतिका माध्यमबाट संस्थागत रूपमा हुने भ्रष्टाचारतर्फ सङ्केत गरिएको छ । यहाँ मन्त्रीदेखि लिएर तलका सामान्य कर्मचारी सम्मले अवैध पैसामा कसरी ऱ्याल चुहाउँछन् भन्ने कुराको बोध गरिएको छ । त्यसरी नै बाढी कसैका लागि वरदान हुन सक्ने अभिव्यक्तिले बाढीका नाममा आर्थिक चलखेल हुने स्थितितर्फ सङ्केत गरिएको छ । लघुकथांशमा सत्ताको दुरुपयोग गरेर मानिस कसरी अघि प्रगति गरिरहेका छन् भन्ने तथ्यलाई प्रस्तुत गर्नाका साथै भ्रष्टाचार विरोधी चेतनासमेत व्यक्त गरिएको छ ।

(घ) "हैन हजुर ! मलाई त यस्तो केही अनावश्यक झुठो खबर लेखिएजस्तो त लाग्दैन । हामीले त सकभर......" सम्पादक प्रस्ट्याउँदै थिए, बीचमा मन्त्रीज्यू रौँक्किए, "तपाईंले भन्न खोज्नुभएको के हो ? पत्रिकाले राजनीतिलाई हैन, राजनीतिले पत्रिकालाई हाँक्छ, बुझ्नु भो ! मधुसुदनजी । मेरा बारेमा र हाम्रो पार्टीका बारेमा लेख्ने लेखकलाई तपाँईको पत्रिकाबाट तुरुन्त हटाउनुहोला..." (शाह. २०५६ : ६९) ।

यस लघुकथांशमा मन्त्रीले पार्टी निकट पत्रिकाको सम्पादकसँग गरेको कुराकानीको सन्दर्भ प्रस्तुत गरिएको छ ।  यहाँ मन्त्रीले आफू र पार्टी अनुकूलको समाचार नआएको भनेर सम्पादकलाई हप्काएको साथै त्यो लेख लेख्ने लेखकलाई समेत हटाएको घटना मूलकथ्यका रूपमा आएको छ । लघुकथांशमा लोकतन्त्र कालका मन्त्रीले आफ्नो पदप्रतिष्ठाले नसुहाउने कार्य गरेर आफ्नो पदको दुरुपयोग गरेको घटनाको प्रस्तुतिका साथै त्यस्तो कार्यप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

(ङ) 'यो काम तिमीले जसरी पनि गर्नैपर्छ, नत्र डोल्पा सरुवा गरिदिन्छु' एउटा भुसतिघ्रे नेता डुक्रियो । नियम, कानुन अनुसार कर्तव्यनिष्ठ हुन नपाएर निरक्षरी लठुवा नेताको अनाहकमा धम्की खानुपर्दा उसका आँखा रसाए । 'प्रजातान्त्रिक परिवेशको यस्तो व्यभिचारलाई सहन गर्न नसकी जागिरबाट हात धुने नियतले उसले राजीनामा पत्र लेख्यो र घोरिइरह्यो... (थापा. २०५५ : २२) ।

यस लघुकथांशमा एक कर्मचारीलाई आफ्नो स्वार्थ अनुकूल काम गर्न धम्की दिने नेताको क्रियाकलाप आएको छ । यहाँ नेताले भनेको काम नगर्दा डोल्पा सरुवा गर्ने धम्की दिएकोले गर्दा कर्मचारीले जागिर छोडन पुगेको यर्थाथता प्रस्तुत गरिएको छ । एकजना कम पढेको मूर्ख नेताले पढेलेखेका योग्य कर्मचारीलाई पदको दुरुपयोग गरेर कसरी सताउँछन्

भन्ने कुराको उदाहरण प्रस्तुत गरिएको छ । लघुकथांशमा व्यक्त 'प्रजातान्त्रिक परिवेशको यस्तो व्यभिचारलाई सहन गर्न नसकी जागिरबाट हात धुने नियतले उसले राजीनामा पत्र लेख्यो र घोरिइरह्यो' भन्ने भनाइले नेताको गलत कार्यप्रतिको विमतिको चेतना अभिव्यक्त भएको देखिन्छ ।

यसरी नेपाली लघुकथामा सत्ता दुरुपयोग र राजनीतिकरणका घटनाको चित्रण गरिएको छ । नेपालको राजनीतिक नेतृत्वमा रहेको गलत चिन्तन एवम् क्रियाकलाप, उनीहरूमा रहेको एकाधिकारवादी सोचका साथै त्यस सोचले सिङ्गो नेपाली समाजमा पारेको प्रभावलाई विषय सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा सत्ता दुरुपयोग र राजनीतिकरणका घटनाप्रतिको असहमत चेतना सशक्त किसिमले व्यक्त हुँदै आएको छ ।

### (६) सहिद र सहिद परिवारको अपमानका घटनाको चित्रण

नेपाली समाजमा विभिन्न कालखण्डमा राजनीतिक द्वन्द्व उत्कर्षमा पुगेको पाइन्छ । २००७, २०३६, २०४६ र २०६२/०६३ का आन्दोलनका क्रममा विभिन्न व्यक्तिहरूले ज्यान गुमाएको पाइन्छ । त्यसरी नै माओवादी सशक्त सङ्घर्षका क्रममा २०५२-२०६२ काल तथा विभिन्न आन्दोलन एवम् सङ्घर्षका क्रममा विभिन्न मानिसले ज्यान गुमाउन पुगेका छन् । यसरी विभिन्न आन्दोलन एवम् सङ्घर्षका क्रममा ज्यान गुमाउनेलाई सहिद मानिएको पाइन्छ । नेपाली लघुकथामा सहिद विषयक रचनामा यी सहिद र सहिद परिवारको बारेमा राज्य एवम् समाजले उचित ध्यान दिन नसकेको तर्फ ध्यान केन्द्रित गरेको पाइन्छ । यस अध्ययनमा देवेन्द्र अर्याल 'आँसु' को **सम्मान,** राजुराम मुनङ्कर्मीको **अपमान,** प्रदिप प्रधानको **सहिदको सम्मान,** महेश प्रसाईको **सहिदको जन्म** र पोष चापागाईको **सहिद** लघुकथालाई विश्लेषणका लागि उपयोग गरिएको छ :

(क) प्रमुख अतिथि चिप्लो कारबाट ओर्लेर उपस्थित समूहलाई सम्बोधन गर्दछन्, "उपस्थित जनसमुदाय, आज हामी हाम्रा महान् सहिदहरूको स्मृतिमा यहाँ उपस्थित भएका छौँ । जसको त्याग, तपस्या र बलिदानका कारणले गर्दा यो देशको मुहार हँसिलो भएको छ । उनीहरू मरेर गए पनि उनीहरूको नाम इतिहासमा अमर रहने छ । जसलाई हामी सदा सदा सम्झिरहने छौँ । त्यस्तै हामी ती वीर सपुतहरू जन्माउने आमाबाबुहरूलाई ठूलो आदर र सम्मान गर्छौं ।" त्यहाँ भीडको अलि पर एकाछेउमा ती सहिदको बाबु रोग र भोकसँग सङ्घर्ष गर्दै सडकमा लडिरहेका थिए । प्रमुख अतिथि नेताको उदगार सुनेर उनी गर्व गर्छन्, "आफ्नो छोरा शहिद भएकामा, तर आफूलाई धिक्कार्छन्, आफू सहिदको बाबु भएकोमा ।" (अर्याल. २०६६ : १८) ।

प्रस्तुत लघुकथांशमा सहिदको सम्मानका नाममा प्रमुख अतिथिले गरेको आडम्बरलाई प्रस्तुत गरिएको छ । सहिदको सम्मानका नाममा मीठा भाषण गर्ने तर सहिदका परिवारजन कहाँ के कस्तो अवस्थामा छन, तिनका बारेमा कुनै जानकारी नराख्ने प्रवृत्तिले सहिद एवम् सहिद परिवारको अपमान गरेको देखिन्छ । यहाँ सहिद परिवारको जीवन अत्यन्त कष्टकर भएर जीवन र मरणको दोसाँधमा हुँदा पनि कुनै वास्ता नगरिएको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा सहिद परिवारप्रति गरिएको उपेक्षाप्रति व्यङ्ग्यात्मक चेतना 'भीडको अलि पर एकाछेउमा ती सहिदको बाबु रोग र भोकसँग सङ्घर्ष गर्दै सडकमा लडिरहेको, प्रमुख अतिथि नेताको उदगार सुनेर उनले आफ्नो छोरा सहिद भएकोमा गर्व गरेको तर आफूलाई आफू सहिदको बाबु भएकोमा धिक्कारेको' कथनबाट व्यक्त भएको पाइन्छ ।

(ख) "विकासका क्रममा सहिदका परिवारलाई छात्रवृत्तिको कोटा पनि छुट्याइयो । छात्रवृत्तिको कोटामध्ये तिनै नेता महोदयका नजिकका नातेदारले सहिदका छोराछोरीले पाउने कोटा मिचेर विदेश जाने मौका पाएका थिए" (मुनङ्कर्मी. २०६२ : २३) ।

यस लघुकथांशमा सहिदका नाममा आएको छात्रवृत्ति नेताका आफन्तले पाएको स्थिति प्रस्तुत गरिएको छ । यहाँ सहिद परिवारलाई सहयोग गर्नुको साटो त्यसलाई आफ्ना शाखा सन्तानका निमित्त उपयोग गर्नाले उनीहरूमा सहिद एवम् सहिद परिवारप्रति कुनै पनि खाले संवेदना नरहेको र उनीहरूले सहिदको अपमान गरेको देखिन्छ । लघुकथांशमा राजनीतिक नेतामा भएको संवेदनहिनताप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) प्रभाले मञ्चमा उभिएर भनिन् तपाईंहरूले मेरो बच्चालाई पढाउनु पर्दैन । मलाई रोजगारी दिनुपर्दैन । मलाई केही दुःख छैन । मलाई कुनै पीडा छैन । मलाई एउटै मानसिक पीडा छ, तपाईं नेताहरूले सेरेमोनियल किङ्गलाई चलखेल गर्न दिनुपर्छ भनेर मेरो सहिद श्रीमान्को सालिकमाथि कालो अबीर पोत्दै हुनुहुन्छ । उपस्थित दर्शकहरूले कान ठाडोठाडो बनाएर सुनिरहन्छन् । सबैले हान्ने राँगोले आँखा रातो बनाएर नेताहरूलाई हेरिरहन्छन् । प्रभा आवेशमा आएर मुठी कसी उभिरहन्छिन् (प्रधान. २०६४ : १५) ।

प्रस्तुत लघुकथांशमा सहिदपत्नीले सरकारले आफ्ना लागि केही नगर्नु पर्ने तर देशलाई सही बाटोमा लगाउनुपर्ने आग्रह गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ नेपालको राजनीतिक इतिहासमा २०६२/०६३ को जनआन्दोलन पछि सेरोमोनियल किङ्गका नाममा पुरानै व्यवस्था कायम गर्न खोज्ने प्रवृत्ति मौलाएको सन्दर्भमा त्यस कार्यप्रति विरोधका साथै व्यङ्ग्यात्मक चेतनालाई व्यक्त गर्न सहिदपत्नीले 'सेरेमोनियल किङ्गलाई चलखेल गर्न दिनुपर्छ भनेर मेरो सहिद श्रीमान्को सालिकमाथि कालो अबीर पोतेको अभिव्यक्ति दिनु,

उपस्थित दर्शकहरूले कान ठाडो ठाडो बनाएर सुनेको, सबैले हान्ने राँगोले आँखा रातो बनाएर हेरेको' घटना सन्दर्भलाई व्यक्त गरिएको छ ।

(घ) अनायास त्यहाँ गोली चल्यो । फेरि एउटा अमुक व्यक्तिको लास ढल्यो । अर्कोदिनदेखि कुनै जुलुस निस्केन । लास ढलेको स्थानलाई सहिद स्मारकस्थल घोषित गरियो । केही दिनपछि त्यहाँ एउटा भव्य स्मारक निर्माण भयो । मन्त्रीजीद्वारा निर्धारित मितिमा स्मारक अनावरण सम्पन्न गरिने भयो । स्थानीय क्रान्तिकारी व्यक्तिहरू मन्त्रीजीद्वारा अनावरण गरिने समारोहका लागि आतुरतापूर्वक प्रतीक्षा गरिरहेका थिए । ....मन्त्रीजीसित आएका व्यक्तिहरूले औपचारिकता पूरा गरे । अनावरण पूरा भयो । अब वरपर कोही थिएनन् । केहीबेरमा त्यस सालिकमाथि एउटा चिल आएर बस्यो । र अलिकति बिस्टा पिच्च पारेर अज्ञात दिशातर्फ लाग्यो (प्रसाई. २०६८ : ४४) ।

प्रस्तुत लघुकथांशमा जनतालाई दमन नगर्ने सम्बन्धमा सरकार पक्षको कुनै भूमिका देखिँदैन बरु सहिदका नाममा स्मारक बनाउने र अनावरणका नाममा औपचारिकता मात्र निर्वाह गर्ने कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ सहिदको अपमान गरेका कार्यलाई प्रस्तुत गर्न मन्त्रीजीसित आएका व्यक्तिले औपचारिकता व्यक्त गरेको, अनावरण पूरा भएको, केही समयपछि सालिकमाथि एउटा चिल आएर अलिकति बिस्टा पिच्च पारेको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा सरकार जनता मारेर सहिदको खेती गर्ने कार्यमा तत्पर भएर लागेको, जनतामाथि दमन गरेको र सहिद जन्माउने कार्य गरेकामा त्यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतना आएको छ ।

(ङ) "पार्टी नफुटदा सबैले सहिद भनेको सहिदलाई फुटेको एउटा पार्टीले भन्यो, "यो सहिद हो ।" उसका कुरा सुनेर फुटेको अर्को पार्टीले भन्यो, "होइन, यो सहिद हुनै सक्दैन ।" बिचरो सहिद माथिबाट दुवै पार्टीलाई टुलुटुलु हेरिरहेको थियो" (चापागाई. २०६१ : ४०) ।

प्रस्तुत लघुकथांशमा पार्टीको विभाजनसँगै सहिदको पनि भागबण्डा गर्ने राजनीतिक पार्टीको निकृष्ट क्रियाकलापलाई व्यक्त गरिएको छ । यहाँ सहिदको अपमान गरेको विषयप्रति व्यङ्ग्य गर्न 'बिचरो सहिद माथिबाट दुवै पार्टीलाई हेरिरहेको थियो' संवाद प्रस्तुत गरिएको छ ।

यसरी नेपाली लघुकथा रचनामा सहिद र सहिद परिवारको अपमानका घटना प्रस्तुत भएका छन् । नेपाली लघुकथामा राजनीतिक नेतृत्वले सहिदको नाममा राजनीति गरेर पदप्रतिष्ठा प्राप्त गर्ने तर सहिदपरिवारको अपहेलना गर्ने गरेकोले यस्ता कार्यले जनतामा निराशा उत्पन्न गराउने विषय सन्दर्भ प्रस्तुत भएको छ ।

### (७) राजनीतिक ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापको वर्णन

नेपाली लघुकथामा राजनीतिक क्षेत्रमा हुने गरेका ठगीपूर्ण क्रियाकलाप एवम् भ्रष्टाचारजन्य क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यसप्रति व्यङ्ग्य समेत गरिएको पाइन्छ । लघुकथा रचनामा राजनीतिकर्मीले आफ्नो भविष्यभन्दा पनि आजको लाभमात्र हेर्ने कार्यले उनीहरूमा लोभलाभ एवम् स्वार्थ बढेको र त्यसले समाजमा विकृति ल्याएको प्रसङ्ग उल्लेख गरिएको छ । नेपाली लघुकथामा राजनीतिको आडमा देश र जनताप्रति घात गर्ने र भ्रष्टाचार गर्ने कार्य देश र जनताप्रतिको बेइमानी भएको र यस्तो कार्य गर्ने व्यक्ति जनतासामु नआउँदासम्म सम्मानित हुने, जनतासामु आउने बित्तिकै नाङ्गिने गरेको स्थितिबोध गरिएको छ । यस अध्ययनमा गोरखबहादुर सिंहको **विक्रमटेम्पोको धुँवा**, जगदिश नेपालीको **के खोज्छस् कानो आँखो** ?, गोविन्द भट्टराईको **विकास बजेट** र रामविक्रम थापाको **नेतृत्व विकास** लघुकथालाई विश्लेषणको सामग्रीको रूपमा उपयोग गरिएको छ :

(क) "त्यसै मन पराएको होइन कार्कीजी कालो धुँवा ।" केही परिवर्तित मुद्रामा मन्त्रीले भन्दै गए-"यो कालो धुवाँसँग मेरो घनिष्ट राजनीतिक सफलता गाँसिएको छ । पार्टीले गर्न नसकेको मेरो त्याग-तपस्याको मूल्याङ्कन यस टेम्पोको धुँवाले गरेको छ । यसरी मेरो दशौँ वर्षको जेलयातनाको क्षतिपूर्ति गरेको छ ।" । "त्यो कसरी मन्त्रीज्यू" कार्कीको आश्चर्यमा आश्चर्य थपियो । "यो विक्रमटेम्पो आयात गर्ने निर्णय मैले गरेको थिएँ ।" मन्त्रीले सन्तुष्ट हाँसोमा जवाफ दिए (सिंह. २०६५ : ९५-९६ ) ।

यस लघुकथांशमा मन्त्रीले विक्रम टेम्पोको आयात आफ्नै पालामा भएको र त्यसले आफूलाई आर्थिक लाभ दिएको कुरा व्यक्त गरेका छन् । यहाँ आफूले जीवनभर पाउन नसकेको आीर्थक लाभ यसै निर्णयबाट गरेको भनेर उनले हाकाहाकी आर्थिक अपचलन गरेको स्वीकारेका छन् । लघुकथांशमा भ्रष्ट मन्त्रीको गलत कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) गजुरेल बाजे पनि कम्ताका होइनन-दुवैलाई तराजुमा हाले फरक पर्ने छैनन् व्यहोराका लागि तर मानेको हात यसपटक माथि पऱ्यो । कारण पैरो बचाव उद्दार समितिको सचिवमा यसपालि उसले उछिन्यो । तानखुवा पारी पैरो गएको थियो । जसको सचिवमा न्वारन हुनासाथ तम्मरले वारी पारीका सबै गाउँ सखाप पाऱ्यो । अब क्या है । मानेका सक । भाग्यमानीको भूतै कमारा । उ सचिव हुनु । धमाधम पैरो र बाढी थपिनु । के खोज्छस् कानो आँखो ? (नेपाली. २०३९ : १४) ।

प्रस्तुत लघुकथांशमा बाढीपैरोका नाममा कागज मिलाएर भ्रष्टाचार गर्ने पैरो बचाव उद्दार समितिका सचिवको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ विपतमा परेका जनतालाई

सहयोग गर्नुको सट्टा उनीहरूको नाममा आएको सहयोग रकम एवम् सहयोग सामग्री हडप्ने कार्य गरेको देखाइएको छ । लघुकथांशमा समाजमा यसरी गलत कार्य गर्ने पात्रका कारण समाज नै भ्रष्ट भएको र जनताले दुःख पाएको विषयलाई व्यक्त गर्नाका साथै त्यस्तो कार्यप्रति छेडसमेत हानिएको छ ।

(ग) तीनवर्ष अगाडि गाउँमा पानीको अभाव देखाएर सार्वजनिक पोखरी खन्नका निम्ति बजेट निकास गराएछन् । ४-६ महिनापछि पोखरी खाली राख्नुभन्दा माछा पाल्नुमा दोहरो फाइदा हुने तथा सरकारी आयसमेत वृद्धि हुने लोभ देखाएर माछा पालनका लागि बजेट निकास गराएछन् । अन्ततः ६-७ महिना बितेपछि "रोगले माछा सखाप भयो । मरेको माछाको दुर्गन्धले गाउँलाई असर परेको छ, पोखरी छिट्टै नपुरे रोग व्याध फैलन सक्छ" भन्ने कारण देखाएर राजाराम बाबुले पोखरी पुर्न बजेट पास गराए । प्रजातन्त्रको उदय पछि पनि उनको विकासलीला उस्तै छ । गाउँलेहरूका अनुसार बजेट हरेक वर्ष निकासा हुन्छ तर काम भने नास्ति (भट्टराई. २०५९ : १६) ।

प्रस्तुत लघुकथांशमा हुँदै नभएको कुरालाई देखाएर बजेट निकासा गर्ने र काम केही नगर्ने राजनीतिक नेताको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ कागजमा सरकारी काम भएको देखाउने तर काम केही नगरेर बजेट जति आफूले हडप्ने कार्यले भ्रष्ट एवम् अनैतिक प्रवृत्तिलाई देखाउँछ । लघुकथांशमा भ्रष्टाचारजन्य कार्यप्रति व्यङ्ग्य गर्न 'प्रजातन्त्रको उदय पछि पनि उनको विकासलीला उस्तै छ । गाउँलेहरूका अनुसार बजेट हरेक वर्ष निकासा हुन्छ तर काम भने नास्ति' भनिएको छ ।

(घ) आफ्नै श्रीमतीको अध्यक्षतामा उसले एउटा सामाजिक क्लब गठन गरी दर्ता गराएर सबै छोराछोरीलाई सदस्य बनायो । आम जनतालाई उत्प्रेरित गराएर जनश्रमदानकै भरमा क्लबको कार्यालय भवन ठड्यायो । सरकारी बजेट कोषबाट मागेरै च्यादर लगायो । एनजीओ र आईएनजिओबाट प्राप्त आर्थिक अनुदानले आफ्नो नाममा खेतबारी किन्यो । अनि एकदिन क्लबको आवश्यकता नरहेको भाषण गरेर जनश्रमदान बाटै उक्त भवन भत्काउन लगाई त्यो च्यादर लगेर आफ्नो घरको छानो छायो । ढुङ्गा, माटो र काठ लगेर एउटा गतिलो मतान बनायो (थापा. २०५५ : २३) ।

प्रस्तुत लघुकथांशमा एक जना अनैतिक राजनीतिक कार्यकर्ताको भ्रष्ट क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ आफ्नो स्वार्थ अनुकूल क्लब बनाउने, छोराछोरीलाई सदस्य बनाउने, जनतालाई श्रमदान गर्न लगाएर कार्यालय भवन बनाउने, सरकारी बजेटबाट च्यादर लगाउने, एनजीओ र आइएनजीओबाट प्राप्त रकमबाट आफ्नो

नाममा खेतबारी किन्ने र जनश्रमदानबाट भवन भत्काउन लगाई च्यादरले आफ्नो घरको छानो छाउने एवम् ढुङ्गा, माटो र काठ लगेर गतिलो मतान बनाउने जस्ता उसका कार्यले आफूलाई केन्द्रमा राखेको देखिन्छ । आफ्नो स्वार्थका लागि जनताको न्यून चेतनाको फाइदा उठाई व्यक्तिगत आर्थिक लाभ प्राप्त गर्ने र सम्पत्ति जोडने कार्य गरेर उसले ठगी एवम् भ्रष्टाचार दुवै गरेको देखिन्छ । लघुकथांशमा एकजना भ्रष्ट गाउँले नेताको गलत क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको छ ।

यस अध्ययनमा राजनीतिका आडमा गरिने ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापलाई विषय बनाइएको छ । नेपाली लघुकथामा राजनीतिका आडमा गरिने ठगी एवम् भ्रष्टाचारजन्य गतिविधिलाई प्रस्तुत गर्नाका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य समेत गरिएको पाइन्छ ।

**(८) राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापको अभिव्यक्ति**

नेपाली लघुकथामा प्रस्तुत राजनीतिक सन्दर्भको अध्ययनका क्रममा राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापलाई पनि अध्ययनको मूल विषय बनाइएको छ । लघुकथा रचनामा नेपालको राजनीतिको महत्वपूर्ण निर्णयमा विदेशीको भूमिका रहँदै आएको, नेपालको आन्तरिक राजनीतिमा आफ्नो निर्णय आफै गर्न नसक्ने र विदेशीका भरमा शासन चलाउने शासकवर्गका अकर्मण्य क्रियाकलापका कारण नेपाली राजनीतिमा अव्यवस्थाको सिर्जना भएको अवस्थाबोध गरिएको छ । प्रस्तुत अध्ययनमा गोरखबहादुर सिंहको **बाजी** र किशन थापा 'अधिर'को **सर्प** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) तानातानीको क्रम निकैबेर चल्यो । यसरी अगाडी बढ्ने र खुट्टा तान्ने खिचातानी नटुङ्गिने देखेपछि हलको एक छेउबाट प्रस्ताव आयो-'यो तानातानीले राष्ट्राध्यक्षको टुङ्गो लाग्ने देखिएन । यो कुर्चीका लागि कसले केसम्म बाजी लगाउन सक्छ र कसको बाजी सबैभन्दा महत्त्वपूर्ण ठहरिन्छ, त्यसैका आधारमा राष्ट्राध्यक्ष घोषित गरौँ ।' प्रस्ताव स्वीकृत भयो । बाजी र छोटो परिचय भर्नुपर्ने ससाना फाराम वितरण गरिए, भरिए, सङ्कलन र विश्लेषण गरिए । तर त्यसरी पनि राष्ट्राध्यक्षको छनोटको टुङ्गो लाग्न सकेन । धेरैजसो कार्डको बाजीको महलमा लेखिएको थियो- 'आफ्नै देश'" (सिंह, २०६५ : ६१) ।

प्रस्तुत लघुकथांशमा सत्ता पाउनका लागि देशलाई नै दाउमा राख्ने चरम राष्ट्रघाती काम गर्न पनि पछि नपर्ने राजनीतिक नेताको पराधीन चिन्तन एवम् मानसिकताप्रति कठोर प्रहार गरिएको छ । देशभन्दा आफ्नो स्वार्थलाई ठूलो ठान्नेहरू देशका शत्रु भएको र देश र जनताभन्दा आफ्नो स्वार्थ एवम् पदलाई प्रमुख ठान्नेले देशको

बेइज्जत गरेको विषयलाई अभिव्यक्त गरिएको छ । राजनीतिकर्मीले पद र प्रतिष्ठाका लागि विदेशीको दलाली गर्ने प्रवृत्तिप्रतिको व्यङ्ग्यात्मक चेतना 'त्यसरी पनि राष्ट्राध्यक्षको छनोटको टुङ्गो लाग्न सकेन । धेरैजसो कार्डको बाजीको महलमा लेखिएको थियो-'आफ्नै देश'" भनाइमा प्रकट भएको छ । यहाँ राजनीतिक नेतृत्वको राष्ट्रघाती चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) "आफ्नो देशका उद्योगहरूलाई फस्टाउन दिएर मलाई के नै फाइदा हुन्छ र ? बाहिरको उद्योगलाई सहायता गर्दा कति फाइदाहरू पाइरहेछु....गन्न सकिन्छ ?" (थापा. २०६० : ४२)

प्रस्तुत लघुकथांशमा एक राजनीतिक नेताले आफ्नो निजी आर्थिक लाभका लागि आफ्नो देशका उद्योगलाई फस्टाउन दिनुको साटो विदेशी उद्योगलाई सहायता गरेको विषय प्रस्तुत गरिएको छ । यहाँ उसको व्यक्तिगत लाभ खोज्ने प्रवृत्ति 'बाहिरको उद्योगलाई सहायता गर्दा कति फाइदाहरू पाइरहेछु...गन्न सकिन्छ ?' भन्ने भनाइबाट पुष्टि हुन्छ । लघुकथांशमा राजनीतिक नेताको देश विरोधी कार्यलाई प्रस्तुत गर्नाका साथै उक्त कार्यप्रतिको व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

माथि उल्लिखित लघुकथा रचनामा राजनीतिक नेतृत्वको विदेशपरस्त क्रियाकलाप एवम् गतिविधिको विरोध गरिएको छ । त्यस्ता क्रियाकलापका कारण देश र समाजले दुःख पाएकाले उक्त गलत कार्य गर्ने व्यक्तिप्रतिको घृणा एवम् अविश्वासको चेतनासमेत अभिव्यक्त भएको छ ।

**(९) विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारको चित्रण**

नेपाली लघुकथामा विदेशीको हेपाहा प्रवृति एवम् असमान व्यवहारलाई अध्ययनको मूल विषय बनाइएको छ । लघुकथा रचनामा कतिपय हाम्रा पराधीन चिन्तनका कारण विदेशीले हामीलाई हेप्ने तथा असमान व्यवहार गर्ने गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । नेपाली लघुकथा रचनामा विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारले हाम्रो राजनैतिक एवम् सामाजिक जीवन प्रभावित गरेको सन्दर्भ प्रस्तुत गर्नाका साथै त्यस्तो क्रियाकलापप्रतिको असहमति एवम् विरोधको चेतना व्यक्त हुँदै आएको छ । यस अध्ययनमा कृष्ण शाह 'यात्री'को **जङ्गे पिलर,** रामचन्द्र नेपालको **उनीहरू कति वर आए** ? एवम् भीम राना 'जिज्ञासु'को **चश्मा** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) केही दिनपछि रातारात गाउँको सीमा क्षेत्रको जङ्गे पिलर (सीमा स्तम्भ) ढालियो र नयाँ सीमास्तम्भ बन्यो । जोगिन्दर आफ्नो माटो अपहरणमा परेको पीडाले रन्थनियो । उसले चारैतिरका मन मिल्ने साथीहरू बटुलेर विद्रोह पनि गऱ्यो । प्रशासन घेर्नेदेखि मनोमानी गर्नेहरूको भण्डाफोर गर्ने समूह नै बनायो ।

जोगिन्दरहरूको आवाज सम्बन्धित निकायका कसैले पनि सुनेनन् । सरकार र स्थानीय प्रशासनसमेत पटक्कै चासो नदिई मौन रहे, माथिकाको आदेश भन्दै (शाह. २०६९ : ११४) ।

प्रस्तुत लघुकथांशमा जनता सीमा अतिक्रमणका विरूद्ध सचेत भएको घटना प्रस्तुत गरिएको छ । जनताले अतिक्रमण विरोधी आवाज उठाए पनि सरकार र स्थानिय प्रशासनले कुनै वास्ता नगरेको पीडाजन्य स्थितिबोध गरिएको छ । यहाँ निरीह एवम् लाचार सरकार र स्थानीय प्रशासनका कारण जनताले दुःख पाएको अवस्थाले नेपाली स्वाभिमान छियाछिया भएको अवस्थालाई प्रस्तुत गरेको छ । लघुकथांशमा सरकार र स्थानीय प्रशासनको लापरवाहीपूर्ण कार्यप्रतिको व्यङ्ग्यात्मक चेतना 'सरकार र स्थानीय प्रशासनसमेत पटक्कै चासो नदिई मौन रहे, माथिको आदेश भन्दै' भनाइमा अभिव्यक्त भएको छ ।

(ख) "काउन्टर पार्ट बैठकपूर्व एकदिन दलका स्थानीय नेता र प्रशासकबीच सीमामा उताबाट बनाएको बाँध, अतिक्रमण र ज्यादतीबारेको समीक्षा गोष्ठीमा सुरक्षातर्फबाट यो प्रस्तुत गरियो "हजुर...नाकाबाट ....दैनिक...बोरा...आए ।" राजनीतिक दलका एक स्थानीय नेताले प्रश्न गरे-"हजुर, त्यसभन्दा पनि भन्नोस् त, सीमामा उनीहरू कति वर आए ?" त्यसपछि त्यहाँ उपस्थित भएकाहरू मुखामुख गर्न थाले" (नेपाल. २०६९ : ५३) ।

प्रस्तुत लघुकथांशमा सर्वदलीय बैठकका क्रममा सीमाबाट सामान कति आए र गएको रिपोर्ट प्रस्तुत गर्ने तर भारतीय पक्षले सीमा अतिक्रमण गरेको कुरालाई प्रस्तुत गर्न नचाहने सुरक्षासँग सम्बन्धित व्यक्तिहरूको रिपोर्ट गर्ने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । नेपालको सुरक्षातर्फका जिम्मेवार व्यक्तिहरूमा सकेसम्म भारतीय पक्षले सीमा अतिक्रमण गरेको विषय बैठकमा पेस गर्नु नपरोस् भन्ने चाहना व्यक्त भएको छ । नेपालको सुरक्षा संयन्त्रमा रहेका व्यक्तिहरूमा हीन मानसिकता रहेको, उनीहरूले भारतीय पक्षसँग सकेसम्म विवाद गर्नु नपरोस् र कुनै समस्या बिना जागीर खानु परिरहोस् भन्ने खाले चिन्तनमा बाँचेको यथार्थ प्रस्तुत गरिएको छ । राजनीतिक दलका नेताले सोध्दा त्यहाँ उपस्थित भएकाहरू मुखामुख गर्न थाल्नुले ती व्यक्तिहरूमा लाचारी र हीनताबोध रहेको स्थितिबोध भएको छ । लघुकथांशमा विदेशीसँग झुक्ने प्रवृत्तिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) लगभग दाजुभाइको एकै प्रकारको डकुमेन्ट...। भाइले भिसा पाउने मैले किन नपाउने ? भनेर अमेरिकी दूतावाससँग दाजुले स्पष्टीकरण मागे । दूतावासले के जवाफ दियो भने उसको भाइले भिसा पाउनुको मुख्य कारण नै चस्मा भएको बतायो । झन् ऊ त्यो कारणले अलमल्लै पऱ्यो । तर दूतावासले यो तर्क दियो की- सामान्यतया चस्मा लगाउने व्यक्ति भलादमी वा कुनै कुरामा दक्खल हुन्छन् । अर्थात्

कुनै कुरामा लगनशीलता राखेकाले नै उसलाई चस्मा लगाउने आवश्यकता परेको हो (राना. २०६६ : १७) ।

प्रस्तुत लघुकथांशमा अमेरिकी दूतावासले एउटै किसिमको मुद्दामा एउटालाई अनुकूल र अर्कोलाई प्रतिकूल मान्ने कार्य गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ मानिसको क्षमताको निर्धारक उसको योग्यता एवम् क्षमता भएको, उसले चस्मा लगाउनु र नलगाउनुले उसको बारेमा केही थाहा पाउन नसकिने तथ्यतर्फ आँखा चिम्लेको विचार व्यक्त गरिएको छ । लघुकथांशमा विदेशी राजदूतावासको विभेद विरोधी चेतना अभिव्यक्त भएको छ । यस अध्ययनमा विदेशीको नेपाल र नेपालीप्रतिको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारसँग सम्बन्धित क्रियाकलापलाई कुशलताका साथ प्रस्तुत गर्नाका साथै हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारप्रतिको असहमत चेतनासमेत प्रकट भएको छ ।

राजनैतिक अव्यवस्थाको चित्रण शिर्षक अर्न्तगत नौ उपशिर्षक निर्धारण गरेर अध्ययन गरिएको छ। यस अध्ययनका निष्कर्षलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

(क) नेपाली लघुकथामा शासनशैलीप्रति असन्तुष्टिको अभिव्यक्तिसँग सम्बन्धित रचना प्रस्तुत भएका छन् । शासनशैलीमा रहेका कमजोर पक्षका कारण जनतामा असन्तुष्टि बढेको र त्यसको कुनै न कुनै किसिमले अभिव्यक्ति हुने भएको हुँदा यस्ता खाले विषय सन्दर्भलाई आफ्ना रचनाका माध्यमबाट व्यक्त गरिएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा राजनीतिक व्यवस्थाका विकृति-विसङ्गति एवम् भाँडभैलोको चित्रण गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त यस्ता प्रवृत्ति र ती प्रवृत्तिप्रतिको असहमति एवम् व्यङ्ग्यको चेतनालाई अध्ययन गरिएको छ ।

(ग) नेपाली लघुकथामा प्रजातान्त्रिक मूल्यबोधको अभावको प्रस्तुतिसँग सम्बन्धित रचना प्रकाशित भएको पाइन्छ । यस अध्ययनमा नेपालको राजनीतिक नेतृत्वमा रहेको प्रजातान्त्रिक मूल्यबोधको अभाव र सो अभावका कारण सिर्जना भएको परिवेशले उत्पन्न गरेको चेतनालाई अभिव्यक्त गरिएको पाइन्छ ।

(घ) नेपाली लघुकथामा नेताहरूको दुश्चरित्रतासँग सम्बन्धित घटनाको प्रस्तुति पाइन्छ । यस अध्ययनमा नेताहरूको दुश्चरित्रताका कारण समाजमा उत्पन्न भएको कुप्रभाव र सो कुप्रभाव विरोधी चेतलाई प्रस्तुत गरिएको छ ।

(ङ) नेपाली लघुकथामा राजनीतिकर्मीले गर्ने सत्ता दुरूपयोग र राजनीतिकरणका घटनालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा सत्ताको दुरुपयोग र राजनीतिकरणजन्य गतिविधिका कारण समाजमा परेको प्रभाव र सो प्रभावले प्रभावित जनताको चेतनालाई व्यक्त गरिएको छ ।

(च) नेपाली लघुकथामा सहिद र सहिद परिवारको अपमानका घटनाको चित्रण गरिएको पाइन्छ । यस अध्ययनमा त्यस्ता गलत गतिविधिका कारण समाजमा परेको प्रभाव र सो प्रभावले उत्पन्न चेतनालाई प्रस्तुत गरिएको छ । सहिद र सहिद परिवारको सम्मानभावको चेतना सशक्त ढङ्गले अभिव्यक्त भएको छ ।

(छ) नेपाली लघुकथामा राजनीतिक ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापको वर्णन पाइन्छ । यस्ता ठगीपूर्ण क्रियाकलाप गर्नेप्रति असहमत चेतना व्यक्त भएको छ । यस अध्ययनमा राजनीतिको नाममा ठगी गर्ने र भ्रष्टाचार गर्ने व्यक्ति एवम् समूहप्रतिको विरोधको चेतनालाई प्रस्तुत गरिएको छ ।

(ज) नेपाली लघुकथामा राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापको अभिव्यक्ति पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापका घटना भएका रचनालाई अध्ययनको सामग्री बनाइएको छ । नेपाली लघुकथामा राजनीतिक नेतृत्वका विदेशपरस्त प्रवृत्ति एव्म क्रियाकलापप्रति विरोध एवम् घृणाको भाव व्यक्त भएको पाइन्छ ।

(झ) नेपाली लघुकथामा विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारको चित्रणसँग सम्बन्धित रचनाहरु प्रस्तुत भएका छन् । यस अध्ययनमा विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारसँग सम्बन्धित रचनामा अभिव्यक्त हेपाहा प्रवृत्ति विरोधी र देशभक्तिपूर्ण चेतनालाई प्रस्तुत गरिएको छ ।

### ४.२.१.३ सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण

नेपाली लघुकथामा सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण गरिएका रचनाहरू प्रकाशित हुँदै आएका छन् । नेपाली लघुकथामा विगत २०५२-०६२ सालसम्मको नेपाली समाज द्वन्द्वको अति शिकार बनेको, सरकार र विद्रोही पक्षका बीच भएको भीडन्तमा ती पक्षसँग सम्बन्धित नागरिक मात्र नभएर सामान्य नेपाली नागरिकले समेत ज्यान गुमाउने, अङ्गभङ्ग हुने एवम् घरबार विहीन भएर बाँच्नुपर्ने विडम्बनापूर्ण स्थितिलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा समाजमा भएको हिंसाजन्य गतिविधिले गर्दा आम नागरिकले बाँच्न मुस्किल भएको सन्दर्भमा नेपाली समाजमा भएका घटनाको प्रभावलाई प्रस्तुत गर्नाका साथै तत्कालीन नेपाली समाजलाई हेर्ने फरक-फरक खाले दृष्टिकोणलाई अभिव्यञ्जित गरिएको छ । नेपाली समाजको सशस्त्र द्वन्द्वजन्य पृष्ठभूमि र सो पृष्ठभूमिले निर्माण गरेको नेपाली समाजको चेतनालाई अध्ययन गरिएको छ । उक्त समयावधिको नेपाली समाजको अवस्थालाई प्रस्तुत गर्ने सन्दर्भमा नेपाली लघुकथामा आएका विचार चिन्तनलाई विश्लेषणका लागि भय एवम् सन्त्रासमय परिस्थितिको चित्रण, द्वन्द्वबाट आक्रान्त

मानसिकता, पीडाबोध र असुरक्षाका घटनाको प्रस्तुति, शान्तिको कामना र युद्धविरामको चाहनाको अभिव्यक्ति, द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम् विरोधको भावनाको अभिव्यक्ति एवम् द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रण उपशीर्षक निर्धारण गरेर अध्ययन गरिएको छ ।

**(१) भय एवम् सन्त्रासमय परिस्थितिको चित्रण**

नेपाली लघुकथामा विगत द्वन्द्वमय समयमा भएका घटना एवम् क्रियाकलापलाई विषय बनाइएको पाइन्छ । नेपाली लघुकथा लेखकमा यस अवधिको नेपाली समाज र समाजको चेतनाको प्रभाव परेको पाइन्छ । यस समयका घटनालाई विषय बनाउने क्रममा जनतामा परेको भय एवम् सन्त्रासको अवस्थाको चित्रण गरिएको छ । यस अध्ययनमा हरिप्रसाद भण्डारीको **हेल्लो ! आवाजै आएन...**, प्रयास सौरभ श्रेष्ठको **शीर्ष समाचार**, एलबी क्षेत्रीको **त्रिशङ्कु गाउँको राजा**, प्रदिप प्रधानको **शान्ति**, बद्री पलिखेको **उग्रवादी** एवम् रामचन्द्र नेपालको **रातहरू** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) "ल ठीक छ, अनि गाउँमा शान्तिसुरक्षाको स्थिति कस्तो छ नि ?" "हेल्लो के भन्नुभएको दाजु ? आवाजै बुझिएन, राखें ल ?" एकैछिनमा फोनमा टुँइटुँइ आवाजमात्र आयो (भण्डारी. २०६३ : ८६) ।

प्रस्तुत लघुकथांशमा गाउँमा शान्तिसुरक्षाको स्थिति कस्तो छ ? भनेर सोध्दा आवाज सुनिएन भन्नु र फोन बन्द हुनुले तत्कालीन समयमा भएको त्रासको अवस्थालाई चित्रण गर्दछ । शान्तिसुरक्षाको कुरा गर्दा ज्यान गुमाउनु पर्ने हो भन्ने त्रासले पनि आवाज बुझिएन भन्नु र फोन राखिएको छ । लघुकथांशमा तत्कालीन समयमा आम मानिसमा रहेको भय एवम् त्रासको चेतनालाई प्रस्तुत गरिएको छ ।

(ख) देशमा अराजकता फैलियो । अशान्ति, हुलदङ्गा, अन्योल, त्रासको वातावरण सिर्जना भयो । यसै विषयलाई लिएर थुप्रै जनताहरू मिली आन्दोलन गरे ....लाठी चार्ज भयो....अन्त्यमा गोली चल्यो । भोलिपल्ट देशको प्रसिद्ध समाचारपत्रको शीर्ष समाचारमा छापियो "ठाउँ ठाउँमा शान्ति-सुरक्षा खल्बलाउने आन्दोलनकारीको मृत्यु....गिरफ्तार ।.....घाइते" (श्रेष्ठ. २०५८ : ३८) ।

यस लघुकथांशमा जनताले शान्ति सुरक्षाको माग गरेर आन्दोलन गर्दा जनताको मागलाई पूरा गर्नुको साटो उनीहरुमाथि दमन गर्ने र गलत सूचना सम्प्रेषण गर्ने समाचारपत्रको गलत क्रियाकलाप व्यक्त भएको छ । जनताले उठाएका जायज मागलाई सम्बोधन गर्नुको साटो दमन गर्नुले द्वन्द्वलाई अझ चर्काएको घटना देखिन्छ । लघुकथांशमा शासकवर्गको दमन गर्ने र समाचारपत्रको गलत समाचार प्रकाशन कार्यप्रति असहमतिको व्यक्त भएको छ ।

(ग) "त्रिशङ्कु गाउँको दृश्य हृदयविदारक बन्न पुगेको छ । वृद्धहरू टाउकामा हात राखी आँशु बगाइरहेका छन् । युवक र किशोरहरू छिमेक अथवा समुद्रपारिका राज्यहरूमा पलायन हुँदैछन् । परिस्थितिको मूल्याङ्कन गर्न असमर्थ बालकहरू आगोले ध्वस्त पारेका ठाउँहरूलाई क्रीडास्थल बनाउन प्रयत्नरत छन्" (क्षेत्री. २०६४ : १६) ।

प्रस्तुत लघुकथांशमा द्वन्द्वकालीन समयको भयावहता प्रस्तुत गरिएको छ । गाउँको दृश्य हृदयविदारक बनेको, वृद्धहरू टाउकामा हात राखेर आँशु बगाएको, युवक र किशोर विदेश पलायन भएको घटनाले समाजमा मानिस बस्न नसक्ने अवस्था सिर्जना भएको स्थितिबोध गरिएको छ । लघुकथांशमा युद्धका कारण समाजमा व्याप्त भय र सन्त्रासको अवस्थालाई सशक्त किसिमले चित्रण गर्नुका साथै युद्धबाट सिर्जित सन्त्रासमय जीवन विरोधी चेतनालाई कुशलतापूर्वक प्रस्तुत गरिएको छ ।

(घ) चारैतिरबाट सुरक्षाकर्मीहरू राइफल तन्काउँदै आइपुगे । चारैतिरबाट बन्दुकको कुन्दाले मायालाई पिटन थाले । रणबहादुर तामाङले आँशु झार्दै चुप लागेर हेरिरहे । कुनै शब्द ओकल्न सकिरहेका थिएनन् । कतै बन्दुक आफूमाथि सोझिने हो कि भनेर । सेनाको जवान भन्दै थियो-मस्तीसँग जिन्दगी बिताउने भनेर विवाह गरेको हैन ? तैंलै विवाह गर्दा विवाह गरेर छापामार जन्माउने तेरो दृढ सङ्कल्प हैन ? लौ खा ! भनेर बन्दुक सोझ्याएर तानिहाल्यो् । हेर्दाहेर्दै मायाले आमा आमा शब्द ओकलेर प्राण त्यागी । आँशु झार्दै रणबहादुर भन्दै थियो, "ए हजुर ! यसको लोग्ने माओवादीमा लागेको थाहा पाएर मेरी छोरीलाई माइत राखेकी हुँ ?" सुरक्षाकर्मीले भने-" ढिलो भयो । हाम्रो कर्तव्य पूरा भयो । हाम्रो काम दुश्मनलाई परास्त गरेर शान्ति ल्याउनु मात्र हो ।" (प्रधान. २०६४ : १६) ।

प्रस्तुत लघुकथांशमा माओवादी नियन्त्रणका नाममा निर्दोष जनताको हत्या गर्ने सुरक्षाकर्मीको बर्बरतापूर्ण क्रियाकलाप प्रस्तुत गरिएको छ । यहाँ मायालाई माओवादीकी पत्नी भएकै आधारमा सुरक्षाकर्मीले कुटेर मारेकामा कसैको नातागोता वा आफन्त माओवादी हुँदैमा त्यसको हत्या गर्ने कार्य गरेर समाजमा बदलाको भावना बढाएको र द्वन्द्व चर्केको अवस्थालाई व्यक्त गरिएको छ । शासकवर्गको गलत कार्यप्रति व्यङ्ग्य गर्न मायाको बाबु रणबहादुरले यसको लोग्ने माओवादीमा लागेकोले छोरीलाई माइत राखेको विचार राख्दा सुरक्षाकर्मीले आफूले मायालाई मारेर आफ्नो कर्तव्य पूरा गरेको भनेको भनाइ प्रस्तुत गरिएको छ । लघुकथांशमा निर्दोष जनता मार्ने र समाजमा सन्त्रास कायम गर्ने कार्यप्रति विरोधको चेतना व्यक्त भएको छ ।

(ङ) मुलुकभर विद्यार्थी आन्दोलन चर्किरहेको थियो । प्रहरी प्रशासन आन्दोलन दबाउन लागिरहेको थियो । रत्नध्वाखा गोली लागेर छट्पटाउन थाल्छ । रगतको आहालमा

मुट्ठीभित्र टोकन लिएर प्राण त्याग्न छट्पटिन थाल्छ । सहरमा भय र आतङ्क छ । रत्नध्याखाको यसरी हत्या भयो ।....प्रहरीले तनाव र उत्तेजनाको बीच तयारी मुचुल्कामा प्रहरीले सबै प्रहरीहरूलाई सहीछाप र सही गराई रत्नध्याखा उग्रवादीको नाइके भएकाले स्थिति नियन्त्रणका लागि गोली चलाउँदा रत्नध्याखाको घटनास्थलमा मृत्यु भएको हो भनी एकपक्षीय सरजमिन गर्छ (पलिखे. २०६० : ५७) ।

प्रस्तुत लघुकथांशमा विद्यार्थी आन्दोलनका क्रममा सरकार पक्षको गाली लागेर मरेको विद्यार्थीलाई जर्बजस्ती उग्रवादीको नाइके घोषणा गरेर सरजमिन गर्ने प्रहरी प्रशासनका मानिसको क्रियाकलाप प्रस्तुत गरिएको छ । आम नागरिकलाई उग्रवादी भनेर सरजमिन गर्नु एकातिर आफूले गरेको हत्या दबाउने नियत देखिन्छ भने अर्कातिर उग्रवादीको नाम लिएर आफ्नो प्रमोसन एवम् राज्यबाट लाभ लिन चाहने मानसिकता देखिन्छ । यहाँ मानवताविरोधी क्रियाकलापलाई प्रस्तुत गर्न तयारी मुचुल्कामा सबै प्रहरीलाई सहीछाप र सही गराउने, रत्नध्याखा उग्रवादीका नाइके भएकोले स्थिति नियन्त्रणको लागि गोली चलाउँदा उसको घटनास्थलमा मृत्यु भएको देखाउनुले प्रमाणित गरेको तथ्यको प्रमाणित गरेको छ । लघुकथांशमा जनताको हत्या गरेर मुठभेडको नाम दिने प्रहरी प्रशासनको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यञ्जित भएको छ ।

(च) "मलाई त बोल्न नि डर लाग्छ ।" हातको इशाराले बस्नेतनीले खुसुक्क भनिन,"जोशी पनि राति आफ्ना घराँ सुत्दैनन् क्या"....हाम्रा जस्तै !" बस्नेतनी बिस्तारै घरतिर लागिन् । द्वन्द्व चुलीमा पुगेको त्यो समयमा अस्ताउँदो घामका पहेँला किरणले सिङ्गो गाउँलाई औडाहा ओढाएभैं लाग्थ्यो (नेपाल. २०६९ : १०३) ।

प्रस्तुत लघुकथांशमा पचासको दशकपछिको नेपाली समाजमा व्याप्त त्रासमय जीवनलाई प्रस्तुत गरिएको छ । लघुकथामा गाउँमा मानिस राती घरमा बस्न डराएर अन्य विकल्प खोज्ने गरेको र घरबाहिर नै बस्ने गरेको स्थितिलाई देखाइएको छ । लघुकथांशमा नेपाली समाजमा भय र त्रास व्याप्त भएको समयमा ग्रामीण जीवनमा व्याप्त त्रासमय अनुभूति र ती अनुभूतिले उत्पन्न गरेको मानसिक तनावको चेतनालाई प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा विगत द्वन्द्वमय समयमा भएका घटना एवम् क्रियाकलापलाई विषय बनाउनाका साथै भयबाट मुक्ति चाहने आम नेपाली नागरिकको चाहनासँग सम्बन्धित लघुकथाको विश्लेषण गरिएको छ । नेपाली लघुकथामा विगतको भय एवम् सन्त्रासमय जीवनका सर्जक सरकार एवम् विद्रोही पक्षले गरेका क्रियाकलापले आम मानिसमा उत्पन्न भएको भय एवम् सन्त्रास र सो सन्त्रासले सिर्जना गरेको मानसिक तनावलाई अध्ययनको विषय बनाइएको छ ।

**(२) द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनाको प्रस्तुति**

नेपाली लघुकथामा राजनीतिक चेतनाअन्र्तगत अध्ययनको एक मुख्य विषयका रूपमा द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षालाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा विगत द्वन्द्वकालमा नेपाली समाजमा भएका क्रियाकलाप र तिनले नेपाली समाजमा पारेको चिन्तनगत प्रभावको अध्ययन गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनालाई प्रस्तुत गर्नाका साथै ती घटनाले नेपाली समाजको चेतनामा पारेको प्रभावसमेत प्रस्तुत गरिएको छ । यस अध्ययनमा भीम राना 'जिज्ञासु'को **कफ्र्यू लागेको दिन,** प्रयास सौरभ श्रेष्ठको **खण्डहर सपनाहरू,** हरिप्रसाद भण्डारीको **सत्ताको एजेण्ट,** प्रदिप प्रधानको **हारजित** र बद्री पलिखेको **कर्फ्यू** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) समय दिन नसकेकै कारण उसकी स्वास्नी पोइला गई । यसैको पीरले ऊ विक्षिप्त भयो ।....देशमा एक्कासी कफ्र्यू लाग्यो । बिदा लिन्छु भन्दा पनि पाएन झन् ड्युटीमा खटिनुपऱ्यो । संयोगवश उसले ड्युटी गर्दा एउटा घरको कौसीमा श्रीमती र जारलाई देख्यो । रिस थाम्न नसकी आफ्नो एसएलआर सोझ्यायो र हान्यो । दुवै त्यहीँ ढल्यो । उसले भने सन्तोषको सास फेऱ्यो । भरे सरकारी टेलिभिजनमा त्यस घटनाबारे के समाचार सम्प्रेषण भयो भने-"ड्युटीमा बसेको सैनिकमाथि आक्रमण गर्दा दुई आतङ्ककारीको हत्या !" (राना. २०६६ : ७ ) ।

प्रस्तुत लघुकथांशमा पचासको दशकपछिको नेपाली समाजमा जनताको जीवन कतिसम्म असुरक्षित थियो भन्ने विषय सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ एकजना सनकी सुरक्षाकर्मीले आफ्नो व्यक्तिगत बदला लिनका आफ्नो जार र पूर्व पत्नीको हत्या गरेको प्रसङ्ग आएको छ । यसरी हत्या गर्ने सैनिकलाई कारवाही गर्नुको साटो सैनिकमाथि आक्रमण गरेको आरोप लगाउनु, आतङ्ककारीको बिल्ला लगाउनुले तत्कालीन सरकार एवम् सुरक्षा संयन्त्रको क्रूरता र संवेदनहीनता अभिव्यक्त भएको छ । लघुकथांशमा द्वन्द्वकालमा मानिसको जीवनको असुरक्षाको स्थितिलाई प्रस्तुत गर्नाका साथै तत्कालीन नेपाली समाजमा हिंसाजन्य सोचको चेतनालाई व्यक्त गरिएको छ ।

(ख) विश्वास मरिसकेको छैन । भन्नेहरू भन्छन्-"सातसालको क्रान्तिताका लोग्नेलाई झुण्ड्याइएको छ । छोरो सहर पढ्न गएको...ऊ पनि फर्कदैन । ......छोरो महान् सहिद भयो रे । झुपडीको छानो चुहिएको छ । आँखामा बलिन्द्र धारा आँशुका नदी बगिरहेछन् .....यतिखेर सहिद दिवस मनाउने त्यहाँ कोही उपस्थित छैनन् (श्रेष्ठ. २०५८ : ५३) ।

प्रस्तुत लघुकथांशमा सहिद परिवारको जीवनको त्रासदीलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक आन्दोलनका विभिन्न समयमा ज्यान गुमाउन पुगेको परिवारका सदस्यले कसरी पीडा एवम् एकाकीपनको सामना गर्नुपर्छ र उनीहरूको जीवन कसरी असुरक्षित हुन्छ भन्ने कुरा व्यक्त भएको छ । लघुकथा रचनामा राजनीतिक द्वन्द्व एवम् आन्दोलनका क्रममा जीवन गुमाउने सहिद परिवारको पीडाबोध एवम् जीवनको असुरक्षाको अनुभूतिलाई व्यक्त गर्नाका साथै पीडाबोधी एवम् एकाकीपनको चेतनालाई व्यक्त गरिएको छ ।

(ग) "म सरकारी कर्मचारी, सरकारी कामको सिलसिलामा पल्लो गाउँमा जाँदै छु ।" गर्वसाथ उत्तर दियो र थप पुष्टिका लागि अन्डरबियरको भित्र लुकाइराखेको परिचय-पत्र निकालेर देखायो । ...."सुरक्षा व्यवस्था राम्रै रहेछ ।" मनमनै सोच्दै थियो । एकजना सैनिकले उसलाई पाखुरामा समाएर अलि पर लग्यो, कमान्डरका अगाडि उभ्यायो र उसलाई देखाउँदै भन्यो-"कामरेड ! यो त सामन्ती सत्ताको एजेन्ट पो रहेछ ।" (भण्डारी. २०६३ : १०१) ।

प्रस्तुत लघुकथांशमा एक कर्मचारीले यात्रा गर्दा सैनिक भनेर आफ्नो परिचय पत्र देखाएकामा सैनिक ठानिएका मानिस सैनिक नभएको माओवादी लडाका भएको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ ती माओवादी लडाकाले उक्त कर्मचारीलाई आफ्नो कमान्डरका अगाडी उभ्याउनु र सामन्ती सत्ताको एजेन्ट भनेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यसरी तत्कालीन समयमा द्वन्द्वका कारण जनता दोहरो शङ्कामा रहेको, असुरक्षाभावले ग्रस्त रहेको स्थितिबोध गरिएको छ । कर्मचारीले सुरक्षित हुने आसमा परिचयपत्र देखाएकामा उसको त्यस कार्यले असुरक्षा बढाएको छ । पचासको दशकयताको नेपाली समाजमा व्याप्त असुरक्षा एवम् पीडाबोधको भावना व्यक्त भएको छ । तत्कालीन समयमा युद्धरत पक्षबीच हिंसा-प्रतिहिंसाको भावना, घृणा एवम् अविश्वासको चक्रमा एक सामान्य कर्मचारी कसरी पिल्सिन पुग्छ भन्ने तथ्यलाई व्यक्त गरिएको छ । लघुकथांशमा तत्कालीन समयमा द्वन्द्वले निम्त्याएको मानसिकताबाट सिर्जित भयबोधी चेतना व्यक्त भएको छ ।

(घ) चारैतिरबाट दुस्मनको किल्लाभित्र चौकीमा पुगे । सबै क्षतविक्षत लासहरू छतरिएका थिए । कमान्डरले लास हेर्दै गए । एउटा लासमा ऊ अडियो । ऊ अघि बढ्न सकेन । ऊ एकदमै गम्भीर भयो । आफ्नो ठूलोबाको छोरा हवल्दार रणबहादुर कार्कीको लास पो रहेछ । सँगै एउटै चौरमा खेलिआएको दाइ रणबहादुर । आँखाभरि आँसु बनाउँदै डिकबहादुरले टोपी खोलेर ढोग गऱ्यो । कमान्डर डिकबहादुरले आफ्ना साथीहरूलाई भन्यौ-कस्तो युद्ध ? न हार न जितको (प्रधान. २०६४ : २२) ।

प्रस्तुत लघुकथांशमा पचासको दशकयताको नेपाली समाजका द्वन्द्वग्रस्त एवम् हिंसाजन्य परिवेशको चित्रण गरिएको छ । यहाँ विद्रोही पक्षको कमाण्डरले दुस्मन सिध्याएको

खुसीमा किल्लाभित्र पस्दा लासका रूपमा आफ्नै ठूलोबाको छोरा, दाजुलाई देखेपछि उसमा उत्पन्न भएको पीडाबोधका साथै अपराधबोधलाई व्यक्त गरिएको छ । यस घटनाले उसमा युद्धप्रति वितृष्णा जाहेर भएर यस्तो खाले युद्धलाई हार न जितको रूपमा विश्लेषण गरेको प्रसङ्ग उल्लेख गरिएको छ । लघुकथांशमा युद्धले ल्याएको विभत्सता र त्यसले गरेको मानवमूल्यको उपेक्षा नै मूलचेतनाका रूपमा प्रस्तुत भएको छ । हिंसाजन्य परिवेशप्रतिको विमतिका साथै युद्धले निम्त्याएको पीडाबोधी चेतना अभिव्यक्त भएको छ ।

(ङ) एउटा पागल कर्फ्यू तोडेकामा गोली लागेर ढल्यो । एउटी पात बेच्ने आइमाईलाई पनि गोली लाग्यो । उनी रगतको आहालमा छटपटिदै प्राण त्यागिन् । रेडियो नेपालले छजना आतङ्ककारीहरू त्यसमा एक जना आईमाई, एकजना विदेशी नागरिकको दोहरो भिडन्तमा सुरक्षाकर्मीको गोलीबाट घटनास्थलमै मृत्यु भएको छ भनी समाचार प्रसारण गर्‍यो । हामी छक्क पर्‍यौं (पलिखे. २०६० : ७२) ।

प्रस्तुत लघुकथांशमा जनताको जीवनको रक्षा गर्न नसक्ने सरकारपक्षीय मानिसहरूको क्रूर एवम् अमानवीय क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ भीडमा जथाभावी गोली चलाएर निर्दोष जनताको हत्या गर्ने अनि तिनै जनतालाई आतंककारीको बिल्ला लगाएर हत्या गर्ने कामले समाजमा भयपूर्ण वातावरण सिर्जना गर्नाका साथै मानवअधिकारको ठाडो उल्लङ्घन भएको विचार व्यक्त गरिएको छ । युद्धका नाममा निर्दोष जनता मार्ने क्रियाकलापले उत्पन्न भयबोधी मानसिकता एवम् नागरिकको जीवनको असुरक्षाको स्थितिलाई प्रस्तुत गर्नाका साथै जनताको निर्मम हत्या गर्ने कार्यप्रति विमतिभाव समेत व्यक्त भएको छ । नेपाली समाजले हिंसा र त्यस हिंसाले जन्माएको प्रतिहिंसाका बीच पिल्सिनु परेको जीवन यथार्थ नै तत्कालीन युगजीवनको यथार्थ हो । लघुकथांशमा हिंसाविरोधी चेतना प्रखर किसिमले अभिव्यक्त भएको पाइन्छ ।

**(३) शान्तिको कामना र युद्धविरामको चाहनाको अभिव्यक्ति**

नेपाली लघुकथामा शान्तिको कामना र युद्धविरामको चाहना एक महत्त्वपूर्ण चेतनाका रूपमा प्रस्तुत भएको पाइन्छ । लघुकथा रचनामा नेपाली समाजमा पचासको दशक यता बढेको द्वन्द्व र त्यस द्वन्द्वले निर्माण गरेको भय एवम् सन्त्रासबाट मुक्तिका लागि नागरिकमा शान्ति र युद्धविरामको चाहना प्रबल बन्दै गरेको सन्दर्भ अभिव्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा आम जनतामा युद्धको अन्त्य नभएसम्म समाजमा सुखपूर्वक बाँच्न सकिने अवस्था आउँदैन भन्ने विचारले प्रमुखता पाएको एवम् युद्धरत पक्ष पनि लामो समयसम्मको लडाइँका कारण थाकिसकेकाले शान्ति र युद्धविरामको चाहना तत्कालीन नेपाली समाजको मुख्य चेतनाका रूपमा अभिव्यक्त भएको तथ्यलाई प्रकट गरिएको

पाइन्छ । यस अध्ययनमा कपिल लामिछानेको **उज्यालाको खोजी**, अगीब बनेपालीको **फेरि निदाउनुस्** एवम् टङ्कराम सुनुवारको **युद्ध** लघुकथालाई विश्लेषणको आधार मानिएको छ :

(क) "उज्यालो भेटियो-भेटियो-भेटिएन । उज्यालोमा पुगियो-पुगियो भयो पुगिएन । मानिसहरू जति दगुर्थे, उज्यालो त्यति नै पर पो भाग्दो रहेछ, तर उज्यालोको लडाँइ जारी छ । त्यो फगत् मृगतृष्णा मात्र हुन सक्दैन" (लामिछाने. २०६८ : ४६) ।

यस लघुकथांशमा पचासको दशकयता नेपाली समाजमा द्वन्द्व बढेको सन्दर्भमा समाजमा शान्ति र युद्धविराम भइसक्दा पनि जनताको जीवनमा उज्यालो आउन नसकेको सन्दर्भलाई कथ्य विषय बनाइएको छ । यहाँ उज्यालो हुन खोजे पनि फेरि त्यो टाढा हुन खोजेको, उज्यालो जति टाढा भए पनि एकदिन जनताले उज्यालो पाइछाड्ने आशामुखी चिन्तन व्यक्त गरिएको छ । यहाँ उज्यालो भन्नाले युद्धरूपी अँध्यारोबाट मुक्ति तथा जनताको जीवनमा शान्ति र समृद्धिको चाहनालाई बुझाइएको छ । लघुकथांशमा यस्तो खाले शान्ति र समृद्धिको चाहनाबाट अभिप्रेरित भएका जनताले शान्तिरूपी उज्यालोतर्फको यात्रामा अग्रसर भएको सन्दर्भ उल्लेख गर्दै नेपाली जनतामा रहेको आशामुखी सोच एवम् सकारात्मक चेतनालाई प्रस्तुत गरिएको छ ।

(ख) भाइ, मैले सपनामा यही हाम्रो भताभुङ्ग देश देखेको थिएँ । जताततै हाहाकार, हिंसा र आतङ्कले लासैलास मात्र....। जनताहरू आक्रोशित हुँदै यसका दोषीहरूलाई लखेट्दै थिए । उनीहरूलाई समात्न म पनि दौडिरहें, दौडिरहें । मैले उनीहरूको कठालो समातेर अनुहार हेर्नै लागेका बेलामा कसैले बिउँझाइदियो ...हेर, म केही क्षण मात्र निदाउन पाएको भए ती अनुहारहरू आज सबैका सामु नाङ्गिन सक्थे ।" हाकिम साबले लामो सास लिँदै सपनाको कुरा राखे (बनेपाली. २०६२ : ४४) ।

प्रस्तुत लघुकथांशमा रहेको हाकिम पात्रले देशको बर्बादी भएको र जनताले बर्बादीका दोषीलाई लखेटेको सपना देखेको घटना बयान गरेको घटना उल्लेख गरिएको छ । यहाँ देशलाई हिंसातर्फ लग्नेहरूको विरोध गर्नुपर्ने विचार व्यक्त गर्नाका साथै जनतामा हिंसाविरोधी मानसिकता तयार भइरहेको तथ्य प्रस्तुत गरिएको छ । लघुकथांशमा देशमा शान्ति आउनुपर्ने, युद्धविराम कायम हुनुपर्ने र समाजमा न्यायपूर्ण व्यवस्था कायम हुनुपर्ने चेतना व्यक्त भएको छ ।

(ग) "उनीहरूको जन्मदाता एउटै व्यक्ति थिए । एक राज्यको तर्फबाट अर्को विद्रोहीको तर्फबाट एकले अर्कोलाई मारेर सहिद भएका थिए । यसो भूइँमा हेरे दुवैजनाको रगत रातै थियो । सहिद त भए, एक-आपसमा युद्ध लडेर । तर, देश र परिवारले के पाए त ?" (सुनुवार. २०६७ : १३) ।

यस लघुकथांशमा युद्धले कसैको पनि हित नगर्ने र जसको मृत्यु भए पनि आम नेपालीकै मृत्यु भएको विचार व्यक्त गरिएको छ । निरर्थक युद्धले केही पनि प्राप्त नहुने र जनधनको क्षति हुने विचार व्यक्त गर्नाका साथै युद्धविरोधी चेतना व्यक्त भएको छ । नेपाली लघुकथामा पचासको दशक यता नेपाली समाजमा देखिएको हिंसाजन्य गतिविधिका कारण जनताहरू दिक्क भएका र उनीहरूमा शान्तिको कामनाका साथै युद्धविरामको चाहना व्यक्त भएको यथार्थलाई सशक्त किसिमले अभिव्यञ्जित गरिएको पाइन्छ ।

**(४) द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम् विरोधको अभिव्यक्ति**

नेपाली लघुकथामा द्वन्द्वकालमा भएका गलत कार्यप्रति असहमति एवम् विरोध गरिएको पाइन्छ । पचासको दशक यता नेपाली समाजमा भएको हिंसात्मक गतिविधिमा जनताविरोधी कार्यले गर्दा सामान्य जनताले त्रासमा बाँच्नु परेको, जीवन गुमाउनु परेको र घरबारविहीन हुनुपरेको जस्ता दुःखद अवस्था भोग्नुपरेको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथा रचनामा पचासको दशक यताको समयमा युद्धरत पक्षबाट भएका गलत कार्यका कारण जनता 'मर्नु न बाँच्नु' को स्थितिमा पुगेको र उनीहरूको अवस्था दिनदिनै कमजोर भएको अवस्थालाई बोध गरिएको छ । नेपाली लघुकथामा पचासको दशक यताको द्वन्द्वकालमा भएका घटना र ती घटनाले पारेको प्रभावलाई अध्ययनको विषय बनाउने सन्दर्भमा कपिल लामिछानेको **एक साँझ रगतको होली,** बुद्धिनाथ ज्ञवालीको **आश्रय,** प्रदिप प्रधानको **कर्जा** र विश्वराज अधिकारीको **भकुण्डो** लघुकथालाई यहाँ विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) काले पिँढीमा निक्ल्यो । पिढीँबाट आँगनमा झऱ्यो । आँगनबाट गोठतिर लाग्यो । कतैबाट ऐया-ऐया आवाज आएको सुन्यो । गोठतिरबाट रहेछ । गोठका छेउमा लम्पसार परेर काली ऐया ऐया गर्दै थिई । कालेलाई देखेर सकी नसकी भनी, "काले, तिनीहरूले हामीमाथि समान बेबार गर्दा रै'छन हगि ? ती सप्पैले मसित एउटै बेबार गरे, काले । यी हेर, रगतको होली खेले । म त बाँच्दिन कि क्या, खै ?" (लामिछाने. २०६८ : ३२) ।

प्रस्तुत लघुकथांशमा एकजना निरीह ग्रामीण महिलाले सामूहिक बलात्कारको सिकार हुनुपरेको घटनालाई प्रस्तुत गरिएको छ । विपन्न परिवारको श्रीमानले एकातिर बन्दुकधारीको भोजनको व्यवस्था गर्नुपरेको अर्कोतिर श्रीमतीको इज्जत लुटिएको पीडाजनक स्थितिलाई प्रस्तुत गरिएको छ । द्वन्द्वकालमा भएका बन्दुकधारीले गलत क्रियाकलापले आम नेपाली जनतालाई पीडा दिएको र युद्धमा लागेका गलत व्यक्तिहरूको कारण देश र जनताको लागि भनेर गरिएको युद्धको बदनाम भएको देखिन्छ । लघुकथांशमा विगत

पचासको दशक यता नेपालमा भएको युद्धकालमा भएका मानवविरोधी क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति घृणाको चेतना व्यक्त गरिएको छ ।

(ख) "ओहो ! यति राम्री तरुनी घरमा एक्लै ।" बन्दुकधारीहरुका आँखा भोका बिरालाभ्रै उसको अङ्ग-अङ्ग लुछ्न लाग्छन् । उसलाई भित्रभित्रै असह्य चोट लाग्छ । चसक्क घाउ चस्केभ्रैं दुख्छ । काउकुती लागेभ्रैं छटपटी पनि हुन्छ । उनीहरुका हातबाट बन्दुक भुईंमा भ्रर्छन् र कठोर ओठमा मृदु मुस्कानका लहर उठ्छन् । ऊ अतालिँदै भ्रुपडीभित्र पस्छे र बूढी बज्यैका काखमा घोप्टो पर्छे (ज्ञवाली. २०६३ : २९) ।

प्रस्तुत लघुकथांशमा माओवादीको खोजीमा आएका सैनिकहरूले एकजना युवतीलाई एक्लै देखेर आफ्नो गलत नियत देखाएको, उनीहरूको गलत मनसाय देखेर युवती सशङ्कित भएर भ्रुपडीभित्र पसेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा बन्दुकधारीले इज्जत लुटेको घटना नदेखाइए पनि उनीहरूको गलत मनसायका कारण युवतीमा फैलिएको त्रासलाई प्रस्तुत गरिएको छ । पचासको दशकयताको नेपाली समाजमा भएको युद्धजन्य गतिविधिका क्रममा युद्धरत पक्षबाट आम नेपाली जनतालाई अनावश्यक दुःख दिने काम बढी भएको सन्दर्भमा गलत नियत राख्ने बन्दुकधारी सैनिकको क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति विमतिको चेतना व्यक्त गरिएको छ ।

(ग) कर्जा नपाउने भएपछि विनोदको सास रोकिन थाल्छ । ऊ अतालिन्छ । बैंकमा बसिरहन्छ । बैंकको पत्रिकालाई हातमा खेलाइरहन्छ । ऊ उठ्न सकिरहेको छैन । चुम्बकले सिटमा तानिरहेको महसुस हुन्छ । उसलाई बुभ्राइएको पत्रमा लेखिएको कालो अक्षर दिमागमा रिँगिरहन्छ, ती अक्षरहरूमा यमराजको आकृति देखिन्छ । अक्षरहरूले मुटुमा घोचिरहन्छ । अक्षरभित्र स्वास्नी, छोराछोरी सम्भिरहन्छ । पत्रमा लेखिएको छ-हाम्रो पार्टीले पाँच लाखको अपेक्षा राखेको छ, तु. बुभ्राउन आउनुहोला नत्र भौतिक कारवाही हुनेछ (प्रधान. २०६४ : ३८) ।

प्रस्तुत लघुकथांशमा युद्धकालमा आम मानिसबाट जबर्जस्ती चन्दा माग गरिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ पत्र लेखेर पाँच लाख मागिएको र नदिएमा भौतिक कारवाहीको धम्की दिइएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । युद्धमा संलग्न पार्टीले जनतालाई धम्काएर पैसा जम्मा गर्ने कार्यले धम्की पाउने व्यक्तिको होसहवास उडेको तथा उसले कहीँ कतैबाट दिने रकम नभएकोले बैंकमा पुगेकोमा बैंकले पनि ऋण नदिने भएपछि चिन्ताग्रस्त अवस्थामा पुगाएको अवस्था सिर्जना भएको छ । लघुकथांशमा युद्धकालमा जनताले भोग्नुपरेको मानसिक संकट एवम् तनावलाई प्रस्तुत गर्नुका साथै युद्धरत पक्षको ज्यादतीका कारण जनताले पाएको पीडाजन्य अवस्थालाई प्रस्तुत गरिएको छ । युद्धकालमा

भएको गलत कार्यलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) आज पनि खेल मैदानमा सबै गाउँलेहरू भेला भए । खेल सुरू भयो । किन हो आज भकुन्डो केवल एउटामात्र क्षेत्रमा केन्द्रित भएको देखियो । केहीले त्यसलाई घात, केहीले प्रतिघात र केहीले अन्तरघात भएको ठाने । विवादले जन्म लियो । चेन, खुकुरी, तरवार, बन्दुक आदि आदि निस्के । अनि तेर्सिए पनि । खेल युद्धमा परिणत भयो । खुसीको साटो रगत बग्न लाग्यो । खेल मैदानमा भकुन्डो होइन टाउकाहरू गुड्न थाले भकुन्डो झैं । ....चिन्तक, विचारक, विद्वान्, सन्त-साधु, महात्मा सबै युद्धमा लीन भएको हुनाले त्यस युद्धलाई रोक्ने कोही देखिएन । युद्ध चर्कियो । शिखर छुन (अधिकारी. २०५४ : १८) ।

प्रस्तुत लघुकथांशमा समाजमा व्याप्त हिसा र हिंसालाई नै समस्याको समाधान ठान्ने मानिसको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा समाजमा हरेक मानिस पक्ष र विपक्षमा बाँडिएर हिंसाको पक्षमा लागेका एवम् उनीहरूको यस कार्यले समाज निरन्तर पतनको दिशामा गइरहेको तथ्यलाई प्रस्तुत गरिएको छ । लघुकथामा हिंसाका कारण मानिसको अस्तित्व समाप्त भइरहेको र समाजका बुद्धिजीवीवर्ग पनि हिंसालाई नै बढाउन लागिरहेकामा चिन्ता व्यक्त गरिएको छ । लघुकथांशमा द्वन्द्वकालमा भएका गलत कार्यप्रति विरोधको चेतना व्यक्त भएको छ ।

यस अध्ययनमा द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम् विरोधको अभिव्यक्तिसँग सम्बन्धित लघुकथा रचनाको विश्लेषण गरिएको छ । नेपालको इतिहासमा पचासको दशकयताको अत्यन्त भयावह कालखण्ड र सो कालखण्डमा भएको मानव मर्यादाको अपमान गरिएका कार्यप्रति नेपाली लघुकथा रचनामा असहमतिको चेतना व्यक्त भएको छ । नेपाली मानसिकतामा द्वन्द्वकालका घटनाले गहिरो प्रभाव पारेको सन्दर्भमा त्यस समयका गतिविधि र त्यसको प्रभावलाई समेत प्रस्तुत गरिएको छ ।

### (५) द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रण

नेपाली लघुकथामा द्वन्द्वको परिणामबाट उत्पन्न नागरिकहरूको अन्योलग्रस्त भविष्य भएको र द्वन्द्वका कारणले उनीहरूको जीवनमा थपेको सङ्कटले जीवन छियाछिया भएको यथार्थलाई प्रस्तुत गरिएको छ । द्वन्द्वका कारण मानिस मर्नु न बाँच्नुको दोसाँधमा परेका र मानिसको जीवन सङ्कटमा रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यलाई प्रस्तुत गर्ने प्रदिप प्रधानको **शालिक बोल,** अगीब बनेपालीको **छोएको सत्य** र हरिप्रसाद भण्डारीको **वार्ता** लघुकथालाई विश्लेषणको आधार मानिएको छ :

क) सेनाको गाडी आइपुग्छ । सुरक्षाको ठूलो मान्छेले भन्छ-"बाहिर निकाल यो आइमाईलाई" सुरक्षाका सैनिक कमान्डरले नजिक गएर गाडी रोक्न र भन्छ, "ए ! मेजर डम्बर लामाको बूढी पो रहेछ । धत्तेरी, लौ बर्बाद गरी बौलाइछ ?" सेनाको ड्राइभरले भन्छ-"साप ! कुनै दिन हाम्रा बूढी पनि यस्तै हुनेछन् होला हैन र ?" सेनाको कमान्डर ड्राइभरको मुहारमा एक टक लगाएर हेरिरहन्छ । उसको दिमागमा नानाथरिका कुराहरू खेल्न थाल्छन् (प्रधान. २०६४ :२८) ।

प्रस्तुत लघुकथांशमा द्वन्द्वका क्रममा मारिएको मेजर डम्बर लामाकी श्रीमती पागल भएको देखेर त्यहाँ भएका सैनिकहरूमा भय उत्पन्न भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ सैनिक कमान्डरले पागल महिलालाई चिन्नु, उसको अवस्थाबारे टिप्पणी गर्नु, सेनाको ड्राइभरले भविष्यका अनेकन आशंका व्यक्त गर्नु, सेनाको कमान्डरले ड्राइभरको मुखमा हेर्नु, उसको दिमागमा नानाथरिका कुरा खेल्नुले उनीहरूमा आफू र आफ्नो परिवारको भविष्यप्रति अनिश्चयको भाव उत्पन्न भएको देखिन्छ । यस अंशमा युद्धका कारण महिला पागल भएको घटना देखेर सैनिकहरूमा अनेकन प्रतिक्रिया आएका छन् । उनीहरू द्वन्द्व चर्किंदै जाने क्रममा कुन दिन आफ्नो जीवन समाप्त हुने हो र आफ्ना श्रीमती र बालबच्चाको अवस्था के हुने हो भन्ने आशंकाले चिन्तित देखिन्छन् । लघुकथामा सैनिकहरूमा भय उत्पन्न भएको अवस्थालाई प्रस्तुत गर्दै भयबाट आक्रान्त त्रासदीजन्य चेतनालाई व्यक्त गरिएको छ ।

(ख) "भित्र कोही हुनुहुन्छ ?" झोपडीभित्रको आवाज पुऱ्याएँ । टुकी बाल्दै एक बूढीआमैले ढोका उघारिन् । बूढीआमैका आँखामा भय देखिन्थ्यो । नेपाली नेपालीबिचको भय । मलाई बुझ्न गाह्रो भएन । "........कसैलाई वास दिएको छैन, नानी । नपत्याएर हेर्नुहोस् । थर्थराएको आवाजमा बूढीआमैले स्पष्टीकरण दिइन् । म त छक्क पर्दै ती आमैलाई हेरिरहेँ (बनेपाली. २०६२ : ५२) ।

प्रस्तुत लघुकथांशमा एकजना बूढीआमा आफ्नो घरमा कसैलाई वास दिन डराएको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ पचासको दशकयता नेपाली समाजमा द्वन्द्वकालमा कसैलाई वास दिएकै नाममा नेपाली जनताले पाउनुपरेका सास्तीका कारण जनतामा उत्पन्न त्रासले सिर्जना गरेको अन्योलग्रस्त भविष्यको चिन्ता व्यक्त भएको छ । लघुकथांशमा युद्धकालमा उत्पन्न भय र सन्त्रासका कारण जनताको अन्योलग्रस्त भविष्यको चिन्ताले उत्पन्न त्रासको चेतना व्यक्त भएको छ ।

(ग) "किन र........? झन् जीउधनको सुरक्षा, देशमा स्थायी शान्ति...।" मौनतालाई श्रीमतीले तोडिन् । "कहाँको शान्तिसुरक्षा ! हामीलाई के हुन्छ र शान्तिसुरक्षा चाहियो ? मर्छन् त तलका मर्छन्.....। बरु वार्ता भयो भने आम्दानीका सबै स्रोतहरू

सुक्छन् र विद्रोहीका नाममा विरोधीहरूलाई तह लगाउन पाइँदैन......।" उनले आजसम्म नभएको गुह्य कुरा खोले (भण्डारी. २०६३ : ४७-४८) ।

प्रस्तुत लघुकथाशंमा एक जना सैनिकको उच्च तहमा रहेको व्यक्तिको पोल ऊ स्वयंले आफ्नो श्रीमतीसामु खोलेको सन्दर्भ प्रस्तुत गरिएको छ । उच्च तहको सैनिकले शान्तिवार्ता भएमा आफ्ना आम्दानीका स्रोतहरु सुक्ने चिन्ता बोक्नु, लडाइँमा तल्ला तहका सैनिक मरेकामा कुनै संवेदना नहुनुले उसमा मानवता नभएको देखिन्छ । ऊ शान्ति कायम भएमा आफ्ना विरोधीलाई विद्रोहीका नाममा तह लगाउने मौका गुम्ने चिन्ताले ग्रस्त भएको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथामा लडाइँका क्रममा देश र जनताविरोधी चिन्तन बोक्ने मानिसले कसरी फाइदा उठाएका थिए भन्ने कुरा व्यक्त गरिएको छ । पचासको दशकयताको नेपाली समाजमा युद्धका नाममा कतिपय मानिसले व्यक्तिगत लाभ उठाएको र शान्ति भएमा लाभ लिन नसक्ने भएकोले भयग्रस्त भएको यथार्थबोध गरिएको छ । तत्कालीन सत्ताको आडमा जे पनि गर्नेहरूले नेपाली समाजमा हिंसा बढाउनमा उच्च भूमिका खेलेको यथार्थलाई प्रस्तुत गर्नाका साथै उनीहरूमा रहेको जनविरोधी चेतनालाई समेत प्रस्तुत गरिएको छ । यहाँ युद्धका नाममा जथाभावी कार्य गर्ने मानिसप्रति घृणाको चेतना प्रस्तुत भएको छ ।

यस अध्ययनमा द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रण गरिएको छ । नेपाली लघुकथामा द्वन्द्वका कारण नेपाली जनताले ज्यान गुमाउनुपरेको, विस्थापित हुनुपरेको र अपाङ्ग हुनुपरेको घटनाले उनीहरूको जीवन दुःखमय बन्न पुगेको स्थितिबोध गरिएको छ । परिवारका सदस्य गुमाउनुपर्दाको पीडाका कारण कतिपयले अनेकन कष्टको सामना गर्नुपरेका सन्दर्भमा यस अध्ययनमा द्वन्द्वकालमा भएका घटनाका कारण मानव जीवनमा आएको सङ्कटलाई प्रस्तुत गर्नाका साथै युद्धविरोधी चेतना अभिव्यक्त भएको छ । यहाँ 'सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण' सँग सम्बन्धित अध्ययनका निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) नेपाली लघुकथामा विगतको सशस्त्र द्वन्द्वकालमा भएका भय एवम् सन्त्रासमय परिस्थितिको चित्रण गरिएको पाइन्छ । यस कालमा जनताले दोहरो मारमा पर्नु परेको र मानव जीवन नै असुरक्षित रहेको, हरपल त्रासमा बाँच्ने परेको अवस्थामा मानवीय जीवनको त्रासजन्य अनुभूतिलाई प्रकट गरिएको छ ।

(ख) नेपाली लघुकथामा द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनाको प्रस्तुति पाइन्छ । सशस्त्र द्वन्द्वजन्य गतिविधिका कारण मानिसको मानसिकतामा पारेको गलत प्रभाव, त्यसले उत्पन्न गरेको पीडा र सामाजिक असुरक्षाका कारण छियाछिया भएको मानव मूल्यगत चेतना प्रस्तुत भएको छ ।

(ग) नेपाली लघुकथामा नेपाली जनताले व्यक्त गरेको शान्तिको कामना र युद्धविरामको चाहना अभिव्यक्त गरिएको पाइन्छ । लामो समयको सशस्त्र द्वन्द्वका कारण जनताले शान्तिको खोजी गरेका र सहज किसिमले जीवन निर्वाह गर्न चाहेको अवस्थालाई बोध गरिएको छ ।

(घ) नेपाली लघुकथामा द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम् विरोधको भावनाको अभिव्यक्ति पाइन्छ । मानव जीवनलाई कष्टमा पारेर आफ्नो निहित स्वार्थका लागि जनतालाई दुःख दिने प्रवृत्तिप्रति असहमतिको भाव प्रकट भएको छ ।

(ङ) नेपाली लघुकथामा द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रण गरिएको पाइन्छ । मानव जीवन कष्टकर बन्न पुगेको र जीवनको कुनै निकास निस्कन नसक्दा जनताको जीवनमा आएको निराशा, कुन्ठा एवम् भविष्यप्रतिको आशङ्कालाई रचनामा व्यक्त गरिएको छ ।

(च) नेपाली लघुकथामा साठीको दशकको नेपाली समाजका विकृत परिवेशको चित्रण गरिएको पाइन्छ । लघुकथा रचनामा यस अवधिमा भएका विसङ्गत परिवेश एवम् गतिविधि विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

### ४.२.१.४ अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनाको अभिव्यक्ति

नेपाली लघुकथामा अभिव्यक्त राजनीतिक चेतना अर्न्तगत अग्रगमनको अपेक्षा तथा परिवर्तनमुखी चेतनालाई अध्ययनको विषय बनाइएको छ । नेपाली लघुकथामा राजनीतिक क्षेत्रका विकृति- विसङ्गतिप्रतिको विरोध पाइन्छ भने त्यसरी नै राजनीतिक क्षेत्रमा परिवर्तनको चाहना राख्ने धार पनि स्पष्ट रूपमा देखा परेको छ । नेपाली समाजले विभिन्न चरणमा निरङ्कुश व्यवस्थाको सामना गर्नुपरेका सन्दर्भमा जनतामा रहेको अग्रगामी चेतना एवम् परिवर्तनको स्वरलाई साहित्य रचनामा स्थान दिने काम साहित्यकार एवम् कलाकारले गरेको पाइन्छ । नेपाली लघुकथा लेखक पनि यस मान्यताबाट प्रभावित भएकोले यस अध्ययनमा कृष्ण बजगाईको **सञ्चालन,** शेखरकुमार श्रेष्ठको **ऊ अझै आएको छैन** एवम् अगीब बनेपालीको **छेर भालु छेर** लघुकथालाई विश्लेषणका लागि चयन गरिएको छ :

(क) "यो कुरा पुलिस र सेनाकहाँ पुग्यो । उनीहरूले भने, "कहाँ हामीले देश चलाउनु र ! हाम्रो डन्डा र बन्दुकको गोलीले पो चलाइरहेको छ ।" त्यसपछि त्यो सम्वाद पुलिस र सेनाका निर्जीव डन्डा र गोलीले बुझेनन् । त्यसपछि सबैले भने-"हो-हो, यो देश बन्दुक र गोलीले नै चलिरहेको छ ।" (बजगाई. २०६४ : १०४) ।

प्रस्तुत लघुकथांशमा शासनसत्ता कसले चलाएको भन्ने थाहा नै नभएको समय अर्थात् निरङ्कुशता लादिएको समयको घटना प्रस्तुत गरिएको छ । पुलिस, सेना, बन्दुक र गोली कसैलाई पनि आफूप्रति विश्वास नभएको र सबैले एकले अर्कालाई दोष थुपारेको

पाइन्छ । पुलिस र सेनाले आफूले सरकार चलाएको अस्वीकार गरेपछि अन्त्यमा केही नपाएर निर्जीव बन्दुक र गोलीले देश चलाएको भनेर तत्कालीन व्यवस्थाप्रतिको असन्तोष प्रकट गरिएको छ । यहाँ नेपालको राजनीतिक इतिहासमा पचासको दशकको अन्त्य र साठीको दशकको प्रारम्भको शाहीकालीन नेपाली राजनीतिको यथार्थ प्रस्तुत गरिएको छ । राजनीतिक पार्टीलाई प्रतिबन्ध लगाएर शासनसत्ता आफूमा लिएका राजाका पालामा सुरक्षाकर्मीलाई असीमित अधिकार दिइएको, बन्दुक र गोलीको प्रयोग बढी भएको अवस्थालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा निरङ्कुशता विरोधी चेतनाका साथै अग्रगमनको चेतना समेत व्यक्त भएको छ ।

(ख) "किनकि मेरी छोरीले भनेकी थिइन्, आमा म मरेर के भयो ? यहाँ यो रातलाई चिर्दै पूर्णिमा ल्याउन हजारौँ तिम्रा सन्तान लाग्नेछन् । त्यसैले हरेक पूर्णिमामा म यसै गरी आउँछु तर मेरी छोरी आइनन्, तिनको सन्तान आएका छैनन् । त्यसैले आज आउला कि भन्ने आशाले आएकी हुँ" (श्रेष्ठ. २०५९ : १८) ।

यस लघुकथामा नेपाली समाजमा अझै परिवर्तन आउन नसकेको र त्यो परिवर्तनको आशा रहेको भाव व्यक्त गरिएको छ । यहाँ आमा पात्रले नेपाल आमाको प्रतिनिधित्व गरेकी छन् । देशका सहिदरूपी सन्तान मरेर गए पनि देशमा आमूल परिवर्तन हुन सकेको छैन । लघुकथांशमा परिवर्तनको चाहनाका साथै नेपाली समाजले प्रगति गर्ने आशामुखी सोचसहितको सकारात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) "त्यस भालुले के खाएको थियो भाइ ?" "त्यसले....हाम्रो सबैभन्दा मूल्यवान् पुस्तक खाइदियो ।" "कस्तो पुस्तक खायो त त्यसले ?" "हाम्रो संविधानको किताब सिङ्गै निलिदियो त्यसले !" दोस्रो लाठेले सुइय लामो सास तानेर भन्यो" (बनेपाली. २०६२ : ८) ।

प्रस्तुत लघुकथांशमा भालु भनेर पचासको दशकपछि नेपालमा लागु गरिएको शाही शासनका हर्ताकर्तालाई सङ्केत गरिएको छ । यहाँ जनताको संविधान समाप्त पारेको घटनाप्रति विरोधका साथै व्यङ्ग्य गरिएको पाइन्छ । लघुकथांशमा अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनालाई व्यक्त गरिएको छ ।

नेपाली लघुकथामा अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनाको अभिव्यक्ति पाइन्छ । पचासको दशकपछिका लघुकथामा निरङ्कुश शासनसत्ताको विरोधको चेतना प्रखर किसिमले व्यक्त भएको छ । लघुकथांशमा राजनीतिक चेतना र त्यो चेतनामा पनि परिवर्तनमुखी चेत सशक्त किसिमले व्यक्त भएको छ । यसले समसामयिक युगयथार्थको प्रतिनिधित्व गरेको देखिन्छ ।

### ४.२.२ सामाजिक युगचेतना

नेपाली लघुकथामा नेपाली समाजमा घट्ने विभिन्न गतिविधिलाई प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथा रचनामा नेपाली समाजका विशेषता र त्यसका सबल एवम् दुर्बल पक्षका बारेमा विश्लेषण गरिएको पाइन्छ । नेपाली समाजको विकासक्रममा देखिएका मोडहरू र तिनले नेपाली समाजको विकासगतिलाई पारेको प्रभावको अध्ययनका सन्दर्भमा नेपाली लघुकथा रचनामा अभिव्यक्त दृष्टिकोण महत्त्वपूर्ण अध्ययन सामग्री हुन् । यस अध्ययनमा नेपाली समाजमा युगजीवनका अनेक चेतनाको प्रस्फुटीकरण र तिनले नेपाली समाजको चेतनाको विस्तारमा पुऱ्याएको योगदानको चर्चा गरिन्छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त 'सामाजिक सन्दर्भमा युगचेतना' अध्ययनका लागि निम्नानुसार उपशीर्षक विभाजन गरेर विश्लेषण गरिन्छ । "सामाजिक विभेद एवम् शोषणको चित्रण" शिर्षक अर्न्तगत जातीय विभेदको अभिव्यक्ति, लैङ्गिक विभेदको अभिव्यक्ति, आर्थिक विभेदको अभिव्यक्ति, उमेरगत विभेदको अभिव्यक्ति अध्ययन गरिएको छ । "सामाजिक विषमता र पारिवारिक विभेदको चित्रण" शिर्षक अर्न्तगत आर्थिक अभावले ल्याएका समस्याको अभिव्यक्ति, मानिसका मूर्खतापूर्ण क्रियाकलापले ल्याएका पारिवारिक समस्याको अभिव्यक्ति, वृद्ध आमाबाबुमाथि गरिने विभेदको चित्रण एवम् पारिवारिक विभेद र समस्याको प्रस्तुतिको अध्ययन गरिएको छ । "सामाजिक विकृति/विसङ्गतिसँग सम्बन्धित लघुकथा" शिर्षक अर्न्तगत रूढिवाद एवम् अन्धविश्वासको चित्रण, आडम्बर, देखावटीपन, शक्तिपूजा एवम् अनैतिकताको चित्रण, अनुशासनहीनता, अराजकता एवम् स्वार्थजन्य क्रियाकलापको अभिव्यक्ति एवम् गैरसरकारी संस्थाका क्रियाकलापको चित्रणको अध्ययन गरिएको छ ।

यहाँ उल्लेख गरिएका विषयहरुले नेपाली लघुकथामा आएको नेपाली समाजको विविध प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । यस अध्ययनमा नेपाली लघुकथामा नेपाली समाजका विविध चरित्रका बारेमा प्रस्तुत विभिन्न घटना तथा रचनामा अभिव्यक्त दृष्टिकोणका बारेमा विश्लेषण गरिन्छ ।

#### ४.२.२.१ सामाजिक विभेद एवम् शोषणको चित्रण

नेपाली लघुकथामा नेपाली समाजमा रहेको विभेद/भेदभाव एवम् शोषणका घटनालाई विषय सन्दर्भ बनाएको पाइन्छ । नेपाली समाजमा जातीय, लैङ्गिक, आर्थिक एवम् उमेरगत आधारमा साधनहीन एवम् सम्पन्नले कमजोर एवम् साधनहीनलाई नराम्रो व्यवहार गर्नाका साथै उनीहरूमाथि दमन एवम् शोषणसमेत गरेको पाइन्छ । लघुकथामा नेपाली समाजमा विद्यमान शोषणजन्य क्रियाकलाप र ती क्रियाकलापसँग सम्बन्धित मानवीय अनुभूतिलाई अध्ययन गरिन्छ । उत्पीडनजन्य घटनाको प्रस्तुतिका साथै समाजमा रहेको उत्पीडन विरोधी चेतनालाई पनि विश्लेषण गरिन्छ । यस अध्ययनमा नेपाली समाजमा

रहेका विभेद मध्ये जातीय विभेदको अभिव्यक्ति, लैङ्गिक विभेदको अभिव्यक्ति, आर्थिक विभेदको अभिव्यक्ति एवम् उमेरगत विभेदको अभिव्यक्तिका बारेमा विश्लेषण गरिएको छ ।

**(१) जातीय विभेदको अभिव्यक्ति**

नेपाली लघुकथामा युगचेतनाअन्र्तगत सामाजिक विभेद/भेदभाव एवम् शोषणसँग सम्बन्धित लघुकथा अन्र्तगत पर्ने प्रमुख विषयमा जातीय विभेदको अभिव्यक्ति हो । नेपाली लघुकथामा सामाजिक विभेद विरूद्धको चेतना व्यक्त भएको र यस चेतनाले नेपाली समाजमा आएको परिवर्तनमुखी चेतनाको प्रतिनिधित्व गरेको पाइन्छ । समाजमा हुने विभेदका बारेमा समाजका सचेत वर्गले आवाज उठाएका सन्दर्भमा साहित्यिक लेखक समाजको सबैभन्दा सचेत वर्ग भएकाले समाजमा हुने गरेका तमाम विभेदका घटनाप्रति दृष्टि पुगेकाले नेपाली लघुकथामा जातका आधारमा मानिसमाथि गरिने विभेद, दुर्व्यव्यहार एवम् शोषणका घटनालाई प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा जातीय विभेदप्रति आलोचनाका साथै विभेद विरोधी चेतना सम्प्रेषण गरिएको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथामा अभिव्यक्त जातीय विभेदका घटना प्रसङ्गलाई यहाँ अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा अच्युत घिमिरेको **छुवाछुत,** सन्तोष श्रेष्ठको **पश्चात्ताप,** टङ्कराम सुनुवारको **छुई**, धनुषराज राई 'राशि' को **कुमान्छे** एवम् भूपेन्द्र सुवेदीको **प्रतिफल** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) उसले प्रशिक्षक ङ लाई सोध्यो, तपाईँ हाम्रो गाउँको पण्डितको छोरा, म एउटा दलितको छोरा । तपाई समाजसेवा त गर्नुहुन्छ तर पण्डित बासँग दोहरो बोलेको मलाई थाहा छैन । तपाईलाई म मेरी छोरीसँग तपाईको छोराले बिहे गर्नुपर्छ भन्दिनँ, मैले पकाएको खानुपर्छ भन्दिनँ । मेरो माग अत्यन्त सानो छ । भन्नुस्, मलाई तपाईको घरको मूलढोका प्रवेश गर्न दिनुहुन्छ ? जवाफमा प्रशिक्षक ङ मूर्तिवत् चुपचाप रह्यो (घिमिरे. २०६१ : ३३) ।

प्रस्तुत लघुकथांशमा ठूलो कुरा गर्ने माथिल्लो जातको प्रशिक्षकलाई एकजना दलित प्रशिक्षार्थीले जवाफ फर्काएको सन्दर्भ अभिव्यक्त भएको छ । यहाँ आफूले सामाजिक क्षेत्रमा लागेकोले ठूला कुरा गर्ने तर त्यसको एक अंश पनि पालन गर्न नसक्ने ब्राम्हण प्रशिक्षकको कार्यलाई प्रस्तुत गरिएको छ । सामाजिक विभेदको अन्त्य गर्न धेरै कुरा नभए पनि आफ्नो मूल ढोकामा प्रवेश दिनुहुन्छ कि ? भनेर प्रशिक्षकलाई दलित प्रशिक्षार्थीले प्रश्न गर्नुका साथै घरमा विभेद गर्ने बाबुसँग एक शब्द बोल्न नसक्ने प्रशिक्षकको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेपालमा कानुनी रूपमा छुवाछुत अन्त्यको घोषणा भएको लामो समय भइसक्दा पनि त्यसले व्यवहारमा उत्रिन नसकेकोमा हाम्रो सामाजिक जीवनमा रहेका

मानिसहरूको दोहरो चरित्रलाई व्यक्त गरिएको छ । लघुकथांशमा जातीय भेदभाव विरोधी चेतना व्यक्त भएको छ ।

(ख) गाउँमा फर्किएपछि श्रीधरप्रसादलाई नभेटेको धेरै समय भएकोले ऊ श्रीधरप्रसादको घरमा जाँदा बिहानको खाना खाने समय भएको थियो । कृष्णबहादुरलाई घरमा देख्दा श्रीधरप्रसाद खुसीले घरमा खाना खुवाएर पठाउने सल्लाह गर्छन् । तर खाना खाने बेलामा श्रीधरप्रसाद भित्र भान्सा कोठामा बसेर खान थाल्छन् भने कृष्णबहादुरलाई बाहिर पिँढीमा बसालेर खाना खुवाउन थाल्छन् । कृष्णबहादुर तल्लो जातको मानिस भएकाले उसलाई बाहिर खाना दिइन्छ । तर ऊ खाना खाँदैन र श्रीधरप्रसाद बिरामी पर्दा आफूले आफ्नो शरीरबाट रगत दिई नयाँ जीवन प्रदान गरेको कुरा चटक्कै बिर्सेर यस्तो दृष्टिले भेदभाव गरेको हुनाले ऊ ठूलो पश्चात्तापमा पर्छ (श्रेष्ठ. २०६७ : २०) ।

प्रस्तुत लघुकथांशमा सहरमा श्रीधरप्रसाद बिमारी हुँदा कृष्णबहादुरले आफ्नो रगत दिएर ज्यान जोगाएको एवम् गाउँमा फर्केका बेला श्रीधरप्रसादलाई भेट्न जाँदा खाना खान दिने क्रममा श्रीधरप्रसादले विभेद गरेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । श्रीधरप्रसादले कृष्णबहादुरलाई बाहिर पिँढीमा खाना खान दिएपछि उसले आफूमाथि विभेद भएको ठानेर खाना नखाई फर्कन्छ र श्रीधरप्रसादलाई बचाएकोमा पश्चात्ताप गर्दछ । यहाँ आफूलाई ज्यान जोगाउने मानिसलाई पनि विभेद गर्ने गलत कार्यलाई प्रस्तुत गरिएको छ । जातका आधारमा विभेद भएको र त्यस विभेदका विरूद्धको प्रतिरोधी चेतना समेत व्यक्त भएको छ । कृष्णबहादुरले खाना छोडेर घर फर्किनुले उसमा उत्पीडन विरोधी चेतना पाइन्छ ।

(ग) जसवीरे आफ्नो निधारको पसिना नङले सोहोरेर कपडामा चिनो राख्दै कपडा छेक्न थाल्यो । जसवीरेले कपडा छेक्दाछेक्दै सुब्बेनी बज्यैकी कान्छी छोरी हातमा बुबुसँग मुछेको भात कचौरामा बोकेर दमाई बसेको गुन्द्री टेक्न मात्र के पुगेकी थिई, सुब्बेनी चुन्ठी बज्यैले भन्न थालिन्, 'लौ न नि, भात छुई भयो । छुई भएको भात खानुहुन्न । त्यसपछि छोरीलाई हकार्दै उनको हातबाट भातको बटुको खोसेर फालिन् (सुनुवार. ३७ : २०६७) ।

प्रस्तुत लघुकथांशमा एकजना बालिकाले अन्जानवश कपडा सिउने बूढो मानिस जसवीरलाई छुन पुग्दा सुब्बेनीले छुई भयो भनेर बालिकाको हातको बटुको खोसेर फालेको घटना प्रसङ्ग आएको छ । हाम्रो ग्रामीण समाजमा लुगा सिउने काम दलितले गर्ने गरेकामा दलितमाथि जातका आधारमा विभेद गरिएको घटना प्रस्तुत भएको छ । दलितलाई छोएका आधारमा बालिकाको खाना नै खोसेर फालिएको छ । लघुकथांशमा जातीय भेदभावको चेतना आएको छ ।

(घ) "कोठा पाइन्छ होला ?" कोठा खोज्दै धेरै ठाउँ चहारे । "छन त छ तर तपाँईको थर ?" घरबेटीहरूको प्रश्न । "नेपाली" । मेरो स्पष्ट र सत्य जवाफ । उनीहरू आफ्नो घरको ढोका ढप्काउँथे । सडकको पेटीमा बसेर सोच्दैछु । कस्तो कुमान्छे शहरमा आइएछ" (राई. २०६२ : ४५) ।

प्रस्तुत लघुकथांशमा आफ्नो वास्तविक जातको परिचय दिँदा दलित भएकै कारण सहरबजारमा डेरासमेत नपाइने गरेको अवस्था आएको छ । यहाँ समाजमा रहेको जातीय भेदभावको जरा कति गहिरोसम्म फैलिएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । रचनामा जातीय विभेद विरूद्धको चेतना व्यक्त हुनाका साथै विभेद गर्नेलाई कुमान्छे अर्थात् खराब मानिसको संज्ञासमेत दिइएको छ । यस्तो कार्य गर्ने सहरलाई कुमान्छे सहरको नाम दिइएको छ । सहरबजारका घरधनीको गलत मानसिकता, चिन्तन एवम् व्यवहारप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ । लघुकथांशमा जातीय विभेदको अभिव्यक्तिका साथै विभेदविरोधी चेतनालाई समेत कुशलताका साथ प्रस्तुत गरिएको छ ।

(ङ) घरमा पुग्दा धनप्रसाद घाम तापेर चण्डी पाठ गर्दै थिए । जन्ती जस्तै भई गएको टोलीको नेतृत्व गोरे खत्रीले गरेको थियो । छोरा बुहारीलाई मुखियाको अगाडि लगाएर खत्रीले भन्यो, "मुखिया बाजे, मैले समतावादी समाजको जलपान कार्यक्रममा सम्मिलित भई जात फालेको अभियोगमा मेरा बाबु रने खत्रीको रू. २५००/- को तमसुक गराई जात राखिदिनु भयो । अब तपाईको छोरो विलासप्रसादले अनुचित सम्बन्ध कायम गरी सुन्तली दमिनीको गर्भ धारण गराएर दिएको जात कहाँ गई कस्को ? कतिको ? तमसुक गराएर राखिदिनु हुन्छ ? (सुवेदी. २०६१ : २०) ।

प्रस्तुत लघुकथांशमा अरूमाथि विभेद गर्नेले पछि आफूमाथि पनि त्यस्तै पर्छ भन्ने थाहा नपाएको अवस्था प्रस्तुत गरिएको छ । प्रारम्भमा मुखिया बाजेले गोरे खत्रीलाई दण्डित गरेकामा पछि आफ्नै छोराले नैतिक अपराध गर्दा अब के गर्नुहुन्छ ? भनेर त्यही गोरे खत्रीले प्रश्न राख्दा मौन रहनुपरेको घटनाको चित्रण गरिएको छ । यहाँ समाजमा शक्तिका आडमा जातीय विभेद गर्नेले एकदिन आफ्नो फन्दामा आफै पर्नुपर्छ भन्ने विचार व्यक्त गरिएको पाइन्छ । लघुकथांशमा सामान्य मानिसमा रहेको जातीय विभेद विरूद्धको चेतना एवम् जातीय भेदभाव गर्ने मानिसप्रति घृणाभाव व्यक्त भएको पाइन्छ ।

नेपाली लघुकथामा जातीय भेदभावका घटनालाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथामा जातीय भेदभाव विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा सामाजिक न्याय स्थापना गर्नुपर्ने विचारले प्रमुखता पाएको छ ।

(२) **लैङ्गिक विभेदको अभिव्यक्ति**

नेपाली लघुकथामा हाम्रो समाजमा लिङ्गका आधारमा विभेद बढेको घटना सन्दर्भलाई व्यक्त गरिएको पाइन्छ । लघुकथा रचनामा परिवार, समाज एवम् सार्वजनिक स्थलमा गरिने लैङ्गिक विभेदका कारण समाजमा उत्पीडनजन्य घटना बढ्दै गएकोतर्फ चिन्ता व्यक्त गरिएको छ । लघुकथा रचनामा नेपाली समाजमा नारीमाथि गरिने विभेदका कारण उनीहरूले उत्पीडनको सिकार भोग्नुपरेको यथार्थलाई प्रस्तुत गर्नाका साथै लैङ्गिक उत्पीडन विरोधी चेतनासमेत अभिव्यक्त गरिएको पाइन्छ । यसै सन्दर्भमा लैङ्गिक विभेदका घटनासँग सम्बन्धित प्रयास सौरभ श्रेष्ठको **बोक्सी**, यमनदेव उत्प्रेरकको **आधुनिक पिता**, श्रीबाबु कार्की 'उदास' को **वेश्याकी छोरी**, देवेन्द्र अर्याल 'आँसु'को **निरर्थक बहस** र नवराज रिजालको **यथास्थिति** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "बोक्सीको आरोपमा भुजेल्नीलाई धेरै मान्छेहरू मिलेर पिटे । एउटी गरिब असहाय महिलालाई पिटे । आधुनिक भनाउँदाहरूले पनि पिटे । तर त्यहाँ झिँगाहरू भन्किएको र अपचसँग खाएकाले झाडावान्ता लागेको भन्ने थाहा पाएर पनि थाहा नपाउने एक्काइसौँ शताब्दीका बुज्रुकहरू पनि धेरै थिए" (श्रेष्ठ. २०५८ : ३७) ।

प्रस्तुत लघुकथांशमा एक महिलामाथि बोक्सीको आरोप लगाएर उसको अपमान गर्नाका साथै पिटेर मरणासन्न पारिएको घटना प्रस्तुत गरिएको छ । सरसफाइका कारण कुनै मानिस बिमार भएकामा बोक्सी लागेर बिमार भएको भन्ने आरोप लगाएर कुटपिट गर्ने कार्यले समाजका आधुनिक भनाउँदा बुज्रुकहरूमा परपीडक सामन्तवादी चिन्तनलाई देखाउँछ । कमजोरमाथि शासन गर्ने र उसलाई बाँच्नै नदिने प्रवृत्तिले नेपाली समाजमा गलत चिन्तन एवम् क्रियाकलापले प्रश्रय पाएको देखाउँछ । यहाँ लैङ्गिक उत्पीडनप्रति असहमति एवम् व्यङ्ग्य व्यक्त गर्न 'झिँगाहरू भन्किएको र अपचसँग खाएकाले झाडावान्ता लागेको भन्ने थाहा पाएर पनि थाहा नपाउने एक्काइसौँ शताब्दीका बुज्रुकहरू' भनेर टिप्पणी गरिएको छ । लघुकथांशमा उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(ख) "के भन्छे ?......मरेको मान्छे बाँच्छ भने त दिनलाई सुको छैन आफूसित खल्तीमा, कहाँबाट कल्ले ल्याउनु जाम ?? त्यसमाथि एक पोका पाउरोटी पनि रे ! घरमा जे छ त्यही खुवाइ पठाउनु ।"....बाटामा चुरोटको तलतल लागेकाले रामप्रसाद एउटा पसलमा पस्छ । संयोग नै भनु त्यहाँ उसको हाकिम स-परिवारका साथ केही किनिरहेको हुन्छ । आवश्यकीय औपचारिकता र भलाकुसारी पश्चात् हाकिमका छोरा-छोरीलाई मनपर्ने चकलेट एकएकवटा किनेर दिन्छ र आफूलाई पनि चाहिँदो चुरोट लिएर हाकिमका सपरिवारसँग बिदा लिँदै पसलबाट बाहिरिन्छ र त्यतै बाटोमा

पर्ने एउटा साँगुरो, अँधेरो भट्टी पसलभित्र नित्यक्रियाका लागि पस्छ (उत्प्रेरक. २०५९ : १) ।

प्रस्तुत लघुकथांशमा एकजना सरकारी कर्मचारीले छोरीमाथि गरेको विभेदजन्य क्रियाकलाप प्रस्तुत गरिएको छ । यहाँ स्कुल जाने छोरीको बिहानको कक्षा लागेपछि उसलाई स्कुल जानुअघि खुवाउन आमाले पाउरोटी र जामको माग गर्दा बाबुले हप्काएको र पछि पसलमा गएर आफूले चुरोट खाने एवम् भट्टीमा गएर रक्सीसमेत पिउने कार्य गरेको घटना व्यक्त गरिएको छ । एकातिर बाबु पात्रले हाकिमका छोराछोरीका लागि चकलेट किनिदिएको अर्कातिर आफ्नी श्रीमतीलाई अनावश्यक हप्काएर उसको अपमान गरेको एवम् आफ्नै सन्तान छोरीका लागि सामान्य खर्च गर्न पनि इन्कार गरेको पाइन्छ । उसमा असल व्यवहार नभएको र ऊ अनुशासनहीन एवम् आवारा चरित्रको मानिस भएको देखिन्छ । यस रचनामा परिवारमा गरिने विभेदजन्य घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा बाबु पात्रमा उत्पीडक चरित्र देखिन्छ र उसमा विभेदको चेतना पाइन्छ ।

(ग) नभन्दै अक्टोबर १० तारिख आयो । ठूलो तुलमा डा. चमेली भुजेललाई स्वागत गर्दछौं भनेर गाविसले गेट (ढोका) तयार पाऱ्यो । गाउँलेहरूले फूलमाला बोकेर पङ्क्तिमा बसे । उता मुखिया बा हतार हतार गर्दै दुवै हातमा चमेलीको स्वागतार्थ पुष्पगुच्छा बोकेर गा.वि.स भवनमा लम्कदै आएको देखेर गाउँलेहरू मुखामुख गर्न थाले । अस्तिसम्म वेश्याकी छोरी बेस्या भै'छ भनेर गाउँ फुक्ने मुखिया बा कसरी वेश्यालाई पुष्पगुच्छा चढाउन आए ? त्यो कुरा गाउँलेहरूले बुझ्नै सकेनन् (कार्की. २०६१ : ३०) ।

प्रस्तुत लघुकथांशमा आफ्नै गाउँघरकी एक महिलालाई वेश्या भनेर अपमान गर्ने मुखियाको निकृष्ट कार्यलाई प्रस्तुत गरिएको छ । मुखियाले वेश्या भनेर अपहेलना गरिएकी महिलाकी छोरीले प्रगति गर्दा सम्म पनि उसले बेस्याकी छोरी भनेर अपमान गरेको छ । उसले महिलालाई जति बदनाम गरे पनि आफ्नो केही नलाग्ने भएपछि अन्तिममा भने सोही महिलाको स्वागतका लागि पुष्पगुच्छा चढाएको छ । मुखियाले समाजमा आफ्नो प्रभुत्व बनाइराख्ने र सो प्रभुत्व कुनै पनि हालतमा नटिक्ने भएपछि त्वमंशरणम् गर्ने सामन्तवर्गको नीतिलाई अँगिकार गरेको छ । यहाँ नेपाली समाजमा रहेको सामन्ती शोषणको एक रूप प्रस्तुत भएको छ । राज्यले नीति, नियम कानुन बनाइसक्दा पनि यसको प्रभाव ग्रामीण एवम् पिछडिएका क्षेत्रसम्म पुगेको छैन । लघुकथांशमा हाम्रो समाजमा अहिले पनि महिलामाथि उत्पीडन हुने गरेको र सो उत्पीडन सामन्ती शोषणसँग सम्बन्धित भएको विषयसन्दर्भलाई प्रस्तुत गर्नाका साथै उत्पीडनजन्य क्रियाकलापप्रति व्यङ्ग्यसमेत गरिएको छ ।

(घ) तारे होटलको सेमिनार हलमा महिला अधिकारकर्मी जोड जोडले महिला हकहित र अधिकारका लागि आवाज बढाइरहेका थिए तर त्यही होटलको पर्खाल पछाडि एउटी युवतीलाई केही केटाहरू जबर्जस्ती गर्दै थिए । ऊ आफ्नो इज्जत जोगाउन चिच्याइरहेकी थिई । कोठाभित्र महिला मुक्ति र शोषणका लागि प्रतिवाद भइरहेको थियो भने त्यही पर्खाल बाहिर उसको अस्तित्व रक्षा गर्ने कोही पनि थिएन । ऊ केवल चिच्याइरही (अर्याल. २०६६ : ३४) ।

प्रस्तुत लघुकथांशमा तारे होटलको सेमिनारमा ठूला-ठूला स्वरमा चिच्याउने काम अधिकारकर्मीले गरेपनि सेमिनार भएको उक्त होटलको पर्खाल पछाडि एक अबला युवतीको इज्जत लुटिइरहेको घटना प्रस्तुत गरिएको छ । यहाँ एक युवतीको इज्जत लुटिँदा पनि कसैले केही नगरेको र उसले आँसु बगाएर बाँच्नु परेको घटना आएको छ । लघुकथांशमा विभेदको चर्चा गरेर मात्र नपुग्ने र विभेदमा परेकालाई न्याय दिनुपर्ने भाव सहितको चेतना प्रस्तुत भएको छ ।

(ङ) भाइ र पिताबीच वादविवाद चल्दै रहेछ । पिताका शब्द उनका कानमा परे-"हेर् तँ चुप लाग् । विरोध र व्यवधान खडा नगर । उसले मान्नैपर्छ । किन मान्दिनँ ? आखिर बीस वर्ष भनेको सानो उमेर हैन । फेरि ऊ त छोरी हो छोरी, केटो देखाउनु भनेको त औपचारिकता पूरा गर्नुमात्र हो । बस ! केटाले मन पराए पुग्छ । हाम्रो परम्परामा केटो देखाउने चलन भए पनि पनि छान्ने प्रचलन छैन । यदि तिमी आमाछोराले उसलाई मनाएनौ भने यस घरमा कि उसको कि मेरो वास हुन्छ.....।" (रिजाल. २०५७ : ५०) ।

प्रस्तुत लघुकथांशमा पिताले छोरीमाथि विभेदपूर्ण व्यवहार गरेको घटना प्रस्तुत गरिएको छ । पिताले छोरीप्रति अपहेलनापूर्ण अभिव्यक्ति दिनु, आफ्नो निर्णयलाई जबर्जस्ती परिवारमा लादन् खोज्नु, छोरीले उसले भनेको मान्नुपर्ने नमानेका खण्डमा आफूले घर परिवार छोड्ने धम्की दिनुले परपीडक सामन्ती एवम् महिलाविरोधी प्रवृत्ति देखिन्छ । उसको अभिव्यक्तिमा सामन्ती निरङ्कुश चरित्रको छनक पाइन्छ । ऊ आफ्नै परिवारभित्र आफ्नै छोरीमाथि उत्पीडन गर्ने क्रूर पात्रका रूपमा उभिएको छ । नेपाली समाजमा पढेलेखेका, सम्पत्ति भएका मानिस वैचारिक हिसाबले प्रतिक्रियावादी चरित्रका हुनु र तिनले समाजमा मात्र नभएर आफ्नै परिवारमा समेत उत्पीडनजन्य घटना घटाएको पाइन्छ । यहाँ लैङ्गिक विभेदजन्य घटनाको अभिव्यक्ति भएको, सामान्य प्रतिरोध भए पनि त्यसले विद्रोहको रूप लिन सकेको देखिँदैन । लघुकथांशमा उत्पीडन विरोधी चेतना झिनो रूपमा भए व्यक्त भएको छ ।

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा देखिएको महत्त्वपूर्ण चेतना भनेको सामाजिक उत्पीडन विरोधी चेतना हो । नेपाली लघुकथामा सामाजिक उत्पीडनका विभिन्न रूपलाई देखाइएको छ । सामाजिक उत्पीडन विरोधी चेतना एवम् सङ्घर्षमुखी चेतना नै नेपाली लघुकथा लेखनको एक प्रमुख पक्ष बनेर आएको छ ।

**(३) आर्थिक विभेदको अभिव्यक्ति**

समाजमा साधन, स्रोत र पुँजीको समान वितरण नभएकाले आर्थिक दृष्टिले असमान प्रकृतिको समाज हुनु स्वाभाविक देखिन्छ । नेपाली समाजमा विभिन्न आर्थिक अवस्थाका मानिसको बसोबास पाइने सन्दर्भमा तिनको सम्बन्धमा पनि असमानता छ । साधनसम्पन्नले विपन्न एवम् कमजोरमाथि गर्ने विभेदपूर्ण क्रियाकलापले समाजमा गलत क्रियाकलापलाई बढावा दिएको छ । यसै सन्दर्भमा नेपाली लघुकथामा पनि नेपाली समाजमा हुने गरेका असमान आर्थिक एवम् सामाजिक व्यवहारलाई विषय बनाइएको पाइन्छ । नेपाली लघुकथामा प्रस्तुत आर्थिक आधारमा हुने विभेदका घटनालाई यस अध्ययनमा विश्लेषण गरिएको छ । यस अध्ययनमा सनत रेग्मीको **विडम्बना,** माधव लामिछानेको **श्रमको मूल्य,** भागीरथी श्रेष्ठको **विवेकहीन,** इन्द्रकुमार विकल्पको **इज्जत,** साथीको **व्यवहार** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) “त्यस्ता पात्रहरूको राम्ररी अध्ययन नगरी जनपक्षीय कथा लेख्न कहाँ सकिन्छ र ? मैले वर्षौं उसका गतिविधिहरूको अध्ययन गरेको छु । पाइला-पाइलामा उसले भोगेका दुःखकष्टको पीडादायक क्षणहरूलाई नजिकैबाट देख्याछु । उसको मौन विद्रोहको ज्वारभाटालाई अनुहारको रेखारेखामा मैले पढ्या छु । अनि मात्रै मैले उसलाई कथामा भित्र्याएको छु ।”“यति नजिकबाट अध्ययन गर्न तैँले उसलाई कहाँ भेटिस् ?” ऊ मेरो हली हो, वर्षौँदेखि ऊ मेरै घरमा बसेको छ ।” (रेग्मी. २०६६ : ९३) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिसलाई हली बनाएर उसलाई शोषण गर्ने मालिकले उसै हलीप्रति गरिएको शोषणलाई विषय बनाएर कथा लेखेको प्रसङ्गलाई प्रस्तुत गरिएको पाइन्छ । यहाँ सामन्ती चरित्र बोक्ने मालिकको गलत चरित्रको भन्डाफोर गरिएको छ । यस अंशमा समाजमा एकातिर मानिसहरूलाई शोषण गर्ने अर्कातिर समाजमा तिनै मानिसको पक्षधर भएर रहिरहने दोहरो चरित्र भएका मानिसको गलत क्रियाकलापको भण्डाफोर गरिनुका साथै त्यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) “बल्ल घरमूलीको चारमाना कोदो झिकेर दिँदै भने-“पिँधेर ढिँडो खानु, ऊ त्यता बारीको कुनातिर पकाउनु, नयाँ कोदो हो, मीठो हुन्छ” निमुखा ती कामदार केही बोल्न

सकेनन् । जन्तीहरू बाजामा तालमा नाच्दै थिए । उनीहरू सकी नसकी कोदो पिन्न लागे" (लामिछाने. २०६१ : २३) ।

प्रस्तुत लघुकथांशमा एकातिर घरमा बिहेको रमझम छ भने अर्कातिर त्यही घरमा कामदारलाई कोदो दिई पकाएर खानु भन्ने आदेश दिइएको छ । मानिसबाट काम लिने तर घरमा त्यत्रो ठूलो कार्यक्रम हुँदा पनि मीठो खान नदिने काम गरिएको छ । आर्थिक हिसाबले विपन्न कामदारबाट काम लिने तर उनीहरूलाई खान नदिने कार्यले उनीहरू माथि विभेद गरिएको देखिन्छ । यहाँ आर्थिक आधारमा गरिने विभेदप्रति घृणा व्यक्त गर्न 'निमुखा कामदारले केही बोल्न नसकेको, जन्तीहरू बाजाको तालमा नाच्न थाल्दा कामदारले सकी नसकी कोदो पिनेको' घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(ग) डल्ले रामसाहुकहाँ काम गर्थ्यो । जहिले पनि उसलाई जाडोले कक्रिएर भऱ्याङमुनि सुत्न पर्थ्यो, मात्र एउटा थाङ्नो र पातलो ओढ्ने दिइएको थियो ....डल्ले डरले थरर काँप्यो र तुरन्तै पानी तताएर जलीलाई राम्ररी नुहाइदियो । अनि साहुले जलीलाई हिटरको अगाडि राखेर न्यानो दिँदै रूमालले उसको भिजेको शरीरलाई पुछ्न थाल्यो । ढोकाबाट डल्लेले भने अनौठो र ईर्ष्यापूर्ण आँखाले हेरिरह्यो (श्रेष्ठ. २०५० : ३७-३८) ।

प्रस्तुत लघुकथांशमा एकजना मालिकले आफ्नो नोकर र कुकुरसँग गरेको असमान व्यवहारलाई प्रस्तुत गरिएको छ । यहाँ मालिकले कुकुरलाई एकातिर स्याहार सुसार गरेको छ भने अर्कातिर नोकरलाई विभेद एवम् घृणा गरेको छ । आर्थिक रूपमा विपन्न परिवारको भएकोले डल्लेले त्यहाँ काम गर्नुपरेकोमा उसलाई कुकुर जति पनि मान्यता नदिएर मालिक रामसाहुले अत्यन्त अपमानजनक व्यवहार गरेको देखिन्छ । हर्केले जाडोले कक्रिएर भऱ्याङमुनि सुत्न परेको, उसलाई एउटा थाङ्नो र पातलो ओढ्ने कपडा दिइएको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा डल्लेले डरले थरर काँपेर तुरुन्तै पानी तताएर जलीलाई राम्ररी नुहाइदिनु, साहुले जलीलाई हिटरको अगाडि राखेर न्यानो दिँदै रूमालले उसको भिजेको शरीरलाई पुछ्न थाल्नु एवम् ढोकाबाट डल्लेले भने अनौठो र ईर्ष्यापूर्ण आँखाले हेर्नुले मानिस र जनावरलाई हेर्ने मालिकको चिन्तन व्यक्त भएको छ । लघुकथांशमा मालिकवर्गले कामदारप्रति गर्ने विभेदलाई पुष्टि गर्नाका साथै त्यस्ता क्रियाकलापप्रति घृणाभावको चेतना व्यक्त भएको छ ।

(घ) "आफ्नो छोरीमाथि साहुको गिद्धे दृष्टि परेको चाल पायो र भन्यो-"साहुलाई भन्दिनू गरिबको पनि इज्जत हुन्छ, धन छ भन्दैमा सबै कुरा धनले किन्छु भनेर पाईदैन भोलि भैसी

बेचेर साँवा ब्याज बुझाउन आफै आउँछ रे भनेर" नोकर चुपचाप फर्कियो" (विकल्प. २०६० : ६) ।

प्रस्तुत लघुकथांशमा एकजना किसानमा रहेको विद्रोही चेतनालाई प्रस्तुत गरिएको छ । उसले आफू गरिब भएकै कारण साहुले आफ्नी छोरीमाथि आँखा गाडेकाले साहुको गलत मनसाय थाहा पाएर उक्त गलत मनसाय विरूद्ध उचित जवाफसमेत दिएको छ । समाजमा हुनेखानेले विपन्न परिवारका चेलीबेटीमाथि आँखा गाड्ने गरेको यथार्थका साथै त्यस्ता कार्यप्रतिको विरोधसमेत प्रस्तुत गरिएको छ । लघुकथांशमा आर्थिक आधारमा गरिने उत्पीडन विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

(ङ) 'आऽ........छोडिदेऊ पैसाको कुरा, पैसा त हातको मैला हो आउँछ जान्छ के । आफू त्यस्तो होटलमा यसरी खाना खाँदा हाम्रो इज्जत र सान नै कस्तो, होइन ?' तेस्रो युवकले आफ्नो छाँती फुलायो । ....'मोहर नै नलिने सुन्तला पनि रूपियाँ भन्ने, बूढा ।' आर्को एकजना युवकले मुख खोल्यो 'ल भइगो, मोहरको हिसाबले तीनवटा सुन्तला देऊ !' तेस्रो युवकले पनि मुख थुन्न सकेन (साथी. २०३३ : २०) ।

प्रस्तुत लघुकथांशमा महङ्गो होटलमा जाँदा पैसालाई हातको मैला ठान्ने युवकहरूले सडकमा ठेलामा रहेको सुन्तला किन्दा सुन्तला पसलेप्रति असमान व्यवहार घटना प्रस्तुत गरिएको छ । उनीहरूले सुन्तला पसलेलाई कम मूल्यमा सुन्तला दिन दवाब गरेका छन् । ती व्यक्तिहरूले होटलमा पैसा तिर्दा गरेको व्यवहार र पछि सडकमा गरेको व्यवहारमा भिन्नता छ । होटलमा केही बोल्न नसक्नेले सुन्तला पसले गरिब भएकाले उसलाई झन दबाउन खोजेको पाइन्छ । लघुकथांशमा समाजमा कमजोर एवम् विपन्नमाथि विभेद गर्ने र उसलाई शोषण गर्ने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ युवक पात्रमा विपन्न एवम् कमजोर सुन्तला पसलेप्रति विभेदको चेतना रहेको देखिन्छ ।

नेपाली लघुकथामा मानिसको आर्थिक अवस्थाका कारण गरिने विभेदको प्रस्तुति पाइन्छ । लघुकथा रचनामा विभेद विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

### (४) उमेरगत विभेदको अभिव्यक्ति

नेपाली समाजमा गरिने विभेदमध्ये एक प्रमुख विभेद उमेरका आधारमा गरिने विभेद हो । मानिस युवाकालमा साधन स्रोत एवम् सम्पत्तिका दृष्टिले सबल भएकाले यस अवस्थाका मानिसमा उमेरका आधारमा विभेद गरिएको पाइँदैन । उमेर बढी हुने क्रमसँगै मानिस अशक्त हुने, उसको सिर्जनशीलता एवम् क्रियाशीलतामा कमी आउने र आर्थिक उपार्जनका कार्य गर्न नसक्ने हुन्छ । यस्तो अवस्थामा घरपरिवार र समाजमा पनि विभेद एवम् अपहेलना गर्ने कार्य हुने गर्दछ । त्यस्तै विपन्न परिवारका बालबालिका श्रमपूर्ण कार्यमा संलग्न भएका हुन्छन् । उसलाई पनि साधनसम्पन्न मानिसले दुःख दिने र सताउने

कार्य गरेको पाइन्छ । नेपाली लघुकथामा उमेरका आधारमा विभेदका घटना प्रस्तुत गर्नाका साथै विभेद विरोधी चेतना समेत प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा कुसुम ज्ञवालीको **आधिकारिक तथ्याङ्क,** प्रदीप प्रधानको **धर्म,** बुद्धिनाथ ज्ञवालीको **बाबुलाई पिण्ड,** सिन्धु गौतमको **कथनी र करनी** एवम् गोरखबहादुर सिंहको **साहुजीको चारो** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) सात-आठ वर्षे खातेजस्तो देखिने भाँडा माज्दै गरेको एउटा केटासँग बालमन्दिर कता पर्छ भनेर सोधे काशीनाथले । 'थाहा छैन' उसले छोटो जवाफ दियो । बडो दुःखले खोजे उनले । तर बालमन्दिर, प्रहरी थाना र जिल्ला कार्यालय कहीँ पनि बालश्रमिकको आधिकारिक तथ्याङ्क पाएनन् उनले । साँझ होटलको कोठामा बसेर प्रतिवेदन तयार पारे- जिल्ला कार्यालय, प्रहरी र बालमन्दिरका अनुसार यहाँ बालमजदुरहरू नरहेको पाइयो (ज्ञवाली. २०६० : १९) ।

प्रस्तुत लघुकथांशमा सरकारबाट बालश्रमिकको आधिकारिक तथ्याङ्क संकलन गर्न गएको कर्मचारीले बालश्रमिक देखेर पनि नदेखेको नाटक गरेको र यात्राको आरम्भदेखि अन्त्यसम्म बालश्रमिक भेटे पनि तिनको बेवास्ता गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । उक्त कर्मचारीले अन्त्यमा विभिन्न निकायको हवाला दिँदै होटलमा बसेर बालमजदुर नभएको रिपोर्ट तयार गरेको पाइन्छ । यहाँ सरकारी कर्मचारीको निम्न सोचप्रति व्यङ्ग्य गरिएको छ । उसको झाराटारा एवम् लापरवाहीपूर्ण कार्यप्रति व्यङ्ग्य गर्न 'बालमन्दिर, प्रहरी थाना र जिल्ला कार्यालय कहीँ पनि बालश्रमिकको आधिकारिक तथ्याङ्क पाएनन् उनले । साँझ होटलको कोठामा बसेर प्रतिवेदन तयार पारे- जिल्ला कार्यालय, प्रहरी र बालमन्दिरका अनुसार यहाँ बालमजदुरहरू नरहेको पाइयो' भनिएको छ । लघुकथांशमा कर्मचारीको गलत क्रियाकलापप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) उसको प्रवचन सुनिरहेको छिमेकी सुवासले उसलाई चिन्छ । ऊ र उसको घर परिवारमा राम्रो चिनजान छ । कार्यक्रमको अन्त्यमा छिमेकी मित्र सुवासले भन्छ, "ए स्वामी, तर्पाइँको बुवा पक्षाघात रोगले बिस्तारामा गुहु र मुत भएर सुतिरहेको निकै दिन भएको छ । अब गुहमूत कसले फालिदेला ? स्वामी माणिकलाल बोल्दछ,"हँ कसले फालिदिन्छ रे ?...हँ कसले फालिदिन्छ रे....??" (प्रधान. २०६४ : २३) ।

प्रस्तुत लघुकथांशमा संसार सामु ज्ञान र विद्याका अनेकन प्रवचन दिने मानिसले घरमा आफ्नै बाबु पक्षघातले थलिएर जीवन र मरणको दोसाँधमा हुँदा पनि वास्ता नगरेको घटना प्रस्तुत गरिएको छ । बाबुले उमेर छँदा उसको जीवनको निर्माणमा योगदान दिएपनि उमेर ढल्केपछि बाबुलाई एक्लै छोडेर सन्न्यासी बनेर दुनियाँसामु नाटक गर्नाले उसको

जीवन पाखण्डभन्दा केही नभएको देखिन्छ । नेपाली समाजमा आफूलाई प्रतिष्ठित बनाइराख्न धार्मिक कार्यमा संलग्न हुने तर आफ्नै परिवारका सदस्यप्रति अपहेलनापूर्ण व्यवहार गर्ने मानिसको कमी छैन । यहाँ धार्मिक पाखण्डमा बाँच्ने एवम् आफ्नै पिताको वास्ता नगर्ने स्वामीप्रति व्यङ्ग्यका साथै उमेरगत आधारमा गरिने विभेदप्रति व्यङ्ग्यचेतना प्रस्तुत भएको छ ।

(ग) "गाउँघरमा चारैतिर व्यापक चर्चाको विषय बन्यो, दिव्यदेवले बाबुलाई पिण्ड दियो ।....वृद्धबाबुलाई उसले लात्ताले भकुरेन कि पानी माग्दा पिसाब दिएन कि के गरेन उसले ? यो सब दृश्य देखेका मान्छेहरूका आँखाले मरेपछि बाबुलाई खीर पकाएर पिण्ड दिएको देख्दा अचम्म लाग्नु स्वाभाविक हो" (ज्ञवाली. २०६३ : २७) ।

प्रस्तुत लघुकथांशमा जिउँदो छँदा वृद्ध बाबुलाई अपमानजनक व्यवहार गर्ने मानिस दुनियाँसामु नाटक देखाउन बाबुको श्राद्ध गर्न थालेको अवस्था देखाइएको छ । उसको यस्तो कार्यप्रति गाउँघरका मानिसले आश्चर्य प्रकट गरेका छन् र उसको यस्तो कार्यप्रति घृणासमेत व्यक्त गरेका छन् । नेपाली समाजमा जिउँदो छँदा बाबुआमाप्रति दुर्व्यवहार गर्ने र मरेपछि समाजसामु आफूलाई चोखो देखाउने किरिया गरेको नाटक गर्ने मनोवृत्ति कायम रहेको पाइन्छ । यसै सन्दर्भमा यहाँ उमेरगत आधारमा विभेद गरेको घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रतिको असहमतिको चेतनासमेत व्यक्त भएको छ ।

(घ) "भाषण दिँदै थिए एक बालअधिकारवादी नेताले ।....ऊ अर्थात् भाषणकर्ता निर्मम भएर कुट्दै थियो त्यो आठनौ वर्षको बच्चालाई कुकुरलाई ननुहाइदिएको निहुँमा..."(गौतम. २०६८ : २०) ।

प्रस्तुत लघुकथांशमा एकजना बालअधिकारवादी मानिसको क्रूरतालाई देखाइएको छ । लघुकथामा बालअधिकारवादीले आफ्नो घरमा रहेको कामदार बालकलाई कुकुरलाई ननुहाइदिएको बहानामा निर्मम भएर कुटेको घटनालाई प्रस्तुत गरिएको छ । भनाइ र गराइ बिचको भिन्नताले गर्दा उसको पोल खुलेको छ । समाजमा प्रतिष्ठित बन्न बालअधिकारको क्षेत्रमा लाग्ने र मीठो भाषण गर्ने मानिस घरमा आएर भने क्रूरता प्रकट गर्दछ । लघुकथांशमा उसको यस्तो गलत कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ङ) व्यापारीले चारो छर्न थालेपछि नजिकै भक्तजनहरूलाई हात तेर्स्याइरहेका केटाहरू हात तेर्स्याउने कामलाई विश्राम दिएर साहूजीलाई ताकिरहेका थिए । उनीहरू थैली रित्याएर कतिबेला साहूजी फर्केलान् र परेवा-बाँदरसँगै चारो टिपौँला भन्ने सुरमा थिए । केटाहरूलाई थाहा थियो-उनकै अगाडि चारो टिप्दा साहूजीले हातमा लिइराख्ने लट्ठी बर्साउन बेर लाउँदैनन् (सिंह. २०६१ : १२१) ।

प्रस्तुत लघुकथांशमा धर्म कमाउने इच्छाले मन्दिरमा परेवा र बाँदरलाई चारो दिने साहूजीले गरिब बालकको समस्याप्रति कुनै चासो नराखेको घटना प्रस्तुत गरिएको छ । उसले परेवा र बाँदरलाई चारो दिँदा धर्म कमाइने विचार राखेकामा त्यही चारो बालकहरूले टिप्दा उसमा क्रोध उत्पन्न भएर बालकमाथि बल प्रयोग गरेको छ । उसले गरिब बालकलाई गरेको व्यवहारले उसमा मानवता नभएको अवस्थालाई देखाउँछ । यहाँ उमेरगत आधारमा गरिने विभेदप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा सामाजिक विषय सन्दर्भको अध्ययनका क्रममा सामाजिक विभेद एवम् शोषणको चित्रण शीर्षक अन्र्तगत गरिएको अध्ययनका निष्कर्ष यस प्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा जातीय विभेदका घटनाको प्रस्तुति गरिएको पाइन्छ । लघुकथा रचनामा माथिल्लो जातका मानिसले तल्लो जातका मानिसलाई सामाजिक व्यवहारका क्रममा विभिन्न स्थानमा विभेद गरेको र आफूलाई सहयोग गर्ने पात्रलाई समेत विभेद गरेको घटनालाई अभिव्यक्त गरिएको छ । नेपाली लघुकथामा जातीय विभेदका घटना प्रस्तुत गर्नाका साथै त्यस्ता विभेदप्रतिको असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा लैङ्गिक विभेदका घटना सन्दर्भको प्रस्तुति पाइन्छ । नेपाली समाजमा पुरुषवर्गले महिलामाथि गर्ने दमन एवम् उत्पीडनका घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्ता घटनाप्रति असहमति र विरोधको चेतनासमेत अभिव्यक्त भएको पाइन्छ ।

(ग) नेपाली लघुकथामा आर्थिक आधारमा गरिने विभेदसँग सम्बन्धित घटनालाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा सम्पन्न वर्गले विपन्न वर्गमाथि गर्ने थिचोमिचो एवम् दमनका घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्ता घटनाप्रतिको विमतिभावको चेतना व्यक्त गरिएको छ ।

(घ) नेपाली लघुकथामा उमेरगत आधारमा गरिने विभेदका घटनाको अभिव्यक्ति पाइन्छ । उमेर पुगेका बुढाबुढी माथि तथा आर्थिक अभावका कारण श्रम गर्नुपर्ने बालबालिका माथि गरिने विभेदका घटनालाई प्रस्तुत गर्नुका साथै त्यस्ता कार्यप्रतिको असहमत चेतनालाई समेत अभिव्यक्त गरिएको पाइन्छ ।

### ४.२.२.२ सामाजिक विषमता र पारिवारिक विभेदको चित्रण

नेपाली लघुकथामा नेपाली समाजको विषम चरित्रको प्रस्तुति गरिएको पाइन्छ । समाजमा रहेको असमान आर्थिक, सामाजिक एवम् सांस्कृतिक व्यवहारले जनताको जीवन प्रभावित हुँदै आएको, घर परिवारदेखि लिएर समाज एवम् राष्ट्रमा समेत अनेक समस्या उत्पन्न भएको स्थितिलाई अभिव्यक्त गरिएको पाइन्छ । नेपाली लघुकथामा पारिवारिक

जीवनका अनेकौं घटना एवम् परिघटनाहरु प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा परिवारभित्रका मानिसका बीचमा एकआपसी सम्बन्धमा आउने उतारचढावले उनीहरूको जीवन प्रभावित हुने र कतिपय नाताहरूमा आउने जटिलताले पारिवारिक कलह, विघटनका साथै तनावपूर्ण सम्बन्ध विकसित भएका घटनालाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा परिवारभित्र गरिने विभेदले परिवारभित्रको तनावपूर्ण सम्बन्ध विकसित हुने भएकाले परिवारको राम्ररी विकास नहुने गरेको यथार्थ अभिव्यञ्जित भएको छ । यसै सन्दर्भमा नेपाली लघुकथामा "सामाजिक विषमता एवम् परिवारभित्र गरिने विभेदका घटना" अर्न्तगत आर्थिक अभावले ल्याएको समस्याको अभिव्यक्ति, मानिसका मूर्खतापूर्ण क्रियाकलापले पारेको पारिवारिक-सामाजिक समस्याको चित्रण, वृद्ध आमाबाबुमाथि गरिने विभेदजन्य क्रियाकलापको अभिव्यक्ति एवम् पारिवारिक विभेद र समस्याको प्रस्तुति उपशीर्षक निर्धारण गरेर अध्ययन गरिएको छ ।

### (१) आर्थिक अभावले ल्याएका समस्याको अभिव्यक्ति

नेपाली समाजको आर्थिक विषमताको प्रभाव परिवारभित्र पनि पर्दछ । नेपाली लघुकथामा आर्थिक अभावका कारण मानिसको जीवन अत्यन्त कष्टकर बन्ने गरेकामा सो समस्याका कारण नागरिकको जीवनमा आएको समस्यासँग सम्बन्धित विषयलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा आर्थिक अभावले ल्याएका समस्यासँग सम्बन्धित घटनाको विश्लेषण गरिएका लघुकथामा देवेन्द्र अर्याल 'आँशु' को **भोक,** रवीन्द्र समीरको **शव परिक्षण,** श्रीबाबु कार्की 'उदास' को **आज के चाड हो ?,** विजय सागरको **हाम्रो अनुहार** र नवराज रिजालको **दीर्घरोग**लाई विश्लेषण गरिएको छ :

(क) आन्दोलन चर्किएको थियो....ऊ पनि आफ्नो माग पूरा हुने देखेर भीडमा होमियो । नाङ्गो आँङ र भोको पेटको समस्या सल्टिने विचारमा के खोज्छस् कानो आँखो भनेझै ऊ हुत्तिदैं भीडको अग्रभागमा पुग्यो ....ऊ सडकमा डङ्ग्रङ ढल्यो । केही समय अगाडी गाँस बाँसका नारा लगाउने ऊ छटपटाएको थियो । कपासका नाममा अहिले उसले शरीर भरि गोली लगाएको छ, गाँसका नाममा गोली निलेको छ । अहिले उसले टन्न अघाएर भोक, प्यास र बास बिर्सिएको छ (अर्याल. २०६६ : २९) ।

प्रस्तुत लघुकथांशमा अधिकारका लागि लड्ने मानिसको ज्यान लिने सरकार पक्षको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । सरकारले गाँस, बास र कपासका लागि आन्दोलन गरिरहेको मानिसलाई उसको आवश्यकता पूरा गरिदिनुपर्नेमा उल्टो उसको जीवन लिनुले सरकार जनताको पक्षमा नरहेको र निरङ्कुश भएको देखिन्छ । यहाँ सरकारी दमन विरोधी चेतना व्यक्त भएको छ ।

(ख) रातको पर्दा च्यातिएर उषाको आगमनसँगै सडकमा एउटा विभत्स दृश्य देखियो अर्थात् धर्ती माताको एउटा पुत्रको बेवारिसे शव सडकमा लम्पसार परिरहेको थियो....मान्छेहरू समूह-समूहमा विभक्त भएर आ-आफ्नो अनुमानको जुँगामा ताउ लगाउन थाले ....पूर्वनिर्धारित समयमै अस्पतालका चिकित्सकहरूले शव परीक्षणको परिणाम सुनाए । विगत सात दिनदेखि केही खान नपाएकाले भोकका कारण उसको मृत्यु भएको रहेछ (समीर. २०६७ : ८) ।

प्रस्तुत लघुकथांशमा एक मानिसको मृत्युप्रति अनुमानका भरमा टिप्पणी गर्ने सहरबजारका मानिसहरूको क्रियाकलाप आएको छ । यहाँ एकजना भोकले मरेको मानिसप्रति गरिएका विभिन्न टिप्पणीले ती मानिसहरू यथार्थ पक्षतिर ध्यान दिन नसकेको अवस्थाबोध गरिएको छ । लघुकथांशमा एकजना अभावग्रस्त मानिसको मृत्युले धेरै प्रश्न जन्माएका सन्दर्भमा समाजमा देखिएको संवेदनहीनता र तमासाबाज चरित्रप्रति व्यङ्ग्यको चेतना व्यक्त भएको पाइन्छ ।

(ग) हर्कमायाले आफ्नी ठूली छोरी मुखियाको बच्चा हेर्न धरेली राख्ने वाचाका साथ केही रकम सापटी माग्छे । उक्त रकमले बजारबाट केही खाद्यान्न ल्याउँछे । त्यो रात दुवै बूढाबूढी र बालबच्चा अघाउन्जेल खान्छन्....सानी छोरी फूलमती बाबाको छेवैमा बसेर प्रश्न गर्छे, 'बाबा, आज के चाड हो ? हाम्लाई राम्रो नाना खोई त ?' यस प्रश्नबाट हर्कमान लाचार हुनुबाहेक अर्को विकल्प छैन (कार्की. २०६१ : १६) ।

प्रस्तुत लघुकथांशमा एकजना गरिब परिवारको विवशता व्यक्त गरिएको छ । दैनिक छाक टार्न नसक्नु र परिवारका सदस्यहरूको समस्या समाधान गर्न नसक्नुले उनीहरूको सङ्कटग्रस्त जीवनलाई देखाउँछ । जेठी छोरीलाई बन्धक राखेर साहुसँग पैसा मागेर दैनिक छाक टार्नुले उनीहरूको जीवनको कारुणिकतालाई दर्शाउँछ । यहाँ नेपाली समाजमा रहेको अभावजन्य अनुभूतिजन्य चेतनालाई व्यक्त गरिएको छ ।

(घ) तीन दिन भैसक्यो रामेले आधा पेट खान नपाएको । बिचरो छ वर्षको केटो, माग्ने आमाको छोरो । कसैले उसमाथि दया गर्दैनथे । आमाले बिहान र दिनभर मागी मागी उसको र आफ्नो जीउ पाल्थी । एकदिन रामेले आफ्नी आमासँग सोधेथ्यो-आमा ! सबैका बाबु छन् मेरो बाबु खोइ नि ? माग्ने आमाले हाँसेर भनिथी, "सेठ, डन्डावाल र मात्तिएर हिँडने केटाहरू सबै तिम्रा बाबु हुन् ।" तर यो उत्तर रामेले बुझ्नेन र पछि-पछि सोध्दा आमाले ढाड सेकिने गरी ठटाएकीले फेरि कहिल्यै सोध्ने साहस गरेन (सागर.२०६१ : १७) ।

प्रस्तुत लघुकथांशमा एकजना माग्ने महिलाका छोराको विवशता आएको छ । एकातिर दुवै आर्थिक अभावका कारण पीडामा छन् भने अर्कातिर बालकका बाबुको पहिचान

हुन सकेको छैन । समाजका सम्भ्रान्त व्यक्ति, सेठ, डन्डावाल अनि मात्तिएर हिँडने केटालाई त्यो बालकका बाबु भनिएको छ । सडकमा मागेर हिँड्ने महिलालाई जर्बजस्ती करणी गरेर जन्मेका बच्चाको जीवन उसकी आमासँगै सङ्कटमा परेको छ । मानवमूल्यको विघटन र सामाजिक न्यायको अभावका कारण विपन्न नागरिकको यस दुर्दशाले हाम्रो समाजको गिर्दो चरित्रका साथै सामाजिक असमानताको पक्षलाई राम्ररी प्रकट गरेको छ । यहाँ सामाजिक विभेदप्रति चिन्ता व्यक्त गर्नाका साथै सामाजिक उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(ङ) "प्रस्ट भन्नुस्, के हो तपाईको रोग ? मैले बुझ्न सकिन । कसरी जान्नु, के थियो पुर्ख्यौली रोग" डाक्टरले उसलाई उठाउँदै सोधे । उसले पुनः आँसु खसाल्दै भन्यो- "डाक्टर साहेब अझै बुझ्न सक्नुभएन ? म दीर्घरोगी हुँ । पितादेखि सन्तानसम्म मैले असमयमै गुमाएकाहरू जम्मै गरिबी रोगको सिकार भएका हुन् । यदि सक्नुहुन्छ भने त्यसको निदान गरिपाऊँ ।" डाक्टर बोलेनन् मात्र उसलाई हेरिरहे (रिजाल. २०५७ : ४०) ।

प्रस्तुत लघुकथांशमा रहेको रोगी पात्रले आम नेपालीको समस्याको प्रतिनिधित्व गरेको छ । नेपालीहरू वर्षौंदेखि गरिबीको पीडामुनि बाँच्न बाध्य भएको अवस्थालाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । नेपाली समाजमा रहेको विपन्नता र त्यस विपन्नताले उत्पन्न गरेको निरीहताको वर्णन गरिएको छ । लघुकथांशमा अभावजन्य अनुभूतिले निर्माण गरेको विवशताको चेतना व्यक्त भएको छ ।

### (२) मानिसका मूर्खतापूर्ण क्रियाकलापले पारेको पारिवारिक-सामाजिक समस्याको चित्रण

नेपाली लघुकथामा मानिसका मूर्खतापूर्ण क्रियाकलाप र त्यस्ता क्रियाकलापले पारेको पारिवारिक/सामाजिक समस्याको चित्रण गरिएको पाइन्छ । समाजमा मानिस आफू स्थापित हुनका लागि जे पनि गर्न तयार हुने चिन्तन मौलाएका सन्दर्भमा उपभोक्तावादी संस्कृतिले नेपाली समाजमा व्यापक प्रभाव पारेको देखिन्छ । लघुकथा रचनामा आफ्नो स्वार्थका लागि आफ्नै निकटस्थ व्यक्तिलाई धोका दिने कार्य गर्ने प्रवृत्ति बढन थालेको र अवसरवादी क्रियाकलाप एवम् स्वार्थपरकताका कारण मानवीय मूल्यमा क्षय भइरहेको स्थितिलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा मानिसका मूर्खतापूर्ण क्रियाकलापलाई अध्ययनको विषय बनाइएका विश्वराज अधिकारीको **अभिनय,** किशन थापा 'अधिर' को **प्रेम,** पोष चापागाईको **मन,** रमेश भट्टराई 'पुजारी'को **सम्बन्ध** र अमित घिमिरको **कोख** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) छोराले आमातिर हेर्दै फेरि भन्यो, "आफूलाई मन पर्ने लुगा मानिसले कम लगाउँछ छिट्टै च्यातिएला भन्ने भयले । यसैगरी गहना गुरिया पनि कम लगाउँछ छिट्टै खिइएला भनेर । अनि मीठो कुरा पनि केवल कहिलेकाँही मात्र खान्छ । मीठो कुराको

महत्त्व घट्छ भनेर । यी कारणहरूले गर्दा नै मैले पनि तपाँईलाई आफूदेखि टाढा राखेको, तपाईंको महत्त्व बढाउन । म तपाईहरूलाई अति माया गर्दछु । त्यसैले आफूसँग राखेर तपाईंको महत्त्व बढाउन चाहन्न म....छोराले माया गर्छु भनेर गरेको अभिनय यथार्थ प्रतीत भइरहेको थियो । आमा खुसी थिइन छोराको माया देखेर । छोरा झनै खुसी थियो आमालाई सजिलै पन्छाउन सकेकामा (अधिकारी. २०६० : ५९) ।

प्रस्तुत लघुकथांशमा एउटा छोराले आमाबाट मुक्ति पाउन कुतर्कको सहारा लिएको र आफ्नो अनुकूल व्याख्या गरेर आमालाई प्रभावित तुल्याएको सन्दर्भ व्यक्त गरिएको छ । आमालाई आफू टाढा राखेर उनको महत्त्व बढाएको भन्ने तर्कका आधारमा ऊ आमाबाट पन्छिन एवम् श्रीमतीसँग बसेर मोजमज्जापूर्ण जीवन बिताउन सफल भएको छ । यहाँ नेपाली समाजमा व्याप्त व्यक्तिवादी चिन्तनले सम्पूर्ण नातासम्बन्धमा स्वार्थपना भएको विचार व्यक्त भएको छ । यहाँ छोराको स्वार्थी क्रियाकलापप्रति व्यङ्ग्य गर्न 'छोरा झनै खुसी थियो आमालाई सजिलै पन्छाउन सकेकामा' भनिएको छ । लघुकथांशमा छोरा पात्रको स्वार्थी एवम् अवसरवादी क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) "केटो दोधारमा पऱ्यो-"तर आमा...यस्तो नसक्दो उमेरमा तपाई एक्लै...?" त्यसै बेला केटीले उसलाई तान्दै भनी-"मलाई माया गर्छौ भनेको हैन, हिँड अब ?" आमाचाहिँले उसलाई सुमसुम्याउँदै भनिन्-"जाऊ बाबु जाऊ ।" केटो घरी प्रेमिकालाई हेरिरहेको थियो घरी आफ्नी आमालाई" (थापा. २०६० : ७४) ।

प्रस्तुत लघुकथांशमा केटामा आमा र प्रेमिकामा कसलाई साथ दिने भन्ने दोधार उत्पन्न भएको घटना प्रस्तुत गरिएको छ । एकातिर आफ्नी प्रेमिकालाई पनि छोड्न नसक्ने र अर्कोतिर आफ्नी आमालाई पनि छोड्न नसकेको अवस्थामा उसमा विचलन आएको छ । हृदयहीन प्रेमिकाले आफ्नो व्यक्तिगत जीवनमा बाधा नपुगोस् भन्नाका लागि उसले एउटी आमाबाट उसका छोरालाई भिन्न गराउन खोजेकी छ । नेपाली समाजमा व्यक्तिगत स्वार्थको बोलबाला भएकाले तत्कालको हित हेर्ने चिन्तन बढ्दै गएको पाइन्छ । यसै सन्दर्भमा यस लघुकथाका पात्रहरूमा पनि तत्कालको लाभ हेर्ने प्रवृत्ति देखिएको छ । लघुकथांशमा अहिलेको समयको स्वार्थी एवम् आत्मकेन्द्रित मानवीय जीवनशैलीप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) छोराहरू मिलेनन् । भागबन्डाका कुरा चल्न थाले । ऊसँग धनसम्पत्ति थिएन । त्र उसले आफ्नो शरीर नै छोराहरूलाई अंश दिने ठहर गऱ्यो । उसले आफ्नो शरीरको घाँटीमाथि जेठालाई, कम्मरमाथि माहिलालाई र कम्मरमुनि कान्छालाई अंशभाग

दियो । बाबुले लगाइदिएको अंशभागमा छोराहरूको चित्त बुझ्ने । फेरि कुकुर बिरालोजस्तो झ्यारझुरझुर गर्न थाले" (चापागाई. २०६० : ५४) ।

प्रस्तुत लघुकथांशमा आफूले जीवनमा केही गर्न नसक्नु र केही कमाउन नसक्ने तर पितापुर्खाले कमाएको सम्पत्तिमाथि र्‍याल चुहाउने वर्तमान युवा पुस्ताको क्रियाकलाप प्रस्तुत भएको छ । यहाँ आफ्नो पिताको शरीर नै अंशमा पाए पनि कलह गर्नाले उनीहरू पिताको जीवनप्रति संवेदनहीन भएको देखाउँछ । उनीहरूलाई पिताको जीवन अन्त्य भए पनि कुनै फरक पर्दैन तर आफ्नो अंश भने बढी नै चाहिन्छ । लघुकथांशमा वर्तमान युवापुस्ताको अकर्मण्यता एवम् पुँजीमोहप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) ऊ हातको बूढी औँला टोकेर सुँक्कसुँक्क गर्दै देवानन्दका कुरा सुनिरहेकी थिई । अनि उसले बिस्तारै आँसु पुछी र सोधी- त्यो सप्पै मेरै नाउँमा आउँछ त बाजे ? "आउँछ, आउँछ । तिमीले चिन्तै गर्नुपर्दैन" देवानन्दले भने । गाउँलेहरूले पनि देवानन्दको कुरामा सही थापे । लोग्नेको लासमा फूलमाला, अबीर, लावा, धूपबत्ती आदि गरेर बिदाइ गर्दा उसले रुन्चे हाँसो हाँसेकी थिई (भट्टराई. २०६८ : ५६) ।

प्रस्तुत लघुकथांशमा एकजना युवतिको अति सम्पत्तिमोहलाई प्रस्तुत गरिएको छ । लघुकथामा सम्पत्ति पाउने भएपछि युवतिलाई आफ्ना पतिको मृत्यु सहज लाग्नु, अनुहारमा खुसीका लहर दौडिनु र लासको बिदाइ गर्दासमेत रुन्चे हाँसो हाँस्नुले उसमा पतिको मृत्युको पीडाभन्दा पनि सम्पत्ति पाउने लोभले निम्त्याएको खुसी बढी भएको देखिन्छ । नेपाली समाजमा मानवीय सम्बन्ध भन्दा पूँजीप्रति मोह बढिरहेको छ । यो रचनामा समाजमा गिर्दै गएको सामाजिक मूल्य एवम् सम्बन्धका गरिमाको अवसानको नमुना प्रस्तुत गरिएको छ । लघुकथांशमा युवतिको सम्पत्तिमोहजन्य क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ङ) सरल योजना, आफ्नो पतिलाई आफ्नी बहिनी अर्पण गर्ने अथवा अकथनीय अमूर्त भविपट्का अविच्छिन्न छाया-छवी आतङ्क । तथापि उसको अभिलाषा अन्धो हुन्छ । बैनीले सरासर इन्कार गरेपछि गोमाको योजना विकृत बन्छ । बाँझो कोखको वास्तविकताले र घटनाचक्र सृजित गर्छ.....बलात्कारको । आफ्नो सन्मुख आफ्नो पतिद्वारा बैनीलाई ओच्छयाउन लगाएपछि तन्ना एउटा दागग्रस्त हुन्छ (घिमिरे.२०६२ : ३) ।

प्रस्तुत लघुकथांशमा आफूले विवाह गरेको लामो समय भइसक्दा पनि सन्तान जन्माउन नसकेपछि आफ्नी बहिनी पतिको जिम्मा लगाएर सन्तान जन्माउने दिदीको क्रियाकलापमा त्यतिखेर बाधा पर्दछ, जतिखेर बहिनीले त्यसको ठाडै अस्वीकार गरेको घटना प्रस्तुत गरिएको छ । सरल किसिमले योजना पूरा नभएपछि बलात्कारका माध्यमबाट

आफ्नो अभीष्ट पूरा गराएको देखिन्छ । यहाँ दिदी-बहिनीको नातालाई नै कलङ्कित गर्ने कार्य गरिएको छ । आफ्नो स्वार्थका लागि बहिनीको इज्जत लुटाउने कार्यले एकातिर बहिनीको जीवन नै सङ्कटमा पार्ने कार्य भएको छ भने अर्कातिर वर्षौंको आत्मीय सम्बन्धको पनि अन्त्य गराइएको छ, एउटा विश्वासको हत्या गरिएको छ । दिदी पात्रको मूर्खतापूर्ण क्रियाकलापका कारण दिदी बहिनीको पवित्र नातामा कलङ्क लगाउने कार्य भएको छ र उनीहरूबीचको सम्बन्धमा तनाव उत्पन्न गराएको छ । लघुकथांशमा कुत्सित मनसाय बोक्ने दिदी पात्रको कार्यप्रति विमतिको चेतना व्यक्त भएको छ ।

नेपाली समाजमा आफू सफल बन्न र अगाडि आउन आफ्ना आफन्त र स्वजनको आँसुमाथि टेकेर अघि बढ्ने कार्यसमेत भइरहेको पाइन्छ । यस्ता कार्यले समाजमा उनीहरूको सफलताको सिँढी त तयार होला तर सम्बन्धका सीमाहरु भने भत्किँदै जाने निश्चित छ । नेपाली लघुकथामा समाजको विकासक्रममा मानिस सफलताका लागि जे पनि गर्न तयार हुने स्थितिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथा रचनामा मानिसको मूर्खतापूर्ण विकृत चिन्तन एवम् स्वार्थजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

**(३) वृद्ध आमाबाबुमाथि गरिने विभेदजन्य क्रियाकलापको अभिव्यक्ति**

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा आएको महत्त्वपूर्ण चेतना विभेद विरोधी चेतना पनि हो । यसै सन्दर्भमा परिवारभित्र वृद्ध आमाबाबुप्रति गरिने विभेदजन्य क्रियाकलापलाई पनि लघुकथा रचनामा स्थान दिइएको पाइन्छ । नेपाली लघुकथामा यस्ता वृद्ध आमाबाबुमाथि उनीहरूका छोराछोरीले गर्ने विभेदका घटना सन्दर्भलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य एवम् विरोधको भाव सम्प्रेषण गरिएको पाइन्छ । यस अध्ययनमा रवीन्द्र समीरको **ईश्वरका कथाहरू-सत्र,** सनत रेग्मीको **सज्जावस्तु,** शर्मिला खडका (दाहाल) को **महत्त्वपूर्ण सम्पत्ति,** वासु मार्मिकको **भरिया,** माधव लामिछानेको **आँसुको अर्थ** र गोपाल ढकालको **कर्तव्य** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "होइन, मान्छेहरू बहुलाए कि क्या हो ? सृष्टिकर्ताको नामोनिसान छैन । संहारकर्ताको मात्र पूजा भइरहन्छ । यो कस्तो विडम्बना हो ? संहारकर्तालाई घृणा गर्नुपर्ने होइन र ?" नजिकैको घरमा सृष्टिकर्ता वृद्ध आमाबुबालाई भाडाका कुन्डलेहरू लगाई छोराबुहारीले घरनिकाला गरेको देखेर ब्रह्माजीले आफ्नो प्रश्नको उत्तर पाए" (समीर. २०६५ : २८) ।

प्रस्तुत लघुकथांशमा आफ्ना बाबुआमालाई भाडाका कुन्डले लगाएर घरबाट निकाल्ने छोराबुहारीको क्रियाकलाप प्रस्तुत गरिएको छ । यहाँ छोराबुहारी पात्रको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) 'ए हजुर पनि कस्तो लाटो । देश, काल, परिस्थिति पनि बुझ्न नसक्ने । भर्खर जनआन्दोलन सफल भएको लछ । अब २००७ सालका क्रान्तिकारी पञ्चायती

व्यवस्थाका विरूद्धमा लडनेहरूको महत्त्व बढ्दै जान्छ । बुवाज्यूको व्यक्तित्त्वको महत्व त अब पो हुन्छ । यी पुराना थोत्रा तस्विरहरूलाई चाँदीको फ्रेम बनाएर सजाई राख्नुपर्छ । डेकोरेसन पिसहरू सजाउन बनाएको सोकेसमाथि यिनै फ्रेमहरू टाँग्नुपर्छ । आएगएका मानिसहरूलाई बुबाज्यूको इतिवृतान्त सुनाउनुपर्छ ।' पत्नीको कुरा सुनेर उनी मख्ख भए । भाउजूको कुरा देवरले पनि खाए । आजभोलि दुवै भाइका बैठक कोठामा उनका बुबाको पुराना तस्विरहरू चाँदीको नयाँ फ्रेममा सुसज्जित भएर सोकेसको माथिल्लो भागमा सजिएका छन् । उनीहरू आएगएका प्रत्येक मानिसहरूलाई आफ्ना बुबाको इतिहास सुनाएर पनि अघाउँदैनन् (रेग्मी. २०६६ : ८४) ।

प्रस्तुत लघुकथांशमा बाबु जिउँदो छँदा बाबुका लागि केही गर्न नसक्ने छोराबुहारीहरू बाबुको मृत्युपछि भने उनको तस्बिर कोठामा राखेर उनको योगदान एवम् इतिहास सुनाउने गरेको घटनालाई प्रस्तुत गरिएको छ । पछिल्लो पुस्तामा स्वार्थी प्रवृत्ति भएकाले जिउँदोमा बाबुको उपयोगिता नभएको एवम् बाबुको मृत्युपछि उनको नाम भजाएर स्वार्थ सिद्ध गर्न खोजेको घटना व्यक्त गरिएको छ । नेपाली समाजमा सम्पत्तिलाई मात्र महत्त्व दिने मानिसको सामाजिक योगदानलाई कम महत्त्व दिने चलन छ । सामाजिक योगदान दिएका तर विपन्न नागरिकको जिउँदोमा अपहेलना हुने र मृत्युपछि नाम भजाउने चलन विगतदेखि चल्दै आएको पाइन्छ । लघुकथांशमा आफैले हेला गरिएका बाबुको पुरानो फोटोलाई भजाएर लाभ लिन खोज्ने छोराबुहारीहरूको गलत क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ग) 'आमासँग सम्पत्ति छँदै छ नि, मान्छे राखेर काम लगाउँदा भइहाल्छ नि । हामी पनि बेफुर्सदी हुन्छौं ।' छोराबुहारीहरूको यस्तो अभिव्यक्तिबाट मर्माहत हुन्थिन् अनि खोज्थिन् आफ्नोपन । आधुनिक परिवेशको प्रतिस्पर्धामा छोराबुहारीहरूको जीवनचर्याले आमाप्रतिको दायित्व र कर्तव्यलाई सुलुत्त निलिदिएको थियो । अनि पिल्सिएको थियो उनको बुढ्यौली (दाहाल. २०६४ : ५२) ।

प्रस्तुत लघुकथांशमा आमालाई बोझ ठान्ने छोराबुहारीको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ छोराबुहारी पात्र मानिसलाई सम्पत्ति भए सबथोक पुगिहाल्छ, मानिसको माया, स्नेह एवम् साथसमर्थन चाहिँदैन भन्ने सोच सहितको उपभोक्तावादी संस्कृतिमा बाँचेको घटनालाई प्रस्तुत गरिएको छ । उनीहरूले आमाप्रति उपेक्षा भाव देखाउनाका साथै महत्त्वपूर्ण अभिभावकका रूपमा नभएर अतिरिक्त वस्तुका रूपमा व्यवहार गरेका छन् । यहाँ आफ्ना वृद्ध आमाको उचित ख्यान नगर्ने छोराबुहारी पात्रको कार्यप्रति विमति प्रकट गर्न 'आधुनिक परिवेशको प्रतिस्पर्धामा छोराबुहारीहरूको जीवनचर्याले आमाप्रतिको दायित्व र कर्तव्यलाई सुलुत्त निलिदिएको थियो । अनि पिल्सिएको थियो उनको बुढ्यौली' भनिएको छ ।

लघुकथांशमा आमाप्रति उपेक्षाभाव देखाउने छोराबुहारीको क्रियाकलापप्रति विमतिको चेतना व्यक्त भएको छ ।

(घ) उसले बाटामा भेटिएको एकजना गाउँलेलाई सोध्यो, "दाइ, तपाईले माथि बाटामा एउटा भरिया जाँदै गरेको देख्नु भयो कि ?" गाउँलेले उसलाई सजिलैसँग चिन्यो तर उसले चिन्न सकेन । गाउँलेले उसलाई निलुँला झैं गरेर एउटा नैतिकताको पाठ पढाउन प्याच्च बोल्यो, "भरिया त होइन, तिमीलाई सहर पढन पठाउने तिम्रो बाबु चाहिँ भेटेको थिएँ ।" उसले गाउँलेको उत्तर सुनेपछि रातो पिरो चेहरा लिएर गल्ती गरेकामा पश्चात्ताप पनि गऱ्यो (मार्मिक. २०५३ : ३०) ।

प्रस्तुत लघुकथांशमा आफ्नो बाबुलाई भारी बोक्न लगाएर आफू घर जाने छोराको कार्य प्रस्तुत गरिएको छ । छोरा पात्रले आफूलाई कसैले नचिन्लान् भनेर सोचेकोमा गाउँलेले चिनेर उसको गलत कार्यको भन्डाफोर गरेपछि पश्चात्ताप गरेको छ । उसले आफ्नो बाबुलाई भरिया भनेर सम्बोधन गरेकामा गाउँलेले जोडदार जवाफ फर्काएको पाइन्छ । लघुकथांशमा आफ्नै बाबुमाथि विभेद गर्ने छोराको कार्यप्रति व्यङ्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) "समयले कोल्टे फेऱ्यो । सुदीपले पनि घरजम गऱ्यो । उनीहरू वृद्ध हुँदै गए । आफ्ना वृद्ध बाबुआमाको लागि स्याहार-सुसारको राम्रो व्यवस्था गर्नु छोराछोरीको कर्तव्य सम्झेर सुदीपले पनि आफ्ना वृद्ध बाबुआमालाई "वृद्ध स्याहार केन्द्र" मा भर्ना गरिदियो" (ढकाल. २०६२ : ७) ।

प्रस्तुत लघुकथांशमा वृद्धावस्थामा आमाबाबुको स्याहार गर्न छोडेर वृद्ध स्याहार केन्द्रमा पुऱ्याउने छोराको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । वर्तमान समयमा मानिसमा संवेदनहीनता बढदै गएका सन्दर्भमा जिम्मेवारीबोधको कमी एवम् उत्तरदायित्वहीनताका कारण समाजमा व्यक्तिगत स्वार्थले स्थान ग्रहण गर्दै गएको छ । यसै सन्दर्भमा छोराले आफ्ना आमाबाबुप्रति देखाएको व्यवहारले उसमा रहेको आत्मकेन्द्रित स्वार्थी चरित्रलाई देखाउँछ । लघुकथांशमा आमाबाबुमाथि उत्पीडन गर्ने छोराको स्वार्थपूर्ण क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गर्न आमाबाबुप्रतिको कर्तव्य पूरा गर्न वृद्ध स्याहर केन्द्रमा भर्ना गरेको भनिएको छ ।

(च) वृद्धाश्रमको स्थापना भएको दशौं वार्षिकोत्सवमा प्रमुख अतिथिले धाराप्रवाह भाषण गरे । समाजमा वृद्धवृद्धाले सम्मानजनक ढङ्गले बाँच्न पाउनुपर्ने कुरामा जोड दिए ।.....एकजना बूढी आमै रोइरहेकी भेटिइन्-"आमा, किन रुनुभएको यस्तो रमाइलो सभामा ?" बूढीले कामेको स्वरमा भनिन्-"अघिको मान्छेले बोलेको कुराले रोएको हुँ ।" उत्तर सुनेपछि सबैले बूढीलाई प्रमुख अतिथिको भाषणले पगालेको रहेछ

भन्ने अनुमान गरे । "यति राम्रो कुरा गर्दा पनि रुन हुन्छ त आमा" उनीहरूले सोधे । बूढीले बरर्र आँसु झार्दै भनिन्-"कुरा त राम्रै हो बाबुहरू । तर वर्षदिनमा एकचोटी छोराको बोली र वचन सुन्दा कसलाई रुन मन लाग्दैन र ?" (लामिछाने. २०६१ : ४५) ।

प्रस्तुत लघुकथांशमा एकजना छोराको दोहरो चरित्र प्रस्तुत गरिएको छ । छोरा पात्र समाजमा प्रतिष्ठित भएका कारण वृद्धाश्रमको उद्घाटन गर्न गएको र उसले सभामा वृद्धवृद्धाले सम्मानजनक किसिमले बाँच्न पाउनुपर्ने विचार व्यक्त गरेको छ भने अर्कातर्फ आफ्नै आमालाई वृद्धाश्रममा बस्न बाध्यसमेत बनाएको छ । यहाँ एकातिर क्रूर एवम् दोहरो चरित्र बोक्ने छोरा पात्रको क्रियाकलाप आएको छ भने अर्कातिर छोराको भाषण सुनेर रुन पुगेकी आमाको कार्य प्रस्तुत गरिएको छ । समाजमा दोहरो चरित्र बोक्ने मानिस सम्मानित छन् र तिनले नै समाजमा प्रभुत्व जमाएका छन् । लघुकथांशमा दोहरो चरित्र बाँच्ने अहिलेको समयको सत्य वा त्रासदीका घटनाको अनावरण भएको छ । यहाँ आमाको 'वर्षदिनमा एकचोटी छोराको बोली र वचन सुन्दा कसलाई रुन मन लाग्दैन र ?' भनाइले छोरा पात्रको दोहरो चरित्रको भन्डाफोर भएको छ । लघुकथांशमा आफ्ना वृद्ध आमाप्रति गरिएको उत्पीडनप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा वृद्ध आमाबाबुमाथि अन्याय गर्ने गतिविधिलाई प्रस्तुत गरेको छ । लघुकथामा विभेदका विरुद्धमा मानवीय सम्वेदनाको भाव व्यक्त हुनाका साथै जेष्ठ नागरिकप्रति सम्मान एवम् आदर गरिनुपर्ने चेतनासमेत प्रस्फुटित भएको छ ।

**(४) पारिवारिक विभेद र समस्याको प्रस्तुति**

नेपाली लघुकथाको एक प्रवृत्तिगत विशेषता घरपरिवारका मुख्य मानिसबाट परिवारका सदस्यप्रति गरिने विभेद हो । घरपरिवारका मुख्य मानिसले परिवारमा गरिने विभेदले परिवारमा असन्तोषको सिर्जना हुनाका साथै बेमेल समेत सिर्जना हुन्छ । नेपाली लघुकथामा पारिवारिक विभेद विरोधी चेतनालाई सशक्त किसिमले व्यक्त गरिएको पाइन्छ । यस अध्ययनमा रवीन्द्र समीरको **विभेद,** अच्युत घिमिरेको **नोकर्नी,** प्रयास सौरभ श्रेष्ठको **साहस,** सनत रेग्मीको **नालायक** र अगीब बनेपालीको **हिसाब मिलेन** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) माछामासु, घिउ, सुत्केरी मसला, पुलाउ, मालिस गर्ने सहयोगी मात्र होइन, अनुहार हेर्ने र उपहार दिनेहरूको भीड कान्छी बुहारीको कोठामा ठेलमठेल छ । आफन्तहरूले विभिन्न उपहार र पोसिला खानेकुराहरू लिएर आइरहेछन् । खुसीको वर्षा भएको छ । उता जेठी बुहारीको कोठामा ज्वानोको झोल, भात र साथमा उनका माइतीपक्ष मात्र छन् । राम्री छोरी जन्माएर प्रसन्न भएकी

सुत्केरीलाई उनीहरू सम्झाउँदै छन्-'चिन्ता नगर छोरी, अर्को पटक जसरी पनि छोरा जन्माउनुपर्छ ।' (समीर. २०६९ : ६३) ।

प्रस्तुत लघुकथांशमा सासुससुराले छोरा पाउने बुहारीमाथि एकप्रकारको र छोरी पाउने बुहारीमाथि अर्को प्रकारको व्यवहार गरेको घटना प्रस्तुत गरिएको छ । बुहारीमाथि घरपरिवारले मात्र नभएर आफन्तजन एवम् इष्टमित्रले समेत विभेदपूर्ण व्यवहार गरेका छन् । यसले हाम्रो सामाजिक चिन्तनमा रहेको नारी जातिमाथिको हेपाहा व्यवहारलाई देखाउँछ । छोरालाई अत्यधिक मान्यता दिने र छोरीलाई कुनै मान्यता नदिने कारणले समाजमा लिङ्गका आधारमा हुने विभेद बढाएको छ । अरूले त विभेद गरे गरे स्वयं माइती वर्गले पनि अब अर्कोपल्ट छोरा जन्माउनुपर्छ भन्नुले उनीहरूमा पनि त्यस विभेदलाई सही ठहऱ्याउने स्थितिमा रहेको देखिन्छ । लघुकथांशमा समाजमा रहेको चिन्तनगत समस्यालाई प्रस्तुत गर्नाका साथै पुरुषवादी चिन्तनप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

(ख) नयाँ ठाउँ, नयाँ परिवेश भएर पनि बडो फूर्तीका साथ तिनी काममा संलग्न छिन् । तिनी लुरुलुरु अर्काका घरमा कसरी घोटिन सकेकी होलिन् ? बिचरी, उसलाई तिनको अवस्थाप्रति दया लाग्थ्यो । अब उनी निरीह भएर बाँचिरहेकी छिन् । उसलाई दासीप्रथा हटेजस्तो लागेन र अघोषित रूपमा हिन्दु संस्कारले नारीहरूलाई दासी बनाएको कुरालाई स्वीकार्यो (घिमिरे. २०६१ : ३५) ।

प्रस्तुत लघुकथांशमा एकातिर नवविवाहित दुलहीले घरको सबै काम गर्नुपर्ने अवस्था सिर्जना भएको छ भने उसको श्रीमान्ले श्रीमतीको सबै दु:ख देखे पनि त्यस चलनलाई हटाउन नसकेको स्थितिबोध गरिएको छ । यहाँ श्रीमान् पात्रले दासी प्रथा रहेको अनुभूति गरे पनि केही गर्न नसक्नुले उसको कमजोर मनस्थितिलाई देखाउँछ । लघुकथांशमा परिवारमा बुहारीमाथि गरिने दासतापूर्ण व्यवहारप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) "ऋषिप्रसादले आफ्नी श्रीमती पिटे । कुन्नी के निहुँमा हो-त्यो त थाहा भएन । तर यति थाहा थियो समाजमा नाम कहलाएका व्यक्तिले आफ्नी श्रीमतीलाई घर-आँगनमा सबैले देख्ने गरी ड्याम.....ड्याम दमाहा बजेझैं गरी पिटे" (श्रेष्ठ. २०५८ :७) ।

प्रस्तुत लघुकथांशमा एकजना समाजमा नाम कहलिएका मानिसले आफ्नी श्रीमतीलाई सार्वजनिक रूपमा सबैले देख्ने गरी कुटपिट गरेको घटनालाई प्रस्तुत गरिएको छ । उसले घरआँगनमा सबैले देख्ने गरी श्रीमती कुटने कार्यले समाजमा उसको बदनाम भए पनि यस घटनालाई देखे पनि कसैले बोल्ने आँट गरेका छैनन् । लघुकथामा उक्त व्यक्तिको गलत कार्यका साथै त्यस घटनाबारेमा कुनै विरोध गर्न नसक्ने मानिसप्रति पनि प्रश्न उठाइएको छ । यहाँ उसको श्रीमती पिट्ने कार्यप्रति विमति व्यक्त गर्न 'घरआँगनमा

सबैले देख्ने गरी ड्याम.....ड्याम दमाहा बजेझैं गरी पिटे' भनिएको पाइन्छ । लघुकथांशमा उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(घ) सबैतिर सुखसन्तोष नै छ हजुर, कान्छोचाहिँको साह्रै पीर छ मलाई । कसैले नपाउने दुःख पाउने छाँट छ त्यसको । साह्रै नालायक भो हजुर त्यो । "त्यस्तो के गर्छ र कान्छाले र यसरी पिरिनुभएको ? के गर्थ्यो र त्यो नालायकले । कामधन्दामा ध्यानै दिँदैन । साहित्यकार भई पल्टेको छ मोरो । साहित्य लेख्छ रे पत्रिका छाप्छु भन्छ । आफ्नो भएको कामधन्दा छाडेर साहित्य लेखेर के पाउँछ त्यो नालायकले ?" रामप्रसादको कुरा सुनेर उनीहरू चुप लाग्न बाध्य हुन्छन् र त्यो रात उनीहरूलाई निद्रा पर्दैन (रेग्मी. २०६६ : ८६) ।

प्रस्तुत लघुकथांशमा साहित्यजस्तो बौद्धिक क्षेत्रमा छोरा लागेकामा बिग्रेको भनेर चिन्ता गर्ने बाबुको चिन्तनलाई व्यक्त गरिएको छ । हाम्रो समाजमा असल काम र गलत कामको सही पहिचान हुन नसक्दा मानिसहरूले असल काममा लागेका मानिसलाई हेला गर्ने गरेको पाइन्छ । यसै सन्दर्भमा साहित्यिक क्षेत्रमा लागेका छोरालाई प्रोत्साहन दिएर अघि बढाउनुपर्नेमा उसलाई अपहेलना गर्नुले उक्त व्यक्तिमा सही र गलतको पहिचान गर्न सक्ने सामर्थ्य नै नभएको देखाउँछ । उसले साहित्यमा लागेको छोराको अपहेलना गरेर छोराको प्रतिभाको अपमान गरेको छ । लघुकथांशमा रामप्रसादको भनाइप्रति असहमत चेतना 'रामप्रसादको कुरा सुनेर उनीहरू चुप लाग्न बाध्य हुन्छन् र त्यो रात उनीहरूलाई निद्रा पर्दैन' भनाइमा व्यक्त भएको छ ।

(ङ) "छोरीको काम- बिहान सबेरै उठ्नु, दैलो लिपपोत गर्नु, चिया पकाएर बुबा, आमा र भाइको सिरानीमा पुऱ्याउनु, लुगा धुनु, पानीपँधेरो गर्नु, सोत्तर सोहर्नु, गृहकार्य गर्नु, आमाबाबुसँग सुत्न नपाउनु...." बुबाले पढिसकेर आमा चाहिँको मुख हेऱ्यो । "छोराको काम- नौ बजे उठनु, सिरानीको चिया खानु, गाउँ चहार्नु, तास खेल्नु, बोर्डिङ स्कुल जानु, बुबाआमासँग सुत्न पाउनु......" बुबाचाहिँले केही सङ्कोच मान्दै आमालाई हेऱ्यो । आमा र बुबालाई छोरीले राम्ररी नियाली । हिसाब मिलेन बुबा, आमा कुनै हिसाब मिलेन बुबाको अनुहारको रङ उड्यो, आमाको अनुहारमा केही राहत भए पनि गम्भीर मुद्रा थियो (बनेपाली. २०६० : २९) ।

प्रस्तुत लघुकथांशमा बाबु पात्रले छोरा र छोरीमाथि असमान व्यवहार गरेको छ । उसले छोरीलाई घरका काममा लगाएको छ भने छोरालाई नचाहिँदो छुट दिएको छ । यहाँ छोरीले हिसाब मिलेन भन्नु, बाबुको अनुहारको रङ उड्नु र आमाको अनुहारमा केही राहत भए पनि गम्भीर मुद्रा थियो भन्नुले बाबु पात्रको क्रियाकलापप्रति आमाछोरीमा असहमत

चेतना रहेको देखिन्छ । लघुकथांशमा पारिवारिक विभेद गर्ने चिन्तन एवम् व्यवहारप्रति व्यङ्ग्यका साथै असहमतिको चेतना व्यक्त गरिएको पाइन्छ ।

यस अध्ययनमा सामाजिक विषमता एवम् परिवारभित्र गरिने विभेदका घटनाअर्न्तगतका चार उपशीर्षकका निष्कर्ष यस प्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा आर्थिक अभावले ल्याएको समस्याको अभिव्यक्ति पाइन्छ । आर्थिक अभावका कारण मानिसले भोकभोकै बस्नु परेको, गलत कार्यमा सहभागी भएर रोगी भएको तथा मृत्युको शिकार भएको जस्ता घटना सन्दर्भहरु प्रस्तुत भएका छन् । मानिसले भोकले गर्दा अनेकन समस्याको सामना गर्नुपरेको अवस्थाको चित्रण गरिएको छ । लघुकथा रचनामा भोकका कारण उत्पन्न मानव मूल्यको विघटनलाई प्रस्तुत गर्नाका साथै समाजमा सामाजिक न्याय हुनुपर्ने चेतना व्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा मानिसका मूर्खतापूर्ण क्रियाकलापले पारेको पारिवारिक-सामाजिक समस्याको चित्रण गरिएको पाइन्छ । आफ्ना स्वार्थका लागि छोराले आमा, श्रीमानले श्रीमती एवम् श्रीमतीले श्रीमान छोडने गरेको, व्यक्तिगत स्वार्थका लागि पारिवारिक सन्बन्ध विघटन गर्ने र लाभका पछि दौडने प्रवृत्तिको चित्रण गरिएको पाइन्छ । मानवीय निकृष्टताको चरम रूप प्रस्तुत गर्नाका साथै त्यस्ता क्रियाकलाप विरोधी चेतनासमेत व्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा वृद्ध आमाबाबुमाथि गरिने विभेदजन्य क्रियाकलाप प्रस्तुत भएको पाइन्छ । आफ्नो स्वार्थका लागि आफ्ना वृद्ध आमाबाबुलाई दुःख दिने र वृद्धाश्रममा छोडने जस्ता गलत क्रियाकलाप भएका पाइन्छन् । नेपाली लघुकथामा यस्ता खाले विभेदको विरोधका साथै विभेद विरोधी चेतनासमेत व्यक्त भएको छ ।

(घ) नेपाली लघुकथामा पारिवारिक विभेद र समस्याको प्रस्तुति गरिएको पाइन्छ । परिवारभित्रका मुख्य मानिसले विभेद गर्ने, असमान व्यवहार गर्ने, कसैलाई काखा र कसैलाई पाखा गर्नेलगायतका घटनालाई प्रस्तुत गरिएको छ । लघुकथा रचनामा विभेद विरोधी चेतना सशक्त किसिमले प्रस्तुत भएको छ ।

### ४.२.२.३ सामाजिक विकृति र विसङ्गतिको चित्रण

नेपाली लघुकथामा सामाजिक विकृति र विसङ्गतिजन्य गतिविधिलाई विषय सन्दर्भका रूपमा अघि सारिएको पाइन्छ । समाजमा रहेका अनेकन अराजक गतिविधि, अव्यवस्था, अन्धविश्वास, आडम्बर, अनुशासनहीनता, अनैतिकता, देखावटीपन, शक्तिपूजा एवम् स्वार्थजन्य क्रियाकलापको प्रभाव कला साहित्यमा पनि पर्दछ । नेपाली लघुकथा रचनामा समाजमा रहेका विकृति र विसङ्गतिलाई उजागर गर्नाका साथै तिनको चिरफार

गरेर असल पक्षलाई अघि ल्याउने कार्य भएको पाइन्छ । गैरसरकारी क्षेत्रसँग सम्बन्धित अराजकता एवम् अनुशासनहीनताले पनि समाजको विकासक्रम प्रभावित हुने सन्दर्भमा यस्ताखाले विभिन्न विकृतिको विरोध गर्नाका साथै असल समाजको सिर्जनाका लागि विचार सम्प्रेषण गरिएको पाइन्छ । नेपाली लघुकथामा प्रस्तुत "सामाजिक विकृति र विसङ्गतिको चित्रण" शीर्षक अर्न्तगत रूढिवाद एवम् अन्धविश्वासको चित्रण, अनैतिकता, आडम्बर, देखावटीपन एवम् शक्तिपूजाको चित्रण, अराजकता, अनुशासनहीनता एवम् स्वार्थजन्य क्रियाकलापको अभिव्यक्ति एवम् गैरसरकारी संस्थाका क्रियाकलापको चित्रण उपशीर्षकमा अध्ययन एवम् तिनको विश्लेषण गर्ने कार्य गरिएको छ ।

(१) **रूढीवाद एवम् अन्धविश्वासको चित्रण**

नेपाली लघुकथामा युगचेतना अर्न्तगत अध्ययनको विषयका रूपमा अन्धविश्वास विरोधी चेतना पनि रहेको छ । नेपाली लघुकथा रचनामा नेपाली समाजमा रहेका विभिन्न किसिमका अन्धविश्वास र अन्धविश्वासका कारण मानिसले भोग्नुपरेका समस्यालाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त चेतना भनेको अन्धविश्वास विरोधी चेतना भएकाले रचनाकारले नयाँ चिन्तन एवम् विश्वासका पक्षमा आफ्नो कलम चलाएका छन् । यस अध्ययनमा रवीन्द्र समीरको **झाँक्री साइँला**, रामबहादुर बानियाँ क्षेत्रीको **साइत**, विमला अधिकारीको **पश्चात्ताप**, भीम राना 'जिज्ञासु'को **मिथ्या** एवम् मित्र आभाषको **पितृसत्ता र अन्धविश्वास** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "सात दिनसम्म औषधी खाएर निको भएपछि झाँक्री साइँला पुनः आफ्नो झाँक्री पेसामा फर्कियो । कसैले सोधे ऊ तुरन्तै जवाफ दिन्थ्यो- "झाँक्रीले सबै बिरामीको उपचार गर्न सक्छ, तर आफै बिरामी भएमा उसले डाक्टरकहाँ जानुपर्ने शास्त्रोक्त नियम छ ।" (समीर. २०६७ : २६) ।

प्रस्तुत लघुकथांशमा एक जना झाँक्री बिमार भएपछि अस्पताल भर्ना भएको र औषधि खाएर ठीक भएपछि उसले आफ्नो क्रियाकलापको ढाकछोप गर्न कुतर्क गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ झाँक्री आफूले गर्ने उपचारप्रति कुनै विश्वास नभएको तर जनतासामु भने 'झाँक्रीले सबै बिरामीको उपचार गर्न सक्छ तर आफै बिरामी भएमा उसले डाक्टरकहाँ जानुपर्ने शास्त्रोक्त नियम छ' भनेर पन्छिने कार्य गर्दछ । नेपाली समाजमा ग्रामीण क्षेत्रमा औषधोउपचारभन्दा पनि धामीझाँक्रीकहाँ बढी विश्वास गर्ने चलन छ । मानिसको यही अन्धविश्वासको फाइदा केही फटाहाले उठाउने गरेको पाइन्छ । लघुकथांशमा झाँक्रीको आफ्नै विद्याप्रति गरिएको अविश्वासको अभिव्यक्तिका माध्यमबाट रूढिवाद एवम् अन्धविश्वास विरोधी चेतना प्रकट भएको छ ।

(ख) ज्योतिष पिताले शुभसाइत बुधबार ७ : ०० बजेको जुराए र त्यसैदिन प्रस्थान गर्नु उत्तम हुने भनेर बाध्य बनाए....घरी बिग्रने घरी सप्रने गर्दै दिन बित्यो, साँझ रेडियोबाट समाचार प्रसारण भयो । "भैरहवाबाट काठमाण्डौ जाँदै गरेको बस आज दिउँसो २ : ०० बजे पृथ्वी राजमार्गको मलेखु भन्ने ठाउँमा दुर्घटनाग्रस्त हुँदा एकजनाको घटनास्थलमै मृत्यु र पाँच जना सामान्य घाइते भएका छन् । मृत्यु हुनेमा भैरहवा निवासी सानोबाबु भन्ने पुष्पराज शर्मा हुनुहुन्छ (क्षेत्री. २०६७ : ३) ।

प्रस्तुत लघुकथांशमा ज्योतिष हेराएर मात्र मानिसको यात्रा सफल हुने भनिएकामा साइत हेराएर गएको मानिस दुर्घटनामा परेर मृत्युवरण गर्नुपरेको घटना प्रस्तुत गरिएको छ । यहाँ मानिसको जीवन-मृत्यु संयोग मात्र हुने विचारका साथै रूढिवाद विरोधी चेतना व्यक्त भएको छ ।

(ग) कक्षामा गुरुआमाले 'अन्धविश्वास' पाठ पढाउँदै भनिन्-"हेर भाइबहिनी हो ! झारफुक जस्तो अन्धविश्वासको पछि लाग्नु गलत हो ।" ....छुट्टीपछि ती गुरुआमा घरतिर लागिन् । घरमा उनकी छोरी ज्वरो आएर काँपिरहेकी रहिछिन् । उनले हत्त न पत्त धुप बालिन् र पहेँला अक्षता बनाई चारै दिशामा मन्साएर पल्लो घरको धामीबालाई फुक्न बोलाइन् । छोरीको ज्वरो यति गर्दा पनि निको नभएपछि मात्र बल्ल अस्पताल लगिन् । अस्पताल पुऱ्याएपछि डाक्टरले जाँची सलाइनपानी चढाउँदै अस्पताल ल्याउन ढिला भएको जानकारी गराए । छोरी चल्न चटपटाउन छाडिन् । डाक्टरले छोरीलाई मृत घोषणा गरे (अधिकारी. २०६९ : २२) ।

प्रस्तुत लघुकथांशमा अन्धविश्वासको विरोधमा कक्षामा पढाउने शिक्षिका नै आफ्नी छोरी बिमारी भएपछि धामीको शरणमा पुगेको घटना प्रस्तुत गरिएको छ । यहाँ शिक्षिकाले छोरीलाई अस्पतालमा ढिलो भर्ना गरेका कारण छोरीको मृत्यु भएको छ । यसरी आफ्नै गल्तीका कारण उनले आफ्नी छोरीको जीवन गुमाउनुपरेको छ । लघुकथांशमा अन्धविश्वास विरोधी चेतना व्यक्त भएको छ ।

(घ) त्यो सेतो वस्तु देखेर जोगी अक्षता जप्दै हान्दैहान्दै आयो । जब जोगी ऊ नजिकै आयो उसले दुवै हात चलाइदियो । जोगी डरले त्यहाँबाट कुलेलम ठोक्दै भाग्यो । आत्तिएर भाग्दाभाग्दै जोगी एउटा ढुङ्गामा ठोक्किएर घाइते भयो । अस्पतालै भर्ना गर्नुपर्ने अवस्थामा पुग्यो । आफ्नो ज्यानै सुरक्षा गर्न नसक्नेले भूतप्रेतलाई लखेट्न सक्ने त कुरै भएन । यो सब मिथ्थामात्र रहेछ भनेर त्यो शिक्षित व्यक्तिले गाउँलेहरूलाई बतायो (राना. २०६६ : ५८) ।

प्रस्तुत लघुकथांशमा एकजना जोगी गाउँघरमा फेरी लगाउन आएकामा सेतो वस्तु देखी डराएर भागेको सन्दर्भ प्रस्तुत गरिएको छ । लघुकथामा जोगी डरले भाग्ने क्रममा

घाइते बनेको र उसको यस्तो अवस्था बताउँदै एक जना शिक्षित व्यक्तिले गाउँलेलाई यो सब मिथ्या भएको कुरा बताएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ अन्धविश्वास विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(ङ) एक दिन अचानक बिरामी भयो । त्यस केटालाई टाइफाइट भएको अनुमान सबैले गरे । तर, घरका आमा-बाले छोरा निको पार्न टुनामुना, धामीझाक्रीँ र लामा बोलाएर ल्याई विभिन्न खेल गर्न थाले । देवीदेवता, डङ्किनी, देउराली, मसान के के हो ? सबै...। बिरामी भएको करिब ढेड, दुई सातापछि अचानक छोराको मृत्यु भयो (आभाष. २०६९ : १२) ।

प्रस्तुत लघुकथांशमा अन्धविश्वासका कारण एकजना बालकको मृत्यु भएको घटना प्रस्तुत गरिएको छ । बिमार भएपछि उसको सही उपचार गर्नुभन्दा पनि अनेकन खेल गर्न लागेपछि बालकको मृत्यु भएको छ । यहाँ रुढिवाद एवम् अन्धविश्वास विरोधी चेतना अभिव्यक्त भएको छ ।

नेपाली लघुकथामा अभिव्यक्त चेतनामा अन्धविश्वास विरोधी चेतना एक प्रमुख पक्ष बनेर आएको छ । समाजमा रहेको अशिक्षा एवम् अज्ञानताको जगमा उभिएर अन्धविश्वासले धेरै मानिसको जीवन समाप्त गर्न पुगेको छ । मानिसहरू आफूमा रहेको गलत चिन्तन एवम् विश्वासका कारण दुःख पाइरहेका छन् । समाजमा नयाँ चिन्तन एवम् मान्यताप्रति शत्रुतापूर्ण दृष्टिले हेर्ने र अन्धविश्वासमा रुमल्लिएका कारण नेपाली समाजको विकासको प्रक्रियामा यसले अवरोध सिर्जना गरेको छ ।

### (२) अनैतिकता, आडम्बर एवम् शक्तिपूजाको चित्रण

नेपाली लघुकथामा युगचेतना अर्न्तगत समाजमा विद्यमान रहेको अनैतिकता, आडम्बर एवम् शक्तिपूजासँग सम्बन्धित लघुकथालाई अध्ययनको विषय बनाइएको छ । नेपाली लघुकथामा अनैतिकता, आडम्बर एवम् शक्तिपूजाको विरोधी चेतना आएको पाइन्छ । यस अध्ययनमा साधना प्रतीक्षाको **श्राद्ध,** कृष्ण बजगाईको **पीडा,** माधव लामिछानेको **दिनचर्या,** गोपाल ढकालको **मूल्य** एवम् दिलीप शाहको **पूर्वाभ्यास** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "ठीक भन्यौ । त्यसैले त म यसरी घरबारै त्यागेर गेरुवस्त्र धारण गरेर तिम्रैपछि लागेको छु देवी !" युवकले यतिन्जेल आफूलाई पूर्ण त्यागी पुरुषका रूपमा तयार पारिसकेको छ । युवति पनि अब बिहानको नित्य कर्म सकेर शुभ्र शान्त विदुषी बन्ने तयारीमा हुन्छे । अनायास उसका आँखा भित्ताका क्यालेन्डरमा पुग्छन्, "ओहो ! आज त एकछाकी । भोलि उसको श्राद्ध । यसपालि यसै तीर्थमा उसको श्राद्ध गर्ने

अवसर मिल्यो । अब पितृ तर्ने भए.......।" ऊ अब आफ्नो पतिको पाँचौ श्राद्धको तयारीमा लाग्छे (प्रतीक्षा. २०६८ : २८) ।

प्रस्तुत लघुकथांशमा पतिको मृत्यु भएपछि सन्न्यास ग्रहण गरेकी महिलाले परपुरुषसँग सम्बन्ध राखेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । ऊ एकातिर पतिको श्राद्ध पनि गर्दछे भने अर्कोतिर सन्न्यासिनीका भेषमा दिउँसो प्रवचन गर्ने र राती कुकर्ममा समेत सामेल हुने गर्दछे । नेपाली समाजमा एकातिर समाजसामु चरित्रवान् बन्ने र भित्रभित्रै अनैतिक कार्य गर्ने कार्य बढिरहेको पाइन्छ । यहाँ एक महिलाको नजिक हुन घरपरिवार छोडेर गेरुवस्त्र धारण गर्ने युवकको चर्तिकता प्रस्तुत गरिएको छ । लघुकथांशमा युवायुवतीका अनैतिकतापूर्ण आडम्बरयुक्त क्रियाकलापलका साथै त्यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतनासमेत व्यक्त भएको पाइन्छ ।

(ख) "केही समययतादेखि त्यस कार्यालयका हाकिमसाबको ढाड दुखेको, टाइपिस्टको कम्मर, छाती र पेट दुःखी हाकिम साहेबकै कोठामा आराम गर्न थालेको कुरा सारा कर्मचारीहरूले थाहा पाउन थाले । त्यसपछि बाँकी सबै कर्मचारीहरूको टाउको दुख्न थाल्यो" (बजगाई. २०६४ : ३४) ।

प्रस्तुत लघुकथांशमा सरकारी कार्यालयलाई आफ्नो मोजमस्ती गर्ने थलोका रूपमा प्रयोग गर्ने कार्यालय प्रमुख एवम् महिला कर्मचारीको अनैतिक चरित्रलाई प्रस्तुत गरिएको छ । उनीहरूको यस्तो कार्यले कार्यालयको वातावरण बिग्रनका साथै कर्मचारीको मानसिकतामा समेत नराम्रो असर परेको पाइन्छ । नेपाली समाजमा आफ्नो पेसागत मर्यादा भुलेर अनैतिकतालाई प्रश्रय दिने कर्मचारीको अभाव छैन । यसै सन्दर्भमा यस लघुकथाका पात्रले समाजमा विकृत क्रियाकलापका माध्यमबाट समाजमा खराब सन्देश प्रवाहित गरेका छन् । लघुकथांशमा व्यक्त "त्यसपछि बाँकी सबै कर्मचारीहरूको टाउको दुख्न थाल्यो" भनाइले कर्मचारीहरू यस्तो अनैतिक क्रियाकलापप्रति असहमत रहेको देखिन्छ । यस अंशमा अनैतिकता विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(ग) घर आइपुगेर ढोकाभित्र छिर्नमात्र के लागेकी थिइन्-एउटा मोटरसाइकल ढोकामै आएर अडियो । त्यहाँबाट एउटा महिला झरिन् । उनले मोटरसाइकलवालालाई हात हल्लाउँदै भनेको आवाज बूढीका कानमा ठोकियो-"भोलि त नगरकोट जानुपर्छ नि, डियर !" अलि वर आएकी ती महिलालाई ती बूढीले नियालेर हेरिन्-तिनी त उनकै बुहारी पो रहिछन् (लामिछाने. २०६१ : ७) ।

प्रस्तुत लघुकथांशमा आफ्नो घरपरिवारको जिम्मेवारी सम्हाल्ने एवम् कुनै निश्चित काममा सहभागी हुनेभन्दा पनि परपुरूषसँग लागेर मोजमस्तीमा डुब्ने महिलाको छाडा क्रियाकलापलाई प्रस्तुत गरिएको छ । पारिवारिक उत्तरदायित्व बोध भन्दा जीवनलाई क्षणिक

मोजमज्जामा भुलाएर नारी स्वाभिमानको नै अपमान गर्ने यस्ता चरित्रले समाजलाई नै विषाक्त बनाएका छन् । लघुकथांशमा महिलाको अनैतिक क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्तो क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

(घ) "तिम्री छोरी पनि त तिमीजस्तै हो । भने जति पैसा दिन्छु भन्दा अरू के चाहियो । के म नराम्रो मान्छे हुँ र ? ऊ केही बोल्न सकिन । ग्राहकले आफ्नो अधिकारले पाएको कुरा खोजेझैं गरिरह्यो । अन्त्यमा निन्द्रामा बोले झैं, उसले सुस्तरी भनी- "जिद्दी नगर, ऊ तिम्री छोरी हो ।" (ढकाल. २०६२ : २८) ।

प्रस्तुत लघुकथांशमा मोजमस्तीका लागि आग्रह गरिएकी युवती आफ्नै छोरी भएको कुरा यौन ग्राहकले पछि मात्र थाहा पाएको घटनालाई प्रस्तुत गरिएको छ । उक्त मानिस यौन व्यवसायी महिलाको लामो समयदेखि ग्राहक भएको, त्यस महिलाले छोरीको बाबु ऊ हुनुको रहस्योदघाटनले ऊ लामो समयदेखि त्यस्ता अनैतिक कार्यमा संलग्न रहेको देखाउँछ । यहाँ लघुकथांशमा एकजना व्यक्तिको परस्त्रीगमनको पारकाष्ठालाई प्रस्तुत गरिएको छ । उसको जीवन अनैतिक कार्यमै बितेको कुरा अवैध सम्बन्धबाट जन्मेको सन्तान जवान भइसक्दा पनि अनैतिक कार्यमा संलग्न हुनुले पुष्टि गर्दछ । लघुकथांशमा पुरूषपात्रको अनैतिक क्रियाकलापप्रति व्यङ्ग्य एवम् असहमत चेतना व्यक्त भएको छ ।

(ङ) जमाना बदलिइसक्यो, देशमा प्रजातान्त्रिक टुसो पलाइसक्यो । जनता चेतनाको असाध्य रोगले आक्रान्त भइसके । उनीहरू अब भोको पेटले पनि अधिकारजस्तो वाहियात कुरा गर्न लागेका छन्; दुवा, सलाम, अदब सब बिर्सिसकेका छन् । . ...'कुछ' सोच र 'कुछ' गर् रामबाबु !' उनले लामो मन्थनपछि 'कुछ' गर्ने योजनाको खाका तयार गरे । उनको 'कुछ' मा केही समयका लागि निहुरिने, झुक्ने र सलाम गर्ने, नमस्कार गर्नेजस्ता योगाभ्यास थिए (शाह. २०६६ : ५१) ।

प्रस्तुत लघुकथांशमा एक सामन्ती नेताले जनता चेतनशील भइसकेकोले जनतालाई सहजै ठग्न नसकिने भएको हुँदा कुनै उपाय खोज्ने विचार व्यक्त गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ नेताले चुनावमा जित्नका लागि केही समयका लागि जनताका अगाडि झुक्ने कार्य गर्नुपर्ने उपाय पत्ता लगाएको विचार व्यक्त गरिएको छ । उसले समाजमा आफू स्थापित हुन र चुनाव जित्नका लागि आडम्बर वा देखावटीपनका उपाय खोजेको छ । नेपाली समाजमा चुनावका बेला जनतासामु केही झुकेको अभिनय गरे पनि अन्य बेला जनताको बेवास्ता गर्ने कार्य गरिएको पाइन्छ । प्रजातन्त्रकाल एवम् लोकतन्त्र कालमा यस्तो खाले प्रवृत्तिले झन् बढावा पाएको छ । यहाँ राजनीतिक नेतावर्गको आडम्बर वा देखावटी क्रियाकलापप्रतिको असहमत चेतनाका साथै व्यङ्ग्यभावसमेत व्यक्त भएको पाइन्छ ।

यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त अनैतिकता, आडम्बर एवम् शक्तिपूजासँग सम्बन्धित क्रियाकलापको चित्रण गरिएको छ । लघुकथा रचनामा यस्ता प्रवृत्तिप्रति व्यङ्ग्य एवम् विरोधको चेतना प्रकट भएको छ ।

**(३) अराजकता, अनुशासनहीनता एवम् स्वार्थजन्य क्रियाकलापको अभिव्यक्ति**

नेपाली लघुकथामा नेपाली समाजमा रहेको अराजकता, अनुशासनहीनता एवम् स्वार्थजन्य क्रियाकलापलाई विषय सन्दर्भ बनाइएको पाइन्छ । लघुकथा रचनामा समाजले सही बाटो नपाएको र खराब पक्ष बलियो बन्दै गएकामा चिन्ता व्यक्त गर्नाका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्य एवम् विरोधका माध्यमबाट समाज सुधारको अपेक्षासमेत गरिएको पाइन्छ । यस अध्ययनमा देवेन्द्र अर्याल 'आँसु' को **असली रूप**, मित्र राजु पाठकको **मूल्यवान् मुस्कान**, कैलाशकुमार शिवाकोटीको **अवसर**, मणिकुमार पोखेलको **सेवा**, महेश प्रसाईको **आन्दोलन** र विमला अधिकारीको **प्रवृत्ति** लघुकथाको विश्लेषण गरिएको छ :

(क) मन्त्री भए पश्चात् उनका छोराको बिहे धुमधामका साथ भयो । दाइजोको लेखाजोखा नै भएन । यो देखेर नेताका एक कार्यकर्ताले उनलाई सुटुक्क भने, "मन्त्रीज्यू यो त भएन नि ? काम एउटा कुरा चैँ अर्कै ?" तब मन्त्रीले भने, 'के गर्नु, जिन्दगीमा बल्लबल्ल मन्त्री भइयो, एकपटक गर्ने बिहेमा पनि केको बन्देज । यो त जनताको अगाडि भन्ने कुरामात्र हो (अर्याल. २०६६ : २६) ।

प्रस्तुत लघुकथांशमा कार्यकर्तासामु आफ्नो दोहरो चरित्रको आफै पर्दाफास गर्ने मन्त्रीको क्रियाकलाप प्रस्तुत गरिएको छ । यहाँ मन्त्रीको कथनबाट उनको आफ्नै क्रियाकलापको पोल खुलेको छ । नेपाली समाजमा गलत चिन्तन एवम् क्रियाकलाप भएको व्यक्ति राज्यको जिम्मेवार निकायमा पुगेको र उसले दोहरो चरित्र अँगाल्नाले समाजमा विकृत चिन्तन एवम् क्रियाकलाप वृद्धि भएको पाइन्छ । लघुकथांशमा 'के गर्नु, जिन्दगीमा बल्लबल्ल मन्त्री भइयो, एकपटक गर्ने बिहेमा पनि के को बन्देज । यो त जनताको अगाडि भन्ने कुरामात्र हो" भनाइमा मन्त्रीको गैरजिम्मेवार कार्य एवम् गतिविधिप्रति व्यङ्ग्य एवम् असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) केही छिनपछि अर्की एउटी युवतीले पछाडि फर्की आफ्नी साथीको कापी हेरेर धमाधम सार्न थालिन् । गार्डले रिसाएर उनीतिर के यसो मात्रै हेर्दै थियो, उनले मुसुक्क मुस्कुराएर कपी हेर्न अनुमति मागिन् । सायद उनको त्यो मधुर मुस्कानले पगालेर होला गार्ड भनाउँदो कामुक मुद्रामा मैन पग्लेझैं पग्लेर खिस्स दाँत देखाएर उनीसँग मुस्कुराउँदै थियो (पाठक. २०६३ : ३६) ।

प्रस्तुत लघुकथांशमा एक परीक्षा हलमा आफ्नो लाभका लागि परीक्षामा रहेको गार्डलाई प्रभावित गर्न चाहने युवतिको स्वार्थजन्य क्रियाकलाप एवम् युवतिको मुस्कानमा

लट्ठ पर्ने गार्डको अराजक क्रियाकलाप प्रस्तुत गरिएको छ । नेपाली समाजमा आफ्नो स्वार्थका लागि इज्जतसमेत गुमाउन तयार हुने युवापुस्ता एवम् क्षणिक मोहमा फसेर आफू कर्तव्यच्युत हुने शिक्षकवर्गको क्रियाकलापका कारण समाजमा विकृति उत्पन्न भएको पाइन्छ । यहाँ गार्ड एवम् युवतिको स्वार्थी एवम् अराजक क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्तो क्रियाकलापप्रति असहमतिको चेतना समेत व्यक्त भएको पाइन्छ ।

(ग) कविको सारगर्भित मन्तव्य पोख्ने पालो पनि आयो । उनी बेपत्तासँग कुर्लिए-"यो कन्जुस मुलुकमा मेरो लागि सिन्को पनि भाँच्न सकेन । न मेरो विद्वत्ताको मूल्य नै मनन गर्न सक्यो ।....मुटुमाथि ढुङ्गा राखेर भए पनि यस माटोबाट म र मेरो परिवारले विस्थापित हुनुपर्ने अवस्था आएको छ ।" खाट्टी कुराको गाँठो फुक्यो- खप्परमा डिभी परेपछि उनी बाँकी जिन्दगी परचक्रीलाई समर्पित गर्ने निर्णयका साथ सपरिवार उड्ने समय कुरेर बसेका रहेछन्" (शिवाकोटी. २०७० : १५) ।

प्रस्तुत लघुकथांशमा एकजना अवसरवादी कविको देशविरोधी क्रियाकलापलाई प्रस्तुत गरिएको छ । कवि देशमा बसेर सुखसुविधा, अवसर र पहिचान सबै पाएर पनि नपुगेका कारण अन्त्यमा देश छोडन पुगेका छन् भने देश छोडने बेलामा आफ्नो जन्मभूमिप्रति गरिएको टिप्पणीले उनमा अवसरवादिता एवम् स्वार्थको प्रधानता मौलाएको देखाउँछ । नेपाली समाजमा पछिल्ला केही दशकयता कतिपय नागरिकमा विदेशमोह व्यापक रूपमा बढेको पाइन्छ । यसै सन्दर्भमा यस लघुकथाका पात्र कविले पनि आफ्नो व्यक्तिगत लाभका लागि विदेश जान लागेको तथ्यलाई ढाकछोप गर्न आफ्नो देशलाई गाली गरेका छन् । यहाँ "खप्परमा डिभी परेपछि उनी बाँकी जिन्दगी परचक्रीलाई समर्पित गर्ने निर्णयका साथ सपरिवार उड्ने समय कुरेर बसेका रहेछन्" भनाइले कविको कार्यप्रति असहमत एवम् व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(घ) दुई वर्ष पछाडि बिदाई कार्यक्रम राखियो । यसपटक पनि बिदा भएर जाने विद्यार्थीका तर्फबाट उसैले बोल्यो । तर, उसमा पहिलेको जस्तो उत्साह र जाँगर देखिएन । सबैजना छक्क परे । यस्तैमा उसले गुनासो पोख्यो, 'तपाईँहरूको सेवामा दुईदुई वर्षसम्म लागिपरेँ । तर, साथीहरू, यस बापत युनियनबाट पेस्की लिएको थोरै मात्र रूपियाँ पनि मिनाहा हुन सकेन, मैले तिर्नै पर्ने भयो । आखिर तपाईहरूको सेवा गरे बापत मैले के पाएँ ?' (पोखेल. २०६९ : १९) ।

प्रस्तुत लघुकथांशमा विद्यार्थी नेताले स्ववियुको रकम आर्थिक अपचलन गरेको एवम् बिदाइका दिन पहिले आफूले स्ववियुको पेस्की लिएका र तिर्नुपरेकामा दुःख व्यक्त गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । नेपालमा प्रजातन्त्रकालयता कतिपय विद्यार्थी सङ्गठनले विद्यार्थी वर्गको हितभन्दा निजी लाभजन्य क्रियाकलापमा सहभागिता जनाउने गरेको र

कतिपय विद्यार्थी नेता गुन्डागर्दी एवम् आर्थिक अपचलन गर्ने कार्यमा संलग्न हुँदै आएको पाइन्छ । यहाँ उसले अराजक स्वभाव एवम् अनुशासनहीन प्रवृत्तिको स्वयं पोल खोलेको छ । लघुकथामा विद्यार्थी राजनीतिको आडमा आर्थिक लाभ खोज्ने प्रचलनप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) "केहीबेरको दौड पश्चात् पाँचै जनाले त्यस निहत्था आइमाईलाई घेरे । पालैपालो उसको निर्वस्त्रपनसित खेलियो । भोलिपल्ट, चोकबाट एउटा बेवारिसे लास उठाइयो । कुनै प्रतिक्रिया सुनिएन । त्यस दिनदेखि त्यो कमान्डो दलका सदस्यहरूले साँझ परेपछि, आन्दोलनकारीहरूलाई खोज्ने प्रयास गरेनन्" (प्रसाई. २०६८ : ५६) ।

प्रस्तुत लघुकथांशमा एकातिर आफ्नो जिम्मेवारी देश र जनताको सुरक्षा गर्ने कार्यबाट सुरक्षाकर्मीहरू च्युत भएको एवम् अर्कातिर उनीहरूले गम्भीर अपराध समेत गरेको घटनालाई प्रस्तुत गरिएको छ । कमान्डो दलले महिलाको सामूहिक बलात्कार पछि हत्या गर्ने कार्यले उनीहरूमा रहेको अमानवीय निर्दयी प्रवृत्ति देखापरेको छ । नेपाली समाजमा पचासको दशकयता द्वन्द्वकालमा प्रहरी र सेनालाई अधिकतम अधिकार दिइएको सन्दर्भमा आफ्नो अधिकारलाई देश र जनताको पक्षमा भन्दा पनि जनतालाई दुःख दिने घटना हुँदै आएका छन् । यस लघुकथामा व्यक्त "त्यस दिनदेखि त्यो कमान्डो दलका सदस्यहरूले साँझ परेपछि, आन्दोलनकारीहरूलाई खोज्ने प्रयास गरेनन्" भनाइले उनीहरू जनतालाई दुःख दिने कार्यमा लागिरहेको जनाउँछ । उक्त भनाइले आफूलाई तोकिएको कार्य सम्पन्न गर्नुभन्दा पनि जनतालाई दुःख दिने कार्यमा संलग्न भइरहने उनीहरूको यस्तो कार्यप्रति असहमतिको चेतनासमेत प्रस्तुत गरेको छ ।

(च) आफ्ना भनाइ राख्दै जाँदा अन्तिम वक्ताले बोल्ने समय आयो । उनले मञ्चमा गएर सबैतिर नजर लाउँदै आफ्नो भनाइ सुरु गरे-"हामी देश बनाउने अगुवाहरू एउटा मञ्च पाउँदा श्रोतादर्शक सबै गइसक्दा पनि आफै विज्ञ र फुर्सदिला बनेर भाषण गरिरहन्छौं र अन्तमा आफ्नो छोटो मन्तव्य यही टुङ्ग्याउँछु भन्न पछि पर्दैनौं । देशको बागडोर यस्ताका हातमा आयो भने यो प्रवृत्तिले देशलाई कुन अवस्थामा पुऱ्याउला ?" (अधिकारी. २०६९ : १६) ।

प्रस्तुत लघुकथांशमा आवश्यकताभन्दा बढी विद्वान् हुन खोज्ने मानिसका कार्यप्रति व्यङ्ग्य गरिएको छ । यहाँ देशका लागि धेरै बोल्ने भन्दा पनि धेरै काम गर्नेको आवश्यकता रहेको कुरालाई उठाउनुका साथै धेरै बोल्ने देशका अगुवालाई सचेत बनाउने काम गरिएको छ । लघुकथामा सबै जिम्मेवार नागरिकले अनुशासनमा रहनुपर्ने विचार प्रखर ढङ्गले व्यक्त गरिएको छ । लघुकथांशमा नेपाली समाजमा रहेको आवश्यकताभन्दा बढी बाठो बन्ने प्रवृत्तिप्रति व्यङ्ग्यको साथै असहमतिको चेतनासमेत व्यक्त भएको पाइन्छ ।

यस अध्ययनमा नेपाली समाजमा रहेको अराजकता, अनुशासनहीनता एवम् स्वार्थजन्य क्रियाकलापसँग सम्बन्धित रचनाको विश्लेषण गरिएको छ । त्यस्ता घटना एवम् प्रवृत्तिका बारेमा अध्ययन गर्नाका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य एवम् विरोधको चेतना प्रस्तुत गरिएको छ ।

**(४) गैरसरकारी संस्थाका क्रियाकलापको चित्रण**

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत अध्ययनको विषय नेपाली लघुकथा रचनामा प्रस्तुत गैरसरकारी संस्थाको क्रियाकलाप पनि हो । गैरसरकारी संस्थाका क्रियाकलापले आम मानिसको जीवनलाई प्रभावित गर्ने भएकाले ती संस्थाले आफ्नो कार्यक्रम समाजका निश्चित वर्गलाई केन्द्रमा राखेर अघि सारेको पाइन्छ । गैरसरकारी संस्थाका क्रियाकलापका विभिन्न पक्षका बारेमा विभिन्न किसिमले चर्चा एवम् परिचर्चा हुने गरेका सन्दर्भमा यस अध्ययनमा नेपाली लघुकथा रचनामा नेपालमा कार्यरत गैरसरकारी संस्थाको क्रियाकलापका बारेमा चर्चा गरिएको कृष्ण बजगाईको **उन्मूलन,** शर्मिला खडका (दाहाल)को **कोठाभित्र र कोठाबाहिर,** विनयकुमार कसजूको **स्याललाई स्लिपिङ ब्याग,** नवराज रिजालको **विखण्डन** र सुमन सौरभको **घाटे दलित** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) वर्षौंदेखिको गरिबी उन्मूलन कार्यक्रमका बावजुद त्यस गाउँको गरिबी जस्ताको त्यस्तै थियो । वास्तवमा उनी  नै गरिबी उन्मूलन चाहँदैनथे....पहिलेको त्यो गरिब बस्ती अब भव्य रिसोर्टमा परिणत भइसकेको थियो ।  पहिलो पटक बिजुलीबत्तीको उज्यालामा ठूलाठूला घरमा सुकिला मान्छेहरू बसेको छिमेकी गाउँलेहरूले देखे । गरिबी उन्मूलनका नाममा ल्याइएको पैसाले गरिबी हैन, गरिबको उन्मूलन गरेको कुरा छिमेकी गाउँकाले थाहा पाए । त्यसपछि त्यो छिमेकी गाउँ पुरै आतङ्कित भयो (बजगाई. २०६४ : ३५-३६) ।

प्रस्तुत लघुकथांशमा गैरसरकारी संस्थाका प्रमुखले गरिबी उन्मूलन नचाहेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ गरिबका नाममा विदेशबाट पैसा ल्याएर उनीहरूका नाममा गैरसरकारी संस्थाका पदाधिकारी मौलाउने काम भएको र गरिबीको नभएर गरिबको उन्मूलन भएको तथ्यलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा बिजुलीबत्तीको उज्यालोमा सुकिला मानिस देखिनु, गरिबी उन्मूलनका नाममा ल्याइएको पैसाले गरिबी हैन, गरिबको उन्मूलन गरेको छिमेकी गाउँकाले थाहा पाउनु र छिमेकी गाउँ पुरै आतङ्कित हुनुजस्ता घटनाको प्रस्तुतिका माध्यमबाट गैरसरकारी संस्थाको गतिविधिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) बालबालिकाको सर्वाङ्गीण विकासका लागि एउटा विद्यालयमा भव्य अन्तर्क्रिया कार्यक्रम भइरहेको थियो...बालविकास र समाजसेवाको धेरै भाषण गरेर सुकेको

> तर कामचाहीँ केही नगरेर हातखुट्टा फुकेको एक जना वक्ताले भन्यो-"यस स्कुलको नियम के हो ? यस्तो पनि स्कुल हुन्छ ? केटाकेटी चौरमा खेल्ने अनि हल्ला गर्ने ?" अर्को मरन्च्यासे जसले बालविकासका नाममा धेरै डलर खाएर नपचेर पेटको बिमार लागेकाले बोल्यो-"हो त, बच्चाहरूलाई यसरी चौरमा हल्ला गर्न दिनु हुन्छ ? उनीहरूलाई त कोठामा अनुशासित बनाएर राख्नुपर्छ"....त्यसपश्चात् कोठाबाहिरको बालविकास फक्रन नपाउँदै तुषाराले कठ्याङ्ग्रियो तर कोठाभित्रको बालविकास सभा, हल हुँदै होटलको पिजा र सिजलरमा गएर टुङ्गियो (दाहाल. २०६४ : ४६-४७) ।

प्रस्तुत लघुकथांशमा बालबालिकाका नाममा गैरसरकारी संस्थाका मानिसले लाभ लिएको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ "कोठाबाहिरको बालविकास फक्रन नपाउँदै तुषाराले कठ्याङ्ग्रियो तर कोठाभित्रको बालविकास सभा, हल हुँदै होटलको पिजा र सिजलरमा गएर टुङ्गियो" भनाइमा बालबालिकाका नाममा काम गर्ने गैरसरकारी संस्थाको क्रियाकलापप्रति व्यङ्ग्य प्रस्तुत भएको छ । कोठाबाहिरको बालविकास फक्रन नपाउँदै तुषाराले कठ्याङग्रिनुले बालबालिकाको विकासको भाषणमात्र भएको तर व्यवहारमा नउत्रिएको अवस्थालाई बोध गराउँछ । कोठाभित्रको बालविकास सभा, हल हुँदै होटलको पिजा र सिजलरमा टुङ्गिनु भन्नाको तात्पर्य बालविकासका नाममा आएको रकम आयोजकले होटलमा गएर विभिन्न खाद्य पदार्थ ग्रहण गर्नुलाई बुझाएको छ । यहाँ गैरसरकारी संस्थाको देखावटी कार्यक्रम एवम् आयोजक गैरसरकारी संस्थाको व्यक्तिगत लाभमा रम्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) श्री एनजिओले स्पष्ट पार्दै भने, "यस गाउँका स्यालहरू सर गाउँमा आउनु भएको थाहा पाएर खुसी व्यक्त गर्दै 'जय होस् जय होस्' भनेर कराइरहेका थिए । पल्लो डाँडाका स्यालहरूले हामीलाई पनि स्लिपिङ ब्याग चाहियो, हामीकहाँ पनि योजना आओस् भनेर कराएका हुन् ।" श्री एनजिओले राती स्याल कराएको अर्थ लगाए...."त्यसो भए हाम्रो योजनाको राम्रो प्रभाव परेजस्तो छ ।" श्रीमान आइएनजीओले प्रसन्न हुँदै भने, अनि थपे, "ठीक छ, अब यो योजना जिल्लाभरि लागु गर्नुपर्छ । तपाईं काठमाडौं आउनुस् र अर्को प्रपोजल हाल्नुस् (कसजू. २०६६ : ६) ।

प्रस्तुत लघुकथांशमा गैरसरकारी संस्थाका मानिसले अन्तरार्ष्टिय गैरसरकारी संस्थाका प्रमुखको चाकरी गर्नाका लागि स्यालको हवाला दिएको छ । उसले आफ्नो कार्यलाई सफल पार्न वाकपटुता प्रर्दशन गरेर थप योजना पाउने बाटोसमेत तयार गरेको छ । यहाँ गैरसरकारी संस्थाका नाममा अरूलाई मूर्ख बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(घ) गाउँ अत्यन्तै मेहनती थियो । गाउँलेहरू एकआपसमा मिलेका थिए ....शान्त गाउँमा सहरतिरबाट एउटा संस्था विकासको निहुँ बनाएर छिऱ्यो ....गाउँलेहरूको काम संस्थाले गरिदिन थाल्यो । घट्ट, मिल, शौचालय, बाटोघाटो, चौतारो र विद्यालय निर्माण सुरु भयो । उन्नतको नाममा बाहिरबाट पशुपक्षीहरू ल्याइयो । नयाँ जातको अनाजको खेती सुरू गरियो । माच, गोठ र घरहरू पनि निर्माण गरिए । यी कार्यहरूमा गाउँलेहरु रमितेमात्र बने ....गाउँको काम सक्दा नसक्दै संस्था त्यहाँ बस्ने अवधि सिद्धियो....संस्थाले तयार पारेका सम्पुर्ण विकास निर्माणहरू यतिखेर जीर्ण अवस्थामा छन् तर गाउँलेहरूसँग पहिलाको जोस, जाँगर र उमङ्ग छैन, किनकि गाउँ अल्छी र मेहनती दुई वर्गमा विभाजित भइसकेको छ (रिजाल. २०६७ : १२) ।

प्रस्तुत लघुकथांशमा गाउँमा गैरसरकारी संस्था आएपछि कतिपय मानिसहरू अल्छी भएको देखाइएको छ । गाउँमा संस्था छँदासम्म गाउँमा विकास भएको र संस्था जानेबित्तिकै केही मानिस अल्छी र कामचोरका रूपमा परिणत भएका छन् । यहाँ गाउँलेलाई परिश्रम गर्न सिकाउनुपर्नेमा उनीहरूको काम गैरसरकारी संस्थाले गरिदिँदा उनीहरू अल्छी बनेको कुरा व्यक्त गरिएको छ । संस्था बस्दासम्म काम भएको र संस्था जानेबित्तिकै काम ठप्प भएकाले गाउँको विकास अवरूद्ध भएको छ । यस अंशमा मानिसमा परिश्रम गर्ने बानी नबस्दासम्म र अरूको भर पर्ने बानी नहटदासम्म विकास हुन नसक्ने वैचारिक चेतना अभिव्यक्त भएको छ । यहाँ जनतालाई कर्तव्य पालनभन्दा पनि अधिकार खोज्ने चिन्तन बोकाउने गैरसरकारी संस्थाको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) "के भयो बाबु, एनजीओको काम पाइयो ?" उसले घर पस्दै गरेको छोरालाई ढोकैमा रोकेर सोध्यो । उसले भाग्यलाई पछ्याउने दिन सकिएको रहेनछ । सँधैको शान्त स्वभावको छोराले उसको सपनामा बन्चरो हान्यो-"उनीहरूलाई कि दलित चाहिन्छ, कि महिला चाहिन्छ, दुर्गम भेगको भए झनै राम्रो, जनजातिको भए पनि हुन्छ तर तपाँईको छोरा हुँदैन रे...। अफसोस बुबा, तपाइँको पेसाको कारणले म दलित अवस्थामा छु तर जातले गर्दा ब्राह्मण..। यस समयमा राजधानीमा बस्ने ब्राह्मणको परिवारमा छोरा भएर जन्मिनु नै अयोग्यता साबित भयो ।" (सौरभ. २०६५ : ७०) ।

प्रस्तुत लघुकथांशमा एकजना विपन्न ब्राह्मण परिवारको सदस्यको विवशता आएको छ । यहाँ बाबुले पशुपतिमा मुर्दा पोल्ने काम गर्ने गरेकोमा छोराले गैरसरकारी संस्थामा काम खोज्दा समेत काम नपाएको अवस्था बोध गरिएको छ । नेपालमा गैरसरकारी संस्थाले आफ्नो कर्मचारी नियुक्त गर्न निश्चित मापदण्ड बनाउने गरेकोमा आर्थिक रूपमा कमजोर भन्दा पनि अन्य पहिचानका मुद्दातिर उनीहरूको ध्यान गएको देखिन्छ । समाजमा

उनीहरूको परिभाषा बाहिर पनि मानिस उत्पीडन एवम् शोषणका सिकार भएका छन् तर आफ्नो घोषित नीति भन्दा बाहिरकालाई स्थान दिनु त के त्यस बारेमा सोच्न पनि चाहँदैनन् । यस रचनामा कतैबाट पनि रोजगार नपाएको एकजना गरिब ब्राह्मण युवकको पीडा प्रस्तुत गरिएको छ । लघुकथांशमा गैरसरकारी संस्थाको कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

यस अध्ययनमा नेपालमा कार्यरत गैरसरकारी संस्था र तिनको क्रियाकलापलाई विषय बनाइएको छ । गैरसरकारी संस्थाले जनताका पक्षमा काम गर्ने भन्दा पनि जनताका भावनाको शोषण गरेर आफ्नो स्वार्थमात्र सिद्ध गर्ने गरेको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथामा गैरसरकारी संस्थाले गर्ने गलत क्रियाकलापप्रति व्यङ्ग्य एवम् विरोधको चेतना प्रस्तुत भएको छ ।

नेपाली लघुकथामा प्रस्तुत 'सामाजिक विकृति विसङ्गतिको चित्रण' शीर्षकअन्तर्गत निम्न उपशीर्षकमा गरिएको अध्ययनका निष्कर्ष यसप्रकार रहेको छ :

(क) नेपाली लघुकथामा नेपाली समाजमा रहेको रुढिवाद एवम् अन्धविश्वासजन्य क्रियाकलापको अध्ययन गरिएको छ । त्यस्ता क्रियाकलापप्रति असहमतिका साथै विरोधको भाव व्यक्त गरिएको छ ।

(ख) नेपाली लघुकथामा नेपाली समाजमा व्याप्त अनैतिकता, आडम्बर एवम् शक्तिपूजासँग सम्बन्धित गतिविधिका बारेमा अध्ययन गरिएको छ । लघुकथा रचनामा गलत कार्य विरोधी चेतनालाई सशक्त किसिमले उद्घाटित गरिएको छ ।

(ग) नेपाली लघुकथामा नेपाली समाजमा रहेको अराजकता, अनुशासनहीनता एवम् स्वार्थजन्य क्रियाकलापका घटनाको अभिव्यक्ति भएको पाइन्छ । लघुकथा रचनामा यस्ता क्रियाकलापप्रति असहमतिका साथै असल एवम् सभ्य समाजको निर्माणको चाहना व्यक्त भएको छ ।

(घ) नेपाली लघुकथामा गैरसरकारी संस्थाका क्रियाकलापलाई अध्ययनको विषय बनाइएको छ । गैरसरकारी संस्थाका क्रियाकलापमा रहेका विकृत पक्षको उद्घाटनका साथै विकृति विरोधी चेतनालाई सशक्त किसिमले व्यक्त गरिएको छ ।

### ४.२.३ कला-संस्कृतिगत युगचेतना

नेपाली लघुकथामा कला-संस्कृति विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । कला मानिसद्वारा निर्मित वस्तु भएकोले मानिसले आफ्नो मनोरञ्जन एवम् जीवनमूल्यलाई प्रस्तुत गर्न कलाको प्रयोग गरेको हुन्छ ।  कलाको प्रयोग मानिसले मानव सभ्यताको प्रारम्भदेखि गर्दै आएको भए तापनि यसको क्रमिक विकास हुँदै आएको छ ।

संस्कृति पनि कलासँगै जोडिएर आउने भएकाले मानिसको जीवनशैली, रहनसहन, भेषभुषा र गीतसंगीतजस्ता विषयलाई संस्कृतिले सम्बोधन गर्दछ । यस अध्ययनमा कलासंस्कृति विषयक लघुकथालाई अध्ययनको सुविधाका लागि कलाकारिता एवम् गीतसंगीत क्षेत्रका विकृतिको उद्घाटन एवम् मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको द्वैध चरित्रको अभिव्यक्ति उपशीर्षक अनुसार अध्ययन गरिएको छ ।

### ४.२.३.१ कलाकारिता एवम् गीतसंगीत क्षेत्रका विकृतिको उद्घाटन

नेपाली लघुकथामा कलासंस्कृति विषयक सन्दर्भअन्तर्गत अध्ययनको एक विषय कलाकारिता एवम् गीतसंगीत क्षेत्र पनि हो । नेपाली लघुकथा रचनामा नेपालको कलाकारिता एवम् गीतसंगीत क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ र त्यस क्षेत्रका विकृत परिवेशका बारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा कृष्ण शाह यात्रीको **शैली,** सरस्वती रिजालको **उडायो सपना सबै हुरीले,** एल.बी. क्षेत्रीको **अभिनयको अन्त्य,** सुमनराज ताम्राकारको **क्षमाप्रार्थी,** भीम राना 'जिज्ञासु'को **संस्कार** र दुर्लभलाल सिंहको **ढोकापाले** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) ऊ ललितकलामा लागेको वर्षौं भयो । उसले बनाएका पेन्टिङहरू देशविदेश पुगेका छन तर उसले कहिल्यै आफ्ना कलाप्रदर्शनी गरेन । साथीहरूले निकै कर गरेपछि उसले राजधानीको एक कहलिएको आर्ट ग्यालरीमा आफ्नो एकल कलाप्रदर्शनी गर्ने सोच बनायो ।....मुलुकका विभिन्न रमणीय स्थलहरू पुगेर ल्यान्डस्केप पेन्टिङहरू बनायो । त्यसपछि उसले पहिलो एकल कलाप्रदर्शनी गऱ्यो । दर्शकहरू उसका पेन्टिङहरू हेरेर खुबै रमाए तर सञ्चार माध्यम र मूलधारका ललितकलामा उसको चित्रकारिताको खासै चर्चा/परिचर्चा भएन....विभिन्न जातजाति र राष्ट्रिय व्यक्तित्वहरूको मुहारचित्र आफ्नो क्यानभासमा उताऱ्यो ....उसका पेन्टिङहरू हेरेर दर्शकहरू दङ्ग परे, तर पनि उसको चित्रकारिताको हुनुपर्ने जति चर्चा र मूल्याङ्कन भएन....उसले अमूर्त चित्र अर्थात् एबष्ट्र्याक आर्ट बनाउन थाल्यो । हतारमा गरिएका एबस्ट्र्याक पेन्टिङहरू जम्मा गरेर पुनः कलाप्रदर्शनीको आयोजना गऱ्यो....ऊ छिट्टै मुलुकको एक चर्चित कलाकार भयो (शाह. २०६९ : ९५-९६) ।

प्रस्तुत लघुकथांशमा एकजना ललितकला क्षेत्रका कलाकारको कला जीवनको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । लघुकथामा कलाकारले ल्यान्डस्केप आर्ट र पोर्टस्केप आर्ट बनाउँदा त्यसको खासै वास्ता नभए पनि अमूर्त चित्र बनाउँदा भने उसलाई महान् कलाकारका रूपमा सम्मान भएको र चर्चित कलाकारका रूपमा समेत सम्मानित भएको घटना प्रस्तुत गरिएको छ । यस रचनामा असल कलाभन्दा व्यवसायिकता र छोटो बाटोलाई

सफलता मान्ने सामाजिक चिन्तनलाई प्रस्तुत गर्नाका साथै त्यस्तो कार्यप्रतिको असहमत चेतना व्यक्त गरिएको छ ।

(ख) ती दुईमध्ये एउटी महिला अलि पर गएपछि अर्कीले अचानक केही सम्झेझैं गर्दै भनी, 'थाहा छ स्निग्धाजी, उहाँ (अर्की महिलालाई देखाउँदै) पनि अति मीठो गाउनुहुन्थ्यो नि ! उहाँका निकै प्रशंसक थिए, तर अचेल....।'.....उसले आफूलाई थाम्न सकिन र पुनः आफ्नो जिज्ञासा राख्दै अनि केही अफसोस प्रकट गर्दै प्रश्न गरी, 'हरे शिव ! कस्तो मान्छे होला त्यो झन् आफ्नी पत्नीलाई साथ दिनुको सट्टा अघि बढ्न अङ्कुश लगाउने ? अँ त साँच्चै को हुँ त्यो मान्छे ?' 'सायद तपाईंले पनि चिनेको हुनुपर्छ, उही क्या प्रसिद्ध चित्रकार समीर' उसको जिज्ञासालाई शान्त पार्दै महिलाले भनी (रिजाल. २०६५ : २२) ।

प्रस्तुत लघुकथांशमा एकजना प्रसिद्ध कलाकार भएको मानिस आफ्नै परिवारमा परपीडक चरित्र बोकेर उभिएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ प्रसिद्ध कलाकारले आफ्नी गायिका पत्नीलाई अगाडि बढाउन र सहयोग गर्नुको साटो उल्टै गायन क्षेत्र नै छोडन बाध्य पारेर लैङ्गिक उत्पीडन गरेको देखिन्छ । यस रचनामा व्यक्त भएको 'हरे शिव ! कस्तो मान्छे होला त्यो झन् आफ्नी पत्नीलाई साथ दिनुको सट्टा अघि बढ्न अङ्कुश लगाउने ?' भनाइमा उत्पीडन विरोधी चेतना प्रस्तुत भएको छ ।

(ग) "नाटक मण्डलीका सम्पूर्ण यात्रुहरू त्यस दिन प्रस्तुत नाटकका बारेमा केही न केही चर्चा-परिचर्चा गरिरहेकै थिए । चर्चा थिएन भने मात्र त्यस कलाकारको जसले त्यस दिन उत्कृष्ट अभिनयको परिचय दिएको थियो । फूल सुँघेर भुँईमा लडेपछि ऊ साँच्चिकै उठेको थिएन" (क्षेत्री. २०६४ : २४) ।

प्रस्तुत लघुकथांशमा कलाकारवर्गको स्वार्थी प्रवृत्तिका बारेमा चर्चा गरिएको छ । लघुकथामा आफू सँगैको साथीले ज्यान गुमाउँदासमेत उनीहरूमा कुनै संवेदनाको सञ्चार नभएको, उसको जीवनको अन्त्यप्रति कुनै सहानुभूति नभएको र उनीहरु कलाकारका रूपमा पत्थरजस्तै हृदय बोकेर बाँचेको स्थितिबोध गरिएको छ । यहाँ कलाकार वर्गको स्वार्थी एवम् अवसरवादी चरित्रप्रति व्यङ्ग्यात्मक चेतना 'कलाकार वर्गले आफ्नो आफ्नो अभिनयको बारेमा चर्चा गर्नु, त्यस दिन उत्कृष्ट अभिनय गरेर फूल सुँघेर भुँईमा लडेपछि नउठेको अर्थात मृत्यु भएको पात्रप्रति कुनै चर्चा नगेरेको' भनाइमा व्यक्त भएको छ ।

(घ) त्यसो त पटकथाकार र डाइरेक्टर दुवैले चलाकीपूर्ण तरिकाले दिनेशकै लव ट्रेजिडि (दुखान्त प्रेमकथा)मा फिल्म बनाएका थिए । नभन्दै फिल्म सुपरहिट पनि भयो । पानीमाथिको ओभानोझैं फिल्मको कास्टिङ् पूर्व देखाइयो-यी घटनाहरु पूर्णतया

काल्पनिक हुन्, विषय प्रसङ्ग कसैसँग मेल खाएमा संयोगमात्र हुनेछ । यसबाट कसैलाई चोट पुग्न गएमा क्षमाप्रार्थी छौं" (ताम्राकार. २०६५ : ४३) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिसको जीवनलाई लिएर चलचित्र बनाए पनि काल्पनिक भनेर आडम्बर प्रस्तुत गर्ने निर्माण टिमप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ । पटकथाकार र डाइरेक्टरले झुटो कुरा गरेर दर्शकलाई प्रभावित गरेको र आफ्नो बजार विस्तार गर्ने कार्यले उनीहरूको अति व्यवसायिकताको पोल खोलेको छ ।

(ङ) उसले अहिले आफूसँग पैसा नभएको जानकारी गरायो तर स्टुडियोवाला माग्दामाग्दा उल्टो लाचार भएर अहिले कमसेकम पचास हजार रूपैयाँ दिए बाँकी जहिले दिए पनि हुन्छ भन्नेमा पुग्यो । त्यसपछि उसले दार्शनिक शैलीमा भन्यो कि- "सर मसँग अहिले पचास हजार भइदिएको भए त अर्को नयाँ चलचित्र थालिहाल्थैँ नि !" बिचरा स्टुडियो मालिक आफै चुप लाग्यो" (राना. २०६६ : ५२) ।

प्रस्तुत लघुकथांशमा अरूको पैसा समयमा नदिने र अनेकन बहानाबाजी गर्ने चलचित्र निर्माताको क्रियाकलाप प्रस्तुत गरिएको छ । यस रचनामा नेपालको चलचित्र क्षेत्रमा कलाकारको शोषण भएको घटनालाई प्रस्तुत गर्नाका साथै फिल्म निर्माताको ठग वृत्तिलाई देखाइएको छ । लघुकथांशमा चलचित्र निर्माताको ठगीपूर्ण क्रियाकलापलाई प्रस्तुत गर्न स्टुडियमा मालिक पैसा माग्दामाग्दा लाचार भएको, उसले पचास हजारमात्र माग्दा पनि पैसा दिन तयार नभएको र अन्त्यमा पचास हजार भए नयाँ चलचित्र बनाउँथे भनेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ चलचित्र निर्माताको बेइमानीप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(च) त्यहाँ कार्यक्रमको सचिव आएर चार पाँच जना मान्छेलाई भित्र हुलाउन खोज्यो । तर उसले पास हेर्छु भन्दा रिसाएर उहाँले भन्नुभयो-उहाँहरू मेरो मान्छे । त्यति भनेर तिनीहरू लाई उसले भित्र लगिहाल्यो । अनि के चाहियो । बाहिरको भीडमा हल्ला खल्ला मच्चियो । अनियन्त्रित भयो । उसले पनि ढोका दुवै खोलि दियो (सिंह. २०३७ : ३९) ।

प्रस्तुत लघुकथांशमा मुख्य मानिसले नियम भङ्ग गरेपछि समाजमा अव्यवस्था फैलिने र पछि त्यो कसैले पनि नियन्त्रणमा लिन नसक्ने तथ्यलाई प्रस्तुत गरिएको छ । यहाँ कार्यक्रमका सचिवले आफ्ना मानिसलाई जबर्जस्ती भित्र घुसाउनुभन्दा पनि उनीहरूलाई पास दिएर भित्र पसाएको भए ठीक हुने तर उसले आफैले गलत तरिका अपनाएपछि अव्यवस्था फैलिएको र कार्यक्रम भाँडिएको स्थितिबोध गरिएको छ । लघुकथांशमा जिम्मेवार मानिसले गैरजिम्मेवार किसिमले काम गर्दा समाजमा कसरी अव्यवस्था फैलिन्छ भन्ने तथ्यलाई प्रस्तुत गर्नाका साथै उसको कार्यप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

नेपाली लघुकथामा कलाकारिता एवम् गीत-संगीत क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भलाई स्थान दिइएको पाइन्छ । नेपाली लघुकथामा कलाकारिता एवम् गीत-संगीत क्षेत्रमा रहेका विसङ्गतिको चिरफार गरिएको छ । लघुकथामा विसङ्गति विरोधी चेतना व्यक्त भएको पाइन्छ ।

### ४.२.३.२ मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको असमान्य अवस्थाको अभिव्यक्ति

नेपाली लघुकथामा कला-संस्कृति विषय सन्दर्भको अध्ययन गर्ने क्रममा मानिसका चिन्तन एवम् जीवनशैलीको पनि अध्ययन गरिन्छ । यस अध्ययनमा मानिसका चिन्तनका साथसाथै जीवनशैलीका विविध विषयसँग सम्बन्धित रहेर लेखिएका लघुकथा रचनालाई विश्लेषण गरिएको छ । यस अध्ययनमा सिन्धु गौतमको **प्रभाव,** नवराज रिजालको **मूल्याङ्कन,** मुक्तिनाथ घिमिरेको **बूढो माझी** एवम् श्रीओम श्रेष्ठ 'रोदन'को **संस्कृति र संरक्षण** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) ऊ विदेशी रहनसहन, त्यहाँको खुलापन, त्यहाँको छाडा, विलासीपन यहाँ चाहन्छे । उसले यहाँको संस्कारलाई साङ्लाको संज्ञा दिन्छे । ऊ आधुनिकता चाहन्छे । मसँगै हुर्केकी ऊ र म बीचको पाँच वर्षको अन्तरदेशले हुर्काएको उसको आधुनिकता देखेर म वाक्क हुन्छु र सोच्छु । विकास र आधुनिकताका नाममा नेपालमा विकृति कति व्याप्त भइसकेछ, त्यस्तै विवेकशून्यहरूबाट (गौतम. २०६८ : २७ ) ।

प्रस्तुत लघुकथांशमा नेपाली जीवनशैली भन्दा भिन्न खाले जीवनशैली एवम् संस्कारमा बाँच्ने महिलाको जीवनलाई प्रस्तुत गरिएको छ । यहाँ समय, समाज एवम् परिवेश अनुसार चल्न नसक्ने र भिन्न खाले आचरण गर्ने महिलाको क्रियाकलापका बारेमा टिप्पणी गरिएको छ । यस अंशमा व्यक्त 'विकास र आधुनिकताका नाममा देशमा यस्तै खाले विवेकशून्यहरूबाट विकृति व्याप्त भएको' कथनबाट महिलाको क्रियाकलापप्रतिको असहमति एवम् व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) 'भिनाजुलाई किन अप्ठेरो पारेको, सँगै बोलाएको भए भइहाल्थ्यो नि'-भान्छा उठेपछि सालीले आमासँग सोधी । 'आ, नकरा छोरी । उहाँलाई जे गरे पनि हुन्छ । सानो ज्वाँईजस्तो हो र ? बिहेकै कुरा सम्झी त तेरोमा दुई लाखभन्दा बढी खर्च भयो । उहाँकोमा २५/३० हजारमै खतम ।' सासूले सालीसँग गरेको गफको टुक्रो उसको कानमा पऱ्यो । 'साँच्ची भिनाजुले चित्त दुखाउनु भयो कि ?'-सालीले पुन : सोधी । काँ..... ? जाने पो दुखाउनु ? नत्र यो जमानामा कोही दाइजोको विरोध गर्छ ?' सासूले अझ खुलस्त पारिन् (रिजाल. २०६७ : १) ।

प्रस्तुत लघुकथांशमा असल पक्षलाई अँगाल्ने मानिसलाई ससुरालीमा अपहेलना गरिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ दाइजो नलिने ज्वाइँलाई वास्ता नगर्ने र

लिनेलाई बढी मानसम्मान गर्ने कार्यले समाजमा सामन्तवादी संस्कृति जीवित रहेको तथ्यलाई अभिव्यक्त गरिएको छ । यहाँ समाजमा महिलाले नै दाइजो संस्कृतिलाई बढावा दिएको र त्यसको पृष्ठपोषण गरेको स्थितिलाई बोध गरिएको छ । यहाँ समाजमा रहेको सामन्ती चिन्तन एवम् गलत क्रियाकलापमुखी चेतना व्यक्त भएको छ ।

(ग) दृष्टिले बुबाको विचार सुनिसकेपछि जवाफ दिई-'बुबा ! तपाँईको रोजाइ गलत नहोला तर समानान्तर रेखाहरू कहिल्यै पनि आपसमा भेट नहुने भएजस्तै चेतनसँगको सम्बन्ध मलाई स्वीकार्य छैन । रातदिन चक घोटेर कैयन् विद्यार्थीलाई ज्ञानको सागरबाट तार्ने तर आफू सँधै त्यहीँ रहिरहने स्वभावतः बूढो माझी मेरो रोजाइ हुन सक्दैन ।' (घिमिरे. २०६६ : ७६) ।

प्रस्तुत लघुकथांशमा एक जना इमान्दार शिक्षकको उपेक्षा गरिएको घटना प्रस्तुत गरिएको छ । यहाँ छोरी पात्रले शिक्षा क्षेत्रका लागेको व्यक्तिसँगको जीवनलाई नीरस, सारहीन एवम् बूढो माझीको जस्तो भनेर टिप्पणी गरेको पाइन्छ । नेपालमा शिक्षण क्षेत्रमा लागेका मानिसको जीवन सुखमय हुन नसकेको र उनीहरू न्यून तलब एवम् सेवासुविधामा बाँच्नुपरेको यथार्थलाई बुझेर यस्तो टिप्पणी गरिएको पाइन्छ । यस रचनामा मानिसमा बढ्दै गएको उपभोक्तावादी चिन्तन र मानवमूल्यको उपेक्षालाई कुशलतापूर्वक प्रस्तुत गरिएको छ । त्यसरी नै एक शिक्षकबाट काम धेरै लिए पनि सेवासुविधा कम दिने प्रवृत्तिका कारण शिक्षण सेवामा लागेका व्यक्तिले अपमानित हुनुपरेको सन्दर्भ प्रस्तुत गर्दै त्यस किसिमका गतिविधिप्रति व्यङ्ग्यात्मक चेतनासमेत प्रस्तुत भएको छ ।

(घ) छलफल निकै बेरसम्म चल्दा पनि निष्कर्ष ननिस्केको देखेर अर्को पाको बूढाले त्र गम्भीर भएर बोल्यो- "हामीले वर्षमा पचासौँ घोरलको संरक्षण गर्‍यौं त्यसैले एउटा घोरल देवतालाई चढाउँदैमा केही फरक पर्दैन । यदि पर्छ र तपाईंहरू अड्डी लिनुहुन्छ भने हामी आजैबाट संरक्षण अभियान छाड्छौं र परम्परा मान्छौँ । निकै जोडले ताली पडकाए गाउँलेले । संरक्षणकै लागि हाकिमले पनि तालीमा साथ दिए" (श्रेष्ठ. २०६७ : ७१) ।

प्रस्तुत लघुकथांशमा समाजमा परम्परागत मूल्य बाँकी रहेको र मानिसहरू त्यसैको संरक्षणमा लागिपरेको प्रसङ्ग आएको छ । यहाँ संस्कृतिका नाममा निरीह पशुको हत्या गर्ने कार्य जारी रहेको घटनालाई प्रस्तुत गरिएको छ । ग्रामीण जनताले आफ्नो संस्कृति मान्न नदिएमा संरक्षण अभियान छोड्ने कुराले परम्परागत रूढिबाट ग्रसित मानवीय मूर्खता व्यक्त भएको छ । यस रचनामा परम्परागत रूढिजन्य चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा कला-संस्कृति विषयक लघुकथाको अध्ययनका निष्कर्ष यस प्रकार रहेका छन :

(क) नेपाली लघुकथामा कलाकारिता एवम् गीत-संगीत क्षेत्रका विकृतिको उद्घाटन गरिएको पाइन्छ । कलाका नाममा अरूको शोषण गर्ने, दोहरो चरित्र बाँच्ने र आत्मप्रचार गर्ने लगायतका प्रवृत्तिलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) नेपाली लघुकथामा मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको द्वैध चरित्रको अभिव्यक्ति पाइन्छ । एकातिर मुखले असल मानवीय व्यवहार देखाउन खोजे पनि व्यवहारमा आइपुग्दा अरूलाई पीडा दिने, दोहरो चरित्र प्रस्तुत गर्ने, विदेशी संस्कृति अंगालेर नेपाली संस्कृतिको बखानगर्ने जस्ता क्रियाकलाप पाइन्छन् । नेपाली लघुकथामा मानिसको चिन्तन एवम् जीवनशैलीमा देखापरेका विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ४.२.४ धार्मिक युगचेतना

नेपाली लघुकथामा आएको महत्त्वपूर्ण चेतना भनेको धार्मिक विषयक चेतना पनि हो । लघुकथामा धर्म मानिसको निजी स्वतन्त्रताको विषय भएको र धर्मका नाममा गरिने क्रियाकलापले मानिसको जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा मानिसहरूका धार्मिक क्रियाकलापसँग सम्बन्धित रहेर विषय सन्दर्भ प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा धार्मिक विषय सन्दर्भलाई अध्ययनको सुविधाका लागि मानिसका धार्मिक क्रियाकलापमा दोहरोपनाको अभिव्यक्ति, धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचारको प्रस्तुति, धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापको अभिव्यक्ति, ईश्वरको सत्ताप्रति अविश्वासको प्रस्तुति गरेर चार उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

#### ४.२.४.१ मानिसका धार्मिक क्रियाकलापमा दोहरोपनाको अभिव्यक्ति

नेपाली लघुकथामा मानिसका धार्मिक क्रियाकलाप र ती क्रियाकलापमा रहेका दोहरोपनासँग सम्बन्धित रचना सिर्जना गरिएको पाइन्छ । ती लघुकथामा मानिसका धार्मिक क्रियाकलापलमा देखिएको दोहरोपनालाई प्रस्तुत गर्नुका साथै साथै विश्लेषण गर्ने कार्य समेत गरिएको छ । यस अध्ययनमा श्रीओम श्रेष्ठ 'रोदन'को **चेतना,** अच्युत घिमिरेको **धर्म,** प्रयास सौरभ श्रेष्ठको **अन्तर धर्म,** सिन्धु गौतमको **धर्म** र गोरखबहादुर सिंहको **धर्म निर्वाह** लघुकथालाई विश्लेषण सामग्रीको रूपमा लिइएको छ :

(क) सबै धर्मावलम्बी मिलेर बसेको एउटा गाउँ थियो । अचानक त्यहाँ भूकम्प गयो....सबै धर्मावलम्बीहरू बस्ने गाउँ भएकोले विभिन्न धार्मिक सङ्घका पदाधिकारीहरू निरीक्षण गर्न आए । हिन्दुहरू आए र क्रिस्चियन धर्मावलम्बीको धेरै क्षति भएको ठानी दैवीप्रकोपलाई कसले रोक्न सक्छ र भन्दै गए । मुस्लिमहरू आए

> र हिन्दुहरू बढी मरेको ठानी अल्लाहको इच्छा भन्दै फर्किए । ईसाइहरू आए र बौद्धमार्गीहरूका धेरै घर भत्किएको ठानी प्रभुलाई सम्झँदै फर्किए । बुद्धिस्टहरू आए र मुस्लिमहरू बढी परेछन् भनी बुद्धलाई नमस्कार गर्दै फर्किए । त्यही भूकम्पले गर्दा तारमा करेन्ट लागेर मरेका एउटा कागको वरिपरि धेरै कागहरू भने एकत्रित भएर कराउँदै बसिरहेका थिए (श्रेष्ठ. २०६७ : ६९) ।

प्रस्तुत लघुकथांशमा धार्मिक नेताले जनतालाई विभाजन गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ उनीहरूले भूकम्प आएर मानिसको जनधनको क्षति हुँदा पनि आफ्नो र बिरानो धर्मको भनेर कुरा गर्नु मानवता विरोधी भएको विचार व्यक्त गरिएको छ । यस रचनामा मानिसको तुलनामा कागमा भने एकता भएको र उनीहरू एकअर्काको दुःखमा संवेदनशील भएको तथ्यलाई प्रस्तुत गरिएको छ । यहाँ मानिसहरू धर्मका नाममा विभाजित हुने र भेदभाव गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

(ख) उसलाई गंगामा पुगेपछि सबै पाप पखालिन्छन् भन्ने विश्वास थियो । ऊ केही दिन दुःख गरेर मर्णिकर्णिका घाट पुऱ्यो र उसले पण्डालाई पैसा खुवाउनुपर्ने लोभले सुटुक्क घाटमा अस्तु फ्याँक्यो । आखिर साहिँलोले यति दुःख गरेर पनि विधि-विधान बिना नै गंगामा अस्तु सेलाउनु रहेछ । उसलाई किन थाहा नभएको ? जुन देशमा जन्म्यो, त्यस देशका नदीनाला गंगाभन्दा पनि पवित्र हुन्छन् ....उसले अस्तु सेलाउनु नै थियो भने अरुण नदीमा सेलाएको भए हुन्थ्यो (घिमिरे. २०६१ : ४४) ।

प्रस्तुत लघुकथांशमा मानिसको नचाहिँदो आडम्बरी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ । एकातिर धर्म पाउने लोभमा तीर्थ पनि जानुपर्ने र तीर्थ गएर पनि पण्डालाई पैसा खुवाउनुपर्ने लोभले घाटमै अस्तु सेलाउने कार्यले उक्त व्यक्तिमा दोहरो चरित्र रहेको देखिन्छ ।

(ग) महासेठ धर्मानन्द धर्म गर्न मन्दिर आउँछन् । मन्दिर परिसरमा थुप्रै खुचुरा पैसाहरू फ्याँकेपछि त्यस मन्दिरका देवतालाई प्रणाम गर्छन् र जान्छन्....केही समय पश्चात् मन्दिरको भित्ता पछि लुकेर बसेको निरीह बालक हतारका साथ ती पैसाहरू टिप्छ । जम्मा भएको पैसाले पसलबाट कापीकलम किनेर ल्याउँछ र देवतालाई प्रणाम गर्दछ (श्रेष्ठ. २०५८ : २९) ।

प्रस्तुत लघुकथांशमा एकजना अति सम्पन्न मानिस आफूसँग भएको केही पैसा मन्दिर पसिरमा फालेर देवतालाई प्रणाम गर्ने र अर्कातिर अति विपन्न एक बालक त्यही पैसा टिपेर त्यस पैसाबाट कपीकलम किनेर देवतालाई प्रणाम गर्ने गरेको घटना प्रस्तुत गरिएको छ । यस रचनामा एकजना सम्पन्न मानिस र विपन्न मानिस दुवैको धर्म गर्ने तरिकामा भिन्नतालाई देखाइएको छ । संसारमा जसले जे गरे पनि देवताले हेरिरहेको, कसैले

आफूसँग भएको सम्पत्ति मध्ये केही खुद्रा पैसा फाले पनि देवता नबोलेको र कसैले त्यही पैसा लगेर आफ्नो पढाइका लागि खर्च गर्दा पनि नबोलेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ मानिसले धर्म र देवतालाई आ-आफ्नै तरिकाले बुझेको विचारको प्रस्तुतिका साथै मानिसको आडम्बरी व्यवहारप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

(घ) "निर्जीव र स्थिर मूर्तिमा सबैले पैसा चढाउँछन् । काठ र सिमेन्टले बारभित्र सुनको जलप लगाएको सोफामा बसेका ईश्वरलाई देखेर सबै नतमस्तक हुन्छन्....मन्दिरबाहिर एकसरो लुगामा बसेकी, खान नपाएर हाडछाला भइसकेकी बूढी बज्यैलाई कसैले चढाउँदैनन् प्रसाद र पैसा" (गौतम. २०६८ : २९) ।

प्रस्तुत लघुकथांशमा मानिसले देवता वा मूर्तिको पूजाभन्दा पनि दुःखी र गरिब मानिसलाई पनि हेर्नुपर्ने विचार व्यक्त गरिएको छ । यहाँ एकातिर धर्मका नाममा मूर्तिमा पैसा चढाउने अनि अर्कातिर गरिब र कमजोर मानिसप्रति बेवास्ता गर्ने सम्पन्न मानिसको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ । यस रचनामा गरिब र कमजोर मानिसलाई साथ दिनुपर्ने र सहयोग गर्नुपर्ने विचार व्यक्त भएको छ ।

(ङ) शशिधर उपाध्याय आफ्नो गाउँमा मात्र होइन, टाढाटाढाका गाउँसम्म पनि नाम चलेका पण्डित थिए । सप्ताहलगायतका कर्मकाण्डमा यी पण्डितजी उपलब्ध हुन सक्ने भएमा पहिलो प्राथमिकता उनैले नै पाउँथे ।....शशिधर थिए बालशाकाहारी । उनका मुखबाट माछामासुका शब्दसम्म पनि उच्चारण हुँदैनथे । छोरा नातिको रहरले उनको घरमा परेवा पालिएका थिए । बेलाबेला घरमा मासुको आपूर्ति गरी धनपैसा बचतमा थोरबहुत सहयोग पुग्ने भएकोले पनि परेवापालनमा पण्डितजीको विमति थिएन (सिंह. २०६५ : ४४-४५) ।

प्रस्तुत लघुकथांशमा एकजना पण्डितको एकातिर आफूलाई बालशाकाहारी भनाउन चाहनु र अर्कातिर घरमा मासुका लागि परेवा पाल्न लगाउने कार्य गरेर दोहरो चरित्र देखाएको घटना सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ पण्डितको दोहरो चरित्र एवम् पाखण्डपूर्ण क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

नेपाली लघुकथामा माानिसका धार्मिक क्रियाकलापसँग सम्बन्धित रचनामा मानिसका पाखण्डप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा धर्मका आधारमा भेदभाव गर्ने, भनाइ र गराइका बिचमा अन्तर हुने, धार्मिक कार्यमा संलग्न हुने तर विपन्न एवम् कमजोर मानिसलाई सहयोग नगर्ने मानवीय संवेदना नभएका मानिसको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यी लघुकथामा धर्मको नाम लिएर गरिएका अनाचार विरोधी चेतनाहरु प्रस्तुत भएका छन् ।

### ४.२.४.२ धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचारको प्रस्तुति

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत आएको प्रमुख चेतना धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचारप्रतिको व्यङ्ग्यात्मक चेतना हो । नेपाली लघुकथामा धार्मिक संस्था एवम् पुरोहितका नाममा देखिएका गलत चिन्तन एवम् क्रियाकलाप विरोधी चेतना व्यक्त भएको छ । यस अध्ययनमा रवीन्द्र समीरको **बयान,** लुमडी आचार्यको **पूजा स्थगित,** गोपाल ढकालको **संरक्षण** एवम् भूपेन्द्र सुवेदीको **महात्माको करामत** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) अन्त्यमा त्यहाँबाट पनि भागेर बाबाजीको शरण लिन पुगेँ । नैतिकता, ब्रम्हचर्य एवम् शास्त्रका धाराप्रवाह सत्सङ्ग सुन्दा उनको विश्वास मानेकी थिएँ । तर, उनले पनि जर्बर्जस्ती कामवासना पूरा गरेरै छाडे । आखिर मलाई कुन पुरुषले राम्रो व्यवहार गऱ्यो र पुरुष प्रति मेरो राम्रो धारणा होस् । सबै पुरुषहरू शोषक हुन्, पतित हुन्, फटाहा हुन्........। तसर्थ मैले हिंसाको बाटो लिएँ । बाबाजीको हत्याको अभियोगमा बयान लिइरहेका अनुसन्धान अधिकृतसँग सुन्तलीलाई सोध्ने अरु प्रश्न नै थिएनन् (समीर. २०५३ : ६०) ।

प्रस्तुत लघुकथांशमा विभिन्न समयमा विभिन्न पुरुषबाट शोषणमा परेकी एक महिलाको बयान प्रस्तुत गरिएको छ । यहाँ आफूले विश्वास गरेका सब पुरुषले आफ्नो शोषण गरेपछि उसलाई पुरुष जातिप्रति घृणा लागेको एवम् अन्त्यमा उसले आफ्नो इज्जत लुट्ने बाबाको हत्या गरेको प्रसङ्गलाई व्यक्त गरिएको छ । लघुकथांशमा नारीको शोषण गर्ने पुरुषवर्ग एवम् धर्मका आडमा कुकर्म गर्ने मानिस(बाबा) को गलत कार्यप्रति घृणाभावको चेतना आएको छ ।

(ख) "आगन्तुकको बोली रोकिन नपाउँदै गीता पाठ स्थगित गर्दै चिच्याए धर्मानन्द-"तुयुचा कसाइ हो ? पख, पख ! सिँगारी बाख्री बैलियो । अब त्यसको काम छैन । मासु चैं थुप्रै छ यसको । मोल मिला र लैजा" (आचार्य. २०६८ : ५) ।

प्रस्तुत लघुकथांशमा पण्डितले एकातिर गीता पाठ गरिरहेको अवस्थामा कसाइ आउँदा बाखाको मोलतोल गरेको प्रसङ्ग उल्लेख गरिएको छ । लघुकथामा उक्त व्यक्तिको कार्य पण्डितभन्दा पनि एक मासु व्यापारीजस्तो देखिएको छ । लघुकथामा पण्डितको दोहरो चरित्रप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) ऊजस्तो शोषक, अत्याचारी, भ्रष्टाचारी र दुई नम्बरी व्यक्ति सायदै कोही होलान् । ऊ रातारात कालो धन आर्जन गरेर मालामाल भएको छ....उसले मुसुक्क हाँस्दै भन्यो, "....नियम कानुनको कुरामा त म एकदमै इमान्दार छु । सरकारलाई तिर्नुपर्ने कर पनि तिरिनै राखेको छु । यता धर्मले भने बमोजिम दान, दक्षिणा पनि गरिनै

राखेको छु ।"....मैले उसको तारिफ गरेँ । धर्ममा त ऊजस्ताको लागि संरक्षणको व्यवस्था छ भने । म उसको किन निन्दा गरूँ (ढकाल. २०६२ : ४९) ।

प्रस्तुत लघुकथांशमा एकजना दुई नम्बरी काम गर्ने मानिसले रातारात कालो धन कमाई धार्मिक संस्थालाई चन्दा दिएर समाजमा सम्मानित भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ धार्मिक संस्थाले चन्दा दिएपछि जस्तोसुकै गलत कार्य गर्ने मानिस भए पनि उसको अपराधलाई माफी दिने गरेकोमा व्यङ्ग्य गरिएको छ । यहाँ गलत कार्यलाई संरक्षण गर्ने धार्मिक संस्थाको क्रियाकलापप्रति व्यङ्ग्य गर्न 'धर्ममा त ऊ जस्ताको लागि संरक्षणको व्यवस्था छ भने ।' भनिएको छ ।

(घ) महात्मा गाउँ पसेको तेस्रो रात गाउँका समृद्ध मानिने पाँच घरमा डकैती भयो । ....गाउँलेको सक्रियतामा पुरै गाउँ घेरियो । डाँकाहरू उम्कन नसकी पुरै समातिए । समातिनेमध्ये एकजना तिनै पूर्व परिचित महात्मा ब्रह्मचारी पो रहेछन् । उनलाई केरकार गर्दा आफ्नो समूहले गाउँका धनाढ्य मानिस पत्ता लगाएर समूहलाई जानकारी दिन पठाएकाले जासुसी गर्न आफू तीन दिन पहिले त्यस गाउँमा आएको साबिती बयान दिए (सुवेदी. २०६१ : १) ।

प्रस्तुत लघुकथांशमा महात्माको भेष गरेर डकैती गर्ने फटाहाको क्रियाकलाप विषय सन्दर्भका रूपमा आएको छ । यहाँ धर्मका नाममा जस्तोसुकै मानिसलाई पनि शरण दिने गाउँलेको क्रियाकलाप व्यक्त भएको छ । महात्मा भनेर सम्मान गरिएको मानिस डाँका दलको सदस्य भएको थाहा पाएपछि गाउँलेको आँखा खुलेको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा धर्मको आड लिएर डकैती गर्ने महात्माको कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा देखिएको चेतना भनेको धार्मिक संस्था एवम् पुरोहित वर्गबाट भएका असामान्य चिन्तन एवम् क्रियाकलाप विरोधी चेतना हो । जसले जे हुनुपर्थ्यो, त्यो छैन र जसले जे नहुनुपर्थ्यो, ऊ त्यही छ । यस्तो अन्तर्विरोध बोकेर बाँचिरहेका आजका धार्मिक संस्था एवम् पुरोहित वर्गलाई नेपाली लघुकथामा प्रस्तुत गरिएको छ । लघुकथामा मानवीय कमजोरी भएका पात्रहरू र ती पात्रले संस्था एवम् आफूले पाएको पदको गलत प्रयोग गरेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा आजको समयका धार्मिक व्यक्तिहरूको पतनसँग सम्बन्धित घटनालाई व्यक्त गरिएको छ । लघुकथा रचनामा धर्मसँग सम्बन्धित रहेर गरिएका विचलनका घटनालाई मूल विषय बनाइएको छ र विचलन विरोधी चेतना प्रस्तुत गरिएको छ ।

### ४.२.४.३ धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापको अभिव्यक्ति

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत आएको मुख्य चेतना धर्मका नाममा हुनेगरेका अनाचार विरोधी चेतना हो । लघुकथा रचनामा धर्मका नाममा हुने गरेका मानवविरोधी क्रियाकलापले सम्पूर्ण मानवताको नै धज्जी उडाएको र समाजमा विपन्न, कमजोर एवम् साधनहीनलाई उत्पीडन गर्ने कार्यले समाजमा द्वन्द्व बढाएको सन्दर्भलाई व्यक्त गरिएको छ । यसै सन्दर्भमा विश्वराज अधिकारीको **सूर्य,** अगीब बनेपालीको **हतियार,** शशिकला शर्माको **जप** एवम् नारायण तिवारीको **बाबाको आशीर्वाद** लघुकथालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(क) सूर्य निलेको सपना देख्ने मानिस कस्तो होला भनी हेर्नेहरूको ठूलो भीड लाग्यो । भीडबाट एउटा महिला बोलिन्-“यो युवक सामान्य व्यक्ति होइन । मानिसका रूपमा ईश्वरको अवतार हो । यसले सूर्य निलेको सपना देखेको छ ।”....अब त्यस गाउँमा त्यस युवकले जे भन्यो सबैले ईश्वरको आज्ञा मानी पालन गर्न थाले । एक दिन त्यस युवकले भन्यो-“हेर ऊ त्यो वृद्ध व्यक्तिको टाउको काटेर मेरो पाउमा राख । त्यो वृद्ध महापापी हो ।” “ती महिलालाई मसँग आशीर्वाद लिन भन । उनी ज्यादै सङ्कटमा छिन् ।” ईश्वरको यो दोस्रो आज्ञा पनि पालन भयो (अधिकारी. २०५४ : १४-१५) ।

प्रस्तुत लघुकथांशमा केही धर्मान्ध मानिसले भनेकै भरमा सारा गाउँलेले एउटा युवकलाई ईश्वर सरह मान्न पुगेको घटना प्रस्तुत गरिएको छ । यहाँ सो व्यक्तिले गाउँलेको विश्वासको आडमा मानिसको हत्या गर्ने र महिलासँग नजिक हुने कार्यसमेत गरेको अवस्थाबोध गरिएको छ । रचनामा धर्मगुरु मानिएको व्यक्तिले जे गरे पनि मानिरहने कार्यले गर्दा समाजमा धर्मको नशा कसरी फैलिएको हुन्छ र त्यसलाई अवसरवादी एवम् स्वार्थी तत्त्वले आफ्नो हितमा प्रयोग गर्दछन् भन्ने कुरा प्रस्तुत गरिएको छ । लघुकथांशमा धर्मका नाममा गरिएको अनाचारलाई प्रस्तुत गरिएको गर्नाका साथै धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापलाई व्यक्त गरिएको छ ।

(ख) भोलिपल्ट प्रत्येक मस्सिदको प्राङ्गणमा आलो रगत भएको सुँगुरका काटिएका टाउका फालिए । तुरन्त मुसलमान र हिन्दुमा दङ्गा फैलियो । काटमार सुरु भयो । बस्ती, टोल, सहर हुँदै देशभर धर्मका नाममा दङ्गा फैलियो । अब गिद्धहरूका लागि सिनोको अभाव भएन । आफूलाई सर्वक्षेष्ठ प्राणी मान्ने मान्छेको कमजोरी पक्ष नै गिद्धहरूको गजबको हतियार बन्न पुग्यो । अब गिद्धहरू कहिल्यै भोकै बस्नुपर्ने छैन (बनेपाली. २०६० : १९) ।

प्रस्तुत लघुकथांशमा मानिसहरू वास्तविकता नबुझेर हिंसामा उत्रने गरेको स्थितिलाई दर्शाइएको छ । यहाँ कुनै गलत मानिसले गलत नियतले सुँगुरका काटिएका टाउका फालेपछि त्यस मानिसको खोजी गरेर उसलाई कारवाही गराउनुको साटो निर्दोष मानिसलाई कुट्ने, पिट्ने र मार्ने अमानवीय एवम् हिंस्रक कार्य गरिएको घटनालाई व्यक्त गरिएको छ । रचनामा धर्मका आडमा निर्दोष मानिसलाई दुःख दिने कार्यले समाजमा हिंसाको विस्तारमा मानिसको अन्धआस्थाको पनि हात हुन्छ भन्ने विषय सन्दर्भलाई कुशलताका साथ प्रस्तुत गरिएको छ । लघुकथांशमा मानिसले धर्मका नाममा गर्ने मानवविरोधी क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) छोरीलाई पाखामा ल्याएर रामेकी आमाले फत्फताइन्, "कस्ता पापीहरू ! त्यसरी बालक डुब्दा पनि नभन्ने कस्तो हरि नभएको मान्छे !" रामेकी आमाको फतफत सुनेर एउटी "शान्ताकारम्.....भन्दै उठेकी बूढी च्याट्ठिई "त अब भगवानको चिन्तन गर्न लागेको बेलामा पनि विषयमा लाग्नु, जय गर्न लागेको बेलामा उठनु हुन्छ ? हेर्नुपर्छ आफ्ना छोराछोरीलाई राम्ररी" (शर्मा. २०१९ : ११) ।

प्रस्तुत लघुकथांशमा एकजना बूढी आइमाइले एकजना बालिका पानीमा डुब्दा देखेर पनि नदेखेको गरेर आफ्नो जपमै व्यस्त भएको घटना व्यक्त गरिएको छ । यहाँ उक्त महिलाले बालिकाको जीवनभन्दा पनि आफ्नो जप महत्त्वपूर्ण ठानेको प्रसङ्ग उल्लेख गरिएको छ । यस रचनामा मानवीय संवेदनारहित जपले मानिसको मुक्ति हुँदैन भन्ने कुरालाई ती बूढीले सम्झिन नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा मानिसको अन्धआस्थाबाट उत्पन्न संवेदनहीन क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(घ) "गार्डले लामबद्ध मानिसहरूका हातहाततर्फ इसारा गर्दै भन्यो-"ऊ त्यो खाम......!" "छैन त.....!" "ए छैन....!" भन्दै त्यस गार्डले मलाई झण्डै झण्डै गलहत्याउँदै तुर्लुङतुर्लुङ पार्दै गेट बाहिर ल्याइपुऱ्यायो र भन्यो-"दक्षिणा छैन भने बाबाको आशीर्वाद पनि छैन......ल जा....!" (तिवारी. २०७० : १०९) ।

प्रस्तुत लघुकथांशमा धर्मका आडमा मानिसको आर्थिक शोषण गर्ने धार्मिक संस्था एवम् धार्मिक नेताका क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ आधुनिक बाबाहरूले विलासी जीवन बिताउने, पैसा एवम् शक्ति भएकासँग मात्र सम्बन्ध राख्ने, सत्ता र शक्तिका आडमा नाजायज क्रियाकलाप गर्ने कार्य गर्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । यस रचनामा धर्मलाई अर्थसँग जोडेर सामान्य जनताको शोषण गर्ने र उनीहरूको अपमान गर्ने क्रियाकलापप्रति छेड हानिएको छ । लघुकथांशमा धर्मका नाममा गरिने मानवताविरोधी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

माथि उल्लिखित लघुकथाको अध्ययनबाट प्राप्त निष्कर्ष भनेको समाजमा सम्पत्ति, विद्याका आडमा गरिने ठगी विरोधी चेतना हो । साधनसम्पन्न मानिसले साधनहीन मानिसको शोषण गर्ने, टाठाबाठा एवम् वाचन कलामा कुशल मानिसले आफ्नो बोलीको प्रभावका कारण समाजमा अन्धविश्वास एवम् कुरीति फैलाउने गरेको पाइन्छ । समाजमा सामन्ती चिन्तनलाई प्रोत्साहन दिने र अन्धआस्था बढाउने काम गरिएको पाइन्छ । मानिसको चेतनालाई पंगु बनाएर तिनलाई दास बनाउने कामले समाजमा सही चिन्तन एवम् विचारलाई निषेध गरेको छ । नेपाली लघुकथामा समाजविरोधी यस्ता चिन्तनप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ४.२.४.४ ईश्वरको सत्ताप्रति अविश्वासको प्रस्तुति

नेपाली लघुकथा रचनामा ईश्वरको सत्ताप्रति अविश्वास गरिएका रचना प्रस्तुत गरिएको पाइन्छ । यी लघुकथामा मानिसका अभाव एवम् अप्राप्तिमा ईश्वरले केही नगर्ने भएकाले मानिसले आफ्ना लागि आफै सङ्घर्ष गर्नुपर्दछ भन्ने भाव व्यक्त भएको देखिन्छ । यस अध्ययनमा ध्रुव मधिकर्मीको **विस्फोट** एवम् रवीन्द्र समीरको **ढुङ्गाको देउता** लघुकथालाई विश्लेषणको आधार मानिएको छ :

(क) "'घरमा बेच्न लायक अरू चिज पनि त छैन..., एउटा चिसो उच्छवास चुहियो उसको ओठबाट । उसले बेस्कन आँखा चिम्ल्यो र बरबरायो-घरमा...। बालक रोइरहेको थियो-भोकले । 'हे भगवान् !' केही नपाएर उसले घुँडा टेक्यो । 'एउटा बाँकी छ.....भगवान्कै मूर्ति ।' पत्नीको स्वरका एउटा विस्फोट भयो !" (मधिकर्मी. २०५१ : ५) ।

प्रस्तुत लघुकथांशमा पति पात्रले विपत्तिमा ईश्वर सम्भ्रेको र पत्नीले अभाव पूर्ति गर्नका लागि बेच्न बाँकी भगवान्को मूर्ति भएको कुरा गरेको विचार व्यक्त गरिएको छ । रचनामा मानिसलाई विपत्ति पर्दा केही गर्न नसक्ने भगवानप्रति अविश्वासको चेतना अभिव्यक्त भएको छ । लघुकथांशमा भगवानको मूर्तिलाई एक वस्तु सरह मानिएको छ र यो बेचेमा केही पैसा आउँथ्यो र बालकको भोक मेटाउन सकिन्थ्यो कि भन्ने विचार प्रस्तुत भएको छ ।

(ख) उसलाई दोस्रो पटक सनक चढ्यो अनि त्यो पूजित ढुङ्गो अर्थात् देवताको मूर्तिलाई पखाल्यो र पहिलेजस्तै लेउ लागेको कालो ढुङ्गा बनायो । भोलिपल्ट त्यस ढुङ्गामा गोठालो बसेर विरहको मुरली बजाएको सुन्यो, पर्सिपल्ट साहिँला ज्यामीले त्यस ढुङ्गालाई घनले फोडेर, टुक्रा टुक्रा पारी हाटमा लगी बीस रूपियाँमा बेच्यो र केटाकेटीलाई जाउलो खुवाउन चामल लिएर फर्क्यो । उसलाई दोस्रो सनकप्रति गर्व लाग्यो-'मैले गर्दा आज कसैको पेटमा अन्न त पऱ्यो' (समीर. २०६७ : १०५) ।

प्रस्तुत लघुकथांशमा एक ढुङ्गालाई पुज्दा र भाकल गर्दा बिमारी बालक ठीक नभएको र पछि त्यसलाई पूर्ववत् ढुङ्गो बनाउँदा एक ज्यामीले टुक्रा टुक्रा बनाएर बेच्दा चामल पाएको प्रसङ्ग आएको छ । उक्त पात्रले पूजाका लागि प्रयोग गरिएको ढुङ्गालाई टुक्रा बनाइएकामा कुनै चिन्ता नभएको बरू एक परिवारको पेटमा अन्न परेकोमा गर्व गरेको छ । यहाँ मानिसका निमित्त भोकभन्दा ठूलो कुनै कुरा छैन भन्ने विचारका साथै ईश्वरीय सत्ताप्रति अविश्वासको चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा धार्मिक चेतनाअर्न्तगत प्रस्तुत अध्ययनका निष्कर्ष यस प्रकार रहेका छन :

(क) नेपाली लघुकथामा मानिसका धार्मिक क्रियाकलापमा दोहरोपना भएका रचना प्रस्तुत भएको पाइन्छ । धर्म गरेजस्तो गर्ने तर गलत क्रियाकलाप गर्ने कार्य गरिएको पाइन्छ । समाजमा धर्मका आडमा आफूलाई सम्मानित देखाउन खोज्ने तर मानवता विरोधी कार्य गर्नाले विसङ्गत अवस्था निर्माण भएको छ ।

(ख) नेपाली लघुकथामा धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचारको प्रस्तुति पाइन्छ । धर्मका आडमा गरिने यस्ता क्रियाकलापले मानिसको शोषण गरेको एवम् समाजमा अन्याय अत्याचार बढाएको देखिन्छ । नेपाली लघुकथामा यस्ता अनाचारप्रति व्यङ्ग्य एवम् विरोधको चेतना प्रस्तुत भएको छ ।

(ग) नेपाली लघुकथामा धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापको अभिव्यक्ति पाइन्छ । लघुकथा रचनामा धर्मका नामका गरिने अन्धविश्वास एवम् आडम्बरपूर्ण क्रियाकलापप्रति असहमति भाव प्रकट भएको छ ।

(घ) नेपाली लघुकथामा ईश्वरको सत्ताप्रति अविश्वासको प्रस्तुति गरिएको पाइन्छ । मानिसलाई दुःख पर्दा कुनै सहयोग नगर्ने ईश्वरको अस्तित्व एवम् सत्ताप्रति अविश्वास तथा व्यङ्ग्यसमेत गरिएको पाइन्छ ।

### ४.२.५ आर्थिक युगचेतना

नेपाली लघुकथामा युगचेतना अर्न्तगत एक महत्त्वपूर्ण चेतनाका रूपमा आर्थिक क्षेत्रसँग सम्बन्धित चेतना पनि हो । मानिसले समाजमा पुँजीको विकास भएपछि आर्थिक क्रियाकलापका क्रममा गर्ने गतिविधिलाई आर्थिक विषय सन्दर्भले सम्बोधन गर्दछ । आर्थिक विषयको अध्ययनका लागि उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधिको प्रस्तुति, राजनीति एवम् प्रशासन क्षेत्रमा हुने आर्थिक अनियमितताको प्रस्तुति, पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलापको उद्घाटन, गैरसरकारी क्षेत्रका आर्थिक बेइमानीका घटनाको प्रस्तुतिलाई उपशीर्षका रूपमा चयन गरिएको छ ।

### ४.२.५.१ उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधिको प्रस्तुति

नेपाली लघुकथामा उद्योग-व्यापार क्षेत्रसँग सम्बन्धित आर्थिक क्रियाकलाप विषयका रूपमा आएका छन् । यहाँ उद्योग र व्यापार क्षेत्रका आर्थिक गतिविधिका क्रममा हुने गरेका नाजायज क्रियाकलापप्रति असहमतिका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना समेत व्यक्त भएको छ । यस अध्ययनमा किशन थापा 'अधिर'को **अन्तर्वार्ता,** कल्याण पन्तको **व्यापार,** विनयकुमार कसजूको **बिजोडा जुत्ता** र हरिगोविन्द लुईटेलको **बन्द आँखा** लघुकथालाई विश्लेषण सामग्रीको रूपमा उपयोग गरिएको छ :

(क) "कहाँ हजुर ! अपना वहाँ त के व्यापार गरिलिन्छ । कभी हप्ता उठाइलिन आउँछ गुन्डे लोग से पुलिस लोग तक...फिर कभी एकाध टयाक्ससिस्टम...उससे बडी बात त वहाँके लोगलाई यहाँजस्तो अपनी माल उपरी दाम मैं भिडाना आसान छैन"(थापा. २०६० : ४६) ।

प्रस्तुत लघुकथांशमा नेपालमा कारोबार गरिरहेको एकजना भारतीय व्यापारीको नेपाली नागरिकलाई ठग्न सजिलो भएको विचारलाई प्रस्तुत गरिएको छ । यहाँ भारतीय व्यापारीले आफ्नो अभिव्यक्तिमा नेपाली जनताको असचेतताका कारण आफूहरूले ठग्न सकेको विचार व्यक्त गरेको छ । लघुकथांशमा भारतीय व्यापारीको नेपाली जनता ठग्ने कार्यको रहस्योदघाटनका साथै ठगी विरोधी चेतना प्रस्तुत भएको छ ।

(ख) मीत बा एक घण्टापछि मर्मत केन्द्रमा आइपुगे । मीत छोराले बालाई सम्मानपूर्वक कुर्सीमा बसाले । चिया मगाए । उनले टेबुलमा भएको मोबाइल समाते, ब्याट्री मिलाएर राखे र स्वीच अन गरे । मोबाइलमा सङ्गीतको ध्वनि सुनियो । स्क्रिनमा हात मिलाएको चित्र देखियो । मीत बा उज्याला देखिए । प्यारपूर्वक मीत छोरालाई बाले सोधे, "कति लाग्यो पैसा बाबु !" मीत छोराले भने, "बालाई कति भन्नु ? पाँच सयमात्र ।" (पन्त. २०६९ : ८) ।

प्रस्तुत लघुकथांशमा एकजना मोबाइल व्यापारीले आफ्नै मीतबालाई ठगेको घटना प्रस्तुत गरिएको छ । यहाँ व्यापारीले सामान्य प्राविधिक गडबडी भएर बन्द भएको मोबाइललाई बनाएको भनेर चाहिनेभन्दा धेरै रकम असुल गरेको देखिन्छ । लघुकथांशमा व्यापारीको अति नाफामुखी प्रवृत्तिलाई प्रस्तुत गर्नाका साथै उक्त कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) धनपतलाल सिधै अर्थमन्त्रीकहाँ गए । मन्त्रीलाई आफ्नो मर्का पोखे र एकातिरको खुट्टाको मात्र जुत्ता आएको हुनाले भन्सार मिनाहा गरिदिन अनुरोध गरे । ....एउटा खुट्टाको मात्र जुत्ता कसरी बिक्छ ? मन्त्रीले व्यापारीको मर्का बुझेर भन्सार मिनाहा गर्ने तोक लगाइदिए....सेठ धनपतलालले जुत्ता पैठारी गरेको महिना दिन नबित्दै सरकार बदलियो । ....सेठ धनपतलाल फेरि पुगे राजधानीमा । अर्थमन्त्री नयाँ थिए ।

काम गर्ने फूर्ति थियो । व्यापारीको मर्का नबुझ्ने कुरै थिएन । उनले पनि भन्सार मिनाहा गर्ने तोक लगाइहाले । अहिले सेठ धनपतलाल आफ्नो गोदाममा जुत्ताहरूको जोडा मिलाउनमा व्यस्त छन् (कसजू. २०५७ : ९६-९७) ।

प्रस्तुत लघुकथांशमा व्यापारी धनपतलालले विभिन्न समयमा विभिन्न साइजका जुत्ता मगाएको, पटक-पटक गरेर भन्सार मिनाहा गराएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ व्यापारीको गलत किसिमले फाइदा लिने एवम् नेता तथा कर्मचारीले आर्थिक लाभका लागि जस्तोसुकै कार्य पनि गर्ने कार्यप्रतिको असहमत चेतना व्यक्त भएको छ ।

(घ) बेचन र सीतारामका बीचमा एउटा छाप्रोका बारेमा झगडा पऱ्यो । एकले अर्कालाई अन्यायी सोच्यो । यसको समाधानार्थ उनीहरू गिरधारी साहुकहाँ गए । गिरधारीले उनीहरु दुवैलाई छुट्टाछुट्टै भेट्यो । “त्यो छप्पडमा सीतारामको हकै छैन, त्यसैले त्यो म तँलाई नै दिलाइदिन्छु, बुझिस् ? धन्दा नमान !” उसले बेचनलाई भन्यो, “झगडा गर्दैमा हुन्छ र ? त्यसमा बेचनको कुनै किसिमको पनि हक छैन । त्यो तँलाई नै दिलाइदिन्छु, बुझिस् ? धन्दा नमान् !”-उसले सीतारामलाई भन्यो....“ए ! छप्पड भत्क्यो ? त्यसो भए त कुरै सकियो नि हैन अब ? ल आनन्दै भयो । अब जाओ तिमीहरू !”-साहुले भन्यो । यति बेला कोइलाको थुप्रोजस्तो गिरधारी साहुको अनुहारमा कुहिराको मुस्लो जस्तो कुटिल मुस्कान छायो (लुईटेल. २०५६ : १४) ।

प्रस्तुत लघुकथांशमा गिरधारी साहुको दाजुभाइ लडाएर व्यक्तिगत फाइदा लिने जनतामारा क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ साहुले दाजुभाइका बीचको झगडा मिलाउने नाममा एक अर्कालाई भड्काएको, उनीहरूको अन्तर्विरोधबाट फाइदा उठाएको र उनीहरूको घर आफूले हात पार्ने दाउ रचेको घटनालाई अभिव्यक्त गरिएको छ । यस रचनामा साहुको गलत क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गर्न ‘कोइलाको थुप्रोजस्तो गिरधारी साहुको अनुहारमा कुहिरोको मुस्लो जस्तो कुटिल मुस्कान’ छाएको भनाइ प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा आर्थिक विषय सन्दर्भअन्र्तगत उद्योग र व्यवसाय क्षेत्रसँग सम्बन्धित क्रियाकलापलाई पनि विषय बनाएको पाइन्छ । नेपाली लघुकथामा उद्योग र व्यापारमा प्रगति गर्नका लागि मानिसले गरेका नाजायज क्रियाकलापको भन्डाफोर गरिएको छ । आफ्नो आर्थिक लाभका लागि मानिसलाई ठग्ने र बेइमानीपूर्ण क्रियाकलाप गरिएको पाइन्छ । नेपाली लघुकथामा यस्ता गलत क्रियाकलाप विरोधी चेतना आएको छ । समाजविरोधी क्रियाकलाप गर्नेहरूप्रति घृणाभाव समेत प्रकट भएको छ ।

### ४.२.५.२ राजनीति एवम् प्रशासन क्षेत्रमा हुने आर्थिक अनियमितताको प्रस्तुति

नेपाली लघुकथामा युगचेतना अध्ययनका क्रममा आर्थिक विषय सन्दर्भलाई विश्लेषण गर्ने क्रममा राजनीतिक-प्रशासनिक क्षेत्रका गतिविधिलाई पनि अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा डम्बर रसिक भारतीको **नियमितता/अनियमितता,** गोरखबहादुर सिँहको **रमाना,** सुमनराज ताम्राकारको **उत्कृष्ट ठेकेदार,** विजय सागरको **साना उद्योग** एवम् दिलीप शाहको **पत्रमपुष्पम्** लघुकथालाई विश्लेषण सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) "श्रीप्रसाद थोरै पनि विचलित भएनन् । निर्भिक मुद्रामा प्रस्तुत भए-वास्तवमा मलाई आफूले कुनै अनियमितता गरेँ जस्तो लाग्दैन । मैले मालपोतमा त्यही काम गरेको हुँ । भन्सारमा पनि निरन्तरता दिएँ....जुन काम मैले बीस वर्षदेखि निरन्तर रूपमा नियमित गर्दै आएको छु भने त्यो कसरी अहिले आएर अनियमित भयो ?" (भारती. २०६९ : २८) ।

प्रस्तुत लघुकथांशमा एकजना भ्रष्टाचारी कर्मचारीको आफूले बेइमानी नगरेको निर्लज्ज भनाइ आएको छ । लघुकथामा श्रीप्रसादले आफूले विगत बीस वर्षदेखि आर्थिक अनियमितता गरेको कुरालाई स्वीकार गरे पनि त्यो अनियमितता भएको विचार व्यक्त गरेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा कर्मचारीको अनियमित गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) त्यस्तो दुर्गम जिल्लामा पनि सी.डी.ओ. को जग्गा किन्ने विचार सुन्नेहरूले आश्चर्य माने....नभन्दै केही महिनाभित्रै सी.डी.ओ.ले हुर्किएका स्याउ-सुन्तला सहितको बगैँचासहितको जग्गामात्र लिएनन्, बगैँचा हेर्नका लागि 'रामझुपडी'को निर्माण कार्यसमेत गरे । जिल्ला दुर्गम भएपनि खानेपानी, टेलिफोन, विद्युतजस्ता सुविधा पुगिसकेका थिए । वन, खानेपानी, विद्युत, टेलिफोन आदि कार्यालयहरूले झुपडीधनीको आग्रह र आदेश बमोजिम झुपडी निर्माणमा उदारतापूर्वक आआफनै सेवा उपलब्ध गराए....सी.डी.ओ.ले रमाना लिनुभन्दा पहिले नै रामझुपडीले रमाना लियो, दुर्गम पहाडी जिल्लाबाट राजधानीको सुविधासम्पन्न टोलका लागि (सिंह. २०६५ : ७५) ।

प्रस्तुत लघुकथांशमा जिल्लाका सरकारी कार्यालयबाट विभिन्न सामग्री एवम् नगद लिएर एउटा झुपडी बनाउने र सामान जम्मा गर्ने प्रजिअको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । प्रजिअले आफू सरुवा हुनुअघि नै सो झुपडी र त्यसमा रहेका सामान काठमाडौँ पठाउने कार्य गरेर सरकारी पदको दुरुपयोग गरेर जम्मा गरिएको सामग्री व्यक्तिगत जस्तो बनाएर लग्ने काम गरेकोमा व्यङ्ग्य गरिएको छ । यहाँ नेपालको अधिकांश

कार्यालय प्रमुख एवम् प्रशासनमा रहेका मानिसले सरकारी सम्पत्ति व्यक्तिगत बनाउने कार्य गर्ने गरेको सन्दर्भमा उनीहरूको यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको छ ।

(ग) मन्त्रीज्यूले कालो चस्मा लगाएर आउनु भएको थियो र बाटामा आउँदा आउँदै कन्ट्रेक्टर मार्फत खल्ती गर्मिसकेको थियो । समारोह स्थलमा कन्ट्रेक्टरको खुब प्रशंसा गर्नाका साथै सडक निर्माण कार्य समयमै सिध्याएकामा स्याबासीपत्र पनि हस्तान्तरण भयो....मन्त्रीज्यू हतार हतार राजधानी फिर्न थाल्नुभयो । यस क्रममा बाटामा निकै खाल्टाखुल्टी महसुस हुन थाल्यो (ताम्राकार. २०६५ : २) ।

यस लघुकथांशमा गलत निर्माणलाई सही भनेर प्रमाणपत्र दिने भ्रष्ट मन्त्रीको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ मन्त्री राजधानी फिर्ने बेलामा सडकमा खाल्टाखुल्टी महसुस हुनुले सो निर्माण कम गुणस्तरको भएको दृष्टिकोण व्यक्त गरिएको छ । कम गुणस्तरको निर्माणलाई पैसा खाएर राम्रो भनेर प्रशंसा गर्ने कार्यले मन्त्रीको भ्रष्टाचारी चरित्र स्पष्ट देखिएको अभिमत प्रस्तुत गरिएको छ । लघुकथांशमा व्यक्त मन्त्रीज्यू हतार-हतार राजधानी फिर्ने क्रममा बाटोमा निकै खाल्टाखुल्टी महसुस भएको भनाइले मन्त्रीको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) टेबुलभरि "व्हाइट हर्ष" नचाउँदै वहाँले भन्नु भयो, "भतिजाहरूले ऋण लिई हाले । कच्चा पदार्थ पाइएन । त्यसैले जंगलमा नयाँ बिरूवा हुर्काउन लगाएको छु । कच्चा पदार्थ तयार नहुँदासम्म पुँजी किन निस्क्रिय राख्ने ? त्यसैले केटाहरूले बस किनेका छन् । धेरथोर आम्दानी पनि छ । किस्ता पनि नियमित तिरिएकै छ । तर अलि अलि फरक परेछ । प्रगति प्रतिवेदन यताको उता र उताको यता पो परेछ (सागर. २०६० : १६) ।

प्रस्तुत लघुकथांशमा मन्त्रीले जाँच आयोगलाई प्रभावित गर्ने भोजभतेर गरेको र उनीहरूलाई प्रभावित गर्ने कार्य गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ मन्त्रीले आफ्ना भतिजाहरूको नाममा ऋण निकालेर त्यसलाई सदुपयोग नगरेर गल्ती गरेको एवम् सो गल्तीलाई ढाकछोप गर्ने र आयोगलाई प्रभावित गर्ने कार्य गरेको छ । लघुकथांशमा भ्रष्टाचारप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) 'पर्खिनुस् सर ! यसमा दातृसंस्थाको विशेष इन्ट्रेस्ट छ । मिटिङमा कुइरे पनि बस्छ, पत्रम्पुष्पम्को पनि व्यवस्था छ ।' अनायास मेरो मुखबाट 'पत्रम्पुष्पम्' शब्द फुत्कियो । 'ए, त्यसो हो ? त्यस्तो सामाजिक महत्त्वको मिटिङका लागि त जसरी पनि समय निकाल्नै पर्ला । फेरि कुइरेलाई नाखुस बनाउन पनि त भएन ।' उसले बल्ल सच्चा नेपाली प्रशासकको हेल्मेट लगायो (शाह. २०६६ : ५९) ।

प्रस्तुत लघुकथांशमा अगाडि बैठकका बारेमा सामान्य वास्ता पनि नगर्ने कार्यालयको हाकिम विदेशी आउने र बैठक भत्ताको व्यवस्था भएको भनेपछि खुसी भएर बैठक बसाउन राजी भएको घटना प्रस्तुत गरिएको छ । यहाँ हाकिमको लोभी चरित्रको उद्घाटन गर्नाका साथै नेपालको प्रशासनयन्त्रभित्रका मानिसको लोभी एवम् अवसरवादी चरित्रलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा कार्यालय प्रमुखको धनलोभी प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा प्रस्तुत राजनीतिक एवम् प्रशासनिक क्षेत्रका आर्थिक गतिविधिका बारेमा लेखिएका लघुकथाबाट आएको चेतना आर्थिक अराजकता विरोधी चेतना हो । नेपाली लघुकथामा आफ्नो पदको दुरूपयोग गरेर सत्ताको गलत प्रयोगबाट फाइदा उठाउने र देशलाई बर्बाद बनाउने मानिस विरोधी चेतना प्रस्तुत भएको छ । भ्रष्ट राजनीतिकर्मी र बेइमान व्यवसायीबीचको एकताले समाजमा नराम्रो सन्देश दिएको र समाजमा गलत क्रियाकलापलाई बढावा दिएको छ । यसरी समाजलाई बर्बाद पारेर आफ्नो स्वार्थ सिद्ध गर्ने यस्ता व्यक्तिले देशलाई कमजोर पारिरहेको तथ्य लघुकथा मार्फत व्यक्त भएको छ ।

### ४.२.५.३ पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलापको उद्घाटन

नेपाली लघुकथामा युगचेतना अध्ययनका क्रममा आर्थिक विषय सन्दर्भसँग सम्बन्धित रचनाको विश्लेषण गर्ने क्रममा पारिवारिक एवम् सामाजिक क्षेत्रमा हुने गरेका आर्थिक क्रियाकलापको पनि अध्ययन गरिएको छ । यस अध्ययनमा परिवार एवम् समाजमा आर्थिक क्रियाकलापले मानिसहरूका बीचको सम्बन्धलाई पार्ने प्रभावलाई विषय सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा नारायण तिवारीको **जयजयकार,** सरस्वती रिजालको **नारी प्रतिबिम्ब-चार,** किशन थापा 'अधिर'को **जागरण,** आर. आर. चौलागाईको **निर्धक्क** एवम् नवराज रिजालको **उनीहरू** लघुकथालाई विश्लेषणको सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) उसले अन्त्यमा फैसला गऱ्यो,-'यति सजिलै, बिना बाधा, बिना अड्चन, 'घुस' आच्चे कमिसन खान पाइन्छ भने नखाएर महामूर्ख हुनु छैन मलाई । त्यसैले खोई ल्याउनुस् कति छ.....?' उसले प्रस्तावमाथि आफ्नै मनभित्र छलफल गरेर निर्णय सुनाउनासाथ सबैले उसको जयजयकार गरे । जयजयकारको चरम आनन्दमा डुबुल्की मार्दै उसले कल्पना गऱ्यो-उसकी श्रीमती मोटरमा तरकारी किन्न जान लाग्दैछे र लाडिएर उसलाई भन्दैछे-'हजुर कति ह्यान्डसम ?' (तिवारी. २०७० : ३५) ।

प्रस्तुत लघुकथांशमा एकजना कार्यालय प्रमुखले खुसी भएर घुस अर्थात कमिसन ग्रहण गरेको, कमिसन प्राप्त भएको खुसीमा श्रीमतीले मोटरमा तरकारी किन्न जान लागेको

बेला उसले आफ्नो प्रशंसा गरेको कल्पनालाई प्रस्तुत गरिएको छ । यहाँ हाकिमले अवैध धनको प्रतापले आफ्नो जीवनमा खुसी आउने र श्रीमती खुसी पार्न सकिने निष्कर्ष निकालेको छ । यस रचनामा मानिसको धनलोभ र त्यस लोभबाट प्राप्त लाभको कामनालाई प्रस्तुत गरिएको छ । यस लघुकथांशमा एक सरकारी हाकिमको धनलोभी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) 'को नि ?' अचानक मेरो मुखबाट जिज्ञासायुक्त प्रश्न निस्कियो । 'को हुने नि, उही महिला नेतृ ।' हाकिमको उत्तर सुनेर म छक्क होइन, तीनछक् परेँ । ती महिला नेतृप्रतिको मेरो धारणा चकनाचुर भयो । 'साँच्चै नै यसरी हरेक महिला समूहले तीज कार्यक्रम गर्न त्यत्रो रकम माग्ने हो भने अन्य चाडपर्व मनाउन सहयोग किन नमाग्ने ?' (रिजाल. २०६५ : ४६-४७) ।

प्रस्तुत लघुकथांशमा एक जना श्रद्धा गरिएकी महिला नेतृ जब सरकारी कार्यालयबाट जथाभावी चन्दा उठाएर तीज कार्यक्रमको नाममा मोजमस्ती गर्ने कार्यमा संलग्न भएको अवगत भएपछि उक्त महिलाप्रति घृणा जागेको घटना प्रस्तुत गरिएको छ । त्यस्ता चन्दामुखी कार्यले समाज विकासभन्दा पनि समाजमा गलत चिन्तन एवम् क्रियाकलापलाई बढावा दिने विचारका साथै सो कार्यप्रतिको असहमत चेतना व्यक्त गरिएको छ ।

(ग) "त्यसै बेला जमघटको बीचमा दुई महिलाहरू आपसमा भुत्लाभुत्ली गर्न थाले । एउटी भन्दै थिई, 'मेरो श्रीमान्ले बैङ्कबाट ल्याइदिनुभएको साडी र ह्यान्डब्यागलाई तैँले फुटपाथको भन्ने ?" अर्कीचाहिँ जङ्गिदै थिई, "अनि किन त मेरो दुई लाखको नेकलेसलाई जम्मा पचासहजारको मात्र भनेकी त ?" (अधिर. २०६० : १३) ।

प्रस्तुत लघुकथांशमा दुई महिला आफ्नो साडी, ह्यान्डबेग एवम् नेकलेसका मूल्यलाई कम मूल्यको एवम् फुटपाथमा पाइने भनिएको भनेर एकआपसमा लडिरहेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ ती महिलाहरूमा एकआपसप्रति विश्वास नभएको विचार व्यक्त गरिएको छ । यस रचनामा जीवनमा आत्मप्रदर्शनमा रमाउने र श्रीमानले ल्याइदिएको गहना र लुगामा नै जीवनको सार देख्ने महिलाबाट कसरी जागरण सम्भव होला ? भन्ने विचार प्रकट भएको छ । लघुकथांशमा महिलाहरूमा रहेको आत्मप्रदर्शन एवम् भोगमुखी क्रियाकलापप्रति व्यङ्ग्य गर्नाका साथै उनीहरूका क्रियाकलापप्रति असहमत चेतनासमेत व्यक्त भएको छ ।

(घ) उसले व्यापारका सिलसिलामा घरका पुराना दराज, टेबुल, कुर्ची, दुःख पर्दा चलाएको बहुमूल्य काठको पुरानो सन्दुस आदि बिक्री गर्न लागेका रहेछन् । एकजना छिमेकीले सोधे, "नगदप्रसादजी, तपाईंले आफैले जिन्दगी बिताएका, पछि खोज्दा

पनि पाउन नसकिने ऐतिहासिक सामानहरू बेच्न लाग्नु'भो ? यो त हदै भयो ?" नगदप्रसादले निर्धक्क भएर जवाफ दिए, "तपाँईहरू चिन्ता नगर्नुहोस् । यस्ता सामान त फालाफाल जति पनि पाइन्छ नि ।" (चौलागाई. २०६५ : ७५) ।

प्रस्तुत लघुकथांशमा नाफा आउने भएपछि जतिसुकै बहुमूल्य सामान पनि बिक्री गर्ने व्यापारीको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ व्यापारीले जीवनमा एक सामान गएपछि अर्को सामान आउने सोचेको र घरका सब सामान बेचेको घटना अभिव्यक्त गरिएको छ । व्यापारीको सामानको गुणस्तर र उपयोगिता भन्दा पनि नाफामात्र खोज्ने सोचलाई प्रस्तुत गरिएको छ । यस रचनामा व्यापारीको अति नाफामुखी सोचप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ङ) 'जीवनभर तपाँईको माया भए पुग्छ ।' स्वास्नी भन्थी । ऊ दङ्ग पर्दै मुस्कुराउँथ्यो । पैसाको छेलोखेलो थियो....अकस्मात् ऊ सडक दुर्घटनामा पऱ्यो । दुई महिनासम्म अस्पताल कुरेर निस्कियो तर पहिलाको अवस्थामा फर्कन सकेन । स्वास्नी झर्कोपर्को गर्न लागी । मन्दिरमा गएर खाएको कसम सम्झियो । अगाडिको संसार.....(रिजाल. २०६७ : ५०) ।

प्रस्तुत लघुकथांशमा एक युवकको जीवनको त्रासदीलाई प्रस्तुत गरिएको छ । यहाँ श्रीमान् यौवन एवम् सम्पत्ति हुँदा सम्म श्रीमतीको आँखामा नबिझ्ने र अपाङ्ग भएपछि उसैका आँखाको तारो बन्न पुगेको घटना प्रस्तुत गरिएको छ । जीवनभर साथ दिने कसम खाने महिला यौवन र सम्पत्तिकी प्यासी भएको निष्कर्ष निकालिएको छ । यस रचनामा महिलाको सम्पतिप्रतिको उग्र लालसाले उत्पन्न विरोधाभासपूर्ण चरित्रलाई प्रस्तुत गर्नाका साथै सो कार्यप्रतिको असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा पारिवारिक एवम् सामाजिक क्षेत्र अर्न्तगत रहेर हुने आर्थिक क्रियाकलाप र ती क्रियाकलापले मानिसको सम्बन्धमा पार्ने असरका विषयमा अध्ययन गरिएको पाइन्छ । नेपाली लघुकथामा पाइने आर्थिकक्रियाकलाप अर्न्तगत पाइने एक प्रमुख चेतना भनेको परिवार एवम् समाजमा हुने गरेका आर्थिक क्रियाकलापमा रहेका असङ्गतिको चिरफार पनि हो । नेपाली लघुकथामा आएको प्रमुख चेतना समाजमा पैसामात्र सबथोक होइन, पैसाको समुचित उपयोगले मात्र मानव जीवन सुन्दर हुन्छ भन्ने चेतना हो ।

### ४.२.५.४ गैरसरकारी क्षेत्रका आर्थिक दुरावस्थाका घटनाको प्रस्तुति

नेपाली लघुकथामा आर्थिक क्रियाकलापका सन्दर्भमा गैर सरकारी क्षेत्रका गतिविधिलाई पनि विषय बनाइएको पाइन्छ । गैर सरकारी क्षेत्रमा हुने गरेका आर्थिक क्रियाकलापमा हुने अपादर्शीपनले जनतालाई पीरमर्का पर्ने एवम् आर्थिक क्षेत्र दुरावस्थामा

पर्ने गरेको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनाामा प्रस्तुत गैरसरकारी क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित व्यक्तिका क्रियाकलापलाई विषय बनाइएको छ । यस अध्ययनमा कल्याण पन्तको **बेवारिसे,** रवीन्द्र समीरको **प्राविधिक तालिम** एवम् कपिल लामिछानेको **उहिले बाजेका पालामा** लघुकथालाई विश्लेषणको आधार मानिएको छ :

(क) अफिसियल प्रोसेस सुरू भयो । मीत दाइले थप पाँच हजार माग गरे । पन्ध्र दिनभित्रै छोरी पूर्णिमा उडी । उसले खाडी मुलुकमा काम गर्न थाली । एक महिनामै उसले पच्चीस हजार पठाई....विदेशमा काम हुँदै थियो । कम्पनीहरू एकाएक बन्द हुन थाले । म्यान पावर कम्पनीमा भीड लाग्न थाल्यो....मित दाइ लगायत कम्पनी स्टाफहरू अफिसमा देखिन छाडे । सरकारले चेलीहरूको नाम सार्वजनिक गऱ्यो । पूर्णिमा विक्षिप्त अवस्थामा स्वदेश फर्किई (पन्त. २०६९ : १९) ।

प्रस्तुत लघुकथांशमा विदेशमा काम गर्न जाने नागरिकका जीवनको पीडाजन्य प्रसङ्गलाई व्यक्त गरिएको छ । यस रचनामा दलालका कारण मानिसको जीवन बर्बाद हुने अवस्थामा पुग्दा केही नगर्ने सरकारको क्रियाकलापप्रति असन्तुष्टि व्यक्त गरिएको छ । यहाँ विदेशमा नेपालीको अवस्था सहज नहुने र ठगीजन्य क्रियाकलापका कारण मानिसले दुःख पाउने स्थितिलाई प्रस्तुत गर्नाका साथै जनता ठगेर मोटाउने प्रवृत्तिप्रति असहमत चेतनासमेत व्यक्त भएको छ । लघुकथामा वर्तमान सन्दर्भमा राज्यले उत्तदायित्व नलिएका कारण दलालवर्ग फस्टाउने र जनताले दुःख पाउने गरेको अवस्थाको चित्रणका साथै त्यस्ता खराब प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) रोजगारको ग्यारेन्टी भन्ने गुलियो नाराका साथ बजारभरि विभिन्न रोजगारमूलक तालिमहरू सञ्चालन हुन थाले....छोटै समयमा ती संस्थाहरूबाट आवश्यकताभन्दा सयौँ गुणा बढी प्रविधिविहीन प्राविधिक जनशक्ति उत्पादन भए । उत्पादित जनशक्तिमध्ये सोर्सफोर्स भएका र घुस दिन सक्ने बाहेक अन्य सबै फेरि बेरोजगार भए । आजभोलि नयाँ शैली र नयाँ कवचमा आकर्षक विज्ञापनहरू देखिन थालेका छन्-रोजगारीको ग्यारेन्टीसहित रोजगारमूलक तालिम लिएका बेरोजगारहरूको लागि विशेष छुटमा प्राविधिक तालिम सञ्चालन भइरहेको छ (समीर. २०६३ : ५२) ।

प्रस्तुत लघुकथांशमा प्राविधिक तालिमका नाममा जनताका छोराछोरीबाट मोटो रकम असुल्ने काम तालिम सञ्चालकले गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यहाँ नेपालमा विभिन्न किसिमका तालिम लिएपछि पनि धेरै तालिम पाएका मानिस काम नपाएर बेरोजगार बन्नु परेको र यस्ता खाले तालिम केही व्यक्तिका लागि कमाउने भाँडो मात्र भएको यथार्थलाई प्रस्तुत गरिएको छ । यस रचनामा बेरोजगार जनतालाई ठग्ने मेनपावर कम्पनीको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) एक दिन त म केही बोल्न सकिँन । पछि धक मानीमानी भनेँ-"बाबु, खै डालाँ त पैसा फलेनन् नि । डालो त रित्तै छ ।" उसले त्यही भित्र देखाउँदै भन्यो-"ल काका पनि, हेर्नोस् न यी । यी यस्ता पैसा हामी गन्दै गन्दैनौँ, यति डाला उति डाला भनेर डालाले नाप्छौँ । अझ पनि हजुरले डालाँ पैसा देख्नुभएन ? (लामिछाने. २०६८ : २८) ।

प्रस्तुत लघुकथांशमा फाइनान्स कम्पनीका नाममा जनतालाई लाभ हुने भनिएता पनि त्यसबाट जनतालाई भन्दा पनि कम्पनी सञ्चालकलाई लाभ हुने विचार व्यक्त गरिएको छ । यहाँ जनताबाट लाभ लिने तर जनताको हितको वास्ता नगर्ने फाइनान्स कम्पनीको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा अभिव्यक्त आर्थिक विषय सन्दर्भको अध्ययनबाट प्राप्त निष्कर्ष यसप्रकार रहेको छ :

(क) नेपाली लघुकथामा उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधिको प्रस्तुति पाइन्छ । उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधिका क्रममा हुने अनियमित क्रियाकलापलाई प्रस्तुत गर्नुका साथै त्यस्ता कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) नेपाली लघुकथामा राजनीति एवम् प्रशासन क्षेत्रमा हुने आर्थिक अनियमिततासँग सम्बन्धित विषयसन्दर्भ अभिव्यक्त भएको पाइन्छ । लघुकथा रचनामा अनियमितताका घटनालाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रतिको असहमत चेतना समेत प्रकट भएको छ ।

(ग) नेपाली लघुकथामा पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलापलाई प्रस्तुत गरिएको छ । व्यक्तिगत एवम् सामाजिक क्षेत्रमा देखापरेका आर्थिक विचलनका घटनालाई व्यक्त गरिएको छ । लघुकथामा आर्थिक अनुशासन एवम् नैतिकता स्थापना हुनुपर्ने चेतना अभिव्यक्त भएको छ ।

(घ) नेपाली लघुकथामा गैरसरकारी क्षेत्रका आर्थिक बेइमानीका घटनाको प्रस्तुति पाइन्छ । गैरसरकारी संस्थाका आर्थिक क्रियाकलापमा देखिएका विचलनलाई प्रस्तुत गरिएको छ । लघुकथामा आर्थिक विचलन विरोधी चेतना प्रस्तुत भएको छ ।

### ४.२.६ भाषा-साहित्यगत युगचेतना

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका सन्दर्भमा एक प्रमुख विषयको रूपमा भाषा-साहित्य विषय सन्दर्भलाई पनि प्रस्तुत गरिएको छ । लघुकथामा भाषा-साहित्य मूलतः बौद्धिक क्षेत्रसँग सम्बन्धित भएकोले यसले सामाजिक चेतनालाई प्रस्तुत गर्नाका साथै नयाँ यथार्थको प्रकटीकरण हुने विचार व्यक्त गरिएको पाइन्छ । नेपाली लघुकथामा नेपाली भाषा

साहित्य क्षेत्रका गतिविधिका साथै तीगतिविधिको असरले समाजमा रहेको प्रभावलाई प्रस्तुत गरिएको देखिन्छ । यस अध्ययनमा नेपाली भाषा-साहित्यका क्षेत्रका गतिविधिलाई प्रस्तुत गर्ने क्रममा लेखक-समालोचकका अवाञ्छित क्रियाकलापको चित्रण, साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलापको प्रस्तुति एवम् समाजमा साहित्यकारप्रतिको धारणा एवम् व्यवहारको चित्रण गरेर तीन उपशीर्षकको निर्धारण गरेर अध्ययन गरिएको छ ।

### ४.२.६.१ लेखक-समालोचकका अस्वाभाविक क्रियाकलापको चित्रण

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका क्रममा भाषा-साहित्य क्षेत्रका गतिविधिलाई प्रस्तुत गर्ने क्रममा लेखक/समालोचकका अस्वभाविक क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा लेखक/समालोचकले गरेका अस्वाभाविक कार्यका कारण सिङ्गो भाषा-साहित्य क्षेत्र नै बदनाम हुन पुगेको यथार्थ व्यक्त गरिएको छ । यस अध्ययनमा रामविक्रम थापाको **चामत्कारिक कवि,** कपिल लामिछानेको **गाँठी कुरा,** हरिप्रसाद भण्डारीको **नाम कमाउने रहर,** आर.आर. चौलागाईको **कविगोष्ठी** एवम् कृष्ण बजगाईको **विमोचन** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) श्रीमतीको नाम प्रकाशिकामा राखेर रहरमानले आफ्नै रकमले एउटा कविता सङ्ग्रह छाप्यो । अनि स्वर्गीय पिताको नाममा एउटा साहित्यिक पुरस्कारको घोषणा गरेर आफ्नै काकालाई उक्त पुरस्कार समितिको अध्यक्ष बनायो । वरिष्ठ साहित्यकारहरू तथा समालोचकहरू आमन्त्रण गरी भव्य समारोहका बीच उसले काकाकै हातबाट (प्रकाशित कृतिका लागि) उक्त पुरस्कार ग्रहण गऱ्यो (थापा. २०५५ : ३०) ।

प्रस्तुत लघुकथांशमा रहेको पात्र रहरमानले श्रीमतीलाई प्रकाशिका राखेर पुस्तक छपाउनु, पिताका नाममा साहित्यिक पुरस्कार घोषणा गर्नु र आफ्नो काकालाई पुरस्कार समितिको अध्यक्ष बनाएर आफैले पुरस्कार ग्रहण गर्ने कार्य गरेर घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा रहरमान नामक पात्रको परिवारमोहका साथै पुरस्कार मोहलाई देखाइएको छ । यस अंशमा साहित्यिक पुरस्कारका नाममा हुने गरेको विकृत क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै विकृति विरोधी चेतनालाई समेत कुशलताका साथ प्रस्तुत गरिएको छ ।

(ख) "अन्तमा उनले अर्को रचना पठाए र रचनाका साथमा रचनाको पारिश्रमिक सम्पादक कखगलाई दिइपठाउने मन्जुरीनामा पनि पठाए । अर्को अङ्कमा उनको रचना प्रमुख स्थान पाएर प्रकाशित भयो । उनलाई लाग्यो, गाँठी कुरा 'गाँठी' को पो रहेछ" (लामिछाने. २०६८ : २९) ।

प्रस्तुत लघुकथांशमा नाम चलेको पत्रिकामा रचना छापिएमात्र ठूलो भइने भन्ने सोचबाट ग्रसित लेखकका क्रियाकलापलाई प्रस्तुत गरिएको छ । पत्रिकामा रचना छाप्नका

लागि लेखकले रचनाको पारिश्रमिक पत्रिकाको सम्पादकले नै राख्ने मन्जुरीनामा समेत पठाएको घटना सन्दर्भलाई व्यक्त गरिएको छ । यहाँ नेपालको साहित्यिक लेखकले आफ्नो रचना छपाउन गरेको अवाञ्छित क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै उक्त कार्यप्रति असहमत चेतना व्यक्त भएको पाइन्छ ।

(ग) थुप्रो धन सम्पति भए पनि शैक्षिक योग्यता र कवि भावना खासै थिएन....राम्रो सीप भएका तर नाम नचलेका एकजना कविसँग यिनको सम्झौता भयो । कविले यिनले लेखेका प्रत्येक कविताको शुद्धाशुद्धि हेरिदिने, नमिलेको ठाउँमा मिलाइदिने र कतै पुरै काँटछाँट गर्नु परे पनि गरेर कवितालाई पूर्णता दिने भए । सहयोग गरेबापत तत्काल कविको साँझ बिहानको गर्जो टारिदिने र निरन्तर राम्रो सहयोग गर्दै गएमा आफ्नै उद्योगमा जागिर लगाइदिने वचन दिए (भण्डारी. २०६३ : ६७) ।

प्रस्तुत लघुकथांशमा एकजना व्यापारीको नाम कमाउने रहरले निम्त्याएको विकृत अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ व्यापारीले एकजना विपन्न लेखकलाई आर्थिक सहयोग गरेर उसको सहयोगले आफ्नो कृतिलाई पूर्णता दिने र समाजमा प्रतिष्ठित बन्ने वचन दिएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा मानिस जतिसुकै सम्पन्न भए पनि उसमा नामको भोक हुँदोरहेछ र त्यसरी नाम कमाउनका लागि मानिस जे पनि गर्दोरहेछ भन्ने विषय प्रस्तुत भएको छ । लघुकथांशमा मानिसको विवशताको फाइदा उठाउने व्यापारीको नामको लोभ एवम् दामका लागि आफ्नो विद्वत्ता बेच्ने लेखकको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) त्यसपछि अर्का कवि पट्यारकान्तको पालो आयो । उनले मञ्चमा आसीनदेखि भुइँमा बस्नेसम्म एकजना पनि बाँकी नराखी सबैलाई सम्बोधन गरे । साहित्यको बारेमा धेरै बेरसम्म फलाको हाले । उनीभन्दा अब्बल दर्जाका कवि यो संसारमा नभएको जस्तो पारे । त्यसपछि केही समय मूल्याङ्कन समितिका सदस्यहरूको गुणगान गाए र अन्तिममा कविता सुनाउँछु भनेर कथा सुनाए (चौलागाई. २०६५ : ५३) ।

प्रस्तुत लघुकथांशमा एकजना कविको असामाजिक क्रियाकलाप व्यक्त भएको छ । लघुकथामा एक कविमा आत्मसम्मानको चाहना तीव्र भएको, अरूबाट सम्मान पाउन उसले त्यहाँ मञ्चमा भएका सबै मानिसको चाकरी गरेको, अति प्रचार गरेको, मूल्याङ्कन समितिका मानिसको चाकरीमा भाषण ठोकेको र अन्त्यमा कविताको ठाउँमा कथा सुनाएको स्थितिलाई बोध गरिएको छ । यहाँ एक कविको चाकरीप्रिय र सम्मानको भोगी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको छ ।

(ङ) टिप्पणीकर्ताले पुस्तकका बारेमा बोल्न सुरू गरे । "पुस्तकको गाता पातलो भएको, कागज कम गुणस्तरको, छपाइ राम्रो नभएको, आवरणकला पुस्तकको नामानुसार

मात्र नभएको" भन्दै लेखकको झ्याँको झारे । पारिश्रमिक नपाएको झोँक टिप्पणीकर्ताले लेखकमाथि पोखेको कुरा प्रायः सबैले बुझिहाले । प्रमुख अथितिको पालो आयो । "एउटा पुस्तक निकाल्दैमा साहित्यकार भइँदैन" भनेर लेखकलाई ख्याँसे....यसैबीच एकदिन लेखकले आत्महत्या गरे (बजगाई. २०६४ : ६३-६४) ।

प्रस्तुत लघुकथांशमा स्वार्थी एवम् अवसरवादी समालोचक एवम् प्रमुख अतिथिको क्रियाकलापलाई व्यक्त गरिएको छ । यस रचनामा एकजना लेखकको सिर्जनाका बारेमा विश्लेषणभन्दा पनि पुस्तकको छपाइको स्तरका बारेमा समालोचकले गरेको टिप्पणीले लेखकको सिर्जनाको अपमान हुनाका साथै त्यहाँ आएका श्रोताको समयको अपव्ययसमेत भएको छ । लघुकथामा नेपालको भाषा-साहित्य क्षेत्रमा रहेको परपीडक एवम् क्षिद्रान्वेषी प्रवृत्तिप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यञ्जित भएको छ ।

नेपाली लघुकथा रचनामा लेखक-समालोचकका अवाञ्छित क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । लेखक-समालोचकले नामका लागि अत्यन्त मरिहत्ते गर्ने र स्वार्थपूर्ण क्रियाकलाप गर्ने गरेकाले उनीहरू समाजबाट एक्लिन पुगेका देखिन्छन् । समाजमा असल सन्देश दिनुपर्ने क्षेत्रमा लागेर पनि क्षणिक लाभका लागि आफ्नो मानप्रतिष्ठा गुमाउने खाले काम गर्ने गरेको पाइन्छ । नेपाली लघुकथामा साहित्यिक क्षेत्रका गतिविधिलाई प्रस्तुत गर्ने क्रममा लेखक समालोचकका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ र त्यस्ता क्रियाकलाप विरोधी चेतना प्रस्तुत गरिएको छ ।

### ४.२.६.२ साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलापको प्रस्तुति

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका क्रममा भाषा-साहित्यको अध्ययनका क्रममा साहित्यिक संघसंस्था एवम् साहित्यिक पत्रिकासँग सम्बन्धित रचनाको पनि अध्ययन गरिएको छ । नेपाली लघुकथामा नेपालका साहित्यिक संघसंस्था एवम् साहित्यिक पत्रिकाले साहित्यिक विकासमा योगदान दिँदै आएका सन्दर्भमा ती संघसंस्था एवम् पत्रपत्रिकासँग सम्बन्धित गलत घटना प्रसङ्गलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा जगदीश नेपालीको **गोष्ठी,** अगीब बनेपालीको **पुरस्कार,** कृष्ण शाह यात्रीको **योग्यता,** रवीन्द्र समीरको **पुरस्कार,** अच्युत घिमिरेको **दृष्टिकोण** एवम् विनयकुमार कसजूको **कविता मीठो कि डिनर** ? लघुकथालाई विश्लेषण गरिएको छ :

(क) क्रमशः कविता, कथा, गीत आदि पाठ भए, अन्तमा प्रवचनहरू पनि । अन्य खुद्रा कार्यक्रमहरू समाप्त भइसकेपछि सभापतिज्यूको आसनबाट उठ्दै सभापति महोदयले भन्नु भयो, "हाम्रो मुलुकमा बाँचुन्जेल नहेर्ने, तर मरेपछि पूजा गर्ने चलन छ, यो परम्परा हामीले समाप्त गर्नुपरेको छ भन्दै धेरै दुःख पाउने र पाइरहेका कविवरहरूको नाम लिनुभयो अनि म झसङ्ग भएँ-कारण, हिजो मात्र म वहाँका

एकजना वयोवृद्धका केही सङ्कलनहरू लिई वहाँको आर्थिक स्थिति दयनीय भएकोले यसै प्रकाशनद्वारा मद्दत हुन्थ्यो कि ? भन्न जाँदा उहाँले नै मलाई-यस्ता वाहियात गन्थन सुन्ने बेला मलाई छैन भनी उत्तर दिनुभएको थियो (नेपाली. २०३९ : २८) ।

प्रस्तुत लघुकथांशमा एक जना साहित्यिक संस्था प्रमुखले एकजना साहित्यकारको कृति प्रकाशनका लागि सहयोग माग्दा झपारेर पठाएको तर अर्को दिन तिनै मानिसले सार्वजनिक सभामा भने सरकारले स्रष्टाहरूको ख्याल गर्न नसकेको विचार व्यक्त गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस रचनामा साहित्यिक संस्था प्रमुखको दोहरो चरित्रलाई प्रस्तुत गर्नाका साथै त्यस कार्यप्रति व्यङ्ग्यात्मक चेतना समेत व्यक्त भएको छ ।

(ख) पुरस्कारको मनोनयनमा उसको पुस्तक पनि पऱ्यो । उसमा केही आत्मबल बढ्यो । पुरस्कार घोषणा समारोहमा पनि पुग्यो । पुरस्कार घोषणा भयो । पुरस्कार “टाइवाला लेखक” ले पायो । “ल बधाइ छ तपाईंलाई । हिजोको त्यो पाँचतारे डिनर गजबको थियो ।” जजहरूले टाइवाला लेखकलाई बधाई दिँदै थिए । झोले लेखक टोलाउँदै तिनीहरूलाई सुन्दै थियो (बनेपाली. २०६० : ४६) ।

प्रस्तुत लघुकथांशमा पुरस्कार सञ्चालकले सम्पन्न एवम् पाँचतारे होटलमा डिनर खुवाउने लेखकलाई पुरस्कृत गर्ने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा निर्णायकको “ल बधाइ छ तपाईंलाई । हिजोको त्यो पाँचतारे डिनर गजबको थियो ।” भनाइले उनीहरूको पोल खुल्नाका साथै सो गलत कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) “यी मध्येबाट कसैको नाम पनि उसले छान्न सकेन । निकै समयको दिमागी कसरत पछि आफ्नो नामको पुरस्कार दिने एउटा पात्र फेला पाऱ्यो । अनि पुरस्कृतको नाम भोलिपल्टको दैनिक पत्रिकामा घोषणा गऱ्यो-योग्यता थापा । योग्यता अरू कोही नभएर नवोदित लेखिका अर्थात् नाताले उसकी साली पर्थी” (शाह. २०६९ : ३८) ।

प्रस्तुत लघुकथांशमा साहित्यिक पुरस्कारका नाममा हुने गरेको नातावाद-कृपावादप्रति व्यङ्ग्य गरिएको छ । यस रचनामा साहित्यिक क्षेत्रमा योगदान दिएका महत्त्वपूर्ण लेखकलाई छोडेर आफ्ना नातागोता त्यसमा पनि सिकारु लेखकलाईलाई पुरस्कृत गर्ने कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) हेर्नुहोस् साहित्यकारज्यू ! यहाँ चर्चा, पुरस्कार, सम्मान र पदक पाउन लेखेर मात्र हुँदैन । यसका लागि त तपाईंका दाँत फुक्लनुपर्छ, कपाल फुल्नुपर्छ, मुखबाट ऱ्याल चुहुनुपर्छ । लौरो टेकेर खोक्दै हिँड्नुपर्छ, बहिरो हुनुपर्छ, आँखामा मोतीबिन्दुल लाग्नुपर्छ । यति मात्र हो र किडनी फेल वा क्यान्सर भयो भने झन् राम्रो अझ राम्रो । अझ असमायिक निधन भयो भने त सुनमा सुगन्ध ! (समीर. २०६७ : ३३) ।

प्रस्तुत लघुकथांशमा साहित्यिक संघसंस्थाको पुरस्कार छनौट प्रक्रियाप्रति व्यङ्ग्य गरिएको छ । यहाँ दाँत फुक्लेको, कपाल फुलेको, मुखबाट र्‍याल चुहेको, लौरो टेकेर हिँड्नुपर्ने, बहिरो, आँखामा मोतियाबिन्दु लागेको, किडनी फेल भएको, क्यान्सर भएको जस्ता योग्यता भएकाले मात्र साहित्यिक पुरस्कार पाउने सन्दर्भको उठान गरेर मानिसको योग्यतालाई भन्दा उमेरलाई बढी महत्त्व दिने प्रवृत्तिप्रति छेड हानिएको छ । यस रचनामा मानिसको बौद्धिक योग्यता र क्षमताभन्दा पनि शारिरिक असक्षमता र वृद्धपनालाई महत्त्व दिने पुरस्कार प्रदान गर्ने संघसंस्थाको कार्यले योग्य एवम् प्रतिभावान् सर्जकका सिर्जनाको अपमान भएको निष्कर्ष निकाल्नुका साथै सिर्जना भन्दा उमेर हेर्ने प्रवृत्तिप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(ङ) विमल र तुलसीले थुप्रैपटक रचना पठाउँदा पनि पत्रिकाहरूमा रचना प्रकाशन भएनन् । पत्रिकामा उनीहरूका भन्दा कम स्तरका रचनाहरू प्रकाशित हुन्थे.....नाटक सुनयोजित रूपमा अगाडि बढ्न थाल्यो । समाचारपत्रमा आउँदो साल प्रतिभा पुरस्कार प्रतिष्ठानबाट दुईजना साहित्यिक स्रष्टाहरूलाई पाँच पाँच लाखको प्रतिभा पुरस्कार दिइने समाचार छापियो....छनौट समितिले यस पटकको प्रतिभा पुरस्कार विमल र तुलसीले प्राप्त गर्नुभएको छ भनेर घोषणा गर्‍यो....यसरी धेरै दिनसम्म चोक चोकमा उनीहरू गफका विषय बने । थुप्रै पत्रिकाले आवरण पृष्ठमा टाँसे । र उनीहरूका रचना धमाधम छापिन थाले (घिमिरे. २०६१ : ४०-४१) ।

प्रस्तुत लघुकथांशमा साहित्यिक क्षेत्रमा अगाडि आउन दुईजना लेखकले गरेको कार्यलाई विषयवस्तु बनाइएको छ । यस रचनामा दुई लेखकले आफैले पुरस्कार राखेर आफैलाई पुरस्कार पाउने घोषणा गराएर सञ्चारमाध्यम एवम् साहित्यिक पत्रपत्रिकाको ध्यान तानेको र आफूलाई चर्चित बनाएको स्थितिबोध गरिएको छ । यस रचनामा साहित्यिक पत्रिकाले नवप्रतिभा भन्दा स्थापित लेखकलाई मान्यता दिने र नवप्रतिभालाई स्थान नदिएकोप्रति व्यङ्ग्य गरिएको छ ।

(च) कवि गोष्ठीमा यस्तो भीड कहिल्यै देखिएको थिएन । राती दश बजिसक्दा पनि श्रोताहरू धैर्यपूर्वक कविता सुनेर बसिरेहका थिए...."निम्तो कार्डमा किन डिनर लेखेको ?" धेरै श्रोताहरू एकै स्वरमा चिच्याए । आयोजकले विनम्र हुँदै भने, "माफ गर्नुहोला । आज अप्रैल महिनाको एक तारिख हो भन्ने कुरा यहाँहरूलाई थाहै छ । असुविधाका लागि हामी अत्यन्त दुखी एवम् क्षमाप्रार्थी छौं ।" (कसजू. २०५७ : २६) ।

प्रस्तुत लघुकथांशमा भीडको मनोविज्ञान बुझेर कार्यक्रम आयोजकले काम गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ साहित्यिक कार्यक्रम आयोजकले निम्तोमा डिनर लेखे पनि अन्तिममा डिनर नदिएको अवस्थालाई प्रस्तुत गएिको छ । लघुकथांशमा कार्यक्रम आयोजक संस्थाको ठगीका साथै आजको मानिसको उपभोक्तामुखी चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

### ४.२.६.३ समाजमा साहित्यकारप्रतिको धारणा एवम् व्यवहारको चित्रण

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका क्रममा भाषा-साहित्य क्षेत्रलाई विश्लेषण गर्ने क्रममा हाम्रो समाजमा रहेको साहित्यकारप्रतिको धारणा एवम् उनीहरुप्रति गरिने व्यवहारलाई विषय बनाइएको छ । नेपाली लघुकथामा साहित्यकार पनि अन्य मानिसजस्तै समाजको उत्पादन भएकाले समाजको विकास प्रक्रियासँगै उसको पनि विकास जोडिएको विचार अभिव्यक्त गरिएको छ । यसै सन्दर्भमा नेपाली सामाजिक परिवेशका एवम् सामाजिक चिन्तनको प्रभाव लेखकको निजी जीवन एवम् लेखकको गतिविधिमा पर्ने चिन्तन व्यक्त गरिएको छ । नेपाली लघुकथामा नेपाली समाजमा साहित्यकारप्रति रहेको धारणालाई प्रस्तुत गर्नाका साथै सो धारणाले नेपाली समाजमा के कस्तो चेतनाको प्रतिबिम्ब गर्दछ भन्ने विषयलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा किशन थापा 'अधीर' को **कला : प्रोत्साहन,** सरस्वती रिजालको **कवितागोष्ठी,** सनत रेग्मीको **ख्याति** एवम् नवराज रिजालको **सम्मान** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "तर यो त अति नै भो । हामीले कसरी कर तिर्ने कहिलेकाँही पाइने पारिश्रमिकबाट ?" साहित्यकारहरूले आफ्नो समस्या बताए । जवाफ आयो-"देशको कानुन भनेको सबैलाई बराबर हुनैपर्छ । हामी पनि यसोउसो गरेर तीन करोड कमाउँदा पन्ध्र तियाँ पैँचालिस लाख ट्याक्स...तिरिदिन्छौं....तिमेरू तीन सय कमाउँछौ भने पैँचालिस रूपियाँ तिर्न सक्दैनौ देशको विकासका लागि (थापा. २०६० : ४५) ।

प्रस्तुत लघुकथांशमा एकजना राजनीतिकर्मीले आफूले करोडौं कमाएको धनमा कर लाग्ने भएकाले साहित्यकारले कर लाग्दा अप्ठ्यारो मान्न नहुने विचार व्यक्त गरेका छन् । यहाँ राज्यले एकातिर कलाकार-साहित्यकार देशका गहना हुन् पनि भन्ने अर्कातिर उनीहरूले रचना प्रकाशन बापत पाउने पारिश्रमिकमा पनि कर लगाउने गरेकोमा सो कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

(ख) "'हत्तेरिका, दोहरी गीत भनेर अघिदेखि सुन्न बसेको त कवितागोष्ठी पो रहेछ । जाउँ भने पनि आइहालियो । यसपछिको दोहरी सुन्न फेरी ठाउँ नपाइने होला भनेर बसियो बर्बाद भयो....' श्रोताहरूबाट भने यस्तै प्रतिक्रिया आउँदै थियो" (रिजाल. २०६५ : ७६) ।

प्रस्तुत लघुकथांशमा क्षणिक मनोरञ्जनलाई धेरै महत्त्व दिने मानिसहरूको चिन्तनलाई प्रस्तुत गरिएको छ । यहाँ जनताले कवितागोष्ठीलाई निरर्थक ठान्ने तर दोहरीलाई सार्थक मान्ने गरेको घटना प्रस्तुत गरिएको छ। लघुकथांशमा नेपाली समाजको एक ठूलो हिस्सा समाजोपयोगी कुराबाट टाढा हुँदै क्षणिक भुलभुलैयामा विश्वास गरिएकोप्रति असहमत चेतना व्यक्त भएको छ।

(ग) "धनराज शर्माका ससुरा रे । नामी गवैया हुन् भन्थे । किताबसिताब लेख्थे रे तर बूढा सितार खुब मिठो बजाउँथे । सुनिरहुँ भ्कै लाग्ने । काठमाडौँबाट छोरी भेटन आएका रे । हिजो राती मरेछन बूढा ।" उनीहरूको कुरा सुनेर सुनेर स्तब्ध हुन्छ ऊ । ऊ हुर्रिदैं मलामीको समूहमा मिसिन पुग्छ । उसले थाहा पाउँछ । उसका गुरु, नेपालका ख्यातिप्राप्त संगीतकार संस्कृति विशेषज्ञ प. चन्द्रकान्त शर्मा अब रहेनन् । ऊ चिन्तन गर्न थाल्छ-आज सहरमा दुईटा ठूला मानिस मरेका छन् । एउटा नगरसेठ भएकाले थुप्रै उद्योग र संघसंस्थाको संचालक छ तर उसले राष्ट्र त के यस सहरका लागि नै केही गरेको छैन....एउटाको मृत्युमा सहर बन्द छ । शोक जुलुस निस्केको छ र अर्को यस सहरमा अनाम र अज्ञात छ र मलामी पनि उसका आफन्त आठ-दश बाहेक अरू कोही छैनन् (रेग्मी. २०६६ : ८०) ।

प्रस्तुत लघुकथांशमा पिछडिएको समाजमा प्रतिभासम्पन्न कलाकार/साहित्यकारको नियतिलाई प्रस्तुत गरिएको छ । यहाँ एक धनाढ्य महाजनका लागि सारा सहर मलामी गएको तर एउटा देशले चिनेको कलाकार आफ्नै शहरमा गुमनाम भएको घटना प्रस्तुत गरिएको छ । देशले सम्मान गरेको सर्जकलाई स्थानीय समाजले नचिनेको एवम् मृत्युपछि पनि तिरस्कार गरेको घटनालाई व्यक्त गरिएको छ । यस अंशमा नेपाली समाजमा रहेको उपभोक्तावादी/पुँजीवादी चिन्तनले कला-साहित्यको उपेक्षा गर्न मानिसलाई प्रेरित गरेको घटनालाई प्रस्तुत गर्नाका साथै सो कार्यप्रति असहमत चेतना समेत व्यक्त भएको छ।

(घ) आजीवन भाषा, साहित्य, संस्कृति र कलाको लागि मरिमेटेर लागेका मानसिंहको मृत्युले परिवारमा अपूरणीय क्षति तथा दुःखद परिस्थिति निम्त्यायो....मानसिंह सहयोग समितिले जम्मा गरेको सहयोग रकमबाट काजक्रियाको बन्दोबस्त भयो र तेह्रौं दिनमा सानो श्रद्धाञ्जलि गरियो । चौधौं दिन सरकारी सञ्चार माध्यमले मानसिंहको मृत्युमा सरकार र सम्बन्धित निकायहरू दुःखित भएको बताउँदै राजधानीमा गरिने शोकसभामा देशका वरिष्ठ राजनीतिज्ञ, समाजसेवी र साहित्यकारहरूलाई आत्माको चिरशान्तिको लागि प्रार्थना गर्न उपस्थित भइदिन सविनय अनुरोधको सूचना प्रसारण गऱ्यो (रिजाल. २०५७ : ३२) ।

प्रस्तुत लघुकथांशमा जीवित छँदा उपचार नपाएर लेखकको मृत्यु भएको, मृत्युपछि सहयोग समितिले उठाएको रकमबाट काजक्रिया भएको, मृत्युपछि सरकारी सञ्चार माध्यमले दु:ख व्यक्त गरेको, सरकार पक्षले मृत्युपछि श्रद्धाञ्जली समारोह आयोजना गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ भाषा-साहित्यको क्षेत्रका क्रियाशील स्रष्टाप्रति समाजमा सम्मानजनक व्यवहार हुन नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा सरकार पक्ष एवम् मन्त्रीले साहित्यकारप्रति सम्मानजनक व्यवहार नगरेको घटनाप्रति असहमत चेतनाका साथै सो कार्यप्रति व्यङ्ग्य समेत गरिएको पाइन्छ ।

नेपाली लघुकथा रचनामा साहित्यिक विषय सन्दर्भसँग सम्बन्धित रचनालाई प्रस्तुत गर्ने क्रममा विभिन्न विषय सन्दर्भले स्थान पाएको छ । नेपाली भाषा-साहित्यका क्षेत्रसँग सम्बन्धित अध्ययनका निष्कर्षहरु निम्नप्रकार रहेका छन :

(क) नेपाली लघुकथामा लेखक/समालोचकका अवाञ्छित क्रियाकलापको चित्रण गरिएको पाइन्छ । साहित्यको आडमा गरिने गलत क्रियाकलापका कारण यस क्षेत्रको बदनाम हुने गरेको छ । लघुकथा रचनामा साहित्य क्षेत्रका नाममा लेखक/समालोचकका गलत क्रियाकलापप्रति व्यङ्ग्य एवम् विरोध प्रकट गरिएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलापको प्रस्तुति पाइन्छ । साहित्यिक संस्थाका सञ्चालकले गर्ने अन्यायपूर्ण क्रियाकलापले गर्दा सिंगो साहित्य क्षेत्रमा कुप्रभाव सिर्जना हुन्छ । त्यसरी नै साहित्यिक पत्रिकाका सम्पादक वर्गका गलत कार्यले नवप्रतिभाको शोषण भइरहेको हुन्छ । नेपाली लघुकथामा यस्ता गलत चिन्तन एवम् प्रवृत्तिसँग सम्बन्धित क्रियाकलापलाई प्रस्तुत गरिएको छ । त्यस्ता कार्यप्रति विरोध एवम् असहमतिको चेतना अभिव्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा समाजमा साहित्यकारप्रतिको धारणा एवम् व्यवहारको चित्रण गरिएको पाइन्छ । समाजमा साहित्यकारको अवमूल्यन गर्ने, अपमान गर्ने जस्ता गलत कार्य भएका पाइन्छन् । समाजका शक्तिसम्पन्न, पदप्रतिष्ठा पाएका, बौद्धिक क्षमता भएका मानिसले पनि साहित्यकारप्रति अपमानजनक व्यवहार गरेको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथामा साहित्यकारप्रति गरिने असमान व्यवहारप्रति असहमति प्रकट गर्नाका साथै साहित्यकारको उचित मूल्याङ्कन गरिनुपर्ने भाव व्यक्त भएको छ ।

### ४.२.७ शैक्षिक युगचेतना

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत अध्ययनको एक प्रमुख विषय शैक्षिक विषय पनि हो । नेपाली लघुकथामा शिक्षा क्षेत्रसँग सम्बन्धित पक्षको क्रियाकलापका साथै ती

क्रियाकलापले समाजमा पारेको प्रभावलाई अध्ययनको विषय बनाइएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा प्रस्तुत शिक्षा क्षेत्रसँग सम्बन्धित लघुकथाको अध्ययनका लागि अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलापको प्रस्तुति, शिक्षकवर्गका गतिविधिको चित्रण एवम् शिक्षण संस्था एवम् संस्थाप्रमुखका क्रियाकलापको प्रस्तुतिलाई अध्ययन गरिन्छ ।

### ४.२.७.१ अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलापको प्रस्तुति :

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत शिक्षा क्षेत्रका गतिविधिको अध्ययनका सन्दर्भमा अभिभावक एवम् विद्यार्थीका क्रियाकलापलाई पनि लिइएको छ । लघुकथा रचनामा शिक्षा क्षेत्रका गतिविधि सुचारु रूपमा चल्न शिक्षक एवम् शैक्षिक संस्थाका साथसाथै अभिभावक एवम् विद्यार्थीको समेत सकारात्मक भूमिका हुनुपर्ने विचार व्यक्त गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलापका कारण सिङ्गो शैक्षिक क्षेत्रमा परेको प्रभावका सम्बन्धमा अध्ययन गरिएको छ । यस अध्ययनमा रामविक्रम थापाको **मानमर्दन,** आर.आर. चौलागाईको **शिष्टाचार** एवम् डम्बर रसिक भारतीको **अभिनयहरू** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) 'र' ले 'स' लाई पढायो । अर्थात् हिजोसम्म 'र' चाहिँ 'स' को गुरु थियो र 'स' चाँहि 'र' को चेलो । स्थानीय चुनावमा पार्टीबाट टिकट पाएर गा.वि.स.को अध्यक्ष पदमा 'स' विजयी भयो । 'र' ले पनि लोकसेवा आयोग लड्यो र गा.वि.स. को सचिव भयो । आजै बेलुकी कार्यालयबाट छुटने बेलामा 'र' ले बिदाइको नमस्कार गऱ्यो। 'स' भने नमस्कारको प्रत्युत्तर नै नदिई यति मात्र बोल्यो- "त्यो मेरो झोला बोकर हिँड ।"(थापा. २०५५ : १४) ।

प्रस्तुत लघुकथांशमा कुनै समय आफ्नो शिक्षक रहेको व्यक्तिलाई आफू उच्च पदमा पुगेपछि अपमान गर्ने पूर्व विद्यार्थीको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ वर्तमानमा गाविस अध्यक्ष भएको पूर्व विद्यार्थीले नचाहिँदो अभिमान गरेको र आफ्ना गुरुलाई अपमान गरेको घटनालाई देखाइएको छ । लघुकथामा उसको गुरूको अपमान गर्ने गलत कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) ऊ गुरु रामनाथलाई निकै आदर गर्थ्यो । भन्ने गर्थ्यो ऊ-'रामनाथ गुरु मेरा श्रद्धेय पात्र हुनुहुन्छ । वहाँबाट मैले साउँअक्षर सिकेँ । वहाँले नै मलाई छात्रवृत्ति मिलाइदिनु'भो । जीवनभरका निम्ति म वहाँप्रति ऋणी छु ।'....आज ऊ ठूलो प्रोजेक्टमा काम गर्छ । महिनामा पचासौँ हजार खान्छ....धेरै वर्षपछि उसको भेट रामनाथ गुरुसँग भयो । उसको उन्नति देखेर गुरु खुसी देखिन्थे । तर उसले गुरुलाई

चिन्न पनि चिनेन । बेलुकी श्रीमतीसँग भन्दै थियो ऊ-"म यति ठूलो मान्छेलाई भेट्दा पनि नमस्ते नगर्ने ? साला रामनाथे ।" (चौलागाई. २०६५ : १०९) ।

प्रस्तुत लघुकथांशमा कुनै समय गुरुको गुणगान गाउने मानिसले पछिल्लो समयमा आफूले धैरै पैसा कमाउने जागीरमा लागेपछि अभिमानी बनेको एवम् गुरुलाई सम्मान गर्नुको साटो घर पुगेर गुरुप्रति अपमानसूचक अभिव्यक्ति दिएको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ आफ्नो गुरूको अपमान गर्ने पूर्व विद्यार्थीको कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) "सर, बसौं यहाँ" विनय आप्नो सिटबाट उठ्न खोज्दै भन्छ । उभिनसमेत मुस्किल मुस्किल परेको छ बसमा...."बस, बाबु बस । म उभिइहाल्छु । त्यति लामो यात्रा पनि त होइन ।" सरले भन्नुभयो...."सायद सरले नसिकाईकन जानेको यही हो सर- म पनि सिट छाड्ने नै मनस्थितिमा कहाँ थिएँ र, यस्ता अभिनयहरू त्यतिकै सिकिँदो रहेछ र आवश्यकता पनि पर्दो रहेछ सर ।" यस्तै सोच्दै विनय गजक्क बसिरह्यो (भारती. २०६९ : १४) ।

प्रस्तुत लघुकथांशमा शिक्षकका लागि सिट छोडेजस्तो गर्ने तर नछोड्ने विद्यार्थीको चर्तिकलालाई प्रस्तुत गरिएको छ । लघुकथामा बाहिर सम्मान गरेजस्तो गर्ने तर मनमनै आफ्नो लाभ खोज्ने युवा पुस्ताको स्वार्थजन्य गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

यस अध्ययनमा अभिभावक एवम् विद्यार्थीवर्गका गलत चिन्तन एवम् क्रियाकलापका कारण शैक्षिक क्षेत्रमा नराम्रो असर परेको विषय सन्दर्भको प्रस्तुति गरिएको छ । नेपाली लघुकथामा शैक्षिक क्षेत्रको विकासका निमित्त अभिभावक एवम् विद्यार्थीको भूमिका महत्त्वपूर्ण हुने भएकोले उनीहरूका क्रियाकलापमा इमान्दारिता हुनुपर्ने चेतना व्यक्त भएको छ ।

### ४.२.७.२ शिक्षकवर्गका गतिविधिको चित्रण

नेपाली लघुकथामा युगचेतनाको अध्ययनको सन्दर्भमा शैक्षिक क्षेत्रको सन्दर्भमा युगचेतनाअन्तर्गत शिक्षकवर्गका गतिविधिहरूलाई प्रमुख उपशीर्षक मानेर अध्ययन गरिएको छ । यस अध्यययनमा नेपाली लघुकथामा अभिव्यक्त शिक्षकवर्गका अनुभूतिका साथै उनीहरूले गरेका गतिविधिलाई स्थान दिइएको छ । यस अध्ययनमा मुक्तिनाथ घिमिरेको **तपाँई,** श्रीओम श्रेष्ठ 'रोदन' को **विडम्बना,** हरिप्रसाद भण्डारीको **गाइड मास्टर,** विमला अधिकारीको **आदर्श** एवम् दिलीप शाहको **संस्कार** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "तपाइँ नरिसाउनुहोला, तपाइँले प्रधान अध्यापकको रोहबरमा गर्नु भएको हस्ताक्षरमाथि लेखिएको विवरण थियो 'कम्पनीमा दर्ता भई सञ्चालन भइरहेको यस बोर्डिङ स्कुलको म एक श्रमिक हुँ।'" (घिमिरे. २०६६ : ६)।

प्रस्तुत लघुकथांशमा रचनामा बोर्डिङ स्कुलमा अध्यापन गर्ने शिक्षकको पीडाबोध अभिव्यक्त भएको छ। यस रचनामा शिक्षा जस्तो गरिमामय पेसाको मानिसलाई एक श्रमिक सरह व्यवहार गरिएकामा चिन्ता व्यक्त गरिएको छ। नेपालमा गैरसरकारी शैक्षिक संस्थामा कम सुविधामा धेरै काम गर्नुपर्ने शिक्षकवर्गको बाध्यता रहेको स्थितिबोध गरिएको छ। यहाँ शिक्षकजस्तो बौद्धिक वर्गलाई दासजस्तो बनाउने बोर्डिङ मालिकको प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ।

(ख) "कृष्णमुरारी सरले धेरैबेर अनकनाउनु भएपछि मुख खोल्नु भयो-"अहिले म पिताजीको बरखीमा छु, मेरो भागमा रहेका कापीहरूमा दलित विद्यार्थीहरूका पनि हुन सक्छन, त्यसैले यो सेतो लुगामा हुन्जेलसम्म पिताजीको आत्माको शान्तिका लागि भए पनि उनीहरूले लेखेका कपीहरू नछोउँ कि भनेर" (श्रेष्ठ. २०६७ : १६)।

प्रस्तुत लघुकथांशमा एकजना शिक्षकले आफू बरखीमा रहेकोले दलित विद्यार्थीका कपीहरू चेकजाँच नै गर्न नचाहेको स्थितिलाई प्रस्तुत गरिएको छ। यहाँ शिक्षकले आफ्नो अन्धआस्थालाई मलजल दिने काम गर्नाका साथै दलित विद्यार्थीसमेतको कपी जाँच नगरेर जातिभेद गरेको अवस्थालाई व्यक्त गरिएको छ। यस रचनामा शिक्षकको विभेदपूर्ण क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ।

(ग) प्यारी छोरीको कुरा सुनेर शर्माजी मुसुक्क हाँसे र काम गर्दै बिस्तारै बोले-"त्यसो होइन नानु, सबै कमजोर त कहाँ छन् र, लेख्न त ठीकठीकै लेखेका छन्। तर मेरो गाइड पढेर होइन, अरूकै गाइड पढेर। मैले अहिले यिनीहरूलाई भकाभक पास गराउन लागेँ भने मेरो गाइड किन्ने र मसँग ट्युसन पढनेवाला कोही हुने छैनन्। अनि मैले यो घरखर्च र अनि तिम्रो बोर्डिङको खर्च कसरी चलाउने भन त ?" (भण्डारी. २०६५ : ५)।

प्रस्तुत लघुकथांशमा एकजना शिक्षकले आफ्नो गाइड पढेर नलेख्नेलाई आफूले फेल बनाएको यथार्थ अभिव्यक्त गरेर आफ्नो पोल आफैले खोलेको यथार्थ प्रस्तुत गरिएको छ। उसले आफूले ट्युसन नपढाए छोरीलाई बोर्डिङमा पढाउने खर्च कसरी उठला भनेर चिन्ता समेत जाहेर गर्नाका साथै आफ्नो आर्थिक उन्नतिका लागि विद्यार्थीको भविष्यमाथि खेलवाड गर्ने कार्य गरेका यथार्थबोध गरिएको छ। यहाँ शिकको विद्यार्थीको जीवनप्रति खेलवाड गर्ने कार्यप्रति व्यङ्ग्यका साथै सो कार्यप्रतिको असहमतिको चेतना व्यक्त भएको छ।

(घ) "उसो भए आफ्ना छोराछोरी पनि तपाईंले यसै विद्यालयमा पढाउनु भएको होला नि, होइन" हिक्मतबहादुरले जिज्ञासा राखे । "यो त पैसा तिरेर पढाउन नसक्नेका लागि हो ।" प्रधानाध्यापकले निधारमा मुजा पार्दै भने । लोकले पचाउन नसक्ने आदर्श पस्किएका प्रधानाध्यापक लोकनाथ देखेर समाजसेवी हिक्मतबहादुर त्यहाँबाट तुरुन्त अलप भए" (अधिकारी. २०६९ : ५६) ।

प्रस्तुत लघुकथांशमा सामुदायिक विद्यालयका उत्कृष्ट मानिएका शिक्षकमा पनि सामुदायिक विद्यालयको शिक्षाप्रति विश्वास नभएको र उनीहरूले आफ्ना छोराछोरीलाई बोर्डिङमा पढाउने गरेको कुरालाई प्रस्तुत गरिएको छ । यहाँ सामुदायिक विद्यालयमा काम गरेर नाम र दाम कमाउने व्यक्ति त्यसै विद्यालयप्रति अविश्वास प्रकट गरेको स्थितिलाई बोध गरिएको छ । यस रचनामा शिक्षकले निधारमा मुजा पारेर सामुदायिक शिक्षा पैसा तिरेर पढाउन नसक्नेका लागि हो भन्नु, लोकले पचाउन नसकिने आदर्श पस्किनु, समाजसेवी त्यहाँबाट अलप हुनुले गलत चिन्तन पुष्टि गर्दछ । यस रचनामा शिक्षकको सामुदायिक विद्यालय हेला गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

(ङ) "काम छिटो होस्, म चलनचल्तीको दस्तुर चढाउन तयार छु, फरक पर्दैन । उसले बिना हिच्किचाहट अफर गऱ्यो । मैले टवाल्ल परेर उसको मुखमा हेरेँ, दश वर्ष सँगै पढेको साथी, त्यसमा पनि शिक्षा दान गर्ने शिक्षक; ऊ आफै बोलिरहेको थियो कि यो देशको संस्कार ! मैले खुट्टयाउनै सकिनँ" (शाह. २०६६ : २९) ।

प्रस्तुत लघुकथांशमा मुलुकमा भ्रष्ट चिन्तनको बोलवाला भएकामा चिन्ता व्यक्त गरिएको छ । एकजना शिक्षा दान गर्ने शिक्षक पनि पैसा खुवाएर काम गराउन खोज्छ भने अरू सामान्य मानिसको अवस्था के होला भनेर चिन्ता व्यक्त गरिएको छ । यहाँ म पात्रले शिक्षकको मुखमा टवाल्ल हेर्नु र शिक्षक भएका मानिसले देशको संस्कार बोलेकामा खुट्टयाउन नसक्नु भन्ने अभिव्यक्ति गर्नुले उसमा शिक्षकको कुनै काम गराउन घुस खुवाउने क्रियाकलाप एवम् चिन्तनप्रति असहमति भएको दर्शाउँछ । रचनामा शिक्षकको भ्रष्ट चिन्तन एवम् क्रियाकलापप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

नेपाली लघुकथामा अभिव्यक्त शिक्षक वर्गका क्रियाकलापको अध्ययनबाट प्राप्त निष्कर्षले नेपालको शैक्षिक क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने शिक्षकवर्गले आफ्नो भूमिका प्रभावकारी किसिमले निर्वाह गर्न नसकेको स्थिति प्रस्तुत गरेको छ । लघुकथा रचनामा नेपालका शिक्षकवर्गको भूमिका सशक्त हुनुपर्ने विचार व्यक्त गरिएको छ । लघुकथा रचनामा एकातिर शिक्षकवर्गले भोग्नुपरेका समस्यालाई प्रस्तुत गरिएको छ भने अर्कातिर शिक्षकवर्गका क्रियाकलापमा रहेका विसङ्गति पनि व्यक्त गरिएको छ । नेपाली लघुकथामा शिक्षाक्षेत्रका सम्बन्धमा आएको चेतना भनेको शिक्षा क्षेत्रको विकृति विरोधी

चेतना हो । यस चेतनाले नेपालको शैक्षिक क्षेत्रमा रहेका विसङ्गतिको उजागर गर्नाका साथै नेपालको शैक्षिक क्षेत्रमा रहेका तमाम समस्याका समाधानको आशासमेत गरेको छ ।

### ४.२.७.३ शिक्षण संस्था एवम् संस्थाप्रमुखका क्रियाकलापको प्रस्तुति

नेपाली लघुकथामा शिक्षण संस्था एवम् संस्थाप्रमुखसँग सम्बन्धित क्रियाकलापलाई विषय बनाएको पाइन्छ । लघुकथा रचनामा शिक्षण संस्था र सो संस्था चलाउने प्रमुख व्यक्तिका क्रियाकलापले समाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको यथार्थबोध गरिएको छ । लघुकथामा शिक्षण संस्थाको क्रियाकलाप जनताको हितमा नभएमा त्यसले शिक्षा क्षेत्रको विकासमा व्यापक अवरोध आउने चिन्तन प्रस्तुत गरिएको छ । यस अध्ययनमा कपिल लामिछानेको **कलेज र माग** एवम् नारायण तिवारीको **जसको हात जुँगा मुसार्नमा उद्यत थियो** लघुकथाको विश्लेषण गरिएको छ :

(क) विद्यार्थी र प्रिन्सिपलबीच घन्टौं छलफल र वार्ता भयो । प्रिन्सिपलले यथासम्भव शिक्षकको बचाउ गर्न खोजे, तर विद्यार्थी प्रतिनिधिले मानेनन् । अन्ततोगत्वा एक शिक्षकलाई कलेजबाट निकाल्नुपऱ्यो । केही समय पछि पुनः कलेजमा खिचलो भयो....एक शिक्षक निकालिए । शिक्षकका साह्रै प्रिय प्रिन्सिपल शिक्षकका नजरबाट गिर्दै गए । ....अन्त्यमा विद्यार्थीले एक अर्को आन्दोलन छेडे ....उनी राजीनामा दिन बाध्य भए । कलेज बन्द भयो । अहिले कलेजको नामनिसान छैन (लामिछाने. २०६८ : ५५) ।

प्रस्तुत लघुकथांशमा एकजना कलेजका प्रिन्सिपलले न्याय र सत्यको बाटो भन्दा पनि विद्यार्थी संगठनको माग अनुसार चल्दा कार्यरत शिक्षक निकाल्नुपरेको, शिक्षकको नजरबाट गिर्नु परेको र अन्त्यमा आफूले समेत पद छाडनुपरेको अवस्थालाई प्रस्तुत गरिएको छ । यसरी विद्यार्थीवर्गको माग मान्दा कलेजको नै नामनिसान मेटिनुपरेको अवस्था सिर्जना भएको यथार्थबोध गरिएको छ । यहाँ कलेज समाप्त हुने हदसम्म पनि विद्यार्थीका माग मान्ने प्रिन्सिपलको कार्यप्रति तीव्र असहमतिका साथै व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) केही दिनपछि नै मेरा केटाकेटी त्यो च्याउ स्कुलतिर देखाउँदै चिच्याउन थाले, 'हामी यै स्कुलमा पढ्ने, हामी यै स्कुलमा पढ्ने.....।' मेरो आँखामा चलचित्रभाँती त्यो च्याउ स्कुलको मालिकको अनुहार उत्रियो । उसको हात जुँगा मुसार्नमा उद्यत थियो र आँखाले मैलाई हियाउँदै बोलिरहेको थियो, 'देख्यौ त, तिम्रा बच्चाहरूलाई मैले कसरी गुलियो चटाएँ....! तिमीले मेरो 'नमस्कार' मिठाई नचाटेर के भो र....!' (तिवारी. २०५७ : ७४) ।

प्रस्तुत लघुकथांशमा अभिभावकलाई प्रभावित गर्न नसकेपछि विद्यार्थीलाई प्रभावित गरेर पनि आफ्नो शैक्षिक संस्थारूपी पसलको आर्थिक स्थिति सबल बनाउने बोर्डिङ्ग

मालिकको क्रियाकलाप प्रस्तुत गरिएको छ । स्कुल मालिकले अभिभावकलाई कसैगरी पनि प्रभावित बनाउन नसकेपछि विद्यार्थीलाई वशमा पारेर आफ्नो बोर्डिङ्गमा भर्ना गराउने वातावरण तयार गरेको छ । यहाँ बोर्डिङ मालिकको विद्यार्थी भर्ना गर्न जस्तोसुकै उपाय पनि अपनाउन तयार हुने क्रियाकलाप प्रस्तुत गरिएको छ । यस रचनामा बोर्डिङ मालिकको कार्यप्रति असहमति व्यक्त गर्न म पात्रको आँखामा चलचित्रभाँती च्याउ स्कुलको मालिकको अनुहार आउनु, उसको हात जुँघा मुसार्नमा उद्यत हुनु र आँखाले म पात्रलाई हियाउँदै बोल्नुजस्ता क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ बोर्डिङ मालिकको कार्यप्रति असहमति एवम् व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा प्रस्तुत शिक्षा क्षेत्रसँग सम्बन्धित लघुकथाको अध्ययनका निष्कर्षहरु यसप्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा अभिभावक एवम् विद्यार्थीवर्गका गलत क्रियाकलापको प्रस्तुति गरिएको पाइन्छ । अभिभावक एव्म विद्यार्थीवर्गले आफ्नो भूमिकाप्रति लापरवाहीका साथै इमान्दारिताको अभावका कारण शिक्षा क्षेत्रमा अपेक्षित परिणाम आउने कुरामा बाधा पुऱ्याइरहेका हुन्छन् । लघुकथामा अभिभावक एवम् विद्यार्थीवर्गका गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

(ख) नेपाली लघुकथामा शिक्षकवर्गका गतिविधिको चित्रण पाइन्छ । आफ्नो पेशागत धर्मप्रति इमान्दारिता नभएका शिक्षकका कारण शिक्षा क्षेत्रमा सुधार हुन सकेको छैन । लघुकथा रचनामा शिक्षकवर्गका गलत क्रियाकलापलाई प्रस्तुत गरिएको छ । शिक्षकवर्गले पेसागत इमान्दारिता देखाउन सकेमा शिक्षा क्षेत्रले सकारात्मक परिवर्तन पाउने विषयलाई उठान गरिएको छ ।

(ग) नेपाली लघुकथामा शिक्षण संस्थाका क्रियाकलापको प्रस्तुति पाइन्छ । शिक्षण संस्थाले आफ्नो जिम्मेवारी सही किसिमले पूरा नगरेको घटनाको प्रस्तुति गरिएको पाइन्छ । संस्थाको प्रमुख जिम्मेवारी पाएका मानिसले संस्थालाई सही दिशामा लग्नुपर्नेमा गलत बाटामा लग्दा दुर्घटना भएको पाइन्छ । नेपाली लघुकथामा शैक्षिक क्षेत्रमा असल कार्य हुनुपर्ने र सबैले इमान्दारिता देखाउनु पर्ने चेतनाको अभिव्यक्ति पाइन्छ ।

### ४.२.८ स्वास्थ्य क्षेत्रगत युगचेतना

नेपाली लघुकथामा आएको महत्त्वपूर्ण चेतना स्वास्थ्य सम्बन्धी चेतना हो । नेपाली लघुकथामा जनताको स्वास्थ्य सम्बन्धमा बढेको चेतना र स्वास्थ्यकर्मी एवम् स्वास्थ्य संस्थाको जनतासँगको व्यवहारलाई विषय बनाइएको पाइन्छ । यहाँ "स्वास्थ्य क्षेत्रका सन्दर्भमा युगचेतना"को अध्ययनका लागि स्वास्थ्यप्रति असचेत जनताका गतिविधिको

चित्रण, स्वास्थ्य संस्थाको क्रियाकलापको प्रस्तुति एवम् स्वास्थ्यकर्मीको क्रियाकलापको चित्रण उपशीर्षकको अध्ययन गरिएको छ ।

### ४.२.८.१ स्वास्थ्यप्रति असचेत जनताका गतिविधिको चित्रण

नेपाली लघुकथामा उठाइएको एक विषय स्वास्थ्यसम्बन्धी जनताको असचेतता एवम् लापरवाही पनि हो । लघुकथामा आफ्नो स्वास्थ्यप्रति असचेतताका कारण मानिसले दुःख पाएको र उनीहरूको जीवन नै समाप्त हुन पुगेको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथा रचनामा नेपाली जनताले विभिन्न कारणले स्वास्थ्य सेवा पाउन नसकेको, सबै संस्थामा स्वास्थ्य संस्था नभएर जनताले उचित उपचार नपाएको, अदक्ष स्वास्थ्यकर्मी भएको र प्रभावकारी स्वास्थ्य सेवा नपाएका कारण जनताको स्वास्थ्य माथिको पहुँच कम भएको स्थिति बोध गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा स्वास्थ्यप्रति असचेत जनताका क्रियाकलापलाई प्रस्तुत गर्न श्रीओम श्रेष्ठ 'रोदन' को **सभ्यता**, साधना प्रतीक्षाको **छुनु भएन**, कपिल लामिछानेको **बाग्मती, पाप र पानी**, सिन्धु गौतमको **सुकुम्बासी** र भागीरथी श्रेष्ठको **खटिरा** लघुकथालाई आधार बनाइएको छ :

(क) "सफाइसम्बन्धी अवलोकन भ्रमणमा भएका केही अगुवाले देखेपछि एकले भन्यो-"हामी पनि पहिले घर सफा गरेर सडक फोहर गर्थ्यौं तर सहरका सभ्य मानिसहरू अहिलेसम्म पनि त्यस्तै गर्दा रहेछन् ।" अर्काले थप्यो-"हामीलाई सिकाउँदा सिकाउँदा यताकालाई सिकाउन नभ्याएका होलान्" (श्रेष्ठ. २०६७ : १९) ।

प्रस्तुत लघुकथांशमा सहरमा फोहर बढेकामा गाउँबाट आएको अवलोकन भ्रमणका सहभागीले सहरका मानिसले घरको फोहर सडकमा थुपार्ने कार्य गरेकोप्रति टिप्पणी गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ स्वास्थ्य सेवाप्रति सहरबजारका जनताको असचेतताप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको छ ।

(ख) घाँस काट्न गएकी जमुनी रूखबाट लडी....अत्यधिक रक्तस्रावका कारण उसको मृत्यु भइसक्छ । उसलाई प्राथमिक उपचार गरेर तुरुन्त ल्याएको भए ऊ बाँच्ने थिई भन्दै स्वास्थ्यकर्मी पछुताए । उनीहरूले त्यसो नगरेकामा उसका आफन्तहरूलाई कडा शब्द पनि प्रयोग गरे । जवाफमा त्यो व्यक्ति बोल्यो-"के गर्ने हजुर ! त्यसै त जेठाजुले बुहारी के छुनु ? झन् महिनावारी भएकी.....अब आफूले छुनु भएन.......। उसको अनुहारमा बुहारी मरेकोमा पछुतोभन्दा आफूले उसलाई नछोएर जात जोगाएको सन्तुष्टि बढी देखिन्छ (प्रतीक्षा. २०६८ : ५६) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिसले रूखबाट लडेकी भाइबुहारीलाई उपचार गर्न छिटो ल्याउनुपर्नेमा छुनु भएन भनेर त्यसै छोडेर जाँदा अस्पताल पुग्न नसकी उही महिलाको मृत्यु भएको घटनालाई प्रस्तुत गरिएको छ । नेपालमा अझै पनि परम्परागत

चिन्तनका कारण मानिसले ज्यान गुमाउनु परिरहेको छ । यहाँ जेठाजु पात्रले मानिसको जीवनभन्दा पनि अन्ध परम्परालाई धेरै महत्त्व दिएको तर्फ सङ्केत गरिएको छ । लघुकथांशमा मानिसको स्वास्थ्यप्रति असचेत रूढिमा बाँचेका जनताको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) "पाप जति पखालेर आफूमा लिँदा लिँदा मानौँ बागमती यति बिध्न प्रदूषित वा पापमय भएको हो । अचेल त लाग्छ, काठमाडौँ स्थित बागमतीमा नुहाएर निस्कने हरेक व्यक्ति प्रदूषित किवां पापी हो" (लामिछाने. २०५४ : ३३) ।

प्रस्तुत लघुकथांशमा बाग्मती दुनियाको फोहर अर्थात पाप लिँदा लिँदा प्रदुषित भएको छ र यसमा नुहाउने हरेक व्यक्ति प्रदूषित वा पापी भएको छ भन्ने विचार व्यक्त गरिएको छ । यहाँ काठमाडौंका जनताको स्वास्थ्यप्रति असचेत भएर बागमती फोहर गर्ने क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(घ) सुकुम्बासी बस्तीमा स्वास्थ्य समस्याले निकै जटिल रूप लिँदै गयो भनेर एक स्वास्थ्य टोली त्यसतर्फ हानियो....भित्री बनावट र बाहिरी आवरणमा कति अन्तर । छुँदा पल्टिएलाजस्तो छाप्रो बाहिरी मात्र भित्री सिमेन्ट पोतिएको भुइँमा कार्पेट, ग्यास चुलो, टिभी, फ्रिज, पङ्खा, सोफा आदि आदि सबै अनुमान गर्न गाह्रो परेन । दरिद्र देखिन रुचाउने उनीहरूमा हुकुमबासीको जीवनशैली भए पनि स्वास्थ्य समस्या सुकुम्बासी शैलीकै छ (गौतम. २०६८ : २६) ।

प्रस्तुत लघुकथांशमा सुकुम्बासी बस्तीका मानिसमा भौतिक उन्नति गर्ने चाहना बढेको तर स्वास्थ्यप्रतिको चेतना भने पटक्कै नभएको उल्लेख गरिएको छ । यहाँ जीवनशैली हुकुमबासी शैलीको बनाए पनि स्वास्थ्य समस्या भने सुकुम्बासी शैलीको रहेको भनेर सुकुम्बासी बस्तीका मानिसहरूको स्वास्थ्य सम्बन्धी असचेततालाई प्रस्तुत गरिएको छ । यस रचनामा जनताको स्वास्थ्यप्रति असचेतताप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) श्यामको दाहिने हत्केलामा सानो खटिरा निस्कियो । चाहेको भए उसले त्यो खटिरा पाक्नबाट रोक्न सक्थ्यो । खटिरा नदुख्ने हुँदा ऊ लापरवाही भयो । तर खटिरा नराम्रोसँग पाक्यो र दुर्गन्ध आयो...धेरै दिनको मेहनतले श्यामले आफ्नो घाउ निको पार्‍यो । किनभने हत्केलाको घाउका कारण ऊ बिस्तारै सबैबाट उपेक्षित हुँदै गएको श्यामले महसुस गर्दै थियो (श्रेष्ठ. २०५० : १७-१८) ।

प्रस्तुत लघुकथांशमा एकजना आफ्नो स्वास्थ्यप्रति असचेत मानिसको क्रियाकलाप -लाई प्रस्तुत गरिएको छ । यहाँ श्याम नामक पात्रले आफ्नो स्वास्थ्यप्रति असचेत रहेका कारण उसले साथीभाइको अपहेलना सहनु परेको एवम् उपचार गरेपछि भने उसलाई सबैले

राम्रो मानेको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा उक्त पात्रको स्वास्थ्यप्रति असचेत क्रियाकलापप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

नेपाली लघुकथामा स्वास्थ्य सम्बन्धमा देखिएको प्रमुख चेतना भनेको जनताले स्वास्थ्यप्रति सचेत हुनुपर्छ भन्ने चेतना हो । नेपाली लघुकथामा जनता जति आफ्नो एवम् आफ्ना नजिकका मानिसको स्वास्थ्यप्रति सचेत हुन्छन्, त्यति नै उनीहरूको जीवन स्वस्थ्य र सुखमय बन्नेछ भन्ने विचार व्यक्त भएको पाइन्छ ।

### ४.२.८.२ स्वास्थ्य संस्थाका क्रियाकलापको प्रस्तुति

स्वास्थ्य क्षेत्रका सन्दर्भमा युगचेतनाअर्न्तगत अध्ययनको एक विषय स्वास्थ्य संस्थाको क्रियाकलाप हो । लघुकथा रचनामा स्वास्थ्य संस्थाका क्रियाकलाप एवम् गतिविधिले आम नागरिकको जीवनमा महत्त्वपूर्ण असर पुऱ्याउने विचार व्यक्त गरिएको छ । यसै सन्दर्भमा नेपाली लघुकथामा स्वास्थ्य संस्थाका क्रियाकलापलाई अध्ययनको विषय बनाइएको पाइन्छ । यस अध्ययनमा रवीन्द्र समीरको **फरक,** सुमनराज ताम्राकारको **ओ निगेटिभ,** राजुराम मुनङ्कर्मीको **रोग** एवम् माधव लामिछानेको **उपचार** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) 'मामु ! मामु ! क्लिनिकको डाक्टरले त मलाई माया गर्नुहुन्थ्यो । छोरी भन्नुहुन्थ्यो, कानमा लाउने आलाले पेट, छाती जाँच्नुहुन्थ्यो । जिब्रो, घाँटी पनि हेर्नु हुन्थ्यो...यहाँका डाक्टरले मलाई किन नछामेको ? किन नबोलेको ?' आमाले जवाफ दिइन्-'नानु ! यो सरकारी अस्पताल हो । यहाँ हामीजस्तै पैसा नहुनेहरू मात्रै जँचाउन आउँछन्, बिरामीभन्दा पैसा जाँच्ने बानी परेका डाक्टरहरू तेसै गर्छन् ।' (समीर. २०६९ : १६) ।

प्रस्तुत लघुकथांशमा एक बालिकाले आफ्नी आमासँग सरकारी अस्पताल र क्लिनिकमा गरिने स्वास्थ्य उपचारको भिन्नताका कारण सम्बन्धमा जिज्ञासा राखेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ नेपालमा रहेका स्वास्थ्य संस्था र त्यसमा रहेका डाक्टरको बिमारीप्रति गर्ने दोहरो मापदण्डलाई विषय बनाइएको छ । लघुकथांशमा सरकारी अस्पतालमा जनताको स्वास्थ्यप्रति लापरवाही गर्ने डाक्टरको क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) "उसले तीन महिना अगाडिमात्र हो, समाज कल्याणबाट सर्वाधिक रक्तदान गर्ने रक्तदाताका रूपमा सम्मान पाएको । विधिको खेल उही व्यक्ति हिजो नराम्रो दुर्घटनामा परेछ । रक्तस्राव पनि निकै भएछ । पत्रपत्रिका, रेडियो, एफ.एम. बाट उसको मिल्दो रक्त समूहको व्यापक खोजी गरियो, कसैबाट पनि इन्तजाम भएन र उसको मृत्यु भयो" (ताम्राकार. २०६५ : ४) ।

प्रस्तुत लघुकथांशमा एकजना सर्वाधिक रगत दान दिने रक्तदाता मानिसलाई बचाउन नसक्ने स्वास्थ्य संस्थाको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ नेपालका स्वास्थ्य संस्थामा पाइने रगतको अभाव र स्वास्थ्य संस्थाको लापरवाहीप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) आज उसलाई कुन्नि के रोग लागेको हो, दिन प्रतिदिन गल्दै गैसकेको छ । विभिन्न अस्पताल, नर्सिङ्ग होम र क्लिनिकमा समेत स्वास्थ्य परीक्षण भ्याइसकेका रामचन्द्रलाई ठूलै रोग लागिसकेको र उपचारका लागि यहाँ सम्भव नभएकाले विदेशमै जानुपर्ने विवशता चिकित्सकहरूबाट प्रकट गरिसकेको....उनी यति चाँडो स्वस्थ भइ स्वदेशमै फर्किन सफल हुनुमा जुकाको औषधी सेवन गरी रोग अनुसारको सही उपचार हुनु नै हो (मुनङ्कर्मी. २०६२ : १५) ।

प्रस्तुत लघुकथांशमा नेपालका स्वास्थ्य संस्थाले मानिसलाई जुका लाग्दा पनि थाहा नपाएर अनेकन परीक्षण गरेर औषधी दिएको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ नेपालमा सानोतिनो रोग पनि पत्ता लगाउन नसक्ने स्वास्थ्य संस्थाको कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(घ) सात दिनदेखि थला परेका कीर्तिमानलाई औषधी उपचारका लागि काठमाडौँ लगियो । सहरमा खुलेका नर्सिङहोममा उपचार छिटो निको हुन्छ भनी एउटा नर्सिङ होममा भर्ना गरियो । त्यहाँ उसका रगत, खकार, दिसा, पिसाब जचाँइए । चार/पाँचवटा एक्सरे गरिए । तीन हजार जतिको औषधी खुवाइयो । सात दिनसम्म अस्पताल राखियो । तर, रोग बीसमा उन्नाईस भएन....त्यस नर्सिङ् होमबाट निकालेर बूढालाई ‘हिमचुली नर्सिङ्होम’मा सारियो । त्यहाँ पनि पुरानै नर्सिङ्होममा भैँ दिसा, पिसाब, खकार, रगत जँचाउन लगाइयो । एक्सरे गरियो । एउटै काम अर्को नर्सिङहोममा दोहऱ्याउन लगाइयो....आखिरमा उनलाई औषधी खान नछुटाउनु भनी डिस्चार्ज गरियो पन्ध्र दिनपछि । फर्कने दिन एउटा ठूलै झोला किनेर राख्नुपऱ्यो । औषधी र रिपोर्टको मूठो । अनि बोक्ने मान्छे अर्कै बोलाइयो (लामिछाने. २०६१ : ३०) ।

प्रस्तुत लघुकथांशमा बिमारीको रोग पत्ता लगाउन नसक्ने र उनीहरूको स्वास्थ्यप्रति खेलवाड गर्ने निजी क्षेत्रका स्वास्थ्य संस्थाको क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । यहाँ एक ठाउँमा गरिएको मेडिकल चेक अर्को ठाउँमा नमान्ने, अनावश्यक चेकजाँच गर्ने र औषधीको थुप्रो लगाउने तर रोग पत्ता नलाउने कार्यले गर्दा जनताको आर्थिक शोषणमात्र भएको विचार व्यक्त गरिएको छ । आफ्नो स्वास्थ्य संस्थाको आर्थिक लाभका लागि जनतालाई जथाभावी शोषण गर्ने क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

### ४.२.८.३ स्वास्थ्यकर्मीका क्रियाकलापको चित्रण

स्वास्थ्य क्षेत्रका सन्दर्भमा युगचेतनाअर्न्तगत अध्ययनको एक प्रमुख विषय स्वास्थ्यकर्मीका क्रियाकलाप पनि हो । नेपाली लघुकथामा स्वास्थ्यकर्मीका विभिन्न क्रियाकलापका माध्यमबाट जनताको स्वास्थ्य उपचारका क्षेत्रमा भएगरेका कार्यलाई प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा स्वास्थ्य क्षेत्रका गतिविधिको चर्चा गर्ने क्रममा स्वास्थ्यकर्मीका क्रियाकलापलाई प्रस्तुत गर्न दुलर्भलाल सिंहको **छर्रा,** श्रीओम श्रेष्ठ 'रोदन'को **उपचार,** हरिप्रसाद भण्डारीको **व्यस्त,** भीम रानाको 'जिज्ञासु' को **उपचार** एवम् सिन्धु गौतमको **व्यापार** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) एकजना रोगी ओछ्यानमा लम्पसार परिरहेको छ । नजिकै डाक्टर प्रेस्क्रिप्सन लेख्दैछ । आजभन्दा भोलि रोगीको व्यथा बढदै जान्छ । आज यो खुवाउनुस् । भोलि यो खुवाउनुस् । बस यही क्रम जारी रहन्छ....औषधी लेखिसकेपछि डाक्टर जान्छ, सँगै उसको साथी पनि । बाटामा साथीले सोध्छ-किन औषधी फेरि फेरि दिइरहेको ....डाक्टर भन्छ-डाक्टर देउता होइन । उसले चरोरूपी रोगलाई छर्राले हान्छ । एउटा न एउटा गोली त कसरी त्यसमाथि नपर्ला ? (सिंह. २०३७ : १२) ।

प्रस्तुत लघुकथांशमा एकजना डाक्टरले रोगी मानिसलाई दिनदिनै औषधी फरक पारेर दिने गरेकामा रोगीको रोग ठीक नभएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ डाक्टरको साथीले डाक्टरसँग रोग ठीक नभएको सम्बन्धमा जिज्ञासा राख्दा उसले डाक्टरले चरोरूपी छर्राले रोगलाई हान्ने र एउटा न एउटा गोली उसमा लाग्ने विचार व्यक्त गर्दछ । यसरी डाक्टरलाई कुन रोगमा कुन औषधीले काम गर्दछ भन्ने थाहा नभएको र उसले रोगीको शरीरलाई परीक्षणशाला बनाएको तथ्य प्रकट गरिएको छ । लघुकथांशमा डाक्टरको परीक्षणमुखी क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) नर्सिङहोममा पुऱ्याउनासाथ आमालाई भर्ना गरिहाल्यो । भोलिपल्ट फेरी दिसा, पिसाब, रगत, खकार जाँच्यो । पर्सिपल्ट रिपोर्ट हेऱ्यो । फेरि एक्स रे, इसिजी आदि गऱ्यो । त्यसको भोलिपल्ट रिपोर्ट हेऱ्यो । सबैजना डाक्टर बसेर छलफल गरेपछि रोग पत्ता लाग्यो तर रोग पत्ता लागेको राति नै आमा स्वर्गे हुनुभयो । डाक्टरहरूलाई कौतहूल भयो र पोस्टमार्टम गरे । पोस्टमार्टमको रिपोर्टमा रोगीको मृत्यु विभिन्न थरीका औषधिहरूको रियाक्सनका कारणबाट भएको लेखिएको थियो (श्रेष्ठ. २०६८ : ३६) ।

प्रस्तुत लघुकथांशमा एकजना रोगीको रोग समयमा पत्ता लगाउन नसकेको र रोगीको रोग पत्ता नलागेरै जथाभावी औषधी दिने काम भएका कारण गलत औषधीले गर्दा

रोगीको ज्यान गएको स्थितिलाई विषयवस्तु बनाइएको छ । यहाँ स्वास्थ्यकर्मीको लापरवाहीपनप्रति व्यङ्ग्यका साथै असहमतिको चेतना व्यक्त भएको छ ।

(ग) "कस्तो बिरामी हो ?" डाक्टर मनोजले सोधे । "सर, रिक्सावालाको छोराजस्तो छ, उसैले ल्याएको हो, जति सकिन्छ, छिटो सर...।" "विक्रम, तिमीहरू नै कोसिस गर ल । म यहाँ व्यस्त छु । अहिले आउन सक्दिन....।"...."डाक्टर साहेब, अनर्थ भयो । मैले जुन बिरामीका बारेमा अघि भर्खर फोनमा कुरा गरेको थिएँ, त्यो त तपाइँको एक्लो छोरो पो रहेछ" "विक्रम....।" डाक्टर मनोजले अरू केही पनि भन्न भ्याएनन् । तुरन्त मोटरकार स्टार्ट गरेर अस्पताल पुगे । तर दुःखको कुरा, उनी त्यहाँ पुग्दासम्म बालकको मृत्यु भइसकेको थियो (भण्डारी. २०६३ : २२) ।

प्रस्तुत लघुकथांशमा सामान्य गरिब जनताका छोराछोरी दुर्घटनामा परेको थाहा पाएपछि वास्ता नै नगर्ने डाक्टर  दुर्घटनामा पर्ने मानिस आफ्नै छोरा हो भन्ने थाहा पाएपछि दौडेर आएको घटनालाई विषय बनाइएको छ । यहाँ डाक्टरले रिक्सावालको छोरा भनेर हेला गरेको स्थितिलाई प्रस्तुत गर्नाका साथै उसमा मानवीय संवेदना नभएकाले विचार व्यक्त गरिएको छ । नेपालको सन्दर्भमा डाक्टरवर्गले सम्पन्न मानिसको वास्ता गर्ने र विपन्न नागरिकको बेवास्ता गर्ने कार्य गर्नाका साथै उपचारमा भेदभाव गरेका अनेकन घटना पाइन्छन् । लघुकथांशमा मानिसलाई आर्थिक अवस्था हेरेर व्यवहार गर्ने र बेवास्ता गर्ने स्वास्थ्यकर्मी डाक्टरको व्यवहारप्रति असहमति भाव एवम् व्यङ्ग्य गरिएको पाइन्छ ।

(घ) फर्कने क्रममा जब ऊ प्लेनको टिकट काटेर छोरालाई फुल्याउने एउटा बिस्कुट किनेर दियो, त्यसबेला  उसको छोराले अर्को सद्दे हातले बिस्कुट समात्न सकेन । यो देखेर उसले छोरालाई बिस्कुट खान कर गर्‍यो तर छोराले रुँदै भन्यो-"बाबा ! भाँचिएको हात त यो पो हो ।" त्यसपछि डाक्टरको उपचारलाई धिक्कार्दै रुँदै ऊ घर फर्कियो र अन्तै उपचार गर्न जाने निधो गर्‍यो (राना. २०६६ : ४८) ।

प्रस्तुत लघुकथांशमा डाक्टरले एक बालकको एक हात भाँचिएकोमा अर्को हातमा प्लास्टर गरेर गलत उपचार गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ डाक्टरको लापरवाहीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) 'हेर्नुस् डाक्टर साब, तपाईले हामीलाई त्यहाँबाट बिरामी नपठाएको भए हामी त डुब्ने नै थियौं नि' 'होइन....ज्यू, यो त सबै तपाईले दिएको लक्ष्मीमाताको कमाल हो ।' 'हा हा हा हा....' (गौतम. २०६८ : ५६) ।

प्रस्तुत लघुकथांशमा डाक्टरवर्गले एक ठाउँबाट अर्को ठाउँ रोगी पठाउने र सो रोगी पठाए बापत पठाउनेले आर्थिक लाभ पाउने गरेको घटनालाई विषयवस्तु बनाइएको छ ।

यहाँ डाक्टर वर्गको जनताप्रतिको बेइमानीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा देखिएको स्वास्थ्य सम्बन्धी चेतनाको अध्ययनका निष्कर्षहरु यस प्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा स्वास्थ्यप्रति असचेत जनताका गतिविधिको चित्रण गरिएको पाइन्छ । लघुकथा रचनामा असचेत जनताले कतिपय अज्ञानतावश एवम् कतिपय लापरवाहीका कारण स्वास्थ्यप्रति बेवास्ता गर्नुपरेका क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा स्वास्थ्य संस्थाका जनतालाई अनावश्यक दुःख दिने, आर्थिक भार दिने एवम् गलत उपचार गर्ने क्रियाकलापलाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा स्वास्थ्य संस्थाका अनावश्यक दुःख दिने कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा स्वास्थ्यकर्मीको क्रियाकलापको चित्रण गरिएको पाइन्छ । सुविधाभोगी चरित्र, जनतालाई उचित उपचार उपलब्ध गर्न नसक्ने र लापरवाहीपूर्ण क्रियाकलाप गर्ने क्रियाकलापप्रति व्यङ्ग्यभाव व्यक्त गरिएको छ ।

### ४.२.९ प्रशासनिक युगचेतना

नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा आएको अर्को महत्त्वपूर्ण चेतना प्रशासनिक क्षेत्रसँग सम्बन्धित चेतना हो । नेपाली लघुकथामा प्रशासन राज्य सञ्चालनको महत्त्वपूर्ण अङ्ग भएकाले प्रशासन क्षेत्रमा भएका गतिविधिले समाज विकासमा महत्त्वपूर्ण अर्थ राख्ने विचार व्यक्त गरिएको छ । लघुकथा रचनामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित सरोकारवाला पक्ष, उच्च व्यवस्थापन, कर्मचारी एवम् जनताका बीचको सम्बन्धलाई विषयवस्तु बनाइएको छ । नेपाली लघुकथामा देखिएका प्रशासनिक क्षेत्रसँग सम्बन्धित रचनालाई अध्ययनको सुविधाका लागि प्रशासनिक क्षेत्रमा रहेको चाकरी एवम् ढिलासुस्तीको चित्रण, भ्रष्टाचार एवम् अनैतिकताजन्य गतिविधिको प्रस्तुति, तल्लो तहका कर्मचारीमाथि गरिने दमनको चित्रण एवम कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारको चित्रणलाई उपशीर्षकका रूपमा विभाजन गरिएको छ ।

#### ४.२.९.१ प्रशासनिक क्षेत्रमा रहेको चाकरी एवम् ढिलासुस्तीको चित्रण

नेपाली लघुकथा रचनामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित लघुकथा मध्ये चाकरी एवम् ढिलासुस्तीपूर्ण क्रियाकलापसँग सम्बन्धित रचनालाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा कर्मचारीवर्गले आफ्ना उच्चपदस्थको चाकरी गरेर आफ्नो

पदप्रतिष्ठा एवम् सम्पत्तिको उन्नति गरेको, प्रशासन संयन्त्रभित्र माथिदेखि तलसम्म चाकरी एक सस्कृतिको रूपमा विकसित भइसकेको यथार्थ अभिव्यञ्जित भएको छ । नेपाली लघुकथा रचनामा प्रशासन क्षेत्रमा रहेको चाकरीपूर्ण क्रियाकलापप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ । नेपाली लघुकथामा पाइने चेतनामा कर्मचारीतन्त्रमा विद्यमान चाकरीप्रतिको विरोधी चेतना हो । नेपाली लघुकथामा नेपालका सरकारी कार्यालयहरूमा जनताको काम ढिलासुस्ती गर्ने, झुलाउने र आर्थिक लाभ प्राप्त भएपछि मात्र गर्ने जस्ता गलत क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै यस्ता गलत कार्य विरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथामा प्रस्तुत प्रशासनिक क्षेत्रमा रहेका चाकरी एवम् ढिलासुस्तीसँग सम्बन्धित रचनामध्ये कृष्ण बजगाईको **लिफ्ट,** गोरखबहादुर सिंहको **सर्वसम्मत सरुवा,** जगदीश नेपालीको **नोकरीको स्थायित्व** एवम् श्रीबाबु कार्की 'उदास' को **सरुवा** लघुकथालाई उदाहरण सहित प्रस्तुत गरिएको छ :

(क) त्यसपछि अधिकांश कर्मचारीहरू लिफ्ट प्रयोग गर्नमा होडबाजी गर्न थाले । अधिकांश समय उनीहरू माथिल्लो तलामा रहेको हाकिमकै कोठा र ढोका वरपर बारम्बार देखिन्थे । केही समयपछि लिफ्ट प्रयोग गर्न सिपालु कर्मचारीहरूमा झन ठूल्ठूला परिवर्तन देखिन थाल्यो । उनीहरूको पद, पैसा र पहुँच एकाएक बढन थाल्यो । तर लिफ्ट चढन डराउने तथा परम्परागत भऱ्याङ प्रयोग गर्ने कर्मचारीहरू चाहिँ उही पद र अवस्थामा थिए । आफ्नो यो अवस्था देखेर उनीहरू निराश भए । त्यसपछि उनीहरू हाकिमका सामु गएर लिफ्टको विरोध गरे (बजगाई. २०६४ : ७२-७३) ।

प्रस्तुत लघुकथांशमा चाकरी गर्नेको प्रगति भएको सन्दर्भ प्रस्तुत गरिएको छ । लघुकथामा लिफ्ट भन्दा भऱ्याङ पुरानो साधन भएको र लिफ्टबाट मानिस माथिल्ला तलाहरूमा छिटो पुग्न सक्छ भने भऱ्याङबाट ढिला पुग्ने सन्दर्भलाई व्यक्त गरिएको छ । यहाँ चाकरी नगर्ने कर्मचारीको अवस्था जस्ताको त्यस्तै रहेपछि उनीहरूले त्यस प्रथाको विरोधमा आवाज उठाएको कुरालाई व्यक्त गरिएको छ । लिफ्टले धूर्त कर्मचारीको चाकरीपूर्ण संस्कृतिको प्रतिनिधित्व गरेको छ भने भऱ्याङले सोझासाझा कर्मचारीको विवशताको प्रतिनिधित्व गरेको छ । लघुकथांशमा चाकरीवादी संस्कृतिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) "उजुरीपेटीको ताल्चाको साँचो हराएको दुई वर्षभन्दा बढी भयो ।" नन्दरामको जवाफ थियो । तत्कालै सर्वसम्मतिबाट उजुरी पेटिकाको कार्यालयभित्रको साँघुरो र अँध्यारो कुनाबाट बाहिरको खुला बरन्डामा सरुवा भयो" (सिंह. २०६५ : ८६) ।

यस लघुकथामा उजुरी पेटिकाप्रति कर्मचारीवर्गको उपेक्षा देखिएको छ । दुई वर्षसम्म साँचो हराउँदा पनि त्यसको खोजखबर नहुनु, नयाँ ताला लगाउने कुरामा कुनै उत्साह नदेखिनु र उजुरी पेटिकालाई कार्यालयभित्रको साँघुरो र अँध्यारो कुनामा राख्नुले कर्मचारी वर्गको ढिलासुस्तीपूर्ण व्यवहार देखिन्छ । उजुरी पेटिका कुनै काम नलाग्ने अवस्थामा पुगेपछि बाहिरको खुला बरन्डामा सरुवा गर्नुले कर्मचारी वर्गको त्यसप्रतिको उपेक्षाका साथै जनताबाट आउने उजुरीप्रतिको अपहेलनाभाव देखिन्छ । नेपालका सन्दर्भमा कर्मचारीतन्त्रमा ढिलासुस्ती एवम् लापरवाही हुने कुरा सामान्य भइसकेका सन्दर्भमा यहाँ ढिलासुस्ती एवम् लापरवाहीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

(ग) चियाको प्याला समाउनासाथ म्यानेजरले कड्केर भन्यो-"तँलाई नोकरी गर्नुछ कि छैन ? अझै तेरो नोकरी अस्थायी नै छ बुझिस्-यस्तै चिया बनाई हो भने तेरो मिति पुग्यो भने पनि हुन्छ बुझिस् ।" अकस्मात् प्राइभेट च्याम्बरबाट डाइरेक्टरज्यूले म्यानेजरको कोठामा हाँस्दै पसेर म्यानेजरको पिठ्यूँमा हातले थपथपाउँदै भन्नुभयो- "पियनको नोकरीसम्म पनि चिया चाहिन्छ भने अरूका लागि के के चाहिन्छ होला ?" (नेपाली. २०३९ : २३) ।

प्रस्तुत लघुकथांशमा एकजना हाकिमले पियनलाई मीठो चिया नबनाएमा अस्थायी पियनलाई जे पनि हुन सक्ने भनेर डर देखाएको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ हाकिमले पियनले सँधै आफ्नो चाकरी गरोस् भन्ने चाहना राखेकामा डाइरेक्टर आएर हाकिमको सो कार्यप्रति व्यङ्ग्य गरेको पाइन्छ । लघुकथांशमा कर्मचारीतन्त्रमा रहेको चाकरीवादी संस्कृतिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) ऊ पुनः दोस्रोपटक हाकिमको कोठामा ऋण काढेरै तीन माना मह, तीन माना घिउ र माना चारेक कुराउनी बोकेर जाने निश्चय गऱ्यो । नभन्दै जोरजाम पारेर हाकिमकहाँ पुग्यो ।....उसले आफ्नो गाउँको कोसेली हाकिमलाई चढायो र बस्यो । यो पाला उसले बिन्ती बिसाउनुपूर्व हाकिमले मुख फोरे-के मर्का पऱ्यो तिमीलाई ? ऊ बोल्यो, 'त्यही सरुवा त हो नि हजुर । साह्रै मर्कामा छु ।' उसलाई यसपल्ट ज्ञात भयो हाकिमहरू रित्तो हातको चिल्लो वचन मन पराउँदैनन् (कार्की. २०६१ : १५) ।

प्रस्तुत लघुकथांशमा लोभी एवम् चाकरीप्रेमी हाकिमको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथामा पहिले कुनै कुरा नसुन्ने हाकिमले उपहारमा तीन माना मह, तीन माना घिउ र माना चारेक कुराउनी पाएपछि मीठो वचन बोल्ने र समस्या सुन्ने काम गरेको प्रसङ्ग उल्लेख गरिएको छ । हाकिमले कर्मचारीवर्गबाट चाकरी खोजेको र कर्मचारीलाई कज्याउन खोज्ने सामन्ती संस्कार पालेर बसेको यथार्थबोध गरिएको छ । नेपालका सन्दर्भमा कर्मचारीतन्त्रभित्र निजी लाभ लिने र कर्मचारीवर्गलाई कज्याउने काम प्रजातन्त्रकालपछि

झन् मौलाएको छ । यहाँ कर्मचारीवर्गबाट निजी लाभ लिएर काम गर्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

नेपाली लघुकथामा आएको महत्त्वपूर्ण चेतना भनेको प्रशासनयन्त्रमा रहेको चाकरी एवम् ढिलासुस्तीपूर्ण क्रियाकलाप विरोधी चेतना हो । नेपाली लघुकथामा यस्ता कार्यप्रति असहमति प्रकट गर्नुका साथै त्यस्तो कार्यको विरोध समेत गरिएको छ । लघुकथा रचनाको प्रमुख विशेषता व्यङ्ग्य पनि भएकोले नेपाली लघुकथा रचनामा प्रशासनिक क्षेत्रमा रहेका विकृति र विसङ्गतिपूर्ण क्रियाकलापका रूपमा रहेका चाकरी एवम् ढिलासुस्तीपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ४.२.९.२ भ्रष्टाचार एवम् अनैतिकताजन्य गतिविधिको प्रस्तुति

नेपाली लघुकथामा पाइने चेतनामा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विकृति-विसङ्गति विरोधी चेतना पनि हो । नेपाली लघुकथामा प्रशासनिक क्षेत्रका विकृति-विसङ्गतिलाई प्रस्तुत गर्ने क्रममा प्रशासनिक क्षेत्रमा रहेका भ्रष्टाचार एवम् अनैतिकतालाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा प्रशासन क्षेत्रमा कार्यरत व्यक्तिहरू अझ त्यसमा पनि उच्चपदस्थ व्यक्तिहरूले आफ्नो पदको दुरुपयोग गरेर भ्रष्टाचार एवम् अनैतिक क्रियाकलाप गर्ने गरेको र उनीहरूमा नैतिक मूल्यको अभाव हुने भएकाले जुनसुकै हदसम्म तल गिर्न पनि तयार हुने गरेको यथार्थ अभिव्यञ्जित भएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा पाइने प्रशासनिक क्षेत्रमा रहेका भ्रष्टाचार एवम् अनैतिक क्रियाकलापसँग सम्बन्धित एलबी क्षेत्रीको **उडकिलो अर्थात नेमप्लेट**, बद्री पलिखेको **उन्नतिको रहस्य**, सुमन सौरभको **हाकिम**, सुमनराज ताम्राकारको **नजराना** र प्रदिप प्रधानको **दुर्व्यसन** लघुकथालाई उदाहरण सहित विश्लेषण गरिएको छ :

(क) एक दिन राजेश अफिस गएन । साइकलबाट लडेर उसको दाहिने हात मर्केको थियो । त्यस दिन लक्ष्मी अफिसबाट अबेला घर फर्केकी थिई...."आज अबेला आयौ नि" राजेशले भन्यो । "अँ.....काम धेरै थियो । नयाँ हाकिमले धेरै फाइलहरू हेर्न चाहेकाले मलाई पनि अलिक अबेर भयो ।....तपाँईको पदोन्नतिका बारेमा चर्चा चलेको थियो"....एक हप्तापछि राजेशको टेबुलमा भएको उड्किलो अर्थात नेमप्लेटमा लेखिएको थियो-'ना.सु. राजेश उप्रेती' (क्षेत्री. २०६४ : १३-१४) ।

प्रस्तुत लघुकथांशमा कार्यालयको हाकिमले कर्मचारी महिलासँग यौन सम्बन्ध राख्नुका साथै सो कार्यमा सहयोग गरे बापत महिलाको श्रीमानको बढुवा गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ आफ्नो निजी स्वार्थका लागि इज्जत बेच्न तयार हुने महिला कर्मचारी र आफ्नो बढुवाका लागि श्रीमतीलाई हाकिमकहाँ पठाउने श्रीमान्‌को चर्तिकलालाई समेत प्रस्तुत गरिएको छ । लघुकथांशमा नेपालको प्रशासनिक क्षेत्रमा व्याप्त

अनैतिक चरित्र भएका मानिसको क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै सो कार्यप्रतिको असहमत चेतना समेत व्यक्त भएको छ ।

(ख) कतै सँधै एक्लो घरमा बस्नु पर्दा आईमाईको कमलो मन पासो त लागिन भनी सम्झ्यो र फेरि ढोका ढकढक गऱ्यो धेरै बेरसम्म स्वीचबेल दबाइरह्यो । बन्दकोठाबाट परपुरुष बोलेको स्वर र पत्नीको भयमिश्रित स्वर झीरजस्तो गरी कानमा पऱ्यो । ढोका घऱ्याक्क उघ्रियो । उसले कल्पनै नगरेको दृश्य आफ्नो आँखा अगाडि देख्दा सोम शर्मा छाँगाबाट खसेझैं भयो । उसले आफ्नो उन्नतिको रहस्य बल्ल खुल्दै गएको महसुस गर्न थाल्यो । पत्नीको पछाडि अर्धनग्न उभिएको त्यो परपुरुष अरू कोही थिएन उसको हाकिम थियो (पलिखे. २०६० : २३) ।

प्रस्तुत लघुकथांशमा श्रीमानले थाहा नपाउने गरी श्रीमानको हाकिमसँग अवैध सम्बन्ध राख्ने अनैतिक महिलाको चर्तिकलालाई विषयवस्तु बनाइएको छ । यहाँ आफ्नो श्रीमानको बढोत्तरीका निमित श्रीमान्को हाकिमसँग यौन सम्बन्ध राख्ने महिलाले अनैतिक एवम् सांस्कृतिक भ्रष्ट चरित्रको प्रतिनिधित्व गरेकी छ । नेपालको कर्मचारीतन्त्रमा नीति, नियम र इमान्दारिताको अभावका कारण अवाञ्छित घटना हुँदै आएका सन्दर्भमा जसले जे गरे पनि हुने मान्यता स्थापित भइसकेको छ । यसै सन्दर्भमा यस लघुकथा रचनाका पात्रले पनि नेपाली समाजको अनैतिक चरित्रको प्रतिनिधित्व गरेका छन् । लघुकथामा आफ्नो पेसागत उन्नतिका लागि जे पनि गर्न तयार हुने कर्मचारीवर्ग एवम् तिनको परिवार र अर्काको इज्जतमाथि धावा बोल्ने हाकिम पात्रको कार्यप्रति असहमतिको चेतना व्यक्त गरिएको छ ।

(ग) "हाकिमले उसको कुरा आँखा चिम्लेर सुन्यो र हिटर तापेर पनि ठिहिराइरहेको हात मल्दै सहज लयमा सम्झायो-"कुरा त ठीकै हो....तर तपाइँको काम उतैबाट मिलाए राम्रो....उता कोठाको दुई चार सय भन्नु यहाँको दुई चार हजार हुन आउँछ....बेकारमा किन घाटामा पर्नु हुन्छ ?" (सौरभ. २०५२ : २) ।

प्रस्तुत लघुकथांशमा सेवाग्राहीको गुनासो सुनेर समाधान गर्नुको साटो आफूलाई धेरै घुस चाहिने अभिव्यक्ति दिने हाकिमको भ्रष्ट चरित्रलाई प्रस्तुत गरिएको छ । नेपालका सन्दर्भमा भ्रष्टाचारलाई शिष्टाचारमा परिणत गरिसकेका सन्दर्भमा हाकिम पात्रले नेपालको कर्मचारीतन्त्रभित्रको भ्रष्ट संस्कृतिको प्रतिनिधित्व गरेको छ । लघुकथांशमा हाकिमको भ्रष्ट चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) युवकले भन्यो-"सर, नमस्कार ।" प्रहरी अधिकृत झस्कियो । अनुहारमा काला काला धब्बाहरू चुलिँदै गए । निधारमा चिट चिट पसिना आउन थाल्यो । एकाएक अनुहार कालो बन्दै गयो । उनको अवस्था देखेर प्रमुख लालध्वज बोल्दाबोल्दै रोकिए ।

> कार्यालयमा जरुरी काम छ भनेर प्रहरी अधिकृत लुसुक्क बाहिर निस्केर बाटो तताायो । दुर्व्यसनी युवकले नेतृत्व प्रमुख लालध्वजसँग भन्यो-हिजो मात्र मैले ब्राउन सुगरको २० हजार कमिसन बुझाएको थिएँ । वहाँ त्यसै जानु भएको हो र ? (प्रधान. २०६४ : ३२) ।

प्रस्तुत लघुकथांशमा अपराध कर्ममा संलग्न मानिसबाट पैसा लिने प्रहरी अधिकृतको चर्तिकला प्रस्तुत गरिएको छ । यहाँ आफूले घुस लिएको व्यक्ति आफ्नो हाकिमको सामुन्ने देख्दा घुस लिने प्रहरी अधिकृत भागेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा नेपालको प्रहरी प्रशासनमा भ्रष्ट चिन्तन भएका व्यक्ति भएको र तिनको क्रियाकलापले संस्था बदनाम भएको सन्दर्भलाई व्यक्त गरिएको छ । लघुकथांशमा यस्ता भ्रष्ट गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) तपाइँको फाइलमा अलि व्यहोरा पुग्या छैन, दशैँपछि आउनुस् । तिहार पछि मात्र हुन्छ तपाँईको काम....सरकारी कर्मचारीले आलटाल गर्ने काम जारी थियो....सोझो गाउँलेले यसपटक ऋण काढेरै भएपनि पाँच सयको नोट बोकेर आएका थिए । जसलाई फाइलको बीचमा घुसारेका थिए । यस पटक भने काम बन्न पाँच मिनट पनि लागेन (ताम्राकार. २०६५ : १६) ।

प्रस्तुत लघुकथांशमा एकातिर कर्मचारीवर्गले जनतालाई काममा ढिलासुस्ती गरेर झुलाउने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ भने अर्कोतिर घुस लिएर छिटै काम गर्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । नेपालका सरकारी कार्यालयमा घुसजन्य क्रियाकलाप अनिवार्यसंस्कृति जस्तै भइसकेको र घुस नपाउँदासम्म जनताको काममा ढिलासुस्ती हुने गरेको यथार्थ अभिव्यक्त गरिएको छ । यहाँ घुस नपाउँदासम्म जनताको काममा आलटाल गर्ने कर्मचारी वर्गको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

### ४.२.९.३ तल्लो तहका कर्मचारीमाथि गरिने दमनको चित्रण

प्रशासनिक क्षेत्रसँग सम्बन्धित चेतनामा एक प्रमुख चेतना तल्लो तहका कर्मचारीमाथि गरिने दमन विरोधी चेतना पनि हो । नेपाली लघुकथामा माथिल्लो तहमा रहेका कर्मचारीले तल्ला तहका कर्मचारीलाई कजाउने, चाकरी गर्न लगाउने र आफ्नो लाभ अनुकूल बनाउन खोज्ने एवम् आफ्नो स्वार्थमा बाधक हुने व्यक्तिमाथि दमन गर्ने गरेको घटनालाई विषयवस्तु बनाइएको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथामा नेपालको प्रशासन क्षेत्रमा रहेको विसङ्गतिको चित्रण एवम् विसङ्गति विरोधी चेतना प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा प्रस्तुत तल्ला तहका कर्मचारी माथि गरिएका दमनका उदाहरण प्रस्तुत गरिएको छ । मुक्तिनाथ घिमिरेको **बौलाहा,** श्रीओम श्रेष्ठ

'रोदन'को **अनुशासन,** कल्याण पन्तको **निरीह कर्मचारी** एवम् विनयकुमार कसजूको **प्रारम्भ** लघुकथाको विश्लेषण गरिएको छ :

(क) महिनौँ बिते, तर हाकिमको व्यवहार परिवर्तन भएन । आज फेरि रामबहादुरका अगाडि त्यही दृश्यको पुनरावृत्ति भयो...'डाका गरिबमारा....' ऊ हाकिममाथि जाइलाग्यो । अफिसको मर्यादाको ख्याल गरेन उसले । हाकिम बचावटको लागि भाग्न थाले । रामबहादुरले लखेट्न छाडेन । त्यो दृश्य देख्ने हाकिमका दुई चार लाउकेहरूले रामबहादुरको खुट्टा भाँचिदिए । 'बौलाहालाई ठीक तरिकाले तह लगायौ' हाकिमले मधुर मुस्कान छोडे (घिमिरे. २०६६ : ३८) ।

प्रस्तुत लघुकथांशमा एकजना निम्नतहको कर्मचारीले गलत व्यवहार गर्ने हाकिमसँग जाइलाग्दा उसको खुट्टा भाँचिएको घटनालाई विषय बनाइएको छ । यहाँ नेपालको प्रशासनतन्त्रमा मनोमानी चल्ने गरेको र सो कुराको विरोध गर्दा उत्पीडनमा परेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा कर्मचारीतन्त्रमा रहेको चाकरीप्रथा र गुटबन्दीजन्य घटनालाई व्यक्त गरिनाका साथै अन्याय विरोधी चेतना अभिव्यक्त भएको छ ।

(ख) राष्ट्रको सीमानजिक विदेशी सेनाको अतिक्रमण हुन थालेको थियो । तर केही दिनदेखि गुल्मप्रमुख अनौपचारिक रूपमा जलविहारका निम्ति गएका थिए....दुवै पक्षबीच केही दिनसम्म युद्ध चल्यो । युद्धमा घाइते र अपाङ्ग भएकाहरू पनि राष्ट्रको सीमा जोगाउन सकेकोमा खुसी थिए....केही दिनपछि प्रमुख आइपुगे र सरासर आफ्नो कोठामा प्रवेश गरे....उल्टै रिसले रातोरातो हुँदै गए र भन्न थाले- "तिमीहरूले जे गर्‍यौ त्यो अनुशासनहीन काम गर्‍यौ ।....हामीमा भएको सबैभन्दा ठूलो सम्पत्ति नै अनुशासन हो । त्यसलाई उल्लङ्घन गरी बिना आदेश युद्ध गरेकामा तिमीहरूमाथि कारवाही हुन्छ, नत्र हामीजस्ता प्रमुखको आदेश र तोकको के औचित्य (श्रेष्ठ. २०६७ : ३४) ।

प्रस्तुत लघुकथांशमा गुल्मप्रमुख आफ्नो जिम्मेवारी छोडेर जलविहार गएको अवस्थामा सैनिकहरूले देशमाथि आक्रमण गर्दा सीमा बचाएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ सीमा बचाउने सैनिकलाई पुरस्कृत गर्नुको साटो अनुशासनका नाममा कारवाहीको धम्की दिने गुल्मप्रमुखको गतिविधिलाई देखाइएको छ । लघुकथांशमा जिम्मेवारीबोध र कर्तव्यभन्दा पनि तल्ला तहका कर्मचारीलाई अनुशासनका नाममा कारवाही गर्ने धम्की दिने गुल्मप्रमुखको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) सुब्बा पदको उम्मेदवार लुरूक्क फर्क्यो । उसलाई शून्य अंक दिइयो ..."हेल्लो ! म जि. एम. बोलेको"...."ल टिप्नुस् त, रोल नं २, दर्ता नं ३६, फरक नपरोस् नि !"....भोलिपल्ट बिहानै अफिसमा फाइल पल्टाए,"...दर्ता नं ३६, रामनाथ पौडेल ।"

कृष्णमान झस्याँस्स भए र गम्भीर मुद्रामा देखिए । अन्तत : उनले शून्यका अघिल्तिर ७ अंक थपिदिए" (पन्त. २०६९ : ३३) ।

प्रस्तुत लघुकथांशमा नेपालको कर्मचारीतन्त्रमा रहेको नातावाद र कृपावादलाई प्रस्तुत गरिएको छ । यहाँ जि. एम. पदमा बसेको मानिसले आफ्नो कर्तव्यपालनमा इमान्दारिता भन्दा पनि आफ्नो मानिसलाई कर्मचारी बनाउन कार्यालय प्रमुखलाई दवाब दिएको प्रसङ्ग उल्लेख गरिएको छ । लघुकथांशमा नेपालका सन्दर्भमा कर्मचारीतन्त्रमा नातावाद र कृपावादले लामो समयदेखि जरा गाड्दै आएको यथार्थ अभिव्यक्त गर्नाका साथै नातावाद विरोधी चेतना अभिव्यक्त गरिएको छ ।

(घ) तलब बुझ्ने दिन थियो । सबैको पाकेट गरम थियो । हाकिमले प्रस्ताव राख्यो, "आज सबै जना यस्सो बाहिर कतै गएर खाउँ न ।" हाकिमको प्रस्ताव । सबैले खुसीसाथ स्वीकारे...सबैले खाइसकेपछि बिल आइपुग्यो....हाकिमले आफूले बुझेको बीस हजार रुपैयाँको क्याँट गोजीबाट झिक्यो र त्यसबाट चार सय पचास रुपैयाँ होटलको बिलमाथि राखिदियो ।....हवस्बहादुरले खल्तीबाट पच्चीस सयको क्याँट झिक्यो र त्यसबाट साढे चार सय रुपैयाँ झिकेर बिलमाथि राखिदियो...हवसले मनभरि घृणा र अनुहारमा भने जबर्जस्ती विनम्रता भरेर "भैहाल्यो सर" भन्दै मन्टो बटाऱ्यो र हाकिमकै अगाडी टेक्सी बोलाएर त्यसमा चढेर सरररर घरतिर लाग्यो (कसजू. २०५७ : ८२) ।

यस लघुकथा अंशमा कार्यालय प्रमुखले कर्मचारीको तलबमानमा भिन्नता हुने तथ्यलाई भुलेर सबै कर्मचारीले होटलको बिल समान ढङ्गले तिर्ने उर्दी जारी गर्दा तल्लो तहको कर्मचारी मर्कामा परेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ तल्लो तहको कर्मचारीमाथि उत्पीडन गर्ने हाकिमको भोजभतेरप्रेमी क्रियाकलापप्रति असहमत भावका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारीमाथि गरिने दमनको चित्रण गरिएको छ । लघुकथा रचनामा माथिल्लो तहका कर्मचारीले आफ्नो पदप्रतिष्ठाका आडमा तल्लो तहका कर्मचारीमाथि दमन गर्दा त्यसले असामान्य स्थिति उत्पन्न हुने अवस्था बोध गरिएको छ । नेपाली लघुकथामा आफ्नो पदका आडमा हाकिमवर्गले गर्ने गलत क्रियाकलापप्रति व्यङ्ग्यका साथै विरोधको चेतनासमेत व्यक्त भएको छ ।

### ४.२.९.४ कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारको चित्रण

नेपाली लघुकथामा प्रशासनिक चेतना अर्न्तगत आउने एक प्रमुख चेतना कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहार विरोधी चेतना हो । नेपाली लघुकथामा

आफ्नो जिम्मेवारीलाई सही तरिकाले वहन गर्न नसक्ने कर्मचारीले विभिन्न बहाना बनाएर जनतालाई सताउने गरेको, काममा ढिलासुस्ती गर्ने गरेको, नियम मिलेन भनेर पन्छाएको र काम नै नगरेको घटनालाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा जनताको काम गर्दा नगद एवम् सामग्रीको आशा गर्ने लोभी पापी प्रवृत्ति बोक्ने, जनता र राष्ट्रप्रतिभन्दा पनि आफ्नो स्वार्थप्रति प्रतिबद्ध रहने व्यक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा प्रस्तुत कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारलाई प्रस्तुत गर्ने क्रममा विनयकुमार कसजूको **भकुन्डो,** लुमडी आचार्यको **को परिचित ?,** बालमुकुन्द खनालको **थन्किएको फाइल,** कैलाशकुमार शिवाकोटीको **उपदेश-कर्मचारी** एवम् षडानन्द पौडेलको **निर्णय** लघुकथालाई अध्ययन गरिएको छ :

(क) "के काम छ ? /नागरिकताको प्रमाणपत्र लिन आ'को हजूर/ घर कहाँ हो ?/ घरद्वार छैन हजूर/ के खान आइस् त ? घरद्वारको ठेगान नभैकन नागरिकताको प्रमाणपत्र पाइन्छ ? थाहा छैन हजूर/ जा, पहिले घरद्वारको ठेकान गरेर आइज/ हस् हजुर" (कसजू. २०३९ : ३८)

प्रस्तुत लघुकथांशमा कर्मचारीवर्गले जनतालाई नागरिकता लिँदा सताउने, दुःख दिने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ कर्मचारीवर्गले जनताप्रति गर्ने उत्पीडनजन्य गतिविधिप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(ख) अपरिचित आगन्तुक युवतिले नमस्कार गर्न नपाउँदै हाकिमको स्वर गुन्जियो । ओहो, किन बाहिर बसिरहनु पर्‍यो ! अघि नै भित्र पाल्नुभा'को भए हुने ।' बूढो पनि धरमराउँदै उठेर परिचित शैलीमा 'हजुर......' के-के भन्यो । युवतीसँग कुराकानीमा एकाग्र भएका हाकिमले बूढाको न मुखतिर हेरे, न त परिचितको अभिनय नै गरे । युवतिसँग भित्र पस्दै गरेका हाकिमको मुखबाट बूढाले यति सुन्यो-म आज साह्रै बिजी छु र तिमीलाई चिन्दिन पनि.....।' (आचार्य. २०६८ : २८) ।

यस लघुकथांशमा कार्यालय प्रमुखले एकजना बूढा मानिसलाई बिहानदेखि समय नदिएर एक युवतिलाई भेटन समय दिएको घटनालाई प्रस्तुत गरिएको छ । नेपालमा कर्मचारीतन्त्रमा हाकिमवर्गले मनोमानीपूर्ण गतिविधि गर्ने अराजक प्रवृत्ति कायम छ । यसै सन्दर्भमा यहाँ एक जेष्ठ नागरिकको अपमान गर्ने र युवतिप्रति आशक्त हुने हाकिमको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) क्या हो तपाईं हामी छँदाछँदै भित्र भन्न जाने ?" म झस्किन्छु । चुपचाप लाग्छु । आ-आफ्नो काममा तल्लीन छन् । पाँच बज्यो, सबै जाने तर्खरमा छन् । फाइलहरू थन्काउँछन्, मेरो फाइल पनि चुपचाप थन्किन्छ । बाहिरिन्छु, म मात्र हैन, म जस्ता

कति यही दशा भनुँ वा भाग्यमा रुमल्लिरहेका होलान् । यो यस्तो ठाउँ, जहाँ मानवताको आभास सम्म पाइन्न (खनाल. २०५० : १७)

प्रस्तुत लघुकथांशमा एकजना सेवाग्राहीको पीडाको अनुभूति प्रस्तुत गरिएको छ । यहाँ जनताको काममा ढिलासुस्ती गर्ने र अनेकन बहाना गरेर पन्छिने कर्मचारीवर्गको क्रियाकलापप्रति व्यङ्ग्य एवम् घृणाको चेतना व्यक्त भएको छ ।

(घ) "सेवाग्राही-"हजुर, निकै दिन भो, एउटा सही बाँकी थियो ।" हाकिम-"आज भ्याउँदैन, भोलि आउनू ।"....ऊ गफमै जोतिएको छ-"यो यस्तो पत्रु सरकार, न जनतालाई विद्युत् दिन सकेको छ, न पैसा तिर्छु भन्दा ग्याँस पाइन्छ ....जनताको पीरमर्काप्रति कुनै चिन्ता छैन, कुनै चासो छैन । उफ् यस्तो झल्लु सरकार" (शिवाकोटी. २०७० : २९-३०) ।

प्रस्तुत लघुकथांशमा सेवाग्राहीलाई एक हस्ताक्षर नगरेर झुलाउने कर्मचारी सरकारलाई गाली गरेर दिन बिताएको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ कर्मचारीलाई सरकारले गरेका नराम्रा कामको त याद आउँछ तर तत्कालै आफूले दुःख दिएको सेवाग्राहीको पीडा भने महसुस भएको अवस्थाबोध गरिएको छ । यस रचनामा कर्मचारीवर्गले आफ्नो जिम्मेवारी पूरा नगर्ने, सेवाग्राही जनतालाई दुःख दिने एवम् सरकारलाई गाली गर्ने कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) हिजो बेलुका अलि बढी पिएको हुँदा अनुप ढिलै गरेर अफिस पुग्यो । अफिसमा दश बजे पुग्नुपर्छ भन्ने कुरा कुनै समयमा उनको जीवनमा आएको थियो । अहिले त्यस्तो छैन । आफै प्रमुख भएकाले आउने जाने समयको सीमा समाप्त भइसकेको छ । फोनमा कसैले सोध्यो भने "मिटिङमा होइसिन्छ" भन्ने निर्देशित टेप आफै खुल्छ....समाचारमा जनताले थाहा पाए, जनताको सेवा गरेकाले अनुप पुरस्कृत भए । अर्को खबर पाए, अनुपको बढुवा भयो (पौडेल. २०६१ : ४८-४९) ।

प्रस्तुत लघुकथांशमा जनतालाई दुःख दिने, समयमा कहिल्यै कार्यालय नआउने मानिस पुरस्कृत भएको एवम् बढुवा भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ नेपालको प्रशासनिक क्षेत्रमा रहेको सेवाग्राहीको उपेक्षा र कामचोरको प्रगति भएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा नेपालमा राजनीतिक अव्यवस्थासँगै प्रशासनिक अराजकता पनि एक ठूलो रोगका रूपमा रहेको र अयोग्य पात्रले उन्नति गरिहेको विडम्बनापूर्ण स्थितिप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा प्रशासनिक विषय सन्दर्भमा युगचेतनाको प्रभाव विषयमा अध्ययनका निष्कर्षहरू यसप्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा प्रशासनिक क्षेत्रमा रहेको चाकरी एवम् ढिलासुस्तीका कारण सामान्य जनता एवम् तल्ला तहका कर्मचारीले पीडामा बाँच्नु परेको यथार्थलाई

प्रस्तुत गरिएको छ । लघुकथा रचनामा चाकरी एवम् ढिलासुस्ती विरोधी व्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा प्रशासनिक क्षेत्रमा रहेको भ्रष्टाचार एवम् अनैतिक गतिविधिलाई प्रस्तुत गरिएको छ । त्यस्ता गतिविधिप्रति विरोधको साथै असहमतिको चेतना प्रस्तुत भएको छ ।

(ग) नेपाली लघुकथामा तल्लो तहका कर्मचारीमाथि गरिने दमनको चित्रण गरिएको पाइन्छ । त्यस्ता कार्य विरोधी चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

(घ) नेपाली लघुकथामा कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहारको चित्रण गरिएको पाइन्छ । आफ्नो पदका आडमा जनतालाई दुःख दिएर निजी स्वार्थ पूरा गर्ने प्रवृत्तिप्रति असहमति प्रकट गरिएको छ । लघुकथामा खराब व्यवहार विरोधी चेतना व्यक्त भएको छ ।

### ४.२.१० विज्ञान र प्रविधि संस्कृतिगत युगचेतना

नेपाली लघुकथामा देखिएको प्रमुख चेतना विज्ञानप्रविधि संस्कृतिको चेतना पनि हो । लघुकथा रचनामा विज्ञान प्रविधिको विकाससँगै मानव जीवनमा कतिपय सहजता आएको, यसको सदुपयोग हुन नसक्दा मानव जातिले विनाशको सामना गर्नुपरेको घटनालाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा विज्ञान प्रविधिसँग सम्बन्धित लघुकथालाई निम्न विज्ञानको दुरुपयोगको प्रस्तुति, विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन, विज्ञानसँग सम्बन्धित अन्य फुटकर लघुकथा गरेर तीन उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ४.२.१०.१ विज्ञानको दुरूपयोगको प्रस्तुति

नेपाली लघुकथामा विज्ञानको महत्त्व नबुझेर त्यसको दुरूपयोग गर्ने मानिसको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथा रचनामा नेपाली समाजमा विज्ञानका क्षेत्रमा भएको प्रगतिको महत्त्व नबुझ्ने र त्यसलाई अवमूल्यन गर्ने कार्यलाई व्यक्त गरिएको छ । यस अध्ययनमा विज्ञानको दुरुपयोगका घटनासँग सम्बन्धित कृष्ण बजगाईको **यन्त्रवत्,** सरस्वती रिजालको **महत्वाकाङ्क्षाको अन्त्य,** सुमनराज ताम्राकारको **साइरन,** गोपाल ढकालको **आविष्कार** एवम् देवेन्द्र अर्याल 'आँशु'को **दृष्टिकोण** को विश्लेषण गरिएको छ :

(क) "भीडका सबै मानिसहरू त्यस यन्त्रमानवलाई नजिकैबाट नियालिरहेका थिए । कोही त्यस यन्त्रमानवसँग हात मिलाइरहेका थिए । कोही अचम्म मानेर त्यसलाई सुम्सुम्याइरहेका थिए । कोही सँगै बसी फोटो खिचाइहेका थिए । भीडका केही वृद्धवृद्धा भगवानको आधुनिक अवतार ठानी त्यस यन्त्रमानवको चरणस्पर्श गरिरहेका थिए" (बजगाई. २०६४ : १५) ।

प्रस्तुत लघुकथांशमा यन्त्रमानवलाई देखेर विभिन्न प्रतिक्रिया गर्ने मानिसहरूको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ नेपालको सन्दर्भमा विज्ञानसँग सम्बन्धित साधनको बारेमा मानिसमा कम ज्ञान भएको अवस्थामा यन्त्रमानवको उपयोगिता थाहा नपाएर त्यसको दुरूपयोग गर्ने मानवीय क्रियाकलापप्रति प्रस्तुत गर्नाका साथै उक्त मानवीय क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) उसले गजबको संयन्त्र बनायो । त्यो संयन्त्र रोबोटजस्तै थियो । उसले धेरै वर्ष लगाएर त्यो तयार गरेको थियो....उसले सोच्यो 'म अब धेरै शक्तिशाली भएको छु । म अब धेरै बलियो भएको छु । ओहो ! त्यो क्षण, कति सुखमय होला, जब म विश्वकै सर्वश्रेष्ठ पुरस्कारद्वारा सम्मानित हुनेछु, जब म विश्वमा बहुचर्चित हुनेछु ....राति निन्द्रामा अचानक ऊ झस्क्यो र आत्तिएर बिजुलीको स्विच खोज्यो । उसको औंला त्यही संयन्त्रको पाँचौ नम्बरको स्विचमा पऱ्यो र त्यो थिचियो पनि । त्यसबाट तेजिला किरणहरू निस्के र क्षणभरमै ऊ भष्म भयो (रिजाल. २०६५ : १९-२०) ।

प्रस्तुत लघुकथांशमा एकजना वैज्ञानिकले आफ्नो महत्त्व चाहिनेभन्दा बढी बुझेकाले उसको अन्त्य भएको छ । यहाँ विज्ञानको महत्त्व नबुझने वैज्ञानिकले आफ्नै महत्त्वाकाङ्क्षाका कारण अन्त्य हुनुपरेको घटनालाई प्रस्तुत गर्नाका साथै विज्ञानको दुरुपयोगप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको पाइन्छ ।

(ग) एकदिन गाउँभरि हल्ला फिँजियो । गाउँका प्रायः जसो मूर्तिहरू चोरी भएको रहेछ । गाउँलेहरू सब उक्त नौला मानिससँग उनीहरूले बनाएको संयन्त्र फेल खायो कि, यो कसरी भयो भन्ने उद्देश्यले छलफल गर्न गए । मूर्तिहरुसँग उक्त मानिस पनि अलप भएको गाउँलेहरूले पछि पो चाल पाए । गाउँलेहरूलाई उक्त मानिस त्यस गाउँमा आउनाका कारण बल्ल पो थाहा पाए । उक्त मानिसले संयन्त्र जडान गर्ने क्रममा परापूर्वकालदेखि मजबुत तरिकाले स्थापना गरि राखेको मूर्ति चोर्न सजिलो हुने गरी खुकुलो पारेको कुरा गाउँलेहरूले थाहा पाए (ताम्राकार. २०६५ : ४२) ।

प्रस्तुत लघुकथांशमा वैज्ञानिक यन्त्रको प्रयोग चोरीका लागि प्रयोग गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ विज्ञानका आडमा गलत कार्य गर्ने चोरका क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा जनताका असचेतताको फाइदा उठाउने र आफ्नो फाइदा उठाउने घटनालाई व्यक्त गर्नुका साथै विज्ञानका आडमा चोरी गर्ने कार्यप्रति असचेत जनताको अज्ञानताप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(घ) जीवन र अविनाश वैज्ञानिक हुन् । एकदिन उनीहरू प्रतिस्पर्धाको लडाइँमा खरो भएर उत्रिए....परिणाम स्वरूप दुवैलाई सफलता हात पऱ्यो....जीवन र अविनाश दुवैलाई एकअर्काको आविष्कार देखेर ईर्ष्या लागेर आयो । तर उनीहरूले केही भन्न

सकिरहेका थिएनन् । यसै बीच जीवनको अनौठो मान्छेले अविनाशको आविष्कारलाई जिज्ञासावश हातमा लिन्छ र त्यहाँबाट दौडेर मान्छेको हुलमा हुलमा विलीन हुन्छ ....उता सम्पुर्ण मानव जातिमा भने डर र त्रासको आँधीबेहरी मडारिन थाल्छ (ढकाल. २०६२ : ५६) ।

प्रस्तुत लघुकथांशमा एकअर्कामा प्रतिस्पर्धात्मक भावनाका कारण जनतामा त्रास उत्पन्न गराएको स्थितिलाई विषयवस्तु बनाइएको छ । यहाँ विज्ञानको नाममा भएको गलत कार्यबाट उत्पन्न भयको चेतना अभिव्यक्त भएको छ ।

(ङ) ऊ नामुद वैज्ञानिक थियो । उसले थुप्रै नयाँ-नयाँ आविष्कार गर्ने क्रममा रोबोट सुन्दरीको निर्माण गऱ्यो ....त्यसपछि ती दुवैसँगै घुमफिर गर्न थाले । उनीहरूको सहकार्य एक अर्कामा अन्योन्याश्रित बन्न पुग्यो । एकदिन उसले त्यस सुन्दरीलाई कुरै कुरामा सोध्यो, “म तिमीलाई धेरै माया गर्छु तिमी नि ?” तब रोबोट सुन्दरीले उसका अगाडि टक्क उभिएर हाँस्दै भनी, “कहाँ तिमी असभ्य मानिसका सन्तति कहाँ म रोबोट सुन्दरी, तिमीले मसँग प्रेम प्रस्ताव राख्नु त ‘आकाशको फल आँखा तरी मर’ भने जस्तै हो (अर्याल. २०६६ : ६८) ।

प्रस्तुत लघुकथांशमा वैज्ञानिकले आफ्नो स्तर भुलेर आफैले निर्माण गरेको रोबोट सुन्दरीसँग प्रेम प्रस्ताव राखेको र उपेक्षा सहनु परेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ वैज्ञानिक साधनको महत्त्व नबुझेर पीडामा परेको वैज्ञानिकको जीवनलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा वैज्ञानिकको गलत चिन्तनप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

### ४.२.१०.२ विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन

नेपाली लघुकथामा विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटनका साथै मानिसका गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा विज्ञान र विज्ञानसँग सम्बन्धित आविष्कारका माध्यमबाट मानव समाजका अनेक विसङ्गत पक्षको उत्खनन गर्ने र त्यस्ता पक्ष हटाउने चेतना प्रस्तुत गर्ने काम गरिएको पाइन्छ । यस अध्ययनमा सुमन सौरभको **अमानव,** रामविक्रम थापाको **सङ्कटग्रस्त नजिर,** डम्बर रसिक भारतीको **बुद्धिमापक यन्त्र,** गोरखबहादुर सिंहको **समाधान** एवम् आर.आर. चौलागाईको **आविष्कार** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) “डाक्टरसाब, चिन्नुभएन ? म हिजो तपाईंकै उपचार गरेर गएको, रातभरि नानाथरी सोचले सुत्नै सकिनँ, केही गडबड भयो जस्तो लाग्दै छ मलाई !” “गर्नु गडबड गर्नुभयो तपाईले, भएभरको दुर्गुण एकै साँझमा पखाल्नुभयो र मान्छेभन्दा बिल्कुल फरक हुनुभयो !” उसले ठ्याम्मै केही बुझेन । डाक्टरले थप प्रस्ट पाऱ्यो -

“दुर्गुणबिनाको मानव मानव नै होइन । क्षमा, अब मेरो केही सीप लाग्दैन । साइनबोर्ड हेर्नुस् न, यहाँ मानवको उपचार गरिन्छ, गैरमानवको होइन ।” (सौरभ. २०६५ : ५६) ।

प्रस्तुत लघुकथांशमा वैज्ञानिक विधिबाट उपचार गरिएको मान्छे एकै रातमा दुगुर्ण रहित बनेको र डाक्टरले उसलाई गैरमानवको संज्ञा दिएर उपचार हुन नसक्ने बताएको प्रसङ्ग उल्लेख गरिएको छ । यस रचनामा मानिसको कुनै न कुनै दुर्गुण हुने विचार व्यक्त गरिएको छ । लघुकथांशमा मानवीय विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) एक हुल मान्छेहरू एक गिलास गाईको दूध लिएर अस्तिको दिन रङ्ग वैज्ञानिकको प्रयोगशालामा पुगे । गिलास देखाउँदै उनीहरूले वैज्ञानिकलाई दूधको रङ्ग सोधे । यसो हेरेर श्रद्धेय वैज्ञानिकले निसंकोच भनिदिए-‘यो दूध कालो छ । हिजो फेरि रूखमा बसिरहेको कागलाई देखाउँदै मान्छेहरूले कागको रङ सोधे । पुलुक्क हेर्नासाथ वैज्ञानिक आत्मा बोल्यो-‘त्यो काग सेतो छ’ (थापा. २०५५ : २०) ।

प्रस्तुत लघुकथांशमा कुनै निश्चित कारण बिना जथाभावी टिप्पणी गर्ने वैज्ञानिकको कार्य प्रस्तुत गरिएको छ । निजी स्वार्थले प्रेरित भएपछि वैज्ञानिकले पनि क्षणभरमै आफ्नो रङ बदल्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यहाँ वैज्ञानिक मानवको दोहरो चरित्रप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) “एक वर्षको कठोर मेहनत पछि रश्मीले सम्झिन्, “अब कुनै हालतमा पनि श्वेताको बुद्धि मेरोभन्दा बढी हुन सक्दैन । कहाँकी झुर आइमाई, कहाँकी म गाँठे, दाँज्न मिल्ने कुरा हो ?” पुन : मापनमा रश्मीको विवेक घटेको पाइयो । अनि उनको प्रतिक्रिया रह्यो, “धत्, वाहियात, यो पनि कहीँ हुन सक्ने कुरा हो ?” (भारती. २०६९ : २४) ।

प्रस्तुत लघुकथांशमा रश्मी नामक पात्रमा आफू बुद्धिमान रहेको घमण्ड बुद्धिमापक यन्त्रले तोडिदिएपछि उसले यन्त्रप्रति अविश्वास गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । उनले आफ्नो अनुकूल मापक यन्त्रको व्याख्या गरेकी छिन् । यस रचनामा वैज्ञानिक यन्त्रका माध्यमबाट मानिसको शङ्कालु एवम् अविश्वास गर्ने बानीप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) वैज्ञानिक विज्ञानप्रसादले संसारमा अहिलेसम्म कसैले गर्न नसकेको आविष्कार गरे । उनले त्यो यन्त्रको नाम ‘मूल्याङ्कन’ राखे....उनले सबभन्दा पहिला कुनै कार्यालयका दश जना मानिसमा सो यन्त्रको परीक्षण गर्ने निधो गरे । परीक्षणपश्चात् नौ जनाले गल्ती गरेका र एक जनाले भने एउटा पनि गल्ती नगरेको परिणाम निस्क्यो । कार्यालयमा हल्लाखल्ला भयो । सबैले मसिनलाई गाली

गरे र वैज्ञानिकलाई कुटन खोजे....एउटा पनि गल्ती नगरेको परिणाम निस्किएको कर्मचारीले भने आजसम्म कुनै काम पनि नगरेको रहेछ । (चौलागाई. २०६५ : ४६) ।

प्रस्तुत लघुकथांशमा मानिसको कुनै पनि कुराको आफूअनुकूल मूल्याङ्कन गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो अनुकूल नहुने देखेपछि जुनसुकै कुराको पनि विरोध गर्ने मानवीय प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । यहाँ विज्ञानका माध्यमबाट मानिसको आफ्नो अनुकूलता मात्र खोज्ने प्रवृत्तिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) यन्त्रमानवले पनि भ्रष्ट धनको सङ्केत दिन सक्छ ? मन्त्रीपरिषदमा ठूलो शङ्का र त्रास उब्जियो र निर्णय भयो-'यन्त्रमानवको कार्यक्षमताको परीक्षण गर्ने ।' उक्त निर्णयको एक हप्तापछि एउटा पत्रसाथ यन्त्रमानव प्रविधि विकास विभागमै फिर्ता पठाइयो । यन्त्रमानवसँग संलग्न पत्रमा उल्लेख गरिएको थियो-"१५० वटा घरमा परीक्षण गर्दा पनि यन्त्रमानवले भ्रष्ट धनको कुनै सङ्केत दिन नसकेकोले यसैसाथ फिर्ता पठाइएको छ ।" उक्त यन्त्र परीक्षणका लागि उपलब्ध एक मात्र टोल थियो-सुकुम्बासी टोल । (सिंह. २०६५ : ८२) ।

प्रस्तुत लघुकथांशमा नेपालको जिम्मेवार राजनीतिकर्मी र प्रशासन यन्त्रका मानिसको भ्रष्ट क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ यन्त्रमानवले सही कुरा पत्ता लगाउने थाहा पाएपछि त्यसको प्रयोग गलत ठाउँमा गर्ने र अन्त्यमा सो यन्त्रमानव प्रविधि विकास विभागमा पठाउने कार्य भयग्रस्त मानसिकताबाट गरिएको घटनालाई व्यक्त गरिएको छ । यस रचनामा भ्रष्ट राजनीतिकर्मीको क्रियाकलापप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

### ४.२.१०.३ विज्ञान सम्बन्धी अन्य लघुकथाहरू :

नेपाली लघुकथामा विज्ञानसम्बन्धी विभिन्न विचार एवम् दृष्टिकोण प्रस्तुत गरेका छन् । यस अध्ययनमा रवीन्द्र समीरको **चिन्ता** र टङ्कराम सुनुवारको **रोबोट** लघुकथाको अध्ययन गरिएको छ :

(क) "उसले रहस्यको गाँठो फुकाउँदै भन्यो-"२० जना कर्मचारीले गर्ने काम त्यसले एक्लै गर्छ । तिनीहरू सबै फैलिएपछि बेरोजगारी समस्या कति विकराल हुन्छ, हेर्दै जा !" "को हो त्यो ? को हुन् तिनीहरू ? हाकिम ? महाप्रबन्धक ? नेता ? मन्त्री ? उसले मुटुमाथि डल्लो राख्दै भन्यो-"कम्प्युटर" (समीर. २०६७ : ६३) ।

प्रस्तुत लघुकथांशमा प्रविधिको विकाससँगै कार्यक्षमता पनि बढने भएकोले आफ्नो कार्यमा लापरवाही कर्मचारीमा त्रास फैलिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ

विज्ञानको विकाससँगै मानवीय श्रमको मूल्य नहुनेतर्फ सङ्केत गरिएको छ । यस रचनामा प्रविधिप्रतिको कर्मचारीवर्गको त्रासजन्य चेतना व्यक्त भएको छ ।

(ख) "सम्पूर्ण देशबाट झिकाइएको समान प्राप्त भएपछि ती नेपालका वैज्ञानिकले प्रत्येक अङ्गलाई जोडेर एउटा अत्याधुनिक रोबोट तयार पारे । ब्याट्रीबाट सञ्चालित उक्त रोबोट वैज्ञानिक निर्देशित यन्त्रमानव वैज्ञानिकको महत्त्वपूर्ण सपनाको परिपूर्ति गर्नका खातिर मानवीय संवेदना भुलेर भकाभक मानवको हत्या गर्न थाल्यो" (सुनुवार. २०६७ : ११) ।

प्रस्तुत लघुकथांशमा विदेशबाट आएको सबथोक राम्रो हुन्छ भन्ने चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । यहाँ अर्काका विचारबाट चल्नाले देशको विकास हुन सक्दैन भन्ने चिन्तन प्रस्तुत भएको छ । लघुकथांशमा विदेशमुखी प्रवृत्ति एवम् क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा विज्ञान विषयक रचनाको अध्ययनका मूल निष्कर्षहरु यस प्रकार रहेका छन :

(क) नेपाली लघुकथामा विज्ञानको सही सदुपयोग हुनुपर्ने चेतना आएको छ । विज्ञानको सदुपयोगले मानव जीवन सुखमय बन्ने र विज्ञानको दुरुपयोग गरेको खण्डमा जीवन विनाशतर्फ उन्मुख हुने विचार व्यक्त गरिएको छ ।

(ख) नेपाली लघुकथामा विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन गरिएका रचना प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा मानवीय कुप्रवृत्तिलाई प्रस्तुत गर्न, तिनको उजागर गर्न र मानवीय विकृतिप्रति व्यङ्ग्य गर्न विज्ञान र विज्ञानका साधनहरूसँग सम्बन्धित मानवीय क्रियाकलापलाई प्रस्तुत गरिएको छ ।

(ग) नेपाली लघुकथा रचनामा प्रविधिको आगमनसँगै आएका जटिलताले मानिसको जीवनलाई प्रभावित गर्ने भएकोले मानिसले प्रविधिप्रति गरेको शङ्का एवम् अविश्वासलाई पनि प्रस्तुत गरिएको छ ।

### ४.२.११ आधुनिक सभ्यता एवम् जीवनशैलीगत युगचेतना

नेपाली लघुकथामा युगचेतना अर्न्तगत अध्ययनको एक प्रमुख विषय आधुनिक सभ्यता/जीवनशैली पनि हो । नेपाली लघुकथामा समाजको विकासक्रमसँगै देखापरेका नवीन चिन्तन एवम् जीवनशैलीका बारेमा अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा आएका आधुनिक सभ्यता एवम् जीवनशैलीसँग सम्बन्धित लघुकथाले प्रस्तुत गरेको जीवन र त्यसका विविध पक्षलाई प्रस्तुत गरिन्छ । प्रस्तुत अध्ययनमा नेपाली समाजमा परिवर्तनमुखी चेतना र परिवर्तनका नामका आएका विभिन्न विचार, दृष्टिकोण एवम् क्रियाकलापले पारेको प्रभावको अध्ययन गरिन्छ । यहाँ आधुनिक सभ्यता/

जीवनशैली- सँग सम्बन्धित लघुकथाको विश्लेषणका लागि नारी पुरूष सम्बन्धको प्रस्तुति, पुस्तागत सम्बन्धमा आएका उतारचढावको अभिव्यक्ति, अस्वाभाविक जीवनशैली एवम् असामान्य क्रियाकलापजन्य क्रियाकलापको वर्णन उपशीर्षक निर्धारण गरिएको छ ।

### ४.२.११.१ नारी पुरूष सम्बन्धको प्रस्तुति

नेपाली लघुकथामा युगचेतनाको अध्ययन सन्दर्भमा आधुनिक सभ्यता/जीवनशैलीको विश्लेषणका क्रममा नारी पुरूषबीचको सम्बन्धलाई पनि लिइएको छ । लघुकथामा समाजमा उत्पन्न हुने विविध विचार एवम् जीवनशैलीको प्रभावले मानिसहरूको आपसी सम्बन्धलाई प्रभावित तुल्याएको विचार व्यक्त गरिएको छ । लघुकथा रचनामा आजको दिनमा सूचना प्रविधिले मानिसले एक आपसमा सम्पर्क एवम् सूचनाको आदानप्रदान गर्नमा सहजता महसुस गरेको यथार्थलाई बोध गरिएको छ । नेपाली समाजमा बढ्दो सहरीकरण, सामूहिक परिवारको विघटन र उपभोक्तावादको प्रभावसँग मानिसहरू एकल परिवार समूहमा आबद्ध हुन थालेको विषय सन्दर्भलाई लघुकथा निर्माणको कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

नेपाली लघुकथामा आजको आधुनिक पुस्ता मानवीय संवेदनाभन्दा पनि व्यक्तिगत स्वार्थ एवम् महत्त्वाकाङ्क्षामा रुमल्लिने गरेको, पुस्ताहरूबीचको अन्तर्सम्बन्धमा चिसोपना आएको, पति-पत्नि, आमाबाबु एवम् छोराछोराबिचको सम्बन्ध यान्त्रिकताले जड बनाएको घटनालाई विषयवस्तु बनाएको देखिन्छ । यस अध्ययनमा नेपाली लघुकथामा नारी-पुरूष सम्बन्धका विविध आयामतर्फ ध्यान केन्द्रित गरिएको छ । यस अध्ययनमा नारी पुरूष सम्बन्धमा आधारित गोपाल ढकालको **साहसिक कदम,** देवेन्द्र अर्याल 'आँशु' को **अग्निपरीक्षा,** आर.आर. चौलागाईको **ऊ अझै फर्केन,** मणिकुमार पोखरेलको **परिचय** र श्रीओम श्रेष्ठ 'रोदन'को **तृष्णा** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "म टेष्टटयुब प्रविधिको सहायताबाट गर्भवती भएकी हुँ" रमिलाले तेस्रो पटक मुख खोली....सबै भद्र-भलादमीहरू जऱ्याक-जुरुक गरेर हिँडे । कचहरी त्यतिकै सकियो । उता गाउँका मुखिया भने नारीवादी महिला नेतृको साहसको प्रशंसा गर्दै भन्दै थिए, "तिमीले त मलाई कत्रो सङ्कटबाट बचायौ, नानी" (ढकाल. २०६२ : १३) ।

प्रस्तुत लघुकथांशमा अनैतिक सम्बन्धबाट गर्भवती भएकी महिलाले टेष्टटयुब प्रविधिको सहायताबाट गर्भवती भएको विचार व्यक्त गरिएको छ । लघुकथामा गाउँको मुखिया र गाउँकी आधुनिक जीवनशैली एवम् फेसनको प्रभावमा बाँचेकी महिलाको संसर्गबाट उक्त महिला गर्भवती भएको घटनालाई ढाकछोप गरिएको छ । नेपाली समाजमा आधुनिकताको नाममा जे पनि गर्ने क्रियाकलापका कारण समाजमा विकृतिजन्य गतिविधि बढिरहेका छन् । यसै सन्दर्भमा यहाँ उक्त महिलालाई 'नारीवादी महिला' भनिएको र

मुखियाले महिलाको साहसको प्रशंसा गरेर आफूलाई सङ्कटबाट बचाएको अभिव्यक्ति दिएको घटनाले महिलाको सो क्रियाकलापप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

(ख) विदेशमा काम गर्न गएका एकहुल रामहरू स्वदेश फर्किए । उनीहरूले सीताको सतीत्वमाथि शङ्का गरी अग्निपरीक्षा दिनुपर्ने प्रस्ताव राखे । जब यो कुरा महिला समूहमा पुग्यो, तब जोडतोडका साथ उनीहरूले "अब सीताहरूले होइन, अग्निपरीक्षा दिने पालो रामहरूको हो" भन्ने निर्णय गरे....रगत परीक्षणमा सम्पूर्ण रामहरू एच. आइ. भी. पोजेटिभ देखिए । तब सीताहरूले रामहरू अग्निपरीक्षामा सफल हुन नसकेको र उनीहरूलाई त्यागिएको घोषणा गरे (अर्याल. २०६६ : ५३) ।

प्रस्तुत लघुकथांशमा विदेशमा रोजगारका लागि गएका युवाले असुरक्षित यौन व्यवहार गरेको, विदेशमा गएर आफूले जथाभावी गरेको तर स्वदेश आएर आफ्ना पत्नीमाथि शङ्का गरेर मेडिकल जाँच गराउन खोजेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ महिलाहरूले विदेश गएका ती पुरूष वर्गको जाँच गराउँदा उनीहरूमा एच. आइ. भी. पोजेटिभ लागेको यथार्थ घटनालाई अभिव्यक्त गरिएको छ । यस रचनामा पुरुष वर्गको अनावश्यक शङ्कालु प्रवृत्ति एवम् छाडा क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) अमर र सुधाको योजना मुताबिक उनीहरू अदालतमा गएर सम्बन्धविच्छेदको नाटक गर्छन् र छुट्टिन्छन् । अमर कुइरिनीसँग विवाह गर्दछ । ऊ एकचोटी सुधा र कलिला छोराछोरीसँग सुटुक्क भेट्छ र एयरपोर्टबाट अमेरिका उड्छ.....बिस्तारै दश वर्ष र बीस वर्ष पनि बित्छ....छोरो विवाह भएपछि अन्तै घरजम गरेर बस्छ । छोरी पनि विवाह गरेर जान्छे । सुधा बूढी हुन्छे ....अमर अझै फर्कँदैन (चौलागाई. २०६५ : ४९-५०) ।

प्रस्तुत लघुकथांशमा आर्थिक लोभमा परेर श्रीमानसँग सम्बन्धविच्छेद गर्न पुगेकी महिलाका जीवनको त्रासदी प्रस्तुत गरिएको छ । यहाँ आफ्नो व्यक्तिगत लाभका लागि श्रीमतीलाई धोका दिई विदेशमा गएर कुइरिनी विवाह गर्ने श्रीमान् पात्रको धोकेबाज चरित्रलाई देखाइएको छ । लघुकथांशमा आपसी प्रेमपूर्ण सम्बन्धभन्दा धनप्राप्तिलाई बढी महत्त्व दिने आधुनिक श्रीमान्-श्रीमतीको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) छोरीले परिचय दिइन्-उहाँ मसँग कलेजमा पढने साथी....दोस्रो पटक आउँदा छोरीले थप जानकारी दिँदै भनिन् ....अब उहाँ तपाईंहरूको धर्मछोरो....तेस्रो पटक पनि सोही युवकलाई लिएर छोरी आइन्....उनको सिउँदोमा सिन्दुर देखेर आमाबाबुले झस्किँदै उत्सुकतापूर्वक छोरीको मुखमा हेरे....राताराता गाला पारेर खुट्टाको बूढीऔंलाले भुइँ कोट्याउँदै छोरीले भनिन, उहाँ हजुरहरूको...

हामीले...मन्दिरमा...विवाह गऱ्यौं । बूढाबूढी जिल्ल परे (पोखरेल. २०६९ : १४) ।

प्रस्तुत लघुकथांशमा प्रारम्भमा दिइएका परिचय र नाताहरू समयसँगै परिवर्तन भएको, पहिलेको साथी धर्मभाइ बनेको र पछि पतिका रूपमा परिवर्तन भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ युवायुवतिले सामाजिक सम्बन्धको अपमान गरेर नयाँ जीवन प्रारम्भ गरेका छन् । यस रचनामा आधुनिक सभ्यताका नाममा गलत क्रियाकलाप गर्ने नवपुस्ताको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) अर्को हप्ता मैना अफिस आइपुगिन् । उनी पहिलेभन्दा राम्री, उज्याली र सन्तुष्ट देखिन्थिन् । सबैजना उनको वरिपरि झुम्मिए । उनले अलिकति पनि धक नमानेर भनिन्-"म त अर्कै घर हिँडेँ नि ! घरमा रातिको ड्युटी गर्ने एकजना दाइ हुनुहुन्थ्यो, उहाँसँगै गएँ । के गर्ने ? घरमा लोग्नेसँग भेट हुन गाह्रो, यहाँ तपाईंहरू जहिले पनि कुरै मात्र गर्ने । यसरी कति दिन बाँच्ने ?" (श्रेष्ठ. २०६७ : २२) ।

प्रस्तुत लघुकथांशमा पतिसँगको यौन असन्तुष्टिको परिणाम स्वरूप एक महिला कर्मचारीले घरको सुरक्षा गर्ने पालेसँग पोइल गएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ अति कामुक महिलाको यौनजन्य गतिविधिलाई व्यक्त गरिएको छ । महिलाले कार्यालयमा पनि असामान्य व्यवहार गर्ने र पुरुषहरू पनि उनीप्रति झुम्मिने गरेपनि घरको सुरक्षा गर्ने पालेलाई आफ्नो सुरक्षित गन्तव्य ठानेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ महिलाको यौनजन्य आवेगले सामाजिक मर्यादाको ख्याल नगरेको र छाडा भएको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथा अंशमा महिलाको असामान्य मनोदशाले उत्पन्न गरेको विकृत चेतनालाई प्रस्तुत गरिएको छ ।

### ४.२.११.२ पुस्तागत सम्बन्धमा आएका उतारचढावको अभिव्यक्ति

आधुनिक सभ्यता एवम् जीवनशैलीमा युगचेतनाको प्रभावका सन्दर्भमा पुस्तागत सम्बन्धमा आएको उतारचढावलाई अध्ययनको विषय बनाइएको छ । नेपाली लघुकथामा वर्तमानमा सम्पत्ति एवम् ओहदाको प्राप्तिसँगै पुरानो पुस्ताको अवमूल्यन एवम् व्यक्तिगत मोजमस्तीपूर्ण जीवनको खोजतर्फ नवपुस्ता दौडिरहेको सन्दर्भ प्रस्तुत गरिएको छ । लघुकथा रचनामा नवपुस्ताले आफूलाई यो स्थानमा पुगाउनमा कसको योगदान छ भन्ने कुरा भुलेर आफ्नो लाभ मात्र हेर्ने प्रवृत्ति अँगाल्नाले पारिवारिक सम्बन्धमा तनाव उत्पन्न गर्नाका साथै सम्बन्ध विच्छेदका घटना समेत भइरहेको स्थितिबोध गरिएको छ । नेपाली लघुकथामा पुरानो पुस्ताको यथोचित सम्मान र नवपुस्तालाई उचित हौसला हुन सकेमा नै आपसी सम्बन्धमा जीवन्तता आउने भावसहितको सकारात्मक चेतना अभिव्यक्त भएको छ । यस अध्ययनमा पुस्तागत सम्बन्धमा आएका उतारचढावसँग सम्बन्धित गोरखबहादुर सिंहको

**आधुनिक विचार,** सिन्धु गौतमको **विडम्बना,** सुमन सौरभको **अप्रासङ्गगिक,** किशोर पहाडीको **अर्धसत्य** र मणिकुमार पोखरेलको **रहस्य** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) मीठाराम वृद्धाश्रममा प्रवेश गरेको अर्को दिन उसको डाक्टर छोराले छिमेकीसँग सगर्व फुर्ती छाँट्यो, "हाम्रो बुबा त साह्रै आधुनिक मान्छे, छोरा बुहारीलाई किन झन्झट दिनु भनेर उहाँ हिजै रामानन्द वृद्धाश्रममा जानु भयो ।" मीठारामको आधुनिक विचार टोल-छिमेक छिचोल्दै रफ्तार विस्तारित हुँदै गयो" (सिंह. २०६५ : ९) ।

प्रस्तुत लघुकथांशमा आफ्ना कारण वृद्धाश्रम गएका बुबाका सन्दर्भमा छोराले गरेको टिप्पणीलाई प्रस्तुत गरिएको छ । यहाँ आधुनिक समाजमा मानवीय मूल्यको गिरावट र मानिसको आडम्बरपूर्ण जीवनशैलीलाई प्रस्तुत गरिएको छ । लघुकथा अंशमा छोरा पात्रको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) तीन वर्षअघि आश्रममा झुक्याएर छोडेकी आमालाई सम्झियो र हान्नियो आश्रमतिर । फलफूल र मिठाई लगेर छोडिदियो आश्रममा । ऊ जाने आँट गरेन आमाछेउ । टाढैबाट देख्यो....तप्प आँसु झाऱ्यो...। तर उसलाई थाहा छैन, आज त त्यो मिठाइ, फलफूल खान्छिन् तर भोलि उसकी आमा भोकै हुन्छिन् भनेर...। (गौतम. २०६८ : २३) ।

प्रस्तुत लघुकथांशमा छोरा पात्रको दोहरो चरित्र देखिन्छ । लघुकथामा छोराले एकातिर आमालाई वृद्धाश्रम पनि पठाउँछ भने अर्कोतिर आमाको सम्झना पनि गर्दछ । नेपाली समाजमा मानवीय मूल्यको गिरावट र व्यक्तिगत स्वार्थमुखी क्रियाकलाप बढ्दै गइरहेको छ । यसै सन्दर्भमा छोरा पात्रले आजको स्वार्थी संसारको चेतनाको प्रतिनिधित्व गरेको छ । उसले एकातिर आफ्नो स्वार्थका कारण आमालाई वृद्धाश्रम पठाएको छ भने अर्कातिर आमाको माया लागेर फलफूल र मिठाइ लगेर आश्रममा पनि छोडेर आएको छ । लघुकथामा छोरा पात्रको अनौठो क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) छोरी आमासँग कुन्नी के कुरामा झगडा गर्दै थिई र उसकै बारेमा नानाथरी फलाक्दै थिई । ऊ डायरी लुकाएको लुकायै फर्कियो । छोरी कराएको सुनिँदै थियो- "भो, भो आमा हाम्रा बाउ अब अप्रासङ्गिक भइसकेका छन् । उनको कुराको पछि लागेर के काम । उनको असफलताको मात्र कुरा गर्ने हो भने आधा दर्जन कारण म अहिले गनिदिन्छु ।" (सौरभ. २०६८ : २६) ।

प्रस्तुत लघुकथांशमा दुई भिन्न पुस्ताबीचको अन्तर्सम्वादको कमीलाई प्रस्तुत गरिएको छ । बुबाको हृदयमा छोरीप्रति अपार ममता छ तर उसले छोरीलाई सही किसिमले सम्झाउन सकेको छैन । वर्तमानमा नवपुस्ताले देखासिकीमा विश्वास गरेको, विगततर्फ

फर्केर नहेरेको एवम् तत्कालको जीवनलाई हेरेर निर्णय गर्ने गरेको यथार्थलाई व्यक्त गरिएको छ । यहाँ छोरीको बुबाप्रतिको कमजोर सोचाइका कारण उनीहरूको सम्बन्ध तनावपूर्ण हुने देखिन्छ । यस रचनामा पुस्तान्तरणका समस्यालाई प्रस्तुत गर्नाका साथै वर्तमान पुस्ताको स्वार्थी प्रवृत्तिप्रति असहमतिको चेतना व्यक्त गरिएको छ ।

(घ) "त्यो मान्छेले रुँलाझैं अभिनय गऱ्यो -"मेरी आमा बिरामी हुनुहुन्छ । उहाँलाई दूध लग्न लागेको ।" गोविन्दले झन् तान्यो । उसलाई र भन्यो-"फटाहा कुरा नगर, साले ! हामीलाई थाहा छ, अचेल आफ्नी आमाको निमित्त कसैले पनि त्यति धेरै सेवा गर्दैनन् । स्वास्नीलाई भन् न बरु पत्याउँछु" (पहाडी .२०५३ : ८) ।

प्रस्तुत लघुकथांशमा आजको युगको यथार्थ प्रस्तुत गरिएको पाइन्छ । लघुकथामा आजको युगमा मानिसले आमाभन्दा श्रीमतीलाई धेरै प्राथमिकता दिने र उनको सेवा चाकरी गर्नमा लीन हुने कार्यले फरक पुस्ताका बीचमा उतारचढाव उत्पन्न हुने विचार व्यक्त गरिएको छ । यहाँ वर्तमानमा मानिसको स्वार्थपरकता एवम् अग्रज पुस्ताको अपहेलना गर्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) अनवरले आत्महत्या गरेको खबरले धेरैलाई आश्चर्यमा पाऱ्यो....केही महिना पश्चात् गाउँमा खबर फैलियो, अनवरकी स्वास्नीले छोरो पाई रे....नवजात शिशुको न्वारन गर्नुपर्ने भएकाले अनवरका बाबुको खोजी गरियो । यसै समयमा गाउँको एउटा केटो खबर लिएर आयो, गाउँ नजिकै रहेको खोलाढिकमा भएको सिमलको रूखमा कसैको लास झुन्डिएको छ....यथार्थमा लास अनवरको बाबु कामदेवको थियो (पोखरेल. २०६९ : २६) ।

प्रस्तुत लघुकथांशमा ससुराबुहारीबीचको अनैतिक सम्बन्धका कारण बाबुछोरा दुवैले आत्महत्या गरेको घटना प्रस्तुत गरिएको छ । यहाँ नातासम्बन्धको गरिमा भङ्ग गरेर सामाजिक अपराध गरेका कारण पुरानो पुस्ता र नवपुस्ताका बीचमा उत्पन्न गरेको अविश्वासका कारण पारिवारिक विघटन भएको छ र आत्महत्याको घटना घटेको सन्दर्भ अभिव्यक्त भएको छ । यस रचनामा सामाजिक मूल्यको उपेक्षा गर्ने कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीलाई प्रस्तुत गर्ने क्रममा पुस्तागत सम्बन्धलाई पनि विषय बनाइको छ । नेपाली लघुकथामा वर्तमानमा मानिसमा हराउँदै गएको संवेदना एवम् व्यत्तिवादले मानिसले आफ्ना आमाबाबुलाई बुढेसकालमा दुःख दिने, सताउने एवम् घरबाट निकाल्ने समेत क्रियाकलाप गरेको यथार्थ अभिव्यञ्जित गरिएको छ । लघुकथा रचनामा समाजमा प्रतिष्ठित पनि हुन चाहने अर्कातिर आमाबाबुप्रति

क्रूर व्यवहार गर्ने मानिसको सङ्ख्या बढिरहेको एवम् व्यक्तिगत भोगवादले मानिसमा नैतिक मूल्यको क्षय गरेको यथार्थ अभिव्यञ्जित गरिएको छ ।

### ४.२.११.३ अस्वाभाविक जीवनशैली एवम् असामान्य क्रियाकलापको वर्णन

नेपाली लघुकथामा आधुनिक सभ्यता एवम् जीवनशैलीको अध्ययनका क्रममा अस्वाभाविक जीवनशैली एवम् असामान्य क्रियाकलापलाई विषय सन्दर्भका रूपमा प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा मानिस आफूलाई अरूभन्दा विशेष देखाउनका लागि अस्वभाविक जीवनशैली अँगाल्न पुगेको, उनीहरूका क्रियाकलापका कारण उनीहरू स्वयंको जीवन त बर्बाद भएको एवम् त्यसले गर्दा समाजमा समेत त्यसको नकारात्मक असर परेको स्थितिलाई बोध गरिएको छ । नेपाली लघुकथामा समाजमा रहेका अन्य मानिसभन्दा भिन्न देखिन गरिने क्रियाकलापका कारण मानिसको जीवनमा विभिन्न सङ्कट आइपर्ने विचार व्यक्त गरिएको पाइन्छ । यस अध्ययनमा महेश प्रसाईको **रूपवती,** विमला अधिकारीको **यथार्थ,** कैलाशकुमार शिवाकोटीको **संस्कृति मोह** र देवेन्द्र अर्याल 'आँसु' को **चुनौती** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "समयको अन्तरालमा रूपवतीको बैँस ढल्किँदै गइरहेको थियो । शृङ्गार पनि अस्वभाविक हुँदै गइरहेको प्रतीत हुन्थ्यो । जता गए पनि रूपवतीकै टीकाटिप्पणी सुनिन्थ्यो । अब समयले रूपवतीसित मुख मोडिसकेको थियो । एकदिन असार संसारको सार नदेखेर रूपवती कृतिम बजारबाट हराइन्" (प्रसाई. २०६८ : ४) ।

प्रस्तुत लघुकथांशमा एकजना रूपवती महिलाको चर्चा एवम् ख्याति उसको बैँस रहँदासम्म रहेको अवस्था प्रस्तुत गरिएको छ । यहाँ उक्त सुन्दर महिलाले बैँस ढलेपछि मूल्यहीन भएको अवस्थामा त्यो ठाउँ छोडेर जानुपरेको पीडाजनक क्षणलाई व्यक्त गरिएको छ । यस रचनामा मानिसको कुनै योग्यता, क्षमताभन्दा पनि सौन्दर्यका आधारमा पाइएको सम्मान टिकाउ हुँदैन भन्ने तथ्य व्यक्त गरिएको छ । यस रचनामा अनावश्यक तडकभडकजन्य क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) बिस्तारै सानातिना काम गर्नेहरूसँगको सङ्गत रुचाउन छाड्यो उसले । चुरीफुरी निकै बढ्न थालेपछि साना भुरेटाकुरेलाई गन्ने त कुरै रहेन । सम्पत्तिवाल बन्ने रहरमा हेर्दाहेर्दै उसमा क्यासिनो धाउने बानी बढ्दै गयो । क्यासिनो धाउन थालेदेखि एक, दुई पटकको जितसँगै उसमा लत बस्यो । आजभन्दा भोलि, भोलिभन्दा पर्सि क्यासिनोमा जितसँगै हार्ने प्रक्रिया बढ्दै गयो (अधिकारी. २०६९ : ५५) ।

प्रस्तुत लघुकथांशमा गलत आदत भएको मानिसले आफ्नो पुरानो सम्पत्ति सकेर टाट पल्टेको अवस्था चित्रण गरिएको छ । यहाँ गलत आदत, गलत संस्कार एवम् गलत क्रियाकलाप कहिल्यै पनि टिकाउ हुँदैन भन्ने विचार व्यक्त भएको छ । यस रचनामा

अस्वाभाविक जीवनशैली अँगाल्ने मानिसको क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ग) गाडीमा "म कहिले नझुक्ने नेपालको छोरो" गीत घन्किरहेको थियो....क्या झुर गीत । अलि गतिलो छैन । जसोजसो बाजे उसैउसै स्वाहा, गुरुजीले पनि नेताज्यूको आज्ञामुताबिक काम फत्ते गर्दै गए । आलोपालो गरी "चोलीके पिछे क्या है...। तु चिज बढी है मस्तमस्त...।" जस्ता गीतले वातावरण गुञ्जायमान भयो (शिवाकोटी. २०७० : १४८) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक नेताको गलत बानी व्यवहारलाई प्रस्तुत गरिएको छ । यहाँ नेताले राष्ट्रिय गीतप्रति देखाएको उपेक्षाभाव एवम् विदेशी अश्लील गीतप्रतिको अनुरागलाई प्रस्तुत गरिएको छ । नेतामा सांस्कृतिक एवम् नैतिक पतन देखिएको घटनाक्रमले पुष्टि गरेको छ । लघुकथांशमा राजनीतिक नेताको अस्वाभाविक गतिविधिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) एकदिन भगवान् पनि मर्त्यमण्डलमा युवाहरूको के कस्तो अवस्था छ होला भनी बुझ्न ठाँटिएर पृथ्वीमा झरेछन्....मर्त्यमण्डलका युवाको स्थिति बुझ्न गएका भगवान्लाई झन्डै 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' भनेझैं भएको थियो । यता त्यस युवतिको अनुहारमा यौवनको ज्वाला अझै निभेको थिएन । जसलाई कम गर्न ऊ पेगका पेग बियरको चुस्की लगाउँदै फतफताइरहेकी थिई, 'यस्ता पनि लोग्नेमान्छे, हुतिहारा, नामर्द ।' (अर्याल. २०६६ : ७०-७१) ।

प्रस्तुत लघुकथांशमा एकजना महिलाको आत्मनियन्त्रणको अभावलाई प्रस्तुत गरिएको छ । लघुकथामा भोगविलासपूर्ण जीवनशैली अँगालेकी महिला यौन उन्मादले ग्रसित क्रियाकलाप अभिव्यक्त भएको छ । यहाँ महिलाले आफ्नो दैहिक आवश्यकता पूरा गर्न नसक्दा उत्पन्न पीडालाई सहन गर्न नसकी उसमा असमान्य मनोदशा एवम् विक्षिप्तता बढदै गएको पाइन्छ । यस रचनामा महिलाको अस्वभाविक जीवनशैलीप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा फेसन एवम् आडम्बरपूर्ण जीवनशैलीसँग सम्बन्धित रचनामा मानिसको प्रर्दशनमुखी व्यवहार र त्यस व्यवहारले उत्पन्न गरेको विकृत परिवेशलाई प्रस्तुत गरिनाका साथै त्यस्तो विकृत परिवेश एवम् क्रियाकलापविरोधी चेतना प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा समाजमा असल संस्कार एवम् संस्कृति स्थापना हुनुपर्ने चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

### ४.२.१२ न्याय-कानुनगत युगचेतना

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत अध्ययनको प्रमुख विषय न्याय-कानुनका सन्दर्भमा युगचेतना हो । नेपाली लघुकथामा जनतालाई न्याय प्रदान गर्ने सन्दर्भमा सम्बन्धित निकाय एवम् व्यक्तिबाट हुने गरेका क्रियाकलापले समाजका विभिन्न अङ्गमा असर पुग्ने विचार व्यक्त भएको पाइन्छ। लघुकथा रचनामा हरेक नागरिक कानुनका दृष्टिले समान भएको र न्याय-कानुनको पालनाका क्रममा हुने गरेका क्रियाकलापले समाजका हरेक अङ्ग प्रभावित हुने तथ्यलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली समाजको विकासक्रममा न्याय-कानुनको परिपालन के कसरी हुँदै आयो भन्ने विषयलाई समेटिएको छ। नेपाली लघुकथामा न्याय-कानुनका सन्दर्भमा युगचेतना के कसरी प्रतिबिम्बित भएको छ भन्ने कुराको अध्ययनका लागि कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधिको प्रस्तुति, कानुन पालनका लागि सुरक्षा निकायका क्रियाकलापको अभिव्यक्ति, कानुन पालनका सन्दर्भमा न्यायालय एवम् न्यायकर्मीको भूमिका गरेर तीन उपशीर्षक निर्धारण गरेर अध्ययन गरिएको छ।

#### ४.२.१२.१ कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधिको प्रस्तुति

नेपाली लघुकथामा नागरिकका सन्दर्भमा नेपालको न्याय-कानुन क्षेत्र के कस्तो रह्यो भन्ने विषय अध्ययन गरिएको छ। लघुकथा रचनामा न्याय-कानुन परिपालन गर्ने क्रममा आम नागरिकले के कस्तो भूमिका खेलेका छन् भन्ने विषयलाई प्रस्तुत गरिएको पाइन्छ । नेपालको कानुनले नागरिकको जीवनलाई के कसरी प्रभावित गऱ्यो भन्ने विषय पनि यहाँ अध्ययन गरिएको छ। यस अध्ययनमा जगदीश नेपालीको **को कस्तो ?,** शेखरकुमार श्रेष्ठको **कानुन,** श्रीबाबु कार्की 'उदास' को **द्वैत चरित्र,** भीम राना 'जिज्ञासु' को **व्यभिचार** एवम् बद्री पलिखेको **मुद्दा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) विशाल जनसमूहका अगाडि उभिएको अपराधी शिवप्रसाद पुलिसको रिपोर्ट पब्लिक प्रसिक्युटरको साक्षी र अन्य सबै परिबन्दबाट दण्ड दिनुपर्ने ठहरिन गयो....उसमाथि लगाइएको अपराध डकैतीमा सामेल थियो भन्ने थियो । अपराधीले दुवै हात जोडेर बिन्ती गऱ्यो । दया निधान ! मेरो जन्मान्ध नै मेरो सफाई हो । प्राकृतिक सजाय भन्दा प्रकृतिले सिर्जना गरेको प्राणी वा बनावटी अपराधबाट मैले अझै के दण्ड भोग्नु पर्ला र ? के यसभन्दा पनि बढी मलाई सफाइको आवश्यकता छ ....वादीलाई उपस्थित गराउने आदेश पाउँदा नपाउँदै अपराधीको उत्तर सुनेर वादी त्यस समूहबाट विलीन भइसकेछ (नेपाली. २०३९ : १९)।

प्रस्तुत लघुकथांशमा एकजना आँखा नभएको मानिसलाई जबर्जस्ती डाँका मुद्दा लगाएर फसाउन खोजिएको घटनालाई प्रस्तुत गरिएको छ । हाम्रो समाजमा साधनहीन

एवम् कमजोरमाथि साधनसम्पन्न एवम् बलशाली मानिसले अन्याय अत्याचार गर्ने एवम् शोषण गर्ने कार्य गरिरहेको पाइन्छ । यस रचनामा एक अन्धालाई डकैती गरेको आरोपमा फसाउन खोजिएकोमा अन्धाले आफ्नो सफाइ दिएर बचेको घटना प्रस्तुत गरिएको छ । लघुकथांशमा गैरकानुनी किसिमले असहाय नागरिकलाई झुठो मुद्दामा फसाउन खोज्ने फटाहाहरूको क्रियाकलापप्रति असहमति एवम् घृणाको चेतना व्यक्त भएको छ ।

(ख) अर्को दिन म त्यसरी नै बाटामा हिँडदै थिएँ । रातको ८ः ३० जति बजेको थियो । एउटा मान्छे घुम्तीमा गाडिहरूलाई नै पेलेर सडक पार गर्दै थियो । त्यही बेला एउटा मोटरले त्यस मान्छेलाई हिर्कायो । उसलाई ड्राइभरले हत्त न पत्त मोटरमा हालेर कुदाई अस्पताल लग्यो तर बिरामी मऱ्यो । उसले किरिया खर्चका लागि रकम दियो तर सबैले आवाज उठाए, त्यतिले पुगेन भनेर । त्यो दिउँसोभरि कमाइ गरी ६ जना पाल्नुपर्ने ड्राइभरले मर्नेको एउटा स्वास्नी र सत्र वर्षे छोरा र १४ वर्षे छोरी पनि पाल्नुपर्ने भयो । खै कस्तो काइदा कानुन हो, मैले बुझिनँ (श्रेष्ठ. २०५९ : ६) ।

प्रस्तुत लघुकथांशमा एकजना अन्जानमा भएको दुर्घटनाका लागि ड्राइभरलाई गराउने अनुचित दण्ड तोकिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ दुर्घटनामा पर्ने मानिस आफ्नै गल्तीका कारण मृत्यु हुन पुगेको यथार्थलाई बिर्सेर एक गरिब ड्राइभरमाथि सजाय गर्ने कार्यप्रति असहमति प्रकट गरिएको छ । लघुकथांशमा कानुनका नाममा निर्दोष नागरिकलाई पीडा दिने कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ग) भद्र पुरुष पनि म त्यहाँ पुग्दा लडखडाउँदै बोल्दै थियो, 'ए साले हो भन के खान्छौ ? किनिदिन्छु । तर चुप लागेर बस । आजको रात रङ्गीन बनाइदेऊ ।' म यस पुरुषलाई हेरेर छक्क परे । ती पुरुष त केही क्षण अगाडिको टेलिभिजन समाचारका एक पात्र थिए । उनी यस कार्यक्रममा चेलीबेटी बेचबिखन र नेपाली नारीकोचुनौती विषयक कार्यक्रममा कार्यपत्र पेस गर्नेमध्येका व्यक्ति थिए (कार्की. २०६१ : ४९) ।

प्रस्तुत लघुकथांशमा एकजना सामाजिक क्षेत्रमा काम गर्ने बुद्धिजीवीको नैतिक पतनलाई देखाइएको छ । उक्त भद्र पुरुषले रक्सीको मातमा एक होटलमा गएर रात रङ्गीन बनाउने विचार राख्नाका साथै त्यहाँ भएका मानिसलाई गालीसमेत गरेको अवस्था वर्णन गरिएको छ । यस रचनामा उसको नैतिक पतन एवम् कानुन उल्लंघनको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(घ) "ऊ चाहिँ सलाई कता छ भन्दै बहाना बनाएर साहुनीको जबर्जस्ती अस्मिता लुट्न खोज्यो । साहुनी अर्थात् मैयाँनानी चिच्याउँदा इज्जत जाला भनेर कुनै प्रतिक्रिया गर्न सकिन । अर्थात् रमेशले होटल साहुनीको इज्जत लुटिछाड्यो र यसलाई ऊ लोग्नेमान्छे हुनुको पुरुषार्थ सम्झन्छ" (राना. २०६६ : ३३) ।

प्रस्तुत लघुकथांशमा एकजना व्यभिचारी मानिसको सामाजिक एवम् नैतिक अपराधलाई अभिव्यक्त गरिएको छ । यस रचनामा उसले यस्तो कार्य निर्लज्ज एवम् निर्भय भएर गरेको घटनालाई व्यक्त गरिएको छ । लघुकथांशमा उसको कानुन विरोधी क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) "गाउँमा एउटा जमिन्दारसँग मुद्दा परेर उसको सर्वस्व भई होस हराएको भनी म सुन्दथें । अहिले माझी बुधनलाई देख्दिनँ । सायद मरिसक्यो होला । अहिले त्यही मुद्दा नातिले बोक्दैछ । ऊ पनि मुद्दा धाउँदै छ भनी सुनेको छु" (पलिखे. २०६० : ६८) ।

प्रस्तुत लघुकथांशमा अदालतले ढिलो न्याय दिने कार्यका कारण सामान्य मानिसको जीवन कसरी दुःखमय बन्दछ भन्ने देखाइएको छ । यहाँ एक जमिन्दारले आफ्नो प्रभावका बलले एक सामान्य नागरिकमाथि मुद्दा हालेर उक्त नागरिकको सर्वस्व भएको र होस हराउनु एवम् नातिको पालासम्म मुद्दा चलिरहेको अवस्थालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा नेपालको न्याय प्रणालीको विसङ्गतिका कारण प्रभावशाली मानिसले लाभ उठाएको र सामान्य मानिसको जीवन बर्बाद भएको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा कानुन क्षेत्रको विसङ्गतिप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा युगचेतना अध्ययनका सन्दर्भमा 'कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधिको प्रस्तुति'मा उपशीर्षकमा कानुन विपरीत कार्य गर्ने व्यक्तिका कारण समाजमा कमजोर मानिसले दुःख पाइरहेको यथार्थ प्रस्तुत गरिएको छ । लघुकथा रचनामा कानुनको पालना नगर्ने व्यक्तिप्रति असहमतिको चेतना साथै उक्त व्यक्तिले सजाय पाएको घटनासमेत अभिव्यक्त भएको छ ।

### ४.२.१२.२ कानुन पालनका लागि सुरक्षा निकायका क्रियाकलापको अभिव्यक्ति

नेपाली लघुकथामा कानुन एवम् न्यायको परिपालना गर्न र गराउनमा सुरक्षा निकाय तथा ती निकायसँग सम्बन्धित निकायको भूमिकाका सन्दर्भमा अध्ययन गरिएको पाइन्छ । लघुकथा रचनामा समाजमा शान्ति सुव्यवस्थाका साथै पीडक पक्षलाई सजाय दिने कार्यमा सुरक्षा निकायको भूमिका महत्त्वपूर्ण रहने विचार व्यक्त भएको छ । नेपाली लघुकथामा प्रशासन एवम् सुरक्षा निकायको भूमिका सन्र्दभमा प्रस्तुत रचनालाई यस अध्ययनमा स्थान दिइएको छ । यस अध्ययनमा इन्दिरा प्रसाईको **मात,** रत्न कोजूको **कारण/अकारण,** साधना प्रतीक्षाको **मदिरा निषेध,** श्रीओम श्रेष्ठ 'रोदन' को **वर्तमान** र डम्मरूबल्लभ गडतौलाको **घुस** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) बिहान सडकका किनारामा मानिसहरू अर्धनग्न बौलाहीको लास घेरेर उभिएका थिए । प्रहरी निरीक्षक रमेशचन्द्र पनि त्यहाँ आइपुगेका थिए....रमेशचन्द्रलाई यतिखेर अचम्म लाग्यो, बौलाहीको शरीर र लुगाहरूबाट खपिनसक्नुको दुर्गन्ध आइरहेको

> थियो । उसलाई हिजो रातीको कुरा सम्झना भएर आयो, रक्सीको नसाले हो कि किन होला, हिजो राति यो बौलाही पटक्क गन्हाएकी थिइन, यति फोहरी छे जस्तो पनि उसलाई लागेको थिएन (प्रसाई. २०५५ : २७) ।

प्रस्तुत लघुकथांशमा एक जना बौलाहीको सामूहिक बलात्कार पछि हत्या भएको र सो घटनामा प्रहरी निरीक्षकको संलग्नता रहेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ सुरक्षाकर्मीले जनताको जीउधनको रक्षा गर्नुपर्नेमा उल्टो जनताको इज्जत लुट्ने एवम् हत्या गर्ने कार्य गरेको यथार्थ अभिव्यक्त गरिएको छ । लघुकथांशमा प्रहरी निरीक्षककलाई हिजोका घटना याद आउनु, रक्सीको नशाले युवति गन्हाएको थाहा नहुनु र युवति फोहर भएको थाहा नहुनुजस्ता घटना प्रस्तुत गरेर घटनामा उसको संलग्नता पुष्टिका साथै उसको यस्तो क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त गरिएको छ ।

(ख) "तैंले यस टोलको गणेशको मूर्ति चोरिस् । प्रमाण के छ ? प्रमाणका लागि टोलवासीहरूको बयान हामीसित छ कि तँ बेरोजगार छस्, यति नै यथेष्ट छ" (कोजू. २०३९ : २८) ।

प्रस्तुत लघुकथांशमा एकातिर बेरोजगार युवकलाई जबर्जस्ती चोर साबित गराउन खोज्ने प्रहरीको गलत क्रियाकलाप देखिन्छ भने अर्कातिर बेरोजगार युवकप्रति अपमानजनक व्यवहार गर्ने टोलका मानिसको व्यवहारलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा परपीडक चरित्र भएका मानिसको बाहुल्य भएका कारण अन्य मानिसले दुःख पाउनुपरेको देखिन्छ । लघुकथांशमा घटनाको यथार्थता पत्ता लगाएर दोषीमाथि कारवाही गर्नेभन्दा पनि एक निर्दोषलाई फसाएर आफ्नो कर्तव्य पूरा भएको ठान्ने सुरक्षा निकायमा रहेका व्यक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ग) "अँ, ड्युटी राम्रै भा छ होइन ?" उसको काँधमा हात राखेर अलि लरबराउँदै मोटरसाइकल चालक अघि बढ्छ । उसको मुखबाट आएको मदिराको गन्धलाई कुनै यन्त्रले नाप्न सक्दैन । किनकि, ऊ त कतै सर्च गरेर आएको प्रहरी अधिकृत हो । जसका आँखामा कुनै डान्सबारको ताजा स्वाद अझै बाँकी छ" (प्रतीक्षा. २०६८ : ३०) ।

प्रस्तुत लघुकथांशमा एकजना प्रहरीको उच्च अधिकारी आफू मादक पदार्थ सेवन गरेर आई आफ्ना मातहतको प्रहरीलाई मादक पदार्थ सेवन जाँच राम्रै छ भनेर सोधेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यहाँ उसको आँखामा डान्सबारको स्वाद बाँकी छ भनेर प्रहरी अधिकृत डान्सबारमा पनि जानेगरेको यथार्थलाई प्रस्तुत गरिएको छ । यस रचनामा उसको गलत क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना 'उसको मुखबाट आएको मदिराको गन्धलाई कुनै यन्त्रले नाप्न नसक्ने भन्नु एवम् उसको आँखामा डान्सबारको ताजा स्वाद बाँकी रहेको' भन्ने भनाइले व्यक्त गरेको पाइन्छ ।

(घ) "भोलिपल्ट बिहान भक्तेको घरमा प्रहरी आयो । भक्ते बाहिर निस्क्यो । प्रहरीले भक्तेलाई बन्दुक राखेको अपराधमा पक्रेर लग्यो । आफूसँग बन्दुक भएको प्रहरीले थाहा पाएकामा आश्चर्य मान्यो र तुरुन्तै हिजो राति घरबाट भगाएको चोरलाई सम्भि्यो र प्रहरीको अनुहारमा हेर्‍यो" (श्रेष्ठ. २०५८ : ७०) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिसले राती चोरलाई बन्दुक पड्काएर धपाएको, बिहान उसको लाइसेन्स बिनाको बन्दुक सहित पक्राउ परेको र उसले आफूलाई पक्रन आउन प्रहरी रातीको चोर हो की भन्ने आशंका समेत गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस तथ्यले प्रहरी प्रशासनभित्रका मानिसको नैतिकताको सङ्कटलाई देखाउँछ । लघुकथांशमा प्रहरी प्रशासनका मानिसका क्रियाकलापप्रति सामान्य मानिसको अविश्वास रहेको भावसहितको चेतना व्यक्त भएको छ ।

(ङ) "अति सर्वत्र वर्जयेत्" भनेझैं औंसीको रातमा कसैले थाहा नपाउने गरी घर पछाडिको पैयूँका रूखमा पेटको बच्चालाई समेत यो संसार देख्न नपाउने गरी आफूले पनि संसार छाडिन् शर्मिलाले । ....प्रहरी आए । पाइला एकजनाको मात्र छ । हाँगो काटेर लासको प्रकृति मुचुल्का गरी अस्पताल लगे । शरीरमा निलडाम देखिँदैन । आफै झुण्डिएर मरेको देखियो । डाक्टरले त्यही लेख्यो । लासको सद्गति भयो । शर्मिलाको नन्द आमाजु हामीले मारेका भन्थे । गाउँलेचाँहि डा. र प्रहरीले घुस खाएर रिपोर्ट बिगारे भन्थे (गडतौला. २०६८ : १०५) ।

प्रस्तुत लघुकथांशमा एकजना विवाहित महिलाको हत्यामा उसकै परिवारको आशङ्का भएकोमा पछि प्रहरीले उक्त महिलाले आत्महत्या गरेको पुष्टि गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ न्यायकानुन पालनका सन्दर्भमा आफ्नो अधिकारको दुरुपयोग गरेको घटनालाई व्यक्त गरिएको छ । लघुकथांशमा प्रहरी प्रशासनका व्यक्तिका गलत चिन्तन एवम् क्रियाकलापलाई देखाउनाका साथै त्यस्ता कार्यप्रति व्यङ्ग एवम् विरोधको चेतना व्यक्त भएको पाइन्छ ।

नेपाली लघुकथामा कानुन पालनाका सन्दर्भमा सुरक्षाकर्मीका क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै ती क्रियाकलापमा अभिव्यक्त चेतनाको समेत अध्ययन गरिएको छ ।

### ४.२.१२.३ कानुन पालनका सन्दर्भमा न्यायालय एवम् न्यायकर्मीको भूमिका

नेपाली लघुकथामा न्यायालय र न्यायालयसँग सम्बन्धित विषय प्रसङ्गको अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा न्यायालय, न्यायाधीश वर्ग तथा न्याय सम्पादनको जिम्मा लिएकाले गर्ने गरेका निर्णयले सामान्य नागरिकको जीवनलाई कसरी प्रभावित गरिएको छ भन्ने विषय प्रस्तुत गरिएको छ । यस अध्ययनमा विनयकुमार कसजूको **कानुनको मर्म**,

गोरखबहादुर सिँहको **अजम्मरी गाई,** बद्री पलिखेको **न्यायनिसाफ,** कैलाशकुमार शिवाकोटीको **न्यायाधीश,** किशोर पहाडीको **तराजु** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) जनावरहरूको सबै कुरा सुनिसकेपछि बडो गंभीर भएर बाँदरले भन्यो, "तपाँईहरूले नयाँ कानुनको राम्ररी बुझ्नु भएको रहेनछ । त्यसमा त स्पष्ट छ कि अन्याय अत्याचारको आलोचना वा विरोध गर्न पाइन्छ। त्यो कुरा त पाइएकै छ तर अन्याय र अत्याचार गर्नेलाई सजाय दिइनेछ भनेर त कतै भनिएको छैन" बुद्धिमान बाँदरको यस्तो वजनदार कुरा सुनेर पशुहरू अलमल्लमा परे (कसजू. २०५७ : २९) ।

प्रस्तुत लघुकथांशमा बाँदरले आफ्नो हातमा सत्ता पाएपछि न्यायको गलत व्याख्या गरेको सन्दर्भ प्रस्तुत गरिएको छ। यस रचनामा बाँदरले अन्याय अत्याचारको विरोध गर्न पाइने भए पनि सजाय भने दिन नपाइने विचार व्यक्त गरेको घटनालाई प्रस्तुत गरिएको छ। लघुकथांशमा पशु पात्रका माध्यमबाट स्वतन्त्र न्यायपालिकाको अधिकार कुण्ठित गरी समाजमा सत्ता अनुकूल न्यायालय र न्यायकर्मीको व्यवहार भएकामा त्यसप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ।

(ख) जग्गासम्बन्धी मुद्दा जिताउनका लागि पक्षप्रतिप्रक्षको एउटाले राम्रो राडी कबुल गरेको थियो भने अर्को दुधालु लैनु गाई । जमानाअनुसार त्यस समयमा त्यस क्षेत्रमा राडी, गाईजस्ता उपहार निकै रसिला मानिन्थे। "आसनी पातलो छ श्रीमान् ! राडीमा बसेर सुनुवाइ गरौँ ।" न्यायाधीशले रित्याउँदै गरेको गिलास देखेर प्रतिपक्षले भन्यो। त्यस्ता गाईको चुरीफुरी आजकल पनि हेर्नलायक छ, फरक यत्ति हो, आजकलका गाई सुनचाँदीले बनेका छन् (सिंह. २०६१ : १२६) ।

प्रस्तुत लघुकथांशमा विगतदेखि न्यायालयमा भ्रष्टाचार हुँदै आएको र वर्तमानमा आएर झन् बढेको यथार्थलाई प्रस्तुत गरिएको छ। यहाँ पक्षविपक्ष दुवै तर्फबाट घुस लिने न्यायाधीशको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ।

(ग) रामवीरले आफ्नो पक्षमा मुद्दा जित्न न्यायाधीशलाई एउटा चिनिया गलैंचा टक्रयायो तर फैसला धनबज्रका पक्षमा भएकाले ऊ चकित भयो। ....यस्तो किन भयो भनी रामवीर न्यायाधीशकामा सोध्न गयो । माननीयज्यू, मैले हजुरलाई....के भन्न मात्र लागेका थिए माननीयज्यूले भने ! तपाईंको कुरा मैले बुझेँ, त्यही गलैंचाको कुरो होइन ? त्यो ता जर्सी गाईले पो खायो (पलिखे. २०६० : ५९) ।

प्रस्तुत लघुकथांशमा आफ्नो स्वार्थका लागि न्यायाधीशलाई उपहार चढाउने मानिसहरूको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ न्यायाधीशको भ्रष्टाचारी क्रियाकलापको पारकास्टा देखिएको छ । उसले दुवै पक्षबाट घुस लिएर बढी घुस लिने

पक्षलाई जिताउने कार्य गरेको छ । यस रचनामा न्यायाधीशको भ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) "ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो ।" यस्तै प्राकृतिक न्यायका सिद्धान्तलाई बटुलबाटुल पारी एक सानदार कार्यक्रममा तयारी हालतको कार्यपत्र प्रस्तुतिमा उनी सानसँग जम्न पुग्छन्....त्यहीबेला पीरलाग्दो खबर आउँछ- "न्याय कुर्दाकुर्दै अदालत परिसरमै इहलीला समाप्त ।"....न्यायकर्ताको खोजी हुँदा थाहा भयो, न्यायको जिम्मेवारी उनै कार्यपत्र प्रस्तोता श्रीमान्‌को भागमा परेको रहेछ (शिवाकोटी. २०७० : ३४) ।

यस लघुकथा अंशमा सिद्धान्त र कर्मबीचको वैषम्य आएको छ । एकातिर ढिलो न्यायका बारेमा कार्यपत्र पेस गर्न दौडने अर्कातिर आफ्नो जिम्मेवारी समयमै पूरा नगर्ने कार्यले न्यायाधीशको दोहरो चरित्र देखा पर्दछ । उसले आफ्नो कार्यमा लापरवाही गर्दा एकजना मानिसको अदालत परिसरमा जीवन नै समाप्त भएको छ । लघुकथांशमा न्यायाधिश पात्रको ढिलो न्याय दिने कार्यप्रति व्यङ्ग्य एवम् विरोध व्यक्त गरिएको छ ।

(ङ) न्यायाधिश रघुमणि शर्माका दुई सन्तानहरू थिए । एकजना गोरो, पातलो, छरितो, कमिज, प्यान्ट लगाउने छोरो । अर्की गोरी, पातली, छरिती, घाँघर लगाउने छोरी । एस्.एल.सी. पास भएपछि छोरो उच्च शिक्षा आर्जन गरी डाक्टरी पढ्न विदेश गयो । छोरीलाई स्वदेशमै कतै बिहे गरिदिए" (पहाडी. २०५३ : २८) ।

प्रस्तुत लघुकथांशमा एकजना न्यायाधीशले आफ्नै परिवारमा विभेद गरेको घटनालाई व्यक्त गरिएको छ । यहाँ न्यायाधीशले छोरालाई विदेशमा पढाउने र छोरीलाई बिहा गरेर घर पठाएको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा न्यायाधीशको परिवारभित्र नै विभेद गर्ने क्रियाकलापप्रति व्यङ्ग गरिएको छ ।

यसरी नेपाली लघुकथामा न्याय सम्पादनको जिम्मा लिएका व्यक्तिबाट गरिएका भ्रष्टाचारजन्य क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथामा उनीहरूका त्यस्ता गलत कार्य विरोधी चेतना व्यक्त भएको छ । नेपाली लघुकथामा न्याय कानुनसँग सम्बन्धित अध्ययनका निश्कर्ष निम्नप्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधिलाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा कानुन पालन नगर्ने र साधनहीन एवम् विपन्न नागरिकप्रति उत्पीडन गर्ने क्रियाकलापप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा सुरक्षा निकायले कानुन पालनका सन्दर्भमा गरेका क्रियाकलापलाई अध्ययनको विषय बनाइएको छ । लघुकथा रचनामा सुरक्षाकर्मीले

आफ्नो जिम्मेवारी सही किसिमले पालन गर्ने र आफ्नो अधिकारको प्रयोग गलत किसिमले गर्ने क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा न्यायालय एवम् न्यायकर्मीबाट भएका भ्रष्ट एवम् विभेदजन्य गतिविधिलाई अध्ययनको विषय बनाइएको छ । लघुकथा रचनामा न्याय सम्पादनमा हुने ढिलाइ, पक्षपात एवम् भ्रष्टाजन्य गतिविधिका कारण न्यायालय एवम् न्यायकर्मीको भूमिका सबल बन्न नसकेको तर्फ संकेत गरिएको छ । लघुकथामा न्यायकर्मीबाट पदप्रतिष्ठाका आडमा भएगरेका अवाञ्छित क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै सो कार्यप्रति असहमति भावको साथै व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

### ४.२.१३ पत्रकारिता क्षेत्रगत युगचेतना

नेपाली लघुकथामा युगचेतनाअर्न्तगत अध्ययनको एक प्रमुख विषय पत्रकारिताका सन्दर्भ पनि हो । लघुकथा रचनामा नेपालमा सञ्चार माध्यमको विकासको इतिहास लामो भए पनि यसको विस्तार भएको भने कमै समय भएको र २०४६ पछि नेपाली समाजमा पत्रपत्रिकाको व्यापक विकास भएको तथ्यलाई प्रस्तुत गरिएको छ । यसै सन्दर्भमा नेपाली लघुकथामा पनि नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भले प्रमुख स्थान पाउँदै आएका सन्दर्भमा नेपाली पत्रकारिता क्षेत्रका गतिविधिलाई अध्ययन गर्नका लागि प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापको प्रस्तुति, पत्रकार एवम् कर्मचारीका गतिविधिको वर्णनलाई उपशीर्षक निर्धारण गरेर विश्लेषण गरिएको छ ।

### ४.२.१३.१ प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापको प्रस्तुति :

नेपाली लघुकथामा पत्रकारिताका सन्दर्भमा युगचेतनाअर्न्तगत प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापलाई अध्ययनको मूल विषय मानिन्छ । यस अध्ययनमा नेपाली लघुकथामा नेपाली पत्रकारिता क्षेत्रसँग सम्बन्धित युगीन चेतनाका सन्दर्भमा प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै तिनका विभिन्न पक्षका बारेमा विश्लेषण गरिन्छ । यहाँ सुमन सौरभको **समयान्तर,** राजुराम मुनङ्कर्मीको **सङ्कटकाल,** नारायण तिवारीको **होइन होला.....!,** आर.आर. चौलागाईको **विशिष्ट व्यक्तिहरू** र अच्युत घिमिरेको **व्यापार** लघुकथाको विश्लेषण गरिन्छ :

(क) एक नवयुवक लेखक आफ्नो भएसम्मको सबभन्दा उत्कृष्ट रचना लिएर प्रकाशनको लागि सम्पादक छेउ पुग्यो । सम्पादकले दुई तीन पटक उसको रचना माथिदेखि तलसम्म पढेझैं गर्‍यो र अन्तमा फिर्ता दिँदै भन्यो, "मेरो पत्रिकामा स्थापित लेखकका उत्कृष्ट रचनामात्र छापिन्छन्.....न तपाइँ स्थापित लेखक हुनुहुन्छ, न तपाँईको रचना नै उत्कृष्ट छ....."....ऊ बिस्तारै बिस्तारै स्थापित, सम्मानित हुँदै

थियो । एकदिन लेख्दै गरेको अपुरो रचनामा टाउको जोतेर मरेको भेटियो ।....उसको मृत्युको खबरमा सम्पादकले आतुरता देखायो र उसको रचना आफ्नो पत्रिकामा छाप्न अप्रकाशित रचना खोज्दै हिँडयो....सम्पादकले लाख प्रयत्नका बावजुद पनि सो पर्चाभन्दा बढी केही भेट्टाउन सकेन । आखिर छाप्नका लागि केही त मिल्यो, ऊ त्यसैमा खुसी भयो र आफ्नो पत्रिकामा सहर्ष छाप्यो (सौरभ. २०५३ : २९-३०) ।

प्रस्तुत लघुकथांशमा एकजना साहित्यिक पत्रिकाको सम्पादकको क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । यहाँ सम्पादकले प्रारम्भमा कुनै वास्ता नगरेको लेखक चर्चित भएर मृत्यु भएपछि सो लेखकको अन्तिम रचना भनेर आफ्नो पत्रिकामा छपाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा पत्रिकाको सम्पादकको शक्तिपूजक प्रवृत्तिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) राष्ट्रिय दैनिक, साप्ताहिक, पत्रिकाहरूमा सुरक्षाकर्मीहरू र माओवादी आक्रमणका घटनाहरू, देशको अमूल्य सम्पत्तिहरू तोडफोडका घटनाहरू, माओवादीका नाममा खाओवादीका क्रियाकलापहरू, दिनदहाडै लुटपाट र हत्याका शृङ्खलाहरू आदि समाचारै समाचारले भरिभराउ छन् पत्रिकाहरू । यही क्रममा आज पनि पत्रिकाहरूमा एउटा खबर छापिएको छ-“सुरक्षाकर्मी र माओवादी बीचको भीडन्तमा एक माओवादीको मत्यु ....लासको सनाखत भयो....रक्सीको बोतल हातमा च्यापेको अवस्थामा दिवङ्गत हुन पुगेका ती व्यक्ति नजिकैको एक कार्यालयका चौकिदार थिए (मुनङ्कर्मी. २०६२ : २८) ।

प्रस्तुत लघुकथांशमा पित पत्रकारिताको घटनालाई प्रस्तुत गर्नाका साथै सो कार्यप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ । यहाँ रक्सीले मातेर मरेको मानिसलाई सरकार-माओवादी भिडन्तमा मारिएको भनेर गलत समाचार प्रसारित गरिएको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा गलत समाचार छापेर पत्रकारिताको बदनाम गराउने कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) मलाई साह्रै सम्मान गर्दथे सम्पादकले । काठमाडौँ गएका बेला म भेट्न जाँदा उनी औधी खुसी हुन्थे ।....एक दिन उनी विराटनगर आए । मैले उनलाई त्यसै गरी आत्मीयता जनाएँ जसरी काठमाडौँमा उनले मप्रति जनाउँथे । मैले घर लगेँ । मेरो घर देखेर उनले नाक खुम्चयाएझै लाग्यो मलाई....म फेरि काठमाडौँ गएँ र गएका बेला फेरि सम्पादकलाई भेट्न सम्पादकका कोठामा उपस्थित भएँ । तर अहँ ! सम्पादकले पहिलेझै हात उठाएनन् । मुखमा मुस्कान, हाउभाउमा आत्मीयता / आदर/सम्मान केही उमारेनन्....मलाई लाग्यो-लेखकका रचनामात्रै राम्रा भएर नपुग्ने रहेछ । लेखकको घर पनि राम्रो हुनुपर्ने रहेछ ....श्रीमती, केटाकेटी पनि

रुन्चे होइनन, धनको प्रतापले पाक्क पुक्क भएका हुनुपर्ने रहेछ (तिवारी. २०७० : १०) ।

लघुकथामा लेखक कमजोर आर्थिक अवस्था भएको थाहा पाएपछि उसप्रति पहिलेभन्दा फरक व्यवहार गर्ने सम्पादकको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा ठूलाबडाको सम्मान गर्ने र सामान्य जीवनशैली बाँच्ने मानिसको अपमान गर्ने क्रियाकलाप हुँदै आएका छन् । यसै सन्दर्भमा यहाँ सम्पादकको सामन्ती चरित्र एवम् सांस्कृतिक विचलनलाई व्यक्त गरिएको छ । लघुकथांशमा लेखकप्रति विभेदजन्य क्रियाकलाप गर्ने सम्पादकको गलत व्यवहारप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) "सहरका मानिसहरू पत्रिकाको व्यग्र प्रतीक्षा गर्न थाले । हल्लाअनुसार पत्रिका निस्कियो पनि । पत्रिकामा विशिष्ट व्यक्तिको अन्तवार्ता, लेख, कविता र कथा सबै थिए तर ती विशिष्ट व्यक्तिहरू खबरप्रसादका आफ्नै बुबा, आमा, श्रीमती र छोरा थिए" (चौलागाई. २०६५ : १०८) ।

प्रस्तुत लघुकथांशमा जनतालाई धोका दिने सम्पादकको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ सम्पादकले आफ्नै घरपरिवारका मानिसलाई आफैले विशिष्ट व्यक्तिहरू भनेर लेख छाप्ने कार्य गरेर सामन्ती चिन्तन देखाएको घटना सन्दर्भको प्रस्तुति गरिएको छ । यस रचनामा पत्रिकामा समेत आफन्तवाद भित्र्याउने सम्पादकको गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) "खप्रसाद कप्रसादलाई राम्ररी नै चिन्दथ्यो । उनी खासै प्रतिभाशाली साहित्यकार थिएनन् । लेख्ने रहर गर्ने सामान्यलेखक मात्र थिए । यस्तै कुरा खेलाउँदै खप्रसाद पत्रिका पसलमा आँखा लगाइरहेको थियो र झट्ट देख्यो-शनिवारीय अङ्कमा अघिल्लो हप्ता सम्पादकलाई फोन गर्ने कप्रसादको आवरण फोटो थियो" (घिमिरे.२०६१ : २६) ।

प्रस्तुत लघुकथामा एकजना कम प्रतिभाशाली मानिसको आवरण फोटो आर्थिक लेनदेनका आधारमा छाप्ने साहित्यिक पत्रिकाका सम्पादकको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ सम्पादकले पत्रिकामा पैसा लिएर मानिसको आवरण फोटो छाप्ने गलत क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा नेपालको पत्रकारिता क्षेत्रका विकृति विसङ्गति विरोधी चेतना आएको छ । यस अध्ययनमा साहित्यिक क्षेत्रका पत्रिकाका सम्पादकका क्रियाकलापलाई मुख्य विषय बनाइएको पाइन्छ । नेपाली लघुकथामा आएको पछिल्लो समयको चेतना पत्रकारिता क्षेत्रका नाममा गरिने गलत क्रियाकलाप विरोधी चेतना हो । नेपाली लघुकथा रचनामा पत्रपत्रिकामा हुने गरेको भाइभतिजावाद, आर्थिक चलखेल र सामन्ती चरित्र लगाएका विकृतिप्रति असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

### ४.२.१३.२ पत्रकार एवम् सञ्चार क्षेत्रका कर्मचारीका गतिविधिको वर्णन

नेपाली लघुकथामा पत्रकारिताका सन्दर्भमा युगचेतना शीर्षक अर्न्तगत एक प्रमुख विषय सन्दर्भका रूपमा पत्रकार एवम् कर्मचारीका क्रियाकलापको वर्णन पनि रहेको छ । यस अध्ययनमा नेपाली समाजको विकासक्रममा नेपालका पत्रकार एवम् पत्रकारिता सम्बद्ध कर्मचारीको भूमिका के कस्तो रह्यो ? भन्ने विषयमा अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा कृष्ण बजगाईको **रिपोर्टर,** हरिप्रसाद भण्डारीको **पत्रकारको धर्म,** विनयकुमार कसजुको **अखबार बेच्ने केटो** एवम् चन्द्रप्रसाद न्यौपानेको **तेरी आमा पोइल कहाँ गई** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "हजुर समाचार शाखाको प्रमुख त हजुरलाई हटाएर त्यो ठाउँमा आफू आउन खोजिरहेछ । मन्त्री, प्रधानमन्त्रीसँग कुरा भइरहेको छ भन्छ । बेलैमा होस पुऱ्याइस्योस् ।" उसको कुरा सुनेर हाकिम साबको होसहवास गुम भयो । ....क्षमतावान् पत्रकारको रूपमा उनलाई एकैचोटी समाचार शाखको प्रमुख बनाइदिए । समाचार शाखाको प्रमुख के भएको थियो, मन्त्रीसँग हिमचिम बढाउन पायो । एकदिन पार्टीमा जाँड खाइरहेका बेला मन्त्रीलाई भन्यो, "हाम्रो हाकिम त हजुर तथा हाम्रो पार्टीका पत्रकारलाई असफल बनाउने भन्दै विपक्षी दल समर्थक कर्मचारी साथमा लिएर कार्यालयमा गुटबन्दी गरिरहेको छ ।" मन्त्रीलाई के रिस उठेको थियो, ऊ कार्यालयको हाकिम भइहाल्यो (बजगाई. २०६६ : ५९) ।

प्रस्तुत लघुकथांशमा एकजना चाकरीबाजले कसरी आफ्नो प्रगति गर्दै जान्छ भन्ने विषयलाई देखाइएको छ । यस रचनामा चाकरीबाजले माथिल्ला तहका मानिसको चाकरी गरेर आफ्नो स्थितिलाई बलियो बनाएको अवस्थालाई व्यक्त गरिएको छ । यहाँ नेपालको पत्रकारिता क्षेत्रमा रहेको चाकरीजन्य क्रियाकलाप एवम् माथिल्ला तहमा रहेका व्यक्तिको चाकरीप्रिय प्रवृत्तिलाई प्रस्तुत गर्नाका साथै त्यस्ता क्रियाकलापप्रतिको असहमतिको चेतनासमेत व्यक्त भएको छ ।

(ख) "हाकिमसाहेब ! म अमुक पत्रिकाबाट बोल्दै छु । नववर्षका उपलक्ष्यमा शुभकामना विज्ञापन छापौं कि भनेर ।" पत्रकारको फोन आयो । हाम्रो कार्यालयमा शुभकामना /विज्ञापनको लागि बजेट नहुने जानकारी गराएँ....एकदिन पत्रिकाको अग्रभागमै हाम्रा बारेमा छापिएको समाचार देखेर म छक्क परेँ, "फलानो कार्यालयमा भ्रष्ट हाकिमको प्रवेश, सरकारी बजेट झ्वाम, सेवाग्राही हैरान ।" (भण्डारी. २०६७ : ८८-८९) ।

प्रस्तुत लघुकथांशमा एकजना पत्रकारले कार्यालय प्रमुखसँग पहिले विज्ञापन माग्ने र पछि नदिएको खण्डमा बदनाम गर्ने कार्य गरेर आफ्नो पेसाको बदनाम हुने कार्य गरेको

घटनालाई प्रस्तुत गरिएको छ । उसले विज्ञाापन नपाएको झोँकमा एकजना कार्यालय प्रमुखको बदनाम गरेको छ । यस रचनामा पत्रकारको लाभमुखी गलत क्रियाकलापप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

(ग) एउटी बहिरी बालिका होटलमा काम गर्दै थिइन् । बहिरी भएर पनि एउटा वाक्य सुन्न सक्ने प्रतिभा उनमा थियो....पत्रकार सोध्दै जान्छ-आमा कहाँ छिन् नि ? यतिखेर बालिकाको मुख अघिको भन्दा केही अँध्यारो देखिन्छ । जवाफमा भन्छिन्- 'पोइल !' होटलवाला ग्राहकहरू मरीमरी हाँस्न थाले-हा...हा....हा....हा...! पत्रकारको प्रश्न टुङ्गिएकै थिएन-ओ फुच्ची, तेरी आमा पोइल कहाँ गई" (न्यौपाने. २०६९ : ९४-९५) ।

प्रस्तुत लघुकथांशमा पत्रकारले एकजना अनाथ बहिरी बालिकालाई अनावश्यक प्रश्न सोधेर उसको खिल्ली उडाएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ हाम्रो समाजमा बढ्दै गएको संवेदनहीनता र गैरजिम्मेवारी चरित्रप्रति चिन्ता व्यक्त गरिएको छ । यस रचनामा पत्रकारको गैरजिम्मेवार कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) "लौ आयो ताजा खबर ! निरपराध व्यक्तिको हत्या ! सेनाको कारवाहीमा दश जनाको मृत्यु ! बस पल्टेर बीस जना घाइते ! " कृष्ण सँधै यसरी नै चिच्याएर अखबार बेच्थ्यो । ....डेरामा पुगेर ऊ सुकुलमाथि पल्टचो र नबिकेका अखबार पढन थाल्यो । अखबारमा छापिएको "अपहरित व्यक्तिको हत्या" शीर्षकको समाचारमा छापिएको मृतकको फोटो र नाम देखेपछि ऊ अचानक चिच्यायो, "ए बा हो!" ऊ अखबारमाथि घोप्टो परेर डाँको छोडेर रुन थाल्यो (कसजू .२०६६ : ३०-३१) ।

प्रस्तुत लघुकथांशमा एकजना पत्रिका बेच्ने किशोरमाथि उत्पन्न जीवनको संकटलाई प्रस्तुत गरिएको छ । यहाँ दुनियाँको खबर जोरजोरले पढेर समाचार बेच्ने हकर आफूसँग सम्बन्धित खबरबाट बेखबर रहेको घटनालाई व्यक्त गरिएको छ । नेपाली समाजमा रहेको जघन्य अपराधसँग सम्बन्धित घटना र एकजना किशोरको जीवनको त्रासदीलाई व्यक्त गरिएको छ । नेपाली समाजमा पचासको दशकपछि उत्पन्न राजनीतिक हिंसाजन्य क्रियाकलाप बढदै गएको पाइन्छ । यस रचनामा एक नागरिकको अपहरण र उसको मृत्युको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा द्वन्द्वकालमा मानवीय जीवनको अवमूल्यन एवम् सङ्कटजन्य घटनाको प्रस्तुतिको साथै त्रासजन्य चेतनालाई व्यक्त गरिएको छ ।

नेपाली लघुकथामा पत्रकारिता क्षेत्रसँग सम्बन्धित अध्ययनका निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) नेपाली लघुकथामा प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापलाई विषय बनाएको पाइन्छ । नेपाली लघुकथामा शक्तिमुखी प्रवृत्ति, परिवारवाद, पैसाको पछि दौडने क्रियाकलाप एवम् आफ्नो पेशागत मूल्यको अपहेलना जस्ता विषय प्रस्तुत भएको पाइन्छ । नेपाली लघुकथा रचनामा प्रकाशन संस्था एवम् सम्पादक वर्गका क्रियाकलापलाई व्यक्त गर्नाका साथै पत्रकारिता क्षेत्रका विकृत परिवेशप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) नेपाली लघुकथा रचनामा पत्रकारिता क्षेत्रमा क्रियाशील पत्रकार एवम् कर्मचारीका गतिविधिको वर्णन गरिएको पाइन्छ । नेपाली लघुकथामा पत्रकार वर्गल भोग्नुपरेको समस्या, पेशागत मर्यादाको अपहेलना, आर्थिक अभाव र चाकरीजन्य क्रियाकलापलाई विषय बनाएको पाइन्छ ।

### ४.२.१४ पुराण एवम् इतिहासगत युगचेतना

आधुनिक साहित्यमा ऐतिहासिक, औपनिषद, पौराणिक वैदिक पात्र र घटनासँग सम्बन्धित मिथकको प्रस्तुति गरिएको पाइन्छ । मिथकको स्रोतका रूपमा इतिहास, पुराण, प्रचलित भनाइ, किंवदन्ती आदिलाई मान्ने गरिएको छ । मिथकले कथावस्तुलाई रोचक किसिमले प्रस्तुत गर्नाका साथै पुराना घटना एवम् विषयलाई रोचकताका साथ प्रस्तुत गरेको हुन्छ । यसै सन्दर्भमा मिथकको परिचय दिने क्रममा लक्ष्मणप्रसाद गौतमले ‘पुनरावृत/पुराकथा वा आद्यबिम्बलाई साहित्यमा वर्तमानसँग सन्दर्भित गरी प्रयोग गर्नु र त्यसरी प्रयोग हुन आएका पुनरावृत/पुराकथा वा आद्यबिम्बका पात्र, घटना, परिवेश आदिलाई मिथक भनिन्छ’ (गौतम. २०६६ : ४५८) भनेका छन् । नेपाली साहित्यमा मिथकको प्रयोग प्रारम्भिक कालदेखि हुँदै आएको देखिन्छ । नेपाली साहित्यको प्रारम्भिक कालमा धार्मिक नीतिचेतनाबाट प्रभावित भएर सिर्जना गरिएको साहित्यमा मिथकको प्रयोग पाइन्छ । त्यसरी नै इतिहासप्रसिद्ध राजामहाराजा एवम् भाइभारदार, वीर पुरुष आदिको बारेमा लेखिएको देखिन्छ । विश्व परिवेश र सो परिवेशसँग सम्बन्धित पात्र एवम् घटनालाई पनि विषय सन्दर्भका रूपमा अघि सारिएको पाइन्छ । नेपाली साहित्यका अन्य विधामा मिथकको प्रयोग हुँदै आएकोमा यसको प्रभाव नेपाली लघुकथा लेखनको प्रारम्भदेखि पर्दै आएको छ । नेपाली लघुकथामा पूर्वीय सभ्यता, संस्कृति एवम् धर्मसँग सम्बन्धित मिथकको अत्यधिक प्रयोग पाइन्छ । नेपाली लघुकथामा हिन्दु एवम् बुद्ध धर्मसँग सम्बन्धित पात्र, घटना, प्रवृत्ति एवम् ग्रन्थको प्रभाव व्यापक रूपमा परेको देखिन्छ ।

नेपाली लघुकथाको पहिलो कृति **झिल्का**मा रहेका **सेवा, जाँच** लघुकथामा मिथकको प्रयोग गरिएको पाइन्छ । यसपछिका लघुकथा लेखकले पनि आफ्ना रचनामा धेरथोर मिथकको प्रयोग गर्दै आएको पाइन्छ । नेपाली लघुकथामा मिथकको प्रयोग गर्ने प्रमुख

साहित्यकारमा रवीन्द्र समीर पर्दछन् । उनको **ईश्वरका कथा** लघुकथा कृतिमा ईश्वरसँग सम्बन्धित मिथक प्रस्तुत गरिएको छ । इतिहास, पुराणसँग सम्बन्धित पात्र, घटना, प्रवृत्तिको उद्घाटनमा उनी सफल मानिन्छन् । उनको **ईश्वरको कथा** लघुकथामा ईश्वरसम्बन्धी २५, शिवसम्बन्धी ७, पार्वतीसम्बन्धी ५, ब्रम्हा एवम् हनुमानसम्बन्धी ३, महादेव, इन्द्र, बुद्ध, रामचन्द्र, गणेश सम्बन्धी २ त्यसरी नै दक्षप्रजापति, नृसिँह अवतार, पाँच पाण्डव, द्रौपदी, चित्रगुप्त, यमराज, कुम्भकर्ण, लक्ष्मण, कुमार, साईबाबा, एकलव्य, द्रोणाचार्य एवम् भावीसँग सम्बन्धित १-१ संख्यामा लघुकथा रहेका छन् । यसबाहेक सुमन सौरभको **मृत्युसङ्ग्रह** लघुकथामा मृत्युसँग सम्बन्धित विभिन्न लघुकथा प्रकाशित पाइन्छ भने कृष्ण सर्वहारीको **कमैया बस्तीमा भगवान** लघुकथा सङ्ग्रहमा भगवान कमैया बस्तीमा आएर गरेका घटनासँग सम्बन्धित मिथकको प्रयोग गरिएको देखिन्छ ।

यसै सन्दर्भमा नेपाली लघुकथामा प्रस्तुत मिथकको प्रकृतिका आधारमा तिनलाई देवीदेवतासँग सम्बन्धित मिथकको प्रस्तुति, पुराणमा वर्णित पात्रसँग सम्बन्धित मिथकको अभिव्यक्ति, इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित मिथकको प्रस्तुति गरेर तीन किसिमले वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ४.२.१४.१ देवीदेवतासँग सम्बन्धित मिथकको प्रस्तुति

नेपाली लघुकथामा मिथकको प्रयोगका सन्दर्भमा देवीदेवता पात्र पनि प्रस्तुत गरिएको पाइन्छ । वर्तमानका विभिन्न घटनाक्रमलाई पुराना इतिहास, पुराणसँग सम्बन्धित घटनासँग सामन्जस्य राखेर प्रस्तुत गरिएको भेटिन्छ । मिथकको विर्निमाणका माध्यमबाट घटना एवम् प्रवृत्तिलाई प्रस्तुत गरिएको पाइन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा रहेका केही प्रतिनिधिमूलक रचनाको छनोट गरेर अध्ययन गर्ने काम गरिएको छ । यस अध्ययनमा ध्रुव मधिकर्मीको **बुद्ध कहीँ छैन,** आर.आर. चौलागाईको **आधुनिक रामायण,** देवेन्द्र अर्याल 'आँसु'को **सीता,** दुलर्भलाल सिँहको **तपस्या,** सुमन सौरभको **कलियुग,** पूर्णप्रसाद ब्राह्मणको **जाँच** र रमेश भट्टराई 'पुजारी'को **सङ्गत** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "'हैन, के हेर्दैछस् तँ, कुनै वस्तुको खोजी छ कि ?' 'हो, एउटा बुद्धको...' बडा मुस्किलले मात्र भन्न सक्छ । स्वरसँगै शरीर एकातिर ढल्दै चिसिन्छ । सब मुखामुख गर्न थाल्छन् ! टाढादेखि एउटा सिकारी केही खोज्दै खोज्दै यतैतिर आइरहेको हुन्छ । ऊ आइपुग्नुभन्दा अगावै सब पक्षीहरू टाढा पुगिसकेका हुन्छन्" (मधिकर्मी. २०५१ : १६) ।

प्रस्तुत लघुकथांशमा सिकारीबाट बच्नका लागि पक्षीहरू टाढा पुगेको र उनीहरूले बुद्धरूपी शान्तिको खोजी गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ अशान्त परिवेशका बीचमा मानवीय जीवनको सङ्कटतर्फ सङ्केत गरेको छ । शान्तिको खोजलाई प्रस्तुत गर्न

बुद्धलाई मिथकीय पात्रका रूपमा प्रस्तुत गरिएको छ । लघुकथांशमा मानिसको हिंसाजन्य गतिविधिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) "रामलाई हनुमान्ले लङ्काबाट पठाएको चिठी प्राप्त भयो, "लङ्का पुग्दा मेरो भव्य स्वागत भयो । मलाई सोमरसमा चुर्लुम्म डुबाइयो र मेरो निम्ति सुन्दरीहरूको ताँती लगाइयो....मैले सीतालाई पनि रावणसँग विवाह गरेर यतै बस भनेको छु । तपाईँ पनि भनेको मान्नुहुन्छ भनेर अयोध्या फर्केर घरजम गर्नुहोला । म अब त्यहाँ फर्कन्न (चौलागाई. २०६५ : ४३) ।

प्रस्तुत लघुकथांशमा प्राचीन रामायणको विनिर्माण गरिएको छ । यहाँ रामायणमा हनुमान्ले लङ्कामा गएर आगो लगाई सीतालाई भेटेर उनको खबर राम समक्ष पुऱ्याएको घटना भएकामा वर्तमानको हनुमान लङ्कामा नै सुखसुविधामा भुलेको, उसले सीतालाई रावणसँग विवाह गर्न भनेको र रामलाई पनि अर्की श्रीमती खोज्ने सल्लाह दिएको घटना प्रस्तुत गरिएको छ । आजको युगले चरम अवसरवाद एवम् नैतिक भ्रष्टताको प्रतिनिधित्व गर्दछ । लघुकथांशमा रामायणमा इमान्दार सेवकका रूपमा रहेको हनुमान्लाई वर्तमान सन्दर्भमा प्रस्तुत गरेर अहिलेको मानिसको नैतिक सङ्कट एवम् सांस्कृतिक विचलनप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको छ ।

(ग) "जब 'राम' विदेशबाट स्वदेश फर्कियो । सीतालाई टोल, छिमेक, माइती, सर्वत्र खोज्यो । कतै भेटेन । भएको पैसा रित्तियो । सीता भएको घर पनि बेचेर सबै पैसा लिई अर्कैसँग भागेकी थिई । राम पुनः एक्लै वनवासतिर लाग्यो । दुर्भाग्य अहिले रामको पछाडी साथ दिने सीता छैन । ऊ एक्लै वनवासी भएको छ" (अर्याल. २०६६ : ४२) ।

प्रस्तुत लघुकथांशमा वर्तमानमा आदर्श पात्रको विघटन भएर अनैतिक पात्रको जन्म भएको यथार्थ प्रस्तुत गरिएको छ । यहाँ वर्तमानका सीताहरू व्यक्तिगत अवसर एवम् स्वार्थका लागि आफ्नो सबैभन्दा नजिकको नाता पर्ने श्रीमानलाई पनि धोका दिन बेर लाउँदैनन्, उनीहरू क्षणिक लोभ एवम् स्वार्थमा भुल्छन् भन्ने सन्दर्भ प्रस्ट भएको छ । लघुकथांशमा वर्तमानमा सीता नामक पात्र आदर्शको प्रतीक नभएर बेइमानी र अनैतिकताको पयार्य भएको विचार व्यक्त गरिएको छ । यस रचनामा वर्तमानमा मानिसको नैतिक मूल्यको विघटनप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) हे भगवान् ! मेरो देश बनाइ देऊ-कोही तपस्या बस्दैछ । उसको स्वर पहाड, पर्वत, वनमा गुन्जिरहेछ । त्यो स्वर सुनेर पनि वास्तै नगरी एकजनाले अर्कोलाई भन्यो-हेर त त्यो आईमाई कति चिटिक्क परेकी छ । मलाई त उसको अनुहार हेर्दा, बोली सुन्दा र हिँडाइको चाल हेर्दा तुरुन्तै विवाह गर्न मन लागेर आउँछ । ब्रह्मायणी

सँगसँगै हिँडिरहेका ब्रह्माजी त्यसको कुरा सुनेर ब्रह्मायणीतर्फ फर्केर मुसुक्क हाँसे (सिंह. २०३७ : ३२) ।

प्रस्तुत लघुकथांशमा जगतका सृष्टिकर्ता मानिएका ब्रम्हा आफ्नी पत्नीसहित पृथ्वी भ्रमणमा आउँदा धर्तीका मानिसका क्रियाकलाप हेरिरहेको प्रसङ्गलाई उल्लेख गरिएको छ । यहाँ एकातिर देशको चिन्ता गर्ने व्यक्ति भएको अर्कातिर परस्त्रीमा आशक्त हुने मानिस पनि भएको विचार व्यक्त गरिएको छ । लघुकथांशमा वर्तमानका मानिसको अनैतिक चरित्रप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) "यो भीड केको हो ? किन त्यस्तो अराजक नारा लगाइरहेका छन्" उनले सोधे । सारथीले मूलबाटो छल्दै चोरबाटाबाट छिटोछिटो बग्गी कुदाएर गुम्बामा पुऱ्यायो र त्रसित आवाजमा सुझाव दियो-"मूर्तिभित्र पसिहाल्नुस् हजुर ! हजुरको आशीर्वादले संसार रोगविहीन भयो, अपराधविहीन भयो, झैझगडाविहीन भयो, त्यसैको प्रतिक्रियास्वरूप डाक्टर, पुलिस र वकिलहरू हजुरको विरोधमा उत्रिसकेका छन् । यहाँ यस्तै हुन्छ....!" उनी जसरी मूर्तिबाट निस्किएका थिए, उसैगरी मूर्तिभित्र पसिसकेका थिए । गुम्बामा पुरानै ध्वनि गुन्जिरहेको थियो-"बुद्धम्....शरणम् ....गच्छामि..."(सौरभ. २०६५ : २४) ।

प्रस्तुत लघुकथांशमा बुद्धको प्रसङ्ग आएको छ । यहाँ बुद्धको सन्देशका कारण वर्तमानका मानिसको पेसा व्यवसायमा संकट आएकाले उनीहरू बुद्धको विरोधमा उत्रिएको प्रसङ्ग प्रस्तुत गरिएको छ । अहिलेको युगमा मानिस सत्य, न्याय र समानताका लागि आन्दोलन नगरेर बढीभन्दा बढी मानिसलाई ठग्न पाइयोस भन्ने चिन्तनले ग्रसित भएर आन्दोलन गर्ने गरेको विचार व्यक्त गरिएको छ । लघुकथांशमा निजी स्वार्थका लागि जुनसुकै हद पार गर्न पनि तयार आजको मान्छेको स्वार्थी, लोभी र नैतिक भ्रष्टतालाई कुशलतापूर्वक चित्रण गरिएको छ । यस रचनामा अहिलेका मानिसको स्वार्थी चरित्रप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(च) "सबको परीक्षण र जाँच सकिएपछि पशुपतिनाथले भने-'आजसम्मको थितिमा यहाँ सत्य र न्यायको कुनै प्रतिष्ठा रहेनछ । भैगो, भोलिदेखिको नेपालको निमित्त म अर्कै विधान बनाउनेछु । दलित, शोषित हो, अपसोच नगर !' भगवानको त्यो वचन सुनेर आम जनता औताइरहेको छ । देवताको दिन बितेर भोलि कहिले हुन्छ" (ब्राह्मण. २००७ : ३२) ।

प्रस्तुत लघुकथांशमा आदर्शवादी चिन्तन प्रस्तुत गरिएको छ । यहाँ मानवले मानवका लागि केही गर्न नसकेकामा चिन्ता व्यक्त गर्दै पशुपतिनाथले देशका कमजोर मानिसको रक्षा गर्ने भन्ने विचार अभिव्यक्त भएको छ । लघुकथांशमा देशमा दलित एवम्

शोषित वर्गका हितमा केही हुन नसकेकोमा चिन्ता व्यक्त गर्नाका साथै मानिसको न्याय र सत्यको पक्षमा नलाग्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(छ) 'प्रभु ! मैले पृथ्वीमा हेरेँ । जङ्गलमा रहेको जनावरचाहिँ आफ्नो बच्चालाई कति माया गर्छ त्यही जनावर मान्छेको बस्तीमा कसैको माया गर्दैन आफू मात्र हसुर्छ । आफ्ना बच्चालाई समेत लखेटेर खान्छ किन यस्तो भएको होला ?' पार्वतीको प्रश्न....'पार्वती सुन् यो त सङ्गतको परिणाम हो । बस्तीका जनावरको सङ्गत मान्छेसँग छ । मान्छे कस्तो छ तिमीलाई थाहा छैन र ? सङ्गतले गर्दा प्रत्येक प्राणीको व्यवहारमा परिवर्तन हुन्छ' शिवजी बयान गर्दै थिए (भट्टराई. २०६८ : २५) ।

प्रस्तुत लघुकथांशमा शिव-पार्वतीले मानिसको स्वार्थी क्रियाकलापप्रति चिन्ता व्यक्त गरिएको वार्तालापलाई प्रस्तुत गरेका छन् । यहाँ पार्वतीले जङ्गलमा रहेको जनावरले आफ्नो बच्चालाई माया गर्ने तर मान्छेको बस्तीमा गएको जनावरले आफ्नो बच्चालाई समेत लखेटेर खाने गरेकामा शिवजीसँग जिज्ञासा व्यक्त गरेपछि शिवले मानिसको स्वार्थी प्रवृत्तिको जनावरमा समेत असर परेको विचार व्यक्त गरेका छन् । यस रचनामा मानिसको स्वार्थी चरित्रप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

### ४.२.१४.२ पुराणमा वर्णित पात्रसँग सम्बन्धित मिथकको अभिव्यक्ति

नेपाली लघुकथामा प्रयुक्त मिथकको अध्ययन अन्तर्गत पुराणमा वर्णन गरिएका विभिन्न व्यक्ति पात्रसँग सम्बन्धित विषय सन्दर्भलाई पनि अध्ययनका निमित्त अघि सारिएको छ । पुराणमा वर्णित ती व्यक्तिपात्रले तत्कालीन समाजको एक प्रवृत्ति विषयको प्रतिनिधित्व गरेको पाइन्छ । नेपाली लघुकथामा पुराणमा वर्णित पात्रलाई वर्तमान जीवनको सापेक्षमा हेरेर सोही अनुसारका पात्र सिर्जना गरिएको पाइन्छ । पुराना पात्रको जीवनसँग मिल्ने घटनालाई वर्तमान जीवनको सापेक्षमा हेर्ने काम गरिएको पाइन्छ । नेपाली लघुकथामा मिथकको विनिर्माणका माध्ययमबाट नेपाली समाज एवम् जनजीवनका विभिन्न पक्षको अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा कृष्ण शाह 'यात्री'को **आधुनिक एकलव्य,** रवीन्द्र समीरको **उनन्चास,** रत्न कोजुको **न्याय/अन्याय,** इन्दिरा प्रसाईको **सावित्री-सत्यवान** र किशोर पहाडीको **स्वर्गमा समस्या** लघुकथाको विश्लेषण गरिएको छ :

(क) द्रोणाचार्यलाई भेटेपछि उनको भ्रम टुट्यो । घमन्डी र द्रव्यपिचाश द्रोणाचार्यले उनको उपहास गरेर फर्काइदिए ....एकलव्यले कुनै बेलाको आफ्नो आदर्श पुरुष नै द्रोणाचार्य भएको बताए । त्यसपछि द्रोणाचार्यले लाज पचाएर भने, "त्यसो भए तपाईंले मलाई गुरु दक्षिणा त दिनैपर्छ ।" एकलव्य मुस्कुराए....केही दिनपछि सञ्चार माध्यममा एउटा समाचारले विशेष स्थान पाएको थियो । जसमा

विद्यार्थीसँग मनोमानी शुल्क उठाइरहेको राज्यलाई कर छलेको अभियोगमा द्रोणाचार्यले सञ्चालन गरिरहेको कलेजको 'कलेज सञ्चालनको अनुमति' एकलव्यले खारेज गरी उदाहरणीय कार्य गरेको समाचार छापिएको थियो (शाह. २०६९ : १०) ।

प्रस्तुत लघुकथांशमा पुराणमा वर्णित द्रोणाचार्य-एकलव्यको घटना सन्दर्भलाई वर्तमान सन्दर्भमा प्रस्तुत गर्नाका साथै घटनालाई नवीन किसिमले प्रस्तुत गरिएको छ । पुराणमा एकलव्यले आफूलाई अपमानित गर्ने द्रोणाचार्यलाई गुरु मानेर साधनाका बलले दक्षता बढाएको प्रसङ्ग पाइन्छ । यहाँ विगतमा आफूलाई अपमानित गर्ने गुरू अर्थात् द्रोणाचार्यलाई गलत काम गरे बापत दण्डित गर्ने कार्य गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यस रचनामा उत्पीडन विरोधी चेतनाका साथै बदलाको भाव प्रस्तुत भएको छ ।

(ख) "काम विशेषले कुम्भकर्ण काठमाडौं आएका थिए । सरकारी काम भएकाले कुम्भकर्ण निवेदन लिएर मन्त्रालयमा गए ....हैन, यो पृथ्वीका मन्त्री र कर्मचारीहरू त मेरा पनि बाजे रहेछन्-वर्षैभरि सुत्ने, वर्षैभरि खाइरहने...। कुम्भकर्ण निरुपाय भएर लङ्कातिर लागे" (समीर. २०६५ : ८४-८५) ।

प्रस्तुत लघुकथांशमा नेपालका सरकारी कार्यालयमा हुने ढिलासुस्ती एवम् भ्रष्टाचारको सिकार स्वयं कुम्भकर्ण भएको प्रसङ्ग आएको छ । रामायणका पात्र कुम्भकर्ण छ महिना सुत्ने भनेर नाम चलेकामा उनले वर्तमान सन्दर्भमा सरकारी काम गराउन आउँदा अत्यन्त ढिलासुस्ती देखेपछि यहाँका कर्मचारीप्रति व्यङ्ग्य गरेका छन् । लघुकथांशमा नेपालको कर्मचारीतन्त्रमा हुने गरेको ढिलासुस्तीजन्य क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ग) चित्रगुप्त बही पल्टाउँछ, मान्छे हेरिरहन्छ । 'तँ मरेको छैनस्, भर्खर अठतीसको भइस् । अझ तेरो भोग निक्कै बाँकी छ । जा फर्की पृथ्वीमा ! फेरि छत्तीस वर्ष पृथ्वीमा भोग गरेर आएस् !' 'तर म त्यहाँ छत्तीस वर्षसम्म कसरी जिउन सक्छु र ? जबकि मसित बाँच्न एक टुक्रो रोटी पनि छैन, न त ओडार नै । दया रहोस म निमुखामाथि" (कोजू. २०३९ : ११)

प्रस्तुत लघुकथांशमा धर्तीमा रहेका मानिस एक रोटी पनि खान नपाएर अभावले ग्रस्त भई भोकै ज्यान गुमाउनुपरेको पीडाजन्य अनुभूतिलाई प्रस्तुत गरिएको छ । यस रचनामा चित्रगुप्त यमराजका हिसाबकिताब राख्न खटाइएका कर्मचारी भएको सन्दर्भ उल्लेख गर्दै कमै उमेरमा मरेका मानिसलाई चित्रगुप्तले धर्तीमा पठाउँदा पनि सो व्यक्ति पृथ्वीमा आउन मानेको घटना प्रस्तुत गरिएको छ । यहाँ पृथ्वीमा रहेर अभाव एवम्

गरिबीको पीडाले ग्रस्त भएर जीवन गुमाउन पुगेको युवकका जीवनको त्रासदीजन्य चेतनालाई प्रस्तुत गरिएको छ ।

(घ) "भोलिपल्टको अखबारमा सावित्रीका पतिको र सत्यवान्‌की पत्नीको समाचार छापिएको थियो । दुवैलाई प्रहरीको गस्तीले आपत्तिजनक स्थितिमा फेला पारेको थियो । त्यसपछिको भेटमा सावित्री र सत्यवान्‌को शिर निहुरिएको थियो" (प्रसाई. २०५५ : ५४) ।

लघुकथांशमा प्राचीन ग्रन्थमा सावित्री-सत्यवान् एकअर्काप्रति सर्मपण र इमान्दारिताका लागि प्रसिद्ध पात्रका रूपमा चिनिएकामा आजको समयका सावित्री-सत्यवान् र उनका नजिकका परिवारगण अनैतिकताको खाडलमा जाकिएका छन् भनिएको छ । यस अंशमा वर्तमान जीवन भोगाइको विसङ्गत चेतना अभिव्यक्त भएको छ ।

(ङ) "चित्रगुप्तले फेरि भने-"के गर्ने हजुर ? यहाँ हामीकहाँ मान्छे राख्ने ठाउँ नै छैन । मान्छे चाहिँ दिनहुँ थोकको संख्यामा आउँदैछन् । एक दिनमा करोडौं मान्छेहरू ।"- चित्रगुप्तले उत्सुकतापूर्वक यमराजतिर हेरे । यमराज केही बोल्न सकेनन् । निधार खुम्च्याएर सोचमा मग्न भए....सुनिन्छ-आजभोलि स्वर्गमा भगवान्‌हरूबीच मान्छेको कालगतिलाई लिएर एकदम ठूलो हल्लीखल्ली मच्चेको छ रे (पहाडी. २०५३ :४८) ।

प्रस्तुत लघुकथांशमा यमराज एवम् चित्रगुप्तका कथाका माध्यमबाट मानिसको हत्याहिंसाजन्य गतिविधिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ मानिसले गर्दा स्वर्गमा समेत ठाउँ नभएकामा चित्रगुप्तले समस्या परेको कुरा यमराज समक्ष प्रस्तुत गरेको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । नेपालमा पचासको दशक यता हत्याहिंसाजन्य गतिविधि पहिले भन्दा बढेको, मानिसको जीवनको कुनै मूल्य नभएको यथार्थ स्थिति हाम्रा सामु छ । यस रचनामा मानिसको हत्याहिंसाजन्य गतिविधिप्रति असहमति एवम् व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

### ४.२.१४.३ इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित मिथकको प्रस्तुति

नेपाली लघुकथामा युगचेतना अध्ययनका सन्दर्भमा अध्ययन गर्नुपर्ने एक प्रमुख विषयमा इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित मिथक पनि पर्दछ । नेपाली लघुकथा रचनामा इतिहासप्रसिद्ध राजामहाराजा, प्रसिद्ध लेखकका साथै सहिदलाई समेत पात्र बनाइएको पाइन्छ । त्यसैगरी नेपाली लघुकथामा विदेशी राष्ट्रप्रमुखलाई पनि पात्रका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा विनयकुमार कसजूको **आधुनिक सिद्धिनरसिंह मल्लहरू,** विनयकुमार कसजूको **राष्ट्रपतिलाई सल्लाह,** कैलाशकुमार शिवाकोटीको **विस्थापित शुक्रराज,** कपिल लामिछानेको **भूमिगत,** किशन थापा 'अधीर'को **स्थिति** र हरिप्रसाद भण्डारीको **म मरिसकेँ** लघुकथालाई विश्लेषणका गरिएको छ :

(क) प्राचीन ललितपुरका राजा सिद्धिनरसिंह मल्लको दरबारमा अहिले पनि उनलाई तमाखु भरेर राखिदिने चलन छ । उनको ओछयान पनि दिनदिनै सफा गरेर ओछ्याइदिनु पर्छ । उनको सालिकको टाउकामा बसेको चराको मूर्ति उडेर नगएसम्म उनलाई ज्युँदै ठान्नु भन्ने उनको आदेश छ रे ! यो रमाइलो आख्यान पढन नभ्याउँदै एउटा कार्यालयमा जानुपर्ने काम सम्झेँ....."यस्तै हो । कोठा त छुट्टीको दिनमा बाहेक सँधै चिसो पारेर राखिन्छ । गर्मी याममा चिसो र जाडो याममा तातो राख्नै पर्छ । हाकिम साबको सवारी भए पनि नभए पनि आफ्नो ड्युटी गर्नै पर्छ । कुन बेला हाकिम साब सवारी हुन्छ के थाहा !" पालेले आफ्नो कर्तव्यपरायणता दर्शाउँदै भन्यो (कसजू. २०५७ : १६-१७ ) ।

प्रस्तुत लघुकथांशमा कुनै समयका सौकिन राजा सिद्धिनरसिंह मल्लका सौकहरूका बारेमा चर्चा गरिएको छ भने त्यसैगरी वर्तमानमा पनि आफ्नो सौक राख्ने कार्यालयका हाकिम साबको दिनचर्यालाई प्रस्तुत गरिएको छ । यहाँ आफू कार्यालयमा नभए पनि आफू बस्ने कार्यकक्षलाई मौसम अनुसार तातो चिसो राख्ने र सो काम एकजना पालेले अनिवार्य गर्नैपर्ने विषय सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस अंशमा राजा सिद्धिनरसिंहको मिथकका माध्यमबाट वर्तमानका हाकिम वर्गको सुविधाभोगी र सौकिन क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) अमेरिकी राष्ट्रपति अब्राहम लिंकनको दास उन्मुलन कार्यक्रमको दक्षिणतिरबाट विरोध भइरहेको थियो....उनले सही सल्लाहको खाँचो भएको अनुभव गरे । कससँग सल्लाह माग्ने ? विचार गर्दै जाँदा उनले गाउँको पुरानो किसान साथीलाई सम्झे....ह्वाइट हाउसमा राष्ट्रपतिले आफ्ना मित्रको निकै खातिरदारी गरे ....अमेरिकाबाट दास प्रथाको कलङ्क मेटाएर नयाँ सुनौलो अमेरिकाको निर्माण गर्ने परिकल्पना पनि गरे" (कसजू. २०५७ : १२३-१२४)

प्रस्तुत लघुकथांशमा अमेरिकी राष्ट्रपतिले आफूले जनताका लागि गर्न लागेको कार्यका बारेमा सामान्य जनताले पनि थाहा पाउन् भन्ने उद्देश्य राखेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उनले आफ्ना पुराना एकजना किसान मित्रलाई बोलाएर भेटघाट एवम् छलफल गरेको सन्दर्भ व्यक्त भएको छ । लघुकथांशमा अब्राहम लिंकनको जनपक्षीय चेतनालाई सशक्त किसिमले व्यक्त गरिएको छ ।

(ग) "विस्थापित हुनु पछाडिको रहस्य के हो ?" "देश र जनताको पक्षमा प्राण फाल्दा यस्तो दशा लागो प्रभु"...."जाँड धोकेर सडकमा नाच्दानाच्दै गाडीले भ्याइदिएछ प्रभु !"...."भोलिपल्ट तुफानको दलीय आन्दोलनले ऊ त सहिद भयो नि !" "ऊ सहिद हुँदा तिमीलाई चाहिँ के घाटा" "पुरै घाटा" "प्रभुले मलाई चिनिबक्सेनजस्तो छ । म

शुक्रराज हुँ हजुर ! गङ्गालाल, धर्मभक्त र दशरथ चन्दको साथी ।" (शिवाकोटी. २०७० :१४१-१४२) ।

प्रस्तुत लघुकथांशमा नेपालको प्रजातान्त्रिक आन्दोलनका सहिद र राणाविरोधी आन्दोलनका अभियन्ता शुक्रराज शास्त्रीको अभिव्यक्तिका माध्यमबाट नेपालमा पछिल्लो समयमा मौलाएको जथाभावी सहिद घोषणा गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको पाइन्छ । जथाभावी सहिद घोषणा गर्ने सरकारको कार्यले वास्तविक सहिदको अपमान भएको र सहिद शब्द अत्यन्त सस्तो भएको विचार व्यक्त गरिएको छ । यहाँ दिवङ्गत इतिहासप्रसिद्ध व्यक्तिलाई पात्रका रूपमा प्रस्तुत गरेर नेपाली राजनीतिक क्षेत्रमा देखापरेको विसङ्गत परिवेशप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(घ) कामरेड धनपति चुनाउमा उठेका थिए....उनी प्रचार अभियानमा लागेका थिए । यता प्रचार कार्यालयमा थरीथरीका मानिस आइरहन्थे । धनपतिका कुरा गर्थे । ऊ पनि आयो । धेरै चोटि आयो । उसले आफू पार्टीको हिमायती भएको बतायो । पार्टीमा प्रवेश नगरी पार्टीका लागि ठूलो योगदान गरेको बतायो....ऊ बोल्दै थियो । सचिवले अब बल्ल ऊ कतिको बफादार छ भन्ने कुरा राम्रोसँग बुझे किनकि कमरेड धनपति कहिल्यै भूमिगत भएका थिएनन् । सचिवले बुझे कि भूमिगत त त्यो व्यक्ति पो रहेछ, जो उनीसित गफ छाँट्दै थियो (लामिछाने. २०६८ : ६८) ।

प्रस्तुत लघुकथांशमा नेपालको राजनीतिमा मौलाएको अवसरवादी चरित्रसँग सम्बन्धित घटनालाई प्रस्तुत गरिएको छ । यहाँ आफ्नो अवसर प्राप्त गर्न ठूला कुरा गर्ने प्रवृत्ति भएका राजनीतिक कार्यकर्ताको क्रियाकलापलाई अभिव्यक्त गरिएको छ । रचनामा अवसरवाद विरोधी चेतना प्रस्तुत भएको छ ।

(ङ) इन्द्रसँग अनुनय गरेर भए पनि एकपल्ट आफ्नो प्यारो फूलबारी हेर्न पृथ्वीनारायण शाह स्वर्गबाट नेपाल आइपुगे ....चारपाँच जनाले मन्दिरका मूर्ति उखेल्दै थिए । प्रतिवाद गर्न अघि सरेका दुईतीन जनालाई तिनले मूर्च्छित बनाएर मूर्ति हात पारिछाडे । पृथ्वीनारायण शाह निकै दुःखी भएर थचक्क बसे-"नेपाल भनेर म कहाँ आइपुगेँ....?" मूर्ति हातमा खेलाउँदै गरेकाहरूले भने-"यो नेपालै त हो नि ।" उनले सोधे-"अनि तिमीहरू को हौ ?" तिनले हाँस्दै भने-"नेपाली" (थापा. २०६० : ९५) ।

प्रस्तुत लघुकथांशमा नेपालीहरूको आत्मघाती ध्वंसात्मक चरित्रप्रति व्यङ्ग्य गर्न मिथकका रूपमा पृथ्वीनारायण शाहको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ आधुनिक नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहले नेपालीहरूको विध्वंसक क्रियाकलाप देखेर दिक्क भएको सन्दर्भ आएको छ । यस रचनामा वर्तमान युगका नेपालीहरू निर्माणभन्दा ध्वंसमा विश्वास गर्ने गरेको भनेर यस्तो कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(च) "कस्तो कुरा गर्नुभएको व्यथितजी तपाईंले ? म मरिसकेँ भनेर पनि पत्याउनुहुन्न तपाईं ?....मैले जीवनमा यति परिश्रम गर्छु तर एउटा धोतीसम्म छैन मसँग । यो लँगौटीमात्र लगाएर कसरी जाउँ भान्सामा ? ल भन्नुहोस् त ! एउटा धोतीसम्म व्यवस्था गर्न नसक्ने मजस्तो व्यक्ति बाँचेको के सार भयो ? म मरेबराबर भइन ?" यसको जवाफ व्यथितसँग पनि थिएन । उनी पनि मलिन र गम्भीर देखिए । देवकोटाको उक्त उद्गार सुनेपछि त्यहाँ कोठामा भएका सबै व्यक्तिका आँखा रसाइरहेका थिए (भण्डारी. २०६३ : २) ।

प्रस्तुत लघुकथा अंशमा एकजना कविको जीवनको बाध्यता र विवशतालाई प्रस्तुत गरिएको छ । नेपाली साहित्यका अमर प्रतिभा लक्ष्मीप्रसाद देवकोटाले एकातिर आफूले जीवनमा आर्थिक क्षेत्रमा प्रगति गर्न नसकेकाले आफ्नो पीडा कवि केदारमान व्यथितसामु व्यक्त गरेको विचारलाई अभिव्यक्त गरिएको छ । यहाँ प्रसिद्ध साहित्यकार देवकोटा र व्यथितको प्रसङ्गका माध्यमबाट नेपाली समाजमा स्रष्टाको जीवनको विवशतालाई प्रस्तुत गरिएको छ । नेपाली समाज र राष्ट्रले स्रष्टाको जीवनको संरक्षण गर्न सक्दैन भन्ने विषयप्रति चिन्ता व्यक्त गरिएको छ । लघुकथांशमा राष्ट्रका प्रतिभाको जीवनको खासै ख्यालखबर नगर्ने र बेवास्ता गर्ने प्रवृत्तिप्रति असहमत चेतना प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा प्राचीन ग्रन्थसँग सम्बन्धित पात्रको जीवनसँग सम्बन्धित रहेर वर्तमान नेपाली समाजको यथार्थसँग साक्षात्कार गराउने प्रयास गरिएको छ । मिथकका माध्यमबाट नेपाली समाजका विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथा रचनामा मिथकको विनिर्माणका माध्यमबाट पुराना पात्रलाई पनि नवीन परिवेशमा ढालेर प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा समाजका अनेकन घटनालाई मिथकका माध्यमबाट रोचक किसिमले प्रस्तुत गरिनाका साथै मानव जीवनका विकृतिजन्य परिवेशलाई व्यक्त गरिन्छ । नेपाली लघुकथा रचनामा वर्तमानमा मानिसको धोकेबाज चरित्र, स्वार्थी क्रियाकलाप, गुण्डागर्दी, तोडफोड गर्ने क्रियाकलाप, हिंसाजन्य कार्य र नैतिक विचलनप्रति छेड हानिएको छ ।

### ४.२.१५ प्रवासी जीवनगत युगचेतना

नेपाली लघुकथामा युगचेतना अर्न्तगत अध्ययनका लागि निर्धारण गरिएको एक विषय प्रवासी जीवनको भोगाइ पनि हो । नेपाली लघुकथामा प्रवासी जीवनका बारेमा कम अध्ययन भएको पाइन्छ । नेपाली लघुकथा रचनामा काम एवम् अध्ययनका सिलसिलामा देश बाहिर गएर बसोबास गरेका जनताको जीवन भोगाइ र ती भोगाइसँग सम्बन्धित अनुभूति प्रकट भएको पाइन्छ । प्रवासी नेपाली जीवन र त्यस्तो जीवन बाँचेका जनताको भोगाइका अनुभवको चेतना नै प्रवासी जीवनको चेतना हो । नेपाली लघुकथामा प्रवासी जीवन

भोगाइसँग सम्बन्धित अनुभूति यसरी व्यक्त भएको पाइन्छ । यस अध्ययनमा अच्युत घिमिरेको **पराई मान्छे,** विनयकुमार कसजूको **अनौठो टीका,** नारायण तिवारीको **अराष्ट्रिय,** रामचन्द्र खतिवडाको **रोजगार,** रवीन्द्र समीरको **मुस्कान,** विश्वराज अधिकारीको **अन्तिम पत्र** र प्रदीप प्रधानको **बन्द बाकस** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) हेर भाइ, नेपाल आउनासाथ प्रदूषणले भान्जो बिरामी भयो ।" दिदीका यी कुरा मैले मन्त्रमुग्ध भएर सुनेँ । कुरा सत्य हुन् या होइनन् तर बाह्रखरी नजान्ने दिदी धेरै बाठी भइसकेकी अनुभव गरेँ मैले । उनलाई समुन्द्रछेउको सहर मन पर्न थालेको रहेछ र यस्तो लाग्यो, दिदी भिनाजु पराइ मान्छे भइसकेका रहेछन्" (घिमिरे. २०६१ : ५५) ।

प्रस्तुत लघुकथांशमा विदेशमा बस्ने दिदीले परदेशका कुरा बढी गर्नु र स्वदेशमा आएर बच्चा बिमारी भएको कुरा गर्नुले उनीहरूमा स्वदेशभन्दा विदेशी जीवनप्रति मोह बढ्दै गएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यस रचनामा नेपाली नागरिकको विदेशमोहप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) बाह्र वर्षपछि छोरा बुहारीले अमेरिकाबाट यो सालको दशैँमा घर आउने खबर पठाएका थिए तर दशैँको मुखमा आएर उनीहरू यो साल पनि नआउने भन्ने खबर पाउँदा सावित्री मर्माहित भइन....कम्प्यूटरको माध्यमबाट हजारौँ माइल टाढा बस्ने छोराबुहारी र नातिनातिनालाई दशैँको टिका लगाइदिन पाएकोमा सावित्री र रामप्रसाद दुवै प्रसन्न भएर कृष्णको बुद्धि र सीपको सह्रानी गरे (कसजू. २०५७ : १०-१२) ।

प्रस्तुत लघुकथांशमा कम्प्युटरको स्किनमा देखिएका घरपरिवारका सदस्यलाई कम्प्युटरको स्किनमा टीका लगाएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ प्रविधिले धेरै टाढा भएका आफन्तलाई पनि नजिक बनाउने र एक अर्काका भावना साटफेर हुनमा सहजता हुने प्रसङ्ग अभिव्यक्त भएको छ । लघुकथांशमा संसारको जुनसुकै कुनामा भए पनि आफ्नो संस्कृति नमेटिने तथ्यलाई प्रस्तुत गर्दै नेपलीहरूमा रहेको सांस्कृतिक चेतनालाई अभिव्यक्त गरिएको छ ।

(ग) "अनायास म छोरालाई सम्झन पुगेँ, जो भर्खरै अमेरिका गएको छ । "दुःख गर्दैछु बुबा । साँझ बिहान काम गरेर पढ्ने खर्च निकाल्दै छु । मेरो चिन्ता नलिनु बुबा । सकेँ भने अलि पछि पछि पैसा पनि पठाउँला.....!" फोनमा उसले बोलेको सम्झन्छु । मन भारी हुन्छ" (तिवारी. २०७० : ९९) ।

प्रस्तुत लघुकथांशमा विदेश जाँदैमा मानिस अराष्ट्रिय नहुने विचार व्यक्त गरिएको छ । यहाँ देशमा रहेर देशविरोधी काम गर्ने भन्दा विदेशमा गएर मेहनत गर्ने मानिस राष्ट्रिय

हुने विचार प्रस्तुत गरिएको छ । लघुकथामा आफ्ना जन्मदाताप्रति कृतज्ञ हुने नवपुस्ताको सम्मानको चेतना अभिव्यक्त भएको छ ।

(घ) अहिलेका युवालाई वैदेशिक रोजगारले खुब तानेको छ । उनीहरू ठूलै सपना बोकेर खाडी मुलुक जान्छन् । नरे पनि यस्तै सपना बोकेर साउदी अरब गयो । दश वर्ष त्यहाँ बस्दा पनि उसले केही कमाएन । त्यहाँ उसले कुकुरले नपाएको दुःख पायो र रित्तो हात गाउँ फर्कियो" (खतिवडा. २०७० : ३०) ।

प्रस्तुत लघुकथांशमा विदेश गई दुःख पाएर फर्केका मानिसको जीवनको भोगाइलाई प्रस्तुत गरिएको छ । यहाँ नेपाली युवकले अरब गएर दुःख पाएको र रित्तो हात फर्केको पीडाजन्य अवस्थालाई प्रस्तुत गरिएको छ । यस रचनामा विदेशभन्दा स्वदेश नै राम्रो भएको विचारका साथै देशप्रेमको चेतना अभिव्यक्त भएको छ ।

(ङ) मरुभूमिको प्रचण्ड धुप, खाना तथा पानीको कमी, कामको चाप एवम् साहुको पेलानबाट राजु निरुत्साही भयो, उदास भयो । डिप्रेसनको शिकार भयो । उसको मुखमण्डलबाट मुस्कानको लाली सर्लक्क पुछियो । श्रीमतीले उसको छायाछवि खोज्दै फोनमा भनी, "तपाइँ त कस्तो निस्ठुरी विदेश गएको दुईवर्ष भयो । एउटा फोटो पनि नपठाउने ?" (समीर. २०६९ : ३१) ।

प्रस्तुत लघुकथांशमा विदेशमा गएर मजदुरी गर्ने मानिसको जीवनको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । यहाँ विदेशमा गएपछि सुख नै सुख हुन्छ भन्ने घरपरिवारका सदस्यको सोचाइ अभिव्यक्त भएको छ । लघुकथांशमा विदेशमा रहेको युवकमा उत्पन्न भएको पीडाजन्य चेतनाका साथै नेपालमा रहेकी उसकी श्रीमतीमा उत्पन्न आशामुखी प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

(च) पत्नीले पठाएको पत्रले भने आकाशबाट खसेझैं पारेको थियो पतिलाई । पतिको छातीमा ज्यादै दुख्ने गरी रोपिएका थिए पत्नीको अन्तिम पत्रका यी पङ्क्तिहरू- तपाइँ आउने कुनै टुङ्गो भएन, मैले तपाइँले पठाएको पैसा, सम्पत्ति राम्रोगरी साँचिदिएकी छु....मेरो अमूल्य.....लाई साँच्न कसरी साँच्ने ? धनसम्पत्ति अर्थात सुनचाँदी, रूपियापैसा सेपमा थुनेर राख्न सकिन्छ तर समयलाई भने के त्यसरी थुनेर राख्न सकिन्छ, साँच्न सकिन्छ ? (अधिकारी. २०६० : २९-३०) ।

प्रस्तुत लघुकथांशमा विदेश गएको श्रीमान्लाई छोडेर जाने पत्नीको प्रसङ्गलाई अभिव्यक्त गरिएको छ । नेपालबाट वैदेशिक रोजगारमा गएका युवा बढी पैसा कमाउने लोभमा उतै लामो समय बसिरहन्छन् । उनीहरू पैसाको लोभमा विदेश बस्दा घरमा रहेका श्रीमती, बालबच्चा एवम् परिवारजनको अवस्था कष्टकर हुने गरेको यथार्थ हाम्रो सामुन्ने

छ । यसै सन्दर्भमा यस रचनामा सम्पत्तिभन्दा पनि ठूलो मानिसको जीवन हो भन्ने चेतना अभिव्यक्त भएको छ ।

(छ) एउटा बन्द बाकस एयरपोर्टमा आएको छ भन्ने खबर एकदिन अचानक उजेलीले थाहा पाउँछे । बाकसमा रामप्रसाद सिरिस भनेर लेखिएको छ । उजेली खुसी छ, विदेशका महँगो सामान र सुनका थैला प्याकेट आएछन् भनेर । उजेली सामान बुझ्छे । तुरन्तै खुसीले हतारिएकी उजेली त्यही सुनका बालाहरू हेर्न चाहन्छे । बाकस खोल्छे तर भगवान्ले धोका दिएछ । कारखानामा कालो रामप्रसाद सिरिसको जलेको निर्जीव पार्थिव शरीर पो रहेछ (प्रधान. २०६४ : १०) ।

यस लघुकथा अंशमा विदेश भनेको मानिसका लागि आय आर्जनको बाटो मात्र होइन । विदेशमा ज्यानको जोखिम बढी हुन्छ । विदेशमा गएर रोजगारी गर्ने मानिस आफ्नो ज्यान जोखिममा राखेर काम गरिरहेको हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । लघुकथांशमा मानिसको सोचाइभन्दा भिन्न खाले अवस्था पनि आउन सक्छ भन्ने कुरा व्यक्त गरिएको छ । यसरी नेपाली लघुकथामा प्रवासी नेपाली जीवनको चित्र आएको छ । लघुकथामा विदेशमा गएर काम गरिरहेका मानिसको जीवन भोगाइका विभिन्न अवस्था, भोगाइ अनुभूतिका साथै स्वदेशमा रहेका आफन्तजनका अपेक्षा समेत प्रस्तुत गरिएको पाइन्छ ।

**४.३ निष्कर्ष**

नेपाली लघुकथाका विषयवस्तुका रूपमा धेरै पक्षहरू आएका छन् तापनि मूलभुत रूपमा नैतिक आदर्शमा स्खलनका घटनाको प्रस्तुति, वैचारिक प्रतिबद्धतामा देखिएको अभावको चित्रण, पदमोह/ पदीय मर्यादा कायम गर्न नसकेका घटनाको प्रस्तुति, जनता र कार्यकर्ताप्रति अपहेलनाका घटनाको अभिव्यक्ति, देश र जनताप्रति बेइमानीका घटनाको चित्रण, आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटन, राजनीतिक मूल्यहीनताप्रति असहमति एवम् व्यङ्ग्यात्मक चेतना रहेका छन् । यसरी नै अन्य प्रवृत्तिमा शासनशैलीप्रति जनताको असन्तुष्टिको अभिव्यक्ति, राजनीतिक व्यवस्थाका विकृति- विसङ्गति एवम् भाँडभैलोको चित्रण, प्रजातान्त्रिक मूल्यबोधको अभावको प्रस्तुति, नेताहरूको दुश्चरित्रताको प्रस्तुति, सत्ता दुरुपयोग र राजनीतिकरणका घटनाको अभिव्यक्ति, सहिद र सहिद परिवारको अपमानका घटनाको चित्रण, राजनीतिक ठगी एवम् भ्रष्टाचारजन्य क्रियाकलापको वर्णन, राजनीतिक नेतृत्वको विदेशमुखी चरित्र एवम् क्रियाकलापको अभिव्यक्ति एवम् विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारको चित्रण रहेका छन् ।

'सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण' अन्तर्गत भय एवम् सन्त्रासमय परिस्थितिको चित्रण, द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनाको प्रस्तुति, शान्तिको कामना र युद्धविरामको चाहनाको अभिव्यक्ति, द्वन्द्वकालका गलत कार्यप्रति असहमति एवम्

विरोधको भावनाको अभिव्यक्ति, द्वन्द्वको परिणामबाट उत्पन्न अन्योलग्रस्त भविष्यको चित्रण एवम् साठीको दशकको नेपाली समाजका विकृत परिवेशको चित्रण पाइन्छ । 'सशस्त्र हिंसाजन्य परिस्थितिको चित्रण' मा हिंसाजन्य गतिविधिप्रतिको असहमतिको चेतना, उत्पीडन विरोधी चेतना, शान्तिको चाहना एवम् परिवर्तनको स्वरसमेत अभिव्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा साठीको दशकको नेपाली समाजमा उत्पन्न विकृत परिवेशको चित्रण, त्यसप्रति असहमति, परिवर्तनमुखी चेत सशक्त किसिमले व्यक्त भएको छ ।

नेपाली लघुकथामा सामाजिक विषयको अध्ययनमा सामाजिक विभेद एवम् शोषणको जातीय, लैङ्गिक, आर्थिक एवम् उमेरगत आधारमा गरिने विभेदका घटनाको प्रस्तुतिका साथै त्यस्ता क्रियाकलापप्रति व्यङ्ग्य-विद्रोहको चेतना सशक्त किसिमले अभिव्यक्त भएको पाइन्छ । यस अध्ययनमा आर्थिक अभावले ल्याएका समस्या, मानिसका मूर्खतापूर्ण क्रियाकलापले ल्याएका पारिवारिक समस्या, वृद्ध आमाबाबु माथि गरिने विभेद एवम् पारिवारिक विभेद र समस्या, मानिसका अज्ञानता एवम् मूर्खताप्रति असहमतिको चेतना, रूढिवाद एवम् अन्धविश्वास, आडम्बर, शक्तिपूजा एवम् अनैतिकता, अनुशासनहीनता, अराजकता एवम् स्वार्थजन्य क्रियाकलाप तथा गैरसरकारी संस्थाका क्रियाकलापलाई प्रस्तुत गर्नुका साथै विकृतिजन्य गतिविधिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

नेपाली लघुकथामा कलाकारिता एवम् गीत-संगीत क्षेत्रका विकृतिजन्य घटनाको प्रस्तुति एवम् असहमत चेतना, मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको द्वैध चरित्र एवम् त्यस्ता गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना, मानिसका धार्मिक क्रियाकलापमा दोहरोपना, धर्मका नाममा भएका मानवविरोधी क्रियाकलाप, धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचार, धर्मका नामका गरिने अन्धविश्वास एवम् आडम्बरपूर्ण क्रियाकलाप, उद्योग-व्यापार क्षेत्रका आर्थिक गतिविधि, राजनीति एवम् प्रशासन क्षेत्रमा हुने आर्थिक अनियमितता, पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलाप एवम् गैरसरकारी क्षेत्रका आर्थिक बेइमानीका घटना, लेखक/समालोचकका अवाञ्छित क्रियाकलाप, साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलाप एवम् समाजमा साहित्यकारप्रतिको धारणा एवम् व्यवहार, अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलाप, शिक्षकवर्गका गतिविधि र शिक्षण संस्था एवम् संस्थाप्रमुखका क्रियाकलाप, स्वास्थ्यप्रति असचेत जनताका गतिविधि, स्वास्थ्य संस्थाको क्रियाकलाप एवम् स्वास्थ्यकर्मीको क्रियाकलापलाई विषय बनाउनुका साथै विकृतजन्य गतिविधिप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतना व्यक्त भएको पाइन्छ ।

नेपाली लघुकथामा विज्ञानको दुरूपयोग, विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन, कानुन पालनका सन्दर्भमा नागरिकका गतिविधि, कानुन पालनका लागि सुरक्षा निकायका क्रियाकलाप, कानुन पालनका सन्दर्भमा न्यायालय एवम् न्यायकर्मीको भूमिका,

नारी पुरुष सम्बन्ध, पुस्तागत सम्बन्धमा आएका उतारचढाव एवम् अस्वाभाविक जीवनशैली र असामान्य क्रियाकलापजन्य क्रियाकलाप, प्रकाशन संस्था एवम् सम्पादकका क्रियाकलापको र पत्रकार एवम् कर्मचारीका गतिविधिका बारेमा अध्ययनका साथै सम्बन्धित क्षेत्रका विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली लघुकथामा देवीदेवतासँग सम्बन्धित मिथक, पुराणमा वर्णित पात्रसँग सम्बन्धित मिथक एवम् इतिहासप्रसिद्ध व्यक्ति एवम् घटनासँग सम्बन्धित मिथकको प्रस्तुति गरिएको छ । नेपाली लघुकथामा मिथकका माध्यमबाट सामाजिक विकृतिप्रतिको व्यङ्ग्यका साथै सकारात्मक चिन्तन एवम् क्रियाकलापको चाहना व्यक्त गरिएको छ ।

# परिच्छेद पाँच

# विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना

## ५.१. विषयपरिचय

नेपाली लघुकथामा युगचेतनाको विश्लेषणका क्रममा 'विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना' लाई अध्ययनको मूल विषय बनाइएको छ । साहित्यिक रचनामा साहित्यिक वाद एवम् दर्शनको प्रभाव पर्ने भएको हुँदा ती दर्शनसँग सम्बन्धित दार्शनिक चिन्तन अभिव्यक्त भएको देखिन्छ । नेपाली साहित्यमा विश्व साहित्यमा प्रचलित पाश्चात्य साहित्यिक चिन्तन एवम् वादको प्रभाव पाइन्छ । नेपाली लघुकथामा पाश्चात्य साहित्य चिन्तनसँग सम्बन्धित रचना प्रकाशित हुँदै आएका छन् । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त साहित्यिक चिन्तन वा विचारको प्रभाव र त्यसको प्रयोगको अवस्थालाई विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा नेपाली लघुकथामा अभिव्यक्त वादहरूमा आएका युगचेतना अन्तर्गत पाश्चात्य साहित्यिक वाद वा दर्शनसँग सम्बन्धित आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकतावाद गरी छवटा विषयलाई आधार मानेर अध्ययन गरिएको छ ।

## ५.२ आदर्शोन्मुख यथार्थवादी युगचेतना

आदर्श र यथार्थको सम्मिश्रण भएर आदर्शतर्फ उन्मुख कथानक भएको साहित्य आदर्शोन्मुख यथार्थवादी साहित्य हो । यसले आध्यात्मिक नीतिचेतनाका साथै मानवतावादी चेतनासँग सम्बन्ध राख्दछ । नेपाली लघुकथाको प्रारम्भकाल र केही पछिका कृतिमा यस मान्यतासँग सम्बन्धित रहेर रचना प्रकाशन भएका छन् । यस अध्ययनमा आदर्शोन्मुख यथार्थवादका आधारभूत मान्यताका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ । नेपाली लघुकथामा आदर्शोन्मुख युगचेतनाका अध्ययनका लागि आध्यात्मिक चेतना, भाग्यवादी चेतना, नैतिक आदर्श, सत्तचरित्र एवम् सद्भाव, अहिंसा भावलाई प्रमुख विषय बनाइएको छ ।

## ५.३ आदर्शोन्मुख यथार्थवादका आधारभूत मान्यताहरू

आदर्शवादले नीतिचेतनासँग सम्बन्ध राख्दछ । आदर्शवादलाई परिभाषित गर्ने क्रममा कुमारबहादुर जोशी (२०५४) ले "आदर्शवादी भन्नाले उच्च नैतिक, आध्यात्मिक एवम् सौन्दर्यपरक प्रतिमान र आदर्शहरूलाई अँगालेरआफ्नो तथा समाजको जीवनलाई आफू अनुसार ढाल्ने प्रयत्न गर्ने भन्ने बुझिन्छ" (जोशी. २०५४ :२७-२८) भनेको पाइन्छ । आदर्शवादले प्रस्तुत गर्ने धार्मिक नीतिनियमका सम्बन्धमा राजेन्द्र सुवेदीले "पुराण र कर्मकाण्डका विविध विधानहरू पनि आदर्शका यान्त्रिक रूप हुन् । यज्ञ-व्रत-जप-तप-

पुनश्चरण आराधना लगायतका कर्महरू सबै शास्त्रीय आदर्शका बिम्ब हुन्" (सुवेदी. २०६४ : ६५) भनेका छन् । प्रारम्भमा आदर्शवाद धार्मिक नीतिचेतनासँग सम्बन्धित रहे पनि पछि यसले उदार चरित्र अँगालेको पाइन्छ । धार्मिक नीतिमात्र नभएर मानवीय सम्वेदना र सदभावका साथै प्राणीमात्रको कल्याण भावको चेतना पनि यसले अघि बढाउँदै गयो । आदर्शवादले मानवतावादी चरित्र अंगालेको र आफ्नो दायरा बढाउँदै गएको कुरालाई राजेन्द्र सुवेदीले यसरी व्यक्त गरेका छन् :

> "कट्टर आदर्शका घेराबाट अलिक मुक्त रूपमा मानवीय मुक्त रूप प्राप्त गर्न सफल भएको जुन आदर्श छ, त्यो फराकिलो छ....मानव र मानवेतर प्राणीमा भित्रभाव भएर रहने, विश्वलाई बन्धुवत् आचरण गर्ने, सज्जनता, सद्गुण र सच्चरित्रलाई आत्मवत मान्ने, विश्वमानव जीवनलाई उपलब्धि ठान्ने आजको मानवतावाद पनि परिमार्जित अवस्था प्राप्त गरेको आदर्शवाद हो (सुवेदी. २०६४ : ६५) ।

प्रारम्भमा आध्यात्मिक चेतना प्रस्तुत गर्ने लेखकले पनि मानवतावादी चेतनासँग सम्बन्धित विषय सन्दर्भ उठाउँदै जान थाले । आदर्शवाद नयाँ किसिमले विकसित हुँदै गयो । आर्दशवादी चेतनाले यथार्थको संगत पाएपछि यसले मानव जीवनका यथार्थ घटनाप्रति पनि जिज्ञासा राख्दै गएको पाइन्छ । आर्दशोन्मुख यथार्थवादले जीवन जगत्का घटना एवम् पात्र यथार्थ धरातलबाट टिपे पनि तिनमा परम्परागत नीतिचेतना र आध्यात्मिक चिन्तनलाई प्रस्तुत गरेको पाइन्छ । नेपाली साहित्यको प्रारम्भकालमा आदर्शवादी नीतिचेतनासँग सम्बन्धित रचना प्रकाशित हुँदै आएको पाइन्छ ।

सामान्यतया आदर्शवाद र यथार्थवादको सम्मिश्रण भई आदर्शतिर उन्मुख कथानक भएको कृतिलाई आर्दशोन्मुख यथार्थवादी कृति मानिन्छ । विश्वसाहित्यमा आदर्शवादलाई एक दार्शनिक विचारधाराका रूपमा विकास गर्ने कार्यको सुरुवात प्लेटो (ई.पू. ४२७-३४७) ले गरेका हुन् । नेपाली साहित्यमा आदर्शोन्मुख यथार्थवादी चेतना रुद्रराज पाण्डेयद्वारा लिखित **रूपमती** (उपन्यास, वि.स. १९९१) बाट प्रारम्भ भएको हो । नेपाली लघुकथाका सन्दर्भमा यस चेतनाको प्रारम्भ पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (वि.स. २००७) बाट प्रारम्भ भएको मानिन्छ । यस अध्ययनमा आदर्शोन्मुख यथार्थवादी युगचेतनाको अध्ययन गर्ने क्रममा आध्यात्मिक चेतना, भाग्यवादी चेतना, नैतिक आदर्श, सद्चरित्र एवम् सदभावलाई विषय बनाइएको छ ।

### ५.४ आदर्शोन्मुख यथार्थवादी युगचेतनाको विश्लेषण

नेपाली साहित्यमा आदर्शोन्मुख यथार्थवादी चेतनाको प्रारम्भ रुद्रराज पाण्डेयको **रूपमती** (वि.स. १९९१) बाट प्रारम्भ भएको पाइन्छ । नेपाली लघुकथाका सन्दर्भमा आदर्शोन्मुख यथार्थवादी चेतनाको प्रारम्भ पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (वि.स. २००७) बाट

प्रारम्भ भएको हो । पूर्णप्रसाद ब्राह्मण, श्रीरामकुमार श्रेष्ठ, जगमोहन शाक्य, नारा जोशी, सुशीला देउजा, देवेन्द्र अर्याल 'आँसु', लुमुडी आचार्य, इन्द्रकुमार विकल्प, टंकबहादुर आले मगर, वासु मार्मिक, भूपेन्द्र सुवेदीका रचनामा आदर्शान्मुख यथार्थवादी युगचेतना प्रतिबिम्बित छ । नेपाली लघुकथामा यस चिन्तनको प्रभाव प्रारम्भकालदेखि वर्तमानसम्म रहेको पाइन्छ । नेपाली लघुकथाका यस विचारधाराको प्रभाव सीमित नै रहेको छ । नेपाली लघुकथाको मूलधारको चेतनाको यसले प्रतिनिधित्व गरेको छैन । यस अध्ययनमा आदर्शोन्मुख यथार्थवादलाई प्रतिनिधित्व गर्ने आध्यात्मिक चेतनाको प्रस्तुति, भाग्यवादी चेतनाको अभिव्यक्ति, नैतिक आदर्शको प्रस्तुति, सच्चरित्र एवम् सदभावको अभिव्यक्ति एवम् अहिंसाभावको प्रस्तुतिलाई अध्ययनको विषय बनाइएको छ ।

### ५.४.१ आध्यात्मिक चेतनाको प्रस्तुति

आदर्शोन्मुख यथार्थवादी चेतनाअर्न्तगत आध्यात्मिक चेतना पनि पर्दछ । नेपाली लघुकथाको प्रारम्भकालीन रचनामा आध्यात्मिक चेतना प्रबल रूपमा पाइन्छ । यस पछिका दिनमा पनि यस चेतनालाई पछ्याउने काम भएको छ । आध्यात्मिक चेतना भएको मानिसले ईश्वरको अस्तित्वबोध गरेर देवीदेवताप्रति आस्थाभाव प्रकट गर्ने, धर्मकर्म आदि क्रियाकालापमा संलग्न रहने कार्य गर्दछन् । जीवन र जगत्को सङ्चालन ईश्वरबाट सञ्चालित भएकोले सृष्टिको निर्माण र विनाश सबै ईश्वरले गर्ने गर्दछन् भन्ने चिन्तन व्यक्त गरिएको पाइन्छ । आध्यात्मिक चेतना भएका मानिसले समय-समयमा विभिन्न चाडपर्वमा धार्मिक गतिविधि गर्नाका साथै चाडपर्व बाहेकका समयमा पनि धार्मिक प्रवचन, यज्ञयज्ञादि लगायतका कार्य सञ्चालन गरिएको पाइन्छ । नेपाली लघुकथामा आध्यात्मिक चेतनासँग सम्बन्धित व्यक्ति एवम् समाजका गतिविधिले समाजमा पारेको प्रभावलाई अध्ययनको विषय बनाइएको पाइन्छ । यस अध्ययनमा पूर्णप्रसाद ब्राह्मणको **सेवा,** श्रीरामकुमार श्रेष्ठको **बिन्ती,** नारा जोशीको **विश्वास,** देवेन्द्र अर्याल 'आँसु' को **घाइते ईश्वर** एवम् लुमडी आचार्यको **धुनी मोह** लघुकथाको विश्लेषण गरिएको छ :

(क) बीसौं शताब्दीले बिगुलको आवाजमा भन्यो-"विश्वसाम्राज्य कुनै एक वादको हुनुपर्छ ।" समस्त विश्वक्षेत्र रणभूमि बन्यो .... खबर पुग्यो अलक्षितको सुनौलो मन्दिरमा । अनन्त ब्रह्माण्डका अभिनायकले भने-अशान्तिकारी बालक्रीडा बन्द गर । पछि निधो लाग्नेछ'....जीवनको अविरल क्रान्तिले थाकेका रणवीरहरूले निर्णयको लागि युद्ध बन्द गरे, जय र पराजयको लाखौंको आजितिमा । (ब्राह्मण. २००७ : ९) ।

प्रस्तुत लघुकथांशमा ईश्वरले यो संसार सब चलाइरहेको विचार व्यक्त भएको छ । संसारमा विभिन्न वादका बीचमा लडाँई झगडा भइरहेकामा ब्रह्माण्डका अधिनायक अर्थात्

ईश्वरले भन्ने बित्तिकै युद्ध बन्द भएको विचार व्यक्त गरिएको छ । यस रचनामा ईश्वरले सारा संसार चलाइरहको विश्वास अभिव्यक्त गरिनाका साथै आध्यात्मिक चेतना प्रकट भएको छ ।

(ख) अतः त्यहाँ भेला भएकामध्ये एकजनाले कानैमा मुख लगाएर सहानुभूति प्रकट गर्दै भन्यो, "अन्तिम अवस्थामा पुगिसक्नु भएछ । तर धर्मको नाममा न कुनै पाटी पौवा नै बनाउनु भो, न त पुराणादि लगाएर धर्मकर्म गर्नेतिर तपाँईको मनै गयो । अब अन्तिम अवस्थामा तपाईंको कुनै धर्म गर्ने इच्छा छ कि ?" (शाक्य र श्रेष्ठ. २०१८ : १०) ।

प्रस्तुत लघुकथांशमा गाउँसमाजका मानिसमा आध्यात्मिक चेतना भएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ समाजमा आध्यात्मिक चेतनाको प्रबलता भएकोमा एक जना मानिस जीवनभर आध्यात्मिक कार्यबाट विमुख भएको र ऊ मरणासन्न अवस्थामा पुगेको अवस्थामा वर्तमानमा धार्मिक कार्य गर्ने इच्छा छ कि भनेर गाउँलेले प्रश्न सोधेको प्रसङ्गलाई व्यक्त गरिएको छ । हाम्रो समाजमा रहेको आध्यात्मवादमाथि विश्वास नभएका मानिसले अर्को जुनीमा समेत मुक्ति नपाउने विश्वासलाई प्रस्तुत गरिएको छ । यहाँ गाउँलेले मरणासन्न व्यक्तिले अर्को जुनीका लागि भए पनि धार्मिक कार्य गर्छ कि भन्ने सम्भावनाले उसलाई प्रश्न सोधेको घटनालाई अभिव्यक्त गरिएको छ । यहाँ हरेक मानिसमा आध्यात्मिक चेतना हुनुपर्ने भावसहितको चेतना व्यञ्जित भएको छ ।

(ग) यस्तो किसिमको बत्ती बज्यैको जोहो देखेर गाउँलेले एवं चिनेजानेका सबै छक्क पर्थे....एकदिन बज्यैले पण्डित बोलाएर सुदिन हेराई यज्ञ गरेर आफ्नो पलङ्ग, बिस्तारा, भाँडाकुँडा दान गरिन् । यसरी दान गरेकोमा अरूले उडाए । तर बज्यैको विश्वास झन बढ्दै गयो" (जोशी. २०६५ : २३) ।

प्रस्तुत लघुकथांशमा एक महिलाको आध्यात्मिक चेतनालाई व्यक्त गरिएको छ । यहाँ महिलाले आफू रहेको समाजमा जे जस्तो चिन्तन भए पनि धार्मिक कार्यमा निरन्तरता दिएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा आध्यात्मिक चेतनाले अभिप्रेरित भएर गरिएको दानले मानव जीवनमा मुक्ति मिल्दछ भन्ने चिन्तन प्रस्तुत भएको छ ।

(घ) "यता पृथ्वीमा भने मनुष्य-मनुष्य बीच भगवानको स्वरूप यस्तो-उस्तो भन्ने विषयमा मतमतान्तर चलिरहेको छ । मानिसहरू 'तेरो र मेरो भगवान' भनेर एकआपसमा झैझगडा गरिरहेका छन् । धर्म र भगवानका नाममा युद्ध चर्किरहेको छ । द्वन्द्व बढिरहेको छ, मठमन्दिर, मस्जिद, चर्चजस्ता धार्मिक स्थलहरू तोडफोड गर्ने क्रम दिनानुदिन बढिरहेको छ" (अर्याल. २०६६ : ७३) ।

प्रस्तुत लघुकथांशमा मानिसले ईश्वरको भागबन्डा गरेर झैंझगडा गरेको र नराम्रा क्रियाकलापमा संलग्न भएकोमा चिन्ता व्यक्त गरिएको छ । यहाँ ईश्वरका नाममा झैंझगडा हुन नहुने भाव अभिव्यञ्जित भएको छ । यस रचनामा मानिसले आध्यात्मिक चेतना राखे पनि आफ्नो विश्वासले अर्काको विश्वासलाई ठेस पुऱ्याउने कार्य गर्न नहुने चिन्तन प्रस्तुत गरिएको छ ।

(ङ) मनबहादुरलाई तीनवर्ष पहिले शिवरात्रीकै अवसरमा पशुपतिको सेरोफेरो चहारेको झिनो हेक्का एकातिर छ र अर्कातिर गाउँघरमा सुनिने गरेको बाग्मती सम्बन्धी अपत्यारिला चर्चा सम्बन्धमा कौतहुलता पनि छ । यद्यपि उनको उत्कृष्ट चासो भने शिवरात्री परिसरमा भेटने जोगी, सन्त महन्तहरू र धुनी दर्शन गर्नु हो" (आचार्य. २०६८ : ६) ।

प्रस्तुत लघुकथांशमा प्रस्तुत मनबहादुर नामक पात्रमा आध्यात्मिक चेतना प्रबल रहेको भावलाई प्रस्तुत गरिएको छ । पशुपतिलाई आध्यात्मिक केन्द्रका रूपमा मान्ने उक्त मनबहादुरले विगतमा भन्दा वर्तमानमा के कस्तो फरक आएको होला भनेर जिज्ञासा राखेको सन्दर्भ प्रस्तुत गरिएको छ । नेपालमा ग्रामीण समाजमा बस्ने कतिपय मानिसमा धार्मिक कार्य एवम् धार्मिक संघसंस्थाप्रति अभिरुचि रहेको पाइन्छ । यसै सन्दर्भमा मनबहादुर नामक पात्रमा रहेको आध्यात्मिक चेतनालाई प्रभावकारी किसिमले अभिव्यञ्जित गरिएको छ ।

यसरी नेपाली लघुकथामा आध्यात्मिक चेतनाका माध्यमबाट धार्मिक आर्दशको प्रस्तुति भएको पाइन्छ । नेपाली लघुकथामा हाम्रो समाजमा रहेको आदर्शोन्मुख चेतनालाई अभिव्यक्त गरिएको छ ।

### ५.४.२ भाग्यवादी चेतनाको अभिव्यक्ति

नेपाली लघुकथामा युगचेतना अर्न्तगत आदर्शोन्मुख यथार्थवादी युगचेतनाको अध्ययनका क्रममा भाग्यवादी चेतनालाई पनि आधार मानिएको छ । भाग्यवादी चेतनाले कुनै पनि मानिस सम्पत्ति, पदप्रतिष्ठा आदि सबै भाग्यका कारण प्राप्त गर्ने र भाग्यका कारण नै माथिल्लो स्थानमा रहेको मानिस कमजोर र कमजोर मानिस माथिल्लो स्थानमा पुग्ने विश्वास गरिएको पाइन्छ । मानिसको जन्म, मृत्यु एवम् जीवनमा आइपर्ने विभिन्न घटना भाग्यका कारण हुने विचार व्यक्त गरिएको पाइन्छ । नेपाली समाजमा रहेको भाग्यवादी चिन्तनलाई लघुकथा रचनामा पनि अभिव्यक्त गरिएको पाइन्छ । नेपाली लघुकथा रचनामा मानिसका जीवनका सफलता जति सबै भाग्यका कारण भएको दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । यस अध्ययनमा श्रीरामकुमार श्रेष्ठको **मातृत्वमा आघात,** सुशीला देउजाको **फेरि आज पनि** एवम् इन्द्रकुमार विकल्पको **भाग्यको लेखान्तर** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "आमा छोरीको सानो संसार । आमा छोरीलाई हेरेर मनमनै भन्थी- "म कति भाग्यमानी ! पति छैनन् त के भयो ? छोरी त छ- यो पनि एउटा संसारै हो" (शाक्य र श्रेष्ठ. २०१८ : ९) ।

प्रस्तुत लघुकथांशमा आमा पात्रले आफ्नो भाग्य बलियो भएको कारण छोरीकी आमा हुन पाएकी र आफ्नो जीवन सुखी भएको विचार व्यक्त गरेको पाइन्छ । यस रचनामा आफ्नो पति नभए पनि छोरी भएका कारण खुसी भएकी महिलाको अभिव्यक्तिले वर्तमानप्रतिको सन्तुष्टिलाई जनाउँछ । यहाँ महिलामा भाग्यवादी चेतना प्रबल भएका कारण अभावका बीच पनि सम्पूर्णताको अनुभूति गरेको अवस्था प्रस्तुत गरिएको छ । यस रचनामा धार्मिक आदर्श अभिव्यक्त भएको छ ।

(ख) "गाउँमा खेतीपाती गर्दै बसेकी एक सामान्य महिला अचानक मन्त्रिणी बनी राजधानी भित्रिइन् । नातेदारहरू सबैले-'कस्ती भाग्यमानी' भन्दै बधाइ दिए । उनी केही दिन त फुरुङ्ग परिन् । तर सहरी जीवनको साथै यो उच्च पदको चमकदमकको भेउ नपाएकी, त्यहाँ उनको मन रम्न सकेन" (देउजा. २०६६ : ६१) ।

प्रस्तुत लघुकथांशमा एकजना गाउँले महिला भाग्यका कारण मन्त्रिणी बनेको उसका नातेदारहरूको अभिव्यक्तिलाई प्रस्तुत गरिएको छ । यस रचनामा महिलाका नातेदारले उनी आफ्नो श्रीमान्‌को राजनीतिक संलग्नता एवम् कामका कारण मन्त्रिणी भएको तथ्यलाई बेवास्ता गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ मानिस आफ्नो कर्मशीलताका कारण प्रगति गर्ने र उसका नजिकका मानिस सो प्रगतिका कारण लाभमा पर्ने यथार्थको अपेहलना गरिनाका साथै समाजमा रहेको भाग्यवादी चेतनालाई अभिव्यक्त गरिएको छ ।

(ग) "रविचन्द्र र सुनमायाको बिहे भएको १२ वर्ष पछि छोरा जन्मियो....सबैको मुखबाट एउटै आवाज निस्कियो "कस्तो भाग्यमानी....ठ्याक्कै....नाटीकुटी.....बाकै जस्तो अनुहार जस्तो...." छोरा जन्मिएकामा सुनमायाका भुइँमा खुट्टै थिएनन् । खुसीले अनुहार चम्किरहेको थियो" (विकल्प. २०६८ : ४७) ।

प्रस्तुत लघुकथांशमा एक दम्पतिको लामो अवधि पछि सन्तान जन्मिनमा भाग्यको कारण रहेको मानिसहरूको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । यहाँ बिहे गरेको बाह्र वर्ष पछि छोरा जन्मिनु, सबैको मुखबाट भाग्यमानी भएको, बाको जस्तो अनुहार भएको छोरा जन्मेको अभिव्यक्ति दिनु, बच्चा पाएर बच्चाकी आमाको भुइँमा खुट्टा नहुनु, खुसीले अनुहार चम्किनु जस्ता घटनाका माध्यमबाट भाग्यवादी चेतनाको अभिव्यक्ति दिइएको छ ।

यसरी नेपाली लघुकथामा आर्दशोन्मुख यथार्थवादी चेतनालाई प्रस्तुत गर्ने क्रममा भाग्यवादी चेतनालाई पनि प्रस्तुत गरिएको छ । लघुकथा रचनामा समाज विकासक्रममा

मानिसमा यथार्थलाई भन्दा पनि आदर्शलाई प्राथमिकता दिने प्रचलन रहँदै आएको सन्दर्भ व्यक्त भएको पाइन्छ । यसै क्रममा नेपाली लघुकथाको प्रारम्भकालदेखि हालसम्म आइपुग्दा समेत यो चेतना मन्द रूपमा भए पनि प्रकट हुँदै आएको छ ।

### ५.४.३ नैतिक आदर्शको प्रस्तुति

नेपाली लघुकथामा युगचेतना अर्न्तगत आदर्शोन्मुख यथार्थवादी चेतनालाई अभिव्यक्त गर्ने क्रममा नैतिक आदर्शसँग सम्बन्धित लघुकथालाई प्रस्तुत गरिएको छ । नैतिक आदर्शले समाजमा मानिसमा असल संस्कारका साथै नैतिक मूल्यको पालना हुनुपर्ने चिन्तनलाई प्रस्तुत गरेको पाइन्छ । नैतिक आर्दशबिना व्यक्तिको जीवन विश्रृङ्खलित हुने भएकोले जीवनमा नैतिक अनुशासनको आवश्यकतामाथि जोड दिएको पाइन्छ । यस चिन्तनले सत्य र न्यायको पक्षमा रहेर जीवनलाई असल मार्गमा लगाउने विचार व्यक्त गर्दछ । नेपाली लघुकथा रचनामा मानिसले नैतिक आदर्शको पालना गर्नुपर्ने, अनैतिक कार्यमा संलग्न हुन नपर्ने र इमान्दारिता अँगाल्नुपर्ने दृष्टिकोण व्यक्त गरिएको पाइन्छ । यस अध्ययनमा टंकबहादुर आले मगरको **एउटा गुहार र** वासु मार्मिकको **सदाशयता** लघुकथाको विश्लेषण गरिएको छ :

(क) तुरुन्तै हात उठाएर सडक बालक कराउन थाल्छ- ए महाशय हो ! ए बन्धु, बान्धव हो !! ए वसुधाका चेतनरूपी हो !!! सुन्नुहोस् यहाँ मानवता छट्पट्टिरहेछ, मरिरहेछ, गुहार ! गुहार !! गुहार !!! सडक बालक कराइ रह्यो, धेरैले सुनेर पनि सुनेनन्, सुन्नेहरू आफ्नै व्यस्तता देखाई जाँदै थिए/आउँदै थिए" (आले मगर. २०६४ : १३ ) ।

प्रस्तुत लघुकथांशमा एकजना बालकले मानवता छटपटाएको, मरिरहेको र गुहार मागेको घटनालाई प्रस्तुत गरेर समाजमा नैतिक आदर्शको खोजी गरेको सन्दर्भलाई व्यक्त गरिएको छ । लघुकथांशमा हाम्रो समाजमा मानवता हराएको, मरिरहेको भनेर वर्तमानमा मानिस क्रुर, हिंसक तथा स्वार्थले प्रेरित भएर कार्य गरिरहेको यथार्थलाई अभिव्यञ्जित गरिएको छ । यस रचनामा एकजना कमजोर मानिस घाइते भएर सडकमा लडिरहेकामा कसैले पनि नसुनेको, सुने पनि व्यस्तताको बहाना गरेको र आउँदै जाँदै गरेको भनेर मानिसमा रहेको नैतिक आदर्शको अभावको घटनालाई पुष्टि गरेको छ । यहाँ बालक पात्रको अभिव्यक्तिका माध्यमबाट समाजमा नैतिक आदर्श कायम हुनुपर्ने चेतना अभिव्यक्त भएको छ ।

(ख) एकदिन उसलाई केही रूपैयाँको ज्यादै आवश्यकता परेकोले मसँग सापट माग्यो । उसले तुरन्त फर्काउने मनसाय व्यक्त गरेर हिंड्यो । जब म उसलाई प्रत्येक दिन भेट्थैं त्यतिबेला रूपैयाँ फिर्ता पाईन्छ होला भनेर म ज्यादै लालायित हुन्थैं तर

रूपैयाँ फर्काउने कुनै सुरसार नदेख्दा म तीन छक्क परेँ....मैले आखिर केही सीप नलागेपछि बाटोमा भेटेर उसलाई सुनाएँ, "हेर्न, गुरू बन्न जति सजिलो छ त्यति चेला बन्न गाह्रो छ।" (मार्मिक. २०५३ : १०)।

प्रस्तुत लघुकथांशमा एकजना साथीले आफ्नै साथीको पैसा लिएर लामो समयसम्म पनि पैसा फिर्ता नदिएको घटनालाई विषय बनाइएको छ । यहाँ म पात्रले साथीको गलत व्यवहारप्रति रूष्ट बनेर उसलाई नैतिकताको पाठ पढाएको सन्दर्भ व्यक्त भएको छ। यस रचनामा मानिस नैतिक आर्दशले युक्त हुनुपर्ने र उसमा इमान्दारिता हुनुपर्ने आध्यात्मिक चेतना व्यक्त भएको छ।

यसरी नेपाली लघुकथामा नैतिक आदर्शका माध्यमबाट आदर्शोन्मुख यथार्थवादी युगचेतनाको अभिव्यक्ति भएको पाइन्छ । नेपाली लघुकथामा आदर्शोन्मुख चेतनाका माध्यमबाट व्यक्ति एवम् समाजको कल्याणको साथै समाजसुधारको चेतना अभिव्यक्त हुँदै आएको छ।

### ५.४.४ सच्चचरित्र एवम् सदाचारको अभिव्यक्ति

नेपाली लघुकथामा युगचेतना अर्न्तगत आदर्शोन्मुख यथार्थवादी चेतनाको अध्ययनका क्रममा सद्‌चरित्र एवम् सदाचारसँग सम्बन्धित लघुकथाको अध्ययन गरिएको छ। मानिसमा सदाचार एवम् सच्चचरित्र हुनुपर्ने चिन्तन आदर्शोन्मुख यथार्थवादी चेतनासँग सम्बन्धित चिन्तन हो । नेपाली लघुकथामा मानिसले जीवनमा आफ्ना जीवनशैली एवम् गतिविधिमा सही आचरण अँगाल्नुपर्ने र असल चरित्रका माध्यमबाट समाजलाई आदर्श प्रस्तुत गर्नुपर्ने चिन्तन व्यक्त भएको पाइन्छ । मानिसको जीवन सच्चचरित्र एवम् सदाचारको अभावमा दु:खमय बन्न जाने, आफ्नै कारण आफैले धोका पाउने भएकोले व्यक्ति स्वयं सचेत बन्नुपर्ने विचार प्रस्तुत गरिएको पाइन्छ। यसै सन्दर्भमा यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त सद्‌चरित्र एवम् सदाचारसँग सम्बन्धित चिन्तनलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा भूपेन्द्र सुवेदीको **पश्चात्ताप,** जगमोहन शाक्यको **मातृ-ममता र** नारा जोशीको **साइत** लघुकथाको विश्लेषण गरिएको छ :

(क) पोस्टमार्टम गर्दा उसको गोजीमा स्वहस्तलिखित एउटा कागज फेला पऱ्यो....समय गतिशील रहेछ। जस्ले गतिलाई समात्न सक्यो त्यही सही मान्छे बन्दो रहेछ । म बाटो बिराई कुमान्छे बनेँ । कुमान्छे बाँच्नुभन्दा मर्नु निको ठानी एक मात्र शरण लिने ठाउँ मृत्यु रोजी स्वेच्छाले आत्महत्या गरेँ। मेरो जीवनको शैली र बाध्यताको अन्त्यबाट सबैले पाठ सिकेर समयमै सतर्क भै जीवन मार्ग पहिल्याऊ (सुवेदी. २०६१ : ३)।

प्रस्तुत लघुकथांशमा एक मानिसले आफ्नो जीवनको असफलताबाट नयाँ ज्ञान प्राप्त गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ जीवनलाई सही बाटोमा नलगाएर अन्तिममा आत्महत्या गर्न पुगेको मानिसको आत्मस्वीकृति अभिव्यक्त भएको छ । यस रचनामा आत्महत्या गर्ने पात्रको जीवन गतिशील भएको, जीवनको गति पक्रिनुपर्ने र बाटो बिराउँदा कुमान्छे बनिने भनाइका माध्यमबाट मानिसले सद्चरित्र एवम् सदाचारयुक्त जीवन अँगाल्नुपर्ने चिन्तन व्यक्त भएको छ । यहाँ आध्यात्मिक नैतिक आदर्शले मानव जीवन सार्थक बनाउने विचार व्यक्त भएको छ ।

(ख) केही खाउँ भनेर बसेकी आमाले खानलाई अगाडि राखेको खानेकुरो आफूले नखाई "लौ, यहाँ खाऊ" भनी सबै अगाडि सारिदिएर आफू चाँहि भोकै बसिन् । सबै हारालुछ गरेर ती छोरा-छोरीहरूले रमाई त्यो खानेकुरा खाए....आमा बूढी भइन्, उसले छोरा-छोरीहरूका आसमा बाँच्नुपर्ने दिन आएको थियो । अतः एक दिन उसले आफ्नो मनले खाएको छोरो कहाँ गएर भन्यो-'छोरा म के खाउँ-भोक लाग्यो ।" तर छोराले निर्धक्क जवाफ दियो-जे सुकै खाऊ-जता जाऊ ।" तापनि आमाको ह्दयमा अरू केही पनि थिएन तर थियो केवल तिनै सन्तानहरूप्रतिको अगाध माया र ममता (शाक्य. २०१८ : १६-१७) ।

प्रस्तुत लघुकथांशमा आमा पात्रले छोराछोरीलाई दुःख गरेर सफल जीवन बाँच्ने स्थितिमा पुऱ्याएर तिनै आमालाई बुढेसकालमा छोराले खान नदिएर अपमानजनक व्यवहार गरेको, छोराले जस्तो व्यवहार गरेपनि आमाको ह्दयमा सन्तानप्रति अगाध माया र ममता रहेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा आमामा असल चरित्र एवम् असल व्यवहार भएको र उनले आफ्ना सन्तानको कुभलो नचाहेको घटनालाई व्यक्त गरिएको छ । यहाँ आध्यात्मिक चेतना अर्न्तगतको सच्चचरित्र एवम् सदव्यवहारजन्य चेतना अभिव्यक्त भएको छ ।

(ग) बिहान उठेपछि मुख्यानी बजैले भन्नुभयो, यो मेरो नामको एक बिघा जग्गा तिमीलाई बकसपत्र दिन्छु, अब नरे तिमी यहीँ बस, नरे जिल्ल पऱ्यो । आफ्नो पहाडको बास सम्झेर खुसी हुँदै हर्षाश्रु बगाएर मुख्यानी बजैको चरण स्पर्श गर्न थाल्यो । नरे घरबाट हिँडेको साइतो सम्झेर मुख्यानी बजैको मनलाई धन्यवाद दियो" (जोशी. २०६५ : ४८) ।

प्रस्तुत लघुकथांशमा मुख्यनी बज्यै नामक सम्पन्न महिला पात्रले आफ्नो पूर्व कामदारलाई आफ्नो जमिन दिएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ मुख्यानी बज्यै नामक पात्रमा सच्च्चरित्र रहेकोले उनले एक गरिबलाई आफ्नो सम्पत्ति दिएको विचार व्यक्त गरिएको छ । यसरी नेपाली लघुकथामा सच्चचरित्र एवम् सद्व्यहारका घटनाको

प्रस्तुतिका माध्यमबाट समाजमा रहेको आध्यात्मिक नैतिक आदर्शको अभिव्यक्ति भएको पाइन्छ ।

### ५.४.५ अहिंसा भावको प्रस्तुति

नेपाली लघुकथामा युगचेतना अर्न्तगत आदर्शोन्मुख यथार्थवादी चेतनाको अध्ययनका क्रममा अहिंसा भाव व्यक्त गरिएका लघुकथा रचनाको विश्लेषण गरिएको छ । नेपाली लघुकथामा अहिंसाभाव मानवतावादी चेतनाकै एक रूप भएको, संसारभरिका मानवमात्र नभएर प्राणी मात्रको हित चाहनु र उनीहरूको जीवनप्रति सद्भाव व्यक्त गर्नु मानवतावादको मुख्य विशेषता भएको विचार व्यक्त भएको पाइन्छ । मानिसले आफ्नो भोजनका लागि अन्य प्राणीको हत्या गर्नु पाप भएको र पापका कारण मानिसले अर्को जुनीमा पनि मुक्ति नपाउने विचार व्यक्त गरिएको छ । हरेक प्राणीमा ईश्वरको वास हुने भएकाले कुनै पनि प्राणीको हत्या गर्नु ईश्वरलाई धोका दिनुसरह हो भन्ने दृष्टिकोण अघि सारिको छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अहिंसा भाव व्यक्त गरिएका इन्द्रकुमार विकल्पको **नयाँ बुद्ध** र लुमडी आचार्यको **नाजवाफ** लघुकथाको विश्लेषण गरिएको छ :

(क) उसले आँखा बन्द गऱ्यो । उसको मुखारबिन्दबाट आवाज निस्कियो "ॐ.....।".....हामी खाइरहेका छौं, एउटा जीवात्मा भएर एउटा निरिह जीवको हत्या गरेर खानु कतिको जायज छ र हामी जे खाइरहेका छौं, आफ्नै मुटु, कलेजो खाइरहेका छौं, आफ्नै रगत खाइरहेका छौं, आफ्नै गिदी खाइरहेका छौं......" (विकल्प. २०६८ : ४२) ।

प्रस्तुत लघुकथांशमा सन्त पात्रले एक जीवात्मा अर्को जीवात्माको हत्या गरेर खानु जायज नभएको, आफ्नै मुटु कलेजो खाइरहेको विचार व्यक्त गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा समाजमा हिंसाजन्य गतिविधि बढेकामा चिन्ता व्यक्त गर्नाका साथै अहिंसाका माध्यमबाट समाजमा सुख शान्तिको कामनासमेतको अहिंसात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) बौद्ध धर्मको जानकारी र त्यसको पर्यावरणको चित्रहरू आफ्नो हुलि सकेका पाहुनाहरूलाई अब देवी मन्दिर र त्यसको पृष्ठभूमिबारे जिज्ञासा लाग्नु स्वाभाविकै थियो....मन्दिर हातामा विभिन्न पशुहरू पञ्चबलीका उद्देश्यले राखिएको हुन्छ । अन्य पशुहरूको रगतले त्यहाँको वातावरण रक्ताम्मे भएको जिज्ञासापूर्वक हेर्छन् । सोध्दछन्-'भेरी वन्डरफुल ! तपाईंहरू धर्म यसरी गर्नु हुँदोरहेछ, अझ पाप गर्नु भयोभने त्यो कस्तो होला ? त्यसपछि पथप्रर्दशक नाजवाफ (आचार्य. २०६८ : १०) ।

प्रस्तुत लघुकथांशमा बुद्ध धर्मका बारेमा जानकारी पाएको पर्यटकले मन्दिरमा गरिएको पशुबलि देख्दा उसको मन कुण्ठित भएको, उसले पशुबलिको विरोध गरेको एवम् त्यसप्रति व्यङ्ग्य गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ नेपालीहरूले धार्मिक कार्यमा पशुबलि दिने कार्य गरेकामा सो कार्यप्रति असहमति प्रकट गरिएको छ । यस रचनामा समाजमा अहिंसाका माध्यमबाट सामाजिक कल्याणको भाव जागृत हुनुपर्ने नैतिक चेतना अभिव्यञ्जित भएको छ ।

नेपाली लघुकथामा आदर्शोन्मुख यथार्थवादी युगचेतनाको अभिव्यक्ति अध्ययनको निस्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिन्छ :

यस अध्ययनमा आदर्शोन्मुख यथार्थवादलाई प्रतिनिधित्व गर्ने आध्यात्मिक चेतनाको प्रस्तुति, भाग्यवादी चेतनाको अभिव्यक्ति, नैतिक आदर्शको प्रस्तुति, सच्चरित्र एवम् सद्भावको अभिव्यक्ति एवम् अहिंसाभावको प्रस्तुतिलाई अध्ययनको विषय बनाइएको छ ।

(क) नेपाली लघुकथामा आध्यात्मिक चेतनाको अभिव्यक्ति पाइन्छ । लघुकथा रचनामा आध्यात्मिक चेतनाका माध्यमबाट समाज सुधारको चेतना अभिव्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा भाग्यवादी चेतनालाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथामा मानिसको भाग्यका कारण सफलता-असफलता निर्धारित हुने दृष्टिकोण व्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा नैतिक आदर्शको प्रस्तुतिका घटना व्यक्त भएको पाइन्छ । लघुकथामा समाजमा नैतिक आर्दशका माध्यमबाट सामाजिक मानव कल्याणको चेतना प्रस्तुत भएको छ ।

(घ) नेपाली लघुकथामा सद्चरित्र एवम् सद्भावको अभिव्यक्ति पाइन्छ । लघुकथा रचनामा असल चरित्र एवम् असल भावना हुनुपर्ने चेतना व्यक्त भएको छ ।

(ङ) नेपाली लघुकथामा अहिंसाभावको अभिव्यक्ति पाइन्छ । लघुकथा रचनामा अहिंसाका माध्यमबाट सामाजिक कल्याणको भाव जागृत हुनुपर्ने नैतिक चेतना अभिव्यञ्जित भएको छ ।

## ५.५ सामाजिक यथार्थवादी युगचेतना

सामाजिक वस्तुस्थितिको यथार्थ चित्रण गरिएको साहित्य सामाजिक यथार्थवादी साहित्य हो । नेपाली लघुकथामा सामाजिक यथार्थवादी चेतना प्रखर किसिमले व्यक्त भएको छ । सामाजिक यथार्थवादको लेखन परम्पराका सम्बन्धमा कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले यस्तो विचार राखेका छन् :

आत्मपरकता, मनोगतता, आध्यात्मिकता र रहस्यवाद, अतिरञ्जना र स्वैरकल्पना -बाट मुक्त भई समयको धडकनलाई समातेर निम्नवर्गीय व्यथा र अभाव उद्घाटन गर्ने यथार्थवादी लेखन सक्षम रह्यो । यथार्थवादकै एक हाँगाका रूपमा सामाजिक यथार्थवाद आएको हो, जसमा तटस्थ भएर समाजको प्रतिबिम्ब उतारिन्छ (बराल र एटम. २०६६ : ९७) ।

यस भनाइमा सामाजिक यथार्थवादले जीवनजगत्को यथार्थ तस्विर उतार्ने र सामान्य जनताको जीवनलाई प्रस्तुत गरेको कुरा व्यक्त गरिएको छ । नेपाली लघुकथामा यस चिन्तनलाई विभिन्न स्रष्टाले आफ्ना रचनामा अभिव्यक्त गरेका छन् । सामाजिक यथार्थवादले समाजको जेजस्तो स्थिति एवम् अवस्था छ, त्यसको जस्ताको त्यस्तै चित्रण गर्दछ । यसले समाजमा घट्ने घटनाप्रति कुनै आलोचना गर्ने र समाज परिवर्तनका लागि प्रयत्नका लागि विचार सम्प्रेषण गर्ने भन्दा जे छ, जस्तो छ, त्यसलाई प्रस्तुत गर्ने कार्य गर्दछ ।

## ५.६ सामाजिक यथार्थवादका आधारभूत मान्यताहरू

विश्वसाहित्यमा सामाजिक यथार्थवादी धाराको प्रारम्भ स्वच्छन्दतावादको आत्मगतताको विरोधबाट प्रारम्भ भएको हो । आत्मगतताबाट वस्तुगत यथार्थप्रतिको यात्रा नै यसको प्रारम्भ हुन पुग्यो । सन १८३० तिर जर्मनीका कवि हानरिख हाइमको नेतृत्वमा प्रारम्भ भएको यस आन्दोलनको घोषणापत्र सन् १८५७ मा फ्रान्सका उपन्यासकार प्याम्पफ्लरीले 'ली रियालिज्म' नाम दिएर तयार गरे । साहित्यिक क्षेत्रमा यथार्थवादले संसारमा जुन वस्तु जस्तो छ, त्यसै रूपमा चित्रण गर्नुपर्छ भन्ने सिद्धान्तलाई अघि सार्दछ । यथार्थवादी साहित्यमा आत्मपरक अनुभूतिभन्दा वस्तुतथ्यको ठोस यथार्थ प्रस्तुत गरिने कुरालाई वासुदेव त्रिपाठीले यसरी जोड दिएका छन् :

"यथार्थवादी साहित्यमा साहित्यकारका आत्मपरक भावना र अनुभूतिको प्रवेश काम्यभन्दा त्राज्य नै ठानिन्छ अनि सामाजिक फोटोग्राफी नै प्रायः आमन्त्रित गरिन्छ । सत्यको प्राप्तिका निम्ति पुरै चोखो वस्तुपरक यथार्थ अँगाल्न सकिन्छ भन्ने यथार्थवादी दर्शनको प्रयोग यथार्थवादी साहित्यले गरेको हुन्छ" (त्रिपाठी. २०६६ : ५०१) ।

त्रिपाठीले सामाजिक यथार्थवादी साहित्यमा आत्मपरकता एवम् अनुभूतिभन्दा पनि सामाजिक यथार्थको अनुभूति हुनुपर्ने विचार व्यक्त गरेका छन् । सामाजिक यथार्थवादी साहित्यमा जीवन-जगतको यथार्थ फोटोग्राफी हुने दृष्टिकोण प्रस्तुत गरेका छन् । सामन्त कायले सामाजिक यथार्थवादलाई यसरी चिनाएका छन्, "सामाजिक यथार्थका साहित्यहरु त्यस्ता साहित्य हुन् जसले समाजको सर्वप्रिय मुद्दाहरु, मुख्यतः द्वन्द्वको संकटको समयको अन्वेषण गर्दछ" (काय.सन् २००२ : ९) । यसरी कायले समजिक यथार्थवादी साहित्यलाई

समाजमा देखिने द्वन्द्वको संकटको समयको अन्वेषण गर्ने भनेर यस्तो खाले साहित्य समाजिक संकटका साधन भएको विचार व्यक्त गरेका छन् ।

यसै क्रममा कुमारबहादुर जोशीले सामाजिक यथार्थवादका विशेषता प्रस्तुत गर्ने क्रममा "एक साहित्यिक सिद्धान्तका रूपमा चाहिँ यस वादले जीवन र जगत्को वस्तुपक्ष जस्तो छ, त्यस्तो रूपमा त्यसलाई प्रस्तुत गर्ने तथा जीवन र जगत्का बीचको सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको त्यस्तै अङ्कित गर्ने मान्यता विशेषलाई जनाउँछ" (जोशी. २०५४ : ३५) भनेका छन् । कुमारबहादुर जोशीले सामाजिक यथार्थवादले जीवन र जगत्को वस्तुपक्षलाई जस्ताको त्यस्तै प्रस्तुत गरेको र मानव जीवनको यथार्थतालाई जस्ताको स्यस्तै प्रस्तुत गर्ने विचार व्यक्त गरेका छन् । उनले सामाजिक यथार्थवादी साहित्यका विशेषतालाई यसरी चिनाएका छन् :

> खास गरेर कला-साहित्यका सन्दर्भमा यथार्थ जीवन र खसोखास तथ्यलाई निष्पक्ष र निडर भई पुरा इमान्दारिताका साथ ठीकठीक तरिकाले भनुँ वस्तुगत ढङ्गले तिनका कटु, नराम्रा र वेदनामयी कुराहरूलाई समेत कत्ति पनि तलमाथि नपारीकन र तिनको आदर्शीकरण नगरीकन चित्रण-अङ्कन गर्नुपर्छ तथा तिनको वर्णन-विवरण गर्नुपर्छ भन्ने मान्यता वा सिद्धान्त नै 'रियलिज्म' वा 'यथार्थवाद' हो (जोशी. २०५४ : ३५) ।

उनले साहित्यमा जीवनका राम्रा-नराम्रा जेजस्ता विषय भए पनि तिनलाई जस्ताको त्यस्तै चित्रण गर्नु र तिनको वर्णन-विवरण गर्नुपर्छ भन्ने मान्यता वा सिद्धान्त नै यथार्थवाद हो भन्ने विचार व्यक्त गरेका छन् । सामाजिक यथार्थवादी साहित्यमा प्रस्तुत गर्ने विषयवस्तुका सन्दर्भमा कृष्णहरि बराल र नेत्र एटमले "समाजको चित्रण गर्दा यसले सामान्यतः निम्नवर्गीय चरित्र स्वीकृत यथार्थ र कटुसत्यलाई प्राथमिकता दिन्छ । वैज्ञानिक तथ्यलाई शिरोधार्य गर्दै यसले सुदूर गाउँले जीवनका संस्कार प्रस्तुत गर्नाका साथै जिन्दगीको अन्वेषण गर्दछ र प्रत्येक दिन घटने सामान्य घटनामा पनि नयाँपनको अनुभूति गराउँछ (बराल र एटम. २०६६ ९७) भनेका छन् । सामाजिक यर्थाथवादी साहित्यले निम्नवर्गीय चरित्रको यथार्थलाई प्रस्तुत गर्नुका साथै सुदूर गाउँले जीवनको संस्कार प्रस्तुत गरी जीवनको अन्वेषण गर्ने र प्रत्येक नयाँ घटनामा नयाँपनको अनुभूति गराउने विचार उनीहरूले व्यक्त गरेको छन् ।

यसरी सामाजिक यथार्थवाद मानव जीवनको यथार्थ चित्र प्रस्तुत गर्ने साहित्यिक चिन्तन वा वाद भएको कुरा पुष्टि भइसकेको छ । यस प्रकारको साहित्यमा यथार्थवादी चिन्तन, भाषाशैली र परिवेशको वर्णन गरिने भएकाले यो यर्थाथको नजिक हुन्छ ।

## ५.७ सामाजिक यथार्थवादी युगचेतनाको विश्लेषण

नेपाली साहित्य क्षेत्रमा सामाजिक यर्थाथवादी चेतनाको प्रारम्भ लैनसिंह बाङ्देलको **माइतघर** (२००४) उपन्यासबाट भएको हो । नेपाली लघुकथा साहित्यको क्षेत्रमा सामाजिक यर्थाथवादी चेतनाको प्रारम्भ शशिकला शर्माको **उसको सुरुवाल** (२०१९) कृतिबाट भएको हो । समाजिक यथार्थवादी साहित्यमा समाजमा रहेको युगीन यथार्थको जस्ताको त्यस्तै चित्रण गरेको पाइन्छ । यसै सन्दर्भमा कृष्णहरि बराल र नेत्र एटमले सामाजिक यथार्थवादका विशेषतालाई यसरी प्रकट गरेका छन् :

"समकालीन घटना र परिस्थितिको चित्रणमा जोड दिनु, स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत् प्रयोग गर्नु, गरिबका पीडा र उदासीको यथार्थ चित्रण गर्नु, महत्त्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको अति सूक्ष्म व्याख्या- विश्लेषण गर्नु आदि" (बराल र एटम. २०६६ :९७) ।

लेखकद्वयले समाजको यथार्थ चित्रणका लागि समकालीन घटना, पात्र अनुकूलको भाषाको छनौट हुनुपर्ने विचार व्यक्त गरेका छन् । सामाजिक यथार्थवादको विशेषताका रूपमा समाजमा आर्थिक हिसाबले निम्नवर्गका जनताको पीडा र उदासीको वर्णन एवम् महत्त्वहीन ठानिएको ठाउँ, घटना र पात्रको सूक्ष्म विश्लेषणलाई पनि समावेश गरेको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा युगचेतनाअन्तर्गत सामाजिक यथार्थवादी युगचेतनाको अध्ययनका लागि समकालीन घटना र परिस्थितिको चित्रण, स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत् प्रयोग, गरिबका पीडा र उदासीको वर्णन, महत्त्वहीन मानिएका ठाउँ, घटना र पात्रको अध्ययन गरेर चार बुँदा निर्धारण गरिएको छ ।

### ५.७.१ समकालीन घटना र परिस्थितिको चित्रण

साहित्यमा समाजमा घट्ने घटना एवम् विषयसन्दर्भलाई कलात्मक किसिमले प्रस्तुत गरिन्छ । सामाजिक यथार्थवादमा समाजमा रहेका अनेकन विचार, प्रवृत्ति एवम् क्रियाकलापलाई प्रस्तुत गर्ने क्रममा जस्ताको त्यस्तै प्रस्तुत गरिन्छ । नेपाली लघुकथामा समकालीन घटना र परिस्थितिको चित्रणका माध्यमबाट तत्कालीन समाजका असल-खराब सबै पक्षका बारेमा जानकारी प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त समयुगीन जीवन यथार्थलाई प्रस्तुत गरिएका साधना प्रतीक्षाको **अभ्यास,** रवीन्द्र समीरको **यथार्थता,** लक्ष्मण नेवटियाको **लकरको साँचो,** श्रीओम श्रेष्ठ 'रोदन' को **गोटी,** नारायण तिवारीको **आजकल** एवम् कल्याण पन्तको **नातावाद** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "अनि चुनावमा उठ्नलाई रातभरि कुस्ती खेल्नुपर्छ ?" लोग्नेको भर्कोइको कुनै पर्वाह नगरी ऊ निर्धक्क बोल्छे, "चुनाव जितेपछि म सोभ्कै मन्त्री बन्नेछु त्यसपछि

जिल्ला जिल्ला भ्रमण गर्दा कतिका गाला चड्काउनुपर्ने हो, कतिलाई लात हान्नुपर्ने हो....अनि त यस्तो अभ्यास गर्नुपरेन ? राजनीति त्यसै हुन्छ ? सबै कुरामा पारङ्गत नभईकन !" (प्रतीक्षा. २०६८ : ३९) ।

प्रस्तुत लघुकथांशमा राजनीतिमा संलग्न मानिसका जनविरोधी क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ पद र प्रतिष्ठा पाउने बित्तिकै समाजमा अहङ्कार प्रर्दशन गरेर जनतालाई पीडा दिने राजनीतिकर्मीको कार्यप्रति व्यङ्ग्य गरिएको छ । एकजना महिला मन्त्रीले सामान्य जनतालाई कुटपिट गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यस रचनामा पचासको दशकयताको नेपाली समाजमा देखिएको विकृत परिवेशको चित्रणका साथै सो क्रियाकलापप्रतिको असहमत चेतनासमेत अभिव्यक्त भएको छ ।

(ख) डा.शर्माले प्रमुख अतिथिको आसनबाट धाराप्रवाह भाषण गरे- "हो, सरकारी डाक्टरले क्लिनिक खोल्नु हुँदैन, अस्पतालमै बिरामीको इलाज गर्नुपर्छ । सरकारको नुन खाएर प्राइभेट क्लिनिक राख्ने कहाँसम्मको नैतिकता हो ।" डा. शर्माले करतल ध्वनिका बीच मन्तव्य सिध्याए....डा. शर्माले बिदा लिँदै भने-"नगद पुरस्कारको एकमुष्ट रकम कसैको हात पठाइदिनुहोला । आज चारवटा क्लिनिक भ्याउनु छ । अस्पतालमा हाजिर गरेर क्लिनिक जान्छु ।" (समीर. २०६७ : ८५) ।

प्रस्तुत लघुकथांशमा हाम्रो स्वास्थ्य क्षेत्रमा रहेको विकृत परिवेशलाई प्रस्तुत गरिएको छ । यहाँ प्रमुख अतिथि डाक्टर पात्रले एकातिर सरकारी डाक्टरले क्लिनिक खोल्नु हुँदैन भनेर भाषण गर्ने र अर्कोतिर चारवटा क्लिनिक भ्याउनु छ भन्नुले उसमा रहेको दोहरो चरित्र देखिन्छ । यस रचनामा समकालीन नेपाली समाजमा व्याप्त स्वास्थ्यकर्मीको गलत क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै विकृतिजन्य सोचाइ एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) पतिको एक्कासी मुटुको व्यथाबाट मृत्यु भयो । यमदूतलाई देख्नासाथ पत्नीले पुकार गरिन्, 'हे यमदूत ! एक मिनटकै लागि भए पनि मेरो पतिलाई ब्युँताई दिनुहोस् । एउटा जरुरी कुरा सोध्नु छ ।'....पतिलाई जिउँदो देख्नासाथ खुसी हुँदै पत्नीले भनिन् 'प्राणनाथ ! मर्नुअघि यति बताइदिनोस्, बैङ्क लकरको साँचो कहाँ राख्नु भएको छ ?' (नेवटिया. २०७१ : ४२) ।

प्रस्तुत लघुकथांशमा एक पत्नीले श्रीमान्‌को जीवनभन्दा सम्पत्तिप्रति मोह देखाएको घटनालाई प्रस्तुत गरिएको छ । समकालीन नेपाली समाजमा मानवीय सम्बन्धभन्दा सम्पत्तिलाई बढी महत्त्व दिने प्रवृत्ति बढ्दै गएको छ । यसै सन्दर्भमा यस रचनामा नेपाली समाजमा व्याप्त पुँजीप्रतिको आशक्तिजन्य गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) त्यसपछि युवाहरू आत्मनिर्भर हुन कोही खाडी क्षेत्रतिर लागे । सम्पर्क भएकाहरू ग्रीन कार्डको अभियानमा जुट्न थाले । कहीँ जान नसक्ने र काम नपाएर घरमै बस्नेहरू कोही बाध्यताले कोही प्रतिबद्धताले युद्धका लागि जङ्गल पसे । विवाह गर्नेहरूले एकमात्र सन्तान पाए । समग्रमा नियोजनको सरकारी नीतिजस्तै साधनहरूको खपत पनि निकै बढ्यो (श्रेष्ठ. २०६७ : २६) ।

प्रस्तुत लघुकथांशमा सरकारले सही निर्णय लिन नसक्दा र जनताको हितमा कुनै पनि काम गर्न नसकेको परिणाम देशको दक्ष युवा जनशक्ति पलायन भएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । नेपाली समाजको एक कालखण्डमा राज्यको उपस्थितिले जनतामा कुनै पनि राहत पुग्न नसकेको, जनताको हितमा काम नभएको र गाँसबासको समस्याका कारण देशमा युवाहरूको विदेश पलायन एवम् युद्धजन्य घटना घटेको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ राज्य देशका समस्या समाधान गर्न असमर्थ भएको अवस्थाप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) "यति की त्यसबेला मधेसमा मधेसीहरूको आन्दोलन चलिरहेको थियो । र मेरो सबैभन्दा ठूलो दोष 'पहाडी' वा 'पहाडे' हुनु थियो । म मधेसमा रहे-बसे पनि 'मधेसी' हुन सकिरहेको थिइनँ । अर्थात् त्यति बेला म उनीहरूको प्रिय कथाकार होइन 'पहाडिया' भइरहेको थिएँ...। र साह्रै दुःखित रोइरहेको थिएँ...."(तिवारी. २०७० : ७७) ।

प्रस्तुत लघुकथांशमा जातीय आन्दोलनका क्रममा भएका गलत चिन्तन एवम् क्रियाकलापका कारण सामान्य नागरिक मात्र होइन, एक सचेत लेखक पनि विभेदको सिकार भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ समकालीन नेपाली समाजमा जातीय र क्षेत्रीय भावना बढ्दै गएको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । यस रचनामा नेपाली समाजमा जातीय सद्भाव हुनुपर्ने र भेदभावरहित असल सम्बन्ध विकसित हुनुपर्ने भाव सहितको युगीन चेतना अभिव्यक्त भएको छ ।

(च) क्षतिको पूर्ण विवरण सार्वजनिक गरियो । सबै गाउँलेहरू विद्यालयमा जम्मा भए । पीडितहरूलाई राहत बाँडियो । साँझतिर केशवरामले पनि ठूल्ठूला दुई बोराहरू हात पारे । हरिकृष्ण, देवराज लगायत क्वारक्वार्ती हेरिरहे । यसै बीच बल्लभले प्रष्टाए, "ऊ अध्यक्षको सालो क्या !" त्यसपछि देवराजले भए भरका अध्यक्षका प्रियहरूलाई हेरे । तिनीहरूका अघिल्तिर पनि त्यत्रै बोराहरू थिए (पन्त. २०७१ : २३) ।

प्रस्तुत लघुकथांशमा बाढीपीडितका नाममा आएको सामान पीडित पक्षभन्दा राजनीति गर्ने व्यक्ति एवम् निजका निकटस्थले पाएको र राहत सामग्रीको दुरूपयोग भएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा समकालीन नेपाली समाजमा उत्पन्न भएको

मानवीय संवेदनाहीन नाफामुखी प्रवृत्तिलाई प्रस्तुत गर्नाका साथै त्यस्ता कार्यप्रति असहमतिको चेतना अभिव्यक्त गरिएको छ ।

नेपाली लघुकथा रचनामा समयुगीन घटना र प्रसङ्गको प्रस्तुति गरिएको छ । नेपाली लघुकथामा समाजमा रहेका यथार्थ घटनाको प्रस्तुत गरेर नेपाली समाजमा रहेका अनेकन घटना र ती घटनासँगै अभिव्यक्त मानवीय अभिवृत्तिलाई व्यक्त गरिएको छ । यी रचनामा नेपाली समाजमा घट्ने विभिन्न घटना र ती घटनाले लेखकमा परेको प्रभाव व्यक्त हुँदै आएको छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा समकालीन नेपाली समाजका विकृत परिवेशको चित्रणका साथै विकृतिरहित नेपाली समाजको कामना सहितको सकारात्मक चेतना अभिव्यक्त भएको पाइन्छ ।

### ५.७.२ स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत प्रयोग

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका सन्दर्भमा सामाजिक यथार्थवादी चेतनाको अध्ययनका क्रममा 'स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको प्रयोग' लाई अध्ययनको विषय बनाइएको छ । सामाजिक यथार्थको प्रस्तुतिका क्रममा स्थानीय जनजीवन र जनजीवन सम्बद्ध भाषाको प्रयोगका माध्यमबाट स्थानीय जीवन, समाज एवम् संस्कृतिका अनेकन पक्षलाई प्रस्तुत गरिएको पाइन्छ । स्थानीय समाजको जीवनको चित्रलाई प्रस्तुत गर्ने क्रममा स्थानीय जनताको जीवनको अभिन्न अङ्ग बनिसकेको भाषालाई प्रस्तुत गरेर उनीहरूको जीवनको सही चित्रको प्रस्तुति गरिन्छ । यसै सन्दर्भमा नेपाली लघुकथामा प्रस्तुत स्थानीय सामाजिक भाषा र कथ्य भाषाको यथावत प्रयोगको अवस्थालाई अध्ययनको सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा टीकाराम रेग्मीको **छुत-अछुत,** नारायण तिवारीको **चर्तिकला,** दिलीप शाहको **पूर्वाभ्यास** एवम् साधना प्रतीक्षाको **डाक्टर** लघुकथाको विश्लेषण गरिएको छ ।

(क) 'म पनि त यही समाजको बासिन्दा हुँ । मैले किनेको गजुर राख्दा के फरक पर्ला र हजुर ?' च्यान्टेको रुन्चे स्वर आयो....मानिसहरूले कान टाठा पारे । 'चाइन्जो, मलाई त एउटा कुरा अर्न पो मन लाग्यो ।' उनले भने ....'चाइन्जो, के भन्दा नि, उसको नाम नराखिने सर्तमा चाइन्जो हामीले च्यान्टेको प्रस्ताव स्वीकार गर्नुपर्ला । के लाग्छ तपाँईहरूलाई ?' (रेग्मी. २०७१ : ५१) ।

प्रस्तुत लघुकथांशमा नेपालको पश्चिमाञ्चल भेगको स्थानीय भाषिकाको प्रयोग गरिएको छ । यहाँ पश्चिामन्चल क्षेत्रका स्थानीय ग्रामीण समाजमा रहेका सम्पन्न व्यक्तिले एकजना गरिब दलितले ल्याएको गजुर मन्दिरमा स्थापित गर्ने तर उसको नाम भने नराख्ने काम गरेको घटनालाई प्रस्तुत गरिएको छ । रचनामा स्थानीय सामाजिक भाषिकाको प्रयोगका माध्यमबाट नेपाली समाजमा व्याप्त भएको जातीय छुवाछुतलाई प्रभावकारी

किसिमले प्रस्तुत गरिएको छ । यहाँ नेपाली समाजमा रहेको जातीय भेदभावप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(ख) म ऐतिहासिक महत्त्वको उसको यो चर्तिकला हेरिरहेको थिएँ । उसैकालदेखि । उसको यो चर्तिकलादेखि वाक्क लागेर प्याच्च भनेँ उसलाई-"क्या हो हौ ! मान्छेको त एउटै सिद्धान्त पो हुन्छ, यसरी रङ बदलिनु त भएन नि....।" उसले धोती सम्याउँदै दाँत ङिच्च पार्दै भन्यो, "के कर्ने हजुर ! हाम्रो के कर्ने सिद्धान्त ! हामी त व्यापारी....कसरी फाइदा हुन्छ, हामी त त्यही कर्ने मान्छी....।" (तिवारी. २०७० : ३७) ।

प्रस्तुत लघुकथांशमा म पात्रले नेपालको पूर्वेली भाषिकाको अभिव्यक्तिका माध्यमबाट एक व्यापारीको सिद्धान्त विपरीतको कार्यप्रति विरोध जनाएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा व्यापारी पात्रले आफ्नो कार्यका बारेमा टिप्पणी भएपछि आफूलाई सिद्धान्त कुनै काम नलाग्ने र नाफा मात्र आफ्नो सिद्धान्त भएको अभिव्यक्ति दिएको प्रसङ्ग प्रस्तुत भएको छ । यहाँ व्यापारीले स्थानीय भाषिकाका माध्यमबाट आफ्नो सिद्धान्तहीन चरित्रलाई प्रकट गरेको छ । रचनामा व्यापारीको गलत कार्यप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(ग) "'तर आफ्नो नभए पनि दादा परदादाको इज्जतको सवाल छ । चुनाव त जित्नु नै छ जसरी पनि, किनकि उसको खानदानको शब्दकोषमा 'हार' शब्दै छैन ।' उनले आत्मबल जुटाए" (शाह. २०६७ : ५२) ।

प्रस्तुत लघुकथांशमा नेता पात्रले स्थानिय तराईमूलको भाषाका माध्यमबाट आफ्नो भन्दा आफ्ना पुर्खाको इज्जतका लागि चुनाव जित्न चाहेको र उसको शब्दकोसमा हार शब्द नभएको अभिव्यक्तिले उसले राजनीतिलाई पेसा बनाएर बसेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस रचनामा नेपालको राजनीतिमा पितापुर्खादेखि प्रभुत्व जमाउँदै आएको तराईको एक सामन्ती राजनीतिकर्मी एवम् उसको परिवारको अवस्थालाई प्रस्तुत गरिएको छ । लघुकथामा स्थानीय सामाजिक भाषिकाका माध्यमबाट नेपाली राजनीतिक विकृतिलाई प्रस्तुत गर्नाका साथै विकृतिविरोधी चेतना समेत ध्वनित भएको छ ।

(घ) त्यै त भन्या ! नारानेले दिएको औषधि त बाबै ! फरकै खान्न । मुखमा परो कि व्यथा झरो....।" "बित्थामा दुःख पाइयो । कुरै नबुझी धारो लार आका, खायो खुदो र खट्टे !" यस्तै गन्गनाउँदै सबै जना बाटो लाग्छन् । डा. कुन्दनले सोध्यो-"त्यो नारायण त हेल्थपोस्टको पियन होइन र ?" "हुन त पियनै हो तर हाम्रा लागि डाक्टर !" (प्रतीक्षा. २०६८ : ७८) ।

प्रस्तुत लघुकथांशमा हाम्रो समाजमा जनताले सही स्वास्थ्य नपाइरहेको अवस्थालाई चित्रण गरिएकोछ । यहाँ हेल्थपोस्टमा स्वास्थ्यकर्मी नहुने, पियनले औषधी बाँडने गरेको अवस्थालाई प्रस्तुत गरिएको छ । यस रचनामा  जनतामा न्यून चेतना रहेको र उनीहरूले सही कुरा थाहा नपाएको कारण डाक्टरभन्दा पनि अदक्ष स्वास्थ्यकर्मीलाई धेरै पत्याउने गरेको अवस्था चित्रण गरिएको छ । पश्चिमाञ्चलको विकास क्षेत्रको पहाडी भेगको स्थानीय भाषाको प्रयोगका माध्यमबाट समाजको कटुयथार्थलाई चित्रण गरिएको छ । यहाँ नेपालको राज्यले जनतामा स्वास्थ्य सेवा पुऱ्याउन नसकेको र जनताको चेतनास्तर उठाउन नसकेकामा व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

### ५.७.३ गरिबका पीडा र उदासीको वर्णन

सामाजिक यथार्थवादी नेपाली लघुकथामा आर्थिक हिसाबले विपन्न नागरिकको जीवनलाई प्रस्तुत गरिन्छ । उनीहरूका जीवनका पीडा र उदासीको वर्णन गरिन्छ । निम्नवर्गीय जीवनको विवशताजन्य अनुभूतिलाई प्रकट गर्ने काम गरिन्छ । यस अध्ययनमा नेपाली विपन्न नागरिकका जीवन यथार्थलाई विश्लेषण गरिएको छ । यस अध्ययनमा सिन्धु गौतमको **नेपाल बन्द,** रवीन्द्र समीरको **स्वार्थ-सेवा,** नारायण तिवारीको **फिस मिनाहा,** सुमन सौरभको **देशप्रेम** र राधा कार्कीको **विषालु** लघुकथाको विश्लेषण गरिएको छ :

(क) रामेले सुत्केरी व्यथाले छटपटाएकी आफ्नी श्रीमतीलाई अस्पताल लैजान एम्बुलेन्स ल्यायो....लट्ठी र झन्डा लिएको एक समूहले एम्बुलेन्स रोक्यो र कड्किन थाल्यो-आज बन्द भन्ने थाहा छैन ? किन चलाइस् एम्बुलेन्स ? रामेले डराउँदै भन्यो-हजुर छोड्दिनुस् न स्वास्नी सुत्केरी व्यथाले छ्टपटाइरहेकी छ, अस्पताल पुऱ्याउनै पर्यो'नि....उनीहरूसँगै बिन्ति गर्दागर्दै असामान्य प्रसवपीडाले रामेकी श्रीमतीको बाटामै मृत्यु भयो (गौतम. २०६८ : ५८) ।

प्रस्तुत लघुकथांशमा बन्दका नाममा बिमारी बोक्ने एम्बुलेन्सलाई समेत अवरोध गरिएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा सुत्केरी महिलाले बन्दकर्ताको तोडफोड र अवरोधका कारण समयमै अस्पताल पुग्न नसक्दा जीवन गुमाउनु परेको घटनालाई देखाइएको छ । यहाँ नेपालमा बन्दका नाममा हुने गरेका मानवताविरोधी क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै अनावश्यक बन्दविरोधी चेतनासमेत अभिव्यक्त भएको छ ।

(ख) 'धनबहादुले जाँचफिस तिरे ?' उसले हठात डाक्टर कड्किएको आवाज सुन्यो....उसको कर्मचारीले जवाफ दियो-'पैसा छैन रे हजुर' 'त्यसलाई तुरुन्त बाहिर निकाल । यो धर्मशाला हो र निःशुल्क जाँच्ने ?" आफ्नो बारेमा डाक्टरको भावना सुनेर सुकेको हाँगोझैं धनेको मन पिटिक्क भाँचियो....उसले हिम्मत गरेर डाक्टरलाई

> भन्यो-"हजुर, मै हुँ धनबहादुर, मभन्दा पहिलेका बिरामीलाई त हजुरले यस्तो भन्नु भएन त !" डाक्टरले पूरा कुरा नसुनी झर्किए-ती त नेता हुन् । भोलि मन्त्री बन्न सक्छन् । तिमीहरूजस्ता त आज पनि उही भोलि पनि उही !' (समीर. २०६९ : २९-३०) ।

प्रस्तुत लघुकथांशमा धनबहादुर नामक सामान्य नागरिकले डाक्टरले एक जना नेताबाट पैसा नलिएको देखेपछि आफू पनि बिना पैसा उपचार गराउन खोज्दा अपमानित हुनुपरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ डाक्टरले नेता मन्त्री बन्ने भएकोले भोलि काम लाग्न सक्ने तर सामान्य नागरिक कहिल्यै काम नलाग्ने विचार व्यक्त गरेको छ । यस रचनामा एक गरिबको पीडाजन्य अनुभूतिलाई प्रस्तुत गर्नाका साथै डाक्टरको अमानवीय क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) "कुनै शुक्रबार घर गएका बेला स्वयं बालाई भनिदिएँ, 'म गरिब विद्यार्थीका रूपमा छनौट हुन सकिँन ।' बाले दुःखमनाउ गर्नुभयो । क्याम्पसका साथीहरूसित कुरा चल्यो । थाहा पाएँ, गरिबै नभएका नक्कली गरिबहरूले लाजै पचाएर अन्तर्वार्ता दिएछन् र उनीहरूको फिस मिनाहा पनि भएछ" (तिवारी. २०४७ : ७०) ।

प्रस्तुत लघुकथांशमा गरीब विद्यार्थीको अधिकार खोसी आफूले छात्रवृत्ति लिएर गलत फाइदा उठाउने क्याम्पसका सम्पन्न विद्यार्थीको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा अहिलेको समयमा नैतिकताभन्दा पनि स्वार्थमुखी क्रियाकलाप बढी हावी रहेको यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ गरीब विद्यार्थीको पीडाजन्य अनुभूतिलाई प्रस्तुत गर्नुका साथै गलत ढंगले छात्रवृत्ति लिने र दिने पक्षप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) देशलाई सम्झिँदै ऊ चोर बाटो समातेर अरब छिर्‍यो र लगनशीलताका साथ भेडा चराउन थाल्यो । महिनाको अन्त्यमा आफ्नो मजदुरीको पैसा माग्दा नाङ्गो आङमा साहुले कोर्रैकोर्राले हानेपछि पनि दुःखको रुवाइ रुनु हुन्थेन । उसले सार्वजनिक टचुबेलको पानीमा टाउको थाप्यो र पानीभन्दा बढी आँसु बगायो । लगाइरहेको गन्जी फुकालेर टाउको पुछ्यो । पहिला देश सम्झयो अनि फेरि परदेशको जागिर र सँधैझैं थुक्यो (सौरभ. २०६८ : २८) ।

प्रस्तुत लघुकथांशमा रोजगारका लागि चोर बाटो भएर विदेश पुगेका नेपाली नागरिकले विदेशमा अत्यन्त दुःख पाएको प्रसङ्ग प्रस्तुत भएको छ । यहाँ विदेश गएको नेपालीले आफ्नो अवस्थाप्रति आफ्नो देश सम्झेर क्षोभ प्रकट गरेको अवस्था बोध गरिएको छ । यस रचनामा वैदेशिक रोजगारमा विदेश गएका विपन्न नेपाली नागरिकको कष्टमय जीवन यथार्थलाई व्यक्त गरिएको छ । यहाँ नागरिकको जीवनको वास्ता नगर्ने सरकारी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) "ठूले महाजनले भित्र चुलोतिर चियाउँदै भने-"ए कान्छा, तैँले अल्छी गरिस् कि क्या हो ? मेरो चालीस मुरी धान तिर्न त तेरो खमारको धानले भ्याउँछ ? कि भित्र पनि राखेको छस् ?' बुबाले हात जोड्दै भन्नुभयो-'मैले मेहनत नगरेको होइन हजुर, धान फुल्ने बेलामा झरी परेर...," (कार्की. २०७० : २३ ) ।

प्रस्तुत लघुकथांशमा हाम्रो समाजमा रहेको सामन्ती शोषणका साथै विपन्न नागरिकको जीवनको कष्टमय अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ सामन्ती शोषणप्रति असहमतिको भाव अभिव्यञ्जित भएको छ ।

### ५.७.४ महत्त्वहीन ठानिएका घटना र पात्रहरूको अध्ययन

सामाजिक यथार्थवादी रचनामा महत्त्वहीन ठानिएका घटना र पात्रहरूको अध्ययन गरिन्छ । समाजले उपेक्षा गरेका व्यक्ति र ती व्यक्तिको जीवनसँग सम्बन्धित घटनालाई प्राथमिकता दिएर प्रस्तुत गरिन्छ । यसै सन्दर्भमा यस अध्ययनमा समाजले महत्त्वहीन ठानेका व्यक्ति पात्र र घटनासँग सम्बन्धित रचनाको अध्ययन गरिएको छ । यस अध्ययनमा देवेन्द्र अर्याल 'आँसु'को **माया,** सुमन सौरभको **घाटे दलित,** लक्ष्मण नेवटियाको **नपुंसक,** कृष्ण बजगाईको **शोषण** एवम् डम्बर रसिक भारतीको **नचिन्ने क्रम** लघुकथाको विश्लेषण गरिएको छ :

(क) आफ्नो बच्चा मरेकोले कुकुर्नी त्यसको पीरमा रातभरि वरिपरि घुम्दै कराइरही । जसका कारण टोलभरिका धेरैले राम्रोसँग सुत्न पाएनन् अनि मैले पनि....त्यतिकैमा टेलिभिजनमा समाचार प्रसारण भइरहेको थियो 'दुई अबोध बच्चाकी आमा बच्चा र पतिलाई विष पिलाएर प्रेमिकासँग बेपत्ता' तब म छानाबाट खसेझैं भएँ । पशु मानिने कुकुर्नीको माया र मानव मानिने त्यस केटीको सन्तानप्रतिको मायाले मलाई झनै सोच्न बाध्य बनायो (अर्याल. २०६६ : ७४) ।

प्रस्तुत लघुकथांशमा गल्लीमा रहेको कुकुर्नी एवम् आफ्नो पति एवम् बच्चालाई मारेर बेपत्ता हुने महिलाका क्रियाकलापको तुलना गरिएको छ । यस रचनामा मानिसले महत्त्वहीन मानिएको जाति कुकुरको आफ्नो आफन्त प्रतिको प्रेम र मानिसको हत्यारा चरित्रका बीचमा तुलना गरिएको छ । यस रचनामा वर्तमान समयमा व्यक्तिगत स्वार्थका लागि मानवीय संवेदनहीन कार्य गर्ने ह्दयहीन मानिसको क्रियाकलापप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

(ख) बिहानदेखि बेलुकीसम्म ऊ मसानघाटमा मुर्दा कुर्थ्यो । घाटमा लासहरू जतिसुकै ल्याइ पुऱ्याइयोस्, आफ्नो नाममा छुट्याइएको लासमात्र उसले जलाउन पाउँथ्यो । ज्यालादारीमा प्रति लासको तोकिएको मूल्य पाउँथ्यो र त्यसैबाट जसोतसो घर व्यवहार चलाउँथ्यो...."के भयो बाबु, एनजीओको काम पाइयो ?" उसले घर पस्दै

गरेको छोरालाई ढोकैमा रोकेर सोध्यो.....अफसोस बुबा, तपाँईको पेसाका कारण म दलित अवस्थामा छु तर जातले गर्दा ब्राह्मण...। यो समयमा राजधानीमा बस्ने ब्राह्मणको परिवारमा छोरो भएर जन्मिनु नै अयोग्यता साबित भयो ।" (सौरभ. २०६५ : ७०) ।

प्रस्तुत लघुकथांशमा एकातिर घाटमा मुर्दा पोल्ने काम गरेर पनि जीवन यापन गर्नमा समस्या भएको मानिस छोराले एनजीओमा काम पाएमा घरको आर्थिक समस्या टर्ला कि भन्ने सोचमा रहेकामा काम नपाउँदा निराश भएको अवस्थाबोध गरिएको छ । नेपाली राजनीतिले समावेशी लोकतन्त्रका नाममा निश्चित जातिलाई प्राथमिकता दिएका सन्दर्भमा माथिल्लो जातका भनिएका तर आर्थिक अवस्था कमजोर भएका राजधानीमा बस्ने नागरिकको जीवन कष्टकर भएको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ घाटमा मुर्दा पोल्ने महत्त्वहीन काम गर्ने मानिसको परिवारले पाएको मानसिक यातनालाई प्रस्तुत गर्नाका साथै जातका आधारमा मात्र मानिसको क्षमताको परीक्षण गर्ने परिपाटीप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) बलात्कारको आरोपमा दुई युवक समातिए । चिकित्सकको रिपोर्ट अनुसार ती दुईमध्ये एक युवक पूर्ण रूपले नपुंसक थियो । त्यसैले ऊ निर्दोष साबित हुने स्थिति स्पष्ट थियो....'डाक्टरसाहेब म जेल जान तयार छु तर समाजमा नपुंसक भनाएर बस्नु मेरा लागि असह्य छ ।' उसको हात फेरि चिकित्सकको खुट्टा समाउन पुग्यो (नेवटिया. २०७१ : ७४) ।

प्रस्तुत लघुकथांशमा एक युवकलाई बलात्कारी भनेर पक्राउ गरिएकामा सो युवक नपुंसक नरहेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ युवकले समाजमा नपुंसक भनिनुभन्दा बलात्कार भनिन उचित ठानेको प्रसङ्गलाई व्यक्त गरिएको छ । यस रचनामा युवकले समाजमा महिला र पुरुष बाहेकका नागरिकप्रतिको सोचाइका कारण आफ्नो पहिचान लुकाउन बाध्य भएको देखिन्छ । यस रचनामा नेपाली समाजमा व्याप्त फरक पहिचानप्रतिको गलत सोचाइप्रति असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

(घ) "चटकेले कार्यक्रम अन्तिम समयमा पुगेको घोषणा गऱ्यो । भीड चनाखो भयो । चटेकेले मौका छोप्यो-"पापी पेटको सवाल हजुर....मेरा पनि हजुरहरूका जस्तै ससाना बालबच्चा छन्...., जेजति दया हुन्छ सहयोग गरिदिनुहोस् हजुर ।" त्यसपछि मेरो यो अन्तिम खेल हुनेछ । उसले आफ्नो श्रमको पैसा माग्यो" (बजगाई. २०६४ : ७७) ।

प्रस्तुत लघुकथांशमा आफ्नो जीवनयापनका लागि सडकमा हिँडिरहेका बटुवाको भर पर्ने चटकेको जीवनका गतिविधिलाई प्रस्तुत गरिएको छ । यहाँ सामान्य नागरिकले पेट पाल्न असहज बन्दै गएको अवस्थालाई बोध गरिएको छ । यस रचनामा समाजले महत्त्वहीन

ठानेको चटेकेको पेसागत कार्यलाई प्रस्तुत गर्नुका साथै समाजको तमासे प्रवृत्ति एवम् संवेदनहीन क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) आफू त खलासी मान्छे, फुस्रेधुस्रे, ध्वाँसे-काले परियो । बसपार्कमा यात्रुलाई बोलाउँदै गर्दा एकजना गाउँले साथी देखेँ । सँगै गुच्चा खेलेको साथी । भेट नभएको पनि धेरै भएको थियो । पद्दापद्दै भागेर सहर पसेँ । ऊचाहिँ गाउँमै मास्टर छ भन्ने सुनेको हुँ । पुरानो साथी देख्दा निकै खुसी भएँ र बोलाएँ । उसले यसो हेऱ्यो र नदेखेझैं गरी छड्कियो-मानौं मलाई चिनेन (भारती. २०६९ : ४३-४४) ।

प्रस्तुत लघुकथांशमा एक युवकले बाल्यकालमा सँगै गुच्चा खेल्दाको साथी खलासी भएकामा उसको उपेक्षा गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ खलासी पात्रले मित्रताभाव देखाउन खोज्दा उसको पुरानो साथीले बेवास्ता गरेर हिँडेको स्थितिलाई व्यक्त गरिएको छ । नेपाली समाजमा श्रमजन्य काम गर्ने मानिसलाई हेला गर्ने प्रचलन रहेको पाइन्छ । यसै सन्दर्भमा यस रचनामा पनि साथी पात्रले विगतमा सँगैको साथी भए पनि पछिल्लो अवस्थामा खलासी काम गरेको देख्दा वास्ता नगरेर असमाजिक एवम् असामान्य क्रियाकलाप गरेको छ । समाजमा झुठो मानमर्यादा एवम् सानोसौकतका लागि अरूलाई अपहेलना गर्ने प्रचलनलाई देखाएको छ । यहाँ आर्थिक आधारमा गरिने सामाजिक विभेदको चेतना व्यक्त भएको छ । नेपाली लघुकथामा अभिव्यक्त सामाजिक यथार्थवादी युगचेतनासँग सम्बन्धित रचनाको अध्ययनको निस्कर्ष निम्नप्रकार रहेको छ :

(क) नेपाली लघुकथामा समकालीन घटना र परिस्थितिको चित्रण गरिएको पाइन्छ । समकालीन नेपाली समाजका विकृतिजन्य क्रियाकलापप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना व्यक्त भएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा स्थानीय सामाजिक भाषिका र कथ्य भाषाको यथावत् प्रयोग गरिएको पाइन्छ । स्थानीय सामाजिक भाषिका र कथ्य भाषामा अभिव्यक्त समाजका विकृतिजन्य क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको पाइन्छ ।

(ग) नेपाली लघुकथामा गरिबका पीडा र उदासीको वर्णन गरिएको पाइन्छ । लघुकथा रचनामा सामाजिक शोषण एवम् उत्पीडनप्रति असहमतिको भाव व्यक्त गरिएको पाइन्छ ।

(घ) नेपाली लघुकथामा महत्त्वहीन ठानिएका घटना र पात्रहरूको अध्ययन गरिएको पाइन्छ । लघुकथामा समाजमा व्याप्त अन्याय अत्याचारप्रतिको असहमत चेतना व्यक्त भएको पाइन्छ ।

## ५.८ समाजवादी यथार्थवादी युगचेतना

समाजवादी यथार्थवाद मार्क्सवादी दर्शनमा आधारित दर्शन हो । समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको गुणात्मक विकास भएर अघि बढ्दछ । यसमा जीवन यथार्थ र रचनाधर्मिताप्रति इमान्दारी, प्रखर यथार्थबोध र सामाजिक समस्याप्रति गहिरो रूची पाइन्छ । यस अध्ययनमा समाजवादी यथार्थवादका आधारभूत मान्यता प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा समाजवादी यथार्थवादी युगचेतनाको प्रयोगको अवस्थाको अध्ययनका लागि समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरता, राजनीतिक विकृति विसङ्गति एवम् सामन्तवादी पुँजीवादी राजनीतिको विरोध, अन्धविश्वास एवम् कुरीतिको विरोध, राष्ट्रियताबोध र वैदेशिक हस्तक्षेप विरोधी चेतना तथा धार्मिक आडम्बरको विरोध गरेर पाँच विषयमा अध्ययन गरिएको छ ।

## ५.९ समाजवादी यथार्थवादका आधारभूत मान्यताहरू

समाजवादी यथार्थवाद मार्क्सवादमा आधारित दर्शन हो । यसले मार्क्सवादी दर्शनलाई आत्मसात गरेर यथार्थलाई क्रान्तिकारी दिशामा लग्दै सही तरिकाले प्रतिबिम्बन गर्दछ । समाजवादी यथार्थवादलाई प्रगतिवाद नामले समेत चिनिन्छ । प्रगतिवाद सम्बन्धमा बद्रीविशाल पोखरेल (२०६५) ले “प्रगतिवाद भन्नाले यथार्थवाद र आलोचनात्मक यथार्थवाद भन्दा गतिशील समाजवादी यथार्थवाद बुझिन्छ । यो प्रगतिशील लेखन हुँदै अर्न्तविरोधयुक्त समाजवादी यथार्थवादी कलात्मक प्रतिबिम्बन गर्ने साहित्यिक मान्यता हो ।” (पोखरेल. २०६५ : २१) भनेका छन् । पोखरेलले प्रगतिवादलाई यथार्थवाद र आलोचनात्मक यथार्थवादभन्दा गतिशील मानेका छन् । प्रगतिवादका विशेषता प्रस्तुत गर्ने क्रममा उनले “यसले अध्यात्मवाद, यान्त्रिक भौतिकवाद दुवैको विरोध गर्दछ । यस दर्शनको आधारभूत पक्ष भनेको जीवनजगत्लाई हेर्ने द्वन्द्वात्मक तथा भौतिकवादी दृष्टिकोण हो । यस दर्शनले जीवनजगत्को उत्पति र विकासमा दैवी शक्तिको सर्वोपरि वा प्रमुख कारण तत्त्वलाई निषेध गर्दछ (पोखरेल. २०६५ : २१) भनेका छन् ।  उनले समाजवादी यथार्थवाद वा प्रगतिवाद अध्यात्मवाद विरोधी द्वन्द्वात्मक-भौतिकवादी दृष्टिकोण वा दर्शन भएको विचार व्यक्त गरेका छन् । एम. फेलचिकोभ, बि.एस. मेसडोग र एम.चेपरसन (सन् १९३४) ले सामाजवादी यथार्थवादलाई यसरी चिनाएका छन् :

> समाजवादी यथार्थवाद सोभियत साहित्य तथा साहित्य समालोचनाको आधारभूत विधि हो । यसले यसको क्रान्तिकारी विकासको निम्ति सत्यपूर्ण कलाकार, ऐतिहासिक प्रतिनिधित्वपूर्ण यथार्थको माग गर्दछ । यसले अझ बढी सत्यता तथा यथार्थको कलापूर्ण प्रतिनिधित्वको ऐतिहासिक ठोस सपनालाई अनिवार्य रुपमा

समाजवादमा आधारित सिद्धान्त परिवर्तन र श्रमिकको शिक्षा सम्बन्धी कार्यसँग जोडिएको हुनुपर्छ ( फेलचिकोभ, मेसडोग र चेपरसन (सन् १९३४ : ७१६)

ऋषिराज बरालले मार्क्सवादी साहित्यलाई चिनाउने क्रममा, "मार्क्सवादी साहित्य चिन्तनले श्रमजीवी वर्गको पक्ष लिँदै समाजमा भएका सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक विसङ्गतिको विरोध गर्दछ र सुन्दर समाज निर्माणको लागि सङ्घर्षमा उत्साहित र उत्प्रेरित गर्दछ" (बराल. २०६५ : १५) भनेका छन् । उनले मार्क्सवादी साहित्यलाई श्रमजीवी वर्गको पक्षधर, विभिन्न खाले विसङ्गति विरोधी, सङ्घर्षका लागि उत्प्रेरित गर्ने साहित्यका रूपमा चिनाएका छन् । समाजवादी यथार्थवादका विशेषताका बारेमा चर्चा गर्ने क्रममा निनु चापागाईले "यसले सबै किसिमका सामाजिक असमानता र अन्यायको विरोध गर्दछ र सामाजिक प्रगतिको संवाहकको रूपमा सर्वहारा वर्ग र क्रान्तिकारी जनसमुदायको नयाँ समाजको निर्माणको प्रयत्न र सङ्घर्षको कलात्मक जीवन प्रस्तुत गर्दछ (चापागाई. २०५९ : ६६) भनेका छन् । उनले समाजवादी यथार्थवादलाई समाजका सबैखाले अन्याय अत्याचारको विरोध र सर्वहारा वर्गको हितको पक्षधर चिन्तनका रूपमा व्याख्या गरेका छन् ।

समाजवादी यथार्थवादका प्रमुख अभिलक्षण प्रस्तुत गर्ने क्रममै निनु चापागाईले यसरी आफ्नो विचार व्यक्त गरेका छन् :

> समाजवादी यथार्थवादका आधारभूत अभिलक्षणभित्र (क) जीवनसत्यको अनुसरण, (ख) क्रान्तिकारी विकासको क्रममा यथार्थको प्रतिबिम्बन वा यथार्थको विस्तृतीकरण, (ग) समाजवादी सिद्धान्त, सर्वहारा वर्ग र श्रमिक जनसमुदाय र त्यसको पार्टीप्रतिको प्रतिबद्धता (घ) जनता, मानव, सकारात्मक नायक, भविष्य दृष्टि, आशावादजस्ता विषयमा इतिहासदृष्टि, (ङ) जनतामा विकसित हुँदो आत्मसचेतता, पुँजीवादको सार्वभौम आलोचना आदि पर्दछन् (निनु चापागाई .२०५९ : ९) ।

यसरी निनुले समाजवादी यथार्थवादी साहित्यमा समाजका निम्नवर्गीय जनजीवनका साथै त्यस अनुकूलको राजनीतिक संगठनप्रतिको प्रतिबद्धताका साथै पुँजीवादको आलोचनालगायतका विषय हुनुपर्ने चिन्तनलाई प्रमुखताका साथ प्रस्तुत गरेका छन् ।

ऋषिराज बरालले समाजवादी यथार्थवादका सकारात्मक पक्षका बारेमा चर्चा गर्ने क्रममा "यसले पुरानाको विरुद्ध नयाँ, मृतका विरूद्ध जीवित, कुरूपताका विरूद्ध सुन्दरता, पतनोन्मुखका विरूद्ध उदयोन्मुख शक्तिको पक्ष लिन्छ ।" (बराल. २०६३ : ९६) भनेका छन् । उनले यसलाई नयाँ चिन्तन र विचारको रूपमा व्याख्या गर्दै यो नयाँ, जीवित र उदयोन्मुख शक्तिको पक्षधर चिन्तन भएको विचार व्यक्त गरेका छन् । उनले समाजवादी यथार्थवादी साहित्यका बारेमा चर्चा गर्ने क्रममा "धार्मिक आडम्बर, अन्धविश्वास, पाखण्डी भाग्यवाद र

ईश्वरमा होइन, श्रम र चेतना तथा भौतिक जगत्प्रति विश्वास राख्दछ । यसले मान्छेमाथि मान्छेद्वारा गरिने सबै प्रकारको शोषणको विरोध गर्दै स्वच्छ, स्वस्थ र सुन्दर समाज निर्माणका लागि क्रियाशील हुन् आह्वान गर्दछ (बराल.२०६३ : ९५) भनेका छन् । उनले मार्क्सवादी साहित्यलाई आडम्बरवाद विरोधी, श्रमप्रति आस्थावान् एवम् शोषण विरोधी चेतनाका रूपमा प्रस्तुत गरेका छन् ।

समाजवादी यथार्थवादी साहित्यकारको उद्देश्यलाई निनु चापागाई (२०६९) ले यसरी प्रकाश पारेका छन् :

> आफूलाई आमूल परिवर्तन तथा मानवमुक्तिका पक्षमा क्रियाशील बनाउन प्रगतिवादी साहित्यकार त्यतिखेर मात्र सक्षम र प्रभावकारी हुनसक्छ, जतिखेर उसले पुँजीवादी व्यवस्थाको विकल्पलाई मानवमुक्तिको प्रारम्भ ठानी पुँजीवादी व्यवस्था, संस्कृति र विचारधाराका विरुद्ध विद्रोह गर्दछ, सर्वहारा वर्गको उद्देश्यसहित आफ्ना रचनाशीलतालाई गाँसेर सृजना गर्दछ, इतिहास प्रक्रियाको केन्द्रीय कारण वर्गसङ्घर्ष हो भन्ने मान्दछ र साहित्यको वर्गीय स्वरूपलाई अङ्गीकार गर्दछ (चपागाई. २०६९ : ६९) ।

चापागाईले समाजवादी यथार्थवादी साहित्यकारको कुशलता पुँजीवादी व्यवस्था, संस्कृति वा विचारधारासितको विद्रोह गर्नुपर्ने, सर्वहारा वर्गीय पक्षधरता अँगालेर वर्गसङ्घर्षलाई केन्द्र मानेर साहित्यको वर्गीय स्वरूपलाई अङ्गीकार गर्नुपर्ने विचार व्यक्त गरेका छन् । उनले समाजवादी यथार्थवादी साहित्यकारमा वर्गपक्षधरता हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

समाजवादी यथार्थवादी साहित्य समाजमा हुने गरेका पुजीँवादी चिन्तन, क्रियाकलाप एवम् गतिविधि विरोधी दर्शन हो । यसले समाजमा हुने गरेका सबैखाले शोषण, उत्पीडनका साथै धार्मिक आडम्बर एवम् पाखण्डको विरोध गर्दछ । अन्धविश्वास एवम् कुरीतिको विरोध गर्दछ । समाजमा सर्वहारावर्गको पक्ष लिँदै उत्पीडक वर्गको विरोधमा सङ्घर्षमा उत्रिनु पर्ने विचार राख्दछ । राष्ट्रियताबोधका साथै शक्तिशाली मुलुकले गरिब एवम् कमजोर राष्ट्रमाथि गरिने उत्पीडनको विरोध गर्दछ । नेपाली लघुकथामा समाजवादी यथार्थवादी चिन्तनको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा समाजवादी यथार्थवादी नेपाली लघुकथामा पाइने युगचेतनालाई अध्ययनको मूल विषय बनाइएको छ ।

### ५.१० समाजवादी-यथार्थवादी युगचेतनाको विश्लेषण

नेपाली साहित्यमा समाजवादी-यथार्थवादी चेतनाको प्रारम्भ वासु पासाको **किसान हो !** (२००८) नाटक कृतिबाट भएको हो । नेपाली लघुकथा साहित्यको क्षेत्रमा समाजवादी-यथार्थवादी चेतनाको प्रारम्भ विनयकुमार कसजूको **पशुतन्त्र** (२०३९) कृतिबाट भएको हो ।

यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्ति समाजवादी-यथार्थवादी युगचेतनासँग सम्बन्धित नेपाली लघुकथामा देखिएका अभिलक्षणहरू राजनीतिक विकृति र विसङ्गतिको विरोध एवम् पुजीँवादी सामन्तवादी गतिविधिप्रति असहमति, द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरंकुशता विरोधी चेतना, समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरता, अन्धविश्वास एवम् कुरीति विरोधी चेतना, धार्मिक आडम्बर विरोधी चेतना र राष्ट्रियताबोध/वैदेशिक हस्तक्षेप विरोधी चेतना गरेर छ विषय सन्दर्भको अध्ययनको विश्लेषण गरिएको छ ।

### ५.१०.१ राजनीतिक विकृति विसङ्गतिको विरोध एवम् पुँजीवादी सामन्तवादी गतिविधिप्रति असहमति

नेपाली लघुकथामा अभिव्यक्त विचारमा युगचेतनाको अध्ययनका क्रममा समाजवादी यथार्थवादी युगचेतनाको अध्ययनका सन्दर्भमा राजनीतिक विषय प्रसङ्गको पनि अध्ययन गरिएको छ । राजनीतिका नाममा हुने गरेका अनाचारका घटना र सो घटनासँग सम्बन्धित लेखकीय दृष्टि यस अध्ययनको विषय सन्दर्भ हो । राजनीति गर्ने नाममा सामन्ती क्रियाकलाप गरिरहेको पाइन्छ । त्यस्तै पुँजीवादी भ्रष्ट चिन्तन एवम् क्रियाकलापलाई बढावा दिने कार्य समेत गरेको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त राजनीतिक विकृति विसङ्गति विरोधी चेतनाको अध्ययन गरिएको छ । पुजीँवादी सामन्तवादी क्रियाकलापप्रति असहमति प्रकट गरिएका रचनाको विचारमूल्यलाई विश्लेषणको सामग्री बनाइएको छ । यस अध्ययनमा कपिल लामिछानेको **गिद्ध,** विजय सागरको **पाजीको वक्तव्य,** भाष्करको **खोजी,** आर.आर चौलागाईको **कबुल,** विनयकुमार कसजूको **साहुजीको पार्टी** र हरिगोविन्द लुइटेलको **साला पेट !** लघुकथाको विश्लेषण गरिएको छ :

(क) अरूले भने-“गिद्धको काम सिनो खाने हो । अब यसले जिम्दालाई खान थाल्यो । त्यसैले अब यसलाई राख्नै हुन्न । राख्ने कुरै आउन्न । त्यसले आफ्नो धर्म छोड्यो । स्यालले काल खोजे सहर पस्छ, गिद्धले काल खोजे यी धुरीमा बस्छ ।” तर अहिले गाउँमा गिद्धगान जारी छ, हुँडारको लुटपाट जारी छ र मानिसहरू सङ्गठित हुने क्रम पनि जारी छ । मानिसमा पक्का विश्वास छ कि एक न एक दिन धर्ती अवश्य गिद्धरहित हुनेछ (लामिछाने. २०६८ : २३) ।

प्रस्तुत लघुकथांशमा गिद्धलाई निरङ्कुश राजतन्त्रको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । यस रचनामा वर्णित समय राजाले प्रजातान्त्रिक अधिकार हनन गरेर आफ्नो हातमा सत्ता लिएको अवस्थालाई चित्रण गरिएको छ । यहाँ समाजमा निरङ्कुशताको समर्थनमा मानिसहरू लागेको एवम् सँधै यस्तो अवस्था नरहने विचार व्यक्त गरिएको छ ।

निरङ्कुश राजतन्त्रको अन्त्यसँगै नेपालमा गणतन्त्र आउने विचार सशक्त किसिमले व्यक्त भएको छ । यस रचनामा गणतान्त्रिक युगचेतना अभिव्यक्त भएको छ ।

(ख) आफूहरूमाथि लाञ्छना लगाई खरायोहरूले बिन्तीपत्र दिएको थाहा पाई हात्तीहरू रिसले चुर भए, तर सिंहले आवश्यक व्यवस्थाका निम्ति देशको काजीलाई बिन्तीपत्र सुम्पेको थाहा पाई उनीहरू केही खुम्चिए । वक्तव्यको दिन आयो । खरायोहरू उत्सुकताका साथ उफ्रिरहेका थिए । पाजीले देशको नीति एवम् व्यवस्था बारे वक्तव्य दिए । तर बिचरा खरायोहरू बिचल्ली परे । नयाँ नीति र व्यवस्थाभित्र उनीहरूका मागको कुनै वास्ता राखिएको थिएन । सत्ता र ढोईहरूले खुसीले गदगद भई कर्णभेदी हुङ्कार गरे (सागर. २०६० : ११) ।

प्रस्तुत लघुकथांशमा तत्कालीन सत्ताले कमजोर पात्रलाई दमन गर्ने र बलियाको पक्षमा लागेको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ सत्ताधारीले आफूले सत्ता सम्हाल्न नसक्ने भएपछि आफ्नो भनेको मान्ने तर निर्णयक्षमता नभएको पात्रलाई अघि सारेर आफ्नो वर्गस्वार्थ अनुकूल निर्णय गराएको विषय सन्दर्भ प्रस्तुत भएको छ । यस रचनामा पञ्चायत असफल भएको अवस्थामा उदार जस्तो देखिने व्यक्तिलाई अघि सारेर आफ्नो अनुकूल कार्य गराउने तत्कालीन सत्ताको चरित्रलाई उदाङ्गो पारिएको व्यञ्जनार्थ प्रस्तुत भएको पाइन्छ । यहाँ निरङ्कुशता विरोधी युगचेतना अभिव्यञ्जित भएको छ ।

(ग) मैले राहत रकम र परिचयपत्रका विषयमा आमालाई सबै बताएको थिएँ । अरू उपाय नलागेपछि राहत र परिचयपत्र पाइन्छ कि भनेर मेरी आमा यहाँ नेतालाई भेट्न आएकी हुन् । आमाले उनैको नाम सुनेकी थिइन् । त्यसैले आमा तिनै नेताका घरमा आएकी हुन् भन्ने ठानेको छु । उनी लामो समयसम्म घर फर्किनन् । आमा राहत र मेरो परिचयपत्र खोज्दै हुनिन् । नेता एक्काइसौं शताब्दीको जनवादी क्रान्ति खोज्दैछन् रे । म आमालाई खोजिरहेको छु (भास्कर. २०७१ : १६) ।

प्रस्तुत लघुकथांशमा माओवादी लडाकाको उचित व्यवस्थापन र बेपत्ता सहिद परिवारका पक्षमा काम नभएको स्थितिलाई बोध गराइएको छ । यस रचनामा माओवादी नेता सत्ता र शक्तिको पछि लागेको तर हिजो आफ्नो पक्षमा लाग्ने जनता, कार्यकर्ताको पक्षमा काम गराउन नसकेको स्थितिप्रति असन्तुष्टि व्यक्त गरिएको छ । यहाँ दोस्रो जनआन्दोलनपछि नेपाली समाजको परिवर्तनको चाहना पूरा हुन नसकेकामा चिन्ता व्यक्त गरिएको छ । यस रचनामा सुविधाभोगी राजनीतिकर्मीको क्रियाकलापप्रति व्यङ्ग्य एवम् सामाजिक परिवर्तनको चेतना अभिव्यक्त भएको छ ।

(घ) मतदाताहरू चुनावमा उत्साहपूर्वक भाग लिन्छन् र विभिन्न क्षेत्रबाट विभिन्न उम्मेदवारहरूलाई जिताएर माथि पठाउँछन् । केही समयपछि धूलो उडाउँदै

ठाउँठाउँमा डोजरहरूको ताँती लाग्छ । असङ्ख्य छाप्रा र झुप्राहरू भत्किन्छन् । नेताहरूले चुनावमा कबुल गरेअनुसार ठाउँठाउँबाट गरिबहरू हटाइन्छन् र ती ठाउँमा ठूलाठूला महल र पाँचतारे होटलहरू ठडिन्छन् (चौलागाई. २०६५ : ५२) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक नेताले चुनाव जितेपछि जनताको गाँस, बास र कपासको व्यवस्था गर्नुपर्नेमा तिनको बस्ती डोजर लगाएर खाली गराउने कार्य गरेको घटनालाई विषय बनाइएको छ । यस रचनामा सामान्य श्रमजीवी जनता बस्ने ठाउँ खाली गरेर ती ठाउँमा ठूलाठूला महल र पाँचतारे होटल बनाउने काम गरेकोमा सो कार्यप्रति विमति प्रकट गरिएको छ । यहाँ राजनीतिक नेताको श्रमजीवी जनतालाई दुःख दिने क्रियाकलापप्रति आक्रोश व्यक्त गरिएको छ । यस रचनामा राजनीतिक नेताबाट भएको जनविरोधी कार्यप्रति असहमति एवम् व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) "के तिमीले साँच्चै त्यसैमा छाप लगायौ ?" विकासले नपत्याउँदै र अलि झर्कँदै सोध्यो । मालिकलाई खुसी पारूँला भनेको त झन रिसाएको देखेर रजाली दाइ आत्तियो । भन्यो, "होइन, यो साहुहरूको पार्टीको चिनो हो भन्नु भएको होइन र हजुरले नै ? अरूले पनि त यो साहुहरूको पार्टी भन्थे त ।" "रजाली दाइ, तिमीले मेरो शत्रुलाई भोट दिएछौ ।" विकासको कुरा सुनेर रजाली दाइ छाँगाबाट खसेजस्तो भए (कसजू. २०५७ : १३६-१३७) ।

प्रस्तुत लघुकथांशमा एक जना राजनीतिक नेता र उसको हलीका बीच चुनाव पछिको वार्तालाई प्रस्तुत गरिएको छ । यहाँ चुनावमा उम्मेदवार भएका सम्पन्न मानिसले एकजना आफ्नो कामदारलाई चुनावमा भोट दिएको कुरा सोधेको र ती दुई बीचको कुराकानीका क्रममा साहुजीको भनिएको पार्टी फरक परेको भेद खुलेको घटनालाई विषय सन्दर्भका रूपमा अघि सारिएको छ । यस रचनामा नेपालको राजनीतिमा गरिब पार्टीका धनी नेता हुने गरेको र सामान्य जनताले कुरा पत्याउन गाह्रो हुने गरेको सन्दर्भ आएको छ । लघुकथांशमा वर्गचरित्र नभएको राजनीतिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(च) "तपाईंलाई अस्तिको दिन अर्यालजीले भेटेर कुरा गरिसकेका छन् । त्यही विरोधप्रदर्शन कार्यक्रममा जाने होइन ?" भाइरामको यो थप प्रश्नले जयरामलाई असजिलोमा पाऱ्यो । उनी हच्किए । उनले भाइरामसँग छुट्टिने बहाना निकाल्ने उपाय सोच्न थाले । अल्मलिएर करिबकरिब 'नर्भस' भएको स्थितिमा उनले हतारमा एउटा उपाय सोचेछन् र आत्तिँदै भनिहाले-ए !! हुन्छ नि ! अँ, भाइ जाँदै गरौं । म आइहाल्छु तीँ पर शौचालयसम्म पुगेर आउँछु । हेर्नुस् न, आजकल साला यो मेरो पेट एकदमै ठीक छैन क्या (लुईंटेल. २०५६ : १५-१६) ।

प्रस्तुत लघुकथांशमा जयराम नामक व्यक्तिको अवसरवादी क्रियाकलाप प्रस्तुत गरिएको छ । यस रचनामा आन्दोलनको नाम सुन्ने बित्तिकै डराउने र पछि पेट खराब भएको बहाना गरेर भाग्ने मानिसको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ अवसरवाद विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

नेपाली लघुकथामा समाजवादी यथार्थवादी चिन्तन राख्ने सर्जकका रचनामा राजनीतिक विकृत परिवेशप्रति व्यङ्ग्यभाव प्रकट गरिएको छ । त्यसरी नै सामन्ती एवम् पुँजीवादी राजनीतिका विकृति विसङ्गतिप्रति फरक मत जाहेर गर्नाका साथै समाज परिवर्तनको युगीन चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

### ५.१०.२ द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरङ्कुशता विरोधी चेतना

नेपाली लघुकथामा समाजवादी यथार्थवादी लघुकथामा पाइने एक प्रमुख विशेषताका रूपमा द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरङ्कुशता विरोधी चेतना रहेको छ । द्वन्द्वकालमा नेपाली जनताको जीवन अत्यन्त कष्टकर रहेको थियो । यी लघुकथामा युद्धरत पक्षका बीचमा पिल्सिएका जनताको अवस्था चित्रण गरिएको छ । युद्धरत पक्षका मानिसले आम मानिसलाई दुःख दिने एवम् सताउने कार्य गरेका थिए । यस अध्ययनमा उनीहरूले गरेको अन्याय-अत्याचारका घटनाका बारेमा चर्चा गरिएको छ । नेपाली समाजमा रहेको निरङ्कुशता विरोधी चेतनाको नेपाली लघुकथामा पनि प्रतिनिधित्व भएको छ । यसै सन्दर्भमा यस अध्ययनमा द्वन्द्वकालका घटनाको प्रस्तुति एवम् निरङ्कुशता विरोधी चेतनालाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा बुद्धिनाथ ज्ञवालीको **आश्रय,** प्रदीप प्रधानको **पुर्जी,** नवराज रिजालको **अनुत्तर,** हरिप्रसाद भण्डारीको **विष नभएको सर्प** र कपिल लामिछानेको **कहीँ नभा'को जात्रा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) बन्दुकधारीहरूका आँखा भोका बिरालाझैं उसका अङ्ग अङ्ग लुछ्न लाग्छन् । उसलाई भित्रभित्रै असह्य चोट लाग्छ । चसक्क घाउ चस्केझैं दुख्छ । काउकुती लागेझैं छटपटी पनि हुन्छ । उनीहरूका हातबाट बन्दुक भुइँमा झर्छन् र कठोर ओठमा मृदु मुस्कानका लहर उठ्छन् । ऊ अत्तालिँदै झुपडीभित्र पस्छे र बूढी बज्यैका काखमा घोप्टो पर्छे (ज्ञवाली. २०६३ : २९) ।

प्रस्तुत लघुकथांशमा छापामारले एक घरमा सुन्दर कन्या देखेपछि त्यसप्रति लोलुप भएर आँखा गाडेको घटनालाई विषय बनाइएको छ । यहाँ कतिपय माओवादी छापामारले विगत द्वन्द्वकालमा जनताको लागि युद्ध लडेको दावा गरे पनि जनतालाई दुःख दिने, सताउने र इज्जत लुटने कार्यमा पनि संलग्न भएको तथ्यलाई प्रस्तुत गरिएको छ । यस लघुकथांशमा छापामारहरूद्वारा गरिएका गलत क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(ख) "जीवलाल मनलाई दरो बनाएर ढोका छेउ गएर टाँगेको पुर्जी पढेर फर्किन्छ तर ढोका समेतको खम्बालाई छुन सक्दैन । ढोकामा लेखिएको हँसिया हथौडाको छाप भएको एउटा पुर्जी टाँगिएको छ, "चन्दा नदिए ढोका खोल्न पाउँदैन । यदि ढोका खोलिहाले बमले घर उडाइने छ" (प्रधान. २०६४ : ७) ।

प्रस्तुत लघुकथांशमा माओवादी पक्षले युद्धकालमा सामान्य जनतालाई अनावश्यक रूपमा धाकधम्की दिएर चन्दा असुल गर्ने गरेको क्रियाकलापलाई प्रस्तुत भएको छ । यहाँ जनतालाई डर र धाकधम्की दिएर चन्दा असुल गर्ने कार्य गलत भएको विचार व्यक्त गरिएको छ । यस रचनामा माओवादी पक्षले जबर्जस्ती जनतालाई दुःख दिने कार्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) 'गाउँ छाड्न पाइँदैन । यहाँको उत्पादन बाहिर लान पनि हुँदैन । तर ल्याउन भने पाइन्छ ।' एउटाले भन्यो । 'लौ सहर बजारबाट केही चाहिने हो भने गाउँबाट पनि मालसामान ल्याउनुपर्छ । नत्र पाइन्न । औषधि, चामल र नुनतेलसमेत गाउँमा ल्याउन प्रतिबन्ध गरिएको छ' अर्काले सुनायो । किनबेचमा प्रतिबन्ध लागेपछि औषधिमूलो र खाद्यान्नको अभावमा गाउँमा झन् धेरैले ज्यान गुमाए । उत्पादित वस्तुहरू धमाधम कुहिन थाले । 'के गरेको यो ?'- धेरैपछि गाउँलेहरूले सहनै नसकेर प्रश्न गरे । तर दुवैथरिले उत्तर दिन सकेनन् (रिजाल. २०६७ : ९५) ।

प्रस्तुत लघुकथांशमा आफ्नो स्वार्थका लागि जनतालाई दुःख दिने कार्यप्रति असहमत भाव व्यक्त भएको छ । यहाँ विगत द्वन्द्वकालमा मानिसहरू गाउँसहरमा ओहोरदोहर गरिरहँदा, मालसामान खरिद बिक्री गरिरहँदा र सूचना पनि एक ठाउँबाट अर्को ठाउँ पुग्ने भएकाले जनतालाई सामान ल्याउन-लैजान प्रतिबन्ध लगाइएको घटनालाई विषय बनाइएको छ । युद्धरत पक्षको यस्तो गलत कार्यका कारण औषधिमूलो र खाद्यान्नको अभावमा गाउँमा झन धेरैले ज्यान गुमाउनुपरेको र उत्पादित वस्तुहरू धमाधम कुहिन थालेको अवस्थालाई व्यक्त गरिएको छ । यस रचनामा आफ्नो स्वार्थका लागि सामान्य जनतालाई दुःख दिने कार्यको विरोधका साथै गलत क्रियाकलाप विरोधी चेतना अभिव्यक्त भएको छ ।

(घ) लामो छलफल र विवादपछि सर्प अलिकति ओइलायो । आफ्नो दाँत र मुखमा भएको विष ओकलेर फाल्यो र तीन-चारचोटि सफा पानीले मुख कुल्ला गऱ्यो । "सर्प त शोभा हो, विष नभएको सर्पले के गर्न सक्छ र ?" सेवकहरूले प्रचार गर्न थाले । उनीहरू दुष्ट सर्पलाई पुनः दूध पिलाएर आफूलाई इमान्दार सेवक बनाउन खोज्दै थिए (भण्डारी. २०६७ : २८) ।

प्रस्तुत लघुकथांशमा सर्पलाई राजतन्त्रको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । नेपाली जनताले राजतन्त्रका विरोधमा आन्दोलन गरेपछि राजतन्त्र रक्षात्मक स्थितिमा पुग्दछ । यस रचनामा राजतन्त्रलाई नयाँ रूपमा प्रस्तुत गर्ने र उसलाई जोगाउन खोज्ने मानिसको क्रियाकलाप प्रस्तुत गरिएको छ । राजतन्त्रको भरोसामा आफ्नो राजनीति पनि चम्काउने सोच राख्नेहरूको क्रियाकलापप्रति असहमति प्रकट गरिएको छ । यहाँ राजतन्त्र विरोधी चेतना प्रस्तुत भएको छ ।

(ङ) पत्रकार सम्मेलनमा चोर औंला ठड्याउँदै सञ्चार मन्त्रीले भने-"एफ.एम. ले समाचार भन्न पाउने व्यवस्था विश्वमा कतै छैन । कहीँ नभएको जात्रा हाँडीगाउँमा....सुन्न बसेको एकजनालाई मन्त्रीको भनाइप्रति झोँक चलेछ । उसले प्वाक्क भन्यो-"पशुपतिनाथको मन्दिर विश्वमा अन्त कतै छैन । त्यसलाई भत्काइदिए भयो । सगरमाथा विश्वमा अन्त कतै छैन । त्यसलाई उडाइदिए भयो....बुद्ध जन्मेको देश अन्त कतै छैन । त्यसलाई....विश्वमै नभएका यस्ता यहाँ अरू जेजे छन् ती सबै ध्वस्त पारिदिए भइगयो (लामिछाने. २०६८ : ११) ।

यस लघुकथा अंशमा सरकार पक्षले सञ्चार माध्यममा गरेको हस्तक्षेप विरोधी चेतना आएको छ । एफ. एम.ले समाचार भन्न पाउने व्यवस्था संसारमा कतै नभएको सञ्चारमन्त्रीको भनाइप्रति फरक मत राखिएको छ । पशुपतिनाथ, बुद्धको जन्मस्थल लगायत धेरै चिज नेपालमा बाहेक अन्यत्र कतै नभएकोले तिनलाई पनि समाप्त गरे भयो भनिएको छ । आफ्नो राजनीतिक स्वार्थका लागि जे पनि गर्ने प्रवृत्तिप्रति फरक मत जाहेर गरिएको छ । लघुकथांशमा अभिव्यक्ति स्वतन्त्रता विरोधी निरङ्कुश क्रियाकलाप विरोधी चेता प्रखर रूपमा प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा समाजवादी यथार्थवादी चेतना अभिव्यक्त गर्ने क्रममा निरंकुशता विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ । राज्य एवम् राजनैतिक समूहका नाममा गरिएका निरंकुश जनविरोधी कार्यप्रतिको असहमति एवम विरोधको चेतनालाई नेपाली लघुकथामा प्रभावकारी किसिमले व्यक्त गरिएको छ ।

### ५.१०.३ समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरता

नेपाली लघुकथामा अभिव्यक्त विचारमा युगचेतनाको अध्ययनका सन्दर्भमा समाजवादी यथार्थवादी युगचेतनाको अध्ययनका सन्दर्भमा समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय चेतनालाई अध्ययनको विषय बनाइएको छ । कुनै पनि समाजको चरित्र वर्गीय हुन्छ । वर्गीय समाजमा विभिन्न खाले वर्ग एवम् तिनको सामाजिक चरित्र हुन्छ । समाज विकासका क्रममा विभिन्न किसिमले वर्गद्वन्द्व भइरहन्छ । एक वर्गले अर्को वर्गलाई निषेध गर्ने प्रक्रिया जारी रहन्छ । समाजमा हुनेखाने उच्च वर्गका मानिसले निम्नवर्गका

जनतामाथि विभिन्न खाले उत्पीडन गरेका हुन्छन् । समाजवादी यथार्थवाद समाजका गरिब, कमजोर एवम् अपहेलित निम्नवर्गको पक्षधर विचार हो । समाजवादी यथार्थवादी लेखकले आफ्ना रचनामा समाजमा हुने गरेका विभिन्न खाले विभेदको विरोध गर्दछ । साधनहीन, कमजोर र अपहेलित निम्नवर्गको जीवनप्रति सहानुभूतिका साथै उनीहरूको पक्षमा आवाज उठाउने गर्दछ । नेपाली साहित्यमा समाजवादी यथार्थवादी चिन्तनको प्रयोग भएको पाइन्छ । नेपाली लघुकथामा पनि समाजवादी यथार्थवादी युगचेतनाको प्रस्तुत गर्ने क्रममा समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरतासँग सम्बन्धित लघुकथा रचनाको विश्लेषण गरिएको छ । यस अध्ययनमा प्रयास सौरभ श्रेष्ठको **बेवारिसे,** शेखरकुमार श्रेष्ठको **कानुन,** विमला अधिकारीको **लख,** नारायण मरासिनीको **मुक्तिदाता,** कुसुम ज्ञवालीको **प्रजातन्त्र,** हरिप्रसाद भण्डारीको **महत्त्वपूर्ण कार्यक्रम** र गोपाल ढकालको **मानवता** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "लगातार पन्ध्र दिनसम्म ज्वरोले ओछ्यानमा परेपछि जेठाको मृत्यु भयो । भरियाको लास बजारको बीच भागमा सडकको किनारामा लडिरहेको छ । कसैले त्यो मान्छे चिन्न सकिराखेको छैन । बरू सबैले "बेवारिसे लास" भनेर मुचुल्कामा सही छाप गर्दैछन् ।" (श्रेष्ठ. २०५८ : २३) ।

प्रस्तुत लघुकथांशमा एकातिर गरिब भरियाको जीवनको समाप्ति देखाइएको छ भने अर्कातिर साधनसम्पन्न मानिसले कसैले पनि उसलाई चिन्न नसकेको र बेवारिसे लास भनेर मुचुल्कामा सही छाप गरेको अवस्था चित्रण गरिएको छ । यहाँ साधनसम्पन्न मानिसको अमानवीय क्रियाकलापप्रति असन्तुष्टिका साथै भरियाको जीवनप्रति सहानुभूति भाव प्रकट गरिएको छ । यस रचनामा निम्नवर्गको पात्र भरियाप्रति गरिएको विभेदको विरोध एवम् निम्नवर्गीय पक्षधरताका चेतना प्रकट भएको छ ।

(ख) "ड्राइभर पनि ओर्लियो । सुटबुट लगाएको ड्राइभर, मोबाइल टेलिफोन बोकेको, केही मातिएको जस्तो देखिन्थ्यो मातिए पनि पुलिसले ऊ अगाडि गएर सलाम ठोक्यो । मर्ने मानिस भरिया रैछ । जाडो याममा पनि एउटा कट्टु, गन्जी र चप्पल लगाएको थियो उसले । एउटा पुलिसले उसलाई पल्टाउँदै भन्यो, "सुख पायो मोराले यो भारी बोक्ने जिन्दगीबाट । कमसेकम अब भारी खेपेर पेट भोको पार्ने समस्या रहेन ।"....कुनै सर्जमिन गरिएन, न त अनुसन्धान नै । कुकुर मरेको हो कि बिरालो मरेको हो जस्तो गरी मारियो सबको आँखा अगाडि । कोही बोलेनन् । सबै नतमस्तक भई मूकदर्शक भइरहे (श्रेष्ठ. २०५९ : ७) ।

प्रस्तुत लघुकथांशमा एकजना साधनसम्पन्न मानिसले गरिब भरियालाई गाडीले कुल्चेर मारेपछिको मानिसहरूको प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । यस रचनामा पुलिसले

यस घटनाको सम्बन्धमा कानुनी प्रक्रिया अघि बढाउनुपर्नेमा मार्ने मानिसलाई सलाम ठोक्ने काम गर्नाको साथै मर्ने मानिसप्रति तीव्र घृणाभाव व्यक्त गरेको स्थितिलाई विषयवस्तु बनाइएको छ । यहाँ घटनास्थलमा भएका कुनै मानिसले पनि प्रतिक्रिया नजनाउनुले सामन्तवादी सामाजिक मनोविज्ञान एवम् समाजमा रहेको शक्तिपूजक प्रवृत्तिको बोलवाला भएको देखिन्छ । लघुकथांशमा "कुकुर मरेको हो कि बिरालो" र "सबै नतमस्तक भई मूकदर्शक भईरहे" भनाइमा मर्ने मानिसको जीवनप्रति संवेदनाभाव व्यक्त भएको छ । यहाँ अन्याय गर्ने, अन्याय लुकाउने एवम् अन्याय देखेर पनि चुपचाप लागेर बस्ने मानिसहरूका क्रियाकलापप्रति विरोधको चेतना आएको छ ।

(ग) न्यायाधीशले न्याय र अन्यायको फैसला गर्दै थिए, उज्यालोमा र अँध्यारोमा टेबुलमुनिबाट हात बढाउँदै पनि....कानुन बनाउँदै थिए बालशोषण गर्न नपाइने र बालबँधुवा राख्न नपाउने नजिरमार्फत । अफिसको समय सकिएपछि न्यायाधीश बेलुकी घर फर्किए । "रामे ! ए रामे ! चिया ले त ।" उनले आदेश गरे । "हस् हजुर ।" एघारवर्षे रामे बोल्यो ।" (अधिकारी. २०६९ : २३) ।

प्रस्तुत लघुकथांशमा बालशोषण गर्न नपाइने र बालबँधुवा राख्न नपाउने कानुन बनाउने न्यायाधीशले आफै घरमा बालमजदुर राख्ने गरेको घटना सन्दर्भ प्रस्तुत गरिएको छ । यस रचनामा एउटा न्यायाधीशमा कुनै संवेदना नभएको र ऊ एक यन्त्रमानव जस्तो भएको देखाइएको छ । लघुकथांशमा बालमजदुर रामेको जीवनप्रति सम्वेदनाको चेतना प्रस्तुत भएको छ ।

(घ) देशकै ठूलो दलको नेतृत्व हाँक्ने तथा मन्त्रालय चलाउनेहरूसँग नै नातासम्बन्ध गाँसेका थिए । आफूलाई अरूसामु परिचित गराउँदा राष्ट्रका एक प्रगतिवादी व्यक्तित्वका रूपमा चिनाउँथे....उनी पुँजीवादको विरोध गर्थे । सामन्तहरूको धज्जी उडाउँथे....उद्योगमा काम गर्न राखिएका कामदारहरूप्रति उनको दृष्टि हेलत्वपूर्ण हुन्थ्यो । ज्याला असाध्यै कम दिन्थे....आन्दोलनरत कामदारहरू सबैलाई भेला पारेर उनले घोषणा गरे-"तिमीहरूको मुक्तिको चाहनालाई मनन गरेर नै मैले आजका मितिबाट लागु हुने गरी तिमीहरूलाई कामबाट अवकाश दिएको छु" (मरासिनी. २०७१ : २३-२४) ।

प्रस्तुत लघुकथांशमा एक जना वामपन्थी पार्टी समर्थक उद्योगपतिले आफ्ना कामदारलाई हेला गर्ने, उनीहरूको शोषण गर्ने एवम् उनीहरूलाई कामबाट निकाल्ने काम गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ उद्योगपति वर्गदृष्टिकोण च्युत भएको, व्यक्तिगत स्वार्थ एवम् नाफामुखी क्रियाकलाप संलग्न भएको, निम्न वर्गका मजदुर विरोधी रहेको विचार अभिव्यक्त गरिएको छ । लघुकथांशमा निम्नवर्गप्रति सद्भावका साथै उद्योगपति

पात्रप्रति घृणा भाव प्रकट भएको छ । यस रचनाले समाजमा हुने विभेदको विरोध एवम् निम्नवर्गको पक्षधरतासँग सम्बन्धित चेतना प्रस्फुटित गरेको छ ।

(ङ) "'त्यसो भए हामी के बोल्ने त बाबुसा'ब ?' -'तँ जान्दैनस्, राम्रा कुरा गर्न, ठूला कुरा गर्न । त्यसैले त मेरो खेत जोतिदे, म तेरो सट्टा चौपारीमा बोलिदिउँला ।' बाबुसा'बले असाध्यै मायालु पारामा भने ।" (ज्ञवाली. २०६० : ६३) ।

प्रस्तुत लघुकथांशमा गाउँले नेताले निम्नवर्गको मानिसलाई अबुझ ठानेर उसलाई सभा सम्मेलनमा जाने अवसर नै नदिएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा गाउँले नेताले कामदारमाथि सँधै भरि आफ्नो वर्चस्व रहिरहोस् भन्ने चिन्तनबाट अभिप्रेरित भएर उसलाई काममा लगाइरहने र उसको सट्टा आफू बोल्ने भनेको पाइन्छ । यहाँ समाजमा ठालू वर्गले कसरी निम्नवर्गीय जनतालाई चेतनाविहीन राख्दछन् भन्ने घटनालाई अभिव्यक्त गरिएको छ । यस रचनामा हाम्रो समाजमा हुने सामन्ती उत्पीडनबोधको चेतना अभिव्यक्त भएको छ ।

(च) बाहिर सडक किनारमा एउटी महिला सानो दुधे बालकलाई काखमा च्यापेर हाम्रो खुट्टा समाउँदै थिइन् । हामी तर्कदै अगाडि बढ्यौं र गाडी चढेर घरतिर लाग्यौं । अर्को दिन हामी सहभागी भएको गरिबी निवारणसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको समाचारलाई सबै सञ्चारमाध्यमले उच्च महत्त्वका साथ प्रकाशन र प्रसारण गरे (भण्डारी. २०६७ : १४) ।

प्रस्तुत लघुकथांशमा गरिबी निवारण सम्बन्धी कार्यक्रमबाट फर्कने मानिसले गरिब महिलाप्रति देखाएको गलत व्यवहारलाई प्रस्तुत गरिएको छ । यस रचनामा एकातिर गरिबीको नीति बनाउने अर्कोतिर गरिब मानिस सामुन्ने पर्दा सामान्य सहयोगको त कुरै छाडौं, संवेदनासमेत प्रकट नगरेको घटनालाई व्यक्त गरिएको छ । ती मानिसमा विपन्न नागरिकप्रति कुनै पनि खाले संवेदनाबोध नभएको अवस्था देखिन्छ । यस रचनामा विपन्न नागरिकको जीवनप्रति संवेदनाभाव व्यक्त गर्नाका साथै नीति निर्माणका तहमा रहेका व्यक्तिहरूको मनोवृत्ति समेत प्रस्तुत गरिएको छ । लघुकथांशमा निम्नवर्गमाथिको उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(छ) ठक्करबाट बिर्खे गम्भीर घाइते भयो भने विनयलाई सामान्य चोट लाग्यो । घटनालाई देखेर विनयका बाबु हरिलाल घरबाट दौडँदै आए । विनयलाई हतपत गाडीमा राखे र महङ्गो अस्पतालतर्फ हुँइकिए । विनय भने बिर्खेतर्फ देखाउँदै भन्दै थियो-"बाबा बिर्खे !" तर उनले नसुनेको नसुन्यै गरे । विनयले बिर्खेलाई हेरिरह्यो । बिर्खेले पनि रगतमा लत्पतिएर छट्पटाउँदै उनीहरू गएतर्फ हात हल्लाइरह्यो ।

मानौं ऊ भनिरहेको थियो-"मालिक ! मलाई बिदा दिनुहोस् ।" (ढकाल. २०६२ : २१) ।

प्रस्तुत लघुकथामा एक सम्पन्न मानिसले आफ्नो छोरालाई सामान्य चोट लागेकोमा महङ्गो अस्पताल लग्ने काम गरेको छ तर सोही घटनामा एकजना विपन्न बालक कामदारलाई धेरै चोट लाग्दा पनि वास्ता नगरेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा सम्पन्न मानिसमा विपन्न बालकप्रति कुनै पनि किसिमको संवेदना नदेखाएको अवस्था बोध गरिएको छ । यस रचनामा साधनसम्पन्न व्यक्तिले साधनहीन एवम् कमजोर मानिसप्रति गर्ने विभेदका घटनालाई प्रभावकारी किसिमले व्यक्त गरिएको छ । यहाँ निम्नवर्गीय पात्रप्रति सहानुभूतिको भावका साथै पीडकपक्षप्रति घृणाको चेतना व्यक्त भएको छ ।

यसरी नेपाली समाजमा बढदै गएको चेतनासँगै समाजमा निम्नवर्गमा रहेको उत्पीडनबोध एवम् निम्नवर्गीय जीवनप्रतिको पक्षधरता साहित्य रचना मार्फत प्रकट हुँदै आएको छ । समाजमा भएको निम्नवर्गीय जीवनप्रतिको सहानुभूतिका साथै उत्पीडन गर्ने पक्षविरोधी युगचेतना क्रमशः विकसित भइरहेको छ । समाज विकासका क्रममा यसले महत्त्वपूर्ण सन्देश दिने देखिन्छ ।

### ५.१०.४ अन्धविश्वास एवम् कुरीति विरोधी चेतना

नेपाली समाजमा रहेको अन्धविश्वास एवम् कुरीतिका कारण समाजको विकासक्रम प्रभावित हुँदै आएको छ । मानिसहरू जानी नजानी अन्धविश्वासको पछि लागेर आफ्नो जीवनमात्र होइन समाज नै गलत दिशामा लग्ने कार्य गरिरहेका हुन्छन् । नेपाली लघुकथामा समाजवादी यथार्थवादी जीवनदृष्टि प्रस्तुत गर्ने लेखकका रचनामा पाइने प्रमुख विशेषताका रूपमा अन्धविश्वास एवम् कुरीति विरोधी चेतना पनि प्रमुख हो । यस अध्ययनमा नेपाली लघुकथामा समाजवादी यथार्थवादी चेतनाको सन्दर्भमा अन्धविश्वास एवम् कुरीति विरोधी चेतनाको प्रयोगको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ । यस अध्ययनमा नवराज रिजालको **ठहर,** रामचन्द्र नेपालको **मन्दिर र छोरीहरू,** अच्युत घिमिरेको **पुरस्कार,** विजय सागरको **बुवाको नाम** र शशिकला शर्माको **जप** लघुकथाको विश्लेषण गरिएको छ :

(क) छोराहरूको भविष्य उज्ज्वल होस् भन्ने सोच राखी सम्पत्ति बेचेर विदेश पढ्न पठाइन्...छोराहरू घर नफर्कने कुरा समाज, छिमेकी र गाउँलेहरूले पनि सुने । "बोक्सी पो रहिछे बूढी त, लोग्ने पनि खाई र बुढेसकालमा छोराहरूले पनि एक्लै पारे । नत्र आफ्नी एक्ली आमालाई यो अवस्थामा छाड्छन ? गाउँलेहरूले बूढीबाट भरथेग पाउन छाडेको धेरै भइसकेको थियो । उनीहरूले निष्कर्ष निकाले (रिजाल. २०५७ : ५८) ।

प्रस्तुत लघुकथांशमा आफ्नो परिवारबाट एक्लो भएपछि बूढी महिलालाई बोक्सी भनेर अपहेलना गरिएको घटनालाई विषयवस्तु बनाइएको छ । यस रचनामा गाउँलेको एक्ली महिलालाई गलत व्यवहार गर्ने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ असहाय एवम् अशक्त वृद्ध महिलालाई नचाहिँदो आरोप लगाएर अपमानित गर्ने कार्यप्रति असहमतिको चेतना प्रकट भएको पाइन्छ ।

(ख) "...किन हो ढिलो ?...यो के चाला हो ?" सातो खानेगरी कराउँदै यो क्रम जारी रहे क्याम्पसै छुटाउनेसम्मका चेतावनी पनि बर्साए । समुद्रले वर्षा थापेझैं सँधै पितृवचन, शिर निहुराएर सुन्ने तर जवाफ नफर्काउने दुवै छोरीले त्यसदिन बुवाअघि पहिलोपटक थर्थराउँदा ओठले मुख खोले, "अनि हजुरले नै भन्नुभएको होइन, छाउका दिन शैलेश्वरी मन्दिरको बाटो क्याम्पस नजानु भनेर ? घुमाउरो बाटो आउँदाजाँदा ढिलो भयो ।" (नेपाल. २०६९ : ७४) ।

प्रस्तुत लघुकथांशमा बाबु पात्रले छोरीहरू क्याम्पसबाट ढिलो घर आउँदा स्पष्टीकरण सोधेको घटनालाई विषय बनाइएको छ । यहाँ बाबुले छोरीहरूलाई नछुने भएको बेला मन्दिरको बाटो भएर नआउने भनेको बिर्सेर घर ढिला आएकामा गाली गरेको प्रसङ्गलाई व्यक्त गरिएको छ । यस रचनामा हाम्रो समाजमा प्रचलनमा रहेको गलत चलन विरोधी चेतना प्रकट भएको छ ।

(ग) "एकदिन धनसिंहलाई भगवान्को दर्शन गर्न मन लाग्यो र मन्दिर गयो । पूजारीले दलित भनेर उसलाई ढोकाबाट छिर्न दिएनन् । आफैले बनाएको मूर्ति (भगवान्) को दर्शन गर्न नपाएकामा ऊ पिरोलियो र जर्बजस्ती भित्र पस्यो । बदलामा पुजारीले उसलाई घोक्र्याएर बाहिर निकाले ।" (घिमिरे. २०६१ : २५) ।

प्रस्तुत लघुकथांशमा मन्दिरको पुजारीले भगवान्को मूर्ति बनाउने दलितमाथि विभेद गरेको घटनालाई प्रस्तुत भएको छ । यस रचनामा जातीय विभेदको घटनालाई प्रस्तुत गर्नाका साथै विभेद विरोधी चेतना समेत व्यक्त भएको छ ।

(घ) मलाई अचम्म लाग्यो र भने त्यसो कहाँ हुन्छ र ? उसका बाबु कतै जानु भएको होला । तपाईंले आफ्नो पतिको नाम भन्न अप्ठ्रेरो हुन्छ भने छोरालाई भन्न लगाउनोस् । ऊ एक छिन हाँसी र भेला भएका सबैतिर हेरेर म तिर फर्केर भनी-साँच्चै भने साहेब-यहाँहरूमध्ये कसैको नाम लेखिदिनु भए हुन्छ । उपस्थित सबै समुदाय गलल्ल हाँसे तर म जिल्ल परें । म जिल्ल परेको देखेर महिलाले भनिन्-जिल्ल पर्नु पर्दैन र अचम्म पनि मान्नु पर्दैन साब-म बदिनी हुँ (सागर. २०६० : २४) ।

प्रस्तुत लघुकथांशमा पश्चिम नेपालमा एक कुरीतिका रूपमा रहेको बादी महिलाको जीवन र उनीहरूले पेसाका रूपमा अपनाएको देहव्यापारका कारण उनीहरूका सन्तानले भोग्नुपरेको पहिचानको सङ्कटलाई प्रस्तुत गरिएको छ । यसै क्रममा लघुकथामा सरकारी कामका सिलसिलामा गएका कर्मचारीलाई परेको अनिश्चय एवम् सामाजिक कुरीतिलाई प्रस्तुत गरिएको छ । यस रचनामा सामाजिक कुरीतिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) छोरीलाई पाखामा ल्याएर रामेकी आमाले फत्फताइन्, "कस्ता पापीहरू ! त्यसरी बालक डुब्दा पनि नभन्ने कस्तो हरि नभएको मान्छे !" रामेकी आमाको फतफत सुनेर एउटी "शान्ताकारम्.....भन्दै उठेकी बूढी च्याट्ठिई "त अब भगवानको चिन्तन गर्न लागेको बेलामा पनि विषयमा लाग्नु, जप गर्न लागेको बेलामा उठ्नु हुन्छ ? हेर्नुपर्छ आफ्ना छोरा-छोरीलाई राम्ररी" (शर्मा. २०१९ : ११) ।

यस लघुकथा अंशमा धर्मका नाममा आडम्बरी क्रियाकलाप गर्ने महिलाको गतिविधि प्रस्तुत गरिएको छ । सो महिलाका लागि मानिसको जीवनभन्दा पनि जप महत्त्वपूर्ण भएको छ । लघुकथांशमा मानिसको अन्धआस्था र संवेदनहीनता साथै अन्धविश्वासी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.१०.५ धार्मिक आडम्बर विरोधी चेतना

नेपाली लघुकथामा धार्मिक आडम्बर विरोधी चेतना प्रस्तुत भएको पाइन्छ । विशेषतः द्वन्द्वात्मक भौतिकवादी दर्शनमा विश्वास गर्ने लघुकथा लेखकका रचनामा यस्तो चेतना प्रबल रूपमा आएको पाइन्छ । समाजमा विभिन्न धार्मिक आस्थासँग सम्बन्धित मानिस हुन्छन् । धार्मिक विषय जनताको निजी स्वतन्त्रतासँग जोडिएको कुरा हो । धर्म मान्ने, नमान्ने माने पनि कुन धर्म मान्ने कुरा निजी स्वतन्त्रतासँग सम्बन्धित विषय हो । धर्मका आडमा मानिसले जथाभावी क्रियाकलाप गर्ने र मानवताविरोधी कार्यका साथै निजी स्वार्थमुखी कार्यसमेत गरेको पाइन्छ । आफ्ना गलत कार्य एवम् कुकर्म लुकाउन धर्मको प्रयोग गरेको समेत पाइन्छ । यस अध्ययनमा धर्मका नाममा गरिने आडम्बरपूर्ण क्रियाकलाप विरोधी चेतनासँग सम्बन्धित लघुकथा रचनालाई विश्लेष्य सामग्रीका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा अगीब बनेपालीको **हतियार**, हरिप्रसाद भण्डारीको **परत्रको चिन्ता**, अच्युत घिमिरेको **बाबाको चमत्कार**, गोपाल ढकालको **पण्डित्याँइ**, विश्वराज अधिकारीको **लालटेन** र हरिगोविन्द लुइटेलको **स्वामी देवीदास** लघुकथाको विश्लेषण गरिएको छ :

(क) भोलिपल्ट प्रत्येक मस्जिदको प्राङ्गणमा आलो रगत भएको सुँगुरका काटिएका टाउका फालिए । तुरन्त मुसलमान र हिन्दुमा दङ्गा फैलियो । काटमार सुरु भयो । बस्ती, टोल, सहर हुँदै देशभर धर्मको नाममा दङ्गा फैलियो । अब गिद्धहरूका लागि

सिनोको अभाव भएन । आफूलाई सर्वश्रेष्ठ प्राणी मान्ने मान्छेको कमजोरी पक्ष नै गिद्धहरूको गजबको हतियार बन्न पुग्यो (बनेपाली. २०६० : १९) ।

प्रस्तुत लघुकथांशमा धर्मको नाममा अर्को धर्मका मानिसको जीवन हरण गर्न तयार हुने मानिसको अन्धतापूर्ण व्यवहारलाई प्रस्तुत गरिएको छ । यस रचनामा मानवीय संवेदना भन्दा पनि अहङ्कारजन्य क्रियाकलापका कारण धेरै मानिसको जीवन लिने काम आडम्बरभन्दा केही नभएको विचार व्यक्त गरिएको छ । यहाँ धार्मिक आडम्बर विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(ख) सन्जोगले दिनेशलालको महङ्गी विरोधी जुलुस र पण्डित बाजेको धार्मिक जुलुस एकै दिन परेछ । एकै समयमा जुलुस सुरु भयो । दिनेशलालको राजनीतिक पार्टीको जुलुसमा भन्दा पण्डित बाजेको धार्मिक पार्टीमा जनताको सहभागिता बढी देखियो । उक्त घटना हेर्दा जनतालाई यस जुनीको भन्दा अर्को जुनीको चिन्ता बढी रहेछ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्थ्यो । (भण्डारी. २०६४ : ५४) ।

प्रस्तुत लघुकथांशमा मानिसमा महङ्गीको पीडाभन्दा धर्मको चिन्ता धेरै भएको अवस्थालाई प्रस्तुत गरिएको छ । रचनामा यस लोकको जीवनको कुनै वास्ता नभएका अर्को लोकको जीवनप्रति बढी चिन्ता गर्ने जनताको धार्मिक आडम्बरपूर्ण क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ धार्मिक आडम्बर विरोधी चेतना व्यक्त भएको छ ।

(ग) शनिश्चरेको एउटा मान्छे आँखा झिम्काइरहेको थियो । त्यो सामान्य मान्छेजस्तै आँखा झिम्क्याउन थाल्यो । टि.बी.ले ग्रस्त इलामको मान्छेको टि.बी. निको भयो । यस्ता हल्ला भएपछि बाबाको दर्शन गर्नेको भीड किन नलागोस् ? बाबाले फुकेर दिएको खाने तेल खाँदा जुनसुकै रोग निको हुन्छ रे....केही समयपछि एकाएक मान्छेहरूले बाबाको चर्चा गर्न छोडे र अर्को हल्ला फैलियो । कोप्चे जानेहरू फेरि लाटा, अन्धा र बहिरा भए । शनिश्चरेको मान्छे आँखा झिम्क्याइरहन थाल्यो.... हैरान भएर तिनै भक्तहरूले भने । यो सब बाबाको चमत्कार हो (घिमिरे. २०६१ : ७४-७५) ।

प्रस्तुत लघुकथांशमा पहिला बाबाले सब रोग ठीक गरेर मानिसको जीवनमा सुधार ल्याएको भन्नेहरू नै पछि ती मानिसको रोग ठीक नभएपछि ती सब काम बाबाकै चमत्कारले भएको हो भनेको पाइन्छ । यस रचनामा मानिसले आफैले व्यवहारमा परेर बाबाका क्रियाकलाप ठगी हो भन्ने थाहा पाएका छन् । यहाँ मानिसहरू जोगीको लहैलहैमा लागेको एवम् वास्तविकता थाहा पाएको प्रसङ्ग प्रस्तुत गरिएको छ । यस रचनामा धार्मिक आडम्बर विरोधी चेतना प्रस्तुत भएको छ ।

(घ) हरेराम पण्डित बाजेलाई जे खान दिए पनि खानु भन्दा पहिला उनी सँधै सोध्न गर्थे- "माछा मासु त लसपस गरेनौ ?" तर हिजो त उनी मःमः पसमा पसेर भैंसीको मःमः कपाकप खाँदै रहेछन्....मैले अप्ठ्यारो मान्दामान्दै भनें, "बाजे कतै तपाईं झुक्किनु त भएन यस भित्र त....मैले बोली नसक्दै बीचमा कुरा काटेर बाजे पण्डित्याँई छाटन थाले-"हेर्नुहोस् हरिजी ! आफ्नो आँखाले नदेखीकन कुनै कुरालाई त्यसै हो भन्न त पाप चिताउनु हो । म जुन फलाहार खाइरहेको छु, त्यो पीठोबाट बनेको हो भन्ने प्रष्टै देखिन्छ (ढकाल. २०६२ : ५) ।

प्रस्तुत लघुकथांशमा हरेराम पण्डितले धार्मिक कार्यमा जाँदा अरूले लसपस भएको शङ्का गर्ने गरेको तर मःम पसलमा गएर भैंसीको मःम खाँदै गरेको घटनालाई प्रस्तुत गरिएको छ । पण्डितले आफूलाई शाकाहारी भनेर प्रचार गर्ने तर मौका मिल्दा भैंसी पनि खाने क्रियाकलापले उनको दोहरो चरित्रलाई देखाएको विचार व्यक्त गरिएको छ । यहाँ पण्डितको धार्मिक आडम्बरपूर्ण क्रियाकलापप्रति व्यङ्ग्य प्रकट गर्नुका साथै आडम्बर विरोधी चेतनासमेत अभिव्यञ्जित भएको छ ।

(ङ) त्यो गाउँको नाम फेरियो । गाउँको नाम लालटेन राखियो । त्यो गाउँको प्रत्येक परिवारले लालटेन राख्नुपर्ने भयो । राति होइन दिउँसो नै लालटेन बाल्न थालेको देखियो । लालटेन महान् गुरुको आदेश अनुसार बल्ने निभ्ने हुन थाल्यो । महान् गुरु त्यो गाउँको महान व्यक्ति मात्र होइन मुख्य व्यक्ति बनिसकेका थिए । दिउँसो लालटेन बाल्नु मूर्खता भन्दा बढी केही होइन भन्ने आँट कसैमा भएन (अधिकारी. २०५४ : २५) ।

प्रस्तुत लघुकथांशमा धार्मिक समूहमा लागेका मानिस सत्य र न्यायको खोजीभन्दा गुरुको आदेशलाई नै सर्वस्व मानेर हिंड्ने गरेको अवस्था बोध गरिएको छ । यस रचनामा धर्मको नशामा डुबेर दिनलाई पनि रात मान्ने धर्मान्धको क्रियाकलापलाई व्यक्त गरिएको छ । यहाँ धार्मिक आडम्बर विरोधी चेतना प्रखर किसिमले अभिव्यक्त भएको छ ।

(च) यसपछि मैले पैसाको बलमा एकजना पण्डितलाई पनि हात लिएँ । उनले "यी देवीकी अवतार पौराणिक कथाहरूमा वर्णित साक्षात् भगवती देवीको अवतार हुन भनी संस्कृतमा श्लोक बनाए र केही ठाउँहरूमा गएर व्याख्यान पनि दिए । यसैगरी केही पत्रिकाका संवाददाताहरूलाई प्रसाद भन्दै केही हजार रूपैँयाँ दिई पत्रपत्रिकाहरूमा मैले खबर पनि छपाएँ । खबरका शीर्षकहरू यस्ता राखिए-"लौ नयाँ देवी उत्पन्न भइन् ।" "स्वामी देवीदासबाट आर्शीवाद प्राप्त गर्नेको भीड लाग्न थाल्यो ।" आदि आदि (लुइटेल. २०५६ : २८) ।

प्रस्तुत लघुकथांशमा एक बाबाले आफ्नो गलत क्रियाकलापको आफैले बयान गरेको घटनालाई प्रस्तुत गरिएको छ । उसले बाबाले पैसाको बलले मानिसलाई किनेको र आफ्नो पक्षमा बोल्न लगाएको तथ्यलाई व्यक्त गरिएको छ । बाबाले धर्मका नाममा जे पनि गर्न तयार हुने मानिसको संवेदनालाई भजाएर आफ्नो स्वार्थ सिद्ध गरेको पाइन्छ । यहाँ धर्मका नाममा लोभीपापीले कसरी आफ्नो स्वार्थ सिद्ध गर्दछन् भन्ने विषयलाई प्रस्तुत गरेको छ । यस रचनामा धार्मिक आडम्बर विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ ।

### ५.१०.६ राष्ट्रियताबोध/वैदेशिक हस्तक्षेप विरोधी चेतना

नेपाली लघुकथामा राष्ट्रियताको भावना प्रबल रूपमा व्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा समाजवादी यथार्थवादी चेतनालाई अङ्गीकार गरेर लेख्ने लेखकहरूले त झन् राष्ट्रियताको चेतना अत्यधिक पाइन्छ । समाजवादी यथार्थवादी विचार बोक्ने लेखकका लघुकथा रचनामा राष्ट्रियताबोधका साथसाथै वैदेशिक हस्तक्षेप विरोधी चेतना व्यक्त भएको पाइन्छ । यस अध्ययनमा राष्ट्रियताबोधका साथसाथै वैदेशिक हस्तक्षेप विरोधी चेतनासँग सम्बन्धित लघुकथा रचनालाई विश्लेष्य सामग्रीका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनमा प्रयास सौरभ श्रेष्ठको **कालापानी,** नारायण मरासिनीको **देशभक्ति,** कपिल लामिछानेको **दौरा-सुरुवाल,** भाष्करको **बिप्पा** र रामचन्द्र नेपालको **मर गया साला पहाडी !** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "कालापानी पनि सम्झने एउटा मौसम थियो । मौसमलाई धेरैले उपभोग/उपयोग गरे ।.....र कालापानी चलचित्रका दृश्यहरू झैं "रिल" मा कैद भयो । अहिले मानिसहरू मौसम मिलाएर कालापानी हेर्दैछन् ।"(श्रेष्ठ. २०५८ : ११) ।

प्रस्तुत लघुकथांशमा प्रारम्भमा कालापानीका बारेमा धेरै मानिसले चर्चा गरे पनि पछि त्यो मुद्दा उठाउँदा आफ्नो स्वार्थ पूरा नहुने देखेपछि मौसम मिलाएर कालापानीको मुद्दा उठाएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ राष्ट्रियताजस्तो विषयमा संवेदनशील हुनुको सट्टा त्यसमा लाभमात्र खोज्ने प्रवृत्ति वास्तवमा ठीक नभएको विचार व्यक्त गरिएको छ । यस रचनामा राष्ट्रियताबोधका साथै अवसरवाद विरोधी चेतना व्यक्त भएको छ ।

(ख) क्षेत्रिय कार्यकर्ताहरूको भेलामा केन्द्रीय तहका र एकपटक मन्त्री पनि भइसकेका नेताले प्रशिक्षण मन्तव्य व्यक्त गरिरहेका थिए-"हाम्रो छातीमा हाम्रै जन्मभूमिको मानचित्र हुनुपर्छ । जन्मभूमिप्रतिको अपमान भनेको आफ्नै छातीमा बज्र प्रहार गर्नुसरह हो....प्रशिक्षक नेता महोदयबाट यस किसिमको विचार धारा प्रवाह रूपमा छुटिरहेको थियो । यसै बीचमा उनको मोबाइल फोनको घण्टी बज्यो । नेताज्यूले कोटको खल्तीबाट मोबाइल झिकेर अन गरी कानमा लगे-'बुवा, तपाँईको सपना

साकार हुने भयो कि ! मैले अमेरिकाका लागि ग्रीन कार्ड पाएँ ।" छोराको आवाज सुनपछि नेताज्यूको अनुहार खुसीले धप्प बल्यो (मरासिनी. २०७१ : ११) ।

प्रस्तुत लघुकथांशमा वामपन्थी राजनीतिक नेताले कार्यकर्तालाई देशभक्तिको पाठ पढाउने गरेको तर आफ्नो छोराले अमेरिकाको ग्रीन कार्ड भिसा पाएकोमा खुसी भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक नेतामा दोहरो चरित्र देखापरेको, उसले आफ्नो जीवनमा एउटा काम गरेको छ भने अर्कातिर कार्यकर्तालाई अर्कै पाठ पढाएको स्थिति बोध गरिएको छ । यस रचनामा नेपाली राजनीतिक नेतृत्व तहमा रहेका व्यक्तिहरूको विचारको क्षयीकरणका साथै अराष्ट्रिय क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) दौरा सुरुवाल लगाएर ढाका टोपी ढल्काएर छाती टक्क फुलाउँदै म स्कुलभित्र छिर्दै थिएँ । पालेले मेरो पाखुरामा च्याप्प समात्यो ....पालेले मलाई गेटबाट बाहिर घोक्र्याइदियो । म अब कहाँ देखाउँ मेरो राष्ट्रियता ? मसित अझै यो प्रश्न जीवित छ । मेरो राष्ट्रियता खोक्रो आदर्श बनेर मञ्चमा सजिएको छ र वस्तुतः त्यो गेटबाहिर परेको छ, शायद मजस्तै (लामिछाने. २०६१ : ७२) ।

प्रस्तुत लघुकथांशमा राष्ट्रियताको बोध गराउने राष्ट्रिय पोसाकलाई प्रयोगमा नल्याइएकामा चिन्ता व्यक्त गरिएको छ । यहाँ राष्ट्रियतालाई खोक्रो आदर्शका रूपमा मात्र व्यक्त गर्ने गरेको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । यस रचनामा राष्ट्रियताबोधको चेतना प्रखर किसिमले व्यक्त भएको छ ।

(घ) पत्रकारले सोधे, "तपाँईहरू सबैले लालटिन समाउनु भएको छ । यसको कारण के हो ?" भारतीयले भने, "नेपालमा अधिकांश समय लोडसेडिङ हुँदो रहेछ । उद्योग व्यवसाय सञ्चालनका लागि बत्ती चाहिन्छ । अरू सम्पूर्ण सहयोग, सुविधा, शोधभर्ना र सुरक्षा त सम्झौता अनुसार नेपाल सरकारले दिन्छ तर बत्ती दिन सक्दैन । त्यसैका लागि लालटिन लिएर आएका हौं (भास्कर. २०७१ : १००) ।

प्रस्तुत लघुकथांशमा नेपाल सरकारले भारतसँग गरेको बिप्पा सम्झौताको विरोध गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ नेपालमा बिजुलीबत्तीको अभाव भएर अन्धकारमा बाँच्नु परेको अवस्थामा भारतसँगको बिप्पा सम्झौता नेपाली जनताको हितमा नभएको दृष्टिकोण व्यक्त भएको छ । नेपाली समाजमा भारतीय हेपाहा प्रवृत्ति एवम् नेपाली शासकवर्गको आत्मसर्मपणवादी चरित्र विरोधी चेतना व्यक्त हुँदै आएको पाइन्छ । यसै सन्दर्भमा यस रचनामा पनि वैदेशिक हस्तक्षेप विरोधी चेतना व्यक्त भएको छ ।

(ङ) "मर गया साला पहाडी !" भीड चिर्दै आएको त्यो आवाजले सिङ्गो जातिलाई घोचेकोले चिच्याउने गरी दुखे पनि, दुखाइलाई पियौं-हामी दुईले आधा आधा । सहानुभूति राख्ने पनि

हुँदा हुन् त्यहाँ । त्यो आवाजले ती सबै भत्काएर थिचेको मान्छेको साँध, सिमाना, नियति बगेर बगिरहेझैं लाग्यो-उँधैउँधै....हामी अभिशप्त जिन्दगी "जिन्दा साला पहाडी" गह्रुँगो मन लिएर प्लेटफर्म फर्किंदा रेल आउन लागेको देखियो । दानापानीको खोजीमा हामी नेपालबाटै नेपाल जान हिँडेका थियौँ ।" (नेपाल. २०६९ : १९) ।

प्रस्तुत लघुकथांशमा एकजना नेपाली नागरिक भारतमा मर्दा भारतीय नागरिकले गरेको अपमानजनक अभिव्यक्तिलाई प्रस्तुत गरिएको छ । यहाँ पराई भूमिमा जीवन गुमाउन पुगेको विदेशी नागरिकप्रति अपमानसूचक शब्द प्रयोगले काम विशेषले भारतको बाटो भएर यात्रा गरिरहेका नेपाली यात्रीको हृदयमा चोट पुगेको र उनीहरूमा नेपाली जातिप्रति नै अपमान गरेको बोध भएको घटनालाई व्यक्त गरिएको छ । यस रचनामा भारतीय नागरिकले छिमेकी मुलुकका नागरिकप्रति गर्ने दुर्व्यवहारलाई प्रस्तुत गरिएको छ । यस रचनामा वैदेशिक हस्तक्षेप विरोधी चेतना प्रखर रूपमा प्रकट भएको छ ।

नेपाली लघुकथामा समाजवादी यथार्थवादी युगचेतनाको अध्ययनका निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) नेपाली लघुकथामा राजनीतिक विकृति विसङ्गतिको विरोध एवम् पुँजीवादी-सामन्तवादी गतिविधिप्रति असहमति प्रकट भएको पाइन्छ । नेपाली लघुकथा रचनामा नेपाली राजनीति जनताका पक्षमा हुनुपर्ने एवम् पुजीँवादी सामन्तवादी गतिविधिको अन्त्य हुनुपर्ने विचार व्यक्त भएको छ । यी रचनामा राजनीतिमा मूल्यमान्यताको स्थापनाका साथै विकृतिरहित परिवेश सिर्जना हुनुपर्ने सकारात्मक चेतना प्रकट भएको छ ।

(ख) नेपाली लघुकथामा द्वन्द्वकालका घटनाको प्रस्तुति गरिएको पाइन्छ । त्यसरी नै नेपाली राजनीतिमा देखिएका निरङ्कुशताजन्य क्रियाकलापप्रति विरोधका साथै लोकतान्त्रिक चेतना अभिव्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा समाजमा हुने विभेदका घटनालाई प्रस्तुत गरिएको पाइन्छ । समाजमा हुने विभिन्न खाले विभेदप्रति असहमति व्यक्त गरिएको पाइन्छ । नेपाली लघुकथामा निम्नवर्गीय पक्षधरताको चेतनासमेत अभिव्यक्त भएको पाइन्छ ।

(घ) नेपाली लघुकथामा समाजमा देखिएको अन्धविश्वास एवम् कुरीति विरोधी चेतना अभिव्यक्त भएको पाइन्छ । लघुकथामा नेपाली समाज अन्धविश्वास एवम् कुरीतिका कारण पछि परेकाले अन्धविश्वास एवम् कुरीतिको विरोधका साथै आधुनिक चिन्तनको कामनासमेत गरिएको पाइन्छ । नेपाली लघुकथामा अन्धविश्वास एवम् कुरीतिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ङ) नेपाली लघुकथामा धार्मिक आडम्बरप्रति असहमति व्यक्त गरिएको पाइन्छ । लघुकथामा धार्मिक आडम्बर विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

(च) नेपाली लघुकथामा राष्ट्रियताबोधसँग सम्बन्धित रचनाको प्रस्तुतिका साथै वैदेशिक हस्तक्षेप विरोधी चेतनासमेत अभिव्यक्त भएको पाइन्छ ।

### ५.११ मनोविश्लेषणात्मक युगचेतना

नेपाली लघुकथामा मनोविश्लेषणात्मक युगचेतनाको प्रयोग गरिएको पाइन्छ । मनोविश्लेषणवाद मानव मनका अनेकन पक्षको विश्लेषणका माध्यमबाट व्यक्ति स्वयंको चिन्तन र सो चिन्तनबाट अभिप्रेरित गतिविधिलाई प्रस्तुत गर्ने सिद्धान्त विशेषलाई भनिन्छ । नेपाली साहित्यमा मनोविश्लेषणात्मक चिन्तनको प्रारम्भ वी.पी. कोइरालाको **दोषी चश्मा** (२००६) कृतिबाट भएको पाइन्छ । नेपाली लघुकथामा मनोविश्लेषणात्मक चिन्तनको प्रारम्भ जयनारायण गिरीको **कसिँगर** (२००८) कृतिबाट भएको हो । त्यसपछिका नेपाली लघुकथा लेखकले क्रमशः यस चिन्तनलाई अघि सारेको पाइन्छ । यस अध्ययनमा मनोविश्लेषणात्मक युगचेतना अर्न्तगत यौनजन्य असमान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त एवम् दमित अवस्था चित्रण, व्यक्तिपात्रको चरित्रको विश्लेषण, मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्ति चित्रण तथा व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावलाई अध्ययनको विषय बनाइएको छ ।

### ५.१२ मनोविश्लेषणवादका सैद्धान्तिक मान्यता

मनोविश्लेषणवादका प्रर्वतक सिग्मन्ड फ्रायड (सन् १८५६-१९३९) हुन् । यो उन्नाइसौं शताब्दीको अन्त्यतिर सुरू भई बिसौं शताब्दीको सुरूका दशकमा विकास र विस्तार भएको हो । यस सिद्धान्तको प्रारम्भ मानसिक रोगीहरूको उपचारबाट भएको हो । विभिन्न मानसिक विकृतिको प्रारम्भ पहिल्याउने क्रममा यसले नयाँ सैद्धान्तिक व्याख्या तथा उपचार पद्धतिको स्वरूप प्राप्त गरेको हो ।

फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त मानव मनको अध्ययनसँग सम्बन्धित छ । यस सिद्धान्तमा उनले व्यक्तित्व रचना अथवा मानव रचनाका बारेमा प्रकाश पारेका छन् । व्यक्तित्वरचना अन्तर्गत स्थूलरूपात्मक पक्ष अर्न्तगत फ्रायडले अचेतन, चेतन र अवचेतन गरेर तीन मनोवृत्तिको चर्चा गरेका छन् । अचेतन मनका बारेमा चर्चा गर्ने क्रममा उनले मानिसका असंख्य दमित इच्छाहरूको विशाल भण्डार भनेका छन् । यसै क्रममा हरिप्रसाद शर्माले "अचेतन मनको बृहत्तर र प्रबलतर पक्षलाई स्पष्ट पार्न तृतीयांश जलमग्न र एक अंश बाहिर रहेको पत्थरको दृष्टान्त दिएको पाइन्छ । यो जलमग्न तीन चौथाइ अचेतन हो भने एक चौथाइ चेतन हो (शर्मा. २०६७ : ३) भनेर मस्तिष्कको स्थितिलाई प्रस्तुत गरेका छन् । अचेतन मनलाई सामाजिक स्वीकृति र मान्यता आदि सामाजिक कारणहरूद्वारा दमित

तथा यथास्थानबाट अभिव्यक्तिका लागि नित्य सङ्घर्षशील मानवीय इच्छा वा चाहनाहरूको पुञ्ज मानिएको पाइन्छ । चेतन मन मानिसको बाह्य क्रियाकलापसँगै सम्बद्ध हुने र मानिसलाई समाजिक जीवनमा क्रियाशील र वर्तमानसँग सम्बन्धित मन नै चेतन हो भन्ने विचार व्यक्त हुँदै आएको छ । चेतन मनले सामाजिक स्वीकृति र मान्यताहरूको अधीन रही मानिसलाई कार्य गर्न उत्प्रेरित गरेको पाइन्छ । अचेतन र चेतन मनका बीच अर्को मन अवचेतन मन हुन्छ । यसलाई उपचेतन मन पनि भनिन्छ । यसै सन्दर्भमा हरिप्रसाद शर्माले "उपचेतन वृत्तिलाई अचेतन र चेतनको मध्यभाग मान्न सकिन्छ । तापनि अचेतनको एक अंश मान्नु युक्तिसंगत देखिन्छ । यसलाई आवश्यक परेका अवस्थामा चेतन स्तरमा ल्याउन सकिन्छ ।" (शर्मा. २०६७ : ५) भनेको पाइन्छ । अह्म, पराहम् र इदमका बीच हुने चेतन वा अवचेतन स्तरको सङ्घर्षलाई विभिन्न प्रक्रियाद्वारा समाधान गर्नुलाई मनोरचना भनिन्छ । यसमध्ये दमन, रूपान्तरण, उदात्तीकरण, प्रतिक्रिया, निर्माण र युक्तिकरण प्रमुख मनोरचना हुन् भने स्थानान्तरण, आत्मीकरण, अन्तःक्षेपण, प्रक्षेपण र विस्थापन गौण मनोरचना हुन् । मनोविश्लेषणमा मनोरचनाको महत्त्वपूर्ण भूमिका रहन्छ । मनोवैज्ञानिक रचनामा अवचेतन-चेतन मनबीचको द्वन्द्व, अवचेतन क्रिया, स्वप्न सिद्धान्तको प्रयोग, प्रतीक विधान तथा यौन सिद्धान्तको भूमिकाका बारेमा अध्ययन गरिन्छ ।

फ्रायडको व्यक्तित्व संरचनाको (मनको गत्यात्मक पक्ष अन्तर्गत इद, अहम् र पराहम्को बारेमा चर्चा गरेका छन् । इद् मानिसभित्रको अचेतन प्रवृत्ति हो । इद्लाई समय र वास्तविकताको वास्ता हुँदैन । यो मानिसमा अर्न्तनीहित पशुवृत्ति वा आदिम वृत्तिहरूको भण्डार हो । इदका सम्बन्धमा हरिप्रसाद शर्माले "मानिसका सामाजिक, नैतिक, प्रभावबाट दमित इच्छाहरू अचेतनमा जम्मा हुन्छन् अनि तिनले वासनात्मक रूप लिन्छन् । दमित इच्छाहरूको यही वासनात्मक रूपलाई फ्राइडले कामशक्ति भनेका छन् (शर्मा. २०६७ : ७) भनेको पाइन्छ । उनले मानिसभित्र अचेतन वृत्ति विकास भएमा मानिसका क्रियाकलाप पशुतुल्य हुनेतर्फ सङ्केत गरेका छन् ।

मानिसको चेतन अवस्था अहम् हो । सामाजिक मूल्यका आधारमा इदलाई सही ढङ्गले सन्तुष्टि प्रदान गर्नु अह्मको मुख्य दायित्व हो । पराह्मले मानिसलाई आदर्शतर्फ उत्प्रेरित गर्दछ । यसले विधि र निषेधको बोध गराउँदै मानिसलाई महान्, श्रेष्ठ र नैतिक आदर्श गुणतर्फ लग्दछ । यो विचारको भण्डार हो । फ्रायडले यसबाहेक स्वप्न सिद्धान्त, यौन सिद्धान्त, दमन सिद्धान्त, प्रतीक विधान र मानसिक द्वन्द्वको उपस्थापनजस्ता सिद्धान्त पनि प्रतिपादन गरेका छन् ।

सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषणवादलाई अघि बढाउने काममा अल्फ्रेड एडलर (सन् १८७०-१९३७) र कार्ल जि. जुङ्ग (सन् १८७५-१९६१) ले समेत अनेक सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ । यसमा दमन, मातृरति तथा पितृरति ग्रन्थि, हीनताको

भावना, उच्चताको भावना, समस्या, व्यक्तित्वको संरचना आदिसँग सम्बन्धित सिद्धान्त रहेका छन् । जुङ्गले मानिसको व्यक्तित्वलाई अन्तर्मुखी र बहिर्मुखी दुई भागमा बाँडेका छन् । यसै सिलसिलामा कृष्णहरि बराल र नेत्र एटमले अन्तर्मुखी पात्रका विशेषताका बारेमा यसरी वर्णन गरेका छन्, "अन्तर्मुखी व्यक्तित्व भएको मानिस आफ्नै बारेमा सोच्छ, उसको बाहिरी जीवनमा रुचि हुँदैन र उसमा भावनाको प्रबलता हुन्छ भने ऊ आफूलाई प्रकट गर्न नरुचाउने हुँदा रहस्यमय हुन्छ । बर्हिमुखी व्यक्तित्व भएको मानिस धेरै क्रियाशील र बाहिरी वा सामाजिक जीवनमा रुचि भएको हुन्छ" (बराल र एटम. २०६६ : १२८) ।

मनोविश्लेषणात्मक रचनामा चेतन र अचेतनबीचको द्वन्द्व, मानवीय मनोदशाका विविध रूपहरूको विश्लेषण, व्यक्तिको मनोरचनाले समाजिक स्थितिमा ल्याउने प्रभाव र निष्कर्ष चित्रण, मानिसका अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको उद्घाटन तथा परिवेशबाट उत्पन्न हुने ग्रन्थिमाथि प्रकाश लगायतका विषयलाई आधार मानेर साहित्य सिर्जना गरिएको पाइन्छ ।

## ५.१३ मनोविश्लेषणवादी युगचेतनाको विश्लेषण

नेपाली लघुकथामा युगचेतना अध्ययनका क्रममा 'विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना' लाई विश्लेषणको प्रमुख विषय बनाइएको छ । नेपाली लघुकथामा विभिन्न वादमा युगचेतना खोज्ने क्रममा नेपाली साहित्यमा प्रचलित नेपाली लघुकथामा मनोविश्लेषणवादको प्रयोग के कसरी भएको छ भन्ने विषयलाई अध्ययन गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त मनोविश्लेषणको अध्ययनका लागि यौनजन्य असमान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त एवम् दमित अवस्था चित्रण, व्यक्तिपात्रको चरित्रको विश्लेषण, मानिसको अर्न्तमुखी र बर्हिमुखी प्रवृत्ति चित्रण र व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावलाई अध्ययनको विषय बनाइएको छ ।

### ५.१३.१ यौनजन्य असमान्यता, मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त र दमित अवस्था चित्रण

नेपाली लघुकथामा यौनजन्य असमानता भएका पात्रको जीवन प्रस्तुत गरिएको पाइन्छ । जीवन यापनका क्रममा विभिन्न खाले समस्याका कारण मानिसको मानसिक अवस्थामा परिवर्तन आउँछ । विभिन्न खाले कुण्ठाले उचित निकास पाउन नसक्दा मानिस विक्षिप्त हुने र पागल बन्दछ । यस अध्ययनमा जीवनका अतृप्ति पूरा हुन नसकेका कारण जीवनले सही मार्ग नपाउँदा विक्षिप्तपनले गर्दा जीवन बर्बाद हुन पुगेका पात्रको मनस्थितिलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा जयनारायण गिरीको **माया मरी,** अमित घिमिरेको **कोख,** रमेश भट्टराई 'पूजारी'को **पलायन,** बद्री पलिखेको **प्रायश्चित** र इन्दिरा प्रसाईको **बहुला** लघुकथाको विश्लेषण गरिन्छ :

(क) "त्यस बेलाको कुरा-ऊ मसित प्रेम गर्थी रे...यसरी मदेखिन् उपेक्षित भएर आफ्ना बुबासित नयाँ ठाउँमा गएकै दिन मैले त्यसलाई बिर्सें....नमिल्दो गरी हाँसेर एकचोटी ऊ फेरि चिच्याई, "सुन्यौ, तिम्री माया त मरी....ही..ही..ही....।" (गिरी. २०५९ : २८-२९) ।

प्रस्तुत लघुकथांशमा एक युवति आफूले प्रेम गरेको युवकले उपेक्षा गरेपछि मानसिक सन्तुलन बिग्रेर पागल बन्न पुगेको अवस्थालाई चित्रण गरिएको छ । यहाँ युवतिमा युवकको उपेक्षाले मानसिक समस्या देखापर्नाका साथै विक्षिप्तता उत्पन्न भएको अवस्थालाई बोध गरिएको छ । नेपाली समाजमा प्रेममा धोका दिने कार्यसँग सम्बन्धित घटनाहरु घटेका पाइन्छन् । यस रचनामा कुनै पनि मानिसको व्यक्तिगत समस्यालाई समाजले चासो राखेर समाधान गरेका खण्डमा व्यक्तिको जीवन नबिग्रने भएकाले समाजले यस विषयमा समाधानको उपाय खोज्नुपर्ने चेतना  अभिव्यञ्जित भएको छ ।

(ख) विवाहको एघारौं वर्षसम्म निसन्तान रहेकी गोमा बन्जर जमिन बोधमा कुण्ठाको लगाम चपाउँदै असफलतामा द्रवित छिन् । आफ्नो पतिको प्यार, सद्भाव र आचरण अनि सिङ्गो रमाइलो जीवन तर सन्तानहीन । प्रवेशिकाको तयारी गर्न आएकी कान्छी बैनी जस्लाई गोमा सानी ठान्थिन् तर यसपालि परीक्षा दिएर आउँदा परिपक्व सबलताको प्रत्यक्ष रूप- काया-स्वरूप-कैरन । एक सुन्दरी सोडसी र क्रमशः उनको योजनाको जालो मनको माकुराले बुन्न थाल्छ....बाँझोकोखको वास्तविकताले र घटनाचक्र सृजित गर्दछ..., बलात्कारको । आफ्नो सन्मुख आफ्नो पतिद्वारा बैनीलाई ओच्छ्याउन लगाएपछि तन्ना एउटा दागग्रस्त हुन्छ (घिमिरे. २०६२ : ३) ।

प्रस्तुत लघुकथांशमा एक विवाहित महिलामा विवाह गरेको एघार वर्षसम्म सन्तान नभएपछि मानसिक विकृति उत्पन्न भएको र उसले आफ्नै बहिनीलाई श्रीमान्बाट बलात्कार गर्न लगाएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा गोमा नामक महिला पात्रले नातासम्बन्धको गरिमा समेत भंग गरेको पाइन्छ । यहाँ व्यक्तिगत समस्याको समाधानका लागि आफन्तलाई प्रयोग गर्ने घटनाले अपराध जन्माउने भएकोले यस्ता कार्यप्रतिको असहमत चेतना अभिव्यञ्जित भएको छ ।

(ग) "युवक र वेदनाको मायाप्रीतिको डोरी कसिलो हुने प्रारम्भिक प्रयासमा नै एक्कासी वेदना पागल भई । अब त सिधै ऊ युवकसँग आउन थाली तर बेहाल रूपमा । कहिले त निर्वस्त्र शरीरसमेत प्रदर्शन गर्थी । जे पायो त्यही बोल्न थाली । वेदनामा आशक्त भएको युवक अब वेदनाबाट टाढा हुन खोज्थ्यो" (भट्टराई. २०६८ : ११) ।

प्रस्तुत लघुकथांशमा एक युवतिको मानसिक विकृतिजन्य क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ कुनै युवकसँग प्रेममा परेकी युवति अचानक पागल बन्न पुगेको

घटनालाई व्यक्त गरिएको छ । सामान्य अवस्थामा प्रेम गर्ने युवक युवति असामान्य अवस्थामा पुगेपछि उसबाट टाढा हुन थालेको स्थिति बोध गरिएको छ । यस रचनामा प्रेमी युवकको स्वार्थी एवम् मतलबपरस्त क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(घ) यौनतृष्णा र सुखीजीवनको चाहना हुनु संगीताका लागि अस्वाभाविक होइन । अतः आफूभन्दा सानो नवपतिको बलिष्ठ बाहुपाशमा कस्सिन पाउँदा र मनग्यै तृप्त हुने गरी यौनानन्द पाउँदा संगीतालाई स्वर्गानुभूति हुन थाल्यो....संगीतालाई के थाहा-उनको सुख, ऐश्वर्य र अतृप्त यौन चाहनाको धित मार्न नपाउँदै ढकमक्क यौवनले फक्रिएकी छोरीप्रति उनको आशक्ति बढ्न थालेछ । संगीता आफूलाई ओइलाएको फूल सम्झिन थालिन (पलिखे. २०६० : १९) ।

प्रस्तुत लघुकथांशमा एक महिलाले यौनतृष्णाका कारण सामाजिक मूल्य र मान्यतालाई तोडेर नयाँ जोडा खोज्दै हिँड्ने कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ महिलामा यौन आवेग बढी भएको, आफूभन्दा कम उमेरको मानिसलाई पति बनाएको र आफ्नो पूर्वपतिबाट जन्मेकी छोरीप्रति नवपतिको आशक्ति बढेपछि निराश भएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा संगीता नामक महिलामा रहेको यौनजन्य चाहनाले उसको जीवनलाई पतनको मार्गतर्फ लगेको अवस्थालाई बोध गरिएको छ ।

(ङ) एकदिन रमाकी बहिनी उमा कार्डका बन्डिल बोकेर उफ्रिदै आएर उमेशका नामको कार्ड दिँदै भन्छे, “दिदीको बिहेमा आउनु ल उमेश दाइ !” । रमा विवाह गरी आफ्नो दुलहाको घर जान्छे । केही दिनपछि सुनिन्छ-उमेश अकस्मात् हरायो रे । अपर्झट एकदिन बजारमा एउटा बौलाहा एउटा बिहेको कार्ड लिएर कुन्नि के के फतफताउँदै हिँड्दै गरेको देखिएको थियो (प्रसाई. २०५५ : १७) ।

प्रस्तुत लघुकथांशमा उमेश नामक युवक आफूले चाहेकी केटीको अर्कैसँग विवाह हुने निश्चित भएपछि मानसिक विकृति एवम् कुन्ठा उत्पन्न भएर पागल भएको अवस्थालाई प्रस्तुत गरिएको छ । यस रचनामा व्यक्तिगत जीवनमा परेको आघातलाई सहन गर्न नसक्दा उत्पन्न हुने असमान्य मनोदशालाई प्रस्तुत गरिएको छ । हाम्रो सामाजिक जीवनमा घटेका घटनामा अति संवेदनशील बन्न पुग्दा आफ्नै जीवन बबार्द पारेका घटना पाइन्छन् । यसै सन्दर्भमा जीवनमा घटेका घटनालाई सामान्य हिसाबले नलिँदा मानिसको जीवन बर्बाद बन्ने गरेको अवस्थाको साथै असमान्य मनोदशाजन्य चेतनालाई अभिव्यक्त गरिएको छ ।

### ५.१३.२ व्यक्तिपात्रको चरित्रको विश्लेषण

नेपाली लघुकथामा मनोविश्लेषणको अध्ययन गर्ने क्रममा ‘व्यक्तिपात्रको चरित्रको विश्लेषण’लाई पनि प्रमुख विषय मानेर विश्लेषण गरिएको छ । व्यक्तिपात्रको चरित्रका आधारमा उसको जीवन र उसका गतिविधिको बारेमा प्रर्याप्त जानकारी पाउन सकिन्छ ।

यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा व्यक्तिपात्रको चरित्रको विश्लेषण गरिएको छ । यस अध्ययनमा जयनारायण गिरीको **पराजय,** मित्र राजु पाठकको **एस आइ अन्डरस्टुड,** शिवहरि अधिकारीको **फरक,** रमेश भट्टराईको **खोक्रो आदर्श** र धनुषराज राई 'राशी'को **रहस्य** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) हेर्दा त ऊ राम्री नै थिई । १८-१९ वर्षकी काली भए तापनि बान्की परेकी छ-त्यसमा झ्न नक्कल पार्नुपर्ने । तर कुन्नी किन ऊ मलाई पटक्कै मन पराउन्नथी । उसको भनाई थियो-मेरा आँखा सारै तिखा छन् रे ! उसका चारैतिर चहारिरहन्छन् रे । तर मलाई देख्नासाथ चिटिक्क परेर एकचोटि त ओल्लो कोठादेखि पल्लो कोठा त्यसलाई गर्नै पर्दथ्यो (गिरी. २०५९ : २०) ।

प्रस्तुत लघुकथांशमा एक युवतिको चरित्र विश्लेषण गर्ने क्रममा उसमा युवकप्रति प्रारम्भमा अनाकर्षण रहे पनि बिस्तारै आकर्षण बढ्दै गएको अवस्था प्रस्तुत गरिएको छ । यहाँ युवकले युवति काली भए पनि राम्री भन्नुले ऊ पनि उसको आकर्षणमा परेको अवस्था बोध गरिएको छ । यस रचनामा मानिस रूपरङ्गले मात्र राम्रो नहुने र मानिसको सोचाइ सँधै एकनास नहुने विचार व्यक्त भएको छ ।

(ख) दुई घण्टापछिको भोजन अनि हाँसीखुसीपछि रु. १५५० को एकमुष्ट रकम बुझायो उसले रेस्टुराँमा, उसको महिनाभरिको तलब रु. २५००/- मध्ये । तर मायालुका साथ पाएर होला केही जस्तो पनि लागेन उसलाई त्यहाँ । तर विडम्बना जब ऊ अनि उसकी प्रेमिका त्यो रेस्टुराँबाट निस्के । त्यहीँ बाहिर पर्खिबसेको कुनै युवकको मोटरसाइकलमा बसी उसैलाई बाई बाई गर्दै फरार भई (पाठक. २०६३ : ८) ।

प्रस्तुत लघुकथांशमा एक युवकसँग हाँसखेल, खानपीन र मनोरञ्जन गरेपछि लगत्तै अर्को युवकको पछि लागेर जाने युवतिको स्वार्थजन्य क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ आधुनिक नवपुस्ताको स्वार्थी मायाप्रेमलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा इमान्दारिता, नैतिकता भन्दा पनि क्षणिक लाभको पछि दगुर्ने र धोका दिने प्रवृत्ति बढ्दै गएको छ । वर्तमान नवपुस्ताको क्रियाकलापका माध्यमबाट सामाजिक मूल्यको विघटन एवम् नैतिक क्षयको घटनालाई व्यक्त गरिएको छ । यस रचनामा नवपुस्ताको मनोरञ्जनमुखी क्रियाकलापप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

(ग) बुबा सिट खाली हो ? चंखेले सोध्यो । "छैन बाबु" वृद्धले उत्तर दिए । बस अघि बढ्यो । चंखे उभिइरहेको थियो । केही पर पुगेपछि एक युवति बसमा चढिन् । उनको आँखा पनि त्यही खाली सिटमा पुग्यो, बुबा सिट खाली हो ? युवतिले मुसुक्क मुस्कुराएर सोधिन, ए बस बस नानी । खाली नै छ । मिलेर जाऔं न वृद्धले

भने । बसले हल्लाउँदै गर्दा वृद्ध युवतिसँग ठोक्किन्छन् अनि युवति मस्किदिन्छे र वृद्ध मख्ख पर्छन् (अधिकारी. २०६३ : ३६) ।

प्रस्तुत लघुकथांशमा एक वृद्धमा उत्पन्न नैतिक विचलनलाई प्रस्तुत गरिएको छ । हाम्रो समाजमा आफ्नो भूमिका र मर्यादालाई भुलेर असामान्य गतिविधि गर्ने पात्रको कमी छैन । यसै सन्दर्भमा यस रचनामा सामाजिक मूल्यमान्यता एवम् नैतिकताको बेवास्ता गरेर असामान्य क्रियाकलाप गर्ने वृद्धपात्रको क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) अन्त्यमा प्रमुख अतिथिले औंला ठड्यायो, "विज्ञानले संसार सानो बनाइदियो । विकृति पनि भित्र्यायो । यसरी दिउँसै नाङ्गो नाच यो डकुमेन्ट्री खारेज गर्नुपर्छ" कार्यक्रम सकियो । ऊ नामुद होटेलमा पस्यो कोठा गोप्य थियो । ऊ रममा झुम्दै थियो । छेउमा एउटी नवयुवति क्रमशः आफ्ना लुगा खोल्दै थिई । अन्त्यमा युवति सर्वाङ्ग भई । उसले नसालु आँखाले हेर्‍यो (भट्टराई. २०६८ : ३५ ) ।

प्रस्तुत लघुकथांशमा एकजना प्रमुख अतिथि भएको पात्रको यौन विकृत व्यवहारलाई प्रस्तुत गरिएको छ । यस रचनामा उज्यालोमा नैतिकताका कुरा गर्ने मानिसले अँध्यारामा आफै अनैतिक क्रियाकलाप गरेको स्थितिलाई देखाइएको छ । नेपाली समाजमा प्रतिष्ठित मानिएका तर गलत गतिविधि गर्ने मानिस पनि रहेका छन् । यसै सन्दर्भमा लघुकथामा एक प्रतिष्ठित पात्रको नैतिक पतनको घटनालाई देखाउनुका साथै उक्त पात्रको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) लमी भन्दै थिए-"केटी राम्री छे । पढेलेखेकी, सुशील, चरित्रवान छे ।" अझै थप्दै थिए, "कुल घरानकी केटी हो । घर-व्यवहार राम्ररी चलाउन सक्छे । फेरि नि दाइजो पनि प्रशस्त दिने भनेका छन् । टेलिभिजन, मोटरसाइकल, दराज, सोफा....। .....नभन्दै छ महिनाभित्र एउटी छोरी जन्मिन् । बल्ल सबैले बुझे-भव्य दाइजोको रहस्य (राई. २०६२ : ३२) ।

प्रस्तुत लघुकथांशमा लमी पात्रले गलत सूचना दिएर युवायुवतिको विवाह गराएको र केटापक्षलाई धोका दिएको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । यहाँ लमी पात्रले व्यक्तिगत लाभका लागि अरूको विश्वासमाथि खेलवाड गरेको छ । यस रचनामा लमी पात्रमा असमान्य चरित्र देखापरेको स्थितिबोध गरिएको छ । यहाँ मानिसको लोभलाभजन्य क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा व्यक्तिपात्रका असमान्य चरित्रलाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथा रचनामा सामाजिक मूल्य, नैतिकता र आदर्शजस्ता पक्षप्रति बेवास्ता गरेर क्षणिक आकर्षण एवम् लोभमा परेर गरिने क्रियाकलापले व्यक्ति स्वयंको जीवन मात्र होइन,

समाजमा समेत नकारात्मक चिन्तन एवम् क्रियाकलाप बढ्ने र समाज विशृङ्खलित हुँदै जाने विचार अभिव्यक्त भएको छ ।

### ५.१३.३ मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको चित्रण

नेपाली लघुकथामा मनोविश्लेषणवादको अध्ययनका क्रममा मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिलाई पनि विश्लेषणका लागि चयन गरिएको छ । व्यक्ति पात्रका प्रवृत्तिले उसको वैयक्तिक क्रियाकलापका साथै समाजमा पनि असर पर्ने भएकाले मानवीय प्रवृत्तिको अध्ययन आवश्यक हुन जान्छ । यस अध्ययनमा जयनारायण गिरीको **वरदान या अभिशाप,** रमेश भट्टराई 'पुजारी'को **पागलप्रेमी,** सरुभक्तको **महानताबोध,** सरस्वती रिजालको **प्रतिवाद** एवम् सिन्धु गौतमको **निम्तो** लघुकथाको विश्लेषण गरिएको छ :

(क) पति मरेको निकै दिन भयो- आयु पुगेर नै मरेको भए तापनि 'पोइ टोक्ने' उपाधि बोकेर बबुरी मैना माइत फर्की । यसपालि उसलाई हेर्न 'कोही' आएनन् । पोइ टोक्ने अलच्छिनीलाई कसरी हेर्नु....? आए कराई भन्ने थिई-"यीः हेर ! तिम्रो निर्णयको परिणाम...! तिम्रो सुखको परिभाषा....! तर मैना ? अघि पनि मौन... अहिले पनि मौन । र यही मौनता नै उसको ठूलो अभिशाप थियो ! तर 'सबैको' वरदानलाई अभिशाप कसरी भन्नु ! (गिरी. २०५९ : ४३-४४) ।

प्रस्तुत लघुकथांशमा एक नारीको अन्तर्मुखी चरित्रको विश्लेषण गरिएको छ । यहाँ महिलाको सानै उमेरमा वृद्ध मानिससँग विवाह हुनु, वृद्धको मृत्युपछि 'पोइ टोक्ने' उपाधि पाउनु र माइतमा जाँदा अपहेलना हुनु जस्ता घटनाले सामाजिक उत्पीडन भएको देखिन्छ । यहाँ परम्परागत चिन्तन एवम् महिलामाथि हुने उत्पीडनप्रति असहमत चेतना अभिव्यक्त भएको छ । यस रचनामा शक्तिमा हुँदा पूजा गर्ने र कमजोर भएपछि हेला गर्ने सामाजिक गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) 'भाइ, मलाई मेरो प्रेमिकाले सकी । पहिले त म सम्पन्न मान्छे हुँ तर प्रेममा पागल हुनाले यो अवस्था भयो, दुनिया स्वार्थी छ । आफ्नो स्वार्थ पूरा भएपछि कसैले कसैको मतलब गर्दैन । जसले जति नै आदर्शका कुरा गरे पनि व्यवहार फरक हुन्छ । प्रेम भनेको फटाहा र सोझ्फाको क्षणिक मिलन हो....एउटी मामुली केटीको इसारामा सारा सम्पत्ति सकेर पाटीको वास रोज्ने म कस्तो पागल प्रेमी हुँ, आफै बुझ्नुस् न' उसले हाँसेर भन्यो (भट्टराई. २०६८ : ४२) ।

प्रस्तुत लघुकथांशमा प्रेमी पात्रको बहिर्मुखी चरित्रलाई विषयवस्तु बनाइएको छ । यहाँ प्रेमी पात्रले आफ्नो जीवनमा प्रेममा पाएको धोकाको अभिव्यक्तिलाई व्यक्त गरिएको छ । यस रचनामा भावनामा बगेर गरिने कार्यले मानिसले आफै धोका पाउने विचार प्रकट भएको छ । यहाँ प्रेमका नाममा धोका दिने प्रवृत्तिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) सामान्य गृहिणी जीवनमा उनीभित्र कहिलेकाँही असामान्य र असाधारण विचारहरू खेल्दथे । नारी भएर जन्मेपछि यो समयमा स्वतन्त्र र महान् केही उपलब्धि हासिल गर्न सक्नुपर्छ-मनको अतल गहिराइमा कसैले घोचीघोची भनेझैं लाग्थ्यो । अनि रिस खनिन्थ्यो समाजमा आफ्नो कुनै अनुहार नभएका सामान्य नागरिक श्रीमान्की श्रीमती हुनुको दैवी विडम्बनामाथि (सरूभक्त. २०७१ : १०) ।

प्रस्तुत लघुकथांशमा महिला पात्रको अन्तर्मुखी चरित्रलाई प्रस्तुत गरिएको छ । यहाँ महिला पात्रले आफ्नो जीवनका महत्वाकांक्षा पूरा गर्न नसकेको र मनमा उत्पन्न भावलाई व्यवहारमा उतार्न नसकेको रिस श्रीमान्माथि खन्ने गरेको स्थितिलाई विषयवस्तु बनाइएको छ । यस रचनामा प्रस्तुत महिला पात्रले जीवनमा आफू केही नगर्न नसके पनि श्रीमान्प्रति रिस पोख्ने क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) रक्सी, तास र फेसनदेखि पर रहेकी मलाई व्यङ्ग्य गर्दै अचानक बम्केर उसले भनेकी थिई, ‘तपाँइजस्ती फरवार्ड’ हुन नजान्ने कन्जर्भेटिभ माइन्डकीलाई के भन्नु ? ‘सोसाइटी’ सँग भिज्न जान्नुपर्छ । आईमाईले चुरोट पिउनुहुन्न, रक्सी खानुहुन्न भन्ने तपाईहरूजस्ताको ‘फिलिङ’ देखी म छक्क पर्छु । लोग्ने मानिसहरूभन्दा हामी के कुरामा कम छौं ?’ आफ्नो तीतो पोख्दै उसले फेरि रक्सी स्वाट्ट पिएकी थिई र चुरोट धीत मर्ने गरी तानेकी थिई । म अवाक् भएकी थिएँ (रिजाल. २०६५ : ६) ।

प्रस्तुत लघुकथांशमा महिला पात्रको बर्हिमुखी चरित्रलाई विषय बनाइएको छ । यहाँ महिलाले आधुनिक हुनुको अर्थ रक्सी, तास र फेसनसँग नजिक हुनुपर्ने विचार व्यक्त गरेको पाइन्छ । यस रचनामा उक्त महिलाको लागु पदार्थ सेवन गरेर आधुनिक बनेको दावा गर्ने कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ङ) सहृदया उसलाई रूचाउँदिनथी, ऊ घर आएको मन पराउँदैनथी, खै...? तर ऊ घरमा आएकोमा केही भन्दिनथी । सौगात आफ्नो मनको कुरा भन्न पनि सक्दैनथ्यो । ऊ साह्रै डराउँथ्यो । समयले कोल्टो फेर्दै गयो उसले मनमनै आफ्नै निर्णय अनुसार सबै बन्दोबस्त गरी । सँधैझै आज पनि सौगात आयो । सहृदयाले उसलाई तिहारको दिनमा सबेरै आउन भनी निम्तो दिई । निम्तो सुनेर ऊ कालोनिलो भयो (गौतम. २०६८ : ३९) ।

प्रस्तुत लघुकथांशमा केटी पात्रको अन्तर्मुखी चरित्रलाई विषय सन्दर्भ बनाइएको छ । यहाँ सौगात घर आएको नरुचाउनु तर घर आएकोमा केही नभन्नुले उसमा अन्तर्मुखी चरित्र भएको कुरा पुष्टि हुन्छ । यस रचनामा सहृदयाले सौगातलाई तिहारको दिन

बोलाउनुको अर्थ उसको प्रेमलाई अस्वीकार गर्नु रहेको छ । यस रचनामा दोहरो समझदारी बिना कुनै पनि सम्बन्ध स्थायी हुनसक्दैन भन्ने विचार व्यक्त भएको छ ।

यस अध्ययनमा मानिसको अन्तर्मुखी एवम् बहिर्मुखी प्रवृत्तिले उसको क्रियाकलापमा असर पार्ने कुरालाई व्यक्त गरिएको छ । लघुकथा रचनामा व्यक्तिपात्रले गरेका क्रियाकलापले समाजमा पर्ने असरका बारेमा विश्लेषण गरिएको छ ।

### ५.१३.४ व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावको चित्रण

नेपाली लघुकथामा मनोविश्लेषणवादको अध्ययन गर्ने क्रममा व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावको बारेमा अध्ययन गरिएको छ । मनोरचनालाई 'अहम्, पराहम् र इदम्का बीच हुने चेतन वा अचेतन स्तरको सङ्घर्षलाई विभिन्न प्रक्रियाद्वारा लाभकारी ढङ्गमा समाधान गर्नुलाई मनोरचना भनिन्छ' (ब्राउन. १९४० : १६८) भनेर परिभाषित गरिएको पाइन्छ । यसै सन्दर्भमा मनोरचनाको भूमिका सम्बन्धमा दुर्गाबहादुर घर्ती (२०६७) -ले आफ्नो विचार राख्ने क्रममा "मानसिक सङ्घर्षबाट उत्पन्न निराशा, अर्न्तर्द्वन्द, चिन्ता आदिबाट बच्न र असमान परिस्थितिमा समायोजन कायम गर्न मनोरचनाको उल्लेखनीय भूमिका रहेकोले यसलाई रक्षायुक्ति तथा अहम् प्रतिरक्षा रचना पनि भनिन्छ ।" (पृ. २६) भनेका छन् । उनले मानिसले आफ्ना पीडाबाट बच्न मानसिक समायोजना गर्ने कार्यमा मनोरचनाको भूमिका हुनेतर्फ संकेत गरेका छन् । नेपाली लघुकथा रचनामा व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावको चित्रण गरिएको पाइन्छ । यस अध्ययनमा सुशील सिंखडाको **मनमाया,** टीकाराम रेग्मीको **आधुनिक आमा,** किशन थापा 'अधीर' को **प्रेमको शर्त,** श्रीबाबु कार्की 'उदास' को **द्वैत चरित्र** एवम् धनुषराज राई 'राशी'को **ईर्ष्या** लघुकथाको विश्लेषण गरिएको छ :

(क) बाँच्ने होडबाजीमा मनमायाले गरेका निर्णयले उनलाई कति सन्तुष्टि भयो ? अनुमान गर्न सकिन्छ। जीवनको उत्तरार्द्धसम्म पनि जीवन साथी परिवर्तन गर्ने उपक्रमले उनको जिन्दगी सायद ! कुनै न कुनै असन्तुष्टिमा अल्झिएको लख काट्न सहज छ....आज बिहानै गाउँको पिपल चौतारीमा एउटा लासलाई गाउँलेहरूले घेरिरहेका थिए । गाउँलेहरूले बेवारिसे हालतमा लडेको त्यो मृत शरीर अरू कसैको नभएर मनमायाको नै हो भन्ने निर्क्यौल गर्छन् (सिंखडा. २०६९ : २१-२२) ।

यहाँ मनमायाको कामुक भावना स्थानान्तरण भएको घटनालाई प्रस्तुत गरिएको छ । मनमायाले पहिलो पतिको मृत्युपछि अपुरो रहेको यौनप्यास मेटाउन एकपछि अर्को मानिससँग वैवाहिक सम्बन्ध गाँसेको र जति गर्दा पनि यौन प्यास नमेटिएको घटनालाई विषय बनाइएको छ । यस रचनामा रचनामा मनमायाले जीवनको आवश्यकताका रूपमा यौनलाई बुझेकोमा उसको यौन आवश्यकता मेटिएको छ तर जीवनमा असन्तुष्टि भने बढ्दै

गएको र अन्त्यमा आत्महत्या गर्नुपरेको स्थितिबोध गरिएको छ । यहाँ कुनै पनि कुराको सीमा हुने र सीमा भङ्ग हुने बित्तिकै त्यसले दुःखद घटना जन्माउने गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा समाजमा नैतिक मूल्य र मान्यताको अभावमा समाज विशृङ्खलित हुने चेतना व्यक्त भएको पाइन्छ ।

(ख) 'बुबा बिदेसिएपछि कहिल्यै मसँग राम्ररी बस्नु भएको छ ?' आमालाई नहेरी बिनाले भनी ....त्यसैबेला बाहिर गाडीको हर्न बज्यो....हेर्दाहेर्दै सारिका पोसाक, हयान्डब्याग र लिपिस्टिक समेत बैजनी रङमै सजिएर तल झरी र चालक सिटमा पर्खिरहेको पुरुषको आडैमा बसी । बिनाले हुँइँकिएको गाडीलाई टुलुटुलु हेरि रही (रेग्मी. २०७१ : १८-१९) ।

यस लघुकथांशमा श्रीमान् विदेश गएपछि स्वच्छन्द भएकी महिलाको क्रियाकलाप प्रस्तुत गरिएको छ । महिलामा भएको अति कामुकताका कारण उसको यौन भावना स्थानान्तरण भएको स्थितिबोध गरिएको छ । यस रचनामा महिलाको छाडा क्रियाकलापले उसकी छोरीको मानसिकतामा प्रभाव पारेको घटनलाई प्रस्तुत गरिएको छ । यहाँ सामाजिक एवम् नैतिक मूल्यको अभावमा व्यक्ति जीवनमात्र नभएर उसका परिवारजनको जीवनमा समेत समस्या उत्पन्न हुने स्थितिलाई देखाइएको छ । यस रचनामा परिवार एवम् समाजमा नैतिकता एवम् अनुशासन हुनुपर्ने भाव अभिव्यक्त भएको छ ।

(ग) "किन अपमानै गरेर पठाइदिएकी त्यस केटालाई ? त्यस्तो ह्यान्डसम, त्यतिको मालदार केटा त हतपती कहाँ पाइन्छ र ।"...."कहाँ...त्यस केटालाई हामी केटीमान्छेको हरेक चाल थाहा रहेछ क्या । लोग्नेमान्छेलाई छक्याउन कुनै पनि ठिटीले कुन बेला के गर्छे, के गर्दिन...सबैसबै । अनि त्यस्तो केटालाई मैले कसरी जिन्दगीभर आफ्नो आज्ञाकारी बनाउन सक्छु र ?" (थापा. २०६० : ५७) ।

प्रस्तुत लघुकथांशमा मनोरचनाको सिद्धान्तअर्न्तगत युक्तिकरणको प्रयोग भएको छ । यस रचनामा आफ्नो ऐयासी जीवन र भोगविलासपूर्ण जीवनका आवश्यकता पुरा नहुने देखेपछि युवतिले युवकसँग सहयात्रा नगर्ने निर्णय गरेको अवस्थालाई बोध गरिएको छ । यहाँ युवतिको स्वार्थी एवम् महत्त्वकांक्षी जीवन अनुभूतिलाई व्यक्त गरिएको छ । भोगवादी चिन्तनले ग्रस्त युवतिको असमाजिक क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा इमान्दार र मानसिक रूपमा सचेत मानिसलाई कसैले पनि प्रयोग गर्न नसक्ने भाव अभिव्यक्त भएको छ ।

(घ) भद्र पुरुष पनि म त्यहाँ पुग्दा लड्खडाउँदै बोल्दै थियो 'ए साले हो भन के खान्छौ ? किनिदिन्छु । तर चुप लागेर बस । आजको रात रङ्गीन बनाइदेऊ ।" म उक्त पुरुषलाई हेरेर छक्क परे । ती पुरुष त केही क्षण अगाडिको टेलिभिजन समाचारका

एउटा पात्र थिए । उनी एउटा कार्यक्रममा 'चेलीबेटी बेचबिखन र नेपाली नारीको चुनौती' विषयक कार्यक्रममा कार्यपत्र पेस गर्नेमध्येका थिए । म उनको द्वैध चरित्र देखेर टुलुटुलु हेरेर लुरुलुरु कोठामा फर्कें (कार्की. २०६१ : ४९) ।

प्रस्तुत लघुकथांशमा भद्र पुरुषले सामाजिक मर्यादाको ख्याल नगरेर आफ्नो अनैतिक कार्य गर्न चाहनालाई परिपूर्ति गर्न चाहेको स्थितिलाई प्रस्तुत गरिएको छ । यस रचनामा भद्र पुरुषले यौनचाहनाले ग्रस्त भएर आफ्नो चाहनामा बाधक हुने ठानेर त्यहाँ भएका सबलाई आफ्नो पक्षमा पार्न खोजेको अवस्थालाई व्यक्त गरिएको छ । उसले होटलमा भएका मानिसलाई साले भन्नु र उनीहरूले जे खान चाह्यो त्यही किनिदिने आश्वासन दिनुले उसमा प्रक्षेपण देखिन्छ । नेपाली समाजमा समाजमा दोहरो चरित्र लिएर बाँच्ने मानिसको कमी छैन । यस रचनामा भद्र पुरुषको अनैतिक क्रियकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ङ) मेरी श्रीमती र सुमित्रा सहपाठी.....आज उनको छोराको अन्नप्राशन....विशेष म हतारिन्छु तर श्रीमतीमा पटक्कै चाख र उत्साह भेटदिन । म हतार हतार गिफ्ट किन्न बजार दगुर्छु । आउँदा श्रीमती सुतिरहेकी देख्छु । मलाई देख्ने बित्तिकै बम्किन्छ, "के भयो ? कसो भयो ? तपाईँलाई मेरो पटक्कै ख्याल छैन ? मलाई ज्वरो आएको छ, टाउको पनि दुखिरहेछ ।" एक्कासी रुन थाल्छिन् (राई. २०६२ : २४) ।

प्रस्तुत लघुकथांशमा एक महिलाले साथीको छोरा भएको मन नपराएर साथीको बच्चाको पास्नीमा नगएको र श्रीमान् लगायत परिवारका सदस्य त्यहाँ जान लाग्दा असामान्य व्यवहार देखाएको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ उनी सुत्नु, बिमार हुनु जस्ता घटना रूपान्तरण भएको र उनका दमित इच्छा रोगमा परिणत भएको अवस्थाबोध गरिएको छ । उनको मनोरचनाले साथीसँगको सम्बन्धमा उतारचढाव ल्याउने देखिन्छ भने एक छिमेकीका रूपमा पनि सम्बन्ध सहज नहुन सक्छ । यस रचनामा महिलाको असामान्य व्यवहारप्रति असहमत चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा मनोविश्लेषणात्मक युगचेतनाको अध्ययनका निश्कर्ष निम्न लिखित रहेका छन् :

(क) नेपाली लघुकथामा यौनजन्य असमान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्त, दमित अवस्थासँग सम्बन्धित रचनाको विश्लेषण गरिएको पाइन्छ । व्यक्तिका यौनजन्य असमान्यताले व्यक्ति स्वयं मात्र नभएर समाजमा पनि नकारात्मक प्रभाव पार्दछ । नेपाली लघुकथामा मानिसले कुण्ठारहित जीवन बाँच्नुपर्ने चेतना अभिव्यक्त भएको छ ।

(ख) नेपाली लघुकथामा व्यक्तिपात्रको चरित्रको विश्लेषण गरिएको पाइन्छ । यी रचनामा व्यक्ति जीवनका सकारात्मक चिन्तनले जीवन सफल र नकारात्मक चिन्तनले जीवनलाई असफल बनाउने भएकोले आफ्नो जीवनप्रति व्यक्ति आफै सचेत हुनुपर्ने भाव व्यक्त भएको छ ।

(ग) नेपाली लघुकथामा मानिसको अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको चित्रण गरिएको पाइन्छ । व्यक्तिपात्रको प्रवृत्तिका आधारमा उसका विशेषताका बारेमा पनि जानकारी पाइने भएकाले व्यक्तिपात्रको अध्ययनले उसको चिन्तन एवम् क्रियाकलापको बारेमा अध्ययन गर्न सकिन्छ । लघुकथामा विभिन्न प्रवृत्ति भएका पात्रका समाज विरोधी क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) नेपाली लघुकथामा व्यक्तिको मनोरचनाले समाजमा ल्याउने प्रभावको बारेमा अध्ययन गरिएको छ । लघुकथामा मानिसले व्यक्तिगत जीवनका असफलताका कारण समाजमा असामान्य व्यवहार गरेका घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा मानिसका गलत चिन्तन एवम् क्रियाकलापप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

## ५.१४ विसङ्गतिवादी-अस्तित्ववादी युगचेतना

नेपाली लघुकथामा विसङ्गतिवादी-अस्तित्ववादी युगचेतना अभिव्यक्त भएको पाइन्छ । दोस्रो विश्वयुद्धको समाप्तिसँग व्याप्त निराशा एवम् कुन्ठाको परिणाम स्वरूप यो चेतना विकसित भएको हो । बेथ ओस्नेल र सेम गिलले विसङ्गतिवादको परिचय दिने सम्बन्धमा यस्तो विचार राखेका छन्, “विसङ्गतिवाद दोस्रो विश्वयुद्ध पश्चातको कलापूर्ण क्रान्ति हो जसले सत्य जान्न सकिँदैन र संसार औचित्यहीन छ भन्ने विश्वास गर्दछ” (ओस्नेल र गील. सन् २००१ : १०) । विसङ्गतिवादका सम्बन्धमा कुमारबहादुर जोशीले “एब्सडिर्टी अर्थात् असङ्गति-विसङ्गति नै जीवनजगतको मूलभूत कुरा हो भन्ने मान्यता वा सिद्धान्तलाई विसङ्गतिवाद भनिन्छ” (जोशी. २०६४ : ९४) भनेर विसङ्गतिवादलाई चिनाएको पाइन्छ । जीवनमा भोग्नुपरेका अनेक विसङ्गत परिवेशलाई मानेर बाँचिरहने काम विसङ्गतिवादमा गरिन्छ र विसङ्गतिलाई जीवनको मूल सिद्धान्त मानिन्छ । अस्तित्ववाद विसङ्गतिवादसँगै जोडिएको दर्शन हो । यादवप्रकाश लामिछानेले अस्तित्ववादका सम्बन्धमा यसरी प्रकाश पारेका छन् :

> यस संसारमा मान्छेले कहीँ-कतैबाट पनि सङ्गतिको सूत्र वा सत्ता नपाएपछि जीवनलाई उद्देश्यपूर्ण र सारपूर्ण बनाउन विसङ्गतिपरक स्थितिको विरूद्धमा अस्तित्वबोधका लागि सङ्घर्ष गर्दछ र आफ्नो ‘स्व’ लाई स्थापित गर्दछ । अस्तित्वको बोधपछि मान्छेले जीवनलाई सार्थक र सारपूर्ण बनाउने प्रयत्न गर्दछ ।

जीवनमा घोर निराशा र विसङ्गतिले छोपेपछि जीवन सङ्गतिसूत्र प्राप्तिका लागि सङ्घर्षरत रहनु अस्तित्वबोधको सचेतताको स्थिति हो । अस्तित्वको बोध भएपछि मात्र मान्छेले 'आफू को हुँ' भन्ने पहिचान पाउने हुनाले मान्छेको जीवनको चरम लक्ष्य अस्तित्वबोध नै हो (लामिछाने. २०६३ : ३६-३७) ।

यस अंशमा मानिस विसङ्गतिबोध भएर नै अस्तित्वको खोजमा लाग्ने विचारलाई प्रस्तुत गरिएको छ । अस्तित्ववादले जीवन जतिसुकै हीन भए पनि सङ्घर्ष गरेर आफ्नो अस्तित्व बचाइरहनुपर्दछ भन्ने मान्यता अघि सारेको पाइन्छ । अस्तितवादसम्म पुग्न विसङ्गतिवादको बाटो भएर जानुपर्ने दृष्टिकोण प्रकट भएको छ ।

अनिता सिंह (सन् २०१६) ले अस्तित्वादको परिभाषा यसरी दिएकी छिन्, "अस्तित्ववाद एउटा दर्शन हो जसले आफ्नो पहिलो सिद्धान्तको रुपमा सार भन्दा पहिले र महत्वपूर्ण अस्तित्व हुन्छ भनी मानेको छ ।" (सिंह. सन् २०१६ : १६) ।

विश्व साहित्यको जीवनको निरर्थकता, निःस्सारता वा विसङ्गतिलाई स्पष्ट अभिव्यक्ति प्रदान गर्ने कृतिको रूपमा अल्वर्ट कामुको 'सिसिफसको पुराकथा' (मिथ अफ सिसिफस) लाई मानिएको छ । नेपाली साहित्यका क्षेत्रमा विसङ्गतिवादी-अस्तित्ववादी चेतना 'इन्द्रेणी' पत्रिका काल (वि.स.२०१३) देखि मोहन कोइरालाको अभिव्यक्तिमा विसङ्गति झल्किनाका साथै 'रूपरेखा' (वि.स. २०१७) देखि जीवनदृष्टि र अभिव्यक्ति दुवैमा विसङ्गतिको प्रयोग भएको पाइन्छ । कृतिको रूपमा भने यो चिन्तन इन्द्रबहादुर राईको उपन्यास **आज रमिता छ** (२०२१) बाट व्यक्त भएको हो । नेपाली लघुकथा साहित्यको क्षेत्रमा विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बजभित्र** (२०२९) कृतिबाट यो चेतना व्यक्त भएको पाइन्छ । यस अध्ययनमा विसङ्गतिवाद-अस्तित्ववादका आधारभूत मान्यताको बारेमा चर्चा गरिएको छ । नेपाली साहित्यमा यस विचारको प्रारम्भको बारेमा चर्चा गर्दै विसङ्गतिवादी-अस्तित्ववादी चेतनालाई अध्ययन गर्न जीवनको अर्थहीनता/उद्देश्यहीनता तथा निराशा एवम् शून्यताको अभिव्यक्ति, विसङ्गत जीवन परिवेश, ईश्वरको अस्तीत्वको अस्विकार र मानवीय अस्तित्वबोध गरेर चार प्रमुख विषयलाई आधार बनाइएको छ ।

### ५.१५ विसङ्गतिवाद-अस्तित्ववादका आधारभूत मान्यताहरू

विसङ्गतिवाद आदर्शवाद विरोधी चिन्तन हो । विसङ्गतिबोध भएर नै अस्तित्वको बोध हुन्छ । यसै सन्दर्भमा वासुदेव त्रिपाठीले "जीवन-जगत् निस्सार, व्यर्थ, शून्य वा निरर्थक छ भन्ने बोध नै विसङ्गतिबोधको मुटु हो भने त्यसैका माझ पनि 'अस्मिता' वा व्यक्तिसत्ताको सचेत सङ्घर्ष नै अस्तित्ववादको मूल अभिप्राय हो" (त्रिपाठी. २०६३ : ५८२-५८३) भनेका छन् । उनले विसङ्गतिवाद जीवनका निराशाबाट उत्पन्न हुने र अस्तित्ववाद मानिसको अस्तित्वको खोजीबाट प्रस्तुत हुने विचार व्यक्त गरेका छन् । साहित्य-कला क्षेत्रमा

विसङ्गतिवादको प्रवेशका सम्बन्धमा कुमारबहादुर जोशीले "समस्त सामाजिक-मानवीय आस्था वा मूल्यहरू विघटित बनेपछि अनास्था, निःस्सारता, निरर्थकता र असङ्गति-विसङ्गतिको चेतनाले खास गरी बौद्धिक जगत्मा जरा गाडनु स्वाभाविकै भयो । साहित्य-कलामा विसङ्गतिको उद्भव वा उत्पत्ति यही र यसै चेतनाबाट भएको हो (जोशी. २०६४ : ९४) भनेका छन् । उनले जीवनका सकारात्मक पक्षप्रतिको मोहभङ्ग भएपछि विसङ्गति उत्पन्न हुने र त्यही नै पछि विसङ्गतिवादी चेतनाको रूपमा विकसित हुने विचार व्यक्त गरेका छन् । विसङ्गतिवाद ईश्वरीय सत्ताको विरोधी भएको सन्दर्भलाई यादवप्रकाश लामिछानेले यसरी प्रष्ट पारेका छन् :

> विसङ्गतिवादीहरू ईश्वरीय सत्ता स्वीकार गर्दैनन् किनभने यस संसारमा ईश्वरीय सत्ताका केन्द्रबिन्दुका रूपमा रहेको ईश्वरीय मृत्यु भइसकेका कारणले यसको औचित्य समाप्त भइसकेको छ । जीवन-जगतको मेरूदन्ड तथा सङ्गतिको केन्द्रबिन्दुमा मान्छेबाहेक यस संसारमा अरू कोही छैन । मान्छेले केवल विसङ्गतिसँग मात्र सङ्घर्ष गर्नुपर्ने भएकाले विसङ्गति नै जीवनको मूलभूत प्राप्ति मानिन्छ (लामिछाने. २०६३ : २६) ।

लामिछानेले विसङ्गतिवादको ईश्वर मृत्युको चिन्तनका साथै मानवीय अस्तित्वको चेतनालाई प्रस्तुत गरेका छन् । उनले विसंगतिवादीले ईश्वरको अस्तित्व अस्वीकार गरेको, जीवन-जगत्को केन्द्रबिन्दु मानिस मात्र भएको र मानिसले विसङ्गतिसँग सङ्घर्ष गर्नुपर्ने भएकोले विसङ्गतिलाई जीवनको मूलभूत प्राप्ति भएको विचार व्यक्त गरेका छन् । जीवनका निस्सारता, निरुपायता एवम् विवशताबाट उत्पन्न निराशा अस्तित्ववादको प्रेरणा हो । यसले मान्छेलाई पलायनतर्फ नलगेर जीवनको नवीन अर्थ एवम् मूल्यतर्फ उन्मुख गराउँछ । यसै सन्दर्भमा कुमारबहादुर जोशीले "प्रारम्भिक वा प्राचीन अस्तित्ववादलाई पुनर्व्याख्या द्वारा एक नवीन र आधुनिक दार्शनिक सिद्धान्तका रूपमा प्रतिस्थापित तुल्याउने काम सर्वप्रथम डेनमार्केली धार्मिक-दार्शनिक लेखक किर्केगार्ड (सन् १८१३-५५) ले गरे । 'अस्तित्ववाद' यस संज्ञानका सर्वप्रथम प्रयोक्ता पनि उनै थिए ।" (जोशी. २०५४ : १०२) भनेर अस्तित्ववादको विकासक्रमका बारेमा प्रकाश पारेका छन् । दोस्रो विश्वयुद्धको समापन सँगै फ्रान्सको पराजित र ध्वन्सले आहत चेतनाले विसङ्गतिको बोध र अस्तित्वको चेतना ग्रहण गरेको पाइन्छ । जाँ पाल सार्त्रले यस चिन्तनको विकासको साथसाथै आफ्नो कृतिमा समेत यसको प्रयोग गरे । यहाँबाट अस्तित्ववादको विश्वव्यापी प्रभाव विस्तार भयो ।

विसङ्गतिवादले ईश्वरीय सत्ताको अस्वीकार गर्दछ । नित्सेको ईश्वर मृत्युको घोषणालाई यसले आफ्नो मुख्य विचार मानेको छ । दोस्रो विश्वयुद्धकालको विध्वंस, विनाश, भय, त्रास र आतङ्कले मान्छे घरपरिवार तथा समाजमा रहेर पनि एक्लो, निराश तथा पृथक् रहेको अनुभूति गर्दछ । यसले जीवनको सार नभएको कुरा अघि सार्दछ । स्वीकृत

धार्मिक-सांस्कृतिक, नैतिक मूल्य मान्यता तथा सामाजिकतामा विश्वास राख्दैन । मान्छेले संसारमा आफूखुसी केही पनि गर्न नसक्ने र ऊ संसारमा कहीँ कतैबाट फालिएको छ । विसङ्गतिपूर्ण परिवेशमा ऊ एक्लो, निरीह र अस्तित्वहीन छ । मान्छेको जन्म नै प्रयोजनहीन, अर्थहीन र निस्सार भएको चिन्तनलाई अघि सारिएको छ । विसङ्गति चिन्तनलाई कला-साहित्यमा संरचना शिल्प र भाषाशैलीका माध्यमबाट प्रभावकारी किसिमले प्रस्तुत गरिएको पाइन्छ । जीवनमा मानिसले विसङ्गतिबोध गरेर अस्तित्वको चाहना गर्दछ । जीवन जतिसुकै विसङ्गत भए पनि अस्तित्वबोध भएर नै उसले जीवन बाँच्दछ । जीवनमा जतिसुकै कष्ट भए पनि सङ्घर्ष गरेर बाँच्नुपर्छ भन्ने चिन्तन अस्तित्वादले अघि सारेको छ ।

### ५.१६ विसङ्गतिवादी -अस्तित्ववादी युगचेतनाको विश्लेषण

नेपाली लघुकथा साहित्यको क्षेत्रमा विसङ्गतिवादी-अस्तित्ववादी चेतनाको प्रारम्भ विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बजभित्र** (२०२९) कृतिबाट भएको हो । आफ्ना रचनामा यस चिन्तनलाई अघि सारेर आफ्ना रचना प्रकाशित गर्ने लघुकथा लेखकमा विश्वम्भर प्याकुरेल, ध्रुव मधिकर्मी, रत्न कोजू, श्याम आशा, केशव प्रधान, अमोददेव भट्टराई, वासु मार्मिक, नारायण तिवारी, अनिता तुलाधर, रवीन्द्र समीर, सरुभक्त र जगदिश घिमिरे  पर्दछन् । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त विसङ्गतिवादी-अस्तित्ववादी युगचेतनासँग सम्बन्धित अभिलक्षणहरू नेपाली लघुकथामा जीवनको अर्थहीनता, निराशा तथा एवम् शून्यताको अभिव्यक्ति, नेपाली लघुकथामा विसङ्गत जीवन परिवेशको अभिव्यक्ति, नेपाली लघुकथामा अनीश्वरवादी चेतनाको अभिव्यक्ति र नेपाली लघुकथामा अस्तित्व चेतनाको प्रस्तुतिलाई अध्ययनको विषय मानेर विश्लेषण गरिएको छ ।

#### ५.१६.१ जीवनको अर्थहीनता, निराशा एवम् शून्यताको अभिव्यक्ति

नेपाली लघुकथामा अस्तित्ववादी विसङ्गतिवादी युगचेतनाको अध्ययनका क्रममा जीवनको अर्थहीनता, निराशा एवम् शून्यताको अभिव्यक्तिलाई प्रमुख विषय मानिएको छ । यस चेतनाले मानिसको जीवनको निरर्थकतालाई प्रस्तुत गर्दछ । व्यक्तिको आफ्नो जीवन भोगाइका क्रममा उत्पन्न चरम निराशा, कुन्ठा एवम् हताशाका कारण मानिसमा पलायन भाव उत्पन्न हुन्छ । यसै क्रममा मानिसले आफ्नो जीवनलाई अर्थहीन एवम् उद्देश्यहीन ठान्न पुग्छ । उसका सम्पूर्ण चिन्तन एवम् गतिविधिमा यसले असर गर्दछ । मानव जीवनको क्षणभङ्गुरता, जीवनका कर्मप्रतिको विराग एवम् मृत्युबोधी चेतना नै यस चिन्तनको मूल आधार हो । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त जीवनको अर्थहीनता/उद्देश्यहीनता एवम् निराशा एवम् शून्यताबोधलाई विश्लेषण गरिएको छ । यस अध्ययनमा ध्रुव मधिकर्मीको **औपचारिकता,** रत्न कोजूको **इलाकाभित्र,** श्याम आशाको **समय,**

केशव प्रधानको **विवशता,** अमोददेव भट्टराईको **जिजीविषा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) ऊ निकै भोकाएको छ । निकै दिनदेखि केही खान पाएको छैन । यी कुराहरूका पुष्टि हुन्-खाल्डा परेका आँखाहरू; सतहबाट खसेको पेट; सिन्का जस्ता हातखुट्टाहरु; मासुहरू सुकिसकेर हाडका ढाँचाहरू देखिन थालिसके । नियन्त्रण हराउँदै गएका शरीरका अङ्ग प्रत्यङ्गहरू झै मस्तिष्कबाट पनि चेतना क्रमशः विलुप्त हुँदै गइरहेको छ" (मधिकर्मी. २०५१ : २७) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्र निकै भोकाएको, खान नपाएको अवस्था चित्रण गरिएको छ । यहाँ एक मानिसको निरीहता एवम् विवशतालाई प्रकट गरिएको छ । लघुकथामा नेपाली समाजमा मानिसको जीवन अत्यन्त कष्टकर भएको र जीवनको अर्थहीनताका माध्यमबाट समसामयिक युगजीवनको विसङ्गतिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) अन्नपानीको शरीर, एकदिन उसकी आमा थला परी- सारङ्गीजस्तो पेट बोकेर आमाको बिरामी, आफ्नो बेरोजगारी पेटमा भोकको अग्नि आदि कुरालाई कल्पिदै-कल्पिदै आमा छेउ ऊ निशःब्द रोइरह्यो । छेउको आफ्नो छोरालाई हेर्दै बूढीले अन्तिम घडीका घुँक्कघुँक्क हिक्काहरू छाडी वर्दीमा एक पुलिसभित्र पसेर उसकी आमाको मुख थुनिदियो" (कोजू. २०३९ : १९-२०) ।

प्रस्तुत लघुकथांशमा एकजना गरिब परिवारको अभावग्रस्त जीवनलाई व्यक्त गरिएको छ । यहाँ परिवारकी मुख्य मानिस आमा पात्र बिमार हुनु र उसको छोरा उसको छेउमा चुपचाप रोइरहनुले उनीहरूको जीवनको अर्थहीनतालाई प्रस्तुत गरिएको छ । यस रचनामा एक गरिब नेपाली परिवारको जीवनको निस्सारताका माध्यमबाट तत्कालीन नेपाली समाज एवम् राज्यपक्षले जनताको जीवन बर्बाद हुँदा पनि वास्ता नगरेको भाव अभिव्यञ्जित भएको छ ।

(ग) उसकी श्रीमती कराइरहेकी छिन् । नकराउनु पनि कसरी ? उसको सानो छोरा आमाको दूध छोडेर रोइरहेको छ, सायद दूध नआएको होला । तर ऊ टाउको निहुराई बसेको छ । ठूलो अपराधीजस्तै तर पनि विवशताले गर्दा थुक निलिरहनु परेको छ किनकि उसले काम पाउन सकेन, गरिब छ । अनि खल्ती खाली छ (आशा र साथी. २०३३ : ३) ।

प्रस्तुत लघुकथांशमा एकजना परिवारको मुख्य मानिस ऊ पात्रको जीवनको विवशताको अनुभूतिलाई व्यक्त गरिएको छ । यहाँ श्रीमतीले घरको अभावलाई लिएर कराउनु, छोरी रोइरहनु, उसले टाउको निहुराएर बसिरहनु, आफूलाई अपराधीजस्तो ठान्नु,

विवशताले थुक निल्नु, काम नपाएर गरिब भएको र खल्ती खाली भएको अनुभूति गर्नुले उसको जीवनको निस्सारतालाई प्रस्तुत गरिएको छ । यहाँ तत्कालीन युगको मानवीय जीवनको निरर्थकता र जीवनहीनतालाई प्रस्तुत गरिएको छ । यस रचनामा तत्कालीन समयमा नेपाली राजनीतिले नेपाली जनताको जीवनमा कुनै उज्यालो ल्याउन नसकेको् र जनता निराश भएर बाँच्नु परेको युगीन चेतना अभिव्यञ्जित भएको छ ।

(घ) उसले पुलुक्क मतिर हेऱ्यो र हातको इसाराले पारिपट्टि देखायो । पारि अर्थात् खोलापारि-बगर....उसले जोडले मेरो हात फुस्कायो र चिच्चायो-ऊ त्यो मेरो घर हो, ऊ त्यो चिच्याउँदै बगिरहने मेरी स्वास्नी हो र त्यो रूख चढन असफल प्रयास गर्ने मेरो सत्र वर्षे ढड्डु छोरा हो । ऊ देख्नुभएन ? चिच्याउँदै बग्दैछ र म टुलुटुल हेरिरहेछु ।' र ऊ पुनः हेर्न थाल्यो-हेरिरह्यो दिनरात (प्रधान. २०६१ : ५३) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिसले आफ्नो परिवारको बर्बादीको घटनालाई प्रस्तुत गरेको घटना अभिव्यक्त गरिएको छ । यहाँ बाढीका कारण ऊ पात्रकी श्रीमती बगेको, छोराले रूख चढ्न असफल प्रयास गरेको, चिच्याउँदै बगिरहेको र आफू टुलुटुलु हेरिरहेको घटनाको अभिव्यक्तिका माध्यमबाट आफ्नो जीवनको अर्थहीनतालाई प्रस्तुत गरिएको छ । यस रचनामा देशमा राजनीतिक परिवर्तन भए पनि जनताको जीवनस्तर जस्ताको तस्तै रहेको र उनीहरूको जीवनमा सङ्कट आए पनि केही गर्न नसकेको घटनाका माध्यमबाट वर्तमानमा मानवीय जीवनको सङ्कट भएको यथार्थलाई प्रस्तुत गर्नाका साथै जनताको जीवनप्रति उदासीन सत्ताधारीको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) त्यसैताका पृथ्वीको एउटा भूखण्डमा एउटा मानव-आकृति परबाट ढुन्मुनिँदै आउँदै थियो । चार पाँच पाइला हिँड्नासाथ उसको लखतरान शरीरले आफ्नै बोझ थाम्न नसकेर ऊ फेरि लड्यो । जर्बजस्ती उठेर चार- पाँच पाइला हिँडदा नहिँडदै ऊ फेरि घोप्टो पऱ्यो । गढेका आँखा, ठाउँठाउँमा गाँठा परेको उसको शरीर भोक र तिर्खाले चिन्ताग्रस्त उसको अनुहार, क्रोध र पीडाले रन्थनिएको उसको कुरूप मानव-आकृतिलाई सायद अर्को मानव-आकृति त्यहाँ भएको भए चिन्ने थिएन होला् (भट्टराई. २०४७ : ८९) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिस परबाट ढुन्मुनिदै आउनु, आफ्नै बोझ थाम्न नसकेर ढल्नु, घोप्टो पर्नु, भोक र तिर्खाले चिन्ताग्रस्त हुनु, अनुहार क्रोध र पीडाले रन्थनिनु जस्ता घटनाका माध्यमबाट मानव जीवनको निस्सारतालाई प्रस्तुत गरिएको छ । यहाँ उसको जीवनको अर्थहीनताका माध्यमबाट वर्तमान युगमा मानवीय जीवन सङ्कटमा परेको

घटनालाई व्यक्त गर्नाका साथै नागरिकको जीवनप्रति बेवास्ता गर्ने शासकवर्गको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

### ५.१६.२ विसङ्गत जीवन परिवेशको अभिव्यक्ति

नेपाली लघुकथामा अस्तित्ववादी विसङ्गतिवादी युगचेतनाको अध्ययनको प्रमुख विषय विसङ्गत जीवन परिवेश पनि हो । मानिस जीवनमा विसङ्गति छ र यसबाट उसले कसैगरी पनि बच्न सक्दैन भन्ने चिन्तन विसङ्गतिवादले राख्दछ । जीवनलाई विसङ्गत देख्नु र विसङ्गति बाँच्नु यसको प्रमुख अभिलक्षण हो । यस अध्ययनमा ध्रुव मधिकर्मीको **ताजा/बासी,** श्याम आशाको **सिन्दुर,** वासु मार्मिकको **दुई आत्मा,** केशव प्रधानको **परिवेशभित्र** र नारायण तिवारीको **तिम्रो कुरा/मेरो कुरा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) बासी पानी छोडेर पल्लो कोठामा गएर ताजा पानी खाएँ । मलाई लाग्छ, अहिले खाएको पानी पनि बासी नै हो । किनकी ताजा भनेर खाएको पनि उही ठाउँबाट आएको हो, जुन ठाउँबाट पानी (बासी) आएको थियो । त्यही धाराबाट र त्यही पानी जम्मा पारिएको ठाउँबाट । आखिर यो किन बासी र त्यो चाहिँ ताजा ? (मधिकर्मी. २०५१ : १४) ।

प्रस्तुत लघुकथांशमा जीवन जे जसरी पनि विसङ्गत छ भन्ने विचार व्यक्त भएको छ । यहाँ जीवनलाई विसङ्गत देख्ने र विसङ्गति बाँचिरहने कामलाई प्रस्तुत गरिएको छ । यस रचनामा मानिसको जीवनमा कुनै पनि नौलोपन नभएका र नौलो भनेको पनि बासी नै भएको अभिमत प्रकट गरिएको छ । यहाँ देशमा जतिसुकै परिवर्तन आए पनि जनताको जीवन जस्ताको तस्तै रहेको र विगतजस्तै वर्तमान पनि रहेकोमा एकरसता एवम् विसङ्गतिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ख) “बाटोमा हिँड्दा हिँड्दै कुनै विवाहित युवतिको सिँउदोमा रातो सिन्दुर देख्दा अचानक अतीतका कुरा मेरो अगाडि उभिदिन्छन् । मैले पनि एउटीलाई यसरी नै ईश्वरको अगाडि बसेर सिउँदोमा सिन्दुर हालिदिई भनेको थिएँ, “अब देखि तिमी मेरी...............! तर आज...........!” (आशा. २०३३ : ६) ।

प्रस्तुत लघुकथांशमा विगतमा आफ्नो जीवन राम्रो भए पनि आज दुःखमय भएको र विसङ्गति पालेर बस्नु परेको अनुभूति व्यक्त भएको छ । यहाँ अरूको जीवनको सुख देख्दा आफ्नो पूर्व जीवन याद आएको प्रसङ्ग प्रस्तुत भएको छ । यस रचनामा मानवीय जीवनको विवशता, बाध्यताका कारण वर्तमानमा जीवनमा पीडादायी बनेको, कष्टको अनुभूति तीव्र भएको घटना आएको छ । यहाँ जीवनको विसङ्गतिको चित्रणका साथै सङ्गतिको चाहना सहितको आशावादी चेतना अभिव्यक्त भएको छ ।

(ग) 'दिदी भोक लाग्यो' तिनी भाइको आवाजले झसक्क झस्किन् अनि सहाराको लट्ठी खोल्ल्याङ् गर्दै माग्न हिँडिन् । केही मानिसले त भने "त्यत्रो तरुनी भएर माग्न लाज लाग्दैन ? के गर्नु ?" नालीमा फालिदिएका भात र रोटीका टुक्रा बाहेक अरू केही थिएन" त्यो पनि आजको वर्षाले सब बहाएर । भाइको रुन्चे आवाज तिनको कानमा गुन्जिरहेथ्यो (मार्मिक. २०५३ : ५) ।

प्रस्तुत लघुकथांशमा एक अपाङ्ग किशोरीले आफू र आफ्नो सानो भाइको भोक मेटाउन नसकेर विसङ्गत जीवन बाँच्ने अवस्था बोध गरिएको छ । यस रचनामा एक किशारीको अपाङ्ग हुनुको बाध्यता एवम् सामाजिक लाञ्छनाका बीच नाबालक भाइसहित माग्ने कार्यमा लागेको, नालीमा रहेको फोहर खाना देखेर भाइले आस गरे पनि त्यो खाना समेत वर्षाले बहाएको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ मानवीय जीवनको विसङ्गतिलाई प्रस्तुत गर्नाका साथै कमजोर एवम् लाचार मानिसलाई सहयोग गर्नुको साटो अनावश्यक उपदेश दिने सामाजिक प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) रामबहादुर तन्द्राबाट व्युँझेझैं एकफेर झस्कियो । उसले चारैतिर हेऱ्यो । पर एउटी भएकी छोरी डोरीमा उफ्रँदै थिई । कहाँबाट आयो कुन्नी त्यो उफ्रिने शक्ति । पुनः रामबहादुरले आफ्नो वास्तविकतालाई सम्झियो । उसले आफ्नो विवशतालाई बुझ्यो र पुनः घोप्टिएर काम गर्न थाल्यो । मेरी एउटी छोरी पनि छे र बिस्तारै तरुनी हुन्छे । अहिले घाम अस्ताउन लागेको छ, सम्भवतः अब अँध्यारो हुन्छ (प्रधान. २०६१ : ४२) ।

प्रस्तुत लघुकथांशमा बाबु पात्रमा उत्पन्न विसङ्गत जीवनका अनुभूतिलाई व्यक्त गरिएको छ । यहाँ रामबहादुर कमजोर आर्थिक अवस्थाको भएको, उसमा विवशताको अनुभूति जागेको र छोरी बिस्तारै जवान हुन लागेकोमा चिन्ता लागेको घटनाका माध्यमबाट उसको जीवनको विसङ्गत परिवेशलाई प्रस्तुत गरिएको छ । यस रचनामा नेपाली समाजमा नागरिकको जीवन दिनदिनै कष्टकर भएको, बाँच्नका लागि असहज भएको अवस्था बोध गर्नाका साथै नेपाली समाजमा आर्थिक परिवर्तन नभएको र जनताको जीवन कष्टकर भएको स्थितिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ङ) "मेरो विगत मेरो आँखाअघि चलचित्र समान नाच्न थाल्छ । पुसको जाडामा पनि म बिना स्वीटर कुनै गोष्ठीमा उपस्थित छु । नजिकै कसैले सोधिदिन्छ, "किन तपाईलाई जाडो लाग्दैन ?" म रुन्चे हाँसो बोल्दै बोलिदिन्छु, "अहँ, मेरो जीउ अलि तातोखाले छ ।" (तिवारी. २०५७ : ४६ ) ।

प्रस्तुत लघुकथांशमा मानिस आफ्ना विवशतालाई लुकाएर मनभित्रै विसङ्गति पालिरहेको जीवन यथार्थ प्रस्तुत भएको छ । यहाँ बौद्धिक सम्पन्नताले मात्र मानिसका

आधारभूत आवश्यकता पुरा हुन नसक्ने, बाँच्नका लागि आर्थिक सम्पन्नता पनि चाहिने विचार व्यक्त भएको छ । यस रचनामा आर्थिक सम्पन्नताको अभावमा व्यक्ति पात्रको जीवनको खण्डीकरण भएर विसङ्गति पालेर बस्नु परेको घटनालाई व्यक्त गर्नाका साथै देशमा राजनैतिक परिवर्तन आएको लामो समय भइसक्दा पनि जनताको जीवनस्तर सुध्रिन नसकेको, बौद्धिक वर्गले अभावमा बाँच्नु परेको विसङ्गत जीवन यथार्थप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा विसङ्गत जीवन यथार्थलाई प्रस्तुत गर्नुका साथै जीवनको सार्थकताको खोजी समेत गरिएको पाइन्छ ।

### ५.१६.३ अनीश्वरवादी चेतनाको अभिव्यक्ति

अस्तित्ववादी चेतनाले ईश्वरको अस्तित्वलाई अस्विकार गर्दछ । अस्तित्ववाद संसारमा जे जति राम्रा-नराम्रा क्रियाकलाप मानिस स्वयंले आफ्नो विवेकले गर्ने एवम् मानिसको भविष्य मानिसले नै निर्माण गर्दछ भन्ने चिन्तन राख्दछ । यस अध्ययनमा अनीश्वरवादी चिन्तनलाई देखाउने अनिता तुलाधरको **मृत्युको संगीत,** रवीन्द्र समीरको **ढुङ्गाको देवता** र सरूभक्तको **अनीश्वरवादी** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "मेरो शरीरभरि काँडाहरूको घोचाइ र हिँउको रापलाई टाँसिदिन्छु । एउटा नमीठो क्रम जीवनको ! क्यान्भासको वरिपरि रंगीचंगी रंगहरू पोतिन्छन्-भत्किएका मन्दिरहरू, भत्किएका गुम्बाहरू र विस्थापित ईश्वरका विस्थापित घरहरू !" (तुलाधर. २०३४ : १९) ।

प्रस्तुत लघुकथांशमा विस्थापित ईश्वरका विस्थापित घरहरू भनेर आध्यात्मिक आस्थाका साथै आस्थाका मन्दिरमा पनि विघटन भइरहेको अवस्था अभिव्यक्त गरिएको छ । यहाँ ईश्वरको अस्तित्वमाथि प्रश्नचिन्ह लगाउनाका साथै अस्तित्ववादी चेतना अभिव्यक्त भएको छ ।

(ख) उसलाई दोस्रोपटक सनक चढ्यो अनि त्यो पुजित ढुङ्गो अर्थात् देवताको मूर्तिलाई पखाल्यो र पहिलेजस्तै लेउ लागेको कालो ढुङ्गो बनायो । भोलिपल्ट त्यस ढुङ्गामा गोठालो बसेर विरहको मुरली बजाएको सुन्यो, पर्सिपल्ट साइँलो ज्यामीले त्यस ढुङ्गालाई घनले फोडेर, टुक्राटुक्रा पारेर हाटमा लगी बीस रूपैँयामा बेच्यो र केटाकेटीलाई जाउलो खुवाउन चामल लिएर फर्क्यो । उसलाई आफ्नो दोस्रो सनकप्रति गर्व लाग्यो-"मैले गर्दा आज कसैको पेटमा अन्न त पऱ्यो ।" (समीर. २०६७ : १०५ ) ।

प्रस्तुत लघुकथांशमा मानिसको जीवनको आवश्यकता टार्न नसक्ने र मानिसलाई बाँच्नका लागि आधार प्रदान गर्न नसक्ने ढुङ्गाको देवताको कुनै महत्त्व नरहेको विचार व्यक्त गरिएको छ । यस रचनामा ढुङ्गा टुक्रा पारेर बेच्दा एक गरिब परिवारको केटाकेटीले

बाँच्नका लागि आधार पाएको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ मानिसको जीवनका आवश्यकता पूरा नगर्ने, बाँच्न नदिने आस्थाको कुनै मूल्य नभएको भनेर अस्तित्वादी चेतनलाई प्रखर किसिमले व्यक्त गरिएको छ ।

(ग) निराश भएर एकदिन उसले रक्सी धोक्यो अनि बिनाप्रसङ्ग क्वाँक्वाँ रोयो । ढलमलिँदै घर पुगेपछि उसलाई भगवान्को सम्झना आयो । सम्झनाले क्रोध जन्मायो । 'तेरिमा भगवान् ! तैँले चाहेको भए फरक बनाउन सक्थिस् । यस्तो पत्रु बनाउने हो ? जा, आजदेखि म तेरो अस्तित्व मान्दिनँ ।' ऊ लरखरिएको स्वरले घोषित भयो अनि जसोतसो खाटमा पुगेर अनीश्वरवादी निद्रा सुत्यो (सरूभक्त. २०७१ : ८९) ।

प्रस्तुत लघुकथांशमा एकजना मानिस आफ्नो जीवनबाट दिक्क भएको, चारैतिर अपमान एवम् उपेक्षाका साथै आफ्नो जीवनको असफलताका कारण केही सोच्न नसकेको अवस्थामा उसले ईश्वरका सन्तान सबै मानव हुने भए ईश्वरले आफूलाई पनि राम्रो बनाउनुपर्नेमा नराम्रो बनाएकाले अबदेखि ईश्वर नमान्ने घोषणा गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ मानिस व्यक्तिगत जीवनका घटनाबाट प्रभावित हुने र त्यसैका आधारमा उसका निजी आस्था पनि प्रभावित भइरहने विषयलाई उठाइएको छ । यस रचनामा ईश्वरको अस्तित्वप्रति प्रश्न उठाउनाको साथै अनीश्वरवादी चेतना व्यक्त भएको पाइन्छ ।

### ५.१६.४ अस्तित्व चेतनाको प्रस्तुति

अस्तित्ववादी चेतनाले मानिसलाई जीवन जतिसुकै विसङ्गत भए पनि बाँच्नुपर्छ भन्ने चिन्तन राख्दछ । नित्सेको "विपत्तिपूर्वक बाँच" यस चेतनाको मुख्य मन्त्र हो । नेपाली लघुकथामा अस्तित्व चेतनासँग सम्बन्धित लघुकथा रचना प्रकाशित हुँदै आएको सन्दर्भमा यस अध्ययनमा ध्रुव मधिकर्मीको **वर्तमान,** रत्न कोजूको **चोट,** अनिता तुलाधरको **सुस्केराहरू** र जगदीश घिमिरेको **बर्दी** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "बाटाको बीचमा बसेर एउटा अन्धा कराइरह्यो-यो संसार कति अँध्यारो ? खोई कहाँ छ उज्यालो ? एउटा मान्छे पनि नभएजस्तो । ओहो ! यो संसारमा मान्छे भनेर फगत बाँचिरहेछ एकदुई सानोतिनो चालचुल....संसार केवल उराठलाग्दो मसानजस्तो" (मधिकर्मी. २०५१ : ३५) ।

प्रस्तुत लघुकथांशमा एक अन्धाको विवश जीवन भोगाइलाई प्रस्तुत गरिएको छ । यहाँ अन्धाले आफूले जीवनमा आएका कष्टका बारेमा वर्णन गरेर हिँडे पनि ऊ दुःख सहेरै बाँचिरहेको अवस्था बोध गरिएको छ । यस रचनामा अन्धाको जीवनप्रतिको मोह अद्यापि बाँकी नै रहेको स्थितिलाई प्रस्तुत गरिएको छ । यस अंशमा अन्धाको अभिव्यक्तिका माध्यमबाट मानिसको निस्क्रियता र यथास्थितिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(ख) "दाइ, उहाँ त गइहाल्नु भो ? साँच्चै....बाहिरिँदासम्म हाँसोमा चुलिएको घरको वातावरण अहिले मुर्झाइरहेको छ । सबै आआफ्नो ओछ्यानमा एउटा अप्रत्यासित व्यथा सँगालेर सुस्ताइहेका हुन्छन् । आमा आफ्नै ओछ्यानमा सुँक्कसुँक्क गरिरहेकी हुन्छिन् । बिस्तारै साँझको लालिमा बढ्दै जान्छ" (कोजू. २०३९ : ९) ।

प्रस्तुत लघुकथांशमा अभावग्रस्त परिवारमा एक जना बाहिर गएको परिवारको सदस्य घर फर्कदा खुसी भएको वातावरण बाहिर जाँदा शोकमय बन्न पुगेको अवस्थालाई प्रस्तुत गरिएको छ । यस रचनामा पीडाका बीच पनि बाँचिरहेको परिवारको अवस्था बोध गरिएको छ । यहाँ अस्तित्ववादी चेतनाले विपत्तिपूर्वक बाँच भन्ने सिद्धान्तअनुसार कथाका पात्र पनि कष्टका बिच पनि बाँचिरहेको स्थिति प्रस्तुत गरिएको छ । यस रचनामा नागरिकको जीवनको कष्ट एवम् पीडाका अनुभूतिलाई प्रस्तुत गर्नाका साथै तत्कालीन युगजीवनप्रतिको असन्तुष्टिको भाव व्यक्त भएको छ ।

(ग) म त्यो ज्वालामुखी हुँ जो केवल भित्रभित्रै गुम्सिरहेको छ । तर फुटन सक्दिन् । आगोको रापमा मेरा सारा आफन्तहरू डढेर जाउन् भन्ने इच्छा केवल चाहनामा सीमित भइदिन्छ । दश वर्षदेखि पालिएको यो ज्वालामुखीले मेरो बाल्यावस्था खोसोदियो, बैंसको मुस्कान चोरेर लगिदियो । अनि म पिल्सिरहेँ, एउटा अदृश्य आगोमा (तुलाधर. २०३४ : २-३) ।

प्रस्तुत लघुकथांशमा एकजना युवतिको जीवनको असफलता र त्यो असफलताले उत्पन्न चरम निराशा आएको छ । यस रचनामा युवति पात्र जीवनका असफलताको सामना गरे पनि आफ्ना व्यथा प्रकट गर्न नसकेर छटपटाएको अवस्था बोध गरिएको छ । यस रचनामा प्रस्तुत युवतिले व्यथा सहेर पनि बाँचिरहने क्रियाकलाप अस्तित्ववादी चेतनाबाट अभिप्रेरित देखिन्छ । यस रचनामा व्यक्तिगत जीवनप्रतिको निराशा एवम् आफन्तजनप्रतिको घृणाको चेतना अभिव्यक्त भएको छ । यस रचनाको प्रकाशनकाल तीसको दशकको नेपाली समाज शुन्यतामा बाँचेको, नागरिकको जीवनमा निराशा, कुन्ठा मात्र रहेको, परिवर्तनको चाहना भए पनि त्यो भित्रभित्रै कुन्ठित भएको र अभिव्यक्ति स्वतन्त्रता नभएको भाव अभिव्यञ्जित भएको छ ।

(घ) प्रतिक्षारत बलात्कारीहरू अधिर भइसकेका थिए, अतः पहिले-पहिलेजस्तो एक्ला-एक्लै नगएर तँछाडमछाड गर्दै एक बथान भित्र पसे । भन्दै थिए- "मन तातो भए भइहाल्छ नि..." लाग्थ्यो विषय परिस्थितिमा जम्मेकी थिई; विषमतर परिस्थितिबाट गुज्रदै थिई । उसबारे कसैलाई थाहा थिएन....देब्रे पाखुरामा पनि आफ्नो नाउँथर खोपाएकी रहिछ । नाउँचाहिँ बुझिँदैन, तर थर प्रस्ट छ- नेपाल (घिमिरे. २०६६ : १८) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्र भनेर नेपाल देशलाई र बलात्कारी भनेर देशहित विपरीत कार्य गर्ने मानिसहरूलाई सङ्केत गरिएको छ । यहाँ देशको विपरीत कार्य गर्नेहरूले देश लुटेर सकिसकेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यस रचनामा नेपाल आमाले जतिसुकै कष्ट पाए पनि बाँचिरहेको अवस्था अस्तित्ववादी चेतबाट अभिप्रेरित देखिन्छ । यस रचनामा राष्ट्रलाई गलत तत्त्वले लुटने खराब तत्त्वप्रति घृणाभावको चेतनाका साथै उनीहरूका विरूद्ध केही गर्न नसकिएकोमा निरीहता भाव समेत प्रकट भएको पाइन्छ ।

यसरी नेपाली लघुकथा रचनामा अस्तित्ववादी-विसङ्गतिवादी चेतना प्रकट भएको छ । अस्तित्वादी विसङ्गतिवादी चेतनाका माध्ययबाट नेपाली समाजको युगचेतना प्रतिबिम्बित भएको छ ।

नेपाली लघुकथामा अभिव्यक्त अस्तित्ववादी-विसङ्गतिवादी चेतनासँग सम्बन्धित अध्ययनका निष्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) नेपाली लघुकथामा जीवनको अर्थहीनता, निराशा एवम् शून्यताको अभिव्यक्ति गरिएको पाइन्छ । जीवनको अर्थहीनता, निराशा एवम् शून्यताका माध्यमबाट तत्कालीन युगजीवनका विसङ्गत जीवन परिवेशप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा विसङ्गत जीवन परिवेशको अभिव्यक्ति गरिएको पाइन्छ । यी रचनामा मानवीय जीवनका विसङ्गतिको प्रस्तुतिका साथै सङ्गतिको चाहना व्यक्त गरिएको पाइन्छ ।

(ग) नेपाली लघुकथामा अनीश्वरवादी चेतनाको अभिव्यक्ति पाइन्छ । यी रचनामा मानिसको भाग्य एवम् भविष्य मानिस स्वयम्ले निर्माण गर्ने विचार अभिव्यक्त भएको छ ।

(घ) नेपाली लघुकथामा अस्तित्व चेतनाको प्रस्तुति पाइन्छ । लघुकथा रचनामा मानिस जतिसुकै विपत्ति भए पनि सङ्घर्षपूर्वक बाँच्ने स्थितिलाई बोध गरिएको छ । यी रचनामा समाजमा राजनीतिक परिवर्तन आए पनि जनताको अवस्था नसुध्रिएको र जनताले दु:खकष्ट सहेर बाँचेको अवस्थाप्रति असन्तुष्टि भाव व्यक्त भएको पाइन्छ ।

## ५.१७ उत्तरआधुनिक युगचेतना

नेपाली साहित्यमा उत्तरआधुनिक चेतनाको प्रयोग दोस्रो विश्वयुद्धपछि भित्रिएको पाइन्छ । नेपाली लघुकथामा पनि उत्तरआधुनिक चेतना व्यक्त हुँदै आएको पाइन्छ । यस अध्ययनमा उत्तरआधुनिकतावादका आधारभूत मान्यता प्रस्तुत गरिएको छ । यस अध्ययनमा उत्तरआधुनिकतावादका आधारभूत मान्यताका बारेमा चर्चा गरिएको छ । नेपाली लघुकथामा उत्तरआधुनिकतावादी युगचेतनाको प्रयोगको अवस्थाको अध्ययनका लागि प्रविधि संस्कृति,

परम्परागत मूल्यको विघटन, अभिघात सिद्धान्त र वातावरणीय चेतनालाई प्रमुख विषय बनाएर अध्ययन गरिएको छ ।

## ५.१८ उत्तरआधुनिकतावादका आधारभूत मान्यताहरू

उत्तरआधुनिकतावाद दोस्रो विश्वयुद्धपछि विकसित साहित्यिक चिन्तन वा वाद हो । उत्तरआधुनिकतावाद छाता शब्द भएकाले यस अर्न्तगत अनेकन प्रवृत्ति रहेको पाइन्छ । गोविन्दराज भट्टराईले उत्तरआधुनिकतालाई चिनाउने क्रममा “पश्चिमतिर ‘पोस्टमार्डन’ शब्दलाई उत्तरआधुनिक शब्दलाई उत्तरआधुनिक नामले पुकारिन्छ । त्यससित सम्बन्धित अन्य शब्दहरू उत्तराधुनिक, उत्तरआधुनिकवाद, उत्तराधुनिक, लेखन, कला, चिन्तन आदि हुनेछन् । यसलाई परिभाषित गर्न उत्तर संस्कृति, उत्तर सभ्यता जस्ता पदहरू प्रयुक्त हुन्छन् ।” (भट्टराई. २०६१ : १९९) भनेका छन् । यसरी उत्तरआधुनिकतावादलाई अनेक नामले जनाइने गरिएको देखिन्छ ।

उत्तरआधुनिक शब्दको प्रयोगको प्रारम्भ बारेमा मोहनराज शर्माले यसरी प्रकाश पारेका छन् :

> “उत्तरआधुनिक शब्दको प्रयोग केही अघि (सन् १९३४) देखि भए पनि यसको वर्तमान अर्थमा खास प्रयोग ल्योतार्डबाट भएको हो....उनलाई नै उत्तरआधुनिकताको प्रथम र प्रभावशाली सिद्धान्तकार तथा व्याख्याकारको रूपमा लिइन्छ । उनको सन् १९७९ मा प्रकाशित तथा सन १९८४ मा अनूदित पुस्तक द पोस्टमार्डम कन्डिसन : ए रिपोर्ट अफ नलेज (मिनिसपोलिस : युनिभसिर्टी अफ मिनिसेटा प्रेस, १९९८) लाई उत्तरआधुनिकताको आधारग्रन्थ नै ठानिन्छ (शर्मा .२०६६ : १७) ।

उत्तरआधुनिकताको अध्ययनका सन्दर्भमा पाठको विपठन/विनिर्माण, विधामिश्रण, विधाभञ्जन र विधान्तरण हुन्छ । नारीवादी चेतना, औपनिवेशिक चेतना, जनजाति एवम् सांस्कृतिक चेतना, पाठकलाई अर्थनिर्माताका रूपमा प्रस्तुत गर्ने गरिन्छ । यसका साथै पर्यावरणीय चेतना, अभिघात सिद्धान्त, सन्दिग्धता सिद्धान्त, डायोस्पोरिक लेखन, परोक्ष यथार्थ आदि विविध नवसिद्धान्तको प्रयोग गरिएको पाइन्छ ।

## ५.१९ उत्तरआधुनिकतावादको विश्लेषण

नेपाली लघुकथा साहित्यका क्षेत्रमा उत्तरआधुनिक चेतनाको प्रारम्भ रत्न कोजूको **बूढो वर्तमान** (२०३९) कृति बाट भएको हो । उत्तरआधुनिक प्रवृत्तिअर्न्तगत पर्ने नारीवादी चेतना, प्रवासी जीवन भोगाई (डायस्पोरा) का सम्बन्धमा अध्याय चारमा विश्लेषण भइसकेको छ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा अभिव्यक्त उत्तरआधुनिक युगचेतनासँग सम्बन्धित अभिलक्षणहरू परम्परागत मूल्यको विघटन, नेपाली लघुकथामा

प्रविधि संस्कृति, नेपाली लघुकथामा अभिघात, नेपाली लघुकथामा वातावरणीय चेतना गरेर चार विषय सन्दर्भको अध्ययनको विश्लेषण गरिएको छ ।

### ५.१९.१ परम्परागत मूल्यको विघटन

परम्परागत मूल्यको विघटन उत्तरआधुनिकतावादको प्रमुख विशेषता हो । नेपाली लघुकथामा युगचेतना अन्तर्गत उत्तरआधुनिकताको अध्ययनका क्रममा परम्परागत मूल्यको विघटनलाई अध्ययनको विषय बनाइएको छ । समाजमा परम्परादेखि चल्दै गएका पारिवारिक सामाजिक मूल्यको अवमूल्यन गर्ने र आफ्नै किसिमले स्वच्छन्द भएर बाँच्न चाहने पुस्ता निर्माण भइरहेको छ । यसै क्रममा नेपाली समाजको पछिल्लो पुस्ताको क्रियाकलापलाई यस अध्ययनमा स्थान दिइएको छ । यस अध्ययनमा किशन थापा ‘अधीर’ को **रथका दुई पाङ्ग्रा,** टङ्कराम सुनुवारको **माइनस,** हरिहर पौडेलको **अभिनेता,** कृष्ण बजगाईको **परिवर्तन,** दिलीप सगर राईको **मीस पर्सनलिटी** र सुमन सौरभको **परिभाषा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) उसकी पत्नी एकाएक घर छोडेर माइत गइदिई....सामुन्ने ऊ उभिएपछि उसकी पत्नीले भनी-“तिम्रा बूढाबूढी बौआमाको सेवा गर्दागर्दा म आजित भइसकेँ । समाजरूपी रथका दुई नर र नारी दुई समान पाङ्ग्रा हुन् भन्थ्यौ नि । मैले त आफ्नो मातापिता तिमीसँग आएँ भने तिमीचाहिँ सक्तैनौ त्यस्ता बूढाबूढीलाई छाड्न ?” (थापा. २०६० : १४) ।

प्रस्तुत लघुकथांशमा कुनै पनि विवाहित महिलाले परम्परा अनुसार विवाह पछि पुरुषका घरमा गएर उसैसँग जीवन बिताउनु पर्ने चलन रहेकामा यहाँ पत्नीले आफ्नो पतिलाई आफ्ना बुबाआमाको घर छोडेर आफैसँग माइतमै बस्न भनेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यस रचनामा महिलाले परम्पराभन्दा भिन्न किसिमले आफ्नो जीवनलाई चलाउन चाहेको पाइन्छ । यहाँ श्रीमतीले श्रीमान्का घरमा बस्नुपर्ने परम्परागत मूल्यको विघटन भएको छ। यस रचनामा परम्परागत मूल्य विरोधी चेतना प्रस्तुत भएको छ ।

(ख) “भोलि : पनातिनीले लगाउने कपडाको फेसन एक पाउको हुनेछ वा माइनस एक पाउ हुनेछ । त्यो फेसनलाई पनि सबै नेपालीले रोहबरमा बसी बिनासंशोधन सर्वसम्मतिले सनाखत गरिनेछ । कारण, ‘माइनस-माइनस प्लस’ हुने सूत्रमा सबैको सहमति हुनेछ” (सुनुवार. २०६७ : ४६) ।

प्रस्तुत लघुकथांशमा महिलाको पोसाकको साइज विगतदेखि वर्तमानसम्म आइपुग्दा क्रमशः छोटो हुँदै गएको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ मानिसको जीवनशैली एवम् सामाजिक व्यवहार समयसँगै परिवर्तन हुँदै गएको र त्यसको प्रभाव महिलामा धेरै परेको विचार व्यक्त गरिएको छ । यस रचनामा नेपाली महिलाको जीवनमा परम्परागत मूल्य

क्रमशः क्षय हुँदै गएको प्रसङ्ग अभिव्यक्त भएको छ । यहाँ महिलावर्गको प्रदर्शनमुखी क्रियाकलापप्रति असहमतिको चेतना प्रस्तुत भएको छ ।

(ग) "एकदिन नाटकमै प्रयोग गरिएको मोटर र झन्डा लिएर त्यो अभिनेता राजधानीतिर हानियो । प्रत्यक्षदर्शीहरूले उसलाई सोझै सिंहदरबारभित्र छिरेको देखेँ । त्यसपछि ऊ आजसम्म त्यहाँबाट बाहिर निस्केको छैन । धेरै वर्षपछि अचेल आशङ्का ब्युँझेको छ-कतै त्यही अभिनेताले त देश चलाइरहेको छैन" (पौडेल. २०६२ : २५) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक नेताको क्षमतामाथि शङ्का गरिएको घटना प्रस्तुत गरिएको छ । यस रचनामा देशको लथालिङ्ग चालप्रति व्यङ्ग्य गर्न नाटकको अभिनेता मोटर र झन्डा लिएर सिंहदरबार पसेको र उसैले शासन चलाइरहेको आशङ्कालाई व्यक्त गरिएको छ । यसरी राजनीतिकर्मीका ठाउँमा अभिनेताले शासन चलाउनु परम्परागत मूल्यको विघटन हो । यहाँ राजनीतिकर्मीका अभिनेताजस्ता व्यवहारप्रति व्यङ्ग्य गर्न देश अभिनेताले चलाएको विचार प्रस्तुत गरिएको छ । यस रचनामा नेपाली राजनीतिक नेतृत्वको अक्षम क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(घ) रस चुसेर फालेझैं उसको लोग्नेले के फालिदिएको थियो त्यही झोंकमा सिन्दुर फालेर बाहिर निस्की....स्वतन्त्रताको उपभोग गर्न ऊ निपुण भइसकेकी थिई । त्यसैको प्रतिफल हो, ठूला ओहदा तथा घरानाका मानिसहरू, आफूले आफैलाई इज्जतदार ठान्नेहरू उसको अघिअघि लाग्न थाले । तिनीहरूसँग उठबस नै हुन थाल्यो । त्यस्ता मानिससँगको सङ्गतले आफ्नो प्रतिष्ठा वृद्धि भएको ठान्न थाली (बजगाई. २०६६ : ८०) ।

प्रस्तुत लघुकथांशमा एक महिलाले आफ्नो पारिवारिक जीवन समाप्त भइसकेपछि सम्पन्न मानिससँग सम्बन्ध बनाउने कार्य गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ उक्त महिलाले परम्परागत नैतिक मूल्यको घेराभन्दा बाहिरको सम्बन्धलाई आफ्नो इज्जत बढेको ठाने पनि त्यसले समाजमा स्वच्छन्द प्रवृत्ति एवम् क्रियाकलापलाई बढावा दिएको विचार व्यक्त गरिएको छ । यस रचनामा परम्परागत नैतिक मूल्यको ह्रासलाई प्रभावकारी किसिमले व्यक्त गरिएको पाइन्छ । यहाँ महिलाको पथभ्रष्ट क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ङ) "एक साप्ताहिक राष्ट्रिय पत्रिकामा मेरो गाउँकी एक चेली 'मिस पर्सनलिटी' उपाधि जितेर सुन्दरी प्रतियोगिताको समाचार छापियो....के जमाना आयो- विवाहित नारी पनि छोडपत्र गरेर मिस सुन्दरी हुँदारहेछन्" (राई. २०६९ : ३१) ।

प्रस्तुत लघुकथांशमा विवाहित नारी पनि छोडपत्र गरेर मिस सुन्दरी प्रतियोगितामा भाग लिएर मिस पर्सनलिटी भएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । सामान्यतः हाम्रो

समाजमा विवाह नभएकी कन्यालाई कुमारी भनिन्छ । यस लघुकथामा रहेकी महिला पात्रले विवाह गरी छोडपत्र गरेर पनि मिस सुन्दरी प्रतियोगितामा भाग लिई जितेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा उक्त नारी पात्रले परम्परागत मूल्यको उपेक्षा गरेको घटनालाई देखाइएको पाइन्छ । यहाँ महिलाको असमान्य क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(च) दुवै युवक जिल्ल परे । एउटा युवकले टेबुलछेउ गएर बाँकी रहेको कोक स्वाट्टै पाऱ्यो । एक लामो सर्को चुरोट तान्यो र सानो सिसाको झ्यालबाट थोरै पर्दा उघारेर पुलिस भ्यान लज परिसरबाट बाहिरिँदै गरेको हेर्दै मुस्कायो-रुढीवादी परिभाषामा केटी मात्र वेश्या हो, तँ होइनस्, फेरि आउलान् सालेहरू, ला पैसा लिएर तुरुन्त निस्किहाल् ।" (सौरभ. २०६८ : ७) ।

प्रस्तुत लघुकथांशमा समलैंगिक यौनसम्बन्ध देखाइएको छ । सामान्यतया वेश्या कर्म महिलाले पुरुषसँग पैसा लिएर उसको यौन चाहना पूरा गरेर गर्ने गर्दछन् । यस रचनामा एक पुरुषले पुरुषसँग समंलैगिंक यौन सम्बन्ध स्थापित गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा प्रहरीले होटलमा छापा मार्दा कोठामा पुरुष मात्र देख्दा फर्केर गएको, प्रहरी गएपछि ग्राहक पुरुषले यौनकर्मी पुरुषलाई पैसा दिएर त्यहाँबाट बिदा गरेको घटनालाई देखाइएको छ । यस रचनामा परम्परागत अवैध यौनकर्मको पनि सीमा उल्लङ्घन भएको छ । बढ्दो उपभोक्तावादसँगै मानिसमा विभिन्न किसिमका विकृति आउन थालेका छन् । यसै प्रसङ्गमा पुरुष समलैङ्गिक यौन व्यवसायलाई पनि प्रस्तुत गरिएको छ । यहाँ परम्परागत भिन्न चिन्तन एवम् क्रियाकलाप प्रस्तुत गर्ने क्रममा समलैङ्गिक जीवनको चेतना अभिव्यक्त भएको छ ।

यसरी नेपाली लघुकथामा उत्तरआधुनिकता अर्न्तगत परम्परागत मूल्यको विघटनलाई पनि विषय बनाइएको छ । समाजमा बढ्दो सहरीकरण एवम् उपभोक्तावादको विकाससँगै मानिसमा विभिन्न खाले चिन्तनको विकास हुँदै आएको छ । समाजमा नयाँ मूल्य बन्ने र परम्परागत मूल्य विघटन हुने क्रममा छन् । यसै क्रममा परम्परागत मूल्यको विघटनसँगै नेपाली समाजमा आएको एक प्रवृत्ति विशेषलाई अध्ययनको विषय बनाइएको छ ।

### ५.१९.२ प्रविधिसंस्कृति

नेपाली लघुकथामा उत्तरआधुनिक चेतनाअर्न्तगत अध्ययनको प्रमुख विषय प्रविधि संस्कृति वा प्रविधि चेतना हो । यी रचनामा प्रविधि र प्रविधिको विकाससँग मानव जीवनको सम्बन्धलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा प्रविधिलाई मानिसले कुन रूपमा लिएको छ र प्रविधिले मानव जीवनलाई कसरी प्रभावित गरेको छ भन्ने विषय प्रमुख विषय सन्दर्भ

मानिएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटीको **साइबर प्रेम,** रवीन्द्र समीरको **नवसंस्कृति,** कृष्ण शाह यात्रीको **नयाँ युग,** सुमन सौरभको **रोबोट** र सरूभक्तको **समयसीमा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) रूपनारायण साइबर प्रेमी....साइबरमा राखिएको उसको तस्विर, नाम र परिचय भने छद्मभेषी थिए । यस मामिलामा उता रीना पनि ऊभन्दा एक इन्च दाँयाबाँया थिइन, ठ्याक्कै प्रतिलिपि नै थिई....निर्धारित समय र स्थानमा दुवैजना हाजिर भए, जहाँ अरू कसैको चालचुल थिएन, केवल थिए, हुलिया मिलेका, सँगै बाँच्ने, सँगै मर्ने कसम खाएका प्रेमीप्रेमिका अर्थात् सहोदर दाजुबहिनी (शिवाकोटी. २०७० : १५९-१६०) ।

प्रस्तुत लघुकथांशमा आफ्नो गलत परिचय राखेर फेसबुकमा साथी बनाउने युवायुवतिको कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ फेसबुकमा नकली परिचय राखेका युवायुवतिको वार्तालाप पछि बनेको मित्रता प्रेममा परिणत भएर भेटघाट गर्ने क्रममा पुगेको र भेटघाटका क्रममा ती दुवै सहोदर भाइबहिनी भएको रहस्य खुलेको सन्दर्भलाई विषयवस्तु बनाएको छ । यस रचनामा प्रविधिको गलत प्रयोगले मानिसको जीवनमा नराम्रो प्रभाव पर्न जाने विषयलाई प्रस्तुत गरिएको छ । यहाँ प्रविधिको गलत प्रयोग गर्ने प्रवृत्तिप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) "बच्चा निकै रोयो । बूढा बाजेले काखमा लिएर थपथपाउँदै फुल्याउन थाले-हरे राम, हरे कृष्ण, कृष्ण, कृष्ण, कृष्ण, चुनु गर....! चुनु...!....उनको मातृत्वको पनि दाल नगलेकाले उनलाई दिक्क लाग्यो । अन्त्यमा कान्छी नन्दले टेलिभिजनमा कार्टुन लगाइन् । फुच्चे कलिला दाँत देखाउँदै खितितिति हाँस्न थाल्यो" (समीर. २०६९ : ७१) ।

प्रस्तुत लघुकथांशमा प्रविधिको प्रभाव बालबालिकामा समेत परेको प्रसङ्ग आएको छ । यस रचनामा सानो बालक टेलिभिजन लगाउँदा खुसी हुनुले उसमा प्रविधिप्रति आकर्षण भइसकेको देखिन्छ । यहाँ वर्तमानमा नवपुस्ता प्रविधिको दास भएको र यसको प्रभाव साना बालकमा पनि पर्न लागेको स्थितिलाई बोध गरिएको छ । यस रचनामा नवपुस्ताको प्रविधि संस्कृतिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) सन् ३०१२ मा मानिसहरूका सबै काम रोबोटले गर्न थाल्यो....सबै काम रोबोटले गरिदिने भएपछि मानिसहरू अल्छी हुँदै गए....अन्ततः रोबोटहरूले एउटा निर्णय पारित गरे । त्यो निर्णय थियो-"अब मानिसहरू म्युजियम र 'जु' भित्र राख्ने ।" केही मानिसहरूले यस कुराको विरोध गरे । उनीहरू मारिए, बाँकी मानिसहरू रोबोटले

पठाएको ठाउँमा गए । त्यस दिनदेखि पूर्ण रूपमा रोबोट युग सुरु भयो (शाह. २०६९ : ३९-४०) ।

प्रस्तुत लघुकथांशमा भविष्यमा प्रविधिको अत्यधिक विकासले मानिसहरू अल्छी हुँदै जाने र उनीहरू परजीवी हुने अवस्था बोध गरिएको छ । यहाँ मानिस कुनै काम नलाग्ने भएपछि रोबोटले मानिसको स्थान ग्रहण गर्ने, म्युजिम र जु भित्र राखिने, बाँकीलाई मारिने लगायतका घटना हुने जाने अवस्था प्रस्तुत गरिएको छ । यस रचनामा भविष्यमा रोबोट युग प्रारम्भ हुने र मानिसको अस्तित्व हराउने कल्पना गरिएको छ । यहाँ मानिसको प्रविधिप्रतिको अत्यधिक मोहप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) रोबोटलाई मान्छे बनाएर मलाई केही फरक पर्ने थिएन, मैले मान्छे बनाइदिएँ....उसमा भएका प्रेम, आनन्द, सहयोग, दया, कृतज्ञता क्रमशः विलीन हुँदै गए । त्यसको बदला ऊ ईर्ष्या, घृणा, सन्तापहरूले ढाकियो र चिन्नै नसकिने भयो...ऊ घाइते थियो, छोई हेरेँ, बिरामी पनि थियो । उसप्रति दया लाग्यो र सोधेँ- “मान्छे बन्न पाउँदा अति रमाएका थियौ रोबोट, के भयो ?” उसले आँखा चिम्लियो र दुःखपूर्ण आवाजमा भन्यो-“धत् मान्छे पनि बन्नु ? म रोबोटमै ठीक छु, दया गरी मलाई रोबोट नै बनाइदिनुस् ।” (सौरभ. २०६८ : ४६) ।

प्रस्तुत लघुकथांशमा रोबोटलाई मानिस बनाउँदा उसले मानव जीवनका सङ्घर्षका साथै मानवीय विकृतिको प्रभावमा परेर दिक्क भएको र पुनः रोबोट बन्न चाहेको कुरालाई व्यक्त गरिएको छ । यहाँ रोबोटलाई पात्रको रूपमा प्रस्तुत गरिए पनि वास्तवमा मानव जीवनका विकृति विसङ्गतिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त गरिएको छ ।

(ङ) नबितेका भूतकालहरूमा जन्मेका अन्य बालबालिकाहरूलाई झैं ऊ पनि आमाको पाठेघरमा Wombie भन्ने कम्प्युटर गेम्स खेल्ने छ, कम्प्युटर अवलोकित आमाका प्रसव अङ्गीय मांसपेशीका अवस्थाहरू अध्ययन गर्ने छ र पाठेघर कम्प्युटरको निर्देशनमा उपयुक्त समयसीमा ननघाई आमाको शरीरबाट बाहिर निस्कने छ ..... यता उसले छोडेको पृथ्वीमा समयबाट समयतालिकाको इतिहास लेख्दा कम्प्युटको भाषा यस्तो हुनेछ, ऊ जन्म्यो, तर ऊ जन्मेको छैन (सरुभक्त. २०७१ : ८६-८७) ।

प्रस्तुत लघुकथांशमा मानवजीवनमा प्रविधिको अत्यधिक प्रयोगले व्यापक प्रभाव पर्ने विचार सम्प्रेषण गरिएको पाइन्छ । यस रचनामा आमाको पेटमा रहेको बच्चाले आमाको शरीरको अवस्था अध्ययन गर्ने र उपयुक्त समयमा मात्र धर्तीमा आउने एवम् उसको जन्मका बारेमा कम्प्यूटरमा दोहरो अर्थ लाग्ने भाषा लेखिने विचार व्यक्त गरिएको छ । उत्तरआधुनिक चेतनाले अनिश्चितताको कुरा उठाउँछ । यस रचनामा पनि सोही विषयलाई

पुष्टि गर्ने क्रममा ऊ जन्म्यो, ऊ जन्मेको छैन भन्ने वाक्य प्रयोग गरिएको छ । यहाँ प्रविधि चेतना व्यक्त भएको छ ।

**५.१९.३ अभिघात**

अभिघातले भौतिक तथा आत्मिक कुनै पनि माध्यमबाट मान्छेमा पर्न सक्ने आन्तरिक र बाह्य जुनसुकै पनि चोटको प्रकटीकरणको स्थिति बुझाउँछ । चिकित्साविज्ञानमा प्रयोग गरिएको यो शब्द पछि साहित्य क्षेत्रमा पनि प्रचलनमा आयो । यसप्रकारको आघातमा परेका मानिसमा मनोविचलनका साथै जटिल प्रवृत्तिको प्रस्तुति भएको विक्षिप्तता, संवेगात्मकता र सन्काहापनका लक्षणहरू देखिन्छन् ।

राजेन्द्र सुवेदीले अभिघातको सैद्धान्तिक नवव्याख्याका सन्दर्भमा चिन्तनको आरम्भ सन् १९७५ पछिका समालोचकहरूको चिन्तन यसतर्फ अभिमुख भएको कुरा किस्ट क्यारोल (१९८६) को लेखनले प्रस्तुत गरेको छ (सुवेदी. २०६८ : ६) । यस चिन्तनलाई अभिघात, सङ्घात, आघात वा व्याघातका नामबाट चिनिन्छ । नेपाली समालोचनाका क्षेत्रमा यसलाई अभिघात सिद्धान्तका नामबाट अध्ययन गरिएको पाइन्छ ।

सामान्यतया मानिसमा अभिघातका दुई खाले तहहरू देखापरेका छन् । एउटा शस्त्र अभिघात र अर्को आत्माभिघात । शस्त्र अभिघातले गर्दा मानिसले बाह्य आक्रमणका भयको शिकार बन्दछ । आत्माभिघातमा मानिस आन्तरिक भयको सिकार बन्दछ । यो विधिको प्रयोग प्रारम्भमा चिकित्साविज्ञानका क्षेत्रमा हुँदै आए पनि ईस्वी १९७५ पछिका वर्षहरूमा साहित्य लेखन एवम् समालोचनाका क्षेत्रमा समेत अध्ययन हुन थाल्यो । साहित्यका क्षेत्रमा यसलाई अभिघात सिद्धान्तका रूपमा अध्ययन गरिएको पाइन्छ ।

मूलतः युद्धबाट उत्पन्न भय, त्रास, यातना, विस्थापन र मृत्युका कारण सिर्जना भएको आघात, व्यक्तिगत पारिवारिक, सामाजिक र सार्वजनिक घृणा र हिंसाबाट भोग्नुपरेको आघात, आत्मीय जनबाट पाएको धोकाका कारण उत्पन्न आघात, माता, पिता र श्रद्धेयजनसँग सम्बन्ध बिग्रनाले जन्मिएको आघात, आफूले गरेको अपराधबोधबाट उत्पन्न आघात, लागु पदार्थ सेवन, श्रमविनिमय शरणार्थी विनिमय, अस्तित्वको संकट, महत्त्वकाकाङ्क्षाबाट उत्पन्न आघात, आवेग र उत्तेजनाका कारण उत्पन्न आघात तथा बहुगामी, बलात्कार, यौनक्षमताको ह्रासका कारण उत्पन्न आघातबाट अभिघात उत्पन्न हुन्छ । यो एककिसिमको मनोरोग हो । अभिघातको सिकार भएको मानिस आफै असफलताको शिकार बनेको हुन्छ । सामान्यतया अभिघातलाई व्यक्तिगत वा आन्तरिक आभिघात तथा राजनीतिक एवम् सांस्कृतिक अभिघात गरेर दुई प्रकारमा विभाजन गरिएको पाइन्छ ।

नेपाली साहित्यमा पछिल्लो समयमा अभिघात अध्ययन गर्ने कार्य प्रारम्भ भएको छ । यसै क्रममा नेपाली लघुकथामा अभिव्यक्त अभिघातको अध्ययन गरिएको छ । यस अध्ययनमा हरिहर पौडेलको **लुङ्गी,** जगदीश घिमिरेको **शुभचिन्तकहरू,** सिन्धु गौतमको **जिज्ञासा,** दिलीप शाहको **राक्षस** र कृष्ण शाह यात्रीको **निर्णय** लघुकथाको विश्लेषण गरिन्छ :

(क) भनिन्थ्यो, ऊ जन्मँदा लुङ्गी ओछ्याइएको थियो.....अचानक सम्पत्ति छानविन हुँदा स्रोत नखुलेपछि समातियो । जेलमा बसुन्जेल लुङ्गी नै लगाएर बस्यो । बिरामी हुँदा डाक्टरकोमा वा हस्पिटलमा जानु पर्दा वा तारेकमा अदालत धाउनु पर्दा त्यही लुङ्गीको एक छेउमै अनुहार छोप्थ्यो । एकदिन लुङ्गीकै पासो लगाएर झुन्डिएको उसको शरीर भेटियो (पौडेल. २०६२ : ३४) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्रले आन्तरिक अभिघातका कारण आत्महत्या गरेको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ उसले आफ्नै अपराधबोधबाट ग्रसित भएर उसले जीवन समाप्त गरेको घटनालाई अभिव्यक्त गरिएको छ । यस रचनामा राज्य एवम् समाजविरोधी क्रियाकलाप गर्ने मानिसको अन्त्य दुःखदायी हुने विचार व्यक्त गरिएको छ । यहाँ अपराध विरोधी चेतना व्यक्त भएको छ ।

(ख) ऊ शुभचिन्तकहरूको बथानले घेरिएको हुन्छ, जसरी सङ्लो खोलाको माल जालको गोटीले घेरिएको हुन्छ .....शुभचिन्तक नं १ ले भन्नुभयो- "तिम्री पत्नी ठीक छैनन्, छोडिदेऊ ।" उसले त्यागिदियो....शुभचिन्तक नं ५ ले भन्नुभयो- "तिमीजस्तो असल मान्छेले यस वाहियात संसारबाट चाँडै मुक्ति प्राप्त गर्नुपर्छ ।" उसले आत्महत्या गऱ्यो । अनि सबै शुभचिन्तकहरू मिलेर उसको सिनुको सिरुवा बनाउनुभयो (घिमिरे. २०६६ : ७६-७७) ।

प्रस्तुत लघुकथांशमा दोहरो अभिघातलाई प्रस्तुत गरिएको छ । ऊ पात्र आफ्ना शुभचिन्तकको अति विश्वास एवम् आफ्नै मानसिक दुर्बलताका कारण आत्महत्या गर्न पुगेको स्थितिलाई व्यक्त गरिएको छ । ऊ पात्रमा निराशाका कारण अभिघात आएको छ भने शुभचिन्तकहरूमा ईर्ष्यालु स्वभाव तथा परपीडक चरित्रका कारण अभिघात आएको छ । यहाँ वर्तमानमा मानिसको अविश्वसनीय चरित्र एवम् धोकेबाज प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ग) उसले जन्मेदेखि नै आफ्नो बाबुलाई भेटेको छैन । उसलाई सम्बोधन थाहा छ, तर स्नेह थाहा छैन बाबुको । बुझ्ने भएपछि सोधेको थियो एकपटक आमासँग-मेरो बुबा खै ? भनेर । आमाको रुवाइ सम्झेर होला फेरि कहिल्यै सोधेन उसले प्रश्न....'त्यै त यति सुशील स्वास्नी, फूलजस्तो छोरो छोडेर कसरी जान सकेको होला त्यो प्रकाश पनि त्यस्ती नखरमाउलीसँग ?' उसले पहिलोचोटि सुन्यो आफ्नो

बाबुको नाम प्रकाश भनेर । उसलाई मन परेन त्यो नाम....(गौतम. २०६८ : ६९-७०) ।

प्रस्तुत लघुकथांशमा पारिवारिक विघटनका कारण उत्पन्न अभिघातलाई प्रस्तुत गरिएको छ । यहाँ सानो छँदा बाबुका बारेमा थाहा नपाएको बालकले अलि ठूलो भएपछि आमासँग जिज्ञासा राखेको, आमाको रुवाइपछि उसले प्रश्न सोध्न नै बन्द गरेको, टोलका मानिसको कुराकानीबाट आफ्नो बाबुको नाम सुने पनि उसमा कुनै जिज्ञासा उत्पन्न नभएको र उसलाई त्यो नाम पनि मन नपरेको प्रसङ्गलाई व्यक्त गरिएको छ । यस रचनामा आमा र छोरा दुवैमा अभिघात देखिएको छ । लोग्नेले अर्को विवाह गरेर गएपछि छोराछोरी सहित एक्लै बस्नुपर्दा आमामा अभिघात भएको छ भने छोरामा बाबुका बारेमा थाहा नभएको एवम् आमाको दुःखद जीवनका कारण अभिघात उत्पन्न भएको छ । यस रचनामा आफ्ना घरपरिवारका सदस्यलाई पीडामा राखेर नयाँ जीवन शुरु गर्ने पात्रको क्रियाकलापप्रति घृणात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) पाँच वर्षको अन्तरालपछि वंश कायम गर्ने र बाबुआमालाई सीधै स्वर्गमा वास गराउने छोराको जन्म भएको छ । यस खुसीमा फ्रकसम्म लगाउन नसक्ने छोरीलाई हेर्नेसम्म फुर्सद छैन....मनिषा कोठामा गएर कापी र पेन्सिल निकाल्छे र केरमेट गर्न थाल्छे । केरमेट गर्दागर्दै राक्षसको आकार बन्छ । सायद बाबुआमामध्ये कुनै एकले भनेको दन्त्यकथाको राक्षस थियो होला (शाह. २०६६ : ३५-३६) ।

प्रस्तुत लघुकथांशमा मनिषा नामक बालिकामा आमाबाबुले भाइको जन्म भएपछि आफ्नो वास्ता गर्न छोडेपछि अभिघात उत्पन्न भएको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा मनिषाले आफूलाई मानसिक तनाव उत्पन्न भएपछि आफ्नो असन्तुष्टि विभिन्न किसिमले व्यक्त गरेको सन्दर्भ व्यक्त गरिएको छ । यस रचनामा परम्परागत मूल्य एवम् मान्यताप्रति प्रहार गरिएको छ । यहाँ बालिका मनिषा पात्रका माध्यमबाट लैंङ्गिक विभेद विरोधी चेतना व्यक्त भएको छ ।

(ङ) उनी निकै रूपवान् थिइन् । त्यसै उनलाई देख्नेहरू संसारकै सबभन्दा सुन्दर युवति भन्ने गर्थे । विश्वसुन्दरीको ताज पहिरेपछि उनको चर्चा झन् बढ्यो....एकदिन उनी कारको ठूलो दुर्घटनामा परिन् । संयोगले उनी बाँचिन् । उनको उपचार त भयो, तर उनले आफ्नो पहिलाको रूप गुमाइन्.....त्यसपछि उनले विश्वसुन्दरीको उपाधि त्यागिन् अनि उनी मान्छेको अनुहार हेर्न नपरोस् भनी जंगल पसिन् (शाह. २०६९ : ६५-६६) ।

प्रस्तुत लघुकथांशमा महिलाको जीवनमा कार दुर्घटना पछि अभिघात प्रारम्भ भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ युवतिको जीवन रक्षा भए पनि पुरानो सुन्दरता, मान

सम्मान गुमाउनुपर्दा अभिघात उत्पन्न भएको छ र सारा समाज छोडेर जंगल पस्नु परेको छ । यस रचनामा परम्परागत समाजमा प्राप्त मानप्रतिष्ठाको विघटनसँगै सुन्दरीको व्यक्तित्वमा विचलन भएर हृदयमा गहिरो चोट परेको घटनालाई व्यक्त गरिएको छ । लघुकथांशमा मानिसको योग्यताको मापन उसको क्षमताभन्दा पनि भौतिक आवरणलाई मान्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

नेपाली समाजमा आएका विभिन्न परिवर्तनले लघुकथा रचनामा प्रभाव पारेको छ । पारिवारिक विघटन, युद्धजन्य गतिविधि र सामाजिक प्रतिष्ठाको क्षयीकरणका घटनाले अभिघात उत्पन्न भएको छ । नेपाली लघुकथाको विकास साठीको दशकपछि व्यापक हुँदै आएको सन्दर्भमा लघुकथा रचनामा पनि विभिन्न विचार, दृष्टिकोण प्रस्तुत हुँदै आएका छन् । यस सन्दर्भमा अभिघात अध्ययनलाई पनि अध्ययनको विषय बनाइएको छ ।

### ५.१९.४ वातावरणीय चेतना

नेपाली लघुकथामा उत्तरआधुनिक चेतना अर्न्तगत अध्ययनको प्रमुख विषय वातवरणीय चेतना पनि हो । नेपाली साहित्यमा वातावरणीय चेतनासँग सम्बन्धित समालोचना प्रारम्भ भएको धेरै समय भएको छैन । वातावरणीय समालोचनालाई परिभाषित गर्ने क्रममा लक्ष्मणप्रसाद गौतमले आफ्ना दृष्टिकोण यसरी प्रस्तुत गरेका छन् "मानवेतर जगत् वा पशु पङ्क्षी, वनस्पति आदि विविध वातावरणीय पक्षमा लेखिएका कृति/पाठलाई हेर्ने तदनुरूपको सिद्धान्तमा आधारित समालोचनालाई वातावरणीय वा परिवृत्तीय समालोचना भनिन्छ" (गौतम. २०६६ : ५२) । मानव जीवन भन्दा भिन्न रहेका तर मानवको जीवनको वरिपरि रहेका वनस्पति एवम् पशुपङ्क्षीको अध्ययनलाई यसले प्रमुख विषय बनाउँछ । यस अध्ययनमा पशुपङ्क्षी एवम् वनस्पति, प्रकृतिसँग सम्बन्धित विषयलाई लिइएको छ । यस अध्ययनमा टंकराम सुनुवारको **उन्मुक्ति,** बी. थुलुङको **माटोको माया,** रत्न कोजूको **तर त्यो फर्केन,** रवीन्द्र समीर **हिउँको त्रिशूल,** सरुभक्तको **प्रकृति र मान्छे** एवम् महेश प्रसाईको **एउटा फूलको अन्त्य** लघुकथाको विश्लेषण गरिएको छ :

(क) हात्ती : जङ्गलमा स्वतन्त्रतापूर्वक जीवनयापन गर्ने हामीहरूलाई मानवहरूले पर्यटक घुमाउने, हात्तीपोलो खेलाउने काममा सास्ती दिइरहेका छन् । अजङ्ग शरीरलाई सीमित खाना दिएर भोकभोकै काममा जोताइरहेका छन् । कहिलेसम्म सहनु यस्तो यातना ? त्यसकारण स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार पाउनैपर्छ (सुनुवार. २०६७ : ५०) ।

प्रस्तुत लघुकथांशमा मानिसले पशुहरूको अधिकार हनन गर्ने कार्य गरेकोमा सो कार्यप्रति हात्तीद्वारा प्रश्न उठाएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ हात्तीले आफूहरू

स्वतन्त्र भएर बाँच्न पाउनुपर्ने माग राखेको अवस्थाबोध गरिएको छ । यहाँ वातावरणीय एवम् पशुअधिकारको चेतना सशक्त किसिमले प्रस्तुत भएको छ ।

(ख) वर्षैपिच्छे अविरल वर्षादले निम्त्याएको बाढी, पहिरोदेखि आशबहादुर दिग्दार छ । बाजेबाबुको पालामा खेतबारीमा लगाएको गोबरजन्य कम्पोस्ट मल माटैसहित भलले बगाइ दिनाले बालीनाली जति फल्नुपर्ने हो फलेन । आफ्नो पालामा पनि उही खेत-बारीमा लगाएको युरिया, डी.ए.पी. र पोटास सबै भलले नै बगाइदिनाले बालीनालीको आस कसरी गरोस् ? त्यसैले ऊ हैरानहैरान छ यो बर्साद, भल, बाढी र पहिरोसँग (थुलुङ. २०६२ : ६०) ।

प्रस्तुत लघुकथांशमा मानिसले वृक्षारोपण नगरेका कारण प्राकृतिक प्रकोप आउने गरेको एवम् जनताले दुःख पाएको स्थिति वर्णन गरिएको छ । यहाँ प्रकृतिको संरक्षण गर्नुपर्ने चेतना व्यक्त भएको छ ।

(ग) "खडेरीले त्यस ठाउँको माटो नै हाँडीमा भुटेको जस्तो भइसकेको थियो । रूखबिरूवा सबै नाङ्गिइसकेका थिए । खान त के पिउनका नाममा मूल समेत सुकिसकेको थियो" (कोजू. २०३९ : २१) ।

प्रस्तुत लघुकथांशमा मानिसको जीवनको सङ्कटलाई प्रस्तुत गरिएको छ । लघुकथामा प्राकृतिक विनाशका कारण मानिसको जीवनमा परेको प्रभावलाई प्रस्तुत गरिएको छ । यहाँ वातावरणीय चेतना प्रस्तुत भएको छ ।

(घ) "प्रभातको उत्तरार्द्धमा वर्षा, घाम र इन्द्रेणी युगवत् सशरीर उपस्थित भए । हेर्दाहेर्दै वर्षा र इन्द्रेणी अन्तर्ध्यान भए । भूगोल घामका किरणले पुछिएर टिलिक्क टल्कियो । आँखाहरू विकिरणको माध्यमले क्षितिजमा टाँसिए । धेरै दिनपछि आज शरीर चङ्गा भयो" (समीर. २०६२ : १७) ।

प्रस्तुत लघुकथांशमा प्राकृतिक संसारलाई प्रस्तुत भएको छ । यहाँ वातावरणको वर्णनका माध्यमबाट वातावरणीय चेतना प्रस्तुत भएको छ ।

(ङ) "मानिसहरूका कुरा सुनेर प्रकृति दुःखी बनिन् । उनले एकदिन सपनामा मानिसहरूलाई भनिन्- हे मानिस हो ! म तिमीहरूको शत्रु होइन । मानिसहरू नै मानिसको शत्रु हुन्....याद गर, तिमीहरूले मेरो उचित संरक्षण गरे तिमीहरूको पनि संरक्षण हुन्छ, तिमीहरूले मेरो विनाश गरे तिमीहरूकै विनाश हुन्छ" (सरुभक्त. २०७१ : १४३) ।

प्रस्तुत लघुकथांशमा प्रकृतिले मानिसलाई सजग तुल्याउन आफ्ना विचार व्यक्त गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यस रचनामा मानिसले प्रकृतिको संरक्षण गरे उसको जीवन सफल हुने वातावरणीय चेतनालाई सशक्त किसिमले व्यक्त गरिएको छ ।

(च) "प्रकृतिको रमणीय धरातलमा एउटा सुन्दर बगैँचा थियो । बगैँचामा तीन सुन्दर फूलहरू थिए, परस्पर  मुस्कुराइरहेका । सृष्टिको सर्वश्रेष्ठ रचनामा आधारित यी फूलहरूको बेग्लाबेग्लै विशेषता थियो । बेग्लाबेग्लै  नियति थियो । धर्तीका सबै फूलपारखीहरू यी तीन किसिमका प्रकृतिरचनालाई देखेर आह्लादित थिए" (प्रसाई. २०६८ : २८) ।

प्रस्तुत लघुकथांशमा प्राकृतिक बिम्ब प्रस्तुत गरिएको छ । यस रचमा प्रकृतिको सौन्दर्यबाट मानिसमा परेको सकारात्मक प्रभावलाई कुशलताका साथ प्रस्तुत गरिएको छ । यहाँ प्राकृतिक चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा उत्तरआधुनिक चेतनाको अध्ययनका निष्कर्ष यस प्रकार रहेका छन् :

(क) नेपाली लघुकथामा परम्परागत मूल्यको विघटनसँग सम्बन्धित घटनालाई विषय बनाइएको पाइन्छ । नेपाली लघुकथामा नवसंस्कृतिको नाममा मौलाएको विकृतिप्रति असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

(ख) नेपाली लघुकथामा प्रविधि संस्कृतिका विषयमा रचना सिर्जना गरिएको पाइन्छ । लघुकथा रचनामा नेपाली समाजमा प्रविधि संस्कृतिले पारेको प्रभावलाई प्रस्तुत गर्नाका साथै प्रविधि संस्कृतिका नाममा मौलाएका नकारात्मक पक्षप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको पाइन्छ ।

(ग) नेपाली लघुकथामा अभिघातलाई विषय बनाइएको पाइन्छ । नेपाली समाजमा विभिन्न कारणले अभिघातमा परेका नागरिकको जीवनलाई प्रस्तुत गर्नुका साथै मानवीय जीवनका विकृतिजन्य क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

(घ) नेपाली लघुकथामा वातावरणीय चेतना अभिव्यक्त भएको पाइन्छ । नेपाली समाजमा वातावरण र प्रकृतिप्रतिको सचेतनाको अभावका कारण मानव जीवनमा विभिन्न समस्या उत्पन्न भएको अवस्थालाई बोध गरिएको छ । लघुकथा रचनामा नेपाली समाजको वातावरणीय चेतनाको अभाव एवम् मानवीय असचेतताप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको पाइन्छ ।

### ५.२० नारीवादी युगचेतना

नारीवाद महिलाहरूको मुक्ति आन्दोलन सँग जोडिएको आन्दोलन हो । पश्चिमी मुलुक भएर दक्षिण एसियामा नारीवादी आन्दोलन अघि बढेको पाइन्छ । यो अध्ययन नारीहरूको अधिकारप्राप्तिका लागि गरिने बौद्धिक अध्ययन  हो । इतिहासका विभिन्न समयमा पुरुषहरुले गरेको शोषणबाट महिलाहरू पीडामा बाँच्न बाध्य भए । आफूले भोगेको शोषणका विरूद्ध नारीहरूले सङ्घर्ष गर्नुपरेको पाइन्छ । समाजका हरेक क्षेत्रमा पुरुषको वर्चस्व स्थापित भएपछि नारीहरू सत्ता र शक्तिबाट वञ्चित भए । लैङ्गिक विभेदका कारण सामाजिक जीवनका हरेक क्षेत्रमा नारीहरू पछि पर्दै गए । नारीवादी अध्ययनले पुरुषवादी चिन्तनलाई स्वीकार गर्दैन । यसले नारीका पक्षमा नयाँ बाटाको खोज आरम्भ गर्दछ । नारीसँग नभएका पुरुषसँग भएका कुरा नारीको अयोग्यता मानिन्छ भने पुरुषसँग नभएका कुराका लागि पुरूषको अयोग्यता मानिँदैन । यस्तो विभेदपूर्ण व्यवहारप्रति नारीवादले असहमति जाहेर गर्छ । यो दृष्टिकोण समाजका विभिन्न क्षेत्रहरूसँगै साहित्यको क्षेत्रमा पनि सशक्त रूपमा विकसित हुँदै आएको पाइन्छ ।

### ५.२१ नारीवादका आधारभूत मान्यता

नारीवादले नारीको पक्षमा बोल्ने साहित्यसँग सम्बन्ध राख्दछ । यो नारीको हितमा नारी एवम् पुरुष दुवैले सिर्जना गरेको साहित्य हो । यसै सर्न्दभमा सुधा त्रिपाठी (२०६८) ले नारीवादलाई यसरी परिभाषित गरेको पाइन्छ, 'समाजमा एवम् साहित्यमा भएको महिलाको उपस्थितिलाई पुनःपरिभाषित गर्ने तथा नयाँ कोणबाट महिलाको उपस्थिति दिने कुरा नै नारीवादी साहित्य हो भनेर बुझ्न सकिन्छ ।' (त्रिपाठी. २०६८ : ७३) । उनले नारीवाद समाजको घेरामा मात्र सीमित नरहेको र यसले बौद्धिक क्षेत्रमा पनि आफ्नो उपस्थिति जनाएको विचार व्यक्त गरेकी छन् ।

नारीवादी अध्ययनका विभिन्न धाराहरू रहेको पाइन्छ । नारीवादी अध्ययनका मूल, सहायक र अन्य गरेर तीन धाराहरू रहेका छन् । मूल धारामा उदार नारीवाद, आमूल नारीवाद, मार्क्सवादी नारीवाद र समाजवादी नारीवाद रहेका छन् । सहायक धारामा मनोविश्लेषणात्मक, उत्तरसंरचनावादी र उत्तरआधुनिक गरेर तीन धारा रहेका छन् । अन्य धारामा जाति/जनजातिगत सांस्कृतिक नारीवादी धारा, कालावादी, काला नारी समलैङ्गिक, उत्तरउपनेशवादी, उत्तरनारीवादी, नारीवादी तेस्रो धार आदि रहेका छन् ।

यस अध्ययनका लागि नारीवादका मूल धारका बारेमा चर्चा गर्नु उपयुक्त देखिन्छ । नारीवादका चार वटा धारमध्ये उदार नारीवाद विश्वमा सबैभन्दा परिचित रहेको छ । यसले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकतामाथि गहिरो चासो राख्दछ  । सामाजिक बन्धनबाट मुक्ति सरकार, राज्य एवम् सांस्कृतिक रीतिथिति तथा दुराग्रहबाट मुक्ति चाहन्छ । उदार

नारीवादको दृष्टिकोणको केन्द्रबिन्दु नागरिकता र पुरुषसँगको बराबरीका कुरा हो । यसै सन्दर्भमा सुधा त्रिपाठी (२०६८) को विचार यसरी प्रकट भएको छ :

> उदार नारीवाद महिलाहरू पुरुषभन्दा भिन्न छैनन् तापनि उनीहरूलाई लिङ्गकै आधारमा अवसर दिनबाट वञ्चित गरिन्छ भन्ने कुरा अघि सार्दछ ।....महिलालाई उचित सामाजिक हैसियत प्राप्त गराउनका लागि राज्यले नै हस्तक्षेपकारी नीति अंगाल्नु पर्छ भन्दै उदार नारीवाद राज्य पक्षमाथि भर पर्छ । उनीहरू व्यक्तिगत अधिकार र स्वतन्त्रतालाई प्रमुख मान्दै समाजमा वर्तमान स्वरूपभित्रै परिवर्तन खोज्दछन् जसले उनीहरूलाई सुधारको घेराभित्र सीमित गर्दछ (त्रिपाठी. २०६८ ७५) ।

उदार नारीवादले महिलाको हकहितको कुरा जतिसुकै उठाए पनि यो परम्परागत पितृसत्तात्मक संरचनाभित्र सीमित रहेको छ । जनता र राजनीतिक अत्याचारलाई देखाउने उदार नारीवादले घरेलु अत्याचारलाई पृथक् राखेकोमा आलोचना खेपेको छ । उदार नारीवादीहरूको वाक्स्वतन्त्रताको कुराले पनि उनीहरू र अन्य नारीवादीहरू बीचमा विरोध बढाएको छ । उदार नारीवादीहरूको पूर्ण वाक्स्वतन्त्रताको कुराले महिला केन्द्रित अश्लीलतालाई समेत प्रश्रय दिएको छ । यसले मूलतः महिलाको व्यक्तिगत स्वतन्त्रतातर्फ धेरै ध्यान केन्द्रित गरेको पाइन्छ ।

मार्क्सवादी नारीवादले मार्क्सवादी दर्शनलाई आधार मानेर नारीवादको अध्ययन गर्दछ । यसले समाज एवम् परिवारमा हुने गरेको महिलाको आर्थिक शोषणलाई जोड दिएर आवाज उठाउँछ । लैङ्गिक रूपमा गरिने श्रम विभाजनले गर्दा परिवार र महिलाको घरेलु श्रमको जिम्मेवारीको ऐतिहासिक अन्वेषण गर्ने क्रममा मार्क्सवादको सहारा लिइएको छ ।

यस नारीवादले लैङ्गिक विभेद हटाउन समाजको आमूल परिवर्तन हुनुपर्दछ भन्ने कुरा उठाउँछ । महिलामाथि लादिएको पूँजीवाद र पितृसत्ताको दोहरो शासनको कुरा निकै सशक्त ढङ्गले उठाएको छ । पुरुषलाई उसको मालिकले कम मूल्यमा बढी काम गराउँछ र आफू प्रशस्त नाफा कमाउँछ । उता कामदारका घरमा उसका घरको सम्पूर्ण काम गरिदिने महिला हुन्छे । घरका सारा कामका साथै पुरुषको यौनिक आवश्यकता पनि महिलाले पूरा गरिदिनु पर्छ । यदि उसको श्रीमान्को जागीर छुटेमा पनि उसले बाहिर काम गर्नाका साथै घरभित्रको पनि सारा काम गर्नुपर्ने हुन्छ । बजारमा पनि पुरुषलाई भन्दा महिलालाई कम ज्याला दिइन्छ । यसरी परिवारमा निःशुल्क र परिवारबाहिर कम शुल्कमा महिलाले आफ्नो श्रम लगाउनु परेको छ । महिला आफ्नो जीवन यापनका क्रममा धेरै पक्षसँग लडेर आफ्नो पहिचान बनाउन सक्षम हुन्छिन् । यसै सन्दर्भमा सुधा त्रिपाठी (२०६८)को, 'समाजमा आफ्नो हैसियत प्राप्त गर्नका लागि पुरुषलाई पुँजीवादसँग लडे पुग्छ भने महिलाले एकातिर

पुँजीवादसँग र अर्कोतिर पितृसत्तासँग दोहरो लडाइँ लडनु पर्ने हुन्छ (पृ. ८५) भन्ने भनाइका माध्यमबाट महिलाहरूले जीवन सङ्घर्षका अनेकन मोडहरू पार गर्नुपरेको देखिन्छ ।

मार्क्सवादले सामाजिक शोषणको आधार वर्गलाई मानेको छ भने मार्क्सवादी नारीवादीहरूले चाहीँ लिङ्गलाई मानेका छन् । लैङ्गिक विभेदले सबै सामाजिक बन्धन निर्माण गरेको छ भन्ने मान्यता नारीवादीहरूले अगाडि सारेका छन् र श्रमको लैङ्गिक विभाजनमा जोड दिएका छन् । आमूल नारीवादले विषम लैङ्गिक सम्बन्धका कारण नारी शोषणमा परेको कुरा उठाउँछ । विपरीत लिङ्गीबीचको सम्बन्धका कारण नारीहरू मारमा परेकाले समलिङ्गी विवाहमा जोड दिन्छ । यसले नारी समलैङ्गिक नारीवादको सिद्धान्त अघि सारेका छ । यिनीहरू मातृत्वको अवधारणालाई अस्वीकार गर्दछन् । सुधा त्रिपाठीले नारी समलैङ्गिक नारीवादको विशेषताका बारेमा चर्चा गर्ने क्रममा 'यसले पुरुष अधीनस्थ समाजमा महिलाले भोग्ने उत्पीडनलाई महिला नै भएर सतर्कतापूर्वक अध्ययन गर्दछ । यसले विशिष्ट खालका महिला उत्पीडनलाई उनीहरूको सामाजिक वर्गका आधारमा नभएर महिला भएका आधारमा मूल्याङ्कन गर्दछ (त्रिपाठी. २०६८ : ९५) भनेको पाइन्छ । यस्तो खाले नारीवादले जुनसुकै अवस्थामा पनि नारी पक्षधरतालाई जोड दिन्छ ।

समाजवादी नारीवादीहरू मार्क्सवादभित्रका वर्गभेद र श्रमजस्ता केही कुरा स्वीकार गर्छन् तर वर्ग विभाजनको ऐतिहासिक निरन्तरताका आधारमा लैङ्गिक दमनको प्रारम्भ भएको होइन भन्ने कुरामा आमूल नारीवादसँग मतैक्य भएको देखिन्छ । यसका तीन प्रमुख परम्परा छन् । पहिलो परम्पराको चासो लिङ्गको सामाजिक संरचनासँग गाँसिएको छ जसको व्यापक प्रयोग फ्रायडेली मनोविश्लेषणमा पाइन्छ । यसले महिलामाथिको दमन असमान सामाजिक-आर्थिक स्थितिका कारणले नभई मनोरचनाको भिन्नताको प्रभाव स्वरूप भएको हो भन्ने मान्छ । समाजवादी नारीवादीको दोस्रो परम्पराले आमूल र मार्क्सवादी दुवै नारीवादलाई एउटै शक्ति सिद्धान्तभित्र समेटेर एकीकृत व्यवस्थाका रूपमा पूँजीवादी पितृसत्तालाई अगाडि सार्दछ । समाजवादी नारीवादको तेस्रो परम्परा पहिलो परम्पराको ठीक विपरीत छ । यसमा लिङ्ग र वर्ग दुवैलाई आर्थिक स्वरूपमा लिइन्छ । यसले पितृसत्तालाई पहिलो परम्पराले जस्तो मनोविज्ञानका रूपमा मात्र लिँदैन, यसले लिङ्ग र वर्गलाई एकअर्काका पूरकका रूपमा नभएर दुवैलाई आ-आफ्ना पूर्णतामा प्रस्तुत गर्छ ।

समाजवादी नारीवादलाई सुधा त्रिपाठी (२०६८) ले यसरी परिभाषित गरेकी छन्, 'समाजवादी नारीवाद महिला दमन, परिवारभित्र महिलाको अवैतनिक काम र अर्थतन्त्रले निर्धारण गरेको वेतनको न्यूनतम परिणाम मात्रै होइन भन्छ, यसका कारणका रूपमा लिङ्ग वा वर्गका आधारमा गरिने तमाम अन्याय, लैङ्गिक एवम् जातीय/जनजातीय अवस्थिति तथा यी सबैको संयुक्त स्थिति जिम्मेवार छ भन्छ (त्रिपाठी. २०६८ : १०८) । यसले महिलाकेन्द्रित

सामाजिक गतिविधिलाई आफ्नो सरोकारको विषय बनाएको छ । समाजका विभिन्न पक्षले नारीको भूमिका प्रभावित गर्ने कुरा यसले व्यक्त गरेको छ । विश्वमा प्रचलित नारीवादी चिन्तन यिनै चार धाराको वरिपरि समेटिएको पाइन्छ ।

## ५.२२ नारीवादी युगचेतनाको विश्लेषण

नेपाली लघुकथामा नारीवादी चेतनाको प्रस्तुति हुने क्रम बढ्दै गएको छ । नारीको अधिकार, पहिचान एवम् अस्तित्वको खोज गरिएका लघुकथा रचनामा नारीवादका विभिन्न पक्षहरू आएका पाइन्छन् । यस अध्ययनमा शशिकला शर्माको **समानता,** विनयकुमार कसजूको **अँगालो र हत्कडी,** सरस्वती रिजालको **नारी प्रतिबिम्ब २,** सिन्धु गौतमको **निर्णयको पर्खाइ,** विमला अधिकारीको **अभाव,** नारायण तिवारीको **यात्रामा,** कृष्ण शाह यात्रीको **कुमारी आमा,** रवीन्द्र समीरको **बयान,** कृष्ण बजगाईको **लोग्नेको जात** र सुमन सौरभको **निष्ठुरी** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) 'खोई, पैसा पनि रछ नि, के भो त ?' पसल्नी आमाले अछुती भनेर गाली गऱ्यो । झन्डै कुटेको' अरल्लिदै सुन्दरीले भनी । 'केटाकेटीले के जानोस् त बरा अधर्मीहरू, अर्काको नानी पाए् गाली गरेर मर्छन्' आमाले पसलको दिशातिर हेर्दै भनी । पल्लोपट्टि पसलमा एउटा युवक आफ्नो साथीलाई विधान सुनाइरहेको थियो- 'कानुनको दृष्टिमा नेपाली एकै हुनेछन् । जातिपाति आदिको भेद हुनेछैन' (शर्मा. २०१९ : १७) ।

प्रस्तुत लघुकथांशमा समाजमा रहेको जातीय एवम् लैङ्गिक भेदभाव प्रस्तुत गरिएको छ । यहाँ सानी बालिकालाई पनि हेला गर्नाले पीडक पक्षमा मानवीय संवेदना नरहेको देखाउँछ । यस रचनामा उत्पीडन विरोधी चेतना व्यक्त हुनाका साथै भेदभाव गर्नेप्रति घृणाभाव व्यक्त गरिएको छ । लघुकथांशमा नारीवादभन्दा पहिलेको चेतना प्रस्तुत भएको पाइन्छ ।

(ख) उनले मेरो हात समातेर आफूतिर तान्न खोजे । मलाई पत्यार लागेन र यो अप्रत्याक्षित व्यवहारको विरोध गर्न पनि मैले सकिनँ । तर जब उनले मलाई साँच्चै अँगालोमा बाँध्न खोजे तब म झसङ्ग भएँ । मैले उनका दुवै हात झटकारेर पन्छाएँ र हतार हतार अफिसबाट बाहिर निस्कैं । मलाई अँगालोमा बाँध्न खोज्ने उनका हातहरूलाई अब म हत्कडीले बाँध्न खोज्दैछु" (कसजू. २०५७ : २४) ।

प्रस्तुत लघुकथांशमा एक बाबु उमेरको मानिसले युवतिलाई हातपात गर्न खोजेको घटना प्रस्तुत गरिएको छ । यस रचनामा उत्पीडक पक्षप्रति घृणाभाव व्यक्त भएको छ । उत्पीडन विरोध चेतनाका साथसाथै प्रतिरोध चेतना पनि व्यक्त भएको छ । रचनामा मार्क्सवादी नारीवादी चेतना अभिव्यक्त भएको छ ।

(ग) 'ओहो ! बूढाबूढी भएपछि कति बिजोग हुँदो रहेछ ? आफ्नो झन् के स्थिति हुने हो ? यतिबेला त हो नि सन्तान चाहिने भनेको । हामीले बूढाबूढीलाई नहेरेर कसले हेर्छ ? हामीले त आफ्नो कर्तव्य ठानेर बुबाआमा (सासुससुरा) को सेवा गर्नुपर्छ । मेरो लागि समाजसेवा पनि यही हो, तीर्थव्रत पनि यही हो ।' (रिजाल. २०६५ : ४४) ।

प्रस्तुत लघुकथांशमा परिवारमा विभिन्न पुस्ताबीचको सदभावको चेतना आएको छ । आफूभन्दा अघिल्लो पुस्ताको मानसम्मान गर्ने र सेवा गर्ने अभिव्यक्ति आएको छ । रचनामा उदार नारीवादी चेतना व्यक्त भएको छ ।

(घ)"'तिमीलाई साथी जम्मा भएर तासरक्सीमा रमाउनुपर्छ । अनि कसरी भ्याइन्छ त घरको काम ? आफ्नो मनोरञ्जनको समय कटौती गर्न सक्छ्यौ ? उनी निशःब्द भइन्.....। खै उनको निर्णय कहिले आउँछ ? म निर्णयको पर्खाइमा छु" (गौतम. २०६८ : ६८) ।

प्रस्तुत लघुकथांशमा विलासी जीवन बिताउने महिलाले नारीको स्वतन्त्रता चाहेको तथा कर्तव्यको प्रश्नप्रति बेवास्ता गर्ने र अधिकारमात्र खोज्ने कार्य गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ एकातिर मनोरञ्जनमुखी चिन्तन प्रस्तुत भएको छ भने अर्कातिर नारीले आफ्नो कर्तव्यको पनि पालन गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । यस रचनाले उदार नारीवादको प्रतिनिधित्व गरेको छ ।

(ङ) "आमाछोरी सिनेमा सिद्धिएपछि बाहिर निस्किए । अचानक छोरी कराई-"ए आमा हेर्नोस न, ऊ त्यो सडकमा हिँडेका केटीहरूले कस्तो लुगा लगाएका । म पनि त्यस्तै लुगा लगाउँछु नि हुन्न ?" "ए ! कट्टु, फ्रक, मिनिस्कट, ब्रा । गर्मीले गर्दा त्यस्ता लुगा लगाएका होलान नि !" आमाको जवाफ" (अधिकारी. २०६९ : २४) ।

प्रस्तुत लघुकथांशमा प्रस्तुत गरिएका केटी पात्रहरू व्यक्तिगत जीवनको सुखसुविधामा रमेको पाइन्छ, उनीहरू समाजमा अरूभन्दा आफूलाई विशिष्ट देखाउन फेसनतर्फ लागेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ समाजमा व्यक्तिगत पहिचान बनाउनका लागि फेसनको सहारा लिने नारी चिन्तनलाई व्यक्त गरिएको छ । यस रचनाले उग्र नारीवादको प्रतिनिधित्व गरेको छ ।

(च) नभन्दै अगाडिको एउटा बिसौनीमा एकजना रुग्ण वृद्धा गाडीमा चढिन् । मैले हतार-हतार उठेर "आमा ! तपाईँ यहाँ बस्नुस्.....!" भन्न भ्याएँ । तर यो के ? ती साथै बसेकी युवती पनि उत्तिकै वेगका साथ उठिन् र भनिन्-"तपाईँ मेरो बुबा जस्तो मान्छे ! मैले बसेर तपाईँलाई उठाउन मिल्दैन, कृपा गरेर तपाईँ उसै गरी बसिरहनुहोस्....!" म छक्क परेँ-हो त नि....म ५८ वर्षको उमेर पुगिसकेको मानिस थिएँ र उनी महिला भएपनि एक जवान युवति नै थिइन् (तिवारी. २०७० : १२१) ।

प्रस्तुत लघुकथांशमा प्रस्तुत युवती पात्रले उदार नारीवादी चेतनाको प्रतिनिधित्व गरेकी छ । यस रचनामा युवति पात्रले एकजना पाको उमेरको मानिसलाई बसमा बस्नलाई ठाउँ दिएर सम्मान दिएको घटना सन्दर्भ व्यक्त गरिएको छ । उसमा मानव जीवनको विकासमा नारी पुरुष सबैले समान किसिमले अघि बढनुपर्छ भन्ने चेतना आएको छ । मानवीय सदव्यवहारले गर्दा उसले आदर्श नारी चरित्रको प्रतिनिधित्व गरेको देखिन्छ । यहाँ उदार नारीवादी चेतना व्यक्त भएको छ ।

(छ) उनको सुन्दरता देखेर धेरैले विवाहको प्रस्ताव गरे । उनले आजीवन विवाह गरिनन् । एकदिन पच्चीसवर्षे जवान छोराले उनलाई प्रश्न सोध्यो, "आमा ! सबैले मलाई कुमारी आमाको छोरा भन्छन् । आखिर मेरा बुबा को हुन् ? बिन्ती मलाई यो कुरा बताइदिनुहोस् ।"....पीडामिश्रित स्वरमा उनले भनिन्, "तँलाई तेरो बुबाले आजसम्म कहिले फर्किएर हेरेको छैन । त्यस्ता नीचको नाम म मेरो मुखबाट उच्चारण गर्न चाहन्न । किन चाहियो तँलाई त्यस्ताको नाम ?" (यात्री. २०६९ : १२) ।

प्रस्तुत लघुकथांशमा सामाजिक लान्छनाबाट बच्न छोराले बाबुको नाम थाहा पाउन खोजेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस रचनामा आमाले आफूलाई धोका दिने मानिसको नाम लिन नचाहने कुरा व्यक्त गरेको, नारी अस्मिता एवम् स्वाभिमानका लागि सङ्घर्षरत रहेको, समाजमा रहेका विभिन्न व्यक्तिले गरेका टिप्पणीप्रति कुनै चासो नराखेर आफ्ना विचारप्रति दृढ रही छोरालाई हुर्काएको घटनालाई अभिव्यक्त गरिएको छ । लघुकथामा उत्पीडन विरोधी चेतना व्यक्त भएको छ । यहाँ उदार नारीवादी चेतना प्रस्तुत भएको छ ।

(ज) "तिम्री छोरी अब ठूली भएकी छे र ठूलै कुरा गर्न थालेकी छे । आजकल उसको लेट नाइट पार्टीको क्रम बढेको छ । शरीरको नचाहिने ठाउँमा वाहियात रङ्गिन टाटु पनि खोपिसकेकी छ । गलत बाटोमा जिन्दगी भासिएला भनेको नराम्रोसँग झर्किई । उसको जिन्दगी उसकै हो रे, मैले दख्खल नदिनु रे....."(सौरभ. २०६८ : ९) ।

प्रस्तुत लघुकथांशमा एक महिलाले आफ्नो मृत पतिको फोटासँग छोरीको गुनासो गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । लघुकथामा छोरीले आधुनिक जीवनशैली अँगालेको एवम् स्वच्छन्द क्रियाकलाप गरेका कारण आमा दिक्क भएको घटनालाई व्यक्त गरिएको छ । लघुकथामा उदार नारीवादी चेतना व्यक्त भएको छ ।

(झ) नैतिकता, बह्मचर्य एवम् शास्त्रको धाराप्रवाह सत्सङ्ग सुन्दा उनको पूर्ण भरोसा मानेकी थिएँ तर ...उनले पनि जबर्जस्ती कामवासना पूरा गरेरै छाडे । आखिर मलाई कुन पुरुषले राम्रो व्यवहार गर्‍यो र मेरो पुरुष प्रति राम्रो धारणा होस् ? न्याय

तथा सुरक्षा माग्ने ठाउँमा पनि त पुरुषै छन् । सबै पुरुषहरू शोषक हुन, पतित हुन्, फटाहा हुन्..। तसर्थ मैले हिंसाको बाटो लिएँ । (समीर. २०६७ : ९०) ।

प्रस्तुत लघुकथांशमा उग्र नारीवादी चेतना प्रस्तुत भएको छ । लघुकथामा समाजमा पुरुष नभए पनि हुन्छ, पुरुष बिना पनि बाँच्न सकिन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । यहाँ महिला पात्रले एकाध पुरुषले धोका दिएकोमा सम्पुर्ण पुरुषप्रति नै घृणा व्यक्त गरेको घटनालाई व्यक्त गरिएको छ ।

(ञ) वैवाहिक तथा व्यवहारिक जीवनमा एक जनाले पुरुषको र अर्कीले स्त्रीको भूमिका त निर्वाह गर्नैपर्थ्यो । सोही कर्ममा खटनपटन गर्दै आदेश दिँदा र जिम्मेवारी पूरा गर्दागर्दै त्यसमध्येकी एक महिलामा क्रमशः पुरुष प्रवृति देखापर्दै गयो । उसको पुरुष प्रवृत्ति अर्कीलाई सह्य भएन । एकदिन उसले मुख खोलेरै भनी, "यो लोग्ने भन्ने जात संसारका सबै उस्तै हुँदा रहेछन्" (बजगाई. २०६६ : ९७) ।

प्रस्तुत लघुकथांशमा उत्तरआधुनिक नारीवादी चेतना व्यक्त भएको छ । यस रचनाका पात्रले परम्परागत सामाजिक संरचना भन्दा भिन्न खाले जीवन बिताउने कार्य गरेको घटनाको प्रस्तुति गरिएको छ । यी पात्रहरूले प्राकृतिक लिङ्ग संरचना भन्दा भिन्न भएर जीवनको नयाँ बाटो खोजे पनि आखिरमा मानवीय गुण पनि परिवर्तन नभएको अवस्था बोध गरिएको छ । यस रचनामा उनीहरूले जतिसुकै प्रयत्न गर्दा पनि मौलिक गुण परिवर्तन नभएपछि एक महिलाले पुरुषवादको विरोध गरिएको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ नारी उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा नारीवादका विभिन्न रूप आएका छन् । यी रचनामा समाज विकास क्रममा नेपाली नारीले भोग्नुपरेका विभिन्न समस्यालाई प्रस्तुत गरिएको छ । समस्याको समाधान स्वरूप नारी स्वयं जागृत भएका छन् । एकातिर पुरूषवर्गले नारीमाथि उत्पीडन गरेकाले सम्पूर्ण पुरुषवर्गप्रति घृणाको चेतना प्रस्तुत भएको छ भने अर्कातिर पीडकप्रति घृणाका साथै नारी उत्पीडन विरोधी चेतना भएका पुरूषसँग सहकार्य गरेर अघि बढ्ने चेतना पनि प्रकट भएको छ ।

## ५.२३ निष्कर्ष

नेपाली लघुकथामा आदर्शोन्मुख यथार्थवादी युगचेतनाको प्रयोग पूर्णप्रसाद ब्राह्मणको **झिल्का** (२००७) लघुकथा कृतिबाट प्रारम्भ भएको हो । यस अध्ययनमा आध्यात्मिक चेतना, भाग्यवादी चेतना, नैतिक आदर्शको खोजी, सच्चरित्रको खोजी एवम् हिंसाविरोधी चेतना व्यक्त भएको पाइन्छ । नेपाली लघुकथामा सर्वप्रथम विसङ्गतिवादी-अस्तित्वादी चेतना विश्वम्भर प्याकुरेलको **इन्द्रेणीको गुम्बजभित्र** (२०२९) कृतिबाट व्यक्त भएको हो । नेपाली लघुकथामा जीवनको अर्थहीनता, निराशा एवम् शून्यताका माध्यमबाट

तत्कालीन युगजीवनका विसङ्गत जीवन परिवेशप्रति व्यङ्ग्यात्मक चेतनाको प्रस्तुतिका साथै निराशा, हताशा, शून्यताको साथै अस्तित्वबोधको चाहना अभिव्यक्त भएको पाइन्छ । नेपाली लघुकथा साहित्यका क्षेत्रमा सामाजिक यर्थाथवादी चेतनाको प्रारम्भ शशिकला शर्माको **उसको सुरुवाल** (२०१९) कृतिबाट भएको हो । यस अध्ययनमा स्थानीय सामाजिक भाषिका र कथ्य भाषाका माध्यमबाट समाजका विकृतिजन्य क्रियाकलापप्रति असहमतिको चेतना, गरिब जनताका पीडा र उदासीको वर्णन तथा सामाजिक शोषण एवम् उत्पीडनप्रति असहमति पाइन्छ । नेपाली लघुकथामा मनोविश्लेषणात्मक चिन्तनको प्रारम्भ जयनारायण गिरीको **कसिङ्गर** (२००८) कृतिबाट भएको हो । यस अध्ययनमा यौनजन्य असमानता एवम् कुण्ठाका उत्पन्न विक्षिप्तपना, व्यक्तिपात्रको मनोरचनाले समाजमा पुऱ्याउने असरलाई विषय बनाइएको छ ।

नेपाली लघुकथा साहित्यका क्षेत्रमा समाजवादी-यथार्थवादी चेतनाको प्रारम्भ विनयकुमार कसजूको **पशुतन्त्र** (२०३९) कृति बाट भएको हो । सामन्ती शोषण एवम् पूँजीवादी विकृति विरोधी चेतना, निरङ्कुशताको अन्त्यको चाहना र लोकतान्त्रिक परिवेशको खोजी, अन्याय, अत्याचार, अन्धविश्वासजन्य गतिविधिप्रति असहमतिका साथै धार्मिक अन्धविश्वासप्रतिको विमति, आर्थिक रूपमा विपन्न नागरिकको जीवनप्रतिको संवेदना, राष्ट्रियताबोध एवम् वैदेशिक हस्तक्षेपविरोधी चेतनालाई सशक्त किसिमले प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा उत्तरआधुनिक चेतनाको प्रारम्भ रत्न कोजूको **बूढो वर्तमान** (२०३९) कृतिबाट भएको हो । यस अध्ययनमा परम्परागत मूल्यको विघटनको प्रस्तुति, प्रविधि संस्कृति, अभिघातमा परेका नागरिकको जीवन प्रस्तुति एवम् वातावरणीय चेतनालाई विषयवस्तु बनाउनाका साथै विकृतिप्रति व्यङ्ग्य गरिएको छ । नेपाली लघुकथामा नारीवादका विभिन्न रूप आएका छन् । यस अध्ययनमा नारी अधिकार, परिचय एवम् पहिचानको खोजी, स्वाभिमानपूर्वक जीवनयापनको चाहनाजस्ता विषयवस्तुको प्रस्तुतिका साथै विकृतिविरोधी चेतना समेत व्यक्त भएको पाइन्छ ।

# परिच्छेद छ

## युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली

### ६.१. विषयपरिचय

नेपाली लघुकथामा युगचेतनाको विश्लेषणका क्रममा 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली' लाई अध्ययनको मूल विषय बनाइएको छ । कुनै पनि साहित्यिकक रचनामा बनोटले लघु घटकहरूको समष्टिलाई बुझाउँछ भने बुनोटले लघु घटकहरूको आआफ्नो कार्य र आपसी सम्बन्धलाई बुझाउने गर्दछ । यस परिच्छेदमा 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना' अन्तर्गत लघुकथाको विधातत्त्व कथानक, पात्रविधान, उद्देश्य, परिवेश एवम् दृष्टिबिन्दु गरेर पाँच तत्त्वको विश्लेषण गरिएको छ । यसरी नै भाषाशैलीका रुपमा रुपविन्यासगत उपकरणहरू विचलन, समानान्तरता, पर्याययोक्ति/पर्याय युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, सादृश्यविधान अर्न्तगत बिम्बविधान, प्रतीकविधान, अलङ्कारविधान, मानवीकरण, व्यङ्ग्योक्तिको प्रयोग, उखानको प्रयोग, टुक्काको प्रयोग, नवनिर्मित क्रियाको प्रयोग, उक्तिवैचित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीको समेत अध्ययन गरिएको छ ।

### ६.२. नेपाली लघुकथाका संरचना र भाषाशैलीमा युगचेतना

साहित्यिक कृतिको संरचना बनोट र बुनोटमा आधारित हुन्छ । यसै सन्दर्भमा खगेन्द्रप्रसाद लुइटेलले "सामान्यया संरचनाले कुनै वस्तुलाई सङ्ग्रहित एवं व्यवस्थित रूपमा एकत्रित गर्नु भन्ने जनाउँछ । निर्माण वा बनोटले आवश्यक अङ्गहरूको समष्टि एवम् वस्तु वा कृतिको सम्पुर्णता तथा त्यसको निर्माण गर्ने घटक वा तत्त्वहरूको कुलयोगलाई संरचना" (लुइटेल. २०६२ : ४३) भनेका छन् । यसरी हेर्दा बनोटले रचनाका लघु घटकको समष्टिलाई जनाउने गर्दछ भने बुनोटले बनोटको पर्याधारमा पाइने लघु घटकको कार्यलाई एक अर्कासँग सम्बन्ध राख्ने गर्दछ । बनोट र बुनोटको सम्बन्धका बारेमा खगेन्द्रप्रसाद लुइटेलले, "कृतिभित्रका घटना, पात्र, भाषा, शैली, लय, छन्द आदि बुनोटको तहमा पर्छन र यिनै तत्त्वहरूको अध्ययन विश्लेषण गरेर बनोट तहको पहिचान गराइन्छ । बुनोटको अध्ययन बिना बनोटको विश्लेषण हुनसक्दैन र बनोटको वस्तुगत विश्लेण बिना बुनोटको हरेक तहको पहिचान हुनसक्दैन (लुइटेल. २०६२ : ९५) । यस अध्ययनमा नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा अभिव्यक्त संरचना र भाषाशैलीको अध्ययन गरिएको छ ।

### ६.३ नेपाली लघुकथाको संरचनात्मक आधार

नेपाली लघुकथामा अभिव्यक्त संरचनात्मक विश्लेषणका क्रममा कथानक, पात्रविधान, उद्देश्य, परिवेश एवम् दृष्टिबिन्दु गरेर पाँच तत्त्वको विश्लेषण गरिएको छ । यी तत्त्वले युगचेतनाको निर्धारणमा खेलेको भूमिकाको समेत अध्ययन गरिएको छ ।

#### ६.३.१ कथानकमा युगचेतना

सामाजिक जीवनमा घटेका विभिन्न घटनाको कार्यकारणयुक्त व्यवस्थित विन्यासलाई कथानक भनिन्छ । यो आख्यानको मूल संरचक तत्त्वका रूपमा कथानक रहने हुँदा कथाको विकासमा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । कथानकलाई कथावस्तु, वस्तु पनि भनिएको पाइन्छ । एनसेन डिबेलले कथानकलाई परिभाषित गर्ने क्रममा "कथाका महत्वपूर्ण घटनाहरुबाट कथानक निर्माण हुन्छ किनकी तिनीहरुको महत्वपूर्ण प्रभाव हुनेगर्दछ....चरित्रको काम, भावना, सोचाइ वा भनाइले कथानक निर्माण गर्दछ, किनकी पछिल्लो घटनालाई यसले प्रभाव पार्दछ ।" भनेका छन् । यसरी नै ई. एम. फोस्टरले "कथानक आख्यानका कार्यको मुख्य घटनालाई संगठित गर्नुसित सम्बन्धित छ । कथानक कथाभन्दा यस अर्थमा भिन्न छ की, कथानक कसरी घटनाहरु एकअर्कासँग सम्बन्धित रहेका छन, कसरी तिनहरु संरचित गरिएका छन, कसरी तिनीहरुको अभिनय मुख्य चरित्रमा परिवर्तन हुन्छ भन्ने विषयसँग सम्बन्धित रहेको छ ।" भनेका छन् । उनले कथानक आख्यान कार्यको मुख्य घटनाको संगठनसँग सम्बन्धित रहेको विचार व्यक्त गरेका छन् ।

कथानक लघुकथाको आरम्भदेखि अन्त्यसम्म फैलिएको हुन्छ र यो घटना-शृङ्खलासँग गतिशील हुन्छ । लघुकथामा कथानक अनिवार्य हुन्छ तर यसमा उपन्यास र कथाजस्तो लामो शृङ्खला भने हुँदैन । लघुकथामा कथानक अत्यन्त सूक्ष्म र साङ्केतिकमात्र हुन्छ । यसै सन्दर्भमा लक्ष्मणप्रसाद गौतम (२०६९) का भनाइ यस्तो रहेको छ, "लघुकथाको कथानक विन्यासमा सङ्क्षेप शैली विन्यास गरिने भएकाले यसको कथानक ढाँचा रैखिक किसिमको हुन्छ । कथानकको आरम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको स्थिति नभई आरम्भ उत्कर्ष र अन्त्यको स्थिति हुन्छ (गौतम. २०६९ : ४५) । लघुकथामा आख्यानको संरचना न्यून हुने भएकाले यो आरम्भ भएर अन्त्य भएको पत्तै हुँदैन । तात्क्षणिकता यसको मूल विशेषताका रूपमा रहेको पाइन्छ । लघुकथा सूक्ष्म विधा भएकाले उपन्यास एवम् कथाजस्तै आख्यान विस्तारभन्दा पनि सङ्कुचन हुन्छ । आख्यानलाई सकेसम्म छिटोछरितो एवम् चुस्त राख्नुपर्ने हुँदा यसको लघु स्वरूपमा ध्यान दिनैपर्ने हुन्छ ।

नेपाली लघुकथामा युगचेतनाको अध्ययनका क्रममा कथानकमा युगचेतनालाई विश्लेषणको प्रमुख आधार मानिएको छ । कथानक सामाजिक जीवनमा घटेका विभिन्न घटनाको कार्यकारणयुक्त सुव्यवस्थित विन्यास हो । कथानक आख्यानको मूल संरचक

तत्त्वका रूपमा रहेको हुँदा लघुकथा रचनाको विकासमा कथानकले महत्त्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनमा प्रशासन, पत्रकारिता, राजनीति, साहित्य, शिक्षा एवम् संघसंस्थाका क्रियाकलापसँग सम्बन्धित विषयलाई कथानकका रूपमा प्रयोग गरिएको छ । यस अध्ययनमा दुर्लभलाल सिंहको **हाकिम साहेब**, किशोर पहाडीको **अचार-समाचार,** रामबहादुर बानियाँ क्षेत्रीको **प्रजातन्त्र,** नारायण मरासिनीको **रथारोहण,** कुसुम ज्ञवालीको **सरको शालिक,** माधव लामिछानेको **तिरस्कार** लघुकथालाई विश्लेषणको सामग्रीको रूपमा लिइएको छ :

(क) मलाई चाकडी चाहिँदैन, निन्द्रामै हाकिम साहेब बरबराउन थाल्छ-मलाई काम चाहिन्छ....वाह, वाह अमरवाणी । चाकडीबाजहरू जयजयकार गर्न लागे । यति भन्दा उनीहरू नगएको देखेर हाकिम साहेब आफै उठेर बाहिर जान लागे तर पनि चाकडीबाजहरूको हाकिम साहेबलाई आफ्नो अनुहार देखाउन व्यस्तताले गर्दा ऊ बाहिर निस्कन सकेको छैन (सिंह. २०३७ : ४५) ।

प्रस्तुत लघुकथांशमा नेपालको कर्मचारी वर्गको चाकरीवादी क्रियाकलापलाई कथानक बनाइएको छ । नेपालको प्रशासनयन्त्रमा चाकरी र चाप्लुसीजन्य क्रियाकलाप बढदै गएको, आफ्नो कामभन्दा हाकिमको वरिपरि घुम्ने प्रवृत्ति विगत कालदेखि बढ्दै आएको पाइन्छ । यसै सन्दर्भमा यस लघुकथांशमा तीसको दशकको मध्यतिरको प्रशासनिक क्षेत्रमा घटेको घटनालाई प्रस्तुत गरिएको छ । प्रस्तुत रचनामा नेपालको प्रशासनयन्त्रमा चाकरीप्रथा कायम रहेको र त्यसले गर्दा जनताले दुःख पाएको अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ हाकिम वर्ग आफ्नो कर्तव्य छोडेर निदाइरहने र कर्मचारीवर्ग चाकरीजन्य गतिविधिमा सहभागी हुने स्थितिको प्रस्तुतीकरणका माध्यमबाट तत्कालीन कर्मचारीतन्त्रमा रहेको विसङ्गत परिवेशप्रति व्यङ्ग्य गरिएको छ । यस लघुकथांशका माध्यमबाट कर्मचारीवर्गमा कामप्रति इमान्दारिता हुनुपर्ने एवम् चाकरीजन्य क्रियाकलाप हटनुपर्ने भावसहितको युगचेतना अभिव्यक्त भएको छ ।

(ख) "ऊ घरमा बसेर अखबार पढ्दैछ-"श्यामनारायणको मृत्यु.....सुरेशनाथ पक्राउमा...." अखबारमा 'मत्यु भयो' भनेको 'श्यामनारायण' आज फेरि अर्के पार्टीमा खाएर रक्सीको सुरमा गाडी दगुराउँदैछ र 'पक्राउ पऱ्यो' भनेको 'सुरेशनाथ' कालीमाटीको मोडमा असरल्ल मरिराखेको छ" (पहाडी. २०५३ : ४) ।

प्रस्तुत लघुकथांशमा पत्रकारितासँग सम्बन्धित विषयलाई कथानक बनाइएको छ । यस रचनामा वास्तविक तथ्यलाई प्रस्तुत नगेरर साधनसम्पन्न मानिसलाई महत्त्व दिने र साधनहीन नागरिकको जीवनमाथि खेलवाड गर्ने पत्रकारिता क्षेत्रका दुष्ट प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । समाजमा साधनसम्पन्न व्यक्तिले शक्तिका आडमा जथाभावी निर्दोष नागरिकको जीवन हरण गरेको घटनालाई तोडमरोड गरी पीडितलाई नै पीडकका रूपमा प्रस्तुत गरेर समाचार प्रस्तुत गरेका कारण समाजमा अन्याय गर्ने प्रवृत्तिलाई बढावा दिएको

पाइन्छ । प्रजातन्त्रोत्तरकालमा साधनसम्पन्न व्यक्तिहरूको विधिको उपेक्षा गर्ने, विपन्न नागरिकमाथि उत्पीडन गर्ने र उनीहरूको क्रियाकलापलाई प्रोत्साहन दिने पीत पत्रकारिता कथानकका रूपमा आएको छ । लघुकथांशमा सामाजिक विभेदप्रति घृणाको चेतना व्यक्त भएको छ ।

(ग) "तीन वर्ष पहिले मैले हजुरबाट पाँच सय सापटी लिएकोमा डरत्रास देखाई पुलिस लगाई थुनाउँछु भनी मलाई धम्काएर मेरो रसिलो गैह्रीखेत हडप भएको थियो, त्यसको पनि छिनाफाना हुनुपर्‍यो नि हजुर त्यसो भए ।" "धत् मूर्ख ! प्रजातन्त्रमा यस्तो मनपरी त कहाँ भन्न पाइन्छ र अनुशासन पनि चाहिन्छ ।" प्रधान रन्किएर बोल्छन्" (क्षेत्री. २०५० : २४) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक विषय सन्दर्भलाई कथानक बनाइएको छ । यहाँ प्रजातन्त्रको प्राप्तिपछि पनि समाजमा पुराना मुखिया जिम्वालको हैकम कायम रहेको अवस्थालाई प्रस्तुत गरिएको छ । राजनीतिक क्षेत्रमा प्रजातन्त्र आए पनि ग्रामीण भेगका जनताहरू त्यहाँ रहेका समाजका प्रभुत्वशाली वर्गबाट पीडामा रहेको अवस्थालाई व्यक्त गरिएको छ । गाउँघरको राजनीतिमा मुखिया र जिम्वालको जगजगी पहिलेजस्तै भएको, पीडक पक्षले आफू पीडामा रहेको कुरा बताउँदा अनुशासनहीन ठहर्ने गरेको विडम्बनापूर्ण स्थितिका माध्यमबाट प्रजातन्त्र जनताको घरदैलोसम्म पुग्न नसकेको स्थितिलाई प्रस्तुत गरिएको छ । प्रस्तुत लघुकथांशको कथानकमा सामन्ती शोषण विरोधी चेतनाको प्रस्तुतिको साथै परिवर्तनको चाहना सहितको युगचेतना अभिव्यक्त भएको देखिन्छ ।

(घ) "रथारोहण सकिएको भोलिपल्ट कविजीले पत्रकार सम्मेलनदेखिका खर्चको अभिलेख राख्न थाले-रथारोहणका लागि लिइएको गाडीको भाडा, दोसल्ला, सम्मान पत्र, चिठीपत्र, फोटोकपी, जलपान, प्रमुख अतिथिज्यूलाई सवारी भाडा, मायाको चिनो......। हिसाब गरेर सकेपछि उनले मनमनै भने-ओहो ! दुई महिनाको तलब त पुरै खर्च भएछ नि !" (मरासिनी. २०७१ : २०) ।

प्रस्तुत लघुकथांशमा नेपालको साहित्यिक क्षेत्रमा व्याप्त रहेको कुसंस्कृतिलाई कथानक बनाइएको छ । यस रचनामा साहित्य क्षेत्रमा लागेका व्यक्तिको अत्यधिक प्रचारमोह एवम् नामका लागि मरिहत्ते गर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा आफ्नै लगानीमा प्रायोजित किसिमले आफ्नो रथारोहण गराउने प्रवृत्ति बढ्दै गएको छ । यहाँ देशमा प्रजातन्त्र र लोकतन्त्र आइसक्दा पनि मानिसमा सामन्तवादी चिन्तन यथावत् रहेको, व्यक्तिपूजा एवम् व्यक्तिप्रशंसामा रमाउने प्रवृत्ति रहेको स्थितिलाई प्रस्तुत गरिएको छ । प्रस्तुत रचनाले वर्तमान युगको साहित्य क्षेत्रको विसङ्गतिलाई प्रस्तुत गर्नाका साथै विसङ्गति विरोधी चेतनालाई सशक्त किसिमले व्यक्त गरिएको छ ।

(ङ) उनले मूर्तिजस्तो निर्जीव वस्तुलाई विश्वास नगर्न सबैलाई आग्रह गर्दथे । अन्धविश्वासमा कसैलाई नपर्न शिक्षा दिन्थे । उनले मन्दिरमा गएर कहिल्यै मूर्तिलाई ढोगेनन् । तर पनि धार्मिक बूढापाकाले सागरलाई औधी माया गर्थे....सर गाउँका सबैभन्दा प्रिय व्यक्ति थिए । सम्पूर्ण गाउँलेहरूले उनको प्रथम वार्षिक जन्मजयन्तीमा उनको सालिक अनावरण गरे । आजकल 'मलाई विद्या आओस् तिमीलाई कालो बोका चढाउँला' भनेर उनको मूर्तिमा भाकल गर्ने चलन छ (ज्ञवाली. २०६० : ६२) ।

प्रस्तुत लघुकथांशमा सामाजिक विषयवस्तुलाई कथानक बनाइएको छ । यस रचनामा समाजमा रहेको आडम्बरजन्य क्रियाकलापलाई विषय सन्दर्भका रूपमा उपयोग गरिएको छ । मूर्तिपूजाको विरोध गर्ने व्यक्तिको मूर्ति बनाएको, जन्मजयन्तीमा सालिक बनाएको, मूर्तिमा भाकल गर्ने गरेको कारण उक्त व्यक्तिको आस्था एवम् विश्वासमाथि नै व्यङ्ग्य गरेको पाइन्छ । उसको आस्थाको विपरीत कार्य गरी उसलाई सम्झेर श्रद्धाका नाममा कुसंस्कार प्रस्तुत गरिएको पाइन्छ । यहाँ नेपाली समाजमा रहेको पछौटे चिन्तन अझै हट्न नसकेको अवस्थालाई बोध गरिएको छ । यस रचनामा सामाजिक विसङ्गतिलाई प्रस्तुत गर्नाका साथै विसङ्गति विरोधी चेतनालाई सशक्त किसिमले अभिव्यक्त गरिएको छ ।

(च) सहरमा 'गरीबी निवारण सम्मेलन' को तयार भइरहेको थियो....सम्मेलनको दिन आइपुग्यो । सहरको रमझम र सम्मेलन हेर्न विभिन्न ठाउँबाट मान्छेहरू आए । त्यस्तै मान्छेहरूका बीचमा एउटा गरिब आधाहर च्यातिएको कमिज र टोपी लगाएर बसेको थियो । ऊ सडकका वारपार अतिथिहरूको स्वागतका लागि टाँगिएका दशौं मिटर लामा तुलहरू हेर्दै थियो । त्यतिकैमा अर्को हुल मान्छे आएर त्यहाँबाट उसलाई लखेटे (लामिछाने. २०६१ : २९) ।

प्रस्तुत लघुकथांशमा गरिबी निवारण नारामात्र भएको स्थितिलाई प्रस्तुत गरिएको छ । सहरमा गरिबी निवारण सम्मेलन हुनु, बजारभरि कपडाका व्यानर एवम् तुल टाँगिएको पाइनु, गरिब नागरिकले ती तुल हेरेर बस्नु, एक हुल आएर उसलाई धपाउनुजस्ता क्रियाकलापका माध्यमबाट यो कार्यक्रम पढेलेखेका र सहरबजारका मानिसको बुद्धिविलास मात्र भएको अवस्थालाई बोध गरिएको छ । यस रचनामा जनताको आवश्यकता र उनीहरूको हितमा भन्दा पनि नारामुखी एवम् प्रचारमुखी क्रियाकलाप गर्ने सरकारी-गैरसरकारी संस्थाका कार्यप्रति असहमतिका साथै व्यङ्ग्यात्मक चेतनाबोध गरिएको छ ।

### ६.३.२ चरित्रमा युगचेतना

चरित्रले कथानक, परिवेश एवम् संवादसँग निकट रहेर क्रियाव्यापार अघि बढाउँछ । आख्यानका अन्य उपभेद उपन्यास एवम् कथामा चरित्रको बहुलता हुन्छ । लघुकथामा

चरित्रको न्यूनता पाइन्छ । लघुकथाको सफलता कम पात्रले अधिकतम विचार सम्प्रेषण गर्नुमा निहित रहन्छ । ओरसन इकोट कार्डले चरित्रको बारेमा चर्चा गर्ने क्रममा “उसले जे गर्छ, त्यो चरित्र हो, अझ बढी उसले जे गर्न गइरहेको हुन्छ, त्यो चरित्र हो” (कार्ट. २०१० : पृ. ? ) ।

हेरिट हेडब्रिङ्कले आख्यानलाई चिनाउने क्रममा यस्तो विचार व्यक्त गरेका छन् :

“आख्यानका चरित्रहरुको निश्चित भावनाहरु प्रस्तुत गर्दछन्, जसबाट तिनीहरुलाइ सहज रुपमा बुझ्न सकिन्छ । एकातर्फ तिनीहरु जुन काममा देखापरेका हुन्छन्, भिन्न नदेखिने किसिमले एकअर्कामा एकिकृत भएका हुन्छन् भने अर्कोतर्फ सान्दर्भिकतासँगै अलग देखापर्दछन् त्यसलै तिनीहरु सीमित रुपमा स्वतन्त्र छन्” ।

लघुकथामा पात्र वा सहभागीको अवस्थाका बारेमा लक्ष्मणप्रसाद गौतमले “लघुकथामा मानवीय पात्रकै बढी प्रयोग पाइन्छ तापनि कतिपय लघुकथामा मानवेतर पात्रको पनि प्रयोग पाइन्छ र यस्तो स्थितिमा मानवेतर पात्र वा सहभागीलाई मानवीय सत्ता प्रदान गरी मानवीकरण गरिन्छ” (गौतम. २०६९ : ४६) भनेका छन् । लघुकथामा मानवीय एवम् मानवेतर दुवैथरि पात्रको प्रयोग हुने भएकोले यसले लघुकथामा रोचकता थपेको पाइन्छ । लघुकथामा प्रस्तुत पात्रकै बारेमा हरिप्रसाद भण्डारीको विचार यस्तो रहेको छ, “लघुकथामा मानव पात्रका तुलनामा मानवेतर पात्रको बाहुल्य हुन्छ । मानवेतर पात्रमा जीवित तथा भौतिक पात्रहरू पनि उत्तिकै हुन्छन् । घर, बाटो, कुर्ची, गाडीजस्ता पात्रहरूलाई उभ्याएर पनि कथाकारले मानिससँग संवाद गराइरहेको हुन्छ । यसो हेर्दा अस्वाभाविक जस्ता लाग्ने यस्ता पात्रहरूको भूमिका चाहिँ निकै महत्त्वपूर्ण हुन्छ (भण्डारी. २०६९ : ७) । भण्डारीले लघुकथा रचनामा मानवीय एवम् मानवेतर पात्र हुने र पात्रगत भिन्नताले रचनामा रोचकता थपेको विचार व्यक्त गरेका छन् । लघुकथाका पात्र जेजस्ता भए पनि ती पात्रले मानवीय जीवनका आकाङ्क्षा एवम् जीवनका अनुभूतिलाई कलात्मक तरिकाले प्रस्तुत गर्दछन् ।

लघुकथामा चयन गरिएका पात्रले युगचेतनाको प्रतिनिधित्व गरेको हुन्छ । यसै सन्दर्भमा गोपीन्द्र पौडेलले “कथामा चयन गरिएका पात्रले तत्कालीन समाज र युगजीवनको बाह्य परिवेश, चेतनाको स्तर तथा वर्गीय सोचको पनि प्रतिनिधित्व गर्ने भएकाले कथामा युगानुकूल पात्रको चयन हुन थालेको पाइन्छ” (पौडेल. २०६५ : १४) भनेका छन् । साहित्य लेखनमा लेखकको बौद्धिक क्षमता, जीवनप्रतिको दृष्टिकोण एवम् समयचेतनाको प्रभाव पर्दछ । कुनै पनि लेखकले केकस्ता पात्र चयन गर्दछ र ती पात्रका माध्यमबाट केकस्तो सन्देश प्रवाहित गर्दछ भन्ने कुरा लेखकको निजी क्षमतामा पनि निर्भर हुने गर्दछ । पात्र चयनमा सजगता भएन भने रचना कमजोर हुन पुग्दछ । कुनै पनि कथाकारको क्षमताको

मापन गर्ने आधार उसले प्रस्तुत गरेको पात्र चयन पनि हो भन्ने विषयलाई पौडेलले यसरी जोड दिएका छन्, "कथाकारले आफू बाँचेको युगको कस्तो सन्देश दिन चाहन्छ र उसको जीवनदृष्टि कस्तो छ भन्ने बुझ्नको लागि कथाका पात्रहरू महत्त्वपूर्ण हुन सक्छन् । त्यसैले पात्रहरू भनेको कथाकारले अवलम्बन गरेको वैचारिक धारणा एवम् जीवनदृष्टि बोकेर हिँड्ने माध्यम हुन् (पौडेल. २०६५ : १४) । यसर्थ एउटा लेखकले आफूले प्रस्तुत गर्न चाहेको विचारलाई स्थापित गर्नका लागि सोही अनुसारका पात्र सिर्जना गर्दछ र ती पात्रका माध्यमबाट आफ्नो दृष्टिकोण प्रस्तुत गर्दछ । पात्रले लेखकको वैचारिक प्रतिनिधित्व गर्ने भएकाले लघुकथाका सन्दर्भमा पात्रको अत्यन्त ठूलो भूमिका रहेको पाइन्छ । लघुकथामा पात्रगत न्युनता हुन्छ । लघुकथामा पात्रगत सीमितता हुने भएकाले परिवेशगत न्यूनता रहन्छ । यसमा सीमित समयमा सीमित पात्रका माध्यमबाट बढीभन्दा बढी विचारको प्रस्फुटन गरिन्छ । लघुकथामा प्रस्तुत पात्रले तत्कालीन युगजीवनका विशेषताको प्रतिनिधित्व गर्दछ । लघुकथाको पात्रले आफ्नो युगको सकारात्मक एवम् नकारात्मक चरित्रको प्रतिनिधित्व गर्दछ । लघुकथाको पात्र आफ्नो युगको प्रतिनिधि पात्र हो ।

चरित्र आख्यानको महत्त्वपूर्ण तत्त्व हो । यसले बुनोटसँग सम्बन्ध राख्नुका साथै कथानक, परिवेश एवम् संवादसँग निकट रहेर क्रियाव्यापार अघि बढाउँछ । लघुकथाको सफलता कम पात्रले अधिकतम विचार सम्प्रेषण गर्नुमा निहित रहन्छ । लघुकथा रचनामा सीमित समयमा सीमित पात्रका माध्यमबाट बढीभन्दा बढी विचारको प्रस्फुटन गरिन्छ । लघुकथामा प्रस्तुत पात्रले तत्कालीन युगजीवनका विशेषताको प्रतिनिधित्व गर्दछ । लघुकथाका पात्रले आफ्नो युगको सकारात्मक एवम् नकारात्मक चरित्रको प्रतिनिधित्व गर्दछ । यस अध्ययनमा राजनीति, सामाजिक, प्रशासन एवम् इतिहाससँग सम्बन्धित विषयलाई अध्ययनको सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा जगदीश घिमिरेको **परिचय,** रामकुमार पण्डित क्षेत्रीको **सामन्ती,** कृष्णराज सर्वहारीको **कमैया बस्तीमा भगवान् ३५,** रामचन्द्र खतिवडाको **वृद्धाश्रम** एवम् राजु दाहालको **नामको भोक**लाई विश्लेषण गरिएको छ ।

(क) "प्रश्न : नाम ?/ उत्तर : कलि/प्रश्न : बाबुको नाम ?/उत्तर : क्रोध /प्रश्न : आमाको नाम ?/उत्तर : हिंसा....देशको नाम ? उत्तर : नेपाल" (घिमिरे. २०६६ : ५२-५३) ।

प्रस्तुत लघुकथांशमा कलि पात्रका माध्यमबाट युगीन विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यहाँ कलि नामक पात्र विकृतिसूचक क्रोध एवम् हिंसाको गर्भबाट जन्मेको यथार्थलाई प्रस्तुत गरिएको छ । कलिको जन्म नेपालमा भएको भनेर समयुगीन नेपाली समाजको विकृतिजन्य परिवेशलाई जनाइएको छ । पछिल्लो समयमा नेपाली समाजमा विकृति बढ्दै गएको, हिंसा र क्रोधजन्य गतिविधि बढेको र कलिले आफ्नो ताण्डव नृत्य देखाएको भनेर पात्रले युगीन विसङ्गतिको प्रतिनिधि चरित्रका रूपमा काम गरेको स्थितिलाई

बोध गरिएको छ । यस लघुकथांशमा सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यस रचनामा युगीन विसङ्गतिप्रति असहमतिको चेतना व्यक्त गरिएको छ । हिंसा र क्रोधरहित नेपाली समाजको कामना गरिएको छ ।

(क) "राजनेताले खुलामञ्चको भरिभराउ जनमानस अगाडि भाषण गर्दै थियो-'फलानो हर्षमान साहु सामन्त.....'....'हर्षमान साहुले भने जति चन्दा द्यो' त्यसपछि राजनेताले भन्यो, 'हो भनेर भनिहाल्न मिल्दैन । हर्षमानलाई सामन्तीजस्तो बनाउने मुट्ठीभरका मान्छेचाहिँ सामन्ती हुन्'" (क्षेत्री. २०७१ : ६८) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक नेताको चारित्रिक विचलनलाई प्रस्तुत गरिएको छ । चन्दा नपाउँदासम्म कुनै व्यापारीलाई सामन्ती भन्ने राजनेता चन्दा पाएपछि आफ्नो स्वर परिवर्तन गर्दछ । उसले आफ्नो दोहरो चरित्र देखाएको छ । नेपाली समाजमा प्रजातन्त्रोत्तरकालमा राजनीतिक नेतृत्वमा सत्ता र सम्पत्तिको लागि जे पनि गर्ने प्रवृत्ति मौलाएको पाइन्छ । यस लघुकथामा विसङ्गत जीवन बाँच्ने राजनेताको चरित्रप्रति व्यङ्ग्यका साथै उसको गलत क्रियाकलापप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ । यस पात्रले बोकेको चेतना नेपाली समाजको विसङ्गत युगचेतनाको प्रतिनिधित्व गरेको छ ।

(ग) "कमैया दम्पतीले हात जोडे- खाने अन्न सकियो प्रभु । भगवान्ले अचम्मित हुँदै सोधे- होइन, मैले त छ महिनालाई अन्न पठाइदिएको थिएँ नि । तो अन्त त जाँड पाकेर सकियो नि प्रभु बरू अलिकति जाँड बाँकी छ, तपैँ पनि चाख्ने कि ?" (सर्वहारी. २०७२ : ३९) ।

प्रस्तुत लघुकथांशमा कमैया परिवारको जीवनलाई प्रस्तुत गरिएको छ । यहाँ अरूको कामदारको रूपमा रहेका कमैयालाई अन्न उपलब्ध गराउँदा पनि तिनले त्यसको सही उपभोग गर्न नसकेको स्थितिलाई देखाइएको छ । अज्ञान एवम् अशिक्षाका कारण आफ्नो भलो-कुभलोको समेत वास्ता गर्न नसक्ने कमैयाको जीवन कष्टकर भएको अवस्थालाई बोध गरिएको छ । नेपालका सन्दर्भमा कतिपय व्यक्तिहरू आफ्नै मनोरञ्जनप्रियता एवम् साधनको सही उपयोग गर्न नसकेका कारण गरिब बनेको स्थिति रहेको छ । यसै सन्दर्भमा यस रचनामा जाँडरक्सीको अत्यधिक सेवन गर्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । साधन भएर मात्र नहुने साधनको सही उपयोग गर्ने चेतना नहुँदा सम्म मानिसले दुःख पाउने भएकाले सही ज्ञानको खोजीमा लाग्नुपर्ने विचार व्यक्त गरिएको छ । प्रस्तुत लघुकथांशमा कमैया पात्रको अत्यधिक मदिरा सेवन गर्ने कार्यप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) उनी कुनै सरकारी कार्यालयका हाकिम थिए । काठमाडौंमा उनले भव्य महल बनाए तर भ्रष्टाचारको आरोपमा उनको जागीर खोसियो र पेन्सिन नपाउने भए उनले.... वृद्धाश्रमको बाहिर पेटीमा सुशीलकुमार बसिरहेका थिए । त्यो दृश्य देखेर मैले भनेँ- "तपाँई पनि वृद्धाश्रमका ?" उनले गहभरि आँसु पारेर भने-"के गर्नु,मैले कमाएको

सबै अरूकै लागि भयो । समयमा बुद्धि नपुऱ्याउँदा आफ्नो वृद्धाश्रममा बास भयो (खतिवडा. २०७० : ४३) ।

प्रस्तुत लघुकथांशमा भ्रष्टाचार गरेर धन कमाएका एक व्यक्तिको जीवनको पीडादायी वृद्धावस्थालाई प्रस्तुत गरिएको छ । यहाँ प्रारम्भमा सुशीलकुमारले भ्रष्टाचारका माध्यमबाट धन कमाए पनि पछि त्यही धन परिवारका अन्य सदस्यले लगेको एवम् आफू बुढेसकालमा वृद्धाश्रममा बस्नुपरेको अवस्थालाई व्यक्त गरिएको छ । नेपाली समाजमा भ्रष्टाचार विरोधी चेतना अभिव्यक्त हुँदै आएको पाइन्छ । यस लघुकथांशमा नेपाली समाजमा रहेको भ्रष्टाचार विरोधी चेतनालाई 'म' पात्रका अभिव्यक्तिका माध्यमबाट सशक्त किसिमले व्यक्त गरिएको छ ।

(ङ) बान्धवको समर्थक मेरै गाउँका गङ्गाराम काका कान्ताराम समर्थकको पिटाइले जीवनमरणको दोसाँधमा पुगेको खबर फैलियो.....खुट्टामा प्लास्टर गरिएको अनि अनुहार र हातभरि ब्यान्डेज गरिएका काका देखेर मेरो मन नराम्ररी रोयो.... एकैछिनमा काकाले सकी नसकी इस्टकोटको खल्तीबाट जतनसाथ राखेको एउटा पत्रिका निकाले । पत्रिकाको पाना पल्टाउँदै प्रफुल्ल मुद्रामा भने-"खुट्टा भाँचिएर के भयो र ? यी पत्रिकामा त नाम आयो नि !" (दाहाल. २०७० : ९५-९६) ।

प्रस्तुत लघुकथांशमा राजनीतिक द्वन्द्वका क्रममा घाइते भएको एक पात्रको चरित्र चित्रण गरिएको छ । यहाँ राजनीतिक झडपमा घाइते भएर सकीनसकी घर पुग्ने अवस्थामा रहेको मानिसले आफू घाइते भएकामा दुःखी हुनुभन्दा पनि घाइतेको रूपमा पत्रिकामा नाम आएकामा खुसी प्रकट गरेको अवस्थालाई अभिव्यक्त गरिएको छ । नेपाली समाजमा प्रजातन्त्रोत्तरकालमा सञ्चारमाध्यमको अत्यधिक विकास भएको पाइन्छ । यस अवधिमा मानिसहरूले विभिन्न किसिमले सञ्चार माध्यममा आउने गरेका छन् । लघुकथामा सञ्चारमाध्यममा कुनै न कुनै किसिमले नाम आउँदा आफूलाई गौरवान्वित ठान्ने कुराले नामको भोकलाई प्रतिबिम्बित गर्दछ । यस रचनामा आत्मप्रचारका लागि जे गर्न पनि तयार हुने समकालीन मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गर्नाका साथै अत्यधिक नाम प्रचारमा रमाउने मानवीय प्रवृत्तिप्रति असहमतिको चेतना व्यक्त भएको छ । यहाँ काका पात्रले वर्तमानको प्रचारमुखी चिन्तनको प्रतिनिधित्व गरेको छ ।

### ६.३.३ परिवेशमा युगचेतना

परिवेशले पात्र एवम् चरित्रका माध्यमले गरिने कार्यव्यापार र घटने घटनाहरूको यथार्थ जगतलाई बुझाउँछ । लघुकथाका सन्दर्भमा परिवेश सूक्ष्म एवम् सीमित आयामको हुन्छ । यसले सीमित परिवेशमा कथानक एवम् पात्रलाई अघि बढाउने काम गर्दछ । यसले

बाह्य वातावरणको मात्र नभएर पात्रको आन्तरिक मनोदशाको पनि अध्ययन गर्दछ । लघुकथामा परिवेश सीमित भए पनि लेखकले कथानक एवम् पात्र अनुकूलको परिवेश सिर्जना गर्नुपर्दछ । पात्रको स्तर, उसको क्षमता र पात्र मार्फत प्रस्तुत गरिने विचार अनुकूलको परिवेश सिर्जना भएन भने रचना कमजोर बन्न पुग्छ । लघुकथामा लेखकले आफूले प्रस्तुत गर्न खोजेको विचार अनुकूल हुने गरेर परिवेश निर्माण गर्न सक्यो भने रचनालाई प्रभावकारी किसिमले व्यक्त गर्न सकिन्छ । डोना लिभेनले परिवेशका तत्वका बारेमा यसरी चर्चा गरेका छन्, "परिवेशका तत्वहरुमा संस्कृति, ऐतिहासिक समय, भुगोल र समयलाई समावेश गर्न सकिन्छ । जहाँ कथानक सँगै चरित्र, सार प्रवृति र परिवेश आख्यानका आधारभूत तत्वहरु हुन् ।" (डोभेल. सन् १९९२ : ५८) । यसरी परिवेशले बृहद क्षेत्र समेटने तर्फ उनले संकेत गरेको पाइन्छ ।

चरित्रको कार्यव्यापार र घटनाहरू घटने यथार्थ जगतलाई परिवेशले रेखाङ्कित गर्दछ । लघुकथामा परिवेश सूक्ष्म एवम् सीमित आयामको हुन्छ । यसले सीमित परिवेशमा कथानक एवम् पात्रलाई अघि बढाउने काम गर्दछ । यसले बाह्य वातावरणको मात्र नभएर व्यक्तिपात्रको आन्तरिक मनोदशाको पनि अध्ययन गर्दछ । लघुकथामा परिवेश सीमित भए पनि लेखकले कथानक एवम् पात्र अनुकूलको परिवेश सिर्जना गर्नुपर्दछ । यस अध्ययनमा राजनीति, सामाजिक, संघसंस्था, खेलकुद एवम् प्रशासन क्षेत्रसँग सम्बन्धित विषयलाई अध्ययनको सामग्रीको रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा रसुवाली कविको **सहिद,** सुशील सिंखडाको **देखाउने दाँत,** लक्ष्मण नेवटियाको **आफ्नै धुन,** राधा कार्कीको **कुरूप** एवम् हरिहर खनालको **स्थितिबोध**लाई विश्लेषण गरिएको छ :

(क) "पोहोर साल गाडीबाट लडेको रमेश सहिद भयो, बाढीले बगाएको रत्नमान सहिद भयो, गाडीले किचेको मेरो छोरो किन सहिद नहुने ।" देवीदत्त बाले निराश बन्दै भने । नेताका घरमा गाउँ सभाको नेता चतुरमान पनि उपस्थित थिए । चतुरमानले सोधे, "तिम्रो छोरा कुन पार्टीको सदस्य ?" "स्वतन्त्र, ऊ कुनै पनि पार्टीमा पनि छैन ।""कुनै क्रान्तिमा भाग लिएको थियो ?" "ऊ हुलदङ्गामा हिँडदैनथ्यो ? ।" "त्यसो भए तपाईंको छोरो सहिद हुँदैन, जानुहोस् ।" देवीदत्त बा निराश बन्दै घर फर्के । तीन दिनपछि चतुरमान जनआन्दोलनको जिउँदो सहिदका रूपमा घोषणा गरिएको हल्ला सुनियो (कवि. २०६८ :३) ।

प्रस्तुत लघुकथांशमा गाउँघरको राजनीतिक परिवेशलाई प्रस्तुत गरिएको छ । नेपालको राजनीतिक क्षेत्रमा प्रजातन्त्रोत्तर कालमा विभिन्न दुर्घटनामा परेका व्यक्तिलाई आफ्नो पार्टी निकट भएकामा सहिद घोषणा गर्ने कार्य भएको पाइन्छ । यस लघुकथांशमा पनि एकजना बूढा मानिसले आफ्नो सडक दुर्घटनामा परेको छोरालाई सहिद घोषणा गर्नुपर्ने विचार व्यक्त गरेकामा गाउँका नेता चतुरमानले सो मृतक व्यक्ति आफ्नो पार्टीको

सदस्य नभएको हुँदा सहिद हुन नसक्ने विचार व्यक्त गरेको छन् । त्यो घटना घटेको केही समयपछि चतुरमानलाई जिउँदो सहिद घोषणा गरिएको छ । यस रचनामा नेपालमा सहिद घोषणा गर्ने कार्यप्रति असहमतिको साथै राजनीतिक कार्यकर्तालाई 'जिउँदो सहिद' घोषणा गर्ने कार्यप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ख) असहाय बाल-बालिकाको संरक्षणका लागि ठूलो योगदान गरिसकेका रामेश्वर काका उक्त कार्यक्रमका प्रमुख अतिथि थिए । त्यो कार्यक्रम मार्फत उनले असहाय बाल-बालिकाको संरक्षणमा खडा गरिने उक्त अक्षयकोषमा मोटो रकम जम्मा गरिदिने घोषणा गरिदिए.....भोलिपल्ट बिहान दश जति बजेको हुनुपर्छ । रामेश्वर काका पछि-पछि लामो लौरो लिएर घरमा काम गर्न बसेको कालेलाई लखेटदै थिए । कारण काले त गाईवस्तुलाई घाँस काटेर ल्याउनु कता हो कता ? ऊ त बिहानभरि पारिलो घाममा बसेर मज्जाले बाह्रखरी पो पढ्दै रहेछ (सिंखडा. २०७० : ३२) ।

प्रस्तुत लघुकथांशमा सामाजिक परिवेशलाई प्रस्तुत गरिएको छ । यस रचनामा ग्रामीण समाजमा सम्भ्रान्त व्यक्तिले समाज सामु एक चरित्र प्रस्तुत गरेको र परिवारमा अर्कै चरित्र प्रस्तुत गरेको अवस्थालाई देखाइएको छ । यहाँ एक दृश्यमा एक मानिस दयालु र परोपकारी व्यक्तिका रूपमा प्रस्तुत हुन्छ भने अर्को दृश्यमा उत्पीडक व्यक्तिका रूपमा प्रस्तुत हुन्छ । यस रचनामा सामाजिक परिवेशका साथै रामेश्वर काका नामक पात्रको आन्तरिक मानसिक परिवेशलाई देखाइएको छ । लघुकथांशमा दोहरो चरित्र अपनाउने पात्रको क्रियाकलापप्रति असहमतिभावका साथै व्यङ्ग्यात्मक चेतना आएको छ । वर्तमानमा मानिस दोहरो चरित्र बाँच्ने र सामाजिक परिवेश पनि सोही अनुसार हुने गरेको पाइन्छ । यस रचनामा ग्रामीण समाजमा रहेको वर्गीय विभेदजन्य परिवेशका माध्ययबाट युगचेतना व्यक्त भएको छ ।

(ग) "एउटा बूढो फुटबल मैदानमा एक कुनामा कागजको सोलीमा चटपटे बनाएर बेच्ने गर्दथ्यो.....खेल सकिएपछि गाउँ फर्कँदा एउटा गाउँलेले सोध्यो, 'आज फाइनलमा के भयो ?' अरू दिन एक सयको बिक्री हुन्थ्यो, आज त साढे तीन सयको बिक्री भयो ।' उसले आफ्नै धुनमा जवाफ दियो" (नेवटिया. २०७१ : ४९) ।

प्रस्तुत लघुकथांशमा ग्रामीण भेगमा हुने खेलकुद कार्यक्रमको परिवेशलाई प्रस्तुत गरिएको छ । यस रचनामा स्थानीय सामाजिक परिवेशभन्दा पनि व्यक्ति पात्रको आन्तरिक मानसिक परिवेशलाई बढी महत्त्व दिइएको पाइन्छ । एक ग्रामीण व्यक्तिले खेलको परिणामको बारेमा सोध्दा चटपट बिक्रेताले आफ्नो व्यापार पहिले भन्दा बढेको कुरा व्यक्त गर्दछ । एक विपन्न नागरिकका निमित्त मनोरञ्जन भन्दा पनि आफ्नो दैनिक जीविका बढी

महत्वको विषय हुने गर्दछ । यस लघुकथांशमा जीवगत समस्याभन्दा वर्तमान समयको मनोरञ्जनमुखी चेतनाजन्य परिवेशप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(घ) "सर्मिलाकी आमाले छोरीलाई भनिन्, 'मर्ने बेलामा हरियो काँक्रो भनेझैं यो बूढीलाई घर जानुपऱ्यो अरे ।' 'खै त हजुर आमा कहाँ हुनुहुन्छ ?' 'अस्पतालमा' 'अहिले हजुरआमा कति वर्षको पुग्नुभयो ?' 'बयानब्बे वर्ष ।'" (कार्की. २०७१ : ३१) ।

प्रस्तुत लघुकथांशमा पारिवारिक परिवेशलाई अभिव्यक्त गरिएको छ । यस लघुकथामा बुहारी पात्रले आफ्नी सासूको उमेर, अवस्था एवम् स्वास्थ्यको वास्ता नै नगरीकन गरिएको नकारात्मक टिप्पणीलाई देखाइएको छ । बुहारी पात्रको क्रियाकलाप एवम् अभिव्यक्तिले उसमा मानवीय संवेदना नभएको अवस्थालाई प्रस्तुत गरिएको छ । लघुकथामा बयानब्बे वर्ष पुगेकी वयोवृद्ध महिलाको घर जाने चाहनाप्रति आक्रोश व्यक्ति गर्नुले सो महिलाको हृदयमा कठोरता रहेको देखिन्छ । नेपाली समाजमा उपभोक्तावादी संस्कृतिको विकाससँगै पुरानो पुस्ताप्रतिको उपेक्षा गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यहाँ वर्तमानमा मानवीय सम्वेदना नभएको सामाजिक परिवेशप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(ङ) नारद नित्य स्थानीय प्रशासकको चाकरीमा हाजिर हुन्थ्यो, आन्दोलनकारीहरूको नामलिस्ट पेस गर्थ्यो, र कतिपटक त आफै सँगै बसेर तिनीहरूका पाइतालाका छाला नउप्किएसम्म पिट्न लगाउँथ्यो...."समाचार सुन्नुभयो ?" उसले त्यसै किसिमले प्रश्न गरी । ऊ केही बोलेन । "बहुदल आयो रे नि ! अब हाम्रो के हुन्छ ?" बिल्कुलै आत्तिएको स्वरमा राधिका बोली...."के गर्नु राधा.........।" विवश स्वरमा ऊ बोल्यो-"अब पनि बाँच्नु त पऱ्यो नि !" त्यसपछि नारदले एकमुठी अबीर झिक्यो र आफ्नै टाउकामा घस्यो । राधिका दङ्ग परी (खनाल. २०६४ : ८३-८४) ।

प्रस्तुत लघुकथांशमा पञ्चायतकालको अन्त्य एवम् बहुदल आएपछिको राजनीतिक परिवेशलाई विषय सन्दर्भ बनाइएको छ । यहाँ पञ्चायती सत्ताका पक्षमा रहेर प्रतिपक्षी कार्यकर्तामाथि दमन गराउने कार्यमा संलग्न पात्रले बहुदल आएपछि अबीर दलेर आफूलाई बहुदलीय व्यवस्थाको पक्षधर बनाएको अवस्थालाई देखाइएको छ । नेपालको राजनीतिक इतिहासमा हरेक राजनीतिक परिवर्तनसँगै पुरानो व्यवस्थाका पक्षधरले नयाँ व्यवस्था कायम हुनेबित्तिकै सो नयाँ व्यवस्थाका पक्षमा तत्कालै समर्थन गरेको पाइन्छ । यस लघुकथांशमा हरेक राजनीतिक परिवर्तनको परिवेशसँगै अवसरवादजन्य गतिविधि बढेको देखाइएको छ ।

### ६.३.४ उद्देश्यमा युगचेतना

कुनै पनि कार्यको निश्चित प्रयोजन हुने भएकाले यसले कार्यलाई लक्ष्यसम्म डोऱ्याउने काम गर्दछ । साहित्य लेखन पनि उद्देश्यमूलक कार्य हो । लघुकथा लेखन आफैमा

उद्देश्यपूर्ण कार्य हो । लघुकथा लेखनको उद्देश्य मनोरञ्जन, विसङ्गतिको उद्घाटन एवम् समाज परिवर्तनका सन्दर्भमा अग्रसर भएको पाइन्छ । लघुकथाले सामाजिक विसङ्गतिमाथि प्रहार गर्नाका साथै स्वस्थ समाजको परिकल्पना गर्दछ । लघुकथामा सामाजिक विकृतिप्रतिको आलोचनात्मक स्वर अभिव्यक्त हुनाको साथै सामाजिक सुधारको सन्देशसमेत प्रवाहित हुन्छ । लघुकथा लेखनको उद्देश्य निश्चित विचार प्रवाह गर्नु र व्यङ्ग्यका माध्यमबाट युगचेतनाको सशक्त प्रस्तुति गर्नु हो । लघुकथामा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक लगायत मानव जीवनसँग सरोकार राख्ने विभिन्न क्षेत्रसँग सम्बन्धित विषयको उठान गरिएको पाइन्छ । ती यावत विषयवस्तुसँग सम्बद्ध रहेर मानवजीवनको विकृतिजन्य क्रियाकलापप्रति विरोधको भावना प्रकट गर्नाका साथै न्यायपूर्ण, समतामुखी, सभ्य एवम् सुसंस्कृत समाजको निर्माणको अपेक्षा गरिन्छ । कुनै पनि लघुकथा रचनाको उद्देश्य निर्धारणमा लेखकको चेतनास्तरले आधारमा महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि साहित्य लेखनको उद्देश्यका बारेमा लियोना लेखी (सन् २००१) ले आफ्नो विचार यसरी प्रकट गरेका छन्, "...कुनै निश्चित विषयवस्तूको लेखनको तत्कालिन उद्देश्य न त भाषा हो, न त लेखाइमा सुधार हो, यो र अझ बढी प्राकृतिक उद्देश्य हो । त्यो भनेको लेखकको व्यक्तिगत महत्वको कुनै विषय पाठकमाझ संचार गर्नु हो ।" (लेखी. सन् २००१ : पृ. ?)

साहित्यिक कृतिको रचना उद्देश्यपूर्ण हुन्छ । लघुकथा सिर्जना गर्ने प्रमुख प्रयोजन नै उद्देश्य हो । साहित्यिक रचनाको प्रयोजनका बारेमा पूर्वीय एवम् पश्चिमी साहित्यमा व्यापक चर्चा भएको पाइन्छ । मनोरञ्जन, शिक्षा, लोककल्याण, आनन्द, सामाजिक यथार्थको प्रस्तुतीकरण, सामाजिक परिवर्तनको चाहनालाई वर्तमान समयमा लघुकथा सिर्जनाको प्रमुख उद्देश्य मानिन्छ । नेपाली लघुकथा रचनामा लोककल्याण एवम् सामाजिक परिवर्तनको चाहनालाई सशक्त किसिमले अभिव्यक्त गरिएको छ । नेपाली लघुकथा लेखनका निश्चित उद्देश्य छन् । नेपाली लघुकथामा समयुगीन नेपाली समाजका विभिन्न चिन्तन, प्रवृत्ति एवम् क्रियाकलापको प्रस्तुति पाइन्छ । नेपाली लघुकथामा समाजमा रहेका विकृत परिवेशप्रति आलोचनात्मक अभिव्यक्तिका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको देखिन्छ । नेपाली लघुकथामा नकारात्मक जीवन परिवेशको प्रस्तुतिका माध्यमबाट सकारात्मक जीवनमूल्यको खोजी गरिएको छ । लघुकथा रचनामा युगजीवनका यथार्थको प्रस्तुतीकरणका आधारमा लोककल्याणको भाव सिर्जना गरिएको छ । नेपाली लघुकथामा राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्यका साथै सामाजिक जीवनका अनेक कुरूप पक्षप्रति आलोचनात्मक स्वर व्यक्त भएको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको उद्देश्यमा युगचेतनाको प्रस्तुतिलाई प्रस्तुत गर्ने सुशील सिंखडाको **सम्मान,** रामचन्द्र खतिवडाको **प्रदीप विश्वकर्मा,** राधा कार्कीको **परिवर्तनको खातिर,** हरिहर पौडेलको **आफ्नाहरू** एवम् भागिरथी श्रेष्ठको **हाम्रा निर्धन**

**हिमालहरू** लघुकथालाई उद्देश्यमा युगचेतनाको प्रस्तुतिका लागि अध्ययनको सामग्रीका रूपमा उपयोग गरिएको छ :

(क) उनको महत्त्वपूर्ण योगदानको विषयमा विशेष चर्चा भयो । दोसल्ला ओडाएर चाँदीको फ्रेममा सम्मान-पत्र थमाइदिएपछि प्रमुख अतिथिले पनि सुन्दर शब्दको संयोजन गरी उनको सम्मानमा मीठा कुराहरू गरे....अर्को दिन बिहान पनि उनको आँगनमा भीडभाड जम्मा छ । कारण उनी त तीन दिनदेखिको भोकले ग्रस्त भएर हिजो राती नै यस संसारबाट बिदा पो भएछन् !! (सिंखडा. २०६९ : ४२) ।

यस लघुकथांशको उद्देश्य सामाजिक आडम्बरप्रतिको व्यङ्ग्य हो । कुनै पनि स्रष्टाको जीवनको सुरक्षाभन्दा सम्मान ठूलो कुरा होइन । यस रचनामा स्रष्टाको सम्मानका लागि जुटेका मानिसले ती स्रष्टा रोगले कमजोर भएको अवस्था चाल पाउँदैनन् । उनको मृत्युपछि मात्र उनी तीन दिनदेखि भोको भएको तथ्य सार्वजनिक हुन्छ । हाम्रो समाजमा प्रतिभाको जीवनको सुरक्षाप्रतिको बेवास्ता र उनीहरूको जीवनप्रतिको उपेक्षा गर्ने प्रवृत्ति पाइन्छ । यसै सन्दर्भमा यस लघुकथांशमा हाम्रो रोगी सामाजिक चिन्तनप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ख) प्रदीपले साह्रै राम्रा भाँडा बनाउँछन् भन्थे गाउँलेहरू....प्रदीपले बनाएकै भाँडाहरूमा जन्तीका लागि भोज पकाइयो । त्यस विवाहमा प्रदीप पनि गएका थिए । अचानक पाकेको पुलाउ उनले छुन पुगेछन्....बजिया कामीले बर्बादै पार्‍यो भनेर उनले प्रदीपलाई मनपरी गाली गरे । प्रदीपले भने-“मालिक ! मैले बनाएको भाँडोमा पकाउन हुने, मैले छोएको खान हुँदैन ?” (खतिवडा. २०७० : ५१) ।

प्रस्तुत लघुकथांशको उद्देश्य जातीय छुवाछुतप्रति असहमति व्यक्त गर्नु हो । गाउँमा राम्रा भाँडा बनाउने प्रदीपको प्रशंसा हुनु, उसले बनाएका भाँडामा बिहे भोज पकाउनु तर ती भाँडा छुनेबित्तिकै उसमाथि अमानवीय व्यवहार हुनुले जातीय छुवाछुत चरम अवस्थामा रहेको बुझिन्छ । यहाँ समाजमा जातीय छुवाछुत भएको यथार्थ प्रकटमात्र नगरेर छुवाछुतजन्य घटनाप्रति असहमतिको चेतनासमेत व्यक्त भएको छ । प्रदीपले आफूले बनाएको भाँडामा पकाउन मिल्ने तर उसले छोएको किन खान नमिल्ने भन्ने प्रश्न गरेबाट उसमा विद्रोही चेतना विद्यमान रहेको देखिन्छ । यस लघुकथांशको उद्देश्य सामाजिक विभेदप्रति असहमतिको चेतना रहेको पाइन्छ ।

(ग) “लामो बर्सातपछि बूढो रूख लड्यो । नाइकेहरू तँछाडमछाड गर्दै अग्रपङ्क्तिमा उभिए । उनीहरूले भाले जुधाइलाई राष्ट्रिय खेल सम्झे । उनीहरूको उफ्राइमा थुप्रै सपनाहरू किचिमिची हुँदै थिए” (कार्की. २०७१ : ५१) ।

प्रस्तुत लघुकथांशको उद्देश्य राजनीतिक विसङ्गतिप्रतिको आलोचनात्मक चेतनाको प्रस्तुति हो । यहाँ बूढो रूख भनेर राजतन्त्रलाई जनाइएको छ, नाइकेहरू भनेर राजनीतिक दलका प्रमुख नेताहरूलाई, भाले जुधाइ भन्नाले मेलमिलापको अभाव एवम् झैझगडा गर्ने प्रवृत्तिलाई व्यक्त गरिएको छ । यस रचनामा राजनीतिक दलका प्रमुख नेताहरूको क्रियाकलापका कारण जनताका थुप्रै सपनाहरू किचिमिची भएको, जनताले अनेकन दुःख पाएको र जनताको जीवनस्तरमा सुधार नआइएको भनेर असन्तोष अभिव्यक्त भएको पाइन्छ । यस लघुकथांशमा वर्तमानको विसङ्गत राजनीतिलाई प्रस्तुत गर्नाका साथै भविष्यप्रतिको आशावादी सकारात्मक चेतना अभिव्यक्त भएको छ ।

(घ) बाँचुन्जेल ऊ एक्लो थियो । एक्लो जिन्दगी घिसार्दै हिँड्थ्यो....आज उसको मृत्युमा दुःखी हुँदै रुनेहरू धेरै देखिए । भीडमा कसैले सोध्यो-'यो के अचम्म भयो ? .....यी सबै उसका साहुहरू हुन् । यिनीहरू आफ्नो पैसा डुब्यो भनेर रुँदैछन्" (पौडेल. २०६२ : १६) ।

प्रस्तुत लघुकथांशको उद्देश्य मानवीय संवेदनहीनताप्रति व्यङ्ग्यात्मक चेतनाको प्रस्तुति गर्नु हो । यहाँ एकजना मान्छे जिउँदो छँदा एक्लो रहेको, उसको मृत्युपछि धेरै मानिस दुःखी भएर रोएको स्थितिलाई प्रस्तुत गरिएको छ । यस रचनामा उक्त व्यक्तिको मृत्युमा रुने व्यक्ति उसको अभावमा भन्दा पनि उसले लिएको उधारो नपाइने व्यथाले पीडामा परेर रोएको देखिन्छ । यस रचनाको उद्देश्य वर्तमानमा मानवमूल्यको विघटन, पैसामुखी सोच एवम् संवेदनहीन हुँदै गएको सामाजिक परिवेशप्रतिको आलोचना एवम् व्यङ्ग्यात्मक चेतनालाई प्रस्तुत गर्नु हो ।

(ङ) कैयन वर्षदेखिको अनवरत सङ्घर्ष र प्रयासपछि हिमालहरूले उज्यालो आकाश, धतीमाथि टाँगे .... अफसोस ! हाम्रा आँखाहरू बिझिरहेछन् । हाम्रा मनहरू नराम्ररी दुखिरहेछन् । हाम्रा पाइलाहरू डगमगाउन थालेका छन् । हाम्रा सपनाका आधारशिलाहरू भत्केका छन् । हाम्रा आस्थाहरू घाइते भएर पहाडको शिखरबाट खस्दैछन् । अब हामी कुन हिमालको छत्रछायाँलाई स्विकारौँ....किनभने, मैले सम्झेका सम्पुर्ण हिमालहरू मात्र कागजका चङ्गा रहेछन्, मात्र कागजका....(श्रेष्ठ. २०५० : ४१-४२ )

प्रस्तुत लघुकथांशको उद्देश्य प्रतीकात्मक रूपमा राजनीतिक नेताका क्रियाकलापका कारण नेपाली समाजले भोग्नुपरेको पीडाको अभिव्यक्तिलाई प्रस्तुत गर्नु हो । यस रचनामा हिमाल भनेर राजनीतिक नेतृत्व, उज्यालो आकाश भनेर राजनीतिक परिवर्तनलाई जनाइएको छ । जनताको अपार आस्था पाएका नेतृत्ववर्गले आफ्नो स्वार्थमा भुलेर देश र

जनतालाई धोका दिने काम गरेको, राजनैतिक परिवर्तनलाई संस्थागत गर्न नसकेको हुँदा जनतामा व्यापक निराशा फैलिएको स्थितिबोध गरिएको छ ।

### ६.३.५ दृष्टिबिन्दुमा युगचेतना

दृष्टिबिन्दु रचनाकारले पाठलाई हेर्ने दृष्टिसँग सम्बद्ध हुन्छ । लेखकले एक पात्रलाई आधार बनाएर रचनामा विचरण गर्ने गर्दछ । त्यो प्रमुख पात्रले लघुकथामा लेखकको विचारलाई बोकेर हिँड्दछ । रचनाकारले आफ्नो दृष्टिकोणलाई अघि बढाउन चयन गरेको पात्र दृष्टिकेन्द्री पात्र हो । त्यो पात्र सक्रिय हुने तथा कार्यव्यापार सम्पन्न गर्ने ठाउँ नै दृष्टिबिन्दु हो । लघुकथामा सामान्यता प्रथम पुरुष (म, हामी) एवम् तृतीय पुरुष (ऊ, उनी) दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । प्रथम पुरुष दृष्टिबिन्दु आन्तरिक दृष्टिबिन्दु हो भने तृतीय पुरुष बाह्य दृष्टिबिन्दु हो ।

मोहनराज शर्माकले दृष्टिबिन्दुलाई परिभाषित गर्ने क्रममा, “दृष्टिबिन्दु त्यो परिप्रेक्ष्य हो, जसद्वारा आख्यानकारले चरित्र, कार्यव्यापार, परिवेश आदिलाई पाठकका सामु राख्छ ।” (शर्मा. २०५८ : ४३) भनेका छन् । लिन्डा एन्डरसनले दृष्टिबिन्दुलाई चिनाउने क्रममा “हरेक कथा निश्चित समाख्याताको दृष्टिकोणबाट उल्लेख गरिन्छ जसलाई दृष्टिबिन्दु भनिन्छ” (एण्डरसन. सन् २००९ : पृ. ?) भनेकी छन् । उनले समाख्याताको कोणबाट कथा प्रस्तुत गर्नुलाई दृष्टिबिन्दुका रुपमा चिनाएकी छन् । दृष्टिबिन्दुले लघुकथा रचनालाई निरन्तरता दिने कार्य गर्ने भएकोले यसको भूमिका प्रभावकारी देखिन्छ । दृष्टिबिन्दु चरित्र, कार्यव्यापार एवम् परिवेशको निरन्तरताका माध्यमबाट अघि बढने भएकाले यसको भूमिका रचनाको प्रारम्भदेखि अन्त्यसम्म हुन्छ । लघुकथामा सीमित कथानक हुने भएकोले यसमा एउटै दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

दृष्टिबिन्दुले रचनाको शिल्प पक्षसँग सम्बन्ध राख्दछ । कुनै पनि लेखकले एक प्रमुख पात्रलाई आधार बनाएर रचनामा विचरण गर्ने गर्दछ । त्यस पात्रले लघुकथामा लेखकको विचारको प्रतिनिधित्व गर्दछ । रचनाकारले आफ्नो दृष्टिकोणलाई अघि बढाउन चयन गरेको पात्र दृष्टिकेन्द्री पात्र हो । त्यो पात्र सक्रिय हुने तथा कार्यव्यापार सम्पन्न गर्ने ठाउँ नै दृष्टिबिन्दु हो । लघुकथामा सामान्यता प्रथम पुरुष (म, हामी) एवम् तृतीय पुरुष (ऊ, उनी) दृष्टिबिन्दुको प्रयोग गरिएको हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दु आन्तरिक वा सहभागी दृष्टिबिन्दु हो भने तृतीय पुरुष बाह्य वा असहभागी दृष्टिबिन्दु हो । प्रथम पुरुष दृष्टिबिन्दुमा म, हामी समाख्याता हुन्छ । यस दृष्टिबिन्दुमा सहभागीको लघुकथाभित्रै उपस्थित हुने भएकाले यो सहभागी र उपस्थित दृष्टिबिन्दु हो । त्यसरी नै तृतीय पुरुष दृष्टिबिन्दु भनेको असहभागी वा अप्रस्तुत दृष्टिबिन्दु हो र यसमा ऊ, त्यो, उनी, तिनी आदि र कुनै नामधारी पात्र समाख्याता हुन्छ । यस दृष्टिबिन्दुमा लघुकथामा सहभागीको उपस्थिति नहुने भएकोले यो

असहभागी वा अनुपस्थित दृष्टिबिन्दु हो । दृष्टिबिन्दुका धेरै प्रकार पाइन्छन् । लघुकथामा प्रयुक्त प्रथमपुरुषका केन्द्रीय र परिधिय एवम् तृतीय पुरुषका सर्वज्ञ, सीमित र वस्तुपरक प्रकारहरू प्रमुख पाइन्छन् । यस अध्ययनमा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुसँग सम्बन्धित विषयलाई अध्ययनको सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा धार्मिक, राजनीतिक एवम् सामाजिक विषयसँग सम्बन्धित रचनाको विश्लेषण गरिएको छ । यस अध्ययनमा लक्ष्मण नेवटियाको **कुट कला,** मणिकुमार पोखेलको **नाता,** ज्योतिप्रभा बिष्टको **मुक्ति,** कलाधर काफ्लेको **प्रवचन** एवम् विष्णुबहादुर सिंहको **बालक र रूख** लघुकथालाई विश्लेषण गरिएको छ :

(क) "मैले त्यस कुकुरको विशेषताका बारेमा सोधेँ । उनले भने, 'यो कुकुर कहिले पनि आफू बस्ने घरमा फोहर गर्दैन ।' 'अनि यो आँगनमा फोहर चाँहि कुन कुकुरले गरेको छ ?' मैले प्रश्न गरेँ । 'के गर्ने, यस्तै एउटा कुकुर पल्लो छिमेकी प्राध्यापकज्यूले पनि पालेका छन्' उनको जवाफ सुनेपछि म अवाक भएँ" (नेवटिया. २०७१ : २७) ।

प्रस्तुत लघुकथांशमा 'म' प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । लघुकथामा एकजना साहित्यकारको आडम्बरी जीवनशैलीलाई प्रस्तुत गरिएको छ । आफ्नो कुकुर सफाइप्रिय भएको कुरा गर्नु र आँगनमा फोहर गरेको सन्दर्भ उठाउँदा छिमेकीको पनि यस्तै कुकुर भएको बताउनुले उसमा अह्मभावका साथै छिमेकीप्रतिको विद्वेष पाइन्छ । राम्रो जति आफ्नो र नराम्रो जति अरूको भन्ने उसको भनाइ सामन्ती चिन्तनबाट प्रेरित छ । यहाँ म पात्रले भोक्ताका रूपमा वर्तमानमा मानिसको हराउँदै गएको अहमताबोध, बेइमान र परपीडक चरित्र एवम् क्रियाकलापलाई ग्रहण गरेको छ । उसले साहित्यकार पात्रको गलत चिन्तनप्रतिको व्यङ्ग्यात्मक चेतनालाई बोध गरेको छ ।

(ख) मलाई घडेरीका लागि उपयुक्त जग्गा भएकाले किन्ने विचार गरेँ । एकैछिनको कुराकानीपश्चात एक लाख बीस हजार कट्ठाका दरले मूल्य तोकियो । साथमा पूरा पैसा नभएकाले एक हप्ताभित्र चुक्ता गर्ने गरी म घरतिर लागेँ....भोलिपल्ट सबेरै म पैसाको जोहो गर्न काठमाडौँतिर हानिएँ । सञ्चयकोष झिकेर पाँचौ दिन म उनको घर पुगेँ । उनी भेटिएनन् । घरमा सोध्दा जानकारी पाएँ, उनी पास गरिदिन सदरमुकाम गएका रहेछन् । जग्गा त्यही थियो, जुन मसँग लेनदेनका लागि टुंगो भएको थियो । जग्गा किन्ने व्यक्ति उनकै पार्टीका एक सदस्य रहेछन्, अनि मूल्य तोकिएको रहेछ सिर्फ एक लाख अठार हजार....जग्गाधनी अरू कोही नभएर मेरा आफ्नै काका थिए, जसले मलाई बचपनदेखि बुझ्दै आएका थिए (पोखरेल. २०६९ : १७) ।

प्रस्तुत लघुकथांशमा 'म' प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । लघुकथामा वर्तमानमा हराउँदै गएको मानवीयता एवम् आफ्नोपनको अभावलाई प्रस्तुत गरिएको छ । यहाँ जग्गा बेचबिखनका लागि आफ्नो भजितासँग कुराकानी भइसकेपछि पनि अर्कै मानिसलाई बेच्ने काका पात्रको क्रियाकलापलाई विषय बनाइएको छ । यस रचनामा आफ्नो नजिकको नाताभन्दा पनि पार्टी निकटका मानिसलाई नजिक ठानेर जग्गाको किनबेच गर्ने काम गरिएको स्थितिलाई व्यक्त गरिएको छ । नेपाली समाजमा पछिल्ला केही समय यता घरजग्गा कारोबारले प्राथमिकता पाएको देखिन्छ । यसै क्रममा यस रचनामा पनि घरजग्गाको कारोबार गर्ने काकाले आफ्नै भतिजालाई अविश्वास गरेको र जग्गा अन्य व्यक्तिलाई बेचेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथांशमा म पात्रले भोक्ताका रूपमा वर्तमान युगीन अविश्वास एवम् शङ्काको वातावरण एवम् स्वार्थमुखी चिन्तनलाई अनुभव गर्नाका साथै सो कार्यप्रति असहमतिभाव समेत व्यक्त गरेको छ ।

(ग) उनीहरू मुक्त भए । उनीहरू हाँसिरहेका थिए । नाचिरहेका थिए । सबैजना प्रफुल्लित देखिन्थे । उनीहरू पिँजडाबाट मुक्त भएका चराहरूजस्ता थिए.....तर वास्तविक संसार त अर्कै रहेछ । उनीहरूले सोचेभन्दा फरक बिल्कुल फरक । उनीहरूले मनमनै सोचे, "पिँजडामा हामीलाई मालिकले चारो खान दिन्थ्यो तर यस्तो विशाल संसारमा हाम्रो लागि चारो टिप्ने ठाउँ पनि रहेनछ (बिष्ट. २०६३ : १०) ।

प्रस्तुत लघुकथांशमा 'उनीहरू' तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यस लघुकथांशमा अभिधार्थमा चराहरू पिँजडामा रहँदा सुखी भएको एवम् पिँजडा बाहिर हुँदा खान नपाएर भोकै रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ व्यञ्जना तहमा कमैया मुक्तिको सन्दर्भलाई प्रस्तुत गरिएको छ । कमैयाहरू मालिककहाँ रहँदा उसले गाँसबासको व्यवस्था गरिदिएकामा गाँसबासको उचित व्यवस्था बिना सरकारले मुक्त घोषणा गरेपछि रोजीरोटीको समस्या परेको यथार्थलाई प्रस्तुत गरिएको छ । यस रचनामा नेपालमा कमैया मुक्तिको घोषणा भएको समय सन्दर्भ र त्यस सन्दर्भसँग जोडिएको कमैया नागरिकको जीवनको पीडालाई अभिव्यक्त गरिएको छ । यहाँ उनीहरू पात्रले दृष्टा भएर नेपालमा कमैयाप्रति गरिने उत्पीडनलाई बोध गर्नाका साथै उत्पीडनविरोधी चेतना समेत ग्रहण गरेका छन् ।

(घ) एकजना अँधबैसे मानिस सभाबाट जुरुक्क उठ्यो र धर्माधिकारीतिर चोर औँला ठड्याउँदै ठाडो प्रश्न गर्‍यो, 'प्रवचक महोदय, एक दशकअघिसम्म तपाईं पैदल हिँडनुहुन्थ्यो अहिले बेन्चकारमा गुडनुहुन्छ, पहिले तपाईंको बासका रूपमा एउटा छाप्रो थियो, अहिले दरबार छ । यो सबै कहाँबाट आयो ?.... सभामा

आफूप्रति ठूलो विद्रोह हुने छाँट देखेर होला, प्रवचन गर्दै धर्माधिकारी मञ्चबाट लुसुक्क ओर्लियो (काफ्ले. २०७१ : ७२-७३) ।

प्रस्तुत लघुकथांशमा 'ऊ' (एक अँधबैसे मानिस) तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यस लघुकथांशमा एक धर्माधिकारीको आकस्मिक धनवृद्धि एवम् उसको विलासी जीवनप्रति प्रश्न उठाइएको छ । नेपालमा मानिसहरू कुनै न कुनै क्षेत्रको आडमा अकुत सम्पत्ति आर्जन गर्ने र जनतालाई मूर्ख बनाउने कार्यमा संलग्न रहेको पाइन्छ । यहाँ ऊ पात्रले भोक्ताका रूपमा धर्मका आडमा जनताको शोषण गर्ने र जनतालाई मूर्ख बनाएर आफ्नो स्वार्थसिद्ध गर्ने प्रवृत्तिप्रति विरोधका साथै व्यङ्ग्य गरेको छ । उसले धर्मका नाममा गरिने उत्पीडन विरोधी चेतनाको प्रतिनिधित्व गरेको छ ।

(ङ) एकजना अधबैंसे मान्छेले त्यो रूख नजिक आई सम्झाउँदै भन्यो-"यति सानो मान्छे पनि यति ठूलो रूखमा चढेको । लडिन्छ बाबु, ओर्लिहाल । मन्दिर अगाडिको रूखका डाला काटन हुन्न....।"....अर्को दिन हेर्दा उक्त रूखका सबै डाला काटिएको थियो । बालकले मन्दिरका अगाडिको रूखका डाला काटेको खबर गाउँभरि फिँजायो, थाहा भएन । अर्को दिन गाउँलेहरू मिली त्यस बालकलाई गाली गर्नसम्म गरे । मैले सबै घाँसका डाला काटेको होइन भन्दा पनि कसैले पत्याएन । हिजो रूखबाट ओर्लिने सल्लाह दिने अधबैंसे मान्छेचाहिँ अलि पर मुस्कुराइरहेको थियो (सिंह. २०५८ : ४७) ।

प्रस्तुत लघुकथांशमा 'ऊ' (एक अधबैंसे मान्छे) तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यहाँ अहिलेको मानिसको चारित्रिक विचलनलाई सशक्त किसिमले व्यक्त गरिएको छ । अधबैंसे मान्छे एकातिर बालकका निमित्त उपदेशकका रूपमा देखापर्दछ भने अर्कातिर आफूले बदमासी गरी बदमासीको दोष बालकमाथि थोपरेर पानीमुनिको ओभानो बन्ने कार्य गर्दछ । अधबैंसेले बालकलाई उपदेश दिइसकेपछि रूखका डाला काट्ने, बालकले डालाहरु काटेको भनेर गाउँभरि हल्ला फिँजाउने र बालकमाथि गाउँले सबैले गाली गर्दा अलि पर मुस्कुराइरहने उसको स्वभावले उसमा रहेको परपीडक चरित्रलाई देखाउँछ । यस लघुकथामा हाम्रो समाजमा रहेको परपीडक पात्रको/ चरित्रको उद्घाटनका साथै विकृतिजन्य क्रियाकलापप्रति असहमतिको चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ । यहाँ ऊ पात्रले भोक्ताका रूपमा उत्पीडन बोध गरेको छ ।

### ६.४ नेपाली लघुकथाको रूपविन्यासबाट युगचेतना

नेपाली लघुकथाको रूपविन्यासले भाषाशैलीगत पक्षसँग सम्बन्ध राख्दछ । यसमा भाषाशैलीका उपकरणको विश्लेषण गरिन्छ । यस अध्ययनमा नेपाली लघुकथाको रूपविन्यासबाट युगचेतनाको प्रस्तुतिको अध्ययनका लागि विचलन, समानान्तरता,

पर्यापयोक्ति, विशेषणगुच्छ, दृष्टान्तिकरण, अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग, सादृश्यविधान, व्यङ्ग्योक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैचित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली एवम् लोककथात्मक शैलीलाई आधार मानेर विश्लेषण गरिएको छ ।

### ६.४.१ विचलनका माध्यमबाट युगचेतना

नेपाली लघुकथामा विचलनको माध्यमबाट युगचेतना प्रकट भएको पाइन्छ । विचलन एक प्रकारको भाषिक विशिष्ट प्रयोग हो । मोहनराज शर्माले विचलनका सम्बन्धमा प्रकाश पार्ने क्रममा 'भाषाको मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यतिक्रमलाई विचलन भनिन्छ' (शर्मा. २०५५ : ५५२) भनेका छन् । यसरी विचलन भाषाको अतिक्रमणबाट सिर्जना हुने गर्दछ । यस अध्ययनमा नेपाली लघुकथा रचनामा पाइने कोशीय विचलन, सहप्रयोगात्मक विचलनल एवम् व्याकरणीय विचलनको अध्ययन गरिएको छ । व्याकरणिक विचलनअन्तर्गत कर्ता, कर्म र क्रियाको विचलन, उद्देश्य र विधेयको क्रममा विचलन, पद/पदावलीगत विन्यासमा विचलन, उपवाक्यगत विन्यासमा विचलन र वाक्यगत विचलनको अध्ययन गरिएको छ । यस अध्ययनमा विचलनयुक्त लघुकथा अंशमा पाइने युगचेतनागत प्रवृत्तिको समेत विश्लेषण गरिएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटी, सुमन सौरभ, आर.आर. चौलागाई, टीकाराम रेग्मी, दिलीप शाह, ध्रुव मधिकर्मी, कृष्ण बजगाई, सरस्वती रिजाल, सिन्धु गौतम, कपिल लामिछाने, साधना प्रतीक्षा, रवीन्द्र समीर र सुमन सौरभका लघुकथा रचनाको अध्ययन गरिएको छ ।

#### ६.४.१.१ कोशीय विचलन

कुनै पनि ठाउँमा प्रचलनमा नआएका नवीन शब्दको प्रयोग नै कोशीय विचलन हो । नेपाली लघुकथामा कोशीय विचलनका माध्यमबाट युगचेतना प्रकट भएको हुन्छ । यसै सन्दर्भमा कोशीय विचलन भएका केही लघुकथा रचनालाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटीको **आरक्षण-एक,** सुमन सौरभको **घरेलु हिंसा** र आर.आर.चौलागाईको **लाटो एक बल्डचाङ बाठो तीन बल्डचाङ** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "सुरुताका वीरभक्त गतिलै लद्दुराम नै हो । विद्याको भाँडो खिया नै खियाले टिलपिल भएको थियो । खाट्टी कुरा यही हो, ऊ पुरापुर भुत्ते थियो । भुत्ते हुनपछाडिको सोरपटार दोष "जात" माथि लगाएर सक्कली अवगुणहरूलाई चोख्याएको अवस्था थियो" (शिवाकोटी. २०७० : २२) ।

प्रस्तुत लघुकथांशमा एकजना ज्ञान र बुद्धिले मानिसको प्रवृत्ति उल्लेख गर्ने क्रममा उसलाई 'लद्दुराम' भनिएको छ । सामान्यतया कमजोर मानिसलाई जनाउन लद्दु भनिएको पाइन्छ । यस लघुकथा अंशमा उसलाई 'लद्दुराम' भनेर कोशीय विचलन ल्याइएको छ ।

नेपाली समाजमा बिना परिश्रम बाँच्न चाहने र कुनै न कुनै बहानामा समाजमा स्थापित हुन चाहने प्रवृत्ति विद्यमान छ । यहाँ वीरभक्त पात्रले यसै प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । प्रस्तुत लघुकथामा समाजमा गलत किसिमले स्थापित हुन चाहने मानवीय प्रवृत्तिका बारेमा चर्चा गर्नाका साथै सो प्रवृत्तिप्रति असहमत चेतना प्रस्तुत भएको छ ।

(ख) "उसको प्रत्येक रात रक्सीले ऱ्याउँऱ्याउँ भएको टाउको, लट्ठिएको शरीर र लर्बराएको खुट्टा देख्दा लाग्थ्यो-"बिहान अफिस जाँदाको तरोताजा ऊ र राति घर फर्कँदाको अर्धबेहोस ऊ एउटै व्यक्ति नै होइन ।" (सौरभ. २०६८ : ५०) ।

प्रस्तुत लघुकथांशमा मानिसको धेरै रक्सी सेवन गर्ने क्रियाकलापलाई जनाउन प्रत्येक रात रक्सीले ऱ्याउँऱ्याउँ भएको टाउको भनिएको छ । यहाँ रन्थनिएको भन्नुपर्नेमा ऱ्याउँऱ्याउँ भनिएको छ । यहाँ कोशीय विचलनका माध्यमबाट ऊ पात्रको रक्सीप्रेमी स्वभावप्रति व्यङ्ग्य गरिएको छ । समाजमा हरेक समय नशामा लीन हुने मानिसको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) "....आफ्नै नेपाली ल्याङ्बेजमा प्रशस्त वर्डहरू हुँदाहुँदै कविले कवितामा किन इङ्ग्लिस छाँटे ? त्यसमा किन बोर, लेट, स्लिप र सरी जस्ता वर्डहरू बाइफोर्स राखिए ? कुन वर्ड अड्जस्ट गर्दा कविता ब्युटिफुल हुन्छ, त्यसमा हरेक कविले निकै सिरियस भएर थिङ्किङ् गर्नुपर्छ" (चौलागाई. २०६५ : १०६) ।

प्रस्तुत लघुकथांशमा समालोचकले एक कविको अंग्रेजीमोहका बारेमा टिप्पणी गर्ने क्रममा आफै बाइफोर्स, अड्जस्ट, ब्युटिफुल, सिरियस, थिङ्किङ् जस्ता नेपाली भाषा इतर शब्दको प्रयोग गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । समालोचकले प्रयोग गरेका शब्दले कोशीय विचलनलाई प्रस्तुत गरको छ । यहाँ अर्कालाई दोष देखाउने तर आफू धेरै गल्ती गर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ । बौद्धिकताका आडमा हुने आडम्बरचरित्रका कारण समाजमा अनेकन गलत सन्देश जाने भएकाले यस्ता क्रियाकलापप्रति सबैले सचेत हुनुपर्ने भावसमेत व्यक्त भएको छ ।

नेपाली लघुकथामा कोशीय विचलनसँग सम्बन्धित रचनामा परिश्रम बिना समाजमा स्थापित हुन चाहने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ । परिवारको मूल मानिस भएर पनि आफ्नो उत्तरदायित्व बहन नगर्ने नशाप्रेमी व्यक्ति क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ । आफ्नो मातृभाषामा शब्द हुँदाहुँदै अनावश्यक अंग्रेजी मोह देखाउने साहित्यकारको क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको पाइन्छ ।

### ६.४.१.२ सहप्रयोगात्मक विचलन

एक आपसमा फरक विशेषता भएका तर नमिल्दा शब्दहरूको मेल गराएर गरिने विचलनलाई सहप्रयोगात्मक विचलन भनिन्छ । नेपाली लघुकथामा सहप्रयोगात्मक

विचलनका माध्यमबाट युगचेतना प्रकट भएको हुन्छ । यस अध्ययनमा टीकाराम रेग्मीको **पेटबाली,** दिलीप शाहको **आस** एवम् ध्रुव मधिकर्मी **कुनै पनि कारण** लघुकथाको विश्लेषण गरिएको छ :

(क) “बूढाले भुँडी छामेर भने, “यो भुँडीमा के छैन ? अलकत्रा, कोइला, मट्टितेल, डिजेल, पेट्रोल के छैन ?” बूढाका आँखाबाट तरर नदी बगे” (रेग्मी. २०७१ : ७३) ।

प्रस्तुत लघुकथांशमा बूढा पात्रले आफ्नो भुँडीमा अलकत्रा, कोइला, मट्टीतेल, डिजेल, पेट्रोल भएको कुरा व्यक्त गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । सामान्यतया मानिसको भुँडीमा अन्न हुने गर्दछ तर यहाँ बूढाले आफ्नो भुँडीमा अलकत्रा, कोइला, मट्टितेल, डिजेल, पेट्रोल भएको भनेर आफूले भ्रष्टाचार गरेर धन कमाएको आशय प्रकट गरेका छन् । लघुकथामा असमान किसिमका भुँडी र अलकत्रा, कोइला, मट्टितेल, डिजेल, पेट्रोलका बीचमा मेल गराएर सहप्रयोगात्मक विचलन ल्याइएको छ । यहाँ नेपाली समाजमा पद र प्रतिष्ठा पाएका मानिसले भ्रष्टाचार गरेर धन थुपार्ने गरेको र जीवनको उत्तरार्धमा पछुतो मान्ने गरेको प्रसङ्ग आएको छ । यस रचनामा भ्रष्टाचार विरोधी चेतना व्यक्त भएको छ ।

(ख) “हेर भाइ ! हाम्रो देशको प्रजातन्त्र भनेको कार्बन कपी मात्र हो, ‘ओरिजनल’ होइन । कार्बन कपी भन्नेबित्तिकै मूल कपीजस्तो त हुँदैन । कार्बन कपीमा लक्कानो, बर्धन्ने, तर्कुले, पूर्णविराम हराएका हुन्छन्, अर्थको अनर्थ लाग्न पनि सक्छ । त्यसैले लेखाइ, भनाइ र गराइ फरक हुन्छ” (शाह. २०६६ : ३१ ) ।

प्रस्तुत लघुकथांशमा प्रजातन्त्रलाई कार्बन कपीसँग तुलना गरिएको छ । कार्बन कपी दोस्रो दर्जाको भएजस्तै यस देशको प्रजातन्त्र पनि दोस्रो दर्जाको भएको विचार व्यक्त गरिएको छ । लघुकथामा प्रजातन्त्र र कार्बन कपी फरक-फरक कुराका माध्यमबाट सहप्रयोगात्मक विचलन ल्याइएको छ । यस देशको प्रजातन्त्रले जनताको जीवनस्तरमा सुधार ल्याउनुको सट्टा जनतालाई पीडामात्र थपेकाले प्रजातन्त्रप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा प्रजातन्त्रका नाममा हुने गरेको अनाचार विरोधी चेतना प्रस्तुत भएको छ ।

(ग) “तँ कति मातिएको...तँ जस्ताले हामीसँग मुख लागेर बोल्ने हो ? असभ्य ! तेरो मर्यादा यही हो ! तेरो यहाँ बाच्ने अधिकार छैन । ..., सानो मान्छेले प्रतिवाद गर्न खोज्यो । तर यति भन्दाभन्दै ठूलो मान्छेले सानो मान्छे क्वाप्लाक्कै निल्यो । त्यसपछि समय झमक्क कालो भयो-रातझैं” (मधिकर्मी. २०५१ : ३१) ।

प्रस्तुत लघुकथांशमा ठूलो मान्छेले सानो मान्छेलाई क्वाप्लाक्कै निलेको प्रसङ्ग उल्लेख गरिएको छ । सामान्यतया मानिसले कुनै खाने चिजवस्तु निल्ने गर्दछ । प्रस्तुत रचनामा मानिसले मानिस निलेको प्रसङ्ग एकातिर प्रस्तुत गरिएको छ भने अर्कातिर समय रातजस्तै कालो भएको भनिएको छ । यस रचनामा सहप्रयोगात्मक विचलनका माध्यमबाट

सम्पन्न मानिसको क्रूरताप्रति आक्रोशका साथै व्यङ्ग्यसमेत गरिएको छ । यस रचनाको मूल विषयका रूपमा समाजमा हुने गरेको अन्याय र अन्याय विरोधी चेतना आएको छ ।

नेपाली लघुकथामा कर्मचारीतन्त्रमा रहेको भ्रष्टाचारजन्य गतिविधिप्रति असहमतिको चेतना व्यक्त भएको छ । जनताको नाममा आएको भनिएको प्रजातन्त्रले जनताको हित गर्न नसकेकामा असन्तुष्टि भाव प्रकट भएको पाइन्छ । त्यसरी नै समाजमा रहेको वर्गीय उत्पीडनका कारण समाजमा असमानता उत्पन्न भएकामा चिन्ता व्यक्त भएको पाइन्छ । यसरी नेपाली लघुकथामा समाजमा रहेको विकृति-विसङ्गतिप्रति असहमतिको चेतना अभिव्यक्त भएको छ ।

### ६.४.१.३ व्याकरणिक विचलन

नेपाली लघुकथा रचनामा व्याकरणिक विचलन पाइन्छ । व्याकरणिक विचलनका माध्यमबाट भावगत विशिष्टता थपिएको छ । यस अध्ययनमा कर्ता, कर्म र क्रियाको क्रममा विचलन, उद्देश्य र विधेयका क्रममा विचलन, पदपदावलीगत क्रममा विचलन, उपवाक्यगत क्रममा विचलन एवम् वाक्यगत क्रममा विचलनलाई प्रमुखता दिएर अध्ययन गरिएको छ ।

### (१) कर्ता, कर्म र क्रियाको क्रममा विचलनको प्रस्तुति

नेपाली लघुकथा रचनामा कर्ता, कर्म र क्रियाको क्रममा विचलन गरिएको पाइन्छ । यस्ता खाले रचनामा समाजमा पाइने विभिन्न विकृत परिवेशप्रति आलोचना र विसङ्गति विरोधी चेतना प्रस्तुत भएको भेटिन्छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनाका केही उदाहरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा ध्रुव मधिकर्मीको **प्रतिकूल यथार्थ** र कृष्ण बजगाईको **भिखारी** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "निथ्रुक्क नाङ्गा आकारहरू पल्टिरहेका छन् सडकमा । चिथ्रा र कङ्कालमा बाँडिएका मान्छेहरू चुपचाप थोत्रो जिन्दगीलाई स्वीकार्दै अलापिरहेछन् । भोकले बेहाल स्वरहरू । जोसँग दिन लायक केही छैन, त्यसले फलोस् फुलोसको आशिष दिन्छ ! सडकभरि पोखिएका छन् कथा-व्यथाहरू" (मधिकर्मी. २०५१ : ११) ।

प्रस्तुत लघुकथांशमा रहेका वाक्यमा व्याकरणिक विचलन आएको छ । यस रचनामा कर्ता, कर्म र क्रियाका क्रम मिलेको छैन । नेपालमा जनताको जीवनस्तर न्यून रहेको र मानिसहरू भोकले बेहाल भएको स्थितिबोध गरिएको छ । भीख मागेर जीवन गुजारा गर्नुपर्ने मानिसले अरूलाई फलोस् फुलोस्को आशिष दिएको प्रसङ्ग उल्लेख गरिएको छ । जनताको जीवन कष्टकर भएकोले उनीहरूको विसङ्गत जीवन परिवेशलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा जनतालाई भोकभोकै राख्ने सत्ताधारीप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) "'तीन दिनदेखि भोखो छु, दुई-चार पैसा या केही अन्न जे हुन्छ पाऊँ हजुर ।' उसले हात पसाऱ्यो त्यसको घरअगाडि । उसको कुरा नसुनेझैँ गरी झोलाबाट दुईचार मुठी अन्न हुऱ्यायो मन्दिरअगाडि" (बजगाई. २०६४ : ३१) ।

प्रस्तुत लघुकथांशमा एकजना साहुले भिखारीप्रति गरेको मानवीय संवेदनहीन कार्यलाई प्रस्तुत गरिएको छ । यहाँ एकजना विपन्न मानिसले भीख माग्दा उसलाई तिरस्कार गरेको छ तर मन्दिरमा रहेको पङ्क्षीलाई दिनका लागि अन्न भने हुऱ्याएको छ । उसले मानिस र पङ्क्षीबिच फरक खाले व्यवहार देखाएको छ । आफू मानव भएर मानवप्रति धेरै संवेदना राख्नुपर्नेमा उसले मानवप्रति उपेक्षाभाव देखाएको छ । यस लघुकथांशमा एकजना साधनसम्पन्न मानिसको मानवीय संवेदनहीन कार्यको नमुना प्रस्तुत भएको छ । यहाँ कर्ता, कर्म र क्रियाको विचलनका माध्यमबाट मानवीय क्षुद्रताप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथा रचनामा नेपाली जनताको जीवनस्तर न्यून भएको र साधनहीन मानिस समाजमा क्रमशः कमजोर भइरहेको यथार्थप्रति चिन्ता व्यक्त गरिएको पाइन्छ । साधनसम्पन्न मानिसले कमजोर मानिसप्रति दमनको नीति अपनाएका कारण साधनहीनको बाँच्ने अधिकार हनन भएको जीवनयथार्थलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा जनताको जीवनको असहज अवस्था एवम् साधनहीनताको अवस्थाप्रति असहमतिको चेतना अभिव्यक्त भएको पाइन्छ ।

### (२) उद्देश्य र विधेयको क्रममा विचलनको अभिव्यक्ति

नेपाली लघुकथामा उद्देश्य र विधेयको क्रममा विचलन भएका लघुकथाहरू प्रकाशित भएको पाइन्छ । यस अध्ययनमा सरस्वती रिजालको **मूल्याङ्कन** र सिन्धु गौतमको **मिचाइ** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "ऊ छक्क पऱ्यो समारोहको भव्यता देखेर ....भीडले उसलाई धकेलेर एकैचोटी अगाडि पुऱ्यायो । 'एऽऽऽ ! कहाँबाट आयो यो अछुत अगाडि । ए ! खेद्न अगाडि ।' पुजारी बेस्सरी चिच्यायो" (रिजाल. २०६५ : ११) ।

प्रस्तुत लघुकथांशमा रहेको 'कहाँबाट आयो यो अछुत अगाडि' कथनमा उद्देश्य र विधेयका क्रममा विचलन आएको छ । यस वाक्यमा 'यो अछुत' अघि हुनुपर्नेमा त्यसो गरिएको छैन । लघुकथांशमा पुजारीले मूर्तिको निर्माण गर्ने दलित मूर्तिकारलाई जातीय भेदभाव गरेको र सार्वजनिक बेइज्जती गरेको घटनालाई विषयवस्तु बनाइएको छ । यहाँ सामाजिक विभेदको चेतना व्यक्त भएको छ ।

(ख) "भारीले च्यापेर हर्के उठन सकेन । गाडी चलाउने झर्‍यो र गाली गर्‍यो-हेरेर बाटो काटनु पर्दैन ? हेर त मेरो सर्भिसिङ्ग गरेको कारमा तेरो रगत लागेछ, त्यहाँ भारीको धूलो....।" (गौतम. २०६८ : ५९) ।

प्रस्तुत लघुकथांशमा पहिलो वाक्यमा रहेको 'हर्के' सबैभन्दा अघि हुनुपर्नेमा त्यसो भएको छैन । यस लघुकथांशमा वर्गीय विभेद आएको छ । एकजना सम्पन्न मानिसले विपन्न नागरिकलाई मरणासन्न पारेर घाइते बनाएको छ । उसको उपचार गर्नुको साटो उसलाई हप्काएर हिँडेको छ । यहाँ वर्गीय विभेद विरोधी चेतना आएको छ ।

नेपाली लघुकथामा जातीय एवम् वर्गीय भेदभावजन्य गतिविधिलाई प्रस्तुत गरिएको छ । लघुकथा रचनामा यस्ता भेदभावजन्य गतिविधिप्रति असहमतिको चेतना व्यक्त भएको पाइन्छ ।

**(३) पद/पदावलीगत क्रममा विचलनको प्रस्तुति**

नेपाली लघुकथामा पद/पदावलीगत क्रममा विचलन पाइन्छ । यस अध्ययनमा यस्ता विचलनका केही उदाहरणलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा कपिल लामिछानेको **डा. झप्पुसिंह** र साधना प्रतीक्षाको **परीक्षा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "उनले बिल पढे र बिल घ्वार्र च्यातेर फाल्दै भने-"मलाई चाहिन्न तिम्रो सामान । म पिएच्. डी. गरेको डाक्टर हुँ बुझ्यौ । मेरो नाम डाक्टर झप्पुसिँह हो, तिमीले लेखेझैं झप्पुसिंह होइन, बुझ्यौ ?" बिलमा डा. किन नलेखेको ? मेरो यत्रो अपमान ?"(लामिछाने. २०६८ : ८५) ।

प्रस्तुत लघुकथांशमा पहिलो वाक्यमा 'मलाई तिम्रो सामान चाहिन्न' हुनुपर्नेमा भिन्न हुन गएको छ । यस लघुकथांशमा एकजना मानिसले आफ्नो योग्यताको अति अहङ्कारका कारण एकजना किराना पसलेसँग दुर्व्यवहार गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । लेखकले आफ्नो योग्यताको अति अहङ्कार गर्ने क्षुद्र प्रवृत्तिका मानिसको क्रियाकलापले समाजमा विसङ्गत परिवेश सिर्जना हुने तर्फ ध्यान केन्द्रित गरेका छन् । यहाँ मानिसको अति अहङ्कारी क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) "के पढाउनु नि । यस्तै पढाउँछन् । पढेर, जाँच पास गरेर आएका भए पो किताब पढाउनु ! आन्दोलन गरेर मास्टर भएपछि आन्दोलन गर्न नसिकाएर के सिकाऊन् त बिचराहरूले । लौ त हाम्लाई कसले फेल गराउँदो रैछ । फस्ट डिभिजनमा पास गरिदिनुपर्छ नत्र आन्दोलन गर्छौं विद्यार्थी आन्दोलन.......।" (प्रतीक्षा. २०६८ : ३७) ।

प्रस्तुत लघुकथांशमा रहेको 'के पढाउनु नि । यस्तै पढाउँछन् । पढेर, जाँच पास गरेर आएका भए पो किताब पढाउनु ! आन्दोलन गरेर मास्टर भएपछि आन्दोलन गर्न

नसिकाएर के सिकाऊन् त बिचराहरूले' वाक्यहरूमा पद/पदावलीगत विचलन आएको छ । यहाँ आफ्नो जिम्मेवारीबोधभन्दा पनि अरूलाई दोष देखाउने प्रवृत्ति हावी छ । विद्यार्थीले आफूले पढ्ने कामलाई कम प्राथमिकता दिने, आन्दोलन गर्ने एवम् शिक्षकवर्गलाई दोष दिएर आफू चोखो भएको घटनालाई प्रस्तुत गरिएको छ । यहाँ विद्यार्थी आन्दोलनका नाममा हुने गरेको अराजकतालाई प्रस्तुत गर्नाका साथै अराजकताविरोधी चेतनालाई अभिव्यक्त भएको छ ।

(४) **उपवाक्यगत क्रममा विचलनको प्रस्तुति**

नेपाली लघुकथामा पाइने विचलनको अध्ययन गर्ने क्रममा उपवाक्यगत क्रममा हुने विचलनलाई पनि अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा रवीन्द्र समीरको **बन्द** र सुमन सौरभको **प्रशिक्षण** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "'के कर्के आँखाले हेरेको ? यसको बन्दमा पनि तिमीहरू, उसको बन्दमा पनि तिमीहरू, लाज लाग्दैन तिमीहरूलाई अरूको रोजीरोटी खोस्न ? खुरुखुरु अर्काको काम गर्न छोडेर किन अरूको हतियार भएका छौ ? तिमीहरूलाई आफ्नो भविष्यको चिन्ता छैन ?'" (समीर. २०६९ : ८५) ।

प्रस्तुत लघुकथांशमा रहेका 'यसको बन्दमा पनि तिमीहरू, उसको बन्दमा पनि तिमीहरू, लाज लाग्दैन तिमीहरूलाई अरूको रोजीरोटी खोस्न ?' उपवाक्यमा विचलन रहेको छ । यहाँ पहिलेका दुई उपवाक्यमा क्रियाको प्रयोग गरिएको छैन । ती उपवाक्यमा यसको बन्दमा पनि तिमीहरू छौ, उसको बन्दमा पनि तिमीहरू छौ हुनुपर्ने थियो । पछिल्लो उपवाक्यमा पनि विचलन छ । त्यहाँ 'तिमीहरूलाई अरूको रोजीरोटी खोस्न लाज लाग्दैन ?' हुनुपर्नेमा उपवाक्यगत क्रममा विचलन ल्याइएको छ । यस लघुकथांशमा बन्द गर्ने काममा प्रयोग भएका युवावर्गप्रति व्यङ्ग्य गरिएको छ । यहाँ जुनसुकै पार्टीका बन्दमा पनि देखिने यी व्यक्तिले जनतालाई दुःख दिने काम गरेको र आफ्नो भविष्य पनि बिगारेको विचार व्यक्त गरिएको छ । यसरी नै बन्द गर्ने काममा प्रयोग भएका युवाको भविष्यप्रतिको चिन्ता प्रस्तुत भएको छ । यस अंशमा बन्दका नाममा हुने गरेको अत्यधिक बलप्रयोग एवम् बन्दका क्रममा हुने गरेको जनविरोधी क्रियाकलापको विरोधी चेतना आएको छ ।

(ख) "ऊ, आमाबाउ र सर । सबै व्यक्तिहरू उही थिए समय कति हो कति परिवर्तन भइसकेको थियो । बूढो सर उसका बूढा आमाबाबुलाई सम्झाउँदै थियो-अर्काले पढाइदिनुपर्ने, अर्काले तालिम दिनुपर्ने, जे पनि अर्काले गरिदिनुपर्ने । अनि जन्माउँदैमा र पैसा खर्च गर्दैमा बच्चा आफूले भनेकै जस्तो हुन्छ त ?" (सौरभ. २०६८ : २) ।

प्रस्तुत लघुकथांशमा रहेको 'बूढो सर उसका बूढा आमाबाबुलाई सम्झाउँदै थियो-अर्काले पढाइदिनुपर्ने, अर्काले तालिम दिनुपर्ने, जे पनि अर्काले गरिदिनुपर्ने ।' अंशमा

उपवाक्यमा विचलन छ । यहाँ 'बूढो सर उसका बूढा आमाबाबुलाई तपाईंका छोरालाई अर्काले पढाइदिनुपर्ने, अर्काले तालिम दिनुपर्ने अनि जे पनि अर्काले गरिदिनुपर्ने भएपछि तपाईंको आवश्यकता कहाँ रह्यो ?' हुनुपर्नेमा उपवाक्यगत क्रममा विचलन आएको छ । यहाँ सन्तानको भविष्य निर्माणका लागि पैसा मात्र सबथोक नभएको विचार प्रस्तुत भएको छ । यहाँ उपभोक्तावादी संस्कृतिले उत्पन्न गरेको विकृति-विसङ्गतिप्रतिको असहमत चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

**(५) वाक्यगत क्रममा विचलनको अभिव्यक्ति**

नेपाली लघुकथामा वाक्यगत क्रममा विचलन ल्याइएको पाइन्छ । यस अध्ययनमा वाक्यगत क्रममा विचलन भएका लघुकथामा पाइने युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा अगीब बनेपालीको **दौड प्रतियोगिता** र कैलाशकुमार शिवाकोटीको **भ्रष्टाचार एक** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "दौड प्रतियोगिता नेपालले आयोजना गरेको भए तापनि पुरस्कार दिल्ली सरकारले दिने प्रावधान थियो । पुरस्कार थियो-झन्डावाल कुर्ची" (बनेपाली. २०६० : ३१) ।

यहाँ अगीब बनेपालीको **दौड प्रतियोगिता** लघुकथालाई उदाहरण (क) मा साक्ष्यको रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत लघुकथांशमा यस लघुकथा अंशमा रहेको दोस्रो वाक्यमा वाक्यगत विचलन छ । 'पुरस्कार झन्डावाल कुर्ची थियो' हुनुपर्नेमा पुरस्कार थियो-झन्डावाल कुर्ची भएको छ । यहाँ नेपाली राजनीतिमा मौलाएको विदेशमुखी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा नेपालका राजनीतिक पार्टी विदेशीको इसारामा नाच्ने र उसैको बलले सत्ता प्राप्त गर्ने गरेको विचार व्यक्त गरिएको छ । नेपालको राजनीतिक क्षेत्रमा भारतीय प्रभाव र त्यस प्रभावमा बाँचेका नेपाली राजनीतिकर्मीप्रति आक्रोश व्यक्त गरिएको छ । यस रचनामा विदेशी प्रभावमा बाँच्ने राजनीतिक नेताको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) "तेरो पुर्पुरो नै बिग्रिएको छ अनि कहाँबाट हसुर्छस् मीठो मसिनो !" भन्ने झुसेकी आमा "हजुर खाइस्यो, गइस्योस ! जस्ता शब्दहरू उत्पादन गर्ने आधुनिक नारीमा रूपान्तरित भएकी छे" (शिवाकोटी. २०७० : ११३) ।

प्रस्तुत लघुकथांशमा वाक्यगत विचलन आएको छ । यस लघुकथा अंशमा 'तेरो पुर्पुरो नै बिग्रिएको छ अनि कहाँबाट मीठो मसिनो हर्सुछस् हुनुपर्ने'मा तेरो पुर्पुरो बिग्रिएको छ अनि कहाँबाट हर्सुछस् मीठो मसिनो भनेर वाक्यगत क्रममा विचलन ल्याइएको छ । यस यहाँ मानिसको आर्थिक अवस्थामा परिवर्तनसँगै उसको भाषामा पनि फरकपना आउने स्थितिलाई प्रस्तुत गरिएको छ । यस रचनामा सम्पन्नतासँगै आउने मानिसको दोहरो चरित्र एवम् आडम्बरप्रति व्यङ्ग्य गरिएको छ । यहाँ आडम्बर विरोधी चेतना व्यक्त भएको छ ।

### ६.४.२ समानान्तरताको प्रयोगबाट युगचेतना

समानान्तरता विचलनको विपरीत तत्त्व हो । मोहनराज शर्माले समानान्तरतालाई 'कृतिमा कुनै भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ ।' (शर्मा. २०५५ : ५३५) भनेको पाइन्छ । समानान्तरताले रचनामा चमत्कार उत्पन्न गर्दछ । यस अध्ययनमा नेपाली लघुकथामा युगचेतनाका सन्दर्भमा वर्ण, पद, पदावली, उपवाक्य एवम् वाक्यका स्तरमा हुने समानान्तरतालाई अध्ययनको विषय बनाइएको छ ।

### ६.४.२.१ वर्णगत समानान्तरता

नेपाली लघुकथा रचनामा वर्णगत समानान्तरता पाइन्छ । वर्णगत समानान्तरताका माध्यमबाट लघुकथा रचनामा चमत्कार उत्पन्न हुन्छ । यस अध्ययनमा वर्णगत समानान्तर भएका लघुकथा अंशलाई विश्लेषण गरिएको छ । यस अध्ययनमा अमोद भट्टराईको **एउटा प्रश्न** र भाष्करको **बिप्पा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) स्पिङ्वाला ढोका खोलेर नर्स बाहिर आइन् । सबैको आँखा स्पिङ्को आवाजपट्टि नै आकर्षित भए । नर्सले उत्तमको चिउँडो समाउँदै भनिन्, "बाबु तिमी त भाग्यमानी रहेछौ, अंश बाँड्नै परेन । बहिनी पायौ बहिनी...।" वरिपरिका सबै हाँसे । सायद उसको बाल-मस्तिष्क एउटा प्रश्न गर्न बाध्य भयो-"के भाइ पाउनु अंश आधा पार्न मात्र हो ? (भट्टराई. २०४७ : ८८) ।

प्रस्तुत लघुकथांशमा रहेका विभिन्न वर्णहरू एक आपसमा समान भई समान ध्वनि उत्पन्न भएको छ जसले रचनामा सौन्दर्य उत्पन्न गरेको छ । लघुकथांशमा छोरी भनेको बाबुआमाको सम्पत्तिमा अंश नपाउने भनेर विचार प्रकट भएको छ । भाइ-बहिनीबीचको प्रेम भन्दा पनि अंशलाई बढी महत्त्व दिइएको छ । यस रचनामा प्रस्तुत विचारले समाजमा मानवीय सम्बन्धभन्दा पनि भौतिक सम्पत्तिप्रतिको अगाध आस्था र विश्वास रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ एकजना बालकको संवेदनाप्रति प्रहार गरिएको छ । उसको बालमस्तिष्कमा गहिरो प्रभाव पर्न सक्छ भन्ने नसोचीकन यस किसिमको टिप्पणी गरिएको पाइन्छ । यहाँ समाजमा रहेको भौतिक सम्पत्तिप्रतिको लोभजन्य कार्यप्रति असहमत चेतना व्यक्त गरिएको छ । यस रचनामा नेपाली समाजमा पछिल्ला दशकमा मानिसमा पूँजीवादी चिन्तन हावी भएको र सो चिन्तनले मानवीय सम्बन्ध पनि प्रभावित हुँदै गरेको सन्दर्भको पुष्टि गर्नाका यस्तो चिन्तन विरोधी चेतनालाई अभिव्यक्त गरिएको छ ।

(ख) पत्रकारले सोधे, "तपाईंहरू सबैले लालटिन समाउनु भएको छ । यसको कारण के हो ?" भारतीयले भने, "नेपालमा अधिकांश समय लोडसेडिङ हुँदो रहेछ । उद्योग व्यवसाय सञ्चालनका लागि बत्ती चाहिन्छ । अरू सम्पूर्ण सहयोग, सुविधा, शोधभर्ना

र सुरक्षा त सम्झौताअनुसार नेपाल सरकारले दिन्छ तर बत्ती दिन सक्दैन । त्यसैका लागि लालटिन लिएर आएका हौं (भाष्कर. २०७१ : १००) ।

प्रस्तुत लघुकथांशमा रहेका विभिन्न वर्णहरू एक आपसमा समान भई समान ध्वनि उत्पन्न भएको छ जसले रचनामा सौन्दर्य उत्पन्न गरेको छ । यस रचनामा नेपाल सरकारले भारतसँग गरेको बिप्पा सम्झौताको विरोध गरिएको छ । नेपालमा बिजुली बत्तीको अभाव भएर अन्धकारमा बाँच्नु परेको अवस्थामा भारतसँगको गरिएको बिप्पा सम्झौता नेपाली जनताको हितमा नभएको विचार अभिव्यक्त गरिएको छ । यस रचनामा भारतीय हेपाहा प्रवृत्ति एवम् नेपाली शासकवर्गको आत्मसर्मपणवादी चरित्रप्रति असहमत चेतना अभिव्यञ्जित छ । नेपाली लघुकथामा लैङ्गिक विभेदजन्य घटनालाई प्रस्तुत गर्नुका साथै विभेद विरोधी चेतनासमेत व्यक्त भएको पाइन्छ । लघुकथा रचनामा विदेशीको हेपाहा प्रवृत्ति र नेपाली शासकवर्गको आत्मसर्मपणवादी चरित्र एवम् क्रियाकलापप्रति विमतिको चेतना सशक्त किसिमले प्रकट भएको पाइन्छ ।

**६.४.२.२ पद वा शब्दगत समानान्तरता**

नेपाली लघुकथामा पद वा शब्दको तहमा पनि समानान्तरता पाइन्छ । एकैखाले शब्द वा पदको पुनरावृत्तिले प्रस्तुत गर्न खोजेको विषय सन्दर्भमा विशेष जोड दिने कार्य गर्दछ । यहाँ प्रस्तुत लघुकथा अंशमा पनि पदहरूको समानान्तरताका माध्यमबाट युगचेतना अभिव्यञ्जित भएको छ । यस अध्ययनमा कपिल लामिछानेको **गिद्धगान** र प्रयास सौरभ श्रेष्ठको **गन्ध** लघुकथाको विश्लेषण गरिएको छ :

(क)"गिद्धगान मात्र थियो, समाचार थिएन । रेडियोमा गिद्धगान, टेलिभिजनमा गिद्धगान, सडकमा गिद्धगान, जताततै गिद्धगान । मानौं दुनियाँ संसार नै गिद्धमय भएको थियो ।" (लामिछाने. २०६८ : २२-२३) ।

प्रस्तुत लघुकथांशमा पद वा शब्दगत समानान्तरता आएको छ । लघुकथांशमा गिद्ध शब्द छपटक प्रस्तुत गरिएको छ । नेपालको राजनीतिक इतिहासमा राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन लिएको बेला रेडियो, टेलिभिजनमा फरक विचारमाथि प्रतिबन्ध लगाएको र समाजमा चाकडीवादी संस्कृति फैलाएको विषय सन्दर्भ प्रस्तुत गरिएको छ । यस रचनामा तत्कालीन सत्तापक्षलाई गिद्धको संज्ञा दिइएको छ । लघुकथांशमा हिंस्रक जन्तु गिद्धको चरित्र बोक्ने भएकाले सत्ताको चरित्र गिद्धमय भएको विचार प्रस्तुत गरिएको छ । यहाँ निरंकुशता विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ ।

(ख) "बजारभरि गन्ध । सहरभरि गन्ध । देशभरि गन्ध । वचनमा गन्ध । सिर्जनामा गन्ध । भावनामा गन्ध । सिद्धान्तमा गन्ध । व्यवहारमा गन्ध । गन्ध भोक । गन्ध रोग ।" (श्रेष्ठ. २०५८ : ४९) ।

प्रस्तुत लघुकथांशमा पद वा शब्दगत समानान्तरता आएको छ । लघुकथांशमा गन्ध शब्द दशपटक प्रस्तुत गरिएको छ । लघुकथांशमा नेपाली समाज एवम् राष्ट्रमा कुनै न कुनै विकृतिले राज्य गरेको र विकृतिबाट कोही पनि बच्न नसकेको अवस्था चित्रण गरिएको छ । समाजमा विकृत परिवेशको प्रारम्भसँगै हिंसाजन्य क्रियाकलापसमेत बढेको घटनालाई प्रस्तुत गरिएको छ । यस रचनामा समाजको हरेक क्षेत्रमा खराब चिन्तन एवम् क्रियाकलाप बढेकामा चिन्ता प्रकट भएको छ । यहाँ विकृति विरोधी चेतना प्रकट भएको छ ।

### ६.४.२.३ पदवलीगत समानान्तरता

नेपाली लघुकथामा पदावलीगत समानान्तरता पाइन्छ । यस अध्ययनमा पदावलीगत समानान्तरता भएका लघुकथामा अभिव्यक्त युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा गोरखबहादुर सिँहको **काँचो हलुवाबेद** र आर.आर.चौलागाईको **परिचय** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "जमानालाई चिन्न नसक्ने अव्यावहारिक" उसको आयमा गुजारा गर्नुपर्नेहरू । "खोक्रो आदर्शलाई सर्वोपरि ठान्ने, भेडो ।" ऊभन्दा माथिकाहरू । "आफूमात्रै जान्नेछु भन्ने डेढअक्क्ली" उसका समकक्षी सहकर्मीहरू । "कसैसँग मिल्न नसक्ने बल्डचाङ्ग्रो" छरछिमेकी र आफन्तहरु" (सिंह. २०६५ : १८) ।

प्रस्तुत लघुकथांशमा पदावलीगत समानान्तरता आएको छ । लघुकथांशमा प्रस्तुत जान्नेछु भन्ने र सर्वोपरि ठान्ने पदावलीमा समानान्तरता पाइन्छ भने मिल्न नसक्ने, चिन्न नसक्ने जस्ता पदावलीमा पनि समानान्तरता पाइन्छ । त्यसरी नै गुजारा गर्नुपर्नेहरू, समकक्षी सहकर्मीहरू तथा सहकर्मी र आफन्तहरू लघुकथामा पदावलीगत समानान्तरता आएको छ । यहाँ एकजना इमान्दार, कर्तव्यनिष्ठ व्यक्तिप्रति बेइमान हुँदै गएको परिवार, समाज एवम् व्यक्तिले आक्षेप लगाउँदै आएको घटनालाई प्रस्तुत गरिएको छ । यसै सन्दर्भमा उसको जीवनको पीडा  व्यक्त भएको छ । यस रचनामा अहिलेको सामाजिक चिन्तनको विघटन र मानवीय मूल्यको उपेक्षाप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ख) "सहिदको कोटामा विदेश पढन गएका विद्यार्थीहरूबीचको कुराकानी । पहिलो विद्यार्थी- "म सहिद 'बादल' को नामबाट आएको ।" दोस्रो विद्यार्थी- "म सहिद 'आकाश' को नामबाट आएको ।" तेस्रो विद्यार्थी- "म सहिद 'हेमन्त' को नामबाट आएको ।" चौथो विद्यार्थी- "म सहिद 'गुँरास' को नामबाट आएको ।" (चौलागाई. २०६५ : ७९) ।

प्रस्तुत लघुकथांशमा पहिलो विद्यार्थी, दोस्रो विद्यार्थी, तेस्रो विद्यार्थी र चौथो विद्यार्थी पदावलीमा समानान्तरता पाइन्छ भने नामबाट आएको पदावली पनि पुनरावृत्ति भएको छ । लघुकथामा सहिद परिवारको कोटामा नपर्नेले सुविधा लिएको प्रसङ्ग प्रस्तुत भएको छ । लघुकथांशमा सरकारी कोटामा हुने दुरूपयोगप्रति असहमत चेतना व्यक्त भएको छ ।

### ६.४.२.४ उपवाक्यगत समानान्तरता

नेपाली लघुकथामा उपवाक्यका तहमा समानान्तरता पाइन्छ । यहाँ उपवाक्यगत समानान्तरता भएका लघुकथा अंशमा व्यक्त युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटीको **उपदेश- शिक्षक** एवम् कृष्ण बजगाईको **नरिवल** लघुकथाको विश्लेषण गरिएको छ :

(क) विद्यालयको घण्टीले सङ्केत दिइसकेको छ...यता शिक्षक खसीबाख्रालाई रिफाउन घाँसको नेतृत्व गर्दै घर लाग्दै छन्....चिया पसलमा गफ बजाउने ठेक्का उनकै भागमा परेछ- "के तालको सरकार हो यो, न शैक्षिक गुणस्तरमा ध्यान छ, न विद्यार्थीले पाठ्यपुस्तकको दर्शन गर्न पाउँछन् । शिक्षकको वृत्तिविकासमा त स्यालको सिङ नै भैगो (शिवाकोटी. २०७० : ३०) ।

प्रस्तुत लघुकथांशमा रहेका उपवाक्यबीच समानान्तरता रहेको छ । यस लघुकथामा आफ्नो जिम्मेवारी पटक्कै पूरा नगर्ने तर सरकारको विरोध गर्ने एकजना शिक्षकको क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । यहाँ सामाजिक दायित्वबोधभन्दा पनि नकारात्मक चिन्तन सम्प्रेषण गर्ने नेपाली समाजको प्रवृत्तिप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(ख) "चिरा चिरा पारेर काटनुपर्छ नत्र..." भन्दै कोही पड्किन थाले । "टुक्र्याएर स साना चाना बनाएर बाँडनुपर्छ, नत्र....." भनेर केही सन्किन थाले । "नरिवल जुन क्षेत्रमा फल्छ, त्यहीँकालाई मात्र एकलौटी उपभोग अधिकार हुन्छ, हैन भने..." भनेर कोही बम्किन थाले" (बजगाई. २०६४ : ९०) ।

प्रस्तुत लघुकथांशमा सङ्घीयताका नाममा देशलाई चिरा पार्ने काम ठीक नभएको विचार व्यक्त गरिएको छ । राजनीतिक नेता एवम् कार्यकर्तालाई पदप्रतिष्ठा बाँडनका लागि गरिने विभाजनले जनताको जीवनस्तर सुध्रिन नसक्ने एवम् देश र जनताले दुःख पाउने चिन्तन प्रस्तुत भएको छ । यहाँ सङ्घीय राज्यप्रति असहमत चेतना व्यक्त भएको छ ।

### ६.४.२.५ वाक्यगत समानान्तरता

नेपाली लघुकथा रचनामा वाक्यगत समानान्तरता पाइन्छ । यस अध्ययनमा वाक्यगत समानान्तरता भएका लघुकथा रचनामा पाइने युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा नवराज रिजालको **अन्तरबोध** एवम् हरिप्रसाद भण्डारीको **वास्तविकता** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "एकथरि भन्थे- 'माओवादी मारिए । सखाप भए । सिद्धिए ।' अनि अर्कोथरि भन्थे- 'सुरक्षाकर्मीको ज्यान गयो । घाइते भए ।' छेउमै टुसुक्क बसेर चिया खाइरहेको अनिल

सोचमग्न थियो । हरे शिव । मानवीय संवेदना । किन होला कोही पनि नेपाली मरेको कुरा गरिरहेका छैनन् ? के ती सबै नेपाली हैनन् र ?" (रिजाल. २०६७ : २८) ।

प्रस्तुत लघुकथा रचनामा वाक्यगत समानान्तरता पाइन्छ । लघुकथामा द्वन्द्वकालमा नेपाली जनताले ज्यान गुमाउनु परेकामा चिन्ता व्यक्त गरिएको छ । नेपाली जनताले जसले ज्यान गुमाए पनि नेपाली नै भएकाले उनीहरूप्रति संवेदनाको भाव हुनुपर्ने विचार अभिव्यक्त गरिएको छ । यहाँ मानवतावादी चेतना प्रकट भएको छ ।

(ख) "अस्तिसम्म ऊ आफूलाई सिंह ठान्थ्यो । सिंहजस्तै गर्जन्थ्यो तर आज ऊ मूसोजस्तै देखिएको थियो । मलाई अचम्म लाग्यो, "किन यस्तो भएको होला ?" मनमा जिज्ञासा जाग्यो । पछि थाहा भयो-ऊ त चुनावमा भोट माग्न गाउँ पसेको उम्मेदवार पो रहेछ ।" (भण्डारी. २०६७ : ७१) ।

प्रस्तुत लघुकथांशमा वाक्यगत समानान्तरता पाइन्छ । यस लघुकथा अंशमा चुनावका बेला जतिसुकै खराब मानिस पनि असल बनेर आउने गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यहाँ व्यक्तिगत लाभ एवम् स्वार्थका लागि मानिस जहाँ जोसँग पनि झुक्न तयार हुन्छ भन्ने तथ्य प्रस्तुत गरिएको छ । राजनीतिक नेताको अवसरवादी क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा राजनीतिक विकृति विरोधी चेतना प्रकट भएको छ ।

### ६.४.३ पर्याययोक्ति वा पर्यायकथनको प्रयोगबाट युगचेतना

नेपाली लघुकथामा पर्याययोक्ति वा पयार्यकथनको प्रयोग पाइन्छ । पर्यायकथनका माध्यमबाट अर्थगत चमत्कार उत्पन्न भई युगचेतना अभिव्यक्त भएको हुन्छ । रामनाथ ओझा (२०५९) ले पयार्यकथनलाई 'कुनै निश्चित भाव वा वस्तुलाई बुझाउनका लागि उही अर्थलाई सङ्केत गर्ने अर्कै शब्द र शब्दसमूहको प्रयोग गर्ने प्रवृत्ति नै पर्यायकथन हो ।' (ओझा. २०५९ : ३३२) भनेर परिभाषित गरेका छन् । यसरी चलनचल्तीका शब्दको सट्टा त्यसका विशेषता, लक्षण आदिको विवरण दिने अरू नै शब्द वा शब्दसमूहको समायोजन गर्ने कार्यलाई पर्यायकथन भनिन्छ । नेपाली लघुकथामा व्यङ्ग्यको अभिव्यक्ति कलाका रूपमा पर्यायकथन रहेको छ । यस अध्ययनमा नेपाली लघुकथामा पर्यायोक्तिको प्रयोगको अवस्थालाई प्रस्तुत गरिएको छ । पर्यायोक्ति भएका लघुकथामा अभिव्यक्त युगचेतनाको स्वरूपको समेत अध्ययन गरिएको छ । यस अध्ययनमा रमेश भट्टराई 'पुजारी'को **ढाहस,** रवीन्द्र समीरको **घामछायाँ,** श्रीओम श्रेष्ठ 'रोदन'को **वर्तमान,** कृष्ण शाह 'यात्री'को **बन्द,** सरस्वती रिजालको **मनोवृत्ति १** एवम् अगीब बनेपालीको **हिसाब मिलेन** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "नसे यो सबै कुरा सुनिरहेको थियो । सिकुटेसँग कानेखुसी गर्यो, "यी सब अघाएका साँढेका फुर्ती हुन्, बहालमा रहँदा पाकेको बाली खाएको सम्झना गर्दैछन्, साँढेले

उसको बाली खाए पनि हुन्छ नि तर हामी सोझा जनता चैं दाम्लोको पशु हौं बुझिस् । हामी एक मुठी सुकेको घाँसमा काल पर्खिरहेका छौं" (भट्टराई. २०६८ : ३३) ।

प्रस्तुत लघुकथांशमा अघाएको साँढे भनेर सत्तासुख भोगिसकेका नेतालाई जनाइएको छ । यहाँ पाकेको बाली खानु भनेर देशको सम्पत्ति लुट्नु भनिएको छ भने दाम्लाको पशु भनेर चेतना नभएका जनतालाई जनाइएको छ । लघुकथामा पर्यायकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ राजनीतिक नेताको जनविरोधी चरित्रप्रति फरक मतका साथै जनविरोधी कार्यप्रतिको असहमत चेतना प्रकट भएको छ ।

(ख) "हैन, मेरो घर भूतबङ्गला हो कि मसानघाट ? जहिले पनि सुनसान छ ।" (समीर. २०६७ : ७८) ।

प्रस्तुत लघुकथांशमा घरलाई भूतबङ्गला एवम् मसानघाट भनिएको छ । यहाँ पर्यायकथनका माध्यमबाट घरमा भएको एक्लोपना र सुनसानका माध्यमबाट मानवीय निस्क्रियता र गतिहीनताप्रति व्यङ्ग्यात्मक चेतना प्रकट गरिएको छ ।

(ग) "प्रहरीले भक्तेलाई घरमा बन्दुक राखेको आरोपमा पक्रेर लग्यो । आफूसँग बन्दुक भएको प्रहरीले थाहा पाएकामा आश्चर्य मान्यो र तुरुन्तै हिजो राति घरबाट भगाएको चोरलाई सम्झ्यो र प्रहरीको अनुहारमा हेऱ्यो" (श्रेष्ठ. २०६८ : ६८) ।

प्रस्तुत लघुकथांशमा प्रहरीलाई चोरका रूपमा उल्लेख गरिएको छ । प्रहरीले जनताको सुरक्षाको जिम्मा लिनुपर्नेमा आफै चोरी गर्ने काम गरेकोमा उसको सो कार्यप्रति पयार्यकथनका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यस रचनामा जनताको रक्षक आफै भक्षक भएको अवस्थाको चित्रण गरिएको छ । यहाँ प्रहरी प्रशासनभित्रको विसङ्गतिप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(घ) "नेपालमा वर्षको तीन सय पैसट्ठी दिनमा हरेक हप्ता केही दिन बन्द हुन थाल्यो । कहिले चक्काजाम, कहिले आम हडताल, कहिले मजदुर आन्दोलन, कहिले शिक्षक आन्दोलन, कहिले बेरोजगार जुलुस, कहिले सुकुम्बासी हड्ताल आदि/इत्यादी बन्द र हड्तालले जीवन निकै प्रभावित हुन थाल्यो" (शाह. २०६९ : ४१) ।

प्रस्तुत लघुकथांशमा बन्द र हडताललाई जनाउन चक्काजाम, आम हडताल, आन्दोलन, जुलुस आदि शब्दको प्रयोग गरिएको छ । यहाँ देशमा अराजकता छाएको र कानुन व्यवस्था नभएको एवम् कर्तव्यभन्दा अधिकारको खोजी भएको अवस्था चित्रण गरिएको छ । लघुकथांशमा अराजकता विरोधी चेतना प्रकट भएको छ ।

(ङ) "सिंह जंगलको राजा । राजा बन्न पाउने उसको पुर्ख्यौली अधिकार । उसको दिनचर्या सँधै एकनासको छ । प्रत्येकले आफूलाई दिने मानसम्मानले उसमा दायित्वबोध भन्दा बढी

प्राप्तिको चाहना बढेको छ । उसको कार्य सिर्जनात्मक छैन, उसको भावना रचनात्मक छैन ।" (रिजाल. २०६५ : ५६) ।

प्रस्तुत लघुकथांशमा सिंहका गलत क्रियाकलापको जानकारी दिइएको छ । लघुकथामा उसको सामन्ती चिन्तन एवम् मनोवृत्तिलाई प्रकट गर्न उसको राजा बन्न पाउने अधिकार भएको, दिनचर्या सँधै एकनासको भएको, दायित्वबोधभन्दा प्राप्तिको चाहना बढी भएको भनेर जीवनचर्याको परिचय दिइएको छ । यहाँ पर्यायकथनका माध्यमबाट सामन्ती चिन्तन विरोधी चेतना प्रस्तुत भएको छ ।

(च) "छोरीको काम बिहान सबेरै उठ्नु, दैलो लिपपोत गर्नु, चिया पकाएर बुबाआमा र भाइको सिरानीमा पुऱ्याउनु, लुगा धुनु, पानी पँधेरो गर्नु, सोत्तर सोहर्नु, गृहकार्य गर्नु, आमाबुबासँग सुत्न नपाउनु...." बुबाले पढिसकेर आमाचाहिँको मुख हेऱ्यो ।" (बनेपाली. २०६० : २९) ।

प्रस्तुत लघुकथांशमा परिवारमा छोरीको कामको जिम्मालाई देखाइएको छ । छोरीले परिवारको सारा काम गर्नुपर्ने भनेर कामको बोझ थपेको अवस्थालाई चित्रण गरिएको छ । यहाँ पर्यायकथनका माध्यमबाट हाम्रो समाजमा रहेको लैङ्गिक विभेदका घटनालाई प्रस्तुत गर्नाका साथै विभेद विरोधी चेतना प्रस्तुत गरिएको छ ।

### ६.४.४ विशेषणगुच्छको प्रयोगबाट युगचेतना

नेपाली लघुकथामा विशेषणगुच्छको प्रयोग गरिएको पाइन्छ । रामनाथ ओझा (२०५९) ले विशेषगुच्छलाई "एकभन्दा बढी विशेषणहरूको समूह विशेषणगुच्छ हो । विशेष्यका विशेषताका रूपमा आउने यस्ता विशेषणगुच्छले विशेष्यको गुण वा प्रवृत्तिलाई प्रष्ट पार्ने, जोड दिने र उजागर गर्ने गर्दछन् ।"(ओझा. २०५९ : ३३६) भनेर चिनाएका छन् । यस अध्ययनमा नेपाली लघुकथामा विशेषणगुच्छको प्रयोगका माध्यमबाट अभिव्यक्त युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा कुसुम ज्ञवालीको **आस्था,** दिलीप शाहको **वेश्या हाँसो,** बद्री पलिखेको **गोप्यता,** कैलाशकुमार शिवाकोटीको **ऐश्वर्यको दास,** सरुभक्तको **पुँजी** र रामविक्रम थापाको **अभिशप्त उज्यालो** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "धर्म भनेको शोषकवर्गले शोषण गर्ने पुरातन जाल हो । धर्मको पर्खाल भत्किसकेको छ । पूजा-पाठ, दान, पुण्य सबै स्वाङ हुन् । यी अन्धविश्वासबाट सम्पूर्ण देशका जनतालाई चेतनशील पार्नुपर्छ ।" यी उनका विचार हुन् । यिनै विचारले उनी ठूलै राजनीतिक विचारक भएका थिए । आफ्ना आमाबाबुका क्रिया नगर्ने बी.पी. पछिका उनै हुन् भनेर पनि भनिन्थ्यो (ज्ञवाली. २०६० : २५) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्रले धर्मलाई पुरातन जाल र स्वाङ भनेको छ । यहाँ ऊ पात्रका विशेषता जनाउने क्रममा राजनीतिक विचारक र आमाबाबुको क्रिया नगर्ने भनेर विशेषण लगाइएको छ । समाजमा विभिन्न विचार चिन्तन भएका व्यक्तिका आफ्नै खाले दृष्टिकोण हुन्छन् । यसै सन्दर्भमा यस रचनामा एक जना राजनीतिक कार्यकर्ताको दोहरो चरित्रप्रति व्यङ्ग्यात्मक चेतना प्रकट भएको छ ।

(ख) "विद्यार्थीकालमा हामीले उसलाई खाँटी कमरेडको दर्जा दिएका थियौं । ऊ रातमा मार्क्स ओढ्थ्यो, लेलिन ओछ्याउँथ्यो, बिहान भिसमिसेमै माओ कुल्ला गर्थ्यो र दिनमा एङ्गेल्स भिरेर म्याराथुन दौडमा निस्कन्थ्यो" (शाह. २०६६ : ४२) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्रलाई मार्क्स ओढ्ने, लेलिन ओछ्याउने, माओ कुल्ला गर्ने र एङ्गेल्स भिरेर म्याराथुन दौडमा निस्कने भनेर विशेषणका माध्यमबाट उसको अति आस्थालाई प्रस्तुत गरिएको छ । यहाँ जीवनमा एकतर्फी हिसाबले जीवन बिताउने एकहोरोपनप्रति व्यङ्ग्यात्मक चेतना प्रकट गरिएको छ । यस अंशमा जीवनमा मानिसले जुनसुकै राजनीतिक विचार राखे पनि त्यसको सही उपयोग हुनुपर्ने चिन्तन प्रस्तुत भएको छ ।

(ग) "मुखवीर गाउँघरमा पिपलपाते लट्टु, मिर्जापुरे लोहटा, घडीको पेन्डुलम, तासको जोकर, चिप्लेकिरा, आलु, टमाटर, गुन्द्रुक आदि विभिन्न उपनामद्वारा चिनिन्छन् । उनको प्रवृत्ति, स्वभाव, आचरण, बोली र व्यवहारका प्रतीकहरू हुन् भन्ने कुराहरू सबैलाई ऐनाझैं छर्लङ्ग थाहा छ" (पलिखे. २०६० : ६६) ।

प्रस्तुत लघुकथांशमा एक जना मानिसलाई पिपलपाते लट्टु, मिर्जापुरे लोहटा, घडीको पेण्डुलम, तासको जोकर, चिप्लेकिरा, आलु, टमाटर, गुन्द्रुक आदि अनेक विभिन्न विशेषण दिइएको छ । यहाँ अवसरवादी राजनीतिक कार्यकर्ताको गलत आचरण एवम् क्रियाकलाप प्रस्तुत गर्नाका साथै गलत आचरण एवम् तत्सम्बन्धी चेतना व्यक्त भएको छ ।

(घ) "टनाटन भएर पनि जो छैनन् भन्छन् त्यो टाटबहादुर हो । जो पैसा थुपारेपछि सबै कुरा आफै दाहिना हुन्छन् भनेर त्यसको पछाडि दर्गुछ त्यो सबैभन्दा ठूला अभागी हो ।" (शिवाकोटी. २०७० : ३९) ।

प्रस्तुत लघुकथांशमा केही भएर पनि नभएको बताउने पात्रको प्रवृत्ति जनाउन टाटबहादुर, अभागी जस्ता विशेषणका माध्यमबाट मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथामा व्यक्ति जीवनका विसङ्गत जीवन यथार्थप्रतिको आलोचनात्मक चेतना प्रकट भएको छ ।

(ङ) "ऊ पहिले साधारण लुगा लगाएर हिँड्थ्यो, अहिले महङ्गो सुटमा ठाँटिएर हिँड्छ । ऊ पहिले हातमा साधारण घडी बाँध्थ्यो, अहिले हीराजडित घडी बाँध्छ । ऊ पहिले साधारण

खाटमा सुत्थ्यो, अहिले लाखभन्दा बढी पर्ने खाटमा सुत्छ । ऊ पहिले साधारण खाना खान्थ्यो, अहिले राजसी व्यञ्जन र मदिराहरू उदरस्थ गर्छ ।" (सरुभक्त. २०७१ : ४९) ।

प्रस्तुत लघुकथांशमा एकजना राजनीतिक नेताले जीवनमा गरेका कार्यको मूल्याङ्कन गरिएको छ । पहिले उसलाई साधारण खाना खाने, साधारण लुगा लगाउने, साधारण घडी बाँध्ने र साधारण खाटमा सुत्ने भनेर उसको सादा जीवनशैलीजन्य क्रियाकलापलाई प्रस्तुत गरिएको छ भने वर्तमानमा राजसी व्यञ्जन र मदिरा उदरस्थ गर्ने, महङ्गो सुटमा ठाँटिएर हिँडने, लाखभन्दा बढी पर्ने खाटमा सुत्ने, हीराजडित घडी बाँध्ने भनेर विलासी जीवनशैलीलाई प्रस्तुत गरिएको छ । यहाँ विशेषणगुच्छका माध्यमबाट एकजना राजनीतिक नेताको भोगविलासजन्य जीवनशैलीलाई प्रस्तुत गरिएको छ । यहाँ राजनीतिक नेतावर्गमा रहेको जनताको उपेक्षा गर्ने र व्यक्तिगत भोगविलासजन्य गतिविधिमा डुब्ने विरोधी क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(च) "हाकिमलाई हकारेर जे भन्यो त्यही काम गराउँथ्यो । मन्त्रीको सातो लिएर आफ्नो जिल्लामा धेरै योजनाहरू पार्थ्यो । हुनेनहुने मिल्नेनमिल्ने जनताका सबै काम गराउँथ्यो र नै ऊ लोकप्रिय नेता थियो । हरेक चुनावमा जितेर माननीय सांसद बन्थ्यो ।" (थापा. २०५५ : २१) ।

प्रस्तुत लघुकथांशमा एक जना माननीय सांसदले हाकिमलाई हकारेर जे भन्यो त्यही काम लिने, मन्त्रीको सातो लिएर आफ्ना जिल्लामा धेरै योजनाहरू पार्ने तथा गर्न मिल्ने र नमिल्ने सबै काम गर्ने भनेर विभिन्न विशेषण दिइएको छ । यहाँ राजनीतिक नेतावर्गको जायज एवम् नाजायज काम गर्ने प्रवृत्तिलाई प्रस्तुत भएको छ । राजनीतिक नेता, कार्यकर्ता एवम् जनप्रतिनिधिले न्यायको पक्षधरताभन्दा पनि स्वार्थजन्य क्रियाकलापबाट अघि बढ्ने कार्य गर्ने गरेकामा गलत कार्य विरोधी चेतना व्यक्त भएको छ ।

### ६.४.५ दृष्टान्तीकरणको प्रयोगबाट युगचेतना

नेपाली लघुकथा रचनामा दृष्टान्तीकरणको सशक्त प्रयोग पाइन्छ । रामनाथ ओझाले विषय वा भावलाई प्रस्तुत गरेपछि त्यसलाई प्रस्ट पार्नका लागि उस्तै खालका सन्दर्भको उल्लेख गर्नु नै दृष्टान्तीकरण हो" (ओझा. २०५९ : ३४३) भनेका छन् । यस्ता दृष्टान्तहरूले मूख्य विचारको सम्प्रेषणमा सहजता प्रदान गर्दछ । लघुकथा रचनामा युग जीवनका विसङ्गत परिवेशप्रति व्यङ्ग्य एवम् विद्रोह चेतनाका माध्यमबाट युगचेतना अभिव्यक्त भएको पाइन्छ । दृष्टान्तीकरणले भावलाई विशिष्ट एवम् प्रभावकारी बनाउनुको साथै युगचेतनालाई सशक्त किसिमले व्यक्त गर्दछ । यस अध्ययनमा कपिल लामिछानेको **उज्यालाको खोजी**, नवराज रिजालको **विचरण**, कृष्ण बजगाईको **मित्रता**, सुशीला देउजाको

**मासु भात,** रामविक्रम थापाको **मौसमी रङ्ग,** सरूभक्तको **कङ्कालहरू** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "उज्यालो थियो, तर सबैलाई थिएन । डकार थियो, तर सबैलाई थिएन । सबैमा आशा थियो, उपलब्धि थिएन" (लामिछाने. २०६८ : ४६) ।

प्रस्तुत लघुकथांशमा देशमा राजनीतिक स्वतन्त्रता नभएको अवस्था चित्रण गरिएको छ । सम्पन्न वर्गको अत्यधिक सम्पत्ति वृद्धि भइरहेको र गरिब जनताले दुःखमात्र पाएको स्थितिबोध गरिएको छ । जनतामा भविष्यप्रति आशा जीवित रहेपनि उपलब्धि भने सीमित रहेको युग यथार्थको प्रस्तुति गरिएको छ । यहाँ दृष्टान्तका माध्यमबाट युगीन विसङ्गतिप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(ख) "'नयाँ कर्मचारीसँग हाकिमको....।' कार्यालयमा गाइँगुइँ चल्यो । कुरो एक कान दुई कान हुँदै मैदानसम्म पुग्यो । केहीले जिब्रो काढे । केहीले हाकिमलाई धारेहात लगाए । अन्य कर्मचारीसँग आउनेको खासै उठबस थिएन । कसैले घमन्डीको विशेषण दिए, केहीले पाखे भने अनि कसैले सङ्कोची स्वभावको हुनुपर्छ भन्ने अनुमान गरे" (रिजाल. २०६७ : ३९) ।

प्रस्तुत लघुकथांशमा नयाँ कर्मचारीलाई घमन्डी, पाखे र सङ्कोची स्वभावको भनेर दृष्टान्त दिइएको छ । पुराना कर्मचारीको क्रियाकलापलाई जनाउन उनीहरूले जिब्रो काढेको र धारेहात लगाएको स्थितिलाई प्रस्तुत गरिएको छ । व्यक्तिगत स्वार्थ एवम् महत्त्वाकाङ्क्षाले भरिएका परपीडक एवम् परनिन्दक व्यक्ति रहेको समाजमा हरेक नयाँ मानिस शङ्काको घेरामा पर्दछ । उसका हरेक गतिविधिप्रति अन्य मानिसले निगरानी राखिराखेका हुन्छन् । लघुकथांशमा कर्मचारीतन्त्रभित्रको अर्काको बदख्वाइँ गर्ने प्रवृत्तिप्रति दृष्टान्तीकरणका माध्यमबाट व्यङ्ग्यात्मक चेतना प्रकट गरिएको छ ।

(ग) "छुल्याहा लेखक थिए एकजना । राजनेतादेखि अभिनेता, गृहिणीदेखि नगरवधू, लेखकदेखि पत्रकारसम्म कसैलाई बाँकी नराखी बेस्सकन गाली गरेर लेख्थे । अधिकांश पाठकहरू उनका लेख खुब पढ्छन् भन्ने भ्रम थियो सम्पादकलाई । वास्तवमा उनको लेखमा कतै आफ्नो नाम छापिएको छ कि भनेर धेरै मानिसहरू पढ्दथे ।" (बजगाई.२०६६ : ४२) ।

प्रस्तुत लघुकथांशमा प्रारम्भमै एकजना लेखकलाई छुल्याहा भनिएको छ । लेखकका क्रियाकलापलाई प्रस्तुत गर्ने क्रममा कसैलाई पनि बाँकी नराखी बेस्सकन गाली गर्ने भनेर आरोपित गरिएको छ । यस रचनामा लेखनलाई आधार बनाएर कसरी चर्चामा आउने भन्ने चिन्तन राख्ने लेखक प्रवृत्तिप्रति छेड हानिएको छ । यहाँ अखबारी लेखनको चर्चालाई नै जीवनको परम सफलता ठान्ने प्रवृत्तिले समाजमा नकारात्मक असर पुग्ने गरेको विचार

व्यक्त गरिएको छ । यहाँ समाजमा रहेको परनिन्दाजन्य गतिविधिप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(घ) "'आशारत्न' धन पाएका, तर मन नभएका साह्रै कृपण घरमूली थिए । उनको बानी बेहोराले गर्दा होला-घर, आफन्त, छरछिमेक सबैले उनलाई द्रव्यपिचास भनी नाम राखेका । पैसा खर्च गर्नुपर्ने भयो-उनको दाँतबाट पसिना आउँथ्यो ।" (देउजा. २०६६ : ५९) ।

प्रस्तुत लघुकथांशमा यहाँ 'आशारत्न' नामक व्यक्तिलाई धन भएर पनि मन नभएको द्रव्यपिचास भनिएको छ । यहाँ आशारत्नको धनलोभी जीवनशैलीप्रति दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ । हाम्रो समाजमा धनलोभी व्यक्तिको कमी नभएका सन्दर्भमा यस रचनामा व्यक्ति पात्रको असामाजिक क्रियाकलापप्रति असहमत चेतना व्यक्त गरिएको छ ।

(ङ) "सानैमा पढेको कवि शिरोमणि लेखनाथको 'सत्य-सन्देश' कविताबाट साह्रै प्रभावित भएर जीवनभर उसले त्यही अनुसरण गऱ्यो । जस्तो र जुनसुकै मौसमलाई पनि सहर्ष स्वीकार गर्दै ऊ समयलाई निसङ्कोच मान्छ । त्यसैले होला-दुनियाँले उसलाई मौसममान् भन्छ" (थापा. २०५५ : १०) ।

प्रस्तुत लघुकथाङ्शमा एउटा मानिसको अवसरवादी र स्वार्थी चरित्रलाई जनाउन लेखनाथको सत्य सन्देश कविताबाट प्रभावित भएको र मौसमअनुसार चल्न सक्ने भनिएको छ । यहाँ उसका क्रियाकलापप्रति दृष्टान्तका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यस रचनामा समाजमा रहेको अवसरवादजन्य क्रियाकलाप्रति असहमत चेतना व्यक्त भएको छ ।

(च) "बस गुडेपछि यात्रीहरू एकाएक गरी कराए-'तपाइँ त कस्तो मूर्ख मान्छे ! गुन्डाहरूसित त्यसरी बोलेर पनि साध्य हुन्छ ? कसो ज्यान लिएनन् !' उसले सबैलाई एकाएक गरी हेऱ्यो । उसले बसमा यात्रुहरू देखेन, मात्र कङ्कालहरू देख्यो । यसर्थ कङ्कालहरूलाई जवाफ फर्काउन आवश्यक ठानेन" (सरुभक्त. २०७१ : ४) ।

प्रस्तुत लघुकथांशमा अन्याय विरूद्ध लड्ने मानिसलाई मूर्ख भन्ने कार्यप्रति असहमति प्रकट गर्न उनीहरूलाई कङ्कालको दृष्टान्त दिइएको छ । उनीहरूमा जीवन तत्त्व नरहेको र मानवीय संवेदना पनि नभएकामा त्यस्ता कार्यप्रति छेड हानिएको छ । यहाँ अन्याय विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ ।

### ६.४.६ अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोगबाट युगचेतना

नेपाली लघुकथामा अप्रचलित शब्दयुग्मको प्रयोगका माध्यमबाट युगचेतना व्यक्त भएको पाइन्छ । लघुकथा रचनामा व्याकरणिक तथा मौखिक परम्परामा नचलेका शब्दको प्रयोगद्वारा भावगत विशिष्टता एवम् शिल्पगत सौन्दर्य थप्ने काम गरिएको पाइन्छ । यस अध्ययनमा सुमन सौरभको **कुपात्र,** आर.आर चौलागाईको **कविगोष्ठी,** कपिल लामिछानेको

**बाटो,** कैलाशकुमार शिवाकोटीको **मार्क्सवाद कि मासुभात ?,** विनयकुमार कसजूको **नामाकरण** एवम् दिलीप शाहको **राक्षस** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "गैरसरकारी कर्फ्यू लाग्यो-"बन्द ।" (सौरभ. २०६८ : ५८) ।

यहाँ सुमन सौरभ **कुपात्र** लघुकथालाई उदाहरण (क) मा साक्ष्यको रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत लघुकथांशमा अप्रचलित शब्द वा शब्दयुग्यका माध्यमबाट युगचेतना प्रकट भएको पाइन्छ । सामान्यतया सरकारले शान्ति सुरक्षा कायम गर्न कर्फ्यु लगाउने गर्छ । यहाँ गैरसरकारी कर्फ्यु पदावलीका माध्यमबाट जबर्जस्ती बन्द गराउने राजनीतिक नेता तथा कार्यकर्ताका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा जबर्जस्ती बन्द गर्ने प्रवृत्तिप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

(ख) "सञ्चालकले कविहरूलाई पालैपालो मञ्चमा बोलाए । कवि बेहोशप्रसादले यस्तो कविता वाचन गरे- "दस किलो चामल । दुई किलो दाल । एक किलो चिनी । पाँच लिटर मट्टितेल । एक बट्टा सलाई । एउटा सारी मलाई....." (चौलागाई. २०६५ : ५३ ) ।

प्रस्तुत लघुकथांशमा एक जना लापरवाह कविको प्रवृत्तिलाई प्रस्तुत गर्न उसको नाम बेहोसप्रसाद भनेर सम्बोधन गरिएको छ । सामान्यतया कुनै पनि मानिसको नाम बेहोसप्रसाद हुँदैन । यस कथामा व्यक्तिको प्रवृत्तिलाई दर्शाउन उसको नाम नवीन किसिमले प्रस्तुत गरिएको छ । यहाँ अप्रचलित शब्दका माध्यमबाट साहित्यिक क्षेत्रमा रहेको मानिसको लापरवाह एवम् गैरजिम्मेवार क्रियाकलापप्रति छेड हानिएको छ ।

(ग) "त्यही मौका छोपेर बाटो बनाउने भन्दै एउटा बिगारसिंह बङ्ग-बङ्ग बाटो काट्दै थियो, बाटो मिच्दै थियो । बाटो बनाउँदै छु भन्दै बाटाउपर बलात्कार गर्दै थियो" (लामिछाने. २०६८ : २४-२५) ।

प्रस्तुत लघुकथांशमा बाटो बिगार्ने मानिसप्रति व्यङ्ग्य गर्न बिगारसिंह भनेर उसको नाम उल्लेख गरिएको छ । उसको बाटो बिगार्ने क्रियाकलापलाई बङ्ग-बङ्ग भनी अप्रचलित शब्दयुग्मको प्रयोग गरेर छेड हानिएको छ । यहाँ देश बनाउने जिम्मा लिएका नेताले देश बिगारेको भनेर उनीहरूको जनविरोधी क्रियाकलापको विरोध गरिएको छ । लघुकथांशमा राजनीतिक नेताहरूको गलत क्रियाकलाप विरोधी चिन्तन प्रस्तुत भएको छ ।

(घ) "जाँदाजाँदै टोल, बस्ती, गाउँ ब्युँझाउने अनि विपक्षीको सातोपुत्लो पनि लिने गरी नारा भटचाउने कुरामा सबै एक मुख भए । तात्तातै ताजा नारा तय भयो, कागजमा कोरकार पारी सबैका हातमा "मार्क्सवाद, लेलिनवाद जिन्दावाद" लेखिएका नारा थमाइयो । सहभागीहरू उर्लीउर्ली कुर्लिए-"मासुभात लेलिनवाद जिन्दावाद ।"(शिवाकोटी.२०७० :१२०) ।

प्रस्तुत लघुकथांशमा मार्क्सवाद लेलिनवाद जिन्दावाद भन्न लगाइएकामा नवप्रवेशी कार्यकर्ताले मासुभात लेलिनवाद जिन्दावाद भनेर नारा लगाएका छन् । चुनावका समयमा प्रवेश गरेका एवम् मासुभात खान पल्केका कार्यकर्ताले सिद्धान्त एवम् दर्शनका कुरा बुझ्ने कुरा भएन । उनीहरू मासुभात खान आएका हुनाले उनीहरूको क्रियाकलापलाई जनाउन मासुभात लेलिनवाद भनिएको छ । सामान्यतया मार्क्सवाद-लेलिनवाद शब्द प्रचलनमा रहेकामा यस लघुकथामा त्यसभन्दा भिन्न अप्रचलित शब्दसमूह मासुभात लेलिनवाद शब्द प्रयोग गरिएको छ । यहाँ राजनीतिक लाभका लागि जस्तासुकै व्यक्ति संगठनमा हुल्ने गरेको कार्यप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा चुनावी राजनीतिको विकृति विरोधी चेतना आएको छ ।

(ङ) "गाउँमा एकजनाले छोराको नाम राख्यो टङ्कप्रसाद । उसको नमिल्ने छिमेकीले आफ्नो छोराको नाम राख्यो आतङ्कप्रसाद । त्यसपछि अर्को घरको बाबुले आफ्नो छोरालाई जर्ज बुस भनेर बोलाउन थाल्यो । ऊसँग नमिल्ने छिमेकीले आफ्नो छोरालाई एम्बुस भनेर बोलाउन थाल्यो" (कसजू. २०६६ : ७९) ।

प्रस्तुत लघुकथांशमा अरूको देखासिकी गर्ने क्रममा आफ्नै छोराको नाम बिगार्ने व्यक्तिपात्रका क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । सामान्यतया मानिसको नाम आतङ्कप्रसाद र एम्बुस हुँदैन । यहाँ मानिसको अरूको रिस गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न यस्ता अप्रचलित नामको प्रयोग गरिएको छ । लघुकथांशमा अरूले एक किसिमको नाम राख्दा त्यसै सँग मिल्ने नाम राख्ने काम गर्ने मानिसको प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(च) "पाँच वर्षको अन्तरालपछि वंश कायम गर्ने र आमाबुबालाई सिधै स्वर्गमा बास गराउने छोराको जन्म भएको छ । यस खुसीमा फ्रकसम्म लगाउन नसक्ने छोरीलाई हेर्नेसम्म फुर्सद छैन । *नास्तावास्ता* त टाढैको कुरा" (शाह. २०६६ : ३५) ।

प्रस्तुत लघुकथांशमा खाजालाई बुझाउन नास्तावास्ता भनेर अप्रचलित शब्दको प्रयोग गरिएको पाइन्छ । सामान्यतया खाजालाई नास्ता शब्दले पनि सम्बोधन गरिएको पाइन्छ तर यहाँ नास्तासँग वास्ता शब्द जोडेर अप्रचलित शब्दको प्रयोग गरिएको छ । लघुकथामा छोरीप्रतिको उपेक्षाभाव जनाउने पिताको क्रियाकलापलाई व्यक्त गरिएको छ । बाबु पात्रले छोराको जन्म भएपछि अत्यधिक खुसी भएर नाबालक छोरीको हेरचाह गर्ने कामसमेत भुलेको प्रसङ्ग आएको छ । लघुकथांशमा लैङ्गिक विभेद विरोधी चेतना प्रकट भएको छ । नेपाली लघुकथामा विभिन्न शिल्पशैलीका माध्यमबाट सामाजिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ६.४.७ सादृश्यविधाबाट युगचेतना

नेपाली लघुकथाको एक विशेषता सादृश्यविधान हो । बालकृष्ण पोखरेल र अन्यले 'रूप, गुण आदिका दृष्टिले देखिने एकरूपता, समानता, तुल्यता सादृश्य हो ।' (पोखरेल र अन्य. २०६७ : १२६०) भनेका छन् । यस अध्ययनमा सादृश्यविधानसँग सम्बन्धित बिम्ब, प्रतिक, अलङ्कार र मानवीकरणलाई विषय सन्दर्भ बनाइएको छ ।

### ६.४.७.१ बिम्बको प्रयोग

नेपाली लघुकथामा बिम्बको सशक्त प्रयोग पाइन्छ । बिम्बले लघुकथालाई सचित्र प्रस्तुत गर्नाका साथै  कलात्मक सौन्दर्य प्रदान गर्दछ । लक्ष्मणप्रसाद गौतमले 'सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।' (गौतम. २०६० : १) । यस अध्ययनमा नेपाली लघुकथामा विभिन्न किसिमका बिम्बप्रयोगको अवस्थालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा साधना प्रतीक्षाको **लक्ष्य र बाटाहरू,** विनयकुमार कसजूको **मुखियाको गाउँ,** डम्बर रसिक भारतीको **समवेदना,** सरुभक्तको **नेपाल बन्द,** सिन्धु गौतमको **कालो कोट** र आर.आर. चौलागाईको **खन्चुवाकाजी** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "सुन्नुस् न, बाहिर मान्छे आएका छन्...........।" "मान्छे आउँदा पनि यसरी आत्तिने............को हुन् र ?" "अख्तियार......।" बाँकी रहन्छ केवल सन्नाटा । बाटो घुमाउरो भए पनि गन्तव्य त उही हो.....।" (प्रतीक्षा. २०६९ : २४) ।

प्रस्तुत लघुकथांशमा एउटा मानिसले दुई भिन्न अवस्थामा भिन्न खाले प्रतिक्रिया व्यक्त गरेको स्थितिलाई प्रस्तुत गरिएको छ । यहाँ मान्छे एक सरल बिम्बका रूपमा आएको छ । लघुकथांशमा भ्रष्टाचारजन्य क्रियाकलापमा मग्न मानिस मान्छे आएकामा चिन्ता गर्दैन तर त्यही मान्छे अख्तियारसँग सम्बन्धित हो भन्ने थाहा पाउने बित्तिकै ऊ चेतनाशून्य हुन्छ । यहाँ गलत कार्य गर्ने व्यक्ति पात्रको त्रासलाई व्यक्त गर्नाका साथै भ्रष्टाचार विरोधी चेतना अभिव्यक्त भएको छ ।

(ख) "गाउँमा पनि कवि गोष्ठी । म छक्क परेको देखेर उनले मेरो जिज्ञासा मेटाउन खोज्दै भने, "मुखियाका ज्वाइँ कवि पनि हुनुहुँदो रहेछ । मुखियाले दश हजार रूपियाँको पुरस्कारको पनि घोषणा गर्नुभएको छ । ज्वाइँको सम्मानमा गोष्ठीको आयोजना गरिने भएको छ ।" (कसजू. २०५७ : ११३) ।

प्रस्तुत लघुकथांशमा गोष्ठी शब्द बिम्बका रूपमा आएको छ । यो विकीर्ण बिम्ब हो । यस्तोखाले बिम्बले एक इन्द्रियलाई मात्र नभएर अनेक इन्द्रियलाई संवेद्य बनाउने कार्य गर्दछ । लघुकथामा आफ्नो स्वार्थका लागि जे पनि गर्ने मुखियाको सामन्ती प्रवृत्ति आएको छ । आफ्नो ज्वाइँलाई खुसी बनाउन गाउँमा कवि गोष्ठी गराउने कुराले गाउँमा आफ्नो

प्रभाव एवम् महत्त्व देखाउने स्वार्थसमेत रहेको देखिन्छ । लघुकथामा सामन्ती शोषण विरोधी चेतना प्रकट भएको छ ।

(ग) "मलाई लाग्यो, जीवित छँदा सँधै कर्कश बोल्ने, एकलकाँटे भइरहने खडकबहादुर । आखिर स्नेही, मिलनसार, मृदभाषी हुन मर्नैपर्ने रहेछ ।" (भारती. २०६९ : ७२) ।

प्रस्तुत लघुकथांशमा एक व्यक्तिलाई हेर्ने अनेक आँखा देखिएका छन् । समयको अन्तरालसँगै उसप्रति मानिसले फरक फरक दृष्टिकोण प्रस्तुत गरेका छन् । यस लघुकथामा अमूर्त बिम्बको प्रयोग भएको छ । कर्कश, एकलकाँटे, स्नेही, मिलनसार, मृदभाषी जस्ता मनमा प्रत्यक्ष नभई भाव उत्पन्न गर्ने बिम्ब आएका छन् । एउटै मानिस जिउँदो हुँदा एउटा र मरेपछि फरक हुँदैन । यहाँ समाजमा रहेको परपीडक मनोवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस रचनामा मानवीय संवेदनहीनता विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ ।

(घ) "विकासोन्मुख नेपाल बन्दमा यातायात, शैक्षिक संस्था, कलकारखाना, दोकान आदि बन्द गर्न अपिलमात्र गरिएन, जनतालाई आआफना बासस्थान, घर र डेराबाट बाहिर निस्कन कडाइका साथ प्रतिबन्ध लगाइयो । जनताले बुझे- विकासोन्मुख नेपाल बन्दसम्म ठीकै छ, सहन सकिएला तर विकसित नेपाल बन्द भनेर सासै फेर्न प्रतिबन्ध लगाइदिए क्यार्ने होला" (सरुभक्त. २०७१ : ५५) ।

प्रस्तुत लघुकथांशमा मिश्र बिम्ब आएको छ । यस लघुकथामा विकासोन्मुख बन्द र विकसित बन्द जस्ता पदावलीको प्रयोग गरेर बिम्ब निर्माण गरिएको छ । यहाँ जथाभावी बन्द गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । बन्दका नाममा जनतालाई दुःख दिने प्रवृत्तिप्रति फरक मत जाहेर गरिएको छ । बन्दका नाममा मानिसलाई घर बाहिर निस्कन नदिने प्रवृत्ति बढ्दै गएर मानिसलाई सास फेर्न पनि नदिने किसिमको बन्द पो आउने हो कि भनेर चिन्ता व्यक्त गरिएको छ । यस लघुकथांशमा बन्द विरोधी चेतना आएको छ ।

(ङ) "मनमा थोरै साहस बटुलेर केही सहयोग र सल्लाह पाइहाल्ने आशा लिएर नजिकै गएँ । बोल्न खोजेँ तर मेरो सोधाइ प्रतिक्रियाविहीन भयो । आमाको अवस्था एकपटक हेर्नका लागि आग्रह गर्दा पनि वास्ता गरेन त्यो सेतो कोटको परिचित अनुहारले । निराश भएर फर्किएँ आमा पल्टिरहनु भएको बेडनजिकै" (गौतम. २०६८ : ५१) ।

प्रस्तुत लघुकथांशमा सेतो कोट मिश्र बिम्बका रूपमा प्रस्तुत भएको छ । डाक्टरले बिमार व्यक्तिको सेवामा आफै तत्पर हुनुपर्नेमा उपेक्षा गर्ने कार्यले ह्दयमा संवेदना नभएको अवस्था देखाउँछ । आफ्नो पेसा र सम्पत्तिको अहम्‌मा फुलेको डाक्टर परिचित भएर पनि अपरिचितको जस्तो व्यवहार गर्न पुग्छ । लघुकथांशमा वर्तमान समयमा आफ्नो पेसागत मर्यादामा बस्न नसक्ने डाक्टर प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ हरेक नागरिकले

आफ्नो पेसागत मर्यादा कायम राख्न सक्नुपर्ने र जनताप्रति जवाफदेहिता हुनुपर्ने चेतनालाई व्यक्त गरिएको छ ।

(च) "खन्चुवा काजी यतिखेर सत्ताभन्दा बाहिर छन् । पत्रकारहरू उनलाई प्रश्न गर्छन्- "बताउनुहोस् न । के छ देशको हालखबर ?" उनी भावुक भएर जवाफ दिन्छन्-"बडो दुःखको कुरा छ । देश यतिखेर ओरालो झरिरहेछ ।" (चौलागाई. २०६५ : ६१) ।

प्रस्तुत लघुकथांशमा संयुक्त बिम्बको प्रयोग गरिएको छ । यहाँ खन्चुवा र काजी दुई शब्दको योगबाट खन्चुवाकाजी भनेर संयुक्त बिम्ब निर्माण गरिएको छ । खन्चुवाले धेरै खाइरहने र काजीले पदवी वा प्रवृत्ति विशेषलाई जनाउँछ । खुन्चुवा काजीले हाम्रो मनमा एक लोभी, स्वार्थी, भ्रष्टाचारी, बेइमान मानिसको बिम्ब तयार हुन्छ । लघुकथांशमा एकजना पद, प्रतिष्ठा, सम्मान एवम् धनसम्पत्तिको लोभी राजनीतिक नेताको प्रसङ्ग आएको छ । उनले आफू पदमा रहँदा देश विकास भएको ठान्ने तर पदबाहिर रहँदा देश ओरालो लागेको अभिव्यक्ति दिन्छन् । यस रचनामा राजनीतिक नेताको दोहरो चरित्र विरोधी चेतना प्रस्तुत भएको छ ।

### ६.४.७.२ प्रतीकको प्रयोग

नेपाली लघुकथामा प्रतीकको प्रयोग गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमले 'कुनै सूक्ष्म कुरा अभिव्यक्त गर्नका लागि कुनै स्थूल वस्तुको चयन गर्नु प्रतीकविधान हो ।' (गौतम. २०६६ : ५६७) भनेका छन् । प्रतीक परम्परागत एवम् स्वनिर्मित पनि हुन्छन् । नेपाली लघुकथामा परम्परागत प्रतीकको प्रयोग गरिएको पाइन्छ । कुनै पनि विषय सन्दर्भलाई सोझै व्यक्त गर्नुभन्दा प्रतिकको सहायताले प्रस्तुत गर्दा त्यसले दिने प्रभावकारिता एवम् सम्प्रेषणीयता व्यापक हुने तर्फ नेपाली लघुकथा लेखक सचेत बन्दै गएका छन् । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा प्रतीकका माध्यमबाट आफ्नो चिन्तन प्रस्तुत गर्ने कार्यले नेपाली लघुकथामा रोचकता थपेको पाइन्छ । यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त प्रतीकको प्रयोगको सन्दर्भलाई प्रस्तुत गर्ने क्रममा केही लघुकथा रचनालाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा कपिल लामिछानको **थोत्रो ट्रक,** कैलाशकुमार शिवाकोटीको **साइबर प्रेम,** अच्युत घिमिरेको **पुरस्कार,** कृष्ण शाह यात्रीको **सम्प्रेषण,** सुमन सौरभको **कर्तव्य** र ध्रुव मधिकर्मीको **नखोजिएको प्रमाण** लघुकथाको विश्लेषण गरिएको छ :

(क) सदियौँदेखि कहिले रफ्तारमा र कहिले मन्द गतिमा मनपरि दौडिरहेको थोत्रो ट्रक अकस्मात् ठूलो खाल्टोमा खस्यो । खाल्टो मानिसहरूले खनेका थिए । थोरै केही मानिसहरू त्यसलाई उद्दार गर्नमा जुटे । देशी-विदेशी उद्धारक संस्था झिकाइए, तर त्यो झिकिएन । ठूलो समूहमा रहेका मानिसहरू खुसी भए । उद्धार गर्न खोज्ने र

ठीक भयो भन्नेहरूबीच भनाभन भयो । ट्रक तैपनि गजक्क गुम्म परेर पर्खिरह्यो (लामिछाने. २०६८ : १५) ।

प्रस्तुत लघुकथांशमा राजतन्त्रप्रति प्रतीकका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ राजतन्त्र समाप्त हुने समयमा देशभित्र र बाहिर त्यसलाई जोगाउन गरिएका प्रयत्नका साथै गणतन्त्र स्थापनाका लागि गरिएको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । यस रचनामा निरङ्कुशता विरोधी चेतना प्रकट भएको छ ।

(ख) "रूपनारायण साइबर प्रेमी । अझ नयाँनयाँ मित्रहरू उत्पादन गर्नु, कुराकानीभित्र रम्नु/रमाउनु, हित्तचित्तका बातहरू मारेर आनन्द लिनु अनि ताक परे नयाँ साथीहरूसँग साइत जुराएर भेटघाट गर्नुजस्ता कार्य फेसबुकमार्फत उसले प्राप्त गर्ने उपलब्धि हुन् ।" (शिवाकोटी. २०७० : १५९) ।

प्रस्तुत लघुकथांशमा रूपनारायण नामक पात्र वर्तमानको बेरोजगार र उद्देश्यविहीन जीवन बिताउने मनोरञ्जनप्रिय युवाको प्रतीकका रूपमा आएको छ । प्रविधिलाई सही उपयोग गर्ने भन्दा पनि त्यसैमा दिनभर डुबिरहने उसको प्रवृत्तिले उसलाई निकम्मा बनाएको छ । समाजमा सार्थक कार्य भन्दा पनि दिन काट्ने उपायको खोजमा लागिरहने कार्यले उसको जीवनको निरर्थक यात्रालाई स्पष्टतः रेखाङ्कित गर्दछ । यहाँ युवाहरूको निरर्थक जीवनभोगाइजन्य क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) "एकदिन धनसिंहलाई भगवान्को दर्शन गर्न मन लाग्यो । र मन्दिर गयो । पुजारीले दलित भनेर उसलाई ढोकाबाट छिर्न दिएन । आफैले बनाएको मूर्ति (भगवान्) को दर्शन गर्न नपाएकामा ऊ पिरोलियो । र जबर्जस्ती भित्र पस्यो । बदलामा पुजारीले उसलाई घोक्र्याएर बाहिर निकाले ।" (घिमिरे. २०६१ : २५) ।

प्रस्तुत लघुकथांशमा पुजारी पात्र परम्परागत रूढिगत चिन्तन बोक्ने जातीय उत्पीडकको प्रतीकका रूपमा रहेको छ । उसले त्यस मन्दिरको मूर्ति बनाउने मूर्तिकारको बारेमा थाहा पाएर पनि उसले मन्दिर जाँदा अपमानित गरेर मन्दिर बाहिर लगेको छ । लघुकथांशमा जातीय उत्पीडन विरोधी चेतना व्यक्त भएको छ ।

(घ) आठ वर्षपश्चात् अचानक उसको पत्र आयो । त्यसमा उसले विदेशी केटीसँग बिहे गरेको र त्यही देशको 'ग्रिन कार्ड' लिएर नागरिक बनेको कुरा उल्लिखित थियो । साथै दुःख, पीडा र गरिबीको खाडल भन्दै नेपाली गाउँमा अब कहिल्यै फर्कन नचाहेको विचार पनि व्यक्त गरिएको थियो भने आमाबाबुका निम्ति मोटो रकम पनि सम्प्रेषण गरिएको थियो ।" (शाह. २०६९ : १२४) ।

प्रस्तुत लघुकथांशमा ऊ पात्र वर्तमानको स्वार्थी युवा पुस्ताको प्रतीकका रूपमा रहेको छ । उसले आफ्नो स्वार्थका लागि विदेशी केटीसँग विवाह गर्ने, आफ्नो देश र

परिवारलाई छोड्ने तथा देशलाई गाली गर्ने कार्य गरेको छ । उसमा समाजबोधभन्दा आत्मबोधको मात्रा धेरै रहेको पाइन्छ । ऊ एक  स्वार्थी एवम् परजीवी पात्रको प्रतिनिधि पात्रका रूपमा रहेको छ । कम मेहनतले धेरै सम्पत्ति कमाउने र सम्पत्तिलाई जे गर्न पनि तयार हुने उसको प्रवृत्ति देखिएको छ । लघुकथांशमा वर्तमान युवापुस्तामा मौलाएको सुविधामोह एवम् विदेशप्रेमप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ङ) हवल्दारले सुर्ती मलेर मुखमा हाल्यो र पिच्च थुक्दै लापरवाहीसाथ जवाफ दियो- "मैले देखेँ कि तैँले एउटा मान्छे समातिस्, त्यसैले सोचेँ मैले पनि कमसेकम एउटालाई त समात्नै पर्छ र समातेँ । तँ साले सिपाही होस् भने म त झन् हबलदार हुँ, हबलदार ।" "त्यो त हो साब, तैपनि...हामीले पक्रेका मान्छेहरू साँच्चै नै चोर होलान् र ? (सौरभ. २०६८ : ३५) ।

प्रस्तुत लघुकथांशमा प्रस्तुत हबल्दार पात्र गैरजिम्मेवार किसिमले प्रस्तुत भएको घटनालाई प्रस्तुत गरिएको छ । हबल्दारले  आफ्नो अयोग्यताका कारण आफ्नो भूमिकालाई सही किसिमले निर्वाह गर्न सकेको छैन । उसमा आफू ठूलो पदमा भएको अहङ्कार रहेको छ । उसले आफ्नो अयोग्यता एवम् गैरजिम्मेवारीपनलाई लुकाउन निर्दोष नागरिकलाई पक्रेर दुःख दिएको छ । ऊ यस देशको अयोग्य एवम् कामचोर परपीडक कर्मचारीको प्रतीकको रूपमा आएको छ । लघुकथांशमा पदप्रतिष्ठाको आडमा जनतामाथि गरिने दमनप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(च) "अमान्छे, त्योसँग मान्छेको जस्तो आँखा छैन । त्यो सँग मान्छेको जस्तो मुटु छैन । त्योसँग मान्छेमा हुनुपर्ने कुनै पनि गुण छैन । त्यो सँग त केवल एउटा आकार छ । एउटा खोल छ । मान्छेजस्तै...."(मधिकर्मी. २०५१ : ९) ।

यस लघुकथांशमा प्रस्तुत पात्रमा मानवीय जीवनको विसङ्गति आएको छ । एकजना पात्रको मान्छे भएर पनि मान्छे हुन नसकेको जीवन यथार्थको अनुभूतिलाई प्रस्तुत भएको छ । एकजना अन्धा पात्रले सामान्य मानिसको जस्तो जीवन बाँच्न र त्यसप्रकारको व्यवहार गर्न सक्दैन । उसमा मान्छेको गुण नभएकाले अमान्छे भनिएको छ ।  यसै क्रममा उसको जीवनको सारहीनतालाई प्रस्तुत गर्न उसमा मान्छेको जस्तो आँखा नभएको, मान्छेको जस्तो गुण नभएको, मान्छेको जस्तो आकार भएको र एउटा खोल भएको मान्छे भनिएको छ । यहाँ रहेको पात्र अस्तित्वहीन जीवनको एक प्रतीकका रूपमा रहेको छ । लघुकथांशमा मानवीय जीवनको विवशताजन्य अनुभूतिको चेतना व्यक्त भएको छ ।

नेपाली लघुकथामा नेपाली समाजको विसङ्गत चित्र आएको छ । ती विसङ्गतिहरु राष्ट्रको जीवनका साथै व्यक्ति जीवनमा पनि आएका छन् । नेपाली लघुकथा रचनामा वर्तमानको विसङ्गत यथार्थप्रतिको आलोचनाका साथै युगसचेत चिन्तन आएको छ ।

विकृतिजन्य परिवेश, पात्र एवम् घटनाप्रतिको आलोचनाका साथै असल पक्षको खोजी गर्नु नेपाली लघुकथा रचनामा अभिव्यक्त भएको युगचेतना हो । नेपाली लघुकथा रचनालाई युगचेतनाको प्रस्तुतिले नेपाली समाजको यथार्थ जीवनसँग नजिक तुल्याएको छ ।

### ६.४.७.३ अलङ्कारको प्रयोग

अलङ्कार साहित्य रचनाको शोभा हो । नेपाली लघुकथा रचनामा विभिन्न अलङ्कारको प्रयोग गरिएको पाइन्छ । नेपाली बृहत् शब्दकोशमा अलङ्कारको परिभाषा दिने क्रममा बालकृष्ण पोखरेल र अन्यले 'अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिंगार्ने तत्त्व भएको, साहित्यशास्त्रको एक अङ्ग, काव्यको चमत्कारपूर्ण वर्णनशैली' (पोखरेल र अन्य. २०६७ : ७५) भनिएको पाइन्छ । यस अध्ययनमा अलङ्कार अर्न्तगत उपमा, विरोधाभास र समभावलाई प्रस्तुत गरिएको छ ।

### (१) उपमा अलङ्कारको प्रस्तुति

नेपाली लघुकथामा उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ । उपमा सम्बन्धमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले 'दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ ।' (शर्मा र लुइँटेल. २०६३ : ६६) भनेका छन् । यस अध्ययनमा नेपाली लघुकथामा प्रयुक्त उपमा अलङ्कारको प्रयोगको अवस्थालाई प्रस्तुत गरिएको छ । उपमा अलङ्कार भएका लघुकथामा अभिव्यक्त युगचेतनाको समेत अध्ययन गरिएको छ । यस अध्ययनमा कृष्ण शाह 'यात्री'को **स्वभाव,** कृष्ण बजगाईको **स्वर्ण पुरुष** एवम् श्रीओम श्रेष्ठ रोदनको **क्रमभङ्ग** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "नेता नम्बर एकले नेता नम्बर दुईलाई आरोप लगायो, "तँ राष्ट्रको कलङ्क होस् । तँ राष्ट्रघाती र विस्तारवादीको दलाल होस्" नेता नम्बर दुईले नेता नम्बर एकलाई आरोप लगायो, "तँ झन् भ्रष्टाचारी र 'र' को एजेन्ट होस् । तेरो त जीवनभरि मुख हेर्न नपरोस् ।" (शाह. २०६९ : ४५) ।

प्रस्तुत लघुकथांशमा नेता नम्बर एकले दुईलाई राष्ट्रको कलङ्क, राष्ट्रघाती र विस्तारवादीको दलाल भन्ने उपमा दिएको छ भने दुईले एकलाई भ्रष्टाचारी र 'र' को एजेन्ट भनेको छ । यहाँ उपमा अलङ्कारका माध्यमबाट युगचेतना अभिव्यक्त भएको छ । लघुकथा अंशमा राजनीतिक नेतावर्गमा एकअर्काप्रति सम्मानको भाव नरहेको र गाली गलौज गर्ने संस्कार रहेको कुरा व्यक्त गरिएको छ । यहाँ राजनीतिक संस्कारको अभावमा राजनीति स्वच्छ नहुने भएकाले राजनीतिक संस्कार हुनुपर्ने चेतना अभिव्यक्त भएको छ ।

(ख) "आजकल उनी सुनौलो हाँस्छन् । लालच सुनौलो चीजसँग छ । भाषणमा सुनको दिन ल्याउन यत्रो दुःख गरिरहेको छु भन्छन् । सुनसँगको यस्तो लगावले लौहपुरुषबाट उनी स्वर्ण पुरुषमा परिवर्तन भएका छन् ।" (बजगाई. २०६६ : १०३) ।

प्रस्तुत लघुकथांशमा एक राजनीतिक नेताको सम्पतिप्रत्तिको अत्यधिक लालसा प्रकट भएको छ । यहाँ नेताको सुनप्रतिको मोहलाई देखाउन हाँस्ने, लालच राख्ने, भाषण गर्ने आदि कार्यमा सुनको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ उपमा अलङ्कारका माध्यमबाट युगचेतना व्यक्त भएको छ । लघुकथांशमा राजनीतिक नेताको गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यका साथै राजनीतिक इमानको चेतना अभिव्यञ्जित भएको छ ।

(ग) "सोमप्रसाद हाम्रो समाजका यस्ता पात्र हुन् जो मादलको ताल अनुसार नाच्न सिपालु छन् । मह र ध्यू मिश्रित उनको बोलीको प्रभाव विरोधीलाई समेत नतमस्तक गराउन सक्षम हुन्छ । जीवन बहावको क्रमलाई उनले कुनै बेला कसरी भङ्ग गर्छन् वा छलाङ मार्छन्, हेर्नेलाई समेत पत्तै हुँदैन ।"(श्रेष्ठ. २०६७ : २४) ।

प्रस्तुत लघुकथांशमा एकजना व्यक्तिको असरवादी चरित्रलाई प्रस्तुत गर्ने क्रममा मादलको चालअनुसार नाच्न सिपालु, मह र ध्यू मिश्रित उनको बोलीको प्रभाव विरोधीलाई समेत नतमस्तक गराउन सक्षम हुने गरेको, जीवन बहावको क्रमलाई कुनै बेला कसरी भङ्ग गर्छन् वा छलाङ्ग मार्छन्, हेर्नेलाई समेत पत्तै नभएको भनेर चरित्रगत विशेषताको परिचय दिइएको छ । उनको क्रियाकलापलाई प्रस्तुत गर्न उपमा अलङ्कारको प्रयोग गरिएको छ । प्रस्तुत लघुकथांशमा अवसरवाद विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

### (२) **विरोधाभास अलङ्कारको प्रस्तुति**

नेपाली लघुकथामा विरोधाभास अलङ्कारका माध्यमबाट युगचेतना व्यक्त भएको पाइन्छ । रामनाथ ओझा (२०५९) ले 'एक आपसमा विरोधीजस्तो आभास दिने एवम् कुनै जाति, क्रिया, द्रव्यका बिच विरोध गरेको आभास दिलाएमा विरोधाभास हुन्छ' (पृ. ३४७) । यस अध्ययनमा नेपाली लघुकथामा विरोधाभास अलङ्कारको प्रयोग भएका रचनालाई प्रस्तुत गर्नाका साथै त्यसबाट अभिव्यक्त हुने युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा रवीन्द्र समीरको **अट्ठाइस,** हरिप्रसाद भण्डारीको **छेपारो** र टिकाराम रेग्मीको **कमरेड** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "गौतम बुद्ध निराश भए । कतैबाट पनि अहिंसा र शान्तिको किरण देखापर्ने सङ्केत सम्म पनि पाएनन् । त्यसपछि गौतम बुद्ध बोधिवृक्षमुनि गएर तपस्या गर्न थाले । उनलाई ब्रह्मज्ञान प्राप्त भयो, अनि उठेर शरीरभरि हतियारको माला भिरेर हिंसा र अशान्तिको अन्त्यका लागि सशस्त्र आन्दोलन सुरु गरे ।" (समीर. २०६५ : ४५) ।

प्रस्तुत लघुकथांशमा वर्तमानमा धेरै विसङ्गति फैलिएकाले अहिंसाको सिद्धान्त संसारलाई दिने गौतम बुद्धले समेत हतियार उठाएर सशक्त आन्दोलन गर्नुपरेको विचार

व्यक्त गरिएको छ । यहाँ विरोधाभास अलङ्कारका माध्यमबाट समाजमा देखिएको विकृत परिवेश एवम् हिंसाजन्य क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

(ख) साँझ पनि ब्ल्याक आउटको कार्यक्रम थियो । 'आज झडप हुन्छ ।' धेरैले यही अनुमान गर्दै थिए, तर परिस्थितिले कोल्टे फेरेछ । बत्ती निभाउने समय हुँदा नहुँदै हिजोका दादाहरू चोकमा जम्मा भए र उल्टै कार्यक्रमको समर्थन गर्दै बत्ती निभाउन अनुरोध गर्न लागे । साथै उनीहरू हिजो जसको पक्षमा जिन्दावादको नारा लगाएका थिए उसैलाई आज मुर्दावाद भन्दै थिए । अनुमान गर्न गाह्रो परेन, दिनमा निस्केको विशाल जुलुसले उनीहरूको रङ फेरिदिएको थियो । (भण्डारी. २०६३ : १०६-१०७) ।

प्रस्तुत लघुकथांशमा दादाहरूको व्यक्तिगत स्वार्थका लागि जता पनि लाग्ने क्रियाकलापलाई प्रस्तुत गरिएको छ । दादाहरू ब्ल्याक आउटको कार्यक्रमको विरोधमा रहेकामा ब्ल्याक आउटको पक्षमा जनसमर्थन भएको देखेपछि अन्तिममा समर्थन गर्न पुगेका छन् । उनीहरूका फरक-फरक समयका गतिविधि एकआपसभन्दा भिन्न रहेका छन् । यहाँ विरोधाभास अलङ्कारका माध्यमबाट दादाहरूको अवसरवादी क्रियाकलापलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा अवसरवाद विरोधी चेतना व्यक्त भएको छ ।

(ग) मुट्ठी कसेर हात उठाउँदाको मुस्कान ऐले नै उस्तै । हात मिलाउँदा नि उस्तै । उसले मनमनै सोच्यो । मालिक, भन्दै यसो हेर्दा ऊ त्यहाँ थिएन । सन्तेले एकहातले टोपी अड्याएर हेर्‍यो ऊ त नवनिर्मित मलको आठौँ तलामाथिको छतमा पुगिसकेको रहेछ । सोच्यो, 'राजा हुने बाटो होला नि, क्याबात कमरेड ।'" (रेग्मी. २०७१ : ४८) ।

प्रस्तुत लघुकथांशमा केही नेपाली कम्युनिस्ट नेतावर्गको आकस्मिक आर्थिक समृद्धि र सो समृद्धिसँगै चिन्तनमा आएको परिवर्तनलाई विषय बनाइएको छ । उनीहरूले जनतासँग एक खाले व्यवहार र अर्को खाले आचरणका कारण उनीहरूमा विरोधाभास देखिएको छ । लघुकथांशमा राजनीतिक विकृति विरोधी चेतना प्रस्तुत भएको छ । नेपाली लघुकथामा विरोधाभास अलङ्कारका माध्यमबाट विभिन्न सामाजिक विकृत परिवेशप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त भएको पाइन्छ ।

**(३) समभाव अलङ्कारको प्रस्तुति**

नेपाली लघुकथामा समभावका माध्यमबाट युगचेतना प्रकट भएको पाइन्छ । बालकृष्ण पोखरेल र अन्य (२०६७) ले 'बराबर, समान, सदृश्य, तुल्य' (पोखरेल र अन्य। २०६७ : १२३१) भनेका छन् । एकै किसिमका भावको पुनरावृत्ति हुनु नै समभाव हो । यस अध्ययनमा नेपाली लघुकथामा समभाव अलङ्कारका माध्यमबाट युगचेतना प्रस्तुत भएका

लघुकथा अंशको विश्लेषण गरिएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटीको **नेता-दुई,** सुमन सौरभको **छनोट** र दिलीप शाहको **फरक** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "ऊ र उसका दौँतरीबाट सँधै कुनै न कुनै उटपटचाङ आयोजना गर्नु एक किसिमको गृहकार्यजस्तै बनेको थियो । अनुशासनको परिधिभित्र रहने, कक्षाभित्र बस्ने, पढ्ने कुरा तिनको क्षेत्राधिकारभित्र पर्दैनथ्यो । झगडा, हुलदङ्गा, तोडफोड, मारपिट आदि नजिकका प्रिय सोख थिए ।" (शिवाकोटी. २०७० : ७५) ।

प्रस्तुत लघुकथांशमा अराजक विद्यार्थीहरूको आवारागर्दीलाई जनाउन उटपटचाङ आयोजना गर्नु, अनुशासनमा नरहनु, कक्षामा नबस्नु, नपढनुजस्ता क्रियाकलापका साथसाथै झगडा, हुलदङ्गा, तोडफोड, मारपिटजस्ता क्रियाकलाप गरेको देखाइएकोछ । लघुकथामा समभावका माध्यमबाट विद्यार्थीवर्गको खराब कामकारवाहीप्रतिको असहमत चेतना अभिव्यञ्जित भएको छ ।

(ख) "पछिल्लोपटक आएको हाकिम हाकिम नभएर जोकरजस्तो थियो । अनुहार होस् कि चालचलन, व्यवहार होस् कि बुद्धि, जे हेरे पनि शतप्रतिशत मूर्ख देखिन्थ्यो । आफ्नो काम त बिगार्थ्यो-बिगार्थ्यो, अरूको सप्रिइसकेको काम पनि यसो होइन, त्यसो पो हो भनेर बिगारिदिन्थ्यो ।" (सौरभ. २०६८ : ४५) ।"

प्रस्तुत लघुकथांशमा एकजना हाकिमको क्रियाकलापलाई जनाउन उसका विभिन्न आनीबानीलाई समभावका माध्यमबाट व्यक्त गरिएको छ । लघुकथामा हाकिमलाई चित्रण गर्ने क्रममा हाकिम जोकरजस्तो भएको, अनुहार होस् कि चालचलन, व्यवहार होस् कि बुद्धि, जे हेरे पनि शतप्रतिशत मूर्ख देखिएको भनिएको छ । हाकिमका अवगुण जनाउने क्रममा आफ्नो काम बिगार्नका साथै अरूको सप्रिइसकेको काम पनि यसो होइन, त्यसो पो हो भनेर बिगारिदिने गरेको कुरा भनिएको छ । लघुकथामा मानवीय विकृत क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(ग) आज ऊ प्रजातान्त्रिक नेता छ । उसले विगतको त्याग, तपस्या र बलिदानको बदलामा चुनाव मार्फत जनताको आर्शीवाद प्राप्त गरी गह्रौं कुर्ची प्रसादका रूपमा पाएको छ । तर जनताको आर्शीवाद र प्रसादलाई अकुत नोट थुपार्न, अवैध सुन र कालो माल ओसारपसार गर्न, महल ठड्याउन, रासलीला गर्न प्रयोग गरेको छ भने चाहेको कुरा खाने भन्ने त अति सामान्य भइहाल्यो । (शाह. २०६६ : २८) ।

प्रस्तुत लघुकथांशमा एकजना राजनीतिक नेताको पतनलाई समभावका माध्यमबाट व्यक्त गरिएको छ । यस लघुकथा अंशमा राजनीतिक अनाचार विरोधी चेतना प्रकट भएको छ । लघुकथामा गलत कार्य गर्ने नेताप्रति घृणाभाव व्यक्त भएको छ । नेपाली लघुकथामा अलङ्कारको प्रयोगसँग सम्बन्धित रचनाका बारेमा यसै अध्यायको उक्तिवैचित्र्यको प्रयोगमा

पनि अध्ययन गरिएको छ । नेपाली लघुकथामा विभिन्न सामाजिक विकृत परिवेशप्रति आलोचनाका साथै व्यङ्ग्यात्मक चेतना अभिव्यक्त हुँदै आएको छ ।

**(४) मानवीकरणको अभिव्यक्ति**

नेपाली लघुकथाको एक विशेषताका रूपमा मानवीकरण पनि रहेको छ । मानवीकरण सादृश्यविधानको एक रूप हो । लक्ष्मणप्रसाद गौतमले 'विशिष्ट अभिव्यक्तिका लागि र अभीष्ट कथ्यलाई प्रभावकारी, कलात्मक एवम् बढी संवेद्य बनाउनका लागि कुनै वस्तुलाई मानवीय सत्ता प्रदान गर्ने प्रवृत्तिलाई मानवीकरण भनिन्छ ।' (गौतम. २०६६ : ५७१) भनेका छन् । यसलाई एक किसिमको अप्रस्तुत विधान भनिन्छ । यो एक किसिमको प्रस्तुतिको ढाँचा पनि हो । लघुकथामा यस्तो सजीवीकरणले विषय सन्दर्भलाई बढी प्रभावकारी बनाउने काम गर्दछ । नेपाली लघुकथामा मानवीकरणका अनेक उदाहरणहरु पाइन्छन् । यस अध्ययनमा नेपाली लघुकथामा मानवीकरणको प्रयोगका सन्दर्भमा केही लघुकथा रचनामा अभिव्यक्त युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा रवीन्द्र समीरको **त्रिपन्न,** हरिप्रसाद भण्डारीको **निष्कर्ष,** विमला अधिकारीको **कुरै बेग्लै,** पूर्णप्रसाद ब्राह्मणको **पुरानो कथा,** विनयकुमार कसजूको **जंगलमा महानिर्वाचन** र कृष्ण बजगाईको **तीन बाँदरहरू** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "ठमेल, नयाँ सडक, टुँडिखेल लगायतका क्षेत्रहरूमा भव्य रूपमा भ्यालेन्टाइन्स डे मनाइरहेको देखेर शिवजीको तेस्रो नेत्र फुट्न मात्र बाँकी रह्यो । त्यसपछि एउटा रेन्टुरेन्टभित्र छिरेर धतुरो तान्दै सोच्न थाले- 'कहाँ हरायो हाम्रो आर्य संस्कृति ? पश्चिमाहरूको लहडमा बहकिनु हाम्रो संस्कृति हो र ?'" (समीर. २०६५ : ९१) ।

प्रस्तुत लघुकथांशमा पौराणिक पात्रको मानवीकरणका माध्यमबाट काठमाडौंका विभिन्न क्षेत्रमा भ्यालेन्टाइन डे मनाइरहेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ आफ्नो कलासंस्कृतिभन्दा पनि विदेशीको संस्कृतिप्रति मोह राख्ने प्रवृत्तिले समाजमा विकृति बढाएकोमा त्यस्ता क्रियाकलापतर्फ सबै सतर्क हुनुपर्ने विचार व्यक्त गरिएको छ । यस रचनामा आफ्नो संस्कृति भुल्न नहुने भावसहितको सांस्कृतिक चेतना व्यक्त भएको छ ।

(ख) कुनै गाउँमा एउटा कुखुराको भाले थियो....एकदिन उसका मनमा घमन्ड पलायो-'म अन्धकार रात्रिमा बास्छु र पो उज्यालो हुन्छ । उज्यालो भएपछि घाम लाग्छ । घाम लागेपछि मानिसहरू रमाउँछन् ।......म एकदिनमात्र बासिन भने । म बासिन भने उज्यालै हुँदैन .......।' त्यसपछि उसले भोलिदेखि नबास्ने निधो गऱ्यो । बिहान अबेरसम्म पनि ऊ शिर निहुराएर सुतिरह्यो । बास्दै बासेन । पछि ब्युँझेर हेऱ्यो । छकाल भइसकेको थियो । घाम माथि आइसकेका थिए (भण्डारी. २०६७ : ७९ ) ।

प्रस्तुत लघुकथांशमा पशु पात्रको मानवीकरण गरेर मानवीय दुष्प्रवृत्तिप्रति व्यङ्ग्य अभिव्यक्त गरिएको छ । आफू बिना संसारमा उज्यालो नै नहुने घमन्ड राख्ने कुखुराको भालेको घमण्ड टुटेको स्थितिलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा कुखुराको भ्रम समयको अन्तरालसँगै भङ्ग भएको र अनावश्यक घमन्ड राख्नाले अरू कसैलाई असर परेको ऊ स्वयंको नै लाज भएको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ अहङ्कारजन्य दुष्प्रवृत्ति विरोधी चेतना अभिव्यञ्जित भएको छ ।

(ग) “ढाकाटोपी-तेरो मात्र के कुरा गुन्युचोलो । अचेलका मानिसहरूले त मेरो त झन् नामै बिर्सिसके । गुन्युचोलो- यस्तै हो भने अब हाम्रो अस्तित्व जोगाउन गाह्रो पर्छ । ढाकाटोपी- खै के गर्न त ? मान्छेहरू पुरै आँखा चिम्लेर नयाँनयाँ फेसनका पछि लाग्यालाग्यै छन् ।” (अधिकारी. २०६९ : २७) ।

प्रस्तुत लघुकथांशमा ढाकाटोपी र गुन्युचोलो जस्ता पोसाकलाई मानवीकरण गरेर वर्तमानमा मानिसको मौलिक संस्कृति एवम् भेषभुसाप्रति आकर्षण हराएकामा चिन्ता व्यक्त गरिएको छ । यहाँ परम्परागत पोसाकप्रतिको उपेक्षा एवम् नवीन पोसाकप्रतिको जिज्ञासालाई व्यक्त गरिएको छ । लघुकथांशमा आधुनिकताका नाममा जथाभावी पोसाक लगाएर मौलिक संस्कृति बिर्सनाले राष्ट्रिक पोसाक लगाउने प्रचलन दुर्लभ बन्दै गएको कुरा प्रस्तुत गरिएको छ । यस रचनामा मौलिक पोसाकप्रतिको मोह एवम् राष्ट्रिय संस्कृतिमोहजन्य चेतना अभिव्यक्त भएको छ ।

(घ) “अनि हाँस्दै युगले भन्यो, “एकादेशमा सारङ्गी पेट, डोकाको पाटो जस्तो करङ्ग, खटप्वाल जस्तो आँखा ! लाखौँ मानिसहरू एक गठ भएर, निधारको पसिना पुछ्दै अन्योल, बिखलन्द भएर परस्पर भनिरहेका थिए-कस्तो देखल चोरी भयो ए भाइ हो ! निधारमा पसिना, हातमा ठेला, यति हो हाम्रो भागमा सँधै कि के हो” (ब्राह्मण. २०४२ : २४) ।

प्रस्तुत लघुकथांशमा युगलाई नै पात्र बनाएर मानवीकरणका माध्यमबाट नेपाली जनताले भोग्नुपरेको अभावजन्य जीवनभोगाइप्रति संवेदना व्यक्त गरिएको छ । नेपाली जनताको अवस्था कमजोर भएकोले उनीहरूको दिनदशा सुध्रिनुपर्ने विचार अभिव्यक्त भएको छ । यस लघुकथामा वर्तमानको अभावजन्य जीवनप्रति असन्तुष्टिका साथै भविष्यप्रतिको आशामुखी चेतना प्रकट भएको छ ।

(ङ) महाबली हात्तीले आत्मविश्वाससाथ भन्यो- “अगामी निर्वाचन घोषणापत्र र कार्यक्रमका आधारमा लडिने छैन । नाक र मुखको आधारमा लडिने छ । किनकि यो जङ्गलमा बस्ने सम्पूर्ण पशुहरू केवल दुईप्रकारका छन् । एकप्रकारका पशुहरूको नाक मुखभन्दा अगाडि छ भने अर्को प्रकारका पशुहरूको नाक मुखभन्दा पछाडि छ ।

अहिलेसम्म मुख अगाडि भएका पशुहरूले नाक अगाडि भएका पशुहरूको शोषण गर्दै आइरहेका छन् (कसजू. २०५७ : ५३-५४) ।

प्रस्तुत लघुकथांशमा पशुपात्रको मानवीकरणका माध्यमबाट राजनीतिमा गरिने छलछाम र स्वार्थजन्य क्रियाकलापलाई व्यक्त गरिएको छ । यहाँ जंगलको महानिर्वाचनका सर्न्दभबाट चुनावी राजनीतिका लागि गरिने तिकडम प्रस्तुत गरिएको छ । हात्ती पात्रले अघिल्लोपटक विचार र सिद्धान्तका आधारमा चुनाव लड्दा पराजय भएकोमा यस पटक चुनाव जित्नका लागि तिकडमको सहायता लिएको प्रसङ्ग उल्लेख भएको छ । हाम्रो समाजमा जाति र क्षेत्रलाई मुख्य आधार बनाएर राजनीतिक आधार निर्माण गर्ने कार्य हुँदै आएको पाइन्छ । चुनावलाई प्रभावित गर्न अनेकन हतकन्डा लागु गर्ने गरेको विचार समेत व्यक्त भएको छ । लघुकथांशमा पशु पात्रको मानवीकरणका माध्यमबाट चुनावी राजनीतिका विकृति विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(च) ती विभिन्न समूह र क्षेत्रबाट आएका आधुनिक जमानाका बाँदर थिए । साधुका बाँदर जस्तै तिनीहरूलाई नाङ्गै राख्न मिल्दैनथ्यो । त्यसपछि उनीहरूलाई नै आफुखुशी पोसाक छनौट गर्न दिइयो । एउटा बाँदरले त्यही राज्यको राष्ट्रिय पोसाक रोज्यो । अर्को बाँदरको छिमेकी राज्यको राष्ट्रिय पोसाक छान्यो । तेस्रो बाँदरले सात समुन्द्रपारिको राज्यको राष्ट्रिय पोसाक लगायो (बजगाई. २०६६ : ६५) ।

प्रस्तुत लघुकथांशमा मानवीकरणका माध्यमबाट राजनीतिका आडमा आएको विकृत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यहाँ नेपाली नेतावर्गले देशका औपचारिक कार्यक्रममा समेत राष्ट्रिय पोसाक लगाउन असहज मान्ने र विदेशी पोसाक मन पराउने क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । नेतावर्गका क्रियाकलापलाई पशु पात्रको मानवीकरणका माध्यमबाट अभिव्यक्त गरिएको छ । यस रचनामा परम्परागत राष्ट्रिय पोसाकप्रति समर्थनको चेतना व्यक्त आएको छ ।

### ६.४.८ व्यङ्ग्योक्तिको प्रयोगबाट युगचेतना

कुनै पनि भनाइका क्रममा व्यङ्ग्य मिसाएर प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्योक्ति भनिन्छ । नेपाली लघुकथामा व्यङ्ग्योक्तिका माध्यमबाट युगचेतना प्रकट भएको पाइन्छ । लघुकथा रचनामा रहेका पात्रले आफ्ना अभिव्यक्तिका माध्यमबाट सामाजिक चेतनाको प्रस्तुति गर्दछन् । यसै सन्दर्भमा यस अध्ययनमा कृष्ण बजगाईको **आकर्षण,** कृष्ण शाह 'यात्री'को **अँध्यारो-उज्यालो,** सुमन सौरभको **आशिष,** नवराज रिजालको **नाता** एवम् रवीन्द्र समीरको **परिकार** लघुकथा रचनालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

(क) "मन्त्री हुनेबित्तिकै उनका अघिअघि फोहरका झिँगाझैं तस्कर र कमिसनखोरहरू फनफनी घुम्न थाले....यो कुरा कार्यकर्तालाई हजम भएन । किन यस्तो भयो त ? प्रश्न

भुँइमा खस्न नपाउँदै विपक्षी दलका कार्यकर्ताले जवाफ दिए-"फोहरमा भिंगा भन्किन्छ नै । स्वाभाविक रूपमा स्पातमा चुम्बक टाँसिन्छ ।" (बजगाई. २०६४ : ८७) ।

प्रस्तुत लघुकथांशमा भ्रष्टाचार विरोधी चेतना प्रकट भएको छ । यहाँ भ्रष्टाचारीप्रति घृणाभाव प्रस्तुत भएको छ । एक भ्रष्ट मन्त्रीका वरिपरि तस्कर र कमिसनखोर कसरी घुम्दछन् भन्ने विषयलाई प्रस्तुत गरिएको छ । मन्त्रीका अघिअघि फोहरका भिँगाभैं तस्कर र कमिसनखोर फनफनी घुम्नुले मन्त्रीको भ्रष्टाचारी चरित्र र सो चरित्रलाई बढावा दिने तस्कर र कमिसनखोरको गतिविधिलाई प्रस्तुत गरिएको छ ।

(ख) "पढाइ सकेर भाइ स्वदेश फर्कियो । उज्यालामा बस्न बानी परेको भाइलाई यसपटक दाजुले भन्यो, "भाइ ! मलाई त अँध्यारामा बस्न बानी परिसक्यो । अब चाँहि पालो तेरो हो है । लोडसेडिङ बढेर भोलि तेइस घण्टा हुने भएको छ रे नि !" (शाह. २०६९ : ५२) ।

प्रस्तुत लघुकथांशमा नेपालमा व्याप्त लोडसेडिङ र त्यसको प्रभावका बारेमा चर्चा गरिएको छ । यहाँ दाजु पात्रको संवादमा नेपालको राजनीतितन्त्र एवम् प्रशासनतन्त्रको निकम्मापनका कारण जनता अन्धकारमा बाँच्नुपरेको अवस्थाप्रति व्यङ्ग्य प्रस्तुत भएको छ । लघुकथांशमा देशमा लोडसेडिङ हटाउन नसक्ने पक्षप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) "आच्या । यो के हो ? प्रणाम गर्छ छोरा आशिष् पाउँछ छोरो । प्रणाम गर्छे बुहारी, आशिष् पाउँछ उही छोरो । "सौभाग्यवती भएस्" अर्थात् तेरो लोग्ने, जो मेरो छोरो हो, दीघार्युको होस्....बुहारी फेरि सासुको अगाडि निहुरिई । उनले केही सोच्न पाएकै थिइनन् बुहारीले आदरपूर्वक मसिनो आवाज निकाली-"मुमा् मलाई पनि आशिष् बक्स्योस् न ।" (सौरभ. २०६८ : १६) ।

प्रस्तुत लघुकथांशमा हाम्रो समाजमा बुहारीलाई आर्शिवाद दिँदा पनि छोराकै दीर्घायुको कामना गरिने चलनप्रति व्यङ्ग्य गरिएको छ । यहाँ बुहारी पात्रको पछिल्लो कथनले उसले आफ्नो अधिकारको माग गरेको बोध भएको छ । यस रचनामा परम्परागत चिन्तन एवम् कार्यशैलीप्रति व्यङ्ग्यका साथै लैङ्गिक विभेद विरोधी चेतना प्रकट भएको छ ।

(घ) "अन्त्यमा सँगै काम गरिरहेको नोकर ठुलेलाई उसले सोध्यो, "तँलाई चाँही कोको आएको मन पर्छ हँ ?" ....'मलाई त कोही आएको पनि मन पर्दैन ।' मुख खोल्यो । सबै हाँसे । एकछिन टक्क अडियो र पुनः प्रसङ्ग जोड्यो, 'जो आए पनि काम गर्नुपर्ने त मैले न हो । अरूलाई अह्राए पुगिहाल्छ....." (रिजाल. २०६७ : ७३) ।

प्रस्तुत लघुकथांशमा घरपरिवारका सदस्य घरमा मान्छे आउँदा खुसी हुने गरेको घटना सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ नोकरलाई घरमा को आउँदा खुसी हुन्छस् भन्दा

उसले आफू कोही आए पनि खुसी नहुने कुरा गरेको विषयलाई प्रस्तुत गरिएको पाइन्छ । लघुकथांशमा नोकर घरमा पाहुनाको बढोत्तरीले आफ्नो काम थपिने र काममा पेलिनुपर्दा दुःखी भएको पाइन्छ । यहाँ आफ्नो र आफ्नो परिवारको क्षणिक मनोरञ्जनमा रमाउने तर श्रमजीवी कामदारको दुःख नसम्झिने सहरिया सम्पन्न वर्गको गलत प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना आएको छ ।

(ङ) "बाहिर बसेको खरिदारलाई सोध्यो, "सर, माड्साबले के खानुहुन्छ ?" "उहाँले दूध, फलफूल, चिया, मासु, रक्सीमात्र होइन, दाल, भात र पानी पनि खानुहुन्न ?" "त्यसो भए के खानुहुन्छ त ?" दोर्जे कड्कियो । खरदारले काम्दै जवाफ दियो-"घुस र कमिसन !" (समीर. २०६७ : ३७) ।

प्रस्तुत लघुकथांशमा कुनै परिकार मन नपराउने हाकिमले घुस र कमिसन मन पराएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा नेपालको कर्मचारीतन्त्रमा रहेको भ्रष्ट प्रवृत्तिप्रति व्यङ्ग्योक्तिका माध्यमबाट युगचेतना प्रकट भएको छ । यस रचनामा भ्रष्ट क्रियाकलाप विरोधी चेतना प्रस्तुत भएको छ र त्यस्तो क्रियाकलाप गर्ने पात्रप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली लघुकथामा व्यङ्ग्योक्तिका माध्यमबाट सामाजिक जीवनका विभिन्न विषयसँग सम्बन्धित चेतना प्रस्तुत भएको छ । वर्तमान युगमा विकृति-विसङ्गति जुन किसिमले बढेको छ, त्यसरी नै विसङ्गति विरोधी चेतनाको पनि विस्तार भएको छ । नेपाली लघुकथा रचनामा विकृत पात्र एवम् परिवेशप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतना पाइन्छ । यस चेतनाले नेपाली लघुकथालाई समसामयिक युगचेतना प्रकट गर्ने सशक्त साहित्यिक विधाका रूपमा स्थापित गरेको छ ।

### ६.४.९ उखानको प्रयोगबाट युगचेतना

उखान हाम्रो लोकजीवनको अमूल्य उपहारका रूपमा रहेको छ । उखानले भाषालाई रोचक एवम् घोचक बनाउने काम गर्दछ । उखान लोकजीवनको लामो अनुभवबाट निर्माण हुन्छ । उखानलाई परिभाषित गर्ने क्रममा कपिलदेव लामिछानेले लोकजीवनमा परम्परादेखि प्रयोग भइआएको लोकअनुभवको सुत्रात्मक, गहकिलो र विशिष्ट भाषिक अभिव्यक्ति (लामिछाने. २०६९ : १३) भनेको पाइन्छ । नेपाली साहित्यमा विगतकालदेखि नै उखानको प्रयोग हुँदै आएको छ । नेपाली लघुकथामा उखानको प्रयोग गर्ने प्रचलनले व्यापकता पाइसकेको छ । नेपाली लघुकथा लेखक देवेन्द्र अर्याल 'आँशु' को लघुकथा कृति **घाइते ईश्वर**मा सबैभन्दा बढी बीस उखानको प्रयोग गरिएको पाइन्छ । उनका **असली रूप, निरर्थक बहस, सार्थकता, साइत, सीता, गोष्ठी, काइदा, सपनाको राजकुमार, प्रेमानन्द, बोझ, त्याग, अर्थ, डर, राजमार्ग अवरुद्ध छैन, द्वन्द, दृष्टिकोण, भ्रम, चुनौती** र **घाइते ईश्वर**

लघुकथामा उखानको प्रयोग छ । यस बाहेक पनि नेपाली लघुकथा रचनामा उखानको प्रयोग गर्ने लेखकको संख्या बढ्दै गएको पाइन्छ । नेपाली लघुकथामा उखानको प्रयोगलाई अध्ययनको सुविधाका लागि राजनीतिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुति, सामाजिक चेतनाका सन्दर्भमा उखानको अभिव्यक्ति एवम् समसामयिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुतिलाई उपशीर्षकका रूपमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ६.४.९.१ राजनीतिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुति

नेपाली लघुकथामा राजनीतिक चेतनालाई उखानका माध्यमबाट सशक्त किसिमले प्रस्तुत गरिएको पाइन्छ । नेपालको राजनीतिक क्षेत्रका विकृति विसङ्गतिको उद्घाटनका सन्दर्भमा उखानलाई आधार बनाइएको पाइन्छ । उखानमा नेपाली राजनीतिक क्षेत्रका विकृत पक्ष विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ । यस अध्ययनमा भूपेन्द्र सुवेदीको **मपाईको परिणाम,** देवेन्द्र अर्याल 'आँसु'को **असली रूप,** बद्री पलिखेको **गोप्यता,** कृष्ण शाह 'यात्री'को **कन्जुस्याइँ,** रवीन्द्र समीरको **राजनीतिका 'क' 'ख'** एवम् कपिल लामिछाने **कहीँ नभा'को जात्रा** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "१२ वर्षको बीचमा आपसी द्वन्द्वले चार पाँच पटक मध्यावधि चुनाव गराउने देशमा उनले भनेजस्तो नपाएकाले १३ पार्टी छामे तर माखे दाउ बल्झिएन । चौधौँ पटक आफ्नो पौरख प्रदर्शन गरी नयाँ पार्टी खोलेर अध्यक्ष बने । "आफ्नो हात जगन्नाथ" भएको हुँदा चुनावमा दुई क्षेत्रबाट उमेदवारी दिएर प्रचारको चाँजो मिलाए" (सुवेदी, २०६१ : ३२) ।

प्रस्तुत लघुकथांशमा एकजना अवसरवादी राजनीतिकर्मीको क्रियाकलापलाई विषय बनाइएको छ । नेपालमा रहेको राजनीतिक लुछाचुँडी र पार्टी विभाजन भइरहने अवस्थामा आफ्नो मनोमानी गर्ने राजनीतिकर्मीको व्यवहारलाई देखाउन "आफ्नो हात जगन्नाथ" भन्ने उखान प्रयोग गरिएको छ । यहाँ राजनीतिक विभाजन एवम् व्यक्तिवादी चरित्र देखाउने राजनीतिकर्मीको व्यवहारप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ ।

(ख) उनको दाइजो विरुद्धको चर्को भाषणपश्चात सहर बजारमा सर्वत्र ठूलो चर्चा परिचर्चा चल्यो, सनसनी मच्चियो....मन्त्री भएपश्चात् उनको छोराको बिहे धुमधामका साथ भयो । दाइजोको लेखाजोखा नै भएन । यो देखेर नेताका एक कार्यकर्ताले उनलाई सुटुक्क भने "मन्त्रीज्यू यो त भएन नि ? काम एउटा कुराचैं अर्कै ?" तब मन्त्रीले भने "के गर्नु जिन्दगीमा बल्लबल्ल मन्त्री भइयो, एकपटक गर्ने बिहेमा पनि केको बन्देज । यो त जनताका अगाडि भन्ने कुरामात्र हो । मन्त्रीका कुरा सुनेर कार्यकर्ताले नेताको रूपलाई 'हात्तीका देखाउने दाँत र खाने दाँतलाई फरक हुन्छ' भनेझैं छर्लङ्ग बुझे (अर्याल. २०६६ : २६) ।

प्रस्तुत लघुकथांशमा दाइजो विरोधी नेताको अवसरवादी चरित्रलाई देखाइएको छ । जनताका अगाडि दाइजो विरोधी भाषण गर्ने नेता आफ्ना छोराको विवाहमा प्रशस्त दाइजो लिने काम गर्दछन् । यहाँ नेताको दोहरो चरित्रको पर्दाफास गरिएको छ । यहाँ उनको दोहरो चरित्रलाई देखाउन 'हात्तीका देखाउने दाँत र खाने दाँतलाई फरक हुन्छ' भन्ने उखानको प्रयोग गरिएको छ । लघुकथांशमा नेताको दोहरो चरित्रको भन्डाफोरका साथै सिद्धान्त र व्यवहारको बेमेलप्रति व्यङ्ग्यात्मक चेतनालाई प्रस्तुत गरिएको छ ।

(ग) "ऊ क्षणभरमा छेपारोझैं रङ्ग फेरिदिन सक्छ । मौसमअनुसार आफूलाई बदल्न सक्छ । जता काफल पाक्यो उतै चरी नाच्यो भनेझैं जुन पार्टीको सरकार बन्छ, केन्द्रमा उसैको हनुमान् बन्छ । स्थानीय सरकार जुन पार्टीको छ, ऊ त्यसैको पुजारी हुन्छ, पत्याउनेले पत्याई पनि रहेका छन्" (पलिखे. २०६० : ६६) ।

प्रस्तुत लघुकथांशमा छेपारोझैं रङ्ग फेर्नु, जता काफल पाक्यो उतै चरी नाच्यो हुनु, हनुमान हुनजस्ता उखानका माध्यमबाट एक अवसरवादी राजनीतिकर्मीको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा राजनीतिक अवसरवाद विरोधी चेतना व्यक्त भएको छ ।

(घ) "महाकन्जुस कुबेरले 'मौकामा हीरा फोर्नुपर्छ' भन्ने राम्रै बुझेको थियो । उसले चुनाव जितेको वर्षदिनभित्र नै चुनावमा खर्च भएको रकमको तीन गुना आम्दानी गऱ्यो" (शाह. २०६९ : ४८) ।

प्रस्तुत लघुकथांशमा 'मौकामा हीरा फोर्नुपर्छ' उखानका माध्यमबाट कन्जुस मानिसको दिनचर्यालाई देखाइएको छ । यहाँ मौकामा हीरा फोर्नुले उसको चनाखोपन एवम् धनप्राप्तिका गरिएका प्रयासको निरन्तरतालाई देखाएको छ । लघुकथांशमा एक धनलोभी अवसरवादी राजनीतिकर्मीको भ्रष्टाचारजन्य चेतनालाई प्रस्तुत गरिएको छ ।

(ङ) "'क' र 'ख' दुईवटा शरीर, एउटा आत्मा थिए । देश र जनताको स्वतन्त्रता, प्रजातन्त्र एवम् मानवअधिकारको लडाइँमा दुवैले जीवनभर सङ्घर्ष गरे । 'ख' ले वक्तव्य निकाल्थे, पदमा बस्थे तर 'क' जुलुसमा हिँड्थे, जनता सङ्गठित गर्थे ...'क' लाई थाहा थियो-हुँदैन बिहान मिर्मिरे तारा झरेर नगए ..तर 'ख' लाई थाहा थियो रात रहे अग्राख पलाउँछ ...। बताइरहनु नपर्ला 'क' हरू सहिद भए भने 'ख' हरू नेता" (समीर. २०६२ : ३१) ।

प्रस्तुत लघुकथांशमा राजनीतिकर्मीका दुई भिन्न चरित्रलाई देखाइएको छ । एउटाले त्याग गर्ने र अर्काले अवसर मात्र लुटने गरेको अवस्था प्रस्तुत गरिएको छ । यहाँ अवसरकेन्द्रित नेताको अवसरका लागि ध्यान केन्द्रित गर्ने गतिविधिलाई देखाउन 'रात रहे अग्राख पलाउँछ' उखानको प्रयोग गरिएको छ । लघुकथांशमा नेपाली राजनीतिमा मौलाएको मूल्यहीनता एवम् अवरवादप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(च) "पत्रकार सम्मेलनमा चोर औंलो ठड्याउँदै सञ्चार मन्त्रीले भने–"एफ.एम.ले समाचार भन्न पाउने व्यवस्था विश्वमा कहीँ कतै छैन । कहीँ नभा'को जात्रा हाँडीगाउँमा ? त्यस्तो हुनै सक्दैन । त्यस्ता दिन गए अब ।"...पत्रकार तथा सुन्न बसेकाहरू गलल्ल हाँसे । एक्कासी हाँसो किन लहरायो मन्त्रीले बुझ्नै सकेनन्" (लामिछाने. २०६८ : ११) ।

प्रस्तुत लघुकथांशमा देशमा अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउने र सो कार्यको पुष्टि गर्न कुतर्क गर्ने तत्कालीन सञ्चारमन्त्रीको क्रियाकलापलाई बोध गरिएको छ । तत्कालीन शासकले आफ्नो मुढेबल र निरङ्कुश चरित्रलाई अझ स्पष्ट पार्न कहीँ नभा'को जात्रा हाँडीगाउँमा ? भनेर एफ.एमले समाचार भन्ने कुराको विरोध गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ तत्कालीन शासकवर्गको निरङ्कुश चरित्रलाई देखाउनाको साथै प्रतिगमन विरोधी चेतना सशक्त किसिमले प्रस्तुत भएको छ ।

### ६.४.९.२ सामाजिक चेतनाका सन्दर्भमा उखानको अभिव्यक्ति

नेपाली लघुकथा रचनामा सामाजिक चेतनालाई प्रस्तुत गर्ने क्रममा उखानको प्रयोग गरिएको पाइन्छ । समाजमा रहेका विभिन्न व्यक्ति पात्र एवम् तिनको मनोदशा एवम् क्रियाकलापलाई प्रस्तुत गर्ने क्रममा उखानको प्रयोग गरिएको पाइन्छ । उखानले अभिव्यक्तिलाई रोचक एवम् प्रभावकारी बनाएको हुन्छ । यसै सन्दर्भमा केही लघुकथा लेखकका रचनालाई यहाँ सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा देवेन्द्र अर्याल'आँसु'को **प्रेमानन्द,** गोविन्द भट्टराईको **विवेक र व्यापार,** टङ्कराम सुनुवार 'सिर्सेली'को **बहीखाता,** साधना प्रतीक्षाको **आँसुको मूल्य** र श्रीओम श्रेष्ठ 'रोदन'को **नियति** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "उनको यौवन र अव्यक्त चाहनाका कारण उसले आफ्नो काममा सफलता प्राप्त गऱ्यो । 'के खोज्छस् कानो आँखा' भने झैं उनले कुनै काँइकुँइ गरिनन् । यो क्रम अचेल नियमित रूपमा चलिरहेकै छ । उनीहरू बोका र बाख्रीका निहुँमा आफूबिच प्रेमानन्द लिने गर्दछन्" (अर्याल. २०६६ : २४) ।

प्रस्तुत लघुकथांशमा युवकले युवतिको चाहनालाई बुझेर युवतिसँग यौन सम्बन्ध स्थापित भएको अवस्थालाई देखाइएको छ । युवति पनि त्यो सम्बन्धप्रति सकारात्मक भएकाले उनको अवस्थालाई देखाउन 'के खोज्छस् कानो आँखो' भन्ने उखानको प्रयोगका माध्यमबाट युवतिको आन्तरिक मनोदशाको चित्रण गरिएको छ । यहाँ युवति यौवनले मस्त भएकी र उसलाई पनि कुनै युवकको साथ चाहिएकामा उक्त युवकले युवतिको चाहना परिपूर्ति गरेको प्रसङ्ग अभिव्यक्त छ । लघुकथांशमा समाजमा दोहरो आवश्यकताका कारण मानिसहरूको वैध-अवैध सम्बन्ध निर्माण हुने विषयलाई प्रस्तुत गरिएको छ । यहाँ युवायुवतिको अवैध यौन क्रियाकलापजन्य चेतना व्यक्त भएको छ ।

(ख) "सुन्नु भो, हिजो आज डा. विमलकहाँ निक्कै घुँइचो हुन्छ । उनलाई नचिन्ने कोही छैन आफू भने" श्रीमती प्राध्यापक गुनगुगाउन थालिन् । असल बन्नुपर्छ भन्दै सम्झाउने प्राध्यापक "सोझो औँलाले घ्यू आउँदैन" भनी श्रीमतीलाई निर्णय सुनाए" (भट्टराई. २०५९ : ३८) ।

प्रस्तुत लघुकथांशमा एकजना प्राध्यापककी श्रीमतीले प्राध्यापकको साथीको प्रशंसा गर्दा प्राध्यापकलाई ईर्ष्या जाग्दछ । उसले साथीको प्रगति सहन नसकेर बदला लिने उद्देश्य बोकेर "सोझो औँलाले घ्यू आउँदैन" भनेको छ । उसमा अब सही किसिमले नसके पनि कुनै न कुनै किसिमले तल पार्नुपर्छ भन्ने चिन्तन आएको छ । लघुकथांशमा समाजमा परपीडक चिन्तनबाट प्रेरित चेतना प्रस्तुत भएको छ ।

(ग) "पण्डितजी असमन्जसमा परे । नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार नै भयो उनलाई । निम्तो मान्न नजाऊँ भने आफ्नो परममित्रको विवाह । जाऊँ भने यो जमानाको इज्जत ढाक्नलाई महङ्गो दाइजोको पिरलो" (सुनुवार. २०६७ : २४) ।

प्रस्तुत लघुकथांशमा पण्डितजीको दोधारे मानसिकतालाई प्रस्तुत गर्न 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाऊको अनुहार' भन्ने उखान प्रयोग गरिएको छ । लघुकथामा एकातिर मित्रको निम्तो मान्नुपर्ने बाध्यता अर्कातिर दाइजो दिन नसकिने पो हो कि भन्ने पीर परेर दोधारमा रहेको मानिसको मानसिक अवस्थालाई उखानमार्फत व्यक्त गरिएको छ । उखानले एकजना लोभी बाहुनको मानसिक अवस्था चित्रण गरेको छ । लघुकथांशमा सामाजिक सम्बन्धभन्दा लाभहानीलाई महत्त्व दिने व्यक्ति मनोविज्ञानको चेतनालाई प्रस्तुत गरिएको छ ।

(घ) म पुरै सद्दे छु बुझिस ! म यहाँ आँसुको परीक्षण गर्दैछु ! धनीको आँसु र गरीबको आँसुमा के भिन्नता छ त्यो खोजिरहेछु । यो घेराभित्र एउटा गरिबको बच्चाको आँसु थियो पछि फेरि एउटा धनी बच्चा पनि रोएर यहीँ आँसु झार्‍यो त्यसैले....। म सँधै सुन्छु 'गरिबको आँसुको मोल हुँदैन' अतः म आँसुको भिन्नता खोज्दै छु !" (प्रतीक्षा. २०६८ : ५७) ।

प्रस्तुत लघुकथांशमा एकजना युवक असमान्य मनस्थितिमा सडकमा घेरा बनाएर गरिब बालक एवम् धनी बालकको आँसुका बारेमा बोलिरहेको छ । उसले 'गरिबको आँसुको मोल हुँदैन' भन्ने सुनेकाले यसको परिक्षण गर्न आएको बताउँछ । उसले आँसु सबैको बराबर हुने विचार राखेको छ । यहाँ समाजमा गरिबको आँसु बगेको कसैले पनि वास्ता नगर्ने भएकाले गरिबको आँसुको कुनै मूल्य नभएको चिन्तन समाजमा रहेको प्रसङ्ग व्यक्त गरेको छ । लघुकथांशमा मानवतावादी चेतना व्यक्त भएको छ ।

(ङ) "आज बूढाका अगाडि निकै पैसा ओइरिरहेको थियो । हिजोसम्म तर्केर हिँडनेहरू पनि पैसा फ्याँकिरहेका थिए । आज बूढो हात थापेर मागिरहेको छैन र पैसा दिनेहरूलाई आशीर्वाद पनि दिइरहेको छैन । उखान त्यसै बनेको हैन रहेछ "मरेपछि औषधि ।" (श्रेष्ठ. २०६७ : ३१) ।

प्रस्तुत लघुकथांशमा बूढो मानिसले जिउँदो छँदा पैसा माग्दा कसैले पनि वास्ता नगरेको र मरेपछि पैसा दिइरहेको अवस्था प्रस्तुत गरिएको छ । नेपालीहरूको मानिस मरेपछि औषधि खोज्ने चलनको कुरा उखानमा व्यक्त गरिएको छ । लघुकथांशमा नेपाली समाजको जिउँदा मानिसलाई बचाउन नसक्ने तर मरेपछि नचाहिँदो समवेदनाको ढोँग गर्ने मानसिकताप्रति उखान मार्फत व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा उखान मार्फत नेपाली समाजमा रहेका सामाजिक गतिविधिलाई प्रस्तुत गरिएको छ । यी रचनामा सामाजिक विकृति, व्यक्तिजीवनका नैतिक ह्रास, मानवीय लोभलाभ, स्वार्थजन्य गतिविधिप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतना व्यक्त भएको छ ।

**६.४.९.३ समयामयिक चेतनाका सन्दर्भमा उखानको प्रस्तुति**

नेपाली लघुकथामा समसामयिक चेतनाका सन्दर्भमा विभिन्न विषयवस्तुसँग सम्बन्धित विचार एवम् क्रियाकलापलाई उखान मार्फत प्रस्तुत गरिएको पाइन्छ । नेपाली लघुकथामा अभिव्यक्त भएका विचारलाई अझ जोड दिन उखानको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा रामविक्रम थापाको **चमत्कारिक कवि,** सुमनराज ताम्राकारको **विकासे नानी,** भूपेन्द्र सुवेदीको **महात्माको करामत,** विमला अधिकारीको **असत्य,** शर्मिला खड्का (दाहाल) को **समयको माग** र अगीब बनेपालीको **भाषा विवाद** लघुकथाको विश्लेषण गरिएको छ :

(क) अन्ट न सन्टको ढङ्गले 'अर्थ न बर्थ गोविन्द गाईं' का पाराले जबर्जस्ती बग्रेल्ती कविता लेखेर स्तरीय पत्रिकामा छाप्न पठायो । एकवर्ष जतिको प्रतीक्षामा कविता नछापिएको झोंकमा राजधानी गएर सम्पादकको टेबुल ठटायो । भन्नु नभन्नु तथानाम गाली गलौज बिचरो सम्पादकले चुपचाप सुनिमात्र रह्यो" (थापा. २०५५ : ३०) ।

प्रस्तुत लघुकथांशमा एक कविको सिकारु अवस्थाको रचनालाई जनाउन 'अर्थ न बर्थ गोविन्द गाईं' भन्ने उखानको प्रयोग गरिएको छ । लघुकथामा नवलेखकले साहित्यिक क्षेत्रमा साधना गर्नुभन्दा पनि कमजोर रचना छाप्न पठाउने र नछापिएपछि सम्पादकको हुर्मत लिने काम प्रसङ्ग उल्लेख गरिएको छ । लघुकथांशमा नवलेखकको धाकधम्कीजन्य क्रियाकलापको चेतना व्यक्त भएको छ ।

(ख) "पुरानो घट्ट भत्काएर गाउँलेहरूको श्रमदानले नयाँ मिल हाले । तर प्राधिकरणले यसै पालादेखि दैनिक आठ घण्टा लोडसेडिङ्ग गर्‍यो । गाउँलेहरूको हालत 'खाउँ भने कान्छा बाउको......' भयो" (ताम्राकार. २०६५ : ३३) ।

प्रस्तुत लघुकथांशमा नेपाल सरकारको गैरजिम्मेवारीपनले जनताले दुःख पाएको अवस्था देखाइएको छ । परम्परागत प्रविधि घट्ट भत्काएर मिल बनाउने जनताले दैनिक आठ घण्टा लोडसेडिङ्को सामना गर्नु भनेको 'खाउँ भने कान्छा बाउको......' जस्तै भएको छ । उनीहरूको छटपटी, वेदना एवम् पीडालाई यस उखानले अभिव्यक्त गरेको छ । लघुकथांशमा जनताको हितप्रति संवेदनशील हुन नसक्ने सरकारको क्रियाकलापप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

(ग) समातिनेमध्ये एक जना तिनै पूर्व परिचित महात्मा ब्रह्मचारी पो रहेछन् । उनलाई केरकार गर्दा आफ्नो समूहले गाउँका धनाढ्य मानिस पत्ता लगाएर समूहलाई जानकारी दिन पठाएकाले जासुसी गर्न आफू तीन दिन पहिले त्यस गाउँमा आएको साबिती बयान दिए । महात्मा त 'आफू ब्रह्मचारी ओढ्छन् धुस्सा, खान्छन् कन्द्मुल हग्छन मूसा' पो रहेछन् (सुवेदी. २०६१ : १) ।

प्रस्तुत लघुकथांशमा धर्मको आडमा डकैती गर्ने डाकुको चरित्रलाई देखाउन 'आफू ब्रह्मचारी ओढछन् धुस्सा, खान्छन् कन्द्मुल हग्छ्न मूसा' उखान प्रयोग गरिएको छ । यहाँ धर्मको आडमा बेइमानी गर्ने मानिसको क्रियाकलापप्रति असहमत चेतना व्यक्त भएको छ ।

(घ) "तर असत्य निर्मूल नपार्दै उसलाई गम्भीर षड्यन्त्रमा फसाएर झुठो आरोप लगाई असत्य गरेको भनी विरोधी वर्गले जेल पठाए । टीठलाग्दो आँखाले हेर्दै ऊ फतफताउँदै छ– यो असत्यको विरूद्ध लड्दा म एक्लो बृहस्पति झुट्टा भएँ" (अधिकारी. २०६९ : १२) ।

प्रस्तुत लघुकथांशमा समाजमा असत्यको बोलबाला भएको र सत्यका लागि लडदा दुःख पाएको प्रसङ्ग आएको छ । सत्यको पक्षमा लाग्दा एक्लो भएको घटनालाई "एक्लो बृहस्पति झुट्टा" उखानद्वारा प्रकट गरिएको छ । यस लघुकथांशमा समाजमा असत्यको बोलबाला भएको र सत्यका पक्षमा लाग्नुपर्ने चेतना आएको छ ।

(ङ) "ऊ सबैका अगाडि आस्तिक देखिन्थ्यो । तर भित्रभित्रै समाजलाई हानि हुने जुनसुकै काम गर्दथ्यो । 'मुखमा रामराम पेटमा छुरा' हुने काम गर्दथ्यो" (दाहाल. २०६४ : ४३) ।

प्रस्तुत लघुकथांशमा समाजमा दोहरो चरित्र बाँच्ने, बाहिर हेर्दा असल देखिए पनि भित्र भने बेइमान मानिसको चरित्रको पर्दाफास गरिएको छ । लघुकथामा प्रस्तुत 'मुखमा रामराम पेटमा छुरा' उखानले उक्त व्यक्तिको दोहरो चरित्रको भण्डाफोर गरेको छ । लघुकथांशमा बेइमानी विरोधी चेतना सशक्त किसिमले व्यक्त भएको छ ।

(च) साँच्चिकै हामी उक्त व्यक्तिका घरमा विशिष्ट पाहुना बन्यौं । आफ्नो मातृभाषामा "यसलाई के भनिन्छ ?", "यसलाई कसरी भन्ने ?" जस्ता उनीहरूको कुतूहल देखेर बिर्सेको मातृभाषाको कतिको महत्त्व हुन्छ भन्ने कुरा हामीलाई आभास भयो । "चामल बेचेर पिठो पैंचो" भन्ने उखानलाई चरितार्थ बनाउने आधुनिक समाजलाई एउटा नराम्रो झापड थियो त्यो (बनेपाली. २०६२ : ६४) ।

प्रस्तुत लघुकथांशमा मातृभाषा प्रेम अभिव्यक्त भएको छ । यहाँ "चामल बेचेर पिठो पैंचो" उखानका माध्यमबाट आफ्नो मातृभाषा भन्दा पनि अरूको लहैलहैमा लाग्ने मानिसको क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त गरिएको छ । यहाँ उखानका माध्यमबाट सामाजिक जीवनका विभिन्न क्षेत्रमा रहेका विकृत गतिविधिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

### ६.४.१० टुक्काको प्रयोगबाट युगचेतना

नेपाली लघुकथामा अभिव्यक्तिलाई विशिष्ट बनाउनका लागि टुक्काको प्रयोग गरिएको पाइन्छ । चूडामणि बन्धु (२०६६) ले 'आआफ्ना वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुईभन्दा बढी पदहरूको समूह'लाई टुक्का (बन्धु.२०६६ : ३५०) भनेका छन् । नेपाली लघुकथामा टुक्का मार्फत युगचेतना प्रकट भएको पाइन्छ । यस अध्ययनमा बद्री पलिखेको **न्यायनिसाफ,** कपिल लामिछानेको **कुम्भकर्णको अभिनय,** नवराज रिजालको **स्वार्थ,** इन्द्रकुमार विकल्पको **इज्जत,** दिलीप शाहको **दस्तुर,** प्रयास सौरभ श्रेष्ठको **खण्डहर सपनाहरू,** कैलाशकुमार शिवाकोटीको **धाँधली,** मणिकुमार पोखेलको **सेवा** र मुक्तिनाथ घिमिरेको **भऱ्याङ** लघुकथामा प्रयुक्त टुक्काको अध्ययन गरिएको छ :

(क) रामवीरले आफ्ना पक्षमा मुद्दा जित्न न्यायाधीशलाई एउटा चिनिया गलैंचा टक्र्यायो तर फैसला धनबज्रका पक्षमा भएकाले ऊ चकित भयो....यस्तो किन भयो भनी रामवीर न्यायाधीशकोमा सोध्न गयो....तपाईंको कुरा मैले बुझें । त्यही गलैंचाको कुरो हैन ? त्यो त जर्सी गाईले खायो । के गर्नु मेरी गृहलक्ष्मीले त्यही मन पराई । न्यायाधीशको कुरा सुनेपछि रामवीरले घोसेमुन्टो लगाएर लुरुलुरु घर फर्किनु पऱ्यो (पलिखे. २०६० : ५९) ।

प्रस्तुत लघुकथांशमा चकित हुनु, घोसेमुन्टो लगाउनु, लुरुलुरु फर्किनु जस्ता टुक्काको प्रयोग गरिएको छ । यहाँ चकित हुनुले आश्चर्यमा परेको अवस्थाबोध गराएको छ, घोसेमुण्टो लगाउनुले निरिहता प्रकट भएको छ भने लुरूलुरू फर्किनुले निराश भएको स्थिति बोध गरेको छ । यस रचनामा टुक्काका माध्यमबाट नेपालको न्यायक्षेत्रमा व्याप्त भ्रष्टाचारजन्य गतिविधिप्रति व्यङ्ग्य गर्नाका साथै भ्रष्टाचार विरोधी चेतना आएको छ ।

(ख) "विनिले निन्याएर हेरे । त्यो मान्छे त शिक्षकै थियो । होइन, मुख्य शिक्षक (हेड मास्टर) नै थियो । उनले ठम्याए । सर, एइ ! उनी चर्को गरी कराए । मान्छे उठेर टुक्रुक्क बस्यो र आँखा मिच्न थाल्यो । के हो यो तरिका ? आज किन छुट्टी ? विद्यार्थी खोई ? अरू शिक्षक खोई ? विनिका प्रश्नका झटारा बर्से" (लामिछाने. २०६१ : ३५) ।

प्रस्तुत लघुकथांशमा आँखा मिच्नु, टुक्रुक्क बस्नु, झटारा बर्सनु जस्ता टुक्काको प्रयोग गरिएको छ । यहाँ आँखा मिच्नुले ब्युँझिनु, टुक्रुक्क बस्नुले बस्नुको अवस्था र झटारा बर्सनुले हप्काउनुलाई सङ्केत गरेको छ । लघुकथांशमा सरकारी विद्यालयमा अध्ययन-अध्यापन नहुने एवम् जिम्मेवारी पाएका व्यक्तिले आफ्नो कार्यसम्पादन राम्ररी नगरेको अवस्था चित्रण गरिएको छ । यहाँ नेपालको विद्यालय शिक्षामा रहेको अराजकताप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ग) 'ज्वाइँ पनि कस्ता नामर्द परेछन् कुन्नि, सँधै बाउआमाको कुरा सुन्छन् । लाछी र डरछेरुवा भन्छु म त त्यस्तालाई । अहिलेको जमानामा पनि बाबुआमा भनेर साध्य चल्छ ? सासुका तीखा शब्दहरूले उसको तन्द्रा भङ्ग गरायो । आँखाबाट बर्रर आँसु झरे" (रिजाल. २०६७ : ४०) ।

प्रस्तुत लघुकथांशमा कुरा सुन्नु, तन्द्रा भङ्ग हुनु, आँसु झार्नु टुक्काको प्रयोग गरिएको छ । यहाँ कुरा सुन्नुले भनेको मान्नु, तन्द्रा भङ्ग हुनुले ध्यानाकर्षण हुनु र आँसु झार्नुले पीडा व्यक्त गरेको अवस्था दर्शाएको छ । यहाँ परिवारमा विभेदका साथै महिला भएर महिलाको शोषण गर्ने प्रवृत्तिलाई देखाइएको छ । लघुकथांशमा परिवारभित्र गरिने विभेद विरोधी चेतना प्रस्तुत भएको छ ।

(घ) आफ्नी छोरीमाथि साहुको गिद्धे दृष्टि परेको चाल पायो र भन्यो, "साहुलाई भन्दिनु गरिबको पनि इज्जत हुन्छ धन छ भन्दैमा सबै कुरा धनले किन्छु भनेर पाइँदैन । भोलि भैंसी बेचेर साँवा ब्याज बुझाउन आउँछ रे भनेर" नोकर त्यसै फर्कियो । बिर्खबहादुर नोकर एक्लै आएको देखेर मुर्मुरियो" (विकल्प. २०६८ : ६) ।

प्रस्तुत लघुकथांशमा गिद्धे दृष्टि पर्नु, चाल पाउनु, मुर्मुरिनु जस्ता टुक्काको प्रयोग गरिएको छ । यहाँ गिद्धे दृष्टि पर्नुले नराम्रो आकाङ्क्षा बोक्नु, चाल पाउनुले थाहा पाउनु र मुर्मुरिनुले रिसाउनुलाई जनाउँछ । यहाँ सामन्ती शोषण विरोधी चेतना प्रस्तुत भएको छ ।

(ङ) "ए, तपाइँ पहिले यही अफिसमा ? त्यसो भए यहाँलाई यस अफिसमा छिटो काम गराउने नियम, कानुन र चाहिने दस्तुरबारे त भनिरहनुपर्दैन होला ?" फाँटवाला डिच्च दाँत देखाउँदै कपाल कन्याउँछ" (शाह. २०६६ : २४) ।

प्रस्तुत लघुकथांशमा एकजना भ्रष्ट कर्मचारीको पैसा माग्ने कार्यलाई देखाउन डिच्च दाँत देखाउनु, कपाल कन्याउनु जस्ता टुक्काको प्रयोग गरिएको छ । डिच्च दाँत देखाउनुले

निर्लज्जता देखाउनु र कपाल कन्याउनुले पैसाको आस गर्नुलाई जनाएको छ । लघुकथा अंशमा कर्मचारी वर्गको घुस्याहा चरित्रलाई देखाउनुको साथै त्यस्तो भ्रष्टाचारजन्य क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(च) विश्वास मरिसकेको छैन । भन्नेहरू भन्छन्-सातसालको क्रान्तिताका लोग्नेलाई झुन्ड्याइसकेको छ....कार्यक्रम सकियो । सबै लाखापाखा लागे । फगत उनी मात्र उभिइरहिन् । झुपडीको छानो चुहिएको छ । आँखामा बलिन्द्र धारा आँसुको नदी बगिरहेछ...यतिखेर सहिद दिवस मनाउने त्यहाँ कोही उपस्थित छैनन्" (श्रेष्ठ. २०५८ :५३) ।

प्रस्तुत लघुकथांशमा विश्वास मर्नु, आँसु बग्नु टुक्काको प्रयोग गरिएको छ । यहाँ विश्वास मर्नुले आशाको समाप्ति र आँसु बग्नुले दुःख पाएको अवस्था बोध गरेको छ । यहाँ सहिद परिवारको बिचल्ली भएकोले राज्य एवम् समाजले उचित ध्यान दिनुपर्ने विचार व्यक्त गरिएको छ । समाजका लागि योगदान दिनेको कदर गर्नुपर्ने र उनीहरूका परिवारजनको रक्षा हुनुपर्ने विचार व्यक्त गरिएको छ । लघुकथांशमा सहिद परिवारप्रतिको उपेक्षाप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(छ) तात्तातै अर्को नाटकको शिलान्यास नगर्दा थप बित्यास आइलाग्ने भयो–पार्टीको सर्वोच्च पद नै धराप ! अनि हारबहादुरहरूलाई भेला पारे, तिनलाई पनि सहारा भयो । निर्वाचनमा आफ्नै अरनखटनमा चलेका सबैको उछितो काटे । धाँधलीका मतियारको रूपमा उभ्याए । सबै केस्राकेस्रा खेलाउन माग गर्दै घुर्कीको झटारो हाने-"हाम्रो मागलाई हेपियो भने सडक जिन्दावाद !" (शिवाकोटी. २०७० : ७०) ।

प्रस्तुत लघुकथांशमा एक जना राजनैतिक नेताले चुनावमा हार भएपछि धाँधली भएको भनेर होहल्ला मच्चाएको र पार्टी भित्र आफ्नो पद सुरक्षित राखेको विचार प्रस्तुत गरेको छ । यहाँ आफ्नो विचारलाई प्रस्तुत गर्नका लागि उछितो काटनु, झटारो हान्नु जस्ता टुक्काको प्रयोग गरिएको छ । उछितो काटनुले विरोध जनाउनु र झटारो हान्नुले व्यङ्ग्यवाण हान्नुलाई जनाएको छ । यहाँ राजनीतिक नेताको घुर्कीजन्य क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ज) "तपाँईहरूको सेवामा दुईदुई वर्षसम्म लागिपरें । तर साथीहरू, यस बापत युनियनबाट पेश्की लिएको थोरैमात्र रूपैँया पनि मिनाहा हुन सकेन, मैले तिर्नै पर्ने भयो । आखिर तपाँईहरूको सेवा गरे बापत मैले के पाएँ ? सबैले मुखामुख गरे । उसको अनुहार पनि क्रमशः पहेलिँदै थियो" (पोखेल. २०६९ : १९) ।

प्रस्तुत लघुकथांशमा स्ववियूमा रहनु भनेको व्यक्तिगत फाइदाको लागि हो भन्ने बुझेको मानिसले पछि आफ्नो नाममा पेश्की देखिएपछि त्यसको रकम मिनाहा नभएर तिर्नु

परेकोमा दुःख व्यक्त गरेको घटनालाई प्रस्तुत गरिएको छ । लघुकथामा भ्रष्ट चिन्तन एवम् व्यवहार भएका मानिसको व्यवहारप्रति छेड हानिएको छ । यहाँ गलत चिन्तन एवम् क्रियाकलापप्रति छेड हान्न मुखामुख गर्नु, अनुहार पँहेलिनु जस्ता टुक्काको प्रयोग गरिएको छ । यहाँ मुखामुख गर्नुले आश्चर्य प्रकट गरेको अवस्था र अनुहार पँहेलिनुले निराश भएको स्थितिलाई बोध गराएको छ । लघुकथांशमा विद्यार्थी नेताको भ्रष्ट चिन्तनप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(झ) समय व्यत्तित हुँदै जाँदा उसले एकाएक नाफा कमायो । छिमेकीलाई छक्क पार्दै छरितो कार किन्यो । व्यापारको कारोबारमा कामदार नियुक्त गऱ्यो । बिस्तारै बङ्गला बनायो । भव्य पार्टीमा उसको उपस्थिति अनिवार्यजस्तै भयो । अब ऊ उद्योगपति बनिसकेको थियो । काकताली परेझैं अचानक पैसाको भऱ्याङ उक्लिएको उसले यसबेला आफ्नो इमान बेचिसकेको थियो" (घिमिरे, २०६६ : १८)।

प्रस्तुत लघुकथांशमा काकताली पर्नु, भऱ्याङ उक्लिनु, इमान बेच्नु जस्ता टुक्काको प्रयोग गरिएको छ । यहाँ काकताली पर्नुले संयोग परेको अवस्था, भऱ्याङ उक्लिनुले सफलतामा पुगेको अवस्था र इमान बेच्नुले बेइमानी गरेको स्थितिलाई प्रस्तुत गरेको छ । यहाँ एकजना मानिसको सांस्कृतिक नैतिक विचलन र उसको पतनको अवस्थालाई चित्रण गरिएको छ । लघुकथांशमा भ्रष्ट चिन्तन विरोधी चेतना प्रकट भएको छ ।

### ६.४.११ नवनिर्मित क्रियाको अभिव्यक्ति

नवनिर्मित क्रियाको प्रयोग विशिष्ट खाले भाषिक प्रयोग हो । यो नवीन प्रकारको शैली पनि हो । नेपाली लघुकथाकारहरूले परम्परागत प्रचलनभन्दा भिन्न नवीन खाले क्रियाको निर्माण गर्ने गरेका छन् । यस किसिमको प्रयोगले भाषिक अभिव्यक्तिलाई विशिष्ट बनाउनुका साथै लघुकथामा अभिव्यक्त भावलाई समेत सशक्त बनाउँछ । नेपाली लघुकथामा युगचेतनाको अभिव्यक्ति गर्ने क्रममा लघुकथा अंशमा नवनिर्मित क्रियाको नवीन प्रयोग गरेको पाइन्छ । यसै सन्दर्भमा हरिप्रसाद भण्डारीको **दयालु मालिक,** सरूभक्तको **पीडाबोध,** सुमन सौरभको **नम्बर ८१,** नवराज रिजालको **भोक र संवेदना** र मुक्तिनाथ घिमिरेको **सन्त्रास** लघुकथा रचनालाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

(क) "मालिकले खोरको ढोका खोल्यो । ऊसँगै आएको मान्छेले सबै खसी बोकालाई एक एक गरी छामे, मुसारे, उचालेर जोखे अनि केहीलाई बगालबाट बेक्ताए" (भण्डारी, २०६३ : ११०) ।

प्रस्तुत लघुकथांशमा मानिसमा रहेको हिंसामुखी सोचबाट अभिप्रेरित क्रियाकलापलाई प्रस्तुत गरिएको छ । सामान्यतया खसी, बोकालाई खरिद बिक्री गरेर हत्या गर्ने र मासुको रूपमा प्रयोग गर्ने प्रचलन रहेको छ । नेपाली समाजमा खसी, बोकालाई

मासुको रूपमा प्रयोग गर्ने प्रचलन गरिएको पाइन्छ । यसै सन्दर्भमा यहाँ हिंसा गर्नका लागि लग्ने बोकालाई अलग पारेको भन्नलाई 'बेक्ताए' भनिएको छ । लघुकथांशमा पशुहिंसा विरोधी चेतना प्रस्तुत भएको छ ।

(ख) "करिब पचास पाइला हिँडेपछि उसले आधा मात्र ढप्किएको लजजस्तै लाग्ने भवन देख्यो । त्यसको ढोकामा टेढोमेढो अक्षरले लेखिएको थियो-नस्वागतम्" (सौरभ. २०६८ : ४३) ।

प्रस्तुत लघुकथांशमा मानिसहरूलाई हत्या हिंसा हुने ठाउँमा पुग्नु अगावै पहिल्यै नस्वागतम् शब्दको प्रयोग गरेर सतर्क बनाइएको छ । यहाँ मानिसहरूलाई प्रवेश निषेध गर्नका लागि नस्वागतम् भन्ने क्रियाको प्रयोग गरिएको छ । लघुकथांशमा हिंसाजन्य गतिविधिप्रति असहमति भाव प्रकट गरिएको छ ।

(ग) नाईं भन्नुस् न, तपाँई मसँग रिसाएको हो ?" छोरीले प्रश्न दोहऱ्याई, उसको नजर भरिएर आयो । अबोध प्रश्नले छातीमा दरफऱ्यायो....थाल रित्तो भैसके पनि ऊ चाटिरहेकी थिई । आँखा घरी आमाको नजरमा र घरी ताप्केमा पर्थ्यो तर माग्न सकिरहेकी थिइनन्" (रिजाल. २०५४ : ७५) ।

प्रस्तुत लघुकथांशमा एक बाबुको जीवनको विवशता प्रस्तुत गरिएको छ । लघुकथामा आफ्नो घरपरिवारको आर्थिक आवश्यकता पुरा गर्न नसक्ने एक सर्वसाधारण नेपालीको दारूण्यमय जीवन आएको छ । पात्रको आफ्नो विवशता र छोरीलाई जवाफ दिन नसकेको अवस्था प्रस्तुत गर्न दफऱ्यायो भन्ने क्रियाको प्रयोग गरिएको छ । यहाँ नेपाली समाजमा रहेको अभावजन्य जीवनप्रतिको असन्तुष्टिको चेतना प्रस्तुत भएको छ ।

(घ) "ऊ बालक थियो । राज्यपक्ष र विद्रोहीपक्षबीच युद्ध चलिरहँदा जन्मिएको हुनाले उसको नाम राखियो-युद्धवीरे" (घिमिरे. २०६६ : ४१) ।

प्रस्तुत लघुकथांशमा युद्धजन्य परिवेशको सम्भना स्वरूप त्यस समयमा जन्मेको बालकको नाम युद्धवीरे राखेर नवनिर्मित क्रियाको प्रयोग गरिएको छ । यस रचनामा देशमा भएको युद्ध र युद्धसँग सम्बन्धित परिवेश आएको छ । लघुकथांशमा युद्धको कारण मानिसको जीवनमा परेको प्रभावलाई प्रस्तुत गर्ने क्रममा मानिसले आफ्ना बालबालिकाको नाम समेत युद्धजन्य वातावरण अनुकुल राखेको पाइन्छ । यस रचनामा समाजमा कायम रहेको युद्धजन्य गतिविधिप्रतिको व्यङ्ग्यात्मक चेतना व्यक्त भएको छ ।

(ङ) नेपालमा नेरू एक करोड खर्च गरेर बनाएको आकर्षक घर जम्मा ७० लाखमा बिक्री गरी छोड्दा उसलाई नमिठो लागेको थियो, तर बेलायती नागरिक हुनुको मिठास त्यसभन्दा बढ्ता थियो । बेलायत गएर सामान्य आवासमा बसी सामान्य

सिक्योरिटीको काम गरेर बेलाबेला ऊ सोच्थ्यो-'अरे यार !, म त फकलेन्ड वार लडेको मान्छे हुँ कहाँ फसिलिएँ !' (सरूभक्त. २०७१ : १४) ।

प्रस्तुत लघुकथांशमा एकजना स्वदेशमा राम्रो घरबास भएको, विगतमा सम्मानजनक जागीर पाएको मानिस विदेशमा गएर सोचेजस्तो अवस्था नपाएपछि विरक्त स्थितिबोध गरिएको छ । यस रचनामा उक्त व्यक्तिको जीवनको निराशा र कुन्ठालाई व्यक्त गरिएको छ । बेलायत गएर सामान्य सेक्युरिटी गार्ड भएको अवस्थालाई जनाउन फसिगएँ नामक क्रियाको प्रयोग गरिएको छ । सामान्यतया फसेँ, फसेछु क्रियाको प्रयोग हुनुपर्नेमा यहाँ फसिलिएँ नवीन क्रियाको प्रयोग गरिएको छ । यस रचनामा विदेशी भूमिमा रहेर काम गर्नुपर्दाको पीडाजन्य अनुभूतिलाई व्यक्त गरिएको छ । लघुकथांशमा देशप्रेमको चेतना अभिव्यञ्जित भएको छ ।

### ६.४.१२ उक्तिवैचित्र्यको प्रस्तुति

अर्थ वा उक्तिको वैचित्र्यलाई उक्ति वैचित्र्य भनिन्छ । यसमा उपमा, रूपक, दृष्टान्त, अतिशयोक्ति आदि अलङ्कारका माध्यमबाट अर्थमा चमत्कार ल्याइएको हुन्छ । नेपाली लघुकथामा उक्तिवैचित्र्यका माध्यमबाट अर्थगत चमत्कार ल्याइएको पाइन्छ । यस अध्ययनमा उक्तिवैचित्र्य भएका लघुकथामा प्रतिबिम्बित युगचेतनाको अध्ययन गरिएको छ । यस अध्ययनमा सिन्धु गौतमको **विभाग,** सुमन सौरभको **छनौट,** कैलाशकुमार शिवाकोटीको **बन्द-दुई,** नवराज रिजालको **अर्थ** एवम् सरस्वती रिजालको **छेपारो** लघुकथाको विश्लेषण गरिएको छ :

(क) कोही भन्दै थिए-यसपालि हामीलाई राम्रो वि भाग गरेनन् यी हाकिमले...उनीहरूको यो संवाद बुझ्न गाह्रो भएको थियो मलाई । सायद मैले उनीहरूको संवाद बुझ्ने भनेर होला, चिया ल्याउँदै गरेको पियनले मेरो कान नजिकै आएर भन्यो, विभाग भनेको वितरण र भागबन्डा क्या सर" (गौतम. २०६८ : २५) ।

प्रस्तुत लघुकथांशमा विभाग शब्दको नयाँ अर्थ खोजिएको छ । विभाग प्रस्तुत शब्दमा अप्रस्तुत वितरण र भागबन्डा अप्रस्तुत देखाएर उत्प्रेक्षा अलङ्कारका माध्यमबाट उक्तिवैचित्र्य आएको छ । यस रचनामा आफूले घुसको भाग नपाएकोमा कर्मचारी वर्ग हाकिमदेखि रिसाएर कुरा गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यहाँ जनताको काम गरे बापत राज्यबाट तलब पाएपनि अतिरिक्त आयको लोभमा फँसेका कर्मचारीवर्गको मनोवृत्ति प्रस्तुत भएको छ । कर्मचारीवर्गले घुस्याहा हाकिमको पोल खोलेपनि उनीहरू सबैमा भ्रष्ट चिन्तन रहेको देखिन्छ । नेपालको कर्मचारीतन्त्रमा रहेको भ्रष्टतन्त्रको जालोलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा भ्रष्ट आचरण विरोधी चेतना प्रकट भएको छ ।

(ख) "हाकिम आउँदै गए, फर्किदै गए । कर्मचारीहरूलाई करेसाबारीको तरकारी झैं लाग्न थाल्यो हाकिम, अहिले एउटा स्वादको, भरे अर्को स्वादको छानी-छानी" (सौरभ. २०६८ : ४५) ।

प्रस्तुत लघुकथांशमा हाकिम करेसाबारीको तरकारी हो भनेर रूपक अलङ्कारका माध्यमबाट अतिशयोक्तिको प्रयोग गरिएको छ । विभिन्न किसिमका हाकिम आउँदै-जाँदै गर्ने तर कर्मचारी यथावत रहिरहने प्रक्रियासँगै कर्मचारीलाई हाकिमका विभिन्न भेराइटीको स्वाद फेर्ने मौका मिल्दछ । लघुकथामा कर्मचारी वर्गको परनिन्दा गर्ने मनोवृत्तिलाई प्रस्तुत गरिएको छ । अहिलेका कर्मचारी आफ्नो स्वार्थ अनुकुल हाकिमलाई हेर्ने दृष्टिकोण बनाउँछन् । आफ्नो स्वार्थका आधारमा हाकिमलाई हेर्ने भएकोले उनीहरूमा सही चिन्तन नभएको देखिन्छ । यस लघुकथा अंशमा नेपालको कर्मचारी प्रशासनभित्रका मानिसहरूको चिन्तनगत मनोवृत्तिलाई प्रस्तुत गरिएको छ । यहाँ कर्मचारी वर्गको स्वार्थी मनोवृत्ति विरोधी चेतना आएको छ ।

(ग) उसले सकी-नसकी नजर डुलायो । मञ्चमा क्रान्तिका नायक कुर्लिरहेका थिए । उसले आफ्नो जीवनसाथी, साहुजी, पसल, साइकल क्रमशः सबैको भविष्य सम्झियो-आफ्नो मुटु हल्लियो । आफू अडिएको ठाउँलाई भूँइचालोले न्याकेको पायो ! आफूले आफैलाई पहिलो पटक सूक्ष्म तवरले निरीक्षण गऱ्यो र मनमनै भन्यो- "जनताको पुरै विजय भएको छ !" (शिवाकोटी. २०७० : १०१) ।

प्रस्तुत लघुकथांशमा अतिशयोक्तिको प्रयोग भएको छ । लघुकथामा बन्दका क्रममा गरिएको अनावश्यक तोडफोड एवम् आगजनीका कारण निम्न आय भएका जनताको धनमाल एवम् रोजीरोटीमा गम्भीर असर परेको कुरालाई नदेखेर आफ्नो सङ्गठनको विजयको धाक लगाउने र क्रान्ति सफल भएको छ भन्ने ठान्ने प्रवृक्तिलााई प्रस्तुत गरिएको छ । यस लघुकथांशमा नेपाली राजनीतिक नेतृत्व वर्गले जनतामा आफ्ना क्रियाकलापका कारण परेको पीरमर्का नबुझेको र एकतर्फी रूपमा बन्दको आयोजनाका माध्यमबाट जनतालाई दुःख दिने कार्य गरेकोमा सो क्रियाकलापको विरोध गरिएको छ । यहाँ बन्दका नाममा गरिने अनावश्यक तोडफोड एवम् हिंसाजन्य गतिविधिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(घ) उसलाई अचम्म लाग्यो । कस्तो अनौठो कुरा । पानीमा घाम र पानीमा घामको कुरा गर्छ । फेरि गर्मीमा जाडाको र गाउँमै बसिरहेको व्यक्ति गाउँ छोडेको भन्छ । उसले अनकनाउँदै एकदिन मुख फोऱ्यो, "हैन, तपाईं त उल्टो मात्र कुरा गर्नुहुन्छ कि क्यो हो ?" त्यसले भन्यो, "ल कस्तो नबुझ्या, राजनीति सिक्या क्या ! त्यसले प्वाक्क मुख फोऱ्यो (रिजाल. २०६७ : ६३) ।

प्रस्तुत लघुकथांशमा नेपाली राजनीतिमा देखिएको व्यङ्ग्यलाई प्रकट गर्न सन्देह अलङ्कारको प्रयोग गरिएको छ । घाममा पानी र पानीमा घामका कुरा गर्ने त्यसरी नै जाडोमा गर्मी र गर्मीमा जाडोका कुरा गर्न व्यक्तिको अनौठो चरित्रका बारेमा चर्चा गरिएको छ । उक्त मानिससँग जिज्ञासा राख्दा उसले राजनीति सिकेको कुरा गर्दछ । उसले आफूले गरेको गलत कार्यलाई राजनीतिसँग जोडेर कुरा गरेको छ । प्रारम्भमा सन्देहात्मक कुरा गर्ने मानिस पछि गएर आफ्नो कुराको पुष्टि गर्न खोज्छ । नेपाली राजनीतिमा रहेको दोहरो चरित्र एवम् क्रियाकलापलाई उक्तिवैचित्र्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ नेपाली राजनीतिक कार्यकर्तामा देखापरेको दोहरो चरित्रप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त भएको छ ।

(ङ) "'कस्तो आकृति हेऱ्यो भने ठ्याम्मै मान्छे तर चालढाल र स्वभाव हेऱ्यो भने ठ्याक्कै छेपारो ।' कुराकानीको सन्दर्भमा एकजना साथीले मसँग आफ्नो विचार पोख्यो । मैले उसको विचारमा सहमति जनाएँ । मलाई पनि ऊ मान्छेको रूपमा जन्मेको छेपारो जस्तै लाग्थ्यो" (रिजाल. २०६५ : १५) ।

प्रस्तुत लघुकथांशमा आकृतिले मानिस भए पनि चालढाल एवम् स्वभावले छेपारोजस्तो भनेर अवसरवादी मानिसप्रति व्यङ्ग्य गरिएको छ । मानिसलाई छेपाराको उपमा दिएर उक्तिवैचित्र्यका माध्यमबाट मानिसको अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लघुकथांशमा समाजमा गलत किसिमले स्थापित हुन चाहने र स्थापित हुनका लागि जे पनि गर्न तयार हुने प्रवृत्तिप्रति व्यङ्ग्यका साथै घृणाभावको चेतना व्यक्त भएको छ ।

### ६.४.१३ क्रियामुक्त वाक्यको प्रस्तुति

कुनै पनि वाक्यमा क्रियाको प्रयोग गरिएको हुन्छ । क्रियाले कार्यको पूर्णता जनाउँछ । हेमाङ्गराज अधिकारी (२०६८) ले "प्रक्रिया, घटना, गतिविधिजस्ता कार्य जनाउने शब्दलाई क्रिया भनिन्छ । क्रियाको कार्य भनेको प्रक्रिया वा गतिविधि जनाउनु हो ।" (पृ. ९९) भनेका छन् ।

नेपाली लघुकथामा क्रियामुक्त वाक्यको प्रयोग भएका लघुकथा रचना पाइन्छन् । यी लघुकथा रचनामा युगचेतनाको प्रतिबिम्ब भएको पाइन्छ । यस अध्ययनमा क्रियामुक्त वाक्य भएका नेपाली लघुकथा रचनामा पाइने युगचेतनाको स्वरूपलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा कैलाशकुमार शिवाकोटीको **त्रासदी,** सरुभक्तको **नैतिकता,** टीकाराम रेग्मीको **समानता,** सुमनराज ताम्राकारको **फिरौती** एवम् नारायण तिवारीको **चर्तिकला** लघुकथाको विश्लेषण गरिएको छ :

(क) “त्यसो भए तपाईंको परिचय ?” “म सामान्य किसान हुँ ।” उत्तर नपाउँदै तपाँई बाट तँ मा झर्दै शान्त खोलापछिको खहरेझैं गडगडायो-“मेरो खुट्टा किन कुल्चिस् । तुरन्त झिक् र माफी माग्, नत्र....!” (शिवाकोटी. २०७० : ६२) ।

प्रस्तुत लघुकथांशमा क्रियामुक्त वाक्य “त्यसो भए तपाईंको परिचय ?” रहेको छ भने अन्य क्रियायुक्त वाक्य रहेका छन् । यहाँ आफूले परिचय गरेको मानिस सामान्य किसान भएको थाहा पाएपछि उसप्रति दुर्व्यवहार गर्ने सामन्ती चिन्तन भएका मानिसको व्यवहार आएको छ । लघुकथांशमा हाम्रो समाजमा विद्यमान सामन्ती चिन्तन र त्यस चिन्तनले पारेको प्रभावलाई अभिव्यक्त गरिएको छ । यस रचनामा मानवीय दुर्व्यवहार विरोधी चेतना अभिव्यञ्जित भएको छ ।

(ख) राति क्वार्टरमा बस्ने शिक्षकहरूको जमघटमा ज्ञानबहादुले सरप्राइज दिने अन्दाजमा खल्तीबाट खैनीको बट्टा निकाल्दै भने-‘आज १० को गगने मोरालाई योसहित रङ्गे हात पक्रेँ । एक लपेटा लाइदिएको, त्यसको बाउले तोरीको फूल देख्यो ।’ उनको कुरा सुनी अरू शिक्षकहरू रमाएर हाँसे । त्यसपछि उनले खैनीको बट्टा खोलेर अलिकति खैनी आफ्नो मुखमा हाले अनि प्रसादका रूपमा अरूलाई पनि बाँडे (सरुभक्त. २०७१ : ३६-३७) ।

प्रस्तुत लघुकथांशमा क्रियामुक्त वाक्य “एक लपेटा लगाइदिएको” वाक्यको प्रयोग छ भने अन्य सबै क्रियायुक्त वाक्य रहेका छन् । लघुकथामा विद्यार्थीले खैनी राखेकोमा गल्ती गरेकोमा उसलाई सजाय दिएको विषयलाई बढाइचढाइ प्रस्तुत गर्ने शिक्षकले त्यही खैनी आफ्ना सहकर्मी शिक्षकसँग आपसमा बाँडेर खाएको घटनालाई व्यक्त गरिएको छ । यहाँ शिक्षकवर्गको नैतिकताको परिभाषा आफ्ना लागि एक किसिमको र अर्काको लागि अर्को किसिमको भएका विचार व्यक्त गरिएको छ । लघुकथांशमा शिक्षकहरूको कुसंस्कारले ग्रस्त व्यवहार एवम् दोहरो चरित्रप्रति व्यङ्ग्य गरिएको छ । यस रचनामा शिक्षकवर्गको असामन्य क्रियाकलापप्रति असहमत चेतना प्रस्तुत भएको पाइन्छ ।

(ग) “‘दाइ खोइ त ?’ ‘कम्प्यूटरमा’ ‘तिमी के गर्दै छौ ?’ ‘म भान्साको तयारीमा बुवा’” (रेग्मी. २०७१ : ३०) ।

प्रस्तुत लघुकथांशमा क्रियामुक्त वाक्यका रूपमा ‘दाइ खोइ त ?’ ‘कम्प्यूटरमा’ ‘म भान्साको तयारीमा बुवा’” को प्रयोग गरिएको छ भने ‘तिमी के गर्दै छौ ?’ क्रियायुक्त वाक्यको प्रयोग गरिएको छ । यहाँ परिवारमा छोरीलाई घरको काममा लगाउने र छोरालाई काममा नलाउने गरेको दोहरो व्यवहारलाई देखाइएको छ । लघुकथांशमा लैङ्गिक विभेद विरोधी चेतना प्रस्तुत भएको छ ।

(घ) "'अंकल, तपाइँ व्यस्त मान्छे, मालिकको छोरालाई लिएर फर्कँदा तपाइँको छोरा पनि ल्याइदिन्छु नी' 'भयो, 'भाइलाई किन दुःख ?' 'हैन, यसमा के को दुःख'....यतिकैमा मोबाइलको घण्टी बज्यो । उही पल्लाघरे नोकरले-छोरा सकुशल चाहिने भए पाँच लाख फिरौती रकम चाहिने नत्र....' भनेर फोन ढ्याक्क राखिदियो" (ताम्राकार. २०६५ : २३) ।

प्रस्तुत लघुकथांशमा 'भाइलाई किन दुःख ?', 'हैन, यसमा के को दुःख', 'उही पल्लाघरे नोकरले' जस्ता क्रियामुक्त वाक्यको प्रयोग गरिएको छ । लघुकथामा गलत मानिसको विश्वास गर्दा दुःख पाएको प्रसङ्ग आएको छ । अहिलेको समयमा कसैको पनि विश्वास नभएकोमा हत्पति विश्वास गर्न नहुने सन्देश प्रवाहित गरिएको छ । लघुकथांशमा समाजमा अपराध बढ्दै गएकाले त्यसबाट सर्तक हुनुपर्ने चेतना प्रस्तुत भएको छ ।

(ङ) उसको यो चर्तिकलादेखि वाक्क लागेर प्याच्च भनें उसलाई-"क्या हो हौ ! मान्छेको त एउटै सिद्धान्त पो हुन्छ, यसरी रङ बदलिनु त भएन नि !" उसले धोती सम्याउँदै दाँत ङिच्च पार्दै भन्यो-"के कर्ने हजुर ! हाम्रो के गर्ने सिद्धान्त ! हामी त व्यापारी....कसरी फाइदा हुन्छ, हामी त त्यही कर्ने मान्छी" (तिवारी. २०७० : ३७) ।

प्रस्तुत लघुकथांशमा 'के कर्ने हजुर ! हाम्रो के गर्ने सिद्धान्त ! हामी त व्यापारी, हामी त त्यही कर्ने मान्छी' वाक्यहरूमा क्रियाको प्रयोग छैन । लघुकथा अंशमा क्रियामुक्त वाक्यका माध्यमबाट व्यापारी वर्गको अति नाफामुखी क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । यहाँ आर्थिक क्षेत्रमा हुने गरेको नाफामुखी प्रवृत्ति विरोधी चेतना प्रस्तुत भएको छ ।

यसरी नेपाली लघुकथामा क्रियामुक्त वाक्यको प्रयोग गरिएका लघुकथामा युगचेतना प्रस्तुत भएको छ । नेपाली लघुकथामा सामाजिक जीवनका विभिन्न क्षेत्र र ती क्षेत्रसँग सम्बन्धित क्रियाकलापले सर्जकमा परेको प्रभाव र त्यसको विश्लेषण समेत गरिएको देखिन्छ ।

### ६.४.१४ संवादात्मक शैलीको प्रस्तुति

दुई वा दुईभन्दा बढी मानिसका बीचमा हुने कुराकानीको अवस्थालाई संवाद भनिन्छ । संवादमा दोहरो अन्तर्क्रियाको आवश्यकता पर्दछ । एकहोरो सहभागिताले संवाद सम्भव हुँदैन । बालकृष्ण पोखरेल र अन्य (२०६७) ले संवादलाई 'कुराकानी, वार्तालाप, बोलचाल' (पोखरेल र अन्य. २०६७ : १२३०) भनेका छन् । संवादात्मक शैली भन्नाले कुराकानी एवम् छलफलको शैलीलाई बुझाउँछ । नेपाली साहित्यका विभिन्न विधामा जसरी नै नेपाली लघुकथा रचनामा पनि संवादात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । यस अध्ययनमा संवादात्मक शैलीको प्रयोग गरिएका लघुकथामा युगचेतना के कसरी प्रतिबिम्बित भएको छ भन्ने विषयलाई लिइएको छ । यहाँ केही लघुकथा रचनालाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा टिकाराम रेग्मीको **पुरस्कार,** कैलाशकुमार

शिवाकोटीको **न्याय-छ,** भास्करको **प्रतिज्ञा,** विनयकुमार कसजूको **भकुण्डो** एवम् सरस्वती रिजालको **विस्मृत परिचय** लघुकथाको विश्लेषण गरिएको छ :

(क) उसले पुनः त्यो साहित्यिक सँगालो आद्योपान्त हेऱ्यो । तर आफ्नो त नामै छैन । भएन, शीर्षक पनि छैन । ऊ झन् विचलित भयो । पुन : सम्पादकलाई फोन गऱ्यो, 'होइन मित्र, यो के भएको हो ?' 'अनिलजी, यसपटकलाई यस्तै भयो । शीर्षक फेर्दा नाम पनि फेरिएछ । तर त्यसमा तपाईंको सट्टा मेरो नाम पो परेछ । माइन्ड नगर्नु होला केही छैन, यस रचनाले उत्कृष्ट पुरस्कार पनि पाएको छ, एकदिन रमाइलो गरौँला नि, हुन्न ?' (रेग्मी. २०७१ : १०१) ।

प्रस्तुत लघुकथांशमा एकजना सम्पादक र लेखकका बीचमा एउटा लेखको विषयमा भएको कुराकानी प्रस्तुत गरिएको छ । लेखकले सम्पादकसँग आफ्नो रचनालाई शीर्षक फेरेर आफ्ना नाममा छपाएकोमा फोनमा कुरा गर्दा गल्ती महशुस गरेको अभिनय गरेको पाइन्छ । वास्तवमा सम्पादकले आफ्नो कार्यप्रति बोध गरेको छैन । सम्पादकले लेखकको रचनाले उत्कृष्ट पुरस्कार पाएको कुरा गर्नु र एकदिन रमाइलो गरौँ भन्नुले उसमा गल्तीबोध नभएको देखिन्छ । यहाँ आफ्नो स्वार्थका लागि अर्काको रचना आफ्ना नाममा छपाउने सम्पादकको कार्यप्रति छेड हानिएको छ । लघुकथांशमा सम्पादकको गलत कार्यप्रति असहमतिको चेतना व्यक्त गरिएको छ ।

(ख) फैसला हुने दिन र समय आयो । दुवै ढुक्क र निश्चिन्त थिए, आफ्नो जीत हुनेमा ! कहीँकतै शङ्काको गन्ध पनि थिएन । न्यायाधीशले आदेश सुनाए-"वादीले मुद्दा जित्ने ठहर्छ ।" प्रतिवादीको वकिल कराए-"चितुवा श्रीमान" श्रीमानले पनि मुस्कुराउँदै जवाफ फर्काए-"चितुवाभन्दा हात्ती नै तगडा, विद्वान् महोदय ।" (शिवाकोटी. २०७१ : ८२) ।

प्रस्तुत लघुकथांशमा न्यायाधीश र वकिल महोदयबिचको कुराकानी प्रस्तुत गरिएको छ । लघुकथामा घुसका आधारमा फैसला गर्ने न्यायाधीश र त्यस्तो कार्य गर्न प्रेरित गर्ने वकिलका क्रियाकलापप्रति छेड हानिएको छ । यस रचनामा न्यायक्षेत्रमा हुने गरेको भ्रष्ट आचरण विरोधी चेतना सशक्त रूपमा प्रस्तुत भएको छ ।

(ग) बाहिर निस्कने बित्तिकै उनै पहिलेका कमान्डरले चेक खोसे । मैले प्रतिवाद गर्दा उनले भने,"कुनै लडाइँ नलडेको मान्छे कसरी लडाकु हुन्छ र त्यसबापत प्राप्त हुने सहुलियत कसरी प्राप्त गर्नसक्छ ? अतः लडाकुको हैसियतबाट पाउने सहुलियत पाउँदैनस् ।" मैले अनमिनबाट दिएको प्रमाण र परिचयपत्र देखाउँदै भनेँ, "म प्रमाणित लडाकु हुँ ।" उनले मेरो प्रमाणपत्र खोसेर भने, "अब तँसँग प्रमाण छैन, खुरुक्क जा ।" (भास्कर. २०७१ : ८०) ।

प्रस्तुत लघुकथांशमा जनताले राज्यबाट पाएको सुविधासमेत खोसेर लिने काम माओवादी कमान्डरले गरेको प्रसङ्ग उल्लेख गरिएको छ । आफ्नै सङ्गठनमा रहेका मानिसको पनि शोषण गर्ने काम भएकोले यस्तो कार्यले गर्दा उक्त पीडकप्रति पीडित पक्षको आक्रोश उत्पन्न भएको छ । लघुकथांशमा राजनीतिक सङ्गठनका नाममा गरिने अन्याय विरोधी चेतना प्रखर रूपमा व्यक्त भएको छ ।

(घ) “के काम छ ? नागरिकताको प्रमाणपत्र लिन आ' को हजुर । घर कहाँ हो ?  घरबार छैन हजुर । के खान आइस् त । घरद्वारको ठेगान नभईकन नागरिकताको प्रमाणपत्र पाइन्छ ?” (कसजू. २०५७ : १०१) ।

प्रस्तुत लघुकथांशमा सरकारी कर्मचारीले सर्वसाधारणलाई सताउने, तर्साउने र धम्की दिएको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यहाँ संवादात्मक शैली मार्फत समाजमा निम्नवर्गको शोषण गरेर आफू प्रभुत्वशाली बन्ने कर्मचारीतन्त्रभित्र सामन्ती मनोवृत्ति मौलाएका मानिसको क्रियाकलापलाई प्रस्तुत गरिएको छ । समाजमा हैकमपूर्ण अवस्था र कमजोर मानिसमाथिको उत्पीडनलाई प्रस्तुत गरिएको छ । यस रचनामा समाजमा प्रभुत्वशाली वर्गले कमजोर नागरिकमाथि गर्ने उत्पीडनप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ङ) पत्रकारले भने, ‘तपाईंको केही परिचय थाहा भए पनि आज औपचारिक रूपमा केही प्रश्नहरू तपाईसामु राख्न चाहन्छु / परिचय ? /मेरो परिचय नै छैन / तैपनि ?/मेरो परिचय लोग्नेसँग गाँसिएको छ/.....रुचि ?/ घरको सबै रुचिमै सिमित/....लगाइखवाइ ?/ देख्नुभएकै छ / अत्यन्त बहुमूल्य वस्त्र र गहनाको पहिरन साथै विभिन्न परिकारका स्वादिष्ट भोजन ग्रहण (रिजाल. २०६५ : ४) ।

प्रस्तुत लघुकथांशमा एक पत्रकारले सम्भ्रान्त परिवारकी महिलाको अन्तर्वार्ता लिएको घटनालाई प्रस्तुत गरिएको छ । महिलाले अन्तर्वार्ताका क्रममा आफ्नो पहिचान बनाउन नसकेको, लोग्नेको परिचयबाट बाँच्नु परेको, घरपरिवारभन्दा बाहिरको संसारबाट भिन्न रहेको, जीवन भौतिक रूपमा सम्पन्न भए पनि समाजमा पहिचान बनाउन नसकेको वा बनाउनमा अवरोध सिर्जना गरिएको विचार व्यक्त गरेकी छन् । यसै सन्दर्भमा यस लघुकथा अंशमा संवादात्मक शैलीका माध्यमबाट नारी उत्पीडन विरोधी चेतना प्रस्तुत भएको छ । नारी आफैले प्रतिरोधी चेतना नबोले पनि उसका भनाइमा रहेको असन्तुष्टिका माध्यमबाट वर्तमानप्रतिको असन्तोष एवम् कुण्ठा प्रकट भएको छ । यहाँ उत्पीडनविरोधी चेतना सशक्त किसिमले व्यक्त गरिएको छ ।

## ६.४.१५ लोककथात्मक शैलीको प्रयोगबाट युगचेतना

लोककथा लोकसाहित्यको प्रमुख विधा हो । हाम्रो समाजमा सदियौँदेखि लोककथा सुन्ने र सुनाउने प्रचलन चलेको पाइन्छ । चुडामणि बन्धुले 'लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन्' (बन्धु २०६६ :. ८४) भनेका छन् । नेपाली साहित्यमा लोककथाको प्रयोग गरेर साहित्यिक रचनाको सिर्जना गर्ने काम भएको छ । नेपाली लघुकथामा पनि लोककथाको प्रयोग गरेर लेख्ने काम हुँदै आएको छ । लघुकथा रचनामा लोककथाको प्रयोगका माध्यमबाट युगचेतना प्रतिबिम्बित भएको छ । यसै सन्दर्भमा लोककथाको प्रयोग गरेर लेखिएका लघुकथा रचनामा अभिव्यक्त युगचेतनाको विश्लेषण गरिएको छ । लोककथात्मक शैलीको प्रयोग गरेर लेखिएका नेपाली लघुकथामा प्रस्तुत विषय सन्दर्भका आधारमा विषय क्षेत्रको छनौट गरिएको छ । यसै क्रममा नेपाली लघुकथा लेखनमा प्रयुक्त लोककथात्मक शैलीको अध्ययनका लागि लोककथात्मक शैली भएका लघुकथामा प्रस्तुत राजनीतिक युगचेतनाको प्रस्तुति, लोककथात्मक शैली भएका लघुकथामा प्रस्तुत सामाजिक युगचेतनाको अभिव्यक्ति एवम् लोककथात्मक शैली भएका लघुकथामा प्रस्तुत धार्मिक युगचेतनाको प्रस्तुतिलाई अध्ययनको सामग्रीका रूपमा चयन गरिएको छ ।

### ६.४.१५.१ राजनीतिक युगचेतनाको प्रस्तुति

लोककथात्मक शैलीको प्रयोग गरिएका नेपाली लघुकथामा राजनीतिक युगचेतनाको व्यापक प्रभाव परेको पाइन्छ । नेपाली लघुकथा लेखकले राजनीतिक क्षेत्रका विकृति-विसङ्गतिको उद्घाटन गर्ने क्रममा लोककथात्मक शैली भएका लघुकथा लेखेको पाइन्छ । यसै क्रममा नेपाली लघुकथामा प्रयुक्त राजनीतिक चेतना लोककथात्मक शैलीमार्फत के कसरी प्रतिबिम्बित भएको छ भन्ने विषय नै यस अध्ययनको मूल पक्ष हो । यस अध्ययनमा विजय सागरको **कौवा,** षडानन्द पौडेलको **भग्न आस्था,** गोपाल ढकालको **शक्ति,** कपिल लामिछानेको **थोत्रो ट्रक** एवम् बुद्धिनाथ ज्ञवालीको **छाँया** लघुकथाको विश्लेषण गरिएको छ :

(क) मान्छेले पशुपंक्षीको भाषा बुझ्ने र पशुपंक्षीहरूले मान्छेको भाषा बुझ्ने कालमा हाम्रा पूर्वजहरूले एक अनाथ कौवालाई पनि अन्य पंक्षीहरूसरह आश्रय दिएर राखेका थिए....साँच्चै कौवाको यो अत्यचारीपन के तपाईँ हामीबाट लुकेको छ र ? स-साना भँगेराका बचेराहरूलाई गुँडबाट नै ठुँगेर लगेको के तपाईँ हामीले हाम्रो आँखाले देखेका छैनौँ र ? तर देखे पनि के तपाईँ हाम्रो ह्दयमा भंगेराप्रति दया र कौवाप्रति विद्रोहको भाव जागेको छ र ? (सागर. २०६० : २) ।

प्रस्तुत लघुकथांशमा परपीडन एवम् दमनको नीति मानिसले मात्र नभएर पशुपंक्षीले समेत अंगाल्ने गरेको प्रसङ्ग आएको छ । यहाँ परेवा पात्र मानिसमाथि आश्रित भए पनि उसले स-साना पंक्षीमाथि गर्ने दमन एवम् उत्पीडनलाई प्रस्तुत गरिएको छ । यो कथा पञ्चायतकालीन परिवेशमा लेखिएको हो । लेखकले पंक्षीपात्रको आधार बनाएर तत्कालीन राजनीतिक व्यवस्थालाई जनताले समर्थन गरेको तर त्यसले जनतामाथि दमन गरेको आशय प्रकट गरेका छन् । यहाँ लेखकको मूल उद्देश्य उत्पीडन विरोधी चेतनाको उद्घाटन भएकोले पनि उनले नवीन शैलीका माध्यमबाट आफ्नो विचारलाई सम्प्रेषण गरेको पाइन्छ ।

(ख) "विशाल मेलाका माझमा सम्पन्न हुन गइरहेको "स्वर्गधाम विश्वशान्ति महायज्ञमा रमानाथ जसरी पहिले रमाउँथे, त्यसरी रमाउन सकेनन् । अनौठो गन्ध त्यस यज्ञमा आयो । कताकता त्यहाँ राजनीति प्रवेश भएको पाए....निकै समयपछि मानिसले सामूहिक मूल्याङ्कन गरे । आस्थाको अवमूल्यन राजनीति र धर्ममा घातक बन्न जाँदोरहेछ ।" (पौडेल. २०६१ : ६) ।

प्रस्तुत लघुकथांशमा धार्मिक समारोहमा मानिसको स्वार्थ एवम् महत्त्वाकाङ्क्षाका बीचमा टकराव बढेको, तँ र मको भावना बढेको एवम् राजनीतिक गुटबन्दीजन्य क्रियाकलाप भएको प्रसङ्ग आएको छ । यहाँ आस्थाको अवमूल्यन घातक भएको विचार व्यक्त गरिएको छ । लघुकथांशमा आस्थाप्रतिको विश्वासको चेतना अभिव्यक्त भएको छ ।

(ग) "गाउँलेहरू सँधै दार्शनिकको कुटीमा प्रवचन सुन्न जान्थे....गाउँलेहरू एकत्रित भएर दार्शनिकको पछि लागेपछि मुखियाको केही जोर चल्न छाड्यो....केही समयपछि गाउँलेहरू पूर्ण असन्तुष्ट देखिए । गाउँभरि दार्शनिकका विरूद्धमा आवाज उठ्न थाल्यो" (ढकाल. २०६२ : ४८) ।

प्रस्तुत लघुकथांशमा शक्ति लामो समय एकै ठाउँमा स्थिर हुँदा जनतामा असन्तुष्टि फैलिने विचार व्यक्त भएको छ । प्रारम्भमा मुखिया मन पराउने गाउँले उसको अन्याय मन नपरेर दार्शनिकका पछि लागे । पछि दार्शनिक मन नपरेर असन्तुष्ट भए । यसरी मानिसको रुचि समय अनुसार परिवर्तन हुँदै जाने स्थितिलाई प्रकट गरिएको छ । यहाँ समाज विकासक्रमसँगै जनताको परिवर्तित चेतनालाई व्यक्त गरिएको छ ।

(घ) सदियौँदेखि कहिले रफ्तार र कहिले मन्द गतिमा मनपरी दौडिरहेको थोत्रो ट्रक अकस्मात ठूलो खाल्डामा खस्यो । खाल्डो मानिसहरूले खनेका थिए....कतिलाई कुल्च्यो, कतिलाई ठोक्यो, कतिलाई मार्‍यो । एकै रातमा वंश विनाश गर्‍यो । हजारौँको हत्या गरेको छ यसले । यसलाई केही समय त्यहीँ रहन दिने र त्यसपछि झिकेर म्युजियममा राख्ने" (लामिछाने. २०६८ : १५) ।

प्रस्तुत लघुकथांशमा राजतन्त्रलाई थोत्रो ट्रकको संज्ञा दिएको पाइन्छ । राजतन्त्रले नेपाली नागरिकमाथि ज्यादती गरेकाले राजतन्त्र नामक थोत्रो ट्रकलाई जनताले खाल्डामा फालेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । कथाकारले हजारौँको कत्लेआम गर्ने राजतन्त्रलाई केही समय खाल्डोमा राख्ने र पछि म्युजियममा राख्ने भन्ने विचार व्यक्त गरेका छन् । लघुकथांशमा राजतन्त्र विरोधी चेतना प्रखर किसिमले व्यक्त भएको छ ।

(ङ) "राक्षसले दिनदिनै मान्छेको मासु, रगत र हाड चपाउँदै छ । ढोल बजाई हाहाकारको संगीतमा नाच्दै रमाउँदै उफ्रिएको छ । उसले प्रवे्श गरेपछि मान्छेका ह्दयमा माया छैन । बोलीमा मिठास छैन । हेराइमा प्रेम छैन । अपनत्व हराई विश्वासमा संकट परेको छ" (ज्ञवाली. २०६३ : २२) ।

नेपाली लघुकथामा समाजमा विभिन्न कालखण्डमा अभिव्यक्त युगचेतना अभिव्यक्त भएको छ । नेपाली लघुकथाको लेखनका क्रममा लोककथात्मक शैलीको प्रयोग गरिएको रचनामा राजनीतिक चिन्तन एवम् दृष्टिकोण प्रखर किसिमले व्यक्त भएको छ । नेपाली लघुकथा लेखनको महत्त्वपूर्ण पक्ष युगीन जीवनका यथार्थका साथै जनतामा युगसचेत विद्रोही चेतना प्रस्फुटन भएको छ ।

### ६.४.१५.२ सामाजिक युगचेतनाको अभिव्यक्ति

लोककथात्मक शैली भएका नेपाली लघुकथामा सामाजिक चेतनाको प्रस्तुति पाइन्छ । नेपाली लघुकथामा नेपाली समाजको चरित्रको विश्लेषण गरिएको छ । विभिन्न किसिमका सामाजिक घटना-परिघटना र ती घटनाले पारेको सामाजिक प्रभावसँग लेखकको निजी दृष्टिकोण समेत रचनामा प्रकट भएको हुन्छ । समाजमा रहेका विभिन्न व्यक्ति, घटना एवम् प्रवृत्ति र त्यससँग सम्बन्धित लेखकको निजी धारणाले रचनाको निर्माणमा सहयोग पुऱ्याउँछ । यसै सन्दर्भमा लोककथात्मक शैलीलाई मूख्य विषय सन्दर्भ बनाएर लेखिएका लघुकथामा सामाजिक चेतनाको प्रस्फुटन के कसरी भएको छ भन्ने विषय यस अध्ययनको मुल विषय सन्दर्भ बनेर आएको छ । यस अध्ययनमा गोरखबहादुर सिंहको **टाउको दुखेको औषधि,** आर.आर.चौलागाईको **आधुनिक रामायण,** रवीन्द्र समीरको **एघार** र केशव प्रधानको **आफ्नो-आफ्नो विवेक** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "पहिले मान्छेले सृष्टि गर्दा नराखेको कुरा तँमा राखिदिएको छु, मान्छेलाई त्यसैले अङ्कुश लगाउनेछ मूर्ख मनुवा ।" "त्यस्तो अङ्कुश लगाउने के कुरा होला प्रभु ! म मूर्ख मनुवाले जान्न सकुँला ?" "आफ्नै जातको खुट्टा तान्ने रहर" त्यसपछि आजसम्म भगवानलाई मान्छेको गतिमा अङ्कुश लगाउन टाउको दुखाउनु परेको छैन" (सिंह. २०६५ : ३३) ।

प्रस्तुत लघुकथांशमा समाजमा मानिसका उन्नतिको बाधक उसैको साथी हुने सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ मानिसको परपीडक प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त गरिएको छ ।

(ख) "लङ्का पुग्दा मेरो भव्य स्वागत भयो । मलाई सोमरसमा चुर्लुम्म डुबाइयो र मेरा निम्ति सुन्दरीहरूको् ताँती लगाइयो । मलाई लङ्काको संसद्मा मनोनित गरियो । म अहिले मन्त्री भएको छु....तपाईंको उही भूतपुर्व सेवक-हनुमान" (चौलागाई. २०६५ : ४३) ।

प्रस्तुत लघुकथांशमा आफ्ना अन्नदातालाई आफ्नो स्वार्थका लागि घात गर्ने र अवसरका पछि लाग्ने सामाजिक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ वर्तमानमा मानिसको कुनै विश्वास नभएको र जतिसुकै नजिकको मानिसले पनि विश्वासघात गर्नसक्ने तथ्यलाई प्रस्तुत गरिएको छ । यस रचनामा मानिसको अवसरवादी गतिविधिप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

(ग) त्यसपछि गणेश, शिव र पार्वतीको वरिपरि सात फन्का घुमेर, साष्टाङ्ग दण्डवत गरेर, खुट्टामा तेल लगाइदिएर, फुर्क्याउन सम्म फुर्क्याएर, लोभ्याएर महमिश्रित गुलियो बोलीले 'हजुर नै सुमेरु हो, हजुर नै सुमेरु हो, हजुरभन्दा ठूलो त्रिलोकमा कोही पनि छैन, हजुरहरूका सामु त्यो नाथे सुमेरु त माटाको ढिस्को मात्र हो....आदि भन्दै मजाले चाकरी गरे । फलस्वरूप भाँग र धतुरोको नसामा लट्ठ परेका शिवजीले गणेशलाई नै पूजनीय बनाए (समीर. २०६५ : १७-१८) ।

प्रस्तुत लघुकथांशमा योग्यताले कुनै कुरा प्राप्त गर्नुभन्दा पनि चाकरी गरेर लाभ लिने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यहाँ समाजमा नैतिक मूल्यको विघटन भएको, श्रमप्रति विश्वास हराएको र सजिलो बाटाबाट सफलता पाउने चिन्तन प्रभावकारी बन्दै गएको सन्दर्भलाई व्यक्त गरिएको छ । लघुकथांशमा वर्तमान समयमा मौलाएको चाकरीजन्य क्रियाकलापप्रति असहमतिको चेतना प्रकट भएको छ ।

(घ) "...कुकुरले बिरालोमाथि झम्ट्यो । बिरालोले आफ्नो ज्यान बचाउन मूसो छोडिदियो र भाग्यो । मूसो आफ्नो गुफाभित्र पस्यो । बिरालो भाग्दै गयो र कुकुरदेखि जोगियो । केही क्षणको आरामपछि खुइय्य लामो सुस्केरा हालेर बिरालोले भन्यो-जीवन भनेको स्पष्ट यही रहेछ ।'" (प्रधान. २०६१ : ५०) ।

प्रस्तुत लघुकथांशमा बलियो बिरालोले मूसालाई समातेको एवम् आफूभन्दा बलियो कुकुरले झम्टेपछि उसले मुसालाई छोडेर भागेको घटनालाई विषयवस्तु बनाएको छ । कुनै पनि प्राणी आफूभन्दा बलियाका फेला नपर्दासम्म बलियो रहने र बलियोको फेला परेपछि उसले भाग्नुपर्ने अवस्था सिर्जना हुन्छ । यहाँ समाजमा आफू बलियो भएकाले कमजोरमाथि दमन, शोषण र अत्याचार गर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । लघुकथांशमा समाजमा

रहेको ठूलाबडाको डर मान्ने र कमजोरलाई कज्याउने दास चिन्तन एवम् क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यस रचनामा समाजमा रहेको उत्पीडन र विद्रोहजन्य चेतनालाई प्रस्तुत गरिएको छ ।

नेपाली लघुकथामा लोककथात्मक शैली भएका रचनामा प्रस्तुत सामाजिक युगचेतनाले मानिसमा रहेको अर्काको प्रगतिप्रति ईर्ष्या गर्ने र खुट्टा तान्ने प्रवृत्तिप्रति असहमति व्यक्त गरिएको पाइन्छ । लघुकथा रचनामा व्यक्तिगत स्वार्थका लागि जसलाई पनि धोका दिने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ । नेपाली समाजमा विद्यमान चाकरीवादी संस्कृतिप्रति असहमतिको चेतना अभिव्यक्त भएको पाइन्छ । लघुकथा रचनामा पशु पात्रका माध्यमबाट समाजमा विद्यमान साधनसम्पन्नले विपन्नमाथि गर्ने उत्पीडनजन्य घटनालाई प्रस्तुत गर्नाका साथै असहमति प्रकट गरिएको पाइन्छ ।

### ६.४.१५.३ धार्मिक युगचेतनाको प्रस्तुति

लोककथात्मक शैली भएका नेपाली लघुकथामा धार्मिक विषय र त्यससँग सम्बन्धित युगचेतना आएको  पाइन्छ । धर्मसँग सम्बन्धित क्रियाकलापका सन्दर्भमा धार्मिक व्यक्ति एवम् संस्थासँग सम्बन्धित विकृति र विसङ्गतिका बारेमा चर्चा गरिएको छ । नेपाली लघुकथामा समाजमा हुनुपर्ने कुरा नभएको र नहुनुपर्ने कुरा भएको विडम्बनापूर्ण स्थितिलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा युगचेतनालाई प्रस्तुत गर्ने क्रममा समयका विभिन्न कालखण्डमा धर्म र धार्मिक व्यक्तिका क्रियाकलापले स्रष्टामा परेको प्रभाव रचनामा प्रतिबिम्बित हुन्छ । यसै सन्दर्भमा लोककथात्मक शैलीको प्रयोग भएका नेपाली लघुकथामा प्रयुक्त धर्म विषयक युगचेतना यस अध्ययनको मूल पक्ष बनेर आएको छ । यसै सन्दर्भमा केही नेपाली लघुकथा रचनालाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा इन्द्रकुमार विकल्पको **सबभन्दा दानी**, हरिप्रसाद भण्डारीको **उपदेश**, अच्युत घिमिरेको **बाबाको चमत्कार**, भूपेन्द्र सुवेदीको **अनर्थ** एवम् देवेन्द्र अर्याल 'आँसु'को **घाइते ईश्वर** लघुकथाको विश्लेषण गरिएको छ :

(क) "सुन त्यो व्यापारीसँग तस्करी गरेर कमाएको प्रशस्त धन थियो । उसले त्यही धनबाट एक प्रतिशत मात्र धन तिमीलाई दियो तर बूढी आईमाईसँग एकसुकी धन मात्र थियो त्यो सबै तिमीलाई दिइन् सबै दिँदा सय प्रतिशत भयो । त्यसैले सबभन्दा दानी बूढी भइन् बुझ्यौ ? ब्रह्माजीले भन्नु भयो" (विकल्प. २०६८ : २१) ।

प्रस्तुत लघुकथांशमा मानिसले आफ्नो अपराध छोप्न धार्मिक क्रियाकलापमा धेरै सहभागिता जनाउने गरेको एवम् धेरै चन्दा दिएर चोखो बन्ने गरेको सन्दर्भमा धेरै चन्दा दिँदैमा कसैको पनि अपराध नछोपिने विचार व्यक्त गरिएको छ । यहाँ मानिसले असल भावनाले दिएको कमै दान पनि उत्तम हुने र त्यसले धेरै पुण्य कमाउने आध्यात्मिक चेतना अभिव्यक्त भएको छ ।

(ख) सन्यासीले आगन्तुकलाई भित्र पस्न अनुमति दिए । युवति अग्निकुण्डको डिलमा बसेर आगो ताप्दै आफ्ना भिजेका लुगा सुकाउन थालिन् । अर्को दिन सन्यासीले प्रवचनमा भने-'पारिवारिक जीवनलाई नराम्रो नै भन्न पनि हुँदैन । ज्ञानी नारी पुरुषहरू पारिवारिक जीवनमा रहेर पनि ज्ञान, ध्यान, भक्ति आदि गर्न सक्छन् । यसरी गरिएको कर्म झन परिपक्व हुन्छ (भण्डारी. २०६७ : ५८-५९) ।

प्रस्तुत लघुकथांशमा एक जना सन्यासीको अवसरवादी क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यहाँ सन्यासीले युवतिको नजिक नहुँदा सम्म एउटा कुरा गर्ने एवम् युवतिको सान्निध्य पाएपछि आफ्नै कुरा फेरेको र नयाँ प्रवचन दिएको विचार व्यक्त गरिएको छ । लघुकथांशमा धार्मिक आडम्बरजन्य गतिविधिप्रति व्यङ्ग्य गरिएको छ ।

(ग) "केही समयपछि एकाएक मान्छेहरूले बाबाको चर्चा गर्न छोडे । र अर्को हल्ला फैलियो । कोप्चे जानेहरू फेरि लाटा, अन्धा र बहिरा भए । शनिश्चरेको मान्छे आँखा झिम्काईरहन थाल्यो । रोगले सताइएकाहरू धमाधम मर्न थाले र हैरान भएर तिनै भक्तहरूले भने-यो सब बाबाको चमत्कार हो" (घिमिरे. २०६१ : ७५) ।

प्रस्तुत लघुकथांशमा एकजना ठग बाबाको कारण जनताले अनाहकमा दुःख पाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यहाँ बाबाले पहिले रोगी मानिसलाई ठीक गरिदिने भनेकोमा पछि मानिसहरू ठगेर भागेको स्थितिलाई व्यक्त गरिएको छ । यस रचनामा धर्मका नाममा ठगी गर्ने कार्यप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत गरिएको छ ।

(घ) "धर्म बाजे झोक्किदै तीन किलो मासु हातमा उठाउँदै भने, "चौरासी लाख जुनी घुमेरमात्र सर्वोत्तम नर जुक्ति पाइन्छ । अरू जुनि जति चाँडै समाप्त गरिदियो नर जुनि उति नजिकिन्छ । त्यही धर्म सम्झेर काटने आदेश दिएको हुँ । अर्काले काटेको साग बराबर हो बुझ्यौ ?" (सुवेदी. २०६१ : ४) ।

प्रस्तुत लघुकथांशमा एकजना पण्डितको मांसाहारी भोजनको पक्षधरतालाई प्रस्तुत गरिएको छ । यहाँ हाम्रो समाजमा आफ्नो स्वार्थका लागि जे पनि भन्ने र जे पनि गर्ने गतिविधि भइरहेको पाइन्छ । यस रचनामा धर्मका नाममा गरिने आडम्बरप्रति असहमत चेतना अभिव्यक्त भएको छ ।

(ङ) यता पृथ्वीमा भने मनुष्य मनुष्यबीच भगवान्को स्वरूप यस्तो उस्तो भन्ने विषयमा मतमतान्तर चलिरहेको छ । मानिसहरू तेरो र मेरो भगवान् भनेर एकआपसमा झैझगडा गरिरहेका छन् । धर्म र भगवान्का नाउँमा युद्ध चर्किरहेको छ । द्वन्द्व बढिरहेको छ । मठ, मन्दिर, मस्जिद, चर्चजस्ता धार्मिक स्थलहरू तोडफोड हुने क्रम दिनानुदिन बढिरहेको छ (अर्याल. २०६६ : ७३) ।

प्रस्तुत लघुकथांशमा समाजमा धर्मका नाममा मानिसहरू विभक्त भएको, झै-झगडा गरिरहेको, द्वन्द्व चर्केको र धार्मिक स्थलसमेत तोडफोड भएको चिन्ताजनक अवस्थालाई प्रस्तुत गरिएको छ । यहाँ धर्मको नाम लिएर अरूलाई दुःख दिने काम भएकामा चिन्ता व्यक्त गरिएको छ । लघुकथांशमा धर्मका नाममा विभाजनजन्य क्रियाकलापप्रति असहमतिको चेतना व्यक्त भएको छ ।

यस अध्ययनमा लोककथात्मक शैली भएका लघुकथामा युगचेतना प्रस्तुत गर्ने क्रममा राजनीतिक, सामाजिक एवम् धार्मिक विषय सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा माथि उल्लेखित विषयसँग सम्बन्धित सामाजिक मनोविज्ञानका साथै त्यसले स्रष्टामा पारेको प्रभावको अध्ययन गरिएको छ । लोककथात्मक शैली भएका लघुकथामा प्रस्तुत युगचेतनाले नेपाली समाजमा बढिरहेको चेतनाको प्रभाव र त्यसले समाज विकासक्रममा पारेको असरतर्फ सङ्केत गरेको पाइन्छ ।

### ६.५ निष्कर्ष

नेपाली लघुकथाको कथानकमा युगचेतनाको अध्ययनका क्रममा प्रशासन, पत्रकारिता, राजनीति, साहित्य, शिक्षा एवम् सङ्घसंस्थाका क्रियाकलापसँग सम्बन्धित विषयलाई कथानकका रूपमा प्रयोग गरिएको छ । नेपाली लघुकथामा प्रशासन, पत्रकारिता, राजनीति, साहित्य, शिक्षा एवम् सङ्घसंस्थाका क्रियाकलापमा पाइने विकृत जीवन परिवेशको प्रस्तुतिका साथै विकृति विरोधी चेतना सशक्त किसिमले अभिव्यक्त भएको छ । नेपाली लघुकथामा गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना, खेलकुद, गैरसरकारी संस्था, प्रशासन, राजनीति एवम् सामाजिक क्षेत्रका विकृत जीवन परिवेशका बारेमा चर्चा, समाज परिवर्तनको चाहना समेत अभिव्यक्त भएको छ । नेपाली लघुकथाको चरित्रचित्रणमा युगचेतनाको अध्ययनका क्रममा लघुकथामा प्रस्तुत पात्रले सामाजिक यथार्थको प्रस्तुतिका साथै विकृति विरोधी चेतना व्यक्त भएको सन्दर्भको प्रस्तुति छ । यस अध्ययनमा लघुकथाका पात्रले राजनीति, समाज, प्रशासन एवम् इतिहाससँग सम्बन्धित विषयको प्रस्तुतिका साथै विकृतिजन्य गतिविधिप्रति असहमति एवम् व्यङ्ग्यात्मक चेतनाबोध गरिएको छ । नेपाली लघुकथामा दृष्टिबिन्दुमा युगचेतनाको प्रस्तुतिका क्रममा धार्मिक, पारिवारिक, राजनीतिक र सामाजिक क्षेत्रसँग सम्बन्धित घटनाको प्रस्तुति गरिएको पाइन्छ । लघुकथामा प्रयुक्त प्रथम एवम् तृतीय दृष्टिबिन्दुका माध्यमबाट युगीन यथार्थको अभिव्यक्तिका साथै सामाजिक विकृतिप्रतिको असहमति एवम् व्यङ्ग्यात्मक चेतनाको अभिव्यक्त छ । नेपाली लघुकथामा उद्देश्यमा युगचेतनाको अध्ययनका क्रममा राजनीतिक, सामाजिक र साहित्यिक क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भको चर्चाका क्रममा लघुकथा रचनाको उद्देश्यका रूपमा सामाजिक यथार्थको प्रस्तुति, परिवर्तनमुखी चेतनाको उद्‌बोधन,

सामाजिक परिवर्तनको चाहना एवम् नेपाली समाजको समुन्नतिको चाहनालाई प्रमुख विषय सन्दर्भको प्रस्तुति पाइन्छ ।

नेपाली लघुकथामा अभिव्यक्त भाषिक उपकरणका माध्यमबाट शैलीगत नवीनता प्रस्तुत भएको छ । मूलतः पचासको दशकपछिको नेपाली लघुकथामा विभिन्न खाले शैलीको प्रयोग गरिएको छ । शैलीय नवीनतासँगै युगचेतनाको अभिव्यक्ति नै नेपाली लघुकथाको मूल स्वर बनेर आएको छ । परिच्छेद छ मा 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली' अध्ययनका क्रममा राजनीतिक विषयसन्दर्भसँग सम्बन्धित युगचेतनाको अध्ययन गरिएको छ । यस परिच्छेदमा प्रस्तुत लघुकथा रचनामा नेपालको राजनीतिक क्षेत्रका विकृति र विसङ्गतिजन्य घटनाको प्रस्तुति, विकृति-विसङ्गति विरोधी चेतना, राजनीतिक परिवर्तनका लागि जनताले लामो त्याग र बलिदान गरे पनि परिवर्तनपछि जनताको पक्षमा कुनै पनि काम हुन नसकेको अवस्थाको चित्रण, जनताको जीवनस्तर सुध्रिन नसकेको अवस्था, राजनीतिक परिवर्तनसँग सामाजिक एवम् आर्थिक परिवर्तन हुनुपर्ने चेतना, राजनीतिक नेतृत्व एवम् राजनीतिक कार्यकर्ताका अवाञ्छित क्रियाकलापप्रति व्यङ्ग्य, चेतना प्रस्तुत भएको छ । यसरी नै भ्रष्टाचार, बेइमानी, ढिलासुस्ती, सम्पत्तिमोह, दोहरो चरित्र, अवसरवादिता, जनता र कार्यकर्ताको शोषण जस्ता क्रियाकलापप्रति विरोधको चेतना व्यक्त भएको छ । यसरी नै नागरिकको अधिकारको हनन, निरङ्कुशता, राजनीतिक उद्देश्य- प्राप्तिका लागि हिंसाको प्रयोग, आफ्नो स्वार्थका लागि विदेशीको चाकरी गर्ने प्रवृतिको विरोध, जनतालाई जाति, भाषा र क्षेत्रका नाममा विभाजन गर्ने, सङ्घीयताको नाममा आफूखुशी व्याख्या गरेर जनतालाई फुटाउने र लडाउने कार्यप्रति असहमतिको चेतना आएको छ ।

यस परिच्छेदमा सामाजिक विषय सन्दर्भसँग सम्बन्धित रचनाको अध्ययन गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त शैलीको अध्ययन गर्ने शैली पक्षसँग जोडिएर आएको युगचेतनालाई विश्लेषण गरिएको छ । यस अध्ययनमा समाजमा साधनसम्पन्न एवम् शक्तिवान पक्षले विपन्न एवम् कमजोर नागरिकमाथि गरेको अन्याय, शोषण एवम् दमनका घटनाको अभिव्यक्ति एवम् त्यसप्रति विमतिको चेतना, नेपाली समाजमा जाति, क्षेत्र, वर्ग र लिङ्गका आधारमा गरिने विभेदको विरोधका तथा अन्यायविरोधी चेतना, मानवीय सम्वेदनहीनता, क्षुद्रता, कर्तव्यविमुखता जस्ता घटनाको प्रस्तुतिका साथै विमतिको चेतना, प्रचारमुखी चरित्र, पारिवारिक विघटन, विदेशी संस्कृतिप्रतिको अनुराग, बेइमानी एवम् ठगीबाट स्थापित हुन खोज्ने प्रवृत्ति, गलत तरिकाले धन कमाएर स्थापित हुने प्रवृत्ति, प्रवासी जीवनका पीडाको अभिव्यक्ति एवम् विसङ्गतिप्रतिको असहमतिको चेतना आएको प्रस्तुत भएको छ । त्यसरी नै शिक्षा, स्वास्थ्य, न्याय/कानुन, साहित्य, कला-संस्कृति, धर्मसँग सम्बन्धित विषयको पनि अध्ययन गरिएको छ । शिक्षाक्षेत्रसँग सम्बन्धित विकृत परिवेशलाई

प्रस्तुत गर्ने क्रममा शिक्षकवर्गका गैरजिम्मेवार क्रियाकलाप र सो त्यसले नेपाली समाजमा परेको असरलाई प्रस्तुत गरिएको छ । विद्यार्थीवर्गले आफ्नो अध्ययनभन्दा पनि आन्दोलनमा बढी रुचि राख्ने गरेको सन्दर्भलाई व्यक्त गरिएको छ । यहाँ न्यायकानुनको पालना गराउनु पर्ने, सुरक्षाकर्मीको गलत कार्यप्रति असहमति, न्यायक्षेत्रमा देखिएको भ्रष्टाचारप्रति व्यङ्ग्यात्मक चेतना, आफ्नो राष्ट्रिय भाषा नेपाली हुँदाहुँदै अंग्रेजीको अत्यधिक प्रयोग गर्ने लेखक, सम्मानका भोगी साहित्यकारका क्रियाकलापप्रतिको असहमति, आफ्नो मौलिक संस्कृतिको उपेक्षा गर्ने एवम् पाश्चात्य संस्कृति अंगाल्ने प्रवृत्ति, सांस्कृतिक मूल्यको विघटनप्रति चिन्ता एवम् असहमतिको चेतना अभिव्यक्त भएको छ । यसरी नै प्रशासनिक भ्रष्टाचार, गुटबन्दीप्रति व्यङ्ग्यात्मक चेतना प्रस्तुत भएको छ । लापरवाह डाक्टरका गतिविधि, धार्मिक समारोहमा चन्दालाई बढी महत्व दिने प्रवृत्ति, चन्दादाताको चरित्र भन्दा पैसा हेर्ने प्रवृत्तिप्रति असहमति व्यक्त गरिएको पाइन्छ । धर्मका नाममा हुने गरेको द्वन्द्व एवम् हिंसाजन्य गतिविधि, धार्मिक व्यक्तिको चोलामा डकैतीजन्य क्रियाकलापमा संलग्न हुने प्रवृत्ति, धार्मिक संस्थामा गरिने राजनीतिक गन्धप्रति व्यङ्ग्यात्मक चेतनाको प्रस्तुति भएको पाइन्छ ।

# परिच्छेद सात

# सारांश तथा निष्कर्ष

**नेपाली लघुकथामा युगचेतना** शीर्षकको प्रस्तुत शोधप्रबन्ध सात परिच्छेदमा विभाजित छ । प्रस्तुत शोधको परिच्छेद एकमा शोधप्रबन्धको परिचय, परिच्छेद दुईमा नेपाली लघुकथाको सैद्धान्तिक स्वरूपको चर्चा, युगचेतनाको अवधारणा एवम् विश्लेषण ढाँचा, परिच्छेद तीनमा नेपाली लघुकथाको विकासत्रम, नेपाली लघुकथामा युगचेतना विश्लेषणका लागि विषयवस्तुगत सन्दर्भको विश्लेषण गरिएको छ । परिच्छेद पाँचमा युगचेतनाका सन्दर्भमा नेपाली लघुकथामा अभिव्यक्त विचारको विश्लेषण र परिच्छेद छ मा युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैलीको विश्लेषण गरिएको छ । परिच्छेद सातमा सारांश एवम् निष्कर्ष दिइएको छ । यहाँ सारांश अर्न्तगत एक देखि छ परिच्छेदसम्मका विषय वा कार्यको सङ्क्षेपमा जानकारी दिइएको छ र निष्कर्ष अर्न्तगत नेपाली लघुकथाका युगचेतनागत प्रवृत्ति विश्लेषणका क्रममा देखा परेका प्राप्ति एवम् सीमा एवम् समग्र उपलब्धिको निष्कर्ष दिइएको छ ।

## ७.१ सारांश

यस शोधप्रबन्धका सात परिच्छेदमध्ये शोधपरिचयका रूपमा रहेको परिच्छेद एकमा यस अध्ययनपूर्व अनुसन्धान पद्धति अवलम्बन गरी नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतनागत प्रवृत्तिको निरूपण नगरिएकोले प्रस्तुत शोधकार्य गरिएको जनाइएको छ । यस अध्ययनमा शोधको मुख्य समस्या नेपाली लघुकथाको युगचेतनागत सैद्धान्तिक एवम् प्रायोगिक लेखनमा के कस्ता प्रवृत्ति छन् भन्ने राखिएको छ भने यस मूल समस्यासँग सम्बन्धित रहेर लघुकथाको सैद्धान्तिक स्वरूप र युगचेतनाको अवधारणागत सन्दर्भ एवम् विश्लेषण ढाँचा निर्धारण गरिएको छ । त्यसरी नै युगचेतनाका सन्दर्भमा नेपाली लघुकथामा अभिव्यक्त विषयवस्तुगत सन्दर्भको विश्लेषणका साथै वादहरूको सन्दर्भको पनि खोजीको आधार दिइएको छ । युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली अर्न्तगत शिल्पगत पक्षसँग सम्बन्धित विषय सन्दर्भको आधार प्रस्तुत गरिएको छ । यस अतिरिक्त यस परिच्छेदमा पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्व र उपयोगिता एवम् शोधको सीमा किटानी गरिएको छ । शोधविधि अर्न्तगत सामग्री सङ्कलन विधि र अध्ययन विधिको उल्लेख गर्नुका साथै अन्त्यमा शोधप्रबन्धको रूपरेखाको प्रस्तुति पाइन्छ ।

परिच्छेद दुईमा 'लघुकथाको सिद्धान्त तथा युगचेतना विश्लेषणको ढाँचा' अध्येय विषयका रूपमा रहेकोमा लघुकथाको परिचयगत सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसै क्रममा पाश्चात्य, भारत तथा नेपालका विद्वानका परिभाषालाई प्रस्तुत गर्नुका साथै लघुकथाको स्वरूप एवम् संरचनाको समेत निर्धारण गरिएको छ । लघुकथा सम्बन्धमा विभिन्न विद्वानका मत अनुसार लघुकथा आख्यानात्मक तत्त्वले परिपूर्ण सूक्ष्म एवम् प्रभावकारी साहित्यिक विधा भएको निष्कर्ष निकालिएको छ । आख्यानका अन्य भेद जस्तै लघुकथाका पनि संरचक तत्त्वका रूपमा कथानक, चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दुलाई मानिएको छ । तत्त्वगत हिसाबले आख्यानका अन्य भेदसँग समानता भएपनि लघुकथामा

पाइने सूक्ष्मता एवम् सीमित कथानक, परिवेश, सम्वाद एवम् पात्रविधानको आयोजना गरिएको हुने र एक कुशल लघुकथामा प्रभावकारी विचार सम्प्रेषण गर्ने अणु सामर्थ्य हुने भएकाले यो आख्यानको प्रभावकारी साहित्यिक प्रभेदका रूपमा विकसित भएको तथ्यलाई निरूपण गरिएको छ । यसै परिच्छेदमा युगचेतना विश्लेषणको ढाँचाको निर्माणका क्रममा युगचेतनाको परिचय, युगचेतना र समकालीनको परिभाषा, युगचेतनाको मान्यता र आधारलाई प्रस्तुत गर्नाका साथै नेपाली लघुकथामा युगचेतना अध्ययनका लागि विषय, विचार, संरचना एवम् भाषाशैलीलाई आधार मानिएको छ । युगचेतना परिवर्तनशील हुने, सीमित कालखण्डमा कायम रहने विचार प्रस्तुत गरिएको छ । यस अध्ययनमा  युगचेतना आज वा अहिलेको चेतना भएको र परिवर्तित समयको चेतना भएको अभिमतको पुष्टि गरिएको छ ।

परिच्छेद तीनमा 'नेपाली लघुकथाको विकासक्रम' लाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा लघुकथा लेखनको प्रारम्भ पूर्वीय एवम् पश्चिमेली आख्यान परम्पराबाट विकसित भएको एवम् पूर्वीय साहित्यमा ३००० पूर्व लघुकथाको बीजारोपण भएको विचार व्यक्त गरिएको छ । यस अध्ययनमा नेपाली लघुकथाको प्रथम सचेत प्रयोग पूर्णप्रसाद ब्राह्मणको **झिल्का** प्रकाशन पछि भएको तथ्यलाई प्रमाणिक मानिएको छ । नेपाली लघुकथाको पृष्ठभूमिमा धार्मिक एवम् पौराणिक आख्यानहरूका अनुवाद, पञ्चतन्त्र र हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथाका साथै विभिन्न आख्यानका अनुवादले आख्यान रचनाको पृष्ठभूमि तयार भएको तथ्य प्रस्तुत गरिएको छ । नेपाली लघुकथाको प्रथम चरण २००७ देखि २०२९ को अवधिमा नेपाली लघुकथाको पहिलो चरणमा विविध पाइन्छन् । यस अवधिका लघुकथामा राणाशासन र प्रजातन्त्र स्थापनाकालका सङ्क्रमणकालीन अवस्थाको प्रस्तुति पाइन्छ । यस समयको युगचेतनाको प्रभाव अन्य साहित्यिक रचनामा जस्तै लघुकथा रचनामा पनि परेको छ । यी रचनामा २००७ सालको परिवर्तन र त्यसले ल्याएको निराशाको अभिव्यक्ति एवम् २०१७ मा प्रजातन्त्रको हरण भएपछिको नेपाली समाजमा शुन्यताको अनुभूतिलाई व्यक्त गरेको छ । नेपाली लघुकथाको दोस्रो चरण २०३० देखि २०४५ सम्म मानेर अध्ययन गरिएको छ ।  विसङ्गत जीवनको प्रस्तुतिका साथै राजनीतिक, सामाजिक सांस्कृतिक क्षेत्रका विसङ्गतिप्रति असहमतिका साथै विरोधको चेतना अभिव्यक्त भएको छ । यस अवधिको पछिल्ला कालका लघुकथामा पशुपंक्षी पात्रको प्रयोग एवम् तिनको मानवीकरण, प्रतीकात्मक र अन्योक्तिमूलक लेखनको प्रारम्भ, कलात्मक सीपप्रतिको सचेतता साथै नवीन शैलीको प्रयोग पाइन्छ । नेपाली लघुकथाको तेस्रो चरण वि.स. २०४६ पछिको अवधिलाई मानेर अध्ययन गरिएको छ । यस चरणका रचनामा प्रजातन्त्र कालपछिको समयको चित्रण,  राजनीतिक परिवर्तनपछि जनताका अपेक्षा पूरा हुन नसकेकोमा असन्तुष्टि, विकृतिजन्य परिवेशप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतना अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ । यसै कालको २०५३ पछिको समयमा नेपाली लघुकथाको व्यापक विकास, नवीन शिल्पशैलीको प्रस्तुति, भावगत सचेतता पनि बढेको पाइन्छ । यस अवधिमा लघुकथाप्रतिको सैद्धान्तिक सचेतताका साथै प्रतिबद्ध लेखन समेत प्रारम्भ भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिच्छेद चारमा 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथामा प्रतिबिम्बित विषयवस्तु' को अध्ययन गरिएको छ । युगचेतनाको अध्ययनका लागि राजनीति, समाज, कला-संस्कृति लगायतका सोह्र विषय निर्धारण गरिएको छ । 'नेपाली राजनीतिमा मूल्यहीनता'का विभिन्न स्वरूपको चित्रणका क्रममा नेपाली समाजमा मूल्यहीनता विरोधी चेतनाको अभिव्यक्ति, राजनीतिक अव्यवस्था, सशस्त्र द्वन्द्वजन्य परिवेश एवम् सशस्त्र हिंसाजन्य परिस्थितिको चित्रण, समाजमा रहेको जातीय, लैङ्गिक, आर्थिक एवम् उमेरगत उत्पीडन विरोधी चेतनाको अभिव्यक्ति, व्यक्ति, परिवार एवम् समाजका विकृति विरोधी चेतनाको अभिव्यक्तिलाई विषय बनाइएको पाइन्छ । यसरी नै रूढिवाद एवम् अन्धविश्वास, आडम्बर, देखावटीपन, शक्तिपूजा एवम् अनैतिकता, अनुशासनहीनता, अराजकता एवम् स्वार्थजन्य क्रियाकलाप तथा गैरसरकारी संस्थाका क्रियाकलापजस्ता विषयवस्तुको प्रस्तुति एवम् व्यङ्ग्यात्मक चेतना, कलाकारिता एवम् गीत-संगीत क्षेत्रका विकृतिप्रति असहमति, मानिसका चिन्तन एवम् जीवनशैलीमा द्वैध चरित्रको उद्घाटन, मानिसका धार्मिक क्रियाकलापमा दोहरोपना, धर्मका नाममा भएका मानवविरोधी क्रियाकलाप, धार्मिक संस्था एवम् पुरोहितद्वारा गरिएका अनाचार, धर्मका नामका गरिने अन्धविश्वास एवम् आडम्बरपूर्ण क्रियाकलापलाई विषय बनाइएको छ । यस्तै आर्थिक अनियमितताको चित्रण, पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक क्रियाकलाप एवम् गैरसरकारी क्षेत्रका आर्थिक बेइमानीका घटनाको चित्रण, अनियमिता एवम् विसङ्गति विरोधी स्वरको अभिव्यक्ति, आर्थिक इमान्दारिताको खोजी, लेखक-समालोचकका अवाञ्छित क्रियाकलापप्रति विमति, साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलाप, समाजमा साहित्यकारप्रतिको धारणा र व्यवहार, शैक्षिक क्षेत्रका विकृत परिवेशको चित्रण, शिक्षक, अभिभावक, शिक्षण संस्थामा अनुशासन एवम् स्वच्छताको अपेक्षा, स्वास्थ्य क्षेत्रका विकृत परिवेशको चित्रणका सम्बन्धमा अध्ययन गरिएको छ । यी रचनामा प्रशासनिक क्षेत्रका चाकरी एवम् ढिलासुस्ती, भ्रष्टाचार एवम् अनैतिकताजन्य गतिविधि, तल्लो तहका कर्मचारीमाथि गरिने दमन, कर्मचारीवर्गद्वारा सेवाग्राहीप्रति गरिने खराब व्यवहार एवम् विकृति विसङ्गति विरोधी चेतनाको प्रस्तुति, पारदर्शी र जनउत्तरदायी प्रशासनको कामना, कर्मचारीवर्गमा जनताप्रति प्रतिबद्धताका साथै सेवाभावनाको चाहना, विज्ञानको दुरुपयोगको प्रस्तुति, विज्ञानका माध्यमबाट मानवीय विकृतिको उद्घाटन एवम् विज्ञानसँग सम्बन्धित अध्ययन गरिएको छ । यसरी नै न्याय-कानुन क्षेत्रका विकृतिको प्रस्तुति, आधुनिक जीवनशैलीले उत्पन्न नकारात्मकता, पुस्तागत सम्बन्धमा चिसोपना, पत्रकारिता क्षेत्रमा देखिएका विकृतिको विरोध, नेपाली लघुकथामा मिथकको प्रयोगका माध्यमबाट विकृतिजन्य परिवेशप्रतिको असहमति तथा व्यङ्ग्यात्मक चेतना, प्रवासी नेपालीका पीडाजन्य अनुभूति, प्रवासी नेपाली समाजका विकृतिजन्य परिवेशप्रति व्यङ्ग्यात्मक चेतना व्यक्त पाइन्छ ।

परिच्छेद पाँचमा "विभिन्न वादका आधारमा नेपाली लघुकथामा प्रतिबिम्बित युगचेतना" विषयमा अध्ययन गर्ने क्रममा पश्चिमी साहित्य सिद्धान्तसँग सम्बन्धित चिन्तन आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, सामाजिक यथार्थवाद,मनोविश्लेषणवाद, समाजवादी यथार्थवाद र उत्तरआधुनिकतावादलाई अध्ययनको मूल विषय मानेर अध्ययन

गरिएको तथ्य प्रस्तुत गरिएको छ । नेपाली लघुकथामा आदर्शोन्मुख यथार्थवादी युगचेतनाको प्रयोग पूर्णप्रसाद ब्राह्मणको 'भिल्का' (२००७) लघुकथा कृतिबाट प्रारम्भ भएको सन्दर्भमा नेपाली लघुकथामा आध्यात्मिक चेतना, भाग्यवादी चिन्तन, नैतिक आर्दशजस्ता विषयका माध्यमबाट सामाजिक सुधारको भावको अभिव्यक्ति भएको पाइन्छ । नेपाली लघुकथामा विसङ्गतिवादी-अस्तित्वादी चेतना विश्वम्भर प्याकुरेलको 'इन्द्रेणीको गुम्बजभित्र' (२०२९) कृतिबाट व्यक्त भएको भएको हो । यस चिन्तनले जीवनको अर्थहीनता, निराशा एवम् शून्यताका माध्यमबाट तत्कालीन युगजीवनका विसङ्गत जीवन परिवेशप्रति व्यङ्ग्यात्मक चेतना, मानवीय जीवनका विसङ्गतिको प्रस्तुति, अस्तित्वको खोजी, पञ्चायती कालमा राजनीतिक शुन्यतासँगै नेपाली समाजमा उत्पन्न निराशा, हताशा, शून्यताका साथै अस्तित्वबोधको चाहना अभिव्यक्त भएको छ । नेपाली लघुकथा साहित्यका क्षेत्रमा सामाजिक यर्थाथवादी चेतनाको प्रारम्भ शशिकला शर्माको 'उसको सुरुवाल' (२०१९) कृतिबाट भएकोमा यी रचनामा समकालीन नेपाली समाजका विकृतिजन्य क्रियाकलापप्रति असहमतिको साथै व्यङ्ग्यात्मक चेतना व्यक्त भएको पाइन्छ । स्थानीय सामाजिक भाषिका र कथ्य भाषाका माध्यमबाट समाजका विकृतिजन्य क्रियाकलापप्रति असहमतिको चेतनाका साथै गरिब जनताका पीडा र उदासीको वर्णन, सामाजिक शोषण एवम् उत्पीडनप्रति असहमतिको भाव,  समाजमा सकारात्मक परिवर्तनको चेतना व्यक्त भएको तथ्यलाई पुष्टि गरिएको छ । नेपाली लघुकथामा मनोविश्लेषणात्मक चिन्तनको प्रारम्भ जयनारायण गिरीको 'कसिङ्गर' (२००८) कृतिबाट भएको सन्दर्भमा नेपाली लघुकथामा यौनजन्य असमानता एवम् कुण्ठाले गर्दा विक्षिप्त भएका मानिसको मनोदशाको चित्रण, असामान्य मनोवृत्तिका कारण समाजमा उत्पन्न समस्याको निराकरण, व्यक्तिपात्रको मनोरचनाले समाजमा असर पुऱ्याउने असरलाई अध्ययन गरिएको छ । नेपालीमा समाजवादी यथार्थवादी चेतनाको प्रारम्भ विनयकुमार कसजूको 'पशुतन्त्र' (२०३९) कृतिबाट भएको हो । यी रचनामा सामन्ती शोषणको अन्त्य एवम् पूँजीवादी विकृतिबाट मुक्तिको चेतना, निरङ्कुशताको अन्त्यको चाहना र लोकतान्त्रिक परिवेशको खोजी, अन्याय, अत्याचार र अन्धविश्वासजन्य गतिविधिप्रति असहमति, धार्मिक अन्धविश्वासप्रतिको विमति, विपन्न नागरिकको जीवनप्रतिको संवेदना, राष्ट्रियताबोध एवम् वैदेशिक हस्तक्षेपविरोधी चेतनालाई सशक्त किसिमले व्यक्त भएको छ । नेपाली लघुकथामा उत्तरआधुनिक चेतनाको प्रारम्भ रत्न कोजूको 'बूढो वर्तमान' (२०३९) कृतिबाट भएको हो । यी रचनामा नवसंस्कृतिका नाममा मौलाएको विकृतिप्रति असहमतिको चेतना, प्रविधि संस्कृतिका नाममा मौलाएका नकारात्मक पक्षप्रति व्यङ्ग्यात्मक चेतना, अभिघातमा परेका नागरिकको जीवनको प्रस्तुति, वातावरणीय चेतनाको अभाव एवम् मानवीय असचेततापति व्यङ्ग्यात्मक चेतना अभिव्यक्त छ ।

परिच्छेद छ मा 'युगचेतनाका सन्दर्भमा नेपाली लघुकथाको संरचना र भाषाशैली' अध्ययनका क्रममा लघुकथाका कथानक, परिवेश, दृष्टिबिन्दु, पात्रविधान एवम् उद्देश्यको अध्ययन गरिएको तथ्यलाई प्रस्तुत गरिएको छ भने रूपविन्याससँग सम्बन्धित रहेर भाषाका उपकरणहरू विचलन, समानान्तरता, पर्यायोक्ति-पर्याय युक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तीकरण, अप्रचलित शब्द एवम् शब्दयुग्मको प्रयोग, सादृश्यविधानअर्न्तगत बिम्बविधान,

प्रतीकविधान, अलङ्कारविधान र मानवीकरणलाई चिनाउनुका साथै नेपाली लघुकथामा यिनको प्रयोगगत सन्दर्भलाई पनि उदाहरण साथ पुष्टि गरिएको छ । नेपाली लघुकथामा अभिव्यक्त भाषिक उपकरणका माध्यमबाट शैलीय नवीनता प्रस्तुत भएको र पचासको दशकपछिको नेपाली लघुकथामा  शैलीगत नवीनता आएको विचार व्यक्त गरिएको छ । नवीन शैलीको प्रयोगसँगै नवीन युगचेतनाको अभिव्यक्ति नै नेपाली लघुकथाको मूल स्वर बनेर आएको छ । नेपाली लघुकथामा सामाजिक जीवनका विकृत परिवेशप्रति आलोचना, गलत चिन्तन एवम् क्रियाकलापप्रति व्यङ्ग्यात्मक चेतना, खेलकुद, गैरसरकारी संस्था, प्रशासन, राजनीति एवम् सामाजिक क्षेत्रका विकृतिप्रति विमति एवम् व्यङ्ग्यात्मक चेतनालाई प्रस्तुत गरिएको छ ।  लघुकथा रचनाको उद्देश्यका रूपमा सामाजिक यथार्थको प्रस्तुति, परिवर्तनमुखी चेतनाको उद्बोधन, सामाजिक परिवर्तनको चाहना एवम् नेपाली समाजको समुन्नतिको चाहना रहेको पाइन्छ । यस अध्ययनमा राजनीतिक, सामाजिक एवम् साहित्यिक क्षेत्रका विसङ्गत जीवन परिवेशको प्रस्तुतिका साथै विसङ्गतिप्रतिको आलोचनात्मक स्वर प्रकट भएको छ ।

## ७.२ निष्कर्ष

यस शोधप्रबन्धमा नेपाली लघुकथाका प्रवृत्ति निरूपणका सन्दर्भमा प्राप्त भएका प्राप्ति र सीमाको विवेचना गर्नु उपयुक्त हुने देखिएकोले यहाँ तिनको उल्लेख गरिएको छ ।

नेपाली लघुकथाका सम्बन्धमा हालसम्म भएका पूर्व अध्ययनलाई प्रस्तुत गर्ने क्रममा सिद्धान्त, विकासक्रम एवम् प्रवृत्तिपरक अध्ययनलाई प्रस्तुत गरिएको छ । यी अध्ययनले नेपाली लघुकथाका सम्बन्धमा हालसम्म भएका अध्ययनको अवस्थालाई प्रस्तुत गर्नुका साथै नेपाली लघुकथाको अनुसन्धानका लागि मार्ग प्रशस्त गरेको छ । नेपाली लघुकथाको बारेमा हालसम्मका परिभाषाहरूलाई प्रस्तुत गर्दै लघुकथाको नवीन परिभाषा यहाँ दिइएको छ । लघुकथाको स्वरूप एवम् संरचनाको बारेमा चर्चा गर्ने क्रममा लघुकथाको स्वरूप निर्धारणका साथै लघुकथाका संरचनात्मक तत्त्वको विश्लेषण गरिएको छ । आख्यानका अन्य तत्त्वजस्तै लघुकथाका तत्त्वमा पनि समानता भएको सन्दर्भमा लघुकथामा कथानक, चरित्र एवम् परिवेशमा सूक्ष्मता हुने अभिमत राखिएको छ । लघुकथा रचनाको उद्देश्यका रूपमा सामाजिक विकृत परिवेशप्रतिको व्यङ्ग्य एवम् विद्रोहात्मक चेतना रहेको उल्लेख गर्दै लघुकथा रचनाको अन्त्य चमत्कारिक हुनेतर्फ सङ्केत गरिएको छ । युगचेतनागत प्रवृत्तिको विश्लेषणपूर्व युगचेतनाका मान्यता, अभिलक्षणका बारेमा चर्चा गर्नुका साथै युगचेतना र समकालीनताका परिभाषालाई प्रस्तुत गरिएको छ । युगचेतनालाई नेपाली लघुकथाका प्रवृत्ति विश्लेषणका सन्दर्भमा कसरी अध्ययन गर्ने सम्बन्धमा विश्लेषण ढाँचाको पनि निर्माण गरिएको छ । युगचेतनाले युगीन सन्दर्भमा देखापरेका लेखनगत प्रवृत्तिको प्रतिनिधित्व गर्ने र यो निश्चित समयसम्म रहने तथ्यलाई पुष्टि गरिएको छ ।

नेपाली लघुकथाका केही अपरिवर्तनिय आधार रहेका छन् । लघुकथामा पाइने सूत्रात्मकता र छिटोछरितोपन यसको मूल विशेषता हो । यसमा साङ्केतिकता, बिम्बात्मकताका साथै उत्तरोत्तर पछिल्ला वाक्यमा तिव्रता हुने गर्दछ । लघुकथा आफैमा पूर्ण,

स्वतन्त्र र सघन रचना हुनुका साथै यसमा दुई सयदेखि तीस सय शब्दसम्मको सीमा मानक ठानिन्छ । यी रचनामा छोटो समयमै विचार वा भावको प्रभावकारी प्रस्फुटन हुनसक्ने भित्री अणुसामर्थ्य हुनु अनिवार्य मानिन्छ । लघुकथा आख्यानको एक भेद भएकोले आख्यानका तत्त्व कथानक, परिवेश, पात्रविधान, उद्देश्य, दृष्टिबिन्दु, भाषा एवम् शैली यसका पनि तत्त्वका रूपमा मानिएका छन् । यी तत्त्व लघुकथाका अपरिवर्तनीय आधार हुन् ।

नेपाली लघुकथाको विकासक्रमलाई प्रस्तुत गर्ने क्रममा यस अध्ययनपूर्व भएका विकासक्रम सम्बन्धी अध्ययनको विश्लेषण गर्नुका साथै नेपाली लघुकथाको विकासक्रमको निर्धारण गरिएको छ । नेपाली लघुकथा लेखनको प्रारम्भ २००७ सालमा पूर्णप्रसाद ब्राह्मणको 'झिल्का' लघुकथा कृतिबाट भएको सन्दर्भमा यस अवधिदेखि नेपाली लघुकथाको विकासक्रमको आरम्भ भएको तथ्यलाई प्रस्तुत गरिएको छ । नेपाली लघुकथाका विभिन्न चरणको विकासक्रमका क्रममा सो कालक्रममा भएका कृति प्रकाशन, पत्रपत्रिकाको प्रकाशन, संस्थागत गतिविधि, सम्मान/पुरस्कारको स्थापना लगायतका कार्यहरू भएका छन् । नेपाली लघुकथाको विकास पचासको दशकपछि व्यापक बनेको र यस अवधिपछि नेपाली लघुकथाले फडको मारेको छ । नेपाली लघुकथाका विभिन्न चरण र ती चरणमा देखिएका लेखनगत युगचेतनागत प्रवृत्तिका बारेमा चर्चा गर्ने क्रममा नेपाली लघुकथामा समयुगीन नेपाली समाजका गतिविधिको व्यापक प्रभाव परेको, विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्य एवम् विद्रोहको चेतना अभिव्यक्त भएको छ ।

युगचेतनाका सन्दर्भमा नेपाली लघुकथामा प्रस्तुत विषयवस्तुको अध्ययन गर्ने क्रममा राजनीति, समाज, कला-संस्कृति, शिक्षा, स्वास्थ्य, साहित्य, प्रशासन, धर्म, कानुन, विज्ञान, अर्थतन्त्र, पत्रकारिता, शिक्षा, आधुनिक सभ्यता, मिथक, प्रवासी जीवन एवम् नारीवादी चेतनासँग सम्बन्धित विषयवस्तु आएका छन् । सात सालको राजनीतिक परिवेशदेखि लिएर सत्तरी सालसम्म भएका घटनाक्रमको प्रभावका सन्दर्भमा नेपाली लघुकथामा अभिव्यक्त राजनीतिक चेतनाको प्रतिबिम्ब पाइन्छ । शोधप्रबन्धमा नेपालमा भएका राजनीतिक परिवर्तनसँगै जनतामा व्यापक आशा एवम् उत्साह छाउने गरेपनि राजनीतिकर्मीका अवाञ्छित क्रियाकलापका कारण निराशाजन्य परिवेश सिर्जना हुने गरेको र लघुकथा रचनामा जनताको असन्तुष्टि, आक्रोश, व्यङ्ग्य एवम् विद्रोहको चेतना अभिव्यक्त भएको तथ्य सार्वजनिक गरिएको छ । राजनीतिक मूल्यहीनता, अव्यवस्था, अराजकता, सैद्धान्तिक स्खलन, खराब आचरण, भ्रष्ट प्रवृत्ति, पदमोह, अवसरवाद, हिंसामुखी क्रियाकलाप, विदेशभक्ति जस्ता विकृत पक्षको उद्घाटनका साथै विसङ्गतिमुक्त राजनीतिक परिवेशको चाहनाको अभिव्यक्ति पाइन्छ । सामाजिक जीवनमा देखा परेका विभेदजन्य गतिविधि, विषम सामाजिक सांस्कृतिक परिवेशको चित्रणका साथै अन्धविश्वास, अराजकता, अनुशासनहीनता अनैतिकता, आडम्बर एवम् रूढीवाद जस्ता विकृतिजन्य परिवेशप्रतिको आलोचनात्मक स्वर अभिव्यक्त भएको छ । नेपाली लघुकथामा नेपाली समाजमा विभिन्न कालखण्डमा देखापरेका विकृतिको अभिव्यक्तिका साथै विसङ्गतिविरोधी युगचेतनाको अभिव्यक्ति पनि प्रभावपूर्ण छ ।

कला-संस्कृति क्षेत्रमा देखिएका आडम्बर, पैसामुखी चरित्र, अनैतिक क्रियाकलाप एवम् जीवनशैलीगत असामान्यताका घटनाको अभिव्यक्ति र नेपाली लघुकथा रचनामा कला

एवम् कलाकार विलासिता एवम् मनोरञ्जनका लागि नभईकन देश र जनताको पक्षमा हुनुपर्ने भावको अभिव्यक्तिका साथै धर्मका नाममा हुने गरेका अनाचार एवम् मानवविरोधी गतिविधिको विश्लेषणका साथै आर्थिक क्षेत्रमा भएका बेइमानी, ठगी, भ्रष्टाचारजन्य गतिविधिप्रति व्यङ्ग्यात्मक चेतना पनि लघुकथाका मूल विषय बनेका छन् । साहित्य, शिक्षा, स्वास्थ्य, प्रशासन, कानुन, विज्ञान एवम् पत्रकारिता क्षेत्रमा देखिएका विकृतिजन्य गतिविधि एवम् क्रियाकलापको बारेमा चर्चा गर्नुका साथै विकृतिप्रतिको व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति भएको सन्दर्भमा नेपाली लघुकथामा युगचेतनाको प्रभाव देखिएको छ । नेपाली लघुकथामा अभिव्यक्त आधुनिक सभ्यताको प्रभावका सन्दर्भमा युगीन विकृतिको उत्खननका साथै मिथकका माध्यमबाट युगजीवनका अनेक विसङ्गत पक्षप्रति आलोचनात्मक स्वर प्रकट भएको छ ।  नेपाली समाजमा पछिल्ला केही दशक यता नेपाली नागरिक विदेशिने क्रमसँगै विदेश गएका नागरिकका जीवन अनुभूतिको अभिव्यक्तिका साथै नारीवादका विभिन्न पक्षहरू समेत लघुकथाका विषय बनेका छन् ।

नेपाली साहित्यमा लघुकथा लेखनको प्रारम्भ भएदेखि हालसम्म विभिन्न साहित्यिक वादको प्रभाव पर्दै आएको सन्दर्भमा आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद त्यस्तै समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकता -वादको प्रभाव बढी देखिन्छ । यस अध्ययनमा नेपाली लघुकथाको प्रारम्भमा आदर्शोन्मुख यथार्थवादी चेतनाको अभिव्यक्ति भएको र हाल झिनो रूपमा भए पनि यसको प्रभाव रहिरहेको छ भने पञ्चायतकालको मध्यतिर अस्तित्ववाद विसङ्गतिवादमा आधारित भएर लघुकथा लेख्ने कार्य भएता पनि हाल यसको प्रभाव कम भएको पाइन्छ । मनोविश्लेषवादी चेतनाको आरम्भ जयनारायण गिरीको लेखनबाट देखापरेको र हालसम्म पनि झिनो रूपमा भएपनि यसको प्रभाव रहेको छ । सर्वाधिक प्रभावकारी चेतना भनेको यथार्थवादी चेतना भएको र नेपाली लघुकथामा युगयथार्थका विभिन्न पक्षको प्रस्फूटनका साथै सामाजिक विकृति-विसङ्गतिविरोधी चेतनाको अभिव्यक्ति सशक्त पाइन्छ । तीसको दशकको मध्यदेखि नेपाली लघुकथा लेखन तीव्र बन्दै गएको र पचासको दशकपछि व्यापक बन्दै गएको सन्दर्भमा नेपाली लघुकथामा सामाजिक यथार्थवादले एकातिर मौलाउने कार्य गरेको तथ्यलाई नेपाली लघुकथाले देखाएका छन् । विनयकुमार कसजूको लेखनबाट प्रारम्भ भएको यो धारा हालसम्म पनि प्रभावकारी छ । नेपाली लघुकथाका पछिल्ला समयका कृतिमा उत्तरआधुनिक प्रवृत्तिको प्रभाव पाइने गरेको र यी प्रवृत्तिले नेपाली लघुकथा लेखनमा नवीन पक्ष थपेको छ । नेपाली लघुकथामा राजनीति, धर्म, शिक्षा, साहित्य, स्वास्थ्य, संस्कृति र पत्रकारिता क्षेत्रमा देखापरेका विकृत परिवेशको चित्रण र विकृतिविरोधी चेतनाको उद्बोधन छ । नेपाली लघुकथामा युगचेतना विश्लेषणको क्रममा संरचना एवम् भाषाशैलीसँग सम्बन्धित विभिन्न उपकरणको सूक्ष्म अध्ययनबाट तिनमा पाइने युगचेतनागत प्रवृत्तिगत विशिष्टता देखिन्छ । नेपाली लघुकथाका विधातत्त्वका आधारमा पनि युगचेतनाको प्रतिबिम्ब छ । नेपाली लघुकथाको संरचना एवम् भाषाशैलीबाट पनि युगचेतना अभिव्यक्त गरिएको छ । यस क्रममा विचलन, समानान्तरता, पर्याययोक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तिकरण, अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग, सादृश्यविधान अर्न्तगत बिम्ब, प्रतीक,

अलङ्कार, मानवीकरण, व्यङ्गोक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैतित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली, लोककथात्मक शैली जस्ता विभिन्न पक्षको विशिष्ट प्रयोग पाइन्छ । नेपाली लघुकथामा विभिन्न शैलीशिल्पगत पक्षका माध्यमबाट शैलीगत विशिष्टता थपिनुको साथै नवीनता समेत थपिएको छ । रूपविन्यास अर्न्तगत अध्ययन गरिएका रचनामा प्रशासन, स्वास्थ्य, धार्मिक क्षेत्रका विकृतिजन्य क्रियाकलापप्रति व्यङ्ग्यको चेतना आएको तथ्यलाई छ ।

नेपाली लघुकथामा युगचेतनाको अध्ययन गर्ने क्रममा प्राप्त भएका प्रवृत्तिगत विशेषताको समग्रमा मूल्याङ्कन गर्दा देखिएका मुख्य-मुख्य विशेषतालाई बुँदागत रूपमा यस प्रकार देखाइन्छ :

(क) पौराणिक एवम् माध्यमिककालीन लघु आख्यानको प्रभावबाट प्रेरित भएर लेखनको प्रारम्भ,

(ख) सात सालको परिवर्तनको चेतना बोकेर आध्यात्मिक नैतिक आदर्शको खोजीको चेतना सहित लघुकथामा सचेत लेखनको थालनी,

(ग) भारत प्रवासबाट स्वच्छन्दतावादी युगचेतनाका सन्दर्भमा लघुकथा लेखनको आरम्भ, मनोविश्लेषणका माध्यमबाट मानव मनका विभिन्न चिन्तनको विश्लेषण,

(घ) सामाजिक सुधार एवम् जागरणका साथ नारी अधिकारको पक्षको उद्घाटन सहित नारी लेखकबाट लघुकथा लेखनको प्रारम्भ,

(ङ) दोस्रो विश्वयुद्धको प्रभाव एवम् पञ्चायत कालमा अभिव्यक्ति स्वतन्त्रताको अभावका समयमा अस्तित्वादी लेखनका साथै विसङ्गतिवादी चिन्तनमा आधारित भएर लेखनको थालनी,

(च) अस्तित्ववादी चेतनालाई पुष्टि गर्ने क्रममा नवीन भाषाशैली एवम् शिल्पसंरचनाको निर्माण,

(छ) युगजीवनका अनेकन विसङ्गत पक्षको चित्रण गर्ने क्रममा यथार्थवादी लेखन शैलीको प्रारम्भ, सामाजिक यथार्थको प्रस्तुतिका साथै विकृतिजन्य परिवेशप्रति आलोचनाको स्वरको प्रस्फूटन,

(ज) सामाजिक विभेद एवम् अन्यायपूर्ण राजनीतिक-सामाजिक परिवेशप्रतिको विद्रोही स्वर एवम् न्यायमूलक समाजको खोजीमा आधारित भएर समाजवादी यथार्थवादी लेखनको विकास एवम् विस्तार,

(झ) नेपाली साहित्यमा लघुकथालाई लोकप्रिय बनाउन लेखन, प्रकाशनको साथै समालोचना लेखनको विकास, लघुकथाको अभिलेखीकरण एवम् सैद्धान्तिक पक्षको खोजी,

(ञ) लघुकथाको विकासप्रक्रियाको अध्ययन एवम् चरणगत युगचेतनाको प्रस्तुति,

(ट) नेपाली लघुकथाको विषयवस्तु, विचार एवम् बनोट र बुनोटसँग सम्बन्धित भएर विश्लेषण,

(ठ) लघुकथा लेखनका क्रममा विभिन्न भाषाशैली एवम् शिल्पगत नवीनताको प्रस्तुति,

(ड) नेपाली लघुकथाले अनुसन्धान एवम् शैक्षणिक क्षेत्रमा प्रतिष्ठा कायम भएको अवस्थाको प्रस्तुति,

माथि सूत्रबद्ध गरिएका उल्लेखित विशेषता नेपाली लघुकथामा युगचेतनाका खास-खास प्रवृत्तिगत विशेषता हुन् र यिनको निरूपण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य र उपलब्धि हो । उल्लेखित प्रवृत्तिगत विशेषताका अतिरिक्त शोधसमस्या र उद्देश्यसँग सम्बद्ध निष्कर्ष यस प्रकार रहेको छ :

(क) नेपाली लघुकथाको विकास २००७ सालको परिवर्तन सँगै भएको सन्दर्भमा हालसम्म पनि अविच्छिन्न रूपले सिर्जना एवम् समालोचनाले निरन्तरता पाउँदै गएको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको विकासक्रममा एक सय पचासको हाराहारीमा कृति प्रकाशन भएको, विभिन्न पत्रिकाले विशेषाङ्क प्रकाशित गरेको एवम् संस्थागत एवम् व्यक्तिगत गतिविधिमा वृद्धि हुँदै आएको छ । यसै सन्दर्भमा नेपाली लघुकथाको लेखनप्रक्रिया एवम् सैद्धान्तिक पक्षका बारेमा अध्ययन अनुसन्धानमा वृद्धि हुँदैआएको छ । नेपाली लघुकथा लेखनमा वृद्धि भएता पनि लघुकथाको सैद्धान्तिक आधारलाई मार्गनिर्देशक मानेर रचनाको लेखनमा भने कमी नै देखिन्छ । यति भए तापनि लघुकथा विषयक गोष्ठी, छलफल एवम् विमर्श बढने क्रमसँगै स्तरीय लेखनको खोजीका साथै प्रकाशनमा नवीनता सहितको चेतना अभिवृद्धि भएको छ । नेपाली लघुकथामा विभिन्न चरणमा तत्कालीन युगजीवनका यथार्थको प्रस्तुतिकरणका साथै विकृति एवम् विसङ्गति विरोधी चेतनाको सशक्त अभिव्यक्ति पाइन्छ । पछिल्ला समयका लघुकथामा नेपाली समाजको चित्र सजीव किसिमले व्यक्त भएको सन्दर्भमा नेपाली लघुकथा विगत भन्दा विस्तारित एवम् विकसित हुँदै आएको देखिन्छ ।

(ख) नेपाली लघुकथामा विषयवस्तुगत विविधता पाइन्छ । लघुकथा सर्जकले मूलत : राजनीतिक, सामाजिक एवम् सांस्कृतिक पक्षलाई विषय सन्दर्भको रूपमा उपयोग गरेका छन् । यसै सन्दर्भमा नेपाली लघुकथामा नेपाली समाजको विभिन्न कालखण्डमा देखापरेका राजनीतिक विकृतिको उत्खननका साथै विसङ्गतिप्रति व्यङ्ग्य एवम् विद्रोहको चेतनाको अभिव्यक्ति पाइन्छ । यी रचनामा हाम्रो सामाजिक जीवन एवम् सांस्कृतिक पक्षमा देखापरेका बेमेलपनप्रतिको असहमतिका साथै स्वस्थ समाजको परिकल्पना गरिएको पाइन्छ । यसरी नै शिक्षा, स्वास्थ्य, प्रशासन, धर्म, विज्ञान, पत्रकारिता, प्रवासी जीवन, साहित्य लगायतका क्षेत्रमा देखापरेका विकृतिको अन्त्यका साथै नेपाली समाजको उन्नतिको चाहनाको अभिव्यक्ति पाइनुका साथै युगचेतनाको सशक्त प्रयोग पाइन्छ ।

(ग) नेपाली लघुकथामा युगचेतनाका आधारका रूपमा राजनीति, समाज, आर्थिक, सांस्कृतिक एवम् अन्य आधार रहेका छन् । युगचेतनाको प्रमुख आधारका रूपमा राजनीति रहेको छ । राजनीतिक परिवर्तनले युगचेतनालाई पनि निरन्तर प्रभावित गरिरहन्छ । त्यस्तै गरी सामाजिक परिवर्तन एवम् सुधार युगचेतनाको अर्को महत्त्वपूर्ण आधार हो । राजनीतिक सामाजिक आधारसँगै सांस्कृतिक एवम् आर्थिक आधार पनि जोडिएर जाउँछन् । सामाजिक परिवर्तनको क्रममा सांस्कृतिक एवम् आर्थिक चेतनामा पनि प्रभाव आइरहन्छ । यसरी नै प्रशासन, शिक्षा, स्वास्थ्य, विज्ञान, कला साहित्य, पत्रकारिता लगायतका क्षेत्र पनि युगचेतनाका आधार हुन् ।

(घ) नेपाली लघुकथामा विभिन्न वादहरूको प्रभाव पाइन्छ । यसै सन्दर्भमा यस अध्ययनमा नेपाली लघुकथामा दार्शनिक युगचेतनाको अभिव्यक्तिका क्रममा आदर्शोन्मुख यथार्थवाद, अस्तित्ववाद-विसङ्गतिवाद, मनोविश्लेषणवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद एवम् उत्तरआधुनिकताको प्रयोगगत सन्दर्भलाई समेत उदाहरण सहित पुष्टि गरिएको छ । नेपाली लघुकथा लेखनमा विभिन्न चिन्तनको प्रभावका साथै युगचेतनागत प्रवृत्तिका माध्यमबाट लेखनगत परिष्कार तथा विशिष्टपन थपिँदै गएको छ ।

(ङ) नेपाली लघुकथामा शैलीशिल्पगत विन्यासमा विविधता पाइन्छ । आख्यानका विधातत्त्व लघुकथाका पनि विधातत्त्व भए पनि लघुकथाका केही विशिष्ट पक्ष पनि रहेका छन् । आख्यानात्मक सूक्ष्मता, परिवेशगत सिमितता, पात्रविधानगत सीमितताका साथै दृष्टिबिन्दुमा पनि तृतीय पुरूषको आधिक्यता पाइनु यसको मूख्य पक्ष हो । लघुकथा रचनामा नेपाली युगजीवनका विभिन्न चेतना समेत व्यक्त हुँदै पाइन्छ । नेपाली लघुकथाका रूपविन्यासगत बुनोटलाई प्रस्तुत गर्ने विभिन्न पक्ष विचलन, समानान्तरता, पर्यायोक्ति, विशेषणगुच्छको प्रयोग, दृष्टान्तिकरण, अप्रचलित शब्द वा शब्दयुग्मको प्रयोग, सादृश्यविधान अर्न्तगत बिम्ब, प्रतिक, अलङ्कार, मानवीकरण, व्यङ्गोक्ति, उखान, टुक्का, नवनिर्मित क्रिया, उक्तिवैतित्र्य, क्रियामुक्त वाक्य, संवादात्मक शैली, लोककथात्मक शैलीले नेपाली लघुकथा रचनालाई समृद्ध बनाएको देखिन्छ । नेपाली लघुकथामा शैलीगत नवीनताका साथै युगचेतनागत प्रवृत्ति समेत व्यक्त भएको सन्दर्भमा नेपाली लघुकथा विषय, विचार एवम् संरचना तथा भाषाशैलीका दृष्टिले समृद्ध बन्दै गएको पाइन्छ ।

### ७.३ शोधका उपलब्धि

प्रस्तुत शोधकार्यबाट निम्न उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

(क) प्रस्तुत शोध नेपाली लघुकथाका सम्बन्धमा गरिएको पहिलो विद्यावारिधि तहको अध्ययन भएकाले नेपाली लघुकथाका बारेमा अध्ययन गर्न चाहने अध्येता एवम् विद्यार्थीका लागि सहयोगी सिद्ध हुने साथै नेपाली साहित्यमा युगचेतनागत्त प्रवृत्ति

विषयमा गरिएको पहिलो विद्यावारिधि अध्ययन भएकाले पनि यस शोधप्रबन्धको महत्व देखिन्छ ।

(ख) लघुकथाको विश्लेषणका लागि युगचेतनागत प्रवृत्तिको अवधारणा एवम् मान्यताको निर्धारण गरिएकाले युगचेतनाका सन्दर्भमा अध्ययनका लागि सहजता निर्माण गर्ने देखिन्छ ।

(ग) यस शोधप्रबन्धमा नेपाली लघुकथाको विकासक्रमको बारेमा चर्चा गर्नुका साथै युगचेतनाको समेत निर्धारण गरिएको छ । नेपाली लघुकथाको लेखन परम्परा एवम् कालक्रमिक अध्ययनका सन्दर्भमा यसले मद्दत पुऱ्याउने देखिन्छ ।

(घ) यस अध्ययनमा नेपाली लघुकथामा पाइने विषयवस्तुगत, वादगत एवम् संरचना र भाषाशैलीगत विभिन्नतालाई देखाउनुको साथै यावत् पक्षमा पाइने युगचेतनागत प्रवृत्तिको निरूपण गरिएकोले नेपाली लघुकथाको समग्र अध्ययनका दृष्टिले उपयोगी हुने देखिन्छ । नेपाली लघुकथाको सचेत प्रयोग भएको वि.स. २००७ देखि वि.स. २०७२ चैत्र सम्म कृति प्रकाशित भएका लेखकका रचनाको विश्लेषण गरिएकोले नेपाली लघुकथाको अध्ययनका लागि उपयोगी सामग्री हुने देखिन्छ ।

# परिशिष्ट एक

## नेपाली लघुकथाका हालसम्म प्रकाशित पुस्तकको सूची

| क्र.स. | लेखकको नाम, थर | कृतिको नाम | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| १. | पूर्णप्रसाद ब्राह्मण | झिल्का | २००७ | लेखक स्वयं |
| २. | जयनारायण गिरी | कसिंगर | २००८ | जे.बि.तामाङ, कलकत्ता |
| ३. | रामकुमार श्रेष्ठ र जगमोहन शाक्य | बाह्र मसाला | २०१८ | तुलसीप्रसाद उपाध्याय दाहाल, ताप्लेजुङ |
| ४. | शशिकला शर्मा | उसको सुरूवाल | २०१९ | शशिकला शर्मा, काठमाडौं |
| ५. | विश्वम्भर प्याकुरेल | इन्द्रेणीको गुम्बजभित्र | २०२९ | केदारध्वज प्रधान, काठमाडौं |
| ६. | आशा र साथी | लघु | २०३३ | ज्ञानज्योति पुस्तकालय, भक्तपुर |
| ७. | अनिता तुलाधर | फुलु | २०३४ | बान्किलो प्रकाशन, काठमाडौं |
| ८. | दुर्लभलाल सिंह | झुलभित्रको मान्छे | २०३७ | साझा प्रकाशन, काठमाडौं |
| ९. | जगदिश नेपाली | जगदिश नेपालीका केही लघुकथाहरू | २०३९ | महानन्द प्रकाशन, धरान |
| १०. | रत्न कोजू | बूढो वर्तमान | २०३९ | आरोहण प्रकाशन, भक्तपुर |
| ११. | विनयकुमार कसजु | पशुतन्त्र | २०३९ | गंगादेवी कसजु, पाल्पा |
| १२. | रमेश नेपाली | पाटीकी बौलाही | २०४० | महानन्द प्रकाशन, धरान |
| १३. | पूर्णप्रसाद ब्राह्मण | एकतिस कथा | २०४१ | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं |
| १४. | अमोददेव भट्टराई | हस्ताक्षर | २०४७ | अदेभको व्यक्तिगत पुस्तकालय, काठमाडौं |
| १५. | बालमुकुन्द खनाल | बाध्यता | २०५० | मुकुन्द, काठमाडौं |
| १६. | भागीरथी श्रेष्ठ | रङ्गीन पोखरी | २०५० | सृजनशील प्रकाशन, काठमाडौं |
| १७. | रामबहादुर बानियाँ क्षेत्री | यो जीत कस्को ? | २०५० | बानियाँ परिवार सहयोग, के.स. काठमाडौं |
| १८. | ध्रुव मधिकर्मी | बुद्ध कहीं छैन | २०५१ | साझा प्रकाशन, ललितपुर |
| १९. | सुमन सौरभ | आधुनिक लघुकथाहरू | २०५२ | भुवना खरेल, काठमाडौं |
| २०. | किशोर पहाडी | किम्वदन्ती | २०५३ | मिनी प्रोडक्सन्स, काठमाडौं |
| २१. | रवीन्द्र समीर | तेस्रो आँखा | २०५३ | लेखक स्वयं, काठमाडौं |
| २२. | वासु मार्मिक | छेस्काछेस्की | २०५३ | बादे, ललितपुर |
| २३. | विनयकुमार कसजू | लिस्नो | २०५३ | गंगादेवी कसजु, पाल्पा |
| २४. | कपिल लामिछाने | अन्यथा | २०५४ | साहित्य सदन, भैरहवा |
| २५. | विश्वराज अधिकारी | सूर्य | २०५४ | प्रतिक प्रकाशन समूह प्रा.लि., विरगञ्ज |
| २६. | इन्दिरा प्रसाई | बयान | २०५५ | लोकमानसिँह कार्की काठमाडौं |
| २७. | रामविक्रम थापा | पात्रहरु | २०५५ | चक्रप्रसाद पौडेल, खोटाङ्ग |
| २८. | हरिगोविन्द लुइटेल | समय र पोखरी | २०५६ | सिर्जना : चैत्र ३ |
| २९. | कृष्ण शाह यात्री | सूक्ष्म शिखाहरु | २०५६ | रामचन्द्र शाह, काठमाडौं |
| ३०. | नवराज रिजाल | अदृश्य पीडा | २०५७ | प्रज्ञापन प्रकाशन, काठमाडौं |
| ३१. | नारायण तिवारी | दशैँखर्च | २०५७ | साझा प्रकाशन, ललितपुर |
| ३२. | विनयकुमार कसजू | थोपाथोपा | २०५७ | गंगादेवी कसजु, पाल्पा |
| ३३. | प्रयास सौरभ श्रेष्ठ | बिम्ब प्रतिबिम्ब | २०५८ | लेखक स्वयं, धादिङ |
| ३४. | विष्णुवहादुर सिंह | आफ्नो-बिरानो | २०५८ | राष्ट्रवाणी साप्ताहिक, काठमाडौं |
| ३५. | श्रीओम श्रेष्ठ रोदन | आँखीझ्याल | २०५८ | रूद्र थापा, काठमाडौं |
| ३६. | गोविन्द भट्टराई | भाग्यले लुटेको जिन्दगी | २०५९ | सीता गौतम, पाल्पा |
| ३७. | पुष्करराज भट्ट | कर्मयोद्धा | २०५९ | जनमत प्रकाशन, काभ्रेपलाञ्चोक |
| ३८. | यमनदेव उत्प्रेरक | यात्रारम्भ | २०५९ | लेखक स्वयं, मकवानपुर |
| ३९. | शेखरकुमार श्रेष्ठ | सागरपुर | २०५९ | उज्जवलकुमार श्रेष्ठ, काठमाडौं |
| ४०. | अगिब बनेपाली | शुभयात्रा | २०६० | सुमा श्रेष्ठ, भक्तपुर |
| ४१. | इन्द्रकुमार विकल्प | सर्वदलीय घर | २०६० | रामचन्द्र जोशी, पर्वत |
| ४२. | किशन थापा अधिर | अन्धाहरुको देशमा | २०६० | नेपाली आख्यान समाज, काठमाडौं |
| ४३. | कुसुम ज्ञवाली | सहिदले बिर्सेको गाउँ | २०६० | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| ४४. | डम्बर रसिक भारती | भूइँकुहिरो | २०६० | दुःखी प्रकाशन, सिन्धुपलाञ्चोक |
| ४५. | बद्रि पलिखे | मनस्थिति | २०६० | वाणी प्रकाशन, मोरङ |
| ४६. | विजय सागर | सागरका कथाहरु | २०६० | गोविन्द परिवार, पाल्पा |
| ४७. | विश्वराज अधिकारी | ऋभिनय | २०६० | प्रज्ञापन प्रकाशन, काठमाडौं |
| ४८. | हिरण्य भोजपुरे | जङ्घार | २०६० | सितु भोजपुरे र अन्य, काठमाडौं |
| ४९. | अच्युत घिमिरे | शिखर चढिरहेको मान्छे | २०६१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ५०. | कपिल लामिछाने | जलमानव | २०६१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ५१. | केशव प्रधान | दुर्गे दमाइको मृत्यु | २०६१ | कौशिकी साहित्य प्रतिष्ठान, काठमाडौं |
| ५२. | गोरखबहादुर सिँह | आलुप्याज प्याजआलु | २०६१ | साझा प्रकाशन, ललितपुर |
| ५३. | पोष चापागाईं | हाइकु कथा | २०६१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ५४. | भरत भारद्वाज | प्रश्नको क्याराभान | २०६१ | बसुन्धरा मान प्रज्ञा प्रकाशन, काठमाडौं |
| ५५. | भूपेन्द्र सुवेदी | एक मूल एकाउन्न फूल | २०६१ | लेखक स्वयं, काठमाडौं |
| ५६. | माधव लामिछाने | पुरस्कार | २०६१ | शिशिर शर्मा, काठमाडौं |
| ५७. | श्रीबाबु कार्की उदास | समय- बाछिटा | २०६१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ५८. | षडानन्द पौडेल | परिवेश | २०६१ | गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पर्वत |
| ५९. | अगिब बनेपाली | अन्तिम आग्रह | २०६२ | भक्तपुर साहित्य प्रतिष्ठान, भक्तपुर |
| ६०. | अमित घिमिरे | सलह | २०६२ | गंगा लामिछाने, सिन्धुपलाञ्चोक |
| ६१. | गोपाल ढकाल | अस्ताएको सूर्य | २०६२ | कमला ढकाल (बराल), काठमाडौं |
| ६२. | धनुषराज राई | सेतो हस्ताक्षर | २०६२ | ज्योतिपुञ्ज साइन आर्ट, काठमाडौ |
| ६३. | पदमप्रसाद शर्मा | उपहार | २०६२ | विशजी प्रकाशन, दाङका लागि विष्णुप्रसाद अधिकारी |
| ६४. | पुष्करराज भट्ट | मुक्तिदूत | २०६२ | गोपालदत्त भट्ट/राधिकादेवी भट्ट, कैलाली |
| ६५. | बि. थुलुङ | अनुभूत | २०६२ | राष्ट्रिय वाङ्मय कला प्रतिष्ठान, खोटाङ |
| ६६. | रवीन्द्र समीर | पोष्टमार्टम | २०६२ | दिपा पाण्डेय, काठमाडौं |
| ६७. | राजुराम मुनकर्मी | अन्तरद्वन्द्व | २०६२ | विवेक सिर्जनशिल प्रकाशन, काठमाडौं |
| ६८. | हरिहर पौडेल | कालो उज्यालो | २०६२ | चितवन वाङ्मय प्रतिष्ठान, चितवन |
| ६९. | ज्योतिप्रभा बिष्ट | उज्यालो रोएपछि | २०६३ | जगतबहादुर बिष्ट, काठमाडौं |
| ७०. | डमरूबल्लभ गडतौला | भ्यागुताको चुरिफुरी | २०६३ | लेखक स्वयं, झापा |
| ७१. | बुद्धिनाथ ज्ञवाली | जल्दै गरेको आकाश | २०६३ | बर्दियाली साहित्य समाज, बर्दिया |
| ७२. | मित्र राजु पाठक | भलादमी श्रीमती | २०६३ | रत्नराधिका साहित्य परिषद, ललितपुर |
| ७३. | रवीन्द्र समीर | विकिरण | २०६३ | शब्दघर प्रकाशन, काठमाडौं |
| ७४. | शिवहरि अधिकारी | दुखेको मन | २०६३ | हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवन |
| ७५. | हरिप्रसाद भण्डारी | अविरल यात्रा | २०६३ | भुँडीपुराण प्रकाशन, काठमाडौं |
| ७६. | एल. बी. क्षेत्री | त्रिशङ्कुको देशमा | २०६४ | चितवन वाङ्मय प्रतिष्ठान, ललितपुर |
| ७७. | कृष्ण बजगाई | यन्त्रवत् | २०६४ | अनेसास, अमेरिका |
| ७८. | कृष्ण शाह यात्री | आणविक अस्त्र | २०६४ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ७९. | प्रदिप प्रधान | द्वन्द्वकालीन कथा | २०६४ | पुष्पाञ्जली प्रधान, बुटवल |
| ८०. | पुष्करराज भट्ट | एक थोपा सागरको | २०६४ | महाकाली साहित्य संगम, कञ्चनपुर |
| ८१. | शर्मिला खडका दाहाल | सम्वत अफिस | २०६४ | उत्खनन नारी साहित्य प्रतिष्ठान, इटहरी |
| ८२. | हरिहर खनाल | हरिहर खनालका छोटा कथाहरू | २०६४ | निरन्तर प्रकाशन प्रा.लि., काठमाडौं |
| ८३. | आर.आर. चौलागाई | विघटनको तयारीमा | २०६५ | श्रीमती विष्णु ओझा (चौलागाई), हेटौडा |
| ८४. | गोरखबहादुर सिंह | नगरसभाको पाँचौ दिन | २०६५ | साझा प्रकाशन, ललितपुर |
| ८५. | नारा जोशी | भीडमा एक्लो मान्छे | २०६५ | जागृति जोशी (बडु), कञ्चनपुर |
| ८६. | रवीन्द्र समीर | ईश्वरका कथा | २०६५ | रत्न पुस्तक भण्डार काठमाडौं |
| ८७. | सुमन सौरभ | पराइ विचार | २०६५ | भुवना खरेल, काठमाडौं |
| ८८. | सरस्वती रिजाल | प्रसङ्ग, भ्रम र पात्रहरु | २०६५ | अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन |
| ८९. | सुमन राज ताम्राकार | गठेमङ्गल | २०६५ | लेखक स्वयं, काभ्रेपलाञ्चोक |

| | | | | |
|---|---|---|---|---|
| ९०. | कृष्ण बजगाईं | रोडम्याप | २०६६ | अनेसास, अमेरिका |
| ९१. | जगदिश घिमिरे | बर्दी | २०६६ | जगदिश घिमिरे प्रतिष्ठान, रामेछाप |
| ९२. | दिलिप शाह | जालो | २०६६ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ९३. | देवेन्द्र अर्याल 'आँशु' | घाइते ईश्वर | २०६६ | राजेश ढकाल 'प्यासी', काठमाडौं |
| ९४. | भिम राना जिज्ञासु | कर्फ्यु लागेको दिन | २०६६ | लुम्बिनी प्रकाशन, काठमाडौं |
| ९५. | मुक्तिनाथ घिमिरे | २१६६ | २०६६ | अक्सफोर्ड इन्टरनेशनल प्रकाशन, काठमाडौं |
| ९६. | विनयकुमार कसजू | स्याललाई स्लिपिङ ब्याग | २०६६ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| ९७. | सनत रेग्मी | स्मृतिदंश र अन्य कथाहरू | २०६६ | साझा प्रकाशन, ललितपुर |
| ९८. | सुशिला देउजा | दोभान | २०६६ | नवएकिकृत सांस्कृतिक केन्द्र, काठमाडौं |
| ९९. | खेमराज खनाल | भोट, भोटो र भुक्तमान | २०६७ | लेखक स्वयं, सुनसरी |
| १००. | टङकराम सुनुवार 'सिर्सेली' | परेङ् | २०६७ | चुप्लु समाज, काठमाडौं |
| १०१. | नवराज रिजाल | माटो खोज्दै | २०६७ | प्रज्ञापन प्रकाशन, काठमाडौं |
| १०२. | रवीन्द्र समीर | अर्जुनदृष्टि | २०६७ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| १०३. | रमेश परियार | समय चक्र | २०६७ | पर्वत साहित्य सङ्गम, पर्वत |
| १०४. | रामबहादुर बानियाँ क्षेत्री | लघुकथा सङ्ग्रह | २०६७ | बानियाँ समाज, पोखरा |
| १०५. | श्रीओम श्रेष्ठ रोदन | भ्रममार्ग | २०६७ | अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, काठमाडौं |
| १०६. | सन्तोष श्रेष्ठ | अधुरो सपना | २०६७ | रापती समाज, काठमाडौं |
| १०७. | हरिप्रसाद भण्डारी | काला सर्पको खोजी | २०६७ | साझा प्रकाशन, ललितपुर |
| १०८. | टंकबहादुर आले मगर | कालो छाया | २०६८ | तुला आलेमगर/परिमल आले मगर |
| १०९. | डमरूबल्लभ गडतौला | खडेरीको पोखरी | २०६८ | लेखक स्वयं, झापा |
| ११०. | महेश प्रसाई | फूलै फूलका आलापहरू | २०६८ | साझा प्रकाशन, ललितपुर |
| १११. | रसुवाली कवि | हत्यारो विदेशतिर | २०६८ | जयगौरी पब्लिकेशन, काठमाडौं |
| ११२. | राजु क्षेत्री अपुरो | मेरा केही लघुकथाहरू | २०६८ | ? |
| ११३. | रमेश भट्टराई 'पुजारी' | उर्दी | २०६८ | वनिता प्रकाशन, काठमाडौं |
| ११४. | लुमडी आचार्य | कागजको खोस्टो | २०६८ | दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष, काठमाडौं |
| ११५. | साधना प्रतिक्षा | सन्दिग्ध समयका पाइलाहरु | २०६८ | अक्सफोर्ड इन्टरनेशनल प्रकाशन, काठमाडौं |
| ११६. | सिन्धु गौतम | कर्कलाको शीत | २०६८ | पैरवी प्रकाशन, काठमाडौं |
| ११७. | सुमन सौरभ | चौथो लिङ्गी | २०६८ | साझा प्रकाशन, ललितपुर |
| ११८. | होम क्षेत्री | मुक्ति | २०६८ | ? |
| ११९ | कल्याण पन्त | समय सन्दर्भ | २०६९ | नेपाल गद्य लेखक परिषद, कास्की |
| १२०. | कपिल लामिछाने | बोन्साई | २०६९ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| १२१. | कृष्ण शाह यात्री | तारो | २०६९ | डिकुरा प्रकाशन, काठमाडौं |
| १२२. | चन्द्रप्रसाद न्यौपाने | नयाँ घर | २०६९ | हरिशरण पुरी, सिन्धुपलाञ्चोक |
| १२३. | चिन्तु गिरी | पछुतो | २०६९ | स्याङजा साहित्य परिषद, स्याङ्जा |
| १२४. | डम्बर रसिक भारती | तुवाँलो | २०६९ | डिकुरा प्रकाशन, काठमाडौं |
| १२५. | दिलीप सगर राई | नियति | २०६९ | लेखक स्वयं, मोरङ |
| १२६. | मणिकुमार पोखेल | तिरस्कृत सिउँदो | २०६९ | विमला पोखरेल, सुर्खेत |
| १२७. | मित्र आभाष | अग्रगमन | २०६९ | उत्तरकुमार ओली, दाङ |
| १२८. | रवीन्द्र समीर | अणु र पहाड | २०६९ | पैरवी बुक हाउस, काठमाडौं |
| १२९. | रामचन्द्र नेपाल | प्रतिबिम्ब | २०६९ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| १३०. | राधा कार्की | सम्वाहक | २०६९ | मनोज कार्की, काठमाडौं |
| १३१. | विमला अधिकारी | गोरिल्ला | २०६९ | साझा प्रकाशन, ललितपुर |
| १३२. | सुशील सिम्खडा | च्यातिएका मनहरू | २०६९ | मुजुरा राष्ट्रिय मासिक पत्रिका, काठमाडौं |
| १३३. | कैलाशकुमार शिवाकोटी | विस्थापित शुक्रराज | २०७० | लेखक स्वयं, काठमाडौं |
| १३४. | राजु दाहाल | सोली | २०७० | लघुकथा समाज, काठमाडौं |
| १३५. | नारायण तिवारी | महँगी, भोक र सार्वभौमसत्ता | २०७० | रत्न पुस्तक भण्डार, काठमाडौ |
| १३६. | रामचन्द्र खतिवडा | दमिनी कान्छी | २०७० | सुरभि साहित्य प्रतिष्ठान, काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| १३७. | कल्याण पन्त | प्रसाद | २०७१ | प्रेमकुमारी गुरूङ, कास्की |
| १३८. | कलाधर काफ्ले | उपहार | २०७१ | दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल |
| १३९. | टिकाराम रेग्मी | विपर्यास | २०७१ | अक्षर समूह, चितवन |
| १४०. | नारायण मरासिनी | हेडसरका कथा | २०७१ | साहित्य श्रङ्खला, पोखरा |
| १४१. | प्रेमसिंह धामी | प्रेमसिंह धामीका साहित्यिक रचनाहरू | २०७१ | पुष्करराज भट्ट, कैलाली |
| १४२. | भाष्कर | टाउकोको खोजी | २०७१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| १४३. | रामकुमार पण्डित क्षेत्री | देशको खोजी | २०७१ | सुरभि साहित्य प्रतिष्ठान, काठमाडौं |
| १४४. | लक्ष्मण नेवटिया | यो जोसँग सम्बन्धित छ | २०७१ | जयराम नेवटिया सेवा कोष, मोरङ |
| १४५. | सरूभक्त | विरूपाक्ष र देश | २०७१ | रत्न पुस्तक भण्डार |
| १४६. | सुमन सौरभ | मृत्यु सङ्ग्रह | २०७१ | विवेक सिर्जनशील प्रकाशन, काठमाडौं |
| १४७. | अच्युत घिमिरे | भुँइचालोको डर | २०७२ | सुरभि साहित्य प्रतिष्ठान, काठमाडौं |
| १४८. | कमल दिक्षित | कमल दिक्षितका लघुकथा खण्ड एक | २०७२ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| १४९. | कमल दिक्षित | कमल दिक्षितका लघुकथा खण्ड दुई | २०७२ | रत्न पुस्तक भण्डार, काठमाडौं |
| १५०. | कृष्ण सर्वहारी | कमैया बस्तीमा भगवान | २०७२ | गंगा डगौरा, कैलाली |
| १५१. | प्रोल्लास सिन्धुलीय | टाउको नभएको तस्वीर | २०७२ | बुकसेलर, काठमाडौं |
| १५२. | रवीन्द्र समीर | एकलव्य दृष्टि | २०७२ | फाइनप्रिन्ट बुक्स, काठमाडौं |
| १५३. | रवीन्द्र समीर | व्यङ्ग्यम शरणं गच्छामी | सन् २०१४ | बुकसेलर, काठमाडौं |
| १५४. | कृष्ण बजगाई | क्वच | २०७३ | विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौं |
| १५५. | खेमराज पोखरेल | पछ्यौरीको आइसक्रिम | २०७३ | मोलुङ फाउण्डेसन, काठमाडौं |
| १५६. | खेमराज पोखरेल | दह्रो लौरो | २०७३ | मोलुङ फाउण्डेसन, काठमाडौं |
| १५७. | दुर्गाप्रसाद ग्वाल्टारे | बोधिसत्वको खोजी | २०७३ | बुकसेलर काठमाडौं |
| १५८. | राजु क्षेत्री अपुरो | भाग्य र कर्म | २०७३ | पाथिभरा प्रेस, काठमाडौं |
| १५९. | विश्वराज अधिकारी | अन्तिम निर्णय | २०७३ | प्रतिक प्रकाशन समूह, विरगञ्ज |
| १६०. | हरि थापा | परिमित | २०७३ | शब्दार्थ प्रकाशन, काठमाडौं |

## सन्दर्भसामग्री सूची

### १. नेपाली सूची


अश्क. गोपाल (२०५९). “नेपाली लघुकथा : उद्भव र विकास”. **समकालीन साहित्य** १२/४. ४६). पृ. ५०-५९ ।

....(२०६५). **नेपाली लघुकथा : प्रक्रिया र पाठ.** काठमाडौं : साझा प्रकाशन ।

अर्याल ‘आँशु’. देवेन्द्र (२०६६). **घाइते ईश्वर.** काठमाडौं : राजेश ढकाल ‘प्यासी’ ।

अधिकारी. विश्वराज (२०५४). **सूर्य**. विरगञ्ज : प्रतीक प्रकाशन समूह प्रा.लि ।

.....(२०६०). **अभिनय.** काठमाडौं : प्रज्ञापन प्रकाशन ।

अधिकारी. हेमाङ्गराज (२०६८). **प्रयोगात्मक नेपाली व्याकरण.** ललितपुर : साझा प्रकाशन ।

अधिकारी. विमला (२०६९). **गोरिल्ला.** ललितपुर : साझा प्रकाशन ।

अधिकारी. शारदा (२०५८). “विषय र प्रस्तुतिका दृष्टिले आजका लघु/लघुत्तम कथाहरू”. **गुञ्जन**. (५/ ३). पृ. ८३-८४ ।

अधिकारी. शिवहरि (२०६२). **दुखेको मन.** चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान ।

आचार्य. गिरिराज (२०३९). “मन्तव्य”. **जगदीश नेपालीका केही लघु कथाहरू** जगदीश नेपाली. (ले.) धरान : महानन्द प्रकाशन ।

आचार्य. लुमडी (२०६८). **कागजको खोस्टो**. काठमाडौं : दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष ।

आभाष. मित्र (२०६९). **अग्रगमन.** दाङ : उत्तरकुमार ओली ।

आशा र साथी (२०३३). **लघु.** भक्तपुर : ज्ञान ज्योति पुस्तकालय ।

आले मगर. टंकबहादुर (२०६४). **कालो चाया.** उदयपुर : तुला आलेमगर/परिमल आले मगर ।

ओझा. रामनाथ (२०५९). “लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्य चेतना”. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र संकाय. डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

इस्माली (२०६४). “प्रदीपका लघुकथाहरू”. **द्वन्द्वकालीन कथा.** प्रदीप प्रधान.(ले.). बुटवल : पुष्पाञ्जली प्रधान ।

उत्प्रेरक. यमनदेव (२०५९). **यात्रा-आरम्भ**. हेटौडा : लेखक स्वयम् ।

कँडेल. घनश्याम (२०५८). “सम्मति र शुभेच्छा”. **बिम्ब प्रतिबिम्ब.** प्रयास सौरभ श्रेष्ठ. ले.). धादिङ : लेखक स्वयम् ।

कवि. रसुवाली (२०६८). हत्यारो विदेशतिर. काठमाडौं : जय गौरी पब्लिकेशन ।

कसजू. विनयकुमार (२०३९). **पशुतन्त्र.** पाल्पा : गङ्गादेवी कसजू ।

.... (२०६५). “लघुकथा : गल्फदेखि झल्याँस्ससम्म”. **प्रतिनिधि नेपाली लघुकथा**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन. पृष्ठ ३३-४८ ।

....(२०५७). **थोपाथोपा.** पाल्पा : गंगादेवी कसजु ।

.....(२०६६). **स्याललाई स्लिपिङ् ब्याग.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

काफ्ले. कलाधर (२०७१). **उपहार.** काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल ।

कार्की ‘उदास’. श्रीबाबु (२०६१). **समय- बाछिटा**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

कार्की. राधा (२०७०). **संवाहक.** काठमाडौं : मनोज कार्की ।

....(२०७१). दो.स.**संवाहक.** काठमाडौं : मनोज कार्की ।

कोइराला. कुमारप्रसाद (२०५९). “नेपाली लघुकथा : स्वरूप र परम्परा”. **दीपशिखा**-(१३. ७/७). पृ. १५-२३ ।

कोजू. रत्न (२०३९). **बूढो वर्तमान**. भक्तपुर : आरोहण प्रकाशन ।

क्षेत्री. एल. बी (२०६४). **त्रिशङ्कुको देशमा.** चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

क्षेत्री. रामकुमार पण्डित (२०७१). **देशको खोजी.** काठमाडौं : सुरभि साहित्य प्रतिष्ठान ।

क्षेत्री. रामबहादुर बानियाँ (२०५०). **यो जीत कस्को ?.** काठमाडौं : बानिया परिवार सहयोग केन्द्रिय समिति ।

....(२०६७). **लघुकथा-सङ्ग्रह.** पोखरा : बानियाँ प्रकाशन ।

खडका. गणेशकुमार (२०६०). “विनयकुमार कसजूको जीवनी, व्यक्तित्व र कृतित्व”. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग.त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

खनाल. बालमुकुन्द (२०५०). **बाध्यता.** काठमाडौं : मुकुन्द ।

खनाल. हरिहर (२०६४). **हरिहर खनालका छोटा कथाहरू.** काठमाडौं : निरन्तर प्रकाशन ।

खतिवडा. रामचन्द्र (२०७०). **दमिनी कान्छी.** काठमाडौं : सुरभि साहित्य प्रतिष्ठान ।

गडतौला. डम्मरूबल्लभ (२०६८). **खडेरीको पोखरी.** झापा : स्वयम् ।

गिरी. जयनारायण (२०५९) दो.स. **कसिंगर.** काठमाडौं. नई प्रकाशन ।

गिरी "प्रेरणा" गोविन्द. (२०५६). "लघुकथाको बनोट र नेपाली लघुकथा". **मधुपर्क-** (३२/४. ३६२). पृ. ७१-७२ ।

....(२०६२)."लघुकथा र नेपाली लघुकथा" **तेलको धुप.** काठमाडौं : बगर फाउन्डेसन ।

गिरी. मधुसूदन (२०६३). "विविधतायुक्त स्वरहरूको संकलन-जल्दै गरेको आकाश". **जल्दै गरेको आकाश**. बुद्धिनाथ ज्ञवाली. (ले.). काठमाडौं : मध्य पश्चिमाञ्चल साहित्य प्रतिष्ठान ।

गोर्खाली. रमेश (२०५७). "अदृश्य पीडा : मेरो अनुभूति".(मन्तव्य). **अदृश्य पीडा.** नवराज रिजाल. (ले.). बारा : प्रज्ञापन प्रकाशन ।

गौतम. कृष्ण (२०५६). सूक्ष्म शिखाहरूको पर्यवेक्षणमा एकछिन".(भूमिका). **सूक्ष्म शिखाहरू.** कृष्ण शाह यात्री. (ले). काठमाडौं : रामचन्द्र शाह ।

गौतम. ध्रुवचन्द्र (२०६०). "अनेकन रहस्यहरूको उदघाट्न". **अन्धाहरूको देशमा.** किशन थापा 'अधिर' (ले.). काठमाडौं : नेपाली आख्यान समाज ।

गौतम. लक्ष्मणप्रसाद (२०५६). "लघुकथाको स्वरूप, संरचना र तत्त्व". **मधुपर्क** (३२/४. ३६२). पृ. ६१-६२ ।

.....(२०६०). **नेपाली कविताको बिम्बपरक अध्ययन.** ललितपुर. साझा प्रकाशन ।

....(२०६३). **समकालीन नेपाली कविताका प्रवृत्ति.** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. काठमाडौ ।

....(२०६६). **समकालीन नेपाली कविताका प्रवृत्ति.** काठमाडौं : पैरवी प्रकाशन ।

....(२०६७). "लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ" नेपाल प्रज्ञा प्रतिष्ठान, गद्य/आख्यान विभाग र नेपाली लघुकथा समाजको आयोजनामा २०६७ कार्तिक २७ गते, काठमाडौंमा भएको विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

.....(२०६८)."छन्दोबद्ध नेपाली कवितामा युगबोध". नेपाल प्रज्ञा प्रतिष्ठानबाट साहित्यिक विषयको विद्वत्वृत्तिका लागि विशेष अनुसन्धान ।

....(२०६९). "लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथा परम्परा". **नेपाली लघुकथा.**

अङक १ । पृ. २-१८

....(२०७२). **लघुकथाको रचनाविधान.** काठमाडौं : लघुकथा समाज ।

गौतम. लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९). "नेपाली लघुकथाको विकासप्रक्रिया". **नेपाली कथाको इतिहास.** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम. सिन्धु (२०६८). **कर्कलाको शीत**. काठमाडौ : पैरवी प्रकाशन ।

गौतम. हेमकुमार (२०५१). "भागीरथी श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व". अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय.नेपाली केन्द्रीय विभाग. कीर्तिपुर ।

घिमिरे. अच्युत (२०६१). **शिखर चढिरहेको मान्छे.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

घिमिरे.अमित (२०६२). **सलह.** सिन्धुपलाञ्चोक : गंगा लामिछाने ।

घिमिरे. जगदीश (२०६६). **वर्दी.** रामेछाप : जगदिश घिमिरे प्रतिष्ठान ।

घिमिरे. मुक्तिनाथ (२०६६). **२१६६**. काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल प्रकाशन ।

घिमिरे. रामबाबु (२०६५). "लेखिका र कथाकारिताको सन्दर्भमा". **प्रसङ्ग, भ्रम र पात्रहरू.**सरस्वती रिजाल. (ले.). चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

चापागाई. निनु (२०५९). "प्रगतिवादी साहित्य र यसको विशेषता". **वेदना.** २९/१, ६५, पृ.६६-७६ ।

.... (२०६६). "साहित्यसम्बन्धी मार्क्सवादी अवधारणाहरू : संक्षिप्त बुँदाहरू".**प्रलेस.** १४/१६. पृ. ५-१२ ।

चापागाईं. पोष (२०६१). **हाइकु कथा.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

चालिसे. तारादेवी (२०६९). "कपिल लामिछानेको लघु कथाकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग। त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

चौलागाई. आर. आर. (२०६५). **विघटनको तयारीमा** .हेटौडा : श्रीमती विष्णु ओभा (चौलागाई) ।

जोशी. कुमारबहादुर (२०५४). **पाश्चात्य साहित्यका प्रमुख वाद.** ते.स. ललितपुर : साझा प्रकाशन ।

जोशी. जगतबहादुर (२०६०). "सागरका कथाहरू बारे दुई कुरा".**सागरका कथाहरू.**

विजय सागर (ले.). पाल्पा : गोविन्द परिवार ।

जोशी. नारा (२०६५). **भीडमा एक्लो मान्छे** . कञ्चनपुर : जागृति जोशी ।

ज्ञवाली. कुसुम (२०६०). **सहिदले बिर्सेको गाउँ.** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

ज्ञवाली. बुद्धिनाथ (२०६३). **जल्दै गरेको आकाश.** बर्दिया : बर्दियाली साहित्य समाज ।

ज्ञवाली. रामप्रसाद (२०५७). "घामले मसँग प्रकाश मागेपछि". **अदृश्य पीडा.** नवराज रिजाल. (ले.). बारा : प्रज्ञापन प्रकाशन ।

ढकाल. गोपाल (२०६२). **अस्ताएको सूर्य**. काठमाडौं : कमला ढकाल (बराल) ।

ताम्राकार. सुमन राज (२०६५). **गठेमङ्गल.** काभ्रेपलाञ्चोक : लेखक स्वयम् ।

तिवारी. दुर्गादेवी (२०६०) "साहित्यकार जगदीश नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

तिवारी. नारायण (२०५७). **दशैँखर्च**. ललितपुर : साझा प्रकाशन ।

.... (२०६५). "विघटनको तयारीमा बारे सबै सबै अक्षरहरुमा प्रकट भएझैं". **विघटनको तयारीमा.** आर.आर. चौलागाई (ले.) हेटौडा : श्रीमती विष्णु ओझा (चौलागाई) ।

....(२०७०). **महँगी, भोक र सार्वभौमसत्ता.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

तुलाधर. अनिता (२०३४). **फूलु.** काठमाडौं : बान्किलो प्रकाशन ।

तुलाधर. अनितालक्ष्मी (२०६०) "लघुकथाकार विनयकुमार कसजूका कथाकृतिको विश्लेषण र मूल्याङ्कन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

त्रिपाठी. वासुदेव (२०३६). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.**दो.सं. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी. सुधा (२०६८). **नारीवादी सौन्दर्यचेतना.** काठमाडौं : भृकुटी पब्लिकेसन्स् ।

थापा 'अधीर'. किशन (२०६०). **अन्धाहरुको देशमा**. काठमाडौं : नेपाली आख्यान समाज ।

थापा. देवकुमारी (२०३७). "दुई शब्द". **झुलभित्रको मान्छे.** दुर्लभलाल सिंह. (ले.). काठमाडौं : साझा प्रकाशन ।

थापा. रामविक्रम (२०५५). **पात्रहरु.** खोटाङ् : चक्रप्रसाद पौडेल ।

.... (२०५६). "लघु दृष्टिमा लघुकथा". **मधुपर्क.** (३२/४. ३६२). पृ. १४२-१४३ ।

थापा. रोशन "निरव" (२०५६). "लघुकथाको सैद्धान्तिक पक्ष र चालिसको दशकका लघुकथा". **मधुपर्क.** (३२/४. ३६२). पृ. ८५-८९ ।

थुलुङ. बी (२०६२). **अनुभूत.** खोटाङ : राष्ट्रिय वाङ्मय कला प्रतिष्ठान ।

दाहाल. राजु (२०७०). **सोली.** काठमाडौं : लघुकथा समाज नेपाल ।

दाहाल. शर्मिला खडका (२०६४). **सम्वत अफिस.** इटहरी : उत्खनन नारी साहित्य प्रतिष्ठान ।

देउजा. सुशीला (२०६६). **दोभान.** काठमाडौं : नवएकिकृत सांस्कृतिक केन्द्र ।

देवकोटा. बिजुलीदेवी (२०५६)."पूर्णप्रसाद ब्राह्मणको जीवनी, व्यक्तित्व र कृतित्व". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

नेपाल. रामचन्द्र (२०६९). **प्रतिबिम्ब.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

नेपाल. शैलेन्द्रप्रकाश (२०५५). "नेपाली साहित्यमा लघुकथा". **मधुपर्क.** (३१/४. ३५०). पृ. १३०-१३२ ।

नेपाली. जगदीश (२०३९). **केही लघुकथाहरु.** धरान : महानन्द प्रकाशन ।

नेवटिया. लक्ष्मण (२०७१). **यो जससँग सम्बन्धित छ.** विराटनगर : जयराम नेवटिया सेवा कोष ।

न्यौपाने. चन्द्रप्रसाद (२०६९ ) **नयाँ घर** . सिन्धुपलाञ्चोक : हरिशरण पुरी ।

न्यौपाने. पदमप्रसाद (२०६९). "रवीन्द्र समीरको लघुकथाकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पन्त. कल्याण (२०६९). **समय सन्दर्भ.** पोखरा : नेपाल गद्य लेखक परिषद ।

....(२०७१). **प्रसाद.** पोखरा : प्रेमकुमारी गुरूङ ।

पन्थी. रेणुका (२०५९). "पूर्णप्रसाद ब्राह्मणको कथाकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पलिखे. बद्री (२०६०). **मनस्थिति.** विराटनगर : वाणी प्रकाशन ।

पहाडी. किशोर (२०५३). **किंवदन्ती.** काठमाडौं : मिनी प्रोडक्सन्स ।

पहाडी. राजेन्द्र (२०६८). "उपसंहार". **इन्द्रकुमार विकल्पको लघुकथा सङ्ग्रह सर्वदलीय घरको समाजशास्त्रीय नालीबेली.** पर्वत : पर्वत साहित्य सङ्गम ।

प्रतीक्षा. साधना (२०६८). **सन्दिग्ध समयका पाइलाहरु.** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल प्रकाशन ।

प्रधान. केशव (२०६१). **दुर्गे दमाइको मृत्यु.** काठमाडौ : कौशीकी साहित्य प्रतिष्ठान ।

प्रधान. प्रदीप (२०६४). **द्वन्द्वकालीन कथा.** बुटवल : पुष्पाञ्जली प्रधान ।

प्रश्रित. मोदनाथ (२०६९). "प्रतिबिम्बमा बिम्बित रामचन्द्र प्रतिभा". **प्रतिबिम्ब.** रामचन्द्र नेपाल. (ले.). काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

प्रसाई. इन्दिरा (२०५५). **बयान** . काठमाडौं : लोकमानसिंह कार्की ।

प्रसाई. महेश (२०६८). **फूलै फूलका आलापहरू.** ललितपुर : साझा प्रकाशन ।

पाठक. 'मित्र' राजु (२०६३). **भलादमी श्रीमती.** ललितपुर : रत्नराधिका साहित्य परिषद ।

पाण्डेय. ताराकान्त (२०५७). "प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ" अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. डीनको कार्यालय. कीर्तिपुर ।

पाण्डेय. लक्ष्मी (२०६१). "जयनारायण गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पुजारी. रमेश भट्टराई (२०६८). **उर्दी.** काठमाडौं : वनिता प्रकाशन ।

पोखेल. ईश्वरीप्रसाद (२०५९). "नेपाली लघुकथाको परम्परा".अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

.....(२०६५). "नेपाली लघुकथा : एक अध्ययन". **प्रतिनिधि नेपाली लघुकथा**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

पोखरेल. बद्रीविशाल (२०६५). **प्रगतिवादी कविता : सिद्धान्त र प्रवृत्ति.** काठमाडौं : मिथिला पोखरेल ।

पोखरेल. बालकृष्ण तथा अन्य (२०६७). **बृहत नेपाली शब्दकोष**.सा.सं. काठमाडौ : नेपाल

प्रज्ञा प्रतिष्ठान ।

पोखरेल. मणिकुमार (२०६९). **तिरस्कृत सिउँदो.** काठमाडौं : विमला पोखरेल ।

पोखरेल. माधवप्रसाद (२०३९). “पशुतन्त्रका कथाहरूको मुटु छाम्न खोज्दा”. **पशुतन्त्र.** विनयकुमार कसजू.(ले.). पाल्पा : गङ्गादेवी कसजू ।

....(२०६१).“पोष चापागाईका हाइकु कथा”. **हाइकु कथा**. पोष चापागाई.(ले.) काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पौडेल. एकनारायण (२०६९). **समकालीन नेपाली समालोचनाका प्रवृत्ति**.अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. काठमाडौ ।

पौडेल. कृष्णराज (२०६३). “इन्द्रकुमार विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग। त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पौडेल. गोपीन्द्र (२०६३). “नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति”. **साहित्य सन्ध्या**. लघुकथा विशेष अंक. पृ. २२-३१ ।

....(२०६५).**कथाको सौन्दर्यशास्त्र.** काठमाडौं : उर्मिला पौडेल ।

पौडेल. षडानन्द (२०६१). **परिवेश** : पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय ।

पौडेल. हरिहर (२०६२). **कालो उज्यालो**. चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

पौडेल. हीरामणि शर्मा (२०३९). “पशुतन्त्रका कथाहरूको मुटु छाम्न खोज्दा”. **पशुतन्त्र.** विनयकुमार कसजू (ले). पाल्पा : गङ्गादेवी कसजू ।

बजगाई. कृष्ण (२०६४). **यन्त्रवत्** . अमेरिका : अनेसास ।

..... (२०६६). **रोडम्याप.** अमेरिका : अनेसास ।

बनेपाली. अगिब (२०६०). **शुभयात्रा** . भक्तपुर : सुमा श्रेष्ठ ।

.....(२०६२). **अन्तिम आग्रह.** भक्तपुर : भक्तपुर साहित्य प्रतिष्ठान ।

बन्धु. चूडामणि (२०६६). **नेपाली लोकसाहित्य** . काठमाडौं : एकता बुक्स ।

बराल. ऋषिराज (२०६३). **उपन्यासको सौन्दर्यशास्त्र.** ललितपुर : साझा प्रकाशन ।

बराल. कृष्णहरि (२०६९). **कथा सिद्धान्त.** काठमाडौं : एकता प्रकाशन ।

बराल. कृष्णहरि र नेत्र एटम (२०६६). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. ललितपुर : साझा प्रकाशन ।

बाङ्देल. (२००८). "भूमिका". **कसिंगर.** जयनारायण गिरी. (ले). कलकत्ता : जे.बि. तामाङ ।

ब्राजाकी. मनु (२०५३). "तेस्रो आँखाको दर्पणमा नियाल्दा". **तेस्रो आँखा.** रवीन्द्र समीर (ले). काठमाडौं : लघुकथाकार स्वयं ।

ब्राह्मण. पूर्णप्रसाद (२००७). **झिल्का.** काठमाडौं : पूर्णप्रसाद ब्राह्मण ।

....(२०४१). **एकतिस कथा**. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बिष्ट. ज्योतिप्रभा (२०६३). **उज्यालो रोएपछि.** ललितपुर : जगतबहादुर बिष्ट ।

बिष्ट. दौलतविक्रम (२०५०). "भूमिका". **रंगीन पोखरी.**भागिरथी श्रेष्ठ (ले). काठमाडौं : सृजनशील प्रकाशन ।

बिष्ट. भगवती (२०६४). "भूपेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

भण्डारी. गोपालप्रसाद (२०५६). "नेपाली साहित्यमा लघुकथा". **समष्टि.** (२०. ४/२९५). पृ. ५१-५२ ।

भट्ट. आनन्ददेव (२०६१). "पोष चापागाई र हाइकु कथा". **हाइकु कथा.** पोष चापागाई. (ले). काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

भट्ट. पुष्करराज (२०६९). "श्रीओम श्रेष्ठ रोदनको लघुकथाकारिता". **श्रृङ्खला**. (३५/१०). पृ.२३-२९ ।

....(२०७०). "उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यविधान". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र सङ्काय. डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. काठमाडौं ।

भट्ट. सावित्री.(२०६६) "साहित्यकार पुष्करराज भट्टको जीवनी, व्यक्तित्व र कृतित्व". अप्रकाशित स्नातकोत्तर शोधपत्र. पाटन संयुक्त क्याम्पस. त्रिभुवन विश्वविद्यालय. काठमाडौं ।

भट्टराई. अमोददेव (२०४७). **हस्ताक्षर.** ललितपुर. अदेभको व्यक्तिगत पुस्तकालय ।

भट्टराई. गोविन्द (२०५९). **भाग्यले लुटेको जिन्दगी.** पाल्पा : सीता गौतम ।

भट्टराई. गोविन्दराज (२०६१). **पश्चिमी बलेँसीका बाछिटा**. काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई. घटराज (२०५६). "लघुकथाको पहिलो मौलिक रूप लौकिक न्याय मणिमाला". **मधुपर्क.** (३२/४. ३६२). पृ. ४१-४२ ।

भट्टराई. डिल्लीरमण (२०६९). "नेपाली लघुकथामा कृष्ण शाह यात्री". **तारो**. कृष्ण शाह 'यात्री' (ले.). काठमाडौ : डिकुरा पब्लिकेशन ।

भट्टराई 'पूजारी'. रमेश (२०६८). **उर्दी.** काठमाडौं : वनिता प्रकाशन ।

भट्टराई. सुरेन्द्र (२०५५). "इन्दीरा प्रसाइको जीवनी, व्यक्तित्व र कृतित्व". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

भण्डारी. वासुदेव (२०७१). **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रूपविन्यास.** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालय. त्रिभुवन विश्वविद्यालय. काठमाडौ ।

भण्डारी. हरिप्रसाद (२०६७). "भूपेन्द्र सुवेदीको आख्यानकारिता". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

भण्डारी. हरिप्रसाद (२०६९). "लघुकथाका अन्य विधासँगको सम्बन्ध". **नेपाली लघुकथा.** अङ्क १ ।

भण्डारी. हरिप्रसाद (२०६३). **अविरल यात्रा.** काठमाडौं : भूँडीपुराण प्रकाशन ।

..... (२०६७). **काला सर्पको खोजी** . ललितपुर : साझा प्रकाशन ।

भाइसाब. वासुदेव (२०६५). "एक थोपा सागरको टिप्न खोज्दा". **एक थोपा सागरको.** पुष्करराज भट्ट (ले.). कञ्चनपुर : महाकाली साहित्य संगम ।

भाउपन्थी (२०६५). "अग्रगामी सिर्जनधर्मिता बोकेका रचनाहरू". **पराई विचार.** सुमन सौरभ (ले.). काठमाडौं : भुवना खरेल ।

भारती. डम्बर 'रसिक' (२०६९). **तुवाँलो.** काठमाडौं : डिकुरा प्रकाशन ।

भारद्वाज. भरत (२०६१). **प्रश्नको क्याराभान.** काठमाडौं : बसुन्धरा मान प्रज्ञा प्रकाशन ।

भाष्कर. (२०७१). **टाउकाको खोजी.** काठमाडौं : विवेक सिर्जनशील प्रा.लि. ।

....(२०७१). "भूमिका". **टाउकोको खोजी.**काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

मधिकर्मी. ध्रुव (२०५१). **बुद्ध कहीँ छैन**. ललितपुर : साझा प्रकाशन ।

.... (२०६२). "यात्राको पहिलो मोडमा राजुराम" (भूमिका). **अन्तरद्वन्द्व** राजुराम मुनङ्कर्मी.(ले). काठमाडौं : विवेक सिर्जनशील प्रा.लि. ।

मरासिनी. नारायण (२०६९). **हेडसरका कथाहरू.** पोखरा : साहित्य श्रङ्खला ।

महर्जन. अनितालक्ष्मी (२०६०). "लघुकथाकार विनयकुमार कसजूका कथाकृतिको विश्लेषण र मूल्याङ्कन". अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र. त्रिभुवन बहुमुखी क्याम्पस. पाल्पा ।

मार्मिक. वासु (२०५३). **छेस्काछेस्की.** ललितपुर : बादे ।

मुनकर्मी. राजुराम (२०६२). **अन्तरद्वन्द्व** . काठमाडौ : विवेक सिर्जनशिल प्रकाशन ।

राई. दिलीप 'सगर' (२०६९). **नियती.** मोरङ : लेखक स्वयं ।

राई 'राशी'. धनुषराज (२०६२). **सेतो हस्ताक्षर.** काठमाडौ : ज्योतिपुञ्ज साइन थियटर ।

राकेश. रामदयाल (२०५९). "लघुकथा : एक लघु विवेचना". **समकालीन साहित्य**. १२/४. ४६). पृ. १५-२१ ।

राना 'जिज्ञासु'. भीम (२०६५). **कर्फ्यु लागेको दिन.** काठमाडौँ : लुम्बिनी प्रकाशन ।

रिजाल. नवराज (२०५७). **अदृश्य पीडा.** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.....(२०६७). **माटो खोज्दै .** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

रिजाल. सरस्वती (२०६५).**प्रसङ्ग, भ्रम र पात्रहरु.** चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

रेग्मी. टीकाराम (२०७१). **विपर्यास.** चितवन : अक्षर समूह ।

रेग्मी. शिव (२०५६). "नेपाली लघुकथाको प्रयोगवादी सङ्ग्रह-कसिङ्गर". **मधुपर्क.** (३२/४. ३६२). पृ. ५६-५७ ।

रेग्मी. सनत (२०६६). **स्मृतिदंश र अन्य कथाहरू.** ललितपुर : साझा प्रकाशन ।

लामिछाने. कपिल (२०५४). **अन्यथा.** भैरहवा : साहित्य सदन ।

.....(२०६१). **जलमानव.** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

.... (२०६४). "नेपाली लघुकथा र समकालीन सन्दर्भ". **मिर्मिरे.** (३६/११. २७०).

पृ. १५२-१६९ ।

.....(२०६८). **बोन्साई** . काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

....(२०६९). **नेपाली उखान र टुक्काको अध्ययन**. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

लामिछाने. माधव (२०६१). **पुरस्कार**. काठमाडौं : शिशिर शर्मा ।

लामिछाने. यादवप्रकाश (२०६३).**आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल. खगेन्द्रप्रसाद (२०६२). **कविताको संरचनात्मक अध्ययन**.काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल. हरिगोविन्द (२०५६). **समय र पोखरी**. काठमाडौँ : सिर्जना, चैत्र ३ ।

विकल. रमेश (२०३९). "मुखबन्ध". **बूढो वर्तमान.** रत्न कोजू (ले.). काठमाडौं : आरोहण प्रकाशन ।

....(२०५३). "सुमन सौरभका लघुकथाहरू पढेपछि". **आधुनिक लघुकथाहरू**. सुमन सौरभ ले). काठमाडौ : भुवना कखरेल ।

विकल्प. इन्द्रकुमार (२०६०). **सर्वदलीय घर** . पर्वत : रामचन्द्र जोशी ।

.... (२०६८). दो.स. **सर्वदलीय घर** . पर्वत : रामचन्द्र जोशी ।

विवश. ज्ञानेन्द्र (२०५६). "नेपाली लघुकथा राष्ट्रिय सम्मेलनदेखि प्रतियोगितासम्म". **मधुपर्क**. (३२/४. ३६२). ९९-१०० ।

शर्मा. मोहनराज (२०४८). **शैलीविज्ञान.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

....(२०५५). **समकालीन समालोचना : सिद्धान्त र प्रयोग.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

....(२०५६). "लघुकथा : लघुत्तम आयाम". **मधुपर्क.** (३२/४. ३६२). पृ. ३५-३६ ।

....(२०५८). **कथाको विकासप्रक्रिया.** काठमाडौं : साझा प्रकाशन ।

....(२०५९). "नेपाली लघुकथा : सिद्धान्त र विश्लेषण". **समकालीन साहित्य**. (१२/४. ४६). पृ.७-१४ ।

....(२०६०)."सार्थक र सोद्देश्य कथाहरूको सँगालो". .**शहिदले बिर्सेको गाउँ.** कुसुम ज्ञवाली.

(ले.). काठमाडौ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

....(२०६६). **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना**. काठमाडौं : क्वेस्ट प्रकाशन ।

शर्मा. मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). **पूवीर्य र पाश्चात्य साहित्य सिद्धान्त.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा. शशिकला (२०१९). **उसको सुरूवाल.** काठमाडौं : शशिकला शर्मा ।

शर्मा. सीतादेवी (२०६१). "साहित्यकार हिरण्य भोजपुरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

शर्मा. सुकुम (२०५८). **नेपाली व्याकरणको प्रारम्भिक इतिहास.** काठमाडौँ : निरन्तर प्रकाशन ।

.... (२०६७). "वर्तमानको प्रतिबिम्ब 'माटो खोज्दै". **माटो खोज्दै.** नवराज रिजाल. (ले.). काठमाडौ : प्रज्ञापन प्रकाशन ।

शर्मा. हरिप्रसाद (२०६७). **विश्वेश्वरप्रसाद कोइरालाका कथा.** चौ.सं. ललितपुर : साझा प्रकाशन ।

शाक्य जगमोहन र श्रीरामकुमार श्रेष्ठ (२०१८). **बाह्र मसाला.** ताप्लेजुङ्ग : तुलसीप्रसाद उपाध्याय दहाल ।

शाह. दिलीप (२०६६). **जालो.** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

शाह 'यात्री'. कृष्ण (२०५६). **सूक्ष्म शिखाहरु** . उदयपुर : रामचन्द्र शाह ।

.....(२०६९). **तारो.** काठमाडौं : डिकुरा प्रकाशन ।

शिवाकोटी. कैलाशकुमार (२०७०). **विस्थापित शुक्रराज.** काठमाडौं : लेखक स्वयं ।

श्रेष्ठ. दयाराम (२०५६). "नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप". **मधुपर्क.** (३२/४. ३६२). पृ. १३-१६ ।

....(२०६५).तृ.स. **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**. काठमाडौं : पालुवा प्रकाशन प्रा.लि. ।

....(२०६५). "मन्तव्य" **नगरसभाको पाँचौ दिन** . गोरखबहादुर सिँह. (ले.). काठमाडौं :

साझा प्रकाशन ।

....(२०६६). **अभिनव कथाशास्त्र.**काठमाडौं : पालुवा प्रकाशन प्रा.लि. ।

श्रेष्ठ. प्रयास सौरभ (२०५८). **बिम्ब प्रतिबिम्ब.** धादिङ : लेखक स्वयम् ।

श्रेष्ठ. प्रिया 'पत्थर' (२०६४). "मन्तव्य". **एक थोपा सागरको.** कञ्चनपुर : महाकाली साहित्य संगम ।

श्रेष्ठ. भागीरथी (२०५०). **रङ्गीन पोखरी.** काठमाडौं : सृजनशील प्रकाशन ।

श्रेष्ठ. 'रोदन' श्रीओम (२०५६). "लघुकथा र यसको प्रकाशन". **गुञ्जन.**(३/३). पृ. ५९-६३ ।

.... (२०५८). **आँखीझ्याल :** ललितपुर : रुद्र थापा ।

.....(२०६८ ). **भ्रममार्ग** . ललितपुर : अक्सफोर्ड इन्टरनेसनल प्रा.लि. ।

.... (२०६९). "लघुकथाका संरचनात्मक तत्वहरू". **नेपाली लघुकथा.** अंक १ ।

श्रेष्ठ. शेखरकुमार (२०५९). **सागरपुर.** काठमाडौं : उज्वलकुमार श्रेष्ठ ।

श्रेष्ठ. सन्तोष (२०६७). **अधुरो सपना.** काठमाडौं : रापती समाज ।

समीर. रवीन्द्र (२०५३). **तेस्रो आँखा** . काठमाडौं : लेखक स्वयं ।

.....(२०६२). **पोष्टमार्टम** . काठमाडौं : दीपा पाण्डेय ।

.....(२०६३). **विकिरण.** काठमाडौं : शब्दघर प्रकाशन ।

.....(२०६५). **ईश्वरका कथा.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

.... (२०६६). "सन्दर्भ : घाइते ईश्वर र नेपाली लघुकथाको". **घाइते ईश्वर.** देवेन्द्र अर्याल 'आँशु'. (ले.) काठमाडौ : राजेश ढकाल 'प्यासी' ।

.....(२०६७). **अर्जुनदृष्टि.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

.....(२०६९). **अणु र पहाड.** काठमाडौं : पैरवी प्रकाशन ।

सरित्. इन्द्रकुमार श्रेष्ठ (२०६४). "एक थोपा सागरको अर्थात थोपाभित्र सागर". **एक थोपा सागरको.** पुष्करराज भट्ट. (ले). कञ्चनपुर : महाकाली साहित्य संगम ।

सरूभक्त. (२०७१). **विरूपाक्ष र देश.** काठमाडौ : रत्न पुस्तक भण्डार ।

सर्वहारी. कृष्णराज (२०७२). **कमैया बस्तीमा भगवान.** कैलाली : गंगा डगौरा ।

सागर. विजय (२०६०). **सागरका कथाहरु.** पाल्पा : गोविन्द परिवार ।

सिंखडा. सुशील (२०६९). **च्यातिएको मन.** काठमाडौं :मुजुरा राष्ट्रिय मासिक पत्रिका ।

सिद्धिचरण. (२००७). "दुइ शब्द". **झिल्का.** पूर्णप्रसाद ब्राह्मण (ले). काठमाडौ : सु. ऋद्धिबहादुर मल्ल ।

सिंह. गोरखबहादुर (२०६१). **आलुप्याज प्याजआलु** . ललितपुर : साझा प्रकाशन ।

.....(२०६५). **नगरसभाको पाँचौ दिन.** ललितपुर : साझा प्रकाशन ।

सिंह. दुर्लभलाल (२०३७). **झुलभित्रको मान्छे.** ललितपुर : साझा प्रकाशन ।

सिंह. विष्णुबहादुर (२०५८). **आफ्नो बिरानो.**काठमाडौं : राष्ट्रवाणी साप्ताहिक ।

सुनुवार 'सिर्सेली'. टङ्कराम (२०६७). **परेङ्.** काठमाडौँ : चुप्लु समाज ।

सुवेदी. भूपेन्द (२०६१). **एक मूल एकाउन्न फूल.** काठमाडौँ : सुरेन्द्र सुवेदी ।

सुवेदी. रामबाबु (२०६५). "लेखिका र कथाकारिताको सन्दर्भमा". **प्रसङ्ग, भ्रम र पात्रहरु.** सरस्वती रिजाल (ले) चितवन : अभिव्यञ्जना साहित्य प्रतिष्ठान ।

सुवेदी. राजेन्द्र (२०५३). "लघुकथाको परिचय, विकास र वर्तमान प्ररिपेक्ष्यमा लघुकथाको महत्त्व". (अप्रकाशित कार्यपत्र). भद्रपुर ।

.....(२०६४). **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.** दो.सं. ललितपुर : साझा प्रकाशन ।

सौरभ. सुमन (२०५२). **आधुनिक लघुकथाहरु.** काठमाडौँ : भुवना खरेल ।

.....(२०६५). **पराई विचार** . काठमाडौँ : भुवना खरेल ।

.....(२०६८). **चौथो लिङ्गी.** ललितपुर : साझा प्रकाशन ।

**२. हिन्दी सन्दर्भसामग्री सूची**

काबरा. किशोर (२०६५). "लघुकथाको परिभाषा". **नेपाली लघुकथा : प्रक्रिया र पाठ** (ले). गोपाल अश्क. ललितपुर : साझा प्रकाशन ।

द्विवेदी. भगवतीप्रसाद (सन् १९८३). "आपकी नजरमैं लघुकथा". **लघुकथा : बहसके चौराहे पर** (सम्पा.) सतीशराज पुष्करणा. पटना : विवेकानन्द प्रकाशन ।

दूबे. सतीश (सन् १९८३). "आपकी नजरमैं लघुकथा". **लघुकथा : बहसके चौराहे पर** (सम्पा.) सतीशराज पुष्करणा. पटना : विवेकानन्द प्रकाशन ।

प्रभाकर. विष्णु (सन् १९८३). "आपकी नजरमैं लघुकथा". **लघुकथा : बहसके चौराहे पर** (सम्पा.) सतीशराज पुष्करणा. पटना : विवेकानन्द प्रकाशन ।

पाण्डेय. मैनेजर (२००६). "साहित्यके समाजशास्त्रका स्वरूप".तृ.सं. **साहित्यके**

**समाजशास्त्र की भूमिका.** पंचकूला : हरियाणा साहित्य अकादमी ।

पुष्करणा. सतीशराज "आपकी नजरमैं लघुकथा". **लघुकथा : बहसके चौराहे पर** (सम्पा.) सतीशराज पुष्करणा. पटना : विवेकानन्द प्रकाशन ।

भगीरथ. (सन् १९८३). "आपकी नजरमैं लघुकथा" लघुकथा : बहसके चौराहे पर (सम्पा.) सतीशराज पुष्करणा. पटना : विवेकानन्द प्रकाशन ।

राय. गुलाब (२०६५). "लघुकथाको परिभाषा". **नेपाली लघुकथा : प्रक्रिया र पाठ** (ले). गोपाल अश्क. ललितपुर : साझा प्रकाशन ।

### ३. अंग्रेजी सन्दर्भसामग्री सूची

Abrams. M.H (2000). **A Glossary of Literary Term.** 7th ed. New delhi : Asia PTE Ltd. Harcaurt publishers.

Anderson. Linda (2009). **Point of view** : **Trying on voice.** London and New work : Rottedye toylor and frags group.

Card. SrsonScott (2010). **Elements of fiction writing characters and viewpoint.** USA : Writers digost books.

Cay. Samantha (2002). **British social realism from documentary to brit grit.** Landon : Wallflower.

Falchikov. M, B, S. Mcdough and M.C. Pherson (1934). **Crital stadies in the party spirit socialist Realism and literary proctices in the Soviet union east Germany and chaina.**Mascow : 716.

Howe. Irving (1998). **Short Storts.**5th print. New York : Santam Books.

Leki. Liona (2001) **Reciprocal Themes in ESL Reading and Writing .** edited by Tony Silva and Paul Kei Matsuda. Lawrence Erlbaum.

Levin, Donna (1992). **Get that novel started.** Cincinnati OH : Writer's Digest Book.

Lorance. Jemes coopar. (1977). **The theory of short short.** America :

Univercity of Northen larance.

Moss. Eteve (1998). **The world's shortest stories.** America :
Ed. Running press.

Osnel. Beth and Sam Gill (2001). Editor. **Acting an international encyclopeday.** Englnd : Abc. Cio. Oxford.

Singh. Anita (2016). **Existential Dimensims in the novels of Anita Desai.** New Delhi : Sarup and sons.

Valenzuala. Luisa (2010). **Sudden fiction latino : short short stories** America : Ed. Robart shapart.james thomal and raw gonzalez.

Wells. Alison (2011). "The flash fiction : Intense. Argent and a little explosive". **The iress times.** Wednesday octobet 26.

**इन्टरनेट सामाग्री**

**www. Novel writing help. com/plot/E. M. Foster/**

Ansen. Dibell/plot/**writers digests books/** Ohio. USA हेरेको मिति 18 May 2016.

Heidbink. Hearitte. Fictional characters in litetara and media studies : A survey of the research. हेरेको मिति 16 june 2016.